# उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग

२०७५

# प्रतिवेदन

नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

काठमाण्डौं, नेपाल

उच्चस्तरीय शिक्षा आयोगका सदस्यहरुको निर्णय र स्वीकृतिमा प्रकाशन
NCE NEPAL शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)

प्रकाशन सहयोगको निमित्त बिशेष आभार : एनसिई नेपालको सदस्य संस्था ग्लोबल एक्सन नेपाल

# हाम्रो कुरा

विगत देखिका अनेकन प्रयासका बावजुत नेपालको सार्वजनिक शिक्षाले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन र यो क्षेत्रमा प्रशस्त चुनौतीहरु छन् । मुलतः नेपालमा भएका राजनीतिक परिवर्तनहरुले शिक्षाक्षेत्रको गुणात्मक विकास लाई प्राथमिकता दिन सकेनन । यद्धपी, बालबालिकाको विद्यालय शिक्षाको पहुँचमा उल्लेखनीय  सुधार देखिएको छ । तर  गुणस्तरीय शिक्षा भने मृगतृष्णा बनिरहेको छ । अहिले पनि २०२८ सालको शिक्षा ऐनलाई टालटुल गरि मुलुकको शिक्षा क्षेत्रलाई निर्देश गरिएको अवस्था छ । देशको राजनीतिक परिवर्तनलाई समेत आत्मसात गर्दै शिक्षा प्रणालीमा आमूल सुधार गर्न सामयीक  शिक्षा नीतिको आवश्यकता महशूस गरी उच्चस्तरीय शिक्षा आयोग गठनको वकालत यस शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) ले समेत नयाँ संविधानको घोषणा संगै गर्दै आएको थियो । राष्ट्रिय शिक्षा आयोग गठन गरी त्यसले सुझाएको मार्गचित्रले सार्वजानिक शिक्षा सुदृढिकरणको अभियानलाई अगाडी बढाउन सक्छ भन्नेमा  प्रारम्भदेखि नै हामी विश्वस्त थियौं ।

यसै क्रममा वि. स. २०७४ सालमा तत्कालीन उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठको संयोजकत्वमा  ‘उच्चस्तरीय शिक्षा आयोग, २०७४’ गठन गरियो । (सो आयोगले बनाएको प्रतिवेदनको मस्यौदा यसै पुस्तकको अनुसूची २ मा दिइएको छ ।) त्यसपछि निर्वाचनको जनादेश अनुसार नयाँ सरकार गठन भयो र  शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलको संयोजकत्वमा २०७५ सालमा आयोगको  पुनः गठन गरियो । त्यसलाई ‘उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५’ भनियो । जननिर्वाचित र बलियो सरकारले गठन गरेकाले यस आयोगबाट आमरुपमा नागरिक समाज, शिक्षा अभियन्ता, शिक्षाविद् र अन्य सरोकारवालाहरुको ठुलो अपेक्षा थियो ।

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्वीकार गरेको र माध्यमीक तहसम्मको शिक्षा निशुल्क हुने कुराको सुनिश्चिततालाई आयोगले दिने प्रतिवेदनले व्यवहारिक  र गुणस्तरीय सार्वजनिक शिक्षा प्रणालीको माध्यमबाट प्रत्याभूति गर्ने छ भन्ने  सबै नागरिकको माग रहेको थियो । सोही अपेक्षाले एनसिईले समेत आफ्ना ४०० भन्दा बढी सदस्य सस्थाहरु र सबै प्रदेशका विभिन्न शिक्षा सरोकारवालाहरुसँग परामर्श गरेको थियो । आयोगबाट निर्मित विभिन्न ८ विषयगत क्षेत्रहरु अन्तरगत रही एनसिई नेपालले १३ बटा क्षेत्रहरुमा विभिन्न छलफलहरु गरि प्राप्त सुझावको आधारमा  बिस्तृत प्रतिवेदन तयार गरेको थियो । नागरिक समाजको तर्फबाट तयार गरिएको उक्त प्रतिवेदन माननीय शिक्षामन्त्री गिरिराजमणि पोखरेललाई बुझाएको थियो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ ले २०७५ माघ १ गते सम्माननीय प्रधानमन्त्रीसमक्ष आफ्नो प्रतिवेदन प्रस्तुत गर्‍यो । तर, सो प्रतिवेदनलाई हालसम्म सार्वजनिक समेत गरिएको छैन । आयोगको प्रतिवेदन सम्पूर्ण नागरिकको सम्पत्ति भएकाले त्यसको प्रमाणित प्रतिलिपि नेपालको संविधानको धारा २७ तथा सूचना हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार उपलब्ध गराउनु राज्यको दायित्व थियो । नागरिक समाजको जिम्मेवार संस्थाको हैसियतमा यस एनसिई नेपालले आमनागरिकको सूचनाको हक रहेको ध्यानाकर्षण गराउँदै सूचना आयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालयमा समेत माग गरेको थियो ।  सो आयोगले प्रस्ताव गरेका नीति, कार्यनीति, सर्न्यन्त्र र प्रणाली लागु गर्ने वा नगर्ने अधिकार त नेपाल सरकारको नै थियो । तर आफैले बनाएको आयोगको सर्वसम्मत प्रतिवेदन समेत जनतासामु नल्याउनु लोकतान्त्रिक सरकारका निमित्त शोभनीय थिएन । अझ आयोगको प्रतिवेदनको मुल मर्म विपरित शिक्षा नीति आउनु आफैमा दुर्भाग्यपूर्ण रह्यो । यस परिस्थीतिमा आयोगको प्रतिवेदन सार्वजानिक गरि यसले उठाएका सवालहरुमा विर्मश हुनु पर्दछ भन्ने ऐतिहासिक आवश्यकता बोध गरी सोही आयोग भित्रका बहुमत सदस्यहरुको निर्णय, स्वीकृति र आग्रहमा यो प्रतिवेदन सार्वजानिक भएको छ । प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरि प्रकाशनका निमित्त स्वीकृति र आग्रह गर्नुहुने आयोगका सदस्यहरु श्री श्याम कुमार श्रेष्ठ, श्री विमल कुमार फुँयाल, प्रा. डा. रामस्वार्थ राय, डा. कृष्ण प्रसाद पौडेल, प्रा. डा. टंकनाथ शर्मा, श्री चक्रमान विश्वकर्मा, डा. सुशन आचार्य, प्रा.डा. सुजनबाबु मरहट्टा, श्री बाबुराम थापा, लक्ष्मण शर्मा, डा. सदानन्द कंडेल, प्रा. डा. विद्यानाथ कोइराला र प्रा. डा. मीनबहादुर बिष्ट  प्रति कृतज्ञता ज्ञापन गर्दछौं ।

हामी चाहान्छौ,  यस प्रतिवेदनमा रहेका सबै सवालहरुलाई आलोचनात्मक चेतबाट हेर्दै महत्वपूर्ण सुझावहरुमाथि गहिरो र सार्थक बहस होस र सार्वजानिक शिक्षा सुदृढिकरणको अभियानमा सकरात्मक योगदान होस । यस प्रतिवेदन प्रकाशन गर्ने कदम एनसिई नेपालका निमित्त समेत ऐसिहासिक र सार्वजानिक शिक्षा सुदृढिकरणको अभियानमा सकारात्मक हो भन्ने हाम्रो ठम्याई रहेको छ । यसको प्रकाशन पश्चात श्रदेह पाठक एंव सरोकारवालाहरुबाट प्राप्त हुने सुझाव एंव टिप्पणीलाई एनसिई नेपालले सम्पतीका रुपमा ग्रहण गर्ने व्यहोरा समेत सविनय अनुरोध गर्दछौ ।

धन्यवाद !

**डिल्लीराम सुवेदी**
(अध्यक्ष)
एनसिई नेपाल

# उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५

# सार्वजनिकीकरण विज्ञप्ति

नेपालको संविधान, समाजवादी सिद्धान्त तथा समावेशी लोकतन्त्र अनुरुप सबै तहको सार्वजनिक शिक्षामा आमूल रुपान्तरण गर्ने बिषयबस्तु बोकेको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन सम्माननीय प्रधानमन्त्री केपी ओली समक्ष बालुवाटारमा आयोजित सार्वजनिक समारोहमा बुझाएको एक बर्ष नौ महीना बितिसकेको छ । शिक्षा आयोगले सर्बसम्मतिले पारित गरेको यो प्रतिवेदन यसबीचमा न त राष्ट्रिय बह(समा आयो, न यसलाई कार्यान्वयनमै लगियो । आयोगले सरकारलाई बुझाएको प्रतिवेदन सम्पूर्ण रुपमा लागू गर्नु पर्छ भन्ने हाम्रो आग्रह छैन । यो सरकारको स्वविवेकीय अधिकारको कुरा हो । परन्तु यसलाई जनसमक्ष सार्वजनिकसम्म पनि नगर्नु सार्वभौम जनताप्रतिको जवाफदेहीहीनता र संविधानप्रदत्त सूचनाको हकको हनन हो । स्मरणीय छ, अहिलेसम्म बनेका कुनै पनि शिक्षा आयोगको प्रतिवेदन यसरी लुकाइएको इतिहास छैन ।

सार्वजनिक शिक्षाको सबलीकरण र रुपान्तरणका लागि ल्याइएको यो प्रतिवेदन सार्वजनिक गर्नु पर्छ भनेर संसदमै आवाज उठ्यो । शिक्षा क्षेत्रसँग सम्वन्धित सबै संस्थाहरू, सञ्चार माध्यमहरू र विज्ञहरूले पटक पटक आवाज उठाए । हामीले पनि बिभिन्न सञ्चार माध्यममार्फत बारम्वार आवाज उठायौं । तथापि यो जायज आवाजको सुनवाइ कहिल्यै गरिएन । गणतान्त्रिक नेपालमा सार्वभौम जनताभन्दा माथि कोही छैन । यो दस्तावेज सार्वजनिक सम्पत्ति हो र यस्तो ऐतिहासिक महत्वको दस्तावेजलाई यसरी गोप्य राख्नु पर्ने कुनै कारण हामी देख्दैनौं । कोरोनाभाइरस संक्रमणको यो महामारीको अबस्थामा यो प्रतिवेदन र यसले अघि सारेका बिषयवस्तुको महत्व झनै बढेको छ भन्ने हामीलाई लागेको छ । अतः सार्वभौम जनताप्रतिको उत्तरदायित्व बोध गर्दै सार्बजनिक बहसको निम्ति यो प्रतिवेदनको पिडिएफ स्वरुप सहित यसको मुद्रित स्वरुपलाई उपरोक्त आयोगमा रहेका हामी निम्न उल्लिखित बहुमत सदस्यहरूले आजको मितिमा सार्वजनिक गरेका छौं । हाम्रो अनुरोधलाई स्विकार गर्दै शिक्षा क्षेत्रका क्रियाशील संस्थाहरूको सञ्जाल-शिक्षाका लागि राष्ट्रिय अभियान, नेपाल(एन.सि.इ.एन)ले यो प्रतिवेदनलाई मुद्रण तथा प्रकाशन गरिदिएकोमा हामी त्यस संस्थालाई धन्यवाद र हार्दिक कृतज्ञता ब्यक्त गर्न चाहन्छौं ।

हस्ताक्षरकर्ता (मंसिर ७, २०७७)

१. श्याम कुमार श्रेष्ठ

२. विमल कुमार फुयाँल

३. प्रा. डा. रामस्वार्थ राय

४. डा.कृष्ण प्रसाद पौडेल

५. प्रा.डा.टंकनाथ शर्मा

६. चक्रमान बिश्वकर्मा

७. डा. सुशन आचार्य

८. प्रा. डा. सुजनबाबु मरहट्टा

९. बाबुराम थापा

१०. लक्ष्मण शर्मा

११. डा.सदानन्द कंडेल

१२. प्रा.डा. विद्यानाथ कोइराला

१३. प्रा.डा. मीनबहादुर बिष्ट

## आयोगका पदाधिकारीहरू

| | | |
|---|---|---|
| १ | श्री गिरिराजमणि पोखरेल, **मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** | अध्यक्ष |
| २ | डा. गंगालाल तुलाधर, **भू.पू. शिक्षा मन्त्री** | सदस्य |
| ३ | श्री धनिराम (डि.आर.) पौडेल, भू.**पू. शिक्षा मन्त्री** | सदस्य |
| ४ | डा. उषा झा, **सदस्य, राष्ट्रिय योजना आयोग** | सदस्य |
| ५ | श्री श्यामकुमार श्रेष्ठ, **सदस्य संविधानसभा** | सदस्य |
| ६ | प्रा.डा. मीनबहादुर विष्ट | सदस्य |
| ७ | प्रा. डा. विद्यानाथ कोइराला | सदस्य |
| ८ | प्रा. डा. टंकनाथ शर्मा | सदस्य |
| ९ | प्रा. डा. मनिष पोखरेल | सदस्य |
| १० | प्रा. डा. रामस्वार्थ राय | सदस्य |
| ११ | डा. सुशन आचार्य | सदस्य |
| १२ | डा. बाबुराम अधिकारी | सदस्य |
| १३ | श्री विमलकुमार फुँयाल | सदस्य |
| १४ | श्री चक्रमान विश्वकर्मा | सदस्य |
| १५ | प्रा. डा. सुजनबाबु मरहट्टा | सदस्य |
| १६ | श्री नन्दकुमार थापा मगर | सदस्य |
| १७ | डा. कृष्णप्रसाद पौडेल | सदस्य |
| १८ | प्रा. भारती जोशी | सदस्य |
| १९ | प्रा. डा. शारदा थपलिया | सदस्य |
| २० | श्री रमेशकुमार सिलवाल | सदस्य |
| २१ | श्री लक्ष्मण शर्मा | सदस्य |
| २२ | डा.सदानन्द कडेल | सदस्य |
| २३ | श्री खगराज बराल, **सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** | सदस्य |
| २४ | श्री वैकुण्ठप्रसाद अर्याल, **सह-सचिव शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** | सदस्य सचिव |
| २५ | श्री बाबुराम थापा, **अध्यक्ष, नेपाल शिक्षक महासंघ** | आमन्त्रित सदस्य |

# विषयसूची


| | |
|---|---|
| आयोगका पदाधिकारीहरु | |
| भूमिका | iv |
| प्रतिवेदनको सारांश | x |
| परिच्छेद १ : प्रारम्भिक | १ |
| परिच्छेद २ : नेपालमा शिक्षाको विकास | १५ |
| परिच्छेद ३ : शिक्षाको दूरदृष्टि, मार्गदर्शक सिद्धान्त र राष्ट्रिय उद्देश्य | २६ |
| परिच्छेद ४ : आधारभूत शिक्षा | ३१ |
| (क) प्रारम्भिक बालविकास र शिक्षा | ३१ |
| (ख) आधारभूत शिक्षा | ३९ |
| परिच्छेद ५ : माध्यमिक शिक्षा | ६१ |
| परिच्छेद ६ : उच्च शिक्षा | ८८ |
| परिच्छेद ७ : प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम | १२४ |
| परिच्छेद ८ : आजीवन सिकाइ, अनौपचारिक तथा खुला शिक्षा | १५२ |
| परिच्छेद ९ : समावेशी शिक्षा | १६४ |
| परिच्छेद १० : शिक्षामा गुणस्तर | १९३ |
| परिच्छेद ११ : पाठ्यक्रम तथा मूल्याङ्कन | २०७ |
| परिच्छेद १२ : मातृभाषामा शिक्षा | २२० |
| परिच्छेद १३ : सुरक्षित वातावरण र सिकाई | २२५ |
| परिच्छेद १४ : शैक्षिक उपलब्धि परीक्षण | २३२ |
| परिच्छेद १५ : शैक्षिक संस्था व्यवस्थापन र नेतृत्व | २४० |
| परिच्छेद १६ : शिक्षामा सुशासन | २४९ |
| परिच्छेद १७ : शिक्षामा लगानी | २६४ |
| परिच्छेद १८ : शिक्षक विकास र तालिम | २९० |

परिच्छेद १९ : शिक्षाको प्रशासनिक सङ्गठन संरचना २९९
परिच्छेद २० : पूर्वीय दर्शन र शिक्षा ३१४
परिच्छेद २१ : परम्परागत तथा मौलिक शिक्षा ३१९
परिच्छेद २२ : शिक्षामा सूचना तथा सञ्चार प्रविधि ३२६
परिच्छेद २३ : विज्ञान, प्रविधि, इन्जीनियरिङ्ग, गणित शिक्षा (STEM) ३३२
परिच्छेद २४ : निरीक्षण र सुपरीवेक्षण ३३६
परिच्छेद २५ : अतिरिक्त तथा सहक्रियाकलाप र व्यक्तित्व विकास ३४७
परिच्छेद २६ : अनुगमन तथा मूल्याङ्कन ३५३
परिच्छेद २७ : पुस्तकालय ३६०
परिच्छेद २८ : विज्ञान प्रविधि तथा नवप्रवर्तन ३६९
परिच्छेद २९ : शिक्षामा अनुसन्धान र विकास ३७३
परिच्छेद ३० : विदेशी शिक्षण संस्था सम्बद्ध शैक्षिक संस्थाहरु ३७९
परिच्छेद ३१ : सिफारिस कार्यान्वयन ढाँचा ३८५
(क) तहगत सरकारको जिम्मेवारी ३८५
(ख) प्रस्तावित कार्यहरुको आवधिक कार्यान्वयन योजना ४०७

**सन्दर्भ सूची** ४२२

**अनुसूचीहरू** ४२८

# भूमिका

प्रकृति र समाजको यथार्थलाई बुझ्ने क्रममा मानव जातीले संगालेका अनुभव एवम् अनुभूतिहरूलाई ज्ञान भनिन्छ । अनुभव, प्रयोग, चिन्तन जस्ता माध्यमबाट मानिसले यस्तो ज्ञान प्राप्ति गर्नुलाई सिकाइ भनिन्छ । ज्ञानको हस्तान्तरण र उत्पादन गर्ने प्रक्रिया शिक्षा हो । तसर्थ शिक्षा र सिकाइ दुवैलाई ज्ञान, सीप, अनुभव प्राप्तिको प्रक्रियाकै रुपमा बुझ्न सकिन्छ । मानव जातीको विकासको प्रारम्भिक चरणदेखि नै ज्ञान तथा अनुभवको हस्तान्तरण प्रक्रिया शुरू भएको हो । नयाँ नयाँ खोज र आविस्कारको परिणामस्वरूप शिक्षाको दायरा फराकिलो बन्दै गएको छ । विज्ञान र प्रविधिले यसलाई थप सवलीकरण गरेको छ । व्यक्तिको सर्वाङ्गीण विकासका लागि अन्तरनिहित प्रतिभा र क्षमताको प्रस्फुटन गराउने साधनको रूपमा शिक्षालाई केन्द्रित गर्न थालिएको छ । ज्ञान निर्माणका अनगिन्ति तरिकाहरू प्रयोगमा आएका छन् । प्रविधिले सिङ्गो ब्रम्हाण्डभरको ज्ञान एवम् जानकारीहरू एउटै कोठाभित्रबाट प्राप्त गर्न सकिने अवसर जुटाउनुको साथै आफ्नो बौद्धिक उन्नयन गर्न सक्ने परिस्थिति सिर्जना गरिदिएको छ । शिक्षाले विश्वका विभिन्न देशको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवर्तनमा महत्वपूर्ण योगदान गरेको छ ।

ऐतिहासिक सभ्यताको परिदृश्यबाट हेर्दा नेपाल दार्शनिक चिन्तन, ज्ञान निर्माण परम्परा र सिकाइ संस्कृतिको क्षेत्रमा उन्नत र सम्पन्न मुलुक हो । पच्चीस सय बर्ष अगाडि प्रादुर्भाव भएको बुध्द दर्शनमा व्यवस्थित रुपमा व्याख्या भइ अभ्यास समेत हुँदै आएको प्रज्ञा, शील र समाधिको चिन्तन शिक्षाक्षेत्रको बहसमा आज पर्यन्त उत्तिकै महत्वपूर्ण छ । शिक्षाले बौध्दिकताको साथै शील र आचरणलाई पनि सम्यक बनाउन सिकाउनु पर्छ र बाहिरी ज्ञानको साथै आत्मचिन्तन र जीवनको अर्थ खोज्ने तुल्याउनु पर्छ भन्ने बुध्दशिक्षा एक्काइसौं शताब्दीको जटिल संसारमा झनै सान्दर्भिक भएको छ ।

अहिले हामीले हासिल गरेको लोकतन्त्रको सवलीकरणका लागि शिक्षा अपरिहार्य भएको छ भने शिक्षा प्रणाली स्वयम्भित्र पनि लोकतान्त्रीकरण उत्तीकै आवश्यक छ । यसका लागि शिक्षाक्षेत्रको व्यापक सुधार एवम् परिवर्तनको खाँचो छ । अबको शिक्षाले "समृद्ध नेपाल सुखी नेपाली" भन्ने हाम्रो राष्ट्रिय आकाङ्क्षा पूरा गर्नका निम्ति महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ । नागरिक चेतना अभिबृद्धि गर्दै मौलिक सभ्यता, संस्कृति, आचरण र व्यावहारको निर्माण एवम् प्रवद्र्धन गर्नु पर्दछ । ।

गुरूकुल शिक्षा पद्धतिबाट विकसित हुँदै प्रविधियुक्त आधुनिक शिक्षा प्रणालीको विकाससम्म आइपुग्दा नेपालको शिक्षाक्षेत्रले विभिन्न आरोह अवरोह पार गरिसकेको छ । राष्ट्रिय शिक्षा आयोगको "नेपालमा शिक्षा" नामक प्रतिवेदन, २०११ ले शिक्षाको योजनाबद्ध विकासको थालनी गऱ्यो । समयक्रमसँगै सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन, २०१८, राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८—३२), राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५, उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ लगायतका विभिन्न आयोग एवम् समितिबाट प्राप्त

सुझावहरूका आधारमा नेपालको शिक्षा प्रणालीमा सुधारको प्रयास जारी राखिएको यथार्थ सर्वविदितै छ ।

यसै क्रममा शिक्षाक्षेत्रमा युगान्तकारी परिवर्तनको मार्गनिर्देश गर्ने नीति, रणनीति, कार्यनीति, संयन्त्र र प्रणाली प्रस्ताव गर्ने उद्देश्यसहित नेपाल सरकार (मन्त्रीपरिषद्) ले उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरी कार्यादेशसहित जिम्मेवारी प्रदान गरिएकामा नेपाल सरकारप्रति कृतज्ञता व्यक्त गर्दै सम्माननीय प्रधानमन्त्री ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

विगतको निरन्तर प्रयासबाट शिक्षाक्षेत्रमा प्रसस्त उपलब्धिहरू हासिल भएका छन् । नेपालको शिक्षामा अवश्य पनि धेरै चुनौतिहरु छन् तर शिक्षा क्षेत्रका हाम्रा केहि सूचकहरुलाई नियाल्दा हाम्रा उपलब्धिहरु विकास र आयस्तरमा नेपाल सरहका अन्य देशका उपलब्धिसँग तुलनायोग्य छन् । प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८) र माध्यमिक तह (कक्षा ९ देखि १०) को खुद भर्नादर क्रमशः ९७.३ प्रतिशत, ९१.७ प्रतिशत र ४३.९ प्रतिशत पुगेको छ । विद्यालय शिक्षा र उच्च शिक्षा दुवैको भर्नादरमा लैंगिक समता सूचकाङ्क १.० (समदर) मा पुगेको छ । देशभर विद्यालय शैक्षिक संस्थाहरूको व्यापक विस्तार भएको छ । शिक्षामा पहुँच बढाउन वैकल्पिक तथा खुला शिक्षाका अवसरहरू समेत प्रदान गरिएको छ । ४७ जिल्लाहरू साक्षर घोषणा भैसकेका छन् । २०७६ साललाई साक्षर नेपाल बर्षको रूपमा घोषणा गरिसकिएको छ । आगामी बर्ष मुलुकबाट निरक्षरता उन्मुलन हुने अवस्थामा हामी पुगेका छौं ।

राजनीतिक तथा संवैधानिक परिवर्तनले मुलुकको आर्थिक तथा सामाजिक क्षेत्रका हरेक पक्षमा परिवर्तनका लागि ढोका खोलिदिएको छ । हामी अझै पनि कानुनी तथा प्रशासनिक सङ्क्रमणमा छौं । यतिबेला आम नेपाली जनताले मुलुकको शिक्षा क्षेत्रमा युगीन परिवर्तनको अभिलाषा राखेका छन् । समाजवाद उन्मुख संघीय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य व्यवस्था अनुरूपको शिक्षा प्रणाली विकास गर्नु आजको प्रमुख दायित्व हो । वि.सं. २०२८ सालदेखि निरन्तरतामा अघि बढिरहेको नेपालको शिक्षालाई परिवर्तित सन्दर्भमा नयाँ दृष्टिकोण, नीति तथा कार्यक्रमका साथ अगाडि बढाउनु परेको छ भने शिक्षा क्षेत्रलाई अझ बढि गतिशिल बनाउन नयाँ कानुनी तथा संस्थागत प्रबन्ध गर्नु परको छ ।

विगतका सबल एवम् असल नीति तथा अभ्यासहरूलाई निरन्तरता दिँदै विगतमा झेल्नुपरेका कठिनाइबाट पाठ सिकेर भावी दिशा तय गर्न जरुरी छ । तसर्थ यस प्रतिवेदनले वर्तमान शिक्षा प्रणालीका राम्रा पक्षको निरन्तरता, सान्दर्भिक तर कमजोर पक्षको सबलीकरण र अनुत्पादक एवम् गलत पक्षको अन्त्य गर्ने कुरालाई प्रस्थानविन्दु बनाएको छ । यसले शिक्षालाई उन्नत र समृद्ध समाज विकासको आधारका रूपमा आत्मसात् गर्दै शिक्षा प्राप्ति र व्यवस्थापनमा प्रगतिशील विधि, प्रविधि, संयन्त्र र सम्बन्धहरूको निर्माण गर्दै राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्ने दिशामा निर्देशित गरेको छ ।

**“सामाजिक न्यायसहित स्वस्थ, सभ्य र सक्षम जनशक्ति उत्पादन राष्ट्र निर्माणको दिशा !**

**व्यक्तिको सर्वाङ्गीण विकास र सामाजिक आर्थिक रुपान्तणका लागि गुणस्तरीय शिक्षा !!”**

भन्ने शिक्षाक्षेत्रको दूरदृष्टि निर्माण गरिएको छ । यसले “समृद्ध नेपाल सुखी नेपाली” भन्ने दीर्घकालिन सोचलाई साकार पार्न शिक्षाक्षेत्रको योगदानलाई प्रवाहीकरण गर्ने निश्चित छ । दूरदृष्टिलाई केन्द्रमा राखेर शिक्षाका लक्ष्य तथा उद्देश्यहरू, एक्काइसौं सताब्दीभरका लागि २५ बर्षे रणनीति, शिक्षाका मार्गनिर्देशक सिद्धान्तहरू अघि सारिएको छ ।

संविधानप्रदत्त मौलिक अधिकारको वास्तविक कार्यान्वयनका लागि स्पष्ट खाका कोर्न जरूरी छ । नेपाली भूमिमा उत्पति भएका बौद्ध दर्शन, सांख्य दर्शन र शैव दर्शन लगायत पूर्वीय चिन्तन, संस्कृति र सभ्यतामा आधारित शिक्षा प्रणाली विकास गर्न जोड दिँदै हाम्रो मौलिक संस्कृतिमाथि भएको पाश्चात्य संस्कृतिको निर्वाध अतिक्रमणलाई न्यूनीकरण गर्ने रणनीतिहरू तय गर्नुपर्छ । विज्ञानलाई जीवनपद्धति बनाउने तथा प्रविधिलाई उत्पादन शक्तिको रूपमा प्रयोगमा ल्याउन विज्ञान तथा प्रविधि र शिक्षालाई एकै सिक्काका दुइ पाटा मानेर सँगसँगै अघि बढाउनुपर्छ । हामीले विज्ञानलाई जीवन पद्धति बनाउनुका साथै प्रविधिको अधिकतम् प्रयोग गरी नवप्रवर्तनउन्मुख उदीयमान विश्व परिवेशमा सक्षम एवं प्रतिस्पर्धी विश्वस्तरीय जनशक्ति विकास गर्नु पर्ने भएको छ ।

शिक्षामा विकासको दृष्टिकोणलाई जोड्नुका साथै सुशासन प्रवद्र्धनमा विशेष ध्यान दिनु आजको आवश्यकता हो । आधारभूत शिक्षालाई सर्वसुलभ बनाई अनिवार्य तथा निःशुल्क गर्ने, माध्यमिक शिक्षामा विविधीकरण गरी निःशुल्क रूपमा उपलब्ध गराउने, उच्च शिक्षालाई अनुसन्धान तथा नवप्रवर्तनमार्फत ज्ञानमा आधारित समाज निर्माणमा केन्द्रित गर्ने, निरक्षरता उन्मूलन गर्नुका साथै आजीवन सिकाइ लागि पर्याप्त अवसर प्रदान गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच एवम् गुणस्तर सुनिश्चित गर्ने, शासकीय संयन्त्रहरूको पुनःसंरचना गरी जवाफदेही, परिणाममुखी जनमैत्री बनाउने जस्ता विषयहरू शिक्षा नीतिका मुख्य प्राथमिकता हुन् । सबैका लागि गुणस्तरीय शिक्षा, जीवनपर्यन्त सिकाइ, दिगो विकासका लागि शिक्षा, समतामूलक समावेशी शिक्षा, अधिकारमा आधारित शिक्षा जस्ता विषयहरू हाम्रा प्रतिवद्धताहरू हुन् ।

शिक्षालाई पूर्वाधारको पनि पूर्वाधारको रूपमा विकास गर्न यस क्षेत्रमा लगानी बृद्धि गर्नुका साथै समग्र कार्यसम्पादनमा कार्यदक्षता, प्रभावकारिता, मितव्ययिता प्रवद्र्धन गर्दै शैक्षिक सेवाप्रवाहलाई जनमुखी बनाउनु पनि उत्तीकै महत्त्वपूर्ण छ । शिक्षाक्षेत्रमा लगानी बृद्धि गरी भौतिक, शैक्षिक र मानवीय पूर्वाधारहरूको सवलीकरणका माध्यमबाट उपयुक्त शैक्षिक वातावरण निर्माणमा जोड दिनुपर्छ । सार्वजनिक विद्यालयमा पर्याप्त दक्ष शिक्षकको आपूर्ति, सिकाइ प्रक्रियामा सुधार, पूर्वाधार निर्माण, सुशासन प्रवद्र्धन, पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीमा सुधार, चुस्त व्यवस्थापन, रुपान्तरणकारी सवल नेतृत्व, शिक्षामा प्रविधिको एकिकरण, विद्यालय समुदाय सम्बन्ध सुदृढीकरणमार्फत सार्वजनिक शिक्षाको

रूपान्तरण गर्नुपर्छ । शिक्षामा निजी क्षेत्रको लगानीलाई नियमन गर्दै सेवामूलक बनाउनुका साथै निजी विद्यालयलाई क्रमशः गैरनाफामुखी सामाजिक संस्थाको रूपमा विकास गरिनु पर्दछ ।

उच्च शिक्षाको शासकीय संयन्त्रमा सुधार गर्न आवश्यक छ । अधिकारसम्पन्न उच्च शिक्षा आयोगको गठन गरी उच्च शिक्षालाई व्यवस्थित गर्नुका साथै विश्वविद्यालयको प्राज्ञिक स्वायत्तता एवम् स्वतन्त्रतामा कुनै असर नपारी सरकारको नियमन र नियन्त्रण प्रणाली विकास गर्नुपर्छ । यसले शक्ति सन्तुलन र नियन्त्रणको मान्यतालाई मूर्त रुप दिँदै सुशासन प्रवद्र्धनमा टेवा पुऱ्याउँछ । यसका अतिरिक्त शिक्षक उत्पादन र छनोट प्रक्रियामा सुधार, समग्र प्रणालीमा रुपान्तरण, विकृति एवम् बेथितिहरूको निराकरण गर्दै देश विकासका लागि आवश्यक उच्चस्तको दक्ष जनशक्ति उत्पादन गर्न जरूरी छ ।

प्राविधिक शिक्षाको विस्तार, नयाँ संरचना निर्माण, संघीय संरचना अनुकुलका संयन्त्रहरू स्थापना, लगानी अभिबृद्धि, शासकीय प्रणालीमा परिवर्तन जस्ता विषय यस क्षेत्रका सुधार क्षेत्रहरु हुनर्् । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्ने गरी हाम्रो शिक्षा प्रणालीलाई अग्रगामी दिशामा निर्देशित गर्नुपर्छ । प्राविधिक जनशक्ति उत्पादन गर्दा पनि समाज विज्ञान, सामाजिक व्यवहार, आचरण, सामूहिक जीवनशैली आदि जस्ता विषयवस्तुहरुमा पनि यथोचित ध्यान पुऱ्याउनु पर्दछ ।

सम्पूर्ण विद्यालयहरूलाई पूर्णतः पूर्वाधारयुक्त, सुरक्षित, सिकाइका लागि अनुकुल वातावरणयुक्त बनाउनुपर्छ । सफा, स्वच्छ, स्वस्थ र हरित पृथ्वीमाथि भावी पुस्ताको अधिकार स्थापित गर्न हरित शैक्षिक संस्था एवम् बृहत् हरियाली कार्यक्रम सञ्चालनमा जोड दिनुपर्छ । शिक्षालाई विद्यालयको कोठाभित्र मात्र सीमित नगरी यसलाई समुदायसँग जोड्दै राष्ट्रिय विकासको संबाहक बनाउनुपर्छ । तसर्थ समुदायमा आधारित परियोजना, खोज, अनुसन्धान, अध्ययन, नवप्रवर्तन जस्ता सिकाइका तरिकाहरू अवलम्बन गर्नुपर्छ ।

हिजो हामी शिक्षणमा केन्द्रित थियौं तर अब सिकाइमा केन्द्रित हुनुपर्छ । शिक्षकले शिक्षण गर्ने हैन सहजीकरण गरी बालबालिकाको सिकाइ सुनिश्चित गर्नुपर्छ । न्यूनतम् सिकाइ उपलब्धिस्तर शिक्षकको जवाफदेहिताभित्र पर्दछ । ज्ञान, सीप सिकाउने पुरानो मान्यतालाई "सिक्नको लागि सिकाउने" निर्माणबादी चिन्तनले प्रतिस्थापन गर्नुपर्छ । विगतको बन्द कक्षाकोठामा आधारित शिक्षालाई खुला, प्रविधिमैत्री, स्वःसिकाइतिर लैजानुपर्छ । वास्तविक कक्षाकोठामा प्रत्यक्ष साक्षात्कारबाट हुने शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी भर्चुअल सिकाइतिर विकसित गर्दै लैजानुपर्छ । ज्ञान, सीप तथा सूचनाका असीमित साधनहरूको उच्चतम् उपयोग गरी व्यक्तिको बहुबौद्धिकताको आधारमा सिकाइ गर्न पाउने गरी सिकाइ प्रक्रियामा रूपान्तरण गर्नुपर्छ । सबैलाई अनुकुल वातावरणमा अनुकुल तरिकाबाट सिक्न पाउने शिक्षा प्रणाली विकास गर्नुपर्छ । शिक्षाभित्रको विभेद, बञ्चितीकरण, कमी, अभाव, नकारात्मक प्रभाव, दुव्र्यवहार अन्त्य गरी स्वस्थ, सुखी र सुरक्षित सिकाइ वातावरण सिर्जना गरिनुपर्छ र शिक्षालाई समाजमा रेहेका असमानता, हिंसा, दुव्र्यवहार, भेदभाव र अन्धविश्वास अन्त्य गर्ने सशक्त

माध्यमका रुपमा विकास गरिनु पर्छ । प्रविधिको विकास र शिक्षामा आन्तरिकीकरणबाट सुशासन कायम गर्नुपर्ने छ । प्रविधिलाई शैक्षिक गुणस्तर .उकास्ने साधनको रुपमा प्रयोग गर्नुपर्छ ।

उपर्युक्त विषयहरूलाई प्रतिवेदनले स्पष्ट दिशानिर्देश गरेको छ । विद्यमान अवस्थाको विश्लेषणका आधारमा समस्याहरूको पहिचान गरी भावी दिनमा अवलम्बन गर्नुपर्ने नीति, रणनीतिहरूलाई सुझावको रूपमा प्रस्तुत गरिएको छ । सुझाव कार्यान्वयनका लागि अल्पकालिन तथा दीर्घकालिन कार्यसूची निर्माण गर्नुका साथै विभिन्न तहका सरकारको जिम्मेवारी समेत किटान गरी कार्यान्वयनयोग्य बनाउन प्रयास गरिएको छ । देशका लागि आवश्यक विषयगत दक्ष जनशक्ति प्रक्षेपण तथा मानवस्रोत विकास योजना तर्जुमका लागि छुट्टै निर्देशक समिति एवम् प्राविधिक कार्यदल गठन भई काम अघि बढाइएकोले यस प्रतिवेदनमा सो विषयमा विस्तृत सुझाव प्रस्तुत गरिएको छैन । प्रतिवेदनले सुझाएका विषयहरूको बस्तुगत कार्यान्वयनमा सहयोग एवम् सहजीकरण गर्न विज्ञहरूसहितको संयन्त्र निर्माण गरी थप अध्ययन तथा अनुसन्धान गर्दै अघि बढ्नुपर्ने मैले महशुस गरेको छु ।

आयोगले तोकिएको ५ महिना ७ दिनको समयावधिभित्र कार्ययोजना निर्माण, विषयगत समूह गठन एवम् परिचालन, विज्ञहरूसँग परामर्श, सन्दर्भ ग्रन्थको अध्ययन, सरोकारवालाहरूसँग सुझाव संकलन, प्रादेशिक तहमा अन्तरक्रिया, राष्ट्रिय सम्मेलन लगायतका महत्वपूर्ण कार्यप्रक्रिया अवलम्बन गरी व्यापक छलफल र बहसका आधारमा आफ्नो प्रतिवेदन तयार पारेको छ । यस प्रक्रियामा केवल शिक्षाकर्मी र शिक्षाप्रेमेमीहरूको मात्र सहभागिता नभई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रका व्यक्तिहरूको समेत सहभागिता रहेको छ । संघीय संरचना अनुरूप संघ, प्रदेश र स्थानीय तीनै तहका जनप्रतिनिधि तथा सम्बद्ध पक्षहरूको भावना प्रतिविम्वित गर्न प्रयास गरिएको छ । उपलब्ध सीमित समयभित्र पनि अधिकतम् जनसहभागिता जुटाउन भरमग्दूर प्रयास गरिएको र शिक्षाका कैयौं मुद्दाहरुमा राष्ट्रिय सहमति समेत जुटाउने अवसर मिलेकाले प्रतिवेदनलाई सम्बद्ध सबैले आत्मसात् गर्नुहुनेछ भन्ने विश्वास पनि लिएको छु ।

यो आयोगले २०७४ भाद्र १९ मा तत्कालिन उप प्रधानमन्त्री तथा शिक्षा मन्त्री गोपालमान श्रेष्ठको अध्यक्षतामा गठित उच्चस्तरीय शिक्षा आयोगबाट प्रस्तुत प्रारम्भिक प्रतिवेदनको समेत स्वामित्व ग्रहण गरेको छ । यसैगरी प्रतिवेदन तयार पार्ने क्रममा मन्त्रीपरिषद् र मन्त्रालयबाट गठिन विभिन्न कार्यदलहरुले पेश गरेका सुझावहरुलाई पनि महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा आयोगले ग्रहण गरेको छ ।

प्रतिवेदन तयारीको क्रममा संघीय सरकारका सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रीज्यूहरू, प्रदेश, सरकारका मुख्यमन्त्रीज्यूहरू, प्रदेश सरकारका मन्त्रीज्यूहरू, संघीय र प्रदेश संसदका सदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधिहरू, विश्वविद्यालयका पदाधिकारी एवं प्राध्यापकहरू, विद्यालयका शिक्षकहरू, व्यवस्थापन समितिका पदाधिकारीहरू, कर्मचारीहरू, विभिन्न पेशागत संघ संस्थाका प्रतिनिधिहरू, शैक्षिक संस्थाका प्रतिनिधिहरू, विद्यार्थीहरू, अभिभावक, वुद्धिजिवी, शिक्षाप्रेमी, समाजसेवी, पत्रकार, उद्योगी, व्यापारी,

पेशाकर्मी, गैर सरकारी क्षेत्रका प्रतिनिधिहरू, शिक्षाक्षेत्रमा क्रियाशिल विभिन्न समूहका प्रतिनिधिहरूको उपस्थितिमा प्रदेशस्तरमा सञ्चालित कार्यशाला र अन्तक्रिया कार्यक्रमहरू सञ्चालन गर्दै राष्ट्रिय शिक्षा सम्मेलनबाट महत्वपूर्ण राय, सुझाव सङ्कलन गरिएको छ । यसक्रममा अमूल्य सुझाव दिनुहुने सबै महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु ।

आयोगका सम्पूर्ण सदस्य ज्यूहरूको निरन्तरको लगाव, क्रियाशीलता र महत्वपूर्ण योगदानबाट प्रतिवेदन तयार भएको छ । यस अवसरमा आयोगका सदस्यहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आयोगको सचिवालयमा रहेर व्यापक लगाव र मेहनतसाथ योगदान गर्नुहुने आयोगका सदस्य-सचिव श्री बैकुण्ठप्रसाद अर्याल तथा कर्मचारीहरू डा. भोजराज काफ्ले, डा. मुकुन्दमणि खनाल, श्री रामबन्धु सुवेदी, श्री हरिप्रसाद खनाल, श्री बौद्धराज निरौला, श्री गोविन्दप्रसाद अर्याल, श्री रमाकान्त शर्मा, श्री शुकदेव नेपाल, श्री युवराज दाहाल र श्री यादव प्रसाद आचार्य लाई धन्यबाद दिन चाहन्छु । आयोग तथा आयोगको अध्यक्षको रुपमा मलाई निरन्तर सहयोग गर्नुहुने मन्त्रालयका उपसचिव श्री पुष्पराज ढकाल र अनुसन्धानकर्ता श्री प्रकाश खतिवडालाई पनि धन्यवाद दिन चाहन्छु । प्रतिवेदनको विषयवस्तु र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरूसमेत धन्यवादका पात्र हुनुहुन्छ । यस अवसरमा आयोगको काममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

२०७५ पौष २२

गिरीराजमणि पोखरेल

(मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि)

अध्यक्ष

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५

# प्रतिवेदनको सारांश

## १. उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन

संवैधानिक व्यवस्था, शासन प्रणालीमा आएको परिवर्तन र "समृद्ध नेपाल सुखी नेपाली" सरकारको दूरदृष्टिलाई केन्द्रमा राखेर शिक्षाको विकास मार्फत समाजवाद उन्मुख आर्थिक सामाजिक रूपान्तरण र लोकतान्त्रिक, समावेशी एवम् समतामूलक समाज निर्माणका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका जिम्मेवारी एवं कार्यक्षेत्रका सम्बन्धमा तथ्यपरक अध्ययन विश्लेषण गरी सिफारिससहितको प्रतिवेदन प्रस्तुत गर्न नेपाल सरकार मन्त्रीपरिषद्को २०७५ असार ३२ को निर्णयबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलको अध्यक्षतामा २४ सदस्यीय उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन भएको हो । पछि आयोगको निर्णयले नेपाल शिक्षक महासङ्घका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा मनोनयन गरिएपछि यो २५ सदस्यीय बनेको थियो ।

आयोगको मुख्य उद्देश्य नेपालको वर्तमान अवस्थाको विश्लेषण गरी शिक्षाको विकासका निम्ति अवलम्बन गर्नुपर्ने उपायहरूका सम्बन्धमा सुझाव दिनु, शिक्षा क्षेत्रमा रूपान्तरणको खाकासहितको मार्गनिर्देशन गर्नु र संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्रको विकासका निम्ति आधार प्रदान गर्नु रहेको छ ।

## २. अध्ययनको प्रकृया

आयोगले प्रतिवेदन तयारीका क्रममा नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु, दीगो विकासका लक्ष्यहरु, विभिन्न अनुसन्धानहरुका निष्कर्षहरु, विश्वसनीय राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थाका प्रतिवेदन र तथ्याङ्कहरु, प्रमुख राजनैतिक दलहरूका घोषणापत्र र उच्चस्तरीय शिक्षा आयोग २०७४ को प्रतिवेदनलाई समेत ग्रहण गरी अध्ययन विश्लेषण गरेको थियो । अध्ययन तथा राय सुझाव सङ्कलनका लागि लक्षित समूहसँग संस्थागत छलफल, स्थलगत भ्रमण, अवलोकन, सामूहिक छलफल, व्यक्तिगत भेटघाट, इमेलजस्ता माध्यमहरू प्रयोग गरिएको थियो । आयोगले विभिन्न आठवटा विषयगत समूहहरु गठन गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा झण्डै ४००० भन्दा बढि शिक्षाका सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट एवं छलफल, शिक्षालयहरुमा स्थलगत अध्ययन अवलोकन, अन्तरक्रिया र अन्य सम्वन्धित सरेकारवालाहरुका संस्थाहरु सँग सघन छलफल गरेको थियो । प्राप्त सुझावहरु एकिकृत गरी प्रारम्भिक मस्यौदा तयार गरी उक्त मस्यौदामाथि थप सुझाव सङ्कलन गर्न स्थानीय सरोकारवालाहरुसमेतको उपस्थितिमा प्रदेशस्तरीय सुझाव संकलन कार्यशाला र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरीएको थियो । त्यहाँबाट प्राप्त सुझावहरुलाई समावेश गरी पहिलो मस्यौदा तयार पारिएको थियो । पहिलो मस्यौदामाथि छलफल गर्न २०७५ पौष ५ र ६ गते काठमाडौंमा सम्माननीय प्रधानमन्त्री केपी। शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा राष्ट्रिय शिक्षा सम्मेलन आयोजना गरिएको थियो । आयोगले २७ नियमित एवम् औपचारिक र कयौं अनौपचारिक बैठकहरु गरी अन्तिम प्रतिवेदन तयार गरेको थियो ।

## ३. प्रतिवेदनको खाका

प्रतिवेदनमा शिक्षाको दुरदृष्टि, मार्गदर्शक सिद्धान्त, शिक्षाको राष्ट्रिय उद्देश्यहरु समावेश गरी प्रारम्भिक बालविकास शिक्षादेखि उच्च शिक्षासम्मका पहुँच, समता, गुणस्तर, सङ्गठनात्मक तथा व्यवस्थापकीय पक्ष सहितको पृष्ठभूमि, विगत तथा वर्तमान अवस्थाको विश्लेषण, प्रमूख समस्या, मुद्दा तथा चूनौती, सुझाव र सुझाव कार्यान्वयनका लागि सरकारका तहगत भूमिका र जिम्मेवारीहरू उल्लेख गरिएको छ । सुझावअन्तर्गत नीतिगत सुझावहरु र रणनीतिक मार्गचित्र समावेश गरिएको छ । शिक्षामा गुणस्तर, पाठ्यक्रम र मूल्याङ्कन, शिक्षक व्यवस्थापन, शैक्षिक नेतृत्व, शिक्षाको प्रशासनिक सङ्गठन संरचना, समावेशीता, पूर्वीय दर्शन र शिक्षा, मातृभाषामा शिक्षा, परम्परागत शिक्षा प्रणाली, पुस्तकालय व्यवस्थापन, विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित, अनुसन्धान र विकास, शिक्षामा सूचना र सञ्चार प्रविधिको प्रयोग, सुरक्षित वातावरण र सिकाइ, विदेशी बोर्डबाट सञ्चालित शिक्षण संस्थाहरु, शिक्षामा शुसासन, शिक्षामा लगानी लगायतका विषयमा विभिन्न ३१ वटा परिच्छेदहरुमा प्रतिवेदनलाई संगठित गरिएको छ ।
गुणस्तरीष शिक्षाको विकासमार्फत समुन्नत र समृद्ध राष्ट्र निर्माणलाई दूरदृष्टिको रुपमा प्रस्तुत गर्दै शिक्षाका मार्गदर्शक सिद्धान्तहरु र राष्ट्रिय उद्देश्यहरु प्रस्तुत गरिएको छ । त्यसैगरी तहगत सरकारका जिम्मेवारी, तत्कालीन, मध्यकालीन र दीर्घकालीन नीति एवं रणनीतिहरु तय गरिएको छ । साथै, यी सुझावहरुको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहले अपनाउनुपर्ने बिधि, प्रकृया र संगठनात्मक संरचनाहरुको ढाँचा समेत सिफारिस गरिएको छ ।

## ४. शिक्षा विकासको वर्तमान अवस्था

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षालाई ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिका लागि निर्विकल्प माध्यमको रूपमा स्वीकार गरिँदै आएको छ । नेपालको संविधानमा शिक्षासम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरिएको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै लैजाने नीति अवलम्बन गरिएको छ । वर्तमानसम्म आइपुग्दा परिमाणात्मक दृष्टिकोणबाट नेपालको शिक्षामा उल्लेख्य उपलव्धी हासिल भएको छ । प्रारम्भिक बालविकास केन्द्रको संख्या ३६५६८, विद्यालयहरुको संख्या ३५६०१, उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय सहितका क्याम्पसहरु १४०७, प्राविधिक शिक्षालयहरु ८७६, छोटो अवधीको सीपमुलक तालिम प्रदान गर्ने संस्थाहरु १०७८, सामुदायिक सिकाइ केन्द्रहरु २१५१ र ७७ लाख भन्दा बढि विद्यार्थीहरु र उक्त संस्थाहरूमा करिव ५ लाखको संख्यामा जनशक्तिहरु कार्यरत रहेका छन् । आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा १५ देखि ६० वर्ष उमेर समूहको प्रौढ साक्षरता दर ८२ प्रतिशत पुगेको छ भने १५ देखि २४ वर्ष उमेर समूहको युवा साक्षरता दर ९० प्रतिशत भन्दा माथि पुगेको छ । पूर्व प्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या ६६.३ प्रतिशत पुगेको छ । कक्षा १ देखि ५ सम्मको खुद भर्ना दर ९७.२ प्रतिशत र कक्षा १ देखि ८ सम्मको खुद भर्नादर ९२.५ प्रतिशत पुगेको छ । माध्यमिक तह (कक्षा ९-१२) मा भने निश्चित उमेर समूहका बालबालिका मध्ये हालसम्म ४३.९ प्रतिशत मात्र बालबालिका भर्ना भएका छन् । यसैगरी विद्यालय शिक्षा र उच्च शिक्षा दुवै तहमा लैङ्गिक समता सूचकाङ्क १ : १ रहेको छ । उच्च शिक्षामा सहजै देखिने भर्ना दर करिब १५ प्रतिशत पुगेको देखिन्छ ।

## ५. वर्तमान समस्या र चुनौतिहरू

उल्लिखित उपलव्धीहरू भएतापनि हाम्रो शिक्षा प्रणालीमा थुप्रै समस्याहरु रहेका छन् । ती समस्याहरूको समाधान बिना मुलुकको सामाजिक आर्थिक रुपान्तरण सम्भव देखिँदैन । पहुँचमा सन्तोषजनक उपलव्धी हासिल गरेको भएपनि सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न अझै सकिएको छैन । विशेष लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गरी भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल गराउने कार्य अझै समस्याको रूपमा रहेको छ । तहगत, क्षेत्रगत एवं विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न सकिएको छैन । प्राविधिक शिक्षालाई शिक्षाको मूल धारको रूपमा विकास गरी कामको संसारमा सीपयुक्त सक्षम जनशक्ति उपलव्ध गराउन सकिएको छैन । उच्च शिक्षामा तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको सङ्ख्या बढाउन सकिएको छैन । उत्पादित जनशक्तिले योग्यता अनुसारको रोजगारी प्राप्त गर्न सकेका छैनन् । शिक्षाका सबै तह तथा क्षेत्रमा आम नागरिकले प्रत्याभूत गर्ने गरी सुशासन कायम गर्न सकिएको छैन । सार्वजनिक र निजी शिक्षाको लगानीको स्पष्ट आधार र त्यस्ता शैक्षिक संस्थाको उचित व्यवस्थापन गर्ने कार्य बाँकी नै छ । यूवा र प्रतिभाशाली नागरिकहरुको पलायनको विषय जटिल बन्दै जानु जस्ता विषयहरु शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन् ।

मुलुकको शासकीय संरचनामामा परिवर्तन भई विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय सरकार मातहत रहेको सन्दर्भमा विद्यालय शिक्षाको सर्वसुलभता, समन्यायिकता, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु, मौलिक हकको रूपमा अनिवार्य र निःशुल्क शिक्षाको कार्यान्वयन गरी सार्वजनिक शिक्षामा गुणात्मक रुपान्तरण गर्नु प्रमुख चुनौतिको रूपमा रहेको छ । यसका साथै विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सवै प्रकारका शिक्षण संस्थामा भौतिक पूर्वाधार सहितको आकर्षक तथा भयरहित सिकाइ वातावरण सुनिश्चित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धताको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन गर्नु पनि चुनौतिका रूपमा रहेका छन् । विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिलाई अन्तर्राष्ट्रिय स्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउनु, प्राविधिक उच्च शिक्षाको अवसर विस्तार गर्दै ज्ञान र प्रविधिमा आधारित अर्थतन्त्र प्रवर्द्धन गर्ने नवीन सोच र नवप्रवर्तशीलतालाई वास्तविक जीवनमा उतार्नु, शिक्षा क्षेत्रमा सुशासन, उत्तरदायित्व र सहभागिताको अभिवृद्धि गर्नु, क्षमतावान् युवालाई स्वदेशमै सेवा गर्ने अवसरको सिर्जना गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्नु आजको शिक्षाका प्रमुख चुनौतीहरु हुन् ।

## ६. सम्भावना र अवसरहरु

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय सरकारलाई व्यवस्थापकीय स्वायत्तता प्रत्याभूत गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्ना दर र लैङ्गिक समता सूचकाङ्क समदरमा पुग्नु, शिक्षामा समावेशी सहभागिता अभिवृद्धि हुनु,

सार्वजनिक विद्यालय प्रतिको चासो र जन अपेक्षा बढ्दै जानु अवसरका रूपमा रहेका छन् । प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने तथा प्राविधिक उच्च शिक्षालाई प्रवर्द्धन गर्दै रोजगारीका अवसरमा वृद्धि गर्ने सरकारको नीति रहनु, साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु, तीनै तहका सरकारको क्षमता विकास गर्दै शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याइ शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहेको छ । प्राविधिक शिक्षाको विस्तारमार्फत् स्वदेशमा नै रोजगारीका अवसर सिर्जना गरी देशको आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने एवं रोजगारीको खोजिमा बाहिर पलायन भएका युवा जनशक्तिलाई स्वदेशमा नै फिर्ता गर्न सकिने वातावरण तयार हुनु, गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्दै खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरी नेपाललाई विविध विषयमा उच्च शिक्षाको अध्ययन केन्द्र बनाउन सकिने वातावरण तयार हुनु यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

### ७. शिक्षाका दूरदृष्टि र राष्ट्रिय उद्देश्यहरू

शिक्षाको विकासद्वारा राष्ट्रको समतामूलक समृद्धि हासिल गर्न नेपालको शिक्षाको दूरदृष्टि तय गरिएको छः

**"सामाजिक न्यायसहित सभ्य, समुन्नत, स्वस्थ जनशक्ति उत्पादन राष्ट्र निर्माणको दिशा !**
**व्यक्तिको सर्वाङ्गीण विकास र सामाजिक आर्थिक रूपान्तरणका लागि गुणस्तरीय शिक्षा !"**

उक्त दूरदृष्टि प्राप्तिका लागि निम्न नीतिगत व्यवस्थातर्फ नेपालको शिक्षा प्रणाली परिलक्षित हुने छः

१. सबैका लागि गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चतता भएको हुने छ । गुणस्तरीय शिक्षाका लागि शिक्षण संस्थाहरूको छनोट गर्नुपर्ने परिस्थिति आउने छैन । सबै तह र प्रकारका शिक्षण संस्थामा भौतिक पूर्वाधार र सिकाइ वातावरण विकास भएको हुने छ ।

२. मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक कारणले कुनै पनि बालबालिकाले बिचैमा पढाइ छोड्नुपर्ने अवस्था सिर्जना हुने छैन । नेपालमा सबै बालबालिकाले विद्यालय शिक्षा पुरा गरेका हुने छन् ।

३. सबै शिक्षण संस्थामा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध भएका हुने छन् । शिक्षण पेसा समाजमा उच्च सम्मानित पेसाका रूपमा स्थापित भएको हुने छ । उच्च योग्यता र सीप भएका मेधावी व्यक्तिहरू शिक्षण पेसामा आकर्षित भएका हुने छन् । शिक्षकको छनोट योग्यता र क्षमताको आधारमा निष्पक्ष तवरले गरिने छ ।

४. हरेक विद्यार्थी आफ्नो क्षमता र प्रतिभाको प्रस्फुटन र विकास गर्ने अवसर पाएका, स्वावलम्बी, सिकाइप्रति उत्प्रेरित तथा ज्ञान निर्माणमा संलग्न भएका हुने छन् । उनीहरू मानवीय मूल्यमान्यतामा प्रतिबद्ध, कर्तव्य र अधिकारप्रति सचेत, समालोचनात्मक चेतनायुक्त, समुदायमुखी, विवेकशील र नैतिकवान हुने छन् ।

५. जनसङ्ख्या, भूगोल र सामुदायिक आवश्यकताका आधारमा शिक्षण संस्थाहरू र सीप तथा प्रविधि विकास केन्द्रहरू स्थापना र सञ्चालन भएका हुने छन् । सबै शिक्षण संस्थाहरू आवश्यक पूर्वाधारको सुनिश्चिततासहित प्रभावकारी सिकाइ केन्द्रको रूपमा विकसित भएका हुने छन् ।

६. सबै प्रकारका अपाङ्गता भएका, विशेष आवश्यकता भएका र विविध कारणले सिकाइ क्षमता कमजोर भएका विद्यार्थीका लागि सिकाइका अवसर सुनिश्चित भएको हुने छ । अपाङ्गताको प्रकारअनुसार विशेष एवम् समावेशी शिक्षाको प्रबन्ध हुने छ ।

७. माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य भएको हुने छ । विद्यालय तह उत्तीर्ण गरेका हरेक विद्यार्थी आफ्नो क्षमता र प्रतिभा उजागर गरेका जीवनोपयोगी, रोजगारमूलक सीपयुक्त जनशक्ति हुने छन् ।

८. ज्ञान सिर्जना गर्न सक्ने विश्वविद्यालय स्तरको शिक्षा, रोजगारीमूलक प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर सुनिश्चित भएको हुने छ । रोजगारी र अध्ययनलाई सँगसँगै लैजाने व्यवस्था हुने छ । उच्च शिक्षाका विद्यार्थी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, आवश्यकताअनुरूप अध्ययन तथा अनुसन्धान गर्न सक्ने, अत्याधुनिक प्रविधि उपयोग गर्न सक्ने, दिगो विकासमा टेवा पुर्‍याउने र समूहमा मिलेर काम गर्ने दक्षता हासिल गरेका हुने छन् ।

९. समुदाय र शिक्षालयबीच समन्वय र सद्भाव कायम भई जीवन्त सम्बन्ध स्थापित भएको हुने छ । विद्यार्थीको सिकाइ प्रक्रियामा समुदायको सक्रिय सहभागिता र संलग्नता भएको हुने छ । सिकाइ केन्द्रको रूपमा शिक्षालयले स्थानीय तहमा रहेका रैथाने ज्ञान, सीपहरूको खोजी गरी तिनलाई आधुनिक ज्ञान र सीपसँग एकीकृत गरेका हुने छन् ।

१०. औपचारिक (Formal), अनौपचारिक (Non-formal), तथा अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशीलता र पारगम्यता (Mobility and Permiability) सुनिश्चित भएको हुने छ ।

११. राष्ट्रिय योग्यताको प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गरिने छ । तहगत रूपमा योग्यताको वर्गीकरण गरी प्राविधिकबाट साधारण र साधारण शिक्षाबाट प्राविधिक शिक्षा प्रवेश गर्ने ढोका खुला गरिने छ । औपचारिक शिक्षा पद्धतिभित्र नसमेटिएका व्यक्तिका लागि उनीहरूको परम्परागत सीप र ज्ञानमा आधारित अनुभवलाई शिक्षाको मूल धारमा आउन सक्ने गरी योग्यताको प्रारूपअनुरूप क्रेडिट स्थानान्तरण गर्ने व्यवस्था हुने छ ।

१२. प्रत्येक शैक्षिक संस्था भर्चुअल सिकाइ केन्द्रको रूपमा विकास भएको हुने छ । ज्ञानको सिर्जना तथा विस्तार र शिक्षण सिकाइमा अत्याधुनिक प्रविधिको प्रयोग भएको हुने छ ।

१३. युवा तथा वयस्कहरू व्यावसायिक तथा प्राविधिक शिक्षा एवम् सीपमूलक तालिमका माध्यमबाट दक्ष तथा उत्पादनशील जनशक्तिमा परिणत भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम भएका हुने छन् ।

१४. शैक्षिक गुणस्तर सुनिश्चित गर्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार भएका र प्रयोगमा आएका हुने छन् । गुणस्तरीय शिक्षण सिकाइका लागि प्रतिस्पर्धात्मक गुणस्तरीय बहुपाठ्यपुस्तक नीति कार्यान्वयनमा आएको हुने छ । परीक्षा प्रणालीलाई ज्ञान र सीपको साथै अपेक्षित व्यवहारिक परिवर्तन परीक्षण गर्ने भरपर्दो साधनको रूपमा व्यवस्थित गरिएको हुने छ ।

१५. विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूलाई राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय विकाससँग आबद्ध गरी उच्च स्तरको मानव संसाधन विकास गर्न सक्ने उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विकास गरिएको हुने छ ।

१६. मुलुकको सङ्घीय संरचनाअनुकूल प्रादेशिक विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित शिक्षा पद्धतिले प्राथमिकता पाएको हुने छ । शिक्षा प्रणाली आर्थिक तथा सामाजिक रूपान्तरणको आधार हुनुका साथै सकारात्मक सोचयुक्त, देशप्रेम तथा विश्व बन्धुत्वको भावनाले प्रेरित, स्वावलम्बी, स्वस्थ तथा खुसी एवम् सुखी नागरिक उत्पादन गर्न सक्षम भएको हुने छ ।

**शिक्षाका राष्ट्रिय उद्देश्यहरु**

१. व्यक्तिमा अन्तर्निहित गुण, क्षमता र प्रतिभाहरुको प्रस्फुटन गर्दै शारीरिक, मानसिक, आत्मिक, सामाजिक, सम्वेगात्मक तथा बौद्धिक आयामहरुको अभिवृद्धि गरी व्यक्तिको सर्बाङ्गिण बिकासमा टेवा पुऱ्याउनु ।

२. प्रत्येक व्यक्तिमा राष्ट्र र राष्ट्रियताप्रति निष्ठा, मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डताप्रति प्रतिवद्ध, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य-मान्यता, आफ्नो नागरिक अधिकार र कर्तब्य प्रति सजगता अभिबृद्धि गर्नु ।

३. व्यक्तिमा असल चरित्र, नैतिकता, स्व-अनुशासन, निष्पक्षता, सकारात्मक सोच, सहिष्णुता, समानुभुति, सदाचारिता, आत्मसंयम, धैर्यता, लगनशीलता, उत्तरदायित्वबोध, सेवाभाव, विश्वबन्धुत्वको भावना, स्वस्थ जीवन र रहनसहनप्रति प्रतिबद्धता जस्ता मानवीय गुणहरुको विकास गर्नु ।

४. श्रमप्रति आस्थावान, उत्पादनमुखी, सिर्जनशील, उद्यमशील, सिपयुक्त, र रोजगार उन्मुख मानव संसाधनको विकास गरी देशले लिएका आर्थिक-सामाजिक तथा दिगो बिकासका लक्ष्यहरु हासिल गर्न र मुलुकलाई समतामुलक तथा समृद्ध राष्ट्र बनाउन योगदान पुऱ्याउनु ।

५. प्रत्येक व्यक्तिलाई बैज्ञानिक दृष्टिकोण, आलोचनात्मक सोच, सृजनात्मकता, तार्किक क्षमता, निर्णय तथा नेतृत्व क्षमता, अनुकुलन क्षमता, समस्या समाधान गर्न सक्ने, बहुभाषामा संचार गर्न सक्ने र नवीनतम प्रविधिको उपयोग गर्न सक्ने क्षमता अभिवृद्धि गरी सहकार्य सीप, सामाजिक र सांस्कृतिक सीप जस्ता व्यवहार कुशल सिपयुक्त जनशक्तिको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्षम तुल्याउनु ।

६. व्यक्तिमा नेपालको मौलिक दर्शन, संस्कृति, भाषा, साहित्य, कला, इतिहास, जीवनशैली, आदर्श तथा वैशिष्ट्यहरूको अध्ययन, मनन र चिन्तनका साथै तिनीहरूको संरक्षण, सम्वर्धन र विस्तारतर्फ क्रियाशील रहने भावना जागृत गर्दै विश्व सभ्यता र संस्कृतिको समेत ज्ञान प्रवर्धन गर्नु ।

७. शिक्षाको बलियो आधार तयार गरी व्यक्तिलाई आजीवन सिकाइमा संलग्न हुन अभिप्रेरित गर्नु तथा जीवनमा आवश्यक ज्ञान र सीपलाई निरन्तर अद्यावधिक गर्न सक्षम बनाउनु ।

८. प्रत्येक व्यक्तिलाई नेपालको भौगोलिक, सांस्कृतिक, धार्मिक, जातीय, भाषिक बिबिधता प्रति सजग बनाउदै विभिन्न समुदाय, संस्कृति, भाषाहरु बीच श्रद्धा र समभाव सहित समाजमा शान्ति, सहिष्णुता र समझदारी विकास गर्नु ।

९. प्रत्येक व्यक्तिलाई प्राकृतिक सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र कुशल सदुपयोग गर्न, विपदको पहिचान, न्यूनीकरण र ब्यबस्थापन गर्न र आफ्नो जीवनशैली र ब्यबहारले प्रकृति र समुदायमा पार्न सक्ने प्रभाव प्रति सजग रही दिगो समाजको विकासमा सहभागी बनाउनु ।

## ८. सिफारिसहरू

१. समग्रमा नेपालको शिक्षा प्रणालीलाई एउटा पद्धतिबाट चलाउन यो प्रतिवेदनले निर्देशित गरेको छ । शिक्षाको सैद्धान्तिक दृष्टिकोणसहित कार्यान्वयनका लागि सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको भूमिका स्पष्ट पारेको छ । विद्यालय व्यवस्थापन समितिलाई प्राज्ञिक वातावरण बनाउने र प्रधानाध्यापकलाई प्राज्ञिक परिणाम दिने नेतृत्वको रुपमा व्यवस्था गर्न सुझाएको छ । निजी लगानीका शिक्षण संस्थाहरुलाई सेवामुखी बनाउदै निजी, गुठी र सहकारी अन्तर्गत सञ्चालित सबै विद्यालयहरुलाई एउटै ढाँचामा ल्याउन सुझाएको छ । विद्यालय एवं उच्च शिक्षा संस्थाहरुको समायोजन र नक्साङ्कनद्वारा सेवा प्रवाहको क्षेत्र निर्धारण गर्न सुझाइएको छ । यसले विषयगत शिक्षकको अभाव र शिक्षक दरवन्दी मिलानको समस्या हल हुनसक्ने सम्भावना उजागर गरेको छ । शिक्षामा कार्यरत जनशक्ति सबैको सेवाप्रवेशको न्यूनतम योग्यतामा वृद्धि गर्न सिफारिस गरेको छ ।

२. बाल विकास र शिक्षाबारे अवधारणात्मक स्पष्टता ल्याउने, दक्ष शिक्षकको व्यवस्था, पोषणयुक्त खानाको बस्दोबस्त, सिकाईको वातवारण र किताबी पठनपाठनबाट बालबालिकालाई मुक्त राख्ने, आधारभूत शिक्षाको सुधारको लागि शिक्षण पद्धतिमा सुधार गरी यसलाई बाल मैत्री बनाउने, परीक्षा प्रणालीमा परिवर्तन गर्ने, सबैका लागि अनिवार्य र निशुल्क शिक्षा प्रदान गर्ने, लक्षित समूहको भर्ना र निरन्तरता सुनिश्चित गर्ने, दक्ष विषयगत साथै कक्षागत शिक्षकको व्यवस्था गर्ने, मातृभाषा र बहुभाषामा पठनपाठन गर्ने र माध्यामिक विद्यालय अन्तर्गतको प्राथमिक तहका लागि छुट्टै संयोजकको व्यवस्था गर्ने जस्ता आधारभूत शिक्षा सुधारका सिफारिसहरु रहेका छन् ।

३. माध्यमिक तहमा विषय शिक्षकको अनिवार्य व्यवस्था, सूचना प्रविधि कक्षा सहितका न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता, विद्यार्थीहरुलाई सिर्जनशील, समालोचक, अनुसन्धानकर्ता बनाउने, प्रभावकारी शिक्षण विधि र मूल्याङ्न पद्धति अवलम्वन, गुणस्तरीय शिक्षाका सूचकहरु निर्माण गरी विद्यालयहरुको स्तरीकरण, प्रधानाध्यापकको सवल नेतृत्व, व्यवस्थापन समितिको विद्यालय संचालनमा प्रभावकारी भुमिका र समुदायको शिक्षा क्षेत्रमा सकृय योगदान जस्ता सुझावहरु प्रस्तुत गरिएको छ

४. उच्च शिक्षालाई मुलुकको समृद्धिको आधार मान्दै नेपाललाई उच्च शिक्षा अध्ययनको केन्द्र बनाउन सकिने सम्भावना सहित सुधारको लागि विश्वविद्यालय संचालन स्वायत्तता, दलिय राजनीतिबाट मुक्त विश्वविद्यालय, संबन्धन र नियमनका मापदण्डको पालना, योग्यतामा आधारित पदाधिकारीहरुको छनौट प्रणाली, विदेशी विश्वविद्यालय सम्बन्धन मापदण्ड, बहुसांस्कृतिक विश्व विद्यालय, अनुसन्धान र विकासमा जोड, प्रक्षेपणका आधारमा जनशक्ति उत्पादन र सबै विषयगत क्षेत्रमा पारगम्यता र उच्च शिक्षा तहको पूर्णताको लागि ६ महिनादेखि १ बर्ष सम्मको राष्ट्रिय

विकास सेवा सञ्चालन गर्न पनि प्रतिवेदनले सुझाएको छ । विश्वविद्यालयमा प्रतिस्पर्धाबाट योग्य र सक्षम व्यक्तिलाई नेतृत्वमा छान्न नीति र विधि सुझाएको छ ।

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको अवसरमा विस्तार, कार्यमुलक सीप विकास तालिम, राष्ट्रिय आवश्यकता र श्रम बजारको मागसँग तादाम्यता राख्ने प्राविधिक शिक्षाको विस्तार, प्रदेशतहमा अनुसन्धान र नवप्रवर्तनमूखी बहुप्राविधिक विद्यालयहरु स्थापना, राष्ट्रिय व्यावसायिक योग्यता प्रारुपको विकास, एकिकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ऐन, जनशक्ति विकासको लागि प्राविधिक शिक्षा प्रशिक्षणको विस्तार, एकीकृत संघीय प्राविधक शिक्षा कोषको स्थापना, गतिशीलता र पारगम्यता, रैथाने सीपको प्रमाणीकरण, युवा लक्षित सीप विकासका कार्यक्रमको विकास जस्ता सिफारिसहरु गरिएको छ ।

६. शिक्षामा गुणस्तर सुधारको निम्ति दक्ष शिक्षकको व्यवस्था, सृजनात्मक र उत्सुकता बढाउने पाठ्यक्रम, आफै खोज गर्ने क्षमता विकास, शिक्षण विधिमा विविधता, पाठ्यक्रममा आधारित शिक्षण पद्दति, पाठ्यक्रमलाइ जीवनोपयोगी, सीपमूलक र व्यवाहरिक बनाउने, संघीय सरकारले मूख्य पाठ्यक्रम निर्माण गरी प्रदेश र स्थानीय तहले ऐच्छिक र स्थानीय पाठ्यक्रम निर्माण गर्ने, निरन्तर मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा अनिवार्य गर्ने र शिक्षण परिषद्को स्थापना गरी सिकाइको गुणस्तर सुधार गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।

७. शिक्षा क्षेत्रको व्यवस्थापकीय सक्षमता अभिवृद्धिको लागि जवाफदेही नेतत्व, उच्च शिक्षा व्यवस्थापनको लागि उच्च शिक्षा नीति परिषदको प्रस्ताव सहित नयाँ ढाँचा र नेतृत्वको प्रस्ताव, विश्वविद्यालयतहमा प्रभावकारी व्यवस्थापनका लागि बोर्ड अफ ट्रष्टीको व्यवस्था, उच्च शिक्षा कार्यकारी पदहरुमा खुला प्रतिस्पर्धाबाट छनौट लगायतका सुझावहरु छन ।

८. अनुगमन, मुल्याङ्कन, सुपेरिवेक्षण र पृष्ठपोषणको लागि विषय विज्ञको समूह निर्माण, विषयगत शिक्षकको संजाल बनाउने, सबै तहको शिक्षालाई प्रविधिमैत्री बनाउने, अतिरिक्त र सहकृयाकलापलाई अनिवार्य बनाउने, बहुसंस्कृतिमा जोड दिने, पुर्वीय र परम्परागत शिक्षामा अध्ययन र अनुसन्धान गर्ने, प्रकोपको त्रासबाट माथि उठेर प्रकृतिसँगको सामिप्यतामा अध्ययनको वातावरण बनाउने, जीवन र जगतबीचको अन्तरसम्बन्धको महत्वबारे बुझाउने, महिला, अपांगता भएका व्यक्ति, दलित, जनजाति र सबै खाले विविधता भएका विद्यार्थीहरुका लागि उपयुक्त सिकाइ मैत्री वातावरण तयार पार्ने जस्ता कुरा सुझाईएको छ ।

९. विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणितको विषय सबै तहमा समावेश गर्ने, साधारण शिक्षामा जीवनोपयोगी सीप र प्राविधिक शिक्षामा कार्य नैतिकता, सौन्दर्यता समावेश गर्ने, आजीवन, वैकल्पिक, खुला र अनौपचारिक शिक्षालाई व्यापक बनाइ त्यस्तो शिक्षा प्रदान गर्ने संस्था र संरचनाहरु निर्माण तथा प्रवर्दन गर्दै सबै नागरिकहरुलाई निरन्तर रुपमा सिक्ने वातावरणको सिर्जना गर्न आवश्यक पर्ने नीति, रणनीति र संरचनाहरु सुझाइएको छ । परिवर्तित सन्दर्भमा ज्ञान अध्यावधिक गर्न, पुस्तकालयको विस्तार, प्रविधिमैंत्रि पुस्तकालय, बिद्युतीय कक्षामा जोड सहित आजीवन शिक्षालाई सिकाई केन्द्रसँग जोड्ने र खुल्ला सिकाईको प्रवर्धन गर्ने कुरा सिफारिस गरिएको छ ।

१०. मातृभाषालाई माध्यम भाषाका रुपमा व्यवस्था गर्न सकिने, कक्षा १—३ सम्म नेपाली र अंग्रेजी दुवै भाषालाई विषयका रुपमा र अरु सवै विषयहरु मातृभाषामा शिक्षणको व्यवस्था, बहुभाषी समुदायमा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्दति अवलम्वन तथा मातृभाषालाई भाषाको रूपमा, विषयको रूपमा, र माध्यमको रूपमा प्रयोगमा ल्याउने, शैक्षिक गुणस्तर परीक्षणका लागि राष्ट्रिय गुणस्तर परीक्षण तथा प्रत्यायन प्राधिकरण स्थापना गर्ने, शिक्षामा सुशासन कायम गर्न शिक्षक सरुवालाई कानूनी रुपमा व्यवस्थित गर्ने, सबै प्रकारका राजनीतिक हस्तक्षेपबाट शैक्षिक संस्थाहरुलाई मुक्त गर्ने, विश्वविद्यालयहरुलाई उत्कृष्टताको केन्द्रका रुपमा विकास गर्ने, शैक्षिक परामर्श प्रदायक संस्थाहरुलाई मापदण्डका आधारमा सञ्चालन, नियमन र ब्यवस्थापन गर्ने, उच्च प्राज्ञिक अनुसन्धान केन्द्रहरु स्थापना गर्ने, हरेक स्थानीय तहमा एक प्राज्ञिक परिषद स्थापना गर्ने लगायतका सिफारिसहरु गरिएको छ ।

## ९. रूपान्तरणको मार्गचित्र

संवैधानिक प्रावधान र समाजवाद उन्मुख आर्थिक सामाजिक रुपान्तरणका लागि-संघीय संरचना अनुकूलको नयाँ शिक्षा प्रणालीको विकास गर्नु अपरिहार्य भएको छ । शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई राष्ट्रिय आवश्यकता र  जनशक्ति आपूर्ति बीच सन्तुलन कायम गरी समग्र शिक्षा प्रणालीमा सुशासनको प्रत्याभूति दिलाउन राज्यको पुर्नसंरचना अनुकूल शिक्षाको समग्र नीतिगत परिवर्तनको आवश्यकता रहेको छ । दिगो विकास, उच्च तथा फराकिलो आर्थिक वृद्धि, सन्तुलित र सुदृढ अर्थतन्त्रको विकास, उत्पादनमुखि, रोजगारी प्रवर्धक, आत्मनिर्भर समुन्नत राष्ट्रको विकासका लागि शिक्षा एउटा माध्यम हो, प्रमुख आधार हो । शिक्षाबाट नै अनुशासित, राष्ट्र र राष्ट्रियता प्रति वफादार, सच्चरित्रवान, स्वावलम्वी नागरिकको विकास सम्भव हुन्छ । त्यसबाट मात्र देश समृद्धिको बाटोमा अगाडि बढ्छ । यसको लागि शिक्षामा आमुल परिवर्तन आवश्यक छ भन्ने निष्कर्षका साथ निम्नानुसार रुपान्तरणको मार्गचित्र प्रस्तुत गरिएको छः

१. शिक्षामा गुणस्तर सुधारको लागि सबै तहमा कार्यरत शिक्षकहरुको सेवा प्रवेशको न्यूनतम योग्यतामा वृद्धि गर्ने । बालविकास केन्द्रको शिक्षकको योग्यता हाललाई कक्षा बाह्र उत्तीर्ण वा सो सरह बनाउने र क्रमशः स्नातक तह उत्तीर्ण हुने व्यवस्था गर्ने । आधारभूत तहको शिक्षकको न्यूनतम योग्यता स्नातक र माध्यमिक तहको शिक्षकको लागि स्नातकोत्तर गर्ने । बालविकास शिक्षकहरूको पारिश्रमिक, सेवा, शर्त र सुविधा नेपाल सरकारको सोही योग्यताअनुसार कार्यरत अन्य शिक्षकसरह बनाउने ।

२. आधारभूत शिक्षालाई निःशुल्क गर्ने संवैधानिक प्रावधानलाइ कार्यान्वियन गर्ने । निःशुल्क शिक्षाअन्तर्गत भर्ना शुल्क, पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापतको शुल्क तथा अन्य कुनै पनि प्रकारका औपचारिक तथा अनौपचारिक शुल्कहरु नलिने व्यवस्था गर्ने । क्रमशः स्टेशनरी, दिवाखाजा र पोशाक पनि निशुल्क गर्दै जाने ।

३. सार्वजनिक विद्यालयबाहेकका कम्पनी, सहकारी, गुठी लगायतबाट सञ्चालित सम्पूर्ण विद्यालयहरुलाई एक दशकभित्रमा एउटै साझा ढाँचाभित्र ल्याउने । हाललाई कम्पनी ऐन अन्तर्गतका निजी लगानीका विद्यालयहरुलाई संक्रमणकालिन व्यवस्थापनका रुपमा गैरनाफामुखी

सेवामूलक सामाजिक संस्था (Non profitable Social Institution) का रुपमा रुपान्तरण गर्ने । प्रभावकारी अनुगमन र नियमन पद्दति लागू गर्ने ।

४. संविधानले आधारभूत शिक्षा अनिवार्य भनेको सन्दर्भमा अनिवार्य शिक्षा भन्नाले अनिवार्य भर्ना, नियमित हाजिरी, अध्ययनमा निरन्तरता र अनिवार्य रुपमा निर्धारित सिकाइ उपलब्धि हासिल गर्ने विषयलाई बुझ्नुपर्ने । सो बमोजिम सन् २०३० सम्ममा माध्यमिक शिक्षालाई पनि सबैको लागि अनिवार्य गर्ने ।

५. प्राविधिक शिक्षामा पहुँच स्थापित गर्नका लागि कक्षा नौ देखि साधारण शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षाको धारको व्यवस्था गर्ने र निश्चित मापदण्डको आधारमा एक धारबाट अर्को धारमा प्रवेश पाउने नीति अवलम्वन गर्ने ।

६. सरकारी कोषबाट तलब सुविधा उपभोग गर्ने हरेकले आफ्ना सन्तानलाई सार्वजनिक विद्यालयमा नै पढाउनुपर्ने कानूनी ब्यवस्था गर्ने ।

७. सबै उच्च शिक्षाका संस्थाहरूलाई स्तरीकृत गर्न, सञ्चालन र व्यवस्थापनमा एकरूपता ल्याउन राष्ट्रिय उच्च शिक्षा ऐन तर्जुमा गर्ने । उच्च शिक्षालाई अनुसन्धानमुलक बनाउन र शिक्षक विद्यार्थीलाई अनुसन्धानमा प्रेरित गर्न राष्ट्रिय अनुसन्धान कोषको स्थापना गर्ने । उच्च शिक्षामा कार्यरत जनशक्तिको छनौटको सङ्क्रमणकालीन व्यवस्थापनका लागि एकल विश्वविद्यालय सेवा आयोगको व्यवस्था गर्ने । उच्च शिक्षाको गुणस्तर निर्धारण तथा प्रत्यायन गर्न एक स्वतन्त्र गुणस्तर निर्धारण तथा प्रत्यायन प्राधिकरण रहने व्यवस्था गर्ने र निश्चित मापदण्डका आधारमा स्वचालित प्रणाली विकास गरी गुणस्तर प्रत्यायन गर्ने ।

८. त्रि.वि.को पुनःसंरचना गरी यसलाई त्रि.वि. प्रणालीमा ढालेर विभिन्न विश्वविद्यालयमा विभाजन गर्ने र तिनलाई भौगोलिक र विषय विशिष्टताका आधारमा प्राज्ञिक स्वायत्ततासहित आवश्यकताअनुसार सङ्घीय सरकार वा प्रदेश सरकारको सेवाक्षेत्रभित्र रहने व्यवस्था गर्ने । विश्वविद्यालयहरूलाई अनुसन्धान केन्द्रित बनाउने, विज्ञान प्रविधि र अनुसन्धान तथा नवप्रवर्तनमा बढी जोड दिने र सन् २०३० सम्ममा विश्वस्तरीय विश्वविद्यालय बनाउने ।

९. विश्वविद्यालय सञ्चालन गर्नका लागि बोर्ड अफ ट्रस्टीको व्यवस्था गर्ने । बोर्डको अध्यक्ष प्राज्ञिक क्षेत्रको व्यक्ति हुने । कार्य योजना प्रस्ताव, योग्यता, प्राज्ञिक तथा विज्ञान, प्रविधि र अनुसन्धानका क्षेत्रमा पुऱ्याएको योगदान, विशिष्ट कार्यअनुभव, व्यवस्थापन दक्षता लगायतका छनोट मापदण्डका आधारहरूमा खुला प्रतिस्पर्धाबाट विश्वविद्यालयको कुलपतिको छनोट गर्ने । उच्च शिक्षामा प्राध्यापन र अनुसन्धान गर्न चाहने व्यक्तिहरूको राष्ट्रिय योग्यता परीक्षा सञ्चालन गर्ने ।

१०. विश्वविद्यालय अन्तर्गतको शिक्षाशास्त्र संकायको संरचनामा परिवर्तन गरी तीन प्रकारका शिक्षा शिक्षणका कार्यक्रमहरु: प्राज्ञिक कोर्स (Academic Course), शिक्षण विधि सम्बन्धी कोर्स (Pedagogical Course) र पेशागत दक्षता अभिवृद्धि कोर्स (Professional Development course) सञ्चालनको व्यवस्था मिलाउने । शिक्षण पेशामा आवद्ध हुनको लागि शिक्षण विधि सम्बन्धी कोर्स (Pedagogical Course) अनिवार्य गर्ने ।

११. मेधावी र क्षमतावान व्यक्तिलाई शिक्षण पेशामा आकर्षित गर्न विश्वविद्यालय **शिक्षा**मा उच्च स्थान हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न सक्ने अवसर प्रदान गर्ने । शिक्षण पेशामा रहेका शिक्षकहरुको प्रत्येक ५ वर्षमा शिक्षण अध्यापन अनुमतिपत्रको नवीकरण गर्ने । शिक्षण अध्यापन अनुमतिपत्रको कार्यको लागि एउटा स्वायत्त शिक्षण परिषद (Teaching Council) को गठन गर्ने ।

१२. हरेक विद्यालयमा आगामी ५ वर्ष भित्र विद्यार्थी संख्याको अनुपातमा आवश्यक संख्यामा विषयगत शिक्षकको व्यवस्था गर्ने । सबै विद्यालयमा न्यूनतम एक जना कर्मचारी र आवश्यकतानुसार विद्यालय सहायक, विद्यालय सहयोगी, खेलकुद तथा सहक्रियाकलाप शिक्षक/कर्मचारीको ब्यवस्था गर्ने ।

१३. गुरुकुल, गुम्बा/गोन्पा र मदरसा जस्ता विद्यालयको नियमन र सहजीकरणका लागि सबैको प्रतिनिधित्व हुने गरी एकीकृत शिक्षा वोर्ड गठन गर्ने । स्थानीय तहमा पनि गुरुकुल गुम्बा/गोन्पा र मदरसा शिक्षा समिति गठन गर्ने ।

१४. संघीय तहमा राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework) तयार गरी सोको आधारमा अनौपचारिक शिक्षाबाट प्राप्त स्वआर्जित ज्ञान र सीपलाई प्रमाणीकरणको व्यवस्था मिलाई औपचारिक र अनौपचारिक शिक्षा पद्धतिको बीचमा दोहोरो प्रवेशपद्धति, प्राविधिक धारबाट साधारण धार तथा साधारण धारबाट प्राविधिक धारमा जान सक्ने/पाउने व्यवस्था गर्ने साथै सिप परीक्षण र प्रमाणीकरणका आधारमा समेत समान तहको औपचारिक डिग्री सरहको मान्यता वा समकक्षता प्रदान गर्ने । राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपका आधारमा सबै प्रकारका सिपहरूको परीक्षण गरी प्रत्यायन गर्ने ।

१५. राष्ट्रिय योग्यता प्रारूपका आधारमा विद्यार्थीको क्षमता र इच्छाअनुसार नयाँ विषय वा कार्यक्रममा अध्ययनका लागि पुरा गर्नुपर्ने सर्तहरू पुरा गरी वा निश्चित तयारी कोर्स वा ब्रिजकोर्स पुरा गरी जुनसुकै सङ्काय वा विषयमा (जस्तै मानविकी बाट नर्सिङमा) अध्ययन गर्न जान सक्ने व्यवस्था गर्ने ।

१६. एक विश्वविद्यालयबाट अर्को विश्वविद्यालयमा र एक विषयबाट अर्को विषयमा जाँदा क्रेडिट ट्रान्स्फर हुने व्यवस्था गर्ने, स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई छ महिनादेखि एक वर्षसम्म सामाजिक सेवाका लागि समुदायमा अनिवार्य जानु पर्ने व्यवस्था गर्ने ।

१७. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकासका निम्ति गरिने लगानीलाई एकीकृत (सङ्घीय तहमा TVET कोषको स्थापना गर्ने, सम्पूर्ण वैदेशिक सहायता पनि सोही कोष मार्फत नै परिचालन हुने व्यवस्था गर्ने, प्रादेशिक तह तथा स्थानीय तहमा हुने लगानीलाई पनि सोही कोष मार्फत प्रवाह हुने व्यवस्था गर्ने ।

१८. विद्यालयको प्राज्ञिक नेतृत्वका रूपमा प्र.अ. लाई छुट्टै पदका रूपमा विकास गर्ने र सम्पूर्ण प्राज्ञिक व्यवस्थापनको स्वायत्तता प्र.अ.लाई दिने । शिक्षकसेवा आयोगले कम्तीमा ५ वर्ष शिक्षण अनुभव भएका शिक्षकहरूमध्येबाट नेतृत्व परीक्षणको परीक्षा लिई प्र.अ.मा सिफारिस हुने व्यवस्था गर्ने ।

१९. गुणस्तरीय शैक्षिक सेवा प्रवाहका लागि हिमाली र बिकट पहाडी क्षेत्रका विद्यालयलाई अपवादमा राखेर शिक्षक विद्यार्थी अनुपात प्रारम्भिक बालविकासमा १:२० आधारभूत तहमा १:३० र माध्यमिक तहमा १:४० कायम गर्ने र राष्ट्रिय तहमा दरबन्दी मिलान गरी स्थानिय तहको दरबन्दी यकिन भएपश्चात सोही अनुपातिक आधारमा हरेक वर्ष विद्यालय शिक्षक दरबन्दी मिलान गर्ने ।

२०. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन (२०७४) अनुसार दश प्रकारका अपाङ्गता भएका बालबालिकहरूको शारीरिक तथा बौद्धिक क्षमता अनुसारको भौतिक, शैक्षिक तथा अन्य सामग्रीहरूको प्रबन्ध गर्ने ।

२१. सरकारका तीन वटै तह (सङ्घ, प्रदेश र स्थानीय) बाट आफ्नो कुल बजेटको न्यूनतम २० देखि २५% र कुल ग्रार्हस्थ उत्पादनको कम्तीमा ६ प्रतिशत बजेट शिक्षा क्षेत्रमा विनियोजन गर्नुपर्ने नीतिगत व्यवस्था गर्ने । शिक्षाको विकासको लागि आवश्यक वित्तिय स्रोतको व्यवस्थापनमा तीनै तहको सरकार जिम्मेवार रहने व्यवस्था गर्ने ।

२२. उच्च पर्वतीय पारिस्थितीय प्रणाली र जलश्रोतजस्ता नेपालकै विशिष्टीकृत विशेषता केन्द्रित विषयमा अन्तर्राष्ट्रियस्तरको उत्कृष्ट अनुसन्धान केन्द्रको स्थापना तथा विकास गरी नेपाललाई उच्च शिक्षा अध्ययनको लागि दक्षिण एसियाको उत्कृष्ठ स्थान बनाउने । त्यस्ता विषयलाई राष्ट्रको पहिचान बनाउने ।

२३. सातवटै प्रदेशमा नमूना बहुप्राविधिक शिक्षालयको स्थापना, प्राविधिक जनशक्ति तयार गर्न राष्ट्रिय जनशक्ति विकास, अनुसन्धान तथा उद्धमशिलता विकास केन्द्रको स्थापना गर्ने । सबै स्थानीय तहमा स्थानीय आवश्यकतालाई सम्बोधन र उत्पादनलाई दिगो बनाउन, स्थानीय सीप, श्रम, पूँजी र प्रविधिको प्रवर्दन गर्न, रोजगारी र स्वरोजगारीको अवसरमा वृद्धि गर्न र आर्थिक संवृद्धिमा टेवा पुर्याउन कम्तिमा एउटा सीप विकास केन्द्र स्थापना गर्ने ।

२४. समुदायमा आधारित सिकाइलाई प्रणालिगतरुपमा सुदृढ तुल्याउन हरेक स्थानीय सरकार अन्तर्गतको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने, अनौपचारिक माध्यमबाट डिजिटल साक्षरता र आधारभूत सूचना प्रविधि शिक्षा कार्यक्रम सञ्चालन गर्ने । सामुदायिक सिकाइ केन्द्रहरू (सामुदायीक पुस्तकालय, सूचनाकेन्द्र र सिकाइ) लाई सुदृढ गर्दै आजीवन सिकाइ, निरन्तर शिक्षा र सीप विकासको केन्द्र बनाउने।

## १०. निश्कर्ष

सरकारले शिक्षा क्षेत्रमा परिवर्तनको आवश्यकतालाई आत्मसात गरेर सिफारिस सहितको प्रतिवेदन पेश गर्न आयोग गठन गरिएकोले आयोगले औंल्याएका अवसर र सम्भावनाको खोजी गर्दै सिफारिस कार्यान्वयन हुनेछन् भन्नेमा आयोग विश्वस्त छ । शिक्षाको दूरदृष्टिलाई केन्द्रमा राखेर राष्ट्रिय उद्देश्य प्राप्तिको लागि गरिएका सिफारिस र रूपान्तरणको मार्गचित्रको कार्यान्वयनबाट नेपालको शिक्षा क्षेत्रमा अग्रगामी फड्को मार्ने र नयाँ शैक्षिक प्रणाली स्थापित हुनेमा आयोग विश्वस्त छ । प्रतिवेदनमा सिफारिस भएका विषयहरुको कार्यान्वयनको लागि संघीय सरकार, सातै प्रदेश सरकार, सबै स्थानीय तहको सरकार, शिक्षासङ्ग सरोकार राख्ने संघ संस्थाहरु, नागरिक समाज, शिक्षाविद, शैक्षिक अभियन्ताहरु प्राज्ञिक एवं शैक्षिक प्रशासनिक संरचनाका पदाधिकारीहरु सबैमा आयोग हार्दिक अपिल गर्दछ ।

परिच्छेद १

# प्रारम्भिक

## १· पृष्ठभूमि

**"समृद्ध नेपाल, सुखी नेपाली"** यतिबेला नेपालको राष्ट्रिय अठोट बनेको छ । मुलुकको समग्र विकासका नीति, रणनीति र कार्यक्रमहरूलाई निर्देशित गर्ने आधार बनेको छ । राष्ट्रले संवैधानिक प्रावधान, आवधिक योजना, दिगो विकास लक्ष्य २०३०, शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपाली जनताले निर्वाचनमार्फत् व्यक्त गरेका अपेक्षालाई मार्गदर्शनका रूपमा आत्मसात् गर्दै समाजवाद उन्मुख आर्थिक सामाजिक रूपान्तरणमार्फत् समृद्धि हासिल गर्ने सङ्कल्प गरेको छ । उक्त सङ्कल्पको सफल कार्यान्वयनका लागि आवश्यक पर्ने आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक, संस्थागत र प्रशासनिक लगायतका पूर्वाधारहरूको पनि पूर्वाधार शिक्षा भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्नु राष्ट्रको प्रमुख आवश्यकता हो ।

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाका माध्यमद्वारा मुलुकको दिगो विकास, शान्ति, सुशासन र समृद्धिको लक्ष्य प्राप्तिका लागि नागरिकको शिक्षा पाउने अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । समतामूलक, सीपमूलक, व्यवहारिक एवम् वैज्ञानिक गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशीला हो । व्यक्ति, परिवार, समुदाय र राष्ट्रकै समुन्नतिको जग हो । संविधानको मर्म र भावना हो । अत: संवैधानिक प्रावधानलाई समेत व्यवहारमा स्थापित गर्नका लागि सुदृढ नयाँ राष्ट्रिय शिक्षा प्रणाली विकास गर्नु अपरिहार्य थियो ।

सङ्घीय संरचनाअनुरूप नयाँ राष्ट्रिय शिक्षा प्रणाली तयार गर्नका लागि दीर्घकालीन असर पार्ने अवधारणागत, संरचनागत, नीतिगत तथा स्रोतव्यवस्थासम्बन्धी समस्या तथा मुद्दाहरूमा विषयविज्ञका साथै सबै तहका सरकारका निर्वाचित पदाधिकारी र सबै तप्काका नागरिक अगुवाबिच घनिभूत छलफलको जरुरी थियो । त्यसका लागि सङ्घीय संरचनाअनुरूप प्रारम्भिक बालशिक्षा, विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास, विश्वविद्यालय तहसम्मको शिक्षा, जीवनोपयोगी शिक्षा, खुला तथा दूर शिक्षा, अनौपचारिक तथा निरन्तर शिक्षा, परम्परागत शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षालगायतका क्षेत्रमा राष्ट्रिय तथा तहगत उद्देश्यहरू तय गर्नुपर्ने आवश्यकता थियो । भावी नीति, रणनीति र संरचना, पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, मूल्याङ्कन प्रणाली, शिक्षामा लगानी र उत्पादन, शिक्षामा जनशक्ति व्यवस्थापन र आवश्यक क्षेत्रगत एवम् उपक्षेत्रगत खर्च र त्यसको लाभ-लागतको यथार्थ विश्लेषणसहित उल्लिखित विषयक्षेत्रमा नीतिगत तथा संरचनागत परिवर्तनको आवश्यकता देखिएको थियो ।

नेपाल दार्शनिक परम्परा, मौलिक चिन्तन, अपार प्राकृतिक स्रोत र भौगोलिक एवम् जैविक विविधताका दृष्टिकोणबाट समृद्ध मुलुक भएकाले हाम्रो शिक्षा प्रणालीले हाम्रा लुकेका सम्भावना र क्षमता उजागर गरी सबै नागरिकलाई त्यसको अनुभूति दिलाउन सक्ने अपेक्षा गरिएको छ । साथै, यसले समाजमा रहेका विभेद, असमानता, अन्याय र नकारात्मकता अन्त्य गरी सामाजिक न्यायमा आधारित समृद्ध

एवम् समुन्नत नेपाल निर्माणको पूर्वाधारका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पनि अपेक्षा गरिएको छ ।

## २. आयोगको गठन प्रक्रिया, उद्देश्य र पदाधिकारीहरू

शासन व्यवस्थामा आएको परिवर्तन, सरकारले राखेको दूरदृष्टि र जनचाहनालाई सम्बोधन गर्ने उद्देश्यसहित नेपालको संवैधानिक व्यवस्था र समाजवाद उन्मुख आर्थिक सामाजिक रूपान्तरणका लागि सङ्घीय संरचनामा आधारित लोकतान्त्रिक, समावेशी एवम् समतामूलक समाज निर्माणका लागि सङ्घ, प्रदेश र स्थानीय तहलाई समेट्ने गरी शिक्षामा परिवर्तन गर्नुपर्ने आवश्यकता महसुस भएको छ । सोहीअनुरूप शिक्षाका दूरदृष्टि, नीति, रणनीति र संरचना, सरकारका तहगत जिम्मेवारी एवम् कार्यक्षेत्रका सम्बन्धमा तथ्यपरक अध्ययन विश्लेषण गरी नेपाल सरकारसमक्ष सिफारिससहितको प्रतिवेदन प्रस्तुत गर्ने उद्देश्यसहित नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५।३।३२ को निर्णयबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणी पोखरेलको अध्यक्षतामा २४ सदस्यीय उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन भएको हो । पछि आयोगको निर्णयले नेपाल शिक्षक महासङ्घका अध्यक्षलाई स्थायी आमन्त्रित सदस्यको रुपमा मनोनयन गरिएपछि यो २५ सदस्यीय बनेको थियो ।

आयोग गठनको मुख्य उद्देश्य वर्तमान अवस्थाको विश्लेषण गरी शिक्षाको विकासका निम्ति अवलम्बन गर्नुपर्ने उपायहरूका सम्बन्धमा सरकारलाई सुझाव दिनु, सघीयता कार्यान्वयनको सापेक्षतामा शिक्षा क्षेत्रमा रूपान्तरणको खाकासहित मार्गनिर्देशन गर्नु र संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्रको विकासका निम्ति आधार प्रदान गर्नु रहेको थियो ।

## ३· आयोगको कार्यादेश

१. समाजवादउन्मुख अर्थतन्त्रमा टेवा पुऱ्याउने गरी शिक्षाको दीर्घकालीन सुधारको एकीकृत मार्गचित्र
२. प्रारम्भिक बालशिक्षादेखि उच्च शिक्षाका विषयवस्तुहरू सम्बन्धी नीति, रणनीति र संरचना
३. जीवनोपयोगी शिक्षा, अनौपचारिक शिक्षा, खुला शिक्षा, परम्परागत शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, पूर्वज्ञान व्यवस्थापन शिक्षालगायतका वैकल्पिक शिक्षा नीति, रणनीति र संरचना
४. प्राविधिक तथा व्यावशायिक शिक्षा र तालिम नीति, रणनीति र संरचना
५. राष्ट्रिय पाठ्यक्रम प्रारूप, पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास नीति र मूल्याङ्कन प्रणालीसम्बन्धी नीति, रणनीति र कार्यनीति
६. परीक्षा तथा मूल्याङ्कन र प्रमाणपत्रसम्बन्धी नीति र संरचना
७. राष्ट्रिय आवश्यकता र शिक्षाका परियोजना, तिनका कार्यक्षमतासहितको समग्र विश्लेषणात्मक मार्गचित्र ।
८. राष्ट्रिय स्तरमा विद्यार्थी उपलब्धि परीक्षणसम्बन्धी नीति र रणनीति
९. शिक्षामा लगानी र उत्पादनसम्बन्धी नीति र रणनीति

१०. शिक्षामा जनशक्ति विकास र व्यवस्थापनसम्बन्धी नीति र रणनीति
११. राष्ट्रिय शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक क्षेत्रगत एवम् उपक्षेत्रगत खर्च र त्यसको लागत-लाभको यथार्थ विश्लेषण
१२. शिक्षा र व्यावशायिक तालिमसम्बन्धी अन्य समसामयिक विषयवस्तुहरू

**४· समयसीमा**

यस उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगलाई कार्य प्रारम्भ गरेको मितिले ४ महिनाभित्र अन्तिम प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने समयसीमा तोकिएको थियो । अयोगले श्रावण १६ गते पहिलो बैठक बसी कार्य प्रारम्भ गरेको थियो । आयोगले कार्य प्रारम्भ गरेको मितिले ४ महिना (२०७५।०८।१६ सम्म) मा अन्तिम प्रतिवेदन तयार गर्न समय अपुग भएकाले समय थप गर्न माग गरेअनुसार मिति २०७५।०८।१० को मन्त्रिपरिषद्को निर्णयबमोजिम ३७ दिन थप गरी मिति २०७५।०९।२३ कायम गरिएको थियो ।

**५· विषयगत समूहहरू (Thematic Groups) गठन र कार्यविभाजन**

आयोगको पहिलो बैठकबाट विभिन्न आठ वटा विषयगत समूहहरू निर्माण गरिएको थियो । यी समूहहरूमा १. प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा, २. माध्यमिक शिक्षा, ३. प्राविधिक तथा व्यावसायिक शिक्षा (शिक्षामा प्रविधिसमेत), ४. उच्च शिक्षा, ५. आजीवन सिकाइ र अनौपचारिक शिक्षा, ६. शिक्षामा गुणस्तर, ७. समावेशी शिक्षा र ८. शिक्षामा सुशासन, वित्त व्यवस्थापन र साझेदारी रहेका थिए । विषयगत समूहहरूलाई विशिष्टिकृत रूपमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने जिम्मेवारी दिइएको थियो । विषयगत समूहहरूमा आयोगका पदाधिकारीहरु र सचिवालयका कर्मचारीहरूको कार्यविभाजन निम्नानुसार थियो :

| **विषयगत समूह** | **कार्यविभाजन** |
|---|---|
| प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा | संयोजक : प्रा. डा. मीनबहादुर विष्ट<br>सदस्य : प्रा. डा. रामस्वार्थ राय<br>सदस्य : श्री लक्ष्मण शर्मा<br>सहसचिव : श्री सूर्यप्रसाद गौतम<br>उपसचिव : श्री हरिप्रसाद खनाल, आयोगको सचिवालय<br>उपसचिव : श्री युवराज पौडेल, आयोगको सचिवालय |
| माध्यमिक शिक्षा | संयोजक : श्री श्यामकुमार श्रेष्ठ<br>सदस्य : श्री रमेश कुमार सिलवाल<br>सदस्य : श्री चक्रमान विश्वकर्मा<br>सदस्य : श्री बाबुराम थापा<br>सहसचिव : श्री टेकनारायण पाण्डे<br>उपसचिव : श्री रामबन्धु सुवेदी, आयोगको सचिवालय |

| | |
|---|---|
| प्राविधिक तथा व्यावसायिक शिक्षा | संयोजक : प्रा. डा. टंकनाथ शर्मा<br>सदस्य : प्रा. डा. कृष्ण पौडेल<br>सदस्य : प्रा. डा. मनिष पोखरेल<br>सहसचिव : डा. हरिप्रसाद लम्साल<br>उपसचिव : डा. मुकुन्दमणि खनाल, आयोगको सचिवालय |
| उच्च शिक्षा | संयोजक : डा. गंगालाल तुलाधर<br>सदस्य : प्रा. डा. सुजनबाबु मरहट्टा<br>सदस्य : प्रा. डा. शारदा थपलिया<br>सहसचिव : डा. लेखनाथ पौडेल<br>उपसचिव : श्री गोविन्द प्रसाद अर्याल, आयोगको सचिवालय<br>शा. अ. : श्री यादव आचार्य |
| आजीवन सिकाइ, वैकल्पिक तथा अनौपचारिक शिक्षा | संयोजक : श्री विमलकुमार फुयाँल<br>सदस्य : डा. सुशन आचार्य<br>सहसचिव : श्री कृष्णप्रसाद काप्री<br>सहसचिव : श्री चुडामणि पौडेल<br>उपसचिव : श्री रमाकान्त शर्मा<br>उपसचिव : श्री सुकदेव नेपाल, आयोगको सचिवालय |
| सुशासन, वित्त तथा साझेदारी | संयोजक : डा. उषा झा<br>सदस्य : डा. बावुराम अधिकारी<br>सदस्य : श्री वैकुण्ठप्रसाद अर्याल<br>सहसचिव : श्री दीपक शर्मा<br>उपसचिव : श्री जयाप्रसाद आचार्य |
| शिक्षामा गुणस्तर | संयोजक : धनिराम पौडेल (डि.आर. पौडेल)<br>सदस्य : श्री नन्दकुमार थापा मगर<br>सदस्य : श्री खगराज बराल<br>सहसचिव : डा. तुलसी थपलिया<br>सहसचिव : श्री केशव दाहाल<br>उपसचिव : श्री बौद्धराज निरौला, आयोगको सचिवालय |
| शिक्षामा समावेशीकरण | संयोजक : प्रा. डा. विद्यानाथ कोइराला<br>सदस्य : प्रा. डा. भारती जोशी<br>सदस्य : डा. सदानन्द कँडेल<br>सहसचिव : श्री देवकुमारी गुरागाईं<br>उपसचिव : डा. भोजराज शर्मा काफ्ले, आयोगको सचिवालय |

**प्रतिवेदनको भाषा सम्पादन गर्नुहुने महानुभावहरु**

१. दिवाकर ढङ्गेल

२. चिरञ्जीवी बराल

३. गणेश प्रसाद भट्टराइ

**आयोगको कार्यमा खटिनुहुने सचिवालय कर्मचारीहरु**

१ युवराज दाहाल, शाखा अधिकृत

२ यादव प्रसाद आचार्य शाखा अधिकृत

३ यज्ञप्रसाद सुवेदी, प्राविधक सहायक

४ तारा रेग्मी, कार्यालय सहयोगी

## ६· आयोगको कार्यप्रक्रिया तथा कार्यविधि र बैठक

आयोगले मिति २०७५ श्रावण १६ गते बसेको पहिलो बैठकबाट मिति २०७४ भाद्र ११ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम तत्कालिन उपप्रधान तथा शिक्षा मन्त्री गोपालमान श्रेष्ठको अध्यक्षतामा गठित उच्चस्तरीय शिक्षा आयोग (अनुसूची १) को मस्यौदा प्रतिवेदनको अपनत्व ग्रहण गरी उक्त प्रतिवेदनमा प्रस्तुत सिफारिसहरूलाई समेत आधार मानी अध्ययन प्रक्रिया प्रारम्भ गर्ने निर्णय गरेको थियो । प्रस्तुत प्रतिवेदन तयार गर्नका लागि वि. सं. २०१० सालदेखि हालसम्मका शिक्षा आयोगका प्रतिवेदनहरूको विश्लेषण, हालसम्मका विकास योजनाहरूको लेखाजोखा, प्रमुख राजनीतिक दलका चुनावी घोषणापत्रहरूको अध्ययन, विभिन्न अनुसन्धानका निष्कर्ष र अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन गरिएको थियो । त्यसै गरी नेपालको संविधानमा उल्लिखित शिक्षासम्बन्धी मार्गदर्शनमा आधारित भई तथ्याङ्क सङ्कलन गर्ने प्रश्नावली बनाई विभिन्न माध्यमहरूमार्फत् सरोकारवालाहरूबाट राय सुझावहरू सङ्कलन गरिएको थियो ।

उल्लिखित आठवटा विषयगत समूहहलाई विशिष्टिकृत रूपमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्यादिश तोकिएबमोजिम हरेक समूहले छुट्टै तथा संयुक्त रूपमा विभिन्न सरोकारवालासँग छलफल कार्यक्रमहरू सञ्चालन गरी राय सुझावहरू सङ्कलन गरेका थिए । विषयगत समूहहरूबाट आफ्नो समय र अध्ययनको आवश्यकताबमोजिम विज्ञ, अनुसन्धानकर्ता, शैक्षिक अभियन्ता, शिक्षक, विद्यार्थी, अभिभावक, संस्थागत विद्यालयका प्रतिनिधि, पेशागत सङ्गठनका प्रतिनिधिलगायतका सरोकारवालाहरूसँग गहन छलफल कार्यक्रमहरू सञ्चालन गरी राय सुझावहरू सङ्कलन गरिएको थियो । प्रतिवेदन तयारीका क्रममा अध्ययन तथा राय सुझाव सङ्कलनका लागि लक्षित समूहसँग छलफल कार्यक्रम, स्थलगत भ्रमण, अवलोकन, सामूहिक छलफल, इमेलजस्ता माध्यमहरू प्रयोग गरिएको थियो । द्वित्तीय स्रोतका रूपमा अन्तर्राष्ट्रिय दस्तावेज अध्ययन, विज्ञका विश्लेषण, विगतका

प्रतिवेदनको अध्ययन, राजनैतिक दलका घोषणापत्रको अध्ययन, अनुसन्धानात्मक लेख, पत्रपत्रिकाका समाचार एवम् खोजमूलक लेख, अनुगमन प्रतिवेदन, युनेस्कोलगायतका विश्वसनीय अन्तर्राष्ट्रिय संस्थाका प्रकाशन र प्रकाशित भएका आधिकारिक तथ्याङ्कहरू प्रयोग गरिएको थियो ।

यो प्रतिवेदन तयारीका क्रममा मूख्यतः चार चरणहरू पार गरिएको थियो :

**पहिलो चरण** : आठवटा विषयगत समूहहरूको गठन पछि सम्भावित सबै सरोकारवालाहरूसँग विषयगत समूहहरूले संयुक्त वा छुट्टाछुट्टै छलफल, क्षेत्र भ्रमण तथा शैक्षिक संस्थाहरूको अवलोकन गरी राय सुझावहरू सङ्कलन गरेका थिए । हरेक विषयगत समूहले सम्बन्धित विषयक्षेत्रका अनुभवी व्यक्ति, अनुसन्धानकर्ता एवम् विज्ञ, शिक्षक तथा विद्यार्थीका सङ्घ सङ्गठनका प्रतिनिधिहरू र अन्य सरोकारवालाहरुसँग आवश्यकताअनुसार छलफल तथा अन्तर्कियाहरूको आयोजना गरी समस्याहरूको पहिचान गर्दै रायसुझावहरू सङ्कलन गरेका थिए । यस क्रममा सबै विषयगत समूहहरूले कुल १,६२३ जनासँग औपचारिक रूपमा छलफल गरेका थिए भने अनौपचारिक रूपमा त्यो भन्दा बढी सरोकारवालाहरूसँग पुगिएको थियो ।

**दोस्रो चरण** : पहिलो चरणको छलफलबाट प्राप्त राय सुझावहरूलाई लिपिबद्ध गरी प्रदेशगत रूपमा प्रदेश सरकार, प्रदेशसभा र सरोकारवाला तथा आम नागरिकहरूसँग कार्यशाला एवम् अन्तर्क्रिया गरी सुझाव सङ्कलनका लागि प्रारम्भिक खाका तयार पारिएको थियो । सो खाकाका आधारमा मिति २०७५।०८।१० देखि १७ गतेसम्मको अवधिमा सातवटै प्रदेशमा बृहत् राय सुझाव सङ्कलन कार्यशाला र अन्तर्क्रिया कार्यक्रमहरू तथा शैक्षिक संस्थाको अवलोकन भ्रमण कार्यक्रमहरू आयोजना गरिएको थियो । सातवटै प्रदेशमा जम्मा १,८२४ जनासँगबाट प्रत्यक्ष रूपमा रायसुझाव सङ्कलन गरिएको थियो ।यसबाहेक आयोगको इमेलमार्फत प्राप्त सुझावहरू र सरोकारवालाहरुले दिएका मागपत्र, ज्ञापनपत्र र लिखित मौखिक सुझावहरूलाईसमेत प्रतिवेदन तयार गर्दा समावेश गरिएको थियो ।

**तेस्रो चरण** : प्रदेशगत रूपमा प्राप्त सुझावहरूलाई समावेश गरी सबै विषयगत समूहहरूबिच मूख्य मुद्दा तथा चूनौती र प्रतिवेदनमा समेटिनुपर्ने सुझावका सम्बन्धमा साझा सहमति कायम गर्दै प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । प्रारम्भिक प्रतिवेदन बुढानीलकण्ठ स्कुल, बुढानीलकण्ठ काठमाडौमा मिति २०७५ पौष ५ र ६ गते आयोजना गरिएको दुइ दिने राष्ट्रिय शैक्षिक सम्मेलनमा प्रस्तुत गरिएको थियो । राष्ट्रिय सम्मेलनमा प्राप्त सुझावहरू र विज्ञ र सरोकारवालासँगको गहन छलफलबाट प्राप्त सुझावहरूसमेतलाई समेटेर परिमार्जन गर्दै यसको अपनत्व वृद्धि गरिएको थियो ।

सम्माननीय प्रधानमन्त्री के पी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यता तथा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवम् आयोगका अध्यक्ष गिरिराजमणि पोखरेलज्यूको अध्यक्षतामा सञ्चालन भएको उक्त सम्मेलनमा पूर्वप्रधानमन्त्रीज्यूहरू माननीय माधव कुमार नेपाल र झलनाथ खनाल, पूर्वशिक्षा मन्त्रीज्यूहरू, प्रदेशका मुख्यमन्त्री र सामाजिक विकासमन्त्रीज्यूहरू, विभिन्न राजनैतिक दलका नेताहरू, विभिन्न विश्वविद्यालयका उपकुलपतिहरू, पदाधिकारीहरु तथा प्राध्यापकहरू, नेपाल सरकारका सचिवज्यूहरू, पूर्व सचिव एवम् प्रशासकहरु, शिक्षाविदहरू, शिक्षक, अभिभावक, व्यवस्थापन समितिका

पदाधिकारीहरू, शैक्षिक संस्थाका सञ्चालकहरू, पत्रकारहरु लगायत अन्य विविध क्षेत्रबाट प्रतिनिधित्व गर्ने चार सय पचासभन्दा बढी सरोकारवालाहरूको सक्रिय उपस्थिति रहेको थियो । सरोकारवालाहरु तथा अन्तरक्रियामा सहभागीहरुको विवरण परिच्छेदको अन्त्यमा उल्लेख गरिएको छ ।

**चौथो चरण** : यस चरणमा राष्ट्रिय सम्मेलनपछि आयोगका सदस्यहरूबाट गरिएको परिमार्जनमा देखिएका विवादित मुद्दाहरूमा सम्बन्धित सरोकारवालाहरूसँग आयोगका अध्यक्षसहित सदस्यहरुको विभिन्न चरणमा गहन छलफलहरू आयोजना गरिएको थियो । मूख्यतया संस्थागत शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा योग शिक्षासम्बद्ध सरोकारवालाहरूका मुद्दाहरूका सम्बन्धमा घनीभूत छलफल गरी प्राप्त सुझाव र साझा निष्कर्षलाई समावेश गरेर प्रतिवेदन तयार गरिएको थियो । तत्पश्चात् विषयवस्तु सम्पादन, भाषा सम्पादनलगायतका प्राविधिक प्रक्रियाहरू पूरा गरी प्रतिवेदनलाई अन्तिम स्वरूप प्रदान गरिएको थियो ।

यस क्रममा आयोगका २७ वटा औपचारिक र कयौं अनौपचारिक बैठकहरू भएका थिए । हरेक विषयगत समूहहरूले आवश्यकतानुसार छलफल, अन्तर्क्रिया तथा बैठकहरु आयोजना गरेका थिए । त्यसैगरी आवश्यकतानुसार क्षेत्र भ्रमण कार्यक्रमहरूसमेत गरिएको थियो । सबै विषयगत समूहहरूले औपचारिक रूपमा प्रत्यक्ष छलफल गरिएका सरोकारवालाहरूको जम्मा सङ्ख्या (सबै विषयगत समूह, प्रदेश र राष्ट्रिय सम्मेलनसहित) करिब ४,००० रहेको छ । अनौपचारिक रूपमा हजारौं सरोकारवालाका सुझावहरू समेटिएका छन् ।

### ७· प्रतिवेदनको ढाँचा

प्रस्तुत प्रतिवेदन ३२ परिच्छेदहरूमा सङ्गठित गरिएको छ । आठ वटा विषयगत समूहहरूका छुट्टाछुट्टै प्रतिवेदनहरु र अघिल्लो बर्ष गठित उच्चस्तरीय शिक्षा आयोगको मस्यौदा प्रतिवेदनसमेतका विषयवस्तुहरूलाई पुनर्समूहीकरण गरी ३२ वटा परिच्छेदहरू निर्माण गरिएको हो । प्रतिवेदनका हरेक परिच्छेदहरु एउटा मुल विषय वा अन्तर्सम्बन्धित बहुविषयमा अधारित छन् । प्रत्येक परिच्छेदमा पृष्ठभूमि, विगत तथा वर्तमान अवस्थाको विश्लेषण, प्रमूख समस्या, मुद्दा तथा चूनौती, सुझाव र सुझाव कार्यान्वयनका लागि सरकारका तहगत भूमिका र जिम्मेवारीहरू उल्लेख गरिएको छ । सुझावअन्तर्गत सम्बन्धित विषयमा सरकारले अवलम्बन गर्नुपर्ने नीति र रणनीतिहरू उल्लेख गरिएको छ ।

## विषयगत समूह र प्रदेशस्तरीय तथा राष्ट्रिय शैक्षिक सम्मेलनमा राय सुझाव सङ्कलन गरिएका सरोकारवालाहरूको विवरण

### (क) विषयगत समूहहरूले गरेका छलफलको विवरण

**१. प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षा (जम्मा ९८ जना)**

| सरोकारवालाहरूको विवरण | सङ्ख्या |
|---|---|
| सम्बन्धित विषयक्षेत्रका अनुभवी व्यक्तिहरू | २१ जना |
| अनुसन्धानकर्ताहरू | २८ जना |
| शिक्षक एवम् विज्ञहरू | ४० जना |
| अन्य क्षेत्रका व्यक्तिहरू | ९ जना |

विभिन्न विद्यालयहरू भ्रमण (धनुषा, महोत्तरी लगायत) गरी विद्यार्थी, शिक्षक प्र.अ.हरूसँग अन्तरक्रिया

**२. माध्यमिक शिक्षा (जम्मा ४८१ जना)**

| सरोकारवालाहरूको विवरण | सङ्ख्या |
|---|---|
| सम्बन्धित विषयक्षेत्रका अनुभवी व्यक्तिहरू | २१ जना |
| अनुसन्धानकर्ता एवम् विज्ञहरू | २८ जना |
| उत्कृष्ट र कमजोर नतिजा भएका विद्यालयका शिक्षक एवम् प्र.अ.हरू | ३० जना |
| सुरक्षा निकायबाट सञ्चालित विद्यालयका प्र.अ.हरू | ४ जना |
| सार्वजनिक तथा निजी गुठीबाट सञ्चालित विद्यालयका प्रतिनिधिहरू | १८ जना |
| भाषासम्बन्धी अभियन्ताहरू | २० जना |
| दलित आन्दोलनसम्बद्ध अभियन्ता एवम् शिक्षाविदहरू | २८ जना |
| संस्थागत विद्यालयका सञ्चालकहरू | २५ जना |
| शिक्षकका सङ्घ सङ्गठनहरूका प्रतिनिधिहरू | २० जना |
| धार्मिक शिक्षासम्बद्ध व्यक्तिहरू | २५ जना |
| चेतनामा आधारित शिक्षासम्बद्ध अभियन्ता एवम् विशेषज्ञहरू | १० जना |
| पाठ्यक्रम तथा मूल्याङ्कनसम्बद्ध विज्ञहरू | ५ जना |
| दरबन्दी मिलान कार्यदल सम्बद्ध पदाधिकारीहरू | ३ जना |

विद्यालय भ्रमण (काठमाण्डौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुली, धनुषा, महोत्तरीका २० ओटा विद्यालयहरू, स्थानीय सरकारका प्रतिनिधिहरू, प्र.अ. र शिक्षकहरू, विद्यार्थीहरू, मदरसा, प्राविधिक विद्यालयहरूलगायत) करीब २५५ जना

**३. उच्च शिक्षा (जम्मा २२० जना)**

| **सरोकारवालाहरूको विवरण** | **सङ्ख्या** |
|---|---|
| सम्बन्धित विषयक्षेत्रका अनुभवी व्यक्तिहरू | २६ जना |
| निजी तथा सार्वजनिक सङ्घसंस्था, क्याम्पससम्बद्ध पदाधिकारीहरू | ३५ जना |
| निजी क्याम्पससम्बद्ध व्यक्तिहरू | २५ जना |
| विद्यार्थी सङ्गठनका पदाधिकारीहरू | १५ जना |
| विभिन्न विश्वविद्यालयहरूका प्रतिनिधिहरू, अनुसन्धानकेन्द्रका पदाधिकारीहरू | १३ जना |
| विश्वविद्यालयहरूका सेवा आयोगका पदाधिकारीहरू र परीक्षा नियन्त्रकहरू | १८ जना |
| नर्सिङ् परिषद् र स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रतिनिधिहरू | ११ जना |
| विश्वविद्यालयका डीन एवम् अन्य पदाधिकारीहरू | १९ जना |
| स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति, रेक्टर र रजिष्ट्रारहरू | ७ जना |
| विश्वविद्यालयहरूका विभागीय प्रमूखहरू | १२ जना |
| उपकुलपति, रेक्टर तथा रजिष्ट्रारहरू | १९ जना |
| विश्वविद्यालयहरूका प्राध्यापक सङ्घ तथा कर्मचारी पदाधिकारीहरू | १५ जना |
| उच्च शिक्षाका विज्ञहरू | ६ जना |

**४. प्राविधिक शिक्षा (जम्मा ७१ जना)**

| **सरोकारवालाहरूको विवरण** | **सङ्ख्या** |
|---|---|
| सम्बन्धित विषयक्षेत्रका अनुभवी व्यक्तिहरू | २५ जना |
| अनुसन्धानकर्ताहरू एवम् विज्ञहरू | १७ जना |
| अन्य क्षेत्रका विज्ञहरू | १३ जना |
| प्राविधिक शिक्षा सञ्चालन गरेका विद्यालयहरूका शिक्षक एवम् प्र.अ.हरू | १६ जना |

**५. शिक्षामा गुणस्तर (जम्मा ४०७ जना)**

| **सरोकारवालाहरूको विवरण** | **सङ्ख्या** |
|---|---|
| सम्वन्धित विषयक्षेत्रका अनुभवी व्यक्तिहरू | ३४जना |

| | |
|---|---|
| विश्वविद्यालयसम्बद्ध अनुसन्धानकर्ताहरू एवम् विज्ञहरू | ३७ जना |
| अन्य क्षेत्रका विज्ञहरू | ३६ जना |
| अनुसन्धान संस्थाहरू, नास्ट, युनिसेफसम्बद्ध व्यक्तिहरू | २५ जना |
| पाठ्यक्रम तथा पाठ्यपुस्तकका लेखक एवम् विज्ञहरू | ४४ जना |
| शिक्षकका सङ्घ सङ्गठनहरू | १७ जना |
| विद्यार्थी र शिक्षकहरू | ४३ जना |
| संस्थागत विद्यालयसम्बद्ध व्यक्तिहरू | ४१ जना |
| विश्वविद्यालयहरूका प्राध्यापक एवम् उच्च शिक्षा विज्ञहरू | २१ जना |
| प्र.अ. हरू | १४ जना |
| वि.नि., स्रोत व्यक्ति लगायतका व्यक्तिहरू | ४४ जना |
| पाठ्यक्रम विज्ञ एवम् दैवी प्रकोप व्यवस्थापनसम्बद्ध व्यक्तिहरू | १० जना |
| अन्य विज्ञ, सरोकारवालाहरू लगायतका व्यक्तिहरू | ४१ जना |

**६. शिक्षामा समावेशिता र समसामयिक विषय (जम्मा ९२ जना)**

| **सरोकारवालाहरूको विवरण** | **सङ्ख्या** |
|---|---|
| सम्वन्धित विषयक्षेत्रका अनुभवी व्यक्तिहरू | ९ जना |
| गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैसससम्बद्ध व्यक्तिहरू | २२ जना |
| विशेष शिक्षा विज्ञहरू | ३८ जना |
| अनुसन्धानकर्ताहरू र विविध क्षेत्रका व्यक्तिहरू | १३ जना |

**७. सुशासन वित्त र साझेदारी (जम्मा १२२ जना)**

| **सरोकारवालाहरूको विवरण** | **सङ्ख्या** |
|---|---|
| शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका प्रतिनिधिहरूसँग छलफल | ६ जना |
| राहात शिक्षक र शिक्षक प्रतिनिधिहरू | १२ जना |
| विद्यालय कर्मचारी परिषद्सम्बद्ध पदाधिकारीहरू | १३ जना |
| अपाङ्गता भएका व्यक्तिहरू | १४ जना |
| शिक्षाका विज्ञहरू | २२ जना |
| प्याब्सन तथा एन प्याब्सनका प्रतिनिधिहरू | २२ जना |

विभिन्न जिल्लाका सम्वन्धित विज्ञहरू १६ जना

सिटीइभिटी, काठमाण्डौं विश्वविद्यालय, नेपाल शिक्षक महासङ्घ, नैपाल शैक्षिक परामर्श सङ्घ लगायतका प्रतिनिधिहरू १७ जना

**८. आजीवन सिकाइ, वैकल्पिक शिक्षा र अनौपचारिक शिक्षा (जम्मा १३२ जना)**

| सरोकारवालाहरूको विवरण | सङ्ख्या |
|---|---|
| विषयक्षेत्रका अनुभवी व्यक्तिहरू | ३ जना |
| विज्ञहरू | २१ जना |
| कार्यालय प्रमूख, विषयगत प्रमुख, विषयसँग सम्बन्धित व्यक्तिहरू | १५ जना |
| सरकारी, गैसस, सामुदायिक सङ्घ संस्था आदि सम्बद्ध प्रतिनिधिहरू | ७१ जना |
| सामुदायिक सिकाइ केन्द्र स्वयम्भू लगायत थप ४ स्थानमा स्थानीय सरकार, सरोकारवाला, अभिभावक लगायतकासँग व्यक्तिहरू | २२ जना |

**(ख) प्रदेशस्तरीय छलफल सम्बन्धी विवरण**

मिति २०७५।८।१० गतेदेखि १७ गतेसम्मको अवधिमा सातवटै प्रदेशहरूमा बृहत् रायसुझाव सङ्कलन कार्यशालाहरू आयोजना गरिएको थियो ।

**प्रदेश नं. १ (३८६ जना)**

मुख्य कार्यक्रम माननीय मुख्यमन्त्री शेरधन राई, सभामुख माननीय प्रदिप भण्डारी, सामाजिक विकास मन्त्री माननीय जीवन घिमिरे, वन तथा पर्यटन मन्त्री माननीय जगदिश कुसियत, माननीय सांसदहरू, प्रमुख सचिव, सचिवज्यूहरू, विश्वविद्यालयका पदाधिकारीहरू, स्थानीय तहका प्रमुखहरू जिल्ला समन्वय समितिका पदाधकारीहरू, कार्यालय प्रमुखहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक तथा शिक्षकहरू, शिक्षक महासङ्घ, अभिभावक सङ्घ, नेपाल अपाङ्ग महासङ्घ प्याब्सन र एन प्याब्सन, विद्यालयका कर्मचारी, विद्यार्थी, गैससका प्रतिनिधि, पत्रकार, अभिभावक, उपकूलपति, डीन, संकाय प्रमुख, प्राध्यापक, कर्मचारी, विद्यार्थी (पूर्वाञ्चल विश्वविद्यालय, पुष्पलालचोक, बिराटनगर, धरान उपमहनगरपालिका, धरान सुकुना बहुमुखी क्याम्पस सुकुना मोरङ सत्यनारायण मावि, मिल्स मावि, रधुपति आधारभूत विद्यालय, बिराटनगरमा) सँग थप छलफल।

**प्रदेश नं. २ (२४० जना)**

सामाजिक विकास मन्त्री, सचिव, नगरपालिकाका मेयर, उपमेयर, जिल्ला समन्वय समिति सभापति, स्थानीय शिक्षा प्रेमी, शिक्षाका विज्ञ, गाउँपालिकाका प्रमुख तथा अन्य व्यक्तिहरू, प्राध्यापक, विद्यार्थी, अभिभावक, शिक्षक, प्रधानाध्यापक र सर्वसाधारण सरोकारवालाहरू

**प्रदेश नं. ३ (२५० जना)**

शैक्षिक विज्ञ तथा सामुदायिक क्याम्पसका प्रमुखहरू र शैक्षिक विज्ञ तथा पूर्वशिक्षा सेवाका कर्मचारीहरू मैयाँ देवी क्याम्पस भरतपुर, स्माल हेभेन स्कूल र विश्वप्रकाश माध्यमिक विद्यालयका शिक्षक, विद्यार्थी, प्रधानाध्यामक, आदि

रामपुर कृषि क्याम्पसका प्राध्यापकहरु, स्थानीय तहका ३ जिल्लाका शिक्षा हर्ने कर्मचारी तथा एक जना, शिक्षा विकास तथा समन्वय एकाइ, नेपाल पोलिटेक्निक इन्स्टिच्युट भरतपुरका प्रशिक्षकहरु, विद्यार्थी प्रधानाध्यापक, प्राचार्य आदि देवघाट प्राविधिक तथा व्यावसायिक शिक्षाका सरोकारवला, हाम्रो प्रशिक्षण तालिम केन्द्र, हेटौंडा क्याम्पस हेटौंडाका शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, विद्यालयका प्रतिननिधिहरू, आधुनिक माध्यमिक विद्यालयका शिक्षक, विद्यार्थी प्रधानाध्यापक, प्रदेश तहका जनप्रतिनिधि, विज्ञ र शिक्षाका अन्य सरोकारवलाहरू

**गण्डकी प्रदेश (१७८ जना)**

वि. सं. २०७५ मङ्सिर १४ का बृहत् अन्तरक्रिया एवम् कार्यशालाका सहभागीहरू— सामाजिक विकास मन्त्री, सचिवहरू, नगरपालिकाका मेयर, उपमेयरहरू, जिल्ला समन्वय समिति सभापति, स्थानीय शिक्षा प्रेमीहरू, शिक्षा विज्ञहरू, कर्णाली प्रदेशका दुर्गमबाट आएका गाउँपालिकाका प्रमुखहरू तथा अन्य व्यक्तिहरू, प्राध्यापकहरू, विद्यार्थीहरू, अभिभावकहरू ।

**प्रदेश नं. ५ (१७८ जना)**

श्री महाकवि देवकोटा माध्यमिक विद्यालय, प्राविधिक शिक्षा सुनवल, नवलपरासी, कोरिया नेपाल प्राविधिक शिक्षालय, तामनगर रूपन्देहीकव व्यवस्थापक, प्रशिक्षकहरु, सामाजिक विकास मन्त्रालयका प्रतिनिधिहरु, कालिका माध्यमिक विद्यालय शिक्षक तथा विद्यार्थीहरु, बुटवल, रूपन्देही, तामनगर सामुदायिक सिकाइ केन्द्र, रूपन्देही बुटवलका पदाधिकारीहरु, कार्यशालाका १२ जिल्लाका सहभागीहरू

प्रदेश सभाका माननीय सदस्य, स्थानीय तहका प्रमुख तथा उपप्रमुख, कार्यालय प्रमुख, व्यवस्थापन समिति, शिक्षक महासङ्घ, प्याब्सन तथा एनप्याब्सन, बालविकास सहयोगी, विद्यालय कर्मचारी, क्याम्पस प्रमुख, प्रधानाध्यापक, शिक्षक र सङ्घसंस्था तथा कर्मचारी ।

**कर्णाली प्रदेश (२५० जना)**

मूख्य मन्त्री, सामाजिक विकास मन्त्री, सचिवहरू, नगरपालिकाका मेयर र उपमेयरहरू, जिल्ला समन्वय समितिका सभापतिहरू, स्थानीय शिक्षा प्रेमीहरू, शिक्षा विज्ञहरू, कर्णाली प्रदेशका दुर्गमबाट आएका गाउँपालिकाका प्रमुखहरू तथा अन्य व्यक्तिहरू, प्राध्यापकहरू, विद्यार्थीहरू, अभिभावकहरू, संस्थागत विद्यालय सञ्चालकहरू, पूर्वशिक्षा प्रशासकहरू, शिक्षाका कर्मचारीहरू, सर्वसाधारणहरू र विद्यार्थीहरू लगायत अन्य ।

**सुदुरपश्चिम (३८४ जना)**

सामाजिक विकास मन्त्री, मन्त्रीहरू, प्रदेश सभाका सदस्यहरू, सामाजिक विकास मन्त्रालयका सचिवहरू, नगरपालिका प्रमुख र उपप्रमुखहरू, विश्वविद्यालयका डीन तथा प्राध्यापकहरू, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षहरू, प्र.अ.हरू, शिक्षकहरू, अभिभावकहरू, अपाङ्ग सङ्घ सङ्गठनका प्रतिनिधिहरू, जेष्ठ नागरिक सङ्घका प्रतिनिधिहरू, पत्रकारहरू, गैससका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू र अन्य ।

**प्रदेश स्तरमा जम्मा संख्या १,८२४ जना**

**छलफलमा गरिएका सरोकारवालाहरूको सङ्ख्या (सबै विषयगत समूहहरू र प्रदेशसहित) : ३,४४७**

**(ग) राष्ट्रिय शैक्षिक सम्मेलनसम्बन्धी विवरण**

**बुढानिलकण्ठ स्कुल, बुढानिलकण्ठमा आयोजना गरिएको राष्ट्रिय शैक्षिक सम्मेलन (सहभागी सङ्ख्या ४५०)**

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले राष्ट्रिय स्तरका सरोकारवालाहरूसँग प्रारम्भिक मस्यौदा प्रतिवेदनमा व्यापक छलफल गरी थप परिमार्जन गर्ने उद्देश्यले मिति २०७५ पौष ५ र ६ गते राष्ट्रिय शिक्षा सम्मेलनको आयोजना गरेको थियो । सम्माननीय प्रधानमन्त्री के पी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यता तथा माननीय शिक्षा विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलज्यूको अध्यक्षतामा सञ्चालन भएको सम्मेलनमा पूर्व प्रधानमन्त्रीज्यूहरू माननीय माधव कुमार नेपाल तथा झलनाथ खनाल, पूर्व शिक्षामन्त्रीज्यूहरू, प्रदेशका सामाजिक विकासमन्त्रीज्यूहरू विभिन्न राजनीतिक दलका नेताहरू, विश्वविद्यालयका उपकुलपतिहरू तथा प्राध्यापकहरू, नेपाल सरकारका सचिवज्यूहरू, शिक्षाविद्हरू, शिक्षक तथा अभिभावकहरू, व्यवस्थापन समितिका पदाधिकारीहरू, शैक्षिक संस्थाका सञ्चालकहरूलगायतका ४५० बढी सरोकारवालाहरूको सक्रिय उपस्थिति रहेको थियो । पहिलो दिन कार्यक्रमको औपचारिक उदघाटन सम्माननीय प्रधानमन्त्रीज्यूबाट सम्पन्न भई सम्मेलनको उद्देश्य तथा प्रक्रियामाथि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूबाट प्रकाश पारिएको थियो । सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो उदघाटन मन्तव्यका क्रममा शिक्षाले एक्काइसौं शताब्दी सुहाउँदो गरिखाने सीपयुक्त जनशक्ति तयार गर्नुपर्ने, विद्यालय शिक्षा पूरा गरेर पनि निरक्षर रहनुपर्ने वर्तमान अवस्थामा आमूल परिवर्तन हुनुपर्ने जस्ता कुरामा जोड दिनुभएको थियो । त्यसैगरी अन्य विशिष्ट अतिथिज्यूहरूले शिक्षामा सबैको पहुँच र गुणस्तरीय शिक्षाका लागि महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गर्दै सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

सम्मेलनको दोस्रो दिन सहभागीहरूलाई पहिलो दिन वितरण गरिएको अयोगको प्रारम्भिक मस्यौदा अध्ययन गरी छलफलका लागि आग्रह गरिएको थियो । दोस्रो दिनको प्रारम्भमा सुर्खेतको जनज्योति मा. वि. ले शिक्षालाई समाजसँग जोडी व्यावहारिक र सीपयुक्त शिक्षा प्रदान गरिरहेको उत्कृष्ट उदाहरणको प्रस्तुति गरेको थियो । तत्पश्चात् माननीय अर्थमन्त्री युवराज खतिवडाज्यूबाट

समग्र शिक्षा क्षेत्रको विकास तथा स्रोत व्यवस्थापन सम्बन्धमा विचार र मार्गदर्शन प्राप्त भएको थियो । माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीज्यूबाट समीक्षा तथा मार्गदर्शन प्रस्तुत भएको थियो । पहिलो चरणपश्चात् सहभागीहरूका पाँचओटा समूहहरू निर्माण गरी सुझाव सङ्कलनका लागि छलफल तथा अन्तरक्रिया गरिएको थियो । सघन छलफलबाट प्राप्त सुझावका निचोडहरूलाई हरेक समूहहरूबाट प्रस्तुतीकरण गरिएको थियो । दोस्रो दिनको अन्तिम सत्रमा पूर्वशिक्षामन्त्री सर्वेन्द्रनाथ शुक्ला तथा नेपाली कांग्रेसका बौद्धिक नेता प्रदीप गिरीज्यूले आफ्ना महत्त्वपूर्ण अभिव्यक्तिहरू प्रस्तुत गर्नुभएको थियो । अन्त्यमा माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीज्यूले छलफलका क्रममा प्राप्त सुझावहरू समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिने र यो प्रतिवेदन राष्ट्रका लागि भएकोले कुनै एक व्यक्ति, पार्टीविशेषको मात्र नभएर सबैको साझा सम्पत्ति भएको विचार व्यक्त गर्दै सम्मेलनको समापन गर्नुभएको थियो ।

परिच्छेद २

# नेपालमा शिक्षाको विकास

## १. पृष्ठभूमि

नेपालको अनौपचारिक शिक्षाको इतिहास मूलतः पूर्वीय दर्शन, धार्मिक परम्परा र पृष्ठभूमिमा आधारित थियो । प्राचिनकालदेखि नै नेपाल ज्ञानको सिर्जनाको थलो रहेको अभिलेखहरुबाट देखिन्छ । नेपाली भूमिमा विकास भएका बुद्ध, साङ्ख्य, शैव दर्शनहरू आत्मानुभूति, खोज र व्यावहारिक जीवनमा प्रतिविम्बनका दृष्टिले उल्लेख्य छन् । हिन्दु मठमन्दिर, गुम्बा, मस्जिद आदिमा हुने धार्मिक विषयवस्तुमा केन्द्रित शिक्षा पद्धति लामो समयसम्म नेपाली समाजमा थियो । धार्मिक संस्थाहरूमा हुने यस किसिमको शिक्षा पछि घरघरमा विस्तार भएको देखिन्छ । धार्मिक संस्था, परिवार हुँदै टोल र समुदायमा विस्तार हुँदै गएको परम्परागत शिक्षा पद्धतिले अर्धऔपचारिक शिक्षाको स्वरूप ग्रहण गर्दै आधुनिक रूपमा विकसित भएका अर्धऔपचारिक विद्यालयहरूलाई राष्ट्रिय स्वरूप दिई औपचारिकता दिइएको थियो । त्यस्ता शिक्षालय सामुदायिक स्वमित्व र नेपाली मौलिक स्वरूपमा विकसित हुँदै गए ।

धार्मिक संस्था र धार्मिक पृष्ठभूमिमा सञ्चालन भएका विद्यालयहरूको एउटा धार आधुनिकीकरण हुँदै आधुनिक शिक्षालयमा रूपान्तरण भएको देखिन्छ भने अर्कोतिर त्यही धार्मिक पृष्ठभूमिका परम्परागत शिक्षालयहरूको छुट्टै धार आजपर्यन्त धार्मिक शिक्षालयको रूपमा अस्तित्वमा देखिन्छन् । गुरुकुल, संस्कृत विद्यापीठ, गुम्बा/गोन्पा, विहार, मदरसालाई यस धारमा राख्न सकिन्छ। कतिपय यस्ता विद्यालयहरूले आफ्नो परम्परागत पहिचानलाई कायमै राखेका छन् भने अधिकांश यस्ता संस्थाहरूले क्रमशः आधुनिक शिक्षाका विषयवस्तु ग्रहण गर्दै परम्परागत र आधुनिक शिक्षाको मिश्रित शिक्षालयका रूपमा विकास भइरहेको देखिन्छ । विशेष गरी आधुनिक बजारको प्रतिस्पर्धामा उत्रन सक्ने सामर्थ्यसहितको जनशक्ति निर्माण गर्नुपर्ने दायित्व त्यस्ता शिक्षालयहरूमा सिर्जना हुँदै जाँदा र अभिभावक तथा विद्यार्थीहरूको आकर्षण बढ्दै जाँदा क्रमशः धार्मिक/सांस्कृतिक पृष्ठभूमिका विद्यालयहरू रूपान्तरित हुँदै गए । समकालीन धार्मिक दर्शनबाहेक विज्ञान र प्रविधिमा समेत नेपाली समाजमा परम्परादेखि रहेका र आर्जन भएका ज्ञान समुदायमा हस्तान्तरण हुँदै गएको देखिन्छ । खास गरी नेपाली समाजमा परम्परागत इन्जिनियरिङ विधा, औषधी विज्ञान, प्राकृतिक/आयुर्वेदिक चिकित्सा, कला, साहित्य, संस्कृतिको क्षेत्रमा उल्लेख्य रूपमा ज्ञानको विकास भई अनौपचारिक ढङ्गबाट हस्तान्तरण भएको पाइन्छ । नेपालका मठमन्दिर, चैत्य, गुम्बा आदिमा देखिने इन्जिनियरिङ, रैथाने वैद्य, कविराजहरूको औषधी विज्ञान, मिथिला भोजपुरी कला, संस्कृति र साहित्य, खस आर्य संस्कृति र साहित्य, किरात, लिम्बु समुदायको संस्कृति र साहित्य, थारुलगायत नेपालका ६० भन्दा बढी जनजातिहरूका रैथाने ज्ञान तथा सीपहरूको अनौपचारिक शिक्षामार्फत पुस्तान्तर हुँदै आएको छ । शिक्षाको यस्तो अनौपचारिक स्वरूप नेपाली समाजमा आजपर्यन्त छ । औपचारिक र अनौपचारिक रूपमा सञ्चालित यस्ता परम्परागत शिक्षण संस्थामा अभ्यासमा रहेका पूर्वीय दर्शन र धर्मसम्बन्धी

आत्मानुसाशन, योग, ध्यानलगायतका विषयको समसामयिक महत्त्व र औचित्यबारे अपेक्षित खोज, अनुसन्धान र प्रवर्धन हुन सकेको छैन ।

## २. शिक्षाको इतिहास

**(क) प्राचीनकालीन शिक्षा** (वि.सं. १९१० भन्दा अगाडिको समय)

परम्परागत रूपमा चल्दै आएका सामाजिक मूल्य र मान्यता एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै आएको पाइन्छ । वैदिक कालमा आमा र बुबापछि ऋषिमुनिहरूबाट निर्देशित शिक्षा प्रमुख रूपमा रहेको थियो । ऋषि आश्रम पठनपाठनका मुख्य केन्द्र हुन्थे । त्यतिखेरको गुरु आज्ञा अहिलेको शिक्षा ऐननियमजस्तो हुन्थ्यो । प्राचीनकालको संस्कृत शिक्षा परम्परा वैदिक धर्मबाट अनुप्राणित थियो । वेदमा आधारित भएकाले संस्कृत शिक्षालाई वैदिक शिक्षा पनि भनिन्छ । संस्कृत शिक्षा परम्परालाई गुरुकुल शिक्षा पनि भन्ने गरेको पाइन्छ । प्राचीन शिक्षा पद्धतिमा राजकुल पद्धति, पितृकुल पद्धति, ऋषिकुल पद्धति र गुरुकुल शिक्षा पद्धति प्रचलनमा रहेका थिए । यी प्रणालीमध्ये गुरुकुल शिक्षा प्रणाली आधुनिक विद्यालय शिक्षा प्रणालीको प्रारम्भ नहुँदासम्म प्रचलित थियो । वैदिक शिक्षामा वैदिक संहिता, वेदवेदाङ्ग, दर्शन, नीतिशास्त्र, ज्योतिष, आयुर्वेद, मीमांसा, व्याकरण, न्याय, श्रुतिस्मृति आदि विषयहरू अध्यापन गराइन्थ्यो ।

प्राचीनकालमा संस्कृत शिक्षा परम्पराजस्तै बौद्ध शिक्षा पनि उत्तिकै प्रचलित थियो । प्राचीन नेपालका भृङ्गी, खर्जुरिका र गुम विहार बौद्ध धर्मका मुख्य केन्द्र थिए । त्यहाँ प्राकृत तथा पाली भाषा, बौद्ध दर्शन तथा साहित्य, त्रिपिटक, जातक आदि विषयहरू पढाइन्थे । बौद्ध शिक्षा परम्परामा गुरुका रूपमा भिक्षुद्वारा शिक्षा दिइन्थ्यो ।बौद्ध शिक्षामा वर्ण भेद थिएन । बौद्ध धर्म दर्शनको प्रतिपादनपछि विहार, गुम्बा र भिक्षुका सङ्घहरू बौद्ध शिक्षाका केन्द्र थिए ।

इस्लाम दर्शनमा आधारित मदरसा शिक्षा प्रणाली पनि नेपालका केही स्थानहरूमा परम्परागत रूपमा चल्दै आएको पाइन्छ । इस्लाम धर्म संस्कृतिअनुसार दिइने शिक्षा मदरसा शिक्षा हो । इस्लाम धर्म संस्कृतिप्रति आस्थावान् भई आधारभूत क्रियाकलाप गर्ने र उर्दु अरेबिक भाषा प्रयोग गर्दै कुरान पाठ गर्ने परम्परा यसमा पाइन्छ । हजरत मुहम्मदको अर्ती उपदेश एवम् इस्लाम धर्म संस्कृतिमा आधारित मदरसा शिक्षा प्राचीन कालदेखि चल्दै आएको पाइन्छ ।

नेपालको पूर्वी क्षेत्रमा किरात, मुन्धुमलगायतका विभिन्न धर्म, संस्कृतिमा आधारित मौलिक शिक्षा परम्परा पनि अस्तित्वमा रहिआएको पाइन्छ । यस्ता शिक्षा केन्द्रहरू सम्बन्धित समुदायद्वारा आफ्नै साधन, स्रोतमा सञ्चालन भएका थिए ।

लिच्छविकालमा कला, संस्कृतिका साथै शिक्षाको विकासमा पनि ध्यान गएको पाइन्छ । त्यस बेला वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयमा उच्च स्तरको पढाइ हुने गरेको थियो । नेपालीहरू त्यस बेला उच्च शिक्षाका लागि नालन्दा र विक्रमशिला विश्वविद्यालय जाने गरेका थिए । राजा मानदेव र अंशुवर्मा पनि हिन्दु र बौद्ध धर्ममा समान आस्था राख्ने हुनाले नेपालमा बौद्ध र हिन्दु दुवै धर्म फस्टाएको पाइन्छ । लिच्छविकालीन शिक्षा मूलतः धर्मप्रधान थियो । लिच्छविकालमा

राजा अंशुवर्माले शिक्षा आर्जनका लागि शैव, वैष्णव र बौद्ध सम्प्रदायमा शिक्षण संस्थालाई वर्गीकरण गरी भिन्नाभिन्नै शिक्षा दिने प्रचलन चलाएका थिए ।

मल्लकालमा संस्कृत भाषाको विकास भएको पाइन्छ । जयस्थिति मल्लले शिक्षा केन्द्रका रूपमा रहेका मन्दिर र मठहरूमा हेरविचार गर्न गुठीको व्यवस्था गरी शिक्षा विकासमा जोड दिएका थिए । पाटनका राजा सिद्धिनरसिंह मल्लले धर्मबाट शिक्षालाई छुट्याइदिएका थिए ।यस अघिसम्म शिक्षा धर्मका माध्यमद्वारा दिइन्थ्यो । त्यसै बेलादेखि धार्मिक संस्था वा यिनका प्रमुखबाट शिक्षा दिने काम बन्द भयो ।

वि.सं. १८२५ मा नेपालको एकीकरण भएपछि सैनिक जवानका टुहुरा बच्चाहरूलाई राष्ट्रको तर्फबाट सैनिक शिक्षा दिने र सैनिक सेवामा भर्ती गर्ने कार्य भएको थियो । यसै बेला राज्यको तर्फबाट छात्रवृत्ति दिने प्रथाको सुरुवात भएको थियो । त्यस समयमा संस्कृत र फारसी पढ्न तथा विभिन्न ज्ञान, सीप सिक्न छात्रवृत्ति दिएर विद्यार्थीलाई देशबाहिर पठाइएको थियो । त्यस अवधिमा आफ्नो संस्कृति र परम्पराको संरक्षण र विकासका लागि संस्कृत शिक्षामा ध्यान दिएको पाइन्छ । तत्कालीन शाह शासकहरूबाट लेखक, कवि तथा विद्वान्हरूको कदर गर्ने परम्परा कायमै रहेको पाइन्छ । नेपालको एकीकरणपछिको अवधिमा शिक्षाका विकासका खासै उल्लेखनीय कार्यहरू हुन सकेनन् । यसप्रकार आदिकालदेखि राणाकाल अगाडिसम्म आआफ्नै वैदिक परम्परा र धार्मिक आस्थाअनुसार शिक्षा व्यवस्थालाई समाजले अविच्छिन्न राख्दै आएको पाइन्छ ।

**(ख) राणाकालीन शिक्षा** ( वि.सं. १९१० देखि वि.सं. २००७ सम्म)

राणाकालीन समयमा शिक्षाको विकासका लागि केही उल्लेखनीय प्रयास भएका थिए । त्यस अवधिको शिक्षा शासककेन्द्रित थियो । सीमित जात, संस्कृति, भाषा र भूगोलका जनतामा सीमित हुनु र आमजनताको सहज पहुँच नहुनु चाहिँ त्सस बेलाको शिक्षाको कमजोरी थियो । यस अवधिमा राणा शासकले आफ्ना सन्तानका लागि रहर, आवश्यकता अथवा बाध्यताले आफ्नो शासनका सुरुवाती चरणमा कतिपय विद्यालयहरू खोलेका थिए । जङ्गबहादुर राणाले बेलायत भ्रमणपछि आफ्ना सन्तानलाई अङ्ग्रेजी शिक्षा दिन वि.सं. १९१० मा थापाथली दरबारमा खोलेको दरबार स्कुललाई नेपालमा आधुनिक इतिहासको पहिलो विद्यालयको रूपमा लिइन्छ । आफ्नै सन्तानलाई भए पनि शिक्षा देशभित्रै दिने सोचले खुलेको यस विद्यालयमा केही पछि भारदारका सन्ततिलाई र बिस्तारै सर्वसाधारणका लागि प्रवेश खुला गरियो । वि.सं. १९७५ मा भएको त्रिभुवन चन्द्र कलेजको स्थापनालाई नेपालको उच्च शिक्षाको इतिहासमा अर्को महत्त्वपूर्ण परिघटनाको रूपमा लिइन्छ ।यसको सम्बन्धन सुरुमा कलकत्ता विश्वविद्यालयसँग भएको थियो तर १९८० देखि उक्त कलेजको सम्बन्धन पटना विश्वविद्यालयसँग भयो । वि.सं. १९८० देखि उक्त कलेजको नाम त्रिभुवन चन्द्रको सट्टा त्रिचन्द्र कलेज बनाइयो । राणाशासनको त्यस अवधिमा राज्यबाहेक नागरिक तहबाट पनि स्वःस्फूर्त रूपमा विद्यालयहरू खोलिएका थिए । राणा परिवारबाहेक नागरिक तहबाट विद्यालय सञ्चालन गर्ने पहिलो आधिकारिक पहल वि.सं. १९३२ मा बालागुरु षडानन्द अधिकारीबाट स्थापना भएको दिङ्ला पाठशाला थियो। यसका साथै लोकराज पाण्डेले आफ्नै घरमा खोलेको पाठशाला जंग

वहादुरका छोरा जीतजङ्गले वि.स. १९३१ सालमा पशुपती राजराजेश्वरी घाटमा निजी खर्चमा खोलेको संस्कृत पाठशाला तत्कालिन प्र.म. चन्द्रशमशेरका ज्वाईं जयपृथ्वी वहादुर सिंहले वि.सं. १९६३ सालमा खोलेको सत्यवादी स्कूल, वि.सं. १९८५ मा नेपालगञ्जका साहु मंगलप्रसादले खोलेको मंगलप्रसाद स्कूल (हाल मंगलप्रसाद मा. वि.), जगतवहादुर अमात्य र शिवप्रसाद मिश्रले वि. सं. १९८१ साल कार्तिक २७ गते निजीतवरले खोलेको भादगाउँ अंग्रेजी स्कूल (हाल पद्म हाइस्कूल) थिए । नामको वीचमा अंग्रेजी लेखिएको यो नै नेपालको पहिलो निजी स्कूल हो । सेवामूलक भावले खोलिएका तर सरकारी सहायता नपाएका वा नलिएका र निजी तथा व्यक्तिगत प्रयाशवाट खुलेका यस्ता विद्यालयहरुलाई निजी विद्यालयको रूपमा रहेका थिए । तर वि.सं. १९९५ मा मात्र जनताको तर्फबाट प्राइभेट स्कुल खोल्न स्वीकृति दिइयो ।राणाकालीन समयमा संस्कृत शिक्षालाई प्राथमिकता दिएको देखिन्छ । वि.सं. १९२७ मा खोलिएको रानीपोखरी पाठशालामा नारायणहिटी पाठशालाका छात्रसमेत राखी पठनपाठन गराइएको थियो । वि.सं. १९५८ मा पोखरामा संस्कृत पाठशाला स्थापना भएको थियो । यसको सम्बन्धन बनारसस्थित वाराणसी संस्कृत विश्वविद्यालयसँग थियो ।

राणाकालमा संरचनाको हिसाबले पनि शिक्षालाई व्यवस्थित गर्न खोजिएको देखिन्छ । वि.सं. १९१५मा शिक्षा निर्देशिक कार्यालय र शिक्षा विभागको स्थापना गरिएको थियो । वि.सं.१९६७ मा पासजाँच अड्डाको स्थापना गरिएको थियो । यसलाई वि.सं. २०१८ असार ३१ मा परीक्षा नियन्त्रण कार्यालयमा परिणत गरियो । केटाकेटी पढाउने किताब तर्जुमा अड्डाको स्थापना, पासजाँच अड्डाको स्थापना, भाषा पाठशालाहरूको निरीक्षण गर्न पाठशाला बन्दोबस्त इन्सपेक्टरी अफिस साथसाथै स्रेस्ता पाठशालाको पनि स्थापना गरियो । स्रेस्ता पाठशालालाई व्यावसायिक शिक्षाको रूपमा पनि हेर्न सकिन्छ । वि.सं. १९९८ मा चिफ इन्सपेक्टर अफ स्कुलको स्थापना गरियो । वि. सं. २००७ मा शिक्षा मन्त्रालयको स्थापना भई नृपजङ राणा प्रथम शिक्षा मन्त्री बने ।

राणाकालीन समयमा प्राविधिक तथा व्यावसायिक शिक्षाको जग पनि बसाइएको पाइन्छ । वि.सं. १९८७ मा वसन्तपुरको कुमारी चोकमा भीमशमशेरले टेक्निकल स्कुल स्थापना गरेका थिए । वि.सं. १९९९मा ओभरसियर तालिम यसैमा सुरु भयो । यही टेक्निकल स्कुलको इन्जिनियरिङ शाखालाई वि.सं.२०१६मा औपचारिकरूपमा इन्जिनियरिङ स्कुलका रूपमा पुनः सङ्गठन गरिएको थियो । वि.सं. १९८५ मा कृषि स्कुलको स्थापना र राजकीय आयुर्वेदिक स्कुलको स्थापना तथा वि.सं. १९९० मा सिभिल मेडिकल स्कुलको स्थापना भएको थियो । वि.सं. १९९१ मा ललित कलासम्बन्धी शिक्षा दिन ललित कला विद्यालय स्थापना भयो । वि.सं. १९९५ मा यसलाई जुद्धकला पाठशाला नामकरण गरियो । वि.सं. २००२ मा १४ ओटा आधार स्कुलको स्वीकृति लिई आधार पाठशाला स्थापना भयो । यसबाहेक वि.सं. १९९६ मा घरेलु इलम प्रचारक अड्डाको स्थापना भएको थियो । वि.सं. १९९६ मा घरेलु इलम प्रचारक अड्डाको स्थापना भएको थियो । त्यस्तै राणाकालीन समयमा नै ताहाचलमा पहिलो आधार शिक्षक प्रशिक्षण केन्द्रको स्थापना गरी गुणस्तरीय शिक्षक उत्पादनको लागि संरचना स्थापना भएको थियो । वि.सं. १९८० मा कन्या पाठशाला स्थापना भयो । वि.सं. २००२ मा कन्या मा.वि. सुरुवात भयो । वि.सं. २००५ भदौमा काठमाडौंमा मन्टेश्वरी पूर्वप्राथमिक विद्यालयको स्थापना भयो । राणाकालमा विश्वविद्यालय खोल्न पनि

पहल गरिएको थियो । वि.सं. २००५ भदौ १० गते डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा मृगेन्द्र शमशेरको अध्यक्षतामा २५ सदस्यीय प्रथम विश्वविद्यालय योजना कमिसन गठन भएको थियो । वि.सं. २००५ मा शिक्षा विभागको मासिक पत्रिका नेपाल शिक्षा (आधार शिक्षा) प्रकाशन सुरु भयो ।

नेपालको राष्ट्रिय पुनर्जागरणका इतिहासका अगुवा मानिएका मोतीराम भट्ट र जयपृथ्वीबहादुर सिंहजस्ता महान् प्रतिभाहरूका सम्पर्कमा आएका र अपेक्षाकृत उदार शासक मानिएका राणा प्रधानमन्त्री देवशमशेरका पालामा भाषा पाठशालाको स्थापना गरी मुलुकका विभिन्न भागमा प्राथमिक शिक्षा दिने परिपाटीको थालनी भयो । उनले वि. सं. १९५७ चैत १५ गतेका दिन १६ वटा पाठशालाको व्यवस्था गरेका थिए । उनका पालामा छोटै समयमा ५७ वटा पाठशाला खुलेका थिए भने नेपालभर ३०० वटा पाठशाला खोल्ने योजना थियो । देवशमशेरले विद्यार्थीहरूलाई लेख्ने सिलोट र "अक्षराङ्क शिक्षा" नामको पुस्तक निःशुल्क वितरण गर्ने व्यवस्थासमेत मिलाएका थिए । जयपृथ्वीबहादुर सिंह द्वारा लिखित उक्त "अक्षराङ्क शिक्षा" नेपाली भाषाको पहिलो पाठ्यपुस्तक हो ।

अड्डाहरूमा लेखापढी गर्ने, हिसाब—किताब राख्नेजस्ता काम गर्ने निजामती कर्मचारी तयार गर्ने उद्देश्यले वि. सं. १९६२ मा स्रेस्ता पाठशाला खोलियो । वि.सं. १९८१ मा स्रेस्ता पाठशालामा हिसाब, लेखा, स्रेस्ता र औंठा विषयका अतिरिक्त नेपाली र साहित्य विषय थपी ६ पासे बनाइएको थियो । जुद्धशमशेरका पालामा ६ पासेलाई निजामती प्रथम र ११ पासेलाई निजामती द्वितीय भनिन्थ्यो । यस्ता तहहरू १४ पासेसम्म हुने गरेको पाइन्छ । त्यति बेलाको सामर्थ्यअनुसार आम जनताको पहुँचका लागि विद्यालयहरूको विस्तार र पाठ्यक्रममा समसामयिक परिमार्जनको अभ्यास गरेको उदाहरण पनि देख्न सकिन्छ । राणाकालीन समयमा तात्कालीन शासकहरूले बाध्यताले मात्र नभएर देशमा शिक्षा विकासको रुचिसमेत देखाएको तथ्य पनि पाइन्छ । साथै देशको शिक्षा कस्तो बनाउने भन्नेबारे त्यस अवधिमा बेलाबेलामा बहस पनि चलाएको देखिन्छ । वि.सं. १९४२ मा नेपालको राष्ट्रिय शिक्षाको स्वरूप र भावी दिशाबारे ऐतिहासिक छलफल भएको र पढाइको माध्यम अङ्ग्रेजी, संस्कृत र नेपाली हुनुपर्नेमा बहस भएको पनि पाइन्छ । राणा प्रधानमन्त्री वीर शमशेरले सर्वप्रथम औपचारिक रूपमा तात्कालीन समयमा उपलब्ध विद्वान्‌हरूबिच नेपालका लागि कस्तो शिक्षा चाहिन्छ भन्ने सवालमा बहस चलाएका थिए । उनले नेपालका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको खाँचो औल्याउँदै आफ्ना छोरा गेहेन्द्र शमशेरलाई प्राविधिक शिक्षा पढ्न जापान पठाएका थिए । वीरशमशेरपछि देवशमशेरले नेपाललाई चाहिएको शिक्षा कस्तो हुने भन्ने बहसलाई अघि बढाए । लामो बहसपछि उनले नेपालको शिक्षा राष्ट्रिय आवश्यकतामा आधारित हुनुपर्छ भन्ने निष्कर्ष निकालेका थिए । उनको यस निष्कर्षलाई कार्यान्वयन गर्न बझाङ्गी राजा जयपृथ्वीवहादुर सिंहलाई अघि सारेका थिए ।

राणकालमा प्राय आफ्नै भारदारहरूलाई शिक्षा प्रशासनको जिम्मेवारी दिएको देखिन्छ । दरबार स्कुलको पहिलो डाइरेक्टरमा जङ्गबहादुरका ठाइँला छोरा जनरल बबरजङ्ग राणाको नियुक्ति गरियो । वि.सं. १९३२ मा शिक्षा निर्देशकमा धीरशमशेर नियुक्त भए । त्यसपछि शिक्षा निर्देशकमा

केदारनरसिंह राणा, खड्गनरसिंह राणा, चन्द्रशमशेर, भीमशमशेरलाई नियुक्त भएको पाइन्छ । वि.सं. १९९२ मा डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनलाई सल्लाह दिन शिक्षासम्बन्धी २२ सदस्यीय पहिलो शिक्षा बोर्ड गठन भयो । १९९६मा माघ ८ गते ४२ दफा भएको शिक्षाको इस्तिहार जारी भयो । यसमा शिक्षामा सङ्गठन, पाठ्यक्रम, स्कुल सञ्चालक समिति, स्कुल निरीक्षण, सरकारी सहायता, फी लिएर पढाउने जस्ता विषय समावेश गरिएका थिए । यी तथ्यहरूबाट राणाकालमा नेपालको शिक्षा विकासका लागि राज्यका तर्फबाट बहस चलाई दूरगामी प्रभावका नीतिहरू बनाइएका थिए भन्ने तथ्य उजागर हुन्छन् । राणाकालमा विश्वविद्यालय खोल्न पनि पहल गरिएको थियो । वि.सं. २००५ भदौ १० गते डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा मृगेन्द्र शमशेरको अध्यक्षतामा २५ सदस्यीय प्रथम विश्वविद्यालय योजना कमिसन गठन भएको थियो । राणाकालिन अवधिमा नेपालमा ३२१ ओटा प्रा.वि., २०३ मिडिल स्कुल, ११ ओटा मा.वि., २१ विद्यालय, २ ओटा उच्च शिक्षण संस्था, एउटा महाविद्यालय, ४० ओटा जति धार्मिक तथा अन्य शैक्षिक संस्थाहरू र ३१ ओटा पुस्तकालय रहेको तथ्याङ्क पाइन्छ । राणाकालमा नेपालको साक्षरता २ प्रतिशत थियो जसमा ०.७ प्रतिशत महिला साक्षरता थियो ।

**(ग) प्रजातन्त्र तथा पञ्चायतकालीन शिक्षा** (२००७ सालदेखि २०४६ सालसम्म)

नेपालको शैक्षिक इतिहासमा २००७ सालदेखि २०४६ सालबिचमा राज्यका तर्फबाट भएका तीन ओटा परिघटनाहरू महत्त्वपूर्ण मानिन्छन् । २००७ मा प्रजातन्त्र स्थापना भएपछि २०१० सालमा गठन भएको नेपाल राष्ट्रिय शिक्षा योजना आयोग र त्यसका सिफारिसहरू तथा वि.सं.२०२८ सालको नयाँ शिक्षा योजना र २०३२ सालमा नयाँ शिक्षाको मध्यावधि मूल्याङ्कनको सिफारिसबमोजिम २०३७ पछि निजी विद्यालय खोल्न दिने नीतिगत व्यवस्था नेपालको शिक्षामा महत्त्वपूर्ण परिघटना थिए । वि.सं. २००७ को राजनीतिक परिवर्तनपछि नेपालको बदलिँदो परिस्थितिमा नेपालको विकासको एजेन्डालाई अघि बढाउन योजनाबद्ध शिक्षा विकासको आवश्यकता महसुस गरेर वि.सं. २००९ मा रुद्रराज पाण्डेको अध्यक्षतामा २० सदस्यीय शिक्षा आयोगको स्थापना भयो । उक्त आयोगले विदेशी विज्ञको समेत परामर्शमा जनताको घरदैलामै पुगी राय सङ्कलन गरी प्रतिवेदन तयार गरेको थियो । समाजका साधारणदेखि शिक्षित वर्गसँग समेत प्रश्नावली सर्वेक्षण गरी छलफल गरेर राय सङ्कलन गरेको उक्त आयोगले शिक्षा मन्त्रालयअन्तर्गत तत्काल एउटा अनुसन्धान विभाग खोल्ने, निःशुल्क र देशभर सार्वजनिक शिक्षाको एउटै पद्धति कायम गर्ने र शिक्षाका निम्ति पर्याप्त खर्च थेग्न राजकर र दस्तुरको सम्पूर्ण सुधारको आवश्यकता औँल्याएको थियो । यसका साथै एकैखालको शिक्षा, योजनाबद्ध शैक्षिक विकास र पाठ्यक्रमको आवधिक समीक्षा, बहुउद्देश्यीय विद्यालय, राष्ट्रिय विश्वविद्यालयको स्थापना, तात्कालीन निरक्षरता उन्मूलनका लागि प्रौढ शिक्षाको विस्तार यसका महत्त्वपूर्ण सिफारिसहरू थिए ।

नेपालको शिक्षाका लागि जग बसाउने हिसाबले शिक्षक महाविद्यालयको स्थापना, शिक्षा छापाखाना, शिक्षाका संरचनाहरूको विकेन्द्रीकरण, शिक्षामा आर्थिक विकेन्द्रीकरण, सामुदायिक केन्द्रको रूपमा विद्यालयको विकास, सामुदायिक पुस्तकालय आदिका सिफारिसहरू ज्यादै महत्त्वपूर्ण थिए । शिक्षालाई

सामाजिक सुधारसँग जोड्ने विषय, शिक्षकहरूको हकहितको संरक्षण र शैक्षिक नियमकानुनहरूको वृद्धि गर्ने सिफारिस पनि नेपालको शिक्षा विकासका लागि महत्त्वपूर्ण थिए । पछिल्ला वर्षहरूमा यस आयोगका सिफारिस क्रमशः लागू पनि भएका थिए । पञ्चायती व्यवस्थाअनुकूलको शिक्षाका लागि गठन भएको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ र त्यसको प्रतिवेदनले पञ्चायती व्यवस्थाअनुकूल शिक्षा तयार गर्न खोजे पनि १० कार्यदिनमा तयार गरिएको यो आयोगको प्रतिवेदनले त्यति प्रभाव देखाउन सकेन ।

निजी पहलमा विद्यालय खोल्ने प्रयास राणाकालदेखि नै भएको थियो । स्थानीय सामुदायिक प्रयासबाट स्थापना गरिएका  त्यस्ता विद्यालयहरुलाई राज्यले अनुदान नदिए पनि तिनीहरुको ध्येय मुनाफा आर्जन गर्ने थिएन । तर राज्यसँग सञ्चालन अनुमति लिइएको थियो । २००६ सालको असोजमा फादर मार्सल मोरान काठमाडौं आएका बखत तत्कालीन शिक्षा निर्देशक मृगेन्द्रशमशेरसँगको छलफल पछि नेपालमा 'मिसन स्कुल सञ्चालन हुने भयो । राजा त्रिभुवनले गोदावरीको गृष्मकालीन दरबार प्रदान गरे । त्यहाँ सेन्ट जेभियर्स स्कुल खुल्यो र २००८ साल असार १७ गते ६५ जना विद्यार्थीका साथ पठनपाठन थालियो । लगत्तै जावलाखेलमा सेन्ट जेभियर्स स्कुलको शाखा र सेन्ट मेरिज स्कुल पनि खुल्यो । सुरुमा सो स्कुलको नाम 'गोदावरी पब्लिक स्कुल भनी राखिएको थियो ।

प्रजातन्त्र प्राप्ति पश्चात् सत्यनारायण वहादुर श्रेष्ठले आफुले शिक्षा क्षेत्रमा लाग्ने चाहना राख्दै एउटा आवासीय विद्यालय खोल्न चाहेको इच्छा राजा त्रिभुवन संग राख्दा फर्पिङ स्थित आफ्नो ऐतिहासिक दरवार Garden of Paradise (स्वर्गको वगैंचा) जहां वहादुर शाहले वन्दी जीवन विताएका थिए) प्रदान गरी नयाँ भवन निर्माण गर्न एक हजार रुपैया समेत वकस दिएका थिए ।प्रजातन्त्र प्राप्तिपछि निजी पहलमा बि स २००८ मा त्रिभुवन आदर्श हाइस्कुल खुल्यो । २००८ सालमै स्वयम्भू महाविहार क्षेत्रमा भिक्षु अमृतानन्दले आनन्दकुटी विद्यापीठ स्थापना गरे । प्रजातन्त्रको प्राप्तिपछि हरिशमशेरले वि.सं. २००८ सालमा वालाजुमा वनस्थली विद्याश्रम खोले । उक्त विद्याश्रमको जग्गा र लगानी व्यक्तिगत नै थियो । पछि बनस्थली विद्याश्रम र सिद्धार्थ बोर्डिङ स्कुललाई गाभियो । सिद्धार्थ बनस्थली इन्स्टिच्युट नामकरण भयो । वर्तमानमा सो स्कुल सार्वजनिक गुठीका रुपमा सञ्चालित छ ।

त्रिभुवन आदर्श हाइस्कुल स्थापना पश्चात सत्यनारायणबहादुर श्रेष्ठले २०१७ सालमा थापाथलीमा महेन्द्र आदर्श विद्याश्रम स्थापना गरे । पछि सरकारद्वारा अधिग्रहण गरिएको सातदोबाटोको जग्गा राजा महेन्द्रसँग माग गरी स्कुललाई सारे । हाल त्यो स्कुल गुठीका रुपमा सञ्चालित छ । सत्यनारायणबहादुरले २०२२ सालमा हाल हिमालय होटेल भएको स्थानमा आदर्श विद्या मन्दिर स्थापना गरे । मानभवनमा पुरानो दरबार किनेर सारिएको यो नितान्त निजी स्कुल हो । पानीपोखरीमा २०२२ सालमा भारतको दार्जिलिङ निवासी स्टेफेन डेभिड प्रधानले सेक्सपियर स्कुलको स्थापना गरे । पछि त्यो स्कुलको नाम भानुभक्त मेमोरियल आवासीय विद्यालय बनाइयो ।

२०२२ सालमै बालुवाटारमा पद्मशमशेरको दरबार भाडामा लिई बसन्तबहादुर श्रेष्ठले मोर्डन इङ्लिस स्कुल सञ्चालन गरे । २०२३ सालमा न्यू इङ्लिस स्कुल नामाकरण गरियो । २०२४ सालमा पुनः नाम परिवर्तन गरी अमर आदर्श विद्यालय बनाइयो । २०२३ सालमा भारत कालिम्पोङ निवासी

नरजीतकुमार सिंहले गणबहालमा इङ्लिस प्रिपेटरी स्कुल (ईपीएस) स्थापना गरे । हाल उक्त स्कुल एनकेसिंह मेमोरियल इपीएस इङ्लिस स्कुलका नामले परिचित छ । २०२४ सालमा दानियल खालिङले नक्सालमा हिमालय विद्या मन्दिर स्थापना गरे । यादवप्रसाद जोशीले सन् १९६८ मा ज्ञानेश्वरमा सहिद मेमोरियल स्कुल स्थापना गरे । जर्मन सरकारले आर्थिक सहयोग दिएपछि मिसेज फ्रेङ्लिङको नेतृत्वमा ज्ञानेश्वरमा महेन्द्रभवन कन्या विद्यालय सञ्चालनमा आयो । राष्ट्रिय शिक्षा पद्दति योजना लागू हुँदासम्म उपत्यकाभित्र मुस्किलले १५ वटा निजीस्तरका स्कुल सञ्चालनमा रहे । तर तिनलाई 'बोर्डिङ् स्कुल मात्र भनिन्थ्यो निजी स्कुल भनिदैन थियो ।

वि.सं. २०२८ सालको नयाँ शिक्षा योजना नेपालको शिक्षा विकासको सन्दर्भमा महत्त्वपूर्ण परिघटना थियो । उक्त योजनाले विद्यार्थीलाई स्वावलम्वी, उत्पादनमुखी, रोजगारमुखी र देश विकासको लागि आवश्यक प्राविधिक जनशक्ति तयार गर्ने उद्देश्य सहित विद्यालयका व्यावसायीक शिक्षा र प्राविधिक शिक्षामा जोड दिएको थियो । योजनाले तात्कालीन समयमा समुदायले स्थापना गरेका विद्यालयहरूलाई राज्यको मूल प्रवाहमा ल्याउन विद्यालय तथा शिक्षक कर्मचारीहरूको स्थायित्वका लागि राज्यले विद्यालयहरूको स्वामित्व ग्रहण गर्दै शिक्षक तथा कर्मचारीहरूको तलबको सुनिश्चितता गर्ने नीति लियो । एक हिसाबले देशका विभिन्न भागमा विभिन्न समुदायबिच छरिएर रहेका विद्यालयलाई स्थायित्व दिँदै शिक्षक कर्मचारीको पेसाको प्रत्याभूति गरियो तर त्यसले विद्यालय र समुदायबिचको परम्परागत सम्बन्ध सहयोगलाई टुटाइदियो । त्यति बेलाको नीतिको परिणामस्वरूप छुट्दै गएको विद्यालय समाजको सम्बन्धको परिणाम आज पनि नेपालको सार्वजनिक शिक्षा दायित्वविहीन देखिएको छ । विद्यालयप्रति स्थानीय समाज नजोडिएका कारण आजका सार्वजनिक विद्यालयहरू सबैका विद्यालय हुन सकेका छैनन् । विद्यालय अपेक्षित रूपमा कसैप्रति उत्तरदायी भएको देखिँदैन । २०३७ साल पछि औपचारिक रुपमा सरकारले निजी तवरबाट व्यक्तिलाई विद्यालय खोल्न स्वीकृत दिन शुरु गरे देखि हाल कम्पनी तथा गुठी (सार्वजनीक तथा निजी)को रुपमा विद्यालयहरु र निजी तथा सामुदायिक संस्थाको रुपमा कलेजहरु सञ्चालन भएकाछन् । यसबिचमा शिक्षालाई व्यवस्थित र संस्थागत रूपमा अघि बढाउन कतिपय संस्था र संरचनाहरू स्थापना र परिमार्जन हुँदै गए ।

पञ्चायतकालीन समयमा राष्ट्रिय विकास सेवा जस्ता कतिपय नीति तथा कार्यक्रमहरू पनि ल्याइएका थिए जुन आजपर्यन्त महत्त्वपूर्ण लाग्छन्। वि.सं. २०२२ असोज ११ गतेका दिन राष्ट्रिय सेवा दलको गठनलाई उल्लेख्य कार्यक्रमको रूपमा लिन सकिन्छ । स्नातक प्रथम वर्ष र स्नातकोत्तर प्रथम वर्ष उत्तीर्ण गरेका सबै छात्रछात्राले १० महिनासम्म राष्ट्रिय सेवा दलमा रहेर काम गर्नुपर्थ्यो । शिक्षा, स्वास्थ्य र कृषि सेवा दलमध्ये उनीहरूले कुनै एक दलमा संलग्न भई ग्रामीण क्षेत्रमा बिताउनुपर्दथ्यो । यसबाहेक कर्णाली प्राविधिक शिक्षालय स्थापना, रेडियो नेपालबाट शिक्षक तालिम प्रसारण, संस्कृत विश्वविद्यालयको स्थापना, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापनालाई महत्त्वपूर्ण कदमको रूपमा लिन सकिन्छ । वि.सं.२०२० मा २८ गाविस र २ ओटा नगरपालिकामा निःशुल्क तथा अनिवार्य शिक्षाको सुरुवात गर्ने पहललाई पनि उल्लेख्य घटना मान्न सकिन्छ ।

वि.सं. २०२८ मा नयाँ शिक्षा पद्धतिको योजना कार्यान्वयनसँगै विद्यालयको सङ्ख्याको आधारमा निरीक्षक व्यवस्था गरी निरीक्षण र सुपरिवेक्षण कार्यलाई नियमित शैक्षिक सुधारमा केन्द्रित र व्यवस्थित बनाउने प्रयास भएको देखिन्छ । पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् व्यवस्थापनका लागि वि.सं. २०२८ भदौ ५ मा पाठ्यक्रम विकास केन्द्रको स्थापना भयो । उच्च शिक्षाको विस्तारसँगै प्रभावकारी नियमनका लागि वि.सं. २०३९ को शाही उच्च शिक्षा आयोगको सिफारिसबमोजिम वि.सं. २०४३ मा नेपाल संस्कृत विश्वविद्यालय स्थापना भयो ।जीवनोपयोगी सीपसहितको शिक्षाको आवश्यकताबमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारको क्रममा केन्द्रीय नियमनकारी निकायको रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन २०४५ बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् स्थापना भयो ।

शैक्षणिक क्रियाकलापलाई प्रभावकारी र गुणस्तरीय बनाउन वि.सं. २०३७ मा ग्रामिण विकासका लागि सेती परियोजनाको सुरुवात भयो । यसैको जगमा शैक्षिक प्रक्रियामा सुधारका लागि प्राथमिक शिक्षा परियोजना वि.सं. २०४२ मा लागु भयो र यस परियोजनाले प्राथमिक तहमा पहुँच र गुणस्तर सुधारमा विभिन्न प्रयासहरू गरेको पाइन्छ । शिक्षा ऐनको २०४५ भएको संशोधनले शिक्षाको व्यवस्थापन र नियमन सम्बन्धमा प्राथमिक शिक्षालाई कक्षा ५ सम्म बनाउने, जिल्ला शिक्षा निरीक्षकको कार्यालयलाई जिल्ला शिक्षा कार्यालयमा रुपान्तरण गर्ने, जिल्ला शिक्षा समितिलाई जिम्मेवार बनाउने, विद्यालयलाई अनुदान दिने सम्बन्धमा र विद्यार्थी शुल्क जस्ता पक्षमा महत्त्वपूर्ण सुधारका प्रयास गरेको देखिन्छ । विद्यालय शिक्षाको विस्तार स्वरूप कक्षा ११ र १२ लाई विद्यालय तह मानी उच्च माध्यमिक तहको रूपमा सञ्चालन, व्यवस्थापन र नियमन गर्न उच्च माध्यमिक शिक्षा ऐन २०४६ जारी भई कार्यान्वयनमा आयो । यसरी हेर्दा यस अवधिमा नेपालको शिक्षा विकासमा महत्त्वपूर्ण सुधार भएको देखिन्छ ।

**(घ) प्रजातन्त्र तथा लोकतन्त्रकालिन शिक्षा** (२०४६ देखि हालसम्मको शिक्षा)

नेपालको शिक्षा विकासको इतिहासमा २०४६ पछिको अवधिलाई उदारीकरण तथा विश्वव्यापीकरणको प्रभाव तथा शिक्षाको विस्तारको रूपमा लिइन्छ । यस अवधिमा विश्वव्यापी शैक्षिक, आर्थिक विकासका एजेन्डाबाट नेपालको शिक्षा नीति र दिशा परिवर्तन भएको पाइन्छ । सबैका लागि शिक्षा जोम्टेन तथा डकार सम्मेलनका मार्गदर्शन, दिगो विकास, अधिकारमा आधारित शिक्षा, विश्वब्यापीकरणले सिर्जना गरेका शैक्षिक अवसरहरू तथा शिक्षामा समावेशीकरणका मुद्दाहरूले पर्याप्त स्थान प्राप्त गरे । फलस्वरूप शिक्षामा निजी क्षेत्रको व्यापक विस्तार, शैक्षिक विकासमा उल्लेख्य मात्रामा अन्तर्राष्ट्रिय सहयोग र साझेदारी, शिक्षामा सूचना प्रविधिको प्रयोग जस्ता नयाँ सुरुवातहरू समेत भए । यसबाट सकारात्मक र नकारात्मक दुवै प्रभावहरू देखिए । एकातर्फ शिक्षाको पहुँचमा तीव्र वृद्धि भयो, शिक्षा हरेक नागरिकको अधिकारका रूपमा स्थापित भयो, शिक्षामा सीमान्तीकृत, दलित, महिला आदिको पहुँचमा उल्लेखनीय वृद्धि भयो भने अर्कोतर्फ शिक्षामा निजी क्षेत्रको प्रवेश सरकारी नियमनको दायरामा आउन नसकी आलोचनाको विषय बन्दै गयो । सामुदायिक शिक्षाको गुणस्तरमा ह्रास आउँदै गयो र सीपमूलक शिक्षामा युवाहरूको पहुँच विस्तार

हुन सकेन । राजनीतिक द्वन्द्व र अस्थिरता, सरकारको कमजोर नियमन, शिक्षामा अनावश्यक रूपको राजनीतिक हस्तक्षेप, दण्डहीनता,बढ्दो सुरक्षा खर्चका कारण सार्वजनिक शिक्षाको गुणस्तर अपेक्षित रूपमा उठ्न भने सकेन ।

सन् १९९० को जोमटिन शिक्षा सम्मेलनले सबैका लागि अनिवार्य प्राथमिक शिक्षाको आवश्यकतालाई विशेष महत्त्व दियो । सबैका लागि शिक्षा अभियानको  मुख्य लक्ष्य सबैका लागि विश्वव्यापी प्राथमिक शिक्षाको पहुँच थियो । सन् २००० मा अफ्रिकी मुलुक सेनेगलको डकारमा सम्पन्न विश्व शिक्षा सम्मेलनले सन् २०१५ सम्मका लागि घोषणा गरेका छ ओटा निर्धारित लक्ष्यमध्ये सबै बालबालिकाका लागि प्राथमिक शिक्षामा पहुँचको सुनिश्चतता गर्ने दोस्रो लक्ष्य र गुणस्तरीय शिक्षाका सबै पक्षमा सुधार ल्याउने छैटौं लक्ष्य आधारभूत शिक्षासँग सम्बन्धित थिए । सबैका लागि शिक्षा ग्लोबल मोनिटरिङ रिपोर्ट (२००८) ले प्राथमिक शिक्षालाई आधारभूत शिक्षाको भागका रूपमा स्वीकार गऱ्यो । नेपाल सरकारले यस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्नका लागि सबैका लागि निःशुल्क र अनिवार्य शिक्षाको कार्यक्रम ल्यायो ।

सरकारले सबैका लागि निःशुल्क र अनिवार्य शिक्षाको कार्यक्रमको लक्ष्यलाई पूरा गर्न सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) लाई आधार बनाएर सबैका लागि शिक्षा (२००४-२००९) र विद्यालय क्षेत्र सुधार योजना (२०६६ - २०७२) कार्यान्वयनमा ल्याइयो । यस कार्यक्रमले कक्षा १ देखि ८ लाई आधारभूत तह मानेको थियो । शिक्षा ऐन र नियमावलीले यसलाई सम्बोधन गरेपछिको वर्तमान विद्यालय संरचनामा प्रारम्भिक बालशिक्षादेखि कक्षा ८ सम्मलाई आधारभूत तहका रूपमा अङ्गीकार गरिएको छ ।

संरचनात्मक विकासका दृष्टिले नेपालको शिक्षा विकासको निम्ति यो अवधि सन्तोषजनक देखिन्छ। वि.सं. २०४९ देखि शिक्षामा ठुलाठुला परियोजनाहरू सुरु भए । सेती परियोजना र प्राथमिक शिक्षा परियोजनाको परिष्कृत रूपमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो र दोस्रो लागू भए । वि.सं. २०५१ मा स्थापना भएको विश्वविद्यालय अनुदान आयोग, अनौपचारिक शिक्षा परिषद्, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, शैक्षिक जनशक्ति विकास केन्द्र, ब्रेल पुस्तकालय स्थापनालाई यस अवधिका महत्त्वपर्ण प्रयासको रूपमा लिन सकिन्छ । त्यस्तै पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय शिक्षक सेवा आयोग, विद्यालय शिक्षक किताबखाना, काठमाण्डौ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, लगायतका विश्वविद्यालयको स्थापना यस अवधिका महत्त्वपूर्ण उपलब्धि हुन् तर जुन उद्देश्यका साथ यी संस्थाहरू स्थापना भएका थिए तिनको गुणस्तरमा भने अपेक्षित उपलब्धि देखिन सकेन ।

वि.सं.२०६३ मा मुलुक राजतन्त्रात्मक व्यवस्थाबाट गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेपश्चात् शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गर्दै शिक्षामा समावेशीकरण, समताको सुनिश्चितता जस्ता पक्षहरूमा उल्लेखनीय बढोत्तरी हुँदै गयो । यस अवधिमा शिक्षामा संस्थागत विकासको दृष्टिले महत्त्वपूर्ण थालनीहरू गरिए, फलस्वरूप निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/ क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति २०६३, खुला तथा दूर सिकाइ नीति २०६३,

शिक्षाको सञ्चार रणनीति २०६३, अनौपचारिक शिक्षा नीति, २०६३, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीति २०६९, अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७३, उच्च शिक्षा नीति २०७२ लगायतक महत्त्वपूर्ण नीतिहरू निर्माण गरिए । विद्यालय शिक्षामा गुणस्तर सुधारको महत्वपूर्ण उद्देश्यसहित विद्यालय क्षेत्र विकास योजना सञ्चालनमा ल्याइएको छ । शिक्षा प्राप्तिको वढ्दो चाहना पूरा गर्न, कामसंगै शिक्षा प्राप्तिको अवसर वढाउन, उच्च शिक्षामा पहुँच विस्तार गर्न र प्रविधिको प्रयोगबाट शिक्षा विस्तार गर्न नेपाल खुला विश्वविद्यालयको स्थापना भएको छ ।त्यसैगरी मध्य पश्चिम विश्वविद्यालय, सुदुर पश्चिम विश्वविद्यालय, कृषि तथा बन विज्ञान विश्वविद्यालय लगायतका विश्ववद्यालय सहित प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरुको स्थापना यस अवधीका महत्वपुर्ण उपलव्धीहरु हुन् ।

नेपालको अन्तरिम सविधान २०६३ मा कानुनमा उल्लेख भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्ने भन्ने व्यवस्था गरिएको थियो भने नेपालको संविधानले आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको मौलिक हकको व्यवस्था गरेको छ । विद्यालय तहको शिक्षाको जिम्मेवारी स्थानीय तहमा र उच्च शिक्षाको जिम्मेवारी प्रदेश र संघीय तहमा रहने व्यवस्था गरे वमोजिम संघीय कानुन वमोजिम प्रदेश र स्थानीय तहले आफ्ना जिम्मेवारीका विषयमा कानुन वनाई शैक्षिक व्यवस्थापन र नियमन गर्नुपर्नेछ । शिक्षामा जनआकाँक्षा वमोजिम सुधारको लागि हालको संवैधानिक व्यवस्था महत्वपूर्ण आधार बन्नसक्ने देखिन्छ । हालको शैक्षिक कार्यदिशाले शिक्षामा निजी क्षेत्रको भूमिका र सहभागितालाई राज्यको आवश्यकताबमोजिम नियमन गरी सेवामूलक बनाएर सामुदायिक शिक्षालाई गुणस्तरीय, समावेशी, समतामूलक बनाउँदै समाजवादउन्मुख आर्थिक सामाजिक रूपान्तरणको आधारका रूपमा स्थापित गर्ने संवैधानिक मार्गदर्शन गरेको छ । सङ्क्षेपमा वि.सं. २०४९ देखि २०७५ सम्मको अवधिमा नेपालको शिक्षामा परिमाणात्मक पक्षमा पर्याप्त विस्तार भए तापनि गुणात्मक रूपमा अपेक्षित लक्ष्य हासिल नगरेको देखिन्छ ।

परिच्छेद : ३

# शिक्षाको दुरदृष्टि, मार्गदर्शक सिद्धान्त र राष्ट्रिय उद्देश्य

## शिक्षाको दूरदृष्टि

शिक्षा देश विकासको पूर्वाधारको पनि पूर्वाधार हो । व्यक्तित्व विकासको संवाहक हो, सामाजिक आर्थिक रूपान्तरणको माध्यम हो । त्यसैले शिक्षाको विकास विश्वव्यापी साझा मुद्दा हो । नेपालको संविधानले पनि यही विषयलाई आत्मसात् गर्दै शिक्षालाई नागरिकको मौलिक हकको रूपमा उल्लेख गरेको छ । संवैधानिक हकको प्रत्याभूत गरी सबै नागरिकलाई सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न, दिगो विकासका लक्ष्य हासिल गर्न, नेपाललाई सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको रूपमा विकास गर्न, शिक्षालाई रोजगारमुखी बनाउन, गुणस्तरीय शिक्षामार्फत् समाजवादउन्मुख अर्थतन्त्रको विकास गर्न, सङ्घीय संरचनाअनुसार शिक्षा प्रणाली सञ्चालन गर्न तथा शिक्षाको विकासद्वारा सुशासन र समृद्धि प्राप्त गर्न समग्र शिक्षा प्रणालीमा परिवर्तन आवश्यक पर्दछ। उक्त परिवर्तनसहित शिक्षाको विकासद्वारा राष्ट्रको समृद्धि हासिल गर्न नेपालको शिक्षाको दूरदृष्टि तय गरिएको छ :

**"सामाजिक न्याय सहित सभ्य समुन्नत स्वस्थ जनशक्ति उत्पादन राष्ट्र निर्माणको दिशा !
व्यक्तिको सर्वाङ्गीण विकास र सामाजिक आर्थिक रूपान्तरण का लागि गुणस्तरीय शिक्षा !"**

उक्त दूरदृष्टि प्राप्तिका लागि निम्न नीतिगत व्यवस्थातर्फ नेपालको शिक्षा प्रणाली परिलक्षित हुने छः

१. सबैका लागि गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चतता भएको हुने छ । गुणस्तरीय शिक्षाका लागि शिक्षण संस्थाहरूको छनोट गर्नुपर्ने परिस्थिति आउने छैन । सबै तह र प्रकारका शिक्षण संस्थामा भौतिक पूर्वाधार र सिकाइ वातावरण विकास भएको हुने छ ।
२. मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक कारणले कुनै पनि बालबालिकाले बिचैमा पढाइ छोड्नुपर्ने अवस्था सिर्जना हुने छैन । नेपालमा सबै बालबालिकाले विद्यालय शिक्षा पुरा गरेका हुने छन् ।
३. सबै शिक्षण संस्थामा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध भएका हुने छन् । शिक्षण पेसा समाजमा उच्च सम्मानित पेसाका रूपमा स्थापित भएको हुने छ । उच्च योग्यता र सीप भएका मेधावी व्यक्तिहरू शिक्षण पेसामा आकर्षित भएका हुने छन् । शिक्षकको छनोट योग्यता र क्षमताको आधारमा निष्पक्ष तवरले गरिने छ ।
४. हरेक विद्यार्थी आफ्नो क्षमता र प्रतिभाको प्रस्फुटन र विकास गर्ने अवसर पाएका, स्वावलम्बी, सिकाइप्रति उत्प्रेरित तथा ज्ञान निर्माणमा संलग्न भएका हुने छन् । उनीहरू मानवीय मूल्यमान्यतामा प्रतिबद्ध, कर्तव्य र अधिकारप्रति सचेत, समालोचनात्मक चेतनायुक्त, समुदायमुखी, विवेकशील र नैतिकवान हुने छन् ।

५. जनसङ्ख्या, भूगोल र सामुदायिक आवश्यकताका आधारमा शिक्षण संस्थाहरू र सीप तथा प्रविधि विकास केन्द्रहरू स्थापना र सञ्चालन भएका हुने छन् । सबै शिक्षण संस्थाहरू आवश्यक पूर्वाधारको सुनिश्चिततासहित प्रभावकारी सिकाइ केन्द्रको रूपमा विकसित भएका हुने छन् ।

६. सबै प्रकारका अपाङ्गता भएका, विशेष आवश्यकता भएका र विविध कारणले सिकाइ क्षमता कमजोर भएका विद्यार्थीका लागि सिकाइका अवसर सुनिश्चित भएको हुने छ । अपाङ्गताको प्रकारअनुसार विशेष एवम् समावेशी शिक्षाको प्रबन्ध हुने छ ।

७. माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य भएको हुने छ । विद्यालय तह उत्तीर्ण गरेका हरेक विद्यार्थी आफ्नो क्षमता र प्रतिभा उजागर गरेका जीवनोपयोगी, रोजगारमूलक सीपयुक्त जनशक्ति हुने छन् ।

८. ज्ञान सिर्जना गर्न सक्ने विश्वविद्यालय स्तरको शिक्षा, रोजगारीमूलक प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर सुनिश्चित भएको हुने छ । रोजगारी र अध्ययनलाई सँगसँगै लैजाने व्यवस्था हुने छ । उच्च शिक्षाका विद्यार्थी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, आवश्यकताअनुरूप अध्ययन तथा अनुसन्धान गर्न सक्ने, अत्याधुनिक प्रविधि उपयोग गर्न सक्ने, दिगो विकासमा टेवा पुर्याउने र समूहमा मिलेर काम गर्ने दक्षता हासिल गरेका हुने छन् ।

९. समुदाय र शिक्षालयबीच समन्वय र सद्भाव कायम भई जीवन्त सम्बन्ध स्थापित भएको हुने छ । विद्यार्थीको सिकाइ प्रक्रियामा समुदायको सक्रिय सहभागिता र संलग्नता भएको हुने छ । सिकाइ केन्द्रको रूपमा शिक्षालयले स्थानीय तहमा रहेका रैथाने ज्ञान, सीपहरूको खोजी गरी तिनलाई आधुनिक ज्ञान र सीपसँग एकीकृत गरेका हुने छन् ।

१०. औपचारिक (Formal), अनौपचारिक (Non-formal), तथा अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशीलता र पारगम्यता (Mobility and Permiability) सुनिश्चित भएको हुने छ ।

११. राष्ट्रिय योग्यताको प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गरिने छ । तहगत रूपमा योग्यताको वर्गीकरण गरी प्राविधिकबाट साधारण र साधारण शिक्षाबाट प्राविधिक शिक्षा प्रवेश गर्ने ढोका खुला गरिने छ । औपचारिक शिक्षा पद्धतिभित्र नसमेटिएका व्यक्तिका लागि उनीहरूको परम्परागत सीप र ज्ञानमा आधारित अनुभवलाई शिक्षाको मूल धारमा आउन सक्ने गरी योग्यताको प्रारूपअनुरूप क्रेडिट स्थानान्तरण गर्ने व्यवस्था हुने छ ।

१२. प्रत्येक शैक्षिक संस्था भर्चुअल सिकाइ केन्द्रको रूपमा विकास भएको हुने छ । ज्ञानको सिर्जना तथा विस्तार र शिक्षण सिकाइमा अत्याधुनिक प्रविधिको प्रयोग भएको हुने छ ।

१३. युवा तथा वयस्कहरू व्यावसायिक तथा प्राविधिक शिक्षा एवम् सीपमूलक तालिमका माध्यमबाट दक्ष तथा उत्पादनशील जनशक्तिमा परिणत भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम भएका हुने छन् ।

१४. शैक्षिक गुणस्तर सुनिश्चित गर्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार भएका र प्रयोगमा आएका हुने छन् । गुणस्तरीय

शिक्षण सिकाइका लागि प्रतिस्पर्धात्मक गुणस्तरीय बहुपाठ्यपुस्तक नीति कार्यान्वयनमा आएको हुने छ । परीक्षा प्रणालीलाई ज्ञान र सीपको साथै अपेक्षित व्यवहारिक परिवर्तन परीक्षण गर्ने भरपर्दो साधनको रूपमा व्यवस्थित गरिएको हुने छ ।

१५. विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूलाई राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय विकाससँग आबद्ध गरी उच्च स्तरको मानव संसाधन विकास गर्न सक्ने उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विकास गरिएको हुने छ ।

१६. मुलुकको सङ्घीय संरचनाअनुकूल प्रादेशिक विविधतालाई सम्बोधन गर्ने गरी स्थानीय आवश्यकतामा आधारित शिक्षा पद्धतिले प्राथमिकता पाएको हुने छ । शिक्षा प्रणाली आर्थिक तथा सामाजिक रूपान्तरणको आधार हुनुका साथै सकारात्मक सोचयुक्त, देशप्रेम तथा विश्व बन्धुत्वको भावनाले प्रेरित, स्वावलम्बी, स्वस्थ तथा खुसी एवम् सुखी नागरिक उत्पादन गर्न सक्षम भएको हुने छ ।

**शिक्षाको मार्गदर्शक सिद्धान्तहरू**

नेपालको संविधानको प्रस्तावनाले लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समतामूलक तथा समाजवादउन्मुख समृद्ध समाज निर्माण गर्ने परिकल्पना गरेको छ । सार्वजनिक शिक्षाको संरचना, प्रक्रिया र चरित्रमा पनि तदनुकूल सुधार तथा परिवर्तन गर्नु आवश्यक भएको छ । राज्य प्रणालीले देशमा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद अन्त्य गर्दै समानता र सामाजिक न्याय स्थापना गर्ने अठोट गरेको परिप्रेक्ष्यमा शिक्षा स्वयम्भित्र रहेका यस्ता विभेदलाई निवारण गर्दै शिक्षालाई समाजमा रहेका विभेद अन्त्य गर्ने सशक्त माध्यमका रूपमा विकास गर्नु अपरिहार्य हुन गएको छ ।

संविधानको धारा ३१ मा उल्लेख भएबमोजिम प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुने छ । साथै उक्त धाराले अपाङ्ग, दलित र आर्थिक रूपले विपन्न नागरिकलाई उच्च शिक्षा समेत निःशुल्क हुने व्यवस्था गरेको छ । प्रत्येक बालबालिकाको प्रारम्भिक बाल विकासको हकसमेत सुरक्षित गरिएको छ । संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने माध्यमको रूपमा अङ्गीकार गरेको छ ।

नेपाली विशिष्टता, नेपालका मौलिक दर्शनका उपयोगी मान्यता, शिक्षाको विश्वव्यापी अवधारणा, समाजवादउन्मुख समावेशी लोकतन्त्रको प्रत्याभूति नेपालको शिक्षाको दार्शनिक आधार (Philosophical foundation) हुने छ ।

माथि उल्लेख गरिएका दार्शनिक आधार, संवैधानिक व्यवस्था र देशको ऐतिहासिक सांस्कृतिक धरोहर तथा राष्ट्रले लिएका सामाजिक आर्थिक विकासका लक्ष्यलाई समेत दृष्टिगत गरी नेपालको राष्ट्रिय शिक्षाका निम्नलिखित मार्गनिर्देशक सिद्धान्त प्रस्ताव गरिएको छ :

१. भौगोलिक, वर्गीय, जातीय पृष्ठभूमि, लिङ्ग,अपाङ्गता, भाषा एवम् संस्कृतिमा आधारित कुनै पनि प्रकारको भेदभावबिना सबैका लागि उच्च गुणस्तरको शिक्षामा पहुँच सुनिश्चित हुने स्थिति निर्माण गरिने छ । साथै विभिन्न पृष्ठभूमि भएका विद्यार्थीहरू एउटै विद्यालयमा मिलेर पढ्ने वातावरण सिर्जना गरिने छ ।

२. शिक्षा सार्वजनिक सेवा र हरेक नागरिकको मौलिक अधिकारको विषय भएकाले सबै तहका सरकारहरूले शिक्षामा पहिलो प्राथमिकताको लगानी गर्ने नीति अपनाउने छन् । शिक्षामा राज्यले लगानी अभिवृद्धि गर्दै शिक्षाको नाफामूलक व्यापारीकरणलाई नियमन गर्दै यसलाई गैरनाफामूलक एवम् सेवामूलक क्षेत्रका रूपमा रूपान्तरण गर्ने छ ।

३. शिक्षालाई उत्पादन र रोजगारीसँग सम्बद्ध गर्दै सङ्घ, प्रदेश, र स्थानीय तहको सर्वाङ्गीण तथा दिगो विकासको आवश्यकता परिपूर्ति गर्ने प्रमुख माध्यमका रूपमा अबलम्बन गरिने छ ।

४. सैद्धान्तिक र व्यावहारिक ज्ञानबिच हाल देखिएको दुरी अन्त्य गर्दै सबै तहको शिक्षाले व्यक्तिलाई स्वावलम्बी र जीवनोपयोगी सीपहरू सिकाउँदै सक्षम तथा आत्मनिर्भर बन्न जोड दिने छ ।

६. शिक्षालाई जीवनपर्यन्त चलिरहने प्रक्रियाका रूपमा विकास गर्दै सबै उमेरका मानिसहरूलाई विभिन्न माध्यमद्वारा जीवनभर सिकिरहने अवसर प्रदान गरिने छ । यसको निमित्त औपचारिक अनौपचारिक र अरीतिक शिक्षाबिचको अन्योन्याश्रित सम्बधलाई सुदृढ गरिने छ । अनौपचारिक र अरीतिक क्षेत्रका आर्जित ज्ञान तथा सीपहरूलाई खास संयन्त्रमार्फत् मापन गरेर आधिकारिक मान्यता दिने व्यवस्था गरिने छ ।

७. शिक्षाले हरेक समुदायको आफ्नो पहिचानप्रति सजग र गौरवशाली अनुभूत गराउँदै सबैको भाषा, धर्म तथा संस्कृतिलाई सम्मानजनक ढङ्गले स्वीकार गर्ने र विविधताको सम्मान गर्ने कुरा हरेक विद्यार्थीलाई सिकाउने छ । बहुभाषिक नीतिअनुरूप प्राथमिक तहमा आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने अवसर र अधिकार सुरक्षित गर्दै मातृभाषाहरू र अन्तर्राष्ट्रिय सम्पर्क भाषाहरू सिक्ने सिकाउने व्यवस्था गरिने छ ।

८. हरेक व्यक्तिमा कुशल सञ्चार सीप, सिर्जनात्मक क्षमता, अन्वेषणकारी, विवेकशील र समालोचनात्मक प्रवृत्ति, समस्या समाधान गर्न सक्ने तथा निर्णय लिन सक्ने क्षमता जस्ता उपयोगी सीप सिक्न सहयोग पुग्ने गरी शिक्षण, मूल्याङ्कन तथा परीक्षा प्रणालीमा अग्रगामी र रूपान्तरणकारी सुधार गरिने छ ।

**शिक्षाका राष्ट्रिय उद्देश्यहरु**

**"गुणस्तरीय शिक्षामा समान अवसर**
**सभ्य, समुन्नत र समृद्ध/सवल राष्ट्र निर्माणको आधार"**

उपरोक्त आदर्श वाक्य सहित नेपालको शिक्षाको राष्ट्रिय उद्देश्यहरु तपसील अनुसार निर्धारण गरिएको छ ।

१. व्यक्तिमा अन्तर्निहित गुण, क्षमता र प्रतिभाहरुको प्रस्फुटन गर्दै शारीरिक, मानसिक, आत्मिक, सामाजिक, सम्वेगात्मक तथा बौद्धिक आयामहरुको अभिवृद्धि गरी व्यक्तिको सर्बाङ्गिण बिकासमा टेवा पुऱ्याउनु ।
२. प्रत्येक व्यक्तिमा राष्ट्र र राष्ट्रियताप्रति निष्ठा, मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डताप्रति प्रतिवद्ध, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य-मान्यता, आफ्नो नागरिक अधिकार र कर्तब्य प्रति सजगता अभिबृद्धि गर्नु ।
३. व्यक्तिमा असल चरित्र, नैतिकता, स्व-अनुशासन, निष्पक्षता, सकारात्मक सोच, सहिष्णुता, समानुभुति, सदाचारिता, आत्मसंयम, धैर्यता, लगनशीलता, उत्तरदायित्वबोध, सेवाभाव, विश्वबन्धुत्वको भावना, स्वस्थ जीवन र रहनसहनप्रति प्रतिबद्धता जस्ता मानवीय गुणहरुको विकास गर्नु ।
४. श्रमप्रति आस्थावान, उत्पादनमुखी, सिर्जनशील, उद्यमशील, सिपयुक्त, र रोजगार उन्मुख मानव संसाधनको विकास गरी देशले लिएका आर्थिक-सामाजिक तथा दिगो बिकासका लक्ष्यहरु हासिल गर्न र मुलुकलाई समतामुलक तथा समृद्ध राष्ट्र बनाउन योगदान पुऱ्याउनु ।
५. प्रत्येक व्यक्तिलाई बैज्ञानिक दृष्टिकोण, आलोचनात्मक सोच, सृजनात्मकता, तार्किक क्षमता, निर्णय तथा नेतृत्व क्षमता, अनुकुलन क्षमता, समस्या समाधान गर्न सक्ने, बहुभाषामा संचार गर्न सक्ने र नवीनतम प्रविधिको उपयोग गर्न सक्ने क्षमता अभिवृद्धि गरी सहकार्य सीप, सामाजिक र सांस्कृतिक सीप जस्ता व्यवहार कुशल सिपयुक्त जनशक्तिको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्षम तुल्याउनु ।
६. व्यक्तिमा नेपालको मौलिक दर्शन, संस्कृति, भाषा, साहित्य, कला, इतिहास, जीवनशैली, आदर्श तथा वैशिष्ट्यहरूको अध्ययन, मनन र चिन्तनका साथै तिनीहरूको संरक्षण, सम्वर्धन र विस्तारतर्फ क्रियाशील रहने भावना जागृत गर्दै विश्व सभ्यता र संस्कृतिको समेत ज्ञान प्रवर्धन गर्नु ।
७. शिक्षाको बलियो आधार तयार गरी व्यक्तिलाई आजीवन सिकाइमा संलग्न हुन अभिप्रेरित गर्नु तथा जीवनमा आवश्यक ज्ञान र सीपलाई निरन्तर अद्यावधिक गर्न सक्षम बनाउनु ।
८. प्रत्येक व्यक्तिलाई नेपालको भौगोलिक, सांस्कृतिक, धार्मिक, जातीय, भाषिक बिबिधता प्रति सजग बनाउदै विभिन्न समुदाय, संस्कृति, भाषाहरु बीच श्रद्धा र समभाव सहित समाजमा शान्ति, सहिष्णुता र समझदारी विकास गर्नु ।
९. प्रत्येक व्यक्तिलाई प्राकृतिक सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र कुशल सदुपयोग गर्न, विपदको पहिचान, न्यूनीकरण र ब्यबस्थापन गर्न र आफ्नो जीवनशैली र ब्यबहारले प्रकृति र समुदायमा पार्न सक्ने प्रभाव प्रति सजग रही दिगो समाजको विकासमा सहभागी बनाउनु ।

परिच्छेद ४

# आधारभूत शिक्षा

## (क) प्रारम्भिक वालविकास र शिक्षा

### १. पृष्ठभूमि

गर्भदेखि आठ वर्षसम्मको उमेरलाई अन्तर्राष्ट्रिय स्तरमा प्रारम्भिक बालविकासको अवधि मानिन्छ । विकासात्मक मनोवैज्ञानिकहरूले जन्मपछिको पहिलो पन्ध्र दिनलाई नवजात अवस्था, पन्ध्रदिनपछि दुई वर्षसम्मको अवस्थालाई शैशव अवस्था र त्यसपछि दुई वर्षदेखि ५/६ वर्षको अवस्थालाई पूर्ववाल्यवस्था मानेका छन् । बालविकासका दृष्टिले गर्भावस्थादेखि आठ वर्षसम्मकै अवधि सबैभन्दा संवेदनशील मानिएको छ । यो उमेर समूहका बालबालिकाको मनोसामाजिक विकासका आधारमा यिनीहरूको सिक्ने तरिका समान हुन्छ । यस उमेरमा बालबालिकाहरूले सामग्रीको प्रयोग गरेर, खोज तथा अन्वेषण गरेर ज्ञानेन्द्रियहरूको प्रयोग गर्दै सिक्दछन् । यसका लागि उनीहरूलाई सुरक्षित र उत्प्रेरणामूलक वातावरणको आवश्यकता पर्दछ । बालबालिकाको मष्तिष्क र स्नायु प्रणालीको विकासको अध्ययन गर्दा बालबालिकाको मष्तिष्क पहिलो तीन वर्षसम्म अति नै तीव्र रूपमा विकास भएको हुन्छ र ५ वर्षसम्मको उमेरमा दिमागको ९० प्रतिशत विकास हुन्छ । यस अवस्थामा विकास हुने मष्तिष्कसँग सिङ्गो जीवनको आधार हुने भएकाले यस अवस्थामा उनीहरूलाई पोषणयुक्त खाना, स्वास्थ्य, सरसफाइ, अन्तरक्रियात्मक वातावरण तथा वात्सल्यमयी व्यवहार जस्ता सुरक्षात्मक तत्त्वहरूको आवश्यकता रहेको हुन्छ । यो उमेर जीवनभरिको विकासको पूर्वाधार र भविष्यको शैक्षिक सफलताको आधार हो ।

मानिस जन्मँदा प्राकृतिक रूपमा समान हुने र उसको परिवारको सामाजिक र आर्थिक अवस्थाका कारणले विभेद हुन सक्ने अर्को महत्त्वपूर्ण पक्ष हो । त्यसैले आधुनिक राज्य व्यवस्थामा समान अवसरको बालविकासको प्रयास गरिएको हुन्छ । प्रारम्भिक बाल्यावस्थामा पाउने विभिन्न प्रकारका अनुभवहरू, समस्या र चुनौतीहरूले उनीहरूको जीवन पर्यन्त हुने विकास र सिकाइमा प्रत्यक्ष असर पार्दछ । प्रारम्भिक बालविकासको अवसरले बालबालिकाको शैक्षिक सफलता, स्वस्थ जीवन अनि दीर्घकालीन सिकाइ अवसरहरूका लागि पूर्वाधार तयार गर्दछ । यस समयमा बालबालिकामा आत्मविश्वास, आत्मसम्मान, आत्मनियन्त्रण, सकारात्मक सम्बन्ध, ज्ञानको प्रवर्धन र सीपको विकास जस्ता पक्षहरूको विकास हुने हुन्छ । यस अवस्थाका हरेक बालबालिकाका व्यक्तिगत स्नायुप्रणालीमा, शिक्षक, हेरालु वा अभिभावकसँगको सम्बन्ध, शारीरिक स्वास्थ्य र पोषणयुक्त खानाको अवसर तथा मनोसामाजिक अवसरले प्रभावित गरिरहेको हुन्छ ।

अष्टाबक्र, प्रह्लाद र अभिमन्युका पौराणिक कथाले गर्भस्थ शिशुले पनि सुन्न सक्छ र प्रतिक्रिया दिन सक्छ भन्ने कुरा पूर्वीय संस्कारमा स्थापित छ । वातावरणसँग जन्मको सम्बन्ध रहने कुरा विज्ञानले समेत स्विकारेकाले यस कुरामा थप बल मिलेको छ । वंशाणुगत गुण र बाह्य वातावरणसँगको

निरन्तर अन्तरक्रियाले बालबालिकाहरूलाई सिकाइका लागि तयारी गर्दै भविष्यमा पाइने शैक्षिक सफलता, राम्रो स्वास्थ्य र शारीरिक अवस्थालाई निर्धारण गर्दछ ।

## २. नेपालमा प्रारम्भिक बालविकासको ऐतिहासिक विकास

औपचारिक शिक्षाको तयारीका लागि र सर्वाङ्गीण बालविकासमा सघाउने अभिप्रायले बालविकासको क्षेत्रमा विभिन्न प्रयासहरु भएका छन् । प्राथमिक शिक्षामा सहभागी गराउनुपूर्व बालबालिकाको हेरविचार र तयारीको उद्देश्यले वि.सं २००६ मा पहिलोपटक काठमाडौंमा मन्टेश्वरी स्कुलको स्थापना गरिएको थियो । वि.सं २०२१ मा नेपाल बालसङ्गठनको स्थापना भएपछि जिल्ला जिल्लामा प्रारम्भिक बालविकासका कार्यक्रमहरू बालमन्दिरमार्फत् सुरु भएका थिए । बालबालिकाहरूलाई कुपोषणबाट बचाउने उद्देश्यले वि.सं २०२६ सालमा विश्व खाद्य कार्यक्रमले देशका ३४ जिल्लामा पोषण कार्यक्रम सञ्चालन गरेको थियो ।६ वर्षमुनिका बालबालिकाका लागि सातौं योजनाले स्पष्ट सम्बोधन गरेको थियो । वि.सं २०४७ मा शिशु कक्षा कार्यक्रमका लागि सुर्खेतमा शिक्षक तालिम आयोजना भएको थियो ।

प्राथमिक शिक्षा परियोजनाको अवधिमा शिशु कक्षा केन्द्र खोलिए पनि परियोजना समाप्त हुने बेलासम्ममा त्यसको सङ्ख्या करिब ८०० को हाराहारीमा थियो । वि.सं २०५६ मा शिक्षा विभागको स्थापना भएर विभागभित्र प्रारम्भमा शिशु शाखा र पछि प्रारम्भिक बालविकास शाखामा रूपान्तरण भएपछि प्रारम्भिक बालविकास विस्तारको कार्यक्रमले गति लिएको देखिन्छ । वि.सं २०६१ मा बनेको प्रारम्भिक बालविकास रणनीति पत्र र वि.सं २०६२ मा बनेको प्रारम्भिक बालविकास पाठ्यक्रम (दिग्दर्शन) र वि.सं २०६५ मा विकास भएको प्रारम्भिक बालविकासको राष्ट्रिय न्यूनतम मापदण्ड यस क्षेत्रमा विकास गरिएका महत्त्वपूर्ण दस्ताबेज र प्रयासहरू हुन् ।

सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनामा सन् २०१५ सम्ममा देशभरि ७४ हजार बालविकास केन्द्र खोल्ने महत्त्वाकाङ्क्षी नीति लिइएको थियो । उक्त कार्ययोजनाले प्रारम्भिक बालविकास केन्द्रमा ३ र ४ वर्षका बालबालिकालाई समेट्ने गरी कार्यक्रम सञ्चालन गरेको थियो । वि.सं २०६६ मा आरम्भ भएको विद्यालय क्षेत्र सुधार कार्यक्रममा बालविकास केन्द्रलाई एक वर्षे (४ वर्षको उमेर) बनाएको र सोही कुरालाई विद्यालय क्षेत्र विकास कार्यक्रम २०७४ ले पनि निरन्तरता दिएको छ । संयुक्त राष्ट्र सङ्घद्वारा जारी दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा सबै बालक र बालिकाको गुणस्तरीय प्रारम्भिक बालविकास र हेरचाहको सुविधा विस्तार गरी प्राथमिक शिक्षाका लागि तयार पार्ने भन्ने कुरा उल्लेख छ । बालसहभागिता, बालवचावट, बालअधिकार र बाल संरक्षणजस्ता अन्तर्राष्ट्रिय बालअधिकारसम्बन्धी महासन्धिमा उल्लिखित बालअधिकारका पक्षलाई कार्यान्वयन गर्ने कुरा प्रारम्भिक बालविकाससँग पनि जोडिएको पक्ष हो । नेपालको संविधानमा प्रारम्भिक बालविकासलाई बालबालिकाहरूको हकमा रूपमा व्याख्या गरिएपछि यसले थप महत्त्व पाएको छ ।

## ३. विगतका शिक्षा आयोगका सिफारिसमा प्रारम्भिक बाल विकास

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ को प्रतिवेदनले पूर्वपाथमिक तह खोल्नुपर्ने सुझाव दिएको थियो । वि.सं २०१८ को सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले पूर्वपाथमिक तहलाई विशेष जोड दिएको थियो । यसले प्राथमिक शिक्षा ५ वर्षको र उमेर नाघेपछि मात्र सुरु गरिन्छ भनिएकाले पूर्वप्राथमिक शिक्षालयका लागि पनि सरकार र जनताको तर्फबाट सकेको प्रबन्ध हुनु आवश्यक छ, उपयुक्त खेलकुद र मनोरञ्जनको व्यवस्थासहितका बालउद्यान प्रत्येक सहरको प्रत्येक टोलमा र प्रत्येक गाउँमा कममा कम १/१ ओटाका दरले हुनु बाञ्छनीय छ भनि सुझाव दिएको थियो । राष्ट्रिय शिक्षा आयोग २०४९ ले प्राथमिक विद्यालय जाने उमेर नपुगेका तर ४ वर्ष उमेर पुगेमा बालबालिकालाई अभिभावकहरूसँग केही शुल्क लिई पूर्वप्राथमिक शिक्षा दिने सुझाव दिएको थियो ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले पूर्वप्राथमिक शिक्षालाई विद्यालयीय शिक्षाको संरचनासँग एकीकृत गर्ने, यस तहको अवधि एक वर्षको हुनुपर्ने र यसमा प्राथमिक विद्यालयमा जाने उमेर नपुगेका तर ४ वर्ष उमेर पुगेका बालबालिकाहरूलाई प्रवेशका निमित्त योग्य मान्नुपर्ने सुझाव दिएको थियो । यस आयोगले पूर्वप्राथमिक शिक्षालाई विकासात्मक क्रियाकलाप र कक्षा १ को तयारीकै रूपमा लिनुपर्ने र यसको सञ्चालनमा बहुपक्षीय साझेदारीको परिकल्पना गरी सुझाव दिएको पाइन्छ । वि.सं २०५८ मा गठित शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदनमा दुई वर्षे शिशु विकास कार्यक्रम सञ्चालन गर्ने र उक्त कार्यक्रमका लागि सम्बन्धित गाउँ विकास समिति र नगरपालिकामा एकमुष्ट अनुदान पठाउने सुझाव दिइएको देखिन्छ ।

## ४. विद्यमान अवस्था र विश्लेषण

नेपालको संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुने, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने जस्ता विषयवस्तुलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । वर्तमान संवैधानिक प्रावधानअनुसार माध्यमिक शिक्षासम्मको व्यवस्थापन तथा सञ्चालनको अधिकार स्थानीय तहमा निहित छ ।

प्रारम्भिक बालविकाससम्बन्धी रणनीति पत्र, २०६१ ले नेपालमा विभिन्न नामबाट सञ्चालित प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू (जस्तैः नर्सरी, किन्डरगार्टेन, बालविकास केन्द्रहरू) जुनसुकै नामबाट सञ्चालन भएका भए तापनि सबै कार्यक्रमहरूले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू प्रदान गर्नुपर्छ भन्ने कुरा किटान गरेको छ । यसले विभन्न तहमा बालबालिकासँग सम्बन्धित सेवा प्रदायकहरूका बिचमा आपसी स्रोत साधनहरूको परिचालन गर्न समन्वय गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

शिक्षा ऐनको आठौं संशोधनमार्फत् राज्यले चार वर्ष पूरा भएका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा अनिवार्य प्रदान गर्ने प्रतिबद्धता जनाएको छ । विद्यालय क्षेत्र

विकास योजनाले एक वर्षको प्रारम्भिक बालशिक्षा तथा विकासलाई आधारभूत शिक्षाको एउटा अङ्गको रूपमा व्यवस्थित गर्ने कुरा उल्लेख छ । सो दस्तावेजले अभिभावक शिक्षालाई एउटा मुख्य रणनीतिका रूपमा लिई समुदायको बालविकास केन्द्र र बालबालिकाहरूको शिक्षामा संलग्नता बढाउने योजना राखेको देखिन्छ । यसले प्रारम्भिक बालशिक्षा तथा बालविकास केन्द्रमा कार्यरत बालशिक्षकहरूको न्यूनतम योग्यता बढाउने र पेशागत उन्नति गर्ने योजना बनाएको भए तापनि सो अनुसार हुन सकेको छैन ।

हाल नेपालमा ३६५६८ ओटा बालविकास केन्द्रहरू (फ्लास रिपोर्ट २०७४, शिक्षा विभाग) सञ्चालनमा छन् । जसमध्ये शिक्षा मन्त्रालयमार्फत् (सामुदायिक विद्यालय र समुदायमा आधारित केन्द्रहरू) ३०४४८ वटा छन् भने ६१२० वटा संस्थागत विद्यालयद्वारा सञ्चालित छन् (शिक्षा विभाग, २०७४) । हाल बालविकास केन्द्रमा बालबालिकाको कूल भर्ना दर ८४.१ प्रतिशत रहेको छ । हाल ६६.३ प्रतिशत बालबालिकाहरू (शिक्षा विभाग २०७४) बालविकास कार्यक्रमको अनुभूतिसहित कक्षा १ मा प्रवेश गरेको देखिन्छ । प्रारम्भिक बालविकासको अनुभव लिएर कक्षा १ मा प्रवेश गरेका बालबालिकाको शैक्षिक उपलब्धि दर बढी हुने गरेको र माथिल्ला कक्षामा उनीहरू सधैं सक्रिय रहने गरेको सरोकारवालाहरु व्यक्त गर्दछन् । यस हिसाबले बालविकास केन्द्रको पहुँच सबै बालबालिकामा विस्तार गर्नु आवश्यक देखिएको छ । तर उल्लिखित तथ्याङ्कले अझै सालाखाला १६ प्रतिशत बालबालिका सो अवसरबाट वञ्चित छन् भन्ने देखाउँछ । यस समूहमा विशेष गरी दुर्गम क्षेत्रका, आर्थिक र समाजिक रूपमा पछाडि परेका दलित तथा जनजातिका बालबालिकाहरू बढी मात्रामा देखिन्छन् ।

सार्वजनिक विद्यालयमा चार वर्ष उमेर पुगेकालाई एक वर्षे बालविकास कार्यक्रम सञ्चालित छन् । संस्थागत विद्यालयहरूमा शिशु स्याहार (Day Care Center, Play School), मन्टेश्वरी, नर्सरी र किन्डरगार्टेन कार्यक्रमहरू चल्ने गरेका छन् । जुनसुकै नामबाट सञ्चालन भएका भए पनि सबै कार्यक्रमहरूले बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू प्रदान गर्न सकेका छैनन् । यस्ता फरक फरक प्रकारका कार्यक्रम कसरी चलेका छन्, ती कार्यक्रमका पाठ्यक्रम तथा मापदण्ड के हुन् भन्ने विषयमा ध्यान पुगेको देखिँदैन । सामुदायिक विद्यालय तथा समुदायमा नेपाल सरकार, शिक्षा मन्त्रालयको अनुदानबाट सञ्चालित बालविकास केन्द्रहरूका लागि निश्चित पाठ्यक्रम र व्यवस्थापनका लागि न्यूनतम मापदण्डको व्यवस्था गरिएको छ । चार वर्ष उमेर नपुगेका बालबालिकाको सर्वाङ्गीण विकासका लागि यी कुरा पर्याप्त छैनन् ।

बालविकास केन्द्रमा सहजीकरण गर्ने बालशिक्षकहरू अधिकांश स्थानीय महिला हुनु सकारात्मक एवम् सबल पक्ष हो । यसले स्थानीय भाषाको प्रयोगमा निकै बल पुऱ्याउँछ तर पनि अझै यस्ता कतिपय स्थानहरू छन्, जहाँ फरक मातृभाषी सहजकर्ताबाट केन्द्रमा सहजीकरण हुने गरेको छ र बालबालिकामा समस्या देखिएका छन् । विकसित सामग्रीहरू फरक फरक भाषामा विकास गर्ने कुरा उत्तिकै जटिल छ । स्थानीय भाषा एकै नभएर फरक फरक समूह भएको स्थानमा मातृभाषामा सिकाइ गर्ने कुरा निकै कठिन छ ।

संविधानतः प्रारम्भिक बालविकास तथा शिक्षा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको भएको सन्दर्भमा नीतिगत, सङ्गठनात्मक र कार्यक्रमगत अलमल देखिएको छ । त्यसै गरी भौतिक पूर्वाधारहरू ज्यादै कमजोर हुनु, बालबालिकाको सर्वाङ्गीण विकासभन्दा औपचारिक रूपमा पढाउने र जाँच लिने पक्ष, निर्धारित राष्ट्रिय न्यूनतम मापदण्ड, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, अभिभावक शिक्षाको प्याकेज र प्रारम्भिक बालविकासको पाठ्यक्रम कार्यान्वयन पक्ष फितलो हुँदा गुणस्तरको पक्ष निकै कमजोर देखिएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा ८ वर्षको उमेरसम्म मष्तिष्क निर्माणको संवेदनशील उमेर भएको अध्ययन अनुसन्धानबाट पुष्टि भइसकेको सन्दर्भमा यस उमेर समूहका बालबालिकालाई अनौपचारिक शिक्षाको माध्यमबाट सिकाइ तथा विकासको अवसर प्रदान गर्ने प्रावधान रहेको पाइन्छ । नेपालमा पनि हाल ४ देखि ८ वर्ष उमेर समूहका बालबालिकालाई एकिकृत पाठ्यक्रम र बालमैत्री शिक्षण विधिबाट सिकाइ गर्ने प्रक्रियाको सुरुवात भएको सन्दर्भमा यसलाई बालविकासको उमेरको रूपमा मानी शिक्षा, स्वास्थ्य, पोषण र उत्प्रेरणालाई एकीकृत रूपमा लैजान ढिला भइसकेको छ ।

प्रारम्भिक बालविकासको हक सुनिश्चित गर्ने र प्रारम्भिक बालविकास केन्द्रको अवसर प्रदान गरी सिकाइको जग बसाउने तथा सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने कार्यमा देहायअनुसारका चुनौती र समस्याहरू रहेका देखिन्छन् ।

## ५. समस्या तथा चुनौतीहरु

- प्रारम्भिक बालविकासको अवस्थाका बालबालिकाको खेलकुद, मनोरञ्जन तथा प्राकृतिक सामाजिक अन्तरक्रियाको पक्षलाई सबलीकरण गर्ने गरी उचित वातावरणको प्रबन्ध गर्नु
- चार वर्षमुनिका बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक व्यवस्था गर्नु
- आवश्यकताअनुसार नक्शाङ्कनका आधारमा बालविकास केन्द्रहरूको व्यवस्थापन गर्नु
- बालिका, अपाङ्गता भएका बालबालिका, जेलमा रहेका बालबालिका, अनाथ (टुहुरा) बालबालिका, सडक बालबालिका तथा अन्य जोखिममा रहेका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्रको सेवा अवसर प्रदान गर्नु
- प्रारम्भिक बालविकास केन्द्रका क्रियाकलापलाई बालबालिकाकै मातृभाषामा सिक्न सिकाउन उपयुक्त व्यवस्था गर्नु
- सबै प्रकारका विद्यालय तथा समुदायमा सञ्चालित पूर्वप्राथमिक र प्रारम्भिक बालविकास केन्द्रबिच समय र पाठ्यक्रम कार्यान्वयनको सम्बन्धमा समन्वय तथा एकरूपता कायम गर्नु
- प्रारम्भिक बालविकास केन्द्रमा उपयुक्त योग्यता भएका शिक्षक (सहजकर्ताको) को व्यवस्था (योग्यता किटान, नियुक्ति, सेवा सर्त सुविधा र तालिम) गर्नु र टिकाइराख्नु
- न्यूनतम मापदण्ड, सिकाइ विकास मापदण्ड तथा अन्य दस्ताबेजहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- शिशु स्याहार, मन्टेश्वरी, नर्सरी केजी आदि नामबाट सञ्चालित विभिन्न नामका केन्द्रका क्रियाकलापको व्यवस्थापन, अनुगमन र नियमनलाई प्रभावकारी बनाउनु

- प्रारम्भिक बालविकास र प्रारम्भिक बालविकास केन्द्रको पाठ्यक्रम तथा सामाग्री (सर्वाङ्गीण विकासका लागि) को व्यवस्था गर्नु
- प्रारम्भिक बालविकासको व्यवस्थापन र सञ्चालनका लागि सरकारका तीनै तह र सरोकार राख्ने अन्तरमन्त्रालयको समन्वयात्मक भूमिका र क्षमता अभिवृद्धि गर्नु
- प्रारम्भिक बालविकास केन्द्रका क्रियाकलाप र शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासको मर्मअनुसार सञ्चालन गर्नु
- प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा र सिकाइका सम्बन्धमा अभिभावक जागरण गर्नु

### ६. नीतिगत सुझावहरू

- परम्परादेखि प्रचलनमा रहेका बालसंरक्षण र हेरविचारका सामाजिक परम्परालाई कायम राख्दै थप उन्नत बनाउन र सर्वाङ्गीण विकासमा नपुग भएका क्रियाकलापलाई अपनाउन अभिभावकहरूलाई प्रेरित गर्ने गरी स्थानीय तहका शिक्षा, स्वास्थ्य, सुरक्षालगायतका निकायहरूको संयुक्त सहभागिताबाटै अभिभावक जागरण कार्यक्रम सञ्चालन गर्ने,
- गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य तथा हेरचाहका लागि स्थानीय सरकारमार्फत् घरघरकै पहिचान र सेवा दिने व्यवस्था मिलाउने । यसप्रकारको सेवाबाट गर्भवती महिलाले पाउनुपर्ने हेरविचार र खाना तथा पोषण र उपयुक्त वातावरण भएनभएको सुनिश्चित गर्दै सुधारका लागि कार्य गर्ने । यसप्रकारको सेवाबाट बालबालिकामा कुनै प्रकारका अपाङ्गता वा जटिल रोग भए तीनको पहिचान गरी बेलैमा उपचारात्मक प्रकिया अपनाउन सघाउने नीति बनाउने,
- स्थानीय सरकारले प्रत्येक वडा तथा टोलमा बालबालिकाहरूलाई खेलाउन लैजान मिल्ने बालउद्यान बनाई त्यस्ता उद्यानमा विभिन्न प्रकारका खेलका सामग्रीहरू उपलब्ध हुने व्यवस्था मिलाउने,
- दैनिक काममा व्यस्त भई बालबालिकाका हेरविचार गर्न नभ्याउने घरपरिवारका बालबालिकाका लागि स्थानीय सरकारको अनुमति लिएर तोकिएको मापदण्ड पालना गर्ने गरी सामुदायिक वा निजी तवरले बालहेरचाह केन्द्र खोल्न सक्ने व्यवस्था गर्ने । यस्ता केन्द्र अथवा गृहहरूमा पढाउन नपाइने सर्त तथा बालबालिकाका सुरक्षा, पोषण, खेलसामग्री र स्थान, शयन कक्ष, घर अथवा कोठाको अनुकूलता र हेरविचार गर्ने व्यक्तिको योग्यता र क्षमता आदि विषय अनिवार्य रूपमा मापदण्डमा उल्लेख गर्ने
- निम्न आय भएका समुदाय र दुर्गम क्षेत्रका बालबालिकाका लागि निशुल्क बाल हेरचाह केन्द्र सेवा प्रदान गर्ने
- कामकाजी घरपरिवारका चार वर्षमुनिका बालबालिकाका लागि खोलिने हेरचाह तथा दिवा स्याहार केन्द्रका लागि आवश्यक पर्ने मापदण्ड निर्धारण गर्न बालविकास परिषद् स्थापना गर्ने, बालविकास परिषद्ले प्रारम्भिक बालविकास समितिलाई सहजीकरण वा मार्गनिर्देश गर्ने
- स्थानीय सरकारले यस्ता केन्द्रहरूका लागि द्विपक्षीय तथा बहुपक्षीय सहयोग परिचालन गर्ने । तोकिएको मापदण्ड पालन भएनभएको कडाइका साथ कम्तीमा एक हप्तामा एकपटक अनुगमन गर्ने

**बालविकास केन्द्रको व्यवस्थासम्बन्धी सुझावहरू**

- दुर्गम, पिछडिएका र सिमान्तकृत समूहका बालबालिकाहरूलाई सम्बोधन हुने गरी हालको बालविकास केन्द्रको नक्साङ्कन गरी पुनर्वितरण गर्ने । स्थानीय सरकारले गर्ने यस कार्यमा प्रदेश सरकार र आवश्यक पर्दा संघ सरकारले सहजीकरणको भूमिका निर्वाह गर्ने ।
- दरबन्दी प्राप्त गर्नुपर्ने कारणसहित नयाँ बालविकास केन्द्र स्थापना गर्न चाहेमा स्थानीय सरकारले सङ्घीय सरकारको स्वीकृतिमा मात्र त्यस्ता केन्द्र स्थापना गर्ने तर आफ्नै स्रोतमा सञ्चालन गर्न स्वीकृति लिइरहन नपर्ने । तोकिएको योग्यतावाहक शिक्षक तथा भौतिक पूर्वाधारविना केन्द्र स्थापना तथा विस्तार गर्न नपाइने व्यवस्था गर्ने ।
- प्रति बालविकास केन्द्र २० बालबालिका रहने गरी केन्द्र वितरण तथा स्थापना गर्ने तर हिमाली क्षेत्रमा १० बालबालिकालाई न्यूनतम सङ्ख्या मान्न सकिने । बालविकास केन्द्रहरूको स्थापनाको जिम्मेवारी स्थानीय सरकारले लिने ।
- बालिका, अपाङ्गता भएका बालबालिका, आमाबुवा नभएका बालबालिका, सडक बालबालिका तथा अन्य जोखिममा रहेका बालबालिकालाई सम्बोधन गर्ने विशेष नीति तथा कार्यक्रम सरकारका तीनै तहमा विकास गर्ने ।सोही अनुसारको पुर्वाधार र सामाग्रीको व्यवस्था गर्ने ।
- मातृभाषामा सिक्न सिकाउन पाउने अवस्थाका लागि स्थानीय तहमा योजना निर्माण र कार्यान्वयनको व्यवस्था गर्ने । मिश्रित भाषी समूह भएका स्थानमा अभिभावक तथा स्थानीय विज्ञ वा बुद्धिजीवीको सहयोगमा केन्द्रका क्रियालाप सञ्चालन गर्ने गराउने ।
- मातृभाषामा सिकाइ गर्ने वातावरण मिलाउन स्थानीय तहमा नै सोही भाषा जान्ने विज्ञको सहायताले आवश्यक सामग्री बनाउने कार्यलाई प्रोत्साहन गर्ने ।
- विद्यालयमा सञ्चालन गरिने प्रारम्भिक बालविकास केन्द्र विद्यालयको हाताभित्र तर अलग्गै भवन तथा भौतिक संरचनामा सञ्चालन गर्ने । विद्यालय पुग्न टाढा भएका कारण समुदायमा सञ्चालन गरिने बालविकास केन्द्रलाई नजिकको विद्यायलयको समन्वयमा समुदायमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुने बालबालिकाहरूले कुनै शुल्क तिर्नुनपर्ने तथा उनीहरूका लागि दिवा खाजाको व्यवस्था गर्ने ।
- सबै प्रकारका विद्यालयमा ४ वर्ष उमेर पुगेका बालबालिकाका लागि तोकिएको न्यूनतम मापदण्डको आधारमा एक वर्षे प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्ने ।
- बालविकास केन्द्रको शिक्षकको योग्यता हाललाई कक्षा बाह्र उत्तीर्ण वा सोसरह बनाउने र क्रमश: स्नातक तह उत्तीर्ण हुने व्यवस्था गर्ने । बालविकास शिक्षकहरूको पारिश्रमिक सेवा सुविधा नेपाल सरकारको सोही योग्यताअनुसार कार्यरत अन्य शिक्षकसरह बनाउने ।यस तहका शिक्षक छनोट गर्दा प्रयोगात्मक र लिखित दुबै प्रकारमा परीक्षा लिने व्यवस्था गर्ने ।
- हाल काम गरिरहेका बालविकास शिक्षकहरूको तोकिएअनुसार न्यूनतम योग्यता नपुग्ने भए उनीहरूलाई योग्यता वृद्धिको अवसर प्रदान गर्ने ।

- बालविकास शिक्षक बालमनोविज्ञान विषय वा प्रारम्भिक बालविकास विषय लिएर कक्षा बाह्र उत्तीर्ण गरी आधारभूत तालिम लिएको हुनुपर्ने । अन्य विषय लिएर बाह्र कक्षा उत्तीर्ण गरेकाको हकमा तालिममा बालविकास र बालमनोविज्ञानको थप विषय राखिनु पर्ने ।
- स्थानीय तहको सुपरीवेक्षण रोष्टरमा प्रारम्भिक बालविकासको क्रियाकलाप सहजीकरण तथा व्यवस्थापन गर्ने क्षमता तथा सीप भएका व्यक्तिलाई समावेश गर्ने ।बालविकास शिक्षकलाई निजको कार्यसम्पादनको आधारमा प्रत्येक वर्ष मूल्याङ्कन गरी पुरष्कृत गर्ने ।
- बालबालिकाको सरसफाइ, खाजा तथा अन्य कार्यमा सहयोग पुऱ्याउन एकजना सहयोगीको अनिवार्य व्यवस्था गर्ने
- भौतिक पूर्वाधारका लागि आधुनिक सूचना तथा सञ्चार प्रविधियुक्त न्यूनतम मापदण्ड बनाई सबै प्रकारका बालविकास केन्द्रहरूमा अनिवार्य लागु गर्ने । नयाँ बालविकास केन्द्र खोल्ने अनुमति दिँदा न्यूनतम मापदण्डलाई स्थापनाको पूर्वसर्त बनाउने ।
- केन्द्रले प्रारम्भिक बालविकास पाठ्यक्रमको सामान्य खाका अथवा स्वरूप स्पष्ट हुने गरी प्रारूप तयार गर्ने र सोही आधारमा स्थानीय तहमा सिकाइ गर्ने गरी स्थानीय विषयवस्तु समावेश भएको पाठ्यक्रम बनाउने ।
- प्रारम्भिक बालविकास केन्द्रका कक्षामा बालबालिकाले चित्र हेर्ने, पुस्तक पल्टाउने, रङ भर्ने, नमुनाहरू बनाउने जस्ता क्रियाकलाप गरुन् भन्ने उद्देश्यले आवश्क पुस्तक लेखन सामग्री, निर्माण सामग्री, खेल सामग्री तथा पूर्व साक्षरतालाई सघाउने सामग्रीहरूको व्यवस्था गर्ने
- सङ्घीय स्तरमा एक अधिकारसम्पन्न राष्ट्रिय बालविकास परिषद् गठन गर्ने । यसको समन्वयमा सबै सङ्घसंस्था, निकायहरू, शिक्षा मन्त्रालय र अन्य मन्त्रालयबिचमा समन्वयका लागि मापदण्ड तयार गर्ने । सोही प्रकारले प्रदेशमा प्रदेश स्तरीय बालविकास परिषद् र स्थानीय तहमा प्रारम्भिक बालविकास समिति गठन गर्ने
- प्रारम्भिक बालविकास परिषद्ले बालबालिकाको सर्वाङ्गीण विकासका लागि स्थानीय तहमा सङ्गठनात्मक संरचना र क्षमता विकास, अभिभावक शिक्षा, स्वास्थ्य सेवा, पोषण, आपत्कालीन सेवा जस्ता पक्षलाई सम्बोधन गर्न लगानी, स्रोतको परिचालन र व्यवस्थापनका पक्षमा पथ प्रदर्शन गर्ने ।
- प्रारम्भिक बालविकासका सम्बन्धमा अभिभावकलाई जागृत तुल्याउन स्थानीय तहबाटै अभिभावक शिक्षा कार्यक्रम गर्ने व्यवस्था मिलाउने
- बालविकास केन्द्रका लागि विद्यालय व्यवस्थापन समितिका कुनै सदस्यको संयोजकत्वमा अभिभावक तथा प्रारम्भिक बालविकास केन्द्रमा सहयोग गर्ने सहयोगीहरूसमेत रहने गरी केन्द्र व्यवस्थापन उपसमिति गठन गर्ने
- प्रारम्भिक बालविकास केन्द्रहरूको अनुगमन तथा निरीक्षणका लागि तहगत संयन्त्र विकास गर्ने । प्रारम्भिक बालविकास केन्द्रको सुपरिवेक्षण गर्न स्थानीय तहमा क्रियाशील हुने सुपरिवेक्षकको क्षमता विकास गर्ने तथा सुपरिवेक्षण रोस्टरमा प्रारम्भिक बालविकासको विषयमा विज्ञ व्यक्तिलाई समावेश गरी कार्य जिम्मेवारी दिने

## (ख) आधारभूत शिक्षा

### १ पृष्ठभूमि

मानवजीवन यापनका लागि चाहिने आधारभूत सीप र ज्ञान आर्जन गरी घरपरिवार तथा समुदायमा आफना कुरा अभिव्यक्त गर्न र समाजमा घुलमिल भई जीवनयापन गर्न सहज बनाउने शिक्षा नै आधारभूत शिक्षा हो । यस तहको शिक्षाले बालबालिकाको व्यवहारलाई परिवार तथा समाज अनुकूल बनाउने हुँदा व्यवहार निर्माण र सामाजिकीकरणका हिसाबले पनि यो महत्त्वपूर्ण अवधि हो । बालबालिकाको मष्तिष्क विकासलगायत सर्वाङ्गीण विकासको दृष्टिले पनि आधारभूत शिक्षा व्यक्तिको जीवन र माथिल्लो तहको शिक्षाको महत्त्वपूर्ण आधार हो । आफ्नो समुदाय र राष्ट्रको सक्रिय सदस्य र नागरिकका रुपमा चाहिने ज्ञान र सीप पनि यस तहको शिक्षाले प्रदान गर्दछ त्यसैले यस तहको शिक्षालाई विश्वव्यापी रूपमा सबैका लागि शिक्षा (२००० -२०१५), सहस्राब्दी विकासका लक्ष्य (२००० -२०१५) तथा दिगो विकासका लक्ष्यहरू (२०१५-२०३०) समेतले यसलाई उच्च महत्त्व दिएको पाइन्छ । नेपालले पनि यी विषयलाई उच्च महत्त्व दिँदै आएको छ ।

आधारभूत शिक्षाको अवधारणा, उद्देश्य तथा कार्यक्रममा विविधता पाइन्छ । शिक्षाको तहगत वर्गीकरणको अन्तर्राष्ट्रिय मापदण्डअनुसार औपचारिक शिक्षाको आठ वा नौ वर्षको अवधिलाई आधारभूत शिक्षाको तह मानिन्छ । यस तहको शिक्षालाई अन्तर्राष्ट्रिय रूपमा अनिवार्य शिक्षाको अवधि मानिन्छ ।आधारभूत शिक्षाको मुख्य उद्देश्य आधारभूत सिकाइ सीप र आधारभूत सिकाइ आवश्यकता पूर्ति गराउनु हो। आधारभूत शिक्षालाई माध्यमिक शिक्षाका लागि तयारी गर्न र आधारभूत जीवनोपयोगी शिक्षा प्रदान गर्ने अवधारणासँग जोड्नुपर्दछ । आधारभूत शिक्षा सबैका लागि अर्थपूर्ण जीवनोपयोगी ज्ञान, सीपको आर्जन गर्न सक्षम बनाउने हुनुपर्छ । यसले समाजमा शान्ति, सद्भाव, स्थिरता, प्रजातन्त्रको मूल्य मान्यतालाई बुझ्न सक्ने योग्य नागरिक तयार गर्नुपर्दछ । आधारभूत शिक्षाले गुणस्तरीय जीवन र समाजवादउन्मुख शिक्षा नीतिलाई सहयोग पुऱ्याउनुपर्छ ।आधारभूत शिक्षालाई जुनसुकै स्तरमा रहेका व्यक्तिको अन्तर्निहित क्षमतालाई पहिचान गर्ने अवसरका रूपमा लिनुपर्दछ ।

नेपालको संविधानले सबैको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गरिएको छ । सरकारले दिगो विकासका लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ । अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू र नेपालको संविधानको मर्म र भावनालाई दृष्टिगत गरेर विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२३) ले कक्षा १ देखि ८ लाई आधारभूत शिक्षाका रूपमा कार्यान्वयन गर्ने गरी योजना गरेको छ ।

### २. वर्तमान अवस्थाको विश्लेषण

नेपालमा प्रारम्भिक बालशिक्षादेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षाका रूपमा स्वीकार गरिएको छ । संविधानको धारा ३१ को उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा

पहुँचको हक हुने छ भनिएको छ । त्यसै गरी उपधारा २ मा यस्तो शिक्षा अनिवार्य र निःशुल्क हुने कुरा उल्लेख छ । उपधारा ४ मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकालाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ भन्ने कुरा उल्लेख छ । साविकको शिक्षा ऐनमा प्रारम्भिक बालशिक्षादेखि कक्षा ८ सम्मलाई आधारभूत शिक्षाको रूपमा लिइएको छ ।

## २.१. आधारभुत शिक्षामा पहुँचको अवस्था

तालिका नं १ः विद्यालय सङ्ख्या र भर्नाको अवस्था २०७४

| विद्यालयको प्रकार | प्राथमिक (१-५) | | | निमावि (६-८) | | | आधारभूत १-८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सबै सामुदायिक | १,७०४,६६६ | १,६०७,३९६ | ३,३१२,०६२ | ८०२,७२४ | ७४१,९३७ | १,५४४,६६१ | २,५०७,३९० | २,३४९,३३३ | ४,८५६,७२३ |
| संस्थागत | ३०४,६४८ | ३५३,३०६ | ६५७,९५४ | १४०,६८६ | १८१,३६९ | ३२२,०५५ | ४४५,३३४ | ५३४,६७५ | ९८०,००९ |
| जम्मा | २,००९,३१४ | १,९६०,७०२ | ३,९७०,०१६ | ९४३,४१० | ९२३,३०६ | १,८६६,७१६ | २,९५२,७२४ | २,८८४,००८ | ५,८३६,७३२ |

स्रोतः फ्ल्यास रिपोर्ट शिक्षा विभाग २०७४

शिक्षा विभागद्वारा २०७४ सालमा प्रकाशित तथ्याङ्कअनुसार आधारभूत तहमा (तालिका नं १) कुल ५८ लाख ३६ हजार ७ सय ३२ जना विद्यार्थी रहेका छन् । कुल सङ्ख्यामा सामुदायिक तर्फ ८३.२% र निजी विद्यालयतर्फ १६.७९% बालबालिकाले अध्ययन गरिरहेको देखिन्छ । विद्यालय भर्नाको विगत ६ वर्षको प्रवृत्तिलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा प्राथमिक तह र समग्र आधारभूत तहमा वार्षिक वृद्धिदर ऋणात्मक ( तालिका नं २ ) देखिन्छ अर्थात् प्रतिवर्ष बालबालिकाको सङ्ख्या घट्दै गएको देखिन्छ । आधारभूत तहमा यो १.८ प्रतिवर्ष ऋणात्मक (तालिका नं २) भएको देखिन्छ ।

तालिका नं २ः आधारभूत तहमा विद्यार्थी भर्नाको प्रवृत्ति

| तह | २०१२ | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | वार्षिक वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| प्राथमिक १- ५ | ४,५७६,६९३ | ४,४०१,७८० | ४,३३५,३५५ | ४,२६४,९४२ | ४,१३५,२५३ | ३,९७०,०१६ | -२.८ |
| निमावि ६-८ | १,८२३,१९२ | १,८२८,३५१ | १,८३५,३१३ | १,८६२,८७३ | १,८५९,३५९ | १,८६६,७१६ | ०.५ |
| आधारभूत १-८ | ६३९९८८५ | ६२३०१३१ | ६१७०६६८ | ६१२७८१५ | ५९९४६१२ | ५८३६७३२ | -१.८ |

स्रोतः फ्ल्यास प्रतिवेदन शिक्षा विभाग २०७४

शिक्षा विभाग (२०७४) को तथ्याङ्कअनुसार नेपालमा हाल ३५६०१ विद्यालयमध्ये ३५३९३ आधारभूत विद्यालयहरू छन् (तालिका १)। आधारभूत शिक्षामा धार्मिक विद्यालयतर्फ मदरसा सबैभन्दा बढी ९०७, गुम्बा/ विहार ११४ र आश्रम गुरुकुल १०० गरी ११२१ शैक्षिक संस्था रहेका छन् ।

तालिका नं ३ : विद्यमान धार्मिक विद्यालयहरूको विवरण

| धार्मिक विद्यालय | जम्मा सङ्ख्या एकाइमा | तहगत विद्यालय सङ्ख्या | | |
|---|---|---|---|---|
| | | प्राथमिक | निमावि | आधारभूत |
| मदरसा | ९०७ | ९०७ | ३३ | ९०७ |
| गुम्बा/बिहार | ११४ | ११४ | ११ | ११४ |
| आश्रम/ गुरुकुल | १०० | १०० | ३१ | १०० |
| जम्मा | ११२१ | १,१२१ | ७५ | १,१२१ |

धार्मिक प्रकृतिका परम्परागत शिक्षा प्रदान गर्ने विद्यालयहरू मूलप्रवाहीकरणका लागि सरकारी अनुदान जाने गरी व्यवस्थित गर्ने प्रयास गरिए पनि सिकाइको गुणस्तर तथा पाठ्यक्रमको पूर्ण कार्यान्वयनको अवस्थाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुन नसकेका गुनासाहरू सुनिन्छन् ।

२०७४ सालको तथ्याङ्कले त्यस वर्ष भर्ना भएका विद्यार्थीमध्ये सबैभन्दा बढी विद्यार्थी कक्षा १ (१६.१ %) मा रहेको देखिएको छ ।कक्षा १ देखि ८ सम्ममा कक्षा १ देखि ५ सम्मका बालबालिकाको प्रतिशत ६८ देखिन्छ । त्यसकारण सिकाइ क्रियाकलाप व्यवस्थापन तथा लगानीका क्रममा प्राथमिक तहमा ज्यादा ध्यान दिनुपर्ने देखिन्छ ।

### (क) पछिपरेका जनजातिको भर्ना र पहुँचको अवस्था

अत्यन्त विपन्न तथा पछिपरेका बनकरिया, बरामु, बोटे, चेपाङ, दनुवार, धानुक, हायु, झाँगड, किसान, कुसुन्डा, लाप्चा, माझी, मेचे, कुसबाडिया, राजी, राउटे, सतार ,सिंसा, सियार, सुरेल, थामी र थुनामको विद्यालय शिक्षामा सहभागिता अत्यन्त न्यून रहेको छ । प्राथमिक तहको कुल भर्नामा यी जातिका बालबालिकाहरूको अंश ०.८२ प्रतिशत र निम्नमाध्यमिक तहको कुल भर्नामा ०.६५ प्रतिशत मात्र रहेको तथ्याङ्क फ्ल्यास रिपोर्टमा उल्लिखित छ ।

### (ख) मुस्लिम र दलितहरूको पहुँचको अवस्था

शिक्षा विभागले सन् २०१७ मा विद्यालयबाहिर रहेका बालबालिकाका सम्बन्धमा बारा, पर्सा, महोत्तरी, रौतहट र सर्लाही गरी पाँच जिल्लामा सर्वेक्षण गरेको थियो । घरधुरीमा आधारित उक्त सर्भेक्षणले ३-४ वर्ष, ५-१२ वर्ष र १३-१६वर्ष गरी तीन समूहका बालबालिकाको तथ्याङ्क सङ्कलन गरेको थियो । उक्त सर्वेक्षणअनुसार ३-४ वर्ष समूहका १०९६२, (५-१३) वर्ष उमेर

समूहका ५८४९१ र (१३-१६) वर्षका ३०३८४ गरी कुल ९९८३७ बालबालिका विद्यालयबाहिर रहेको देखाएको थियो । विद्यालय जाने उमेर अर्थात् ५ देखि १२ वर्ष उमेर समूहको सङ्ख्या अधिक देखिनु र ५ देखि १६ वर्षसम्मका बालबालिकाहरूको सङ्ख्या ८८८७५ पाइनुले विद्यालयबाहिर रहेका बालबालिकाको भयावह चित्र प्रस्तुत गर्दछ । यसरी विद्यालयबाहिर रहने बालबालिकामा सबैभन्दा बढी मुस्लिम (४३.६%) र त्यसपछि दलितहरू (२६.८ %) भएको तथ्याङ्क पनि सर्भेक्षणले देखाएको थियो ।

### (ग) अपाङ्ग बालबालिकाको पहुँचको अवस्था

अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु राज्यको संवैधानिक दायित्व हो । नेपालको संविधानको धारा ३१ को उपधारा ३ र ४ ले यस सम्बन्धमा स्पष्ट किटान गरेको छ । अपाङ्गता भएका बालबालिकाको भर्ना प्रतिशत निकै कम अर्थात् १.१० प्रतिशत ( फ्ल्यास प्रतिवेदन २०७४) रहेको छ । यसले विद्यालयबाहिर रहेका बालबालिकामा अपाङ्गता भएका बालबालिकाको सङ्ख्या धेरै हुन सक्ने सङ्केत गर्दछ । आधारभूत तह कक्षा १-८ मा कुल ६३९४९ बालबालिका भर्ना भएको देखिन्छ जुन कुल भर्नामा १.१० प्रतिशत मात्र हो । अपाङ्गता निरपेक्ष प्रकारको मात्र नभएर फरक फरक हुने भएकाले बालबालिकालाई आधारभूत शिक्षाको हक प्रदान गर्न उनीहरूका आवश्यकता, रुचि, क्षमतालाई पहिचान गरी तदअनुरूप सिकाइ व्यवस्थापन गर्नुपर्ने भएकाले यो निकै चुनौतीपूर्ण देखिन्छ । विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकालाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नु चुनौतीपूर्ण छ । यस क्षेत्रमा कार्यरत शिक्षकहरूका पनि समस्या रहेका छन् । उनीहरूलाई अन्य आधारभूत विद्यालयका शिक्षकसरहको समकक्षता र सेवासुविधा प्रदान गर्नुपर्ने समस्या रहेका छन् ।

## २.२ शैक्षिक सक्षमता तथा गुणस्तरको अवस्था

शैक्षिक गुणस्तर आफैंमा एक सापेक्षित कुरा हो । यसको निरपेक्ष परिभाषा छैन । शैक्षिक उद्देश्य र यस क्षेत्रमा गरिएका लगानी तथा प्रक्रिया एवम् मापन गरिएका नतिजासँग तुलना गरेर समग्र शैक्षिक गुणस्तरको व्याख्या गरिन्छ । ब्यबस्थापन, शिक्षण स्तर, लगानी, बिद्धार्थिको टिकाउ दर, शैक्षिक उपलब्धि जस्ता मानक तथा शैक्षिक सूचकहरूबाट हेर्दा आधारभूत तहको शैक्षिक अवस्था त्यति उत्साहजनक देखिँदैन ।सन् १९९७ मा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले कक्षा ३ मा गरेको उपलब्धि स्तरको नतिजामा नेपाली विषयमा विद्यार्थीको औसत उपलब्धिस्तर ४५.५६ थियो । सन् २०१२ र २०१५ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट गरिएको उपलब्धि परीक्षणको नतिजा हेर्दा यस विषयमा क्रमशः ६२.६% र ५१.५% रहेको देखिन्छ । सन् २०१२ को तुलनामा उपलब्धि बढेको देखिए पनि सन् २०१५ ले पुन ह्रास आएको देखाउँछ । तथ्याङ्कले गणित विषयको उपलब्धि पनि सोही क्रममा बढ्दै पुनः ह्रासोन्मुख भएको देखाउँछ ।

तालिका नं ४ः विषयगत उपलब्धि

| विषय | २०१२ | २०१५ को औसत | उपलब्धि |
|---|---|---|---|
| गणित | ५९.४ (कुल १६८७४ विद्यार्थी) | ४५.३ (कुल १६३२७ विद्यार्थी) | ४५.५६ |
| नेपाली | ६२.६ (कुल १४४४७ विद्यार्थी) | ५१.५ (कुल १६७८९ विद्यार्थी) | ४३.८१ |
| सामाजिक | | | ५०.३९ |

स्रोतः शिक्षा विभाग, विद्यालय तथ्याङ्क, २०१७-१८

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा ५ का सम्बन्धमा गरेको परीक्षणको सन् २०१२ र सन् २०१५ को नतिजा अवलोकन गर्दा (तालिका नं ६) गणित, नेपाली र अङ्ग्रेजी तीनै विषयको उपलब्धिस्तर सन् २०१२ को तुलनामा ह्रासोन्मुख देखायो । शिक्षकले तालिम लिने दर बढेको छ । प्रधानाध्यापक व्यवस्थापनका विषयमा प्रशिक्षित हुने अवसर अझ धेरैले पाएका छन् । शैक्षिक गुणस्तरका विषयमा थप चिन्तन भएको छ । दिवा खाजालगायत छात्रवृत्तिका कुरा अघि बढेका छन् । यी सबै कुराको बाबजुद उपलब्धिस्तर अझै ह्रासोन्मुख देखिन्छ ।

तालिका नं ६: कक्षा ५ को औसत उपलब्धि दर

| विषय | २०१२को नतिजा (औसत उपलब्धि) | २०१५ को औसत उपलब्धि |
|---|---|---|
| गणित | ५३.३(कुल १२८७२ विद्यार्थी) | ४८.७ (कुल १३११३ विद्यार्थी) |
| नेपाली | ५९.७ (कुल १३४२६विद्यार्थी) | ४६.३ (कुल १६७८९ विद्यार्थी) |
| अङ्ग्रेजी | ५३.६(१३१२३) | ४६.८ (कुल १३१४६ विद्यार्थी) |

स्रोतः शिक्षा विभाग, विद्यालय तथ्याङ्क, २०१७-१८

कक्षा ८ को उपलब्धिस्तर (तालिका नं ७) हेर्दा पनि सन् २०११ मा गणित विषयमा औसत उपलब्धि ४३ रहेकामा सन् २०१३ मा ३५ मा, नेपाली ४९ बाट ४८ मा झरेको देखिन्छ । परीक्षणको यस नतिजाले हाम्रो शैक्षिक स्तर माथि गएको छ भन्ने आधार भेट्न सकिँदैन ।

तालिका नं ७: कक्षा ८ को औसत उपलब्धि दर

| विषय | २०११को नतिजा (औसत उपलब्धि) | २०१३ को औसत उपलब्धि |
|---|---|---|
| गणित | ४३ (कुल १६००६ विद्यार्थी) | ३५ (कुल १४३८४ विद्यार्थी) |
| नेपाली | ४९ (कुल १६३१९विद्यार्थी) | ४८ (कुल १४७५० विद्यार्थी) |

स्रोतः शिक्षा विभाग, विद्यालय तथ्याङ्क, २०१७-१८

### (क) भर्नादर र विद्यालय बाहिरको अवस्था

तालिका नं ८: भर्नादर र विद्यालयबाहिर रहेका बालबालिका

| भर्नादर सूचक | प्रतिशत | विद्यालय बाहिर |
|---|---|---|
| कक्षा एकको खुद भर्नादर | ९५.९ | ४.१ |
| कक्षा ५ को खुद भर्नादर | ९७.२ | २.८ |
| आधारभूत तहकक्षा(१ देखि ८) खुद भर्नादर | ९२.३ | ७.७ |
| **विद्यालयमा टिकाउ दर** | | |
| आधारभूत तहको शिक्षा पूरा गर्ने दर | ७०.७ | |

स्रोत : फ्ल्यास प्रतिवेदन २०७४

२०७४ सालको तथ्याङ्कलाई दृष्टिगत गर्दा नेपालमा प्राथमिक विद्यालय उमेरका ९७.२% र आधारभूत तहमा ९२.३% बालबालिका (तालिका नं ८) विद्यालय भर्ना भएको देखिन्छ । आधारभूत तहका करिब ८ प्रतिशत विद्यालय आउन बाँकी छन् । बालबालिका विद्यालयमा भर्ना भएर वा बिचैमा छोड्ने तथा कक्षा दोहोऱ्याउने अवस्थाले आधारभूत शिक्षाको मान्यतालाई कमजोर बनाएको छ । आधारभूत तहको टिकाउ दर करिब ७७.४% रहेको भए पनि ७०% ले मात्र यस तह पूरा गरेको तथ्याङ्कले देखाएको छ । यसबाट अझै विद्यालयबाहिर रहेका र विद्यालयमा प्रवेश गरेर पनि टिकाउ दर कम रहेको अवस्था देखाउँछ ।

तालिका नं ९: कक्षा १ र ८ का विद्यार्थीहरूको उत्तीर्ण र कक्षा छोड्ने दरको अवस्था

| कक्षा | समूह | २०७१ | | २०७२ | | २०७३ | | २०७४ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्तीर्ण | दोहोऱ्याउने | उत्तीर्ण | दोहोऱ्याउने | उत्तीर्ण | दोहोऱ्याउने | उत्तीर्ण | दोहोऱ्याउने |
| १ | छात्र | ७८.४ | ६.२ | ८१.१ | ४.९ | ८०.९ | ४.९ | ८२ | ४ |
| | छात्रा | ७८.३ | ६.७ | ८१.९ | ४.७ | ८०.९ | ४.७ | ८३ | ३.३ |
| | जम्मा | ७८.४ | ६.४ | ८१.५ | ४.८ | ८०.९ | ४.८ | ८२.५ | ३.६ |
| १-५ | जम्मा | ८६.७ | ४.२ | ८८.४ | ३.९ | ८८.२ | ४ | ८९.५ | ३.६ |
| ८ | छात्र | ८९.६ | ५.९ | ९०.८ | ५.२ | ८९.९ | ५.७ | ९०.३ | ५.६ |
| | छात्रा | ८९.३ | ६.१ | ९१ | ५.२ | ९०.१ | ५.७ | ९०.९ | ५.३ |
| | जम्मा | ८९.५ | ६ | ९०.९ | ५.२ | ९० | ५.७ | ९०.६ | ५.५ |
| ६-८ | जम्मा | ९०.१ | ५.३ | ९०.९ | ४.४ | ९०.७ | ४.९ | ९१.७ | ४.४ |

स्रोतः फ्ल्यास प्रतिवेदन २०७१, २०७२, २०७३ र २०७४, शिक्षा विभाग

चार वर्षको कक्षा उत्तीर्ण र कक्षा छोड्ने दरको प्रवृत्तिलाई हेर्दा कक्षा १-५ मा २०७१ सालमा ४.२ प्रतिशत रहेकोमा चार वर्षपछि यो ३.६ मा झरेको देखिन्छ । त्यस्तै कक्षा ६-८ मा २०७१

सालमा ५.३ रहेकामा चार वर्षपछि ०.९ प्रतिशत (तालिका नं ९) अङ्कले मात्र घटेर ४.४ प्रतिशतमा पुगेको देखिन्छ । २०७१ सालको तुलना गर्दा कक्षा छोड्ने दरमा चार वर्षसम्म पनि कुनै उल्लेख्य सुधार देखिँदैन । कक्षा उत्तीर्ण दरको अवस्था पनि स्थिर जस्तो देखिन्छ । कक्षा १ देखि ५ मा अझै कुल ३.६ (तालिका ९) प्रतिशत कक्षा छोड्ने दर हुनु शिक्षा प्रणालीको सुखद् परिणाम होइन । कक्षा छोड्ने दर कक्षा ८ को हकमा अझ ज्यादा देखिन्छ । घट्ने दरमा पनि उत्तार चढाव देखिनुले यसमा धेरै सुधारका प्रयत्नहरू आवश्यक छन् भन्ने देखाउँछ । तथ्याङ्कको यस चित्रले शैक्षिक सुधारका लागि गरिएका कार्यक्रमहरू प्रभावकारी नभएको वा विकास क्रममा मात्र भएको जस्तो देखिन्छ ।

## २.३ शिक्षक व्यवस्थापनको अवस्था

आधारभूत विद्यालय र विद्यार्थीको सङ्ख्याको अनुपात १:१६६ रहेको छ । आधारभूत तहमा १ लाख २६ हजार ३७२ शिक्षक सरकारी अनुदान प्राप्त र करिब ६६,९९२ हजार निजी /स्थानीय स्रोतबाट गरी १ लाख ९३ हजार ३६४ शिक्षकहरूले सो तहको सामुदायिक विद्यालयमा अध्यापन गर्दछन् । नेपाल सरकारको स्वीकृत दरबन्दीको वितरणबाट हेर्दा आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात (तालिका १०) सबैभन्दा बढी प्रदेश नं २ मा देखिएको छ (१:६५) देखिन्छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा (१:२३) देखिन्छ । यसबाट शिक्षक दरबन्दी वितरणमा मिलान गर्नुपर्ने अवस्था र थप्नुपर्ने दुबै अवस्था झल्कन्छ ।

तालिका नं १०: स्वीकृत दरबन्दीमा शिक्षक विद्यार्थी अनुपात

| प्रदेश | प्राथमिक | निमावि | आधारभूत |
|---|---|---|---|
| प्रदेश १ | २५ | ५० | ३० |
| प्रदेश २ | ५९ | ९२ | ६५ |
| प्रदेश ३ | २४ | ४८ | २९ |
| गण्डकी प्रदेश | १८ | ४२ | २३ |
| प्रदेश ५ | ३८ | ७१ | ४५ |
| कर्णाली प्रदेश | ४० | ८० | ४७ |
| सुदूर पश्चिम प्रदेश | ४० | ७१ | ४७ |
| कुल | ३३ | ६० | ३८ |

स्रोतः फ्ल्यास प्रतिवेदन २०७४

सबै प्रकारका शिक्षक गरेर आधारभूत सामुदायिक विद्यालयमा कुल १२६३७२ शिक्षक स्वीकृत दरबन्दीमा रहेका छन् जसमध्ये महिला शिक्षक ५१७२८ रहेका छन् । सबैभन्दा कम महिला

शिक्षक प्रदेश २ (३७९४) मा देखिएका छन् । जुन पुरुष शिक्षक (११६६९) को तुलनामा तीन गुणाभन्दा कम हो ।

दरबन्दी पुनर्वितरण सुझाव कार्यदल २०७५ को प्रतिवेदनले २५५५ आधारभूत विद्यालय शिक्षक दरबन्दीविहीन भएको देखाएको छ भने ४९५५८ आधारभूत तहका शिक्षक अपुग भएको देखाएको छ ।आधारभूत शिक्षामा गुणस्तर कमजोर हुनुमा शिक्षक दरबन्दी कम हुनु तथा समानुपातिक वितरण हुन पनि देखिएको छ ।

### (क) महिला र दलित शिक्षकको अवस्था

शिक्षा विभागद्वारा प्रकाशित २०७४ सालको फ्ल्यास प्रतिवेदन अनुसार देशभरिका सबै विद्यालयहरूका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा क्रमशः ४४.६%, ३०.५% र १९.२% रहेको छ । सामुदायिक विद्यालयतर्फ भने यो क्रमशः ४१% २५.४% र १५.९ % रहेको देखाएको छ । कुल जनसङ्ख्याको ५१.५ प्रतिशत महिला अंशमध्ये महिला शिक्षककोरपमा उपस्थिति न्यून रहेको स्पष्ट छ । त्यस्तै मुलुकको कुल जनसङ्ख्यामा १३.२ प्रतिशत दलितहरू रहेका छन् (राष्ट्रिय जनगणना २०६८) । शिक्षकका रूपमा दलितहरूको प्रवेश पनि न्यून छ । २०७४ को फ्ल्यास प्रतिवेदनमा उल्लेख भएअनुसार प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा दलित शिक्षकको सहभागिता क्रमशः ५.६%, ४.५% र ५.४% रहेको छ ।

## २.४ आधारभूत तहको शिक्षामा लगानीको स्वरूप र प्रवृत्ति

निःशुल्क र अनिवार्य आधारभूत शिक्षा राज्यको दायित्वभित्र पर्छ । यसमा गरिएको लगानी भने निकै कम छ । शिक्षा बजेट कुल बजेटको १० प्रतिशतको हाराहारीमा मात्रै छ । आधारभूत शिक्षा निःशुल्क र अनिवार्य गर्ने र सबैलाई शिक्षा दिने कार्य चुनौतीपूर्ण छ । यसका लागि कुल शिक्षा बजेटको हिस्सा बढ्नुपर्ने हो तर विगत १० वर्षदेखिको लगानीको प्रवृत्ति घट्दो क्रममा देखिन्छ । आ.व. २०६५/०६६मा शिक्षा क्षेत्रको कुल बजेटको ६३.६ प्रतिशत यस क्षेत्रमा खर्च भएको देखिन्छ ।त्यसपछि क्रमशः कमी आउदै आर्थिक वर्ष २०७५/०७६ मा ४७.७ प्रतिशतमा घटेको देखिन्छ ।

शैक्षिक गुणस्तरका कुरा गर्दा त्यसमा गरिने लगानीले धेरै कुरामा अन्तर ल्याउँछ । शैक्षिक सामग्री तथा अन्य भौतिक र मानवीय स्रोत तथा वातावरण निर्माण गर्न गरिने खर्चले सिकाइ वातावरण निर्माण गर्ने हुनाले शैक्षिक क्षेत्रमा लगानी बढाउनु अपरिहार्य छ ।

## ३. प्रमुख मुद्दा तथा चुनौती

आधारभूत तहको विद्यालय शिक्षामा गुणस्तरीय शिक्षा आर्जन गर्न पाउने बालबालिकाको मौलिक हक र अधिकारलाई सुनिश्चित गरी आधारभूत शिक्षाको विकास, विस्तार र गुणस्तर सुधारलगायतका कार्यमा निम्नअनुसारका मुद्दा तथा चुनौती रहेका छन् :

- विपन्न ,अपाङ्गता भएका, दलित भौगोलिक कठिनाइमा रहेका, मौसमी बसाइसराइ गर्ने विद्यार्थीलाई आधारभूत शिक्षाको अवसर वा पहुँच सुनिश्चित गर्नु

- निःशुल्क र अनिवार्य शिक्षाको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकारहरूलाई सक्षम तुल्याउनु र यसको मर्म अनुसार सबै बालबालिकाहरूलाई अनिवार्य रुपमा निशुल्क पढ्न पाउने ब्यबस्था गर्ने आधारभूत शिक्षामा सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
- आधारभूत तहमा सिकाइको माध्यम भाषा, मातृभाषा, नेपाली भाषा र अन्य भाषाहरूको को सन्तुलित प्रयोग र पठनपाठन गर्नु
- विभिन्न विद्यालयहरूमा रहेका असमान शिक्षक दरबन्दीको पुनवितरण र समायोजन र थप दरबन्दी व्यवस्था गर्नु
- शिक्षक व्यवस्थापन (शिक्षक र प्रधानाध्यापकको नियुक्ति, पदस्थापना, वृत्तिविकास, उत्प्रेरणा, तालिम, लैङ्गिकता आदि ) गर्नु
- विद्यालयको भौतिक पूर्वाधार (शौचालय, कक्षाकोठा, शिक्षक, खेलमैदान, पुस्तक र आधारभूत शैक्षिक सामग्री) व्यवस्थापन । अपाङ्गतामैत्री विद्यालयको भौतिक संरचना र शिक्षण सिकाइ वातावरणको विकास गर्नु
- विभिन्न प्रकृतिका विद्यालयको समायोजन र समकक्षता कायम गर्नु
- समाजको आवश्यकता र अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुसारको पाठ्यक्रम र पाठ्यपुस्तकको विकास र पाठ्यक्रममा आधारित बालकेन्द्रित  शिक्षण सिकाइ क्रियाकलापको विकास गर्नु
- विद्यालय सुशासन (विद्यालय व्यवस्थापनमा सघाउने निकाय, वित्तीय अनुशासन, सुशासन, जवाफदेही, पारदर्शिता कायम गर्नु
- विद्यालय तथा शिक्षण सिकाइलाई बालमैत्री बनाउनु
- संस्थागत विद्यालयलाई  सेवामुखी बनाउनु
- विद्यालय तथा शिक्षण सिकाइको अनुगमन मूल्याङ्कन र सुपरिवेक्षण (प्राविधिक सहायता) लाई शिक्षण सिकाइ क्रियाकलाप तथा सिकाइ व्यवस्थापनको अभिन्न अङ्ग बनाउनु

## ४. सुझावहरू

### (क) आधारभूत शिक्षाको पहुँच विस्तारसम्बन्धी सुझाव

- अनिवार्य आधारभूत शिक्षाको सफल कार्यान्वयनको लागि हरेक स्थानीय सरकारले आफ्नो क्षेत्रको शिक्षा बिकासको निमित्त गाउँ वा नगर शिक्षा योजना तयार गर्ने । सो  योजनामा बिद्यार्थी भर्नाको वर्तमान अवस्था, बिद्यार्थीको बिद्यालय छोड्ने दर, बिद्यालयहरूको शैक्षिक तथा भौतिक सुबिधा र  शिक्षक उपलब्धताको अवस्था, जनसंख्या वृद्धि दर, बिद्यार्थी भर्नाको बिगतको वृद्धिदर  आदिको विश्लेषण गरी बिद्यालय उमेरका सबैलाइ भर्ना गराउने र गुणात्मक शिक्षा दिन स्पस्ट योजना तयार गर्ने सो योजना तयार गर्नका लागि आवश्यक प्राबिधिक सहयोग प्रदेश सरकारले व्यवस्था गर्ने । यस प्रकारको योजना स्थानीय समुदाय, बिद्यालय तथा अन्य सरोकारवालाहरूसंगको सहभागितामा सम्पन्न गर्ने।
- स्थानीय सरकारका प्रत्येक वडा अन्तर्गत हरेक घर परिवारको तहमा बिद्यालय पुर्व उमेरका र बिद्यालय उमेरका सबै बालबालिकाको सुचना संकलन गर्ने र बिद्यालय गए नगएको

अनुगमन गर्नको लागि विशेष परिचय पत्रको व्यवस्था गर्ने । उपरोक्त परिचयपत्रका आधारमा बिद्यालय गइरहेका र नगएका बालबालिकाको अनुगमनको ब्यबस्था मिलाउने । उपलब्ध तथ्याङ्कको आधारमा बिपन्न, दलित, अपाङ्गता भएका बिशेष सहयोग पुराउनु पर्ने बालबालिकाको समूह पहिचान गर्ने

- स्थानीय सरकारका प्रत्येक वडाले शैक्षिक सत्रको आरम्भमा वडा समिति, स्थानिय बिद्यालय, शिक्षक, बाल क्लब र अन्य सरोकारवालाहरू समेतलाइ परिचालन गरी बिधार्थी भर्ना अभियान सञ्चालन गर्ने । ५ देखि १२ बर्ष सम्मका बालबालिकालाई निशुल्क र अनिवार्य शिक्षाको ब्यबस्था भएको र सो उमेरमा भर्ना नगराएमा कानुन अनुसार दण्डनीय हुने कुरा अभिभावकहरूलाई बोध गराउने
- स्थानीय सरकारको क्षेत्रभित्र के कति कुन स्थानमा कुन तहका र कुन प्रकार (निजि वा सार्बजनिक) का बिद्यालय छन् र तिनीहरूमा के कति कक्षा संचालनमा छन् र के कति बिद्यार्थी भर्नाको क्षमता छ सो कुरा यकिन गर्न, शैक्षिक सुबिधाहरूलाई समानुपातिक वितरणको सुनिश्चित गर्न बिद्यालय नक्सांकन र पुनर्नाक्संकन गर्ने।
- बिद्यालयहरूको अवस्था पहिचान गरी कुन बिद्यालय गाभ्नु पर्ने वा मिलान गर्नु पर्ने वा बन्दै गर्नु पर्ने हो सो कुराको निर्णय गर्न हरेक स्थानीय सरकार ले नक्सांकनको अभ्यास दुइ वर्ष भित्र पुरा गर्ने । विद्यालयहरको मिलान गर्दा सबैलाई पायक पर्ने स्थानमा सके सम्म ठुला साइजका विद्यालयहरू स्थापना गर्न जोड दिइ भौतिक पूर्वाधार तथा शैक्षिक सुबिधा सम्पन्न विद्यालय बनाउने नीतिलाई विस्तार गर्ने ।
- आधारभूत तहमा ४०० वा सो भन्दा बढी बिद्यार्थी भएका ठुला, २०० देखि ४०० सम्मका मझौला,, र २०० भन्दा साना गरी तिन प्रकारका आधारभूत बिद्यालय बिकास गर्ने ब्यबस्था गर्ने। कुनै अवस्थामा धेरै बिद्यालय गाभी आवाशीय बिद्यालय संचालन गर्नु पर्ने भएमा सोहि अनुसारको ब्यबस्था गर्ने । आधारभूत तहका बालबालिकाले आधा घण्टाको दुरीभन्दा ज्यादा हिंड्नुनपर्ने गरी विद्यालय मिलान वा स्थापना गर्ने ।
- आफ्नो क्षेत्रभित्रका बालबालिकालाई आधारभूत शिक्षाको अधिकार सुनिस्चित गर्ने काम स्थानीय सरकारको भएकोले बिद्यालय सेवा क्षेत्र (school catchment area/school zoning) किटान गरि खास सेवा क्षेत्र भित्रका बालबालिकाहरू आफ्नो समुदाय भित्र रहेको बिद्यालयमा अध्ययन गराउने ब्यबस्था गर्ने
- बिद्यालय सेवा क्षेत्र निर्धारणका आधार र मानक हरू संघिय शिक्षा मन्त्रालयले तोक्ने र आबस्यक परे प्रदेशले आफ्नो आबस्यकताअनुकुल समायोजन गर्ने र यसको कार्यान्वयन स्थानीय सरकारले गर्ने. कुनै भौगोलिक वा प्राकृतिक कारणले वा अन्य कारणले एक सेवा क्षेत्र भित्रका बालबालिका अर्को क्षेत्रमा अध्ययन गर्नु पर्ने अवस्था भएका स्थानीय सरकारले अर्को क्षेत्रसंग सहकार्य गरी ब्यबस्था मिलाउने ।
- आधारभूत तहदेखि प्रारम्भ गरि यो ब्यबस्था परीक्षणका रुपमा प्रदेशका ३-३ गाउ वा नगरपालिका भित्र क्रमश: माध्यमिक तहसम्म कार्यान्वयनमा ल्याउने । परीक्षण गर्ने कार्य

संघीय सरकारले गर्ने र उक्त अनुभवका आधारमा एक दशक भित्र देशका सबै क्षेत्र भित्र सेवा क्षेत्रको व्यवस्था लागु गर्ने । सबै प्रकारका बिद्यनलयहरूलाइ जोनिङ्गको आधारमा ब्यबस्थित गर्ने आवश्यकता नभएका स्थानमा बिना योजना बिद्यालय खोल्ने परिपाटी बन्द गर्ने ।

- बिद्यालय सेवा क्षेत्र निर्धारणका आधार र मानक हरू संघिय शिक्षा मन्त्रालयले तोक्ने र आबस्यक परे प्रदेशले आफ्नो आवश्यकताअनुकुल समायोजन गर्ने र यसको कार्यान्वयन स्थानीय सरकारले गर्ने.
- कुनै भौगोलिक वा प्राकृतिक कारणले वा अन्य कारणले एक सेवा क्षेत्र भित्रका बालबालिका अर्को क्षेत्रमा अध्ययन गर्नु पर्ने अवस्था भएका स्थानीय सरकारले अर्को क्षेत्रसंग सहकार्य गरी ब्यबस्था मिलाउने ।
- सबै प्रकारका विद्यालयहरूलाइ जोनिङ्गको आधारमा ब्यबस्थित गर्न आवश्यकता नभएका स्थानमा बिना योजना बिद्यालय खोल्ने परिपाटी बन्द गर्ने
- स्थानीय भौगोलिक, प्राकृतिक वा अन्य अबस्थालाई ध्यानमा राखी आधारभूत तहको १ देखि ८ सम्म संचालित कक्षाहरू, आधारभूत तहको १ देखि ५ सम्म संचालित कक्षाहरू र आवश्यकताको आधारमा कक्षा १ देखी ३ सम्म का कक्षाहरू सञ्चालनका सबै विकल्पहरू खुल्ला गर्ने ।
- निकै दुर्गम, पातलो बस्ति भएका क्षेत्रहरूमा ठुला बिद्यालय संचालनमा ल्याउन नसकिने अवस्थामा बहुकक्षा चलाउने गरी विस्तारित स्कुलहरू संचालनमा ल्याउने । यस्ता स्कुलहरूमा काम गर्ने शिक्षकहरूलाई बिशेष तालिम र प्रोत्साहन को व्यवस्था गर्ने ।
- औपचारिक शिक्षाको घेराभित्र प्रवेश गर्न नसकेका वा नसक्ने बालबालिकाका लागि वैकल्पिक तथा लचिला माध्यमबाट दिइने शिक्षा पद्धतिलाई निरन्तरता दिने तर ती विद्यालयबाट दिइने सिकाइ सहजीकरणमा कुनै ह्रास आउन नदिनका लागि न्यूनतम भौतिक शैक्षिक पूर्वाधार र सामग्रीहरूको व्यवस्थापन सुनिश्चित गर्ने । यस्ता अनौपचारिक बिद्यालय वा केन्द्रहरूबाट अध्ययन पुरा गरेका बालबालिकालाइ समकक्षताको व्यवस्था गर्न संघिय सरकारले तयार गरेका मानकहरूका आधारमा स्थानीय सरकारद्वारा उनीहरूको शैक्षिक उपलब्धिको समकक्षता तोक्ने । यस्ता अनौपचारिक माध्यम बाट अध्ययन पुरा गरका विद्यार्थीलाई पेशामा लाग्ने वा उच्च अध्ययन गर्न सक्ने अवसर खोलिदिने ।
- स्थानीय सरकारका नगर शिक्षा समिति र सम्बन्धित अधिकारीहरूले आफ्नो क्षेत्र भित्रका अपांगता भएका, दलित, बिपन्न, जनजाति र कठिन परिस्थिति बाट आएका बालबालिकाहरूलाई बिद्यालायमा ल्याउन र तिनीहरूलाई टिकाइ राख्न बिशेष समाबेशी कार्यक्रम तयार गर्ने ।

**(विस्तृत जानाकारीको लागि समावेशी शिक्षाको परिच्छेद हेर्नुहोला)**

**(ख) निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन**

- स्थानीय सरकारले अनिवार्य आधारभूत शिक्षा सम्बन्धि नीति लागु गर्न पूर्व तयारीका रुपमा बालबालिकाको तथ्यांक संकलन र लक्षित बालबालिकाको पहिचान र विद्यालयको अवस्था र

समुदायमा रहेका बालबालिकालाई भर्ना गर्न सक्ने क्षमताको अध्ययन गरी विद्यालयको विस्तार वा नयाँ बिद्यालय स्थापनाको व्यवस्था गर्ने।

- प्रदेश सरकारले बिद्यमान कानुन अन्तर्गत रही अनिवार्य शिक्षा लागु गर्न कसको के भूमिका हुने सो को बारेमा निर्देशिकाहरू तयार गरी वितरण गर्ने तिनै तहका सरकारको समन्वयमा आधारभूत शिक्षा सम्बन्धि कानुनका बारेमा जानकारी र जागरण पैदा गर्न आबश्यक भेला, प्रचार प्रसारको ब्यबस्था गर्ने ।
- अनिवार्य शिक्षा भन्नाले आधारभूत तहका उमेर समुहका सबै बालबालिकाहरूको आफ्नो क्षेत्र भित्रको बिद्यालयमा अनिवार्य विद्यार्थी भर्ना, अनिवार्य नियमित हाजिरी, अनिवार्य अध्ययनमा निरन्तरता, अनिवार्य निर्धारित सिकाइ उपलब्धि हासिल गर्ने विषयलाई सम्झनुपर्ने। यो ब्यबस्था लागु गर्नु स्थानीय सरकार, घर परिवार, अभिभावक, स्थानीय बिद्यालय सबैले साझा जिम्मेवारीका रुपमा लिने।
- सार्वजनिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको लागि आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क प्रदान गर्न वित्तिय व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारकासाझेदारीमा र व्यवस्थापकीय जिम्मेवारी स्थानीय सरकारले लिनुपर्ने ।
- निःशुल्क शिक्षा अन्तर्गत भर्ना शुल्क, पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापतको शुल्क तथा अन्य कुनै पनि प्रकारका औपचारिक तथा अनौपचारिक शुल्कहरू नलिने व्यवस्था गर्ने
- हरेक बिद्यालयले एक शिक्षा परोपकारी वा कल्याणकारी कोष स्थापना गरी सो कोषमा समाजसेवी, चन्दा दाता, पूर्व बिद्यार्थी, ब्यापारी वा जो सुकै बाट बिद्यालय बिकासको निमित्त दान वा आर्थिक सहायोग लिन सक्ने व्यवस्था गर्ने ।
- आर्थिक रुपले विपन्न, दुर्गम क्षेत्र र मानव विकास सूचकांकमा पछि परेका क्षेत्र र वर्गकालाई प्राथमिकता दिँदै स्टेसनरी, दिवा खाजा र पोशाक स्थानीय तहले क्रमशः कार्यान्वयन गर्ने
- आफ्ना अभिभावाक्को इच्छामा सार्वजनिक बिद्यालयमा अध्ययन नगरी निजि, सहकारी वा गुठीमा संचालित बिद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई राज्यको लगानी नरहने । तर त्यस प्रकारका विद्यालयहरूलाइ सरकारले अन्य प्रकारको सहयोग वा प्रोत्साहन ऐनले तोके बमोजिम सरकारले उपलव्ध गराउने ।
- निजी लगानीमा संचालित विद्यालयहरूले १० देखि १५ प्रतिशत बिद्यार्थीहरूलाई पूर्ण रुपमा निशुल्क शिक्षा प्रदान गर्नु पर्ने सो को लागि स्थानीय सरकारहरूले आफ्नो क्षेत्रभित्रका गरिब, बिपन्न, दलित, अपाङ्ग, छात्राहरूको पहिचान गर्ने
- अनिवार्य शिक्षाको कार्यान्वयन राष्ट्रिय प्राथमिकताको बिषय भएकोले त्यसको कार्यन्वयन सहि रुपमा भए नभएको अनुगमन गर्न स्थानिय सरकारहरूले एक अनिवार्य शिक्षा अनुगमन समिति गठन गर्ने र कुनै एक व्यक्तिलाइ जिम्मेवार अधिकारीको रुपमा तोक्ने । प्रदेश र संघिय मन्त्रालयहरूले पनि अनिवार्य शिक्षाको कार्यान्वयनको अनुगमनलागि आबस्यक संयन्त्र तयार गर्ने।

- स्थानिय सरकारहरूलाई प्रोत्साहन दिन र उनीहरूका बीच प्रतिस्प्रधा पैदा गरी अनिवार्य उमेरका सबै बालबालिकालाइ छिटो भन्दा छिटो बिद्यालयमा पुर्याई आधारभूत शिक्षा सुनिश्चित गर्न सक्षम भएका गाउँ र नगर पालिकहरूलाइ राष्ट्रिय पुरस्कारको व्यवस्था गर्ने यसको निमित्त मूल्यांकनका सूचकहरूको विकास गर्ने
- अनिवार्य शिक्षा अन्तर्गत बाल कक्षा वा कक्षा १ मा भर्ना भएका सबै बाल्बालिकाहरू आधारभूत तहको पुरा चक्र नहुन्जेल सम्म बिद्यालयमा टिकाउनको लागि बिद्यालय छोड्ने जोखिम मा रहेका बालबालिकाहरूको पहिचान गर्न र उनीहरूलाई निरन्तर सहयोग गर्न बिद्यालय छोड्ने प्रवृतिको रोकथाम कार्यक्रम (dropout prevention programme) लागु गर्ने यस्ता बालबालिकाहरूलाई घर परिवार देखि बिद्यालय सम्म निरन्तर अनुगमन, सरसल्लाह, मेन्टरिङ्ग, सुधारात्मक शिक्षणको व्यवस्था गर्ने

**(ग) आधारभूत शिक्षाको सान्दर्भिकता र उपयोगिता**

- आधारभूत तहमा कुनै व्यावसाय विशेषमा बालबालिकालाइ दक्ष बनाउने उद्देश्य हुदैन यसको मुख्य उद्देश्य बालबालिकाहरूमा माध्यमिक तह र जीवनका लागि चाहिने आधारभूत सीपहरू सिकाउनु हो तथापि यस तह देखि नै उनीहरूको ब्यब्शायीक तथा प्राबिधिक बिषय हरू प्रति रुचि र सामान्य ज्ञान बधाउन सकिन्छ । तसर्थ कक्षा १ देखि नै बालबालिकाको स्तरअनुसारको स्वावलम्बनसम्बन्धी विषयवस्तु सामाजिक अध्ययनमा समावेश गरी व्यावहारिक सिकाइ गर्ने
- कक्षा ५ भन्दा माथि पुगेपछि स्थानीय पाठ्यक्रमका रूपमा स्थानीय कला, शिल्प (जस्तैः वाद्यवादन, फलाम, सुनचाँदीका काम, कालिगडी, चित्र अर्थात् थान्का आदि)को सिकाइ गर्ने । सिकाइका लागि स्थानीय दलित तथा अन्य सम्बन्धित दक्ष व्यक्तिलाई प्रोत्साहन गर्ने
- कक्षा ४ देखि नै पाठ्यक्रममा घरपरिवारका कामसँग मिल्दाजुल्दा ज्ञान, सीप समावेश गरिएका स्वावलम्बी शिक्षा वा गृहविज्ञान विषयको अंश समावेश गर्ने । यस्ता विषयहरू स्थानीय पाठ्यक्रमको रूपमा पनि राख्ने
- विद्यालयहरूमा करेसावारी अनिवार्य गरी फूल तथा बोटबिरुवा लगाउने, नमुना खेती गर्ने जस्ता प्रयोगात्मक क्रियाकलाप गराउने । यसका लागि हरेक विद्यालयमा खाली जमिन वा करेसावारी अनिवार्य हुनुपर्ने प्रावधान राख्ने
- व्यावसायिक विषयको अध्ययन अध्यापनको गृहकार्य वा परियोजना कार्य प्रयोगात्मक बनाउने । व्यवहारिकता र सिर्जनात्मकता अभिवृद्धि गर्ने किसिमबाट बाल-केन्द्रित शिक्षण बिधिहरूको प्रयोगमा जोड दिने । कक्षा ३ सम्मका बालबालिकालाई उनीहरूका घरपरिवार, समाज प्रकृतिका कुराहरू, घटना वर्णन तथा उनीहरूलाई मन पर्ने खालका कुरा सुनाउन प्रेरित गराउने । सैद्धान्तिक लेखन गरी व्यस्त बनाउने खालको गृहकार्य निषेध गर्ने
- विद्यालयले परिवार तथा समुदायले मनाउने सांस्कृतिक पर्वहरूमा सक्रिय सहभागी हुने, पुख्यौली वा रैथाने रूपमा विकसित हुँदै आएका सीप विकास कार्यमा सहभागी हुने अवसर प्रदान गर्ने ।

- बालबालिकाका सिकाइलाई पारिवारिक पेसाअनुसारका कार्यसँग जोड्ने अवसर दिँदै परियोजना खोज तथा अन्वेषण आदिलाई यसैसँग मिलाउने गरी सिकाइ गराउने खालका पाठ्यक्रम र पाठ्यवस्तु तयार गर्ने
- आधारभूत तहका माथिल्ला कक्षाहरू कक्षा ६, ७, ८ मा व्यावसायिक बिषयहरू प्रतिको झुकाव बढाउन सामान्य प्रकृतिका पूर्व व्यावसायिक बिषयहरू लागु गर्ने ब्यबस्था मिलाउने । व्यावसायिक तथा प्राबिधिक बिषयहरूलाई विद्यार्थी बीच जनप्रिय बनाउन वा त्यस प्रति उनीहरूको रुचि उत्पन्न गर्न अभियानहरू संचालन गर्ने

**(घ) गुणस्तरमा सुधार**

- संघिय सरकारले आधारभूत तह पुरा गरे पश्चात बालबालिकाले हासिल गर्नु पर्ने राष्ट्रिय सिकाइ सक्षमताहरू विकास गर्ने र ति सक्षमताहरूका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, शिक्षक तालिम, शिक्षक छनोट, शिक्षण र मुल्यांकन गर्न आवश्यक निर्देशनहरू तयार गर्ने।
- आगामी एक दसक भित्र आधारभूत तहमा अध्यापन गर्ने सबै शिक्षकको हालको न्युनतम योग्यता बाट बढाएर कम्तिमा स्नातक र एक बर्षको शिक्षक तालिम गर्नु पर्ने । हाल कार्यरत कम योग्यताका शिक्षकलाई शैक्षिक योग्यता बढाउने अवसर प्रदान गर्ने वा समयावधि थपेर सुविधासहित अवकाश रोज्न लगाउने।
- शिक्षक प्रशिक्षण कार्यक्रमहरूमा र शिक्षण पेशा दुबैमा उच्च शैक्षिक उपलब्धि भएका वा उच्च ग्रेड प्राप्त गरेका व्यक्तिहरूलाई प्रतिस्पर्धा र क्षमताका आधारमा छनोट गर्ने । शिक्षक तालिम तथा प्रवेश परिक्षा छनोटमा आबस्यक सुधार गर्ने
- शिक्षकमा अनिवार्य रुपमा हुनु पर्ने व्यवशायिक दक्षताहरू निर्धारण गरि सो दक्षताका आधारमा तालिम वा शिक्षक ब्यबस्थापनका अन्य कार्यहरू गर्ने
- सञ्चार र प्रबिधिलाइ एक बिषय भन्दा पनि शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगका रुपमा विकास गर्ने । सिकाइलाई आधुनिक सूचना तथा प्रविधिसँग जोड्दै सामग्रीयुक्त र व्यावहारिक बनाउने गरी शिक्षक तयारी गर्ने सेवाकालीन तथा पुर्बसेवाकलिन तालिमहरूमा सबैलाइ शिक्षण सिकाइमा सञ्चार तथा प्रबिधीको प्रयोगका बारेमा सिक्ने अबसर प्रदान गर्ने
- हरेक बिद्यालयमा आधुनिक सञ्चार तथा प्रबिधि र अन्य आबस्यक शैक्षिक सुबिधा र सामग्रीको बिकास लाइ राष्ट्रिय प्राथमिकताका रुपमा लिई आधुनिक सूचना प्रविधि र शैक्षिक सामग्रीयुक्त पूर्वाधार मापदण्ड बनाएर देशभरिका सबै विद्यालयमा पुग्ने गरी यसको व्यवस्थापन गर्ने । प्रत्येक बिद्यालयमा पुस्तकालयको स्थापना गरी बालबालिकाहरूले पढ्ने बानीको विकास गर्ने
- संघिय मन्त्रालयले आधारभूत बिद्यालयका गुणात्मक स्तरहरू निर्धारण गर्ने सो बमोजिम हरेक प्रदेश र स्थानीय सरकारले आफ्नो क्षेत्र भित्रका आधारभूत विद्यालयको तिन तिन बर्षमा भौतिक तथा अवस्था, शैक्षिक अवस्था, सिकाई बाताबरण, शिक्षण सिकाइ स्तर, बालबालिकाको सिकाइ उपलब्धि, शिक्षक कार्य सम्पादन, बिद्यालय समुदाय सम्बनध, शैक्षिक नेतृत्व, स्रोत

परिचालन आदि समस्त पक्षहरूको मुल्यांकन गरी विद्यालयहरूको स्तरीकरण गर्ने र यसको नतिजा पारदर्शी गर्ने

- विद्यार्थीको सिकाइ उपलब्धिसँग शिक्षकको कार्यसम्पादनलाई जोड्ने र सिकाइलाई सुधारात्मक बनाउन निरन्तर मूल्याङ्कन पद्धतिलाई जोड दिने
- फरक फरक प्रकृतिका आधारभूत विद्यालयका सिकाइलाई समान बनाउन शैक्षिक पूर्वाधार समान बनाउने र स्तर पहिचान गरी सुधार गर्ने
- सामुदायिक तथा गुठी सबै विद्यालयमा एकै प्रकारको पाठ्यक्रम अनिवार्य रूपमा लागु गर्ने
- स्थानीय स्तरमा नै व्यावहारिक र सैद्धान्तिक परीक्षा सञ्चालन गर्ने तथा कक्षा ८ को परीक्षा पनि स्थानीय स्तरमा नै सञ्चालन गर्ने
- आधारभूत शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन र निरीक्षण र सुपरिवेक्षणको व्यवस्था गर्ने । स्थानीय तहबाट गरिने अनुगमन अवस्थाअनुसार स्थलगत तथा विद्युतीय दुबै प्रकारका माध्यमबाट गर्ने
- हरेक विद्यालयका प्रधानाध्यापकले अर्धवार्षिक र वार्षिक रूपमा विद्यालयको व्यवस्थापकीय गतिविधि र सिकाइ गुणस्तरको विषयमा स्थानीय तहका प्रमुखसमक्ष प्रतिवेदन बुझाउने
- कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने बालबालिका प्रारम्भिक बालविकास चरणबाटै गुज्रिरहेको हुने हुँदा उनीहरूको सिकाइलाई एकोहोरो उद्देश्यतर्फ मात्र केन्द्रित नगरी उनीहरूको सर्वाङ्गीण विकासका पक्षहरू (जस्तैः शारीरिक, सामाजिक, संवेगात्मक तथा बौद्धिक विकास)मा जोड दिने । यसका लागि उनीहरूलाई पोषणयुक्त खाजा, स्वास्थ्य उपचार सेवा, खेलकुद तथा मनोरञ्जनका लागि सामग्री व्यवस्था तथा बालमैत्री अन्तरक्रियात्मक सिकाइ वातावरण सुनिश्चित गर्ने
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कन शिक्षकको हाजिरी, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहकार्यकलाप आयोजना, सुपरिवेक्षकको रोहवरमा सञ्चालन गरेका कक्षा सङ्ख्या र वार्षिक प्रतिवेदन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा गर्ने व्यवस्था गर्ने
- वार्षिक कार्यसम्पादनको मूल्याङ्कनमा उत्कृष्ट हुने शिक्षकलाई विद्यालय तथा स्थानीय सरकारले वार्षिक रूपमा पुरस्कार तथा सम्मान दिने । उत्कृष्ट कार्य सम्पादनका आधारमा स्थानीय सरकारले सिफारिस गरी पठाएका शिक्षकलाई प्रदेश र सङ्घीय सरकारले पनि पुरस्कृत गर्ने व्यवस्था गर्ने
- धेरै अध्ययनहरूले अत्यधिक सिकाइ बोझ र गृह कार्यले बालबालिकाहरूको खास गरी प्रारम्भिक कक्षाहरूमा अनाबस्यक तनाब सिर्जना गरी उनीहरूको शारीरिक, मानसिक तथा बौद्धिक बिकासमा आघात पुग्ने कुरा उजागर गरेका छन् । तसर्थ अनाबस्यक गृहकार्य दिने यो अस्वस्थ परिपाटीलाई प्रारम्भिक कक्षाहरूमा (बाल शिक्षा देखि कक्षा ३ सम्म ) पूर्ण रुपमा बन्द गरिनु पर्छ। अन्य कक्षाहरूमा के कति र कुन उदेश्यका लागि गृहकार्य दिने

भन्ने बारेमा स्पष्ठ नीति बनाउने । यसको साथसाथै अतिरिक्त पाठ्यपुस्तकको बोझबाट पनि बालबालिकाहरूलाइ मुक्त गर्ने।

- बिद्यालय बालबालिकाको सर्बंगिन बिकासको मुख्य स्थल हो त्यसैले हरेक बिद्यार्थिलाई आफ्नो चाहना, इच्छा, तथा क्षमता अनुकुल विभिन्न खेलकुद, साहित्य, कला, हाजिरी जवाफ जस्ता अतिरिक्त क्रियाकलापहरूमा सहभागी बन्ने अवसर दिने । प्राज्ञिक विकास संगसंगै शारीरिक, मानसिक, बौदिक तथा सम्बेगात्मक बिकासका अवसर प्रदान गर्न अतिरिक्त क्रियाकलापलाई बिद्यालय शिक्षाको अभिन्न भाग बनाउने र यसलाइ शिक्षक र प्रधान्यापक्को नियमित कामको रुपमा उल्लेख गर्ने

**(ङ.) बहुभाषा**

- नेपाल बहुभाषी मुलुक भएकोले आधारभूत तहका प्रारम्भिक कक्षामा मुलत मातृभाषामा आधारित बहुभाषा शिक्षणको नीति लिईनेछ जस अन्तर्गत पहिलो भाषा वा मातृ भाषा पहिले सिक्ने र अन्य भाषाहरूमा बिस्तारै संक्रमण गर्दै जाने अबसर सिर्जना गरिनेछ । प्रारम्भिक कक्षाहरूमा मातृभाषामा बलियो आधार तयार भएमा बालबालिकाको शैक्षिक उपलब्धि बढ्ने, बिद्यालय छोड्ने दर घट्ने, शैक्षिक चक्र पुरा नहुन्जेल बिद्यालय रहने र अन्य भाषाहरूमा समेत दखलता हासिल गर्न सकिने कुरा अध्ययनले देखाएका छन् । तसर्थ आधारभूत तहमा बालबालिकाहरूमा मातृभाषामा निपुर्ण बनाउदै अन्य भाषाहरूमा दखल बनाउने नीति लीइनेछ।
- मातृभाषालाई माध्यम भाषाको रूपमा कम्तीमा कक्षा ३ सम्म अनिवार्य गर्ने । नेपाली र अङ्ग्रेजी भाषाबाहेक आधारभुत तहमा अन्य बिषय जस्तै बिज्ञान, गणित, सामाजिक जस्ता बिषय को लागि माध्यमको रुपमा मातृभाषा बनाउने ।
- मातृभाषासम्बन्धी पाठ्यसामग्री, शिक्षण सामग्रीहरू, तथा विद्युतीय सामग्रीहरू स्थानीय तहमा नै निर्माण गरी वितरण गर्ने
- एकल मातृभाषी विद्यार्थी भएका ठाउँमा सोही भाषामा सिकाइ सहजीकरण गर्न सक्ने शिक्षकलाई त्यस ठाउँमा परिचालन गर्ने । शिक्षक फरक भाषीको भएमा निजलाई विकास गर्न तालिम दिने
- द्विभाषी बालबालिका भएको विद्यालयका विद्यार्थीहरूलाई एकअर्काको भाषा सिक्न प्रोत्साहित गर्ने शिक्षकले पनि विद्यार्थीको भाषा सिकी सहजीकरण गर्न गराउन प्रोत्साहित गर्ने
- बहुभाषी कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धति लागु गर्ने । बहुभाषी बालबालिका भएका विद्यालयमा सबैले बुझ्ने भाषामा सिकाइ सहजीकरण गर्ने ।यस्ता बहुभाषी र द्विभाषी बालबालिका भएका विद्यालयको सिकाइमा सहजीकरण गर्न मद्दत पुऱ्याउन मातृभाषाविद् तथा भाषा बोल्ने व्यक्तिलाई वैतनिक वा अवैतनिक शिक्षक वा सहजकर्ताका रूपमा करार वा आंशिक रूपमा नियुक्ति गरी सामग्री निर्माणकर्ताको रूपमा विद्यालयले सेवा लिने प्रबन्ध मिलाउने
- आधारभूत विद्यालयमा मातृभाषा र अन्य भाषाको विकास र विद्यार्थीको पठन तथा सृजनात्मक क्षमताको विकास गर्न भाषिक समुदायअनुसार बालसाहित्यका कार्यक्रमहरू आयोजना गर्ने

- स्थानीय सरकारद्वारा मातृभाषा, लिपि, साहित्य एवम् संस्कृति संरक्षण, विकास तथा पठनपाठनको काम सुनिश्चित गर्ने ।

**(च) दरबन्दी मिलान तथा पुनर्वितरण**

- हाल विभिन्न स्थानीय तहमा रहेका शिक्षक दरबन्दी कहाँ कति हो सोको स्पष्ट विवरण सङ्घबाट प्रदेशमा पठाउने । प्राथमिकताका साथ राष्ट्रिय स्तरमा दरवन्दी मिलान गर्ने
- थप आवश्यक पर्ने शिक्षक दरबन्दी स्थानीय सरकारले आवश्यकताका आधारमा प्रदेशसँग समन्वय गरी सिर्जना गर्ने र आवश्यकता र मागका आधारमा वितरण गर्ने

**(छ) शिक्षक व्यवस्थापन**

- आधारभूत तहमा कक्षा १ देखि ३ सम्म कक्षा शिक्षण पद्धति अपनाउने र कक्षा चारभन्दा माथि विषयगत रूपमा शिक्षक व्यवस्था गर्ने । शिक्षक तालिममा प्राथमिक तहका शिक्षकले अनिवार्य रुपमा बिषयगत शिक्षण, बहु कक्षा शिक्षण जस्ता बिषयमा ज्ञान र सीप विकास गरेको हुनु पर्ने
- प्रति कक्षा न्यूनतम ३० बिद्यार्थीका लागि एक शिक्षक हुने गरी तालिमप्राप्त र दक्ष शिक्षकको माध्यमबाट सिकाइ गर्न पाउने बालबालिकाको अधिकारलाई सुनिश्चित गर्ने ।
- आधारभूत तहमा शिक्षकको अस्थायी नियुक्ति गर्नुपर्दा शिक्षक तालिम हासिल गरी शिक्षण अध्यापन समेत् हासिल गरेका व्यक्तिहरू मध्येबाट दरखास्त आह्वान गरी स्थानीय सरकारले गठन गरेको छनोट समितले लिखित तथा प्रयोगात्मक परिक्षणका आधारमा नियुक्ति गर्ने शिक्षक छनोटमा बिषयगत दक्षताका अतिरिक्त शिक्षण पेशा लगाव र ससाना बालबालिका प्रतिको लगाव भए नभएको निश्चित गर्ने।
- शिक्षक सेवामा अपाङ्गता भएका, महिला, दलित तथा जनजातिको प्रवेशलाई शिक्षण पेशामा प्रोत्साहन गर्न सशक्तीकरणका कार्यक्रम गर्ने

**(विस्तृत जनाकारीको लागि शिक्षक र प्रधानाध्यापकको व्यवस्थापन सम्बन्धि परिच्छेद हेर्नुहोला)**

**(ज) विद्यालयको भौतिक पूर्वाधार**

- विद्यालय भवन निर्माण र त्यसभित्र आवश्यक पर्ने पक्षहरू (जस्तैः विद्यालय भवन तथा कक्षाकोठा, विद्यार्थी, शिक्षक, खानेपानी तथा शौचालय, पुस्तकालय, खेलमैदान, प्रयोगशाला करेसाबारी आदि) को व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने । आधारभूत तहका बिद्यालयहरूमा हुनु पर्ने न्युनतम सुबिधाहरू सम्बन्धि मानदण्ड तयार गर्ने । बिबिधतालाइ ख्याल गरी देश भरि एकै प्रकारको मानदण्ड लागु गर्न नसकिने हुनाले स्थानिय आवश्यकतालाई ध्यानमा राखी प्रदेश सरकारले भौतिक सुबिधा सम्बन्धि मानदण्ड तोक्ने काम गर्ने
- विद्यालयले भोग चलन गरेको जग्गालाई विद्यालयको नाममा नामसारी गराउने व्यवस्था गर्ने र जग्गा नभएका विद्यालयलाई जग्गा उपलब्ध गराउन स्थानीय सरकारले लगानी गर्ने

- विद्यालय भवन प्राकृतिक विपद्को हिसाबले पनि कम जोखिमयुक्त भएको ठाउँमा बालबालिका र शिक्षक तथा अभिभावकका लागिसमेत उपयुक्त हुने गरी बनाउने
- विद्यालय भवन, कक्षाकोठा, खेलमैदान र खेलसामग्री, फर्निचर, पुस्तकालय, बुक कर्नर, शौचालय, पिउने पानी, विद्यालय घेराबार, प्राथमिक उपचार बाकस र प्रयोगशालालाई विद्यालयको अनुमति दिनुभन्दा अघि नै सुनिश्चित भएको हेरेर दिने र नभएका विद्यालयहरूलाई निश्चित समयसीमाभित्र पूरा गर्ने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउने

**(झ) विभिन्न प्रकृतिका विद्यालयको समायोजन र समकक्षता**

- सबै प्रकृतिका विद्यालयमा समान स्तरको शिक्षकको व्यवस्था गर्ने
- आधारभूत शैक्षिक सामग्री तथा आधुनिक सूचना तथा सञ्चार प्रविधिलगायतका न्यूनतम सामग्रीहरू अनिवार्य रूपमा हुने व्यवस्था मिलाउने
- एक अर्कासँग सिक्नै पर्ने अनिवार्य व्यवस्था कायम गरी स्थानीय सरकारले निजी गुठी, धार्मिक तथा सार्वजनिक विद्यालयका शिक्षक, कर्मचारी र व्यवस्थापकको पारस्परिक भ्रमण, शैक्षिक तथा व्यवस्थापकीय सीप आदान प्रदान गर्ने व्यवस्था मिलाउने
- निजी, सार्वजनिक, धार्मिक, सहकारी, गुठी कुनै पनि विद्यालयले विदेशी नाम राख्न नपाउने नीतिगत व्यवस्था गर्ने
- स्थानीय तहबाटै आवधिक रुपमा सबै प्रकृतिका विद्यालयको सिकाइ स्तर जाँच गर्ने र देखिएका समस्या सुधार गर्न लगाउने
- सबै प्रकृतिका विद्यालयमा सिकाइ सहजीकरण गर्ने शिक्षकहरूलाई आवधिक रुपमा भेला गरी शैक्षिक गतिविधि तथा प्रगतिसम्बन्धी समीक्षा गर्ने
- सार्वजनिक विद्यालयका अतिरिक्त अन्य प्रकारका बिद्यालयमा पनि अनुगमन निरीक्षण र प्राविधिक सहायता प्रदान गर्ने गर्ने व्यवस्था मिलाउने

**(ञ) पाठ्यक्रम तथा पाठ्यपुस्तकमा सुधार**

- पाठ्यक्रम सम्बन्धि राष्ट्रिय नीति र प्रारुप संघले बनाउने पाठ्यक्रममा मुख्य र साझा (common core subjects) विषयहरू सङ्घले निर्धारण गर्ने अन्य विषयहरू प्रदेश र स्थानीय सरकारद्वारा स्थानीय पाठ्यक्रमको रुपमा निर्धारण गर्ने
- गणित, अङ्ग्रेजी भाषा, सामाजिक, व्यावसायिक तथा स्वावलम्बनका विषयहरू आदिमा पनि स्थानीयकरण गरी सिकाइ गर्ने काममा सम्बन्धित स्थानीय सरकार तथा विद्यालयलाई सक्षम बनाउने
- बहुपाठ्यपुस्तक नीतिका आधारमा बहुपाठ्यपुस्तकको उपलव्धता गराउने
- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम मुख्य विषयवस्तु (थिममा आधारित)मा आधारित बनाएर विकास गर्ने

## (ट) विद्यालय सुशासन तथा ब्यबस्थापन

- बिद्यालय संचालनका लागि आवश्यक स्रोत साधन र शैक्षिक, आर्थिक तथा ब्यबस्थापकीय अधिकार विद्यालयको तहमा विकेन्द्रित गर्ने र विद्यालयहरूलाई स्वशाशित र जवाफदेही संस्थाका रुपमा संचालन गर्न मद्दत पुर्याउने । संघिय मन्त्रालयले प्रत्येक तहका सार्वजनिक विद्यालयका अधिकार क्षेत्र सम्बन्धमा एक प्रारुप निर्धारण गर्ने
- आधारभूत तहको लागि अलग प्रधानाध्यापकको वा आधारभूत तहको इन्चार्ज व्यवस्था गर्ने । माध्यमिक तहमा संचालित आधारभूत कक्षाका लागि एक अलग सहायक प्रधाध्यापकको व्यवस्था गर्ने। प्रधानाध्यापकको निमित्त ब्यबस्थापकीय र शैक्षिक नेतृत्व लिन सक्ने व्यक्ति प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा छनोट गर्ने ब्यबस्था गर्ने । प्रधानाध्यापकलाइ विद्यालय संचालनको पुर्ण जिम्मेवारी दिइ अधिकार सम्पन्न गर्ने र प्रतिफलका आधारमा मुल्यान्कन गर्ने व्यवस्था गर्ने।
- प्रत्येक बिद्यालयमा अभिभावक हरू मध्येबाट अभिभावक, चन्दा दाता, समाजसेवी, प्रधानाध्यपक तथा शिक्षक, दलित, महिला तथा अन्य सरोकारवालाहरू समेत रहने गरी एक बिद्यालय ब्यबस्थापन समिति गठन गर्ने व्यवस्था गर्ने
- बिद्यालयको बिकास र खासगरी बालबालिकाको सिकाइमा अभिभावकको सहभागिता बढाउन अभिभावक -शिक्षक अभिभावक संघको समेत ब्यबस्था गर्ने । शिक्षक अभिभावक सङ्घले विद्यालयको सामाजिक परीक्षण गर्ने र अभिभावक भेलामा प्रस्तुत गर्ने परिपाटी बसाल्ने
- आवधिक रूपमा विद्यालयले आफ्नो विद्यालयका कार्यकलाप, शैक्षिक प्रगति र आयव्ययको अवस्था अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समितिसमक्ष प्रस्तुत गर्ने व्यवस्था गर्ने र वार्षिक रुपमा स्थानिय सरकार समक्ष पेश गर्ने
- विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीको लागि व्यवशायिक आचारसंहिता (professional code of conduct) निर्माण गरी सोहि अनुसार काम भए नभएको अनुगमन गर्ने
- विद्यालयलाई बालबालिका मैत्री बनाउँदै बालबालिकालाई शारीरिक तथा मनोवैज्ञानिक कुनै पनि प्रकारको दण्ड तथा दुर्व्यवहार गर्न निषेध गर्ने
- शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने । प्रधानाध्यापक सिकाइका लागि विद्यार्थी र अभिभावक तथा व्यवस्थापनका र सिकाइ दुबैका लागि स्थानीय सरकारप्रति जवाफदेही हुने व्यवस्था गर्ने
- शिक्षक नियमितता र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रधानाध्यापकले अनुगमन तथा कक्षा निरीक्षण गर्ने । शिक्षकको अनियमितता र त्यसले ल्याउन सक्ने क्षतिका लागि प्रधानाध्यापकलाई कारवाही गर्ने अधिकार दिने
- निर्धारित शैक्षिक सूचक र विद्यार्थी शैक्षिक उपलब्धिका आधारमा शिक्षक तथा प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कन गर्ने । र सोहि अनुसार दण्ड र पुरस्कारको ब्यबस्था गर्ने

## (ठ) विद्यालयको अनुगमन निरीक्षण र शैक्षिक सुपरिवेक्षण

- बिद्यालय तहको शिक्षाको ब्यबस्थापकीय जिम्मेवारी स्थानीय सरकारको भएको र शिक्षा बिकासको मूल जोड पहुँच बाट गुणात्मक अभिवृद्धिमा रहेकोले स्रोत केन्द्रले गर्ने कामहरूमा परिबर्तन गर्नुपर्ने ।
- विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण को बर्तमान ब्यबस्थमा व्यापक सुधार ल्याउने । सो अनुसार सुपरीवेक्षकको न्युनतम योग्यता स्नातकोत्तर कायम गरी शिक्षा प्रशासन तथा सुपेरिबेक्षण सम्बन्धी तालिम अनिवार्य गर्ने । सुपरिवेक्षकको काम कर्तव्य र अधिकार स्थानीय शिक्षा ऐन तथा निमयावलीमा नै स्पष्ट पार्ने
- सुपरिवेक्षकले आफ्नो क्षेत्रभित्र विषयगत रूपमा नै शिक्षण सिकाइ क्रियाकलापको अनुगमन अवलोकन गरी नमुना पाठ प्रदर्शन तथा सिकाइ मार्गदर्शन गर्न सक्ने गरी स्थानीय बिद्यालयहरूमा कार्यरत शिक्षकहरू मध्ये बाट लिड वा मास्टर टिचरको छनोट गर्ने र तिनीहरूलाई शिक्षक सुपेरिबेक्षण र शिक्षक सहयोगको काममा लगाउने यस्ता शिक्षकहरू शिक्षणमा प्रभावकारिता वा क्षमता प्रदर्शन गरेका व्यक्ति हुनु पर्ने
- स्थानीय सुपरिवेक्षक र लिड वा मास्टर टिचर लाइ नियमित रुपमा आफ्नो कक्षाको अवलोकन तथा सुपरिवेक्षण गरी शिक्षण सुधारका लागि पृष्ठपोषण दिन आमन्त्रण गर्ने प्रावधान अथवा जिम्मेवारी शिक्षकलाई दिने र बिद्यालय भित्रै र अन्य विद्यालयका शिक्षकहरूको कक्षा अबलोकन गर्ने व्यवस्था मिलाउने
- सुपरिवेक्षक र विद्यालयका प्रधानाध्यापकबाट मासिक रूपमा आफ्नो क्षेत्र र विद्यालयमा भएका शैक्षिक सुपरिवेक्षण र त्यसबाट सिकाइ सुधारमा पारेको र पार्न सक्ने सम्भावनासमेत आकलन गरिएको प्रतिवेदन स्थानीय सरकारको शिक्षा एकाइमा अनिवार्य रूपमा बुझाउने व्यवस्था गर्ने
- प्रधानाध्यापकले अनिवार्य रूपमा आवश्यकताअनुसार कक्षा सुपरिवेक्षण गर्ने र शिक्षकसँग छलफल गर्ने तथा विद्यार्थी जस्तै शिक्षकको हाजिरी पनि सूचना पाटीमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने
- स्थानीय सरकार प्रमुख उपप्रमुख शिक्षा प्रमुख र सम्बन्धित वडाका वडाध्याक्षले विद्यालयको समग्र अवस्था र सुपरिवेक्षणको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने

**(यस सम्बन्धी थप विवरण निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी परिच्छेदमा उल्लेख गरिएको छ)**

## (ड) अपाङ्गता भएका र अन्य बिशेष लक्षित समुहका बालबालिकाको सिकाइ

- प्रारम्भिक बालविकासदेखि नै बालबालिकाको अपाङ्गताको पूर्वपहिचान (early screening) गर्न शिक्षक तालिममा यस विषयलाई समावेश गर्ने
- सबै स्थानीय तहमा स्वास्थ्यकर्मीसहितको अपाङ्गता सहयोग तथा परामर्श कक्ष राख्ने । उक्त डेस्कले अपाङ्गता पहिचान गर्ने तथा वर्गीकरण गरी कस्तो प्रकारको विद्यालयमा पठाउने हो सोको निर्धारण तथा सिफारिस गर्ने

- साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने बालबालिकाका लागि उनीहरूका अपाङ्गताको अवस्थाअनुसार आवश्यक पर्ने सामग्रीहरू विद्यालयले नै उपलब्ध गराउने नीति लिने. विशेष बालबालिकाका लागि चाहिने सामग्री (जस्तैः छडी, ब्रेल पुस्तक आदि)को समुचित प्रबन्ध गर्ने
- विशेष विद्यालयहरूको स्थापना र सञ्चालन सङ्घीय सरकारले गर्ने र प्रदेश तथा स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र सञ्चालित त्यस्ता विद्यालयहरूको सञ्चालन तथा व्यवस्थापनमा सघाउने
- अपाङ्गता भएका बालबालिकाहरूको सिकाइलाई सम्भव भएसम्म अपाङ्गताको अवस्था हेरी अन्य आधारभूत विद्यालयको सिकाइसँग सापेक्ष बनाउने कोसिस गर्ने
- अपाङ्गता भएका विद्यालयमा सिकाइ गर्ने शिक्षकलाई अन्य आधारभूत तहको शिक्षकसरह बनाउने
- विद्यालयको भौतिक संरचना अपाङ्गमैत्री हुने गरी निर्माण गर्ने ।
- अशक्त वा घर र विद्यालय गर्न गराउन असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको विशेष विद्यालय सञ्चालन गर्ने । साधारण विद्यालयमा जान असमर्थ तर विशेष कक्षामा मात्र अध्ययन गर्न सक्नेलाई विशेष विद्यालयमा नै पठनपाठनको व्यवस्था मिलाउने
- स्थानीय सरकारले अपाङ्गता भएका बालबालिकाका लागि सम्भव भए सम्म नियमित स्कुलहरूमा अध्ययन गर्ने बाताबरण बनाउन बालबालिकाका आवश्यकता अनुकुलका भौतिक सुबिधा विकास गर्ने र उनीहरूका आवश्यकता बमोजिम न्युनतम सामाग्रीहरूको ब्यबस्था गर्ने ।
- अपाङ्ग भएका तथा दृष्टिविहीनका लागि विद्यालय आवतजावत गर्न आवश्यक सामग्री विद्यालयमार्फत् निःशुल्क उपलब्ध गराउने
- विपन्न, दलित, जनजाति तथा कठिन परिस्थितिमा रहेका अन्य अभिभावकका छोराछोरीलाई उनीहरूको अवसर लागतलाई सम्बोधन गर्ने गरी छात्रवृत्ति दिने
- मौसमी बसाईंसराइ गर्ने अभिभावकका बालबालिकाको लगत स्थानीय सरकारले राख्ने र बसाइँसराइ गरी जाने ठाउँमा त्यहाँ बसुञ्जेल पायकको विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाउने । त्यस विद्यालयबाट फर्केपछि अध्ययन गरेको विद्यालयले पठाएको प्रगति विवरणको आधारमा फर्किने स्थानको विद्यालयले अनिवार्य रूपमा त्यस्ता बालबालिकालाई भर्ना गरेर सिकाइ सञ्चालन गर्ने । यसको अनुगमन सम्बन्धित स्थानीय सरकारले गर्ने
- विपन्नताका आधारमा छात्रवृत्ति दिने व्यवस्था मिलाउने र यसको जिम्मेवारी स्थानीय सरकारले लिने
- महिनावारी तथा छाउपडी प्रथाजस्ता कारणले हुने छात्रा अनुपस्थितिलाई घटाउन अभिभावक जागरण गर्ने र विद्यालयमा स्यानिटरी प्याडसहितको अलग शौचालय अनिवार्य गर्ने

- दलित वर्गका बालबालिकामा छुवाछुतका कारण हुने मनोवैज्ञानिक प्रभाव र भेदभावलाई अन्त गर्न विद्यालयमा छुवाछुत प्रथा पूर्ण उन्मूलन गर्दै सबैलाई समान व्यवहार गर्न र सिकाइमा समान अवसर दिन विद्यालय तथा शिक्षकहरू पूर्ण जिम्मेवार बन्नुपर्ने व्यवस्था गर्ने

**(ढ) निजी लगानीका विद्यालयको व्यवस्थापन**

- सबै प्रकारका बिद्यालयमा समान गुणस्तरको शिक्षा बालबालिकाहरूलाई उपलब्ध छ भन्ने कुरा सुनिस्चित गर्न स्थानिय सरकारले बिद्यालय शिक्षाका महत्वपुर्ण कुराहरूमा नियमन गर्ने, निजी लगानीका विद्यालयको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी व्यवस्थापन, आर्थिक व्यवस्थापन, विद्यालय व्यवस्थापन लगायतका विषयमा नियमन गर्ने ।
- नया संघिय शिक्षा ऐन लागु भए पश्चात कम्पनि ऐन अन्तरगतका निजी लगानीका विद्यालयहरू संक्रमणकालिन व्यवस्थापनका (Transitional strategy) रुपमा गैरनाफामुखी सेवामूलक सामाजिक संस्था (Non profitable Social Institution) का रुपमा रुपान्तरण गर्ने । र आगामी एक दशक भित्र कम्पनी, सहकारी, गुठी लगायतबाट सञ्चालित सम्पूर्ण विद्यालयहरूलाई एक दशकभित्रमा एउटै ढाँचाभित्र ल्याउने ।
- कम्पनी स्वामित्वमा रहेका विद्यालयहरू गैरनाफामुलक शैक्षिक गुठीमा मा जान चाहेमा त्यस्ता विद्यालयलाई राज्यले शिक्षक तालिम, जग्गा रजिष्ट्रेशन, गाडीको भन्सार महशुल, सूचना प्रविधि सामग्री र कम्प्युटरको भन्सार महशुल लगायतका सुविधा उपलब्ध गराउने।

परिच्छेद ५

# माध्यमिक शिक्षा

## १.पृष्ठभूमि

सबैको लागि गुणस्तरीय शिक्षाको एजेण्डा बीसौं शताब्दीको पूर्वार्धसम्म समाजवादी र लोकतान्त्रिक समाजवादी मुलुकको मात्र एजेण्डाका रुपमा रहेको थियो । ।पछिल्लो समयमा आएर शिक्षा सार्वजनिक सेवा हो, यसमा सबैको समतामूलक पहुँच हुनुपर्छ र यो ब्यक्तिगत नाफा आर्जनका लागि ब्यापार गर्ने बिषय होइन भन्ने सिध्दान्तलाई समाजवादी मुलुकले मात्र होइन, पुँजीवादी मुलुकले समेत स्विकार गरेका छन् । संयुक्त राष्ट्र संघको तत्वावधानमा दिगो विकास लक्ष्य सन् २०३० अन्तरगत गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँचलाई आफ्नो मुख्य नारा बनाएको स्थिति छ । राज्यको प्राथमिकता सहितको लगानीमा सार्वजनिक शिक्षा र सबैको लागि एउटै गुणस्तरको विद्यालय शिक्षाको एजेण्डाका पक्षमा आजको जस्तो अनुकूल र सर्वसम्मत विश्व परिवेश यसअघि थिएन ।

भौतिक सुविधाहरुको विस्तार, संचार तथा इन्टरनेट प्रविधिमा आएको ब्यापक परिवर्तन, कृषि उत्पादनको प्रविधिमा आएका परिवर्तनहरू सँगै नेपालको शासन प्रणाली तथा राजनीतिक परिवेशमा व्यापक परिवर्तनहरू आएको छ । मुलुक संविधानतः लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादतर्फ उन्मुख भएको छ । उदारवादी अर्थतन्त्र अहिले लोककल्याणकारी चरित्रको मिश्रित अर्थतन्त्रमा रुपान्तरित भएको छ । अन्य समाजवादी मुलुकमा झैं नेपालमा पनि शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्यान्नलाई संवैधानिक मौलिक अधिकारको रुपमा परिभाषित गर्दै राज्यको दायित्व अन्तरगत राखिएको छ ।

विज्ञान, प्रविधि संचार क्षेत्रमा आएको परिवर्तनले शिक्षाको पहुँच, गुणस्तर, विधि, र साधनमा पनि ठूलो हेरफेर ल्याएको छ । शिक्षण सम्वन्धी विधि, प्रविधि र पध्दतिमा पनि परिवर्तन भएको छ । दक्ष शिक्षक र अत्याधुनिक प्रविधिको सम्मिश्रणबाट पहिले भन्दा निकै कम खर्चमा र समयमा धेरै सिकाइ उपलब्धि हासिल गर्न सकिने वस्तुगत स्थिति पैदा भएको छ । दूरशिक्षण मार्फत अब एकैजना बिषय शिक्षकबाट एक समयमा धेरै स्थानमा शिक्षण सम्भव हुने स्थिति छ । विद्यालयमा शिक्षणका लागि अब शिक्षकको संख्या झन् झन् घट्दो क्रममा हुने र कम्प्युटर, संचार प्रविधि र इन्टरनेटको प्रयोग बढ्दो क्रममा हुने सम्भावना छ । यसरी गुणस्तरीय शिक्षामा समतामूलक समावेशी पहुँच पहिले भन्दा राम्रोसंग साकार पार्न सकिने सम्भावना पैदा भएको छ ।

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हक र राज्यको जिम्मेवारीको रुपमा परिभाषित गर्दै आधारभूत तहको शिक्षा निशुल्क र अनिवार्य र माध्यमिक शिक्षा निशुल्क हुने, गरिब, दलित, असहाय र अपाङ्गको लागि उच्च शिक्षासमेत निशुल्क हुने व्यवस्था गरेको छ । शिक्षामा राज्यको लगानी बढाउँदै निजी लगानीमा रहेका विद्यालयलाई नियमन र ब्यवस्थापन गर्दै त्यसलाई सेवामूलक बनाउने र उच्च शिक्षा समेत निशुल्क बनाउँदै लैजाने विषय संविधानमा उल्लेख छ । सरकारले

अनिवार्य तथा निशुल्क शिक्षा ऐन कार्यान्वयनमा ल्याएको छ । यसले निशुल्क र अनिवार्य शिक्षालाई परिभाषित गर्दै मातृभाषामा विद्यालय शिक्षाको हकलाई समेत संस्थागत गरेको छ ।

नेपालको संविधानले एकातिर देशलाई समाजवाद उन्मुख घोषणा गरेको छ भने अर्कोतिर संघियतालाई राज्यप्रणालीका रुपमा अबलम्बन गरेको छ । समाजवाद उन्मुखता अन्तर्गत माध्यमिक शिक्षाको सम्पूर्ण जिम्मेवारी राज्यले आफ्नो काँधमा बोक्दै यो तहको शिक्षामा नाफामुलक निजिकरणलाई सेवामूलक बनाएको छ भने संघियता अन्तर्गत माध्यमिक तहको सम्पूर्ण अधिकार स्थानीय तहलाई सुम्पेको छ ।

नेपालमा कक्षा ८ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाका रुपमा लिइएको छ । माध्यमिक शिक्षाको मुख्य उद्देश्य मुलुक र प्रदेशको आवश्यकता अनुसारको प्रारम्भिक स्तरको दक्ष जनशक्ति उत्पादन गर्नु हो। आधारभूत तहको सिप सिकेर वा प्रारम्भिक स्तरको प्राबिधिक दक्षता हासिल गरेर पेशागत हिसाबले स्वरोजगारी वा रोजगारीमा जान जान चाहनेहरूको लागि यो बिद्यालय शिक्षाको सबैभन्दा निर्णायक खुड्किलो हो। हरेक व्यक्तिभित्र लुकेर रहेको गुण, क्षमता र प्रतिभाको पहिचान गरी त्यसको प्रस्फुटन र विकास गर्ने दोस्रो महत्वपुर्ण ठाउँ पनि माध्यमिक तह नै हो। हरेक व्यक्तिमा समालोचनात्मक र बैज्ञानिक दृष्टिकोण निर्माण र राष्ट्रप्रेमी, समुदायमुखी, विवेकशील र उद्यमशील चरित्र निर्माण पनि यो तहको बिद्यालय शिक्षाको एउटा मुख्य काम हो। साथै, उच्च शिक्षालाई आधारभूत शिक्षासित जोड्ने मुख्य सेतु पनि यहि तहको बिद्यालय शिक्षा हो। यही हुनाले माध्यमिक शिक्षा भनेको समस्त शिक्षा प्रणालीमा मध्यवर्ती तर अति महत्वपूर्ण खुड्किलो हो।

सबैका लागि समतामुलक ढङ्गले गुणस्तरीय शिक्षा प्रदान गर्ने, लोकतान्त्रिक तथा समाजवादी मुल्यमा आधारित स्वावलम्बी, उत्पादनमूलक र श्रमप्रति आस्थावान जनशक्तिको विकास नै माध्यमिक शिक्षाको सैद्धान्तिक आधार रहेको छ ।

त्यसैगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, महिला अधिकार सम्बन्धी अभिसन्धिहरु, वाल अधिकार सम्बन्धी महासन्धि १९८९, सवैकालागि शिक्षा सम्मेलनहरुमा गरेका प्रतिवद्धताहरु, दिगो विकासका लक्ष्यहरु २०३० लगायतमा नेपालले जनाएका प्रतिवद्धताहरु पनि नेपालको समग्र शिक्षा विकासको मार्गदर्शक आधारका रुपमा रहेका छन् ।

## २.० वर्तमान अवस्थाको विश्लेषण

## २.१ माध्यमिक विद्यालयसम्बन्धी वर्तमान अवस्था

वर्तमान शिक्षा ऐन तथा नियमावलीले विभिन्न ढंगबाट विद्यालयहरु सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । अध्यापन गरिने विषयवस्तुका आधारमा साधारण, संस्कृत र व्यावसायिक धारहरुको व्यवस्था गरेको छ भने स्रोत र व्यवस्थापनको आधारमा सरकारवाट नियमित अनुदान प्राप्त गर्ने सामुदायिक र अनुदान प्राप्त नगर्ने विद्यालयहरुलाई संस्थागत विद्यालयका रुपमा व्यवस्था गरिएको छ । संस्थागत विद्यालयहरु कम्पनी वा शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न सक्ने र शैक्षिक गुठी अन्तर्गत पनि निजी र सार्वजनिक गुठीहरुको व्यवस्था गरिएको छ । त्यसैगरी परम्परागत

विद्यालयहरु (गुरुकुल, गुम्बा र मदरसाहरु), विदेशी बोर्डबाट सञ्चालित विद्यालयहरु, कुटनीतिक निकायबाट सञ्चालित विद्यालयहरु, विशेष विद्यालयहरु, सुरक्षा निकायहरुबाट सञ्चालित विद्यालयहरु र शहीद प्रतिष्ठानबाट सञ्चालित विद्यालयहरु पनि रहेका छन् ।

शैक्षिक तथ्याङ्क २०७४ अनुसार सबै प्रकृतिका विद्यालयहरूको कुल संख्या ३५,६०१ रहेको छ । त्यसमध्ये माध्यमिक तहका विद्यालयको संख्या ९,४४७ रहेको छ । नेपालका कुल विद्यालयमध्ये २६.५ प्रतिशत विद्यालयहरू माध्यमिक तहका छन् ।


तालिका १: नेपालको माध्यमिक शिक्षाको संक्षिप्त झलक

| विवरण | संख्या | समग्रमा प्रतिशत |
|---|---|---|
| देशभरिका कुल विद्यालय संख्या | ३५,६०१ | १०० |
| कुल माध्यमिक विद्यालय | ९,४४७ | २६.५ |
| १ देखि १२ कक्षामा कुल विद्यार्थी | ७३,९१,५२४ | १०० |
| माध्यमिक विद्यालयमा कुल विद्यार्थी (कक्षा ९ र १० मा) | ९,७०,७२० | १३.१ |
| माध्यमिक विद्यालयमा कुल विद्यार्थी (कक्षा ११ र १२ मा) | ५,८४,०७२ | ७.९ |
| विद्यालयमा कुल शिक्षक (सवै प्रकारका विद्यालयहरु) | ३,२५,५१८ | १०० |
| सामुदायिक विद्यालयहरुमा कुल स्वीकृत दरबन्दी | १,०९,११८ | |
| सामुदायिकमाध्यमिक विद्यालयमा कुल शिक्षक (कक्षा ९ र १० मा) | १९,५१७ | स्थायी ९८४५,अस्थायी २९२८, राहत दरबन्दी ६७४४ |
| सामुदायिक माध्यमिक विद्यालयमा कुल शिक्षक (कक्षा ११ र १२ मा) | ५९५९ | स्थायी दरबन्दी १९१८, राहत दरबन्दी ३९४१ |
| सामुदायिक विद्यालयहरू | २७,८८३ | ७८.३ |
| कुल सामुदायिक विद्यालयमध्ये जम्मा माध्यमिक तहका सामुदायिक विद्यालयहरू (कक्षा ९ र १०) | ६,२३० | २२.३ |
| कुल सामुदायिक विद्यालयहरूमध्ये माध्यमिक तहका सामुदायिक विद्यालयहरू (कक्षा ११ र १२) | २,७१० | ९.७ |
| कुल निजी प्रकृतिका संस्थागत विद्यालयहरू | ६,५६६ | १८.७ |
| कुल संस्थागत विद्यालयहरूमध्ये मावि तहका विद्यालयहरू (कक्षा ९ र १०) | ३,१८६ | ४८.५ |

स्रोत फ्लास प्रतिवेदन (सन् २०१७—१८) शिक्षा बिभाग, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय

यी विद्यालयहरुमा करिब १० लाख बिद्यार्थीहरु अध्ययन गर्दछन । देश भर ३ लाख २५ हजार शिक्षकहरु मध्ये करिब २० प्रतिशत माध्यमिक तहमा कार्यरत छन्।

**जनसंख्या र माध्यमिक विद्यालयको प्रदेशगत वितरणको अवस्था**




स्रोत : फ्लास रिपोर्ट २०७४/७५, शिक्षा बिभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

प्रदेशगत हिसाबले माध्यमिक विद्यालयको वितरण जनसंख्याको सापेक्षतामा समानुपातिक देखिदैन । जनसंख्याको सापेक्षतामा प्रदेश २ मा हाल उपलब्ध बिध्यालयहरुको संख्या अपर्याप्त देखिन्छ ।

## २.२ माध्यमिक शिक्षामा पहुँचको अवस्था

२०७४ सालको तथ्याङ्क अनुसार कक्षा १ देखि ५ कक्षासम्मको खुद विद्यार्थी भर्ना दर ९७.२ प्रतिशत छ । अर्थात प्राथमिक तहमा पढ्ने उमेरका बालबालिकामध्ये खालि २.८ प्रतिशत विद्यार्थीहरू मात्र विद्यालय बाहिर छन् । यसले विद्यार्थी भर्नाका हिसाबले अधिकांश प्राथमिक विद्यालयमा पढ्ने उमेरका बालबालिकाको लागि विद्यालयसम्म पहुँच छ भन्ने देखाउँछ । कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर पनि ९२.३ प्रतिशत रहेको छ । यसको मतलब कक्षा एकदेखि आठसम्म पढ्ने उमेरका ७.७ प्रतिशत विद्यार्थीहरू मात्र विद्यालय बाहिर रहेका छन् ।

विसं २०७४ सालको तथ्याङ्क अनुसार कक्षा १ देखि ५ कक्षासम्मको खुद विद्यार्थी भर्ना दर ९७.२ प्रतिशत छ र कक्षा १ देखि ८ सम्मको खुद भर्ना दर पनि ९२.३ प्रतिशत रहेको छ । यसले देखाउँछ कि विद्यार्थी भर्नाका हिसाबले आधारभूत तहमा पढ्ने उमेरका बालबालिकाको लागि विद्यालयसम्म उल्लेखनीय पहुँच छ ।

तर माध्यमिक तहको खुद भर्ना दर भने उत्साहजनक देखिदैन। ४६ प्रतिशत विद्यार्थी माध्यमिक विद्यालय बाहिर छन् । टिकाउ दरलाई नियाल्दा ४३ प्रतिशत बिद्यार्थीहरु कक्षा दशको अध्ययन पुरा नगरी बिद्यालय छोडछन्। ८३ प्रतिशत विद्यार्थीहरू कक्षा बाह्र पुरा गर्दैनन्. विद्यार्थीले कक्षा छाड्ने, दोहोर्याउने र अनुपस्थित हुने दर माथिल्ला कक्षाहरुमा क्रमश

बढ्दै गइरहेको देखिन्छ । पारिबारिक गरिबी तथा बेरोजगारी, बालविवाह, बालश्रम, सौचालय लगायत बालबालिका मैत्री भौतिक सुबिधाको अभाव आदि यसका प्रमुख कारणहरु हुन् ।

तालिका २: **माध्यमिक विद्यालय शिक्षामा विद्यार्थी भर्ना र टिकाउको वर्तमान स्थिति २०७४**

| **विवरण** | **प्रतिशत** | **विद्यालय बाहिर रहेको विद्यार्थी प्रतिशत** |
|---|---|---|
| कक्षा एकदेखि आठको खुद भर्ना दर | ९२.३ | ७.७ |
| कक्षा एकदेखि बाह्रको खुद भर्ना दर | ४३.९ | ४६.१ |
| **विद्यालयमा टिकाउ दर** | | **बिचैमा पढाई छोड्ने दर** |
| आधारभूत तहको शिक्षा पुरा गर्नेको दर | ७०.७ | २९.३ |
| कक्षा १० सम्मको टिकाउ दर | ५७.१ | ४२.९ |
| कक्षा १२ सम्मको टिकाउ दर | १७.२ | ८२.८ |

स्रोत फ्लास प्रतिवेदन (सन् २०१७—१८) शिक्षा बिभाग, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय

## २.३ माध्यमिक तहमा गुणस्तरको अबस्था

सामान्यतया अभिभावक, सरकार, विद्यार्थी, शिक्षक, विद्यालयलगायत अभिभावकहरुसमेत सवैले स्तरीकृत परीक्षाहरुमा विद्यार्थीले प्राप्त गरेको परिमाणात्मक अंकलाई नै गुणस्तरको मुख्य आधार बनाएको पाइन्छ । बि सं २०७३ मा भएको कक्षा ८ को विद्यार्थी सिकाइ उपलव्धी परीक्षणले विद्यार्थीहरूको उपलब्धिको राष्ट्रिय मूल्याङ्कनमा विद्यालय शिक्षाको औसत सिकाइ उपलब्धि ५० प्रतिशतभन्दा पनि तल देखिएको छ जसअनुसार नेपालीमा ४८, गणितमा ३५ र सामाजिकमा ४१ र विज्ञानमा ४१ छ । माध्यमिक शिक्षाको जग आधारभूत शिक्षामा गणित, विज्ञान, सामाजिक तथा भाषा जस्ता विषयहरुमा समेत अत्यन्त न्यून शैक्षिक उपलब्धि हुनुले भविष्यको दक्ष प्राविधिक जनशक्ति उत्पादनको जग नै कमजोर हुने देखिएको छ ।

**तालिका ३ २०७३ सालको एस.इ.इ परीक्षामा परिणामको सारांश**

| विवरण | विद्याथी संख्या | प्रतिशत |
|---|---|---|
| कुल एस.इ.इ परीक्षा दिने विद्यार्थी संख्या | ४,४५,५६६ | १०० |
| बी प्लस र त्यो भन्दा माथि अर्थात ७० प्रतिशत र सोभन्दा बढी अंक ल्याउने | १,६७,३१२ | ३८ |
| सि प्लस र त्यो भन्दा मुनि अर्थात ६० प्रतिशत भन्दा मुनिको परिणाम ल्याउने | २,७५६५५ | ५९ |
| त्यसमध्ये १.९५ जिपिइ (ग्रेड डी, डी प्लस, इ र एफ) अर्थात ३० अंक भन्दा मुनिको परिणाम ल्याउने | | ४१ |

**स्रोत :परीक्षा नियन्त्रण कार्यालय, २०७४**

एस.इ.इ परीक्षाको नतिजालाई समेत गुणस्तरको एक सूचक मानेर विश्लेषण गर्दा वि.सं २०७३ सालको परीक्षामा सी प्लस भन्दा कम नतिजा हासिल गर्ने विद्यार्थीहरू सवैभन्दा बढी छन् तर उच्चतम ग्रेड प्राप्त गर्ने विद्यार्थीहरुको संख्या निकै सानो छ । सी प्लस भन्दा कम नतिजा हासिल गर्ने विद्यार्थीहरू ५९ प्रतिशत छन् भने बी प्लस भन्दा माथिको अंक ल्याउने विद्यार्थी केवल २४ प्रतिशत छन् । उत्तीर्णहरुमध्ये पनि अधिकांश अर्थात ४१ प्रतिशत सी र डी ग्रेडमा उत्तीर्ण भएका छन् । कक्षा १२ को उत्तीर्णदर ५० प्रतिशत भन्दा कम रहेको छ । विद्यालय शिक्षा पूरा गर्ने मध्ये पनि ८० प्रतिशतको हाराहारी विद्यार्थीहरु सामान्य शिक्षामा जाने गरेका छन् ।

विद्यालयहरुमा सूचना प्रविधिको प्रयोगमार्फत सिकाइको गुणस्तरीयताका लागि व्यवस्था गरिएको कम्प्यूटरलाई कम्प्यूटर साक्षरतामा मात्र सीमित गरिएको छ । कम्प्यूटरका माध्यमबाट सूचना प्रविधिको प्रयोग गरी हरेक विषयवस्तुहरुमा विद्यार्थीहरुलाई ज्ञानको आधिकारिक स्रोतमाथिको पहुँच स्थापित गराई ज्ञान निर्माणको सहज वातावरण निर्माण गर्ने काम निकै कम मात्र विद्यालयहरुमा हुने गरेको छ ।

आयोगको स्थलगत अध्ययनमा धेरैजसो विद्यालयमा केवल पाठ्यपुस्तकमा मात्र आधारित भएर पढाउने गरेको पाइएको छ । तालिम प्राप्त शिक्षक भएर पनि शिक्षकले लिएको तालिम कक्षा कोठामा प्रयोगमा आएको पाइंदैन । यसले शैक्षिक गुणस्तरको लक्ष्य प्राप्तिमा कठिनाइ हुने निश्चित नै छ । अधिकांश विद्यालयहरुको शिक्षा कक्षाकोठा र पाठ्यपुस्तकभित्रै सीमित छ । केवल पाठ्यपुस्तकमुखी शिक्षण प्रक्रिया छ र समयमा पाठ्यपुस्तक नपुग्दा विद्यालयमा नियमित पढाइ प्रभावित हुने गरेको छ । सिकाइलाई वरपरको प्रकृति, वातावरण, समाज र समुदायसँग आवद्ध गर्न सकिएको छैन । दक्ष विषयगत शिक्षकको अभाव, शिक्षण विधि प्रभावकारी हुन नसक्नु अहिलेको गुणस्तरीयतामा ह्रास आउनुको मुख्य कारणका रुपमा देखिन्छ । शिक्षकहरूलाई प्रदान गरिएको सुविधा र बृत्तिविकासका अवसरहरू शिक्षक उत्प्रेरणाको लागि पर्याप्त देखिएका छैनन् । विद्यालय शिक्षामा विद्यमान यी समस्याहरुले नेपालको समग्र विद्यालय शिक्षाको गुणस्तर कमजोर बनेको देखिन्छ । अधिकांश विद्यालयमा पुस्तकालयको समेत अभाव छ । विद्यार्थी र शिक्षकहरु दुवैमा पुस्तक अध्ययन गर्ने, तर्क वहस गर्ने, फरक विचारलाई सम्मान गर्ने जस्ता अभ्यासहरु निकै कम मात्र हुने गरेको छ ।

### २.४ शिक्षक तथा कर्मचारी व्यवस्थापन

माध्यमिक तहमा गुणस्तरीय सिकाइ नहुनुको मुख्य कारण गुणस्तरीय बिषय शिक्षकको अभाव हो । देशभरिका अधिकांश विद्यालयमा योग्यताप्राप्त दक्ष र स्वउत्प्रेरित विषय शिक्षक ज्यादै न्यून छन् । शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदल २०७५ अनुसार देशभरिका कुल ९४४७ वटा माविमा हाल कार्यरत शिक्षक १९,५१७ छन् । तर विद्यार्थी संख्या तथा विषयगत आवश्यकताका आधारमा हेर्दा माध्यमिक तहमा जम्मा आवश्यक शिक्षक दरबन्दी संख्या ४३,०१२ देखिन्छ । यस हिसाबले २४,३८४ शिक्षक अपुग देखिन्छ ।

देशभरिका आधारभूत र माध्यमिक विद्यालयमा शिक्षक दरबन्दीको अवस्था २०७४

| तह | हाल कार्यरत | आवश्यक | बढी हुने | अपुग हुने | एकजना शिक्षक पनि नभएका विद्यालय | १ मात्र शिक्षक भएका विद्यालय | २ भन्दा बढी शिक्षक भएका विद्यालय |
|---|---|---|---|---|---|---|---|
| आधारभूत( प्राथमिक) | १००६८५ | १०३५०२ | २५६४८ | २२२६५ | १४८१ | २४०४ | ५३०८ |
| आधारभूत( निम्न माद्यमिक) | २५६८७ | ५०३९१ | १८६४ | २७२८९ | १०७४ | १३५७ | ४३५७ |
| माध्यमिक | १९,५१७ यी मध्ये राहात ६७४४<br>यी वाहेक ३०३२ जन । निजी स्रोतबाट समेत कार्यरत रहेका छन् । | ४३,०१२ | ६४० | २४,३८४ | ५०७ | २०२१ | २८४७ |

स्रोत : शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदल २०७५को प्रतिवेदन

शिक्षक दरबन्दीको अभाव देखिएको छ । २०७३ सालको तथ्याङ्कअनुसार देशभरिका ६५०१ माध्यमिक विद्यालयमध्ये ७१ वटामा मात्र विज्ञान, गणित र अंग्रेजी बिषयका सोही तहका बिषयतगत शिक्षक रहेका छन् । १०२ वटामा मात्र गणित र अंग्रेजी बिषयका सोही तहका शिक्षक छन् । १०४ वटामा मात्र बिज्ञान र अंग्रेजी बिषयका सोही तहका शिक्षक छन् ।


कार्यदलको प्रतिवेदन अनुसार देशभरिका ५०४ वटा माविमा एक जना पनि शिक्षक दरबन्दी उपलब्ध छैन । ७१४ वटा माविमा एकजना मात्र बिषय शिक्षक उपलब्ध छ । २०२१ वटामा दुई जना मात्र बिषय शिक्षक छन् । त्यसै गरी प्रतिवेदनले कक्षा १ देखि ५ सम्म पढाइ हुने प्राविमध्ये १४८१ वटा तथा कक्षा ६ देखि ८ कक्षासम्म पढाइ हुने आधारभूत विद्यालय १०७४ वटा समेत गरी कुल ३०६४ विद्यालयमाा विषय शिक्षकको एउटा पनि दरबन्दी छैन । त्यसको असर मावि तहको शिक्षण र सिकाइमा परिरहेको छ ।

प्रतिवेदनले देशभरिका २७,२०५ विद्यालयमध्ये २,८०५ वटा अर्थात १० प्रतिशत विद्यालयमा १० भन्दा कमको अनुपातमा विद्यार्थी शिक्षक अनुपात रहेका विषय पनि उजागर गरेको छ । ६,७८८ विद्यालयमा अर्थात २५ प्रतिशत विद्यालयमा एक शिक्षक बराबर १० देखि २० जनासम्म विद्यार्थी रहेका छन् । देशका कुल ३५ प्रतिशत अर्थात ९,४९४ विद्यालयमा विद्यार्थी शिक्षक अनुपात १ २० वा सोभन्दा कम छ । यदि विद्यालयहरूको समन्यायिक ढंगले नक्साङ्कन, मिलान र पुनर्वितरण गर्ने र असन्तुलित वितरणलाई सन्तुलित बनाउने हो भने दशहजार भन्दा बढि बिषय शिक्षक आपुर्ति हुनसक्ने देखिन्छ ।

## २.५ न्युनतम भौतिक पूर्वाधारको अवस्था

फ्ल्यास प्रतिवेदन २०७४ अनुसार संख्यात्मक रुपमा विद्यालयको संख्या बढेको भएतापनि अधिकांश विद्यालयको न्युनतम भौतिक पूर्वाधारको अवस्था कमजोर नै रहेको छ । प्राप्त तथ्याङ्क अनुसार कम्प्युटर पुगेका विद्यालयहरु १२ प्रतिशत मात्र छन् । ईन्टरनेट सुविधा पुगेका विद्यालयहरु १३ प्रतिशत छन् । विजुली सुविधा पुगेका विद्यालयहरु ३५ प्रतिशत छन् । पानीको सुविधा पुगेका विद्यालयहरु ८२ प्रतिशत छन् । प्रयोगयोग्य कक्षाकोठा भएका विद्यालयहरु ७२ प्रतिशत, पक्की भवन भएका विद्यालयहरु ५९ प्रतिशत, छात्रामैत्री शौचालय भएका विद्यालयहरु ७१ प्रतिशत र सामान्य शौचालयको प्रवन्ध भएका विद्यालयहरु ८४ प्रतिशत छन् ।

माध्यमिक विद्यालयमा न्युनतम भौतिक पूर्वाधारको अवस्था




स्रोत : फ्ल्यास प्रतिवेदन २०७४

## २.६ परम्परागत विद्यालयको स्थिति

नेपालमा धार्मिक प्रकृतिका परम्परागत विद्यालयहरू लामो समयदेखि अस्तित्व रहेका छन् । आधुनिक प्रकृतिका माध्यमिक विद्यालय अस्तित्वमा आउनु अघि धार्मिक प्रकृतिका विद्यालयहरू नै मूल रुपमा देशभरि अस्तित्वमा थिए । तिनीहरूमा प्राथमिक तहदेखि उच्च शिक्षा तहको शिक्षण हुने गर्दथ्यो । वैदिक दर्शनमा आधारित गुरुकुल शिक्षा, वुद्ध दर्शनमा आधारित गोन्पा-बिहार शिक्षा र इस्लाम धर्ममा आधारित मदरसाहरू नेपालका सबैभन्दा पुराना संगठित विद्यालयहरू हुन् ।

परम्परागत विद्यालयमध्ये सबैभन्दा ठूलो अनुपात (८१ प्रतिशत) मदरसाको रहेको छ । गोन्पा-बिहारको अनुपात १० प्रतिशत र गुरुकुलको ९ प्रतिशत छ । यस्ता विद्यालयमा माध्यमिक विद्यालयको संख्या धेरै छैन । देशभरिमा कुल ३१ वटा माध्यमिक तहका धार्मिक विद्यालय छन् । त्यसमध्ये पनि १७ वटा मदरसा नै छन् र १३ वटा गुरुकुल छन् । माध्यमिक तहको गोन्पा एउटा मात्र रहेको छ ।

धार्मिक प्रकृतिका परम्परागत विद्यालयहरूको स्थिति

| धार्मिक विद्यालय | सबै तहका विद्यालय | | तह अनुसार धार्मिक विद्यालयको संख्या | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | माध्यमिक | उच्चमाध्यमिक |
| **मदरसाहरू** | ९०७ | ८१ | १७ | ४ |
| **गोन्पा र विहार** | ११४ | १० | १ | ० |
| **आश्रम/गुरुकुल** | १०० | ९ | १३ | २ |
| **जम्मा** | ११२१ | १०० | ३१ | ६ |

स्रोत : फ्लास प्रतिवेदन २०७४/७५, शिक्षा बिभाग

## २.७ माध्यमिक तहमा सुशासन र नेतृत्व

प्रधानाध्यापक क्रियाशील र उत्प्रेरित भएका सामुदायिक विद्यालयहरू तुलनात्मक रुपमा राम्रो अवस्थामा छन् । जहाँ प्रधानाध्यापक, शिक्षक र ब्यवस्थापन समितिको बीच राम्रो संयोजन छ, ती सबैमा सामुदायिक विद्यालय प्रभावकारी र गुणस्तरीय छन् ।

सुशासन र प्रभावकारी विद्यालय नेतृत्वको अभावका कारण अधिकांश सामुदायिक विद्यालयहरुका गुणस्तर कमजोर रहेको तथ्य विभिन्न अनुसन्धानहुले समेत देखाएका छन् । विद्यालयमा स्थानीय समुदायको निरीक्षण र सुपरिवेक्षण ज्यादै कमजोर बनेको छ । स्थानीय तह भर्खरै निर्वाचित भएको छ र अनुभवको अभावमा उसको निरीक्षण र सुपरिवेक्षण पनि प्रभावकारी हुन पाएको छैन । परिणाममा विद्यालयको सुशासन कमजोर बन्दै गएको पाइएको छ । विद्यालय सुशासन कमजोर हुनुमा विद्यालय र शिक्षकको वृत्तिविकासलाई शैक्षिक उपलब्धिसँग वस्तुगत रुपले जोड्न नसकिनु प्रमुख जिम्मेवार देखिएको छ, । परिणामस्वरुप जस्तोसुकै सिकाइ नतीजा भएतापनि जवाफदेही बन्नु नपर्ने अवस्था सिर्जना भएको छ ।

प्रधानाध्यापक विद्यालयको प्रशासक मात्र नभएर सम्पूर्ण प्राज्ञिक उन्नयन, सुशासन र व्यवस्थापनको लागि जिम्मेवार अधिकारी हो । आफ्नो विद्यालयको पहिलो र प्रभावकारी सुपरिवेक्षक हो । विद्यालय र समाजलाई जोड्ने सेतु हो । सबै प्रकारका द्वन्द्व र असमझदारी व्यवस्थापन गर्ने व्यवस्थापक हो । प्र.अ.को प्रभावकारिताबाट नै विद्यालयहरुले कमजोर स्रोत साधनका बीचबाट पनि उत्कृष्ट नतिजा हासिल गरेका उदाहरणहरु प्रशस्त छन् । यद्यपि अहिले पनि प्र.अ.लाई प्राज्ञिक स्वायत्तता, क्षमता, कुशलता, छनौट र उत्प्रेरणाका दृष्टिबाट सबल बनाउनतर्फ ध्यान गएको छैन । विद्यालयभित्रका निर्णयहरुमा सहभागितात्मक पद्धतिको संस्थागत विकास हुन सकेको छैन । सबै विद्यालयहरुमा वर्तमान शिक्षा ऐन र नियमावलीले तोकेका न्यूनतम योग्यता र अनुभव भएका प्र.अ. पनि छैनन् ।

### २.८ विद्यालय स्वामित्व

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ भन्दा अगाडि समुदायको स्वामित्वमा रहेको नेपालको विद्यालय व्यवस्थापन उक्त योजना पश्चात केन्द्रिकृत गरी सरकारी नियन्त्रण भित्र ल्याइयो । तर पुनः वि.सं २०३७ वाट निजीक्षेत्रलाई समेत ढोका खुला गरियो भने शिक्षा ऐनको सातौं सशोधनबाट विद्यालयको

व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने अवधारणा अगाडि वढाइयो । तर यस अभियानले अपेक्षित सफलता प्राप्त गरेन । हाल आएर नेपालको संविधानले स्थानीय सरकारहरुलाई नै माध्यमिक तहसम्मको विद्यालय व्यवस्थापनको जिम्मेवारी सुम्पेको अवस्था छ । यद्यपि शिक्षालाई संघ, प्रदेश र स्थानीय सवै तहहरुको साझा अधिकार सुचीमा राखेको छ ।

विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुन नसक्नु नै विद्यालयप्रति समुदायको अपनत्व कमजोर हुनुको मूख्य कारण हो । विद्यालय व्यवस्थापनमा वास्तविक सरोकारवालाहरुको सहभागिताको सुनिश्चितता हुन सकेको देखिंदैन । अधिकांश विद्यालयहरुमा अभिभावकहरु र सरोकारवालाहरुको नाममा संभ्रान्तवर्गीय अधिपत्य छ । विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरुको सहभागिता कमजोर छ । तर जहाँ विद्यालयले अभिभावकहरुको सहभागिता भएको छ त्यहाँ विद्यार्थी उपलब्धि, उपस्थिति, सुशासन र अपनत्वमा उल्लेखनीय रुपमा अभिवृद्धि भएको छ । एकै प्रकृतिको संरचनाले पनि समय, परिवेश र स्थान अनुसार फरक फरक नतीजा देखाएका छन् ।

व्यवस्थापन समितिमा स्थानीय सरकारका निर्वाचित पदाधिकारीहरुले नेतृत्व प्रदान गर्ने कतै राजनीतिक व्यक्तित्व त कहीं अभिभावकहरुवाट नै नेतृत्व गर्ने गरी स्थानीय शिक्षा नियमावलीहरु निर्माण गरिएको देखिन्छ । यस्ता अभ्यासहरु कतै वाधक त कतै साधक देखिएका छन् । यद्यपि नेतृत्वको सोच र शैली तथा तजविजी अधिकारलाई सन्तुलनमा राख्न कुनै पनि स्वरुपमा सरेकारवालाहरुको सक्रिय प्रतिनिधित्वमा विद्यालय व्यवस्थापन समिति प्रभावकारी हुनसक्छ । अधिकांश विद्यालयहरुमा विद्यालय र समुदायवीचको सम्बन्ध प्रभावकारी रहेको पाइएन । यस्तो परिवेशलाई संवोधन गर्ने वलियो संस्थागत प्रणालीको विकास आवश्यक छ ।

## २.९ विद्यालयको वित्तीय स्रोत व्यवस्थापन

शिक्षामा लगानीको वर्तमान वुझाइमा एकरुपता देखिंदैन । यसलाई निरपेक्ष ढंगले केवल शिक्षक खर्च र विद्यालय भौतिक पूर्वाधारलाई मात्र केन्द्रमा राखेर हेर्ने तर यसको वहुआयामिकतालाई आत्मसात नगरिएको देखिन्छ । समाजवादउन्मुख समृद्धि, समतामूलक र समावेशी आर्थिक विकास, गरिवी निवारण र सम्मानजनक रोजगारीको मुख्य आधार गुणस्तरीय शिक्षा र सीप विकासका अवसरहरु हरेक नागरिकहरुको पहुँचमा पुरयाउनु पर्छ । त्यसका लागि हाल शिक्षामा गरिएको लगानी पर्याप्त देखिंदैन । उपलव्ध स्रोतलाई प्राथमिकता प्राप्त न्यूनतम सिकाइ उपलब्धीको सिर्जना गर्नका लागि आवश्यक पर्ने क्षेत्रहरुमा केन्द्रीत गर्नुपर्ने देखिएको छ ।

शिक्षाको गुणस्तरीयतामा परिवर्तन ल्याउन सबै तहका सरकारले शिक्षामा बिशेष गरी विद्यालय शिक्षामा पर्याप्त स्रोतको व्यवस्था गर्नु अपरिहार्य हुन्छ तर नेपालमा भने शिक्षामा सरकारको लगानी घट्दो क्रममा देखिन्छ । कुल राष्ट्रिय बजेटको शिक्षा क्षेत्रमा विनियोजन भएको बजेट २०६७/०६८ मा सबभन्दा बढि १७.१ प्रतिशत पुगेको थियो । त्यसपछिका बर्षमा शिक्षा बजेटको अंश घट्दै २०७३मा आईपुग्दा ११.१ प्रतिशतमा झरेको देखिन्छ । २०७४/७५ मा ९.९ प्रतिशत र २०७५/७६ मा १०.२ प्रतिशत रहेको छ । निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनको लागि कुन

कुन पक्षमा निःशुल्क गरिने हो यसको दीगो स्रोतको व्यवस्थापनका उपायहरुको खोजी गर्नु अत्यावश्यक भएको छ ।

विद्यालय शिक्षामा सरकारी, निजी, सामुदायिक र पारिवारिक एवं व्यक्तिगत गरी विविध पात्रहरुको लगानी रहेको छ । यसलाई निःशुल्क शिक्षाको मर्म र ढाँचाभित्र समायोजन गर्ने कार्य चूनौतिपुर्ण रहेको छ । यसैगरी शिक्षामा व्यक्तिगत लगानीमा वृद्धि भइरहेको छ, यसको अर्थ नागरिकको शिक्षाप्रतिको जागरुकता र चासोमा उल्लेख्य रुपमा प्रगति भइरहेको छ । यो चासोलाई गुणस्तरीय शिक्षाका लक्ष्य प्राप्तिका लागि उर्जाका रुपमा उपयोग गर्नुपर्ने आवश्यकता देखिन्छ । स्थानीय सरकारहरुले उपलब्ध स्रोतलाई शिक्षक र भवन निर्माणमा मात्र केन्द्रित गरेको पाइएको छ । उपलब्ध स्रोतलाई कुशल ढंगले गुणस्तरीय शिक्षा  प्रबर्ध्दन गर्ने पक्षहरुमा लगानी गरिने पद्धति र सोचको कमी देखिन्छ ।

## २.१० शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन

जनशक्ति व्यवस्थापन प्रभावकारी विद्यालय र गुणस्तरीय शिक्षाका लागि सवैभन्दा महत्वपूर्ण तत्व हो । योग्य र दक्ष जनशक्तिको व्यवस्था गरेर मात्र हुँदैन, त्यसको उचित परिचालन, उत्प्रेरणा, मनोवललाई अभिवृद्धि गर्दै निरन्तर रुपमा पेशाप्रति प्रतिवद्ध र निष्ठाका साथ समर्पित रहने वातावरण सिर्जना गर्नु आवश्यक हुन्छ ।

शिक्षा नीति, ऐन, लगानी सबैको उद्धेश्य शिक्षक र विद्यार्थीवीचको जीवन्त अन्तरक्रियामा भर पर्ने हुँदा योग्य, उत्प्रेरित, दक्ष र समर्पित शिक्षकको व्यवस्था अनिवार्य पूर्वशर्त हो । शिक्षा क्षेत्रका मेधावी विद्यार्थीहरु शिक्षण पेशामा चाहेर पनि प्रवेश गरिरहेका छैनन् भने अर्कोतर्फ गणित विज्ञान लेखा र प्राविधिक विषयहरुमा शिक्षकको अभाव छ । शिक्षकलाई अनुसन्धानमूखी बनाउन सकिएको छैन । शिक्षकहरूमा निरन्तर अध्ययन गर्ने, खोज गर्ने र आफ्ना ज्ञान र सीपलाई ताजगीकरण गरिराख्ने प्रवृत्ति देखिंदैन । शिक्षण पेशालाई संक्रमणकालीन रोजगारीका रुपमा मात्र वुझ्ने गरेको पाइन्छ । शिक्षण संस्थाहरुभित्र राजनैतिक दलहरुको अधिक दबाब प्रभाव र हस्तक्षेपले शिक्षकको व्यवासायिकता, पेशागत नैतिकता र पवित्रतालाई कमजोर बनाएको छ ।

माध्यमिक विद्यालयहरुमा विद्यालय कर्मचारीहरुको व्यवस्थापनको समस्या समेत टड्कारो रहेको छ । विद्यालयमा कार्यालय सहयोगी कर्मचारीको लागि सरकारले अनुदान उपलब्ध गराउँदै आएको अवस्था छ जुन सरकारले निर्धारण गरेको श्रमिकको न्युनतम पारिश्रमिक भन्दा पनि निकै कम छ ।तर विगतमा दरवन्दीमा नियुक्ति पाएर कार्यरत विद्यालय कर्मचारीहरु एकमुष्ट अनुदान अन्तरगत सेवारत रहनुपर्दा उत्प्रेरणाको कमी, पेशागत सुरक्षाको अभाव, वृत्ति  विकासको अवसर नहुनु तथा सेवा सुविधामा सरकारकै त्यहि तहको कर्मचारी भन्दा न्यूनता विद्यालय कर्मचारी व्यवस्थापनमा देखिएको एउटा प्रमुख समस्या देखिएको छ । तसर्थ यसको न्यायोचित समाधान र श्रमिक सम्बन्धि ऐन नियमको पालना हुने गरि नीति बन्नु आवश्यक छ ।

## २.११ माध्यमिक शिक्षामा समावेशीताको अवस्था

माध्यमिक तहमा दलित र जनजातिको प्रतिशत मिश्रित देखिन्छ । फ्लास प्रतिवेदन २०७४।७५ अनुसार कक्षा ९ देखि १० सम्मको कुल विद्यार्थी भर्नामध्ये ११.१ प्रतिशत दलित छन् भने जनजाति ३३.८ प्रतिशत छन् । त्यस्तै कक्षा ११ र १२ मा दलित विद्यार्थी ६.५ प्रतिशत छन् भने जनजातिको २३.३ प्रतिशत देखिन्छ। कुल जनसंख्यामा १३.८ प्रतिशत रहेको दलित समुदायका बालवालिकाहरुको भर्ना दर थोरै देखिन्छ । त्यसैगरी दलित विद्यार्थीमध्ये ५१.१ प्रतिशत छात्राहरू देखिन्छन् जुन छात्रभन्दा केही बढी हो । जनजातिमा यो अनुपात ५३.२ प्रतिशत देखिन्छ जसलाई समावेशीताको कोणबाट सन्तोषजनक भन्न सकिन्छ । समग्रमा महिला शिक्षक अनुपात १९.२ प्रतिशत छ भने माध्यमिक शिक्षकमध्ये महिला शिक्षकको अनुपात १६.९ प्रतिशत, दलित शिक्षकको प्रतिशत ५.४ र जनजाति १९.५ प्रतिशत छ ।

## ३. माध्यमिक शिक्षाका मुख्य समस्याहरू

आजको माध्यमिक शिक्षा र माध्यमिक विद्यालयका समस्याको कुरा गर्दा गुणस्तरको समस्या मुख्य समस्या हो । माध्यमिक शिक्षा र माध्यमिक विद्यालयका समस्याहरुलाई निम्नानुसार विषयगत रुपमा प्रस्तुत गर्न सकिन्छ ।

### ३.१ गुणस्तर सम्वन्धी समस्याहरू

- गुणस्तरीय शिक्षाको परिभाषा र बुझाइ नै दोषपूर्ण हुनु । केवल अंग्रेजी बोल्नु तथा गणित, विज्ञान र आधुनिक प्रविधिमा राम्रो हुनुलाई मात्र गुणस्तरीय शिक्षाको रुपमा बुझिनु । चरित्र र दृष्टिकोण निर्माण र प्रवृत्ति परिवर्तनकै पक्ष छुट्नु
- अधिकांश विद्यालयमा दक्ष र उत्प्रेरित बिषय शिक्षक दरवन्दीकै अभाव रहनु । कैयन बिद्यालयमा प्रा वि शिक्षकले मा वि कक्षा धान्नु पर्ने अवस्था हुनु
- प्रअलाई दिएको अधिकार तथा पारिश्रमिक र सुविधाहरू पर्याप्त र उत्प्रेरक हुन नसक्नु
- कैयन विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, छात्राका लागि शौचालय लगायतका अत्यावश्यक न्युनतम शैक्षिक तथा भौतिक पूर्वाधार नहुनु
- धेरै शिक्षक तालिमप्राप्त भए पनि तालिम कक्षा कोठामा प्रायशः प्रयोगमा आउन नसक्नु
- शिक्षण सिप र तालिमलाई निरन्तर अद्यावधिक गरि राख्नु पर्ने प्रणालीको अभाव हुनु
- अस्थायी, अनुदान र राहततिरको शिक्षक धेरै हुनु ।
- सुपरिवेक्षण र निरीक्षण व्यवस्था कमजोर हुनु
- विद्यालयको लागि आएको सरकारी अनुदान तलब भत्ताको लागि मात्र ठीक्क हुनु । शिक्षणको गुणस्तर सुधार्न बजेट नै नहुनु वा अति कम हुनु
- विद्यालयमा कर्मचारीको अभाव हुनु । भएकालाई पनि ज्यादै न्युन तलब सुविधा हुनु

### ३.२ पहुँच सम्वन्धी समस्याहरू

- ठूलो अनुपातमा माविमा पढ्ने उमेरका बालबालिकाहरू विद्यालय बाहिर हुनु । विशेषतः विपन्न वर्ग, दलित समुदाय र छात्राहरू माध्यमिक शिक्षाको पहुँचबाट बाहिर हुनु
- बीचैमा पढाइ छोड्नेको दर अधिक हुनु
- दुर्गम र पहाडमा बिद्यालय पुग्न एकदेखि तिन घण्टासम्म हिंड्नुपर्ने स्थिति विद्यमान हुनु
- निशुल्क भनिएपनि आधारभूत र माध्यमिक शिक्षा यथार्थमा निशुल्क नहुनु
- सरकारले दिई आएको सीमान्तीकृत र दलित समुदाय छात्रवृत्ति कार्यक्रम आवश्यकताको सिद्धान्तमा आधारित नहुनु र ज्यादै थोरै हुनु
- शिक्षकहरूमा महिला, दलित र जनजाति शिक्षकको अनुपात अति थोरै हुनु

## ३.३ शिक्षण विधि र सिकाइ प्रक्रिया सम्वन्धी समस्याहरू

- शिक्षण विधि र परीक्षा प्रणाली परम्परागत प्रणालीमा आधारित हुनु
- विद्यार्थी स्वयंलाई समालोचक, अन्वेषक र सिर्जनशील बनाउने किसिमको शिक्षण विधिको प्रयोग नहुनु
- विद्यमान शिक्षक तालिमले कक्षा कोठामा प्रयोग भइरहेको परम्परागत शिक्षण विधिमा तात्विक परिवर्तन ल्याउन नसक्नु
- बिषयहरू दैनिक जीवनमा उपयोगमा आउन सक्ने ढंगले नसिकाइनु
- शिक्षण प्रक्रिया पाठ्यक्रममा आधारित नभएर पाठ्यपुस्तकमा आधारित हुनु
- विद्यमान शिक्षक तालिमले कक्षा कोठामा प्रयोग भइरहेको परम्परागत शिक्षण विधिमा तात्विक परिवर्तन ल्याउन नसक्नु
- शिक्षणको लागि आधुनिक संचार प्रविधि प्रयोगमा ल्याउन नसक्नु

### ३.४. निजी विद्यालय सम्वन्धी समस्याहरू

- अधिकांश निजी विद्यालय सेवामूलक नभएर मुनाफामूलक हुनु ।
- निजी विद्यालयको शुल्क संरचना, शिक्षकलाई दिइने तलब सुविधा, आयव्ययको पारदर्शी हिसाबकिताब, पाठ्यक्रम तथा पाठ्यवस्तु, न्युनतम भौतिक पूर्वाधार र छात्रवृत्तिको कुनै पनि तहको सरकारबाट कडाइपूर्वक नियमन र अनुगमन नहुनु ।
- अभिभावकहरू अंग्रेजी माध्यममा शिक्षा र 'गुणस्तरीय शिक्षा'को आकर्षणले गर्दा सामुदायिक विद्यालय छोडेर निजी विद्यालय तिर ज्यादा आकर्षित हनु ।
- निजी विद्यालयबाट उत्पादित विद्यार्थीहरूमध्ये अधिकांश देशमा कार्यरत नभएर विदेशतिर पलायन हुनु

### ३.५ धार्मिक प्रकृतिका परम्परागत विद्यालयका समस्याहरू

- धार्मिक प्रकृतिका परम्परागत विद्यालयमा दिइने मावि र त्योभन्दा माथिको शिक्षामा दिइने प्रमाणपत्रलाई समकक्षताको मान्यता नदिइनु ।

- विद्यालयबाट उत्पादित विद्यार्थीको लागि सम्वन्धित विश्वविद्यालयमा उच्च शिक्षाको लागि ब्रिज कोर्स र अन्य सहजीकरण व्यवस्था नहुनु ।
- गोन्पा शिक्षामा ११ र १२ कक्षाको लागि पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण भइसकेर पनि स्विकृति नदिइनु ।
- गोन्पा शिक्षाका विद्यार्थीले लुम्विनी विश्वविद्यालयमा सहज प्रवेश पाउन कठिनाइ हुनु ।
- संघ र प्रदेशमा भिन्नै अधिकारसम्पन्न धार्मिक प्रकृतिका परम्परागत शिक्षाका परिषद नहुनु । स्थानीय तहमा पनि गोन्पा, मदरसा र गुरुकुल शिक्षा समिति नहुनु ।
- केही मदरसामा ५ कक्षासम्मको लागि पाठ्यपुस्तक स्विकृत भएर पनि लागू नहुनु ।

### ३.६ अन्य प्रमुख समस्याहरू

- समुदाय र विद्यालयका बीच जीवन्त सम्वन्ध टुट्नु ।
- विद्यालयका दलीय राजनीतिको प्रभाव अधिक हुनु, शिक्षकहरु दलीय राजनीतिमा हुनु ।
- सार्वजनिक माध्यमिक विद्यालयको स्वामित्व कसको भन्ने समस्या पैदा हुनु ।
- माध्यमिक शिक्षामा संघ, प्रदेश र स्थानीय तहको साझा तथा बिशिष्टिकृत भूमिका सुस्पष्ट ढंगले परिभाषित नहुनु ।

### अवसर, उपलब्धि र सबल पक्षहरू

हाम्रो सामु यतिबेला समस्याहरू मात्र छैनन्, अवसर, उपलब्धि र सबल पक्षहरू पनि त्यत्तिकै छन् ।

शिक्षाप्रति आम नागरिकको जागरुकता र चाहना बढेको छ । आफ्ना सन्तानलाई कुनै पनि मूल्यामा राम्रो शिक्षा दिनुपर्छ भन्ने र शिक्षाको लागि मन फुकाएर खर्च गर्ने प्रवृत्ति अभिभावकहरूमा पहिलेको तुलनामा उल्लेख्य मात्रामा बढेको छ । यो सार्वजनिक शिक्षालाई सबल पार्नका लागि , शिक्षामा समुदाय र अभिभावकको सहभागिता बढाउनका लागि निकै ठूलो अवसर हो ।

देशभर कक्षा आठसम्मको हाम्रो खुद भर्ना दर ९० प्रतिशतभन्दा माथि छ । आज देशको कुल नव युवाहरूमध्ये ७१ प्रतिशतले आधारभूत तह पार गर्छन् । ५७ प्रतिशतले कक्षा १० पुरा गर्छन । अनि १७ प्रतिशतले कक्षा १२ समेत उत्तीर्ण गर्छन् । हाम्रा सालाखाला दुईमा एक युवा माध्यमिक तह उत्तीर्ण छन् । हरेक छ जनामा एकले बाह्र कक्षा पास गरेका छन् । यसरी हाम्रो विद्यालय शिक्षामा पहुँचको स्थिति खराब छैन । शिक्षामा सबै नागरिकको पहुँच विस्तारको कोणबाट हेर्दा यो विद्यालय तहको शिक्षामा देशले हासिल गरेको उल्लेख्य उपलब्धि र सबल पक्ष पनि हो ।

२००७ सालमा ११ वटा र २०४७ सालको प्रारम्भमा १९५३ वटा रहेका नेपालका माध्यमिक विद्यालयहरू २०७४ सालमा ९४४७ पुगेका छन् । यो २००७ सालको तुलनामा ८५९ गुणा र २०४७ सालको तुलनामा झण्डै पाँच गुणा बृद्धि हो । २००७ सालसम्म शहर बजारमा मात्र सीमित र २०४७ सालसम्म केही शहर र गाउँहरुमा मात्र सीमित आधारभूत तथा माध्यमिक विद्यालयहरु अहिले हरेक नगरपालिका ,गाउँपालिका र वडामा समेत पुगेका छन् ।

२००७ सालमा मावि तहमा १६८० विद्यार्थी रहेको र  २०४७ सालमा त्यही तहमा कुल ३ लाख ६५ हजार विद्यार्थी रहेकोमा २०७४ सालमा कक्षा ९ र १० मा ९ लाख ७० हजार ७२० विद्यार्थी पुगे भने कक्षा ११ र १२ मा ५ लाख ८४ हजार पुगेका छन् । दुबै मिलाउँदा झण्डै साँढे १५ लाख विद्यार्थी हुनजान्छ जुन मावि तहको विद्यार्थी संख्यामा २००७ सालको तुलनामा ९८० गुणा र २०४७ को तुलनामा सवा चार गुणा बृद्धि हो ।

स्मरणीय छ, २००८ सालमा नेपालको जनसंख्या ८४ लाख ७३ हजार थियो भने २०४८ सालमा यो १ करोड ८५ लाख थियो । अहिले त्यो बढेर २ करोड ९१ लाख पुगेको छ । यसरी जनसंख्या २००७ सालको तुलनामा साँढे तीन गुणा बढ्नु र २०४८ सालको तुलनामा डेढ गुना मात्र बढ्नु तर विद्यार्थी र विद्यालय सख्या भने त्यो भन्दा कैयन् गुणा ज्यादा बढ्नुले हामीले समग्र विद्यालय शिक्षा र माध्यमिक शिक्षामा पहुँचको विस्तारको कोणबाट निकै राम्रो र गौरवयोग्य प्रगति गरेका छौं भन्ने देखिन्छ ।

त्यस्तै आम साक्षरता ८२ प्रतिशत पुगेको छ, जुन २००७ सालमा दुई प्रतिशत मात्र थियो । यो विद्यालय तहको शिक्षामा देशले हासिल गरेको उल्लेख्य उपलब्धि हो ।

समावेशीताको क्षेत्रमा पनि विद्यालय शिक्षामा हाम्रो प्रगति उल्लेख्य छ । कक्षा ९ र १० मा छात्राहरूको भर्ना दर ५२ प्रतिशत रहेको छ । कक्षा ९ र १० मा दलित विद्यार्थी भर्ना दर ११ प्रतिशत छ जुन जनसंख्याको सापेक्षतामा ३ प्रतिशतले मात्र कम हो । त्यसमध्ये दलित छात्राको भर्ना दर ५१ प्रतिशत छ । कक्षा ११ र १२ मा दलित भर्ना दर ६.५ प्रतिशत पुगेको छ । यो तर २००७ साल र २०४७ सालको तुलनामा उल्लेख्य प्रगति हो ।

त्यस्तै कक्षा ९ र १० मा जनजाति विद्यार्थी भर्ना दर ३४ प्रतिशत पुगेको छ । यो उनीहरूको जनसंख्या भन्दा ३ प्रतिशत मात्र कम हो । कक्षा ११ र १२ मा जनजाति विद्यार्थीको खुद भर्ना दर २३ प्रतिशत पुगेको छ । यो २००७ र २०४७ सालको सापेक्षतामा राम्रो प्रगति हो । मधेशी र सीमान्तीकृत  समुदायको भर्ना दरबारे वर्गिकृत तथ्याङ्कहरू उपलब्ध छैनन् । यी सबै कोणबाट हेर्दा हामी विद्यालय शिक्षामा निराशिनु पर्ने स्थिति छैन । बिगतको तुलनामा हाम्रो प्रगति गौरवयोग्य छ । हामीले विद्यालय संख्या र पहुँचको दृष्टिकोणबाट राम्रै प्रगति गरेका छौं । हामी पछि परेको शिक्षाको गुणस्तरमा र  विद्यालयको योजनावद्ध र समन्यायिक वितरणमा हो ।

### ४. सुझावहरू

- रोजगारमूलक ब्यावसायिक शिक्षा र जीवनउपयोगी स्वावलम्वी सीपका तालिमहरुलाई  हरेक साधारण माध्यमिक विद्यालयभित्र ल्याई निशुल्क समेत बनाएर सबैको निम्ति पहुँचयोग्य बनाउने ।
- कक्षा नौदेखि उच्च शिक्षामा जान चाहनेहरूको लागि बिशेष साधारण शिक्षाको धार, रोजगारमूलक वा स्वरोजगारमुलक पेशा ब्यवसायमा जान चाहनेहरूको लागि ब्याबसायिक सिप तालिम सहितको साधारण शिक्षाको धार, प्राबिधिक र उच्च प्राबिधिक शिक्षामा जान चाहनेहरुको लागि प्राबिधिक

ब्याबसायिक शिक्षाको धारको प्रारम्भ गर्ने।एक धारबाट अर्को धारमा निश्चित मापदण्डको आधारमा प्रवेश पाउने नीति अवलम्वन गर्ने ।

- माध्यमिक शिक्षामा सामुदायिक नैतिक तथा नागरिक शिक्षा र नेपालमा पैदा भएका मौलिक दर्शन, पुर्बिय दर्शन संस्कृति मौलिकता तथा विभिन्न थरिका समाजवादी दर्शनको अध्ययन योग तथा ध्यानको अभ्यासलाई अनिबार्य बनाई लागु गर्ने
- हरेक व्यक्तिको प्रतिभा प्रस्फुटन र बिकासका लागि अतिक्त क्रियाकलाप र खेलकुदलाई हरेक बिद्यालयमा पाठ्यक्रमकै अभिन्न अंग बनाउने नीति लागु गर्ने
- शहरी क्षेत्र र यातायातका हिसाबले सुगम क्षेत्रमा धेरै विद्यालय भएका, न्युन विद्यार्थी भएका, वा विद्यार्थी शिक्षक अनुपात अत्यन्त न्युन भएका स्थानमा विद्यालयहरू घटाउने, एकआपसमा मिलान गर्ने र शैक्षिक जनशक्ति र भौतिक पूर्वाधारसम्पन्न ठूला विद्यालय र आवासीय माध्यमिक विद्यालय बनाउने नीति अवलम्वन गर्ने ।
- शिक्षाका लागि वित्तिय स्रोतको व्यवस्थापन गर्न संघ, प्रदेश, र स्थानीय सरकारले क्रमश: ७०:१५:१५ प्रतिशतको अनुपातमा स्रोत जुटाउने नीति अवलम्वन गर्ने ।
- तोकिएको बिषयमा मास्टर्स डिग्रीमा उत्तिर्ण व्यक्ति मात्र माध्यमिक तहको बिषय शिक्षक हुनसक्ने नीति अवलम्वन गर्ने ।
- हालको शिक्षक सेवा आयोगलाई स्वायत्त संवैधानिक आयोगको रुपमा रुपान्तरण गर्ने र यसलाई शिक्षक विकासका समग्र नीति तथा मापदण्ड विकास गर्ने, शिक्षकको लागि योग्यता निर्धारण गर्ने तथा अध्यापन अनुमति पत्र प्रदान गर्ने निकायको रुपमा र संघीय शिक्षक सेवा आयोगले तयार गरेको मापदण्डको आधारमा विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवाको सिफारीश गर्न प्रदेश तहमा शिक्षक सेवा आयोगको विस्तार गर्ने ।
- हाल उच्च माविमा कार्यरत शिक्षकहरुलाई माध्यमिक तहका शिक्षकका रुपमा नियमित गर्न ऐनमा आवश्यक दरबन्दी तथा अन्य ब्यबस्था गर्ने ।

**१ माध्यमिक शिक्षामा समतामूलक पहुँच अभिवृद्धि**

- माध्यमिक शिक्षालाई निशुल्क बनाउँदै आगामी सन् २०३० सम्ममा अनिवार्यसमेत बनाउने
- धेरै विद्यार्थीले बीचैमा पढाइ छोड्ने र विद्यालय बाहिर हुने समस्या समाधान गर्न प्राथमिकताका साथ अभिभावक केन्द्रीत सचेतना, गरिबी र बेरोजगारी निवारण अभियान तथा अभिभावकलाई अनुदान कार्यक्रम सञ्चालन गर्ने । हिमाली र पहाडी क्षेत्रमा सबै विद्यार्थीको पहुँच अभिवृद्धि गर्न आवासीय विद्यालय विस्तार गर्ने
- उद्यमशीलता, रोजगारी र ब्यावसायिकता विकास गर्न हरेक सार्वजनिक माध्यमिक विद्यालयमा सीपमूलक र ब्यावसायिक शिक्षा विस्तार गर्ने

- औपचारिक माध्यमिक शिक्षामा आउन असमर्थ लाखौं युवाको रोजगारीमूलक माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्न अनौपचारिक र आजीवन सिकाइको अवधारणालाई ब्यावहारिक रुप प्रदान गर्ने
- हरेक स्थानीय तहमा कम्तीमा एउटा साधनसम्पन्न प्राविधिक शिक्षालय स्थापना र विकास गर्ने

**२ गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चितता**

- सबै सार्वजनिक विद्यालयको गुणस्तरमा सुधार ल्याउन देशभरिका सबै विद्यालयमा पाँच वर्षभित्र गुणस्तरीय र स्वउत्प्रेरित बिषय शिक्षकको आपूर्ति गर्ने
- सार्वजनिक विद्यालयको शैक्षिक नेतृत्व र ब्यवस्थापनलाई प्रभावकारी बनाउन प्रधानाध्यापकलाई जिम्मेवार र अधिकारसम्पन्न बनाउने ।
- सबैभन्दा मेधावी र योग्य व्यक्तिलाई शिक्षक पेशामा आकर्षित गर्न शिक्षकका तलब सुविधा र वृत्ति विकासको अवसरलाई समान तहका अन्य सेवा भन्दा कम्तिमा १० प्रतिशत ज्यादा तलब दिने। बिषय शिक्षक अभाव हुने गणित , बिज्ञान, अंग्रेजी र प्राबिधिक बिषयमा भने विद्यालयको आथिक अवस्था अनुसार बढी आकर्षक तलब दिन सकिने नीति अबलम्बन गर्ने.
- सबै विद्यालयमा आगामी दश वर्षभित्र निम्न न्युनतम भौतिक पूर्वाधार पुर्याउने -
    - साधनसम्पन्न कक्षा कोठा सहितको सुरक्षित विद्यालय भवन,
    - पुस्तकालय र पर्याप्त पुस्तक
    - विज्ञान प्रयोगशाला र उपकरण
    - ब्यावसायिक प्रयोगशाला र त्यसका लागि आवश्यक जमीन,
    - कम्प्युटर प्रयोगशाला, औषधी उपचार कक्ष, आइ.सि.टी कक्षा कोठा, र खेलकुद मैदान ।
- सार्वजनिक शिक्षाको सबलीकरण र यसमाथिको जनविश्वास विकास गर्न शिक्षक स्वयम् र सरकारी कोषबाट तलब सुविधा उपभोग गर्ने हरेकले आफ्ना सन्तानलाई सार्वजनिक विद्यालयमा नै पढाउनु पर्ने कानूनी ब्यवस्था गर्ने ।
- विद्यालयको नक्साङ्कन गरी सामाजिक न्याय, जनसंख्याको वितरणको प्रवृत्ति र विद्यालयको मूर्त आवश्यकताको सिद्धान्त अनुसार न्युन विद्यार्थी भएका विद्यालयहरू मिलान गर्ने, ठूला भौतिक पूर्वाधार सम्पन्न र शैक्षिक जनशक्तियुक्त विद्यालय बनाउने नीतिलाई देशब्यापी रुपमा विस्तार गर्ने
- हरेक विद्यालयको सेवा क्षेत्र परिभाषित गरी सो भित्रका विद्यालयहरुमा बालबालिकाहरुलाई भर्ना गर्नुपर्ने अनिवार्यता गर्ने
- समुदाय र विद्यालयको बीचमा प्रभावकारी सम्वन्ध विकसित गर्न विद्यालय ब्यवस्थापन समितिको पुनर्सरचना गरी विद्यार्थी एवं वास्तविक अभिभावकहरुको सहभागिता सुनिश्चतता गर्ने ।
- माध्यमिक विद्यालयमा कक्षा नौदेखि नै दैनिक जीवनमा उपयोगमा सामान्य स्वावलम्वी सीपहरू र केही सामाजिक सीपको ब्यावहारिक ज्ञान दिने ब्यवस्था गर्ने ।

### ३ शिक्षकसम्बन्धी व्यवस्था

- सबै सार्वजनिक विद्यालयमा गुणस्तरीय र स्वउत्प्रेरित बिषय शिक्षकको आपूर्ति गर्ने ।
- शिक्षणको लागि आवश्यक क्षमता र उत्प्रेरणा नभएका, कक्षागत परीक्षा परिणाम र विद्यार्थीको सिकाइ उपलब्धिको मापनमा कमजोर शिक्षकलाई विशेष उपदान कार्यक्रममार्फत ससम्मान बिदाइ गर्ने । तर यसअघि आफूलाई सुधार्ने र आफ्नो शिक्षण सीप र विधिलाई पुनर्ताजगीकरण गर्ने अवसर प्रदान गर्ने । यसका निम्ति विस्तृत कार्यविधि र कार्ययोजना बनाइ लागू गर्ने ।
- हालका राहत र अनुदान शिक्षक कोटा लगायतलाई स्थायी शिक्षक दरबन्दीमा रुपान्तरित गर्ने र शिक्षक दरबन्दी स्थायी मात्र रहने ब्यवस्था गर्ने । शिक्षक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षामार्फत छनोट गरी दक्ष र उत्प्रेरित सबैलाई आगामी तीन बर्षभित्रै स्थायी शिक्षक दरबन्दीमा रुपान्तरित गर्ने नीति अवलम्वन गर्ने ।
- तत्कालिन आवश्यकता पूर्तिको लागि बढीमा एक शैक्षिक सत्रको अवधिका लागि मात्र करारमा शिक्षक रहने ब्यवस्था गर्ने । शिक्षक सेवा आयोगबाट स्थायी विज्ञापनको नतिजा प्रकाशन गर्दा वैकल्पिकको सूची पनि प्रकाशन गर्ने र वैकल्पिक सूचीमा परेकाहरुबाट मात्र करार शिक्षक भर्ना गर्ने व्यवस्था गर्ने । बिभिन्न बिषयका सर्वाधिक वा तोकिएको उच्च अङ्क ल्याएका मेधावी व्यक्तिलाई प्रधानाध्यापकले स्थानीय सरकार र विद्यालय ब्यवस्थापन समितिको परामर्शमा सोझै रिक्त दरबन्दीमा बढीमा एक बर्षका लागि करारमा नियुक्त गर्न सक्ने नीतिगत व्यवस्था गर्ने ।
- शिक्षक सेवा आयोगले ब्यावहारिक कक्षा प्रदर्शनलाई अहिले ऐच्छिक बिषय बनाई रहेकोमा अबदेखि ब्यावहारिक कक्षा प्रदर्शनलाई पनि अनिवार्य बिषय बनाउने । साथै आधुनिक प्रविधि अपनाएर शिक्षकको शिक्षण प्रतिभा र उत्प्रेरणा स्तर जाँच्न सक्षमता, प्रतिभा तथा उत्प्रेरणा परीक्षण (aptitude test) लिने व्यवस्था अनिवार्य बनाउने ।
- कुनै पनि विद्यालयमा एकजना शिक्षक कार्यरत रहने अवधि बढीमा पाँच बर्षको बनाउने त्यसपछि स्वतः सरुवा गरिने नीति बनाउने ।
- विद्यालयमा महिला शिक्षकको उपस्थिति (नियुक्ति) मा वृद्धि गर्ने । आगामी १० बर्षभित्र माध्यमिक तहमा १६ प्रतिशत रहेको महिला शिक्षकको अनुपातलाई दोब्बर बनाएर ३३ प्रतिशत पु¥याउने र २० बर्षभित्र यो अनुपात ५० प्रतिशत पुर्याउने नीति अपनाउने । विद्यालय नेतृत्वमा महिलाको उपस्थिति सुनिश्चित गर्न कानूनमा नीतिगत ब्यवस्था गर्ने ।
- विद्यालयको सेवा क्षेत्रको सीमाभित्र दलित, सीमान्तीकृत र लोपोन्मुख समुदायहरूको बसोवास भएमा कम्तीमा एकजना त्यो समुदायको शिक्षकलाई नियुक्तिको लागि प्राथमिकता दिने ।
- देशभरिका सबै शिक्षकलाई शिक्षक तालिमका बहु विधिहरु प्रयोग गरेर २ बर्षमा तालिम प्राप्त बनाइ सक्ने ।
- दक्ष शिक्षक आपूर्ति र गुणस्तरीय शिक्षाको लागि शिक्षक तालिमको ब्यवस्था गर्न हरेक प्रदेशमा शिक्षण एकेडेमीको ब्यवस्था गर्ने । यसका लागि संघ तथा प्रदेश सरकारले शिक्षण कलेज (कलेज अफ एजुकेशन) वा खुला विश्वविद्यालयको विकल्प समेत अबलम्वन गर्ने ।

- विश्वविद्यालय अन्तर्गतको शिक्षा शास्त्र संकायको संरचनामा परिवर्तन गरी तीन प्रकारका शिक्षा शिक्षणका कार्यक्रमहरु: प्राज्ञिक कोर्स (Academic Course), शिक्षण विधि सम्बन्धी कोर्स (Pedagogical Course),र पेशागत दक्षता अभिवृद्धि कोर्स (Professional Development course) सञ्चालन गर्ने ।शिक्षण पेशामा आवद्ध हुनेहरुको लागि शिक्षण विधि सम्बन्धी कोर्स (Pedagogical Course) अनिवार्य गर्ने ।
- शिक्षक तालिमको लागि स्थानीय सरकारको सिफारीशमा प्रदेश सरकारले शिक्षण एकेडेमी वा शिक्षण कलेजसित बार्षिक सम्झौता गर्ने र सम्झौता बमोजिम तालिम प्राप्त शिक्षक आपूर्ति गर्ने प्रणाली प्रारम्भ गर्ने
- आवश्यकता अनुसार शिक्षक तालिमको लागि सरकारको लगानीमा वैदेशिक अध्ययनमा समेत पठाउने प्रवन्ध गर्ने । सफल र राम्रो कामबाट ख्याति कमाएका प्रअ र शिक्षकहरूको रोस्टर निर्माण गर्ने र उक्त रोस्टरबाट लामो विदाको समयमा विद्यालयगत वा क्षेत्रगत छोटो अवधिको शिक्षक तालिम सञ्चालन गर्ने व्यवस्था गर्ने र प्रत्येक दुई वर्षमा सघन पुनर्ताजगीकरण तालिमको व्यवस्था गर्ने
- शिक्षकका लागि आवश्यक न्युनतम सक्षमताको मापदण्ड तोक्ने । शिक्षकले कुनै पनि उपायबाट उक्त सक्षमता हासिल गर्नसक्ने विकल्प खुला गर्ने । शिक्षक छनौटको लागि उक्त सक्षमतालाई आधार लिने ।
- तालिम दिने प्राज्ञिक निकायले तालिमको कक्षामा भइरहेको प्रयोग सम्बन्धमा हरेक बर्ष कम्तीमा एक पटक अनिवार्य रुपमा अनुगमन र सुपरिवेक्षण गर्ने तथा तेस्रो संस्थाबाट समेत अनुगमन गराउने ।
- शिक्षक सेवा आयोगबाट लिखित, प्रयोगात्मक र मौखिक परीक्षा सञ्चालन गरेर मात्र शिक्षक छनौट गरी सिफारिस गर्ने र स्थानीय सरकारबाट नियुक्ति गर्ने प्रणाली अवलम्बन गर्ने ।
- हरेक बर्ष लामो बिदामा रोस्टरभित्रका प्रशिक्षक वा बिषयविज्ञ आमन्त्रण गरी स्थानीय तहमा एक महीने वा १५ दिने शिक्षक तालिमको ब्यवस्था गर्ने । यसको लागि स्थानीय सरकारले सहजीकरण गर्ने । प्रअले विद्यालयमा राम्रो सिकाइका लागि उच्च मूल्याङ्कन गरिएका शिक्षकहरूको प्रस्तुति र अनुभव साटासाट गर्ने नियमित व्यवस्था मिलाउने ।
- कुनै पनि प्रकारको तालिम हासिल गरेको हरेक शिक्षकलाई तालिमको प्रकृति हेरी आर्थिक प्रोत्साहन दिने नीति अवलम्वन गर्ने ।

## ४ अनुमतिपत्र सम्वन्धी नीति र संरचना

- शिक्षण पेशामा रहेका शिक्षक अथवा भविष्यमा शिक्षण पेशामा प्रवेश गर्न चाहने दक्ष तथा उत्प्रेरित शिक्षकका लागि शिक्षण अनुमतिपत्र प्रदान गर्ने, नविकरण गर्ने, साथसाथै तोकिएको मापदण्ड पूरा नगर्नेहरुको अनुमतिपत्र खारेजीसम्म गर्ने अधिकारसहितको एउटा स्वायत्त शिक्षण परिषद (Teacher Council) को गठन गर्ने ।
- लाइसेन्स लिएर बसेकाहरुको लागि शुरूको लागि आगामी दुई बर्ष भित्र अनिवार्य रुपमा पुनर्नवीकरण गर्नु पर्ने नियम र कानुन निर्माण गर्ने । एकपटक शिक्षण अनुमतिपत्र प्राप्त गरेका

शिक्षकहरूले आफूले प्राप्त गरेको अनुमतिपत्रको हरेक पाँच–पाँच बर्षको अन्तरालमा पुनः नविकरण गर्नुपर्ने नीति अवलम्वन गर्ने

- हरेक पटक अनुमति पत्र नविकरण गर्नका लागि शिक्षकले कुनै पनि माध्यमबाट तोकिएको सक्षमता हासिल गर्न तालिम वा पुनर्ताजगीकरण तालिम लिएर लिखित तथा प्रयोगात्मक परीक्षा उत्प्रेरणा र सक्षमता मापन परीक्षा (aptitude test) अन्तर्वार्ता र कक्षा कोठामा शिक्षणको ब्यवहारिक प्रदर्शन जस्ता प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुनुपर्ने नीति अवलम्वन गर्ने ।

## ५ शैक्षिक नेतृत्व तथा प्रधानाध्यापक

- विद्यालयको गुणस्तर सुधार्न दक्ष, उत्प्रेरित प्रधानाध्यापकको लागि अलग दरवन्दी ब्यवस्था गर्ने तथा आकर्षक तलबमान र सुविधाको ब्यवस्था गरेर प्रधानाध्यपकमा सक्षम र क्षमतावान व्यक्तिलाई आकर्षण गर्ने ।
- प्रधानाध्यापक हुन कम्तीमा पाँच बर्षको माध्यमिक शिक्षकको अनुभव समेत हुनुपर्ने व्यवस्था गर्ने र प्रधानाध्यापकको भत्ता तलबमानको १५ प्रतिशत कायम गर्ने ।
- प्रअलाई नियुक्ति दिँदा स्थानीय तहले विद्यालय सुधार सम्वन्धी योजनामा आधारित पाँच बर्षे सम्झौता गर्ने । प्रधानाध्यापकले पनि हरेक बर्ष आफ्ना शिक्षकसँग शिक्षण र सिकाइ अवस्थामा सुधार सम्वन्धी सम्झौता गर्ने र त्यसको नियमित सम्परिक्षण गर्ने । विद्यालय व्यवस्थापन समितिको निर्णय र सिफारिसमा बढीमा थप एक अवधिसम्म कार्यकाल थप गर्न सक्ने व्यवस्था गर्ने ।
- स्थानीय सरकारले प्रधानाध्यापकले कार्ययोजना र कार्यदिश पुरा गरेको वा नगरेको सम्बन्धमा मापदण्ड बनाइ सूचकको आधारमा हरेक बर्ष नियमित रुपमा अनुगमन र सुपरिवेक्षण गर्ने ब्यवस्था गर्ने ।
- राम्रो नतिजा ल्याउन सफल भएको वा विद्यार्थीहरूको बार्षिक मूल्याङ्कनमा राम्रो सिकाइ भएको शिक्षकलाई पुरस्कृत गर्नसक्ने अधिकार प्रधानाध्यपकलाई प्रदान गर्ने ।
- प्रधानाध्यापकले पनि शिक्षकसँग शिक्षण र सिकाइ उपलब्धी सुधार सम्वन्धी हरेक बर्ष करार सम्झौता गर्ने नीति अवलम्वन गर्ने ।

## ६ अनिवार्य र निशुल्क शिक्षा

- अनिवार्य शिक्षा भन्नाले अनिवार्य विद्यार्थी भर्ना, अनिवार्य नियमित हाजिरी, अनिवार्य अध्ययनमा निरन्तरता, अनिवार्य निर्धारित सिकाइ उपलब्धि हासिल गर्ने विषयलाई सम्झनुपर्ने ।
- निःशुल्क शिक्षाअन्तर्गत भर्ना शुल्क, पढाइ शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तक बापतको शुल्क तथा अन्य कुनै पनि प्रकारका औपचारिक तथा अनौपचारिक शुल्कहरु नलिने व्यवस्था सम्झनुपर्ने ।
- आर्थिक रुपले विपन्न, दुर्गम क्षेत्र र मानव विकास सूचकांकमा पछि परेका क्षेत्र र वर्गकालाई प्राथमिकता दिँदै स्टेसनरी, दिवा खाजा र पोशाक स्थानीय तहले क्रमशः कार्यान्वयन गर्दै माध्यमिक तहसम्म पुर्ण निशुल्क गर्ने

- सार्वजनिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको लागि आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क प्रदान गर्न वित्तिय व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारका साझेदारीमा र व्यवस्थापकीय जिम्मेवारी स्थानीय सरकारले लिनुपर्ने ।
- सामाजिक दायित्व अन्तर्गत निजी लगानीका विद्यालयहरुले १० देखि १५ प्रतिशत विद्यार्थीहरुलाई निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने । यसरी निःशुल्क शिक्षा प्रदान गर्नका लागि मापदण्डका आधारमा स्थानीय तहले बालबालिका छनोट गर्ने वा सो अनुसारको रकम निशुल्क शिक्षा कोषमा जम्मा गर्न लगाउने विकल्प स्थानीय तहलाई हुने व्यवस्था गर्ने । वा हरेक निजि क्षेत्रका बिद्यालयले आफ्नो आयको १० देखि १५ प्रतिशत स्थानीय तहको लोककल्याणकारी निशुल्क शिक्षा कोषमा जम्मा गर्ने र प्रदेश सरकारसितको साझेदारीमा त्यो रकम बिपन्न, दलित र सिमान्तिकृत समुदायको शैक्षिक उन्नतिको लागि खर्च गर्ने नीति अबलम्बन गर्ने ।
- निशुल्क शिक्षा राष्ट्रिय अभियानमा समुदायको समेत सहभागिता रहोस् भन्नाका लागि विद्यालयले समुदायमा रहेको परोपकारी भावनालाई प्रयोग र परिचालन गर्दै विपन्न र सीमान्तीकृत समुदायका अभिभावकलाई कुनै थप आर्थिक भार नपर्ने गरी स्थानीय सरकारसितको समन्वयमा 'लोककल्याणकारी निशुल्क शिक्षा कोष' निर्माण गर्ने नीति अवलम्वन गर्नसक्ने व्यवस्था संघीय शिक्षा ऐनमा गर्ने ।
- त्यो कोषबाट अत्यन्त बिपन्न बर्गका छात्रछात्रालाई पढाइ बीचैमा नछोड्नका लागि बिशेष सहुलियत प्रदान गर्ने ।
- समुदायको विद्यालयमा स्वामित्व बृध्दि गर्नका लागि समुदायले वा समुदायका कुनै पनि सदस्यले विद्यालयलाई दानदातन्य दिन सक्ने नीतिगत ब्यवस्था गर्ने । विद्यालयको शैक्षिक गुणस्तरमा सुधार र शैक्षिक र भौतिक पूर्वाधार निर्माण गर्न समुदायक सहयोग परिचालित गर्न सकिने नीतिगत ब्यवस्था संघीय शिक्षा ऐनमा गर्ने । विद्यालयले यसका लागि विद्यालय विकास कोषको स्थापना गर्नसक्ने ब्यवस्था गर्ने । यस्तो कोषमा कसैले पनि स्वेच्छिक आधारमा सहयोग प्राप्त गर्न सक्ने ।
- अनिवार्य र निशुल्क शिक्षा र गुणस्तरीय शिक्षामा सबैको पहुँच सम्भव बनाउनका लागि अहिले माध्यमिक शिक्षाको लागि बिनियोजित गरिरहेको कुल शैक्षिक बजेटको हिस्सा १९ प्रतिशतबाट २५ प्रतिशत पुर्याउने ।

## ७ निजी विद्यालय

- कम्पनि ऐन अन्तरगतका निजी लगानीका विद्यालयहरु संक्रमणकालिन व्यवस्थापनका रुपमा गैरनाफामुखी सेवामूलक सामाजिक संस्था(Non profitable Social Institution)का रुपमा रुपान्तरण गर्ने । निजी लगानीका विद्यालयहरु तत्कालै सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरित हुन चाहेमा राज्यले प्रोत्साहन उपलब्ध गराउने ।
- सार्वजनिक विद्यालयबाहेक कम्पनी, सहकारी, गुठी लगायतबाट सञ्चालित सम्पूर्ण विद्यालयहरुलाई एक दशकभित्रमा एउटै साझा सार्वजनिक गुठीको ढाँचाभित्र ल्याउने । विद्यालय शिक्षामा रहेका

निजी र सार्वजनिक गुठीको व्यवस्था अन्त्य गर्दै दुबैलाई एकै प्रकारको सार्वजनिक शैक्षिक गुठीमा रुपान्तरित गर्ने नीति अपनाउने ।

- कम्पनी स्वामित्वमा रहेका विद्यालयहरू गैरनाफामुलक शैक्षिक गुठीमा जान चाहेमा त्यस्ता विद्यालयलाई राज्यले शिक्षक तालिम, जग्गा रजिष्ट्रेशन, गाडीको भन्सार महशुल, सूचना प्रविधि सामग्री र कम्प्युटरको भन्सार महशुल, प्राविधिक र व्यावसायिक शिक्षा चलाउने लगायतका सुविधा उपलब्ध गराउने ।
- स्थानीय सरकारले शैक्षिक गुठी अन्तर्गतका र निजी लगानीका विद्यालयमा निम्न कुराहरूको नियमन गर्ने ।
    - विद्यार्थीबाट लिइने शुल्क स्थानीय सरकारले तोकेबमोजिम हुने ।
    - शिक्षक तथा कर्मचारीलाई दिइने तलब सुविधा सार्वजनिक विद्यालयको सरह हुने ।
    - पाठ्यक्रम एउटै हुनुपर्ने ।
    - न्युनतम राष्ट्रिय मापदण्ड मुताबिक आवश्यक न्युनतम भौतिक पूर्वाधार र योग्य र दक्ष शैक्षिक जनशक्ति तथा विद्यालय कर्मचारी हुनुपर्ने ।
    - विद्यालयको हरेक आर्थिक कारोबार, कुनै पनि प्रकारको शुल्क वा शिक्षक कर्मचारीको तलब सुविधाको भुक्तानी बैंकिङ कारोबारबाट मात्र हुनुपर्ने ।
    - कानुन र नियममा तोकिएको ढाँचामा तोकिएको विधिबाट विद्यालय व्यवस्थापन समिति गठन हुनुपर्ने ।
- स्थानीय सरकारमा दर्ता नगर्ने, स्थानीय सरकारले दिएको निर्देशन पालना नगर्ने वा उपरोक्त बिषयको नियमनको कुनै पनि शीर्षकमा असफल भएका विद्यालयको दर्ता खारेज गर्ने अधिकार स्थानीय तहसित हुने ।

### ८ विद्यार्थी शिक्षक अनुपात

- शिक्षक विद्यार्थी अनुपातबारे हिमाली र बिकट पहाडी क्षेत्रका विद्यालयलाई अपवादमा राखेर प्रारम्भिक बालविकास कक्षामा एक शिक्षक बराबर २० जना, आधारभुत तहमा एक शिक्षक बराबर ३० जना र माध्यमिक तहमा एक शिक्षक बराबर ४० जना विद्यार्थी कायम गर्ने । त्यसअनुसार शिक्षक दरबन्दी मिलान गर्ने ।

### ९ विदेशी सम्वन्धनमा सञ्चालित विद्यालयहरु

- विद्यालय शिक्षाका कुनै पनि तहमा कुटनीतिक नियोगमार्फत सञ्चालन हुने विद्यालयबाहेक विदेशी सम्वन्धनका विद्यालय खोल्न तथा सञ्चालन गर्न नपाउने व्यवस्था गर्ने ।

*(यससम्बन्धी विस्तृतमा विदेशी सम्वन्धनमा सञ्चालित विद्यालय शीर्षकमा उल्लेख गरिएको छ )*

### १० अन्य विद्यालयहरु

- अपांगता भएका, विशेष स्थिति भएका व्यक्तिका लागि सरकारद्वारा सञ्चालित विशेष शिक्षाका विद्यालयहरु, सुरक्षा निकाय, निजामती सेवा, शहीद प्रतिष्ठान र सरकारद्वारा सञ्चालित विशेष

प्रकारका  विद्यालयहरुको सञ्चालन सम्बन्धी अनुमति, स्वीकृति, नियमन, निरिक्षण र रेखदेख संघीय सरकारबाट हुने व्यवस्था गर्ने ।

## ११ माध्यमिक तहको पाठ्यक्रम

- संघले राष्ट्रिय पाठ्यक्रमको प्रारुप मात्र निर्माण गर्ने । प्रारुप अनुसारको पाठ्यक्रम र पाठ्यपुस्तक प्रदेश र स्थानीय तहले समन्वयात्मक ढंगले निर्माण गर्ने ।
- पाठ्यक्रम विकासको निम्ति स्थानीय तहको क्षमता विकास गर्ने, क्षमता विकास हुन नसकेका स्थानीय तहमा स्थानीय तहको परामर्शमा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणका लागि प्रदेश सरकारले सहजीकरण गर्ने व्यवस्था गर्ने ।
- हरेक चार चार बर्षमा पाठ्यक्रमको पुनरावलोकन र परिमार्जन गर्ने ।
- कक्षा नौ देखि नै प्रारम्भ हुने गरी माध्यमिक तहको पाठ्यक्रममा रोजगारमूलक पेशागत तथा ब्यावसायिक शिक्षा र सीप तालिमको विषय समावेश गर्ने ।
- पाठ्यक्रमलाई जीवनउपयोगी र स्वावलम्वनमुखी बनाउन माध्यमिक तहको पाठ्यक्रममा स्वावलम्वनमुखी र जीवनोपयोगी सीपसँग सम्बन्धित विषय समावेश गर्ने । व्यक्तिलाई नैतिकवान, इमान्दार र चरित्रवान बनाउनको लागि नागरिक तथा नैतिक शिक्षा बिषय राख्ने ।
- कक्षा नौदेखि माध्यमिक तहमा साधारण र प्राविधिक तथा व्यावसायीक धार छुट्टिने गरी माध्यमिक तहको पाठ्यक्रमको पुनर्संरचना गर्ने । कम्प्युटर र अत्याधुनिक सूचना प्रविधि सम्वन्धी सीप माध्यमिक तहको पाठ्यक्रममा समावेश गर्ने ।
- हरेक विषयको पाठ्यक्रमलाई ब्यावहारिक र जीवनउपयोगी बनाउने ।
- स्थानीय संस्कृति, व्यावसायिक शिक्षा र भाषासम्बन्धी विषयका पाठ्यक्रम आवश्यकता अनुरुप स्थानीय तहले बनाउने
- आधारभूत र माध्यमिक तहको पाठ्यक्रममा गृहविज्ञानको रुपमा हरेकको जीवनमा प्रयोगमा आउने सामान्य प्लम्बिङ, विद्युतीय सामान जडान तथा मर्मत, कम्प्युटर र ईलोक्ट्रेनिक सामान मर्मतसंग सम्वन्धित सीप, खाना पकाउने सीप, सामान्य कृषि तथा करेसावारी खेतीको सीप, पौडी खेल्ने सीप, नक्सा पढ्ने र बनाउने सीप, ट्राफिक नियम बुझ्ने सीप, आत्मसुरक्षा सीप लगायतका जीवनउपयोगी सीप पाठ्यक्रममा समावेश गर्ने ।

*(यससम्बन्धी विस्तृतमा पाठ्यक्रम तथा मूल्याङ्कन शीर्षकमा उल्लेख गरिएको छ)*

## १२ प्राविधिक तथा व्यावसायिक सीप

- नक्साङ्कनको आधारमा हरेक स्थानीय तहमा कम्तीमा एउटा साधनसम्पन्न प्राविधिक विद्यालय र सीप विकास केन्द्रको प्रवन्ध गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहको आर्थिक, सामाजिक, सांस्कृतिक विकासको आवधिक योजनाअनुसार निश्चित संख्यामा दक्ष जनशक्ति निर्माणको दीर्घकालीन र अल्पकालीन योजना बनाउने । माध्यमिक शिक्षाबाट प्रारम्भिक स्तरको दक्ष जनशक्ति उत्पादित हुने व्यवस्था गर्ने ।

*(यससम्बन्धी विस्तृतमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम शीर्षकमा उल्लेख गरिएको छ )*

## १३ शिक्षक संगठन र राजनीतिक दलसँग सम्बध्दताबारे

- शिक्षक तथा विद्यालय कर्मचारीहरूको पेशागत हक, हित, अधिकार र सुरक्षाका लागि एउटा मात्र आधिकारिक पेशागत संगठन रहने व्यवस्था गर्ने ।
- कुनै पनि विद्यालय शिक्षकले कुनै पनि राजनीतिक दलको समिति पदाधिकारी हुन नपाउने आचार संहिता र कानूनको व्यवस्था गर्ने

## १४ विद्यालय कर्मचारी

- हरेक विद्यालयमा कम्तिमा एक जना विद्यालय कर्मचारी रहने व्यवस्था गर्ने । विद्यार्थी संख्या र विद्यालयको प्रकृतिअनुसार आवश्यक संख्यामा प्रशासनिक काम गर्ने कार्यालय सहायक, लेखापाल, कार्यालय सहयोगी, खेलकुद तथा सहक्रियाकलाप शिक्षक रहने ब्यवस्था गर्ने ।
- विद्यालय कर्मचारीहरुको लागि समान योग्यताका शिक्षक सरह दरबन्दी, तलब सुविधा, संचयकोष, उपदान र निवृत्तिभरण सुविधा प्रदान गर्ने ।
- लामो समय विद्यालयमा काम गरेर सेवा निवृत्त भइसकेका स्थायी कर्मचारीहरुलाई निवृत्ति भरण तथा उपदानको सुविधा प्रदान गर्ने ।

## १५ विद्यालय व्यवस्थापन समिति सम्बन्धमा

संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको सन्दर्भमा विद्यालयमा व्यवस्थापन समितिको गठन र त्यसको स्वरुप के कस्तो हुने भन्ने विषय संघीय ऐनद्वारा निर्धारण गर्नेछ । प्रत्येक विद्यालयको लागि छुट्टाछुट्टै व्यवस्थापन समिति नचाहिन सक्छ । कुनै भौगोलिक क्षेत्र वा वडाका विद्यालयहरुको लागि एउटा व्यवस्थापन समिति बनाउन वा कुनै अगुवा विद्यालय र अरु सहयोगी विद्यालयलाई समेटेर एउटा व्यवस्थापन समिति बनाउन वा सबै विद्यालयमा छुट्टाछुट्टै व्यवस्थापन समिति बनाउन पर्ने पनि हुन सक्छ । त्यसको निर्धारण स्थानीय तहले गर्न सक्ने व्यवस्था गनुपर्दछ । संघीय शिक्षा ऐनले त्यसको नीतिगत पक्ष मात्र निर्धारण गरेर त्यसको संरचनागत ढाँचा, सदस्यहरुको संख्या र प्रकारको निर्धारण गर्नुपर्दछ ।

विद्यालयको सुशासन र प्रभावकारी ब्यवस्थापनका लागि स्थानीय तहको सरकार र विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुनुपर्दछ । अतः विद्यालय व्यवस्थापन समिति गठन गर्दा त्यसै विद्यालयमा आफ्ना सन्तान पढाइरहेको अभिभावक विद्यालय व्यवस्थापन समितिमा आउने तर विद्यालयले वास्तविक अभिभावकत्व नपाउने स्थिति हुनुहुँदैन । यसको लागि,

- बिद्यालय र समुदायका बीच जीवन्त सम्बन्ध निर्माण गर्न , विद्यालय सम्वन्धी नीतिगत निर्णय गर्न, आवश्यक सबै सहयोग गर्न, बिद्यालय र स्थानीय सरकार र समुदायको बीच पुलको रुपमा काम गर्न र विद्यालयका लागि समुदायको तर्फबाट सहयोग जुठाउन विद्यालय ब्यवस्थापन समितिलाई जिम्मेवार बनाउने ।

- विद्यालय व्यवस्थापन समितिको गठन विद्यालयका वास्तविक अभिभावक, शिक्षाप्रेमी वा संस्थापक परिवारका सदस्यमध्येबाट छनोट हुने ब्यवस्था गर्ने । समितिमा वर्गीय, जातिय, लैङ्गिक र सामाजिक संरचना अनुरुप समावेशी प्रतिनिधित्व हुने ब्यवस्था गर्ने ।
- विद्यालयको नीति निर्माणको तथा समुदायको परिचालन सम्बन्धि जिम्मेवारी विद्यालय व्यवस्थापन समितिलाई र नीति कार्यन्वयन, दैनिक शैक्षिक क्रियाकलाप, बिद्यालयका प्राज्ञिक तथा प्रशासनिक कार्यको जिम्मेवारी प्रधानाध्यापकमा रहने व्यवस्था गर्ने ।
- शिक्षक प्रधानाध्यापकप्रति र प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकारप्रति उत्तरदायी हुनुपर्ने व्यवस्था गर्ने ।

## १६· स्थानीय सरकारमा शैक्षिक प्रशासन र नीति सम्वन्धी संरचना

- स्थानीय तहमा माध्यमिक शिक्षा सम्वन्धी अधिकारको सही प्रयोग र विद्यालय शिक्षाको समस्त नीति निर्णय र नेतृत्वको लागि प्रत्येक स्थानीय तहमा 'शिक्षा तथा सामाजिक विकास प्रमुख' रहने व्यवस्था गर्ने । स्थानीय सरकारको प्रमुख, उपप्रमुख वा वडाअध्यक्षहरूमध्येबाट शिक्षा सम्वन्धमा ज्ञान भएको र अनुभवी ब्यक्तिलाई प्रमुख तोक्ने ।
- शिक्षा तथा सामाजिक विकास प्रमुखको अध्यक्षतामा एउटा स्थानीय शिक्षा समितिको व्यवस्था गर्ने । त्यसरी गठन भएको समितिले स्थानीय सरकारको अधिकार सूचीभित्र रही शिक्षा सम्बन्धी नीति निर्माण, योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन समेत गर्ने ।
- उक्त समिति कार्यरत वा अनुभवी र प्रतिष्ठित प्रधानाध्यापकहरू, शिक्षक, शिक्षाविद र स्थानीय शिक्षा अधिकारीसमेत रहने गरी सानो तर प्रभावकारी ढंगको गठन गर्नु उपयुक्त ।
- समितिले तर्जुमा गरेको नीति, कार्यक्रम, बजेट, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रशासकीय काम गर्न नगर/ गाउँ शिक्षा अधिकारीको व्यवस्था गर्ने ।
- विद्यालय सुपरीवेक्षणको लागि एक स्थानीय तहमा कम्तिमा एक सुपरीवेक्षकको व्यवस्था गर्ने । सुपरिवेक्षकको मुख्य काम निर्धारित शिक्षा नीति र मानकअनुकुल बिद्यालयहरू संचालन भए नभएको निरिक्षण गर्नु र विद्यालयको अनुगमन गर्नु हुनेछ ।

## १७ धार्मिक प्रकृतिका परम्परागत विद्यालय

- धार्मिक प्रकृतिका परम्परागत विद्यालयको नियमन र सहजीकरणका लागि गुरुकुल, गुम्बा/गोन्पा र मदरसा सबैको प्रतिनिधित्व हने गरी एकीकृत धार्मिक शिक्षा परिषद गठन गर्ने । त्यसअन्तर्गत ३ वटा छुट्टाछुट्टै समिति संघ र प्रदेश तहमा रहने व्यवस्था गर्ने । स्थानीय तहमा पनि गुरुकुल गुम्बा/गोन्पा र मदरसा शिक्षा समिति गठन गर्ने ।
- धार्मिक प्रकृतिका परम्परागत विद्यालयबाट प्रदत्त प्रमाणपत्रहरूलाई समकक्षता प्रदान गर्ने । यी विद्यालयहरूलाई मूल प्रवाहमा ल्याई संचालन गर्नका लागि विस्तृत कार्यविधि निर्माण गर्ने

- सम्वन्धित बिषयमा नेपालका र विश्वका विश्वविद्यालयमा उच्च शिक्षामा अध्ययनमा जानका लागि ब्रिज कोर्स र समकक्षता प्रमाणपत्र सहित अन्य समन्वय र सहजीकरण कार्य गरिदिने ।
- मूल प्रवाहीकरणक कार्यक्रम अनुसार धार्मिक प्रकृतिका परम्परागत विद्यालयमा शिक्षण हुनुपर्ने भनेर थपिएका अंग्रेजी, विज्ञान, गणित, भाषा, सामाजिक अध्ययन जस्ता बिषयमा बिषय शिक्षकको लागि स्थायी शिक्षक दरवन्दीको व्यवस्था गर्ने वा यसको लागि आवश्यक खर्च धान्न पर्याप्त हुने गरी एकमुष्ठ अनुदान दिने ।
- धार्मिक प्रकृतिका परम्परागत विद्यालयमा समिति गठन गर्दा सम्वन्धित संस्कृति, परिवेश अवस्था अनुरुप हुने गरी गर्ने ।
- यस्ता विद्यालयमा मूल प्रवाहीकरणका लागि तोकिएको पाठ्यक्रम अनुरुपको पाठ्यक्रम शिक्षण गर्ने शिक्षकको लागि शिक्षक अनुमति पत्र आवश्यक पर्ने तर परम्परागत पाठ्यक्रमका हकमा भने अनुमति पत्र आवश्यक नपर्ने ब्यवस्था गर्ने ।
- वुध्द दर्शन, सांख्य दर्शन र शैव दर्शन सम्वन्धी संस्कृत, पाली, भोट भाषा र अन्य भाषामा रहेका अनगिन्ती दार्शनिक, सामाजिक र ऐतिहासिक महत्वका रचना र उर्दू भाषामा रहेका इस्लामी धर्मग्रन्थहरु, दार्शनिक रचना र साहित्यलाई राज्यको लगानीमा नेपाली र अन्य स्थानीय भाषामा अनुवाद गर्ने । त्यसमा अनुसन्धान गर्न विश्वविद्यालय र महाविद्यालय तथा अध्येताहरूलाई छात्रवृत्ति सुविधा सहित उत्प्रेरित गर्ने ।

**१८ माध्यमिक तहमा भाषा**

- प्रत्येक माध्यमिक विद्यालयमा कक्षा ९ देखि १२ सम्म अंग्रेजी, नेपाली र स्थानीय मातृभाषाहरूको औपचारिक अध्यापन हुने ।
- स्थानीय मातृभाषाको कक्षा कोठामा शिक्षण, शिक्षक, पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्री उपलब्ध गर्न राज्यले जिम्मेवारी लिने र लगानी गर्ने ।
- पाठ्यक्रममा भाषाको विकल्पमा अन्य बिषय नराखी भाषा नै राख्ने । संस्कृत भाषा अध्ययन गर्न चाहने हरेकले पढ्न सक्ने गरी माध्यमिक तहमा यसलाई इच्छाधीन बिषय बनाउने ।
- माध्यमिक शिक्षामा बहुभाषी कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धति लागु गर्ने ।

**१९ शिक्षण सिकाइ विधि**

- वर्तमान शिक्षण सिकाई पद्दतिमा परिवर्तन गरी शिक्षक ज्ञान र खोजको सहजकर्ता र पथप्रदर्शक मात्र हो, ज्ञानको खोजकर्ता र निर्माणकर्ता विद्यार्थी स्वयम् हो भन्ने धारणा विकास गर्न शिक्षण र सिकाईका अत्याधुनिक विधि र प्रविधि अवलम्वन गर्ने ।
- शिक्षणमा सहभागितामूलक विधि, परियोजना विधि, समुह कार्य तथा प्रस्तुती कार्य, नवप्रवर्तन विधि, सेमीनार विधि, कार्यशाला विधि आदि अपनाउने । त्यसैगरी मूल्याङ्कन र परीक्षामा पनि समुह कार्य, परियोजना कार्य, प्रस्तुति कार्य, स्वतन्त्र लेखन कार्य, अन्वेषण कार्यमा जोड दिने ।

**२० विद्यालय र समुदायबीचको अन्तर्सम्बन्ध**

- समुदायलाई विभिन्न किसिमका रैथाने र परम्परागत ज्ञान र सीपको स्रोतकेन्द्र मान्दै समुदायमा रहेका दक्ष किसान, श्रमिक,  दलित, अनुभवी कालिगढ तथा अन्य समुदायको ज्ञान र सीपको खोज गर्न र सिक्न विद्यार्थी र शिक्षकलाई प्रोत्साहित र परिचालित गर्ने नीति अवलम्वन गर्ने । समुदायका व्यक्तिहरूलाई आफ्नो अनुभव, ज्ञान र सीपबारे प्रवचनको निम्ति विद्यालयका कक्षा कोठामा निमन्त्रणा गर्ने । ती ज्ञान र सीपको आधुनिकीकरण गर्ने, प्रमाणिकरण गर्ने तथा समकक्षता प्रदान गर्ने ।
- समुदायमा रहेको साँस्कृतिक पछौटेपन र निरक्षरता उन्मूलन गर्न स्थानीय समुदायसँगको साझेदारीमा विद्यालयका शिक्षक र विद्यार्थीलाई अभिभावक शिक्षा कार्यक्रममा परिचालन गर्ने ।
- समुदायलाई विद्यालयको विपद र समस्या समाधान गर्ने कार्यमा सहभागी गराउने नीति अवलम्वन गर्ने

परिच्छेद ६

# उच्च शिक्षा

## १. पृष्ठभूमि

औपचारिक शिक्षा प्रणालीको स्नातकदेखि विद्यावारिधि तहसम्मको शिक्षालाई उच्च शिक्षाका रूपमा लिइएको छ । विद्यालय तहको आधारभूत र माध्यमिक तह पार गरी उच्च तहको ज्ञान, सीप र प्रमाणपत्रका लागि उच्च शिक्षामा प्रवेश गर्ने कानुनी व्यवस्था र प्रक्रिया रहेको छ । तसर्थ उच्च शिक्षालाई तेस्रो तहको शिक्षा (Tertiary Education) पनि भनिन्छ ।

विद्यालय तहपछिको शिक्षा उच्च शिक्षा भएकाले वयस्क र पाका मानिसले आर्जन गर्ने शिक्षाको रूपमा संसारभर यसको पहिचान छ । ज्ञानको उत्पादन र प्रयोग, विचारको विकास र परीक्षण, दिगो विकास, राष्ट्रिय विकासलाई चाहिने जनशक्ति उत्पादन र विश्वव्यापी प्रतिस्पर्धी नागरिक तयार गर्ने यसको उद्देश्य हुन्छ । शिक्षण कार्य, अनुसन्धान र विस्तारित कार्यक्रम (सामुदायिक सेवा र उत्पादन) यसका प्रमुख कार्यमार्फत् उच्च शिक्षाको उद्देश्य प्राप्त गर्ने प्रयास हुन्छ ।

जनशक्ति विकासलाई समग्र विकासको आधार स्तम्भ मानिन्छ । राष्ट्रलाई चाहिने उच्च स्तरीय जनशक्ति उच्च शिक्षाको माध्यमबाट उत्पादन गरिन्छ । जहाँ उच्च शिक्षा सबल र गुणस्तरीय छ त्यहाँको जनशक्ति पनि सक्षम छन् र त्यस देशको विकास पनि द्रुत गतिमा अघि बढेको छ । विज्ञान र प्रविधिमा आश्चर्यलाग्दा आविष्कार र नवप्रवर्तनहरू हुने क्रम तीव्र छ । यिनै रफ्तार र तीव्रतासँगै आफूलाई रूपान्तरण गर्न सक्ने व्यक्ति, समाज र राष्ट्रमात्रै अब टिक्ने स्थिति रहन्छ । ज्ञानको तीव्र विस्तारसँगै सृजित परिवेशले एकातिर मानव जीवनलाई सुखी बनाएको छ भने अर्कातिर सामाजिक अस्थिरता, असमानता, द्वन्द्व र बैचैनी समेत जन्माएको छ । धनी र गरिबबिचको खाडल अझ फराकिलो हुँदै छ, सहर र गाउँबिचको खाडल अझ गहिरिँदै छ । साथै डिजिटल डिभाइडको कारणले सामाजिक असन्तुलन बढ्दै छ । उच्च शिक्षाले यी समग्र परिवेश र चुनौतीलाई सम्बोधन गर्नुपर्छ ।

विश्वमा उच्च शिक्षालाई आधुनिकीकरण र ज्ञानमा आधारित समाज निर्माणको मूल साधन मानिएको छ । उच्च शिक्षाको माध्यमबाट नयाँ नयाँ आविष्कार गर्दै आर्थिक, प्राविधिक र प्राज्ञिक हिसाबले अब्बल बन्ने प्रतिस्पर्धामा अधिकांश देश दौडिरहेका छन् । विश्वस्तरको विश्वविद्यालय बनाउने अभियान यसैको उदाहरण हो ।

नेपालमा शिक्षाको सुरुवात पूर्वीय दर्शन र गुरुकुल पद्धतिबाट भएको पाइन्छ । प्राचीन र मध्यकालमा सोही पद्धतिबाट शिक्षाको विकास र विस्तार भएको देखिन्छ ।औपचारिक शिक्षा र संस्थागत व्यवस्थाको अभावमा भारतलगायतका देशमा शिक्षा लिन जानुपर्ने बाध्यता रहेको थियो । नेपालमा वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना नै उच्च शिक्षाको सुरुवात मानिन्छ । वि.सं. २०११ को नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनको सिफारिसका आधारमा वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो । उच्च शिक्षाको माग र आकाङ्क्षा बढ्दै गएको सन्दर्भमा निजी क्षेत्रको सहभागिता, बहुविश्वविद्यालयको अवधारणा तथा क्षेत्रीय विश्वविद्यालयको

अवधारणाको कार्यान्वयन गर्दै हाल ११ ओटा विश्वविद्यालय र छ ओटा विश्वविद्यालय स्तरका स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा रहेका छन् र १४०७ कलेजहरूमा करिब ३ लाख ६१ हजार विद्यार्थी अध्ययनरत रहेको देखिन्छ ।

**(क) विगत आयोगका प्रतिवेदनमा उच्च शिक्षा**

उच्च शिक्षाका सम्बन्धमा नेपालमा यसअघि गठन भएका विभिन्न आयोगले विश्वविद्यालयको स्थापना, विस्तार, गुणस्तर सुधार तथा व्यवस्थापन सम्बन्धमा विभिन्न सुझाव प्रस्तुत गरेका छन्। राष्ट्रिय शिक्षा योजना आयोग २०११ ले राष्ट्रिय विश्वविद्यालयको स्थापना गर्ने, विश्वविद्यालय राजनीतिक प्रभावबाट अलग रहनुपर्ने, प्रजातान्त्रिक प्रणाली यसको शासन हुनुपर्ने उल्लेख गरेको थियो । शिक्षामा आमूल परिवर्तनको लक्ष्य लिएको राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले प्रवेश परीक्षाको योग्यताका आधारमा उच्च शिक्षाको अवसर दिने, विश्वविद्यालय सेवा आयोग रहने, समस्तर निर्धारण समितिको व्यवस्था गर्ने, व्यावहारिक अथवा प्रयोगात्मक अनुभव दिने प्रकारको कार्यक्रम रहने, एक तह पास गरेपछि निश्चित अवधिसम्म काम गरिसकेपछि प्रवेश परीक्षा पास गरेर माथिल्लो तहमा पढ्ने, परीक्षामा सुधार गर्ने, सेमेस्टर प्रणाली लागू गर्ने, प्राविधिक विषयको सम्पूर्ण खर्च सरकारले व्यहोर्ने र अरू विषयका हकमा शिक्षक तलबको २५-५० प्रतिशतसम्म खर्च सरकारले व्यहोर्ने, राष्ट्रिय विकास सेवालाई पढाइको अभिन्न अङ्ग बनाउने सुझाव दिएको थियो । शाही उच्च शिक्षा आयोग २०३९ ले प्राविधिक विषयमा प्रवेश परीक्षाका आधारमा विद्यार्थी भर्ना गर्ने, पाठ्यक्रमको प्रभावकारिता र गुणस्तर मूल्याङ्कन र अनुसन्धान प्रक्रिया बसाल्ने, स्नातक र स्नातकोत्तर तहमा टर्मपेपर, केस स्टडी, स्थलगत कार्य, शोधकार्य आदिलाई बढावा दिने, प्राविधिक उच्च शिक्षाको विस्तार गर्ने, साधारण विषयमा निजी क्षेत्रका क्याम्पसहरूको विस्तार चालु राख्ने, खुला उच्च शिक्षाको संस्थागत व्यवस्था गर्ने, कुल बजेटको शिक्षामा १० प्रतिशत र सोको कम्तीमा ३० प्रतिशत उच्च शिक्षातर्फ छुट्याउनुपर्ने, संस्कृत उच्च शिक्षाका निम्ति अलग विश्वविद्यालयको स्थापना गर्ने जस्ता सिफारिस गरेको थियो ।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले निजी क्षेत्रबाट उच्च शिक्षा सञ्चालन गर्न प्रोत्साहित गर्ने, विश्वविद्यालय अनुदान आयोगको स्थापना गर्ने, विकेन्द्रित व्यवस्थापनबाट शिक्षाको गुणस्तर बढाउन बहुविश्वविद्यालयको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गराउने, खुला विश्वविद्यालयको स्थापना गर्ने, जनसहभागिता परिचालनका लागि क्याम्पस सञ्चालक समिति रहने, राष्ट्रिय विकास सेवालाई क्रेडिट जम्मा नहुने गरी स्वेच्छाका आधारमा सञ्चालन गर्ने, गुणस्तरयुक्त पाठ्यपुस्तक र पाठ्यसामग्रीको व्यवस्था गर्ने विषयमा सिफारिस गरेको थियो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले श्रमबजार सूचना प्रणालीको उपयोग गरी उच्च शिक्षा प्रदान गर्न योजना र कार्यक्रम विकास गर्ने, मानवीय संसाधनको योजनाअनुरूप पाठ्यक्रम तयार गर्ने, प्रादेशिक असन्तुलन कम गराउने, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयलाई क्षेत्रीय विश्वविद्यालयका रूपमा विकास गर्ने, विश्वविद्यालय स्थापनाका लागि शैक्षिक/प्राज्ञिक पूर्वाधारहरू सुनिश्चित गर्ने, प्राविधिक क्षेत्रलाई प्राथमिकता दिने, सम्बन्धन नीतिमा पुनरवलोकन गर्ने, खुला विश्वविद्यालयको स्थापना गर्ने, लागत पूरणको सिद्धान्तका आधारमा सरकारी

निर्भरतालाई क्रमशः कम गर्ने, विश्वविद्यालय अनुदान आयोगको भूमिकालाई प्रभावकारी बनाउने, निजी क्षेत्रले अभिरुचि देखाएका क्षेत्रमा प्रोत्साहन गर्ने, शुल्क निर्धारण गर्ने, उपलब्ध शैक्षिक भौतिक सुविधाका आधारमा गर्ने, प्राविधिक उच्च शिक्षण संस्थालाई निश्चित मापदण्डभित्र रहेर मात्र सम्बन्धन दिने नीति अवलम्बन गरी गैरसरकारी क्षेत्रलाई प्रोत्साहन दिँदै जाने, प्राविधिक शिक्षातर्फ विद्यार्थीहरूको शुल्कबाट सञ्चालन खर्चको २० देखि ३० प्रतिशत उठाउनुपर्ने उल्लेख भएको थियो ।

### (ख)राजनीतिक दलका घोषणापत्रमा उच्च शिक्षा

राज्यको नीति निर्माणमा सर्वोपरी भूमिका रहेको राजनीतिक दलका चुनावी घोषणापत्रमा उच्च शिक्षालाई सुलभ र गुणस्तरीय बनाउने, साधन सम्पन्न बनाउने, अनुसन्धानमार्फत् विज्ञता र विशेषज्ञताको विकास गरिने, अनुसन्धान केन्द्र स्थापना गरिने, प्रदेश स्तरमा स्तरीय विश्वविद्यालय स्थापना गरिने, विपन्न एवम् प्रतिभाशाली विद्यार्थीहरूलाई उच्च शिक्षाको अवसर उपलब्ध गराउन विद्यार्थी सहुलियत व्यवस्था गर्ने, सरकारी छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीलाई स्थानीय स्तरमा कार्य वा सेवा गर्न प्रोत्साहन गर्ने, विद्यार्थीलाई समाजसेवामा लगाउने, विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूको समन्वयमा विद्यार्थीहरूमा विशिष्ट क्षमता विकास गर्ने, रोजगारमूलक र व्यावसायिक शिक्षामा जोड दिने, देशका विभिन्न क्षेत्रमा गुणस्तरीय विश्वविद्यालयको विस्तार गर्नेजस्ता पक्षहरू उल्लेख भएको छ ।

सञ्चार माध्यमहरूमा विभिन्न समसामयिक विषयवस्तु आउने गर्छन् । सञ्चार माध्यममा उल्लिखित विषयवस्तु तत्कालीन समाजका प्रतिक्रिया पनि हुन् । शिक्षा क्षेत्र सरकारको प्राथमिकताको क्षेत्र बन्नुपर्ने, संस्थागत जवाफदेही अभिवृद्धि गरी सुशासन कायम गर्नुपर्ने, गुणस्तर सुधार गरी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता वृद्धि गर्नुपर्ने, सूचना प्रविधिको उपयोग बढाउनुपर्ने र उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्नुपर्ने कुराहरू सञ्चार माध्यममा उल्लेख भएको पाइन्छ ।

### (ग) उच्च शिक्षाको सैद्धान्तिक आधार

उच्च शिक्षाको सैद्धान्तिक दृष्टिकोणअन्तर्गत ज्ञानप्रतिको अनुराग एवम् उच्चस्तरको ज्ञान आर्जनमा जोड दिने ज्ञानमिमांशीय दृष्टिकोण, सत्यको खोजीमा लागिरहने तत्वमिमांशीय दृष्टिकोण र स्थानीय र विश्वस्तरको अन्वेषणसँग परिचित रही विश्वव्यापी प्रतिस्पर्धामा उत्रन सक्षम जनशक्ति उत्पादनमा जोड दिने मूल्यशास्त्रीय दृष्टिकोण रहेका छन् । वर्तमानमा ज्ञानमा आधारित समाजको निर्माण, नयाँ ज्ञानको निर्माण, नवप्रवर्तन र विकास जस्ता सैद्धान्तिक मान्यतामा उच्च शिक्षा अडिएको छ । नेपालले उच्च शिक्षाको माध्यमबाट विश्वस्तरमा भएको नयाँ आविष्कार र ज्ञानको वितारसँगै आफूलाई रूपान्तरित गर्नुपर्ने छ, प्रतिस्पर्धामा उतार्नुपर्ने छ, विश्वस्तरको सक्षम नागरिक उत्पादन गर्नुपर्ने छ । साथै देशको सक्षमता, आवश्यकता, विषेशता र मौलिकताअनुरूपको उत्पादनशील, श्रमशील, राष्ट्रप्रेमी र कर्तव्यनिष्ट उच्च स्तरको जनशक्ति उत्पादन गर्न उच्च शिक्षालाई स्तरीय र व्यवस्थित रूपमा सञ्चालन गर्नु आवश्यक रहेको छ ।

### (घ) उच्च शिक्षामा वर्तमान विश्वव्यापी प्रवृत्ति

विश्वव्यापीकरणको बहाबसँगै उच्च शिक्षामा पनि परिवर्तन आएको छ । उच्च शिक्षामा नवउदारवाद व्यापकरूपमा प्रयोगमा आएको छ ।व्यवस्थापनमा नयाँ सार्वजनिक व्यवस्थापनको मान्यता प्रबल बनेको छ ।उपलब्धिमा आधारित उत्तरदायित्वको मान्यता प्रचलनमा आएको छ । अर्कोतिर ज्ञानमा आधारित समाजमा बजार अर्थतन्त्रको मान्यताले प्रश्रय पाएको छ । यनै मान्यताको जगमा विश्वस्तरका विश्वविद्यालय स्थापना गर्ने दौड चलिरहेको छ । यसले प्रतिस्पर्धाबाट उत्कृष्टतातिर जाने मान्यतालाई आत्मसात गरेको छ । अहिले विश्वका अधिकांश विश्वविद्यालयहरू विश्वस्तरका विश्वविद्यालयका सूचीमा अगाडि आउने म्याराथुनमा लागेका छन् । यसले गर्दा विश्वका अधिकांश देशहरूले उच्च शिक्षामा लगानी बढाएका छन् । अनुसन्धानमा जोड दिएका छन् । प्रकाशनमा खर्च गरेका छन् । योग्य प्राध्यापकहरूलाई आकर्षित गरेका छन् तर यस अभियानले धनी र गरिब राष्ट्रका बिचको खाडल भने झनै बढाउने खतरा छ ।

अन्तर्राष्ट्रिय उच्च शिक्षाको वर्तमान चित्र हेर्दा स्वायत्तताले निकै ठुलो स्थान पाएको देखिन्छ । पाठ्यक्रम निर्माण, अनुसन्धान, शिक्षण, परीक्षा र प्रमाणपत्र दिने सम्मका अधिकारसहित स्वायत्त संस्थाका रूपमा विश्वविद्यालयहरू चलेका छन् भने सम्बन्धन दिने विश्वविद्यालय थोरै छन् । कतै सम्बन्धन दिने र सम्बन्धन नदिने विश्वविद्यालय भनी वर्गीकरण गरेको पाइन्छ । त्यस्तै अनुसन्धान विश्वविद्यालय, शिक्षण विश्वविद्यालय, विशिष्टीकृत विश्वविद्यालय भनेर पनि वर्गीकरण गरेको देखिन्छ ।

अहिलेको विश्वव्यापी प्रचलन भनेको ज्ञानमा आधारित अर्थतन्त्रको विकास हो । यसलाई दिगो र सुरक्षित लगानी मानिएको छ ।उच्च शिक्षामा अनुसन्धानको माध्यमबाट नयाँ ज्ञानको निर्माण गर्ने, आविष्कार गर्ने र त्यसैको माध्यमबाट आर्थिक सामाजिक समृद्धि हासिल गर्ने अभियान वर्तमान विश्वमा चलेको देखिन्छ ।

अहिले विश्वका तीष्ण मष्तिस्कलाई देशमा भित्र्याउने मुख्य साधन विश्वविद्यालयलाई बनाइएको छ । अनुसन्धान र उच्च गुणस्तरीय शिक्षा दिने गरी अन्य देशका बौद्धिक जमातलाई आकर्षण गरी ज्ञानमा आधारित समाज निर्माणमा उपयोग गर्ने प्रतिस्पर्धा पनि चलिरहेको छ । सूचना तथा सञ्चार प्रविधिको व्यापक प्रयोग भएको छ, त्यसैबाट नयाँ प्रविधिको विकास पनि भएको छ । त्यसै गरी उच्च शिक्षामा प्राविधिक धारलाई विशेष जोड दिई उत्पादकत्व बढाउने कार्यमा तल्लीन भएको पाइन्छ ।

## २. उच्च शिक्षाको वर्तमान अवस्था

### २.१ उच्च शिक्षाका संस्थाहरूको वितरण

देशका लागि आवश्यक मध्यम तथा उच्चस्तरीय जनशक्ति तयार गर्ने उच्च शिक्षाको उद्देश्य रहेको छ । नेपालमा उच्च शिक्षा प्रदान गर्ने सरकारी सामुदायिक र निजी शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन् । साधारण र प्राविधिक दुई प्रकारको उच्च शिक्षा धार रहेको छ । उच्च शिक्षामा स्नातक ३ देखि ५ वर्ष, स्नातकोत्तर २ वर्ष, एम् फिल् डेढ वर्ष र विद्यावारिधि ३ देखि ५ वर्ष

कार्यक्रम सञ्चालनमा रहेका छन् । स्नातक तहको अवधि विविध रहेको कारण राष्ट्रिय अन्तर्राष्ट्रिय समकक्षता हुने गरी मिलान गरिनुपर्ने आवश्यकता छ ।

**तालिका : विश्व विद्यालय/प्रतिष्ठान र विद्यार्थी सङ्ख्या २०७४**

| सिनं | विश्वविद्यालय प्रतिष्ठान | स्थापना (वि सं) | आंगिक क्याम्पस | सामुदायिक क्याम्पस | निजी क्याम्पस | जम्मा क्याम्पस | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| १ | त्रिभुवन विवि | २०१६ | ६० | ५२४ | ५७७ | १,१६१ | २,८४,४५३ |
| २ | नेपाल संस्कृत विवि | २०४३ | १४ | २ | २ | १८ | १,४७१ |
| ३ | काठमाण्डौ विवि | २०४८ | ६ | ० | १५ | २१ | १६,६५८ |
| ४ | पूर्वाञ्चल विवि | २०५१ | ५ | ६ | १३० | १३१ | २३,५३९ |
| ५ | पोखरा विवि | २०५३ | ४ | ० | ५८ | ६२ | २६,०३२ |
| ६ | लुम्बिनी बौद्ध विवि | २०६१ | १ | ० | ५ | ६ | १९६ |
| ७ | कृषि तथा पशुविज्ञान विवि | २०६७ | २ | ० | ० | २ | १,५६३ |
| ८ | मध्यपश्चिम विवि | २०६७ | १ | ० | ० | १ | ३,०४६ |
| ९ | सूदुरपश्चिम विवि | २०६७ | १ | ० | ० | १ | २,२११ |
| १० | विपि कोइराला स्वास्थ्य | २०५० | १ | ० | ० | १ | १,४४८ |
| ११ | राष्ट्रिय चिकित्सा विज्ञान प्र | २०५९ | १ | ० | ० | १ | ९० |
| १२ | पाटन स्वास्थ्य विज्ञान प्र | २०६४ | १ | ० | ० | १ | ३५० |
| १३ | कर्णाली स्वास्थ्य विज्ञान | २०७२ | १ | ० | ० | १ | ० |
| १४ | राष्ट्रिय खुला विवि | २०७३ | ० | ० | ० | ० | ६३५ |
| १५ | राजर्षि जनक विवि | २०७३ | ० | ० | ० | ० | ० |
| | जम्मा | | ९८ | ५३२ | ७७७ | १,४०७ | ३,६१,७१२ |

स्रोतः विश्वविद्यालय अनुदान आयोग, २०७५

उच्च शिक्षण संस्थाहरू कुल १४०७ मध्ये ९८ (६.९७५) मात्र आङ्गिक छन् भने सबैभन्दा बढी ७७७ (५५.२२५) निजी र ५३२ (३७.८१५) सामुदायिक रहेका छन् । विद्यार्थी भर्नाको अवस्था अध्ययन गर्दा ३३.७२५ आङ्गिक, ३०.७१५ सामुदायिक र ३५.५७५ निजी कलेजहरूमा अध्ययन गर्दछन् । कुल विद्यार्थीहरूमध्ये ५२.१५५ महिला र ४७.८५५ पुरुष रहेका छन् (स्रोतः विविअआ २०७४)। यो अन्तर्राष्ट्रिय अवस्थासँग तुलना गर्दा निकै सुखद् पक्ष देखिन्छ । उल्लिखित तथ्याङ्कले आङ्गिक क्याम्पसतर्फ विद्यार्थी आकर्षण देखिन्छ तर पर्याप्त सङ्ख्यामा र सबै क्षेत्रमा आङ्गिक क्याम्पस पुग्न सकेको देखिँदैन ।

## २.२ उच्च शिक्षाको नीति तथा कानुन

नेपालको संविधानले सङ्घीय सरकारअन्तर्गत केन्द्रीय विश्वविद्यालय र प्रदेश सरकारअन्तर्गत प्रादेशिक विश्वविद्यालय रहने स्पष्ट व्यवस्था गरेको छ । ११ ओटा विश्वविद्यालयहरू र छ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू आफ्ना छुट्टाछुट्टै ऐनअन्तर्गत सञ्चालित छन् । सबै विश्वविद्यालयलाई निर्देशन र नियमन गर्न सक्ने गरी कुनै पनि एकीकृत कानुन भने बन्न सकेको छैन । समग्र उच्च शिक्षालाई व्यवस्थापन र समन्वय गर्न उच्च शिक्षा नीति वि.सं. २०७२ कार्यान्वयनमा आएको छ ।

## २.३ उच्च शिक्षाका प्रकारहरू

उच्च शिक्षामा अध्ययन गरिने विषयवस्तुको प्रकृतिको आधारमा मूलतः साधारण र प्राविधिक गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

**(क) साधारण उच्च शिक्षाः** नेपालमा १० ओटा विश्वविद्यालयले साधारण धारका विषयहरू सञ्चालन गरेका छन् । शिक्षाशास्त्र, मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, कानुन जस्ता विषयहरू साधारण विषयअन्तर्गत पर्दछन् । उच्च शिक्षाका ७९.७ प्रतिशत विद्यार्थीहरूले साधारण धारका विषयहरू पढ्दछन् । व्यवस्थापन सङ्कायमा ४२.२५ प्रतिशत, शिक्षाशास्त्र सङ्कायमा २४.८३ प्रतिशत,मानविकी तथा सामाजिक शास्त्रतर्फ १०.७४ प्रतिशत,कानुनतर्फ १.७१ प्रतिशत, संस्कृततर्फ ०.०८ प्रतिशत र बौद्ध अध्ययनतर्फ ०.०५ प्रतिशत विद्यार्थी छन् । नेपालको श्रमबजार र विशिष्ट अवस्थालाई हेर्दा साधारण धारमा विद्यार्थी सङ्ख्या अत्यधिक छ । यस धारबाट उत्पादित जनशक्तिमा विशिष्ट सीप हासिल हुन नसकेकाले ठुलो सङ्ख्यामा कामविहीन भएका छन् । यसले बौद्धिक बेरोजगार बढाएको छ ।

**(ख) प्राविधिक उच्च शिक्षाः** चिकित्सा, इन्जिनियरिङ, कृषि तथा वन, खाद्यप्रविधि, सूचना तथा सञ्चार, विज्ञान तथा प्रविधि जस्ता विषयहरू प्राविधिक उच्च शिक्षाअन्तर्गत पर्दछन् । वि.स. १९८५ मा आयुर्वेद शिक्षाबाट प्रारम्भ भएको प्राविधिक शिक्षा वर्तमान समयसम्म आइपुग्दा अपेक्षित विस्तार हुन सकेको छैन । कृषि तथा वन विश्वविद्यालयबाहेक अरू प्राविधिक उच्च शिक्षाका लागि विशिष्टीकृत प्राविधिक विश्वविद्यालयहरू छैनन् । यद्यपि ११ ओटै विश्वविद्यालयले प्राविधिक धारका कार्यक्रमहरू भने सञ्चालन गर्दै आइरहेका छन् । ६ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्वास्थ्य मन्त्रालयअन्तर्गत रहेर स्वास्थ्य शिक्षाका जनशक्ति उत्पादन गरिरहेका छन् । समग्र उच्च शिक्षाको २०.३ प्रतिशत विद्यार्थीले प्राविधिक उच्च शिक्षा अध्ययन गरिरहेका छन् । विज्ञान तथा प्रविधितर्फ ९.७८ प्रतिशत, इन्जिनियरिङतर्फ ४.६९ प्रतिशत, चिकित्सा शिक्षातर्फ ५.३४ प्रतिशत, वन विज्ञानतर्फ ०.३४ प्रतिशत र कृषि तथा पशुविज्ञानतर्फ ०.००८ प्रतिशत विद्यार्थीहरू अध्ययन गरिरहेका छन् ।

सत्तारूढ दलको चुनावी घोषणापत्रमा प्राविधिक शिक्षा ७० प्रतिशत र साधारण शिक्षा ३० प्रतिशत बनाउने कुरा उल्लेख छ । वर्तमान अवस्था र उक्त घोषणपत्रको लक्ष्यबिच ठुलो खाडल छ । उच्च शिक्षामा आउने बाटो ११-१२ कक्षा भएको र त्यहाँ पनि जम्मा १५ प्रतिशत विद्यार्थीले विज्ञान र प्रविधि विषय अध्ययन गर्ने अवसर पाएको देखिन्छ । यसले मूल स्रोत नै साँघुरो भएको देखाउँछ

। विकसित देशहरू विज्ञान र प्रविधि विषयमा अब्बल बन्ने दौडमा छन् तर नेपालको प्राथमिकता यतातर्फ कम देखिन्छ ।

शैक्षिक उपलब्धि र गुणस्तरको दृष्टिकोणले नेपालका विश्वविद्यालयमा प्राविधिक उच्च शिक्षा आकर्षक र भरपर्दो देखिन्छ । चिकित्सा, इन्जिनियरिङ, वन विज्ञान, विज्ञान तथा प्रविधि विषयको गुणस्तर राम्रो भएको कारण विश्वविद्यालयको साख विश्वमै विश्वासिलो छ । यहाँका उत्पादनहरू विश्वबजारका रोजाइमा परेका छन् । विश्वविद्यालयका आङ्गिक क्याम्पस विद्यार्थीको रोजाइमा पर्छन् । तर अधिकांश विद्यार्थीहरू प्राविधिक उच्च शिक्षातर्फ आकर्षित भए तापनि प्राविधिक विधाका विषयहरू अध्ययन अध्यापन हुने क्याम्पसहरू ज्यादै न्यून सङ्ख्यामा रहेको हुँदा अधिकांश क्षमतावान् विद्यार्थीहरू यसप्रकारको शिक्षाको पहुँचबाहिर छन् । प्राविधिक विषयहरू अध्ययन अध्यापन हुने निजी क्षेत्रमा सञ्चालित क्याम्पसहरूमा मासिक एवम् अन्य शुल्कहरू ज्यादै महँगो भएको हुँदा आर्थिक रूपमा सम्पन्न व्यक्तिहरू मात्र यी क्याम्पसहरूमा अध्ययन गर्न सक्षम छन् भने आर्थिक रूपमा विपन्न परिवारका छोराछोरीहरू प्राविधिक शिक्षा पाउनबाट स्वतः वञ्चित भएका छन् ।

## २.४ उच्च शिक्षाको सङ्गठनात्मक संरचना

### (क) विश्वविद्यालयहरू

११ ओटा विश्वविद्यालयहरू र छ ओटा विश्वविद्यालय सरहका स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू बिच संरचनामा एकरूपता नभए पनि अधिकांश ढाँचामा समानता छ । सबैजसो विश्वविद्यालयहरू त्रिभुवन विश्वविद्यालयकै ऐनको संरचना र प्रशासन प्रणालीमा आधारित छन् । विश्वविद्यालय सभा र कार्यकारी सभा गरी अधिकारको बाँडफाँडसहित द्विसंरचनामा आधारित प्रशासनिक व्यवस्था रहेको छ । १० ओटा विश्वविद्यालय र छ ओटा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रधानमन्त्री कुलपति रहने व्यवस्था छ भने नेपाल खुला विश्वविद्यालयमा शिक्षा मन्त्री कुलपति रहने व्यवस्था छ । संरचनात्मक रूपमा कुलपति, सहकुलपति, उपकुलपति, रेक्टर/रजिस्टार रहने व्यवस्था छ । पदाधिकारी नियुक्तिमा स्पष्ट आधार नभएको कारण राजनीतिक प्रभाव परेको प्रष्ट देख्न सकिन्छ । प्राज्ञिक कार्यको नेतृत्वका लागि डिनहरूको व्यवस्था छ । कुनैमा सङ्काय छन्, कुनैमा स्कुल्सहरू छन् । कसैमा केन्द्रीय विभाग छन् । आङ्गिक, सामुदायिक र निजी गरी तीन प्रकारका क्याम्पसहरू विश्वविद्यालयबाट सम्बन्धन लिएर चलेका छन् । विश्वविद्यालयले नै सम्बन्धन दिन पाउने व्यवस्था छ । नेपाल खुला विश्वविद्यालय र राजर्षि जनक विश्ववविद्यालयबाहेक सबैका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरू छन् । विश्वविद्यालयका ६० देखि ९६ प्रतिशत क्याम्पसहरू सम्बन्धनप्राप्त छन् । यसबाट विश्वविद्यालयहरूको सम्बन्धन दिने मूल जिम्मेवारी भएको जस्तो देखिएको छ ।

स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू मानित विश्वविद्यालयका रूपमा रहेका छन् । यिनीहरूले सम्बन्धन दिन पाउँदैनन् । विश्वविद्यालयहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग आबद्ध रहेका छन् भने प्रतिष्ठान स्वास्थ्य मन्त्रालयसँग सम्बद्ध छन् । विश्वविद्यालयहरू राज्य नियन्त्रित मोडलको शासकीय संरचनामा आधारित छन् । संसारमा सैद्धान्तिक रूपमा राज्य नियन्त्रितका साथै राज्यले सुपरिवेक्षण गर्ने मोडल र बजारमा आधारित मोडल चलनमा रहेका छन् । विश्वविद्यालय सभामा बाह्य क्षेत्रको प्रतिनिधित्व

कम रहेको छ ।व्यापार, व्यवसाय कर्पोरेट सङ्गठनहरूको प्रतिनिधित्वले विश्वविद्यालयको शिक्षालाई कामको संसारसँग जोड्न, रोजगारीका क्षेत्रहरू, उद्यमशीलताका क्षेत्रहरू, अनुसन्धान र प्रयोगका क्षेत्रहरू एवम् अभिभावक र विद्यार्थीका चासोहरू पहिल्याउन सहयोग पुग्दछ जुन नेपालमा कमजोर देखिन्छ ।

**(ख) विश्वविद्यालय अनुदान आयोग**

सरकारबाट प्राप्त अनुदानलाई निश्चित मापदण्डका आधारमा विश्वविद्यालयहरूलाई वितरण गर्ने, विश्वविद्यालयहरूबिच समन्वय गर्ने, अनुसन्धानात्मक कार्यमा सघाउनेलगायतका कार्य जिम्मेवारीका साथ छुट्टै ऐनमार्फत् वि.सं.२०५० मा विश्वविद्यालय अनुदान आयोग गठन भएको हो । सन् २००७ देखि यसले गुणस्तर निर्धारण तथा प्रत्यायन गर्ने कार्य समेत गर्दै आएको छ। तर आयोग आफ्नो कार्यमा केन्द्रित रहन नसकेको, अनुदान बाँढ्ने संयन्त्र मात्रै भएको र नियमनकारी निकायको रूपमा रहन नसकेको स्पष्ट देख्न सकिन्छ । त्यसै गरी मनोनित र पदेन सदस्यहरूको भूमिका कमजोर रहेको, विषेशज्ञ कर्मचारीको आभाव रहेको र राजनीतिक नियुक्तिको प्रभाव परेकोले प्राज्ञिक गतिविधि ओझेलमा परेको पाइन्छ ।

**(ग) अनुसन्धान केन्द्रहरू**

केही विश्वविद्यालयले विभिन्न विषय क्षेत्रमा अनुसन्धान केन्द्रहरू स्थापना गरेका छन् । उदाहरणका लागि त्रिभुवन विश्वविद्यालयका चार ओटा अनुसन्धान केन्द्र रहेका छन्ः आर्थिक विकास तथा प्रशासन केन्द्र (CERID), नेपाल र एसियाली अध्ययन केन्द्र (CNAS), शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CEDA) र व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (RECAST) । यसका अतिरिक्त केही विश्वविद्यालयले अनुसन्धान केन्द्र वा अनुसन्धान परिषद् जस्ता संस्थाहरू पनि स्थापना गरेका छन् ।अनुसन्धान केन्द्रहरूका कार्यक्रमहरूको सामान्य समीक्षा गर्दा अधिकांश अनुसन्धान केन्द्रहरूले अनुसन्धानसम्बन्धी उल्लेख्य कार्य सञ्चालन गर्न सकेका छैनन्।यिनले राष्ट्रिय महत्त्वका अनुसन्धानको जिम्मा पाएका छैनन् । विभाग र क्याम्पसहरूसँग जोडिन सकेका छैनन् । साथै पठन पाठन र केन्द्रका अनुसन्धानबिच तादाम्यता कायम गर्न पनि सकिएको छैन ।

**(घ) सेवा आयोग**

विश्वविद्यालयमा कर्मचारी तथा आङ्गिक क्याम्पसमा शिक्षक नियुक्तिका लागि छनोट गरी सिफारिस गर्न हरेक विश्वविद्यालयमा (काठमाण्डौ विश्विविद्यालय बाहेक) छुट्टाछुट्टै सेवा आयोग वा छनोट समिति रहने व्यवस्था छ । सेवा आयोग आफैंमा स्वतन्त्र छन् । सेवा आयोगले विश्वविद्यालयको कार्यकारी परिषद्बाट पारित गरी पठाएको दरबन्दीबमोजिम विज्ञापन गर्ने, परीक्षा सञ्चालन गर्ने र छनोट गरी सिफारिस गर्ने कार्य गर्दछन् । सेवा आयोगको पाठ्यक्रम निर्माण गर्ने जिम्मा पनि आयोगकै हो।आयोगको कार्यविधि विश्वविद्यालय सभाबाट पारित गर्नुपर्ने र सिफारिस गरेका शिक्षक कर्मचारीलाई कार्यकारीले नियुक्ति दिने जस्ता कार्यले गर्दा यी निकाय विश्वविद्यालयका पदाधिकारीहरूको प्रभावबाट स्वतन्त्र रहन सकेका छैनन् । आयोगका गतिविधिहरू विश्वसनीय र पारदर्शी नभएका गुनासाहरू सतहमा आउने गरेका छन् । त्यस्तै आयोगले सामुदायिक र निजी

स्तरबाट सञ्चालन गरेका सम्बन्धन प्राप्त क्याम्पसका शिक्षक, कर्मचारीहरूको छनोट र सिफारिसमा कुनै भूमिका खेल्न सकेको छैन ।

## २.५ उच्च शिक्षामा लगानीको स्थिति

सरकारी लगानी विश्वविद्यालय अनुदान आयोगमार्फत् विश्वविद्यालयहरूमा पुग्ने गर्छ । शिक्षा क्षेत्रमा विनियोजन गरिएको कुल बजेटको करिब ९ प्रतिशत बजेट उच्च शिक्षामा रहेको छ ।यो तुलनात्मक रूपमा कम हो । विभिन्न विश्वविद्यालयको प्रतिविद्यार्थी सरकारी लगानी फरक फरक देखिन्छ । विश्वविद्यालयको प्रशासनिक खर्च मूलतः सरकारी खर्चबाट व्यहोर्ने गरिएको छ । निजी शिक्षण संस्थाको सम्पूर्ण खर्च विद्यार्थीको शुल्कबाट उठाउने गरिन्छ । निजी क्याम्पस मूलतः नाफामूलक छन् । नाफा नकमाउने भनिएका समुदायद्वारा सञ्चालित क्याम्पसहरूमा केही मात्रामा सरकारको अनुदान जाने र अन्य लगानी समुदायको हुने व्यवस्था छ । त्यहाँ विद्यार्थीबाट पनि शुल्क लिने गरिन्छ । हालको लगानी प्रणालीले शैक्षिक संस्थाहरू धानिने अवस्थामा मात्र छन् । संस्थागत उन्नयन, प्राज्ञिक कार्य र अनुसन्धानका लागि स्रोत अपर्याप्त देखिन्छ । विश्वविद्यालयपिच्छे सरकारी अनुदान फरक फरक छ । शुल्कमा एकरूपता छैन । अझ निजी क्याम्पसमा त प्रतिविद्यार्थी लगानीको लेखाजोखा नै छैन ।

तालिका २. सरकारी अनुदान प्रतिवर्ष, प्रतिविद्यार्थी

| विश्वविद्यालय | क्याम्पसको प्रकृति | अनुदान प्रतिविद्यार्थी रु |
|---|---|---|
| त्रि.वि. | आङ्गिक | ४७५०९ |
| नेपाल संस्कृत विवि | आङ्गिक | २८४०० |
| पूर्वाञ्चल विवि | | ६८४२१ |
| पोखरा विवि | | ४२५३१ |
| काठमाडौं विवि | | ८८२२ |
| लुम्बिनी बौद्ध विवि | | ३८९६१० |
| मध्यपश्चिम विवि | | २९५४७ |
| सुदूरपश्चिम विवि | | ४३७८१ |
| कृषि तथा वन विवि | | १८९५१४ |
| औसत | | ४९४३७ |
| सबै | सामुदायिक | २७८५ |

स्रोतः विश्वविद्यालय अनुदान आयोग, सन् २०१५

तालिकाअनुसार आङ्गिक क्याम्पसमा पढ्ने प्रतिविद्यार्थी औसतमा ४९४३७ रुपियाँ राज्यको लगानी हुन्छ । तुलनात्मक रूपमा प्राविधिक उच्च शिक्षा महङ्गो हुन्छ तर लुम्बिनी बौद्ध विश्वविद्यालय र संस्कृत विश्वविद्यालयमा पढ्ने विद्यार्थीका लागि राज्यको लगानी बढी भएको देखिन्छ ।जहाँ सरकारको लगानी कम देखिएको छ त्यहाँ घरपरिवारको लगानी बढी छ । यी समग्र वस्तुगत अवस्थालाई हेर्दा उच्च शिक्षाको धेरै भार निजी र समुदायबाट व्यवस्थापन गरिएका क्याम्पसहरूले लिएको प्रस्ट हुन्छ ।

## २.६ उच्च शिक्षामा समतामूलक पहुँचको स्थिति

विश्वविद्यालयहरू धेरै भए पनि कुल क्याम्पस सङ्ख्याको ८३ प्रतिशत र कुल विद्यार्थी सङ्ख्याको ७९ प्रतिशत भार त्रि.वि.मा छ । नेपाल संस्कृत विश्वविद्यालयको कुल विद्यार्थी सङ्ख्या १४८१ भए पनि संस्कृतसँग सम्बन्धित विषयहरूमा विद्यार्थी सङ्ख्या जम्मा २९० मात्रै छ । लुम्बिनी बौद्ध विश्वविद्यालयले जम्मा १९६ जना विद्यार्थी भर्ना गरेको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूमा निश्चित सङ्ख्या तोकिएकाले विद्यार्थीको भार निकै कम छ । विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी नेपालमा सञ्चालित ५९ क्याम्पसहरूमा करिब १२ हजार विद्यार्थीले अध्ययन गरिरहेका छन् ।

तालिका ३ : उच्च शिक्षण संस्थाहरूको प्रदेशगत विवरण

| विश्वविद्यालयहरू | प्रदेशगत क्याम्पस सङ्ख्या | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | गण्डकी | ५ | कर्णाली | सुदूरपश्चिम | |
| त्रि.वि. | १६१ | १०० | ४७९ | १०७ | १७२ | ५४ | ८८ | ११६१ |
| नेपाल संस्कृत विवि | १ | ३ | ३ | ३ | ६ | ० | २ | १८ |
| काठमाडौं विवि | १ | ० | १७ | १ | २ | ० | ० | २१ |
| पूर्वाञ्चल विवि | ३२ | २३ | ६७ | ४ | ४ | ० | १ | १३१ |
| पोखरा विवि | ० | ० | ३७ | ९ | १२ | ० | ४ | ६२ |
| लुम्बिनी बौद्ध विवि | ० | ० | ५ | ० | १ | ० | ० | ६ |
| मध्यपश्चिम विवि | ० | ० | ० | ० | ० | १ | ० | १ |
| सुदूरपश्चिम विवि | ० | ० | ० | ० | ० | ० | १ | १ |
| राजर्षि जनक विवि | ० | ० | ० | ० | ० | ० | ० | ० |

स्रोत: विश्वविद्यलय अनुदान आयोग, २०७४

यसरी हेर्दा प्रदेश नं ३ मा धेरै संस्थाहरू देखिए पनि अन्य प्रदेशमा जनसङ्ख्याको अनुपातमा उच्च शिक्षण संस्थाहरूको सङ्ख्या उल्लेख्य रहेको छ । सहरी क्षेत्रमा स्वभाविकरूपमा उच्च शिक्षण संस्थाहरू धेरै भए पनि शिक्षा शास्त्र,व्यवस्थापन र मानविकी तथा सामाजिक शास्त्रमा स्नातक तहका कार्यक्रमहरू ग्रामीण क्षेत्रमा पनि पुगेका छन् ।

उच्च शिक्षाको खुद भर्नादर १४.९ प्रतिशत छ । बिचैमा अध्ययन छोड्नेको सङ्ख्या ठुलो छ भने समयमै तह पार गर्नेको सङ्ख्या निकै कम छ । अधिकांश सामुदायिक शिक्षण संस्थाहरू पनि विद्यार्थीको शुल्कबाट नै सञ्चालन गर्नुपर्ने भएकाले शुल्क दर आङ्गिक कलेजहरूको भन्दा उच्च छ ।आङ्गिक कलेजहरूमै पनि शुल्क तिर्नुपर्ने, प्रायगरी सहरी क्षेत्रमा बस्नुपर्ने भएकाले बस्ने, खानेलगायतको खर्च उच्च हुने भएकाले आर्थिक रूपले कमजोर तथा विपन्नहरूका लागि उच्च शिक्षाको पहुँच सहज देखिँदैन । उच्च शिक्षण संस्थाहरूबाट प्रदान गरिने सीमित छात्रवृत्ति ज्यादै थोरै विद्यार्थीका लागि हुनाका साथै यस्ता अधिकांश छात्रवृत्तिहरू शुल्क तिर्नुनपर्ने मात्र छन् जसले आर्थिक रूपमा विपन्नलाई खासै सहयोग पुऱ्याउन सक्दैन । प्राविधिक उच्च शिक्षाका क्याम्पसहरू मूलतः निजी स्तरबाट सञ्चालित भएका र सहरकेन्द्रित भएका कारण गरिब परिवारका विद्यार्थीको पहुँच प्राविधिक उच्च शिक्षामा कम छ । सरकारी स्तरबाट सञ्चालित प्राविधिक उच्च शिक्षाका क्याम्पसहरूमा पनि सामुदायिक विद्यालयहरूबाट आउने आर्थिक रूपमा विपन्न विद्यार्थीहरू संस्थागत विद्यालयहरूबाट आउने आर्थिक रूपमा सम्पन्न विद्यार्थीहरूसँग प्रवेश परीक्षामा प्रतिस्पर्धा गर्न नसकी यी सरकारी क्याम्पसहरूमा समेत गरिब विद्यार्थीहरूको पहुँच ज्यादै न्यून छ । यस अर्थमा जनताको करबाट सञ्चालित यी सरकारी क्याम्पसहरूमा उच्च प्राविधिक शिक्षा पाउने अवसर आर्थिक रूपमा सम्पन्न विद्यार्थीहरूले मात्र पाइरहेका छन् ।

नेपाल खुला विश्वविद्यालयको स्थापनासँगै नियमित उपस्थिति भएर शिक्षा हासिल गर्न नसक्ने र कामसँगै योग्यता वृद्धि गर्ने चाहना पुरा गर्नेहरूका लागि पहुँचको अवसर वृद्धि भएको छ । देशभरका सबै क्षेत्र, वर्ग, समुदायका अध्ययनको रुचि भएका विद्यार्थीका लागि फुर्सदको समयको उपयोग गर्दै आधुनिक प्रविधिको उपयोगबाट शिक्षा प्राप्त गर्ने र विविध सिकाइ आवश्यकताको पूर्ति गर्न खुला विश्वविद्यालय महत्त्वपूर्ण आधार बनेको छ । वि.सं २०७३ मा स्थापना भएको खुला विश्वविद्यालय सुरुवाती अवस्थामा रहेकाले पूर्वाधारको कमी, कार्यक्रम संरचना तयारीको क्रममा रहेको, जनशक्ति विकास हुँदै गरेको अवस्था छ ।

नेपाली विद्यार्थीहरू विदेशमा पनि गएर पढ्ने गरेका छन् । अध्ययन अनुमति पत्र लिने विद्यार्थीको सङ्ख्या उल्लेख्य छ । आ.व. ०६७/६८ मा ११९८२ रहेकामा आ.व. ०७०/७१ मा २८१२६ जना, आ.व. मा ०७१/७२ ३०६९६ जना, आ.व. ०७२/७३ मा ३२४८९ जना ,आ.व. ०७३/७४ मा ५०६५९ जना र आ.व. ०७४/७५ मा ५८७५८ जनाले स्वीकृति पत्र लिएको देखिन्छ । (स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७५)

उल्लिखित तथ्याङ्कका आधारमा विदेश अध्ययनका लागि स्वीकृत पत्र लिने विद्यार्थीहरूको सङ्ख्या बर्सेनि बढ्दो छ । भारत जाने विद्यार्थीहरूको यकिन विवरण लिन कठिन छ । विदेश गएका अधिकांश विद्यार्थीहरूले पढाइ पुरा नगर्ने, पढाइ छाडेर काममा लाग्ने र पढाइ पुरा गर्नेले पनि समयमै गर्न नसक्ने जस्ता समस्याहरू आउने गरेका छन् । कतिपय विद्यार्थीहरू भारतीय शिक्षण संस्थालगायत अन्य कतिपय विदेशी शिक्षण संस्थामा स्वीकृति पत्र नलिइकन अध्ययनमा जाने गरेका देखिन्छन् । त्यहाँ केकस्तो स्तरका शिक्षण संस्थाहरूमा अध्ययन गरेका छन् ? ती संस्थाहरूमा पढाइको गुणस्तर कस्तो छ ? विदेशमा विद्यार्थीहरूको शोषण, भोग्नुपरेको पीडाको अध्ययन हुन

सकेको छैन । नेपालको उच्च शिक्षाको गुणस्तर कमजोर भएर, गरिखाने शिक्षा नभएर वा विश्वस्तरको शिक्षा दिन नसकेर विद्यार्थी बाहिर जाने प्रवृत्ति बढेको हो अथवा आर्थिक लाभको प्रलोभनमा परेर विदेशतिर आकर्षण बढेको हो यो सोचनीय विषय बनेको छ ।

लैङ्गिक समताको दृष्टिबाट हेर्दा औसत सहभागिता करिब ४८ प्रतिशत पुरुष र ५२ प्रतिशतको हाराहारी महिलाको छ, यो सुखद् पक्ष हो । तहगत रूपमा स्नातक तहमा पुरुषभन्दा महिलाको सङ्ख्या बढी छ । स्नातकोत्तर तहमा पुग्दा महिलाको भर्नादर कम हुँदै गएको छ ।साधारण विषयतर्फ महिलाको भर्नादर उच्च रहे पनि प्राविधिक विषयतर्फ भने (नर्सिङबाहेक) महिलाको भर्नादर सन्तोषजनक छैन । अर्कातिर धनी परिवारको महिला र गरिब परिवारको महिलाको भर्नादरमा ठुलो खाडल छ । पहाडी ब्राह्मण र क्षेत्रीको भर्नादर उच्च छ । यो समुदायको जनसङ्ख्या ३०.८९ प्रतिशत हुँदा उच्च शिक्षाको भर्ना ६९ प्रतिशत यही समुदायको छ । यस समुदायको जनसङ्ख्या ३०.८९ प्रतिशत हुँदा उच्च शिक्षाको भर्ना ६९ प्रतिशत यही समुदायको छ । नेवार समुदायको ५.४८ प्रतिशत जनसङ्ख्या हुँदा उच्च शिक्षामा भर्ना हुने सङ्ख्या १२.३ प्रतिशत छ । जनजातिको ३२ प्रतिशत जनसङ्ख्या हुँदा १४ प्रतिशत मात्रै उच्च शिक्षाको पहुँचमा छन् । दलित समुदायको जनसङ्ख्या १३ प्रतिशत हुँदा जम्मा १.४ प्रतिशत मात्रै उच्च शिक्षाको भर्नामा स्थान सुनिश्चित गर्न पाएका छन् । मधेसी करिब १४ प्रतिशत हुँदा उच्च शिक्षाको भर्नामा जम्मा ४ प्रतिशत मात्रै हिस्सा परेको छ । त्यस्तै मुस्लिम समुदायको जनसङ्ख्या ४.२७ प्रतिशत हुँदा उच्च शिक्षाको भर्नामा जम्मा ०.२ प्रतिशत मात्रै स्थान पाएका छन् । यसले के देखाउँछ भने अहिले पनि उच्च शिक्षामा ब्राह्मण, क्षेत्री र नेवार समुदायको पहुँच तुलनात्मक रूपमा राम्रो छ भने जनजाति, दलित, मुस्लिम समुदाय धेरै पछाडि परेका छन् ।

### २.७ गुणस्तर र सान्दर्भिकता

गुणस्तर सापेक्ष हुन्छ ।यसलाई सन्दर्भअनुसार नाप्नुपर्ने हुन्छ । उच्च शिक्षाको गुणस्तर सन्तोषजनक नभएको स्पष्ट देखिन्छ । उच्च शिक्षाको उत्तीर्ण दर औसतमा २५ प्रतिशतको नजिक छ । प्राविधिकतर्फको उत्तीर्ण दर औसतभन्दा माथि छ भने साधारणतर्फ निकै कम छ ।

नेपालमा सन् २००७ देखि विश्वविद्यालय अनुदान आयोगले गुणस्तर तथा प्रत्यायन पद्धतिको सञ्चालन गर्दै आएको छ । यो गुणस्तर निर्धारणको अन्तर्राष्ट्रिय पद्धति हो । अहिलेसम्म २० भन्दा बढी क्याम्पसहरूले QAA पाइसकेका छन् । यस पद्धतिले विश्वविद्यालयको पाठ्यक्रमको गुणस्तर, प्राज्ञिक मूल्यमान्यता र परीक्षाको गुणस्तरलाई सही ढङ्गले मापन गर्न सकेको छैन । अन्तर्राष्ट्रिय स्तरमा भएको स्तरीकरणमा नेपालका विश्वविद्यालयहरू सन्तोषजनक स्तरमा देखिन सकेका छैनन् । यसको कारण स्तरीय शिक्षण, अनुसन्धान, अनुसन्धानात्मक लेख रचना प्रकाशन र उत्तीर्ण दर जस्ता पक्षमा कमजोर हुनु नै हो । तर त्रि.वि.का चिकित्सा शास्त्र अध्ययन संस्थान र इन्जिनियरिङ अध्ययन संस्थानको गुणस्तर भने अन्तर्राष्ट्रिय स्तरमा अब्बल रहेको छ ।

सिकाइ उपलब्धिमा पनि जातीय, भाषिक, क्षेत्रीयताको आधारमा फरक फरक छ । सिकाइ वातावरणको अवसरले उपलब्धिमा फरक पारेको प्रस्ट देखिन्छ ।

## २.८ पाठ्यक्रम, परीक्षा र मूल्याङ्कन

नेपालको संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउने उल्लेख गरेअनुरूप उच्च शिक्षाको पाठ्यक्रमले सो पक्षलाई सम्बोधन गर्नुपर्ने हुन्छ । तर नेपालमा देशविकासका लागि क्षेत्रगत, विषयगत र तहगत रूपमा आवश्यक जनशक्ति प्रक्षेपणका आधारमा कार्यक्रमहरू निर्माण गरी पाठ्यक्रमहरू तयार गर्ने अभ्यास भएको छैन । त्यसकारण उच्च शिक्षा प्राप्त व्यक्तिहरू कामको संसारसँग परिचित हुने, रोजगारमा लाग्न सक्ने तथा स्वरोजगारी सिर्जना गर्न सक्ने अवस्था कमजोर हुनुका साथै कुनै सीप तथा उद्देश्यविना विदेसिने प्रवृत्तिले सो कुराको पुष्टि गरेको देखिन्छ ।

तह र विषयको प्रकृतिअनुसार परीक्षा र मूल्याङ्कन पद्धति फरक फरक छ । कुनैमा वार्षिक परीक्षा अपनाएका छन् भने कुनैमा सेमेस्टर प्रणाली छ । अहिले अधिकांश परीक्षाहरू बिस्तारै सेमेस्टर पद्धतितिर गइरहेका छन् । सैद्धान्तिक विषयमा लिखित परीक्षा बढी प्रचलनमा छ भने व्यावहारिक विषयमा प्रयोगात्मक परीक्षा लिने गरिएको छ । कतै अङ्क र श्रेणीमा मापन गर्ने पद्धति छ भने अक्षराङ्कन पद्धति पनि लागु गरिएको छ । विभिन्न विश्वविद्यालयमा मात्रै नभई एउटै विश्वविद्यालयका कार्यक्रमहरूबिच पनि ग्रेडिङ पद्धतिमा भिन्नता रहेको देखिन्छ । मूल्याङ्कन गर्दा आन्तरिक मूल्याङ्कनका लागि विषय शिक्षकलाई जिम्मेवार बनाइएको छ । बाह्य मूल्याङ्कनको परीक्षण गर्न कुनै विषयमा परीक्षा नियन्त्रण कार्यालयले काम गर्छन् भने कतै डिन कार्यालयबाट परीक्षा सञ्चालन हुने गरेको छ । परीक्षा र मूल्याङ्कन पद्धतिमा एकरूपता नभएको, वैज्ञानिक परीक्षण नभएको जस्ता आरोपबाट विश्वविद्यालयहरू मुक्त हुन सकेका छैनन् ।

## २.९. उच्च शिक्षा र जनशक्ति विकासको सम्बन्ध

मध्यम स्तरीय जनशक्ति विकासको उद्देश्य रहेको स्नातक तहमा ८८ प्रतिशत र उच्चस्तरीय जनशक्ति विकासको उद्देश्य रहेको स्नातकोत्तर र सो माथिको तहमा १२ प्रतिशत विद्यार्थी अध्ययनरत देखिन्छ । विश्वविद्यालयहरूबाट वार्षिक ७० देखि ७५ हजारको सङ्ख्यामा जनशक्ति उत्पादन भएको आँकडा छ । यी सबै जनशक्तिका लागि देशमा रोजगारीका अवसर उपलब्ध छैन । उनीहरू आफैँले पनि स्वरोजगारी सिर्जना गर्न सकेका छैनन् । साधारण शिक्षातर्फ ७९.७ प्रतिशत र प्राविधिकतर्फ २०.३ प्रतिशत विद्यार्थीको आँकडाले पनि सोही तथ्य बताउँछ । साधारण शिक्षातर्फ कति उत्पादनहरु रोजगारीमा संलग्न छन् भन्ने विषयको हालसम्म कुनै अध्ययन हुन सकेको पाइदैन । क्षेत्रगत र विधागत रूपमा देशका लागि आवश्यक जनशक्ति प्रक्षेपणविना नै उच्च शिक्षा संस्था सञ्चालन हुनुले जनशक्ति आवश्यकता र उत्पादनबिच तालमेल हुन सकेको छैन ।

## २.१० उच्च शिक्षाको अन्तर्राष्ट्रियकरण र स्थानीयकरण

अध्ययन र रोजगारीका लागि युवा पुस्ताको बसाइँसराइको मात्रा दिनप्रतिदिन बढ्दो क्रममा छ । यसलाई नियन्त्रण गर्ने नीतिभन्दा पनि व्यवस्थापन गर्ने नीति लिनुपर्ने देखिन्छ । युवापुस्ताले अन्तर्राष्ट्रिय उपाधि लिन र विदेशी विश्वविद्यालयहरूमा अध्ययन गर्न चाहना राख्नु अस्वाभाविक होइन । यो विश्वव्यापी प्रचलन पनि हो । साथै संसारका विकसित देशहरूमा उच्च शिक्षा महँगो भई

युवाहरूले अध्ययन गर्न नसकेका उदाहरण पनि छन् । विकसित देशका विद्यार्थीहरू विकासोन्मुख देश जहाँ उच्च शिक्षाको अन्तर्राष्ट्रिय स्तरको नजिक पुगेका छन्, त्यहाँ अध्ययनका लागि आउने गरेका उदाहरणहरू पनि छन् । नेपालले उच्च शिक्षालाई अपेक्षित रूपमा स्तरीकरण गर्न सकेको छैन । विश्वका विभिन्न देशका राम्रा विश्वविद्यालयहरू र अनुसन्धान केन्द्रहरूसँगको सहकार्यमा शैक्षिक कार्यक्रमहरू विकास गरी संयुक्त डिग्री प्रदान गर्ने व्यवस्था गर्न सकिएको छैन । यसले गर्दा विदेशी विद्यार्थीहरू समेत आकर्षण गर्न सकिएको छैन ।

शिक्षामा अन्तर्राष्ट्रिय गतिशीलताका कारण एकातिर ज्ञानको प्रसारमा सहयोग पुगेको छ भने अर्कातिर नेपाल जस्तो अल्पविकसित देशमा बौद्धिक पलायन हुने समस्या देखिएको छ । साथै नेपालसँग सम्बन्धित आफ्नै विशेषताका कतिपय अध्ययन क्षेत्रहरू छन् र यिनलाई अन्तर्राष्ट्रियकरण गर्न सकिएको छैन । नेपालको मौलिकतालाई उच्च शिक्षाले विकासको अवसर प्रदान गर्न सकेको छैन । नेपाली परम्परागत ज्ञान, सीप र प्रविधिलाई थप अनुसन्धान गरी प्रतिलिपि अधिकारसहित विस्तार गर्न सकिएको छैन ।

## २.११ प्रविधिको प्रयोग र सक्षमता सबलीकरण

नेपालका विश्वविद्यालयले अहिले अध्यापन गराइरहेका साधारण शिक्षाका पाठ्यक्रम विषयवस्तुको हिसाबले उत्कृष्ट भए पनि सिकाइका हिसाबले उच्च स्तरको नभइरहेको अवस्था छ । विज्ञान, प्रविधि र पेसागत शिक्षाका पाठ्यक्रम पनि स्तरीकृत भएको देखिँदैन । नेपालमा अध्ययन गरेर विदेशी विश्वविद्यालयमा अध्ययन गर्न जाँदा विद्यार्थीहरूले पाएको बेमेलको अवस्था र नेपालका शैक्षिक संस्थाहरूबाट सिकेर गएको प्रविधि पुरानो परेको अनुभव गर्ने विद्यार्थीको जमात पनि उल्लेख्य छ । विद्यार्थीलाई अत्याधुनिक प्रविधिसँग परिचित गराउनु र प्रयोग गर्न सक्ने गराउनु एउटा पाटो हो भने प्रविधि विकासमा योगदान पुर्‍याउनु अर्को पाटो हो । यी पक्षहरूमा उच्च शिक्षाको योजना तथा व्यवस्थापन तहमा नै ध्यान दिनु जरुरी छ । उच्च शिक्षा प्रदायक संस्थाहरूमा सूचना प्रविधिको अधिकतम उपयोग र शिक्षक एवम् कर्मचारीका लागि क्षमता विकासका कार्यक्रमहरू व्यवस्थित गर्न सकिएको छैन । अहिले उच्च शिक्षा अध्यापन गर्नेहरूका लागि पेसागत दक्षता विकास गर्ने खालको तालिमको व्यवस्था गर्न सकिएको छैन ।

पेसाव्यवसाय र कामको समग्र क्षेत्रमा आएको प्रविधिको प्रयोगलाई उच्च शिक्षा प्रदायक संस्थाहरूले ध्यान दिन जरुरी छ । प्रविधिमा आएको परिवर्तनले एक जना व्यक्ति पटक पटक पेसाव्यवसायका लागि तालिम लिन वा अन्य अध्ययनमा जान जरुरी हुन्छ । त्यस्तै विभिन्न वैकल्पिक शैक्षणिक संस्थाहरू पनि खोल्नुपर्ने हुन्छ । पेसागत क्षमता विकास तथा पेसाव्यवसाय परिवर्तन गर्न चाहनेहरू सबैका लागि क्षमता वृद्धिका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । तर उच्च शिक्षा र यस्तो तालिमका बिचमा खाडल देखिएको छ । बढ्दो विद्यार्थी सङ्ख्यालाई परम्परागत ढङ्गको विश्वविद्यालयबाट शिक्षा प्रदान गर्ने हो भने भौतिक संरचना, पुस्तकालय, प्रयोगशाला, शिक्षकलगायतका क्षेत्रमा ठुलो परिमाणको लगानी आवश्यक हुन्छ । थोरै लगानी र सानो स्रोतको परिचालनबाट सबैका लागि उच्च शिक्षाको पहुँच दिन र गुणस्तरीय शिक्षा हासिल गर्न सूचना प्रविधिको भरपुर

उपयोग गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त बढ्दो विद्यार्थी चाप र पेसाव्यवसायमा घरकाम र सांस्कृतिक कारणले परम्परागत विश्वविद्यालयमा जान नसकेकाहरूका लागि MOOC प्रकारको शिक्षाको प्रबन्ध गररेर यसका लागि खुला शिक्षा प्रणालीका संस्थाहरूको सङ्ख्या बढाउनुपर्ने हुन्छ ।

## ३. मुद्दा, समस्या तथा चुनौती

नेपालको उच्च शिक्षामा वितरणात्मक न्याय र विनिमयात्मक गुण कमजोर भएको अवस्था विभिन्न तथ्यले पुष्टि गर्छन् । उत्पादन र रोजगारसँग जोडिएन भन्ने तर्क पनि युक्तिसङ्गत छ । विश्वविद्यालयका मुख्य तीन ओटा काम शिक्षण सिकाइ, अनुसन्धान र विस्तारित (सामाजिक कार्य) कार्यक्रममध्ये शिक्षण सिकाइले प्राथमिकता पाएको छ । अनुसन्धान नगन्य मात्रामा छ, विस्तार अनुभूतियोग्य छैन । यही परिप्रेक्ष्यमा नेपालको उच्च शिक्षाका प्रमुख मुद्दा, समस्या र चुनौती निम्नबमोजिम रहेको देखिन्छ :

(क) समाजवादउन्मुख उच्च शिक्षाको आधार तयार गर्नु

(ख) आङ्गिक कलेजहरूको वैज्ञानिक व्यवस्थापन गर्नु र निजी तथा सामुदायिक उच्च शैक्षिक संस्थाहरूलाई सेवामूलक बनाउनु

(ग) सङ्घीय¸ प्रादेशिक¸विषयगत विश्वविद्यालयको स्पष्ट वर्गीकरण र स्थापनाका मापदण्ड तय गर्नु

(घ) विद्यमान सम्बन्धन प्राप्त कलेजहरूलाई सेवामूलक बनाउँदै निर्धारित मापदण्डका आधारमा स्वायत्तता प्रदान गर्नु र सम्बन्धन दिने पद्धतिको स्थगन गर्नु

(ङ) त्रिभुवन विश्वविद्यालयलगायत अन्य विश्वविद्यालहरूको पुनःसंरचना गर्नु र विश्वविद्यालयको वर्तमान विस्तारित स्वरूपको उचित व्यवस्थापन गर्नु

(च) समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना साकार पार्न आवश्यक जनशक्ति विकासका लागि योजनाबद्ध जनशक्ति प्रक्षेपणका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र व्यवस्थापन गर्नु

(छ) विश्वविद्यालयका व्यवस्थापकीय संयन्त्रहरू दलीय राजनीतिक प्रभावबाट मुक्त गर्नु

(ज) विश्वविद्यालयहरूमा प्राज्ञिक स्वायत्तता अभिवृद्धि गर्दै गुणस्तरमा समानता र विश्वसनीयता बढाउन नियमनकारी निकायको निर्माण गर्नु, भूमिका स्पष्ट गर्नु र प्रभावकारी र उत्तरदायी बनाउनु

(झ) विश्वविद्यालयहरूमा आवश्यक प्राध्यापक र कर्मचारी छनोट र नियुक्तिलाई प्रतिस्पर्धी र दक्षतामूलक बनाउन विश्वविद्यालहरूको प्राज्ञिक स्वायत्तता प्रतिकूल नहुने गरी नीतिगत र संस्थागत व्यवस्था गर्नु

(ञ) विश्वविद्यालयहरूको शासकीय र व्यवस्थापकीय कार्यहरूमा जवाफदेही¸ पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्नु

(ट) उच्च शिक्षालाई सेवामूलक बनाउने, प्राविधिक शिक्षाको विस्तार गर्ने, समसामयिक प्रविधिमैत्री शैक्षिक कार्यक्रमको विस्तार गर्ने र अनुकूल शैक्षिक वातावरण सिर्जना गर्ने कार्यका लागि पर्याप्त लगानी सुनिश्चितता गरी सङ्घीय तथा प्रादेशिक जिम्मेवारीको किटानी गर्नु

(ठ) उच्च शिक्षामा लागत आपूरणको सिद्धान्त अवलम्बन गर्दै निर्धारित मापदण्डअनुरूपका इच्छुक, दक्ष, सक्षम र आवश्यक जनशक्ति विकास गर्न औपचारिक, खुला तथा वैकल्पिक माध्यमबाट पर्याप्त विद्यार्थीको प्रवेश सुनिश्चित गरी समतामूलक पहुँच र सामाजिक न्याय कायम गर्न सहुलियतपूर्ण शैक्षिक सेवाको प्रत्याभूति गर्नु

(ड) अनुसन्धानलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा विकास गरी शैक्षिक संस्थाहरूको संस्थागत सुदृढीकरण गर्न, शिक्षक विद्यार्थीको क्षमता अभिवृद्धि गर्न र राष्ट्रिय आवश्यकताको पहिचान गर्न अनुसन्धान कार्यलाई आबद्ध गर्नु र सोका लागि जवाफदेही संयन्त्रको विकास गर्नु

(ढ) विश्वविद्यालय अनुदान आयोगको हालको भूमिकालाई दृष्टिगत गरी अनुसन्धान प्रवर्धन, गुणस्तर सुनिश्चतता र केन्द्रीय नियमनकारी दरिलो निकायको रूपमा पुनर्संरचना गर्नु

(ण) उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूको सुदृढीकरणबाट समसामयिक ज्ञान, सीपयुक्त प्रतिस्पर्धी, सिर्जनशील, उच्च सदाचारयुक्त र विश्व नागरिक (Global Citizen) तयार गर्ने गुणस्तरीय शिक्षा व्यवस्थापन गर्नु

(त) विद्यार्थीहरूलाई पठन संस्कृतिको विकासबाट ज्ञान सिर्जना गर्ने कार्यमा संलग्न गराई शिक्षण सिकाइलाई अनुसन्धानमा आधारित र समसामयिक, सामाजिक तथा राष्ट्रिय परिवेशसँग साक्षात्कार हुने गरी उच्च शिक्षाको विस्तारित कार्यमा सहभागिता वृद्धि गर्नु

(थ) विश्वविद्यालयहरूलाई विश्वस्तरीय शैक्षिक संस्थाको रूपमा विकास गर्न उत्कृष्ट केन्द्र(Center of Excellence) का रूपमा विकास गर्नु

(द) पाठ्यक्रममा अन्तर्राष्ट्रिय परिवेश र स्थानीय आवश्यकतालाई जोड्दै व्यावहारिक र स्वावलम्बी नागरिक तयार गर्नु

(ध) निरन्तर मूल्याङ्कनबाट सिर्जनात्मकता र नवप्रवर्तनका लागि नियमित अध्ययनमा आधारित सेमेस्टर प्रणालीको कार्यान्वयन गर्नु

(न) विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूलाई राष्ट्रिय आवश्यकता र विद्यार्थीको विश्वस्तरीय शिक्षा प्राप्तिको सहुलियतपूर्ण चाहनाको वैधानिक र विश्वसनीय व्यवस्थापन गर्नु

(ऩ) द्रुतगतिमा विकसित र विस्तारित सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई शासकीय प्रबन्ध, पाठ्यक्रम, शिक्षणसिकाइ र अनुसन्धान कार्यमा आबद्ध गरी प्रविधिप्रति जानकार र कार्यान्वयन एवम् प्रवर्तनउन्मुख जनशक्ति विकास गर्नु

(प) विश्वविद्यालयका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूका हकहितसम्बद्ध सङ्गठनहरूलाई पेसागत मर्यादा र हकहित रक्षार्थ परिचालन गर्दै शैक्षिक संस्थाका लक्ष्य प्राप्तिमा समन्वयात्मक र सहयोगी भूमिका अभिवृद्धि गर्नु

(फ) विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक तथा कर्मचारीहरूमा पेसागत दक्षता अभिवृद्धि गर्नु

(ब) आर्थिक रूपमा विपन्न नागरिक अर्थात् सामुदायिक माध्यमिक विद्यालयहरूबाट उत्तीर्ण विद्यार्थीहरूलाई प्राविधिक उच्च शिक्षामा पहुँचको सुनिश्चित गर्नु

(भ) राष्ट्रका लागि आवश्यक मध्यमस्तरीय तथा उच्चस्तरीय जनशक्ति प्रक्षेपण गर्न, सोअनुसार शैक्षिक कार्यक्रमहरू विकास गर्न र विधागत, तहगत, विश्वविद्यालय तथा प्रतिष्ठानगत भर्ना कोटा निर्धारण गर्न सम्बन्धित निकायहरूबिच समन्वय कायम गर्नु

(म) नक्साङ्कन विना नै उच्च शिक्षा प्रदायक निकायहरुको स्थापना र विकास हुनु ।

## ४. सुझाव तथा सिफारिस

### ४.१ उच्च शिक्षासम्बन्धी नीति

(क) उच्च शिक्षामा विद्यार्थीको क्षमता र योग्यताका आधारमा सबैका लागि प्रवेश खुला गर्ने

(ख) उच्च शिक्षाका संस्थाहरू विश्वविद्यालय, अध्ययन प्रतिष्ठान, विश्वविद्यालय कलेज, कलेज, अनुसन्धान तथा अन्वेषण केन्द्र हुने र यी संस्थाहरू संविधानबमोजिम सङ्घ र प्रदेश तहले स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने

(ग) नेपालको उच्च शिक्षा असल, सक्षम, उत्पादनशील र देशभक्त नागरिक निर्माणका लागि साधारण शिक्षाका मूल्य मान्यताहरू (Liberal arts values) सत्यको खोजी, असलपनको निर्माण, सकारात्मक सोच, कल्पनाशीलता र सिर्जनशीलता साथै प्रयोगमुखी (Utilitarian Values) आर्थिक विकासका लागि आवश्यक सीप र पेसागत दक्षता, विज्ञान तथा प्रविधि क्षेत्रमा निपुणता र रोजगारीका क्षेत्रमा उपयुक्त जनशक्ति उत्पादन गर्ने मान्यताबाट निर्देशित हुने

(घ) उच्च शिक्षालाई विश्वव्यापीकरण, अन्तर्राष्ट्रियकरण र स्थानीयकरणका मान्यता र यीसँग सम्बन्धित मुद्दाहरूलाई आत्मसात् गरी शिक्षा तथा अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्ने साथै उच्च शिक्षाको उत्कृष्टताका लागि स्वदेशी तथा विदेशी उच्च शिक्षाका संस्थाहरूका बिच सहकार्य र साझेदारीलाई प्रोत्साहन गर्ने

(ङ) सबै उच्च शिक्षाका संस्थाहरूलाई स्तरीकृत गर्न र सञ्चालन र व्यवस्थापनमा एकरूपता ल्याउन स्वायत्तताको मान्यतालाई दृष्टिगत गरी राष्ट्रिय उच्च शिक्षा ऐन तर्जुमा गर्ने

(च) विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रूपान्तरण गर्ने र उच्च शिक्षा प्रदायक संस्थाको नियमनकारी निकायको रूपमा रहने

(छ) उच्च शिक्षालाई अनुसन्धानमुलक बनाउन र शिक्षक विद्यार्थीलाई अनुसन्धानमा प्रेरित गर्न राष्ट्रिय अनुसन्धान कोषको स्थापना गर्ने

(ज) अब स्थापना हुने उच्च शिक्षाका संस्थाहरू सम्बन्धन नदिने संस्थाका रूपमा रहने साथै वर्तमानमा चलेका विश्वविद्यालयहरूले पनि थप सम्बन्धन नदिने

(झ) विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी हाल सञ्चालनमा रहेका उच्च शिक्षाका संस्थाहरूलाई पुनःमूल्याङ्कन र नक्साङ्कनका आधारमा आवश्यकताअनुसार गाभ्ने तथा छुट्टै संस्थाका रूपमा सञ्चालन गर्ने र निर्धारित मापदण्ड पुरा गरेका संस्थालाई स्वायत्तता प्रदान गर्दै जाने

(ञ) ठुलो आकार र विद्यार्थी सङ्ख्या बढी भई व्यवस्थापन, अनुगमन, परीक्षा जस्ता पक्षमा चुस्तता आउन नसकेकाले त्रिभुवन विश्वविद्याललाई उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा विकास गर्ने गरी पुनःसंरचना गर्ने

(ट) हाल सञ्चालनमा रहेका आङ्गिक उच्च शैक्षिक संस्थाहरूलाई निर्धारित मापदण्ड पुरा गरी स्वायत्त कलेजको रूपमा मान्यता दिने । यस्ता कलेजहरूमध्ये निर्धारित मापदण्ड पुरा गरेको र गुणस्तर प्रत्यायनमा अब्बल भएकाहरूलाई विश्वविद्यालयको मान्यता दिने

(ठ) अनुसन्धानलाई उच्च शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्दै नवपर्वतनलाई प्रोत्साहन गर्ने र अनुसन्धानका प्राप्तिलाई राष्ट्र विकासका कार्यक्रममा प्रत्याभूति गर्ने

(ड) राष्ट्रको उत्पादकत्व वृद्धिका लागि आवश्यक पर्ने उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न विज्ञान तथा प्राविधिक विषय धारको उच्च शिक्षालाई प्राथमिकता दिने

(ढ) राष्ट्रको समग्र आर्थिक तथा सामाजिक विकास र राजनीतिक रूपान्तरणबाट सिर्जित राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूलाई सम्बोधन गर्न उच्च शिक्षाका कार्यक्रमहरू केन्द्रित गर्ने

(ण) सार्वजनिक उच्च शिक्षामा वित्तीय व्यवस्थापन साझेदारीमा आधारित र लागत आपूरणको सिद्धान्तअनुसार गर्ने । प्रत्येक उच्च शिक्षाका संस्थाहरूलाई उपलब्ध हुने एकमुष्ट अनुदानको मात्राका आधारमा सम्बन्धित संस्थाले आफ्नो वार्षिक बजेटको नपुग रकम आन्तरिक रूपमा विद्यार्थी शुल्कलगायत अन्य स्रोतबाट व्यवस्था गर्ने

(त) गुणस्तर सुनिश्चितताका लागि एक राष्ट्रिय गुणस्तर प्रारूप तयार गरी सोका आधारमा स्वतन्त्र गुणस्तर निर्धारण संस्थाबाट गुणस्तर मापनको व्यवस्था गर्ने र गुणस्तर नपुगेका उच्च शिक्षाका शैक्षिक संस्थाहरूलाई निश्चित अवधिभित्र गुणस्तर पुऱ्याउने अवसर दिने अन्यथा सञ्चालनमा रोक लगाउने

(थ) उच्च शिक्षाका संस्थाहरूमा सुशासनको प्रत्याभूतिसहित व्यवस्थापकीय कुशलता र उत्तरदायित्वको सुनिश्चितता गर्ने

(द) हाल सञ्चालनमा रहेका आङ्गिक क्याम्पसहरू पूर्णस्वायत्त हुन र विश्वविद्यालयको रूपमा स्थापित हुन केही समय लाग्ने भएकाले सङ्क्रमणकालीन व्यवस्थापनका लागि एकल विश्वविद्यालय सेवा आयोगको व्यवस्था गर्ने

(ध) विश्वविद्यालय स्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकूल परिवर्तन गरी सूचना प्रविधिको प्रयोग बढाउने तथा २१ औं शताब्दीका लागि चाहिने सक्षमताअनुरूप शैक्षिक कार्यक्रमहरूको परिमार्जन गर्ने

(न) योग्यता, दक्षता र अनुभवमा आधारित खुला प्रतिस्पर्धाबाट प्राध्यापकहरूको नियुक्ति र वृत्ति विकास हुने व्यवस्था गर्ने । साथै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त र लामो अनुभव हासिल गरेका व्यक्तिले कुनै पनि विश्वविद्यालयमा अतिथि प्राध्यापक बन्न सक्ने व्यवस्था गर्ने

(ऩ) प्राध्यापक र कर्मचारीको हकमा एकल व्यावसायिक सङ्गठन रहने र विद्यार्थीको हकमा सार्वजनिक कोषबाट खर्च गर्न पाउने खालका कुनै आधिकारिक सङ्गठन खोल्न नपाउने व्यवस्था गर्ने

(प) राज्यका महत्त्वपूर्ण नीति अनुसन्धान तथा अन्य विकासात्मक अनुसन्धान गर्ने जिम्मा उच्च शिक्षा संस्थाहरूलाई दिने । उच्च शिक्षाका संस्थाहरूबिचको प्रतिस्पर्धाका आधारमा यस्ता अनुसन्धान परियोजनाहरू प्रदान गर्ने

(फ) विश्वविद्यालयमा सञ्चालित शिक्षाशास्त्रका कार्यक्रमहरूलाई विषयवस्तुको विशिष्टीकरण सहित शिक्षणसिकाइ र मूल्याङ्कनसँग सम्बन्धित विभिन्न विषयहरू र शिक्षण कला सिकाउने संस्थाका रूपमा रूपान्तरण गर्ने

(ब) सबै तहका उच्च शिक्षाका कार्यक्रममा सेमेस्टर पद्धति लागु गर्ने

(भ) उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सीप र अभिवृत्तिको व्यावहारिक अनुभव हासिल गर्न अनिवार्य स्वयंसेवकीय सामाजिक सेवा गर्नुपर्ने व्यवस्था गर्ने

## ४.२ उच्च शिक्षासम्बन्धी रणनीति

### १. उच्च शिक्षा नीति परिषद सम्बन्धमा

(क)आगामी  बर्षहरुमा उच्च शिक्षाको मागमा द्रुत गतिले वृद्धि हुनेछ र बढ्दो मागको परिपूर्ति गर्न विभिन्न आकार, प्रकार र विशिष्टता भएका विभिन्न शासकीय  संरचनाका विश्वविद्यालयहरु संचालनमा आउनेछन । यी विश्वविद्यालयहरुको लगानीका तरिका पनि फरक फरक हुनेछन ।उच्च  शिक्षाको यस उदियमान परिस्थितिलाई योजनाबद्द ढंगले ब्यबस्थित गर्न, उच्च शिक्षाका राष्ट्रिय नीति र रणनीतिहरु तय गर्न, राज्यका मानव संशाधन विकासका आबश्यकता र उच्च शिक्षा बिच सामन्जस्य स्थापाना गर्न, उच्च शिक्षाका प्रदायकहरुबीच समन्वय र एकरुपता सुनिश्चित गर्न उच्चस्तरिय संयन्त्रको आवस्यकता पर्ने भएकोले प्रधानमन्त्रीको

अध्यक्षतामा र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको सहअध्यक्षतामा उच्च शिक्षा नीति परिषद स्थापना गर्ने । परिषदमा नेपाल सरकारका मानव संसाधन विकास संग प्रत्यक्ष सम्बन्ध राख्ने मन्त्रलायहरु, योजना आयोग, सबै विश्वविद्यालयका उपकुलपतिहरु, शिक्षाविदहरु, उद्योग व्यापारीहरु, चन्दादाता तथा समाजसेवीहरू रहनेछन । उच्च शिक्षा आयोगले यस परिषद्को सचिवालयको कार्य गर्ने व्यवस्था गर्ने ।

विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रुपान्तरण गर्ने । उच्च शिक्षा आयोगले उच्च शिक्षा नीति परिषदको सचिवालयको काम गर्ने र क्रमिक रूपमा उच्च शिक्षाका सबै विधाहरु यसै आयोगमार्फत रहने व्यवस्था गर्ने । उच्च शिक्षा आयोगका अधिकार र जिम्मेवारी निम्नअनुसारका हुने :

(क) उच्च शिक्षाका संस्थाहरूको अनुगमन, मूल्याङ्कन र नियमन गर्ने

(ख) उच्च शिक्षाका संस्थाहरूको पुनःसंरचना, स्थापना तथा सञ्चालनका लागि मापदण्ड तयार गर्ने

(ग) भूगोल, जनसङ्ख्या तथा स्थानीय विशिष्ठताका आधारमा उच्च शिक्षाका संस्थाहरूको नक्साङ्कन गर्ने र हाल सञ्चालनमा रहेका विश्वविद्यालय र उच्च शैक्षिक संस्थाहरूलाई सोहीअनुरूप व्यवस्थापन गर्ने

(घ) नक्साङ्कनका आधारमा उच्च शिक्षाका संस्थाहरूको आवश्यतकता पहिचान गर्ने तथा स्थापनाका लागि नेपाल सरकारलाई सिफारिस गर्ने

(ङ) उपलव्धी मापन सूचक र कार्यक्षमतामा आधारित अनुदान वितरण गर्ने

(च) विश्वविद्यालयहरू तथा उच्च शिक्षाका अन्य संस्थाहरूको वर्गीकरण गर्ने नीति तयार गरी वर्गीकरण गर्ने कार्यका लागि गुणस्तर प्रत्यायन संस्थालाई सल्लाह, सुझाव र आवश्यक कार्यविधि निर्माणमा सहयोग उपलब्ध गराउने

(छ) उच्च शिक्षाको केन्द्रीय डाटाबेस तयार गरी सबै उच्च शिक्षाका संस्थाहरूका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूको सम्पूर्ण विवरणहरू केन्द्रीकृत गर्ने

(ज) परम्परागत तथा विद्युतीय प्रणालीबाट प्रत्येक विश्वविद्यालय र अन्तर्गतका उच्च शैक्षिक संस्थाहरूको अनुगमन गर्ने, निर्देशन दिने तथा प्रशासनिक कार्य सञ्चालन गर्ने

(झ) विश्वविद्यालयका प्राध्यापकहरूको वर्गीकरणअनुसार (उपप्राध्यापक, सहप्राध्यापक, प्राध्यापक) न्यूनतम योग्यता निर्धारण गर्ने

(ञ) उच्च शिक्षा संस्थाहरूबाट प्रकाशन गरिने प्राज्ञिक जर्नलहरूको न्यूनतम मापदण्ड तयार गरी प्रभाव अङ्क निर्धारण गर्ने तथा राष्ट्रिय प्रभावका आधारमा जर्नलहरूको तह निर्धारण गर्ने

(ट) मापदण्ड पूरा नगरेका, विद्यार्थी सङ्ख्या कम भएका, गुणस्तर प्रत्यायनको प्रक्रिया पुरा गर्न नसकेका वा मानक गुणस्तर पुरा नगरेका उच्च शैक्षिक संस्थाहरूलाई आवश्यक कारवाही गर्ने तथा सञ्चालित कार्यक्रमहरूको गुणस्तरको नियमित अनुगमन र मूल्याङ्कन गर्ने र यस्ता कार्यक्रमहरूलाई मिलान गर्ने वा खारेज गर्ने अन्तिम अधिकार आयोगलाई हुने

(ठ) स्वदेशी तथा विदेशी विश्वविद्यालयको डिग्रीको समकक्षता निर्धारण गर्ने

(ड) उच्च शिक्षाका संस्थाहरूमा प्राध्यापन र अनुसन्धान गर्ने व्यक्तिको राष्ट्रिय योग्यता परीक्षा सञ्चालन गर्ने

(ढ)उच्च शैक्षिक संस्थाहरूका लागि आवश्यक पर्ने शिक्षक, प्राध्यापक र कर्मचारीहरूका दरबन्दी निर्धारण गर्ने र कार्यघण्टा तथा कार्यविवरणका मापदण्ड निर्धारण गर्ने

**२. राष्ट्रिय गुणस्तर निर्धारण तथा प्रत्यायन प्राधिकरण सम्बन्धमा**

उच्च शिक्षाको गुणस्तर निर्धारण तथा प्रत्यायन गर्न एक स्वतन्त्र गुणस्तर निर्धारण तथा प्रत्यायन प्राधिकरण रहने व्यवस्था गर्ने र निश्चित मापदण्डका आधारमा स्वचालित प्रणाली विकास गरी गुणस्तर प्रत्यायन गर्ने ।

**३. राष्ट्रिय अनुसन्धान कोषको स्थापना सम्बन्धमा**

उच्च शिक्षामा नियमित शैक्षिक कार्यक्रमअनुसार हुने अनुसन्धानका अतिरिक्त राष्ट्रिय प्राथमिकताका क्षेत्रअनुसार तथा नयाँ ज्ञान र प्रविधिको अन्वेषणमा हुने अनुसन्धानका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्न राष्ट्रिय अनुसन्धान कोषको स्थापना गरी निम्नानुसार व्यवस्थापन गर्नेः

(क) कोषको स्रोत : सरकार, उद्योग तथा कम्पनीहरू (नाफाको निश्चित प्रतिशत कोषमा लगाउनुपर्ने व्यवस्था), दान आदि

(ख) कोषको व्यवस्थापन : उच्च शिक्षा आयोगमार्फत् हुने

(ग) कोषको खर्चः उच्च शिक्षाका सस्थाहरूलाई कार्यदक्षता र प्रतिस्पर्धाका आधारमा प्रदान गर्ने

(घ) अनुसन्धानको क्षेत्र : राष्ट्रिय प्राथमिकताका क्षेत्र र नवपर्वतनका कार्य हुने

**४. उच्च शैक्षिक संस्थाहरूको वर्गीकरण सम्बन्धमा**

(क) हाल अस्तित्वमा रहेका उच्च शिक्षाका संस्थाहरूको पुनःसंरचना गरी संविधानबमोजिम सङ्घीय र प्रादेशिक तहबाट व्यवस्थापन हुने गरी वर्गीकरण गर्न जरुरी छ । वर्गीकरणको आधार अनुदान, उच्च शिक्षाका संस्थाहरूले अध्यापन गर्ने विषयहरूको विशिष्टता र भौगोलिक प्रभाव क्षेत्रलाई मान्नुपर्ने देखिन्छ । यसका लागि उच्च शिक्षा आयोगले अविलम्ब मापदण्ड तयारी र नक्साङ्कन गरी संविधानको मर्मअनुसार वर्गीकरण गर्ने । वर्तमानमा कुन प्रदेशमा

विश्वविद्यालयको केन्द्रीय कार्यालय र उच्च शैक्षिक संस्था छ त्यही प्रदेशसँग सम्बद्ध रहने गरी विश्वविद्यालयको वर्गीकरण गर्ने

(ख) उच्च शिक्षा आयोगले दुई वर्षभित्रमा देशभरका उच्च शिक्षाका संस्थाहरूको नक्साङ्कन गरिसक्नुपर्ने र त्यसपश्चात् सङ्घीय वा प्रादेशिक तहमा उच्च शिक्षाका संस्थाहरू खोल्ने, गाभ्ने वा व्यवस्थित गर्ने प्रक्रिया अगाडि बढाउने

(ग) प्रदेश स्तरमा विश्वविद्यालय खोल्दा त्यस क्षेत्रमा रहेका अन्य विश्वविद्यालयबाट सम्बन्धन लिएका वा आङ्गिक उच्च शैक्षिक संस्थाहरूको नक्साङ्कन गरी आवश्यकताअनुसार गाभी विश्वविद्यालय, विश्वविद्यालय कलेज, कलेज कुन उपयुक्त हुन्छ सोहीअनुसार खोल्ने । यसरी प्रदेश स्तरमा रूपान्तरण गर्दा कार्यरत जनशक्तिको समायोजन तथा उनीहरूको सेवा सुविधा पेन्सनलगायत दायित्वको जिम्मा सम्बन्धमा पहिले नै स्पष्ट गर्ने । सबै स्वायत्त उच्च शिक्षाका संस्थाहरूको पेन्सनका लागि योगदानमा आधारित पेन्सन प्रणाली स्थापना गर्ने

(घ) हाल सञ्चालित विश्वविद्यालयहरूलाई विशिष्टीकृत हुन (स्थान, विषय, सर्वोत्कृष्टता आदिका हिसाबले) मौका दिने र सोहीअनुसारको लगानी गर्ने ।

(ङ) त्रि.वि.को पुनःसंरचना गरी यसलाई त्रि.वि. प्रणालीमा ढालेर विभिन्न विश्वविद्यालयमा विभाजन गर्ने (जस्तैः त्रि.वि. बुटवल, त्रि.वि.पोखरा, त्रि.वि.कृषि, त्रि.वि.चिकित्सा आदि) र तिनलाई भौगोलिक र विषय विशिष्टताका आधारमा प्राज्ञिक स्वतन्त्रतासहित आवश्यकताअनुसार सङ्घीय सरकार वा प्रदेश सरकारको सेवाक्षेत्रभित्र रहने व्यवस्था गर्ने

(च) त्रि.वि. चिकित्सा, त्रि.वि. इन्जिनियरिङ, त्रि.वि. कीर्तिपुर र कृषि तथा बन विश्वविद्यालयलाई राष्ट्रिय महत्त्वका विश्वविद्यालयको मान्यता दिएर देशमा चाहिएको प्राविधिक जनशक्ति उत्पानमा जोड दिने

(छ) त्रि.वि. कीर्तिपुरलाई अनुसन्धानकेन्द्रित विश्वविद्यालय बनाउने, विज्ञान प्रविधि र अनुसन्धान तथा नवप्रवर्तनमा बढी जोड दिने र दुई दशकभित्र विश्वस्तरीय विश्वविद्यालय बनाउने

(ज) पुनःसंरनामा बन्ने तथा नयाँ स्थापना हुने सबै उच्च शिक्षाका संस्थाहरूलाई डिग्री प्रदान गर्ने हैसियतमा नै विकास गर्ने । पूर्ण स्वायत्त संस्था बन्न सक्ने अवस्था नहुँदा र राष्ट्रिय तथा स्थानीय आवश्यकताका आधारमा पूर्ण स्वायत्त नहुने कलेजहरूको वा उच्च शिक्षाका संस्थाहरूको स्थापना गर्नुपर्ने आवश्यकता भएमा अन्य कुनै विश्वविद्यालयको आङ्गिक कलेजका रूपमा विश्वविद्यालयको विस्तार कार्यक्रम सञ्चालन गर्ने गरी कलेजहरू स्थापना गर्ने । सामान्यतया प्रादेशिक विश्वविद्यालयको मातहतमा यस्ता कलेजहरूको सञ्चालन गर्ने । डिग्री प्रदान गर्न सक्ने स्वायत्तता प्राप्त कलेजहरू वा उच्च शिक्षाका संस्थाहरूको मापदण्ड उच्च शिक्षा आायोगले निर्धारण गरेबमोजिम र आयोगको स्वीकृतिमा मात्र स्थापना हुने

(झ) हाल सञ्चालनमा रहेका सामुदायिक उच्च शैक्षिक संस्थाहरूको नक्साङ्कन गरी प्रदेश क्षेत्रका भुगोल, विषय विषेशता र आपसी समझदारीमा समायोजन भई छुट्टै विश्वविद्यालय बन्न चाहेमा

सम्बन्धन नदिने सामुदायिक विश्वविद्यालयका रूपमा स्थापना हुन सक्ने र यिनीहरू प्रदेश सरकारसँग सम्बद्ध रहने व्यवस्था गर्ने

(ञ) राष्ट्रिय रूपमा उच्च शिक्षाका संस्थाहरूको नक्साङ्कन गरी विभिन्न विश्वविद्यालयहरूमा समायोजन गरी व्यवस्थित गर्दै साधारण उच्च शिक्षाको अहिले भएको सङ्ख्या घटाउने र संस्थाको स्थायित्व र शिक्षाको गुणस्तर सुनिश्चित गराउने प्रबन्ध गर्ने

(ट) उच्च शिक्षा आयोगले विश्वविद्यालयहरूको कार्यसम्पादनका निश्चित मापदण्डका आधारमा अनुसन्धान केन्द्रित विश्वविद्यालय बनाई विशेष प्राथमिकता दिने

**५. विश्वविद्यालयहरूको शासकीय प्रबन्ध सम्बन्धमा**

(क) विश्वविद्यालयलाई सञ्चालन गर्नका लागि एक बोर्ड अफ ट्रस्टीको गठन गर्ने । प्राज्ञिक जगत्बाट (विश्वविद्यालयका बहालवाला तथा सेवानिवृत्त प्राध्यापकहरूमध्येबाट) ४० प्रतिशत, बाह्य क्षेत्रमा विशेष उल्लेख्य योगदान गरेका व्यक्तिबाट ४५ प्रतिशत र सरकारी प्रतिनिधित्व १५ प्रतिशत सदस्य हुने गरी उक्त बोर्डको गठन सम्बन्धित सरकारले गर्ने । बोर्डको अध्यक्षता भने प्राज्ञिक क्षेत्रका व्यक्तिबाट मात्रै हुने

(ख) बोर्ड अफ ट्रस्टीले गठन गरेको कुलपति (Chancellor) छनोट समितिले कार्य योजना प्रस्ताव, योग्यता, प्राज्ञिक तथा वैज्ञानिक क्षेत्रमा पुऱ्याएको योगदान, विशिष्ट कार्यअनुभव, व्यवस्थापन दक्षतालगायतका छनोटका आधारहरूमा आधारित खुला प्रतिस्पर्धाको माध्यमबाट प्राज्ञहरूमध्येबाट विश्वविद्यालयको कुलपतिको छनोट गर्ने । विश्वविद्यालयको कार्यकारी अधिकारसहित कुलपतिलाई जिम्मेवार बनाउने ।

(ग) कुलपतिले निर्धारित योग्यता पुगेका प्रशासनिक कुशलता भएका प्राज्ञहरूमध्येबाट रजिस्टारको नियुक्ति गर्ने

(घ) निश्चित प्राज्ञिक तथा व्यवस्थापकीय मापदण्डका आधारमा कुलपतिले अन्य पदाधिकारी (डिन, डाइरेक्टर, विभागीय प्रमुख आदि) को नियुक्ति गर्ने

(ङ) विश्वविद्यालयका अन्य पदाधिकारीहरू कुलपतिप्रति, कुलपति बोर्ड अफ ट्रस्टीप्रति र बोर्ड अफ ट्रस्टी सम्बन्धित सरकारप्रति जवाफदेही रहने । कुलपतिले सन्तोषजनक रूपमा विश्वविद्यालयको कार्य सञ्चालन गर्न नसकेमा बोर्ड अफ ट्रस्टीले हटाउन सक्ने

(च) स्वायत्तता पाएका कलेजमा एक सञ्चालक समिति रहने र सञ्चालक समितिले कार्ययोजना प्रस्ताव, प्राज्ञिक तथा प्रशासनिक र व्यवस्थापकीय दक्षताका आधारमा समितिले गठन गरेको कलेज प्रमुख छनोट समितिको सिफारिसमा कलेज प्रमुखको नियुक्त गर्ने । शिक्षक कर्मचारी तथा विद्यार्थी प्रतिनिधिहरूले निर्वाचन गर्ने पद्धतिको विकास गरी सोका आधारमा प्रतिस्पर्धाको माध्यमबाट कलेज प्रमुखको नियुक्ति गर्ने र कलेजको कार्यकारी अधिकार कलेज प्रमुखमा हुने

## ६. विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारी छनोट र वृत्ति विकास सम्बन्धमा

(क) सबै कलेजहरूले स्वायत्तता पाउने र विश्वविद्यालयको रूपमा मान्यता पाउने प्रक्रियाका लागि केही समय लाग्ने र हाल छुट्टाछुट्टै विश्वविद्यालयका सेवा आयोगहरू सञ्चालन हुँदा छनोटको योग्यतामा एकरूपता, पारदर्शिता र वैधानिकताका विषयमा प्रश्नहरू उठिरहेको हुँदा यी सबै मुद्दाहरूको सम्बोधन र नयाँ किसिमको प्रणाली विकास गर्न सङ्क्रमणकालीन अवधिका लागि सबै उच्च शिक्षाका जनशक्तिको छनोट र सिफारिसका लागि एकमात्र सेवा आयोग रहने व्यवस्था गर्ने । सबै विश्वविद्यालय तथा उच्च शिक्षाका प्राध्यापक तथा कर्मचारीहरूको छनोट र सिफारिस सम्बन्धित विश्वविद्यालय वा उच्च शिक्षाका संस्थाले उपलब्ध गराउने दरबन्दी तथा विशेष योग्यता आवश्यक भएमा सो पनि उपलब्ध गराएको आधारमा यही सेवा आयोगले गर्ने ।प्रशासनिक सहजताका निम्ति सो आयोगभित्र विश्वविद्यालयपिच्छेका विभागहरू रहने व्यवस्था गर्ने । उच्च शिक्षाका संस्थाहरूले सबै मापदण्डहरू पुरा गरी तथा स्वायत्तताको अभ्यासमा पुगिसकेपछि क्रमशः शिक्षक तथा कर्मचारीको नियुक्तिको जिम्मा सम्बन्धित संस्थाहरूमा नै हस्तान्तरण गर्ने र यो आयोग स्वतः खारेज हुने

(ख) एकीकृत विश्वविद्यालय सेवा आयोग रहँदासम्म सो आयोगले उच्च शिक्षामा प्राध्यापन र अनुसन्धान गर्न चाहने व्यक्तिहरूको राष्ट्रिय योग्यता परीक्षा पनि सञ्चालन गर्ने । यो आयोग खारेज भएपश्चात् उच्च शिक्षा आयोगले राष्ट्रिय योग्यता परीक्षा सञ्चालन गर्ने । स्वायत्तता पाएका सरकारी कलेज र निजी तथा सामुदायिक उच्च शिक्षा संस्थाले राष्ट्रिय योग्यता परीक्षाको नतिजाको सूचीबाट अन्य प्रावधान र योग्यताहरू थप गरी राष्ट्रिय योग्यता परीक्षा पास गरेकाहरूमध्येबाट शिक्षक नियुक्ति गर्ने

(ग) राष्ट्रिय योग्यता परीक्षा उत्तीर्ण गरी प्रमाणपत्र (लाईसेन्स) लिएकाहरूले मात्रै विश्वविद्यालय सेवा आयोगको विज्ञापनमा उम्मेदवार हुन पाउने व्यवस्था गर्ने

(घ) प्राध्यापनमा रहेका जोसुकैले पनि अनिवार्य रूपमा अनुसन्धान गरेकै हुनुपर्ने बाध्यात्मक व्यवस्था गर्ने । यस्ता अनुसन्धानात्मक लेखहरू समकक्षीबाट मूल्याङ्कन गरी गराई छपाउने व्यवस्था गर्ने । तोकिएको सङ्ख्यामा वार्षिक रूपमा अनुसन्धानात्मक लेख रचना प्रकाशन नगर्ने शिक्षक तथा प्राध्यापकहरूलाई विश्वविद्यालय सेवामा कायम नराख्ने व्यवस्था गर्ने।हरेक विश्वविद्यालयहरूले आवश्यकताअनुसारको peer reviewed indexed journal निकाल्नुपर्ने

(ङ) सबै बढुवा खुला प्रतिस्पर्धाका आधारमा गर्ने, एक विश्वविद्यालयबाट अर्को विश्वविद्यालयमा प्रतिस्पर्धा गर्न सक्ने र सेवा निरन्तर हुने व्यवस्था गर्ने

(च) प्राध्यापक भइसकेपछि पनि प्राज्ञिक योगदानका आधारमा सूचीकृत गर्ने र सुविधा थप घट गर्दै लैजाने

(छ) विश्वविद्यालय तथा उच्च शिक्षाका संस्थाहरूमा निश्चित सङ्ख्यामा अन्य देशका नागरिकहरूलाई पनि प्राध्यापक वा शिक्षकका रूपमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट नियुक्त गर्न सक्ने व्यवस्था गर्ने

## ७. विस्तार, पहुँच र समता सम्बन्धमा

(क) उच्च शिक्षामा हालको कुल भर्ना दर करिब १५ प्रतिशतको हाराहारीबाट आगामी पाँच वर्षमा २५ प्रतिशत पुऱ्याउने, १० वर्षमा ४० प्रतिशत पुऱ्याउने । प्राविधिकतर्फ हालको करिब २० प्रतिशतको भर्नाको भारलाई बढाई पाँच वर्षमा कम्तीमा ३० प्रतिशत पुऱ्याउने र क्रमशः बढाउदै लैजाने

(ख) सन्तुलित विकासलाई सहयोग गर्ने गरी प्राविधिक र अन्य विषयहरूमा अनुसन्धान तहका शिक्षण संस्थाहरू प्रत्येक प्रदेशमा रहने गरी विस्तार गर्ने

(ग) ग्रामीण क्षेत्रमा समुदायबाट चलेका साधारण विषय पढाउने उच्च शैक्षिक संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रूपान्तरण गर्न प्रोत्साहन गर्ने

(घ) आवासीय उच्च शिक्षाका संस्थाहरूलाई प्रोत्साहन गर्ने र आवासमा महिला, दलित, अपाङ्गता भएका, जनजाति र आर्थिक रूपमा विपन्न परिवारका विद्यार्थीलाई प्राथमिकता दिने

(ङ) काम र अध्ययनलाई जोड्न उद्योग व्यवसाय, संस्थान आदिसँग शिक्षण संस्थालाई जोड्ने, श्रम गर्दै पढ्दै गर्ने व्यवस्था मिलाउने

(च) जुनसुकै सङ्काय वा विषयको विद्यार्थी उसको इच्छाअनुसार सम्बन्धित कार्यक्रममा अध्ययनका लागि पुरा गर्नुपर्ने सर्तहरू पुरा गरी वा निश्चित तयारी कोर्स वा ब्रिजकोर्स पुरा गरी जुनसुकै सङ्काय वा विषयमा (जस्तै मानविकी पढेको विद्यार्थी नर्सिङमा) अध्ययन गर्न जान सक्ने व्यवस्था गर्ने । साथै साधारण धार र व्यावसायिक धारका शिक्षामा समानान्तर तथा लम्बीय दुबै रूपमा अध्ययनका लागि आवश्यक सर्तहरू पूरा गरी समावेश हुन सक्ने व्यवस्था गर्ने

## ८. गुणस्तर वृद्धि सम्बन्धमा

(क) प्रत्येक ३ वर्षमा गुणस्तर प्रत्यायन र प्रमाणीकरण निकायमार्फत उच्च शिक्षा संस्थाहरूको गुणस्तर मापन गर्ने गुणस्तको प्रमाणपत्र लिनुपर्ने र यसैको गुणस्तरको आधारमा थप सुविधा प्राप्त गर्न सक्ने वा कायम नभएमा बन्द गर्ने वा मिलान गर्ने

(ख) हरेक उच्च शिक्षाका संस्थाहरू अन्य देशका विश्वविद्यालय वा देशभित्रकै अन्य विश्वविद्यालयसँग उच्च शिक्षा आयोगको मापदण्डका आधारमा सहकार्य (Collaboration) गर्न स्वतन्त्र हुने र कहीं न कहीं सहकार्य गर्नै पर्ने व्यवस्था गर्ने

(ग) उच्च शिक्षामा अग्रजबाट सिकाइ संस्कृति विकास गर्न माथिल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीले तल्लो कक्षामा अनिवार्य अध्यापन गर्ने र यसलाई आन्तरिक मूल्याङ्कनको आधार बनाउने

(घ) प्राविधिक उच्च शिक्षाका विद्यार्थीहरूले अनिवार्यरूपमा उपयुक्त सामाजिक तथा मानवशास्त्रसँग सम्बन्धित विषय अध्ययन गर्नै पर्ने व्यवस्था गर्ने

## ९. वित्तीय प्रबन्ध सम्बन्धमा

(क) उच्च शिक्षा मूलतः लागत आपूरण सिद्धान्तमा आधारित भए पनि आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछिपरेका समुदाय तथा क्षेत्र, विशेष प्रतिभावान् व्यक्तिका लागि र विशिष्टीकृत विषयमा आवश्यक जनशक्ति उत्पादनका लागि सङ्घीय, प्रदेश वा स्थानीय सरकारले पूर्ण वा आंशिक लगानी गर्न सक्ने । उच्च शिक्षाको वित्तीय प्रबन्ध मूलतः सरकारी, निजी र सामुदायिक हुने । निजी उच्च शिक्षाका सस्थाहरू नाफा नकमाउने सेवामूलक संस्थाका रूपमा हुने

(ख) लागत आपुरणको सिद्धान्तअनुसार गुणस्तरयुक्त शिक्षा प्रदान गर्नका लागि सम्बन्धित संस्थाले निश्चित मापदण्डका आधारमा शैक्षिक सेवा प्रवाह गरी शुल्क उठाउन सक्ने

(ग) योग्यता पुगेका विपन्न र दलित र पिछडा परिवारका विद्यार्थीलाई वित्तीय सहयोग पुऱ्याउनका लागि सरकार र उच्च शिक्षाका संस्थाहरूबिच समन्वय गरी छुट्टै योगदानमा आधारित कोषको निर्माण गर्ने

## १०. विदेशी विश्वविद्यालयसँग सम्बन्धन सम्बन्धमा

नेपाल विश्वव्यापार सङ्गठनको सदस्य राष्ट्र भएकाले विदेशी खुला वा परम्परागत विश्वविद्यालयहरू वा तिनका साझेदारीमा चल्ने चलाईने विश्वविद्यालय वा उच्च शैक्षिक संस्था यहाँ स्थापना हुन सक्छन् । यस्ता विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाहरूले स्वदेशी विश्वविद्यालय वा उच्च शैक्षिक संस्थालाई पनि प्रभावित तुल्याउन सक्छन् । विदेशी विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाका नाममा कमजोर शैक्षिक स्तरका विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरू पनि भित्रिन सक्छन् । यसलाई दृष्टिगत गरी निम्नअनुसारको व्यवस्था गर्नेः

(क) विशेष शैक्षिक गुणस्तर कायम गर्न सक्ने अवस्थामा मात्रै विदेशी विश्वविद्यालय वा तिनका उच्च शैक्षिक संस्थाहरूलाई नेपालमा कार्यक्रम चलाउने स्वीकृति दिने

(ख) एउटा विश्वविद्यालयको प्रदेशगतरूपमा बढीमा एक ओटा मात्र शिक्षण संस्था सञ्चालन गर्न दिने

(ग) शिक्षण संस्था र सम्बन्धन प्रदायक निकायबिच भएको सम्झौताको आधिकारिकता, विश्वविद्यालयको गुणस्तरसमेतका सम्बन्धमा अनिवार्यरूपमा परराष्ट्र मन्त्रालयमार्फत् सम्बन्धित कुटनीतिक नियोगबाट बुझेर मात्र सम्बन्धन परिवर्तन, थप कार्यक्रम सञ्चालन तथा नयाँ कार्यक्रम सञ्चालन स्वीकृति प्रदान गर्ने, साथै सम्बन्धन प्रदायक विश्वविद्यालयले पनि आफ्नो मुलुकबाट सम्वधन स्वीकृति भएको आधिकारिकता देखाउनुपर्ने व्यवस्था गर्ने

(घ) नेपालमा सञ्चालनमा रहेका र सञ्चालनमा रहने शिक्षण संस्थाको गुणस्तर प्रत्यायन बोर्डमार्फत् QAA गराउने व्यवस्था गर्ने

(ङ) यस्ता उच्च शिक्षाका संस्थाहरूमा कम्तीमा ५१ प्रतिशत रकम स्वदेशी लगानीकर्ताको हुनुपर्ने

(च) विदेशी शैक्षिक संस्थाका शैक्षिक कार्यक्रममात्र होइन मानव संसाधन तथा लगानीसमेतमा साझेदारी हुने गरी  संरचनासहित सञ्चालन गर्नुपर्ने

(छ) एउटा उच्च शैक्षिक संस्थाले विदेशी एउटा विश्वविद्यालयबाट मात्रै सम्बन्धन लिन पाउने तर सहकार्यका आधारमा सञ्चालन गर्दा बहुविश्वविद्यालय सहकार्यका आधारमा पनि शैक्षिक तथा अनुसन्धान परियोजनाहरू सञ्चालन गर्न पाउने व्यवस्था गर्ने

(ज) सम्बन्धित देशको सरकारको लगानी भएको नाफा नलिने विश्वविद्यालयबाट मात्रै सम्बन्धन लिन सक्ने

**११. पुस्तकालय सेवा सम्बन्धमा**

हरेक उच्च शैक्षिक संस्थामा सङ्घीय तथा प्रदेश सरकारको साझेदारीमा भौतिक तथा इपुस्तकालय, कम्प्युटर ल्याब एवम् म्युजियमको व्यवस्था गर्ने

**१२. शिक्षक व्यवस्थापन सम्बन्धमा**

(क) विश्वविद्यालय सेवामा प्रवेशको न्यूनतम शैक्षिक योग्यता विद्यावारीधि हुनुपर्ने

(ख) विश्वविद्यालयको स्थायी सेवामा प्रवेश गरेको शिक्षकले आफ्नो उच्च शैक्षिक संस्थाभन्दा अन्य क्याम्पस वा शिक्षण सस्थामा लगानी गर्न र त्यहाँ अध्यापन गर्न नपाउने व्यवस्था गर्ने । तर विश्वविद्यालयका विज्ञ प्राध्यापकले अन्य विश्वविद्यालयमा गई अतिथि प्राध्यापक बन्न सक्ने  तथा सहकार्यका आधारमा एक विश्वविद्यालयका प्राध्यापकलाई अर्को विश्वविद्यालयमा कामगर्न बाधा नपर्ने

(ग) सामुदायिक र निजी उच्च शैक्षिक संस्थामा प्राध्यापन गर्ने प्राध्यापकलाई आङ्गिक क्याम्पसका प्राध्यापक सरहको मान्यता, वृत्ति विकास, तलब, सेवा, सुविधा अनिवार्यरूपमा उपलब्ध गराउने सबैखाले उच्च शिक्षाका (आङ्गिक, सामुदायिक, निजी) संस्थाहरूमा अध्यापन गर्ने शिक्षकहरूको बढुवा वा शिक्षकको पद प्राप्त गर्ने एउटै मापदण्ड कायम गर्ने

(घ) हरेक उच्च शैक्षिक संस्थामा शिक्षक हकहित सम्बद्ध एक मात्र पेसागत सङ्गठन रहन सक्ने

(ङ) पाठ्यपुस्तक लेखे वापत सेवा आयोगमा अङ्क पाउने पद्धतिको अन्त्य गर्ने र अनुसन्धानमूलक लेख रचनामा प्राथमिकता दिने । सहप्राध्यापक र प्राध्यापक हुन अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा क्रमशः दुई ओटा र पाँच ओटा अनुसन्धानात्मक लेख प्रकाशन गरेको हुनुपर्ने

**१३. विद्यार्थी नियमन सम्बन्धमा**

(क) हरेक तहका विद्यार्थीहरू कम्तीमा ७५ प्रतिशत हाजिर वा खुला तथा दूर सिकाइको प्रणाली भएमा पनि अध्ययन सहभागिता ७५ प्रतिशत भएपछि मात्रै परीक्षामा सहभागी हुन पाउने व्यवस्था गर्ने

(ख) हरेक उच्च शैक्षिक संस्थामा अल्मुनाई खोली सोमार्फत् आवश्यक सहयोग जुटाउने र अनुभव साटासाट गर्ने व्यवस्था गर्ने

(ग) उच्च शैक्षिक संस्थामा विद्यार्थीहरूले स्वतन्त्ररूपमा सङ्गठन गर्न र विचार प्रवाह गर्न पाउने तर सार्वजनिक कोषको प्रयोग गर्न नपाउने व्यवस्था गर्ने । शैक्षिक संस्थामा समन्वय र सहकार्यका लागि अघिल्लो वर्ष वा सेमेस्टरमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीको सहभागिता गराउने ।

(घ) हरेक उच्च शिक्षाका शैक्षिक संस्थाहरूले विद्यार्थी अचारसंहिता निर्माण गरी लागु गर्ने

## १४. खुला तथा दूर शिक्षा सम्बन्धमा

(क) सबै विश्वविद्यालयहरू आवश्यकताअनुसार दुईमोड (खुला र परम्परागत) रूपमा सञ्चालन गर्ने

(ख) उच्च शिक्षाको पहुँच आम नागरिकहरूमा पुऱ्याउन र जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउन खुला विश्वविद्यालयलाई साधन स्रोत सम्पन्न बनाउँदै परम्परागत र खुला तथा दूर सिकाइका माध्यमबाट सिकेका विद्यार्थीहरूबिच गुणस्तरमा भिन्नता नहुने गरी व्यवस्थापन गर्ने

(ग) खुला विश्वविद्यालयका कार्यक्रमहरूलाई देशव्यापी र अन्तर्राष्ट्रिय स्तरमा पनि सञ्चालनमा ल्याउने गरी व्यवस्था गर्ने र पहुँच र समताका लागि सरकारी लगानी बढाउने

## १५. परीक्षा तथा मूल्याङ्कन सम्बन्धमा

(क) एक विश्वविद्यालयबाट अर्को विश्वविद्यालयमा र एक विषयबाट अर्को विषयमा जाँदा क्रेडिट ट्रान्स्फर हुने व्यवस्था गर्ने वा सहकार्यको सम्झौताका आधारमा सञ्चालित शैक्षिक कार्यक्रमहरू भएमा विश्वविद्यालयहरूले संयुक्त उपाधि दिने प्रबन्ध गर्ने र सम्झौता नभएमा क्रेडिट सङ्कलन गरेका विश्वविद्यालयहरूको रेकर्डसहित अन्तिम परीक्षा दिएको विश्वविद्यालयबाट प्रमाणपत्र दिने व्यवस्था मिलाउने

(ख) परीक्षा मर्यादित बनाउन परीक्षामा सोधिने प्रश्नहरू कुनै पनि पुस्तक वा जर्नल वा अन्य स्रोतबाट सोझै उद्धृत् गरी उत्तर लेख्न नसक्ने किसिमका निर्माण गरी परीक्षा लिने वा सम्भव भएमा खुला किताबी परीक्षा गर्ने गराउने प्रबन्ध गर्ने । साथै अध्ययनका हरेक विषयमा मूल्याङ्कनका मानकहरू तथा प्रदान गरिएका कार्यहरूमा पूरा गर्नुपर्ने सर्तसहित विद्यार्थीहरूलाई उपलब्ध गराई परियोजना, निबन्धात्मक लेख, स्थलगत वा साहित्य पुनरवलोकनका आधारमा तयार परिएको लेखलाई मूल्याङ्कन गरी ग्रेड प्रदान गर्ने व्यवस्था गरी परीक्षा केन्द्रमा उपस्थित भई दिने परीक्षाको विकल्पका रूपमा प्रयोग गर्ने

(ग) खुला विश्वविद्यालय तथा खुला सिकाइका हकमा अनलाईन परीक्षा सञ्चालन र परीक्षण गर्ने व्यवस्था गर्ने

## १६. ज्ञान तथा सीपको बजारीकरण र व्यवस्थापन सम्बन्धमा

(क) योग, आयुर्वेद, प्राकृतिक चिकित्सा, दर्शन, सिद्धान्त, ज्योतिष, कर्मकाण्ड जस्ता समाजोपयोगी ज्ञान एवम् सीप वैदिक साहित्यमा छन् । सरल शिक्षण, सरल अनुसन्धान तथा ध्यान एवम् सम्यक जीवन जिउने कला तथा शान्तिका उपाययुक्त ज्ञानहरू बौद्ध दर्शनमा छन् । आदिवासी एवम् जनजातिका पुख्यौंली ज्ञान किरात धर्ममा छन् । विश्वास र कुर्बानीका सन्देश इस्लाम धर्ममा छन् । यस्ता ज्ञानको खोजी गरी स्थानीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय जगत्मा प्रचारप्रसार गर्ने काम सम्बन्धित विश्वविद्यालयले अनिवार्य रूपले लागु गर्ने

(ख) उच्च शिक्षाका कार्यक्रमहरूलाई अन्तर्राष्ट्रिय विद्यार्थीहरूको पनि आकर्षण हुने गरी गुणस्तर र अध्ययन विधि तय गरी नेपालका उच्च शिक्षाका कार्यक्रमहरूलाई पनि अन्तर्राष्ट्रियकरण गर्ने

(ग) नेपाली परम्परागत ज्ञान, सीप र प्रविधिको अनुसन्धान गरी प्रतिलिपि अधिकारको सुनिश्चिततासहित विश्वस्तरमा विस्तार गर्ने

## १७. शिक्षा क्षेत्रको जनशक्ति उत्पादन सम्बन्धमा

सबैको लागि गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक, शिक्षा र शिक्षक तालीमको ठुलो भूमिका रहने भएकोले शिक्षा शास्त्र संकायका कार्यक्रमहरुमा आमुल सुधारको आवश्यकता महशुस गरिएको छ

अहिले सञ्चालनमा रहेका शिक्षाशास्त्रका कार्यक्रमहरुले प्राज्ञिक विषयबस्तु Academic content or subject matter र शिक्षण बिज्ञान वा विधि Pedagogy दुबैलाई समाबेश गरेको सन्दर्भमा शिक्षा शास्त्रबाट उत्पादित शिक्षकहरुमा दुवै क्षेत्रमा पुर्ण दखल हुन नसक्ने देखिएकोले अब उप्रान्त यसलाई व्यवस्थित गर्नकालागि निम्न व्यवस्था गर्ने । शिक्षाशास्त्र अन्तर्गतका कार्यक्रमहरुलाई प्राज्ञिक अध्ययन र ब्यावसायीक क्षेत्रमा अलग अलग गर्ने यस अन्तर्गत शिक्षाशास्त्रमा मुलत: दुई प्रकारका कार्यक्रमहरु रहने

- पहिलोमा शिक्षा शास्त्रको स्नातक र स्नातकोत्तर तहमा शिक्षाका विभिन्न विधाहरुमा उच्च अध्ययन अनुसन्धान गर्ने ब्यबस्था गर्ने सो कार्यक्रमको उद्देश्य शिक्षक उत्पादन गर्ने नभई शिक्षा बिषयमा उच्च जनशक्ति तयार गर्नु हुनेछ यस अन्तर्गत शिक्षा दर्शन, शिक्षा योजना ब्यबस्थापन, शिक्षा नीति विश्लेषण, अनौपचारिक शिक्षा, पाठ्यक्रम बिकास, शैक्षिक मापन तथा मुल्यांकन, शिक्षा अर्थशास्त्र, बाल शिक्षा, शिक्षा नेतृत्व, शिक्षा समाजशास्त्र, जस्ता बिषयहरु पर्नेछन शिक्षा शास्त्रले यी बिषयहरुमा एम फिल र पी एच डी समेत प्रदान गर्ने

- दोस्रोमा देशका बिधालयहरुलाई चाहिने शिक्षक तयार गर्नु हुनेछ जस अन्तर्गत मानविकी, बिज्ञान वा अन्य बिषय क्षेत्रमा स्नातक वा स्नातकोत्तर हासिल गरि शिक्षक तालिम लिन चाहनेहरुका लागि एक बर्षको प्रशिक्षण दिइनेछ । यसको मुख्य जोड विद्यार्थीहरुलाई उनीहरुले अन्य संकायबाट हासिल गरेको बिषयक्षेत्रमा शिक्षण प्रशिक्षण प्रदान गर्नु हुनेछ ।

सबै विषयका र सबै तहका विद्यालय शिक्षक हुन चाहने व्यक्तिले २ सेमेष्टरको शिक्षण प्रशिक्षण लिनु पर्ने  व्यवस्था गर्ने । अन्य संकाय वा विषयमा स्नातक तह पुरा गरेकोले २ सेमेष्टरको वि.एड., स्नातकोत्तर तह पुरा गरेकोले २ सेमेष्टरको एम.एड. कोर्ष प्रशिक्षण गर्नै पर्ने व्यवस्था गर्ने । २ सेमेष्टर वा एक बर्षको प्रशिक्षण पछि सफल प्रशिक्षार्थीहरुलाई एक बर्षे स्नातक वा स्नातकोत्तर उपाधी प्रदान गर्ने । साथै उच्चशिक्षामा शिक्षक वन्नका लागि पनि उपयुक्त पेशागत कोर्ष लिनै पर्ने ब्यवस्था गर्ने ।

उपरोक्त दुई मूल कार्यक्रमहरु बाहेक शिक्षा शास्त्र संकायले स्थानिय, प्रदेश र संघीय सरकारसंगको समन्वयमा विभिन्न तहमा सेवारत शिक्षकहरुलाई सेवाकालीन तालिम समेत दिने व्यवस्था गर्ने ।त्रि बि अन्तर्गत को शिक्षा शास्त्र संकायलाई यूनिभर्सिटि अफ एडुकेसनमा रूपान्तरण गर्ने र युनिभर्सिटि कलेज अफ एडुकेसनहरु आवश्यकता अनुसार प्रान्तहरुमा पनि बिकसित गर्दै जाने ।

## १८. अनुसन्धान र विकास सम्बन्धमा

(क) सरकारी कोषबाट गरिने हरेक अनुसन्धानको जिम्मा विश्वविद्यालयलाई दिने

(ख) विश्वविद्यालयले सञ्चालन गर्ने हरेक अनुसन्धानमा विद्यार्थीहरूलाई समेत परिचालन गर्ने र उनीहरूलाई पारिश्रमिकसमेत दिने

(ग) नवप्रवर्तनलाई प्राथमिकता दिने, त्यसको प्रतिलिपि अधिकारको सुनिश्चितता गर्ने र नवप्रवर्तन गर्ने उच्च शिक्षा संस्थालाई राष्ट्रिय क्रमको सूचीमा अगाडि राख्ने

## १९. राष्ट्रिय विकास सेवा सम्बन्धमा

(क) स्नातक वा स्नातकोत्तर तहमा छ महिनादेखि एक वर्षसम्म विद्यार्थीहरू सामाजिक सेवाका लागि समाजमा जानै पर्ने व्यवस्था गर्ने । विषयको प्रकृतिअनुसार साधारण विषयमा स्नातकोत्तरको र चिकित्सा, इन्जिनियरिङ, कृषि तथा बन विज्ञान जस्ता प्राविधिक विषयमा स्नातक तहको अन्तिममा सामाजिक सेवा (शिक्षा, स्वास्थ्य, कृषि, निर्माण, प्रविधि आदि) मा जानै पर्ने अनिवार्य व्यवस्था गर्ने । उनीहरूको सेवाका आधारमा सेवाग्राहीमार्फत् बाह्य सुपरिवेक्षकले अन्तिम मूल्याङ्कन गर्ने

(ख) सामाजिक सेवामा जाने विद्यार्थीहरूलाई कामअनुसारको निर्वाह भत्ता उपलब्ध गराउने

(ग) यसरी समाज सेवामा जाँदा कलेज वा विश्वविद्यालयले कुनै एउटा समुदाय/गाउँलाई विशेष प्राथमिकता (college village) को रूपमा) दिएर त्यसको देखिने गरी विकास गर्ने प्रबन्ध गर्ने र पछिल्लो कक्षाका विद्यार्थीले त्यसलाई निरन्तरता दिने । नक्साङ्कनको आधारमा छुट्याइएको सेवाक्षेत्रमा हरेक कलेज वा विश्वविद्यालयले सेवा गाउँ बनाउने र त्यहाँ विकास गर्ने

(घ) हरेक उच्च शिक्षा संस्थाले विषयको प्रकृतिअनुसार सेवाक्षेत्रका संस्था वा निकायसँग सम्झौता गर्नै पर्ने, त्यसो नभएमा सम्बन्धित विषयमा विद्यार्थी भर्ना गर्न नपाउने व्यवस्था गर्ने

## २०. देशको विशेषताअनुसारको उच्च शिक्षा सम्बन्धमा

- जल सम्पदा, वन सम्पदा, खनिज सम्पदा, जडिबुटी, माटो सम्पदा जस्ता विषयमा विशिष्टीकृत कलेज र अनुसन्धान केन्द्रहरू निर्माण गर्ने (जलवायु परिवर्तन, भुकम्प, मौलिक संस्कृति, सभ्यता दर्शन, पर्वतीय अध्ययन)
- कृषि उत्पादन खास गरी धान बाली, जुट बाली, कटन बाली, चिया बाली , अलैंची र पहाडी फलफुल र तरकारीसम्बन्धी अनुसन्धानमूलक पाठ्यक्रम सञ्चालन गर्ने कलेजहरूको स्थापना गर्ने
- कार्पेन्टी, स्कल्पचर र पर्यटन व्यवसायसँग सम्बन्धित औद्योगिक व्यवसाय र बजार व्यवस्थापनसम्बन्धी विषयहरू अध्यापन गर्ने कलेजहरूको स्थापना गर्ने
- विश्वविद्यालयहरू स्वयम् उत्पादनमुखी प्रतिष्ठानका रूपमा क्रियाशील रहनुपर्ने

## २१. देशको समृद्धिको लागि उच्च शिक्षा

"समृद्ध नेपाल सुखी नेपाली" भन्ने हाम्रो राष्ट्रिय लक्ष्य पूरा गर्न मानव संसाधनमा श्रेष्ठता ल्याउने कार्य एउटा महत्वपूर्ण पक्ष हो । बौद्दिक सम्पति र प्रविधि समृद्धि प्राप्त गर्ने प्रमुख आधार मनिन्छन् । जसकालागि उच्च शिक्षाको प्रवर्दन महत्वपूर्ण हुन आउछ । त्यसैगरी विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित (STEM) मा प्रगति हुदा मुलुकले समृद्धि प्राप्त गरेका धेरै दृष्टान्तहरु छन् । त्यसैले अवको उच्च शिक्षा यी विषयक्षेत्र तर्फ उन्मुख हुन जरुरी छ । यसका लागि हाम्रो पुरातन शिक्षण सिकाइ पद्दतिमा रुपान्तरण जरुरी छ, शिक्षक र विद्यार्थी अनुसन्धानमुखी हुन पर्ने देखिन्छ, सरकारका सुधारका क्षेत्र अनुसन्धानमा आधारित हुनु पर्दछ । त्यसैले नेपालको समृद्धिका लागि उच्च शिक्षामा जोड दिदै नेपाललाई विदेशी विद्यार्थीहरु समेतको अध्ययनको उत्कृष्ठ गन्तव्य बनाउन निम्न अनुसारको रणनीतिहरु अङ्गिकार गर्ने

- हिन्दु तथा वौद्ध धर्मको केन्द्र विन्दु वनाइ पुर्विय दर्शन, पुर्वीय चिन्तन, मौलिक दर्शन एवं परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, अदि विषयको केन्द्र वनाई अध्ययन अध्यापन गर्न र अनुसंधान केन्द्रको रुपमा विकास गर्ने
- नेपाल विविध भाषा भाषि, जात जाति, धर्म तथा संस्कृति, रीतिरिवाज एवं रहनसहन भएको मुलुक भएको हुनाले समाजशास्त्र एवं मानवशास्त्रको विद्यार्थीहरुको लागि अध्ययनको केन्द्र बनाउने
- नेपाल जैविक विविधताले भरिपूर्ण देश हो । तसर्थ यो देश हिमाल, पहाड र तराईको प्राकृतिक एवं भौगोलिक विविधता अनुरुप प्राणी, वनस्पती तथा वातावरण सम्वन्धि अध्ययनको केन्द्र वनाउने
- उच्च हिमाली क्षेत्रलाई पर्वतीय अध्ययन केन्द्रको रुपमा स्थापना गरी Mountain Engineering, Mountain Risk Management, Mountaineering, आदि विषयमा प्राज्ञिक कक्षा सञ्चालन, तालिम

Sports Close Camp, Ski, Paragliding, White water rafting, Cannoning, लगाएतका खेलहरुको प्रशिक्षण र प्रतियोगिताको केन्द्र वनाउने

- नेपालको आफ्नै मौलिक कला र संस्कृति चित्रकला, मुर्तिकला, काष्ठकला, प्रस्तरकला, परम्परागत कला एवं प्रविधि, विविध वाध्यवाधन, विविधि गीत तथा संगित लाइ समेटेर विशिष्टतामा आधारित कला तथा संस्कृति विश्वविद्यालय वा एकेडेमी मार्फत विदेशी विद्यार्थीहरुलाई आर्कषित गर्ने
- मेडिकल, इन्जिनियरिङ, ऊर्जा, जडिवुटि प्रशोधन, कृषि, नगदे वाली, फूल तथा फलफूल, खाद्य प्रविधि, पशु पंक्षी पालन लगायतका प्राविधिक विषयहरुमा विदेशी विद्यार्थीहरु आकर्षित गर्ने

## चिकित्सा शिक्षा

### १. पृष्ठभूमी

नेपालको संविधानमा व्यवस्था भए बमोजिम नेपाली जनताहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउन चिकित्सा शिक्षाको महत्वपूर्ण भूमिका रहने कुरा निर्विवाद छ। चिकित्सा शिक्षा भन्नाले स्वास्थ्य सेवा सँग सम्बन्धित सम्पूर्ण Health Professional Education भन्ने बुझिन्छ । राष्ट्रिय स्वास्थ्य सेवाका आवश्यकता पूर्ति गर्नका लागि पेसागत दक्षता र सामाजिक दायित्वबोध भएका विवेकशील स्वास्थ्यजनशक्ति उत्पादन गर्नु तथा न्यायपूर्ण, गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रणाली स्थापित गर्न सघाउनु चिकित्सा शिक्षाको मूलभूत उद्देश्य हुनेछ। चिकित्सा शिक्षा सम्वेदनशिल विषय भएको हुदा बजारमुखी नभई सेवामुखी हुनेछ ।

### २. सुझावहरु

समग्रमा, चिकित्सा शिक्षाको क्षेत्रमा निम्नानुसारका अवधारणालाई आत्मसात् गर्दै आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने देखिएको छ ।

- वैज्ञानिक प्रक्षेपणमा आधारित रहेर स्वास्थ्य सेवाको आवश्यकता अनुरुप चिकित्सा शिक्षा सम्बन्धी संस्था तथा कार्यक्रमहरूको सिट संख्या तोक्ने ।
- अब उप्रान्त खुल्ने चिकित्सा शिक्षा सम्बन्धी नयाँ संस्थाहरु गैरनाफामुखी मात्र हुने । त्यस्ता नयाँ संस्थाहरू खोल्दा भौगोलिक सन्तुलनलाई समेत आधार मान्नुपर्ने । हाल सञ्चालनमा रहेका शिक्षण संस्थारुलाइ क्रमश गैरनाफामुलक संस्थाको रुपमा रुपान्तरण गर्न प्रोत्साहित गर्ने ।
- सक्षम स्वास्थ्य जनशक्ति उत्पादनलाई सुनिश्चित गर्ने सम्बन्धमा चिकित्सा शिक्षाका सबै विधा र तहका भर्ना प्रक्रियाहरू योग्यता (Merit) को आधारमा मात्र गर्ने । सबै विश्वविद्यालय तथा प्रतिष्ठानहरुमा साझा प्रवेश परिक्षाको व्यवस्था गर्ने । योग्यताको मापन गर्दा हाल प्रयोगमा रहेको विज्ञान विषयका प्रश्नका उत्तरमा मात्र आधारित नभई तथ्य र सूचनाहरूको विश्लेषण र विवेचना तथा समस्या समाधान गर्ने क्षमता, अभिव्यक्ति सिप, समालोचनात्मक चेत, नैतिक मूल्य, आदि समेतको मूल्याङ्कन गर्ने। यस्तो प्रवेश परीक्षा उत्तीर्ण नभई देश भित्र वा बाहिर अध्ययन गर्न नपाउने व्यवस्था गर्ने । बाहिर देशबाट आधिकारिक मान्यता प्राप्त निकायबाट प्रवेश परीक्षा उत्तिर्ण गरेका विद्यार्थीहरुको हकमा त्यस किसिमको परीक्षालाइ अनिवार्य नगर्ने ।
- चिकित्सा शिक्षा विषयका पाठ्यक्रमहरू सक्षमतामा आधारित (Competency Based) ढाँचामा हुनुपर्ने । पाठ्यक्रमले नैतिक मूल्य मान्यता, सञ्चार सीप एवं समुदाय प्रति दायीत्व बोध गर्ने खालका विषयवस्तु समेत समेट्नुपर्ने । सबै चिकित्सा शिक्षाका संस्थाहरूबिच पाठ्यक्रम, शिक्षण तथा मूल्याङ्कन विधि तथा शैक्षिक तालिका (Calender) बिच यथोचित सामञ्जस्य कायम गर्ने ।

शिक्षण अभ्यासलाइ वैज्ञानिक एवै सापेक्षिक बनाउन स्वास्थ्य शिक्षा प्रविधिको उच्चतम प्रयोग एवै Simiulation Laboratory मार्फत अध्ययन अध्यापनमा जोड दिनुपर्ने ।

- विद्यार्थीको सृजनशीलता तथा समस्याको विश्लेषण तथा समाधान गर्ने क्षमता अभिवृद्धि गर्ने प्रयोजनका लागि मूल्याङ्कन प्रणालीमा उपयुक्त सुधार तथा परिवर्तन गर्ने।
- शिक्षक छनौट गर्दा विषयगत ज्ञान र दक्षता बाहेक सिकाउने सिप, अभिव्यक्ति क्षमता, प्राज्ञिक सिर्जनशीलता, उच्च नैतिक आचरण, प्रेरणादायी व्यक्तित्व जस्ता पक्षलाई पनि गम्भीरतापूर्वक ध्यान दिनुपर्ने । सबै विश्वविद्यालय तथा प्रतिष्ठानहरूमा प्राध्यापन गराउने शिक्षकको एउटै प्रवेश (Common Entry Criteria) को व्यवस्था, एउटै नामाङ्कन, एवम् एउटै पदोन्नतिको व्यवस्था गर्ने । चिकित्सा शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरुको शिक्षण क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- चिकित्सा शिक्षाका सबै विधा र तहका कार्यक्रमका शुल्कहरू वस्तुपरक आधारमा पारदर्शी ढङ्गले तय हुनुपर्ने ।
- चिकित्सा विज्ञानका स्नातकोत्तर तहका clinical विषय लगायतका कार्यक्रमहरू हाल विश्वविद्यालय वा प्रतिष्ठानहरू अन्तर्गत मात्रै सञ्चालन भइरहेको वर्तमान व्यवस्थाले भविष्यमा विशेषज्ञ चिकित्सकको राष्ट्रिय माग पूर्ति गर्न नसक्ने मात्र होइन, स्नातक तह उत्तीर्ण गरेका र स्नातकोत्तर तहको तालिम लिन लालायित अधिकांश चिकित्सकहरू विदेश पलायनतर्फ उन्मुख भइरहेको पनि देखिन्छ। अब उप्रान्त उपयुक्त पूर्वाधार पूरा गरेका अन्य स्वास्थ्य संस्थाहरूमा समेत त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिएकोले नेशनल बोर्ड अफ मेडिकल स्पेशियल्टीजको तत्वावधानमा स्नातकोत्तर चिकित्सा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने।
- चिकित्सा शिक्षा अन्तर्गत स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीबाट सेवा पनि प्रदान गरिने हुदा शिक्षण शुल्क निशुल्क गर्नुका साथै उनीहरूलाई प्रोत्साहन भत्ता दिनुपर्ने ।
- छात्रवृत्ति प्राप्त गरेका वा निःशुल्क अध्ययन गरेका सबै विद्यार्थीहरूले अध्ययन पूरा गरे पश्चात् कानुन बमोजिमको अवधिभर अनिवार्य सेवा गर्नु पर्ने।
- चिकित्सा शिक्षा सम्बन्धी सबै चुनौति र समस्याहरूलाई सम्बोधन र समाधान गर्दै गुणस्तरीय, विवेकशील तथा सामाजिक दायित्वबोध भएका चिकित्साकर्मीहरूको उत्पादन गर्ने प्रयोजनको लागि एउटा छुट्टै चिकित्सा शिक्षा आयोगको गठन गर्ने।
- चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षा क्षेत्रका सबै विधा र तहका प्राज्ञिक कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक पूर्वाधारहरूको मापदण्ड निर्धारण, प्राज्ञिक कार्यक्रमको गुणस्तरको अनुगमन र कार्यक्रमहरूको नियमित प्रत्यायनको कार्य समेत गर्नेछ।

- हाल विश्वविद्यालय मातहतमा रहेका सार्वजनिक तथा निजि मेडिकल कलेजहरू सञ्चालनमा रहेको विश्वविद्यालयको सम्पर्क मन्त्रालय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको र स्वास्थ्य सम्बन्धि प्रतिष्ठानहरू स्वास्थ्य मन्त्रालयको मातहतमा रहेको तर दुवै मन्त्रालयविच समन्वयको अभाव देखिएकोले सबैलाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मन्त्रालय मातहतमा राखिनु उपयुक्त हुने ।
- चिकित्सा विज्ञान क्षेत्रमा अध्ययन तथा अनुसन्धान कार्यमा अधिवृद्धि गर्न विश्वविद्यालय एवै प्रतिष्ठानहरुलाइ प्रोत्साहन गर्ने ।

## आयुर्वेद शिक्षा

### १. पृष्ठभूमी

आयु अर्थात जीवन संरक्षण, सम्बर्द्धन सम्बन्धि सम्पूर्ण ज्ञान प्रदान गर्ने शास्त्र नै आयुर्वेद हो । आयुर्वेदको समग्र ज्ञानका ८ अंग कायाचिकित्सा, कुमारभृत्य (वालरोग, स्त्रीरोग तथा प्रसुतितंत्र), शल्यतंत्र, शालाक्यतंत्र, भुतविद्या, अगदतंत्र, रसायन तंत्र, वाजिकरण मानिन्छ । आयुर्वेदलाई अथर्ववेदको उपवेदको रूपमा लिईन्छ भने बृहतत्रयी (चरकसंहित, सुश्रुत संहिता, अष्टाङ्ग हृदय), लघुत्रयी (शांगधर संहिता, भावप्रकाश, माधवनिदान), अष्टाङ्ग संग्रह, काश्यपसंहिता (पाण्डुलिपि नेपालमा प्राप्त), भैषज्यरत्नावली, रसरत्न समुच्यय आदि ग्रन्थहरु यसका आधार हुन् ।

नेपालमा आयुर्वेद शिक्षा गुरु-शिष्य परम्परा वाट प्रसार भयो । वि.सं. १७२७ पूर्व सिंहदरवार वैद्यखाना स्थापना भई आयुर्वेद चिकित्सा पद्धति मार्फत सीमित व्यक्तिको पहुंचमा स्वास्थ्य सेवाहरू उपलब्ध भए। वि.सं.१९७१ मा श्री ३ महाराज चंद्रशमसेर जंगबहादुर राणाले दुई लाख प्रामिसरी नोट को कोष स्थापना गरी वि.सं १९७४ मा मध्यमा पास गरेका योग्य छात्रहरुलाई भारतको जयपुरस्थित राजकीय आयुर्वेद विद्यालयमा आयुर्वेद पढ्न छात्रवृत्ति दिएर पठाएका थिए। वि.सं. १९८५ मा रानीपोखरी संस्कृत प्रधान पाठशालामा प्रथम राजकीय आयुर्वेद पाठशालाको स्थापना गरी वैद्यभूषण, वैद्यविनोद र वैद्यरत्न नामले आयुर्वेदको निम्न, मध्यम र उच्चस्तरको शिक्षाको व्यवस्थाबाट नेपालमा पठनपाठन प्रक्रिया अगाडी बढ्यो।बि.सं २०२९ मा आयुर्वेद विद्यालय TU,IOM अन्तर्गत संचालन गरियो भने बि.सं २०३० देखि २०४४ सम्म स्नातक तहको अध्ययन स्थगित गरियो । साथै वि.सं २०५३ देखि TU, IOM, आयुर्वेद क्याम्पसमा BAMS कार्यक्रम संचालनमा छ भने किर्तिपुर आयुर्वेद क्याम्पसमा स्नाकोत्तर तह (कायाचिकित्सा) समेत संचालनमा छ

आयुर्वेद क्षेत्रमा गुणस्तरीय अनुसन्धानलाई प्रवर्धन गर्दै, अनुसन्धानबाट प्राप्त प्रमाणमूलक व्यवहार वा अभ्यासलाई नीति निर्माण, योजना तर्जुमा, औषधि उपचार पद्दति एवं स्वास्थ्य सेवा प्रवाहमा उपयोग गर्न जरुरी छ । उपलब्ध जडीबुटी, खनिज, जान्तव द्रव्य एवं अन्य प्राकृतिक श्रोतको अध्ययन, अनुसन्धान, सदुपयोग एवं विकास; स्वस्थ आहार विहार तथा आचार, वातावरणीय स्वास्थ्य लगायतका अन्य स्वास्थ्य प्रवर्धनात्मक मौलिक विधि/प्रविधिहरुको समुचित विकास; सर्ने तथा नसर्ने दीर्घ रोग र मानसिक रोगको उपचार एवं व्यवस्थापन तथा ज्येष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्धनका

लागि आयुर्वेद चिकित्साको विशेषता पहिल्याई प्रभावकारी उपयोग गर्नु पर्ने देखिन्छ । यसकालागि आवश्यक दक्ष जनशक्तिको प्राप्ति, विकास र उपयोग गुणस्तरीय आयुर्वेद शिक्षा वाट मात्र सम्भव छ ।

**२. समस्या तथा चुनौतीहरु**

- सबै क्षेत्र, तह, तप्का, वर्ग तथा समुदायका नागरिकका लागि आयुर्वेद सेवामा सर्वसुलभ पहुँच पुर्याउने गरी आवश्यक दक्ष जनशक्ति विकास गर्न नसक्नु ।
- आयुर्वेद नेपालको मौलिक चिकित्सा पद्दति भएरपनि राष्ट्रिय चिकित्सा प्रणालीमा मुलप्रवाहीकरण हुन नसक्नु ।
- देशमा उपलब्ध जडीबुटी, खनिज, जान्तव द्रव्य, प्राचीन ग्रन्थ एवं वांग्मय, परम्परागत ज्ञानशिप आदिको अध्ययन, अनुसन्धान, सदुपयोग एवं विकास गर्न नसक्नु ।
- बढ्दो नसर्ने रोग, जिर्ण रोग एवं मानसिक रोगको रोकथाम र व्यवस्थापन क्षेत्रमा अनुसन्धानमा आधारित आयुर्वेद चिकित्साको प्रभाबकारी औषधि, विधि, प्रविधिको समुचित प्रयोग हुन नसक्नु ।

**३. सुझाबहरुः**

- विशेषज्ञ जनशक्तिको स्वदेशमै उत्पादन र यसका विविध पक्षहरु (शिक्षा, सेवा, र औषधि निर्माण)को गुणस्तरमा अभिवृद्धि तथा उत्तरोत्तर विकास गर्न राष्ट्रिय आयुर्वेद प्रतिष्ठान स्थापना गर्ने ।
- त्रि.वि अन्तर्गत सञ्चालित आयुर्वेद क्याम्पसमा स्नातकोत्तर र विद्यावारिधि समेत अध्ययन गर्ने गरी छुट्टै स्वायत्त संस्थाका रुपमा विकास गर्ने साथै अहिले संचालनमा रहेको आयुर्वेद शिक्षण अस्पताललाई साधन सम्पन्न ३०० शैय्यायुक्त बनाउने ।
- प्रत्येक प्रदेशमा कम्तिमा एक वटा आयुर्वेद कलेज स्थापना गर्ने ।
- नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत संचालित आयुर्वेद अध्ययन संस्थानलाई स्तरोन्नति गरी आयुर्वेद चिकित्साको उच्च शिक्षा (स्नातक, स्नातकोत्तर, विद्यावारिधि) अध्ययन अध्यापनको व्यवस्था मिलाउने
- स्वास्थ्यसंग सम्बन्धीत संकायहरू जस्तै Medicine, Dentistry, Nursing, Public Health, Pharmacy लगायतका पाठ्यक्रममा आयुर्वेद सम्बन्धी संक्षिप्त विषयवस्तु समावेश गरी पठन पाठनको व्यवस्था गर्ने ।

परिच्छेद ७

# प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम

## १. पृष्ठभूमि

शिक्षालाई सीपसँग र सीपलाई श्रमसँग आबद्ध गरी व्यक्तिलाई जीविकोपार्जनमा सघाउ पुर्याउन र राष्ट्रको सामाजिक आर्थिक विकासमा टेवा पुर्याउन विशिष्टीकृत सीप पहिचान, विकास र प्रमाणीकरणसम्बन्धी शिक्षा नै प्राविधिक तथा व्यावसायिक शिक्षा हो ।व्यक्तिमा खास रुचि र क्षमता रहेको हुन्छ ।व्यक्तिका रुचि र क्षमताको उपयोग नै समाज र राष्ट्रको रुपान्तरण र विकासको आवश्यकता पूरा गर्ने महत्त्वपूर्ण आधार हो । प्राविधिक शिक्षाले व्यक्तिलाई उसमा रहेको क्षमताको उजागर र उपयोगबाट जीवन निर्वाह, सन्तुष्टि र सम्मान प्राप्तिमा सहयोग पुर्याउँछ । विश्वव्यापीकरण र आर्थिक उदारीकणको प्रभावस्वरूप वस्तु र बजारको व्यापक विविधीकरण भएको छ । ज्ञान र सीपका क्षेत्रहरूको विस्तार भएको छ । मानवीय जीवनयापनका आवश्कता पुरा गर्न विविध वस्तु र सेवाको उत्पादन तथा उपयोगका लागि ज्ञान र सीपको प्रवर्द्धन अत्यावश्यक छ । समाज र राष्ट्रको विकासको आवश्यकता अनुरूप दक्ष र सीपयुक्त जनशक्ति उत्पादनका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा नै महत्त्वपूर्ण माध्यम हो ।

नेपालको आफ्नै मौलिक कला संस्कृति र परम्परागत पेसाजन्य सीप विकासको इतिहास छ । मल्लकालदेखि नै व्यावसायिक शिक्षालाई विशेष गरी हस्तकलाको प्रवर्धन गरी आय आर्जनको एक महत्त्वपूर्ण आधार मानिएको देखिन्छ । औद्योगिक विकासको प्रभावसँगै राणाकालमा पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासका लागि केही प्रयास भएको देखिन्छ । छिमेक तथा अन्य देशमा समेत फैलिएको नेपालको परम्परागत कला संस्कृति जोगाउन र फैलाउन सक्षम प्राविधिक तयार पार्न राणाकालको सुरुदेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षालाई महत्त्व दिइएको देखिन्छ ।

वि.सं. १९६३ (सन् १९०७) मा मानवतावादी शिक्षाशास्त्री जयपृथ्वीबहादुर सिंहले बझाङबाट दलितहरूलाई काठमाडौं आफ्नै निवासमा बोलाई तालिम दिने बन्दोबस्त गरेका थिए । गेहेन्द्र शमशेर लगायत अन्य ५ विद्यार्थीहरूलाई इन्जिनियरिङ विषयमा अध्ययन गर्न जापान पठाएको दृष्टान्तबाट यस कुराको थप पुष्टि हुन्छ । नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमको आधिकारिक आधारशिलाका रूपमा  वि सं १९८७ (सन् १९३०) मा काठमाडौंको कुमारी चोकमा स्थापना भएको इन्जिनियरिङ स्कुललाई लिन सकिन्छ । वि.सं. १९९३ सालको प्राथमिक तहको पाठ्यक्रममा प्रकृति परिचय कृषि विषय राखिएको देखिन्छ । वि.सं. १९९१ (सन् १९३५) मा जुद्ध कला पाठशाला र नेपाल आर्ट स्कुल समेत स्थापना भएका थिए । वि.सं. १९९६ (सन् १९४०) सालमा व्यावसायिक तालिमका माध्यमबाट रोजगारीको अवसर सृजना गर्ने उद्देश्य लिई नेपाली कपडा र घरेलु इलम प्रचार अड्डा स्थापना भएको पाइन्छ ।

वि.सं. २००३ मा तुलसीमेहर श्रेष्ठ खादी तथा ग्राम उद्योग बारे तालिम लिन भारतको गुजरात गएका थिए । त्यसैको प्रेरणास्वरूप ग्राम सेविका विद्यालय खुल्यो । त्यसमा अन्य विषयका अतिरिक्त कृषि विषयमा पनि तालिम दिइन्थ्यो । आधुनिक विकासको चरणसँगै त्रिभुवन ग्राम विकास, अमेरिकी र स्विस सरकारको सहायतामा कृषि क्षेत्रको विकास गर्न गरिएका प्रयासहरूलाई लिन सकिन्छ । नेपालमा आधार पाठशाला (वि.सं. २००४—२०१४) को अवधारणा सँगै विद्यार्थीहरूलाई व्यावसायिक विषयहरू समावेश गरी विद्यालय शिक्षा दिने व्यवस्था गरिएको थियो ।

नेपालमा पहिलो पटक गठन भएको राष्ट्रिय शिक्षा आयोग २०११ को प्रतिवेदनले नेपाललाई बिसौं शताब्दीको प्रगतिसम्म पुग्न मदत गर्ने कैयन समस्या हल गर्न तालिम प्राप्त व्यक्तिहरूको कमी छ भन्दै आधार पाठशालाको व्यावसायिक र व्यावहारिक महत्त्व भएको जनाएको छ । उक्त आयोगले बुनाई लगायतका शिल्पकला अनिवार्य बनाउनुपर्ने तर उच्च शिक्षामा यसलाई समावेश गर्न नहुने कुरा सुझाएको थियो ।आयोगले माध्यमिक स्कुलको उद्देश्य बढ्दै जाने, ठुलो जमातलाई साधारण तथा रोजगारमूलक शिक्षा दिने बहुउद्देश्यको विद्यालय हुने र यसमा अन्य पेसागत शिक्षासँगै कृषि शिक्षामा जोड दिनुपर्ने सुझाव दिएको थियो । त्यसका अतिरिबक्त आयोगले छैटौं देखि दशौं कक्षामा क्रमैसँग सामान्य विधाबाट रोजगारीका विषयहरूमा सर्दै जाने जोड सहित पाठ्यक्रम प्रस्ताव गरेको थियो । छैटौं कक्षामा एक व्यावसायिक विषय, सातौंमा एक व्यावसायिक विषय र एक सामान्य व्यावसायिक विषय, आठौंमा दुई व्यावसायिक विषय र एक सामान्य व्यावसायिक विषय, नवौंमा तीन व्यावसायिक विषय र एक सामान्य व्यावसायिक विषय र दशौं कक्षामा तीन व्यावसायिक विषय र एक सामान्य व्यावसायिक विषय समावेश गर्न सुझाएको थियो ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले व्यावसायिक एवं प्राविधिक शिक्षातर्फ विशेष ध्यान दिनुपर्ने भन्दै माध्यमिक शिक्षाको विशेष लक्षमा आर्थिक उत्पादन, यातायात, कृषि उद्योगधन्दा, सैनिक सेवा, औपचारिक सेवा आदि बढ्दो उपयोगी सहायता दिन सक्ने कार्यकर्ता पैदा गर्ने हुनुपर्ने कुरा आफ्नो सुझावमा समेटेको छ । आयोगले माध्यमिक शिक्षाको पाठ्यक्रममा विशेष गरी औद्योगिक व्यावसायिक विषय, जस्तै इन्डस्ट्रियल आर्ट, होम इकोनोमिक्स, एजुकेसन, सेक्रेटरियल साइन्स, प्राथमिक इन्जिनियरिङ्ग, प्राथमिक मेडिकल साइन्स, प्राथमिक सैनिक शिक्षा र ललितकला समावेश गर्नुपर्ने प्रस्ताव गरेको थियो ।

सीपयुक्त जनशक्ति उत्पादनबाट मुलुकको बेरोजगारी समस्यालाई समाधान गर्दै विदेशी कामदारलाई प्रतिस्थापन गर्नका साथसाथै देशभित्रै रोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने उद्देश्यले वि.सं. २०१६ सालमा विराटनगरमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना भयो । त्यसपछि वि. सं. २०१९ (सन् १९६२) मा बुटवल प्राविधिक इन्स्टिच्युट स्थापना भई प्राविधिक तथा व्यावसायिक सीप प्रदान गर्ने कार्य भएको पाइन्छ । उक्त अवधिसम्ममा देशमा २३ वटा व्यावसायिक वा बहुउद्देश्यीय विद्यालयहरू रहेका थिए ।

त्यसै वर्ष काठमाडौँको काँडाघारी, मनोहरामा नेपाल चर्खा प्रचारक गान्धी स्मारक महागुठी स्थापना गरियो महागुठीले आर्थिक रूपमा विपन्न वर्गका गरिब समुदायलाई स्वावलम्बी र स्वरोजगार बनाउन घरेलु सीपहरू जस्तै चर्खा चलाउने, धागो कात्ने र खाडीको तान बुन्ने सीप सिकाउने जस्ता तालिम कार्यक्रमहरू सञ्चालन गरेको थियो । महागुठीले वि. सं. २०२९ (सन् १९७२) सालमा तुलसीमेहर महिला आश्रम स्थापना गरी अप्ठेरामा परेका महिलाहरूलाई सघाउने काम गरेको पाइन्छ । यसै क्रममा वि सं २०२० (सन् १९६३) मा बालाजु प्राविधिक तालिम केन्द्र (तत्कालीन मेकानिकल तालिम केन्द्र) स्थापना भई आजका दिनसम्म प्राविधिक तथा व्यावसायिक सीप प्रदान गर्दै आएको छ ।

चौथो योजनाबाट मात्र प्राविधिक शिक्षा तथा व्यावसायिक सीपमूलक तालिमले नेपाल सरकारको निति तथा कार्यक्रममा महत्त्व पाएको देखिन्छ । बि.स. २०२८ देखि कार्यान्वयनमा ल्याइएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले व्यावसायिक शिक्षालाई माध्यमिक शिक्षामा समावेश गर्ने उद्देश्यले माध्यमिक विद्यालयमा व्यावसायिक शिक्षाको सुरुआत गर्यो । राष्ट्रिय शिक्षा पद्धति २०२८—२०३२ सम्मको योजनाले शिक्षा कार्यमूलक र व्यावसायिक हुन नसकेको भन्दै राष्ट्रिय योजनाको सफल कार्यान्वयनलाई चाहिने प्राविधिक जनशक्तिको आवश्यकता पुरा गर्न व्यावसायिक शिक्षामा जोड दिनुपर्ने सुझायो । दुई खाले माध्यमिक विद्यालयको प्रस्ताव राख्दै साधारण माध्यमिक शिक्षामा साधारण बढी र व्यावसायिक शिक्षा कम, व्यावसायिक माध्यमिक शिक्षा मा साधारण कम र व्यावसायिकमा बढी जोड दिइने प्रस्ताव गर्यो । योजनाले निम्न माध्यमिक तहमा पूर्व व्यावसायिक शिक्षा, साधारण माध्यमिक तहमा व्यावसायिक शिक्षा मध्येबाट एक हुने, २० प्रतिशतसम्म व्यावसायिक शिक्षा हुने, व्यावसायिक शिक्षा विषयमा ३० देखि ४० प्रतिशतसम्म पढाइ गर्नुपर्ने सुझाएको छ । यही अवधारणामा आधारित भएर यस अवधिमा बहुउद्देश्यीय विद्यालय, व्यावसायिक विद्यालय हुँदै सीप विकासका लागि प्राविधिक विद्यालय र व्यावसायिक तालिम केन्द्र सञ्चालन हुँदै आएका छन् ।

वि.सं. २०३० (सन् १९७४) सालमा उद्योग प्रशासनको कार्य समेत गर्ने गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत घरेलु तथा ग्रामीण उद्योग विभाग स्थापना भयो । विस्तारित कार्यक्षेत्रअनुरूप तत्कालीन ७५ ओटै जिल्लामा जिल्लास्तरीय कार्यालयहरू स्थापना गरिए । वि.सं. २०४९ सालमा विभागको संरचनामा पुनः परिवर्तन भई साना उद्योगको समेत प्रशासन गर्ने गरी कार्यक्षेत्रमा थप विस्तार गर्दै घरेलु तथा साना उद्योग विभाग नामाकरण गरियो । यसै संरचनावमोजिम साबिकका क्षेत्रीय कार्यालयहरू खारेज गरी जिल्ला स्तरीय कार्यालयको स्थापना गरियो । तालिम कार्यक्रममा दोहोरोपन हटाई मितव्ययिता अपनाउन तत्कालीन ७५ जिल्लामध्ये २७ जिल्ला घरेलु तथा ग्रामीण उद्योग विभागअन्तर्गत र बाँकी ४८ जिल्ला घरेलु तथा साना उद्योग विकास समितिअन्तर्गत राखी कार्य सञ्चालन गर्ने नीति अख्तियार गरियो ।

देशमा आधारभूत तथा मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय सञ्चालन गर्ने नीति वि.सं. २०३६ (सन् १९७९) देखि लागु गरियो । वि.सं. २०३७ (सन् १९८०) मा

प्राविधिक शिक्षा योजना लागु भयो । यस योजनाले नेपालका दुर्गम स्थान एवम् जिल्लाहरूमा स्तरीय प्राविधिक जनशक्ति तयार गर्ने, गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने, आर्थिक रूपमा विपन्न र बिचैमा विद्यालय छाडेका युवाहरूलाई गाउँबाट बसाइ सराइ गरी जाने दरमा कमी ल्याउने उद्देश्य राखी प्राविधिक शिक्षालयहरू स्थापना गरेको थियो ।

यसै क्रममा वि.सं. २०३७ मा पहिलो प्राविधिक शिक्षालयको रूपमा कर्णाली प्राविधिक शिक्षालय स्थापना भयो, जसलाई नेपालमा प्राविधिक शिक्षाको औपचारिक सुरुआत मानिन्छ । यसपश्चात् जिरी प्राविधिक शिक्षालय, लहान प्राविधिक शिक्षालय, उत्तरपानी प्राविधिक शिक्षालय लगायतका प्राविधिक शिक्षालयहरू स्थापना गरिए । यसै गरी मुलुकमा राष्ट्रिय स्तरको व्यावसायिक सीपको परीक्षण तथा प्रमाणीकरण गर्ने निकायको आवश्यकता महसुस गरी वि.सं. २०४० (सन् १९८३) सालमा राष्ट्रिय सीप परीक्षण बोर्ड (National Skill Testing Board) स्थापना गरियो । औपचारिक पेसा तथा रोजगारीमा जान चाहनेहरूका लागि व्यक्तिहरूले सिकेका व्यावसायिक सीप र दक्षतालाई परीक्षण गरी दक्ष तथा अर्ध दक्षका रूपमा पहिचान गरेर प्रमाणीकरण गर्ने कार्यको जिम्मेवारी राष्ट्रिय सीप परीक्षण बोर्डलाई दिइयो ।

नेपालमा प्राविधिक शिक्षाको विकास एवं विस्तार गर्ने, विभिन्न प्रदायकहरूबिच समन्वय गर्ने, प्राविधिक शिक्षा र तालिमको गुणस्तर सुनिश्चित गर्ने र समग्र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको नेतृत्व लिने गरी वि.सं. २०४५ मा स्वायत्त तथा अधिकार सम्पन्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गठन भयो । परिषद्ले प्राविधिक शिक्षा र व्यावसायिक तालिमको विस्तार र गुणस्तर सुनिश्चितताको क्षेत्रमा काम गरिरहेको छ ।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले नयाँ परिवेशमा विज्ञान तथा प्रविधिको प्रथामिकता, प्राकृतिक र वातावरण संरक्षणमा जोड, कृषिको महत्त्वलाई ध्यानमा राखी प्रारम्भिक तहदेखि नै कृषि शिक्षालाई समावेश गर्ने र यस सम्बन्धी अध्ययन, अनुसन्धान कार्यको सुदृढीकरण र विस्तार गर्ने, खेर गइरहेको श्रमशक्तिको सदुपयोग गर्न देशका सबै क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्ने प्रस्ताव अघि सारेको थियो । यसले माध्यमिक तह (कक्षा ११-१२) मा पेसागत, प्राविधिक र बहुप्राविधिक धार राख्ने र रोजगारी पाउन सकिने पेसागत तथा प्राविधिक शिक्षामा विशेष जोड थियो । त्यसै गरी उच्चस्तरीय शिक्षा आयोग २०५५ ले पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रका प्रमुख समस्या र मुद्दाहरूको चर्चा गर्दै संरचना तथा व्यवस्थापन, पाठ्यक्रम, पहुँच, सूचना प्रणाली, गुणस्तर, कार्यक्रमको बिस्तार, रोजगारदातासँगको सम्बन्ध, नेतृत्व र लगानी जस्ता विषयमा सुझावहरू प्रस्ताव गरेको थियो ।

उल्लिखित अवस्था बाहेक अहिले ठुलो परिमाणमा खाद्यान्न र अन्य कृषि उत्पादन आयात भइरहेको र खेतीयोग्य जमिन बाँझो बन्दै गएको सन्दर्भमा कृषि क्षेत्रको रुपान्तरणका लागि कृषि प्रवर्द्धन गर्न कृषि (खेतीपाती, पशुपालन, जडीबुटी र वन) विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम पहिलो प्राथमिकतामा हुनुपर्छ । यस्तो शिक्षा तथा तालिम कृषि कर्म गर्न उत्प्रेरित युवा छनौट गर्ने

रणनीतिमा आधारित हुनुपर्छ । परम्परागत सीप र ज्ञानको जगेर्ना गर्दै उन्नत बनाउँदै प्रविधि विकासमा जोड दिनुपर्छ । जनस्वास्थ्य, पर्यटन, निर्माण तथा पुनर्निर्माण अन्य प्राथमिकताका क्षेत्र हुन् । चिकित्सा, पर्यटन र आतिथि सत्कारका क्षेत्रमा प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्रवर्धनका प्रयासहरूलाई केलाउँदा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम दुई किसिमबाट अघि बढेको देखिन्छ । पहिलो, औपचारिक शिक्षाको माध्यम र दोस्रो, व्यावसायिक तालिम । हाल यसको महत्त्वलाई आत्मसात् गरिएको छ। विशेष गरी विद्यालय शिक्षामा व्यावसायिक शिक्षालाई अभिन्न अङ्ग बनाउन खोजिएको भए तापनि स्पष्ट दृष्टिकोण, प्रतिबद्धता, इच्छाशक्ति र निरन्तर प्रयासको अभावमा विद्यालयको व्यावसायिक शिक्षाले गति लिन नसकेको पाइएको छ । हालसम्म भइरहेका प्रयासहरू निश्चित दिशामा केन्द्रित नभई अस्थिर रूपमा अघि बढेको देखिन्छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

### क) शैक्षिक सन्दर्भ

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन २०४५ जारी भएपश्चात् मात्र व्यवस्थित ढङ्गवाट सञ्चालन हुदै आएको प्राविधिक शिक्षा र व्यावसायिक तालिम वर्तमानमा आईपुग्दा विभिन्न १५ ओटा मन्त्रालयहरू मार्फत सञ्चालन भइरहेको छ । यसका अतिरिक्त सम्वन्धित मन्त्रालय अन्तर्गत रहेका विभिन्न परियोजनामार्फत पनि व्यावसायिक सीप अभिवृद्धिका कार्यक्रम सञ्चालनमा रहेका छन् ।

वर्तमानसम्म आइपुग्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्राप्त तथ्याङ्क अनुसार परिषद् अन्तर्गत ४५ आङ्गिक शिक्षालयहरू, साझेदारीमा सञ्चालित ५ शिक्षालयहरू ३९७ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमहरू, ४२९ व परिषद् बाट सम्बन्धन प्राप्त गरी निजीस्तरबाट सञ्चालित शिक्षालयहरूका साथै १०७८ छोटो अवधिका तालिम प्रदायक संस्थाहरू प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको विस्तार र विकासका लागि सञ्चालनमा रहेका छन् ।

विद्यालय तहदेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकास र विस्तारका लागि विद्यालय क्षेत्र सुधार योजना २००९-२०१४ ले माध्यमिक तहमा साधारण र व्यावसायिक गरी दुई धारको शिक्षा प्रणालीको परिकल्पना गरेको छ । सो व्यवस्था अनुरूप नै विद्यालय तहको पाठ्यक्रम कक्षा ६ देखि नै व्यवहार कुशल सीप (Soft Skill) का विषयहरू समावेश गरेको छ भने माध्यमिक तहमा कक्षा ९ देखि प्राविधिक धारको पठनपाठन सुरु गरेको छ । वि.सं. २०६९ देखि सुरुमा १०० विद्यालयमा लागु गरिएको प्राविधिक धार तर्फको पठन पाठन हाल २८४ विद्यालयहरूमा सञ्चालनमा रहेको छ । प्राविधिक शिक्षा र व्यावसायिक तालिम परिषद् मार्फत सामुदायिक विद्यालयमा एनेक्स कार्यक्रमका रूपमा र प्राविधिक शिक्षालयहरूमा प्राविधिक एस.एल.सी. र डिप्लोमासम्मका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।पछिल्ला वर्षहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा संस्थागत विस्तारका साथै भर्नादरमा पनि उल्लेख्य वृद्धि भइरहेको छ । विगत तीन वर्षदेखि भइरहेको विस्तारको अवस्थालाई तालिकाबाट प्रस्तुत गरिएको छ ।

तालिका १: प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रको विस्तारको अवस्था

| क.सं. | सञ्चालन स्वरूप | आ.व. २०७३।०७४ | आ.व. २०७४।०७५ | आ.व. २०७५।०७६ | कैफियत |
|---|---|---|---|---|---|
| १ | आङ्गिक | १९ | ३१ | ४५ | |
| २ | साझेदारी | ५ | ५ | ५ | |
| ३ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) | ११७ | १८५ | ३९७ | |
| ४ | निजी | ४२८ | ४२९ | ४२९ | |
| ५ | वार्षिक भर्ना क्षमता | ४४,३५० | ४८,४९१ | ६०,८६९ | |

स्रोतः प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद, २०७५

### (ग) सीप विकास तथा तालिम सन्दर्भ

नेपालमा परम्परागत व्यावसाय सञ्चालन गर्नेहरुले कामबाट सिक्दै गर्ने अभ्यासद्वारा सीप विकासका लागि केही प्रयासहरु भएका छन् । तथापी वैदेशिक रोजगारमा जाने युवा जनशक्तिलाई लक्षित गरी श्रम तथा रोजगार मन्त्रालय मार्फत घरेलु व्यवसाय प्रवर्धन गर्ने उद्देश्य सहित उद्योग मन्त्रालय मार्फत, पर्यटन व्यवसायसँग सम्बन्धित व्यावसायिक सीप विकासको निम्ति पर्यटन मन्त्रालय मार्फत र आ-आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित रहेर सहकारी विभाग, महिला तथा बालबालिका मन्त्रालय, शान्ति कोषको सचिवालय, युवा स्वरोजगार कोष, गरिबी निवारण कोष मार्फत पनि व्यावसायिक सीपमूलक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । त्यसका साथै विभिन्न दातृ निकायहरूः विश्व बैङ्क, एसियाली विकास बैङ्क, स्विस विकास नियोग, संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रमको सहयोगमा विभिन्न परियोजना तथा कार्यक्रमहरू पनि सञ्चालनमा रहेका छन् । निजी क्षेत्र, औद्योगिक प्रतिष्ठानहरूले पनि सम्बद्ध क्षेत्रसँग सम्बन्धित सीपमूलक व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् ।

सरकारी एवं गैरसरकारी क्षेत्रवाट भएका यस किसिमका प्रयास हुँदाहुँदै पनि बजारको आवश्यकता र व्यावसायिक तालिम प्रदान गर्ने क्षमताका बिच तादात्म्य देखिँदैन । उल्लिखित सबै निकायहरूवाट उत्पादन हुने सीपयुक्त जनशक्ति वार्षिक करिव १ लाख २५ हजारको हाराहारीमा मात्र देखिन्छ भने वार्षिक करिब ४ लाख ५० हजार जनशक्ति श्रमबजारमा प्रवेश गर्ने तथ्याङ्कले देखाएको छ । तसर्थ परिवर्तित सन्दर्भ अनुरूप र देशले लिएको आर्थिक सामाजिक रुपान्तरण मार्फत समृद्ध नेपाल निर्माणको लक्ष्य हासिल गर्न प्राविधिक एवं व्यावसायिक शिक्षा र तालिमको विकास र विस्तार अनिवार्य देखिएको छ ।

कानुनी एवं संरचनागत व्यवस्थाहरू मार्फत व्यावसायिक सीप प्रवर्धन गर्ने र देशभित्र नै रोजगारीको अवसर सृजना गर्दै देशलाई आर्थिक समृद्धि दिशामा अगाडि बढाउने लक्ष्य सहित प्राविधिक एवं

व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । विपन्न वर्गहरूको यस क्षेत्रमा सहज पहुँच सुनिश्चित गर्न तथा प्राविधिक एवं व्यावसायिक शिक्षा र तालिमको गुणस्तर प्रत्याभूत गरी देशमा आवश्यक जनशक्तिको माग सम्बोधन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यद्यपि वजारको माग र हाम्रो उत्पादनबिच सन्तुलन कायम गर्न भने सकिएको पाइँदैन ।

**(घ) नीतिगत तथा कानुनी व्यवस्था**

नेपालको संविधानले सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत दिगो आर्थिक विकास गर्ने तथा राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य लिएको छ । शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी जनशक्ति तयार गर्ने, देशको मुख्य आर्थिक शक्तिक रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने तथा वैदेशिक रोजगारीवाट आर्जित ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीतिलाई पनि संविधान ले अङ्गीकार गरेको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति २०६९ ले देशको आर्थिक विकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरमा व्यापक विस्तार गरी समतामूलक पहुँच स्थापित गर्ने, रोजगार बजारअनुरूप उपयुक्त सान्दर्भिक र गुणस्तरीय प्राविधिक एवं व्यावसायिक शिक्षा र तालिम प्रदान गर्ने, र प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक निकाय तथा संस्थाहरूसँगको समन्वय, व्यावसायिक तालिममा पहुँचको सुनिश्चितता र समावेशीकरण, राष्ट्रिय प्राविधिक तथा व्यावसायिक योग्यता प्रारूप तयार पारी व्यावसायिक योग्यताको स्तर निर्धारण गर्ने, प्राविधिक शिक्षा र व्यावसायिक तालिमका लागि नेपाल सरकार र दातृनिकायको संयुक्त लगानिमा कोष स्थापना गर्ने, लगायतका नीतिगत व्यवस्था गरेको छ ।

चौधौं योजना (२०७३/०७४—२०७५/०७६) ले २०३० सम्म मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने लक्ष्य प्राप्तिका लागि प्रतिस्पर्धी, उद्यमी र नवप्रवर्तनशील मानव पुँजीको विकासबाट आर्थिक सामाजिक रुपान्तरण गर्ने दृष्टिकोण सहित गुणस्तरीय व्यावसायिक र सीपयुक्त शिक्षा प्रदान गर्ने, रोजगारी र उद्यमशीलता विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्ने रणनीति लिएको छ ।

सन् २०३० सम्ममा सबै महिला तथा पुरुषका लागि गुणस्तरीय प्राविधिक र व्यावसायिक शिक्षाको सुनिश्चितता गर्ने र सबै युवा तथा प्रौढहरूलाई समय सान्दर्भिक प्राविधिक तथा व्यावसायिक ज्ञान र सीप हासिल गरेको हुने भन्ने दिगो विकासका लक्ष्यहरूमा भएको व्यवस्थावाट पनि नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकासको निम्ति नीतिगत निर्देश गरेको देखिन्छ ।त्यसै गरी नेपाल पर्यटन नीति २०६५, राष्ट्रिय कृषि नीति २०६१, राष्ट्रिय युवा नीति २०६६, राष्ट्रिय सहकारी

नीति २०६९, श्रम तथा रोजगार नीति २०६२, वाणिज्य नीति २०७२ लगायतका नीतिहरूले पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकासको निम्ति नीतिगत निर्देश गरेका छन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बद्ध कार्यक्रमहरू सञ्चालनका निमित्त विभिन्न ऐन तथा नियमहरू रहेका छन् । ती मध्ये प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ऐन २०४५, वैदेशिक रोजगार ऐन २०६४, श्रम ऐन २०७४... आदि मुख्य हुन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन २०४५ मा आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन, सीपको स्तर निर्धारण एवं प्रमाणीकरण तथा परिषद्को सञ्चालन र व्यवस्थापन गर्नका निम्ति स्वशासित र सङ्गठित संस्थाका रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् रहने व्यवस्था रहेको छ । वैदेशिक रोजगार ऐन २०६४, श्रम ऐन २०७४, गरिबी निवारण कोष ऐन २०६३ लगायतका ऐनहरूले व्यावसायिक सीपको प्रवर्धनवाट मात्र स्वरोजगार सिर्जना हुन सक्ने र सोका माध्यमवाट नै आर्थिक समृद्धि हासिल गर्न सकिने व्यवस्था सहित प्राविधिक शिक्षा र व्यावसायिक तालिम सञ्चालनका प्रक्रिया, गुणस्तर एवं मापदण्ड लगायतका व्यवस्थाहरू समाविष्ट गरेको पाइन्छ ।

**(ङ) संरचनागत व्यवस्था**

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको समग्र नीति योजना मापदण्ड निर्धारण तथा कार्यक्रम विकासका निम्ति केन्द्रीय तहमा स्वायत्त निकायका रूपमा प्राविधिक शिक्षा र व्यावसायिक तालिम परिषद् रहेको छ । निर्धारित मापदण्ड एवं गुणस्तर सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालनका लागि परिषद् बाट सम्बन्धन लिई प्राविधिक तथा वहुप्राविधिक शिक्षालयहरू सञ्चालनमा रहेका छन् । व्यावसायिक सीप प्रदान गर्ने, छोटो तथा लामो अवधिको तालिम कार्यक्रम सञ्चालन गर्न TECS विद्यालयहरू तथा सम्बन्धन प्राप्त तालिम केन्द्रहरू स्थापना गरिएका छन् । विभिन्न निकायवाट प्रदान गरिएको तालिमको गुणस्तर मापन गरी प्रमाणीकरण गर्ने कार्यका लागि राष्ट्रिय सीप परीक्षण बोर्ड रहेको छ । साथै विद्यालय तहबाट नै प्राविधिक शिक्षाको सुरुआत गर्ने गरी २७८ माध्यमिक विद्यालयहरू पनि सञ्चालनमा रहेका छन् । प्राविधिक शिक्षालयमा शिक्षण गर्ने जनशक्ति को क्षमता विकासका निम्ति केन्द्रीय तहमा प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान (Training Institute for Technical Instruction- TITI) समेत सञ्चालनमा रहेको छ । उल्लिखित सबै निकायहरूलाई निति निर्देशन गर्न तथा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको समग्र समन्वय एवं अनुगमन नियमनका लागि प्रमुख केन्द्रीय निकायका रूपमा शिक्षा मन्त्रालय रहेको छ ।

शिक्षा मन्त्रालयका अतिरिक्त व्यावसायिक सीप विकाससँग सम्बन्धित कार्यक्रमहरू श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, पर्यटन मन्त्रालय उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सङ्घीय मामला तथा स्थानीय विकास मन्त्रालयहरू मार्फत पनि विकास र सञ्चालन हुने गरेका छन् । सबै सरकारी निकायहरूमा वित्तीय स्रोत परिचालन गर्ने तथा कार्यक्रम बजेट स्वीकृति गर्ने कार्य अर्थ मन्त्रालय मार्फत हुने गरेको छ ।

उल्लिखित सरकारी तहको संरचनागत व्यवस्थाका अतिरिक्त विभिन्न उद्योग तथा औद्योगिक प्रतिष्ठानहरू पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकासको निम्ति क्रियाशील रहेका छन् ।

**(च) कार्यक्रमगत व्यवस्था**

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले समग्र TVET sector को नीति तर्जुमा गर्ने कार्य गर्दछ । साथै यसले लामो अवधिका दुई प्रकारका तालिम कार्यक्रमहरू (प्रमाणीकरण कोर्समा आधारित ३ वर्षे डिप्लोमा र १८ महिने प्राविधिक एस.एल.सी.) सञ्चालन गर्ने गर्दछ । त्यसका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले आफ्ना सम्बन्धन प्राप्त संस्थाहरूवाट विभिन्न पेसा सम्बद्ध छोटो अवधिको सीपमूलक तालिम कार्यक्रमहरू पनि सञ्चालन गर्ने गरेको छ ।

त्यसै गरी श्रम तथ रोजगार मन्त्रालय अन्तर्गतको व्यावसायिक तथा सीप विकास तालिम केन्द्र मार्फत मागमा आधारित रही वैदेशिक रोजगार र स्वरोजगारसँग सम्बन्धित विभिन्न विषयहरूमा ३ महिने तालिम कार्यक्रम सञ्चालन गर्ने गर्दछ । नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) ले त्रिभुवन विश्वविद्यालय सँगको समन्वयमा ट्राभल एन्ड टुरिजम म्यानेजमेन्ट र होटेल म्यानेजमेन्ट विषयमा ३ वर्षे स्नातक तथा आतिथ्य व्यावस्थापनमा स्नातकोत्तर तहसम्मका कक्षाहरू सञ्चालन गर्दछ भने पयर्टन व्यवसाय सँग सम्बन्धित छोटो अवधिका सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ ।

साना उद्योग तथा घरेलु विभागले घरेलु व्यवसाय प्रवर्धन गर्न सहयोग पुर्याउने खालमा विभिन्न छोटो अवधिका तालिम कार्यक्रमहरू, घरेलु तथा साना उद्योग विकास बोर्ड मार्फत उद्यमशीलता, सीप विकास, रोजगारी विकास र परम्परागत सीप विकासका क्षेत्रमा ७ दिनदेखि ३ महिना अवधिसम्मका तालिम कार्यक्रमहरू सञ्चालन हुने गर्दछन् । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय रोजगारी प्रवर्धनमा क्षेत्रमा, पशुपक्षी मन्त्रालयले पशुपालनसँग सम्वन्धित, स्वास्थ्य मन्त्रालयले मुख्यतः स्वास्थ्य सेवा प्रवाहमा सहजता ल्याउने उद्देश्यले स्वास्थ्य सेवासँग सम्बन्धित, वन तथा भूसंरक्षण मन्त्रालयले वन व्यवस्थापनसँग सम्बन्धित, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले वैयक्तिक विकासमा टेवा पुर्याउने खालका विषयहरूमा, गरिबी निवारण तथा सहकारी मन्त्रालय र शहरी विकास मन्त्रालयले पनि सीप विकासका विभिन्न क्षेत्रहरूमा व्यावसायिक तालिमहरू प्रदान गर्ने गर्दछन् । त्यसै गरी युवाहरूलाई परिचालन गर्ने र स्वरोजगार सिर्जना गर्ने ढङ्गवाट युवा तथा खेलकुद मन्त्रालयले र विभिन्न सीपसँग सम्बन्धित रहेर शान्ति तथा पुनर्निर्माण मन्त्रालय, तथा खानेपानी तथा सरसफाइ मन्त्रालयहरूले व्यावसायिक सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछन् ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि परियोजना (EVENT), सीप विकास परियोजना (SDP), राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) र दिगो

तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE), ज्ञानमा आधारित जीवन पर्यन्त सिकाइका लागि सीप कार्यक्रम (SKILLS) र सार्वजनिक-निजी साझेदारीमा आधारित दक्षता परियोजना (TVET-PP) लगायत श्रम, रोजगार तथा सामाजिक सुरक्षा, उद्योग, वाणिज्य तथा आपूर्ति तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयहरूबाट समेत विभिन्न परियोजना तथा कार्यक्रमहरूबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमूलक तालिमका कार्यक्रमहरू सञ्चालन हुँदै आएको देखिन्छ ।

**(च) वित्तीय व्यवस्था**

नेपालको कुल जनसङ्ख्याको ३५ प्रतिशत १५ वर्षमुनिका बालबालिकाहरू रहेका छन् भने १५ देखि २४ वर्ष उमेर समूहका युवाहरूको जनसङ्ख्या २० प्रतिशत रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग,२०६८) । १५ देखि २४ वर्षबिचको उमेर समूहका यी युवाहरूमध्ये बहुसङ्ख्यक विद्यालय छोडेका वा उच्च शिक्षा हासिल गर्न नचाहने वा नसक्ने अवस्थाका छन् । कुल जनसङ्ख्याको २८.६ प्रतिशत बहुआयामिक गरिबीको मारमा परेका छन् (राष्ट्रिय योजना आयोग, २०७४) देशको अर्थतन्त्र कृषिमा निर्भर रहेको छ । १५ वर्ष उमेर समूहभन्दा माथिका ६९.४ प्रतिशत मानिसहरू कृषिमा आधारित व्यवसाय गर्ने गर्दछन् । यद्यपि आ.व. २०७३।०७४ मा कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ र गैर कृषि क्षेत्रको योगदान ७०.६३ प्रतिशत रहेको छ । व्यावसायिक क्षेत्र अन्तर्गत पर्यटन क्षेत्रको कुल गार्हस्थ उत्पादनमा ३.६ प्रतिशत योगदान रहेको छ भने राष्ट्रिय अर्थतन्त्रमा निर्माण सम्बद्ध क्षेत्रको योगदान ६ प्रतिशत मात्र रहेको देखिन्छ । ।आर्थिक सर्भेक्षण २०७५ अनुसार वार्षिक ५ लाख युवाहरू श्रम बजारमा प्रवेश गर्ने गरेका छन् । रोजगारका लागि गएका युवाहरूमध्ये करिव २ प्रतिशत युवाहरू मात्र सीपसहितको दक्षता हासिल गरी विदेशिएका पाइन्छन् । वैदेशिक रोजगारीका लागि विदेश गएका युवाहरू मध्ये २४ प्रतिशत युवाहरू सामान्य सीप लिएर गएका छन् भने बाँकी ७४ प्रतिशत युवाहरू कुनै पनि किसिमको सीप हासिल नगरी कोरा रूपमा कामका लागि विदेशिएको तथ्याङ्क रहेको छ (अर्थ मन्त्रालय, २०७५) । देशभित्र रोजगारीका अवसरहरू नभएका कारण वैदेशिक रोजगारमा जाने युवाशक्तिको सङ्ख्या दिन प्रतिदिन बढ्दो छ ।

प्राविधिक शिक्षा र व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सरकारी निकायवाट विभिन्न १३ मन्त्रालयहरू प्रत्यक्ष अप्रत्यक्ष रूपमा संलग्न रहेको पाइन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत वार्षिक राष्ट्रिय शिक्षा वजेटको ३.७८ प्रतिशत यस क्षेत्रमा लगानी भएको देखिन्छ भने विश्वविद्यालयहरू मार्फत प्राविधिक उच्च शिक्षामा भएको लगानी समेतको गणना गर्दा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रमा वार्षिक शिक्षा बजेटको करिब ७ प्रतिसत लगानी भएको देखिन्छ । सन् २०१४ मा गरिएको एक सर्भेक्षणबाट विभिन्न मन्त्रालयहरूबाट यस क्षेत्रमा झन्डै १५ अरब रुपियाँ लगानी र सोही हाराहारीमा निजी तथा गैरसरकारी क्षेत्रबाट पनि लगानी भएको देखाइएको छ ।

### (छ) पाठ्यक्रम विकासको अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत नै हालसम्म प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको पाठ्यक्रम विकास गर्ने कार्य भइरहेको छ । त्यसका लागि द्रुत बजार सर्वेक्षण गरी बजारको मागको अवस्थाका आधारमा विषय क्षेत्रहरूको पहिचान गर्ने गरिन्छ ।आवश्यकताको पहिचान र विश्लेषणका लागि आवश्यकता पहिचान तालिम कार्यक्रम मार्फत पेसागत सर्वेक्षण र विश्लेषण गरी पेसागत विवरण (Job Profile) तयार गरिन्छ ।त्यसरी तयार भएको पेसागत विवरणलाई सत्यापन (Verification) गरी पाठ्यक्रमको संरचना निर्माण गरिन्छ ।निर्माण भएको पाठ्यक्रम संरचनाको आधारमा कार्य विश्लेषण गरी त्यसको प्राविधिक पक्षको अध्ययन गर्न प्राविधिक समितिको बैठकमा पेस गरिन्छ । प्राविधिक समितिको सुझाव र पृष्ठपोषणलाई सम्बोधन गरी निर्मित पाठ्यक्रमको अनुमोदनका लागि पाठ्यक्रम समितिमा पेस गरिन्छ । यस प्रक्रियाबाट पाठ्यक्रम विकास गर्दा उद्योग व्यावसाय, रोजगारदाता, पेसागत परिषद्, सङ्घ सङ्गठन तथा एकेडेमिसियनहरू समेतको सहभागिता गराउने गरिन्छ ।

उल्लिखित प्रक्रियाबाट पाठ्यक्रमको विकास गर्ने क्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले हालसम्म डिप्लोमा/प्रमाणपत्र तहका ४२, औद्योगकि प्रशक्षिण (Apprenticeship) मा आधारित ४, प्राविधिक एस् एल् सी तहका २७ र एक वर्ष भन्दा कम अवधिका व्यावसायिक तालिमका १९० ओटा पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा रहेका छन् ।क्षेत्रगत रूपबाट कृषितर्फ डिप्लोमा/प्रमाणपत्र तहका ३, प्राविधिक एस् एल् सी तहका ४, र छोटो अवधिका ३१; इन्जिनियरिङ्गतर्फ डिप्लोमा/प्रमाणपत्र तहका १५, प्राविधिक एस् एल् सी तहका १२, र छोटो अवधिका ७८, स्वास्थ्यतर्फ डिप्लोमा/प्रमाणपत्र तहका १७, प्राविधिक एस् एल् सी तहका ५, र छोटो अवधिका ८ ओटा पाठ्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । साथै वनतर्फ डिप्लोमा/प्रमाणपत्र तहका १ र छोटो अवधिको १, आतिथ्य विषय अन्तर्गत डिप्लोमा/प्रमाणपत्र तहका १, प्राविधिक एस् एल् सी तहका ३ र छोटो अवधिका १९, व्यवस्थापन विषय अन्तर्गत डिप्लोमा/प्रमाणपत्र तहका ५, प्राविधिक एस् एल् सी तहका ३ र छोटो अवधिका ६, शिक्षण विधि रतर्फ ४, हस्तकला तर्फ १५ र विविध विषयतर्फ २८ ओटा छोटो अवधिका तालिमका पाठ्यक्रमहरू तयार भएका छन् । तथापि पाठ्यक्रम विकास प्रक्रियामा रोजगारदाताहरू विशेष गरी उद्योग व्यवसाय क्षेत्रको उल्लेख्य सहभागिता हुन नसकेको भन्ने गुनासो आइरहेको पाइन्छ ।

### (ज) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच र सहभागिताको अवस्था

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत सञ्चालित प्राविधिक शिक्षाको क्षेत्रगत पहुँचलाई मात्र विश्लेषण गर्दा विद्यमान ७५३ स्थानीय तह मध्ये ३९६ (आधाभन्दा बढी) स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदान गर्ने संस्था स्थापना हुन बाँकी छ । सङ्ख्यात्मक रूपमा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बाट ६५३ ओटा प्राविधिक शिक्षालयहरू र सामुदायिक विद्यालयमा प्राविधिक धार २८४ विद्यालयहरूमा सञ्चालनमा रहेको छ ।

**तालिका २: स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको अवसर**

| प्रदेश नम्बर | कुल स्थानीय तह | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद |  | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | स्थानीय तहमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको अवसर |  |
|---|---|---|---|---|---|---|
|  |  | प्राविधिक शिक्षा | व्यावसायिक तालिम | प्राविधिक शिक्षा | पहुँच पुगेको | पहुँच पुग्न बाँकी |
| १ | १३७ | २८ | १७ | ४६ | ५७ | ८० |
| २ | १३६ | १७ | २१ | ४१ | ५५ | ८१ |
| ३ | ११९ | ३२ | २८ | ४२ | ६१ | ५८ |
| ४ | ८५ | २६ | १० | २४ | ४४ | ४१ |
| ५ | १०९ | ३६ | २१ | ४७ | ६५ | ४४ |
| ६ | ७९ | २० | ५ | १३ | ३० | ४९ |
| ७ | ८८ | ३१ | १० | २५ | ४५ | ४३ |
| जम्मा | ७५३ | १९१ | ११२ | २३८ | ३५७ | ३९६ |

(स्रोतः शिक्षा विभाग, २०७४ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, २०७५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत आ=व= २०७५ असार मसान्तसम्म कुल ६५३ तालिम प्रदायक संस्था रहेकामा उक्त सङ्ख्याको भौगोलिक वितरणलाई विश्लेषण गर्दा अधिकांश शिक्षालयहरू पहाडी एवः तराई क्षेत्रमा केन्द्रित रहेको पाइन्छ । पहाडी क्षेत्रमा ३५३ ओटा (५४ प्रतिशत) र तराई क्षेत्रमा २६६ ओटा (४१ प्रतिशत) शिक्षालयहरू सञ्चालनमा रहेका छन् भने हिमाली क्षेत्रमा केवल ३४ ओटा (५ प्रतिशत) शिक्षालयहरू मात्र अवस्थित छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका शिक्षालयको अवस्थितिलाई जिल्लागत रूपमा विश्लेषण गर्दा २१ जिल्लामा ७० प्रतिशतभन्दा बढी शिक्षालयहरू सञ्चालनमा रहेका देखिन्छन् भने बाँकी ५६ जिल्लामा ३० प्रतिशत शिक्षालयहरूले सेवा प्रवाह गरिरहेको तथ्याङ्क रहेको छ (प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, २०७५)।

### (झ) राष्ट्रिय सीप परिक्षण तथा व्यावसायिक योग्यता प्रणाली

कार्य अनुभव, स्वअध्ययन तथा अनौपचारिक सीपको तालिमका माध्यमबाट सिकेका सीप र दक्षताको परीक्षण गरी मान्यता प्राप्त प्रमाणपत्र दिने परीपाटीको थालनी नेपालमा वि.सं. २०४० मा स्थापित राष्ट्रिय सीप परीक्षण बोर्ड मार्फत व्यवस्थित गरिएको हो (CTEVT, २०७४) । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना सन् १९८९ मा भएपछि सीप परीक्षणको काम

परिषद्को सीप परीक्षण महाशाखा मार्फत विकास र विस्तार गरिँदै आएको छ । सीप परीक्षण महाशाखाले रोजगारदाता समेत सम्मिलित कानुनी आधार सहितको राष्ट्रिय सीप परीक्षण समितिको सचिवालयका रूपमा काम गरिरहेको छ । यस समितिले मागको आधारमा सीप प्रमाणिका तयार पार्ने र प्रमाणिकाको आधारमा तयार गरिएका तहअनुसार सीप मापक प्रश्नहरू तयार पार्ने गर्दछ र तिनै मापनका साधान प्रयोग गरी बाह्य सुपरिवेक्षकले सीपको परीक्षण गर्दछन् । सीप परीक्षणमा उत्तीर्ण सहभागीले परीक्षण गरिएको तहको मान्यता प्राप्त प्रमाणपत्र प्राप्त गर्दछन् ।

हालसम्म प्रारम्भिक तहदेखि सीपको तह ४ सम्म परीक्षण गर्न राष्ट्रिय सीप परीक्षण बोर्डले विभिन्न २९० पेसाको सीप प्रमाणिका तयार गरी सीपको परीक्षण र प्रमाणीकरण गर्दै आएको छ । आर्थिक वर्ष ०७२/०७३ मा सीप परीक्षणमा सामेल भएका ३५२७६५ मध्ये २४९१८६ जना विभिन्न तह (तह १, तह २, तह ३) मा उत्तीर्ण भएको प्राविधिक तथा व्यावसायिक तालिम परिषद्को वार्षिक प्रतिवेदन २०७२/२०७३ मा उल्लेख छ । तीन महिना वा सोभन्दा माथिको अवधिका छोटा अवधिका व्यावसायिक सीप तालिम वा अनुभवबाट हासिल गरेका सीपको स्तर कायम गरी परीक्षण तथा प्रमाणीकरण कार्यमा व्यापक विस्तार भइरहेको छ । यस प्रकारका तालिमको सीप परीक्षण २०७१/०७२ मा २९८७ जनाको भएको थियो भने २०७३/०७४ मा वृद्धि भएर १३६६३ पुगेको छ  (शिक्षा मन्त्रालय, २०७४) ।हालसम्म त्यस किसिमको सीप परीक्षण उत्तीर्णहरूको सङ्ख्या ३३७२३० पुगेको छ (प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, २०७५)।

अनौपचारिक तथा अरीतिक माध्यमबाट सिकेको सीपलाई परीक्षण गरी समकक्षताका आधारमा तहगत मान्यता प्राप्त प्रमाणपत्र प्रदान गर्ने र प्राप्त प्रमाण पत्र रोजगारिका लागि मान्य हुने परिपाटी उपयुक्त देखिए तापनि सीपको प्रमाणपत्र प्राप्त व्यक्तिलाई त्यसभन्दा उच्च तहमा अध्ययन गर्ने अवसर दिन नसक्दा व्यावसायिक सीपका तालिमप्रति युवाहरूको आकर्षण न्यून रहेको पाइन्छ ।  अनौपचारिक शिक्षा र तालिमको अवसरबाट औपचारिक शिक्षामार्फत आफ्नो सिकाइलाई निरन्तरता दिन, प्राविधिक तथा व्यावसायिक योग्यता हासिल गर्ने र वृत्ति विकासको अवसरलाई भने सुदृढ पार्नु आवश्यक देखिएको छ । विभिन्न मुलुकहरूले व्यावसायिक योग्यता प्रणालीको विकास गरी यो अवसरलाई सहज बनाएका छन् । नेपालमा पनि राष्ट्रिय व्यावसायिक योग्यताको प्रारूप तयार पार्ने कार्य भइरहको छ ।यस प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको मान्यता प्राप्त योग्यता हासिल गर्ने वैकल्पिक सिकाइ आधार खडा भई प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारमा व्यापकता आउने देखिन्छ ।

### (ञ) रोजगारीको दर

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालित डिप्लोमा तथा प्राविधिक एसएलसी कार्यक्रमहरूको रोजगारीको दर क्रमशः ५१ प्रतिशत र ४७ प्रतिशत रहेको अध्ययनबाट देखिएको छ । यस प्रकारको रोजगारीको दर सबैभन्दा  बढी कृषि विषयका कार्यक्रमहरूमा ६१ प्रतिशत रहेको देखिन्छ भने त्यस पश्चात् स्वास्थ्यमा ५० प्रतिशत र इन्जिनियरिङ्ग तर्फ ३९ प्रतिशत रहेको देखिन्छ । कार्यक्रमहरूको दक्षता मापनको आन्तरिक सूचकका रूपमा रहेको प्रशिक्षार्थी उत्तीर्णको

हालको दरलाई सन्तोषजनक मान्न सकिदैन । डिप्लोमा तर्फको स्वास्थ्य कार्यक्रमतर्फको उत्तीर्ण दर करिब ९५ प्रतिशत रहेको भएता पनि इन्जिनियरिङ्ग कार्यक्रम तर्फको उत्तीर्ण दर अत्यन्त न्यून रहेको पाइन्छ । २०७४ सालको तेस्रो वर्षको नियमित तर्फको परीक्षाको नतिजालाई आधार मानी विश्लेषण गर्दा डिप्लोमा इन सिभिल इन्जिनियरिङ्गतर्फ ५१ प्रतिशत, इलेक्ट्रिकल इन्जिनियरिङ्गतर्फ ५० प्रतिशत र कम्प्युटर इन्जिनियरिङ्गतर्फ ४४ प्रतिशत रहेको पाइन्छ ।

नेपालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका बारेमा सार्वजनिक बहसमा फरक फरक कोणबाट आलोचनात्मक टिप्पणी हुने गरेको छ । यस क्षेत्रमा गरिने निजी लगानी र गुणस्तर बहसको सबैभन्दा पेचिलो पक्ष छ । एकातिर, शिक्षा स्वास्थ्य जस्तो क्षेत्रमा निजी लगानी निरूत्साहित गर्नुपर्ने बहस छ भने अर्कोतिर दक्ष जनशक्ति तयार गर्न आवश्यक लगानी गर्ने राज्यको क्षमता नपुग्दा निजी परिचालन र नियमनको विकल्प देखिँदैन । यो एक हिसाबले स्वभाविक निष्कर्ष पनि हो । तर यस्तो शिक्षाले आम मानिसमा व्यावसायिक तालिमको प्रभाव देखिए पनि आधारभूत शिक्षाको कमीका कारण आलोचनात्मक तथा विश्लेषणत्मक क्षमता कमजोर हुन्छ । तसर्थ आधारभूत शिक्षालाई थप बलियो बनाउनु पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई सुदृढ गर्नु हो ।

### ३. मुख्य मुद्दा तथा चुनौतीहरू

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका विभिन्न आयामहरूको मुख्य मुद्दा तथा चुनौतीहरूलाई तपसिल अनुसार प्रस्तुत गरिएको छ ।

**समतामूलक पहुँच**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबै क्षेत्र वर्ग र समुदायको समतामूलक पहुँच सुनिश्चित गर्नु
- जनशक्ति आवश्यकताका आधारमा सीप विकासका प्राथमिक विषय क्षेत्र पहिचान गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरू राज्यका सबै प्रदेश एवं तहमा सन्तुलित रूपमा सञ्चालन गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्राप्त जनशक्तिलाई कार्यक्षेत्रको अनुभव सहितको दक्षता अभिवृद्धि गर्नु
- विपन्न तथा पछाडि परेको वर्ग समुदायका युवाहरूलाई सहुलियतपूर्ण प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसर उपलब्ध गराउनु
- विद्यालय शिक्षा पूरा गर्न नसकेका, औपचारिक शिक्षाको मूलधारमा आउन नसकेका युवा तथा वयस्कहरूलाई व्यावसायिक सीप विकासका अवसर उपलब्ध गराउनु
- अपाङ्गता भएका युवा तथा वयस्कहरूलाई व्यावसायिक सीप विकासका अवसर उपलब्ध गराउनु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका पाठ्यक्रम, पूर्वाधार तथा प्रयोगात्मक कार्यका लागि अनुगमन र पेसागत सहयोगको उचित व्यवस्था गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रम सञ्चालनमा रोजगारदाता एवं श्रम क्षेत्रका संस्थाहरूसँगको समन्वय र स्वामित्व स्थापित गर्नु

- रोजगारदाता तथा सीप प्रदायकहरुलाई थप रोजगारीको अवसर सिर्जना गर्न प्रोत्साहित गर्नु

**गुणस्तर र सान्दर्भिकता**

- प्राविधिक शिक्षाको कार्यक्रमका लागि दक्ष शिक्षक तथा प्रशिक्षकको व्यवस्था गर्नु
- प्राविधिक शिक्षाको शैक्षिक उपलब्धिमा सुधार गर्नु
- प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई प्रशिक्षणमा सहयोग पुर्याउने पाठ्य सामग्री, प्रशिक्षक र प्रशिक्षार्थी सहयोगी पुस्तिका, प्रयोगात्मक क्रियाकलापको अभ्यास पुस्तिका लगायतका सामग्रीहरूको गुणस्तर सुधार गर्नु
- प्रयोगात्मक तथा व्यावहारिक अभ्यासका कार्यहरूलाई शैक्षिक कार्यक्रमको अभिन्न अङ्गका रूपमा सञ्चालन गरी कार्यथलोको यथार्थ जानकारीको अवसर उपलब्ध गराउनु
- श्रमबजारको माग र आपूर्तिको अवस्थाका आधारमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमका कार्यक्रम सञ्चालन गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरूले उद्योग व्यवसायीहरूसँग सुमधुर सम्बन्ध कायम गरी सहकार्यमा वास्तविक कार्य परिस्थितिमा सीप र प्रविधि सिक्ने अवसर प्रदान गर्नु ।
- उद्योग व्यवसायीहरू सीप विकासका कार्यक्रममा सहभागी हुने वातावरण सिर्जना गरी उद्योग व्यवसायमा आधारित औद्योगिक तालिम, सीप र दक्षताको मापन गरी मान्यता पद्धतिको विकास गर्नु ।

**गतिशीलता र पारगम्यता (Mobility and permeability)**

- क्षमता र दक्षताका आधारमा वृत्ति विकासको अवसर उपलब्ध गराई व्यावसायिक सीप विकासमा युवाहरूको आकर्षण वढाउनु
- अनौपचारिक तथा अनियमित माध्यमबाट सिकेका सीप एवं दक्षतालाई राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीबाट परीक्षण गरी वा गराई औपचारिक शिक्षामा प्रवेश खुला गर्ने नीतिगत व्यवस्था गर्नु
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीले पेसागत तथा तहगत स्तर निर्धारण गरी स्तरअनुरूप दक्षतामा आधारित पाठ्यक्रम परिमार्जन तथा विकास गर्नु र सो अनुरूप प्रशिक्षणका क्रियाकलापहरूलाई कार्यान्वयनमा ल्याउनु ।

**सुशासन र व्यवस्थापन**

- प्राविधिक शिक्षा, व्यावसायिक शिक्षा र सीप विकासका कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापनका लागि एकीकृत ऐन कानुन तर्जुमा गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका कार्यक्रमको पहिचान, स्रोत व्यवस्था र स्रोत परिचालनका स्पष्ट आधार तय गर्नु

- औद्योगिक सीप विकास (Apprenticeship skills development) को विकास, विस्तार, सञ्चालन र व्यवस्थापनसम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको गुणस्तर सुनिश्चत गर्नु
- सरकारी, निजी र सहकारी प्रणालीको परिचालनलाई संस्थागत गरी कार्यस्थलको सिकाइमा उद्योगी तथा व्यवसायीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा निजी क्षेत्रसँगको सहकार्यलाई प्रभावकारी र परिणाममुखी बनाउने संयन्त्रको विकास गर्नु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसँग एकीकृत गर्नु

**अनुसन्धान, नवप्रवर्तन र सूचना व्यवस्थापन**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदान गर्ने संस्थाहरूका कार्यक्रमहरू, पाठ्यक्रम, समयावधि लगायतका पक्षहरू सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको स्थापना र प्रयोग गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका विषयमा नियमित अध्ययन तथा अनुसन्धानहरू गरी माग र आपूर्तिको प्रक्षेपण सहित योजना तर्जुमा गर्नु
- सामुदायिक विद्यालयहरूमा सञ्चालित (कक्षा ९ देखि १२) प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रमको गुणस्तरीयता र शिक्षकको आपूर्ति, पूर्वाधारको अवस्था, अध्ययन पुरा गरिसकेकाहरूको अवस्थाका विषयमा अध्ययन अनुसन्धान गरी सामुदायिक विद्यालयमा सञ्चालित कार्यक्रमहरूको नतिजा र समग्र मुल्याङ्कन गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम, विशेषतः निजी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरू महँगो देखिएकामा प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिमहरूमा भएको लगानी गुणस्तरका साथै व्यावसायिक सन्तुलन मिलाउने सम्बन्धमा थप अध्ययन अनुसन्धान गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा एवं सीप विकासमा सेवामूलक निजी क्षेत्र र सामाजिक उद्यमीहरू आकर्षित हुने वातावरण सिर्जना गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम प्राप्त गरी उद्यमशीलता र नवप्रवर्तनात्मक सक्षमता विकास गर्दै आर्थिक सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु
- सङ्घ, प्रदेश र स्थानीय तहमा रोजगार सूचना केन्द्र मार्फत श्रम बजार सूचना प्रणाली विकास गरी तथ्याङ्क र सूचना एकीकृत रूपमा सङ्कलन र उपयोग गर्नु

**विज्ञान र प्रविधि**

- विज्ञान र सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा शहरी र ग्रामीण विद्यार्थी बिच अन्तर कम गर्न सङ्घीय, प्रदेश र स्थानीय शैक्षिक प्रणाली र संरचनामा सूचना र प्रविधिको प्रयोगमा समन्यायिक पहुँच र एकरूपता कायम गर्नु
- भौगोलिक रूपमा पछाडि परेका समुदायको पहुँचमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसरका लागि वेबसाइट, अनलाईन ट्युटोरियल, छलफल गर्ने फोरम, सिम्युलेसन,

भर्चुवल इमेजिङ तथा दूर शिक्षा जस्ता नवीन तरिकाहरूको प्रयोग गरेर अत्यावश्यक सेवाका क्षेत्रको सीप विकास गर्नु

- विज्ञान तथा प्रविधि र सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी स्थानीय तहमै गुणस्तर सुनिश्चित गर्ने मापदण्ड निर्माण गर्नु

**क्षमता विकास**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको व्यापक विस्तारसँगै आवश्यक प्रशिक्षक, पाठ्यक्रम विशेषज्ञ, सुपरिवेक्षक, मूल्याङ्कन विशेषज्ञ, व्यवस्थापक र नेतृत्व लिन सक्ने जनशक्ति व्यवस्था गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको विषयलाई उच्च शिक्षा प्रदायक संस्थाहरूका प्राज्ञिक कार्यक्रमहरूमा समावेश गरी दक्ष प्रशिक्षक बनाउने र प्रदायक संस्थाहरूमा योग्य प्रशिक्षकको पूर्ति गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्रदायक संस्थाहरू र रोजगारदाताबिच निकट समन्वय र सहकार्य स्थापित गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्रदायक संस्थाहरूको गुणस्तर प्रत्यायन सुनिश्चितता र प्रशिक्षकहरूको प्रशिक्षण अनुमति पत्रको व्यवस्था लागु गर्नु

**दिगो लगानी**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम बढी महँगो तथा खर्चिलो भएकाले यसको स्थायी वित्तीय स्रोत वा कोष सुनिश्चित गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षालय तथा तालिम कार्यक्रम सञ्चालन गर्न सङ्घ, प्रदेश र स्थानीय तहको स्रोत व्यवस्थापनको सुनिश्चित गर्नु
- वैदेशिक सहयोगमा सञ्चालित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको दिगोपनाको सुनिश्चित गरी आवश्यक गर्ने सीपयुक्त जनशक्तिको विकास गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षा सहुलियतपूर्ण बनाउनु
- प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम र सीप विकासका खर्च भैरहेका स्रोतलाई एकिकृत गरी सबै स्थानीय तहहरूमा जनसङ्ख्या र आश्यकताका आधारमा न्यायोचित वितरण प्रणाली लागू गर्नु

**सङ्गठनात्मक स्वरूप र कार्यान्वयन ढाँचा**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम बृहत् क्षेत्र भएकाले संरचनागत व्यवस्थापनमा तीनवटै सरकारको समन्वयात्मक कार्यपद्धति विकास गर्नु
- विभिन्न मन्त्रालयमार्फत सञ्चालन भइरहेका कार्यक्रमबिच समन्वय, र सहकार्य गरी पाठ्यक्रम, तालिम अवधि, परीक्षण तथा प्रमाणीकरण जस्ता पक्षको स्तरीकरण गर्दै एकीकृत गरेर सञ्चालन

गर्ने र विभिन्न मन्त्रालयबाट सञ्चालित सीप विकासका कार्यक्रमहरूको पाठ्यक्रममा एकरूपता र समान सिकाइ उपलब्धिको सुनिश्चित गर्नु

- प्राविधिक तथा व्यावसायिक शिक्षाको योजनाबद्ध विकास, गुणस्तर सुनिश्चितता, समावेशी र समतामूलक शिक्षा र तालिमको सुनिश्चितता, कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक योग्य तथा दक्ष जनशक्तिको व्यवस्था, विकास र आवश्यक आर्थिक स्रोत परिचालन समेत सम्बन्धित सरकारको अधिकार र कर्तव्य जिम्मेवारीपूर्वक सम्पादन भइरहेको छ भन्ने सुनिश्चित गर्नु

**४. सुझावहरू**

प्राविधिक तथा व्यावसायिक शिक्षा एउटा प्रयोगात्मक र सङ्गठित सिकाइ प्रक्रिया हो । यसले विषयगत सक्षमता (Core competencies), क्षेत्रगत प्राविधिक जनशक्ति विकास, पेसागत सक्षमता (Professional competencies) उद्यमशील व्यवसाय, लाभ (लागत विश्लेषण, व्यवस्थापन र लेखापालन) र सामाजिक सक्षमता (Social competencies) वैयक्तिक सम्बन्ध स्थापित गर्ने सीप, सञ्चार तथा समन्वय सीप) को विकास र योग्यता हासिल गर्ने अवसर प्रदान गर्दछ । जसका माध्यमबाट मुलुकलाई आवश्यक सीपयुक्त र दक्ष जनशक्ति आपूर्ति गर्ने र व्यक्तिको आय वृद्धि गर्ने तथा श्रमप्रतिको सम्मान प्रवर्धन गरी स्वःरोजगार सिर्जना गर्न सक्षम बनाइन्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई गुणस्तरीय, नवप्रवर्तनात्मक र उद्यमशील बनाउन सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको समन्वयात्मक संरचनाद्वारा समतामूलक र समावेशी गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा श्रम बजारमा प्रवेश गर्ने सबै युवाको समन्यायिक पहुँच सुनिश्चित गर्नु आजको पहिलो आवश्यकता हो । यसका लागि औपचारिक, अनौपचारिक, अरीतिक र जिवनपर्यन्त सिकाइको एकीकरण तथा योग्यता निर्धारणको व्यवस्था समपूरण कार्यक्रमहरू हुन् । तसर्थ, राष्ट्रिय आवश्यकतामा आधारित ज्ञान, सीप र प्रतिस्पर्धी दक्षता भएका प्राविधिक जनशक्ति निर्माण गरी सीपमूलक रोजगारी र स्वरोजगारका लागि छनोटको पर्याप्त अवसरसहित स्थानीय पुँजी र प्रविधिको प्रवर्धन र राष्ट्रिय उत्पादन वृद्धिसँगै मुलुकको सामाजिक र आर्थिक रूपान्तरण गर्न निम्नानुसारका नीतिगत, रणनीतिक र कार्यक्रमिक ढाँचामा निम्न सुझावहरू राखिएका छन् ।

**समतामूलक पहुँच**

**नीतिगत व्यवस्था**

- राष्ट्रिय, प्रादेशिक र स्थानीय श्रम बजारको आवश्यकता र प्राथमिकताका आधारमा सबै युवा र वयस्कहरूका लागि सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा पहुँचको अवसर योग्यता र क्षमताका आधारमा खुला गर्ने ।

- बहुआयामिक गरिबीको क्षेत्र भित्र परेका, गरिबी परिचय पत्र प्राप्त गरेका, बहिस्करणमा परी बहुपक्षीय मारमा परेका, आर्थिक रूपमा पछाडि परेका, दलित, लोपोन्मुख, सीमान्तकृत, अपाङ्गता भएका साथै उच्च शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित भएकाहरूका लागि आवासीय सुविधा सहितको प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर प्रदान गर्ने ।
- स्थानीय तहको सेवा क्षेत्रभित्र स्थानीय विशेषता, आवश्यकता र सम्भावनाका आधारमा तोकिएको गुणस्तरसहितको मापदण्ड पुरा गरेका सामुदायिक विद्यालय वा शिक्षालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा (डिप्लोमा तह सम्मका) का कार्यक्रमहरू सञ्चालन गर्ने ।

रणनीतिहरू

- श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङ्कन र तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको स्थापना गर्ने ।
- स्थानीय सङ्घ संस्था, परियोजना, व्यावसाय र उद्योगहरूसँग सहकार्य गरी व्यावहारिक अभ्यास सुनिश्चित गर्न उद्योग व्यवसायीलाई सहुलियत, पुरस्कार र आवश्यक सहजीकरणको व्यवस्था गर्ने ।
- राष्ट्रिय सम्पदा तथा परम्परागत स्थानीय ज्ञान, सीप र प्रविधिको जगेर्ना तथा विकासमा सहयोग पुग्ने गरी व्यावसायिक उत्पादन तथा सेवामा आधारित विषयहरूमा सीप विकासका कार्यक्रमहरू विस्तार गर्ने ।
- विद्यालय शिक्षाको कक्षा १० पुरा गरेका र तत्काल श्रम बजारमा जान इच्छुक युवाहरूका लागि उनीहरूका रूचि तथा बजारको आवश्यकता समेतलाई दृष्टिगत गरी प्राविधिक सीप विकासको अवसर स्थानीय स्तरमै उपलव्ध गराउने ।
- प्राविधिक तथा सीप विकास तालिम पुरा गरेका युवाहरूलाई योग्यता र क्षमताका आधारमा उपयुक्त मापदण्ड बनाई उपल्लो शैक्षिक तहमा भर्नाका लागि योग्य हुने व्यवस्था गर्ने ।
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थी र बेरोजगार तथा अर्ध बेरोजगार युवालाई लक्षित गरी व्यवसाय छनौटसम्बन्धी स्थानीय तहमा परामर्श सेवा कार्यक्रम सञ्चालन गर्ने ।
- भौगोलिक विकटता भएका स्थानमा आवासीय सुविधासहित सरकारी स्तरबाट गुणस्तरीय र निःशुल्क प्राविधिक शिक्षालय वा सीप विकास केन्द्रहरू स्थापना र घुम्ती सीप विकासको अवसर प्रदान गर्ने ।
- प्रादेशिक आवश्यकताका साथै स्थानीय विशेषताका आधारमा प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा बहुप्राविधिक महाविद्यालय विकास र सञ्चालन गर्ने ।
- गरेर सिक्न पाउने अवसर प्राप्त गराउन सार्वजनिक, सहकारी र रोजगारदाताहरूसँगको सहकार्यमा कार्य स्थलको सिकाइका निम्ति आवधिक या औद्योगिक प्रशिक्षार्थी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा विस्तार गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका कार्यक्रम सञ्चालन गर्ने सरकारी तथा निजी क्षेत्रका संस्थाहरूलाई आआफ्नो क्षेत्रसँग सम्बन्धित विषयमा सीप विकास सञ्चालनका लागि

तोकिएको पाठ्यक्रम प्रारूप, पूर्वाधार, शर्त तथा मापदण्डको आधारमा स्थानीय तहको स्वीकृतिमा सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्न पाउने व्यवस्था गर्ने ।

- परमपरागत तथा मौलिक सीप लाई आधुनिकीकरण गर्ने तथा थप विस्तार उद्यमशील एवं व्यावसायीहरूलाक्ष प्रोत्साहित गर्ने ।
- आधारभुत शिक्षा पुरा गरेका यूवाहरुलाई राष्ट्रिय व्यवसायिक योग्यता प्रणालीले तय गरेको योग्यताको तह १ र २ सबै इच्छुक नेपाली यूवाहरुलाई निशुल्क उपलब्ध गराउने व्यवस्था गर्ने ।
- प्राविधिक डिप्लोमा कार्यक्रममा प्रवेश पाउन तोकिएको न्यूनतम शर्त पुरागर्ने कक्षा १० पुरा गरेका विद्यार्थीहरु सिधै ३ बर्षे प्राविधिक डिप्लोमा कार्यक्रममा प्रवेश हुन प्रवेश परीक्षामा सामेल हुन दिने व्यवस्था मिलाउने ।
- शिक्षा मन्त्रालय अन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेको प्राविधिक धार तर्फको १०+३ बर्षे कार्यक्रम र मन्त्रालय अन्तर्गतकै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद अन्तर्गत सञ्चालित ३ बर्षे प्राविधिक डिप्लोमा कार्यक्रमका लागि समान पाठ्यक्रम लागु गर्ने ।

**गुणस्तर र सान्दर्भिकता**

**नीतिगत व्यवस्था**

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा सामाजिक सक्षमता (Social Competencies) तथा उद्यमशीलतालाई अनिवार्य रूपमा समावेश गरी समय सान्दर्भिक पाठ्यक्रम तयार, प्रविधियुक्त शिक्षण-प्रशिक्षण र मूल्याङ्कनका आधारमा व्यवस्थापन सुनिश्चित गर्ने।
- सार्वजनिक तथा निजी क्षेत्रका उद्योगी, व्यवसायी तथा रोजगारदाताको सक्रिय सहभागितामा राष्ट्रिय व्यावसायिक मानक तयार गरी सोका आधारमा पाठ्यक्रम, सिकाइ सामग्री र दक्ष प्रशिक्षक तयार गर्ने ।
- पर्यटन, स्वास्थ्य तथा सामाजिक सेवा, खेलकुद तथा मनोरञ्जनका क्षेत्रमा आधारित व्यवसायमा सीपयुक्त जनशक्ति आपूर्ति गराउन सम्बन्धित उद्योग व्यवसाय क्षेत्रको समेत संलग्नतामा समय सान्दर्भिक पाठ्यक्रम निर्माण गर्ने ।
- मध्यमस्तरीय जनशक्तिका रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा पुरा गरेका स्नातकहरूलाई विषय अनुसार ६ महिनादेखि १ वर्षसम्मको राष्ट्रिय विकास स्वयम् सेवा गर्नुपर्ने व्यवस्था गर्ने ।

**रणनीतिहरू**

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको सान्दर्भिकताका लागि उद्योग व्यवसायसँग सुरुदेखि अन्त्यसम्म (Governance, TNA, RMA, Training implementation, Monitoring, On-the-job training and Placement) सहकार्य आवश्यक भएकाले यी उद्देश्यहरू प्राप्त गर्न उद्योग व्यवसायको संस्थागत संलग्नताको सुनिश्चितता हुने गरी ऐनमा नै व्यवस्था हुनुपर्ने।

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रमहरू सञ्चालन गर्न स्वीकृति पाएका कुनै पनि प्रकारका संस्थाहरूले अनियार्य रूपमा राष्ट्रिय मान्यता प्राप्त गुणस्तर मानकमा आधारित गुणस्तर प्रत्यायन प्रमाणपत्र तोकिएको अवधिभित्र अनिवार्य लिनुपर्ने कानुनी व्यवस्था गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रमहरूबाट स्नातक गरेका युवाहरूलाई अन्तर्राष्ट्रिय पेसागत सक्षमता मानकमा समेत सहभागिताको अवसर प्रदान गर्ने ।
- राष्ट्रिय जनशक्ति विकास तथा उद्यमशीलता प्रवर्धन केन्द्र स्थापना गरी प्रशिक्षक तथा कर्मचारीहरूको दक्षता तथा वृत्ति विकास गर्ने ।
- विश्वविद्यालयसँगको समन्वयमा प्राविधिक शिक्षामा स्नातक तह उत्तीर्णलाई एक वर्षे डिप्लोमा गराउने व्यवस्था गरी प्रशिक्षकको नियमित आपूर्ति गर्ने।
- औद्योगिक सीप विकासको विस्तार, सञ्चालन र व्यवस्थापन गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको सान्दर्भिकता सुनिश्चित गर्न रोजगारदाताहरूको संलग्नतामा औद्योगिक प्रशिक्षार्थी तालिम, कार्य स्थलको सिकाइ, रोजगारी प्रतिस्थापनको अवसर एवं प्राविधिक जनशक्तिको मागसम्बन्धी निरन्तर सूचना प्रवाहको व्यवस्था गर्ने ।
- सङ्घीय सरकारले निर्धारण गरेको राष्ट्रिय गुणस्तर मापक सूचाङ्कका आधारमा प्रदेश तहमा गुणस्तर मापक निर्देशिका तयार गरी गुणस्तर प्रत्यायन प्रमाणपत्र कार्यान्वयन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास सम्बन्धी योग्यता हासिल गरेका जनशक्तिलाई हासिल गरेको सीप र दक्षता उल्लेख भएको सीपको प्रमाणपत्र उपलब्ध गराउने ।
- श्रम बजारमा प्रवेश भएका नयाँ प्रविधि र सीपको आवश्यकता र कार्य प्रणालीमा आएको परिवर्तन अनुसार प्रशिक्षण र सिकाइमा निरन्तर सुधार ल्याउन प्रशिक्षार्थीले हासिल गरेको ज्ञान र सीपलाई सान्दर्भिक बनाउन पूर्व विद्यार्थी र रोजगारदाताको सहभागितामा अध्ययन, अनुसन्धान र निरन्तर मूल्याङ्कन गर्ने प्रणलीको विकास गर्ने ।
- सङ्घीय सरकारले निर्धारण गरेको गुणस्तर मापन सूचाकाङ्कका आधारमा हरेक प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्रदायक संस्थाहरूले आत्ममूल्याङ्कन गरी गुणस्तर सुधार गर्ने ।

### गतिशीलता र पारगम्यता

### नीतिगत व्यवस्था

- श्रम बजारको माग र सिकारूको क्षमता र योग्यताका आधारमा अनौपचारिक र अरीतिक माध्यमबाट युवा र प्रौढहरूका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास र योग्यता बढाउने अवसर खुला गर्ने।

### रणनीतिहरू

- राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको स्तर र मान्यता कायम गर्ने व्यवस्था गर्ने ।

- औपचारिक, अनौपचारिक र अरीतिक माध्यमबाट प्राप्त ज्ञान, सीप र दक्षतालाई सिकाइका माथिल्लो योग्यता र अर्को धारको समान योग्यता हासिल गर्न राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपका आधारमा मूल्याङ्कन गरी जीवनपर्यन्त सिकाइलाई व्यवस्थित गर्ने ।
- पहिला सिकेका ज्ञान सीप र दक्षतालाई परीक्षण गरी हासिल गरेको योग्यतालाई मान्यता दिने प्रणाली कानुनद्वारा नै सुनिश्चित गर्ने । अनौपचारिक सीप विकास, कार्य अनुभव, स्वअध्ययन वा अरीतिक तरिकाबाट सिकेको ज्ञान, सीप र क्षमताको परीक्षण गरी मान्यता प्राप्त योग्यता वा क्रेडिट जम्मा गरी माथिल्लो तहको योग्यता हासिल गर्न पाउने व्यवस्था गर्ने ।
- सीपको बदलिँदो आवश्यकतालाई परिपूर्ति गर्न र वृत्ति (पेसा वा व्यवसाय) सँग सम्बन्धित सल्लाह सेवा प्रवाह गर्ने प्रणालीको विकास गर्ने ।
- पेसागत वर्गीकरणका आधारमा विद्यमान अभ्यासमा रहेका सीप विकास क्षेत्रका योग्यतालाई वर्गीकरण गरी सान्दर्भिक नयाँ योग्यताहरू विकास गर्ने ।

**सुशासन र व्यवस्थापन**

**नीतिगत व्यवस्था**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससँग सम्बन्धित हुने सबै विषय, क्षेत्र र कार्यक्रमलाई छुट्टाछुट्टै सम्बोधन हुने गरी एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास ऐन तर्जुमा गर्ने ।

**रणनीतिहरू**

- सङ्घीय कानुनसँग अनुकूल हुने गरी प्रादेशिक सरकारले तथा सङ्घीय कानुन र प्रादेशिक कानुन अनुकूल हुने गरी स्थानीय सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप बिकास सम्बन्धी कानुन बनाई आफ्नो प्रदेश र स्थानीय क्षेत्रभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप बिकासलाई व्यवस्थित गर्ने ।
- सङ्घले राष्ट्रिय पाठ्यक्रम प्रारूप, गुणस्तर मापदण्ड (गुणस्तर प्रत्यायन, शिक्षक, पूर्वाधार, प्रवेश योग्यतासमेत) ढाँचा स्वीकृत गर्ने ।
- सङ्घले सङ्घीय, अन्तर निकाय, अन्तर प्रदेश र अन्तर स्थानीय तहबिच समन्वय र सहजीकरण गर्न वित्तीय स्रोतको व्यवस्था र बाँडफाँडको ढाँचा स्वीकृत गर्ने ।
- औद्योगिक सीप विकासमा आधारित कार्यस्थलको सिकाइमा उद्योगी तथा व्यवसायीहरूको सक्रिय सहभागिता वृद्धि गर्न सरकारी, निजी र सहकारी प्रणाली लागु गर्न कानुनी व्यवस्था गर्ने ।
- सङ्घले उद्योग, व्यावसाय र रोजगारदाता निकाय, सहकारी, गैरसरकारी र दातृ निकायहरूको परिचालन गर्ने ढाँचा स्वीकृत गर्ने ।
- सङ्घले प्राविधिक तथा व्यावसायिक शिक्षा एवं सीप विकास कार्यान्वयनको जवाफदेहिताको अनुगमनको व्यवस्था गर्ने ।
- राष्ट्रिय व्यावसायिक योग्यता प्राधिकरण स्थापना गर्ने ।

- प्रत्येक प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रम सञ्चालनका लागि तोकिएको मापदण्डका आधारमा विषयगत विज्ञहरूको समिति निर्माण गरी सो समितिको सिफारिस बमोजिम नयाँ संस्था दर्ता सम्बन्धी कार्य गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रमका लागि संस्था दर्ता गर्ने निकाय स्वयंले गुणस्तर प्रत्यायन प्रमाणपत्र दिन नपाउने व्यवस्था गर्ने ।
- कम्पनी ऐन अन्तरगत सञ्चालनमा रहेका नाफामुलक प्राविधिक कक्षाका संस्थाहरुलाई मुनाफारहित सेवामुलक संस्थामा परिणत गर्ने ।कम्पनी ऐन अन्तरगत संस्था अनुमति तथा सम्बन्धन दिने प्रावधान बन्द गर्ने ।

**अनुसन्धान, नवप्रवर्तन र सूचना व्यवस्थापन**

**नीतिगत व्यवस्था**

- गुणात्मक अध्ययन अनुसन्धानमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी विकास नीति, नतिजामूलक योजना निर्माण तथा अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने ।
- व्यावसायिक सीप विकासलाई नवप्रवर्तनशीलता एवं उद्यमशीलताका आधारमा स्वदेशमा नै मर्यादित रोजगारीका अवसरहरू सिर्जना गरी रोजगारीको हकलाई सुनिश्चित गर्ने ।
- सङ्घ र प्रदेश स्तरमा स्थापना हुने अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता केन्द्रले सूचना र प्रविधिको माध्यम मार्फत सङ्घीय तहले प्रदेश तहलाई र प्रदेश तहले स्थानीय तहहरूलाई अध्ययन अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास गर्ने सम्बन्धमा संस्थागत क्षमता अभिवृद्धिमा मदत पुर्याउने प्रणालीको विकास गर्ने ।

**रणनीतिहरू**

- सङ्घ र प्रदेशमा योग्य तथा दक्ष प्रशिक्षक, व्यवस्थापक एवं विभिन्न विधाका विशेषज्ञहरूको प्रभावकारी उत्पादन र व्यवस्थापन गर्न राष्ट्रिय जनशक्ति विकास, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास केन्द्र स्थापना गर्ने ।
- युवा तथा महिलाहरूमा नवप्रवर्तनात्मक सक्षमता विकास गर्नका साथै प्रतिभा एवम् क्षमता प्रवर्द्धन गर्न हरेक प्रदेशको नमुना बहुप्राविधिक शिक्षालयको रूपमा अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास केन्द्र स्थापना गर्ने ।
- सङ्घीय तहमा स्थापना हुने राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कोषबाट अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास तथा अनुसन्धानका लागि पर्याप्त स्रोत व्यवस्था गर्ने ।
- प्रत्येक प्रदेशमा कम्तीमा एउटा पर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका विषयगत प्रयोगशालासहित मर्मत सम्भारको सुविधायुक्त प्रदेशस्तरीय अनुसन्धानशालाहरू स्थापना गर्ने ।

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासबाट प्रशिक्षित महिला, युवा, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका समुदाय, जनजातिहरूलाई निश्चित मापदण्डका साथ अध्ययन, अनुसन्धानका अवसर सिर्जना र वृत्ति विकास कार्यक्रमलाई प्राथमिकताका साथ प्रोत्साहित गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्राप्त गरी उद्यमशीलता र नवप्रवर्तनात्मक सक्षमता विकास गर्दै आर्थिक सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उदाहरणीय तथा अन्वेषणात्मक कार्य गरी समाजमा योगदान पुर्याएका युवा र महिलालाई पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाउने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम क्षेत्रमा काम गरिरहेका सङ्घ संस्थाहरूले निश्चित ढाँचाको डिजिटल प्रतिवेदन अनलाईन मार्फत चौमासिक रूपमा पेस गर्नुपर्ने प्रणाली विकास गरी एकीकृत रूपमा डिजिटल तथ्याङ्क सङ्कलन गर्ने प्रणाली राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथ्याङ्क केन्द्र तथा तथ्याङ्क पुनःस्थापना केन्द्र स्थापना गरी तथ्याङ्कको आवश्यक विश्लेषणसहित सर्वसुलभ रूपमा तथ्याङ्क र विश्लेषण प्रतिवेदन प्रदेश र स्थानीय तहहरूलाई उपलब्ध गराउने व्यवस्था गर्ने ।

### क्षमता विकास

### नीतिगत व्यवस्था

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्रदायक संस्थाहरूमा योग्य प्रशिक्षक, भौतिक संरचना र व्यावहारिक अभ्यासको गुणस्तर सुनिश्चित हुने व्यवस्था गर्ने ।
- विद्यार्थी, प्रशिक्षक र कर्मचारीको क्षमता अभिवृद्धि गर्न जनशक्ति विकास, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास केन्द्रले पाठ्यपुस्तक तयार पार्ने, स्रोत पुस्तकहरू तयार पार्ने, डिजिटल स्रोतपुस्तक र जानकारीहरू तयार गरी अनलाईन सेवा र दूर शिक्षा जस्ता सूचना प्रविधिमा आधारित सेवाहरूको विकास तथा विस्तार गर्ने

### रणनीतिहरू

- राष्ट्रिय जनशक्ति विकास, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास केन्द्र मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि आवश्यक प्रशिक्षक, पाठ्यक्रम विशेषज्ञ, सुपरिवेक्षक, मूल्याङ्कन विशेषज्ञ, व्यवस्थापक र नेतृत्व लिन सक्ने जनशक्ति तयार गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादन गर्न प्रशिक्षक प्रक्षेपणका आधारमा विश्वविद्यालयहरू मार्फत तयारी गर्ने।
- प्रशिक्षकहरूको प्रशिक्षण अनुमति पत्रको व्यवस्था लागु गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासको लागि निरन्तर पेशागत क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका स्नातकहरू काम गर्ने संस्थामा नै सीप विकास शुल्क प्रणाली अवलम्बन गरी क्षमता विकास कोष निर्माण गर्ने ।

- प्राविधिक तथा व्यावसायिक शिक्षाको डिप्लोमा तह उत्तीर्ण जनशक्तिलाई सम्बन्धित कार्यक्रमका लागि तोकिएको न्यूनतम योग्यता पुरा गरेमा सम्बन्धित विषयमा उच्च शिक्षामा भर्ना हुन पाउने अवसर प्रदान गर्ने ।

**दिगो लगानी**

**नीतिगत व्यवस्था**

- माध्यमिक तहसम्मको प्राविधिक तथा व्यावसायिक शिक्षा क्रमशः निःशुल्क गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका क्षेत्रमा कुशलता र प्रभावकारिता अभिवृद्धि गर्न दिगो लगानीको एकीकृत ढाँचा र क्षेत्रगत लागानी ढाँचाको अवलम्बन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्रदायक संस्था, निकाय तथा शिक्षालयलाई एकमुष्ठ अनुदान प्रणालीको व्यवस्था गरी क्रमशः स्वायत्तता प्रदान गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि उद्योग व्यवसायीको सहकार्यमा सीप विकास शुल्कको व्यवस्था लागु गरी लगानीका लागि साझेदारिता र सहकारितालाई प्राथमिकता प्रदान गर्ने ।

**रणनीतिहरू**

- राज्यको प्राथमिकतामा परेका क्षेत्र, वर्ग र समुदायका लागि आवासीय सुविधा सहितको प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास निःशुल्क रूपमा प्रदान गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्राप्त जनशक्तिलाई स्वरोजगार र उद्यमशीलताका लागि सहुलियत ऋणको व्यवस्था गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका क्षेत्रमा सरकारले गर्ने लगानीको ढाँचा विकास गरी क्रमश निशुल्क गर्दै लैजाने र निजी क्षेत्रबाट गरिने लगानीको लागि उपयुक्त वातावरण विकास गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा जनशक्ति प्रक्षेपणका आधारमा यसको विकासका लागि सीप विकास कोषमा रकम विनियोजन गर्ने व्यवस्था गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा निजी क्षेत्र र उद्योगि व्यवसायीलाई आफ्नै संस्थामा कार्यशालाको अवधारणा बमोजिम सीप विकास कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- उद्यमशीलता विकासका लागि लक्षित समूहलाई अनौपचारिक शिक्षा तथा सामुदायिक सिकाइ केन्द्र मार्फत लघु वित्त तथा साना घरेलु उद्योग जस्ता कार्यक्रममा सहुलियतपूर्ण ऋण सहयोग उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि सीप विकास बैङ्क तथा क्रेडिट बैङ्क जस्ता अवधारणा लागु गर्नुपर्ने ।
- प्राविधिक शिक्षामा दलित सीमान्तकृत जनजाति र छात्राहरूका लागि छात्रवृत्ति उपलब्ध गराउनुपर्ने ।

## विज्ञान र प्रविधि

### नीतिगत व्यवस्था

- प्राविधिक तथा व्यावसायिक शिक्षामा विज्ञान तथा प्रविधिमैत्री शिक्षाका माध्यमद्वारा पारमाणविक, अन्तरिक्ष, जैविक लगायतका प्रविधिको विकास, विस्तार र उपयोगमा विविधीकरण तथा क्षमताको अभिवृद्धि गर्ने ।
- विज्ञान तथा प्रविधि र सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा शहरी र ग्रामीण विद्यार्थीबिच अन्तर कम गर्न सङ्घीय, प्रदेश र स्थानीय शैक्षिक प्रणाली र संरचनामा सूचना र प्रविधिको प्रयोगमा समन्यायिक पहुँच र एकरूपता कायम गर्ने ।

### रणनीतिहरू

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा दूर शिक्षा एवं घुम्ती सिकाइलाई सीप हस्तान्तरणको वैकल्पिक आधार बनाउने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा विज्ञान तथा प्रविधिका क्षेत्रमा विकास भएका परमाणु, सूचना, अन्तरिक्ष, जैविक र नानो लगायतका प्रविधिहरूको उपयोगका लागि अनुसन्धान, क्षमता विकास तथा नियमनलाई प्रभावकारी बनाउने ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी स्थानीय तहमै गुणस्तर सुनिश्चित गर्ने मापदण्ड निर्माण गर्ने ।
- सङ्घ, प्रदेश र स्थानीय तीनै तहमा रोजगार सूचना केन्द्र मार्फत श्रम बजार सूचना प्रणाली विकास गरी तथ्याङ्क र सूचना सङ्कलन गर्ने ।
- नेपालका विभिन्न स्थानमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक सङ्घ संस्थाहरूलाई GIS प्रणाली मार्फत नक्साङ्कन गरी सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने ।

## अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण

### नीतिगत व्यवस्था

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका लागी निजी क्षेत्रलाई प्रभावकारी र व्यवस्थित रूपमा परिचालन गर्न आवश्यक नीति नियमहरू प्रदेश सरकारले बनाउने । सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरूप कार्यक्रम सञ्चालनको नीतिगत व्यवस्था गर्ने ।

### रणनीतिहरू

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका लागि प्राविधिक जनशक्ति सहितको संयन्त्र निर्माण गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका लागि सङ्घ तथा प्रदेशमा प्राविधिक जनशक्ति सहितको संयन्त्र निर्माण गर्ने ।

- प्रदेश सरकारले आफ्नो प्रदेशभित्र सञ्चालनमा रहेको कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने र प्रादेशिक सरकारले प्रदेशभित्र सञ्चालनमा रहेको कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- स्थानीय तहहरूले आफ्नो क्षेत्रमा भएका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रम सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी वार्षिक प्रतिवेदन प्रदेश मार्फत एकीकृत प्रतिवेदन सङ्घीय तहमा पुर्‍याउने व्यवस्था गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रमहरूको अनुगमन निर्देशिका तयार गरी विशेषज्ञ ज्ञान, सीप तथा दक्षता भएकाले मात्र अनुगमन तथा मूल्याङ्कन गर्न पाउने व्यवस्था लागु गर्ने
- एक बहुसरोकारवाला संयन्त्र र वार्षिक बृहत् समीक्षा गर्ने परिपाटी बसाउने ।

**सङ्गठनात्मक स्वरूप र कार्यान्वयन ढाँचा**

**नीतिगत व्यवस्था**

- सङ्घ, प्रदेश तथा स्थानीय सरकारबाट सम्पादन हुने शैक्षिक विकास तथा प्रशासन सम्बन्धी कार्यहरूको विश्लेषण गरी आवश्यकता अनुसार शिक्षा प्रशासनिक संरचनाहरूको स्थापना गरी जनशक्ति व्यवस्थापन गर्ने ।

**रणनीतिहरू**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी राष्ट्रिय नीति निर्माण गर्न र सङ्घीय अन्तर निकाय, अन्तर प्रदेश र अन्तर स्थानीय तहबिच समन्वय र सहजीकरण तथा वित्तिय स्रोतको व्यवस्था र बाँडफाँडको ढाँचा स्वीकृत गर्नका लागि सङ्घीय तहमा प्रधानमन्त्रीको अध्यक्षतामा बहुसरोकारवाला सम्मिलित प्रतिनिधित्व हुने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सभा र शिक्षा मन्त्रीको अध्यक्षतामा राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद् रहने व्यवस्था गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी राष्ट्रिय नीतिअनुकूल प्रादेशिक नीति निर्माण गर्न, प्रादेशिक अन्तर निकाय, अन्तर प्रदेश र अन्तर स्थानीय तहबिच समन्वय र सहजीकरण गर्न,  वित्तीय स्रोतको व्यवस्था र बाँडफाँडको ढाँचा स्वीकृत गर्न प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा बहुसरोकारवाला सम्मिलित प्रतिनिधित्व हुने गरी प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सभा र सामाजिक विकास मन्त्रीको अध्यक्षतामा प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद् रहने व्यवस्था गर्ने ।
- प्राविधिक शिक्षालय र व्यावसायिक सीप विकास तालिम केन्द्रको भौगोलिक तथा क्षेत्रीय वितरणको नक्साङ्कन गरी ७५३ स्थानीय तहमा स्थानीय विशेषता र आवश्यकतामा आधारित कम्तीमा एक बहु प्राविधिक शिक्षालय स्थापना गर्ने । आवश्यकता हेरी प्रत्येक स्थानीय सरकार मातहत एक व्यावसायिक तालिम केन्द्र सञ्चालन गर्ने ।

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बद्ध सबै तह र निकायलाई तोकिएको कार्य सम्पादन र उपलब्धिप्रति जिम्मेवार बनाउने ।
- नयाँ सङ्घीय संरचनाअनुसार सरकारको सबै तह र निकायहरूमा सुशासन, जवाफदेहिता र पारदर्शिता कायम गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका सबै संयन्त्रहरूको पुनःसंरचना गर्ने । परिषद्लाई केन्द्रमा नेपाल सरकारको एक स्वायत्त निकायका रूपमा राख्ने र प्रदेशमा प्रदेश सरकारको मातहतमा राख्ने। त्यसै गरी स्थानीय तहमा सङ्घ तथा प्रदेशले तयार पारेको खाकाको परिधिमा रही प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम समन्वय एकाइ रहने ।
- छरिएका प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास तालिम प्रदायकहरूको व्यवस्थापन गर्न स्वायत्त प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास परिषद्को गठन गरी यसको नेतृत्व विषय विज्ञको समूहलाई र प्रशासनिक कामको जिम्मा शिक्षा प्रशासनले गर्ने व्यवस्था गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई सुव्यवस्थित गरी गुणस्तरयुक्त शिक्षा तथा तालिम प्रदान र नियमन गर्न सङ्घीय कानुन अनुकूल हुने गरी प्रदेश सरकारले प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास सम्बन्धी कानुन बनाई कार्यान्वयन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी राष्ट्रिय तथा प्रादेशिक नीतिबमोजिम योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्न स्थानीय सरकारले कानुन बनाई लागु गर्न सक्ने र यसका लागि स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कार्यक्रम कार्यान्वयन समिति रहनु उपयुक्त हुने ।
- सङ्घीय तहमा केन्द्रीय स्तरको राष्ट्रिय योग्यता प्राधिकरण, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कोष र राष्ट्रिय जनशक्ति विकास, अनुसन्धान, उद्यमशीलता विकास केन्द्र स्वायत्त निकायका रूपमा रहने व्यवस्था गर्ने । प्रत्येक निकायमा प्रमुख कार्यकारी अधिकृत (राप प्रथम श्रेणीसरह) रहने र यस पदमा खुला प्रतियोगिताबाट लोकसेवा आयोगको सिफारिसमा नियुक्ति गर्ने।
- सङ्घमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास परीक्षा बोर्ड रहने र यसले राष्ट्रिय परीक्षा बोर्डसँगको समन्वयमा मूल्याङ्कन तथा प्रमाणीकरणको कार्य गर्ने ।
- राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास परिषद्अन्तर्गत औद्योगिक सीप विकास समिति रहने र यसले औद्योगिक सीप विकास तथा तालिमसम्बन्धी कार्यको समन्वय गर्ने ।
- सबै विषयगत प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास तालिमको जनशक्ति तयार गर्ने रणनिति अपनाउने ।
- शैक्षिक गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकूल बनाउन शैक्षिक संस्था र समुदायको सहकार्य गर्ने प्रबन्ध मिलाउने ।

परिच्छेद ८

# आजीवन सिकाइ, अनौपचारिक तथा खुला शिक्षा

## १. पृष्ठभूमि

नियमित संरचनाका विद्यालय तथा विश्वविद्यालयभन्दा बाहिर बसेर व्यक्तिले शिक्षा आर्जन गर्ने विभिन्न पद्धतिहरू संसारमा विकास भई अभ्यासमा रहेका छन्। मुख्य रूपमा स्थापित भई कार्यान्वयनमा रहेका चारओटा पद्धतिहरू आजीवन सिकाइ, अनौपचारिक शिक्षा, खुला तथा दूर शिक्षाको बारेमा यहाँ चर्चा गरिएको छ।

### क. आजीवन सिकाइ

मानवजातिको प्रमुख विशिष्टता भनेकै उसको सिक्ने र आजीवन सिकिरहन सक्ने स्वभाव र क्षमता हो। सभ्यताको प्रारम्भिक चरणमा मानिसले प्रकृति र वातावरणबाट अनुभवको आधारमा अर्थात् अरीतिक ढङ्गले सिकेर ज्ञान, सीप र धारणाहरू विकास गरेको हो। तिनै सिकाइहरू अनौपचारिक शिक्षाको माध्यमबाट एक पुस्ताबाट अर्को पुस्तामा सर्दै, नयाँ पुस्ताको अनुभवसमेत थपिएर पुराना ज्ञान, सीप र प्रविधिहरू उन्नत हुँदै आएको हो। अनौपचारिक ढङ्गबाटै एउटा समुदाय वा क्षेत्रको सिकाइ अर्को क्षेत्रमा हस्तान्तरण हुने, फरक परिवेशका फरक सिकाइहरू मिश्रण भएर नयाँ ज्ञान, सीप र प्रविधिको जन्म हुने र फैलिने क्रम पनि चल्दै आयो। अक्षर र लिपिको आविष्कार हुनुभन्दा अगाडिदेखि नै सिक्ने, सिकाउने र अनौपचारिक ढङ्गबाट ज्ञान फैलाउने सिकाइ संस्कृतिको विकास भएको देखिन्छ।

हेरेर, देखेर, सुनेर, छलफल गरेर वा सँगै कामगर्ने लगायत अन्य थुप्रै अनौपचारिक विधिहरू प्रयोग गरेर मानिसहरू ज्ञान, सीप आर्जन गरिरहेका हुन्छन् र धारणा बनाइरहेका पनि हुन्छन्। एकअर्कामा उक्त ज्ञान बाँडिरहेका पनि हुन्छन्। त्यसैले साक्षर नहुँदैमा मानिस अज्ञानी वा अशिक्षित हुँदैन। पूर्वीय दार्शनिक चिन्तन र अभ्यासको विकास क्रमले पनि के साबित गरेको छ भने श्रुति परम्परा र विभिन्न प्रकारका अरीतिक तथा अनौपचारिक शिक्षाको जगमा नै उन्नत सभ्यताहरू विकास भएको थियो। जीवनभर निरन्तर सिकिरहने, सिकेका ज्ञान र सीप परिवार लगायत समुदायमा बाँडिरहने सिकाइ संस्कृतिको विकास पनि आदिकालदेखि नै हुँदै आएको छ।यसबाट के स्पष्ट हुन्छ भने प्रकृति र वातावरणबाट स्वभाविक रूपमा सिक्ने अरीतिक विधि र अनौपचारिक शिक्षाको अभ्यासको जगबाट नै आधुनिक औपचारिक शिक्षाप्रणालीको प्रादुर्भाव भएको हो। आजीवन सिकाइको अभ्यास पनि मानव सभ्यताको प्रारम्भिक चरणबाटै सुरु भएको स्पष्ट देखिन्छ।

समकालीन विश्वमा चलिरहेको शिक्षासम्बन्धी बहसले आजीवन सिकाइलाई एउटा महत्त्वपूर्ण अवधारणा र दर्शनकै रूपमा अगाडि सारेको छ। जीवन चक्रको हरेक चरणमा मान्छेको विशिष्ट आवश्यकता मात्र होइन आफू र समाजलाई नै उन्नत तुल्याउन योगदान गर्नसक्ने विशिष्ट सम्भावना पनि रहेको हुन्छ। आजीवन सिकाइको दर्शनले सिकाइ मानव जीवनको एक अभिन्न पक्ष हो र यसको जीवनभर सचेत अभ्यास हुनुपर्छ भन्दछ ।

विश्वव्यापीकरण, तीव्र सहकरीरण र बसाइँ सराइ, सूचना प्रविधिको क्षेत्रमा भएको क्रान्तिले विश्वको हरेक मुलुक र समाजमा तीव्र परिवर्तनहरू भइरहेका छन। बालबालिका र युवाको लागि मात्र हैन प्रौढ र ज्येष्ठ नागरिकका लागि पनि निरन्तर सिकिरहने व्यवस्था र वातावरणको जरुरत पर्दछ। संयुक्त राष्ट्रसंघकै युनेस्को लगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले पनि दिगो विकासको लक्ष्य प्राप्तिको रणनीतिमा आजीवन सिकाइलाई महत्त्वकासाथ प्रस्तुत गरेका छन। युनेस्कोले अघि सारेको परिभाषा र व्याख्याअनुसार आजीवन सिकाइको अवधारणा लोकतंत्र, मानवीयता र मानव मुक्तिको मूल्यमान्यतामा आधारित रहेको छ। सुखी र खुसी जीवनयापनका लागि सिक्ने प्रक्रिया जीवनभर चलिरहनु पर्छ। हरेक उमेर समूहका मानिसहरू सिकाइ प्रक्रियामा संलग्न भइरहनु पर्छ। घरपरिवार, कार्यथलो, विद्यालय, समुदाय र हरेक सामाजिक स्थानमा सिकाइ प्रक्रिया हुनसक्छ।

आजीवन अर्थात् जीवनपर्यन्त सिकाइ तोकिएको निश्चित ढाँचा र पद्धतिमा सीमित हुँदैन, यो धेरै प्रकारका कार्यक्रम विधि, सिकारुको रुचि र चाहनाअनुसारका क्रियाकलाप आदिमा भर पर्दछ । सन १९९० को दशकमा आएर युनेस्कोले जीवनपर्यन्त शिक्षा शब्द परिवर्तन गरी जीवनभरको सिकाइ भन्ने शब्द प्रयोग गर्न थाल्यो। वर्तमान अवस्थामा जीवनपर्यन्त सिकाइलाई आजीवन सिकाइ भन्न थालिएको छ।

आजीवन सिकाइ एउटा छुट्टै विधि हैन, यो त समग्र शिक्षाप्रणालीलाइ मार्गनिर्देशन गर्ने सिद्धान्त हो। बालशिक्षा, आधारभूत शिक्षा हुँदै माध्यमिकदेखि उच्चशिक्षासम्म पुग्ने क्रममा हरेक व्यक्तिलाई आजीवन कसरी सिकिरहने भन्ने ज्ञान र सीप प्रदान गर्नु जरुरी हुन्छ। त्यसैले अरीतिक, अनौपचारिक र औपचारिक सबै माध्यमबाट आजीवन सिकाइको अभ्यासलाइ सुदृढ तुल्याउनु जरुरी छ। मानव जीवनलाई सहज, उन्नत र सुखी तुल्याउनु नै आजीवन सिकाइको मूल ध्येय हो।

ख. **अनौपचारिक शिक्षा**

वि.सं २००७ सालमा नेपालमा आधुनिक प्रजातान्त्रिक युग सुरु हुँदा कुल जनसङ्ख्याको झन्डै दुई प्रतिशत मात्र नागरिकहरू साक्षर थिए। प्रजातन्त्रको प्रादुर्भावसँगै नेपालमा शैक्षिक जागरणको लहर आयो। वि.सं २०११ सालको नेपालको पहिलो राष्ट्रिय शिक्षा आयोगले नेपालमा प्राथमिक शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षाको साथै अनौपचारिक शिक्षालाइ के, कसरी अगाडि बढाउनुपर्छ भन्ने बारेमा युगानुकुल सुझावहरू दिएको थियो। उक्त प्रतिवेदनले प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिन सिफारिस गरेपछि वि.सं २०१३ सालदेखि योजनाबद्ध रूपमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइएको हो ।

राष्ट्रिय शिक्षा आयोग २०११ देखि वि. सं २०५५ सालसम्म गठन भएका राष्ट्रिय शिक्षा आयोगका प्रतिवेदनहरूले अनौपचारिक शिक्षा भनेको मूल रूपमा प्रौढ शिक्षा हो र प्रौढ शिक्षा भनेको प्रौढ साक्षरताको विस्तार हो भनेको छ। वि. सं २०५५ सालको आयोगले अनौपचारिक शिक्षालाई मुलुकको शिक्षाप्रणालीको प्रमुख अङ्गको रूपमा स्थापित गर्नुपर्ने, साक्षर भइसकेपछि

प्रौढहरूलाई जीवनोपयोगी सीपहरू प्रदान गर्नुपर्ने र औपचारिक, अनौपचारिक र प्राविधिक शिक्षाकाबीच समन्वय हुनुपर्ने बिषय सिफारिस गरेको थियो।

साक्षरता शिक्षालाई जीवन पद्धतिसँग आबद्ध गर्न जरुरी महसुस गर्दै वि.सं. २०२२ सालदेखि कार्यमूलक साक्षरताको अवधारणालाई पनि समावेश गरियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ को मध्यावधि मूल्याङ्कनपछि साक्षरता कार्यक्रमलाई अझ व्यापक बनाइयो । शिक्षा मन्त्रालयमा वि.सं. २०३७ सालदेखि प्रौढ शिक्षा शाखा स्थापना गरी साक्षरता शिक्षालाई संस्थागत संरचनामार्फत विस्तार गरियो ।

कुनै पनि व्यक्ति इच्छा वा रहरले नभई प्रतिकूल पारिवारिक, सामाजिक परिवेश तथा विद्यमान शैक्षिक संरचनाले समेट्न नसकेको कारणले साक्षरता लगायत आधारभूत शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुन पुग्छन्। औपचारिक शिक्षा प्राप्त गर्ने अनुकूलता नहुनेलाई वैकल्पिक अनौपचारिक शिक्षाको माध्यमबाट साक्षर तुल्याई आधारभूत शिक्षा प्राप्त गर्ने अवस्थासम्म पुऱ्याउने उद्देश्यले विभिन्न कार्यक्रमहरू केही दशकदेखि नै सञ्चालन हुँदै आएका छन्। तर, संख्या र गुणस्तर दुवै हिसाबले यस्ता कार्यक्रम सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको लक्ष्य प्राप्त गर्न प्रभावकारी हुन सकेको छैनन्।

नेपालमा सरकारबाट सञ्चालन गरिएका अनौपचारिक शिक्षा कार्यक्रमहरू बाहेक सामुदायिक संगठनहरू, परम्परागत जनजाति सङ्गठनहरू, गुठी लगायत विभिन्न सामाजिक तथा गैरसरकारी संघ, संस्थाहरूले पनि अनौपचारिक शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण कामहरू गर्दै आएका छन्। आमा समूह, किसान समूह, सामुदायिक वन उपभोक्ता संघ, बालक्लब, युवा क्लब लगायत थुप्रै गैरसरकारी सामाजिक संस्थाहरूले समुदायको सशक्तीकरण, सामुदायिक साक्षरता, समुदायमा आवश्यक सूचनाहरू प्रवाह लगायत ज्ञान हस्तान्तरण र सीप विकासमासमेत धेरै उपयोगी कामहरू गरेका छन। सामाजिक संस्थाहरूको पहलमा अनौपचारिक शिक्षा प्रदान गर्न रिफ्लेक्ट (REFLECT) जस्ता विधि र प्रक्रियाहरूको प्रयोग गरी नेपाल सरकारले 'नागरिक सचेतना केन्द्र' मार्फत् मुलुकव्यापी सामुदायिक विकास कार्यक्रम सञ्चालन गरेको थियो।

काठमाडौं उपत्यका लगायत मुलुकका बिभिन्न क्षेत्रमा बसोबास गर्ने परम्परागत शिल्पी जनजाती र दलित समुदायमा प्रचलनमा रहेको पाको पुस्ताबाट युवा पुस्तामा हुने ज्ञान र सीपको हस्तान्तरणमा पनि अनौपचारिक शिक्षा विधिको प्रयोग हुँदै आएको छ। व्यक्ति, परिवार र समुदायको तहमा हस्तान्तरण हुँदै आएका यस्ता ज्ञान र सीपलाई आधुनिक प्रविधि र सिकाइ प्रक्रियासँग जोड्न भने अझै सकिएको छैन।

औपचारिक शिक्षाको प्राथमिकदेखि माध्यमिक तह उत्तीर्ण गरेका व्यक्तिहरूसमेत सजिलैसँग श्रमबजारमा प्रवेश गर्न नसक्ने र स्वरोजगार पनि बन्न नसक्ने अवस्थाको कारण रोजीरोटीका लागि नै विदेशिनु पर्ने अवस्था रहेको छ। अहिलेको अवस्थामा माध्यमिक तह वा निश्चित औपचारिक शिक्षा पूरा गरेका व्यक्तिहरूले अनौपचारिक शिक्षाको माध्यमबाट कुनै खास क्षेत्रको सीप विकास गरेर रोजगारीमा जानसक्ने व्यवस्थित प्रावधान पनि अत्यन्तै न्यून छ ।

### ग. खुला तथा दूर शिक्षा

सिक्ने र सिकाउने व्यक्तिहरू निश्चित दूरी र फरक समयमा रहेर शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्ने पद्धतिलाई दूर शिक्षा भनिन्छ । सिकाउने व्यक्तिलाई सिकारु र सिकाउने व्यक्तिलाई सहजकर्ता भनिन्छ । प्रारम्भमा सिकारु र सहजकर्तालाई पत्राचारको माध्यमले जोडने गरिन्थ्यो । सूचना तथा सञ्चार प्रविधिमा भएको विकाससँगै पत्राचारको परम्परागत पद्धति रेडियो, टेलिभिजन, मल्टिमिडिया, अनलाइन र भर्चुवल हुँदैं अहिले आर्टिफिसियल इन्टेलीजेन्सिको संघारमा आइपुगेको छ ।

दूर शिक्षा र खुला शिक्षा फरक विषयहरू हुन् । दूर शिक्षामा सिक्ने र सिकाउने व्यक्तिहरू भूगोल र समयको दृष्टिले टाढा हुन्छन्, तर उनीहरूलाई पत्राचार, इमेल, टेलिफोन, कन्फरेन्सिङ जस्ता प्रविधिको माध्यमले शिक्षण सिकाइ प्रक्रियाको सञ्चालन गर्ने तथा पेसागत क्षमताको वृद्धि गर्नेजस्ता कार्यमा सहयोग पुर्‍याउँछ । दूरी र समयदेखि बाहेकका अन्य पक्षहरू दूर शिक्षा प्रणालीमा नियमित शिक्षा प्रणालीमा जस्तै हुन्छ तर खुला शिक्षामा बढी लचकता हुन्छ । सिकारुले कुनै कुरा सिक्नका लागि के, कसरी, कहाँ, कहिले सिक्ने भन्नेबारेमा आफ्नो धारणा राखेर आफूलाई पायक पर्ने र सहज हुने गरी कार्यक्रममा भर्ना हुन सक्छन् । खुला शिक्षामा भर्ना हुनको लागि पूर्वनिर्धारित सर्तहरूलाई धेरै महत्त्व दिइँदैन । समग्रमा भन्नु पर्दा खुला शिक्षाको अवधारणा दूर शिक्षा मार्फत कार्यान्वयन गरिन्छ । आजकल खुला तथा दूर सिकाइ कार्यक्रमका सञ्चालक तथा सहजकर्ता र सिकारुहरू आमने सामने नबसे पनि कम्प्युटर र इन्टरनेटको माध्यमबाट परस्परमा नजिक आई  जीवन्त अन्तरक्रिया गर्ने प्रणालीलाई भर्चुवल शिक्षा भनिन्छ ।

नवौं पञ्चवर्षिय २०५४(०५९योजना देखि नै नेपालमा खुला विद्यालय तथा खुला विश्वविद्यालयमार्फत शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान भएको भए तापनि खुला विद्यालयको अभ्यास २०६३ बाट प्रारम्भ भयो र खुला विश्वविद्यालयको स्थापना २०७३ सालमा भई कार्यान्वयनमा रहेको छ ।दूर शिक्षा मार्फत शिक्षक तालिम दिने कार्य २०३७ बाट प्रारम्भ भयो ।

## २. वर्तमान अवस्था विश्लेषण

### क.आजीवन सिकाइ

दिगो विकासका लक्ष्यहरू २०३० को लक्ष्य नं.४ मा सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने उल्लेख छ।

व्यक्तिको आफ्नै भोगाइ सञ्चार माध्यमका साधनहरू (रेडियो पत्रपत्रिका टेलिभिजन अनलाइन मिडिया आदि) सरकारी तथा गैरसरकारी संघसंस्थाहरूबाट सञ्चालन गरिएका विभिन्न चेतनामूलक तथा पेसागत सीप विकाससम्बन्धी तालिम र कार्यशाला बाहेक संस्थागत रूपमा आजीवन सिकाइका कार्यक्रमहरू हाम्रो देशमा सञ्चालन भएको पाइँदैन ।

### ख. अनौपचारिक शिक्षा

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्कका साथै नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना गर्ने विषय उल्लेख गरेको छ । प्रारम्भिक बाल विकास तथा शिक्षा लगायत आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको प्रावधान गरेको छ।

शिक्षा मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार नेपालका ८२% प्रौढ र ९२% युवाहरू साक्षर छन्। तर साक्षरताको समकालीन परिभाषा, आवश्यकता ,विश्वव्यापी मापदण्ड र सूचकहरूसँग तुलना गर्ने हो भने यो तथ्याङ्कमा ठूलो फरक वा अन्तर आउन सक्छ । निरक्षरता उन्मूलनको अभियानलाई तीव्रता दिन बि.सं. २०४५ सालमा राष्ट्रिय साक्षरता अभियान कार्यक्रम सञ्चालन गरिएको थियो। वि. सं. २०६५ र २०६९ सालमा दुईपटक गरी जम्मा ६ वर्षको राष्ट्रिय साक्षरता अभियान सरकारी र गैरसरकारी क्षेत्रका सहकार्यमा सञ्चालन गरियो। शिक्षा मन्त्रालयले त्यसैवेला राष्ट्र सङ्घको विश्वव्यापी अभ्यासलाईसमेत अनुसरण गर्दै १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशतभन्दा बढी नागरिक साक्षर भएको सुनिश्चित भएका सम्बन्धित क्षेत्र एवम् जिल्ला वा राष्ट्रलाई साक्षर घोषणा गर्न सकिने नीति पारित गरेको हो।

प्रविधिको विकाससँगै साक्षरताको रूप र ढाँचा परिवर्तन हुने क्रममा सन २०१७ सम्ममा आइपुग्दा डिजीटल साक्षरताले प्रवेश पाएको छ। कुनै पनि व्यक्तिमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सूचना पत्ता लगाउन, मूल्याङ्कन गर्न, सिर्जना गर्न तथा सञ्चार गर्न आवश्यक पर्ने सङ्ज्ञानात्मक र प्राविधिक सीपसम्बन्धी क्षमताको विकास गर्नु नै डिजिटल साक्षरता हो । यसका लागि व्यक्तिले न्यूनतम ज्ञान, सीप, व्यवहारको प्रदर्शन गर्न डिजिटल सामग्रीहरू जस्तै स्मार्ट फोन, ट्यावलेट, ल्यापटप, डेक्सटप आदिको प्रयोग गरी सञ्चार, सहकार्य, वकालत, प्रस्तुतीकरण गर्न सक्ने हुनुपर्छ ।

नेपाल सरकारले अनौपचारिक शिक्षा नीति २०६३ स्वीकृत गरेपश्चात उक्त नीति कार्यान्वयनका गर्ने क्रममा विभिन्न कार्यक्रमहरू जस्तै साक्षरता कार्यक्रम, साक्षरता अभियान, आधारभूत प्रौढ साक्षरता, महिला साक्षरता प्रथम, महिला साक्षरता दोस्रो, निरन्तर शिक्षा कार्यक्रम, सामुदायिक सिकाइ केन्द्र मार्फत कक्षा सञ्चालन र व्यवस्थापन, साक्षरोत्तर तथा कार्यमूलक शिक्षा कार्यक्रम, आयआर्जन कार्यक्रम, अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा, विद्यालय बाहिरका बालबालिकाको लागि शिक्षा सञ्चालन गर्रिंदै आएको छ ।

स्थानीय समुदायका मानिसहरू मिलेर आफ्नो आवश्यकता पूरा गर्न स्थानीय स्तरमै सञ्चालन हुने गरी व्यवस्थापन गरिएको सामाजिक संस्थाका रूपमा सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । हाल देशभरमा २,१५१ ओटा सामुदायिक सिकाइ केन्द्र क्रियाशील छन्। साक्षरता कार्यक्रम मार्फत साक्षरोत्तर तह पूरा गरेका न्यून आय भएका व्यक्तिहरूलाई निश्चित अवधिको तालिमद्वारा व्यावसायिक सीप सिकाएर

रोजगारमूलक घरेलु तथा स्थानीय व्यवसायमा संलग्न गराउन सहयोग पुऱ्याउने आयमूलक कार्यक्रम सञ्चालन गरियो।

बि.सं. २०६५ मा तत्कालीन अनौपचारिक शिक्षा केन्द्रले निरक्षरता उन्मूलनका लागि खास गरी प्रौढ साक्षरता र प्राथमिक शिक्षा विस्तार कार्यक्रम लगायतका कार्यहरूमार्फत राष्ट्रिय साक्षरता अभियान र त्यसपछि साक्षर नेपाल अभियान सञ्चालन गऱ्यो । बि.सं. २०७२ सम्ममा सबै जिल्लामा सघन कार्यक्रम वितरण गरेर साक्षर नेपाल घोषणा गरिसक्ने लक्ष्य लिइएकोमा बि.सं २०७५ असारसम्ममा देशभरका ७७ मध्ये ४७ जिल्ला साक्षर घोषित भएका छन्। बाँकी रहेका ३० जिल्लालाई आगामी दुई वर्ष भित्र साक्षर बनाएर साक्षर नेपाल घोषणा गर्ने लक्ष्य लिइएको देखिन्छ ।

**ग. खुला तथा दूर शिक्षा**

सचेतनामूलक कार्यक्रम, शिक्षक तालिम, खुला विद्यालय र उच्च शिक्षा तहको कार्यक्रम गरी हाम्रो देशमा खुला तथा दूर शिक्षाका चार प्रकारका कार्यक्रमहरू सञ्चालन भएका छन् ।बि स २०३५ सालमा रेडियो शिक्षक शिक्षा आयोजनाको प्रारम्भ भएसँगै सुरु गरिएको शैक्षिक कार्यक्रम तथा सचेतनामूलक तथा शैक्षिक चेतनामूलक कार्यक्रमहरू साविकको दूर शिक्षा केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र हुँदै हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्र अन्तर्गतको शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखामा रहेको स्टुडियोमा उत्पादन गरी रेडियो नेपालबाट निरन्तर रूपमा सञ्चालन भइरहेको छ । बि.सं.२०३७ भाद्र २ बाट सेवाकालीन प्राथमिक शिक्षकका लागि रेडियो शिक्षा तालिम सुरु गरिएको थियो। यस कार्यक्रमबाट अन्डर एस.एल.सी. शिक्षकहरूलाई सेवाकालीन तालिम, अङ्ग्रेजी ट्यूसन कार्यक्रम सञ्चालन, आधारभूत प्राथमिक शिक्षक तालिम कार्यक्रम दिइयो । बि.सं. २०५० मा तत्कालीन दूर शिक्षा केन्द्रको स्थापना भयो। यसबाट प्राथमिक स्तरका शिक्षकहरूलाई विभिन्न किसिमका प्रमाणपत्र प्रदान गर्ने कार्यक्रमहरू सञ्चालन गरियो । वर्तमान अवस्थामा हाम्रो देशमा खुला तथा दूर शिक्षा प्रकृतिका शिक्षण संस्थामार्फत देहायअनुसारका कार्यक्रम सञ्चालन भइरहेका देखिन्छन् ।

- आधारभूत तहको कक्षा ६ देखि ८ सम्मको लागि २ वर्षे पाठ्यक्रम तयार गरी तत्कालिन अनौपचारिक शिक्षा केन्द्रमार्फत् शैक्षिक सत्र २०६४ देखि ९ ओटा विद्यालयबाट सुरु गरिएको कार्यक्रम हाल ३१ ओटा विद्यालयमा सञ्चालन भइरहेको छ ।
- माध्यमिक तहको १ वर्षे शैक्षिक कार्यक्रम (कक्षा ९ र १० को खुला विद्यालय कार्यक्रम) तत्कालिन शैक्षिक जनशक्ति विकास केन्द्रबाट शैक्षिक सत्र २०६४ देखि परीक्षणको रूपमा ५ ओटा विद्यालयबाट सुरु गरिएको हाल यो कार्यक्रम ७७ मध्ये ७५ जिल्लाका ८४ सामुदायिक विद्यालयमा सञ्चालन भइरहेको छ ।
- २०७२ साल देखि त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा स्थापना भएको खुला तथा दूर शिक्षा केन्द्रबाट स्नातकोत्तर तहमा गणित शिक्षा र अङ्ग्रेजी शिक्षा विषयमा सञ्चालन भएको एम एड कार्यक्रम, २०५८ देखि पूर्वाञ्चल विश्वविद्यालबाट सम्बन्धनप्राप्त इन्टिच्युट अफ ओपन लर्निङ लगायतका क्याम्पसमार्फत १ वर्षे बी.एड. कार्यक्रम, काठमाण्डौ विश्वविद्यालयले स्नातकोत्तर

तहमा सञ्चालन गरेको दूर सिकाइ पद्धतिको एक र दुई वर्ष अवधिको शैक्षिक व्यवस्थापनको कार्यक्रम र २०७३ सालमा स्थापना भएको नेपाल खुला विश्वविद्यालयले मानविकी तथा शिक्षा, व्यवस्थापन तथा कानून र विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय अन्तरगत स्नातकोत्तर तथा एमफिल तहका विभिन्न शैक्षिक कार्यक्रमहरू नै उच्च शिक्षाको क्षेत्रमा सञ्चालन गरिएका दूर तथा खुला सिकाइ पद्धितका कार्यक्रमहरू हुन् ।

## ३. प्रमुख समस्या तथा चुनौतीहरू

### क. आजीवन सिकाइ र अनौपचारिक शिक्षा

आजीवन सिकाइ, साक्षरता र अनौपचारिक शिक्षासम्बन्धी वर्तमान परिवेशलाई नियाल्दा मुख्यतः बुझाइ वा अवधारणासम्बन्धी समस्या, नीतिगत व्यवस्था, व्यवस्थापकीय संरचना र सुशासनसम्बन्धी समस्या, आर्थिक लगानी र उपयुक्त कार्यक्रम तर्जुमासम्बन्धी समस्याहरू देखिन्छन्।

- आजीवन सिकाइको अवधारणा, विश्वव्यापी मान्यता र नेपालको परिवेशमा आजीवन सिकाइलाई के, कसरी परिभाषित तथा व्याख्या गर्ने भन्ने बारेमा अस्पष्टता देखिएको छ। साथै, आजीवन सिकाइको ज्ञान र सीपमा पारङ्गत हुन औपचारिक तथा अनौपचारिक शिक्षाको के-कस्तो भूमिका हुनसक्छ भन्नेबारे पनि अन्योल छ।
- आफ्नो नाम लेख्न जान्नु वा हस्ताक्षर गर्नु सक्नु नै साक्षरता हो भन्ने परिभाषा अझैपनि विद्यमान देखिन्छ। साक्षरताको मापदण्ड, प्रयोग र तहहरू बारे थुप्रै अन्योल छन्।
- अनौपचारिक शिक्षाको लक्ष्य उद्देश्य र कार्यक्षेत्र स्पष्ट छैन।
- अनौपचारिक शिक्षा भन्नेबित्तिकै प्रौढ शिक्षा बुझिनु र प्रौढ शिक्षा भनेको प्रौढ साक्षरताको रूपमा खुम्चिँदा विभिन्न तहका औपचारिक शिक्षा प्राप्त व्यक्ति र समूहलाईसमेत आफ्नो पेसागत विकासको निम्ति वा जीवनव्यापी आवश्यकताको कारण अनौपचारिक शिक्षा आवश्यक पर्छ भन्ने विषय ओझेलमा परेको छ।
- औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र अरीतिक शिक्षाबीचको सम्बन्ध, समन्वय , समकक्षता र संयोजन बारे अस्पष्टता छ।
- अनौपचारिक शिक्षाको माध्यमबाट सीप विकास तथा उद्यमशीलताको विकासको निम्ति स्पष्ट दृष्टिकोण, नीतिगत व्यवस्था र उपयुक्त कार्यक्रमिक प्रावधानहरूको अभाव छ।
- सूचना प्रविधि, इन्टरनेट र डिजिटल शिक्षाको क्षेत्रमा विश्वले फड्को मारिरहेको अवस्थामा नेपालमा डिजिटल साक्षरता र शिक्षा अनौपचारिक शिक्षा मार्फत के, कसरी प्रवर्द्धन गर्न सकिन्छ भन्नेबारेमा स्पष्ट नीति र कार्यक्रमको अभाव छ।
- समग्र शिक्षा प्रणालीअन्तर्गत अनौपचारिक शिक्षा ओझेलमा पर्ने शिक्षा बजेटको नगण्य अंश मात्र यसको निम्ति व्यवस्था हुनु र यस विषयमा अध्ययन अनुसन्धान तथा नवप्रवर्तनको लागि स्रोत व्यवस्था नहुनु ।

- वर्तमान संविधानले अनौपचारिक शिक्षाको व्यवस्थापनको पूर्ण जिम्मेवारी स्थानीय सरकार अन्तर्गत राखेको सन्दर्भमा आजीवन सिकाइ तथा अनौपचारिक शिक्षाको निम्ति संघीय र प्रदेश तहमा संरचनाको स्पष्ट व्यवस्था नहुनु ।
- नेपालको संविधान २०७२ ले मार्गनिर्देशन गरे अनुसार नेपाली समाजको समग्र लोकतान्त्रिकीकरण, समाजवादउन्मुख अर्थतन्त्रको निर्माण, समतामूलक समृद्धि; हिमाल, पहाड र तराईका हरेक समुदायको दिगो विकासको निम्ति अनौपचारिक शिक्षाले के, कस्तो भूमिका खेल्नसक्छ र यससम्बन्धी के कस्ता कार्यक्रम र क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ भन्नेबारे नीतिगत एवम् कार्यक्रमिक बहस सुरु नभएको अवस्था छ।

उल्लिखित समस्याहरूको वस्तुनिष्ठ ढङ्गले समाधान गर्नका लागि नीति, संरचना, बजेट तथा कार्यक्रमको प्रवन्ध गर्नु र आफ्नै प्रयत्नबाट आर्जन गरेको ज्ञान तथा सीप आधिकारिक संस्थाबाट प्रमाणीकरण गर्नु नै आजीवन तथा अनौपचारिक शिक्षाका मुख्य चुनौतीहरू हुन् ।

**ख. खुला तथा दूर शिक्षा**

वर्तमान अवस्थामा सञ्चालन भएका कार्यक्रमहरूको आधारमा खुला तथा दूर शिक्षाको क्षेत्रमा निम्नानुसारका समस्याहरू देखिन्छन् ।

- नियमित विद्यालयका विद्यार्थीले पढ्नुपर्ने पाठ्यक्रम र पाठ्यपुस्तकले खुला विद्यालयका सिकारुहरूको अपेक्षाकृत ध्यान आकर्षण गर्न सकेको छैन ।
- नियमित विद्यालय र खुला विद्यालयको परीक्षा, मूल्याङ्कन एउटै पद्धतिबाट हुनुले खुला विद्यालयका पौढहरूको अनुभव र ज्ञानले उचित प्रश्रय पाउन सकेको छैन ।
- खुला तथा वैकल्पिक विद्यालयको कार्यक्रम सञ्चालन गर्ने छुट्टै संस्थाको अभाव भएको कारणले गर्दा यस कार्यक्रमको स्थायित्व, दिगोपना र कार्यक्रम विस्तारमा समस्या देखिन्छ ।
- रेडियो, टेलिभिजन, अडियो, भिडियो र खुला तथा दूर सिकाइका लागि सिकाइ सामग्री व्यवस्था एवम् प्रसारण केन्द्र र सम्पर्क केन्द्रहरू स्थापना गरिएको छैन ।
- खुला तथा दूर शिक्षाको क्षेत्रमा कार्य गर्ने दक्ष शिक्षक, प्रशिक्षक एवम सहजकर्ताको अभाव छ।
- द्रुत गतिको इन्टरनेट सेवा, छुट्टै शैक्षिक रेडियो र टेलिभिजन च्यानलको अभावमा खुला तथा दूर शिक्षा प्रणालीका अनलाइन तथा भर्चुवल पद्धतिका पेसागत विकास तालिम तथा शैक्षिक कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन भएका छैनन्।
- नियमित संरचनाका विश्वविद्यालयहरूको लचिलो भर्ना प्रक्रिया र विद्यार्थी हाजिरीमा कडाइ नहुनु खुला विद्यालय तथा खुला विश्वविद्यालयमा विद्यार्थी भर्नाको लागि मुख्य बाधक तत्व बनेको छ।

उल्लिखित समस्याहरूको समाधान गर्नका लागि दक्ष जनशक्तिको विकास, द्रुत गतिको इन्टरनेट सेवाको विस्तार, शैक्षिक रेडियो, टेलिभिजन, अनलाइन च्यानलहरूको विकास, कार्यक्रम सञ्चालनका लागि छुट्टै निकायको स्थापना, छुट्टै पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु नै खुला शिक्षा तथा दूर शिक्षा प्रणालीका मुख्य चुनौतिहरू हुन् ।

## ४. सुझावहरू

### क. आजीवन सिकाइ र अनौपचारिक शिक्षा

**नीतिगत व्यवस्था**

- आजीवन सिकाइ, साक्षरता र अनौपचारिक शिक्षाको माध्यमबाट आम जनसमुदायलाई ससाक्षर, समावेशी तथा सहभागितामूलक लोकतान्त्रिक मूल्यमान्यतामा अभ्यस्त एवं समाजवादी चेतयुक्त नागरिकको रूपमा विकास गरी समतामूलक र समृद्ध नेपाल निर्माणको आधार तयार गर्ने ।
- संघीय गणतन्त्र र समाजवादउन्मुख मूल्यमान्यता अनुरूप आजीवन सिकाइ, साक्षरता र अनौपचारिक शिक्षा नीतिको तर्जुमा गर्ने ।
- हरेक समुदायका नागरिकलाई सामाजिक जीवन सहज तुल्याउन, जीविका वा पेसा मजबुत बनाउन र सामाजिक सहभागितालाई प्रभावकारी पार्न साक्षरताको प्रयोग गर्न सक्षम तुल्याउने ।
- आजीवन सिकाइ तथा निरन्तर शिक्षाको लागि सामुदायिक सिकाइ केन्द्रको विस्तार तथा सुदृढीकरण गर्ने।
- औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र अरीतिक शिक्षाबीच आवश्यक समन्वय र संयोजन गर्दै समग्र शिक्षा प्रणालीलाई सुदृढ एवं व्यवस्थित बनाउने र ज्ञानमा आधारित समाज निर्माण गर्ने।
- अनौपचारिक शिक्षाको माध्यमबाट प्राप्त ज्ञान, सीप र अनुभवको पहिचान र प्रमाणीकरण गरी सीप तथा उद्यमशीलताको विकास गर्ने ।
- अनौपचारिक शिक्षामार्फत सूचना तथा सञ्चार प्रविधिमा पहुँचको विस्तार गर्ने।
- अनौपचारिक शिक्षाको माध्यमबाट नागरिक समुदायमा समाजवादी चेत र आचरणको विकास गर्दै सामाजिक अन्याय र नकारात्मक विभेदहरूको अन्त्य तथा समतामूलक सम्बृद्धि र समुन्नत नेपाल निर्माणको अभियानलाई योगदान पुऱ्याउने ।
- अनौपचारिक शिक्षामार्फत नेपालका विविध भाषा, कला, साहित्य, नाटक तथा संस्कृतिको प्रवर्द्धन गर्ने।

**रणनीतिहरू**

- अनौपचारिक शिक्षाको राष्ट्रिय नीतिलाई समयानुकूल परिमार्जन गरी संघीय संरचनाअनुकूल तयार गर्ने ।
- सर्वसाक्षर नेपाल र साक्षर समुदाय निर्माणका लागि नेपालको हरेक समुदायमा साक्षरता प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरी निरक्षरलाई साक्षर तुल्याउँदै नवसाक्षरहरूलाई जीवन, जीविका र सामाजिक सहभागितालाई प्रभावकारी बनाउन साक्षरताको प्रयोग गर्न सक्षम बनाउने

- अनौपचारिक शिक्षाको माध्यमबाट नागरिक शिक्षालाई प्रभावकारी तुल्याउन हरेक नेपाली नागरिकलाई आफ्नो अधिकार र कर्तव्यबारे सचेत हुँदै लोकतान्त्रिक आचरण तथा समाजवादी चेतअनुसार सामाजिक व्यवहार गर्न प्रेरित गर्ने ।
- अनौपचारिक शिक्षा मार्फत समुदायको इतिहास, सभ्यता, संस्कृति, रीतिथिति, जीविका प्रणाली लगायत समग्र संरचना बारे सामुदायिक सचेतना प्रवर्द्ध गरी समुदायमा हरेक सवाल र क्रियाकलापलाई समालोचनात्मक दृष्टिकोणबाट हेर्ने ज्ञान र सीपको विकास गर्ने अवसर सिर्जना गर्ने।
- समाजमा विद्यमान असमान तथा अन्यायपूर्ण शक्ति सम्बन्धहरूको पहिचान तथा रुपान्तरणको लागि भूमिका खेल्न अनौपचारिक शिक्षाकर्मी र सिकाइ सहजकर्ताहरूलाई प्रेरित गरी सामुदायिक रुपान्तरणका अभियानहरूलाई सुदृढ तुल्याउने र सामाजिक न्यायप्रति प्रतिबद्ध समुदाय सिर्जना गर्ने।
- अनौपचारिक शिक्षाको माध्यमबाट युवा तथा प्रौढहरूमा आजीवन सिकाइ र जीवनोपयोगी शिक्षा तथा सीपको विकास गर्ने। समालोचनात्मक चेत, सिर्जनशीलता, समानुभूति, लोकतान्त्रिक नेतृत्व सम्बन्धी सीप र शैलीलाई स्थापित गर्ने।
- स्थानीय सरकारको वडातहदेखि नै युवा र प्रौढहरूका लागि अनौपचारिक शिक्षाको माध्यमबाट व्यवसायिक तथा उद्यमशीलताको सीप प्रदान गर्ने संरचना र प्रावधानहरू स्थापना गर्ने।
- विभिन्न कारणले आधारभूत वा माध्यमिक शिक्षा पूरा गर्न नसकेका युवा तथा प्रौढहरूलाई माध्यमिक तहको शिक्षा पूरा गर्ने अवसर जुटाउन अनौपचारिक विद्यालयको व्यवस्था गर्ने। माध्यमिक तहको शिक्षा पूरा गरेपछि नेपाल खुला विश्वविद्यालयमार्फत उच्च शिक्षा शिक्षा हासिल गर्ने अवसर प्रदान गर्ने।
- सबैका लागि डिजिटल साक्षरता र आधारभूत सूचना प्रविधि शिक्षाको आवश्यकता भएकाले अनौपचारिक माध्यमबाट हरेक स्थानीय सरकार मार्फत डिजिटल साक्षरतका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सूचना तथा सञ्चार प्रविधिलाई बिषयवस्तु तथा माध्यम दुवैको रूपमा प्रयोग गरी आजीवन सिकाइका अवसरहरू उपलब्ध गराइने छन्।
- हरेक स्थानीय सरकार अन्तर्गतको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकताअनुसार वडा अन्तर्गतका हरेक समुदायमा केन्द्रका इकाइहरूको विस्तार गर्ने।
- संविधानले व्यवस्था गरेको सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रसँग जोडेर सुदृढ सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गरी यस्ता सिकाइ केन्द्रहरूलाई आजीवन सिकाइ र निरन्तर शिक्षाको केन्द्र बनाउने ।
- प्रदेश तथा स्थानीय सरकारको तहमा पेसागत दक्षता बढाउने, व्यावसायिक र उद्यमशील सीप विकास गराउने कार्यक्रमहरू सञ्चालन गर्ने अनौपचारिक शैक्षिक संस्थाहरू विकास गर्ने ।

- विभिन्न  पेसामा रहेर अनुभवन प्राप्त गरेका पौढहरूलाई पेसा परिवर्तन गर्न चाहेमा सम्बन्धित पेसाका निम्ति उपयुक्त पाठ्यक्रम विकास गरी कार्यक्रम सञ्चालन गर्ने ।
- सीमान्तकृत वर्ग, जाति र समुदायका व्यक्तिहरूलाई अनौपचारिक शिक्षा मार्फत तालिम र सीप विकासको निम्ति निःशुल्क तथा न्यून शुल्कमा सीप विकासको निम्ति अवसर सिर्जना गर्नुका साथै मध्यम वर्गका लागि पेशागत दक्षता बढाउन वा नौलो सीप सिक्ने अवसर सिर्जना गर्न सान्दर्भिक कोर्षहरू तयार गरी कार्यक्रम सञ्चालन गर्नका लागि निजी क्षेत्रका शैक्षिक संस्थाहरूलाई प्रोत्साहित गर्ने ।
- अपाङ्गता भएका व्यक्तिका लागि लक्षित गरी निरक्षरलाई साक्षर, साक्षरलाई आधारभूत र माध्यमिक शिक्षा, माध्यमिक शिक्षा पार गरेकालाई उच्च शिक्षा वा रोजगारमुखी सीपमूलक शिक्षा प्रदान गर्ने ।
- प्रदेश तथा स्थानीय तहमा स्थानीय समुदायका भाषाभाषीहरू एवम् भाषासँग जोडिएका संस्कृतिको उत्थान तथा प्रवर्द्धनका लागि सम्बन्धित भाषा समुदायका अभियन्ता तथा संघ, संस्थाहरूको सहकार्यमा अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने।
- अनौपचारिक शिक्षा मार्फत विज्ञान तथा प्रविधिसम्बन्धी नागरिक शिक्षा प्रवर्द्धन गरी विज्ञानको व्यावहारिक प्रयोग तथा उपयुक्त प्रविधिबारे आम जनसमुदायमा जागरण ल्याउन र विज्ञानलाई लोकप्रिय बनाउन स्थानीय तथा प्रदेश सरकारको अगुवाइमा उपयुक्त स्थान र क्षेत्र पहिचान गरी 'विज्ञान केन्द्र' वा 'विज्ञान प्रदर्शनी स्थल' स्थापना गर्ने ।
- आजीवन तथा अनौपचारिक शिक्षाको नीति निर्माण,व्यवस्थापन, सहकार्य, समन्वय, कार्यक्रम कार्यान्वयन तथा अनुगमन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहमा संगठनात्मक संरचना निर्माण गर्ने ।
- आजीवन सिकाइ तथा अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय सरकारले पर्याप्त बजेट र स्रोत साधनको व्यवस्था गर्ने ।
- आजीवन सिकाइ तथा अनौपचारिक शिक्षाका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने दक्ष जनशक्तिको विकास गर्न विश्वविद्यालय तहमा स्नातकदेखि विद्यावारिधिसम्मका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने । साथै संघ, प्रदेश र स्थानीय तहमा कार्य गर्ने जनशक्तिको पेसागत विकास गर्न निरन्तर रूपमा प्रशिक्षक प्रशिक्षण तथा तालिम सञ्चालन गर्ने ।
- संघीय तहमा राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework) तयार गरी सोको आधारमा अनौपचारिक शिक्षावाट प्राप्त स्वअर्जित ज्ञान र सीपलाई प्रमाणीकरणको व्यवस्था मिलाई औपचारिक र अनौपचारिक शिक्षा पद्धतिको बीचमा दोहोरो प्रवेशपद्धति (Two Way Entry) व्यवस्था गर्ने ।
- अन्तर्राष्ट्रिय अनुभव र मापदण्ड समेतका आधारमा शिक्षाको कुल बजेटको ३ प्रतिसत अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको लागि छुट्याउने ।

### ख. खुला तथा दूर शिक्षा

**नीति**

- खुला शिक्षाका कार्यक्रमहरू विद्यालय तहमा विस्तार गर्ने ।
- खुला तथा दूर शिक्षाका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि संरचनात्मक सुदृढीकरण गर्ने।
- खुला तथा दूर शिक्षाको क्षेत्रमा कार्य गर्ने दक्ष जनशक्तिको विकास गर्ने ।

**रणनीति**

- खुला तथा दूर शिक्षाका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि संघीय प्रदेश तहमा संस्थागत संरचनाको विकास गर्ने।
- आधारभूत तथा माध्यमिक शिक्षा पूरा गर्न नसकेका युवा तथा प्रौढहरूलाई कम्तीमा माध्यमिक तहको शिक्षा पूरा गर्ने अवसर जुटाउन अनौपचारिक खुला शिक्षा व्यवस्था गर्ने।
- सिकाइका अवसर सुनिश्चित गर्न सूचना तथा सञ्चार प्रविधिको उपलब्धता एवं प्रयोगलाई विस्तार गर्ने।
- विद्यालय तथा उच्च शिक्षाको तहमा कार्य गर्ने जनशक्तिको पेसागत विकास गर्न संघीय र प्रदेश तहमा छोटो र लामो अवधिको तालिम सञ्चालन गर्ने ।
- खुला विद्यालय तथा विश्वविद्यालयका सिकारुहरूलाई लक्षित गरी मुद्रित, मल्टिमिडिया र अनलाइनमा आधारित सिकाइ सामग्री विकास गर्ने।
- वर्तमानमा सञ्चालित खुला विद्यालय र नेपाल खुला विश्वविद्यालयका प्रदेश तथा स्थानीय तहमा रहने अध्ययनहरूलाई क्रमश भर्चुअल सिकाइ केन्द्रमा रुपान्तरण गर्ने ।
- खुला तथा दूर शिक्षाका कार्यक्रमहरू सञ्चालनका लागि छुट्टै शैक्षिक रेडियो तथा टेलिभिजन च्यानलहरूको विकास गर्ने ।

परिच्छेद ९

# समावेशी शिक्षा

## १. पृष्ठभूमि

**समावेशीकरणः** पहुँच, पहल, प्रतिनिधित्व र सहभागिता जस्ता पक्षमा पछि परेका र पारिएका समूह र वर्गलाई राज्य व्यवस्थामा समान अवसरमा पुर्याउने प्रक्रिया समावेशीकरण हो । बहिस्करणमा परेका वर्ग र समुदायलाई राज्यबाट सुनिश्चित गरिने अधिकार तथा प्रदान गरिने अवसर, सेवा, सुविधा, सुरक्षा आदिमा सहभागितात्मक प्रक्रियाबाट समानताको प्रत्याभूति गराउने प्रक्रिया समावेशीकरण हो । यसलाई मूलधारमा नभएका वर्ग, समुदाय, क्षेत्र र लिङ्गका मानिसहरूलाई आरक्षण, अग्राधिकार वा सकारात्मक विभेदको प्रयोग गरी समावेश गरिने प्रक्रिया पनि भनिन्छ । यो त्यस्तो प्रक्रिया हो, जहाँ राज्यका शासकीय क्रियाकलापहरूबाट अलग हुन पुगेका वर्ग, जाति, समुदाय, धर्म, क्षेत्र र लिङ्गका व्यक्तिहरूलाई राज्यका शासन सञ्चालन, कानुन निर्माण तथा सार्वजनिक नीति तर्जुमा र कार्यान्वयन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी हुने अवसर प्रदान गरिन्छ ।

**समावेशी शिक्षाः** सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा क्षेत्रीय, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरकफरक हुनु प्राकृतिक यथार्थ हो । फरकपनलाई स्वाभाविक रूपमा स्वीकार गर्नु, सबैका लागि अनुकूल हुने सिकाइ पद्धति विकास गर्नु र सबै बालबालिकालाई सम्मानपूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो । समावेशी शिक्षामा बालबालिकालाई उनीहरूको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ । शिक्षाको माध्यमबाट उनीहरूलाई राज्यको मूल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ । बालबालिकालाई उनीहरूको क्षमता र चाहनाअनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ । सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षण विधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ । उनीहरूलाई आत्मनिर्भर, स्वावलम्बी, विवेकशील बनाउनु र देश तथा समाज प्रति अपनत्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिकाहरू सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसात् गर्दछ ।

**उत्पति र विकासः** धेरै अध्ययन र अनुसन्धानहरूले के कुराको पुष्टि गरी सकेका छन् भने प्राकृतिक रूपमा मानिसको जन्म हुँदा ठाउँ, जात, धर्म, लैङ्गिकता अनुसार असमान क्षमता हुँदैन । तर मानव समाजको उत्पत्ति सँगसँगै सामाजिक विभेदको अवस्था पनि विकसित हुँदै आएको पाइन्छ । हाम्रो समाजमा धेरै असमान मन्यताहरू छन् । परम्परागत सामाजिक मूल्य र मान्यता संस्कारको रूपमा विकसित छन् । यसको विकास कहिले र कसरी भयो भनेर तथ्यपरक रूपमा भन्न गारो छ तथापि समाजको उत्पत्तिसँगै विकसित हुँदै आएको भन्न सकिन्छ ।

अर्कोतर्फ राज्यको सुरुआतसँगै राज्य व्यवस्थालाई जनमुखी बनाउने र जनताको हितमा प्रवर्धन गर्ने प्रयास पनि भएको पाइन्छ । राज्य जति लोकतान्त्रिक हुन्छ, उति कमजोर समूह र वर्गको हितमा काम गर्ने प्रयास गर्दछ । यो राज्यको पुरानै विशेषता हो । यस दृष्टिले समावेशितालाई सम्बोधन गर्ने चलन पुरानै हो । समावेशी शब्दको प्रयोग सर्वप्रथम हाकिन्स पाउलसले आफ्नो सन् १९७७ मा प्रकाशित समावेशी लोकतन्त्र (Toward an Inclusive Democracy) नामक पुस्तकमा गरेका थिए । उनले समावेशी प्रजातन्त्र भनेको त्यस्तो सामाजिक सङ्गठन हो, जसले समाजलाई आर्थिक, राजनीतिक र प्राकृतिक रूपमा पुनः एकीकरण गर्दछ भनी उल्लेख गरेका थिए ।

यस विषयलाई सम्बोधन गर्ने नीतिको उत्पत्ति पनि सम्पन्न देशबाट नै भएको पाइन्छ । संयुक्त राज्य अमेरिकामा काला जाति र महिलाप्रतिको भेदभावलाई अन्त्य गर्न नीतिगत व्यवस्था हुन थाल्यो । युरोप, अस्ट्रेलिया, क्यानडा आदि सम्पन्न देशहरू पनि महिलाप्रति सहिष्णु थिएनन् । त्यहाँ पनि महिला अधिकारका बारेमा आवाज उठ्न थाल्यो । यसरी काला जाति र महिलामा आएको चेतनाका कारण उनीहरूलाई पनि समान अधिकार प्रदान गर्नुपर्छ भन्ने पक्षमा सरकार र अदालतको ध्यानाकर्षण हुँदै गएको इतिहास भेटिन्छ ।

नेपालमा पनि वञ्चितीकरणमा परेका विभिन्न वर्ग,जाति, क्षेत्र, लिङ्ग र समुदायका व्यक्तिहरूलाई सम्बोधन गर्ने कार्य पनि विभिन्न नीतिगत, संरचनागत र व्यवहारगत प्रयासहरू धेरै पहिलाबाट भएको भए तापनि समावेशी शब्दको प्रयोग गरी औपचारिक रूपमा आत्मसात् गरेको भने नेपालमा अन्तरिम संविधान, २०६३ ले हो । सो संविधानले समानुपातिक प्रतिनिधित्व र समावेशी सहभागितालाई विशेष जोड दिएको थियो । सो संविधानमा आधारभूत शिक्षा मातृभाषामा दिने लगायत राज्य संयन्त्रमा सबै क्षेत्र, वर्ग, जातजाति, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्वको प्रत्याभूति गरिएको थियो ।

मुलुकी ऐन, २०२० को बाह्रौं संशोधनमार्फत समावेशीकरणलाई समावेश गरिएको थियो । राज्य संयन्त्रमा यसलाई सम्बोधन गर्न निजामती सेवा ऐन, २०४९ मा २०६४ सालमा दोस्रो संशोधन भई निजामती सेवा प्रवेशमा पहिलोपटक समानुपातिक, समावेशी तथा सकारात्मक विभेदले व्यावहारिक रूप प्राप्त गरेको थियो । त्यसपछि शिक्षा लगायत अन्य विभिन्न कानुनमा आवश्यक परिमार्जन तथा संशोधन गरी हाल राज्यका हरेक निकायमा नयाँ जनशक्ति प्रवेश गराउँदा समानुपातिक समावेशीकरणको आधारमा महिला, मधेसी, जनजाति, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रलाई निश्चित प्रतिशतका आधारमा कोटा निर्धारण गरिएको छ ।

**सिद्धान्त र अन्तराष्ट्रिय अभिसन्धि र अभ्यासः** समावेशीकरणले वर्तमान सङ्कटको सम्बोधन गर्दै शक्तिको सबै तहमा सामान अंशियारसम्बन्धी सिद्धान्तको व्याख्या गर्दछ । समावेशिताको सिद्धान्त विविधता (Diversity), समानता (Equality) र सहभागिताको सिद्धान्तमा आधारित छ । अधिकार, अवसर, आत्मसम्मान, सशक्तीकरण, मूलप्रवाहीकरण, प्रभुत्व, चेतनाकरण जस्ता विषयहरू सामाजिक, आर्थिक, भौगोलिक, राजनीतिक समानताका लागि महत्त्वपूर्ण छन् । साथै, समावेशीकरणले क्षमताको उजागर, अवसरमा पहुँच, लक्षित वर्ग केन्द्रित कार्यक्रम, अपनत्व र स्थानीय स्रोतसाधनको उपयोग जस्ता कुराहरूलाई समेटेको हुन्छ । आधुनिक लोकतन्त्रको मान्यतामा आधारित भएकाले आधुनिक

लोकतान्त्रिक मूल्य र मान्यताका सैद्धान्तिक पक्ष यसमा आकृष्ट हुन्छन् । परिवेश अनुसारका स्थानीय, प्रादेशिक र राष्ट्रिय योजना निर्माण, सशक्तीकरण, मूलप्रवाहीकरणमा सहभागितामूलक समानुपातिक प्रतिनिधित्वका लागि प्रक्रिया निर्धारण गरिन्छ । नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, जनजाति र बालबालिका, महिला अधिकार लगायत अन्य महासन्धि तथा अभिसन्धिहरूमा हस्ताक्षर गरेको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ ख को धारा १ मा सबै मानवहरू सम्मान/मार्यादा र अधिकारको हिसाबले स्वतन्त्र र समान रूपमा जन्मेका हुन् । त्यसैले बिना कुनै भेदभाव (वर्ण, जात, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रियता, रास्ट्रिय र सामाजिक उत्पत्तिस्थान, सम्पत्ति, अपाङ्गता, जन्म वा अन्य अवस्था) हरेक व्यक्तिलाई सबै अधिकार र स्वतन्त्रताको हक हुनेछ भनिएको छ । धारा २६ ले हरेक व्यक्तिलाई शिक्षाको अधिकार हुने कुरा उल्लेख गरेको छ । कम्तीमा पनि प्राथमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य, तथा प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै, घोषणापत्रमा सबै बालबालिकाहरूलाई समान सामाजिक संरक्षणको उपयोग गर्ने अधिकार हुने कुरा पनि उल्लेख गरिएको छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी महासन्धि १९७१ को धारा ३ मा १८ वर्षमुनिका बालबालिकालाई जोखिममा पर्न सक्ने काममा संलग्न नगर्ने कुरा स्पस्ट गरिएको छ । महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को धारा १ मा लिङ्गका आधारमा कुनै पनि भेदभाव नगर्ने कुरा उल्लेख गरिएको छ । बाल अधिकारसम्बन्धी महासन्धि १९८९ः धारा २ मा राज्यले हरेक बालबालिकाको अधिकारलाई कुनै किसिमको भेदभाव (बालक/बालिकाको वा उनीहरूका अविभावकको वर्ण, जात, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रियता, जातिगत वा सामाजिक उत्पत्तिस्थान, सम्पति, अपाङ्गता, जन्म वा अन्य अवस्था) सम्मान र सुनिश्चित गर्नुपर्ने भनिएको छ । साथै, सबै प्रकारका विभेद वा यातनाका विरूद्ध राज्यले बालबालिकाको संरक्षण गर्नुपर्ने कुरा उल्लेख गरेको छ । धारा २३ ले अपाङ्गता भएका बालबालिकाहरूको स्वास्थ्य, विशेष हेरचाह, सुरक्षा, शिक्षा, रोजगारी तथा समाजमा सक्रियतापूर्वक जीवन बिताउन पाउने अधिकार बारे जोड दिएको छ भने धारा २८ ले शिक्षालाई बाल अधिकारका रूपमा उल्लेख गर्दै सबै बालबालिकाले प्राथमिक शिक्षा अनिवार्य र निशुल्क रूपमा पाउनुपर्ने भनेको छ । साथै, धारा ३० मा जातीय, धार्मिक र भाषिक अल्पसङ्ख्यक वा आदिबासी जनजाति समूहका बालबालिकाहरू आफ्नो संकृति, धर्म र भाषा उपयोग गर्न पाउने अधिकारबाट वञ्चित हुने छैनन् भनिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ मा यो महासन्धिले जारी गरेको आठ वटा निर्देशनात्मक सिद्धान्तहरूमा व्यक्तिको अन्तरनिहित मर्यादा र व्यक्तिगत स्वायत्ततालाई सम्मान; विभेदहीनता; समाजमा पूर्ण र प्रभावकारी सहभागिता र समावेशीकरण; फरकपनालाई सम्मान र अपाङ्गता भएका व्यक्तिहरूलाई मानवीय विविधता र मानवीयताको अभिन्न अङ्गका रूपमा स्वीकार; अवसरमा समानता; पहुँचमा सहजता; महिला र पुरुषमा समानता; र अपाङ्गता भएका व्यक्तिहरूको उदियमान क्षमताहरूलाई सम्मान र अपाङ्गता भएका बालबालिकाहरूको पहिचानलाई संरक्षण गर्ने

अधिकारलाई सम्मान गर्ने भनिएको छ । यस अघि विशेष आवश्यकता शिक्षाका सिद्धान्तहरू, नीति र अभ्यास सम्बन्धी सालामाङ्का प्रारूप (Salamanca Statement/Framework) (१९९४) ले पनि विद्यालयहरूले शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक, भाषिक वा अन्य अवस्थाको आधारमा भेदभाव नगरी सबै बालबालिकालाई समेट्नुपर्ने कुरामा जोड दिएको थियो ।

आदिबासी जनजातिहरूको अधिकारसम्बन्धी घोषणापत्र २००७ मा  धारा १४ ले आदिबासी जनजातिलाई आफ्नो विद्यालय र शिक्षा प्रणाली स्थापना गर्ने अधिकार हुने कुरा उल्लेख गरेको छ । आदिबासी जनजातिहरू खासगरेर बालबालिकाहरूलाई अन्य बालबालिका जस्तै शिक्षाको अधिकार हुने भनेको छ । धारा १५ मा आदिबासी जनजातिको संस्कृति र परम्परालाई शिक्षामा उपयुक्त ढङ्गले प्रत्याभूत गर्नुपर्ने कुरामा जोड दिइएको छ । दिगो विकासका लक्ष्यहरू (२०१५) अनुसार  दिगो विकासको **लक्ष्य** ४  मा 'सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने कुरा उल्लेख छ भने **लक्ष्य ५** मा 'लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने भनिएको छ । शिक्षाको परिसूचकमा 'शैक्षिक सुविधाहरू बाल, अपाङ्गता तथा लैङ्गिक संवेदनशील हुने गरी निर्माण तथा थप गर्ने र सबैका लागि सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइ वातावरण उपलब्ध गराउने जस्ता कुरा समावेश गरिएको छ । त्यस्तै, सबैका लागि शिक्षा र सहस्राब्दी विकासका लक्ष्यहरूमा पनि समावेशितालाई जोड दिइएको थियो ।

**आयोगका प्रतिवेदनहरुमा समावेशीकरणः** नेपालको शैक्षिक सुधारका लागि बनेका यस अघिका सबै आयोगका प्रतिवेदन र दस्तावेजहरूले समेत समावेशीकरणको मुद्दालाई सम्बोधन गर्नुपर्ने कुरालाई जोड दिएका छन् । आयोगका प्रतिवेदनहरूको समग्र निचोड मुलुकको भौगोलिक, लैङ्गिक, जातजातिगत, भाषिक, अपाङ्गतासम्बन्धी र आर्थिक रूपमा पिछडिएको वर्ग र समुदायलाई सम्बोधन गर्नुपर्ने कुरा उल्लेख गरेको पाइन्छ । ती दस्तावेजहरूमा दलित र महिलाको शिक्षामा विशेष जोड दिइएको पाइन्छ ।

### २. २. वर्तमान अवस्था र विश्लेषण

नेपालमा सुगम र दुर्गममा शैक्षिक अवस्था (पहुँच र गुणस्तर) मा विविधता छ । त्यस्तै, ग्रामीण र शहरी शैक्षिक अवस्थामा भिन्नता छ । मुस्लिम समुदायको पहुँच र गुणस्तर दुवै पक्ष तुलनात्मक रूपमा कमजोर छ । ब्राह्मण, क्षेत्री, नेवार समुदायको तुलनामा दलित तथा अन्य जनजातिको अवस्था कमजोर छ । विद्यालय तहमा छात्रा/महिलाको सहभागिता उत्साहजनक भए तापनि गुणस्तरको पक्ष र उच्च शिक्षामा सहभागिता र गुणस्तर दुवै न्यून देखिन्छ । भाषिक रूपमा नेपाली भाषा बाहेकका भाषा मातृभाषा भएका बालबालिकाले विद्यालय शिक्षाको सुरु कक्षामै मातृभाषा सिक्न नपाउँदा भाषिक असहजता हुने, तनावमा सिक्नु पर्ने र सिकाइ ढिलो हुने कुरा जानकारहरू बताउँदछन् । विभिन्न अध्ययन प्रतिवेदनले समेत यस कुरालाई औंल्याएको पाइन्छ । अपाङ्गता भएकाहरूका निम्ति शैक्षिक पहुँच, गुणस्तरको पक्ष अझ जटिल देखिन्छ । अति सीमान्तकृत समुदायका  करिब ३ प्रतिशत

बालबालिका अझै विद्यालय जान सकिरहेका छैनन् । शैक्षिक उपलब्धिका हिसाबले हेर्दा पनि माथिका समूहहरूमा कमजोर गुणस्तर छ ।यस सम्बन्धी विवरण परिच्छेदको अन्त्यमा राखिएको छ ।

**सञ्चार माध्यममा समावेशीकरणः** सञ्चार जगतका दैनिक र अन्य आवधिक अनलाईन र अन्य पत्रिकाहरूमा यो विषय शैक्षिक क्षेत्रको प्रमुख चर्चाको विषयको रूपमा देखापर्ने गरेको छ । मानिसको चेतनास्तर बढ्दै जाँदा र सूचना तथा सञ्चारको विस्तार र व्यापकताले गर्दा यससम्बन्धी प्रचार प्रसार तीव्र गतिमा भएको पाइन्छ । विद्यालयहरूमा छात्राका लागि छुट्टै शौचालयको अभाव, पठनपाठनमा भेदभाव, विद्यालयमै भेदभावपूर्ण व्यवहार, गणित, विज्ञान जस्ता विषयहरूमा छात्राहरूको उपलब्धि स्तर कम हुनु, निजी विद्यालयमा छात्रको तुलनामा छात्राको सङ्ख्या कम हुनु जस्ता समस्याहरू औंल्याइएको पाइन्छ ।

**राजनीतिक दलको घोषणापत्रमा समावेशीकरणः** राजनीतिक दलका घोषणापत्रले संवैधानिक प्रत्याभूति भएका विषयलाई अझ विशिष्टीकृत गरेर उल्लेख गरेका छन् । प्रमुख रूपमा अहिलेको बहुमत प्राप्त वाम गठबन्धनको चुनावी घोषणापत्रमा विद्यालयमा सबै समूह मैत्री शौचालय, अपाङ्गता भएकाहरूका लागि विशेष व्यवस्था, दुर्गम क्षेत्रका, विपन्न र विद्यालय टाढा भएका विद्यार्थीहरूका निम्ति आवासीय शिक्षाको व्यवस्था गरिने कुरा उल्लेख छ । नेपालको संविधानको सेरोफेरोमा लेखिएका राजनीतिक दलका घोषणापत्रहरूमा संविधानको प्रस्तावनामा उल्लेख गरिएका समावेशीता, सहकार्य र सहअस्तित्वका विषयहरू समेटिएका छन् । यसको अर्थ हो जुनसुकै राजनीतिक दलले शासन गरे पनि बालबालिकालाई जात, जाति, भाषा, भूगोल, धर्म, लिङ्ग, अपाङ्गता, पेसा आदिका कुनै पनि आधारमा विभेद गर्न संविधानले नै बन्देज लगाइएको छ ।

### ३. ३. कानुनी, सङ्गठनात्मक र व्यवस्थापकीय पक्ष

उल्लिखित शैक्षिक अवसर र उपलब्धिमा असमानता देखिन्छन् । तापनि विगतमा भन्दा निकै सुधार हुँदै आएको छ । यसका लागि प्रशस्त नीतिगत /कानुनी, व्यवस्थापकीय /शासकीय, सङ्गठनात्मक /संरचनागत प्रयासहरू भएका छन् । संविधानको महत्त्वपूर्ण खण्डमा समावेशिताको पक्षलाई सम्बोधन गर्नुपर्ने कुराहरू उल्लेख गर्दै समाजवादउन्मुख राज्य व्यवस्था हुने कुरा पनि उल्लेख छ ।

शिक्षा ऐन, नियमावली, पाठ्यक्रम तथा पाठ्य सामाग्री, तालिमका सामाग्रीहरू, नेपाल सरकारबाट जारी भएका निर्देशिका र कार्यविधि र निर्देशनहरूमा समावेशिताका लागि पर्याप्त प्रयास भएका छन् । शिक्षा मन्त्रालयले कार्यान्वयनमा ल्याएको विद्यालय क्षेत्र विकास योजना २०७३-२०८० मा उल्लेख भएका ५ ओटा आधारभूत उद्देश्यमध्ये पहिलो उद्देश्य नै समतासँग सम्बन्धित छ । २०७५ श्रावणमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र स्थापना भएपछि कायम भएका थोरै शाखाहरूमध्ये समावेशी शिक्षा शाखा एक हो । यसबाट संरचनागत हिसाबले पनि समवेशितालाई प्राथमिकतामा राखिएको कुरा पुष्टि हुन्छ । छात्राहरूका लागि छात्रवृत्ति, दलित छात्रवृत्ति, फिडर छात्रावास, गरिब तथा जेहन्दार विद्यार्थीका लागि छात्रवृत्ति, शिक्षाका लागि खाद्य कार्यक्रम अन्तरगत मानवीय सूचकाङ्कमा कमजोर भएका जिल्लामाहरूमा दिवा खाजा लगायतका विभिन्न कार्यक्रम सञ्चालनमा छन् । अपाङ्ग विद्यार्थीका

लागि स्रोत कक्षा, छात्रवृत्ति तथा उच्च तह अध्ययन गर्नेहरूका लागि छात्रवृत्तिको व्यवस्था छ । विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिबाट गरिब घर परिवारका विद्यार्थीका लागि विपन्न लक्षित छात्रवृत्तिको व्यवस्था छ । विगतमा शिक्षा विभागबाट प्रत्येक वर्ष यस किसिमबाट वितरण गरिने छात्रवृत्ति तथा सुविधाका कार्यक्रमका लागि कार्यक्रम कार्यान्वयन निर्देशिका नै जारी गरिएको थियो । छात्रवृत्ति वितरण प्रणालीमा आमूल परिवर्तन ल्याउने ध्येयले जारी गरिएको विपन्न लक्षित छात्रवृत्तिसम्बन्धी कार्यविधि २०७४ लाई गत आर्थिक वर्षमा २५ जिल्लाको कक्षा ९ र ११ मा परीक्षण प्रयोग गरिसकिएको छ ।

सञ्चालित नीतिगत व्यवस्था तथा कार्यक्रमहरूको नियमित अनुगमन, अनुगमनका आधारमा पृष्ठपोषण, नीतिगत र सङ्गठनात्मक सुधार पनि गर्रिँदै आएको छ । केन्द्रीय नीति निर्देशन र कार्यक्रमका आधार स्थानीय तहमा असल अभ्यास र प्रयासहरू पनि भइरहेका छन्। सुधार र सकारात्मक प्रयासहरू भएका छन् । केही स्थानीय सरकारहरूले घरधुरी सर्वेक्षण गरी निमुखा, असहाय र आफैंले बाल बालिकाको शिक्षामा सहयोग गर्न नसक्नेलाई अवस्थाअनुसारको छात्रवृत्तिको व्यवस्था र आवासीय छात्रावासको समेत व्यवस्था गर्न थालेका छन्। तथापि मुलुकमा आएको राजनीतिक परिवर्तन पश्चात् को सङ्घीय संरचनामा संरचनागत, जिम्मेवारीको बाँडफाँड तथा व्यवस्थापकीय पक्षमा थप व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

## ४. समस्या एवं चुनौतीहरु

समावेशी शिक्षाका सम्बन्धमा अवधारणागत, नीतिगत, संरचनागत, स्रोतगत, मनोवैज्ञानिक, व्यवस्थापकीय समस्या तथा मुद्दाहरूलाई देहाय अनुसार उल्लेख गरिएको छ :

### समावेशिता सम्बन्धी धारणा र बुझाइ

- विविधता, विभेद, सामाजिक बहिस्करण/वञ्चितीकरणका आयामहरू, समावेशीकरणका उपायहरू, लैङ्गिक समता, समानता, विशेष शिक्षा र समावेशी शिक्षाबारे स्थानीय सरकार लगायत शिक्षा सम्बन्धी सरोकारवालाहरूमा ज्ञान, बुझाइ, सकारात्मक सोच र व्यावहारिक अभ्यासमा विविधता देखिन्छ ।
- अझै पनि अपाङ्गतालाई धेरैले स्वास्थ्यको समस्या र फरकपनाको दृष्टिबाट (Medical model of disbility) मात्रै बुझ्ने गरेका छन् । समाजमा विद्यमान बाधाहरूको परिप्रेक्ष्यमा अपाङ्गतालाई हेर्ने दृष्टिकोण (Social model of disability) बारेको जानकारीमा थप सुधार ल्याउनुपर्ने आवश्यकता देखिन्छ ।
- अझ पनि कतिपय विद्यालयले अपाङ्गता भएका बालबालिकाहरूलाई भर्ना लिन नमान्ने गरेका छन् । समाजमा अपाङ्गता भएका व्यक्तिप्रतिको नकारात्मक धारणा अझै हटिसकेको छैन ।

### शैक्षिक व्यवस्थापन सूचना प्रणालीः

- शिक्षा व्यवस्थापन सूचना प्रणालीले विद्यालयमा आएकाको सूचना अद्यावधिक गरेको छ तर विद्यालय आउन नसकेका, वञ्चितीकरणमा परेका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका,

जोखिममा परेका (सडक बाल बालबालिका, टुहुरा, एकल अविभावक भएका, बाल श्रममा संलग्न बालबालिका आदि) को तथ्याङ्क अद्यावधिक गर्न सकेको छैन ।

- तराइका जिल्लाहरूमा दोहोरो भर्ना समस्याको रूपमा रहेको छ । कतिपय ठाउँमा निजी विद्यालयमा भर्ना भएका बालिका तथा दलित र जनजातिका बालबालिकाहरू सार्वजनिक विद्यालयमा पनि छात्रवृत्ति पाउनका लागि भर्ना भएका र पछि निजी विद्यालयमै निरन्तरता दिने गरेका छन् ।
- विद्यालय छोड्ने बालबालिका को कता गएका छन् भन्ने बारे विद्यालय व्यवस्थापन समिति, गाउँ र नगर शिक्षा समिति र स्थानीय सरकारले पछ्याउने (tracking) गर्ने गरेको छैन ।

**अपाङ्गताको प्रारम्भिक पहिचान (Early Diagnosis of disabilities):**

- विभिन्न किसिमका अपाङ्गताको प्रारम्भिक बाल्यावस्थामै बहुविषयगत समूह (Multi-displinary team) द्वारा पहिचान गर्ने संयन्त्र अझैसम्म बन्न सकेको छैन ।
- घरमा र विद्यालयमा केही सन्देह हुनासाथ सम्बन्धित ठाउँमा पहिचानका लागि पठाउने संयन्त्र (referal mechanism) को विकास हुन सकेको छैन ।
- बौद्धिक अपाङ्गता लगायतका सहजै थाहा नहुने अपाङ्गता (hidden disabilities) बारे अविभावक, शिक्षक र सरोकारवालामा जानकारीको अभाव छ । यस्ता खालका अपाङ्गताहरूको ढिलो मात्र पहिचान हुने गरेकाले अपाङ्गता भएका बालबालिकाहरू शिक्षा पाउने अधिकारबाट वञ्चित हुने गरेका छन् ।

**नीतिको अभाव तथा नीति र अभ्यासबिचको खाडल**

- राज्यका तर्फबाट समावेशी शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय प्रोटोकलहरूमा हस्ताक्षर गर्ने र प्रतिबद्धता जनाउने गरिए पनि त्यस अनुसारको नीति, विधि, संरचना र नेतृत्व निर्माणमा ध्यान दिएको पाइँदैन । त्यसअनुसारका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएका छैनन् ।
- संविधानमा संरक्षित, विशेष र स्वायत्त क्षेत्र भनी सङ्घीय कानुन बमोजिम सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि त्यस प्रकारका क्षेत्र कायम गर्न सकिने व्यवस्था छ । नेपालको समग्र समावेशिताको पक्षलाई हेर्दा त्यो व्यवस्था अति आवश्यक देखिन्छ । तर हालसम्म यससम्बन्धी कुनै प्रयास भएको देखिँदैन ।
- समावेशी शिक्षासम्बन्धी सबै वर्ग र समुदायका लागि एउटै केन्द्रीकृत नीति छ । उदाहरणका लागि सबै छात्राहरूका लागि छात्रवृत्तिको व्यवस्था छ । मुलुकका धेरै उच्च आर्थिक अवस्था भएका छात्राहरूका लागि पनि छात्रवृत्तिको व्यवस्था गरिएको छ । यसको अर्थ हो, हुनेबाट नहुने (अति कमजोर) का लागि आवाश्यकीय सहयोग लिने र दिने व्यवस्था गर्न सकिएको छैन ।
- विगतमा केन्द्रीय तहमा निर्माण भएका समावेशी शिक्षा, विशेष शिक्षा, बाल-मैत्री विद्यालय, लैङ्गिक समता, समानतासम्बन्धी नीति, पिछडावर्ग एवं बहुभाषी शिक्षासम्बन्धी नीति दस्तावेजहरू

विद्यालयसम्म नपुगेका, पुगे पनि शिक्षकलाई तालिम नदिइएको र दिएका ठाउँमा पनि व्यवहारमा लागु नभएको देखिन्छ ।

**आर्थिक विपन्नता र शैक्षिक वञ्चितीकरणः**

- विद्यालयमा भर्ना नभएका, विद्यालय छोड्ने तथा कक्षामा अनियमित रूपमा हाजिर हुने बालबालिकाहरू धेरै जसो अति विपन्न तथा सीमान्तकृत परिवारका छन् । खास गरेर तराई/मधेशमा बिहानै आमा बुवा मजदुरी गर्न जाने, घरमा समयमै बिहानको खाना नपाक्ने हुनाले बालबालिका भोकै विद्यालय जाने र दिउँसोको खाजा खाने समय (टिफिन) मा खाना खान घर जाने अनि विद्यालय नफर्कने गरेको पनि पाइन्छ । त्यसपछि बिस्तारै विद्यालय नै छोड्ने अवस्था आउने गरेको छ ।
- अति विपन्न आर्थिक अवस्थाको कारण आफ्ना बालबालिका विद्यालय नपठाउने अविभावकहरूलाई सचेत गराउनका लागि अविभावक शिक्षा तथा आय आर्जन बढाउने कार्यमा सहयोग गर्न स्थानीय सरकारले आवश्यक रणनीति र कार्यक्रम लागु गर्न सकेको छैन ।
- पारिवारिक आर्थिक विपन्नताले गर्दा विद्यालय जाने उमेरका बालबालिकाहरू बालश्रममा आबद्ध छन् । त्यसले गर्दा उनीहरू शिक्षा पाउने अधिकारबाट वञ्चित मात्र भएका छैनन्, थप जोखिममा समेत परेका छन् ।
- अपाङ्गतासम्बन्धी शैक्षिक व्यवस्था निकै चुनौतीपूर्ण हुन्छ । त्यसै गरी अति विपन्न घरपरिवारका साना बालबालिकालाई ठुला बालबालिकाले रेखदेख गरेपछि मात्र अभिभावक काममा जान पाउँछन् र उनीहरूको गाँसबासको समस्या समाधान हुन्छ । त्यस्ता बालबालिकाका लागि अवसरको मूल्य (Opportunity Cost) समेतको व्यवस्था नगरी शैक्षिक अवसरमा ल्याउन मुस्किल पर्छ । तर त्यस किसिमको व्यवस्था राज्यको तर्फबाट हुन सकेको छैन ।

**सरकारी र गैर सरकारी** सङ्घ **संस्थाहरुबिच समन्वय**

- दलित, जनजाति, पिछडावर्ग एवं अपाङ्गता भएका आदि समावेशितासम्बन्धी काम गर्ने गैर सरकारी सङ्घ संस्थाका केन्द्रदेखि जिल्लासम्म विभिन्न खाले सङ्गठनात्मक संरचना बनेका छन् र क्रियाशील पनि छन् । तर ती निकायबाट के, कसरी र कहाँ कति स्रोत परिचालन भएको छ भन्ने स्पष्ट तथ्याङ्क छैन । ती संस्थाहको सरकारी निकायसँग प्रभावकारी समन्वय पनि हुन सकेको छैन । सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा समावेशी पक्षलाई सम्वोधन गर्ने छुट्टै र केन्द्रीकृत (Focused) कार्यक्रम व्यवस्थापन हुन सकेको छैन ।

**सकारात्मक विभेद कार्य तथा छात्रवृत्ति**

- राज्यबाट पठन पाठनमा संलग्न बालबालिकालाई कति, कुन कुन शीर्षकमा, कहिले, कसरी कुन खाले सहयोग उपलब्ध गराइन्छ, पूर्व स्पष्ट हुँदैन । त्यसले गर्दा अभिभावकले ढुक्क भै आफ्ना

बालबालिकालाई पठनपाठनमा संलग्न गराउन सक्दैनन् । कतिपय अवस्थामा त समय किटान गरेर रकम समेत एकिन गरिएको सुविधा समेत सो समय र परिणाममा प्राप्त हुँदैन । सामान्यतया पाठ्यपुस्तकको रकम समयमा अभिभावकले प्राप्त गर्न सक्दैनन् ।

- सरकारी निकायमा पुराने तथ्याङ्क तथा उपयुक्त तथ्य तथ्याङ्कका अभावले कहीं बढी छात्रवृत्तिको रकम जाने र कहीं कम जाने गर्छ । अझ तीव्र रूपमा गाउँ छाडेर शहरतर्फ बसाइसराइ गरी जाने प्रवृत्ति बढेकाले राज्यबाट उपलब्ध गराइने सेवा र सुविधामा असमान असर (Spillover effect) पर्ने गरेको छ । कहीं बढी हुने र कहीं अपुग हुने गरेको छ । अपुग भएको ठाउँबाट नपुगेको माग र गुनासो स्वभाविकै रूपमा आउँछ तर बढी भएको ठाउँबाट बढी भएर फिर्ता गरेको उदाहरण भेटिँदैनन् र यसरी फिर्ता गर्ने प्रक्रिया पनि झन्झटिलो छ ।
- कुन कुन र ककसका लागि छात्रवृत्ति वा विशेष सुविधा आवश्यक पर्ने हो, सर्वेक्षण गरी त्यसका आधारमा लक्षित वर्गका लागि विशिष्टीकृत योजना बनाउन सकिएको छैन ।
- हुने खाने घर परिवारका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्दा हामीलाई आवश्यक छैन, कमजोर घर परिवारका लागि दिनुपर्छ, भनी सदाचारी व्यवहार देखाई अदावी (Disclaim) गरेका उदाहरणहरू समेत पाइएको छैन । बालबालिकाको पठनपाठनको लागि भनी वितरण गरिएको छात्रवृत्ति केही अभिभावकहरूले दुरूपयोग गर्ने गरेको भेटिने गरे तापनि त्यसलाई अपेक्षित रूपमा सम्बोधन गर्न सकिएको छैन ।
- छात्रवृत्तिको उपयोग र दुरूपयोगबारे सञ्चार जगत, नागरिक समाज र जनस्तरको समेत चासो, सरोकार र समालोचनात्मक जानकारी उजागर हुन सकेको छैन ।

**अपाङ्गता र बालिका/महिला-मैत्री भौतिक पूर्वाधार र पाठ्यपुस्तक तथा शैक्षिक सामग्री**

- सबै विद्यालयमा बालिकाका लागि स्यानिटरी सुविधा सहितको छुट्टै शौचालय र अपाङ्गता-मैत्री शौचालय (ह्विल चेयर सजिलै लैजान सकिने फराकिलो, भित्तामा समाउने डन्डीहरू भएको, सधैं सफा रहेको) को व्यवस्था हुन सकेको छैन ।
- विद्यालय कम्पाउन्ड, कक्षाकोठा र कार्यालयमा जाने बाटोमा रयाम्प तथा दृष्टिविहीनलाई हिँड्न सजिलो हुने खालका पैदलपथ पर्याप्त छैनन् ।
- बहिरा बालबालिकाका लागि सुनाइ सहयोगी सामग्री तथा बौद्धिक अपाङ्गता, अटिज्म भएका व्यक्तिहरूका लागि पाठयपुस्तक अनुसारको पाठय सामग्री तथा शैक्षिक सामग्रीको व्यवस्था साथै योग्यताको प्रमाण पत्रको व्यवस्था हुन सकेको छैन ।
- कक्षा १ देखि १० सम्मका इच्छाधीन विषयहरू गणित, अर्थशास्त्र र लेखाका पाठ्यपुस्तक ब्रेल लिपिमा अझै बनेका छैनन् । कक्षा ११ र १२ मा कुनै पनि विषयमा ब्रेल लिपिमा पढ्न मिल्ने पाठ्यपुस्तक तयार भएका छैनन् ।

- न्यून दृष्टियुक्त (Low vision) भएका बालबालिकाहरूका लागि रङ्गीन र फराकिलो पृष्ठमा ठुला अक्षर भएका पाठ्य पुस्तक बन्न सकेका छैनन् ।

- सुनाइ र दृष्टि अपाङ्गता भएका बालबालिकालाई ध्यानमा राखेर पढाइ एप (reading application) बनेका छैनन् ।

- बहिरा बालबालिकाले सञ्चार गर्ने माध्यम भाषा - साङ्केतिक भाषाको शब्दकोशमा शब्द भण्डार कमजोर हुनाका कारण एउटै शब्दले अनेकौं अर्थ लगाउनुपर्ने अवस्था हुँदा बहिराका लागि शिक्षा गुणस्तरीय हुन सकेको छैन । बजारमा आएको साङ्केतिक शब्दकोश सबै शिक्षक सामु नपुग्नाले आफूखुसी शव्द प्रयोग हुन गइ सिकाइ स्तरीकृत हुन सकेको छैन ।

- बहिरा र दृष्टिविहीन बालबालिकालाई पढाउने शिक्षण विधिको विकास नहुनाले शिक्षणकला (Pedagogical) पक्ष कमजोर हुन गई वास्तविक सिकाइ हुन सकेको छैन । शिक्षकले आफुखुसी र बालकले पनि आफ्नै ढङ्गबाट मात्र सिक्नुपर्दा सिकाइमा विधि सम्मतता, एकरूपता र तीव्रता हुन सकेको छैन । विशेष शिक्षालाई विशेष विद्यालय र विशेष कक्षाको साँघुरो बुझाइबाट हेर्ने गरिएको छ । विशेष शिक्षा त विद्यालय र कक्षा नभई विशेष आवश्यकता भएका बालबालिकालाई उपलब्ध गराउने सेवा तथा सुविधा हो, जुन सुविधा कुनै पनि प्रकारको विद्यालयमा उपलब्ध गराउन सकिन्छ भन्ने बुझाइ बनाउन सकिएको छैन ।

**शिक्षणको माध्यम भाषाः**

- शिक्षक, कर्मचारी, नेता तथा धनी व्यक्तिहरूले आफ्ना छोराछोरी अङ्ग्रेजी माध्यम भएका निजी विद्यालयमा पठाएका छन् । आफ्ना बालबालिकाहरू सार्वजनिक विद्यालयमा पठाउने सर्वसाधारण तथा विपन्न परिवारका अविभावकहरू शिक्षणको माध्यम अङ्ग्रेजी बनाउन दबाब दिइरहेका छन् भने कतिपय स्थानीय सरकार तथा विद्यालय व्यवस्थापन समितिले बालबालिकाको भाषिक कठिनाइ तथा शिक्षकको क्षमताको मुल्याङ्कननै नगरी प्रारम्भिक बाल विकास देखी नै अङ्ग्रेजी माध्यम लागु गर्ने निर्णय गरेका छन् । तर धेरै वर्ष शिक्षण गरेका शिक्षकहरू समेत अङ्ग्रेजीमा पढाउन आफ्नो असमर्थता व्यक्त गरिरहेका छन् ।

- अङ्ग्रेजी माध्यममा पठन पाठन गरारहेका विद्यालयहरूले यसलाई निजीसँग प्रतिस्पर्धा गर्नुपर्ने भएकाले बाध्यताका रूपमा लिएका छन् भने अङ्ग्रेजीमा राम्रो सञ्चार गर्न नसक्ने शिक्षकहरू अलमल र ठुलो नैतिक दबावमा छन् । यसबाट शिक्षण सिकाइमा प्रतिकूल असर परेको छ । नेपाली नबुझ्ने र आफ्नो मातृभाषा मात्रै बुझ्ने र बोल्ने प्रारम्भिक बाल विकास तथा प्रारम्भिक कक्षाका बालबालिकाहरू दोहोरो मारमा परेका छन् ।

- निजीसँगको प्रतिस्पर्धाका कारण कतिपय सार्वजनिक विद्यालयले पनि जनक शिक्षा सामग्री केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तक प्रयोग नगरी अन्य निजी प्रकाशनका अङ्ग्रेजीका पाठ्यपुस्तक प्रयोग गरिरहेका छन् ।

### स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण

- विविधता र समावेशीकरणलाई दृष्टिगत गरेर स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने कार्यमा दक्ष जनशक्तिको खाँचो छ ।
- स्थानीय विषय वा मातृभाषा सम्बन्धी विषय राख्ने प्रावधान भए पनि धेरै विद्यालयहरूमा त्यसको सट्टामा अतिरिक्त अङ्ग्रेजी विषय राख्ने गरिएको छ ।

### पाठ्यपुस्तकमा समावेशिताप्रतिको संवेदनशीलता

- पाठ्यपुस्तकमा अझै पनि जेन्डर, अपाङ्गता भएका बालबालिका/व्यक्ति, दलित, जनजाति तथा अल्पसङ्ख्यक समुदाय प्रति संवेदनशील हुने कुरामा प्रगति भएको भए तापनि पाठमा भएका व्यक्तिका नाम, चित्र, उदाहरणहरूले समावेशिताको मर्मलाई अझै पूर्ण रूपमा आत्मसात् गर्न सकेका छैनन् ।

### शैक्षिक समिति तथा शिक्षण पेसामा महिला सहभागिता

गाउँ वा नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अविभावक सङ्घमा संविधानको प्रावधान अनुसार (३३ प्रतिशतसम्म) महिलाको प्रतिनिधित्व हुन सकेको अवस्था छैन । शिक्षण पेसामा महिलाको सहभागिता पनि कम छ (आधारभूत र माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत क्रमशः ३७.६ र १८. छ) । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकको जिम्मेवारी पाउने महिलाहरू न्यून छन् ।

## ५. सुझाव तथा कार्यान्वयनका आधारहरु

माथि उल्लिखित पृष्ठभूमि, सिद्धान्त तथा अन्तर्राष्ट्रिय अभिसन्धि तथा अभ्यास, बर्तमान अवस्था, समस्या तथा मुद्दा र संविधानको व्यवस्था (धारा ३१.२ ) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिकसम्मको शिक्षा निःशुल्क पाउने हक, धारा ३१.३ मा  अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक, धारा ३१.४ मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट निःशुल्क शिक्षा पाउने हक, धारा ३९.२ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, र सर्वाङ्गीण व्यक्तित्व विकासको हक,धारा ३९.३मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक, धारा ३९.५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने विषय, धारा ३९.९ मा असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, धारा ४०.२ र ४०.४ मा दलित बालबालिकालाई आधारभूत तहदेखि उच्च शिक्षासम्म निःशुल्क शिक्षाको हक, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक, पिछडावर्गका लागि धारा १८.३.१, धारा ४२.१, धारा ५१ ञ १० लाई समेत दृष्टिगत गरी तलका समावेशी नीति, कार्यक्रम र कार्यक्रम कार्यान्वयन गर्ने तरिका (कार्ययोजना) प्रस्तुत गरिएको छ ।

**समावेशी नीतिहरु**

- समावेश गर्नुपर्ने सबै खाले बालबालिकाहरूको घर, विद्यालय तथा समाजमा पहिचानको सम्मान गर्ने तथा गराउने प्रबन्ध मिलाउने ।
- शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीलाई समावेशी बनाई वञ्चितीकरणमा परेका बालबालिकाहरूको तथ्याङ्कलाई अद्यावधिक गर्न स्थानीय सरकार र विद्यालय व्यवस्थापन समितिलाई सक्षम बनाउने ।
- बालबालिकाहरूमा भएका ज्ञान तथा सीपहरूको संरक्षण एवं संवर्धन गरी तिनको उद्यमीकरण गर्ने ।
- बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि अनिवार्य रूपमा गरी खाने सीप सिकाउने व्यवस्था मिलाउने ।
- समावेश गर्नुपर्ने सबै खाले बालबालिकाका अभिभावकहरूलाई आर्थिक रूपले सक्षम बनाउन स्थानीय सरकारले सघाउने गरी प्रबन्ध गर्ने । त्यस्ता बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको अनिवार्य व्यवस्था मिलाउने ।
- घर, विद्यालय तथा समुदायमा उनीहरूको न्यूनतम आवश्यकता पुरा गर्ने खालका भौतिक, शैक्षणिक, आर्थिक तथा व्यवस्थापकीय प्रबन्ध मिलाउने ।
- संविधानको मौलिक हकमा उल्लेख भएका विशेष गरी धारा ३१ मा उल्लेख भएका समावेश गर्नुपर्ने सबै खाले बालबालिकाहरूको शैक्षिक तथा अन्य हक अधिकारहरू सम्वधित पालिकाहरूले पुरा गरे वा नगरेको कुराको लेखाजोखा गर्न पालिका स्तरमै भएका शिक्षा समिति वा तिनले तोकेको समितिले अनुगमन गर्ने ।
- अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य तथा सहयोग सामग्री, तालिम प्राप्त मानव स्रोत, संरचना र संयन्त्रको विकास तथा व्यवस्थापन गर्ने ।
- विद्यालय, विश्वविद्यालय र अनौपचारिक शिक्षा केन्द्रहरूलाई बाल/युवा मैत्री, छात्रा मैत्री, अपाङ्गता मैत्री तथा सुरक्षित, हिंसा रहित र भय रहित सिकाइ केन्द्रको रूपमा विकास गर्ने ।
- भाषिक सर्वेक्षण मार्फत मातृभाषीहरूको तथ्याङ्क सङ्कलन तथा आवश्यकताको विश्लेषण गरी स्थानीय तहमा बहुभाषी शिक्षा नीति अवलम्बन गर्ने । त्यस अनुसारको पूर्वाधार र स्रोत साधनको प्रबन्ध गर्ने ।
- बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउने उद्देश्य सहित शिक्षणको माध्यमका रूपमा मातृभाषा, नेपाली र अङ्ग्रेजीको सुस्पष्ट क्रम निर्धारण गरी मातृभाषामा आधारित बहुभाषी शिक्षा लागु गर्ने ।
- बहिरा बालबालिकाहरूका लागि साङ्केतिक भाषा र दृष्टिविहीनहरूका लागि ब्रेल लिपिमा शिक्षा पाउने व्यवस्था गर्ने ।
- स्थानीय पालिका, शिक्षक महासङ्घ, विद्यालय तथा बाल क्लबहरूले पहिचान गरे गराएका तथा राष्ट्रिय एबं अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले उठाएका मुद्दाहरूमा पनि विद्यालय तथा

विश्वविद्यालयहरूले संवाद गर्ने संस्कार बनाई विद्यार्थीमा बहु दृष्टिकोण र समालोचनात्मक क्षमता अभिवृद्धि गर्ने वातावरण बनाउने ।

- सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रकाशित हुने हरेक पाठ्यक्रम, पाठ्यपुस्तक, ऐन, नियमावली, योजना, रणनीति, निर्देशिका तथा तालिम प्याकेज लगायतका दस्तावेजलाई जेन्डर तथा सामाजिक समावेशीकरणका विज्ञले सिंहावलोकन गरेपछि मात्रै सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
- छुवाछुत, बालश्रम तथा महिला हिंसाको विरूद्धमा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने ।
- शिक्षाका सबै तहमा (प्राम्भिक बाल विकासदेखि उच्च शिक्षा तथा जीवनपर्यन्त शिक्षासम्म) समावेशीकरणका मुद्दालाई सम्बोधन गर्ने ।

**समावेशी रणनीतिहरु**

**क) साझा रणनीतिहरु**

- सामाजिक, शारीरिक तथा मानसिक हिंसा तथा विभेदरहित जीवन जिउन चाहिने सुविधा तथा संरक्षणको सुनिश्चित गर्ने
- सम्बन्धित पालिकाबाट अभिभावकलाई आत्मनिर्भर बनाउनका लागि ससर्त सहयोगको व्यवस्था गर्ने
- न्यूनतम शैक्षिक उपलब्धि हासिल गर्ने तथा बिचैमा पढाइ छोड्नेहरूका लागि विशेष तथा अनवार्य सुधारात्मक कक्षाको प्रबन्ध गर्ने
- आवश्यकता अनुसार दिवा तथा आवासीय शिक्षाका लागि चाहिने उचित छात्रवृत्तिको व्यवस्था गर्ने
- त्यस्ता बालबालिकाहरूलाई पढाउने तथा सघाउने शिक्षक तथा कर्मचारीहरूका लागि शैक्षिक समकक्षता एवं विशेष सुविधाको प्रबन्ध गर्ने
- शैक्षिक संस्थामा नै व्यक्तिगत तथा पेसागत परामर्शको सुविधाको व्यवस्था गर्ने
- उच्च शिक्षासम्मको अध्ययनका लागि स्थानीय तहमा छात्रवृत्ति कोषको प्रबन्ध गर्ने

**ख) समूह विशेषका रणनीतिहरु**

- बालिका तथा यौनिक अल्पसङ्ख्यकहरूका लागि उपयोगी पूर्वाधारको सुनिश्चितता गर्ने
- भाषिक समूहहरूलाई मातृभाषा विषयको रुपमा मातृभाषामा तथा मातृभाषामार्फत पढ्न पाउने व्यवस्था गर्ने र यसलाई आधारभूत तथा माध्यमिक तहमा लागु गर्ने
- दलितहरू विरुद्धको जातजातीय छुवाछुत अन्त्य गर्ने
- पिछडावर्गका लागि सांस्कृतिक तथा भाषिक संरक्षण तथा संधर्धन गर्ने प्रबन्ध मिलाउने ।
- धार्मिक विद्यालयमा पढ्ने बालबालिका तथा तिनका शिक्षकहरूको शैक्षिक योग्यताको समकक्षताको प्रबन्ध गर्ने

- अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (२०७४) मा वर्गीकरण गरे अनुसार दशै प्रकारका अपाङ्गता भएका बालबालिकहरूको (शारीरिक अपाङ्गता, दृष्टिसम्बन्धी अपाङ्गता, सुनाइसम्बन्धी अपाङ्गता, श्रवण दृष्टिविहीन अपाङ्गता, स्वर र बोलाई सम्बन्धीअपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिजमसम्बन्धी अपाङ्गता र बहु अपाङ्गता) शारीरिक तथा बौद्धिक क्षमता अनुसारको भौतिक, शैक्षिक तथा अन्य सामग्रीहरूको प्रबन्ध गर्ने ।

- सुस्त श्रवण भएका बालबालिकालाई जवर्जस्ती साङ्केतिक भाषामा मात्र सीमित नगराई सामान्य उपकरणको प्रयोगले सुन्न सकिने बनाउने । न्यून दृष्टि भएका बालबालिककालाई जबर्जस्ती ब्रेल मात्र विकल्पकका रूपमा नदिई अक्षर पुस्तकको आकार र उपकरणका मद्दतले पनि सिकाउने खालको सकेसम्मका विकल्पहरू प्रयोग गरेर सिकाउने विधि (augmentative and alternative way of communication) अवलम्बन गर्ने व्यवस्था गर्ने ।
- शिक्षक तालिम, लचिलो पाठ्यक्रम र पाठ्यपुस्तक तथा सिकाइ सामग्रीमा जोड दिने र वैकल्पिक अवधारणा (alternative approach) अपाङ्गता भएका बालबालिकाको सिकाइको मूल्याङ्कन पद्धतिमा सुधार गर्ने ।

## ६. नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने कार्ययोजना

**१. छात्रा /महिला**

| गर्नुपर्ने काम | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|
| १. हरेक पाठ्यक्रम, पाठ्यपुस्तक, नीति, निर्देशिका, ऐन, नियमावली, तालिम प्याकेज जस्ता दस्तावेजहरूको जेन्डर अडिटिङ गर्ने | दस्तावेज सार्वजनिक गर्नुअघि विज्ञहरूको समूहलाई सिंहावलोकन/परीक्षण गर्न लगाएर | सङ्घीय, प्रादेशिक र स्थानीय सरकार तथा शिक्षासम्बन्धी तीनै तहका निकाय |
| २. महिला (बालिका) र पुरुष (बालक)लाई समता र समानता सम्बन्धी चेतना जगाउने कार्यक्रम (महिनाबारी, छाउपडी, महिला हिंसा, लैङ्गिक समता, समानता, बोक्सी भनी दोष लागाउने जस्ता अन्धविश्वासका विषयमा) | –पाठ्यक्रम र पाठ्य सामग्रीमा समावेश गरेर (आमा र महिलासम्बन्धी चित्रहरू समावेश गर्न प्राथमिकता दिने)<br>- शिक्षण सिकाइका माध्यमबाट<br>- समुदायमा महिला र पुरुष दुवैलाई चेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरेर<br>-अविभावक शिक्षा सञ्चालन गरेर | - पाठ्यक्रम विकास केन्द्र र सो सम्बन्धी काम गर्ने प्रदेश र स्थानीय तहका निकाय,<br>प्रदेश र स्थानीय सरकार<br>**- विद्यालय व्यवस्थापन** समिति, प्रधानाध्यापक, शिक्षक<br>-स्थानीय तहको शिक्षा सम्बद्ध समिति वा |

| | | |
|---|---|---|
| | | शाखासँगको समन्वयमा स्थानीय क्लब, गैर सरकारी संस्था आदि |
| ३. किशोर/केटाहरूलाई मनोवृत्ति परिवर्तनसम्बन्धी कार्यक्रम | - किशोरी/केटीहरूको संवेदनशीलता, मूल्य र इच्छा जस्ता विषयमा अभिमुखीकरण | - विद्यालयहरू |
| ४. छात्रालाई आत्मरक्षा तालिम | - विद्यालयमा अतिरिक्त क्रियाकलापका रूपमा | - विद्यालय व्यवस्थापन र प्र.अ.ले व्यवस्था मिलाउने |
| ५. व्यक्तिगत र सामूहिक सुरक्षा सम्बन्धी जानकारी | - यौन शिक्षा जस्ता विषयवस्तु पाठ्यक्रम र पाठ्यसामग्रीमा समावेश गरेर<br>- पठन पाठनका माध्यमबाट<br>- विद्यालयमा सुरक्षा प्याडको (safety pad) अनिवार्य व्यवस्था गरेर | - पाठ्यक्रम विकास केन्द्र र सो सम्बन्धी काम गर्ने प्रदेश र स्थानीय तहका निकाय<br>- शिक्षक<br>- विद्यालय |
| ६. अनिवार्य रूपमा छुट्टै छात्रा शौचालयको व्यवस्था | - विद्यालय सर्वेक्षण गरी छुट्टै व्यवस्था नभएका विद्यालयमा | - स्थानीय सरकार (शैक्षिक सुधारको आधारभूत पक्षको रूपमा सम्बोधन गर्ने) |
| ७. शिक्षक तालिम (महिला र पुरुष दुवैलाई) | - सेवाप्रवेश, पुनर्ताजगी र अन्य तालिमहरूमा समावेशितासम्बन्धी विषयवस्तु समावेश गरेर<br>- विद्यालयमा स्टाफ बैठकमा अन्तरक्रिया गरी | - तालिम सञ्चालन गर्ने संस्था र निकाय<br>- प्रधानाध्यापक र शिक्षकहरू |
| ८. महिला शिक्षकको अनिवार्य व्यवस्था गर्ने त्यसो गर्दा दलित, अपाङ्गता भएका, जनजाति,मुस्लिम, मधेशीलाई ध्यान दिने | - शिक्षा नियमावलीमा भएको व्यवस्थालाई र हालसम्मको अनुभवका आधारमा महिलामा पनि दलित, अपाङ्गता भएका, जनजाति, मुस्लिम, मधेशीलाई महत्त्व दिने गरी सङ्घीय, प्रदेश र स्थानीय शिक्षा ऐनमा व्यवस्था गरी सो अनुसार कार्यान्वयन गर्ने । | - सङ्घीय, प्रदेश र स्थानीय सरकार |
| ९. हरेक शिक्षा समितिहरू (गाउँ वा नगर शिक्षा समिति, **विद्यालय व्यवस्थापन** समिति, शिक्षक | हरेक शिक्षा समितिहरू (गाउँ वा नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक सङ्घ ) | -स्थानीय सरकार |

| | | |
|---|---|---|
| अविभावक सङ्घ) हाललाई संविधानले तोकेअनुसार (३३ प्रतिशत) महिलाको सहभागिता कायम गर्ने र पछि क्रमशः बढाउँदै लैजाने, महिला सशक्तीकरण र नेतृत्व विकाससँग जोडेर लैजाने र निर्णय गर्ने तहमा महिलाको भूमिका बढाउने | पुनर्गठन गरेर | |

**२. जनजाति, पिछडावर्ग र भाषिक समूह**

| गर्नुपर्ने काम | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|
| १. जनजातिका र भाषिक समूहका विशेषताको पहिचान गर्ने | - भाषा, लिपि र अन्य विशेषताको सर्वेक्षण फाराम विकास गरी त्यसको प्रयोग गरेर<br>- भाषा, लिपि र अन्य विशेषताका बारेमा जानकार स्थानीय व्यक्ति पहिचान गरेर | -स्थानीय सरकार |
| २. जनजाति, पिछडावर्ग एवं भाषिक समूहका विशेषताको उययोग र प्रयोग गर्ने | - प्रचार प्रसार गरेर।<br>- बजारलाई प्रोत्साहन गर्ने | - स्थानीय सरकार, स्थानीय क्लब, आमा समूह आदिसँग सहकार्य गरेर |
| ३. गाउँ, नगर र **विद्यालय** तहमा जनजाति, अल्पसङ्ख्यक तथा मातृभाषीहरूको तथ्याङ्क अद्यावधिक गर्ने | -सामाजिक-भाषिक सर्वेक्षण (Sociolinguistic survey) गरेर<br>-विद्यालयमा बालबालिकाहरूलाई बोल्न वा पढ्न लगाएर | -गाउँपालिका र नगरपालिका |
| ४. सार्वजनिक र निजी विद्यालयमा प्रारम्भिक कक्षाहरूमा नेपाली बाहेकका मातृभाषीहरूको सिकाइमा भाषिक कठिनाइको अवस्था विश्लेषण गर्ने | - यसबारे अध्ययन/अनुसन्धान गरेर | -गाउँपालिका र नगरपालिका |
| ५. सार्वजनिक विद्यालयमा विद्यार्थीहरू र शिक्षकको अङ्ग्रेजी **सञ्चार** सीपको अवस्था विश्लेषण र निजी विद्यालयका विद्यार्थीहरूको सामाजिक लगायतका विषयमा | -अध्ययन/अनुसन्धान गरेर | -गाउँपालिका र नगरपालिका |

| | | |
|---|---|---|
| विषयवस्तु सम्बन्धी ज्ञानको अवस्था विश्लेषण गर्ने | | |
| ६.स्थानीय तहको अध्ययन/ अनुसन्धानका आधारमा माध्यम भाषा, तथा भाषिक नीति तयार गर्ने तथा त्यसबारे सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने | -विज्ञहरूको सहयोग लिएर<br>-अनुसन्धानको प्रमाणमा टेकेर सहभागीमूलक ढङ्गले कार्यशाला गोष्ठी गरेर | -भाषा आयोग र त्रि.वि. भाषाशास्त्र विभागसँगको समन्वयमा गाउँपालिका र नगरपालिका |

**३· दलित**

| गर्नुपर्ने काम | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|
| १· विद्यालयमा आधारित समता र समानता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | - विद्यालयमा यस विषयलाई वार्षिक योजनामा समावेश गरी प्रत्येक महिना अभिभावक, समुदायका मानिससमेतको सहभागितामा जानकारीमूलक कार्यक्रम सञ्चालन गर्ने | - विद्यालयको व्यवस्थापन पक्षले |
| २· जातमा आधारित भेदभावको अन्त्य गर्ने | - सञ्चार माध्यम, पाठ्यक्रम तथा पाठ्य सामग्री, शिक्षण सिकाइ क्रियाकलाप आदि सबै पक्षबाट सम्बोधन गर्ने ।<br>- प्रत्येक तहका सरकारले यसका लागि निश्चित बजेट छुट्ट्याउने ।<br>- पाठ्यक्रम तथा पाठ्य सामग्री र शिक्षक तालिममा विषयवस्तु समावेश गर्ने<br>- शिक्षण शिकाइ क्रियाकलापबाट सम्बोधन गर्ने<br>– विद्यालय तथा स्थानीय सरकारले जातजातीय छुवाछुत विरोधी अभियान चलाउने<br>-समुदायमा भएका आमा समूह, वन समूह, सहकारी समूह लगायत अन्य समूहलाई परिचालन गरेर | - स्थानीय, प्रदेश र सङ्घीय सरकार<br>- स्तथानीय, प्रदेश र सङ्घीय सरकार<br>- पाठ्यक्रम विकास केन्द्र र प्रदेश र स्थानीय तहका पाठ्यक्रम तथा पाठ्य सामग्री सम्बद्ध निकायहरू<br>- शिक्षक तालिम केन्द्र र तालिम दिने संस्थाहरू<br>- शिक्षकहरू<br>(छुवाछुत मुक्त र समतामूलक समाज बनाउने अभियानमा शिक्षाका सबै सरोकारवालाहरू सहभागी हुनेछन्) |

| | | |
|---|---|---|
| ३. परम्परागत दलितका ज्ञान, सीप र प्रविधि पाठ्यक्रममा समावेश गर्ने र कार्यान्वयन गर्ने | - पाठ्यक्रम पुनरावलोकनका क्रममा<br>- पाठ्यक्रमका आधारमा स्थानीय तह र विद्यालयमा तालिम सञ्चालन गर्ने | - पाठ्यक्रम विकास केन्द्र र प्रदेश र स्थानीय तहका पाठ्यक्रम तथा पाठ्य सामग्री सम्बद्ध निकायहरू<br>- विद्यालय र स्थानीय सरकार |
| ४. दलितमा पनि अति पिछडिएको डोम, चमार, मुसहर, बादी आदिका लागि विशेष व्यवस्था गर्ने | - मापदण्ड र नीति बनाउने<br>- त्यसको अनुगमन गर्ने<br>- कार्यान्वयन गर्ने एवम् - गुनासो सुन्ने र त्यसको व्ववस्थापन र कारबाही गर्ने | - सङ्घीय सरकार<br>- प्रदेश सरकार<br>- स्थानीय सरकार र विद्यालय |
| ५. दलितका लागि दिइने छात्रवृत्तिलाई समानता होइन समताका आधारमा वितरण गर्ने | - छात्रवृत्ति वितरणसम्बन्धी कार्यविधि परिमार्जन गर्ने<br>- कार्यन्वयन गर्ने । कार्यान्वयन गर्दा स्थानीय दलित अगुवाहरूको उपयोग गरी मेधावी र अति कमजोर दलित बालबालिकालाई सम्बोधन गर्ने<br>- प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्ने | - सङ्घीय सरकारको शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र<br>- स्थानीय सरकार र विद्यालय<br>- कार्यविधि र मापदण्डका आधारमा प्रदेश सरकारको शिक्षा हेर्ने संयन्त्र |
| ६. दलित विद्यार्थीका लागि आधारभूत तहदेखि उच्च शिक्षा तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने | सबै दलित विद्यार्थीले विद्यालय तहदेखि उच्च शिक्षा तहसम्म निःशुल्क शिक्षा पाए वा पाएनन भनी अनुगमन गर्ने । विद्यालय तहका लागि स्थानीय सरकारले तथा उच्च शिक्षाको लागि प्रदेश तथा सङ्घीय तहमा अनुगमन टोली बनाउने । | (सरकारको सबै तह तथा दलित तथा दलित शिक्षामा लागिपरेका व्यक्तिहरूको टोली |

**४. अपाङ्गता भएका बालबालिका/व्यक्तिहरु**

| गर्नुपर्ने काम | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|
| १. विभिन्न किसिमका अपाङ्गताको | - सर्वेक्षण र वर्गीकरणको मापदण्ड | - पहिलो चरणमा अभिभावक र |

| | | |
|---|---|---|
| पहिचान र वर्गीकरण गर्ने | अनुसार<br>-बहुविषयगत (Multi-disciplinary) विज्ञ समूहबाट प्रारम्भिक पहिचान (early diagnosis) गरेर | शिक्षक<br>- त्यसपछि स्थानीय सरकार र विद्यालयहरू |
| २. हरेक प्रदेशमा र स्थानीय तहमा कम्तिमा एउटा पर्ने गरी प्रारम्भिक पहिचान केन्द्र (Early Diagnosis Centre) को स्थापना गर्ने | -विज्ञहरूको सहयोग लिएर | - प्रदेश र स्थानीय सरकार<br>- विद्यालय व्यवस्थापन समिति |
| ३. दशै प्रकारका अपाङ्गताको प्रकार अनुसारका पाठ्यक्रम, पाठ्य सामग्री र शिक्षक विकास र व्यवस्थापन गर्ने | - पाठ्यक्रम. पाठ्यपुस्तक परिमार्जन गर्ने<br>- कार्यान्वयन गर्ने<br>- अनुगमन र मूल्याङ्कन गर्ने | - परिमार्जन पाठ्यक्रम विकास केन्द्र र सो सम्बन्धी काम गर्ने प्रदेश र स्थानीय तहका निकाय<br>- कार्यान्वयन विद्यालयहरू<br>- सम्बद्ध सबै निकायहरू |
| ४. समावेशी कक्षा वा विद्यालयमा सहभागी हुन नसक्ने र विशेष रेखदेख गर्न पर्ने विद्यार्थीका लागि छुट्टै स्रोत कक्षा वा विशेष विद्यालयको व्यवस्था गर्ने | - एक अध्ययन टोली गठन गरी त्यसले दिएको प्रतिवेदनका आधारमा | - सङ्घीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>- स्थानीय सरकारले त्यस्ता अपाङ्गता भएकालाई विद्यालयमा पठाउन सिफारिस गर्ने छ । |
| ५. शिक्षक विद्यार्थी र अभिभावकलाई अपाङ्गता बुझ्ने, उनीहरूलाई सम्मान गर्ने, यौन हिंसा जस्ता विषयमा अभिमुखीकरण गर्ने | - स्थानीय सरकारले वार्षिक योजना तथा कार्यक्रम्मा राखी स्थानीय क्लब, आमा समूह, विद्यालय आदिसँग सहकार्य र समन्वय गरेर | - स्थानीय सरकारले सहजीकरण गर्ने<br>- विद्यालय, क्लब, आमा समूह, आदिले कार्यान्वयन गर्ने<br>- प्रदेश सरकारले अनुगमन गर्ने |
| ६. अपाङ्गता भएका बालबालिका तथा युवाका लागि पर्याप्त छात्रवृत्तिको व्यवस्था गर्ने | - तथ्याङ्क एकीन गरी उपयुक्त नीति र मापदण्ड बनाएर | - स्थानीय जानकार, सहयोगकर्ता, स्थानीय सरकार र सम्बद्ध विद्यालयहरू |
| ७. शैक्षणिक सामग्री (जस्तै सेतो लट्ठी, श्रवण यन्त्र, विशेष प्रकारको कम्प्युटर आदि) को प्रबन्ध गर्ने | - उपयुक्त र आवश्यक परिणाम पहिचान गरेर र रकमको व्यवस्था गर्ने | - स्थानीय सरकारले सम्भाव्य अपाङ्गता भएका व्यक्तिहरूको गैर सरकारी संस्था, सहकारी र अन्य दाताहरूसँग साझेदारीमा |

| | | |
|---|---|---|
| ८. उच्च शिक्षासम्म पढ्न पाउने गरी सबै प्रकारका अपाङ्गता भएकाका लागि उचित निःशुल्क शिक्षाको प्रबन्ध गर्ने | - संविधानमा भएको मौलिक हक अनुसार कानुन बनाई कार्यान्वयन गर्ने<br>- सबै सरकारले रकम उपलब्ध गराउने व्यवस्था मिलाउने | - नीति सङ्घीय र प्रदेश सरकार बनाउने र आवश्यक बजेट विनियोजन गर्ने<br>- स्थानीय सरकारले पनि केही सहयोग रकम (टोकन मनी) को व्यवस्था गर्ने । |
| ९. पुनर्स्थापना केन्द्रको व्यवस्था र उद्यमशील व्यवसायसँग आबद्ध गराउने | - उद्योग, व्यापार, पर्यटन तथा उत्पादन र रोजगारदाताहरूसँग समन्वय गरेर | - प्रदेश र स्थानीय सरकार र विद्यालयहरू |
| १०. विद्यालयमा प्रत्येक अपाङ्गता भएका बालबालिकाका लागि व्यक्तिगत शैक्षिक योजना (IEP) बनाउने | - प्रत्येक विद्यालयहरूले वार्षिक कार्यक्रम तथा योजनमा समावेश गरेर कार्यान्वयन गर्ने<br>- शिक्षकलाई अतिरिक्त तलबको समेत व्यवस्था गरेर | - विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरू |
| ११. हाललाई प्रत्येक जिल्ला र क्रमश हरेक स्थानीय तहमा कम्तिमा एउटा अपाङ्गता सम्बन्धी विद्यालय (समावेशी र विशेष) तथा पुनर्स्थापना केन्द्र स्थापना गर्ने | - प्रदेश सरकार तत्कालको कार्यक्रम तथा कार्ययोजनामा र स्थानीय सरकारहरूले आ-आफ्नो दिर्घकालीन योजनामा समावेश गरी कार्यान्वयनमा लग्ने | - प्रदेश सरकार र स्थानीय सरकार |
| १२. अन्तर्राष्ट्रिय अभ्यासलाई समेत दृष्टिगत गरी अपाङ्गता भएका शिक्षक तथा कर्मचारीहरूको सेवा अवधि, निवृत्त हुने उमेर तथा अन्य सुविधामा नयाँ नीति तर्जुमा गर्ने | -सङ्घीय तहमा निर्माण गरिएको समावेशी नीति २०७३ लाई परिमार्जन गरेर<br>-शिक्षकको सेवा सुविधा सम्बन्धी नियमावलीमा राख्ने (अपाङ्गता भएका शिक्षकका लागि १५ वर्षमा पेन्सन हुने र ४५ वर्षसम्म सेवामा हुन पाउने व्यवस्था, | - सङ्घीय सरकार |
| १३. बहिरा बालबालिकाका अविभावकहरूले पनि नेपाली साङ्केतिक भाषा सिक्न पाउने व्यवस्था गर्ने र शिक्षकलाई पनि साङ्केतिक भाषाको तालिम दिने | सङ्घ र प्रदेश सरकारले बजेट विनियोजन गरेर<br>- सम्बन्धित निकायलाई निर्देशन दिएर | - प्रदेश र स्थानीय सरकार |
| १४. ब्रेल लिपिमा पढाउने थप | - सङ्घ र प्रदेश सरकारले बजेट | सङ्घीय र प्रदेश सरकार |

| | | |
|---|---|---|
| जनशक्ति तयार गर्ने, कक्षा १०-११ का इच्छाधीन **विषय**हरू र कक्षा ११-१२ का पाठ्यपुस्तक पनि ब्रेलमा तयार गर्नु पर्ने, हरेक प्रदेशमा ब्रेल प्रिन्टरको व्यवस्था गर्ने | विनियोजन गरेर<br>- सम्बन्धित निकायलाई निर्देशन दिएर | |
| १५. शिक्षा **व्यवस्थापन सूचना** प्रणालीमा अपाङ्गता भएका बालबालिकाको कक्षा पुरा गर्ने, दोहोर्याउने र कक्षा छोड्ने सम्बन्धी तथ्याङ्क पनि अद्यावधिक गर्ने | - शिक्षा **व्यवस्थापन सूचना** प्रणालीमा सुधार गरेर | स्थानीय सरकार |

**५. गरिब, आर्थिक, सामाजिक र भौगोलिक रूपमा पिछडिएको वर्ग**

| गर्नुपर्ने काम | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|
| १. यस समूहका व्यक्तिको अनुभव, सिकाइ, भाषा र सीपलाई महत्त्व दिने | - स्थनीय सरकारको वार्षिक विकास योजनामा समावेश गर्ने<br>- सर्वेक्षण गरी अवस्था पहिचान गर्ने | - स्थानीय सरकारको विकास योजना बनाउने वनाउने संयन्त्र वा निकाय<br>- स्थानीय सरकारको शिक्षा सम्बन्धी शाखा वा महाशाखा वा विभाग |
| २. शिक्षण गर्दा त्यस्ता समूहका मानिसको अनुभव, सिकाइ, भाषा र सीपलाई उपयोग गर्नेगरी शिक्षक तयारी गर्ने | - सबै खालका तालिममा तालिमको विषयवस्तुका रूपमा राखे<br>- शिक्षक तालिमको उपयुक्त व्यवस्था गरी | - तालिम केन्द्र (तालिम प्रदान गर्ने संस्था)<br>- विद्यालय (आफैले आयोजना गर्ने, नसक्ने अवस्थामा सम्बन्धित निकायमा सिफारिस गर्ने) |
| ३. त्यस्ता मानिसका बारेमा अनुसन्धान गर्न शिक्षकलाई सहयोग गर्ने | ÷÷ | ÷÷ |
| ४. यस समूहका बालबालिकालाई परामर्श सेवाको व्यवस्था गर्ने | - विद्यालयले विद्यालयको वार्षिक योजनामा समावेश गरी नियमित प्रक्रियाका रूपमा | - विद्यालय |
| ५. त्यस प्रकारका बालबालिकालाई व्यक्तिगत | - विद्यालयले विद्यालयको वार्षिक योजनामा समावेश गरी नियमित | - सम्बन्धित शिक्षक (शिक्षक महासङ्घले परामर्श सेवा दिन |

| | | |
|---|---|---|
| प्रशिक्षण दिने | प्रक्रियाका रूपमा | सक्ने शिक्षक तयार गर्ने) |
| ६· त्यस्ता बालबालिकालाई उद्यमशीलतामा सहयोग गर्ने | - स्थनीय सरकारको सहजीकरणमा विद्यालयहरूले उद्योग, उत्पादन र रोजगार मूलक संस्थासँग सहकार्य गरेर | - विद्यालय, उद्योग, उत्पादन र रोजगार मूलक संस्था |
| ७· भौगोलिक विकटता भएका क्षेत्रका **विद्यालयमा** आवासीय सुबिधाको व्यवस्था गर्ने | -आवश्यक अध्ययन/अनुसन्धान गरेर<br>आवश्यक बजेट बिनियोजन गरेर | -प्रदेश र स्थानीय सरकार |
| ८· भौगोलिक विकटता भएका क्षेत्रका **विद्यालयमा** बहुकक्षा शिक्षण तालिम र घुम्ती शिक्षकको व्यवस्था गर्ने | - आवश्यक अध्ययन/अनुसन्धान गरेर<br>-अभिमुखीकरण र तालिम दिएर | -प्रदेश र स्थानीय सरकार |
| ९. शैक्षिक उपलब्धि कम भएका समूहका बालबालिकाका लागि अनिवार्य सुधारात्मक कक्षाको व्यवस्था गर्ने | शिक्षक, स्थानीय सरकार, तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा भए गरेका अध्ययनहरूको आधारलाई टेकेर | -प्रधानाध्यापक तथा **विद्यालय**का विषयगत शिक्षकहरू |
| १०. बिचैमा विद्यालय छोडेका बालबालिकाको पढाइको निरन्तरताको व्यवस्था गर्ने | अनौपचारिक शिक्षाको समकक्षी कक्षाको व्यवस्थालाई कार्यान्वयन गरेर । विद्यालय, क्याम्पस तथा विश्वविद्यालयहरूले अनिवार्य रूपमा द्वैध मोडेल शैक्षिक प्रणाली कार्यान्वयन गरेर । | -विद्यालय, क्याम्पस, तथा विश्वविद्यालयहरू |
| ११. विद्यालयमा आउन नसकेका तथा आउन नपाएका बालबालिकाहरूको अनिवार्य तथा निःशुल्क शिक्षाका लागि व्यवस्था गर्ने | -अभिभावक तथा बालबालिकालाई सम्झाएर, तिनलाई आयआर्जनका काममा सघाएर एवं अटेर गर्ने अभिभावकहरूलाई परामर्श दिएर | -स्थानीय सरकार |

**६· बहुसमावेशिता**

| **गर्नुपर्ने काम** | **कसरी गर्ने ?** | **कसले गर्ने ?** |
|---|---|---|
| १· बहुसमावेशी कक्षामा पढाउने शिक्षक तयारी गर्ने | - सबै खालका तालिममा तालिमको विषयवस्तुका रूपमा राखे<br>- शिक्षक तालिमको उपयुक्त व्यवस्था गरी | - तालिम केन्द्र (तालिम प्रदान गर्ने संस्था)<br>- विद्यालय (आफैले आयोजना गर्ने वा सम्बन्धित निकायमा सिफारिस गर्ने) |

| | | |
|---|---|---|
| २. बहुसमावेशिताबाट सम्बोधन गर्नपर्ने बालबालिकालाई आधारभूत सुविधा उपलब्ध गराउने | - विद्यालय र स्थानीय सरकारबिचमा आपसी छलफल र अन्तरक्रियाबाट | - व्यवस्थापन विद्यालय, स्रोत उपलब्ध स्थानीय सरकारले गराउने |
| ३. त्यस्ता बालबालिकाका बारेमा अनुसन्धान गर्न शिक्षक तयारी गर्ने | - सबै खालका तालिममा तालिमको विषयवस्तुका रूपमा राख्ने<br>- शिक्षक तालिमको उपयुक्त व्यवस्था गरी | - तालिम प्रदान गर्ने संस्था, स्थानीय सरकार र शिक्षक महासङ्घको समझदारीमा<br>- विद्यालय (आफैले आयोजना गर्ने वा सम्बन्धित निकायमा शिफारिस गर्ने) |
| ४. त्यो समूहका बालबालिकालाई सिकाइ सामग्री उपलब्ध गराउने | - विद्यालय र स्थानीय सरकारबीचमा आपसी छलफल र अन्तरक्रियाबाट | - विद्यालय र स्थानीय सरकार |

**७. मातृभाषा**

| गर्न पर्ने काम | कसरी गर्ने | कसले गर्ने |
|---|---|---|
| १. स्थानीय तहको अध्ययन/ अनुसन्धानको आधारमा माध्यम भाषा, तथा भाषिक नीति तयार गर्ने तथा त्यसबारे सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने | -विज्ञहरूको सहयोग लिएर<br>-अनुसन्धानको प्रमाणमा टेकेर सहभागीमूलक ढङ्गले कार्यशाला गोष्ठी गरेर | गाउँपालिका र नगरपालिका |
| २. विशेषताको पहिचान गर्ने | - भाषा, लिपि र अन्य विशेषताको सर्वेक्षण फाराम विकास गरी त्यसको प्रयोग गरेर<br>- भाषा, लिपि र अन्य विशेषताका बारेमा जानकार प्राप्त स्थानीय व्यक्ति पहिचान गरेर | स्थानीय सरकारले |
| ३. भाषाको पठन पाठन | - स्थानीय तहमा व्यापक छलफल गरी आवश्यकता पहिचान गरी | स्थानीय सरकारले विद्यालयसँग सहकार्य गरेर भाषालाई विषयका रूपमा पढाउने |
| ४. भाषामा पठन पाठन | - स्थानीय तहमा व्यापक छलफल गरी आवश्यकता पहिचान गरी | स्थानीय सरकारले विद्यालयसँग सहकार्य गरेर उपयुक्त शिक्षकको व्यवस्था गरेर |
| ५. भाषाको माध्यममा पठन पाठन | - विद्यालयले स्थानीय सरकारको सहयोगमा शिक्षक तयारी गरी | - स्थानीय सरकार र विद्यालयको संयुक्त प्रयासमा |

| | | |
|---|---|---|
| | | शिक्षकलाई अनिवार्य रूपमा बहुभाषी तालिम दिएर । दोस्रो र तेस्रो भाषीहरूका लागि उपचारात्मक पठन पाठन प्रक्रिया अवलम्बन गरेर पढाउने । उपचारात्मक कक्षाको व्यवस्था गर्ने |
| ६. भाषाको संरक्षण | शिक्षक र स्थानीय बुद्धिजीवीको सहयोगमा, स्थानीय सरकारले भाषा तथा लिपिको खोजी गर्ने, तिनको लिखत राख्ने तथा तिनको विकास गर्ने नीति तथा कार्यक्रम तयार गरी | भाषप्रेमीहरूको समूह बनाई भाषा तथा लिपिको खोजी गरेअनुसार इच्छुक समूहलाई पठन पाठनको सुविधा प्रदान गर्ने |
| ७. स्थानीय रैथाने समूहका व्यक्तिको अनुभव, सिकाइ, भाषा र सीपलाई महत्त्व दिने | - स्थनीय सरकारको वार्षिक विकास योजनामा समावेश गर्ने<br>- सर्वेक्षण गरी अवस्था पहिचान गर्ने | - स्थानीय सरकारको विकास योजना बनाउने वनाउने संयन्त्र वा निकायले<br>- स्थानीय सरकारको शिक्षासम्बन्धी शाखा वा महाशाखा वा विभागले |
| ८. शिक्षण गर्दा त्यस्ता समूहका मानिसको अनुभव, सिकाइ, भाषा र सीपलाई उपयोग गर्ने गरी शिक्षक तयारी गर्ने | - सबै खालका तालिममा तालिमका विषययवस्तुका रूपमा राख्ने<br>- शिक्षक तालिमको उपयुक्त व्यवस्था गरी | - तालिम केन्द्रले ( तालिम प्रदान गर्ने संस्था)<br>- विद्यालयले (आफैले आयोजना गर्ने, नसक्ने अवस्थामा सम्बन्धित निकायमा सिफारिस गर्ने) |

**८. मेधावी (विशिष्ट क्षमता भएका) विद्यार्थी**

| गर्नुपर्ने काम | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|
| १. तीक्ष्ण वा उत्कृष्ट प्रतिभा भएका बालबालिकको पहिचान र प्रतिभाको प्रवर्धन गर्ने | - प्रत्येक विद्यालयले विभिन्न विषय क्षेत्रका विशेष प्रतिभा भएका विद्यार्थी प्रतिस्पर्धाका माध्यमबाट पहिचान गर्ने<br>- स्थानीय तह, प्रदेशस्तर र सङ्घीय तहमा प्रति वर्ष अनिवार्य रूपमा प्रतिभा पहिचान र प्रतिस्पर्धाका  कार्यक्रम सञ्चालन गर्ने<br>- प्रत्येक सङ्घीय एकाइमा प्रतिस्पर्धाबाट उत्कृष्ट भएकाहरूलाई उनीहरूको इच्छा | - विद्यालयहरूले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी सम्बोधन गर्ने । सङ्घ र प्रदेश सरकारले पहिचानको कार्यविधि र मापदण्ड प्रदान गर्ने ।<br>- सम्बन्धित सङ्घीय एकाइका शिक्षा सम्बद्ध निकायले, शाखा वा निर्देशनालय, सङ्घमा पाठ्यक्रम विकास केन्द्र<br>- प्रत्येक सङ्घीय एकाइले (यसलाई अमूल्य |

| | | |
|---|---|---|
| | अनुसार प्रवर्धनको उपयुक्त अवसर प्रदान गर्ने | बौद्धिक प्रतिभाक रूपमा आत्मासात् गरी उनीहरूको थप हौसला र योग्यता बढाउन विशेष छात्रवृत्तिको व्यावस्था गर्ने । |

**९. जोखिममा परेका बालबालिका**

| गर्नुपर्ने काम | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|
| १. आमाबाबुसँग जेलमा रहेका बालबालिका, सडक बालबालिका, विद्यालय छाडेका, टुहुरा, बालश्रम गरिरहेका, अति गरिब, दुर्व्यवहार गरिएका, भेदभावमा परेका, चाँडो विवाह गरेका बालबालिकाहरूको शिक्षाको उपयुक्त व्यवस्था गर्ने | - सर्वेक्षण, पहिचान र वर्गीकरण<br>- वर्ग अनुसारको सम्बोधन गर्ने रणनीति तयार<br>- रणनीतिको कार्यान्वयन | - विद्यालय, स्थानीय क्लब र गैरसरकारी संस्थासँग सहकार्य गरी स्थानीय सरकार<br>- ÷÷<br>- रणनीतिमा उल्लेख भए अनुसार जिम्मेवारी लिन पर्ने संस्था र निकाय |

**गर्नुपर्ने थप कार्य**

१. प्रत्येक विद्यालयमा समावेशी विषयवस्तुलाई सम्बोधन गर्न परामर्श सेवा (हेल्प डेस्क), विशेष कक्षा र उत्प्रेरणा कक्षाको व्यवस्था हुनुपर्ने । साना विद्यालयमा छुट्टै व्यवस्था आवश्यक नपर्न सक्छ । तर यी विषयलाई सम्बोधन हुनुपर्ने ।

२. डाउन सिन्ड्रोम भएका बालबालिकाका लागि कक्षामा शिक्षक र छाया शिक्षकको व्यवस्था तथा Occupational therapist, physical therapist र speech therapist को सेवाको पनि व्यवस्था, Muscular Distrophy भएका १ जनालाई शिक्षकका अतिरिक्त physio therapist र care taker को व्यवस्था, आदि)

३. प्रत्येक विद्यालयले विद्यालय छाड्ने बालबालिकाको अनुगमन गरी कारण पहिचान गरी समसस्याको प्रकृतिअनुसार समाधानको उपाय अवलम्बन गर्नुपर्ने । यस विषयलाई प्रत्येक विद्यालयले अनिवार्य र अभिन्न अङ्गका रूपमा अभ्यास गरेको हुनुपर्ने ।

४. समावेशी पक्षबाट सम्बोधन गर्नुपर्ने बालबालिकाका लागि विशेष सहयोगको आवश्यकता पर्छ । त्यसका लागि प्रदेश सरकार र स्थानीय सरकारले प्राथमिकताका साथ सहयोग गरेको हुनुपर्ने ।

५. सामुदायिक विद्यालयमा नै कोहीलाई संस्थागत विद्यालयको ढङ्गले शुल्क लिई पढाउनुको सट्टा पुलेसो कोर्स बनाई सबै विद्यार्थीलाई एक अर्का स्तरका विद्यालयमा प्रवेश सुनिश्चित गर्ने प्रबन्ध मिलाउनुपर्ने ।

## विद्यालय शिक्षामा समावेशितासम्बन्धी तथ्याङ्कगत अवस्था र यसले उठान गरेका मुद्दा

**(शैक्षिक सूचना २०७४ फ्ल्यास रिपोर्ट, २०७४ र विद्यार्थी राष्ट्रिय उपलब्धि परीक्षण २०११, २०१२, १०१३, २०१५ अनुसार)**

**तालिका १ः बाल विकास तथा पूर्वप्राथमिक शिक्षामा छात्राको सहभागिता**

| जम्मा भर्ना | | | लैङ्गिक प्रतिशत | | |
|---|---|---|---|---|---|
| बालिका | बालक | जम्मा | बालिका | बालक | जीपिआइ |
| ४५१,७८० | ५०५३०७ | ९५७०८७ | ४७.२ | ५२.८ | ०.८९ |

बाल विकास तथा पूर्वप्राथमिक शिक्षामा केटीको प्रतिशत केटाको भन्दा कम देखियो ।

**तालिका २ः बाल विकास तथा पूर्वप्राथमिक शिक्षामा दलित र जनजातिको सहभागिता**

| बाल बिकास तथा पूर्वप्रथमिक शिक्षामा बालकालिकाको सङ्ख्या | | | | | | | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | दलित | | | जनजाति | | | दलित | जनजाति |
| बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | Total | Total |
| ४५२,२५९ | ५०५,८६८ | ९५८,१२७ | ८३,३४१ | ८९,४०५ | १७२,७४६ | १७७,४८६ | १९७,६१३ | ३७५,०९९ | १८.० | ३९.१ |

बाल विकास तथा पूर्वप्राथमिक शिक्षमा दलित र जनजातिमा पनि केटीको प्रतिशत केटाको भन्दा कम देखियो ।

**तालिका ३ः कक्षा एकमा बाल विकास तथा पूर्वप्राथमिक शिक्षाको अनुभव लिएर भर्ना भएका केटीको सहभागिता**

| **कक्षा एकमा नयाँ भर्ना** | | | बाल बिकास तथा पूर्वप्रथमिक शिक्षामा | | | बाल बिकास तथा पूर्वप्राथमिक शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | | |
|---|---|---|---|---|---|---|---|---|
| बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| ४०४,२१० | ४०४,६८३ | ८०८,८९३ | २६६,५५४ | २६९,५९३ | ५३६,१४७ | ६५.९ | ६६.६ | ६६.३ |

कक्षा एकमा बाल विकास तथा पूर्वप्राथमिक शिक्षाको अनुभव लिएर भर्ना भएका केटीको प्रतिशत केटाको भन्दा कम देखियो ।

### १. आधारभूत शिक्षामा असमानता

**तालिका ४ः प्राथमिक, निम्नमाध्यमिक र आधारभूत तहमा विद्यालयको प्रकारअनुसार छात्र र छात्राको प्रतिशत**

| सबै **प्रकारका विद्यालयहरु** | प्राथमिक | | | निम्नमाध्यमिक | | | आधारभूत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छत्र | **GPI** | छात्रा | छत्र | **GPI** | छात्रा | छत्रा | **GPI** |
| समुदायिक विद्यालय | ५१.५ | ४८.५ | १.०६ | ५२.० | ४८.० | १.०८ | ५१.६ | ४८.४ | १.०७ |
| संस्थागत विद्यालय | ४६.३ | ५३.७ | ०.८६ | ४३.७ | ५६.३ | ०.७८ | ४५.४ | ५४.६ | ०.८३ |
| जम्मा | ५०.६ | ४९.४ | १.०२ | ५०.५ | ४९.५ | १.०२ | ५०.६ | ४९.४ | १.०२ |

समुदायिक विद्यालयमा छात्राको सङ्ख्या बढी छ भने संस्थागत विद्यालयमा छात्रको प्रतिशत बढी देखिन्छ ।

**तालिका ५: प्राथमिक, निम्नमाध्यमिक र आधारभूत तहमा दलित भर्ना प्रतिशत**

| प्राथमिक | | | निम्नमाध्यमिक | | | आधारभूत | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १९.७ | २०.२ | १९.९ | १६.२ | १५.८ | १६.० | १८.६ | १८.८ | १८.७ |

आधारभूत तहमा दलित छात्राको प्रतिशत छात्रको भन्दा कम देखिन्छ ।

**तालिका ६: प्राथमिक, निम्नमाध्यमिक र आधारभूत तहमा जनजाति भर्ना प्रतिशत**

| प्राथमिक | | | निम्नमाध्यमिक | | | आधारभूत | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ३५.७ | ३७.८ | ३६.८ | ४१.६ | ४०.२ | ४०.९ | ३७.६ | ३८.६ | ३८.१ |

आधारभूत तहमा जनजातिको पनि छात्राको प्रतिशत छात्रको भन्दा कम देखिन्छ ।

**तालिका ७: कक्षा ८ को विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणमा छात्र र छात्राको विषयगत औसत उपलब्धि**

| विषय | | औसत उपलब्धि (२०१२) | औसत उपलब्धि (२०१५) |
|---|---|---|---|
| गणित | छात्र | ४५ | ३८ |
| | छात्रा | ४१ | ३३ |
| नेपाली | छात्र | ४८ | ४८ |
| | छात्रा | ४९ | ४८ |
| सामाजिक अध्ययन (२०११) र विज्ञान (२०३) | छात्र | ५० | ४३ |
| | छात्रा | ४९ | ३९ |

कक्षा ८ को विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणमा नेपालीमा बाहेक अरु विषयमा छात्राको भन्दा छात्रको उपलब्धि राम्रो देखियो ।

**तालिका ८: कक्षा ५ को विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणमा छात्र र छात्राको विषयगत औसत उपलब्धि**

| विषय | | औसत उपलब्धि (२०१२) | औसत उपलब्धि (२०१५) |
|---|---|---|---|
| गणित | छात्र | ५४.४ | ४९.५ |
| | छात्रा | ५२.७ | ४७.९ |
| नेपाली | छात्र | ५९ | ४५.६ |
| | छात्रा | ६०.७ | ४८.१ |

| | | | |
|---|---|---|---|
| अङ्ग्रेजी | छात्र | ५४.८ | ४७.५ |
| | छात्रा | ५३ | ४७.१ |

कक्षा ५ को विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणमा समेत नेपालीमा बाहेक अरु विषयमा छात्राको भन्दा छात्रको उपलब्धि राम्रो देखियो ।

**तालिका ९: कक्षा ३ को विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणमा छात्र  र छात्राको विषयगत औसत उपलब्धि**

| विषय | | औसत उपलब्धि (२०१२) | औसत उपलब्धि (२०१५) |
|---|---|---|---|
| गणित | छात्र | ५९.५ | ४५.३ |
| | छात्रा | ५९.५ | ४५.३ |
| नेपाली | छात्र | ६२.७ | ५१.३ |
| | छात्रा | ६४.२ | ५३.७ |

कक्षा ३ को विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणमा भने छात्राको र छात्रको उपलब्धिमा खासै अन्तर देखिँदैन।

**तालिका १०: औसत उपलब्धि प्रतिशतको भाषिक र जातजातिगत तुलानत्मक अवस्था**

| क्षेत्र | नेपाली | गणित | सामाजिक |
|---|---|---|---|
| 1. मातृभाषा समूहगत औसत प्राप्ताङ्क प्रतिशत | | | |
| क. नेपाली | ५१ | ४३ | ५० |
| ख. नेपाली बाहेक अन्य | ४३ | ४२ | ४७ |
| 2. जातजातिगत (Ethnic/caste) औसत प्राप्ताङ्क प्रतिशत | | | |
| क. ब्राह्मण र क्षेत्री | ५१.८ | ४५ | ५२ |
| ख. जनजाति | ४९.४ | ४१ | ४८ |
| ग. दलित | ४४.९ | ३७ | ४६ |
| घ. मधेसी | ३७.८ | ४९ | ४७ |
| ड. अल्पसङ्ख्यक | ४५.१ | ४० | ४७ |

नेपाली मातृ भाषा भएका र नेपाली मातृ भाषा नभएका बालबालिकामा नेपाली मातृ भाषा भएका बालबालिकाको उपलब्धिस्तर निकै राम्रो देखिन्छ । त्यसै गरी जातगत रूपमा दलितको उपलब्धि सबैभन्दा कम देखियो ।

**तालिका ११: लैङ्गिक रुपमा शिक्षक सम्बन्धी विवरण**

| आधारभूत (१—८) | | | | माध्यमिक (९—१२) | | | |
|---|---|---|---|---|---|---|---|
| महिला | महिला %% | पुरुष | जम्मा | महिला | महिला %% | पुरुष | जम्मा |
| ७२,७२७ | ३७.७ | १२०,६३७ | १९३,३६४ | १२,०१९ | १८.७ | ५२,२१८ | ६४,२३७ |

समग्रमा विद्यालय तहमा महिला शिक्षकको प्रतिशत ३३ छ, जुन राज्यका अन्य क्षेत्रमा भन्दा राम्रो मानिन्छ (निजामती सेवा २३ प्रतिशत छ) तथापि पुरुषको तुलनामा निकै न्यून छ । आधारभूत तहमा ३७.७ र माध्यमिक तहमा १८.७ देखिन्छ ।

**तालिका १२: लैङ्गिक रूपमा दलित र जनजातिका शिक्षकसम्बन्धी विवरण**

| समाजिक समूह | प्राथमिक | | | निम्नमाध्यमिक | | | आधारभूत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| दलित | ४.१ | ७.१ | ५.६ | ३.७ | ५.२ | ४.५ | ३.९ | ६.२ | ५.१ |
| जनजाति | ३१.० | ३४.७ | ३२.८ | २३.९ | २५.० | २४.५ | २७.४ | २९.९ | २८.७ |

आधारभूत तहमा महिला दलित र जनजातिका शिक्षक पुरुषभन्दा कम भएको देखिन्छ ।

## २. माध्यमिक शिक्षामा असमानता

**तालिका १३ : माध्यमिक तहका सामुदायिक विद्यालयमा छात्राको भर्ना सम्बन्धी विवरण**

| माध्यमिक (९—१०) | | | माध्यमिक (११—१२) | | | माध्यमिक (९—१२) | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला % | पुरुष % | GPI | महिला % | पुरुष % | GPI | महिला % | पुरुष % | GPI |
| ५३.७ | ४६.३ | १.१६ | ५७.८ | ४२.२ | १.३७ | ५५.१ | ४४.९ | १.२३ |

माध्यमिक तहमा निजी (संस्थागत) विद्यालयमा छात्राको भर्ना दर छात्रको भन्दा निकै कम देखिन्छ । तर समुदायिक विद्यालयमा भने केटीको सङ्ख्या निकै उच्च छ ।

**तालिका १४: सबै प्रकारका माध्यमिक विद्यालयमा दलित र जनजाति शिक्षकको प्रतिशत**

| समाजिक समूह | माध्यमिक (९—१०) | | | माध्यमिक (११—१२) | | | माध्यमिक (९—१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| दलित | ६.० | ४.८ | ५.४ | ३.४ | ४.० | ३.७ | ४.७ | ४.४ | ४.५ |
| जनजाति | १८.९ | २०.२ | १९.५ | २१.४ | १६.४ | १८.९ | २०.१ | १८.३ | १९.२ |

माध्यमिक तहमा पनि आधारभूत तहमा महिला दलित शिक्षक पुरुषभन्दा कम भएको देखिन्छ ।

परिच्छेद १०

# शिक्षामा गुणस्तर

## १ पृष्ठभूमि

गुण भन्ने शब्दले राम्रो भन्ने अर्थ दिन्छ । राम्रोको निरपेक्ष अर्थ हुँदैन । एउटालाई राम्रो लागेको कुरा अरूलाई नराम्रो लाग्न सक्छ । मुलुकको समृद्धि मानव संसाधनको गुणस्तरसँग सम्बन्धित हुन्छ । गुणस्तरीय शिक्षाबाट गुणस्तरीय जनशक्ति प्राप्त हुन्छ । शिक्षाको गुणस्तरका सम्बन्धमा व्यक्ति, परिवार, समाज र राष्ट्रका दृष्टिकोण फरक फरक हुन्छन् । राष्ट्रका लागि राष्ट्रिय औसत उपलब्धि हासिल गर्ने, विश्वव्यापी प्रतिस्पर्धी नागरिक तयार गर्ने, विकासमा सहयोग गर्ने र राष्ट्रियता प्रवर्धन गर्ने खालको शिक्षा गुणस्तरीय हुन्छ । समाजका निम्ति सहिष्णुता, सामुदायिक सद्भाव, नैतिकता र शिष्ट संस्कृतिको प्रवर्धन गर्ने शिक्षा गुणस्तरीय हुन्छ । परिवारका लागि रोजगारी पाउने, परम्परा संरक्षण र पालना गर्ने तथा आर्थिक उपार्जन गर्ने शिक्षा गुणस्तरीय हुन्छ। व्यक्तिका लागि रोजगारी, स्वतन्त्र जीवन यापनजस्ता पक्षलाई सबल बनाउने शिक्षा गुणस्तरीय हुन्छ ।

शिक्षाले निर्धारण गरेका तहगत उद्देश्य प्राप्त गर्नु गुणस्तरीय शिक्षा हो। बालविकास तथा बालशिक्षाका सम्बन्धमा बालबालिकाको सर्वपक्षीय व्यक्तित्व विकास गर्न सक्ने र विद्यालय शिक्षामा प्रवेश गर्न योग्य बालबालिका तयार गर्न सक्ने शिक्षा गुणस्तरीय शिक्षा हो । आधारभूत तहमा साक्षरता, मौखिक अभिव्यक्ति र सामान्य गणितीय सीप विकास गर्न सक्ने तथा दैनिक जीवनमा आइपर्ने सामान्य समस्याको समाधान गर्न सक्ने शिक्षा गुणस्तरीय शिक्षा हो । माध्यमिक तहमा राष्ट्रलाई चाहिने विकासका लागि जनशक्ति तयार गर्ने, गरिबी घटाउने र लोकतान्त्रिक पद्धतिअनुसारको शिष्टाचार र नैतिकता भएको नागरिक तयार गर्ने शिक्षा गुणस्तरीय शिक्षा हो । ज्ञानको उत्पादन र प्रयोग, विचारको विकास र परीक्षण, दिगो विकास, राष्ट्रिय विकासलाई चाहिने जनशक्ति उत्पादन र विश्वव्यापी प्रतिस्पर्धी नागरिक तयारीलाई सम्बोधन गर्ने शिक्षा उच्च तहका लागि गुणस्तरीय शिक्षा हो ।

सान्दर्भिकताका दृष्टिबाट विकासलाई सहयोग पुऱ्याउने, स्रोतको सदुपयोग गर्ने, समसामयिक आर्थिक र सामाजिक परिवेशलाई सम्बोधन गर्ने, पाठ्यक्रमले तोकेका उद्देश्य पुरा गर्ने, सिकेका कुरा उपयोग गर्न सघाउने, व्यक्तिको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउने र व्यक्तिका आवश्यकता पुरा गर्ने शिक्षा गुणस्तरीय शिक्षा हो । नेपालको अहिलेको परिवेशमा अङ्ग्रेजी पढ्नु पढाउनु र परीक्षामा राम्रो अङ्क ल्याउनुलाई गुणस्तरीय शिक्षा मानी त्यसैमा प्रतिस्पर्धा गर्ने गरेको पाइन्छ ।

धेरै अध्ययन अनुसन्धानले शिक्षाको समग्र गुणस्तरको मापन गर्दा पूर्वाधार र स्रोत, विद्यालय योजना र व्यवस्थापन, शिक्षणसिकाइ क्रियाकलाप, पाठ्यक्रम र यसको प्रयोग तथा उपयोग, सिकारुको सर्वपक्षीय विकास, शिक्षकको व्यावसायिक क्षमता विकासलाई अधार मानेको पाइन्छ । एक्काइसौँ शताब्दीमा आएर विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) का विषयवस्तु समावेश भएको पाठ्यक्रममा आधारित शिक्षालाई गुणस्तरीय शिक्षाका रूपमा लिइन्छ । प्रतिवेदन तयार गर्ने क्रममा नेपालको

शिक्षाको गुणस्तरको खोजी गर्दा शिक्षाका सरोकारवालाहरूले पूर्वीय दर्शनका उपयोगी मूल्य र मान्यतालाई आत्मसात् गर्नुपर्छ भनी प्रतिक्रिया दिएका थिए ।

नेपालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले लगानी, प्रक्रिया र उपलब्धिलाई आधार मानी शैक्षिक संस्थाको गुणस्तर परीक्षण गर्ने साधन विकास गरेको छ । लगानीअन्तर्गत भौतिक संरचना, शिक्षकको पर्याप्तता र योग्यता तथा समुदायको सहभागिता रहेका छन् । प्रक्रियामा शिक्षणसिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, नेतृत्व र व्यवस्थापन, सह तथा अतिरिक्त क्रियाकलाप र नियमितता (विद्यालय टिकाउ दर र कक्षा दोहोऱ्याउने दर) छन् । उपलब्धि सूचकमा सेवाग्राहीको सन्तुष्टि र शिक्षकको पेसागत सन्तुष्टि पर्दछन् ।

यहाँ शिक्षामा लगानी र शैक्षिक प्रक्रिया गुणस्तरीय भए शिक्षाको समग्र उपलब्धि गुणस्तरीय हुन्छ भन्ने मान्यताका आधारमा शिक्षक र शैक्षिक प्रक्रिया, पाठ्यक्रम र मूल्याङ्कन, शिक्षालयमा सुरक्षित वातावरण, शैक्षिक सुपरिवेक्षण र शिक्षामा आधुनिक विषयवस्तु (विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित) को समावेशिता तथा उपयोगलाई आधार मानी चर्चा गरिएको छ । त्यसैले उद्देश्य, संस्था र सन्दर्भअनुसार गुणस्तरको परिभाषा फरक फरक रहेको पाइन्छ । नेपालका सन्दर्भमा शिक्षाको गुणस्तरलाई पूर्वीय दर्शनका मूलभूत उपयोगी मूल्य र मान्यता, नेपाली मौलिक विशिष्टता र समावेशिताका पक्षबाट हेरिनुपर्दछ ।

समग्रमा राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्दै समसामयिक सामाजिक, आर्थिक र राजनीतिक परिवेशभित्र आन्तरिक र बाह्य बजारमा सजिलै बिक्री हुन सक्ने ज्ञान र सीप भएको, नैतिकवान् र आफूलगायत परिवारलाई खुसी र सुखी राख्न सक्ने नागरिक तयार गर्ने शिक्षा गुणस्तरीय शिक्षा हो।

**वर्तमान अवस्थाको विश्लेषण**

**गुणस्तरको अवस्था :** राज्यले निर्धाण गरेको स्वरूपमा शिक्षाको व्यवस्थापन गरिन्छ । राज्यले मुलुकको शिक्षाको दृष्टिकोण बनाउँछ । त्यसैका आधारमा शिक्षाका राष्ट्रिय उद्देश्य तयार हुन्छन् । राष्ट्रिय उद्देश्यका आधारमा शिक्षाका तहगत, विषयगत, कक्षागत उद्देश्यहरू निर्माण गरिएको हुन्छ । त्यसरी तयार गरिएका उद्देश्यका आधारमा पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास हुन्छ । पाठ्यक्रममा उल्लेख गरिएका विषयवस्तुका आधारमा व्यक्ति, समाज र राष्ट्रका शैक्षिक अपेक्षा पुरा गर्ने लक्ष्य राखिएको हुन्छ । शिक्षाको गुणस्तर खोज्दा उद्देश्यको प्राप्ति भयो भएन खोजिनुपर्छ ।

नेपालको हालको शिक्षा पद्धतिलाई रोजगारी सृजना गर्न नसक्ने, पुर्ख्यौली पेसा अवलम्बन गर्न नचाहने, रोजगार बजारमा बिकाउ नहुने जनशक्ति तयार गर्ने तथा अनुशासित, नैतिकवान् र चरित्रवान् नागरिक तयार गर्न नसक्ने शिक्षा भनेर आलोचाना गरिन्छ । शिक्षा मुलुकका युवायुवतीलाई विदेश पठाउने कारखाना जस्तो भयो । बौद्धिक पलायनको चरम अवस्था विकास भयो । राज्यको क्षमता उपयोग गर्ने जनशक्ति तयार हुन सकेन भन्ने कुरामा सर्वत्र चिन्ता र चासो छ ।

शिक्षाको तहगत पक्षबाट हेर्दा बालविकास तथा बालशिक्षाले बालबालिकाको सर्वपक्षीय व्यक्तित्व विकास गर्न सकेन । आधारभूत शिक्षाले अपेक्षित रूपमा आधुनिक दैनिक जीवनका आधारभूत पक्ष

पुरा गर्न नसकेको र माध्यमिक शिक्षाले यसको उद्देश्य पुरा गर्न नसकेको भनिन्छ। उच्च शिक्षाले राष्ट्रिय विकासलाई चाहिने जनशक्ति उत्पादन र विश्वव्यापी प्रतिस्पर्धी नागरिक तयार गर्ने अभीष्ट पुरा गर्न नसकेको भनी आलोचना गरेको पाइन्छ ।

शिक्षाको उपलब्धि मापन गर्ने एउटा आधार विद्यार्थीको औसत उपलब्धि स्तरलाई मानिन्छ । यसको सम्बन्ध पाठ्यक्रमसँग हुन्छ र पाठ्यक्रमको सम्बन्ध शिक्षाका उद्देश्यसँग हुन्छ । नेपालका धेरै अध्ययन र तथ्यतथ्याङ्कले विद्यार्थीको औसत उपलब्धि ५० प्रतिशतभन्दा कम देखाएको छ (विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणसम्बन्धी खण्डमा विस्तृतरूपमा दिइएको छ) ।

अहिले भन्ने गरेको र अवलम्बन गरिने गरेको अङ्ग्रेजीमा पढाइ र उच्च अङ्क प्राप्त गर्नुमात्र गुणस्तर होइन भन्ने कुरामा पनि स्पष्ट हुन जरुरी छ । अङ्ग्रेजीको विश्वव्यापी प्रभाव विस्तार हुनु र रोजगारीका लागि उच्च अङ्कलाई महत्त्व दिने पद्धति बसिदिँदा अभिभावकको चाहना त्यतैतिर गएको हो । अबको परिवेश भिन्न हुँदै गएको छ । यस्तो मान्यता र अभ्यासले व्यक्तिको सर्वाङ्गीण विकास, सामाजिक सद्भाव र सहिष्णुता, मूल्यको विकास र अन्तर्राष्ट्रिय स्तरमा ज्ञान, सीप र प्रविधिमा प्रतिस्पर्धा गर्ने व्यक्ति तयार गर्ने शिक्षाको उद्देश्य पुरा गर्न सक्दैन ।

शिक्षाका अपेक्षित उद्देश्य पुरा गरी गुणस्तरीय शिक्षा प्राप्त गर्न शिक्षणसिकाइ क्रियाकलाप, शिक्षक व्यवस्थापन र विकास, पाठ्यक्रम र पाठ्यसामग्री, विद्यार्थी मूल्याङ्कन, अनुगमन तथा मूल्याङ्कन, अनुसन्धान, सूचना सञ्चार पद्धतिको प्रयोग, शैक्षिक नेतृत्व तथा व्यवस्थापन, शैक्षिक नीति तथा मापदण्डजस्ता पक्ष गुणस्तरीय हुनुपर्छ ।

**शिक्षण सिकाइ प्रक्रिया :** शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट गरिएका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणसम्बन्धी अध्ययनहरूले बढी उमेर भएका शिक्षकले पढाएका विद्यार्थीको औसत उपलब्धि तुलनात्मक रूपमा कम देखियो ।पूरक अध्ययन गर्दा त्यस्ता पुराना शिक्षकले बच्चाको जिज्ञासामा कम ध्यान दिने, उनीहरूले जानेका कुरालाई महत्त्व नदिने, बच्चालाई मोबाइल चलायो भनेर गाली गर्ने, आफूले मोबाइल र इन्टरनेटको सहायताले पठनपाठन नगराउने हुनाले मन नपराएको कुरा पत्ता लाग्यो । जेष्ठभन्दा कनिष्ठ गुरु (शिक्षक) प्रविधिमैत्री छन् । उमेरले तल्लो पुस्ता अघिल्लोभन्दा सिपालु छन् अर्थात् सूचनामूलक छन् भन्ने निचोड निस्कियो ।

आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रयोग विद्यार्थीले गुणात्मक रूपमा गर्छन् र त्यसलाई पठनपाठनको अभिन्न अङ्गको रूपमा अवलम्बन गर्नुपर्छ भन्ने पक्ष बझेका शिक्षक नहुँदा कतिपय पक्षमा विद्यार्थी निराश हुनुपरेको दृष्टान्त भेटिन्छ । बच्चाले हिँड्दाहिँड्दै, सुत्दासुत्दै, खाँदाखाँदै जानकारी र ज्ञान लिन्छ ।

पहिला ज्ञान प्राप्त गर्ने तीन माध्यम थिए : (१) शिक्षक, (२) बुढापाका मानिस र (३) पुस्तक /पुस्तकालय । त्यति बेला दोस्रो र तेस्रो पक्ष उति प्रभावकारी थिएनन् ।पहिलो, गुरु (शिक्षक) नै ज्ञान प्राप्त गर्ने मूल आधार थिए । अहिले सूचना तथा सञ्चार प्रविधिको व्यापकताले परिवेश बदलियो । बच्चा सामाजिक सञ्जाल र इन्टरनेटबाट आफ्नो सूचना लिन सिपालु छन् । विद्यार्थी आफ्ना शिक्षक र अभिभावकभन्दा सूचनामूलक छन् ।

तुलनात्मक रूपमा प्रविधिमैत्री विद्यार्थीको सिकाइको तरिका र सिकाइको गतिलाई सम्बोधन गर्न शिक्षकको प्रवृत्ति र व्यवहारमा परिवर्तन आउनुपर्ने देखिन्छ । शिक्षकले पढाउने तरिकामा फरक नगरे परम्परागत शिक्षणसिकाइको अर्थ रहँदैन । पढाउने होइन, जान्न उत्प्रेरित गर्ने गरी शिक्षकको शिक्षण शैलीमा परिवर्तन ल्याउनु आवश्यक छ । शिक्षकले पढाउने होइन, विद्यार्थीको सिकाइ प्रक्रियामा सहजीकरण गर्ने हो, उत्प्रेरित गर्ने हो । उनीहरूसँग भएका जानकारी र सूचनालाई स्तर, आवश्यकता र पाठ्यक्रमको उद्देश्यअनुसार प्रयोग र उपयोग गर्न पथप्रदर्शन गर्ने हो । सूचना सञ्जालमा लत बसेका बालबालिकालाई बाटो देखाउने हो । अबको बदलिँदो युगमा अभियानकै रूपमा शिक्षण प्रक्रियामा परिवर्तन नगर्ने हो भने शैक्षिक उपलब्धि हासिल गर्न सकिँदैन । हरेक शिक्षकले सिकाउने तरिकामा परिवर्तन ल्याउनु शैक्षिक विकासका लागि पूर्वसर्त ठानिनुपर्छ ।

**शैक्षिक गुणस्तरको परीक्षण :** हालका केही वर्षयता विश्वव्यापी रूपमा शैक्षिक संस्थाको गुणस्तरको परीक्षणलाई महत्त्वपूर्ण प्रयासका रूपमा लिइएको छ । शैक्षिक संस्थाको गुणस्तरको परीक्षण गर्दा तेस्रो वा स्वतन्त्र निकायले जुन संस्थाको शैक्षिक गुणस्तर परीक्षण गर्ने हो त्यस संस्थाको उद्देश्य, काम र प्राप्त उपलब्धिसमेतलाई आधार बनाई सूचकहरू भएको परीक्षण साधन निर्माण गरिन्छ । तिनै साधनका आधारमा सम्बन्धित संस्थाको मूल्याङ्कन गरिन्छ । यसरी परीक्षण गर्दा कम्तीमा दुई चरण पुरा हुनुपर्छ । पहिलो, तोकिएको मापदण्ड र सूचकका आधारमा सम्बन्धित संस्थाले स्वमूल्याङ्कन गर्ने । दोस्रो, त्यस मूल्याङ्कनको सत्यापन बाह्य स्वतन्त्र संस्था वा व्यक्तिबाट गर्ने र अन्तिम नतिजा सार्वजनिक गर्ने । यसरी सार्वजनिक गर्नाले सुधारका लागि तीन तरिकाले दवाब सिर्जना हुन्छ । पहिलो, सम्बन्धित संस्थाले स्वअनुभूति गर्छ र सुधारका प्रयास आफैं गर्छ । दोस्रो, सरोकारवाला र सञ्चार माध्यमले थाहा पाउँछन् र समग्र अवस्था पारदर्शी हुन्छ । जसले गर्दा कमजोरीका बारेमा जिज्ञासा, चासो र दवाब पर्छ र सुधारका लागि प्रयास हुन्छ । तेस्रो, परिवेशअनुसार कानुनी बल, दण्ड, निर्देशन, दवाबजस्ता पक्षका लागि सूचना र प्रमाण जुट्छ । त्यसैका आधारमा सुधारको बाटो खुल्छ । यसप्रकारको परीक्षण प्रयास सम्पूर्णतामा आधारित हुन्छ । यस प्रक्रियाबाट शैक्षिक संस्थाका शिक्षक, पाठ्यक्रम, पाठ्यसामग्री, पठनपाठन प्रक्रिया, पूर्वाधार र भौतिक संरचना, व्यवस्थापकीय पक्ष, त्यसको उपलब्धि र प्रभावसमेतको परीक्षण हुन्छ । यसैभित्र यी सबैको गुणस्तर हेरिन्छ ।

**नेपालमा शैक्षिक गुणस्तरको परीक्षण :** नेपालमा हाल विश्वविद्यालय अनुदान आयोगले आठ ओटा विषयक्षेत्रमा मापदण्ड र सूचक विकास गरी उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको गुणस्तर परीक्षण गर्दछ, जसअनुसार पूर्वाधार (सामान्य भौतिक पूर्वाधार र पुस्तकालय तथा सिकाइ स्रोत), नीति, प्रक्रिया र पाठ्यक्रमजस्ता लगानीसम्बद्ध ५३ सूचकहरू विकास गरी ४५ प्रतिशत भार दिइएको छ । शिक्षणसिकाइ प्रक्रिया र मूल्याङ्कन, अनुसन्धान, परामर्श र विस्तार कार्यक्रम, विद्यार्थी सहयोग र पथ प्रदर्शन, सूचना पद्धति र सार्वजनिक सूचनाजस्ता प्रक्रियासम्बद्ध ६७ सूचकलाई ५५ प्रतिशत भार दिएर परीक्षण गर्ने गरिएको छ । यसरी जम्मा १२० सूचकका आधारमा उच्च शिक्षण संस्थाको समग्र गुणस्तरको परीक्षण गरिन्छ । उपलब्धिमा आधारित सूचक भने स्पस्ट रूपमा देखिँदैनन् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले पनि विद्यालयहरूको उपलब्धिको परीक्षण गर्दा भौतिक संरचना र पूर्वाधार, शिक्षक, सामुदायिक सहभागिताजस्ता विषयक्षेत्रलाई लगानीको पक्षमा समावेश गरी २७ सूचकलाई २५ प्रतिशत भार दिइएको छ । कक्षा शिक्षण, विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेसागत विकास, नेतृत्व तथा व्यवस्थापन र सह तथा अतिरिक्त क्रियाकलापका लागि ४६ सूचक र ३० प्रतिशत भार निर्धारण गरिएको छ । तेस्रो विषयक्षेत्रमा उपलब्धि सूचक छन् । जसमा विद्यार्थी नियमितता, सिकाइ उपलब्धि, सेवाग्राही सन्तुष्टि र शिक्षकहरूको पेसागत सन्तुष्टिमा १५ सूचक विकास गरी ४० प्रतिशत भार दिइएको छ । जम्मा २६४ सूचकहरू छन् । विद्यालयबाहेक अन्य शैक्षिक संस्थाहरूका लागि पनि मापदण्ड र सूचक विकास गरिएको छ ।

यी दुवै प्रयास समय सान्दर्भिक र शैक्षिक गुणस्तरका पक्षमा उल्लेखनीय प्रयास हुन् तथापि साङ्केतिक रूपमा मात्र भएका छन् । सघन र व्यापक रूपमा विस्तार गर्न सकिएको छैन । नीतिगत र कार्यान्वयन तहमा यससम्बन्धी अपेक्षाबमोजिम तत्परता र संवेदनशीलता पनि देखिएको छैन । यसबारेमा शिक्षाका सरोकारवालाहरू कम जानकार छन् । सुधारका पक्षमा यसको महत्त्व र आवश्यकताबारेमा जानकारी जुन रूपमा हुन पर्ने थियो, त्यसरूपमा हुन सकेको छैन।

**गुणस्तरका अन्य पक्ष :** शिक्षक (विश्वविद्यालयमा प्राध्यापन गर्नेसमेत) को तयारी, योग्यता, व्यावसायिक दक्षता, सम्मान र उत्प्रेरणा शैक्षिक गुणस्तरका लागि सार्वाधिक महत्त्वपूर्ण पक्ष मानिन्छ । नेपालको हालको परिवेशमा शिक्षकको तयारी पक्ष कमजोर रहेको छ। अझ विद्यालय तहमा सबैभन्दा कमजोर खालका विद्यार्थीले शिक्षाशास्त्रको अध्ययन गर्ने र तिनैमध्येबाट शिक्षक छनोट हुने हुँदा छनोट प्रक्रिया निष्पक्ष हुँदा समेत कमजोरमध्येका राम्रा (Best among the worst) को प्रवेश जस्तो हुन गएको छ । अन्तर्राष्ट्रिय परिवेश र नेपालको अवस्थालाई विचार गर्दा शिक्षकको तयारी, तहगत योग्यता, प्रवेशपछिको पेसागत विकासजस्ता पक्षमा जुन रूपमा सम्बोधन हुनपर्ने थियो सोअनुसार हुन नसकेको देखिन्छ । शिक्षकको नियमितता, विषयगत मिलान, दरबन्दीको वितरणजस्ता व्यवस्थापकीय पक्षमा पनि सुधार गर्नुपर्ने अवस्था देखिएको छ । यस सम्बन्धमा विस्तृत रूपमा "शिक्षक व्यवस्थापन र विकास" परिच्छेदमा उल्लेख गरिएको छ ।

पाठ्यक्रम र पाठ्यसामग्री पक्ष पनि शैक्षिक गुणस्तरको अभिन्न अङ्गका रूपमा रहन्छ । शिक्षाका उद्देश्यलाई विषयवस्तुमा रूपान्तरण गरी सिकाउने विषयवस्तु र प्रक्रियाको पथप्रदर्शन पाठ्यक्रम तथा पाठ्यसामग्रीका माध्यमबाट गरिएको हुन्छ । पाठ्यक्रम मुलुकको शैक्षिक दर्शन प्रतिविम्बन गर्ने साधन हो । नेपालमा विश्वविद्यालयहरू तथा उच्च शिक्षण संस्थाहरू स्वयत्त भएकाले आफ्नो पाठ्यक्रम आफैं विकास र कार्यान्वयन गर्ने गरेका छन् । विद्यालय तहको पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम पारूपको खाकामा रही पाठ्यक्रम विकास केन्द्रले विकास गर्दै आएको छ । नेपालको पाठ्यक्रममा सामान्यतया त्यति ठुला समस्या नभएको तर यसको कार्यान्वयनको पक्ष कमजोर भएको भन्ने टिप्पणी गर्ने गरेको पाइन्छ । यस कुराले पनि शिक्षकको विकास र व्यवस्थापनमा विशेष जोड दिनुपर्ने कुराको सङ्केत गर्दछ ।पाठ्यक्रममा पूर्वीय दर्शनका उपयोगी मूल्य र मान्यतालाई अपेक्षितरूपमा सम्बोधन गर्न नसकेको, आधुनिक विश्वव्यापी समसामयिक पक्ष विज्ञान, प्रविधि,

इनजिनियरिङ र गणित (STEM) जस्ता विषयलाई उचितरूपमा सम्बोधन गर्न नसकेको तथा परिवर्तनको गतिसँगै परिमाजर्न र अद्यावधिक हुन नसकेको भन्ने गरिन्छ । यससम्बन्धी थप विषयवस्तु "पाठ्यक्रम तथा पाठ्यपुस्तक" परिच्छेदमा उल्लेख छ ।

शैक्षिक संस्थामा गुणस्तरीय शिक्षाका लागि खेल मैदान, सुरक्षित पठनपाठनको वातावरण, शौचालय, पुस्ताकालय, पठनपाठनका सामग्री, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग, सह तथा अतिरिक्त क्रियाकलाप, शैक्षिक व्यवस्थापन र नेतृत्व, सेवा प्रवाहको प्रक्रिया र सङ्गठनात्मक संरचना तथा जनशक्ति व्यवस्था, अनुगमन तथा मूल्याङ्कन, अनुसन्धान शैक्षिक नीति तथा मापदण्ड जस्ता पक्षमा सबै पक्ष गुणस्तरीय हुनुपर्छ । यी सबैका बारेमा सम्बन्धित परिच्छेदहरूमा उल्लेख गरिएको छ ।

**चुनौतीहरू**

- सबै तहका शिक्षकको तयारी, योग्यता, नियुक्ति, विकास, प्रोत्साहन र क्षमता विकासलाई समयसापेक्ष र आवश्यकताअनुसार नीतिगत व्यवस्था गर्न
- पाठनपाठन गतिविधिलाई अपेक्षितरूपमा सिकारुको चाहना, सिकाइको गति र आवश्यकताअनुसार क्रियाकलापमा आधारित बनाउन
- विद्यार्थीले अनौपचारिक किसिमले सिकेका विषयवस्तुलाई शिक्षणसिकाइ क्रियाकलापमा उचित स्थान दिन
- गुणस्तर सुनिश्चितता र प्रमाणीकरण (QAA) तथा शैक्षिक गुणस्तर परीक्षण कार्यलाई व्यापक बनाउन
- पाठ्यक्रम र पाठ्यसामग्रीमा पूर्वीय दर्शन र विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) विषयलाई उचितरूपमा समावेश गर्न
- सुरक्षित पठनपाठनको वातावरण, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग, सह तथा अतिरिक्त क्रियाकलाप, शैक्षिक व्यवस्थापन र नेतृत्व, सेवा प्रवाहको प्रक्रिया र सङ्गठनात्मक संरचना तथा जनशक्ति व्यवस्था, अनुगमन तथा मूल्याङ्कन, अनुसन्धानजस्ता पक्षको गुणस्तरका पक्षबाट समुचित रूपमा सम्बोधन गर्न

**सुझाव**

**नीतिगत सुझाव**

- पाठ्यक्रमको मर्म र भावनाअनुसार शिक्षालाई व्यावहारिक र जीवनोपयोगी बनाउन पाठनपाठनलाई क्रियाकलापमा आधारित बनाउने
- विद्यार्थीले जीवनका व्यावहारिक पक्षबाट सिकेका विषय तथा सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट सिकेका विषयवस्तुलाई शिक्षणसिकाइ क्रियाकलापमा उचित स्थान दिने

- शिक्षणसिकाइ गतिविधिमा आमूल परिवर्तन ल्याउन शिक्षकलाई निरन्तर तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने
- सबै तहका शिक्षकले न्यूनतम योग्यता बढाउने (प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र उच्च शिक्षा खण्डमा लेखेबमोजिम हुने)
- विश्वविद्यालय अनुदान आयोगले गर्ने गरेको गुणस्तर सुनिश्चितता र प्रमाणीकरण (QAA) तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्ने गरेको कार्यसम्पादन परीक्षण पद्धतिलाई अझ व्यवस्थित र व्यापक बनाउने
- विद्यमान शिक्षक (विश्वविद्यालयमा अध्यापन गर्नेसमेत) व्यवस्थापन र विकासमा पद्धतिलाई थप व्यवस्थित गर्न नीतिगत व्यवस्थामा परिवर्तन गर्ने
- पाठ्यक्रम र पाठ्यसामग्रीलाई परिवर्तित समसामयिक परिवेशसापेक्ष हुने गरी परिमार्जन र अद्यावधिक गर्दा पूर्वीय दर्शनका उपयोगी मूल्य र मान्यता तथा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) जस्ता विषयलाई उचितरूपमा समावेश गर्ने
- सुरक्षित पठनपाठनको वातावरण, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग, सह तथा अतिरिक्त क्रियाकलाप, शैक्षिक व्यवस्थापन र नेतृत्व, सेवा प्रवाहको प्रक्रिया र सङ्गठनात्मक संरचना तथा जनशक्ति व्यवस्था, अनुगमन तथा मूल्याङ्कन, अनुसन्धानजस्ता पक्षमा समुचित व्यवस्थापन गर्न स्पस्ट नीतिगत व्यवस्था गर्ने

**रणनीतिगत सुझाव**

- परिच्छेदको अन्तिममा उल्लेख भए बमोजिमको गुणस्तरीय सूचकहरुको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरी त्यसका लागि आवश्यक व्यवस्थापन गर्ने
- विद्यार्थी मूल्याङ्कन प्रक्रियामा सिकारुले सिक्यो, सिकेन, के कसरी सिक्यो, सिकाइमा समस्या के भयो जस्ता पक्ष थाहा पाउने र समस्या परेका पक्षहरूमा थप सहजीकरण गर्ने कुरालाई अनिवार्य गर्ने
- घटनामा आधारित, परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकारुकेन्द्रित अभ्यासलाई मूल्याङ्कनको आधार बनाउने
- पठनपाठनका क्रममा ध्यान, प्राणायाम, योग, पूजापाठ, व्यायामजस्ता पक्षलाई पठनपाठनको अभिन्न अङ्ग बनाई समालोचनात्मक सिकाइ, एकअर्काको ज्ञान र बुझाइलाई आत्मसात् गर्नेजस्ता पद्धतिको विकास गर्ने
- विद्यार्थीको स्तर र क्षमताअनुसार पुस्तक समीक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित वा सिकारुको समुदाय वा परिवारमा आधारित ससाना खोजमुखी कार्यजस्ता पक्षमा शिक्षणसिकाइ क्रियाकलाप केन्द्रित गर्ने

- विद्यार्थीले सूचना तथा सञ्चार प्रविधि एवम् जीवनका अन्य व्यावहारिक पक्षबाट सिकेका कुराका आधारमा शिक्षण गर्ने गरी शिक्षक तयारी, तालिम तथा निरीक्षण र अनुगमनका पक्षमा जोड दिने
- पुनर्ताजगी तालिम र पहिचानको प्याकेज बनाई अभियानको रूपमा सघन रूपमा अभिमुखीकरण गर्ने
- सूचना तथा प्रविधिको सामान्य ज्ञान र सीपको समेत जानकारी नभएका अति कमजोर एवम् सिक्ने चाहना र क्षमता पनि कमजोर भएका शिक्षकका लागि राज्यको तर्फबाट विशेष अभियान सञ्चालन गर्नुको विकल्प देखिँदैन । सम्भव भएसम्म ससम्मान बिदाइ गर्ने प्याकेज ल्याउने, सो हुन नसकेमा विशेष प्रकृतिको तालिम दिएर वा अन्य विद्यालयमा सरुवा गरी नयाँ वातावरणमा सिक्ने अवसर प्रदान गर्ने
- सङ्घीय शिक्षक सेवा आयोगले उच्च योग्यता भएका शिक्षक नियुक्तिका लागि त्यसको पाठ्यक्रम तयार गरी परीक्षा लिने र नियुक्तिका लागि सिफारिस गर्न आवश्यक व्यवस्था मिलाउने । (शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित शैक्षिक गुणस्तरमा अन्य थप विषय शिक्षक व्यवस्थापन र विकास परिच्च्छेदमा उल्लेख गरिएको छ ।)
- विश्वविद्यालय अनुदान आयोगले गर्ने गरेको गुणस्तर सुनिश्चितता र प्रमाणीकरण (QAA) तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सघन कार्ययोजना बनाई हरेक पाँच वर्षमा ती निकायसँग सम्बन्धित सबै शैक्षिक संस्थाको शैक्षिक परीक्षण गर्ने
- विद्यमान शिक्षक व्यवस्थापन र विकासलाई थप व्यवस्थित गर्न “शिक्षक व्यवस्थापन र विकास" परिच्छेदमा उल्लेखित रणनीति अवलम्बन गर्ने
- पूर्वीय दर्शन र स्टिमका उपयोगी विषयवस्तु पाठ्यक्रम र पाठ्यसमाग्रीमा उचित रूपमा सम्बोधन गर्न क्रमशः यस प्रतिवेदनका तिनै परिच्छेदहरूमा उल्लेख गरिएअनुसारको रणनीति अवलम्बन गर्ने
- सुरक्षित पठनपाठनको वातावरण, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग, सह तथा अतिरिक्त क्रियाकलाप, शैक्षिक व्यवस्थापन र नेतृत्व, सेवा प्रवाहको प्रक्रिया र सङ्गठनात्मक संरचना तथा जनशक्ति व्यवस्था, अनुगमन तथा मूल्याङ्कन, अनुसन्धानजस्ता पक्षमा समुचित व्यवस्थापन गर्न क्रमशः यस प्रतिवेदनका तिनै परिच्छेदहरूमा उल्लेख गरिएअनुसारको रणनीति अवलम्बन गर्ने ।

## गुणस्तरीय शिक्षाका सूचकहरु

### (क)प्रारम्भिक वालविकास

| क्रसं | सूचकहरु | विवरण |
|---|---|---|
| १ | भौतिक अवस्था | उपयुक्त कक्षाकोठा कम्तीमा प्रति वालवालिका २ वर्गमीटर क्षेत्रफल भएको,हावा आउने सुरक्षित र सफा कक्षाकोठा हिडडुल गर्न सक्ने कार्पेट विछ्याएको, बालअनुकूल खानेपानी तथा शौचालयसहित अलग्गै केन्द्र भवन |
| | | निर्धारित मापदण्डबमोजिमको कक्षाकोठा |
| | | उनीहरुको उचाइ बमोजिम अलग्गै खेल्ने स्थान,शैचालय,खानेपानी, |
| | | गोलाहोचाटेवलहरु,सामानराख्नेटेवलभएको बालबालिकाहरूले भेट्ने ठाउँमा लेख्ने पाटी । आवश्यक सामग्रीसहितको सिकाइ क्षेत्रहरुः भाषा, गणित, विज्ञान, संगीत, स्वावलम्बन अभिनय, सिर्जनात्मक, पुस्तकालय क्षेत्र |
| | | स्वास्थ्यपरीक्षणको व्यवस्था |
| २ | सिकाइ सामग्री | खेलौना सामग्रीहरु, चित्रकथा,पोष्टर,पुतलीहरु,पजलहरु डोमिनो,फलाटिन बोर्ड,कागज,ब्रश,रङहरु,चित्र बनाउने सामग्रीहरु लगायतका सामग्रीहरुको व्यवस्था |
| ३ | सिकाउने विधि | सिकाइ क्षेत्रहरुमा आधारित विकासात्मक भित्री क्रियाकलाप र बाह्य क्रियाकलापहरू व्यवाहरिक अभ्यासहरु, मनोरञ्जन, सिर्जनात्मक कार्य, खेल ,कथा, कविता/गीत संगीत तथा मनोरञ्जन ,अन्वेषण, अनुमान तथा ठोस वस्तु र व्यवहारिक क्रियाकलापमा आधारित सिकाइ र असल वानीव्यवहारको अभ्यास, आदि ।<br>हरेक बच्चाको औसत हाजिरी ७० प्रतिशत हुनुपर्ने,कम्तीमा २५ बालबालिका हुनुपर्ने,४ वर्ष पूरा गरेका मात्र हुनपर्ने,हेमवर्क दिन नहुने,२२० दिन खुलेको हुनुपर्ने,हरेक बच्चाको व्यक्तिगत फाइल खडा गरी हरेक परिवर्तनहरुको अभिलेख हुनुपर्ने । |
| ४ | स्वास्थ्यसम्बन्धी सुरक्षा | नियमित स्वास्थ्यपरीक्षणको व्यवस्था,प्राथमिक उपचारको वाकस भएको । पेन्सिल कटर रङ्हरु ब्रशहरु को उचित व्यवस्थापन |
| | | घरबाटै खाजा ल्याउने व्यवस्था गर्ने त्यो संभव नभएमा सफा चमेना गृहको व्यवस्था गरी प्राकृतिक र पोषणयुक्त खानेकुराहरु खुवाउने व्यवस्था गरेको हुनुपर्ने । |
| ५ | वाहिरी वातावरण | चिप्लेटी, टायरको टनेल,ढिकिच्याउ,पिङ,भर्याङ,बलहरु,स्किपिङ,जिग्स आदि सामग्रीहरु भएको । |
| ६ | सहजकर्ता र आया | स्नातक तह उत्तीर्ण गरी तालिम प्राप्त शिक्षक र बालहेरचाहमा रमाउने एकजना आया |
| ७ | बालबालिका | बालविकासमा आएपछि वोली,व्यवाहर, सरसफाइका काम,समूहमा मिलेर बस्ने,बाँडेर खाने,समूहमा खेल्ने,नडराइ बोल्ने,गीत गाउने,जस्ता सीप विकास भइ बच्चाको ब्यवाहरमा आएको परिवर्तन देखेर अभिभावकहरु खुसी भए भने त्यो वालविकास गुणस्तरीय मानिन्छ । |

### (ख) विद्यालय शिक्षा

| क्रसं | सूचकहरु | विवरण |
|---|---|---|
| १ | भौतिक पूर्वाधार | सुरक्षित वातावरण, भुकम्प प्रतिरोधी भवन र कम्पाउण्ड तथा अपाङ्गमैत्री संरचनाहरु |

| | | |
|---|---|---|
| | | कक्षाकोठा शान्त, हावा आउने, प्रकाश आउने, फर्निचरहरु उपयुक्त र पर्याप्त तथा विद्यार्थी अनुकूलको बसाइ, कक्षाकोठाको सीट व्यवस्थापन समावेशी र समाहित शिक्षाको मापदण्डबमोजिम भएको |
| | | खेलमैदान र बगैंचा /करेशाबारीको ब्यवस्था |
| | | सफा खानेपानीमा हरेक उमेरका विद्यार्थीहरुको पहुँच |
| | | छात्र र छात्रा मैत्री शौचालय |
| | | सफा चमेना गृह र पोषणयुक्त खानेकुरा |
| | | पुस्तकालय र प्रयोगशालाको व्यवस्था र प्रयोग |
| २ | सृजनात्मक र समालोचनात्मक शिक्षणसिकाइ क्रियाकलापहरुको सुनिश्चतता | शैक्षिक सामग्रीहरुको प्रयोग गरी शिक्षण गर्नुपर्ने बुक कर्नर, पत्रपत्रिका, बसेर पढ्ने पर्याप्त स्थान र घर लैजाने ब्यवस्था, विविध प्रकारका पुस्तकहरु |
| | | पुस्तकालयमा सवै कक्षाका विद्यार्थीहरुको पहुँच, पुस्तकहरुको सिकाइमा प्रयोगको स्थिति |
| | | शिक्षण सिकाइमा प्रविधिको प्रयोग, अन्तरक्रियात्मक डिजीटल, अनलाइन तथा वेवमा आधारित पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको प्रयोग । लगायतका कम्प्युटर सफ्टवेयरहरु, भर्चुअल कक्षा, भिडियोहरु, डकुमेन्ट्रीहरु, स्मार्ट बोर्डको व्यवस्था र प्रयोग |
| | | विद्यार्थीलाई रचनात्मक बनाउने, समालोचना गर्न सिकाउने बिधिहरुको प्रयोग गर्ने, प्रश्न गर्न प्रोत्साहन गर्ने विधि, परियोजना कार्य, क्षेत्रभ्रमण, प्रयोगात्मक कार्यहरुमा सहभागिताको अवस्था |
| | | निरन्तर मूल्यांकन पद्धति अवलम्वन, उपचारात्मक शिक्षणसिकाइको अभ्यास, विद्यार्थी मूल्याङ्कनमा विद्यार्थीको सिर्जनात्मक क्षमता विश्लेषणात्मक चिन्तन, तर्कपूर्ण अभिव्यक्ति तथा सिकेको ज्ञान सीपको प्रयोगको मापन गर्ने साधन निर्माण र प्रयोग परीक्षाको नतीजा विश्लेषण र शिक्षण सिकाइ सुधारमा पृष्ठपोषण, |
| | | शिक्षण सिकाइमा सवै विद्यार्थीको सहभागिता |
| | | साहित्तिक कार्यक्रम र अन्य अतिरिक्त एवं सहक्रियाकलापमा सवै विद्यार्थीको सहभागिता, हरेक विषयहरुमा सहक्रियाकलापहरु प्रयोग गरी शिक्षणलाई सृजनात्मक र ब्यवाहरिक बनाउने अभ्यास |
| | | विद्यालयमा नियमित स्वास्थ्य परीक्षण र प्राथमिक उपचारको ब्यवस्था |
| | | विद्यार्थीको सभ्य र शालीन भाषा शैली र तर्कपूर्ण प्रश्तुतीकरण |
| | | अभिभावकको विद्यालय, शिक्षण, सिकाइ र शिक्षकप्रतिको विश्वास र सन्तुष्टि |
| | | कर्तव्य निष्ठ र नैतिकवान विद्यार्थी |
| | | परियोजना कार्य, समूहकार्य तथा समुदायिक कार्य जस्ता आपसमा मिलेर गर्ने सिकाइ गतिविधि |
| | | वातावरण संरक्षण, स्वास्थ्य र पोषणप्रति सचेत, तथा सामाजिक व्यवाहरमा सहयोगी विद्यार्थीहरु |
| ४ | आन्तरिक सक्षमता | हरेक कक्षाहरुमा कक्षा छाड्ने र दोहोर्याउने दर |
| | | उत्तीर्ण दर ९० भन्दा बढी भए नभएको |

| | | |
|---|---|---|
| | | औसत सिकाइ उपलब्धि ७० भन्दा बढी भए नभएको |
| ५ | पर्याप्त योग्य, दक्ष र उत्प्रेरित शिक्षक | विद्यार्थी संख्याका आधारमा तालिमप्राप्त शिक्षकको व्यवस्था |
| | | शिक्षकको हाजिरी प्रतिशत |
| | | अध्ययनशील शिक्षक र सिकाइकार्यको अनुसन्धान र त्यसको प्रयोग |
| | | छिमेकी विद्यालय समेतको विषय शिक्षकहरुको समितिको व्यवस्था र क्रियाशिलता |
| | | शिक्षकको पेशाप्रतिको उच्च लगाव र आत्मसम्मानको अवस्था |
| | | पेशागत नैतिकता र आचरण |
| | | विविधता (विचार, धर्म, संस्कार, क्षमता, लिङ्ग, जात) लाइ पहिचान, मान्यता र सम्मान गर्ने शिक्षकहरु |
| ६ | पारदर्शी र जवाफदेही विद्यालय व्यवस्थापन | विद्यालय व्यवस्थापन समिति गठन तथा नियमित छलफल, निर्णय र अभिलेख, निर्णय कार्यान्वयन तथा अनुगमनको अवस्था |
| | | विद्यालयको समयमै सामाजिक परीक्षण तथा त्यसको कार्यान्वयन, नियमित अभिभावक भेला र त्यसमा आय–व्यय प्रश्तुतीकरण |
| | | शिक्षक अभिलेख, नियमित शिक्षक बैठक, शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| | | विद्यार्थी, अभिभावकहरु तथा शिक्षकको गुनासो सुनुवाइ सम्बन्धी संस्थागत व्यवस्था |
| | | विद्यालय निर्णयहरुमा शिक्षक, विद्यार्थी र समुदाय तथा विद्यार्थीको सहभागिता |
| | | विद्यालयमा सूचना सार्जनिक गर्ने पद्धति |
| | | शिक्षक र बिद्यार्थीहरुको सहभागितामा आचारसंहिता निर्माण र कार्यान्वयन |
| | | आयब्ययको नियमित लेखापरीक्षण,सार्वजनिकीकरण तथा  शुन्य बेरुजु |
| | | शिक्षकको तलब बैंकमार्फत भुक्तानी |
| ७ | समुदायको अपनत्व | विद्यालयका गतिविधिहरुमा अभिभावको सहभागिता |
| | | विद्यालयको वार्षिक उत्सव, सामाजिक परीक्षणको नतिजा सार्वजनिक जस्ता समुदाय र अभिभववकको संलग्नता |
| | | विद्यालयले अभिभावकहरुलाइ जिम्मेवार र नजीक बनाउन अभिभावक भेला,परामर्श, विद्यार्थीको सिकाइ, नियमितता जस्ता पक्षहरुमा सहकार्य गरेको |
| | | विद्यालयको सम्पत्तिको सुरक्षा,स्रोत ब्यवस्थापन जस्ता विषयमा अभिभावकहरुको सहभागिता |

**(ग) उच्च शिक्षा**

| **क्रसं** | **सूचकहरु** | **विवरण** |
|---|---|---|
| **(अ) न्यूनतम पूरा हुनै पर्ने सूचक** | | |
| १ | संस्था प्रमुख (क्यम्पस प्रमुख) पूर्णकालीन हुन पर्ने | |
| २ | कम्तिमा पचास प्रतिशत अध्यापक (शिक्षक) पूर्णकालीन हुन पर्ने | |
| ३ | कम्तिमा १५० जना विद्यार्थी हुन पर्ने । तर विशिष्ट प्रकृतिका र निश्चित कोटाका आधारमा चल्ने संस्थमा यो लागू नहुने | |
| ४ | संस्थाको संगठनात्मक संरचनामा संस्था प्रमुख र अन्य पदाधिकारीको जिम्मेवारी स्पस्ट रुपमा उल्लेख गरिएको | |

| | | |
|---|---|---|
| ५ | संस्थाले बार्षिक बजेट र योजना निर्माण गरी सार्वजनीक गरेको हुन पर्ने | |
| ६ | बजेट र योजनामा प्राज्ञिक र संस्थागत क्षमता विकासमा कार्यक्रम र बजेट (निजी संस्थाले कम्तिमा १० प्रतिशत) छुट्टिएको | |
| ७ | अनुसन्धानको लागि निश्चित बजेट छुट्ट्याइएको र संस्था भित्र अनुसान्धानको संस्कृति स्थापवित भएको | |
| **(आ) अन्य गुणस्तरका सूचक** | | |
| १ | नीती तथा प्रक्रिया | संस्थाको दूर दृष्टि, लक्ष्य, र उद्देश्यहरू स्पष्ट रूपमा परिभाषित भएको र सार्वजनिक रुपमा उपलब्ध्धता |
| | | उद्देश्यहरू प्राप्त गर्न योजनाहरू, रणनीतिहरू र कार्यक्रमहरू स्पष्ट रूपमा उल्लेख गरिएको |
| | | रणनीतिहरू र कार्यक्रमहरूको प्रगतिको अद्यावधिक समीक्षा गर्ने नीतिगत व्यवस्था भएको |
| | | गुणस्तरको सुनिश्चितताको लागि आन्तरिक निगरानी र समीक्षाको गर्ने नितिगत व्यवस्था भएको |
| | | प्रत्येक विभाग, एकाइ र तिनमा काम गर्ने जनशक्तिको कार्य जिम्मेवारी निर्दिष्ट गरेको |
| | | त्यसरी निर्दिश्ट गरेका कार्य जिम्मेवारहरूको मूल्यांकन गर्ने लिखित योजना भएको |
| | | समूहगत कार्य र सहभागिता मूलक निर्णय गर्ने प्रकृया नितिगत पद्दति र अभ्यास भएको |
| | | पाठ्यक्रमा उल्लेख भएका र प्राज्ञिक कार्यक्रमहरूलाई विस्तारित कार्याक्रमहरुवाट आत्मनिर्भर कार्यक्रमहरूको व्यवस्था |
| | | सुधारका लागि बाह्य मूल्याङ्कन पद्दतिको व्यवस्था |
| | | व्यवस्थापकीय र शैक्षिक गुणस्तर सुधारमा विद्यार्थीको संलग्नता व्यवस्था |
| | | शैक्षिक अनुसन्धानको स्पस्ट व्यवस्था, साझेदारी र अनुसन्धानका निचोडको प्रचार प्रसारको व्यवस्था |
| | | अनुसन्धान र शिक्षणसिकाइ प्रक्रिया बिच सम्बन्ध स्थापित गर्ने योजना तथा कार्याक्रम |
| २ | पाठ्यक्रमसम्बद्द पक्ष | विद्यार्थीको रुचिअनुसार विषय छनोट गर्न पाउने अवसर र समयमा लचक्ता भै विद्यार्थीले फुर्सदमा सिक्न पाउने अवसर |
| | | प्रज्ञिक पाठ्यांश भन्दा बाहेक विद्यार्थीको विशेष प्रतिभा देखाउने अवसर |
| | | सिकारुको सम्पूर्ण व्यक्तित्व विकासको लागि संस्थाको विशिष्टीकृत प्रयासहरू |
| | | नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्न संस्थागत व्यवस्था |
| | | अन्य प्रज्ञिक संस्था तथा उद्योगसंग साझेदारीको दिगो र संस्थागत व्यवस्था |
| | | नागरिक जिम्मेवारी पूरा गर्न संस्थाले गर्ने गरेको विशिष्टीकृत प्रयास |
| ३ | शिक्षणसिकाइ र मूल्याङ्कन | विद्यार्थी भर्ना गर्ने प्रकृया |
| | | विद्यार्थीको आवश्यकता र अभिवृद्दि पहिचान गर्ने प्राब्धान |
| | | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा वा कार्यक्रमको व्यवस्था |
| | | शिक्षको शैक्षणिक योजना |
| | | पठनपाठनमा अडियो भिडियो र शैक्षिक सामग्रीको प्रयोग |
| | | पाहुना अध्यापक (गेष्ट लेक्चर) को व्यवस्था र आगमनको बारम्बारता |
| | | विद्यार्थीको निरन्तर मूल्याङ्कन सम्बन्धी व्यवस्था |

| | | |
|---|---|---|
| | | अध्यापक र अन्य कर्मचारीको अनुपात |
| | | संस्थालाई विशेष परिस्थिति र आवश्यकताका वेला आफै शिक्षक र कर्मचारी नियुक्त गर्ने अधिकार र स्रोतको व्यवस्था |
| | | तालिम, सेमिनार तथा गोष्ठी अध्यापकको सहभागिताको हद |
| | | अध्यापकको कार्यसम्पादन, अनुसन्धान र विस्तार कार्यक्रमको समीक्षा गर्ने प्राब्धान र प्रचलन |
| | | अध्यापकको क्षमता विकास सम्बन्धी कार्याक्रम |
| | | अनुसन्धानका लागि राष्ट्रिय र अन्तराष्ट्रयि सम्बन्ध |
| ४ | अनुसन्धान, परामर्श र विस्तार कार्यक्रम | कूल बजेटको अनुशन्धानका लागि छुट्ट्याइएको प्रतिशत |
| | | अनुसन्धानलाई दिइएको महत्व (विद्यार्थी, शिक्षक, अनुसन्धान सममित र शिक्षणमा अनुसान्धानात्का कार्य) |
| | | अनुसन्धानसम्बन्धी कार्यमा संस्थाको प्रयास (अनुसन्धान परियोजना, एमफिल र विद्यावारिधि गर्ने विद्यार्थी, अनुसन्धान मुलक पत्रिका प्रकाशन) |
| | | विद्यार्थीहरुलाई अनुन्धानको लागि संस्थाको लगानी संख्या |
| | | बाह्य संस्थाले अनुसन्धानका लागि लगानी गरेका परियोजना |
| | | संस्थाले पुर्याउने गरेको परामर्श र विस्तारित सेवा र कार्यक्रम |
| ५ | पुर्वाधार | नियमित मर्मतको विश्वाशिलो आधार |
| | | संस्थाको समग्र सफाइ, हरित र प्रदुषणको अवस्था |
| | | विद्यार्थीले प्रयोग गर्न पाउने कम्प्युटर र इन्टरनेटको व्यवस्थापन, संख्या र विदामा प्रयोग गर्न पाउने कुराको सुनिश्चितता |
| | | उच्च शिक्षण संस्थामा स्वस्थ्य उपचारको व्यवस्था |
| | | विद्यार्थी र अध्यापकको लागि अवाशीय व्यवस्था |
| | | खाने पानीको गुणस्तर र प्रयाप्तता |
| | | पुस्तकालय खुल्ने समय, उपलब्ध पुस्तक र पत्रिका, अनुसन्धान पत्रिका र पठनपाठनका अन्य विशेष स्रोत |
| | | पुस्ताकालयमा जनशक्ति, जनशक्ति विकास योजना, बजेटको प्रतिशत |
| | | पुस्ताकालयमा फोटोकपी, इनटरनेट, आदिको व्यवस्था |
| | | पुस्ताकालयमा प्रतिदिन सहभागी हुने पाठक (प्रयोगकर्ता) |
| ६ | | परीक्षामा नियमित तर्फका विद्यार्थी सहभागिता प्रतिशत, छाड्ने दर, उतीर्ण दर |
| | | संस्थाको विवरण पुस्तिका (prospectus) |
| | | संस्थमा रोजगार तथा परामर्श सेवा एकाइको व्यवस्था |
| | | पारमर्श तथा रोजगार सेवावाट रोजगारमा प्रवेश गरेका विद्यार्थी संख्या |
| | | पूर्व विद्यार्थी संगठनको गठन र कृयाकलाप |
| | | अन्ताराष्ट्रिय विद्यार्थीको सहभागिता |
| | | अन्ताराष्ट्रिय विद्यार्थीको लागि छुट्टै शाखा वा एकाइको व्यवस्था, विशेष आवाशको व्यवस्था, आदि |

| | | |
|---|---|---|
| | | समाजिक तथा साँस्कृतिक कार्यक्र, स्वागत कार्यक्रम, भिसा सम्बन्धी सहयोग कार्या |
| | | विद्यार्थीको फुर्सदको उपयोग सम्बन्धी व्यवस्था (खेलकूद, साँस्कृतिक कार्याक्रम, आदि) |
| ७ | सूचना पद्दति र सार्वजनीकरण | प्राज्ञिककार्य तथा उपलब्धिसम्बन्धि तथ्याङ्क विश्लेषण गर्ने छुट्टै एकाइ तथा शाखाको व्यवस्था |
| | | त्यसरी विश्लषण गरिएका विषयवस्तुको भण्डारन, पारदर्शिता र सरोकारवलाको पहुँचको अवस्था |
| | | विश्लेणको तरिकालाई सबैको जानकारीको लागि खुला |
| | | त्यस्ता विश्लेशित तथ्याङ्कको निर्यय प्रकृयामा प्रयोग र सार्जनीकरण |
| | | सार्वजनिक सूचना प्रवाहवाट परेको प्रभावको समिक्षा गर्ने परंपरा |

परिच्छेद १०

# पाठ्यक्रम तथा मूल्याङ्कन

## १. पृष्ठभूमि

आधुनिक औपचारिक शिक्षा पद्धतिमा मुलुकको शैक्षिक दर्शन कार्यान्वयन गर्ने प्रमुख साधन पाठ्यक्रम हो । पाठ्यक्रमको माध्यमबाट शिक्षाका राष्ट्रिय, सामुदायिक र वैयक्तिक उद्देश्य पुरा गर्ने अपेक्षा गरिन्छ । नेपालमा परम्परागत गुरुकुलमा आधारित शिक्षा, गुम्बा तथा विहारमा सञ्चालन हुने बौद्ध शिक्षाअन्तर्गत धार्मिक, व्यावहारिक तथा केही व्यावसायिक प्रकृतिको सीमित मात्रामा प्रदान गरिएको शिक्षा एकीकृत स्वरूपको देखिए तापनि त्यसबेला पाठ्यक्रमको सङ्गठित विकास भएको देखिँदैन । यद्दपी परम्परागत रुपका पेशाका लागि संस्कृतका निश्चित विधाहरुमा पारङ्गत भएको हुनुपर्ने लगायत एकपासे, दुइपासे, चारपासे हुँदै दशपासे, एघारपासे सम्मको अभ्यासहरु भएको पाइन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (राशिपयो) २०२८–३२ लागू सर्वप्रथम पाठ्यक्रमको सङ्गठित विकास गरी देशभर एउटै पाठ्यक्रम कार्यान्वयन गरियो । यो पाठ्यक्रमको ढाँचामा उद्देश्यहरू (राष्ट्रिय, तहगत, कक्षागत तथा विषयगत) र विषयवस्तु उल्लेख गर्नुका साथै शिक्षणसिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रियाको समेत सङ्केत गरिएको थियो । २०३८ को परिमार्जित पाठ्यक्रम तथा त्यसपछि हालसम्मका पाठ्यक्रम संरचनामा पनि पाठ्यक्रमका यी मूलभूत अङ्गहरू समावेश भएका देखिन्छन् । २०४८ सालको राजनीतिक परिवर्तनपछि गठन गरिएको राष्ट्रिय शिक्षा आयोगले दिएका सुझावलाई समेत आधार मानी त्यसपछिका पाठ्यक्रम संरचना तयार गरेको देखिन्छ । २०७० सालमा विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक धारको पाठ्यक्रम पनि कक्षा ९ देखि केही विद्यालयमा सुरु गरी कक्षा १२ सम्म निरन्तर गरिएको छ।

विद्यालय संरचना परिवर्तन भई प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा कायम गरिएको अवस्थामा सङ्घीय संरचनाअनुकूल हुने गरी विद्यालय शिक्षाको पाठ्यक्रमको पुनर्संरचना गर्नु आवश्यक छ । नेपालको संविधानद्वारा निर्दिष्ट शिक्षासम्बन्धी मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिको कार्यान्वयन गरी शिक्षालाई सान्दर्भिक, व्यावहारिक, रोजगारमुखी बनाउन, ज्ञान, विज्ञान र प्रविधिमा भएको विकासलाई आत्मसात् गरी आवश्यकताअनुसार स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूलको शिक्षा प्रदान गर्न र विविधतालाई सम्मान गर्ने चरित्रवान्, सृजनशील तथा समालोचनात्मक चेतना भएको लोकतन्त्रप्रति प्रतिबद्ध नागरिक तयार गर्नका लागि पाठ्यक्रममा सुधार आवश्यक छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

प्रारम्भिक बालविकासदेखि माध्यमिक तह (कक्षा १२ सम्म) को पाठ्यक्रमको विकास शिक्षा मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले र उच्च शिक्षण संस्थाको पाठ्यक्रम सम्बधित

विश्वविद्यालयहरूमा रहेको पाठ्यक्रमसम्बद्ध निकायले गर्ने गरेको छ । विद्यालय तहको विद्यमान पाठ्यक्रम वि.सं. २०६३ मा तयार गरी वि.सं. २०७१ मा सामान्य परिमार्जन गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपकै आधारमा व्यवस्थित गरिएको भनिए पनि कक्षा ११ र १२ लाई विद्यालय तहको पाठ्यक्रममा पूर्ण रूपमा समायोजन नगरी तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्ले तयार गरेको उच्च शिक्षाको तयारी उन्मुख पाठ्यक्रम नै कार्यान्वयनमा रहेको छ ।

पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मको विद्यालय शिक्षाको पाठ्यक्रम प्रारूप विकास गर्ने कार्य प्रारम्भ गरेको छ । हाल कार्यान्वयनमा रहेको विद्यालय स्तरको पाठ्यक्रमअन्तर्गत कक्षा १ देखि १० सम्म नेपाली भाषा, अङ्ग्रेजी भाषा, गणित, सामाजिक अध्ययन र विज्ञान विषय अनिवार्य विषयका रूपमा समावेश गरिएका छन् भने कक्षा १ देखि ५ सम्म एक स्थानीय विषय/मातृभाषासहित अन्य विषयमा पनि २० प्रतिशतसम्म स्थानीय विषयवस्तु समावेश गर्न सकिने व्यवस्था छ । त्यसै गरी १–३ मा सामाजिक अध्ययनमा सिर्जनात्मक कला र विज्ञानमा वातावरण समावेश गरिएको छ भने कक्षा ४-५ मा विज्ञानमा वातावरण समावेश गरी स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कलालाई अलग्गै विषयको रूपमा समावेश गरिएको छ । कक्षा ६-८ मा भने सामाजिक तथा जनसङ्ख्या शिक्षा एक विषय र विज्ञान तथा वातावरणलाई अर्को एक विषयका रूपमा समावेश गरिएको छ भने नैतिक शिक्षा र पेसा, व्यवसाय तथा प्रविधि गरी थप दुई विषय समावेश गरिएको छ । कक्षा ९-१० मा पाँचवटा अनिवार्य विषयबाहेक दुई वटा ऐच्छिक विषय समावेश गरिएको छ ।

गुरुकुल, गोम्पा/विहार तथा मदरसा शिक्षाअन्तर्गत कक्षा ६-८मा नेपाली, गणित, सामाजिक तथा जनसङ्ख्या अध्ययन, अङ्ग्रेजी, (वेद विद्याश्रमबाहेक), विज्ञान तथा वातावरण (वेद विद्याश्रमबाहेक) विषययहरू अनिवार्य गरिएको छ । अन्य विषयहरूको हकमा सम्बन्धित क्षेत्रका विषयहरूमध्येबाट समावेश गर्न सकिने व्यवस्था छ । माध्यमिकतर्फ कक्षा ९-१० मा संस्कृततर्फ जनसङ्ख्या तथा वातावरण विषयको सट्टा अनिवार्य संस्कृत भाषा समावेश गरिएको छ भने ऐच्छिकतर्फ संस्कृतबाट नै विषय छान्न सकिने व्यवस्था छ । त्यसै गरी वेद विद्याश्रममा विज्ञान, जनसङ्ख्या तथा वातावरण र अङ्ग्रेजीको सट्टा क्रमशः संस्कृत व्याकरण, संस्कृत भाषा, साहित्य र वेद तथा नीतिशास्त्र समावेश गरिएको छ ।

माध्यम भाषाका रूपमा प्राथमिक तह (कक्षा १-५) का लागि मातृभाषा र नेपाली हुन सक्ने र अन्य तहको हकमा नेपाली वा अङ्ग्रेजी हुन सक्ने व्यवस्था छ । प्राविधिक धारतर्फ कक्षा ९-१० मा नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक शिक्षा र विज्ञान अनिवार्य छन् भने सम्बन्धित क्षेत्रको विषयबाट थप चार विषय अध्ययन गर्नुपर्ने व्यवस्था भएकाले अन्य धारको तुलनामा भार बढी रहेको छ ।

कक्षा १-७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिए पनि यो प्रभावकारी हुन सकेको छैन । कक्षा ८ मा स्थानीय तह र कक्षा १०, ११ र १२ मा राष्ट्रिय तहमा राष्ट्रिय परीक्षा बोर्डबाट सार्वजनिक परीक्षा सञ्चालन गरी विद्यार्थीको योग्यता प्रमाणित गरिँदै आएको छ

भने नमुनामा आधारित राष्ट्रिय उपलब्धि परीक्षण शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विभिन्न कक्षाहरूमा सञ्चालन गरी शिक्षा प्रणालीको गुणस्तरको लेखाजोखा गरिएको छ । अधिकांश विद्यालय तहमा सञ्चालन गरिएका परीक्षा तथा बाह्य सार्वजनिक परीक्षाका प्रश्नहरूले प्रायजसो संज्ञानात्मक तहका तल्लो स्तरका क्षमता मात्र परीक्षण गरेको देखिन्छ । अधिकांश प्रयोगात्मक परीक्षाहरू प्रभावकारी हुन सकेका छैनन् ।

स्थानीय पाठ्यक्रमबाहेक अन्य पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासको कार्य पाठ्यक्रम विकास केन्द्रले गर्दछ । पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा परिमार्जनमा विषय शिक्षक, प्राध्यापक र सम्बन्धित विशेषज्ञको संलग्नता भए पनि यस कार्यलाई अनुसन्धानमा आधारित बनाउन नसकी विज्ञको निर्णयमा आधारित गरिएको देखिन्छ । सन्दर्भ सामग्रीको नाम दिई पाठ्यक्रम विकास केन्द्रले स्वीकृति दिएका पुस्तकहरू पाठ्यपुस्तककै रूपमा अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयले प्रयोग गर्ने गर्दछन् । बहुपाठ्यपुस्तको नीति तय गरिए पनि औपचारिक रूपमा कार्यान्वयनमा ल्याइएको छैन । बजारमा विषयवस्तुमा गहिरो र विस्तृत अध्ययनमा सघाउने सन्दर्भ सामग्रीभन्दा पनि प्रश्नोत्तर, प्रश्नहरूको सङ्कलन, गेस पेपर जस्ता सामग्री उत्पादन हुनाले विद्यार्थीको सिकाइ प्रक्रियामा नकारात्मक प्रभाव परेको देखिन्छ ।

नेपालमा एकातिर पाठ्यक्रमलाई समसामयिक परिमार्जन गरी सिकाइको सान्दर्भिकता अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ भने अर्कातिर विद्यार्थी मूल्याङ्कन प्रक्रिया परीक्षामुखी हुँदा पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी हुन सकेको देखिँदैन । पाठ्यक्रमको परिमार्जन अनुसन्धानका प्राप्तिका आधारमा हुन नसकेको, राजनीतिक प्रभावले यसको मर्म र भावनामा चोट पुग्ने गरेको, शिक्षकको व्यवस्था नगरी नयाँ विषय प्रवेश गराउने गरिएको, पाठ्यक्रम विकास र व्यवस्थापनमा कमजोर संस्थागत संरचना र जनशक्ति व्यवस्थापन भएको जस्ता समस्या तथा चुनौती देखिएका छन् । पाठ्यक्रमको विहङ्गम दृष्टिकोण, परिवर्तित सन्दर्भ, नेपालको संविधानको भावना र नेपालका विशेषतालाई आत्मसात् गर्ने पूर्वीय दर्शनका मूल्य र मान्यता तथा जीवनयापनका लागि अति आवश्यक जीवनोपयोगी विषयले स्थान पाउन सकेका छैनन् । बदलिँदो परिवेशमा STEM (विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित) जस्ता विषय पाठ्यक्रममा अपेक्षित रूपमा समावेश हुन सकेको देखिँदैन ।

## ३. समस्या र चुनौती

नेपालको विद्यालय तहको पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

### १. शिक्षाको उद्देश्य निर्धारण

विद्यालय तहमा हामीले सक्षमतामा आधारित पाठ्यक्रमको अभ्यास गर्ने प्रयास गरेतापनि समाजको परिवर्तन र विकासको चाहना तथा आवश्यकता, व्यक्तिको रुचि र आवश्यकताको विविधता र विश्वव्यापीकरणको परिवेशअनुरूप शिक्षाको भूमिका के हुने र विद्यालयका विभिन्न तह पुरा गरेका

विद्यार्थीले के कस्ता ज्ञान, सीप, अभिवृत्ति र सक्षमता हासिल गर्नुपर्ने हो भन्ने कुराको निर्धारण गरी विद्यालय शिक्षाका विभिन्न तहका उद्देश्य निर्धारण गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।

**२. विषयक्षेत्रको छनोट र सङ्गठन**

शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्य तय गरेपछि ती उद्देश्य प्राप्तिका दिशामा सहयोग पुग्ने गरी विषयक्षेत्रहरू छनोट गर्नुपर्ने हुन्छ । विश्वमा विस्तार भएको ज्ञानको स्वरूप, शैक्षिक दर्शन, समाजको आवश्यकतालगायत सिकारुको रुचि र आवश्यकतासमेतलाई ध्यान दिई विषयक्षेत्रको छनोट गर्नुपर्ने हुन्छ । विषयक्षेत्रको विविधता र विस्तारले पनि निश्चित आधारका विषयक्षेत्र छनोट गर्नु चुनौतीपूर्ण देखिन्छ ।

**३. विषयवस्तुको छनोट**

पाठ्यक्रममा समावेश गरिएका विषयक्षेत्रअन्तर्गत समावेश हुने विषयवस्तुहरू पनि कुन कुन समावेश गर्ने,दैनिक जीवनमा उपयोगी हुने र रोजगारीलाई प्राथमिकता दिने वा उच्च शिक्षाको आधारलाई प्राथमिकता दिने, कुन विषयवस्तु बढी उपयोगी छन्, के कति विषयवस्तु कुन कुन तह वा कक्षामा समावेश गर्ने भन्ने कुराको निर्णयका लागि पनि निश्चित आधार तयार गर्नु आवश्यक छ ।

**४. शिक्षण विधि र प्रक्रिया**

शिक्षक तालिमको निर्देशिकाहरु विकास गरी शिक्षकहरुलाई सेवाकालिन तथा पुनर्ताजगी तालिम प्रदान गर्दै आएतापनि निर्धारित उद्देश्य प्राप्तिका लागि विषयवस्तुको सिकाइका लागि के कस्ता सिकाइ–विधि र प्रक्रिया प्रयोग गर्ने, विद्यार्थीलाई सक्रिय कसरी बनाउने भन्ने जस्ता विषयको निर्धारण तथा निर्णय शिक्षाप्रतिको दृष्टिकोण, सिकाइ प्रक्रियाको छनोट, शिक्षकको तयारी तथा स्रोत तथा साधनको उपलब्धता इत्यादिको सापेक्षतामा गर्नुपर्ने भएकाले यसमा चुनौती छ ।

**५. मूल्याङ्कन** र शिक्षण सिकाइबिचको अन्तरसम्बन्ध

विद्यार्थी मूल्याङ्कनलाई शिक्षणसिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरी विद्यार्थीको सिकाइमा सुधार गर्ने प्रयोजनका लागि प्रयोग गर्नुपर्ने महत्त्वपूर्ण कार्यलाई प्रभावकारी बनाउन सकिएको देखिँदैन। आधारभूत तहको कक्षा १-७ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गरिएको भनिए तापनि सिकाइ सुधार गर्ने प्रयोजनका लागि प्रभावकारी रूपले मूल्याङ्कनको प्रयोग भएको देखिँदैन । पाठ्यक्रममा मूल्याङ्कनलाई शिक्षणसिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा समावेश गरी सिकाइ सुधारमा निरन्तर प्रयोग हुने गरी व्यवस्थित गर्नुपर्ने आवश्यकता छ ।

**६.माध्यम भाषा**

माध्यम भाषाका सन्दर्भमा भाषा विषयबाहेक नेपाली वा अङ्ग्रेजी प्रयोग गर्न सकिने र प्रारम्भिक कक्षामा मातृभाषा प्रयोग गर्न सकिने नीति कार्यान्वयन भइरहेको भए पनि मातृभाषा माध्यमका रूपमा ज्यादै थोरै विद्यालयहरूमा मात्र प्रयोग भएको छ । अधिकांश संस्थागत विद्यालयले

अङ्ग्रेजी माध्यम भाषा प्रयोग गरेका छन् भने सामुदायिक विद्यालयले पनि अङ्ग्रेजी माध्यम भाषा प्रयोग गर्ने प्रवत्ती बढ्दो छ । तर विषयवस्तु सिकाइ र भाषा सिकाइ दुवै दृष्टिले मातृभाषा वा घरपरिवार तथा समुदायमा प्रयोग हुने भाषामा प्रारम्भिक सिकाइ प्रभावकारी हुने गर्दछ । यस्तो अवस्थामा सिकाइ सिद्धान्त र अनुसन्धानको यस नतिजाअनुसार मातृभाषा वा नेपाली भाषामा प्रारम्भिक तहको शिक्षा दिने व्यवस्था गर्नु उपयुक्त भएकाले सोअनुसारको व्यवस्था गर्न आवश्यक छ ।

## ७. मूल्याङ्कन प्रक्रिया र साधन

विद्यार्थी मूल्याङ्कन परीक्षा र सिकाइको मूल्याङ्कनका रूपमा मात्र अधिकांश विद्यालय र समग्र शिक्षा पद्धतिमा उपयोग भइरहेको छ । वर्तमान अवस्थामा मूल्याङ्कनलाई सिकाइ सुधारका लागि र सिकाइको मूल्याङ्कनका रूपमा व्यवस्थित गरिनु आवश्यक छ। यसका लागि कक्षाकोठामा आधारित मूल्याङ्कनलाई प्रभावकारी बनाइनु आवश्यक छ भने सिकाइको प्रमाणित गर्ने सार्वजनिक परीक्षामा पनि सुधार आवश्यक छ । त्यसै गरी विद्यार्थी उपलब्धिका आधारमा समग्र शिक्षा प्रणालीको लेखाजोखा गरी सुधारका मार्ग निर्धारण गर्न सञ्चालन गरिने राष्ट्रिय उपलब्धि परीक्षणलाई थप प्रभावकारी बनाइनु आवश्यक छ । मूल्याङ्कनको सुधारका लागि यसको स्वरूप र प्रक्रियामा सुधारका साथसाथै यसका साधन र विधिहरूलाई पनि वैध र विश्वसनीय हुने गरी तयार गर्नु आवश्यक छ । यसका लागि विद्यार्थीका निश्चित सक्षमताहरू मापन गर्ने मापदण्ड निर्भारिण गर्नु आवश्यक छ।

## ८. पाठ्यपुस्तकको विकास, प्रयोग र व्यवस्थापन

पाठ्यपुस्तकलाई विद्यार्थीका लागि सान्दर्भिक र रुचिकर बनाई नेपालको विविधतालाई समावेश गर्न सक्ने बनाइनुपर्दछ । यसका लागि एकातिर हालको पाठ्यपुस्तक विकास प्रक्रिया र नीतिमा परिवर्तनको खाँचो छ । पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक विकास गर्ने र अन्य प्रकाशकहरूका पुस्तकलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने गरी स्वीकृत गरिए तापनि सबै सामग्रीहरू पाठ्यपुस्तककै रूपमा प्रयोग भएका हुँदा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम विकास गर्ने र सन्दर्भ सामग्रीकै रूपमा मात्र अन्य सामग्री प्रयोग हुनुपर्छ । बहुपाठ्यपुस्तक नीति निर्धारण गरी निश्चित मापदण्डका आधारमा विभिन्न प्रकाशकले प्रकाशन गरेका पाठ्यपुस्तक प्रयोग गर्नुपर्दछ।

## ९.पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कार्यान्वयनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका

सङ्घीय संरचनाअनुसार नेपालमा तीन तहका सरकार रहेका र विद्यालय शिक्षाको मापदण्ड निर्धारण र मूल्याङ्कनबाहेक अधिकांश कार्यहरू स्थानीय तहमा रहने संवैधानिक व्यवस्थाअनुसार पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कार्यान्वयन सङ्घ, प्रदेश र स्थानीय तहमा हुने गरी के कसरी व्यवस्थित गर्ने भन्ने निक्र्योल गर्नु आवश्यक छ ।

## १०. स्थानीय तहको क्षमता अभिवृद्धि

पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, परिमार्जन, कार्यान्वयन र व्यवस्थापन सम्बन्धनमा स्थानीय तहको क्षमता अभिवृद्धि गर्नुका साथै संस्थागत प्रबन्ध पनि गर्नुपर्दछ । यस प्रकारको प्रबन्ध नभएमा स्थानीय स्तरमा पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी कार्य सम्पादनमा जटिलता आउन सक्छ । यसमा विशेष गरी स्थानीय परिवेशअनुरूप पाठ्यक्रम पुनर्परिभाषित गरी पाठ्यक्रमको सफल कार्यान्वयनमा शिक्षकको क्षमता वृद्धि गर्नुपर्ने देखिन्छ ।

## ११. शिक्षक विकास

निर्मित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएन भने अपेक्षित उपलब्धि प्राप्त हुन सक्दैन । अझ कतिपय अवस्थामा निर्मित पाठ्यक्रम भन्दा पनि कार्यान्वयन भएको पाठ्यक्रमलाई नै वास्तविक पाठ्यक्रमका रूपमा लिने गरिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनमा शिक्षकको सबैभन्दा महत्त्वपूर्ण भूमिका रहने भएकाले पाठ्यक्रमको कार्यान्वयन गर्न सक्षम शिक्षकको तयारी र विकास गर्नु आवश्यक छ । यसका लागि योग्यताको पुनरावलोकन, शिक्षक तयारी कोर्सको पुनरावलोकन, शिक्षक विकास तथा तालिम कार्यक्रममा सुधार तथा परिमार्जन आवश्यक छ ।

## १२. विषयवस्तुको अन्तरसम्बन्ध र एकीकरण

प्रारम्भिक कक्षादेखि नै विषयगत पाठ्यक्रम र शिक्षण सिकाइ प्रक्रिया सञ्चालन हुँदा एकातिर अन्तरसम्बन्धित विषयवस्तु प्रयोग गरी समस्या समाधान गर्ने, सिकेको कुरालाई दैनिक जीवनमा प्रयोग गर्ने र सिकाइलाई अर्थपूर्ण बनाउने कार्यमा बाधा परिरहेको अनुभव हुन्छ भने अर्कातिर विषयवस्तुको पुनरावृत्ति हुने सम्भावना पनि छ । यसमा देखिएका समस्याहरू समाधान गर्न प्रारम्भिक कक्षाहरू खास गरी कक्षा १-३ मा कतिपय विषयवस्तु एकीकृत पाठ्यक्रमको सिद्धान्तअनुसार व्यवस्थित गरिनु आवश्यक छ । कतिपय जीवनोपयोगी सीपहरू आवश्यकताअनुसार विभिन्न विषयमा सबै तहमा समावेश गर्नुपर्ने हुन्छ । यसो गर्नका लागि पाठ्यक्रम निर्माण र कार्यान्वयनको अहिलेको ढाँचामा परिवर्तन र दक्षता वृद्धि पनि उत्तिकै चुनौतीपूर्ण छ ।

## १३.पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउने

हालको पाठ्यक्रमले सिकाइ उपलब्धि र विषयगत ज्ञानलाई जोड दिएको छ । यसबाट दैनिक जीवनका समस्या समाधान गर्न सिकेका कुरालाई उपयोग गर्न नसकेको गुनासाहरू आउने गरेका छन् । पाठ्यक्रमले सिकारुहरुमा ज्ञान, सीप अभिवृत्तिसँग त्यसको प्रयोग गर्ने सक्षमता विकास गर्न सक्नुपर्छ । त्यो हुन सकेको छैन ।

## १४. प्राविधिक र अन्य धारको पाठ्यक्रमबिचको भार समायोजन

अहिलेको पाठ्यक्रम संरचनाअन्तर्गत कक्षा ९ र १० तथा कक्षा ११ र १२ मा सञ्चालित प्राविधिक धारतर्फको भार साधारण र अन्य धारको भन्दा बढी भएकाले विद्यार्थीलाई कठिनाइ

भएको छ । उपयुक्त अनिवार्य विषय छनोट गर्ने र सम्बन्धित प्राविधिक विषयक्षेत्रअन्तर्गत आवश्यक न्यूनतम विषयहरू समावेश हुने गरी दुवै धारको पाठ्यभारमा एकरूपता कायम गरिनु आवश्यक छ । प्राविधिक धारतर्फ सिकाइ सीपहरूको अभ्यासका लागि भने निश्चित समयावधि थप गर्न सकिन्छ ।

### १५. निर्धारित र कार्यान्वयन गरिएको पाठ्यक्रमबीचको भिन्नता

विद्यार्थीको उपलब्धि परीक्षणका नतिजाहरूले निर्धारित पाठ्यक्रमको स्तरभन्दा निकै तल्लो स्तरको उपलब्धि देखाएका छन् । निर्धारित पाठ्यक्रम कार्यान्वयन गरिएको पाठ्यक्रमबिच ठुलो भिन्नता रहेको छ । अत निर्धारित र कार्यान्वन गरिएको पाठ्यक्रमबिचको भिन्नतालाई न्यूनीकरण गर्नु आवश्यकछ । यस भिन्नतालाई न्यून गरिएन भने पाठ्यक्रम सुधारको औचित्य पुष्टि हुन सक्दैन।

### १६. पाठ्यक्रम मूल्याङ्कन

पाठ्यक्रम कार्यान्वयनको निश्चित अवधिपछि यसको समग्र मूल्याङ्कन गरी सुधारका क्षेत्र पहिल्याउनु आवश्यक हुन्छ । विज्ञको विचारमा आधारित गरी बनाइएको पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी नहुनु स्वभाविक छ । तर पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कनका आधारमा पाठ्यक्रममा सुधार गर्ने परिपाटी स्थापना गर्नु र पाठ्यक्रम मूल्याङ्कन कार्यलाई नियमित गर्नु र निरन्तरता दिनु आवश्यक छ ।

### १७. पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास र कार्यान्वयनलाई समावेशी बनाउनु

पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास र कार्यान्वयन गर्दा एकातिर नेपालको सांस्कृतिक, भौगोलिक, भाषिक विविधतालाई सम्बोधन गर्नु आवश्यक छ भने अर्कातिर विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका आवश्यकताअनुकूल बनाई पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई समावेशी बनाउने चुनौती रहेको छ ।

## ४. सुझावहरू

पाठ्यक्रम तथा मूल्याङ्कनको वर्तमान अवस्थाको विश्लेषण तथा प्रस्तुत समस्या र चुनौतीलाई समेत आधार मानी वर्तमान संविधानले परिलक्षित गरेको विकास, समृद्धि र क्षमता विकासका लागि पाठ्यक्रम तथा मूल्याङ्कनमा सुधार तथा परिमार्जनको आवश्यकता देखिएको सन्दर्भमा यस आयोगले देहायअनुसारका नीतिगत तथा रणनीतिगत सुझाव प्रस्तुत गरेको छ :

### (क) पाठ्यक्रम

**नीति**

१. विद्यालय शिक्षाका उद्देश्य परिमार्जन गरी वर्तमान संवैधानिक प्रावधान, समाजको आवश्यकता, विश्वव्यापीकरणको प्रभाव समेतलाई विचार गरी भोलिको समाजका लागि सक्षम हुने गरी सक्षमता पहिचान गर्ने र त्यसैका आधारमा उद्देश्य निर्धारण गर्ने ।

२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा कार्यान्वयनका सन्दर्भमा सङ्घले राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गर्ने र त्यसका आधारमा मुख्य विषयका पाठ्यक्रम विकास गर्ने । प्रदेशले मुख्य विषयबाहेक अन्य विषयका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्ने । स्थानीय तहले सङ्घले तयार गरेको राष्ट्रिय पाठ्यक्रम प्रारूपको आधारमा स्थानीय विषयको पाठ्यक्रम विकास गर्न सक्ने । पाठ्यक्रम निर्माण र कार्यान्वयनको मापदण्ड सङ्घले निर्धारण गर्ने । प्रदेशले प्रदेशअन्तर्गत कार्यान्वयनका लागि थप मापदण्ड आवश्यक भए समावेश गर्ने । पाठ्यक्रमम तथा पाठ्यपुस्तकको प्रभावकारिताको मूल्याङ्कन गरी सुधार गर्ने कार्य सङ्घ तथा प्रदेश दुवैले गर्ने । पाठ्यक्रम कार्यान्वयनको प्रमुख दायित्व भने स्थानीय सरकार र विद्यालयकको हुने ।

३. विश्वविद्यालयहरू स्वायत्त संस्था भएकाले पाठ्यक्रम निर्माण गर्न स्वतन्त्र हुने भए तापनि शिक्षाको राष्ट्रिय उद्देश्य, नीति तथा प्राथमिकताका सापेक्षातामा पाठ्यक्रम निर्माण गर्ने । उत्पादित जनशक्तिको दक्षतामा एकरूपता कायम गर्नका लागि राष्ट्रिय योग्यता प्रारूप निर्माण गरी सबै शिक्षण संस्थाहरूले सो प्रारूपअनुकूल हुने गरी पाठ्यक्रम तर्जुमा गर्ने ।

४. विद्यालय तहमा शिक्षण सिकाइको माध्यम भाषा निम्नानुसार हुने :

- भाषा विषयमा सम्बन्धित भाषा
- कक्षा ३ सम्म मातृभाषा वा नेपाली
- कक्षा ४-८ मा नेपाली वा मातृभाषा भए पनि गणित र विज्ञान विषयमा अङ्ग्रेजी माध्यम पनि प्रयोग गर्न सकिने
- आधारभूत तहमा मातृभाषालाई विषय र माध्यम दुवै रूपमा प्रयोग गर्न सकिने
- कक्षा ९-१२ मा सामाजिक शिक्षा विषय नेपाली वा मातृभाषामा पठनपाठन हुने र अन्य विषयको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी हुन सक्ने

**रणनीति**

१. सङ्घीय सरकारले परिवर्तित सन्दर्भ, संवैधानिक मर्म र यस प्रतिवेदनका सुझावका आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारूपमा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत सक्षमता र शिक्षण सिकाइ मापदण्ड पुनरवलोकन गर्ने । सो प्रारूपमा सिकाइका क्षेत्र, गुणस्तर मापदण्ड, पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र पाठ्यक्रमको आवधिक मूल्याङ्कन जस्ता नीतिगत पक्षहरूको व्यवस्था गरी सङ्घ, प्रदेश तथा स्थानीय सरकारको कार्यक्षेत्र किटान गर्ने

२. विषयक्षेत्रमा विषयवस्तु छनोट गर्दा विषयवस्तुको क्रमलाई विचार गरी बढी उपयोगी विषयवस्तु छनोट गर्नुपर्ने । पाठ्यक्रमको विषयवस्तुको संरचना गर्दा कक्षा १-३ सम्म विषयक्षेत्र वा थिममा अधारित एकीकृत पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने । जीवनोपयोगी र व्यावहारकुशल सीप समेत विकास गर्ने गरी पाठ्यक्रम विकास गर्ने ।

३. पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय सरकारको क्षमता विकास गर्ने । पाठ्यक्रम पुनर्सङ्गठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने

४. सक्षमतामा आधारित पाठ्यक्रम निर्माण गर्ने

५. पाठ्यक्रम सुधारलाई यससम्बन्धि अनुसन्धान तथा मूल्याङ्कनको नतिजासँग आबद्ध गर्ने

६. विद्यालय शिक्षा र उच्च शिक्षाको क्षेत्रमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा परिमार्जनसम्बन्धी कार्य गर्ने पाठ्यक्रम विकास केन्द्र जस्ता संस्थालाई विषयगत विशेषज्ञ सेवाका रूपमा विकास गर्ने

७. पाठ्यक्रमको गुणस्तरीय कार्यान्वयन पक्षलाई सम्बोधन गर्न शैक्षिक सामग्रीमा आधारित शिक्षण, परियोजना कार्य, प्रयोगात्मक अभ्यास जस्ता पक्ष सम्बोधन हुने गरी सबै तह र विषयका पाठ्यक्रम पुनरवलोकन गर्ने

८. पाठ्यक्रमले विषयवस्तुलाई सान्दर्भिक बनाउनका लागि स्थानीय परिवेश र भूमण्डलीकरणको सन्दर्भलाई समेटी अन्तरसम्बन्धित गर्ने

९. विद्यार्थी आफैं क्रियाकलापमा सरिक हुन सक्ने, सिर्जनात्मक रूपमा सोच्ने र समस्या समाधान गर्ने सीप तथा क्षमता विकास भई व्यवहारमा प्रदर्शन गर्न सक्ने गरी विद्यार्थी केन्द्रित, सहभागिता र प्रत्यक्ष अनुभवमा आधारित सिकाइका अवसर सृजना गर्ने र विद्यार्थीलाई स्वतन्त्र सिकारु बनाउने गरी शिक्षण सिकाइ विधि र प्रक्रिया छनोट गर्ने

१०. विषयहरूको छनोट र सङ्गठन निम्नअनुसार गर्ने :

(क) कक्षा १-३ मा नेपाली भाषा, अङ्ग्रेजी भाषा, गणित र सामाजिक अध्ययन, विज्ञान तथा वातावरणीय शिक्षा, स्वास्थ्य तथा शारीरिक, सिर्जनात्मक कलासमेत समेटिने गरी विषयक्षेत्रमा अधारित पाठ्यक्रम लागु गर्ने । २० देखि २५ प्रतिशत स्थानीय विषयक्षेत्र पाठ्यक्रम हुनुपर्ने ।

(ख) कक्षा ४-८ मा नेपाली भाषा, अङ्ग्रेजी भाषा, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन र स्थानीय विषय गरी ६ वटा विषय राखिनुपर्ने । सामाजिक अध्ययन विषयअन्तर्गत स्थानीय विषयवस्तु समेत समेटिनुपर्ने ।

(ग) माध्यमिक तह कक्षा ९-१० को साधारण धारतर्फ प्रत्येक कक्षामा नेपाली भाषा, अङ्ग्रेजी भाषा, गणित, विज्ञान तथा प्रविधि र सामाजिक अध्ययनलाइ अनिवार्य विषय बनाउनुपर्ने । यसका अतिरिक्त दुई वटा ऐच्छिक हुने । जसमध्ये एउटा स्थानीय छनेटको विषय हुनुपर्ने । सामाजिक शिक्षाअन्तर्गत निश्चित पाठ्यभारको स्थानीय विषयवस्तु समावेश गर्न सकिने

(घ) साधारण धारतर्फ कक्षा ११ र १२ प्रत्येकमा अङ्ग्रेजी, नेपाली, सामाजिक र जीवनपयेगी शिक्षा विषय अनिवार्य गर्ने । चारवटा ऐच्छिक विषयहरू रहने । ऐच्छिक विषयमध्ये एउटा स्थानीय छनेटके विषय हुने

(ङ) प्राविधिक धारतर्फ कक्षा १० पछि ३ बर्षे पाठ्यक्रम विकास गरी लागु गर्ने । यस धारमा इन्जिनियरिङ, कृषि, पशु तथा पन्छिपालन, कम्प्युटर लगायत विविध विधा सञ्चालन गर्ने ।

(च) अन्य परम्परागत प्रकृतिका धार (जस्तैः संस्कृत, वेदविद्याश्रम, विहार/गोम्पा, मदरसा, मुन्धुम इत्यादि) मा नेपाली र सामाजिक विषय अनिवार्य गरी अरू सोही विधाबाट वा साधारण शिक्षाबाट समावेश गर्न सक्ने गरी विषयक्षेत्र समायोजन गर्ने ।

११. विद्यालय तहको पाठ्यक्रम प्रारूप निर्माण र पाठ्यक्रम विकास गर्दा STEM लाई विषय र विषयवस्तुको रूपमा समावेश गर्ने

### (ख) पाठ्यपुस्तक तथा पाठ्यसामग्री

पाठ्यपुस्तकसम्बन्धी सुझावहरू निम्नानुसार छन् :

**नीति**

१ पाठ्यपुस्तकलाई पाठ्यक्रम कार्यान्वयनको एउटा सहयोगी सामग्रीका रूपमा विकास र प्रयोग गर्ने

२ सङ्घीय सरकारअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले मुख्य विषयमा नमुना पाठ्यपुस्तक तयार गर्ने । पाठ्पुस्तक विकास र व्यवस्थापनको अन्य कार्य प्रदेश सरकारले गर्ने । पाठ्यपुस्तक छनोट र वितरणको कार्य विद्यालयहरूको सहभागितामा स्थानीय तहबाट हुने

३ पाठ्यपुस्तकलाई बढी क्रियाकलापमुखी बनाउने र शिक्षकका लागि थप सन्दर्भ सामग्रीको विकास गरी कार्यान्वयनमा ल्याउने । पाठ्यक्रममा आधारित शिक्षणको प्रवर्धनका लागि एकल पाठ्यपुस्तकको अवधारणालाई क्रमशः अन्त गरी बहुपाठ्यपुस्तक नीति तथा अभ्यास कार्यान्वयनमा ल्याउने । विद्यालयले सहजरूपमा खुला बजारबाट शैक्षिक सामग्री व्यवस्थापन गरी शिक्षण सिकाइमा प्रयोग गर्ने सक्ने वातावरण सुनिश्चित गर्ने

४ नेपालको सांस्कृतिक, भौगोलिक, भाषिक विविधता तथा विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका आवश्यकताअनुकूल हुने गरी पाठ्यपुस्तक विकास र व्यवस्थापन गर्ने

**५ रणनीति**

१ स्थानीय सरकारलाई स्थानीय आवश्यकताअनुसारका विषयको पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि जिम्मेवार बनाउने

२ पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा कार्यान्वयनलाई आधुनिक प्रविधिमा आधारित समाजको माग तथा आवश्यकतासँगै समायोजन गर्न प्रविधिमा आधारित डिजिटल शैक्षिक सामग्री विकास तथा प्रयोगलाई क्रमशः कार्यान्वयनमा ल्याउने ।

३ पाठ्यपुस्तकमा विविधतालाई समावेश गर्ने र विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका आवश्यकताअनुकूल हुने गरी पाठ्यपुस्तक तथा डिजिटल शैक्षिक सामग्री विकास र प्रयोग गर्ने ।

४ पाठ्यक्रमको मर्म र भावनाअनुसार क्रियाकलापमा आधारित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न प्रत्येक विद्यालयलाई सरकारले विद्यार्थी सङ्ख्याको आधारमा न्यूनतम रकम अनिवार्य रूपमा उपलब्ध गराउने ।

५ पाठ्यपुस्तक शिक्षकले पढाउने सामग्री नभई विद्यार्थीले पढ्ने सहयोगी सामग्रीका रूपमा प्रयोग गर्ने ।

६ पाठ्यपुस्तकको न्यूनतम गुणस्तर निर्धारण गरी उत्पादन र वितरण लागतका आधारमा मूल्यको सीमा निर्धारण गर्ने ।

७ सम्बन्धित विद्यालय तथा बोर्डले विद्यार्थीका लागि नमुनाका रूपमा प्रश्नपत्र तथा नमुना उत्तर तयार गर्नेबाहेक प्रश्नपत्र तथा प्रश्नहरू सङ्कलन, गेस पेपर जस्ता विद्यार्थीको गहन अध्ययनमा बाधा पार्ने र सिकाइलाई परीक्षाका रूपमा मात्र लिने प्रवृत्तिको विकास गराउने सामग्री प्रकाशन तथा बिक्री वितरण गर्न नपाइने व्यवस्था गर्ने । तर विषयवस्तुको विस्तृत तथा गहन अध्ययनमा सहयोगी अन्य सन्दर्भ सामग्रीको विकासमा बन्देज नलगाइने ।

८ प्रदेस तथा स्थानीय तहमा निर्माण तथा विकास गरिने विद्यालयको पाठ्यक्रमको मापदण्ड बनाइ सीमा निर्धारण गर्ने ।

**(ग) मूल्याङ्कन**

विद्यार्थी मूल्याङ्कन निम्नानुसार हुनुपर्ने छ :

**नीति**

१ मूल्याङ्कनको मुख्य उद्देश्य शिक्षण सिकाइमा सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु भएकाले यसलाई कक्षाकोठामा विभिन्न साधन प्रयोग गरी निरन्तर सञ्चालन गरेर सिकाइ सुधारसँग आबद्ध गर्ने । मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा विकास गर्ने ।

२ कक्षा ८ मा स्थानीय तहमा, कक्षा १० मा प्रदेश तहमा र कक्षा १२ मा संघीय तहमा परीक्षा सञ्चालन गरी विद्यार्थीको सार्वजनिक मुल्याङ्कन गर्ने ।

३ परीक्षण साधनहरूले सबै किसिमका सक्षमताहरूलाई समेट्ने, लिखित परीक्षाका प्रश्नहरूले पनि संज्ञानात्मक तहका विभिन्न तहहरू समेटेको हुनुपर्ने ।

४ मूल्याङ्कन प्रक्रियामा सबै विद्याथीलाई समावेश गर्नका लागि विधि र साधनमा विविधताको उपयोग गर्ने ।

५ हाल वार्षिक रूपमा गर्ने गरिएको प्रयोगात्मक परीक्षाको मूल्याङ्कन परिपाटी परिवर्तन गरी यसलाई शिक्षण सिकाइसँगै आबद्ध गर्नुका साथै निश्चित मापदण्ड र प्रक्रिया निर्धारण गरी

निरन्तर मूल्याङ्कन गर्ने । यसमा विद्यार्थीले गरेका कार्यहरुका अभिलेख र प्रयेगात्मक कार्य समेत परीक्षण गर्ने व्यवस्था गर्ने ।

**रणनीति**

१. हाल प्रचलनमा रहेको विद्यार्थी मूल्याङ्कनले अधिकांश विद्यालयमा सिकाइमा सुधार गर्ने दिशामा योगदान गर्न नसकेको यसमा सुधार गरी शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा विद्यार्थी मूल्याङ्कन प्रणालीलाई विकास गर्ने

२. आधारभूत तहसम्मको पठनपाठनमा सिकारुको मूल्याङ्कनको आधारमा सिकारुका सिकाइका सबल तथा कमजोर पक्ष, सिकारुले थप प्रयास गर्नुपर्ने पक्ष, शिक्षकले गर्नुपर्ने थप शैक्षणिक क्रियाकलाप समेत स्पष्ट हुने गरी विद्यार्थीको प्रगति विवरण कार्ड तयार गरी समय समयमा अभिभावकलाई पनि सो कार्ड उपलब्ध गराउने ।

३. प्रत्येक कक्षामा विद्यार्थीको सिकाइ प्रगति र क्रियाकलापको अभिलेख र अन्तिम परीक्षाको नतिजासमेतलाई एकीकृत गरी ग्रेड निर्धारण गर्ने

४. हाल कार्यान्वयनमा रहेको अक्षराङ्कन पद्धतिमा सुधार गरी वस्तुनिष्ठ र व्यवहारिक बनाउने ।

५. ग्रेड प्रदान गर्दा प्रयोगात्मक तथा आन्तरिक मूल्याङ्कन र बाह्य परीक्षा दुवैको नतिजाको आधार लिई ग्रेडिङलाई अङ्क वा अक्षर जुन रूपमा प्रदान गरे पनि प्रत्येक ग्रेड प्राप्त गर्ने विद्यार्थीको सिकाइ सक्षमतालाई स्पष्ट ढङ्गले व्यक्त गर्नुपर्ने । यसका लागि विद्यार्थीका क्षमता तथा उपलब्धिलाई विभिन्न तह वा श्रेणीमा परिभाषित गरी सोहीअनुरूपका साधन प्रयोग गरी परीक्षण तथा मूल्याङ्कन गर्ने ।

६. सिकारुको व्यावहारिक तथा प्रायोगिक दक्षता शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनकै क्रममा निर्धारणा हुने गरी मुल्याङ्कन प्रणालीमा सुधार गर्ने ।

७. समीक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित वा सिकारुको समुदाय वा परिवारमा आधारित ससाना खोजमुखी कार्य र तिनको सङ्क्षिप्त प्रतिवेदन, मौखिक मूल्याङ्कन, सिर्जनात्मक अभ्यास आदि तरिकालाई परीक्षा र मूल्याङ्कनका साधनका रूपमा संस्थागत गर्ने ।

८. विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका लागि समेत उपयुक्त हुने गरी मूल्याङ्कन विधि र साधनको विकास र प्रयोग गर्ने ।

९. परीक्षा र मूल्याङ्कनलाई उद्देश्यमूलक, संस्थागत तथा व्यवस्थित गर्न शिक्षक, प्रधानाध्यापक र केन्द्रदेखि विद्यालय तहसम्मको सक्षमता विकास गर्ने योजना बनाई कार्यान्वयन गर्ने ।

१०. सिकारुको परीक्षा र मूल्याङ्कनको अवस्था सिकारुको प्रगति तथा शिक्षण सिकाइ क्रियाकलापसमेतलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनमा आधारित बनाई शिक्षकलाई

सिकारु तथा शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि जिम्मेवार र जवाफदेही बनाउने ।

११. परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइमा सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गर्ने ।

१२. परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकारुकेन्द्रित अभ्यासलाई मूल्याङ्कनको आधार बनाउने ।

परिच्छेद १२

# मातृभाषामा शिक्षा

## १. पृष्ठभूमि

मानवले जन्म लिएपछि सबैभन्दा पहिला बोल्ने र सिक्ने भाषालाई मातृभाषा भनिन्छ । मातृभाषा व्यक्तिको सामाजिक एवम् साञ्चारिक गतिविधि र रीतिरिवाजको पहिचान हो । बालबालिकालाई चाहेजस्तो ज्ञानमा पुग्न मातृभाषाको माध्यम सहज हुन्छ ।

बालबालिकाले घरमा बोल्ने भाषा विद्यालयमा पनि बोल्न पाउनुपर्छ । मातृभाषाले गर्दा शिक्षामा गुणस्तर आउँछ । शिक्षक र विद्यार्थीबिचको सम्बन्ध राम्रो हुन्छ । स्कुल छोड्नेको सङ्ख्या घट्छ ।अन्ततः भाषाको माध्यमबाट सांस्कृतिक पक्षहरू बुझ्न सजिलो भई भाषिक सक्षमता विकास हुन्छ । विद्यालयमा भर्ना भएपछि बालबालिका आफ्ना वरिपरिका, सम्पर्कमा आइरहने वस्तुहरू देखेर वा छोएर अनुभूति गर्न सक्ने र नमुना हेरेर स्पष्ट हुन सक्ने ठोस (जस्तैः आँप, सुन्तला, टेबल, ढुङ्गा आदि) चिज वा वस्तुका बारेमा कुराकानी गर्न थाल्दछन् । सुरुसुरुमा तिनीहरू आफ्नै मौलिक लवजमा बोल्न थाल्छन् । बालबालिकामा आफ्ना मातृभाषाका व्याकरणको सामान्य जानकारीका साथै ठोस वस्तुहरूको सामान्य शब्दभण्डार पनि हुन्छ । उनीहरू सहज रूपले मातृभाषामा आफ्ना आधारभूत आवश्यकताबारे व्याख्या गर्न सक्छन् र आपसी सञ्चार पनि सहजै गर्न सक्छन् ।

## २. वर्तमान अवस्थाको विश्लेषण

नेपाल बहुभाषिक देश हो ।नेपाल परापूर्व कालदेखि भाषाहरूको सङ्गम स्थल रहिआएको छ । हाम्रा भाषाहरू राष्ट्रिय निधि हुन् । भाषिक विविधता नेपालको वैशिष्ट्य र पहिचान हो । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा १२३ भाषा बोलिन्छन् । जनगणनाको इतिहास हेर्दा नेपालमा वि.सं. २००९/२०११ मा ४४ भाषा, वि.सं.२०१८ मा ३६ भाषा, वि सं २०२८ मा १७ भाषा, वि.सं.२०३८ मा १८ भाषा, वि.सं.२०४८ मा ३१ भाषा, वि.सं. २०५८ मा ९२ भाषा र वि.सं.२०६८ मा १२३ भाषा अभिलेखमा रहेको कुरा केन्द्रीय तथ्याङ्क विभागका प्रतिवेदनहरूले देखाउँछन् ।नेपालमा भारोपेली परिवारका भाषाहरू बोल्ने जनसङ्ख्या ८२.०६ प्रतिशत र भोट बर्मेली परिवारका भाषाहरू बोल्ने जनसङ्ख्या १७.४६ प्रतिशत रहेको कुरा केन्द्रीय तथ्याङ्क विभागको अभिलेखबाट थाहा हुन्छ एक हजारदेखि दस हजारसम्मको जनसङ्ख्या भएका भाषाहरू ३७ छन् भने एक हजारभन्दा कम जनसङ्ख्या भएका भाषाहरू पनि ३७ छन् । मौखिक परम्परामा आधारित रहेका र अत्यन्त थोरै जनसङ्ख्या भएको दुरा, कुसुन्डा, तिलुङ जस्ता भाषाहरू मृतप्राय: अवस्थामा छन् । पूर्वीय ज्ञान र नेपालको धरोहरका रूपमा रहेका पाली, भोट, संस्कृत जस्ता शास्त्रीय भाषाहरू सङ्कटग्रस्त छन् । नेपालमा प्रचलनमा रहेका साङ्केतिक भाषाहरू समेत सङ्कटमा परेका छन् । हालसम्म भाषिक सर्वेक्षण नहुँदा नेपालमा बोलिने भाषाहरूका बारेमा हाम्रो जानकारी अत्यन्त सीमित छ । प्राप्त जानकारीअनुसार नेपालभित्र भोटबर्मेली परिवारका ६८ भाषा, भारोपेली परिवारका ५१ भाषा, द्रविड परिवारको उराव भाषा, आग्नेली परिवारको सन्थाली भाषा र भाषिक परिवार स्पष्ट

पहिचान हुन नसकेको कुसुन्डा भाषा पनि अस्तित्वमा छन् । यीमध्ये अधिकांश भाषाहरू लेख्य परम्पराको प्रारम्भिक चरणमा नै छन् र कतिपय भाषाहरू पूर्णरूपमा मौखिक परम्परामा आधारित छन् । यसकारण नेपाल आफैंमा भाषा, संस्कृति र संस्कारका दृष्टिकोणबाट समृद्धशाली देश हो । उक्त भण्डारको सदुपयोग गर्ने सिलसिलामा नेपाल सरकारले २०४९ सालमा नीति बनाई २०५४ सालदेखि मातृभाषाको शिक्षासम्बन्धी कार्य थालेको हो । अहिले २५ ओटा मातृभाषामा कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक बनाइएको छ । निमावि तहमा ६ देखि ८ सम्म पनि पाठ्यक्रम बनेको अवस्था छ ।तत्कालीन शैक्षिक जनशक्ति विकास विकास केन्द्र ले निर्माण गरेको तालिम प्याकेजका आधारमा शिक्षकको व्यवसायिक विकास (टिपिडी) मोडलद्वारा शिक्षकहरूलाई तालिम दिने गरिएको छ।

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण अध्ययनले ८ वर्षसम्म मातृभाषाको माध्यमबाट बहुभाषिक शिक्षा प्रणाली अपनाएका विद्यार्थीको सिकाइ उपलब्धि दर, खासगरी विज्ञान, गणित तथा अङ्ग्रेजीलगायतका विषयमा ६ वर्षमात्र बहुभाषिक शिक्षा प्रणाली अपनाउने जिल्लाको तुलनामा धेरै उच्च रहेको देखियो, जबकि ४ वर्षपछि अङ्ग्रेजी माध्यममा प्रवेश गर्ने विद्यार्थीको सिकाइ उपलब्धि दर निराशाजनक पाइयो । अङ्ग्रेजीको माध्यममा पढाउँदा अन्य विषयको सम्भावित उपलब्धिको मूल्य चुकाउनुपरेको देखियो र अङ्ग्रेजी विषयमा समेत राम्रो दक्खल देखिएन ।

शिक्षक, कर्मचारी, नेता तथा धनी व्यक्तिहरूले आफ्ना छोराछोरी अङ्ग्रेजी माध्यम भएका निजी विद्यालयमा पठाएका छन् ।आफ्ना बालबालिका सार्वजनिक विद्यालयमा पठाउने सर्वसाधारण तथा विपन्न परिवारका अविभावकहरू शिक्षणको माध्यम अङ्ग्रेजी बनाउन दबाब दिइरहेका छन् भने कतिपय स्थानीय सरकार तथा विद्यालय व्यवस्थापन समितिले बालबालिकाको भाषिक कठिनाइ तथा शिक्षकको क्षमताको मूल्याङ्कन नै नगरी प्रारम्भिक बालविकासदेखि अङ्ग्रेजी माध्यम लागु गर्ने निर्णय गरेका छन् । अर्कातर्फ धेरै वर्ष शिक्षण गरेका शिक्षकहरू अङ्ग्रेजीमा पढाउन नसक्ने बताउँछन् ।

अङ्ग्रेजी माध्यममा पठनपाठन गराइरहेका विद्यालयहरूले निजीसँग प्रतिस्पर्धा गर्नुपर्ने भएकाले यसलाई बाध्यताको रूपमा लिएका छन् भने अङ्ग्रेजीमा राम्रो सञ्चार गर्न नसक्ने शिक्षकहरू नैतिक दबाबमा छन् । यसबाट शिक्षण सिकाइमा प्रतिकूल असर परेको छ । मातृभाषा मात्रै बुझ्ने र बोल्ने बालविकास तथा प्रारम्भिक कक्षाका बालबालिकाहरू दोहोरो मारमा परेका छन् । निजीसँगको प्रतिस्पर्धाको दबाबमा कतिपय सार्वजनिक विद्यालयले पनि नेपाल सरकारले विकास गरेका पाठ्यपुस्तक प्रयोग नगरी अन्य निजी प्रकाशनका अङ्ग्रेजीका पाठ्यपुस्तक प्रयोग गरिरहेका छन् ।

नेपाल सरकारले मातृभाषा र मातृभाषामा शिक्षा सम्बन्धमा नेपालको संविधान, शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारूप, विद्यालय क्षेत्र विकास कार्यक्रम, चौधौं योजनामा प्रतिबद्धता जाहेर गरेको छ । नेपालले मातृभाषामा शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूमा पनि हस्ताक्षर गरेर प्रतिबद्धता जाहेर गरेको छ । आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि, बाल अधिकारसम्बन्धी अनुबन्ध, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध,

अल्पसङ्ख्यकहरूको अधिकारसम्बन्धी घोषणापत्र, मानव अधिकारको अन्तर्राष्ट्रिय घोषणापत्रमा प्रतिबद्धता जनाइसकेको छ ।

मातृभाषामा आधारित शिक्षालाई कार्यान्वयन गर्न विद्यालयलाई तीन वर्गमा वर्गीकरण गर्नुपर्ने सैद्धान्तिक आधार भेटिन्छ । पहिलो- एकल मातृभाषी विद्यालय जहाँ विद्यालय सेवा क्षेत्रभित्र एउटै भाषिक समुदायका विद्यार्थी हुन्छन् । त्यस विद्यालयमा सबै विद्यार्थीले एकै किसिमको भाषा प्रयोग गर्ने गर्दछन् । अर्को, द्विभाषी विद्यालय जहाँ विद्यालय सेवा क्षेत्रभित्र दुई भाषिक समुदायका विद्यार्थी हुन्छन् । यस्तो विद्यालयमा फरक फरक दुई भाषाको प्रयोग गर्नुपर्ने हुन्छ । अर्को प्रकृतिको विद्यालय बहुभाषिक हुन्छ । त्यस्तो विद्यालयमा दुईभन्दा बढी भाषाको प्रयोग गर्नु अनिवार्य छ । यसको व्यावहारिक समाधानको पक्ष भने त्यति सहज देखिँदैन । मातृभाषामा शिक्षाको कुरा गर्दा स्थानीय भाषाको चर्चा स्वाभाविकै हुन जान्छ । स्थानीय तहमा विभिन्न मातृभाषी वक्ताले आफ्नो मातृभाषाभन्दा भिन्न स्थानीय भाषामा सञ्चार गर्न सहज मानेको पाइन्छ ।

नेपाल सरकारले मातृभाषा जस्तै स्थानीय भाषालाई पनि उत्तिकै महत्त्व दिने गरेको छ । फ्ल्यास प्रतिवेदन सन् २०१७ अनुसार प्राथमिक तहका विद्यालयहरूमा माध्यम भाषाको रूपमा स्थानीय भाषामा पठनपाठनसम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ :

**तालिका नं १७.१ : विद्यालयहरूमा प्रयोग भएका स्थानीय भाषासम्बन्धी विवरण**

| भाषाको सङ्ख्या | विद्यालय सङ्ख्या |
|---|---|
| १ | ६६८५ |
| २ | ८२८ |
| ३ | ४७३ |
| ४ | ५४५ |
| ५ | २८५ |

तालिका अनुसार एउटै विद्यालयमा पनि विभिन्न पाँच स्थानीय  वा मातृभाषा प्रयोग गर्नुपर्ने कुराको उजागर गरेको छ । कार्यक्षेत्र भ्रमणका क्रममा एउटै विद्यालयमा १२ मातृभाषाका बालबालिका पढ्ने गरेको तथ्य भेटिएको छ । विद्यालयमा शिक्षक सेवा आयोगले छनोट गरेका शिक्षकलाई नियुक्त गरिन्छ । आयोगको मापदण्डमा कुन विद्यालयमा कुन मातृभाषी शिक्षक छनोट गर्ने जस्ता विषय पर्दैनन् । बालविकास केन्द्रका सहजकर्ता (शिक्षक) छनोट गर्दा समेत यस विषयले त्यति महत्त्व पाउने गरेको देखिँदैन । बहुभाषी समाजमा यस विषयलाई कसरी सम्बोधन गर्ने भन्ने विषय जटिल छ ।

मातृभाषा शिक्षाको प्रभावकारी कार्यान्वयन हुन नसक्नुमा सम्बन्धित मातृभाषी समुदायको बेवास्ता, विश्वव्यापीकरण र अङ्ग्रेजी माध्यमबाट शिक्षा लिनेहरूले राम्रो अवसर पाएको परिप्रेक्ष्यमा उनीहरूको प्राथमिकता र चाख यसतर्फ हुन नसक्नु, पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षकको उपलब्धता जस्ता

कारण पाइन्छन् । शैक्षिक गुणस्तरका नाममा अङ्ग्रेजी माध्ययमा पठनपाठन गर्दा बालिबालिकाले घोकेका भरमा प्राप्ताङ्क त हासिल गर्न सक्छन् तर सिकाइ भने छायामा पर्न जान्छ । यसले बालबालिकाको सिकाइमा आधार तयार हुन सक्दैन भनी विभिन्न अनुसन्धानले निष्कर्ष निकालेका विषय संवेदनशील छन् ।

## ३. चुनौती

- मातृभाषालाई माध्यम भाषाका रूपमा छनोट गरी कार्यान्वयन गर्नु
- द्वैभाषिक एवम् बहुभाषिक शिक्षणका लागि शिक्षक तयारी गर्नु
- स्थानीय तहको सक्रियता र सहयोगबाट मातृभाषी शिक्षक व्यवस्थापन गर्नु
- भाषाक लिपि, शब्दकोश, व्याकरण एवम् लेख्य परम्पराको विकास तथा कार्यान्वयन गर्नु
- मातृभाषामा आवश्यक स्रोत सामग्रीहरूको सहज रूपमा उपलब्ध गराउनु
- नमुनाका रूपमा मातृभाषाको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु
- स्थानीय तहको सक्रितामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री अपेक्षित रूपमा विकास तथा कार्यान्वयन गर्नु
- विकसित वा निर्माण भइसकेका मातृभाषाका पाठ्यसामग्रीको पूर्णरूपमा कार्यान्वयन गर्नु

## ४. सुझाव

### नीति

- मातृभाषालाई माध्यम भापाकारूपमा कार्यान्वयनमा लैजाने
- पाठ्यक्रम तथा पाठ्यसामग्रीमा मातृभाषालाई उचित स्थान दिने
- मातृभाषाको संरक्षण र सम्बर्दन गर्ने
- सबै संस्थागत तथा सामुदायिक विद्यालयहरूपमा मातृभाषालाई पठनपाठनको माध्यम भाषा र विषय, नेपाली भाषालाई मूल पठनपाठनको भाषा र विषय तथा अङ्ग्रेजी भाषालाई विषयको रूपमा उपयोग र प्रयोग गर्ने

### रणनीति

- अभिमुखीकरण, विज्ञसूची निर्माण, क्षमता अभिवृद्धिलगायतका कार्य गर्ने
- सङ्घीय तहबाट नीति निर्माण, प्रादेशिक वा स्थानीय तहबाट पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र स्थानीय निकायबाट कार्यान्वयनसम्बन्धी व्यवस्था गर्ने
- भाषा आयोगको परामर्शमा अन्य निकायसँग समेत सहकार्य गरी वर्ण निर्धारण र मानकीकरण, भाषा साहित्यको विकास, शब्दकोश निर्माण, व्याकरण निर्धारण तथा लेख्य परम्पराको विकास एवम् कार्यान्वयन जस्ता पक्षमा जोड दिने

- प्रादेशिक तथा स्थानीय तहबाट सरोकारवाला तथा विज्ञ परिचालन गरी स्रोत सामग्रीहरूको छपाइ, वितरण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने
- नेपालका मातृभाषामा सञ्चार सामग्री वा श्रव्य दृश्य सामग्री वा शैक्षिक सामग्री विकास गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारले प्रोत्साहनमुखी कार्यक्रम ल्याउने
- मातृभाषामा पर्याप्त जनशक्ति विकास गर्न नेपालका विभिन्न विश्वविद्यालयमा मातृभाषासम्बन्धी उच्च अध्ययन गर्न चाहने इच्छुक व्यक्तिलाई छात्रवृत्तिलगायत अन्य सुविधा उपलब्ध गराई उच्च अध्ययन अनुसन्धान गर्ने अवसर प्रदान गरी नेपालमा बोलिने विभिन्न राष्ट्रभाषामा सक्षम जनशक्ति विकास गर्ने
- कक्षा १ देखि नेपाली र अङ्ग्रेजी दुवै विषयहरू विषयको रूपमा पठनपाठन गर्ने
- मातृभाषालाई माध्यम भाषाको रूपमा कम्तीमा कक्षा ३ सम्म अनिवार्य गर्ने । नेपाली र अङ्ग्रेजी भाषाबाहेक आधारभुत तहमा माध्यमको रुपमा मातृभाषा बनाउने । बहुभाषी कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धति लागु गर्ने । माध्यमिक तहका कक्षाहरूमा अङ्ग्रेजी वा नेपाली वा दुवै वा सरकारी कामकाजको भाषा वा अन्य सान्दर्भिक भाषाका माध्यमबाट पठनपाठन गर्ने गराउने
- मातृभाषासम्बन्धी पाठ्यसामग्री, शिक्षण सामग्रीहरू, तथा विद्युतीय सामग्रीहरू स्थानीय तहमा नै निर्माण गरी वितरण गर्ने
- एकल मातृभाषी विद्यार्थी भएका ठाउँमा सोही भाषामा सिकाइ सहजीकरण गर्न सक्ने शिक्षकलाई त्यस ठाउँमा परिचालन गर्ने । शिक्षक फरक भाषीको भएमा निजलाई विकास गर्न तालिम दिने
- द्विभाषी बालबालिका भएको विद्यालयका विद्यार्थीहरूलाई एकअर्काको भाषा सिक्न प्रोत्साहित गर्ने शिक्षकले पनि विद्यार्थीको भाषा सिकी सहजीकरण गर्न गराउन प्रोत्साहित गर्ने
- आधारभूत विद्यालयमा मातृभाषा र अन्य भाषाको विकास र विद्यार्थीको पठन तथा सृजनात्मक क्षमताको विकास गर्न भाषिक समुदायअनुसार बालसाहित्यका कार्यक्रमहरू आयोजना गर्ने

शिक्षक नियुक्ति, अभिमुखीकरण र तालिमसम्बन्धी विद्यमान प्रावधान पुनर्विचार गरी आधारभूत तहमा मातृभाषी शिक्षकको आपूर्ति गर्न मातृभाषी पृष्ठभूमिका शिक्षकलाई प्राथमिकता दिने परिच्छेद ११

परिच्छेद १३

# सुरक्षित वातावरण र सिकाई

## १. पृष्ठभूमी

विद्यालयमा प्राप्त हुने ज्ञान, सीप र सिकाइ अनुभवले बालबालिकालाई जीवनको तयारी र सामाजिकीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यालय बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकास गर्ने थलो हो । यसर्थ गुणस्तरीय सिकाइको वातावरण निर्माणका लागि बालबालिका र अभिभावकमा शिक्षण संस्था सबै पक्षबाट सुरक्षित छ भन्ने विश्वास हुनु अनिवार्य हुन्छ। यसका लागि विद्यालय एवम् शिक्षालय परिवेशलाई शान्त, सुरक्षित, हरियाली, सफा र स्वच्छ, स्वस्थ्य, मनोरञ्जनपूर्ण र सिकाइ अनुकूल बनाउन आवश्यक छ । भयरहित तथा बालमैत्री वातावरणमा अध्ययन गर्न पाउने बालबालिकाको अधिकार सुनिश्चित गर्दै बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक र अनुकुल सिकाइ वातावरण कायम गर्न शिक्षक, विद्यार्थी, अभिभावक र समुदायको सक्रिय सहभागिता अपरिहार्य हुन्छ ।

नेपाल विपद्का दृष्टिकोणले उच्च जोखिममा रहेको मुलुकमध्ये एक हो । विशेषगरी विपद्लाई प्राकृतिक र गैरप्राकृतिक गरी दुई भागमा विभाजन गर्न सकिन्छ । उदाहरणका लागि जलवायु परिवर्तनका कारण उत्पन्न प्रकोप, भूकम्प, बाढी, पहिरो, चट्याङ, शीत लहर, लु, खडेरी, अतिवृष्टि, अनावृष्टि, डुवान, हावाहुरी, हिमपात र पहिरोका कारण उत्पन्न हुने अवस्था प्राकृतिक विपद् हुन् भने खानी दुर्घटना, आगलागी, करेन्ट लाग्नु, खाद्य सङ्कट, विषालु पदार्थ सेवन, रोगव्याधि, कुपोषण तथा महामारी, यातायात एवम् सडक दुर्घटना, अनिकाल, जनावर आतङ्क, सर्पदंश, द्वन्दजस्ता अवस्थालाई गैरप्राकृतिक विपद्का रूपमा लिन सकिन्छ । यस प्रकारका प्रकोप एवम् विपद्बाट उत्पन्न असरबाट कुनै पनि समुदाय एवम् शिक्षण संस्था अलग रहन सक्दैन । अतः सम्भावित जोखिम न्यूनीकरण गर्न र उत्पन्न समस्यालाई थेग्न वा झेल्न मानवीय क्षमता विकास गर्ने थलो पनि शिक्षण संस्था र समुदाय नै हो ।

शिक्षण संस्थालाई कुनै पनि प्रकारका प्रकोप तथा क्षतिबाट विपद् उत्थानशील बनाई सुरक्षित सिकाइ थलोको अवधारणालाई मूर्तरूप दिन, बालबालिकालाई विपद्लगायत अन्य सामाजिक तथा मनोवैज्ञानिक कारणबाट हुन सक्ने सबै प्रकारका जोखिमबाट मुक्त गर्न र रमाइलो तथा अनुकूल वातावरणमा अध्ययन गर्ने अवसर सिर्जना गरी पूर्ण सुरक्षाको प्रत्याभूतिसहित गुणस्तरीय शिक्षा प्राप्तिको वातावरण सुनिश्चित गर्न आवश्यक छ । शिक्षालय एवम् विद्यालयमा हुन सक्ने संरचनात्मक र गैरसंरचनात्मक दुवै प्रकारका प्रकोप एवम् विपद्जन्य जोखिमबाट उत्पन्न हुन सक्ने नकारात्मक प्रभावहरू (उदाहरणका लागि विद्यालय एवम् शिक्षालय छाड्ने, सिकाइ उपलब्धि घट्ने, बसाइ सर्ने, सामाजिक विश्रृङ्खलता बढ्ने तथा समुदायिक विचलन आउने) लाई न्यूनीकरण गरी उत्थानशील समाजको निर्माण गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त विद्यालय तथा शिक्षालयमा रहेका संरचनागत पक्षहरू जस्तैः भवन, शौचालय, प्रयोगशाला, सिकाइ केन्द्र, पुस्तकालय, आदि संरचनाहरूलाई बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाई सबै बालबालिकाको समान पहुँच

सुनिश्चित गर्नुपर्ने देखिन्छ । यसैगरी गैरसंरचनागत पक्षहरू जस्तैः हिंसाजन्य व्यवहार (हिंसा, धम्की, हेपाइ, शारीरिक तथा मानसिक दण्डसजायँ) लाई पनि सुरक्षित विद्यालयभित्र सुनिश्चित गर्नुपर्ने हुन्छ ।

सुरक्षित विद्यालयसम्बन्धी अवधारणाको विकास सन् २००५ बाट भएको पाइन्छ । विपद् जोखिम न्यूनीकरणका लागि ह्योगो कार्यसंरचना सन् २००५-१५ कार्यान्वयनमा आएपछि विद्यालय सुरक्षाले विश्वव्यापी रूपमा प्राथमिकता पाएको देखिन्छ । त्यसपछि दक्षिण एसियाली मुलुकहरू भारत, बङ्गलादेश, श्रीलङ्का, इण्डोनसिया, फिलिपिन्सजस्ता देशले विद्यालय सुरक्षा अभियान नै चलाएको देखिन्छ । भारतले त सन् २०१६ बाट राष्ट्रिय विपद् व्यवस्थापन निर्देशिका अन्तर्गत विद्यालय सुरक्षा नीति नै लागु गरिसकेको छ । नेपालमा पनि सुरक्षित विद्यालय नीति निर्माण भई स्वीकृतिको चरणमा पुगेको छ । सम्भावित जोखिम न्यूनीकरण गर्न यो नीति तत्काल कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ ।

हरेक शिक्षण संस्थामा पर्यावरणीय सन्तुलनको सुनिश्चितता सम्भावित जोखिम न्यूनीकरण गर्ने बलियो आधार हो । उदाहरणका लागि तोकिएको मापदण्डअनुसार पर्याप्त र स्वच्छ खानेपानीको सुविधा, प्राथमिक उपचारको व्यवस्था, वैकल्पिक उर्जा, हरियालीक्षेत्र एवम् बगैंचा, खेल मैदान, छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालयसहित व्यक्तिगत सरसफाइका सामग्रीको व्यवस्था र फोहर व्यवस्थापन तथा विसर्जनको व्यवस्था पर्यावरणीय दृष्टिकोणले मुख्य विषयवस्तुभित्र पर्दछन् । नेपाल सरकारले सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घको महासभामा प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्य हासिल गर्नका लागि तथा वि. सं. २०७२ सालको महाभूकम्पपछि विपद्पश्चात्का आवश्यकताको मूल्याङ्कन तथा विपत् पश्चातको पुनर्लाभ ढाँचा तयार गरी पर्यावरणीय अनुकूलन अनुसारको पुनःस्थापना तथा पुनःनिर्माणका कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ । विद्यार्थी र आम जनसमुदायमा वातावरणमैत्री व्यवहार विकास गर्न र शैक्षिक संस्था र वरपरको क्षेत्रमा हरियाली निर्माण गरी पारिस्थितिक पद्धतिमा सन्तुलन कायम गर्दै भावी पुस्तालाई स्वच्छ एवम् हरित पृथ्वी हस्तान्तरण गर्नका निम्ति विद्यालय तथा शैक्षिक संस्थाको परिसर र सेवाक्षेत्रमा व्यापक हरियाली प्रवर्धन गर्न वाञ्छनीय भएकोले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शैक्षिक सत्र २०७५ बाट "एक विद्यालय एक बगैंचा तथा बृहत् हरित क्षेत्र निर्माण कार्यक्रम" कार्यान्वयनमा ल्याएको छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

माटोको परिक्षण र सुरक्षित स्थानको चयनलगायत वातावरणीय अध्ययन र समुदायको बसोवाससमेतको अध्ययनपश्चात् नेपाल सरकारले स्वीकृत गरेको प्रोटोटाइप डिजाइनका आधारमा स्थानीय परिवेश सुहाउँदो डिजाइन र सकभर स्थानीय सामग्री प्रयोग गर्न सकिने गरी मात्र विद्यालयको भौतिक संरचना निर्माण गर्नुपर्ने हुन्छ । देशभरका बालविकास केन्द्रदेखि सबै प्रकारका विद्यालय एवम् शिक्षालयहरू भूकम्प, बाढी पहिरो, आँधी, आगलागी, चट्याङ, हिमपात, शीतलहर, लु, सुख्खा-खडेरी, माहामारीजस्ता कुनै पनि प्रकारको विपद्का दृष्टिले जोखिममूक्त एवम् उत्थानशील हुनु

पर्दछ । यस सन्दर्भमा विद्यालयहरूको विद्यमान जोखिमको अवस्था, जलवायु परिवर्तनको प्रभावले ल्याउने तथा प्राकृतिक र मानवीय कारणबाट आउनसक्ने विपद् र त्यसबाट उत्पन्न हुने जोखिमलाई समेत न्यूनीकरण तथा अनुकुलन गरी भयरहित वातावरणमा गुणस्तरीय शिक्षण सिकाइ सञ्चालन गर्न एकीकृत नीतिको आवश्यकता छ । भयरहित बालमैत्री वातावरणमा मात्र सिकाइ उपलब्धिको अभिवृद्धि, विभेदको अन्त्य, विद्यार्थीको सहभागिता र नियमिततामा अभिवृद्धि, विद्यालय छाड्ने दरको न्यूनीकरण र जीवनोपयोगी साक्षरता सीपको विकासलगायत बालअधिकारको सुनिश्चितता गर्न सकिन्छ ।

नेपालमा विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२ देखि नै शिक्षालयहरूलाई प्रकोप एवम् विपद्जन्य जोखिमबाट सुरक्षित र उत्थानशील बनाउने कार्यलाई प्राथमिकतामा राखिएको पाइन्छ । विद्यालय तहको विपद् व्यवस्थापन गर्ने तथा विद्यालय, विद्यार्थी, शिक्षक एवम् समुदायबिच सहकार्य अभिवृद्धि गरी विपद् जोखिम न्यूनीकरण शिक्षालाई समग्रतामा मूलप्रवाहीकरण गर्ने उदेश्यसहित ७ वर्षे विद्यालय क्षेत्र विकास कार्यक्रम, २०७३-२०८० कार्यान्वयन भइरहेको छ । नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयन गरिरहेको छ । यो ऐनले विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक एवम् प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक र गैरप्राकृतिक दुवै प्रकारका जोखिमहरू न्यूनीकरण गर्ने उदेश्य राखेको छ । नेपाल सरकारले यस अघि विपद् व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ समेत कार्यान्वयनमा ल्याएको थियो । यो रणनीतिका आधारमा विपद् हुनुभन्दा अगाडि, विपद् भइरहेको अवस्थामा र विपद्पश्चात् नागरिकको जिउधनको रक्षा तथा पुनःस्थापनाका लागि नेपाल सरकारले राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० कार्यान्वयनमा ल्याएको छ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले चालु शैक्षिक सत्र २०७५ बाट कार्यान्वयनमा ल्याएको “एक विद्यालय एक बगैचा” कार्यक्रमले विद्यालय तथा शिक्षालयहरूलाई बृहत् हरित क्षेत्रका रूपमा प्रवर्द्धन गर्न शैक्षिक संस्था परिसर वा सेवा क्षेत्रभित्र रहेको खाली जग्गा वा सार्वजनिक जग्गा वा बुट्यान क्षेत्रभित्र विद्यालय तथा शिक्षालय र समुदायको एकीकृत योजना र सहकार्यमा वृक्षारोपण गरी बनाइएको हरियालीयुक्त क्षेत्रलाई हरित शैक्षिक संस्थाका रूपमा परिभाषित गरिएको छ ।

यस सन्दर्भमा हरित विद्यालय भन्ने नवीनतम अवधारणाको थालनीसँगै विद्यालय सरेकारवालाले नयाँ सोचका साथ स्वयम्र उनीहरू कै अगुवाइमा साझा चासो एवम् सामुदायिक सम्पत्तिका रूपमा रहेको शिक्षण संस्थाको संरक्षण र विद्यालय परिसरमा हरियाली क्षेत्र (बालउद्यान, करेसाबारी, मौसमी फूलबारी,बगैंचा र जैविक घेराबार समेत) विकास र प्रवर्द्धन गर्नु नै कोशेढुङ्गा हो भन्न सकिन्छ ।

हाम्रो सामाजका विभिन्न समुदायमा रुखलाई माया गर्ने तथा रुख बिरुवा रोप्ने परम्परा छ । चेपाङ र गुरुङले रुखको पूजा नगरी यसलाई काट्दैनन् । थारुले हरेरी पूजा गर्छन् । बाहुन क्षेत्रीले समी, आँप, बर, पिपलजस्ता रुख रोप्छन् । मुसहर र डोमले लास राखेको ठाउँमा रुख लगाउँछन् । यस प्रकार समाजमा रहेका मूल्यमान्यता र परम्परालाई उजागर गरी तिनको प्रवर्धन गर्नुपर्ने पनि देखिन्छ ।

## ३. समस्या तथा चुनौतीहरू

- नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अनुकूल सिकाइ वातावरणका लागि प्राथमिकीकरणमा राखेका ५ ओटा अति आवश्यक न्यूनतम् पूर्वाधार अन्तर्गत संरचनात्मक पक्षलाई मात्र समेटेकाले गैरसंरचनात्मक पक्ष ओझेलमा पर्नु । विपद् जोखिम न्यूनीकरणका मापदण्डअनुसार यसले समग्र शिक्षा प्रणालीलाई नसमेट्नु ।
- बृहत् विद्यालय सुरक्षा अवधारणा अनुकूल विद्यालय संरचना निर्माण गर्ने, विपद् तथा शैक्षिक व्यवस्थापन गर्ने र भय तथा विभेदरहित वातावरणमा गुणस्तरीय सिकाइको प्रवर्द्धन गर्ने प्रवन्धका साथ सुरक्षित विद्यालय, सुरक्षित विद्यार्थी र सुरिक्षत शिक्षकको अवधारणालाई अगाडि ल्याइएको भए पनि विद्यालय तथा शिक्षालयहरू सुरक्षित नहुनु ।
- नेपाल सरकारले विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ जारी गरिसकेको र सोहीबमोजिम विद्यालयमा भयरहित, विभेदरहित र हिंसारहित वातावरण कायम गर्न गराउन शिक्षक विद्यार्थी र अभिभावकलगायत सरोकारवालाका लागि अचारसंहिता लागु गरिएको भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।
- नेपाल सरकारले बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६८ र भयरहित वातावरणका निम्ति नीतिगत व्यवस्था २०६७ लागु गरी सिकारुमैत्री वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्ने सोचले विद्यालयमा न्यूनतम सक्षमताको मापदण्ड तोकेको भए पनि प्रायः विद्यालयहरूमा सो न्यूनतम पूर्वाधार तयार हुन नसक्नु ।
- विद्यालयहरूमा इको क्लब गठन हुन र इको जोन ( बालउद्यान करेसाबारी, मौसमी फूलबारी ,बगैंचा र जैविक घेराबार ) बन्न नसक्नु । यस विषयमा केन्द्रित भई अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यार्थीहरूलाई विषय प्रवेश गराउन नसक्नु तथा यसको महत्त्व र आवश्यकता वोध गराउन नसक्नु ।
- प्लाष्टिकजन्य पदार्थको व्यवस्थापन हुन नसकेका कारण पर्यावरणमा प्रत्यक्ष प्रभाव पर्नु । परिणामस्वरूप आन्तरिक सक्षमता न्यून हुँदै गएकाले बालबालिकाको उच्च सिकाइ उपलब्धिसहितको गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि प्राकृतिक र गैरप्राकृतिक दुवै जोखिमहरू चुनौतीका रूपमा रहनु ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले समेत संरचनागत सुरक्षालाई बढि प्राथमिकतामा राखेकाले शिक्षण संस्थाहरूमा हुने गैरसंरचनागत जोखिमका विषयहरू पूर्ण रूपमा नसमेटिनु । यस कार्यका लागि पर्याप्त साधनस्रोत जुटाई जनचेतना अभिवृद्धि गरी विपद् उत्थानशील विद्यालय निर्माण गर्ने काम चुनौतीपूर्ण रहेको छ भने अर्कातिर शिक्षा क्षेत्रको विपद् अघिको तयारी र विपद् पश्चात्को आवश्यकतालाई सम्बोधन गर्ने विद्यालय तथा शिक्षालयको संरचनात्मक तथा गैरसंरचनात्मक सुरक्षालाई सुनिश्चित गरी आम नागरिकको विश्वास जित्नु थप चुनौतीपूर्ण रहेको छ ।

## ४. सुझावहरू

माथिका समस्या र चुनौतीलाई सम्बोधन गर्नका लागि निम्नलिखित नीतिगत तथा रणनीतिगत सुझावहरू प्रस्तुत गरिएको छ :

**नीति**

- सबै प्रकारका शिक्षण संस्थामा संरचनात्मक एवम् गैरसंरचनात्मक जोखिम व्यवस्थापन गर्ने योजनासहित गुणस्तरीय शिक्षण सिकाइ वातावरण सुनिश्चित गर्ने ।
- हरियाली क्षेत्र निर्माणका लागि हरेक समुदायलाई परिचालन गर्ने ।
- हरेक विद्यालयले खाली जग्गाको सदुपयोग गरी सिकाइ क्षेत्रको व्यवस्थापन गर्ने ।
- सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षामा विपद् व्यवस्थापन र हरित शैक्षिक संस्थासम्बन्धी योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न तहगत संरचनाको व्यवस्था गर्ने ।
- विद्यालयको वातावरण सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउने।

**रणनीति**

- औपचारिक, अनौपचारिक तथा खुला एवम् वैकल्पिक शिक्षाका पाठ्यक्रममा सुरक्षित विद्यालय तथा हरित शैक्षिक संस्थासम्बन्धी विषयवस्तु समावेश गर्ने ।
- सबै स्थानीय तहले शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको व्यवस्थापन गर्ने ।
- सबै प्रकारका शैक्षिक संस्थामा भौतिक पूर्वाधार एवम् सुविधाका न्यूनतम मापदण्ड निर्धारण गरी राष्ट्रिय भवन निर्माण संहिता तथा स्थानीय तहबाट लागु भएका मापदण्डअनुरूप नक्सा पास गरेर मात्र निर्माण कार्य गर्ने ।
- विपद्का समयमा विद्यालय/शिक्षालय स्थानान्तरण गर्नका लागि स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र हेरचाहको उचित व्यवस्थापन गर्ने ।
- स्थानीय तहले विपद् जोखिम व्यवस्थापन गर्न स्थानीय योजनामा भैपरी आउने योजना समावेश गर्ने ।
- हरेक स्थानीय तहले स्थानीय विपद्सम्बन्धी सूचना व्यवस्थापन र रिपोर्टिङ प्रणालीको विकास गर्ने।
- विद्यालय तथा शिक्षालयहरूमा विपद् पूर्वतयारी, प्रतिकार्य, न्युनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय तथा शिक्षालयसम्बन्धी पूर्वअभ्यास (Simulation) र अभ्यास (Drill) का क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्ने ।
- विपद्सम्बन्धी सामुदायिक सचेतनाका कार्यक्रम सञ्चालन गर्न र विपद् व्यवस्थापन सीपको विकास गर्न विद्यार्थीहरूलाई समेत संलग्न गराई सामुदायिक सिकाइ केन्द्रलाई विपद् सिकाइ केन्द्रका रूपमा परिचालन गर्ने ।

- सङ्घ, प्रदेश र स्थानीय तहमा बालबालिका कक्ष स्थापना गर्ने र सो कक्षले कुनै पनि जोखिम वा हिंसाजन्य व्यवहारमा परेका बालबालिकाको पहिचान गरी आवश्यकताअनुसार मनोसामाजिक परामर्श सेवा तथा शैक्षिक पुनर्लाभको व्यवस्था गर्ने ।
- विपद्को जोखिममा रहेका महिला, अपाङ्गता भएका व्यक्ति, सडक बालबालिका, जेष्ठ नागरिक, दलित तथा सीमान्तकृत समुदाय, लोपोन्मुख जातजाति र बहु-आयामिक गरिबीको चपेटामा परेका बालबालिका, विद्यार्थी तथा समुदायका सदस्यहरूका लागि विशेष योजना तथा कार्यक्रम निर्माण गरी विद्यार्थीको सहभागितामा तिनको कार्यान्वयन गर्ने ।
- सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् जोखिम व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्यसम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदजस्ता गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- स्थानीय निकाय, समुदाय तथा संघसंस्थाहरूलाई परिचालन गरी विद्यालयको घेराबार, खेल मैदान, विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गतामैत्री बनाउने ।
- हरेक विद्यालय तथा शिक्षालय हातामा पर्याप्त पानी सुविधासहितको प्राथमिक उपचारको व्यवस्था, वैकल्पिक उर्जा, हरियाली क्षेत्र एवम् बगैंचा र खेल मैदानको व्यवस्था गर्ने ।
- सबै प्रकारका शिक्षण संस्थाहरूले छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय तथा फोहरको उचित व्यवस्थापनको प्रबन्धसहित विद्यार्थीको व्यक्तिगत सरसफाइका सामग्री र ती सामग्रीको विसर्जनको व्यवस्थापन गर्ने तथा विद्यालय परिसरको नियमित सरसफाइमा विद्यार्थीहरूलाई नै परिचालन गर्ने ।
- हरेक विद्यालय तथा शिक्षालयले आफ्नो परिसरलाई पर्यावरणीय रूपमा अनुकूलन बनाउन शिक्षक र विद्यार्थीको सहभागितामा सामुदायिक,सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय र सहकार्य गर्ने व्यवस्था गर्ने ।
- प्रत्येक विद्यालयमा कम्तीमा एउटा बगैंचा र फूलबारी निर्माण तथा विद्यालय सेवाक्षेत्रभित्र सार्वजनिक स्वामित्वको खाली जमिनमा वृक्षारोपण गर्न एक विद्यार्थी एक रूखको कार्यक्रम कार्यान्वयन गरी कक्षा ५ सम्मका बालबालिकाका हकमा शिक्षकको सहयोगमा बालबालिकालाई प्रोत्साहित गरेर र कक्षा ६ देखि माथिका बालबालिकाका हकमा सबै विद्यार्थीलाई विद्यालय हाता वा खाली जग्गामा रूख रोप्न लगाउने र यसको संरक्षणको जिम्मा सम्बन्धित विद्यार्थीलाई दिने साथै यो कार्यलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको अङ्कमा गणना गर्ने । यसका अतिरिक् प्रत्येक शैक्षिक संस्थामा हरित क्लब तथा इको क्लब गठन गर्ने ।
- जग्गा उपलब्ध भएसम्म हरेक विद्यालयमा एक विद्यार्थी एक बिरुवा कार्यक्रम लागु गर्ने ।

- हरित तथा इको क्लबले स्थानीय सामुदायिक सिकाइ केन्द्रसँग सहकार्य गरी विद्यालय सेवा क्षेत्रमा बाँझो रहेका सार्वजनिक जग्गामा विभिन्न किसिमका वृक्षारोपण, तरकारी खेती, फलफुल खेती, काष्ठजन्य बिरुवा, जडिबुटी र औषधीजन्य बोटबिरुवा र हरित सडक निर्माणमा नेतृत्वदायी भूमिका खेल्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयले बालीविज्ञान वा पशुपालन विषय सञ्चालन गरेका भए प्रयोगशालाका रूपमा थप तरकारी र फलफूलबगैंचा तयार गर्ने र अन्य विषय सञ्चालन गरेका प्राविधिक शिक्षालयले फूलबारी, औषधिजन्य रुख तथा विरूवाहरू रोप्ने र संरक्षण गर्ने व्यवस्था गर्ने ।
- हरित शिक्षण संस्था (School as a Zone of Greenery) को अवधारणा कार्यान्वयन गर्ने ।

परिच्छेद १४

# शैक्षिक उपलब्धि परीक्षण

## १. पृष्ठभूमि

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई शिक्षा पद्धतिको सुधारका लागि महत्त्वपूर्ण आधार मानिन्छ । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणबाट सिकाइको अवस्था पहिचान गर्नुका साथै शैक्षिक पद्धतिमा सुधारका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री, परीक्षा व्यवस्थापन, शिक्षक व्यवस्थापन र विकास, विद्यालय व्यवस्थापन, विद्यालयको पठनपाठनको वातावरण सुधार, विद्यालय-शिक्षक-अभिभावक सम्बन्ध र शैक्षिक सेवा प्रवाहमा जवाफदेहिता कायम गर्न खोजिन्छ । यसबाट शिक्षा नीति, योजना तथा शैक्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनका लागि पृष्ठपोषणसमेत प्राप्त हुने अपेक्षा गरिएको हुन्छ ।

युनेस्कोका लागि गरिएको एक अध्ययन (Wagner, 2011) ले राष्ट्रिय पाठ्यक्रमले लक्षित गरेका शैक्षिक उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नुलाई राष्ट्रिय सिकाइ उपलब्धि परीक्षण भनेको छ । विश्व बैङ्कका लागि गरिएको एक अर्को अध्ययन (Greaney and Kellaghan, 2008) ले शैक्षिक सुधारका लागि शैक्षिक नीति निर्माता, राजनीतिज्ञ र समग्र शैक्षिक सरोकारवालालाई पृष्ठपोषण दिने प्रणाली राष्ट्रिय सिकाइ उपलब्धि परीक्षण हो भनेको छ ।

अन्तर्राष्ट्रिय जगत्मा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको प्रचलन सन् १९८० कै दशकबाट सुरु भएको पाइन्छ र यसका निष्कर्षलाई शैक्षिक सुधारको प्रमुख आधारशिलाका रूपमा लिने गरेको पाइन्छ । विकसित मुलुकहरूमा स्थापित संयन्त्रमार्फत् निश्चित अवधिमा यस प्रकारको उपलब्धिको राष्ट्रिय परीक्षण गरी विगत र तत्कालीन अवस्थाको तुलना गर्ने प्रचलन छ । यस्तो तुलनाबाट शैक्षिक प्रणालीमा भइरहेको प्रगतिको अवस्था र समग्र प्रवृत्तिको विश्लेषण गरिन्छ । प्रगति र प्रवृत्ति विश्लेषणका आधारमा मुलकुको शैक्षिक सुधारका लागि भविष्यको मार्ग पहिचान गरिन्छ ।

यस्ता परीक्षणहरू राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा समेत हुने गरेका छन् । अन्तर्राष्ट्रिय परीक्षणहरूमा पिसा (PISA – Program for International Student Assessment), टिम्स (TIMSS – Trends in International Mathematics and Science Study) र पर्ल्स् (PIRLS – Progress in International Reading Literacy Study) पर्दछन् भने क्षेत्रीय परीक्षणहरूमा PASEC (CONFEMEN Program for the Analysis of Education System), SACMEQ (Southern and Eastern Africa Consortium for Monitoring Educational Quality), SEAPLM ( Southeast Asia Primary Learning Matrix) (युनेस्को, २०११) आदि रहेका छन् ।यी परीक्षणहरूमा खासगरी भाषा, गणित र विज्ञानजस्ता विषयलाई प्राथमिकता दिएको पाइन्छ भने कतिपयले सामाजिक, दोस्रो भाषाजस्ता विषयको परीक्षण गर्छन् ।

नेपालमा औपचारिक तवरबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिको राष्ट्रिय स्तरमा परीक्षणको लामो इतिहास नभए पनि शिक्षा मन्त्रालयको अगुवाइमा प्राथमिक शिक्षा परियोजना र आधारभूत तथा

प्राथमिक परियोजनामार्फत् यो कार्यको थालनी भएको पाइन्छ । तर यी परीक्षणका नमुना छनौट विधि र नतिजाको सघनता राष्ट्रिय शैक्षिक प्रणालीमा पृष्ठपोषण दिनेभन्दा पनि परीयोजनाको मूल्याङ्कनका रूपमा गरिएको थियो । विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२) ले उत्तरदायित्व र गुणस्तरको सुनिश्चितताका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने भन्ने कुरा उल्लेख गरेको थियो । योजनाले शैक्षिक गुणस्तर परीक्षण केन्द्रले नतिजा हासिल भए नभएको तथा प्रणालीले उत्तरदायित्व वहन गर्न सके नसकेको भनी बाह्य रूपमा आवधिक लेखाजोखा गर्नेछ भनेको पाइन्छ । साथै, यसले शिक्षा मन्त्रीको अध्यक्षतामा रहेको शिक्षा नीति निर्धारण समितिले नीतिनिर्देश गर्ने र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको समग्र समीक्षा गर्ने कार्यमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको महत्त्वपूर्ण भूमिका हुने कुरा उल्लेख गरेको पाइन्छ ।

त्रिवर्षीय योजना (२०६७/६८–६९/७०) मा कक्षा १० को सिकाइ उपलब्धि मापन गर्ने र विद्यालय तहमा शिक्षाको गुणस्तर सुनिश्चित गर्न राष्ट्रिय गुणस्तर मापन र उच्च शिक्षामा गुणस्तर निर्धारण संयन्त्र तयार गरी लागु गर्नुका साथै त्यसको नियमित अनुगमन तथा लेखाजोखा गर्ने व्यवस्था मिलाउने भनी उल्लेख गरेको पाइन्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएपश्चात् वि. सं. २०६८ बाट बृहत् स्तरमा स्तरिकृत परीक्षण साधनमार्फत् राष्ट्रिय उपलब्धि परीक्षणको सुरुवात भएको हो । पहिलो पटक वि. सं. २०६८ मा २५ जिल्लाका नमुना छनोटमा परेका १,२०० विद्यालयबाट करिव ४८,००० विद्यार्थीमा राष्ट्रिय उपलब्धि परीक्षण गरिएको थियो । त्यसपछि पनि यही प्रकृतिका सघन रूपमा चारपटक राष्ट्रिय परीक्षणका कार्य सम्पन्न भैसकेका छन् । नेपालको राष्ट्रिय सिकाइ उपलब्धिलाई टिम्स (TIMSS), पिसा (PISA) जस्ता अन्तर्राष्ट्रिय परीक्षणहरूका नतिजासँग समेत तुलना गरिएको छ । समग्र परीक्षणको नतिजा हेर्ने हो भने विद्यालय शिक्षामा सिकाइ उपलब्धिमा सुधार हुन नसकेको तर्फ सङ्केत गरेको छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

**वैदेशिक परिवेश** : पिसा (PISA) ले १५ वर्ष पुगेका युवाको गणित, पढाइ र विज्ञान विषयको उपलब्धि परीक्षण गर्दछ । यस परीक्षणमा ७५ भन्दा बढी देशहरू सहभागी हुन्छन् र देशको शैक्षिक अवस्थाको पहिचान गर्दछन् । पहिलो पटक सन् २००१ मा पिसाको परिणाम प्रकाशित हुँदा फिनल्याण्डले उच्च स्थान हासिल गरेको थियो भने जर्मनी सबैभन्दा तल परेको थियो । सङ्घीय शासन प्रणाली भएको जर्मनीमा कुनै कुनै राज्यले निकै नराम्रो नतिजा ल्याएका हुनाले पनि समग्रमा जर्मनी तल परेको हो । संसारमा उच्च कोटिको शिक्षा दावी गर्ने जर्मनीमा यसबाट सुनामी जस्तै हलचल मच्चिएको थियो । सोही समयदेखि जर्मनीले शैक्षिक सुधारको नीति अघि सार्‍यो जुन अहिलेसम्म पनि जारी छ । सन् २००९ मा अष्ट्रेलियाको परिणाम पनि तल झर्‍यो जुन २०१२ मा पनि दोहोरियो जसबाट अष्ट्रेलियाले शैक्षिक नीतिमा परिवर्तन गरिरहेको छ । चीन सन् २००९ मा केही शहर र राज्यमा पिसाको परीक्षणमा सहभागी भएको थियो जसमा साङ्घाइको नतिजा उत्कृष्ट आएको थियो (Baroutsis & Lingard, 2017) ।

जापानले सन् १८९० देखि नै शिक्षामा राम्रो सुधार गर्दै आएको थियो । सन् २००३ को पिसाको परीक्षणमा जापान गणितमा सबैभन्दा माथिल्लो स्थानबाट छैटौं स्थानमा र पढाइ सीपमा आठौं स्थानबाट १४ औं स्थानमा झर्‍यो । यसलाई जापानमा पिसाको पीडाका रूपमा लिइ शैक्षिक सुधारको नीति लियो । यसबाट जापान शिक्षण सिकाइ, पाठ्यक्रम र पाठ्यपुस्तकमा सुधार ल्याई पुनः माथिल्लो स्थान हासिल गर्न सफल भयो । सन् २०१५ मा जापान वैज्ञानिक तथा प्राविधिक साक्षरतामा दोस्रो, रिडिङमा आठौं र गणितमा पाचौं स्थान हासिल गर्‍यो । यसरी परीक्षणका नतिजाहरूलाई शैक्षिक नीति र व्यवहारमा परिवर्तनका लागि उपयोग गर्ने देशहरूले परीक्षणमा गरिएको लगानीबाट प्रमाणमा आधारित सुधारका नीतिहरू अवलम्बन गर्दै आएका छन् (Mizuho & Aoki, 2016) ।

यसै गरी टिम्स (TIMSS) ले कक्षा ४ र ८ मा पढ्ने विद्यार्थीहरूको परीक्षण गर्दछ । अमेरिकाले यसै परीक्षणको नतिजाका आधारमा पाठ्यक्रमको बेन्चमार्किङ लगायत देशभर साझा मूल पाठ्यक्रम तयार गरेको छ जसबाट शिक्षकहरूलाई कुन कुरामा फोकस गरी शिक्षण गर्ने भन्ने स्पष्ट आधार मिलेको छ (TIMSS, 2016)। अन्तर्राष्ट्रिय परीक्षणमा सहभागी नभएका राष्ट्रहरूले राष्ट्रिय परीक्षण गरी यसैका आधारमा सुधार गरिरहेका छन् ।नेपालले पनि राष्ट्रिय परीक्षण गर्दै आएको छ ।

**नीतिगत व्यवस्था :** शिक्षा ऐनमा पहिलो पटक आठौं संशोधनमा नेपालमा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कामका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने कुरा उल्लेख गरिएको छ । सो ऐनमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एकजना प्रमुख शिक्षा परीक्षक नियुक्त गर्नेछ भनी उल्लेख गरेको छ । विद्यालय क्षेत्र विकास योजना (२०७३–२०८०) मा विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६–२०७२) अन्तर्गत विद्यार्थीका उपलब्धिको राष्ट्रिय मूल्याङ्कन गरिएको तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना गरिएको भए तापनि विद्यालय तहको अनुगमन तथा मूल्याङ्कनमा अझै पनि समस्या छन् भनी उल्लेख गरिएको छ । विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्याङ्कन तथा प्रारम्भिक कक्षा पढाइको मूल्याङ्कन नियमित सञ्चालन गर्नेलगायत शिक्षा प्रणालीको स्वतन्त्र समीक्षा तथा मूल्याङ्कन गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संस्थागत क्षमता सुदृढ गराउनुपर्ने कुरा यसमा उल्लेख छ ।

चालु चौधौं आवधिक योजना (२०७३ /७४-२०७५ /७६) मा विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागु गरिने कुरा उल्लेख छ । साथै, यसमा विद्यार्थीको शैक्षिक उपलब्धिको नतिजालाई शैक्षिक सुधारको मूल आधार बनाउने रणनीति तथा कार्यनीति अवलम्बन गर्ने भनी उल्लेख गरिएको छ ।

विश्वव्यापी रूपमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको उद्देश्य नै निर्धारित पाठ्यक्रमको कार्यान्वयबाट प्राप्त उपलब्धि र सिकाइमा भएको सुधारको अवस्था पत्ता लगाउने, देशको आफ्नै सन्दर्भमा सिकाइमा प्रभाव पार्ने तत्त्वहरूको खोजी गरी सुधारका उपायहरू पत्ता लगाउनु हो

।शिक्षाको सुधारमा विशेष महत्त्व दिन चाहने मुलुकहरूमा यसका नीतिगत र संरचनागत पक्षाट संवेदनशील रूपमा तयारी गरिएको पाइन्छ ।

**औसत सिकाइ उपलब्धिको अवस्था :** नेपालमा कक्षा ३ मा नेपाली र गणित, कक्षा ५ मा नेपाली, गणित र अंग्रेजी तथा कक्षा ८ मा नेपाली, गणित, सामाजिक र विज्ञान विषयमा परीक्षण भैसकेका छन् । यी परीक्षणहरूबाट प्राप्त उपलब्धिहरू तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २६.१ : विभिन्न वर्षमा भएको सिकाइ उपलब्धिको प्रतिशत**

| वर्ष ➧ | कक्षा ३ को उपलब्धि % | | कक्षा ५ को उपलब्धि % | | कक्षा ८ को उपलब्धि % | | कक्षा ८ को उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| विषय ➧ | सन् २०१२ | सन् २०१५ | सन् २०१२ | सन् २०१५ | सन् २०११ | सन् २०१३ | सन् २०१७* |
| नेपाली | ६३ | ५२↓ | ६० | ४६↓ | ४९ | ४८↓ | ५००**↑ |
| गणित | ६० | ४५↓ | ५३ | ४८↓ | ४३ | ३५↓ | ५००↓ |
| अङ्ग्रेजी | - | - | ५४ | ४७↓ | | | |
| विज्ञान | - | - | - | - | - | ४१ | ५००↓ |
| सामाजिक | - | - | - | - | ४९ | - | - |

*(**नोट** : तालिकामा ↓ ले उपलब्धि घटेको र ↑ ले उपलब्धि बढेको जनाउँछ । छायाँ परेका भाग आधार वर्ष हुन् । *विद्यार्थीका नतिजालाई रूपान्तरित स्केलमा प्रस्तुत गरिएको ।**विद्यार्थीले सिकाइ उपलब्धिमा देखाएको क्षमतालाई स्तरिकृत अङ्कमा परिवर्तन गर्दा औसत अङ्क ५०० मानिएको हो । यो औसत अङ्कलाई आधार मानी आउने वर्षका प्राप्ताङ्कहरू बढेको वा घटेको पत्ता लगाइन्छ ।)*

तालिका २६.१ अनुसार हरेक पछिल्लो परीक्षणमा उपलब्धि घटेको देखिएको छ भने सन् २०१७ मा कक्षा ८ को नतिजा बढेको देखिन्छ जुन तथ्याङ्कशास्त्रीय विधिबाट हेर्दा अर्थपूर्ण रूपमा बढेको छैन । समग्रमा तीनओटै कक्षाहरूको सिकाइ उपलब्धिमा सुधार नभएको कुरा स्पष्ट हुन्छ ।

**उपलब्धि परीक्षणका मुख्य नतिजाहरू :** राष्ट्रिय उपलब्धि परीक्षणका करिब आधा दर्जन नतिजाको प्रवृत्ति एकै प्रकारको देखिएको छ । यस कुराले शिक्षा सुधारका लागि विश्वासिलो सूचना प्राप्त भएको छ । शैक्षिक गुणस्तर सुधारका लागि यसलाई महत्त्वपूर्ण अवसरका रूपमा लिनुपर्ने हुन्छ । यसरी सबै अध्ययनका समान प्रकृतिका र महत्त्वपूर्ण नतिजाहरूको चर्चा तल गरिएको छ :

- विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार हुन सकेको देखिएन । कम र बढी उपलब्धि हासिल गर्ने विद्यार्थीहरूबिचको उपलब्धिमा अत्यन्त ठूलो भिन्नता देखिएको छ । अध्ययनमा संलग्न धेरै विद्यार्थीहरूको उपलब्धिस्तर अपेक्षा गरेभन्दा निकै कम रहेको छ । केही विद्यार्थीको भने निकै उच्च पाइएको छ । यस प्रकारको भिन्नता संस्थागत विद्यालयमा भन्दा समुदायिक विद्यालयमा उच्च छ । विद्यार्थीको उपलब्धिमा ठूलो भिन्नता हुनुले शैक्षिक प्रणालीको सक्षमता

कमजोर हो भन्ने कुराको सङ्केत गर्दछ । विद्यार्थीको उपलब्धिमा विद्यालय पद्धतिभन्दा व्यक्तिगत प्रयास धेरै छ भन्ने देखिन्छ ।

- सिकाइ उपलब्धिका भिन्नताहरू प्रदेशअनुसार, जिल्लाअनुसार तथा विद्यालयअनुसार एकदमै उच्च देखिन्छ । जिल्लाकै औसत उपलब्धिमा ५० अङ्कसम्मको भिन्नता पाइएको छ । सिकाइका संज्ञानात्मक तहका आधारमा नतिजा विश्लेषण गर्दा उच्च स्तरका संज्ञानात्मक क्षेत्रमा तुलनात्मक रूपमा कमजोर देखिएको छ ।
- कक्षा बढ्दै जाँदा छात्रा र छात्रको सिकाइ उपलब्धिको भिन्नता बढ्दै गएको पाइन्छ । कक्षाकोठाका क्रियाकलाप, पाठ्यवस्तु तथा पाठ्यसामग्रीहरू तथा सामाजिक सांस्कृतिक पक्षहरूसमेतबाट यसमा प्रभाव परेको देखिन्छ ।
- तालिम लिएका र नलिएका शिक्षकहरूले पढाउँदा विद्यार्थीको उपलब्धिमा प्रभाव परेको देखिएन । त्यसैले तालिम पद्धतिमा गम्भिर भएर सोच्नुपर्ने अवस्था देखिन्छ ।
- विद्यालयमा विद्यार्थीहरू हेपाइ (Bullying) को सिकार भएको पाइएको छ । विद्यालयमा विद्यार्थीका सामग्रीहरू चोरी हुने, जिस्काउने (अर्कै नामले बोलाउने), पिट्ने, हप्काउने, मन नलागेको काम गर्न बाध्य बनाउने, गल्ती नभए पनि दोष लगाउने आदि समस्या पाएको छ । जसले गर्दा विद्यालय वातावरण विद्यार्थीका लागि अनुकूल हुन सकेको पाइएन ।
- अभिभावकको सामाजिक आर्थिक अवस्थाले सिकाइ उपलब्धिमा समानुपातिक असर परेको देखिन्छ । आर्थिक, सामाजिक अवस्था र विद्यार्थीको औसत उपलब्धिस्तरका बिचमा अन्तरसम्बन्ध रहेको छ । सामान्यतः राम्रो आर्थिक सामाजिक अवस्था भएका समुदाय (घर परिवार) का विद्यालयहरूको औसत उपलब्धिस्तर राम्रो देखिएको छ ।
- विद्यार्थीको सिकाइ उपलब्धिमा भाषाको प्रभाव देखिएको छ । मातृभाषा नेपाली भएका र मातृभाषा नेपाली नभएका विद्यार्थीको उपलब्धिमा भिन्नता रहेको छ । यस्तो भिन्नता खासगरी दोहोरो सीमान्तकृत समूहमा अझ बढी देखिन्छ ।
- सिकाइ उपलब्धि परीक्षणकै क्रममा प्रधानाध्यापकसँग गरिएको सर्वेक्षणका नतिजाअनुसार नमुना छनौटमा परेका ६० प्रतिशत विद्यालयहरूमा शिक्षकहरू बिनासूचना अनुपस्थित हुने, ढिलो आउने र छिटो जाने जस्ता समस्याहरू विद्यमान छन् ।
- वि. सं. २०७४ मा गरिएको कक्षा ८ को परीक्षणको सिकाइ उपलब्धि औसत अङ्कमा प्रस्तुत नगरी विद्यार्थीको सिकाइ स्तरलाई विभिन्न ६ वटा समूहमा विभाजन गरी विश्लेषण गरेर सो अनुसार प्रस्तुत भएको थियो । नतिजा अनुसार कक्षा ८ को अन्त्यमा विज्ञान र गणित विषयमा ५५ र नेपालीमा ४५ प्रतिशत विद्यार्थीले न्यूनतम सिकाइ उपलब्धि स्तर हासिल गरेका छैनन् ।

माथि उल्लिखित अध्ययनका प्राप्तिहरूले शैक्षिक सुधारका लागि केही विषयक्षेत्रमा स्पस्ट जानकारी दिएका छन् । अहिलेको विकसित परिवेशमा यस्ता अध्ययनका प्रसिका आधारमा समग्र शैक्षिक प्रणालीको मूल्याङ्कन र समीक्षा गरी सुधार गर्न बाह्य मूल्याङ्कन निकै प्रभावकारी मानिन्छ । यस्ता

नतिजाहरूलाई पूर्ण रूपमा अङ्गिकार गर्ने देशहरू छिट्टै शैक्षिक सुधार गर्न सफल भएको पाइएको छ । तथापि नेपालका सन्दर्भमा सुधारका लागि जुन रूपमा तत्परता आउनुपर्ने हो सो रूपमा आउन सकेको छैन् । नीतिगत दस्तावेजहरूमा उल्लेख भएअनुसार शैक्षिक गुणस्तर परीक्षण केन्द्र स्वतन्त्र निकायका रूपमा पनि स्थापित भैसकेको छैन । यसमा केन्द्र र यसमा कार्यरत जनशक्तिको क्षमता विकास पनि अपेक्षित रूपमा हुन सकेको छैन् । यी सबै पक्षमा तालमेल नमिलेसम्म यसको उद्देश्यबमोजिम उपलब्धि हासिल गर्न गाह्रो छ ।

हालैका दिनमा पनि कतिपय स्थानीय तहले अङ्ग्रेजी माध्यमको पठनपाठन, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन, विद्यालय अनुमति, कक्षा वृद्धि तथा परीक्षा पद्धतिमा परिवर्तनका निर्णयहरू गरिरहेका छन् । यी पक्षहरू प्राज्ञिक र प्राविधिक भएकाले धेरै पक्षमा अलमल र अन्योलता देखिएको छ । गुणस्तर सुनिश्चितताका लागि अन्य पक्षका साथै देशभरको न्यूनतम सिकाइस्तरको अवस्था पहिचान गरी सबैलाई जानकारी गराउनुपर्ने देखिन्छ । देशका सबै स्थानीय तह तथा प्रदेश अन्तर्गतका विद्यार्थीले हासिल गरेको सिकाइ स्तरमा ठूलो भिन्नता हुन नदिई शैक्षिक समानता सुनिश्चित गर्नु सङ्घीय सरकारको मुख्य जिम्मेवारी र भूमिका हुनुपर्ने देखिन्छ । सो सन्दर्भबाट र अन्तर्राष्ट्रिय अभ्यासहरू समेतका आधारमा हेर्दा विद्यमान शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सङ्गठनात्मक र कार्यक्षेत्रमा परिमार्जन गर्दै यसलाई स्वायत्त र स्वतन्त्र निकायका रूपमा विकास गरिनु आवश्यक छ । यसमार्फत् मुलुकको समग्र शैक्षिक प्रणालीको अनुगमन र मूल्याङ्कन गरी नीतिगत सुधारमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न आवश्यक सूचना उपलब्ध गराउने निकायका रूपमा  विकास गर्नु आवश्यक छ ।

## ३. मुद्दा तथा चुनौतीहरू

- सरोकारवलाहरूमा उपलब्धि परीक्षणको प्राप्तिहरूको आन्तरिकीकरण गराउनु
- संस्थागत रूपमा उपलब्धि परीक्षणलाई सुधारको विषयवस्तुका रूपमा महत्त्व दिनु
- विद्यार्थीको राष्ट्रिय उपलब्धिको परीक्षणका लागि आवश्यक पर्ने संस्थागत र जनशक्तिको क्षमता कमजोर रहेको सन्दर्भमा सोका लागि प्रयाप्त स्रोत र साधनको व्यवस्था गर्नु
- राष्ट्रिय उपलब्धिको परीक्षणका विषयमा स्पष्ट मार्गचित्र तर्जुमा गर्नु
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजा कार्यान्वयन गर्न कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्नु

## ४. सुझावहरू

माथिका मुद्दा र चुनौतीलाई सम्बोधन गर्नका लागि निम्नलिखित नीतिगत तथा रणनीतिगत सुझावहरू प्रस्तुत गरिएको छ :

### नीतिगत व्यवस्था

- विद्यार्थीको औसत सिकाइ उपलब्धि बढाउन विद्यालय र विद्यार्थीबिचको भिन्नता कम गर्ने

- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको व्यापक प्रचारप्रसार गरी यसको महत्त्व र आवश्यकता बारेमा सबै सरोकारवलालाई जानकारी गराउने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्र र केन्द्रमा काम गर्ने कर्मचारीको क्षमता विकास गर्ने र प्रयाप्त जनशक्तिको व्यवस्था गर्ने
- शैक्षिक सुधारको अभिन्न अङ्गका रूपमा विकास गर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई स्वायत्त निकायका रूपमा विकास गर्ने
- विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणका नतिजाहरूलाई कार्यान्वयन गर्न सघन कार्ययोजना बनाउने

**रणनीति**

- कमजोर विद्यालय र विद्यार्थीका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने
- शिक्षकको समानुपातिक वितरण, शिक्षकको पेसाप्रतिको जवाफदेहिता र न्यूनतम सिकाइस्तर सुनिश्चत गराउन जिम्मेवार प्रणाली विकास गर्ने
- संज्ञानात्मक क्षेत्रका उच्च स्तरका सिकाइ उपलब्धि हासिल गराउने सन्दर्भमा शिक्षण सिकाइ क्रियाकलाप, शिक्षक तयारी तथा पेसागत विकास, पाठ्यक्रम तथा पाठ्यपुस्तक समेतमा आवश्यक सुधार र परिमार्जन गर्ने
- संस्थाको दिगो जनशक्ति योजना बनाइ कार्यान्वयन गर्ने
- विद्यालयस्तरमा तथा अन्य सरोकारवालाहरूमा विद्यार्थी सिकाइ उपलब्धि परीक्षणको महत्त्व र उपयोगिताबारेमा सञ्चार माध्यम समेतको उपयोग गरी व्यापक रूपमा प्रबोधीकरण गर्ने
- प्रदेश र स्थानीय तहमा समेत गुणस्तर परीक्षण केन्द्रको संयन्त्र स्थापना तथा क्षमता विकास गर्ने र सिकाइ उपलब्धि परीक्षणको नतिजा तथा यसले पहिचान गरेका सिकाइ क्षेत्रमा आधारित विद्यालय सहयोग कार्यक्रम सञ्चालनका लागि सहजीकरण, क्षमता विकास र प्रोत्साहन गर्ने
- आवश्यक जनशक्तिको पहिचान गरी व्यवस्था गर्ने
- उपलब्धि परीक्षण सम्बन्धी तथ्याङ्क विश्लेषण गर्ने विशिष्टिकृत जनशक्तिको प्रयाप्त व्यवस्था गर्ने र कर्मचारीको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने
- तथ्याङ्क विश्लेषण तथा तथ्याङ्क भण्डारणका लागि आवश्यक सफ्टवेयर तथा उपकरणहरूको पर्याप्तता सुनिश्चित गर्ने
- अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तालिम तथा कार्यशालमा भाग लिन आवश्यक व्यवस्था मिलाउने
- परीक्षणको मार्गचित्र तयार गरी सो आधारमा आवश्यक बजेटको व्यवस्था गर्ने

- अन्तर्राष्ट्रिय प्रचलनहरू समेतलाई विश्लेषण गरी सङ्घीय शिक्षा ऐनमा विद्यार्थी उपलब्धी परीक्षण सम्बन्धी आवश्यक व्यवस्था गर्ने
- कार्ययोजना अनुसार विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजा कार्यान्वयन गर्न प्रदेश र स्थानीय तहका सम्बद्ध सरोकारवलाहरूको क्षमता विकास गर्ने

परिच्छेद १५

# शैक्षिक संस्था व्यवस्थापन र नेतृत्व

## १. पृष्ठभूमि

उपलब्ध स्रोतसाधनलाई कुशल र मितव्ययी ढङ्गले योजना, समन्वय, निर्देशन तथा सञ्चालन गरी तोकिएका शैक्षिक उद्देश्य हासिल गर्नका लागि गरिने अभ्यासहरू शैक्षिक व्यवस्थापन अन्तर्गत पर्दछन् । विद्यालय तहदेखि विश्वविद्यालयसम्मका समग्र शैक्षिक क्रियाकलापहरूको समुचित परिचालन गरी गुणस्तरीय शैक्षिक सेवाहरूको उत्पादनको प्रक्रियासमेत यसले समेटेको हुन्छ । शैक्षिक नीति, योजना तथा कार्यक्रमहरूको निर्माण, जनशक्ति, आर्थिक तथा भौतिक स्रोतको विकास र प्रयोग तथा संस्था र कानुनहरू निर्माण गर्ने समग्र प्रक्रिया शैक्षिक व्यवस्थापन अन्तर्गत पर्दछ ।

शैक्षिक व्यवस्थापनको मुख्य चालक नै यसका जनशक्ति हुन् जसले अन्य सम्पूर्ण स्रोत र संस्थाहरूका माध्यमबाट सङ्गठनलाई गति प्रदान गर्दछन् । त्यस्ता जनशक्तिको प्रभावकारी र कुशल प्रयोगका लागि दक्ष र सक्षम नेतृत्वको आवश्यकता पर्दछ । सक्षम नेतृत्वले स्रोत साधन कम भए पनि उत्कृष्ट नतिजा दिन सक्छ । गतिशिल र कुशल नेतृत्व तथा उत्प्रेरित, समर्पित र निष्ठायुक्त जनशक्ति भएमा अन्य स्रोतहरू कमजोर भए पनि शैक्षिक संस्थाहरूले उत्कृष्ट नतिजा प्रदर्शन गर्न सक्छन् भन्ने प्रमाणहरू उत्कृष्ट शैक्षिक संस्थाहरूको अध्ययनबाट समेत स्पष्ट हुन्छ ।

शैक्षिक संस्थाहरूको व्यवस्थापन प्रभावकारिता समुदाय, विद्यालय र राज्यबिचको त्रिपक्षीय सम्बन्धमा भर पर्दछ । नेपालमा गुरुकुल, आश्रम, मठ, मन्दिर र पिंढी शिक्षाबाट प्रारम्भ भएको शैक्षिक संस्थाहरूको विकासक्रम वि. सं १९१० मा दरबार स्कुलको स्थापनासँगै औपचारिक संरचनामा प्रवेश गरेको थियो । तत्पश्चात् विभिन्न कालखण्डमा विकास हुँदै आएर वर्तमानमा विद्यालयतहदेखि विश्वविद्यालय तहसम्म सहभागितामूलक व्यवस्थापन र निर्णयको अभ्यास, शक्तिको नियन्त्रण तथा सन्तुलन तथा उत्तरदायित्व प्रवर्धनको संरचना निर्माण, शैक्षिक संस्था सञ्चालनमा समुदायको सहभागितालाई सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । यद्यपि व्यावहारिक रूपमा समान प्रकृतिका स्रोत, कानुन र नीतिगत अवस्थाहरूको प्रयोगबाट शैक्षिक संस्थाहरूले प्रदर्शन गर्ने नतिजाहरूमा ठूलो भिन्नता देखिन्छ । यसमा मूलतः व्यवस्थापकीय नेतृत्वको तत्त्व जिम्मेवार मान्न सकिन्छ । त्यसैले शैक्षिक संस्थाहरूको प्रभावकारी व्यवस्थापन प्रणालीको निर्माण तथा सक्षम, परिवर्तनमुखी, उत्प्रेरित, कुशल र व्यावसायिक नेतृत्वले मात्र शैक्षिक संस्थाहरूको नेतृत्व गर्ने संस्थागत प्रणालीको विकास अत्यावश्यक छ ।

## २. विगत तथा वर्तमान अवस्थाको विश्लेषण

### ऐतिहासिक विकासक्रम

मानव सभ्यताको उत्पत्तिसँगै अस्थित्वमा आएका अनौपचारिक संस्थाहरूसँगै व्यवस्थापनको प्रारम्भ भयो भने समूहको प्रकृतिबमोजिम नेतृत्वको समेत विकास भयो । बाख्रा बोलाउने अगाडि लाग्छ, गाई धपाउने पछाडि लाग्छ भने भेडा चराउने बिचमा बस्छ भन्ने उक्ति प्रचलित भयो । त्यसैगरी नेपाली

रैथाने संस्थाहरू व्यवस्थापनका आआफ्नै विशिष्ट मान्यता र विधिहरू छन् । परम्परागत संरचनाका शैक्षिक प्रणाली र संस्थाहरू गुरुकुल, गुम्बा, मदरसा आदिमा व्यवस्थित व्यवस्थापन र नेतृत्वका अभ्यासहरू दरबार स्कुलको स्थापनासँगै व्यवस्थापन तथा नेतृत्वका औपचारिक संस्थागत प्रक्रियाहरू प्रारम्भ हुँदै आए । वि. सं १९१० मा नै स्थापित शिक्षा विभाग र त्यसको निर्देशक पद सिर्जना भएपश्चात्नै शैक्षिक व्यवस्थापनको प्रारम्भ भएको मानिन्छ । तत्पश्चात्का स्कुल गोश्वारा, भाषा पाठशाला गोश्वाराहरू, कलेज स्कुल गोश्वाराहरू पासजाँच अड्डाहरू, किताब तर्जुमा अड्डाहरूको व्यवस्था हुँदै वि. सं ११९६ को शिक्षाको इस्तिहारसम्म आइपुग्दा शैक्षिक व्यवस्थापनले ठोस आकार ग्रहण गरेको देखिन्छ । शिक्षाको इस्तिहारले दफा २५ देखि ३५ सम्म प्रशासन तथा स्रोतको जिम्मेवारी सरकार आफैमा केन्द्रिकृत गरी विद्यालय सञ्चालनको जिम्मा सञ्चालक समितिलाई दिएको पाइन्छ ।

धार्मिक संस्थाको उत्पत्ति र विकाससँगै शिक्षकको भूमिका देखिन थालेको पाइन्छ । मानव समाजको स्थापना र विकाससँगै विकसित भएका धार्मिक मान्यताहरूलाई सङ्गठित र संस्थागत गर्न धार्मिक संस्थाहरू स्थापना भए । ती संस्थाका मूल्य र मान्यता तथा व्यवपस्थापकीय पक्षको नेतृत्वका गर्नका लागि शिक्षक (गुरु, मुल्लाह, पुरोहित, विसप) स्थापित भएको पाइन्छ । त्यसपश्चात् शिक्षकले धार्मिक विषयवस्तुका अतिरिक्त जीवन दर्शन, आचरण र व्यावहरिक जीवनका पक्षसमेतलाई जानकारी दिने र अभ्यास गराउने व्यक्तिका रूपमा काम गर्न थालेको पाइन्छ। राज्य तथा समाजको भूमिकामा परिवर्तनसँगै ज्ञानको क्षेत्र व्यापक हुँदै जाँदा, ज्ञानको आदान प्रदान गर्न धार्मिक संस्थाहरू मात्र पर्याप्त भएनन् र सामुदायिक प्रयासमा शिक्षण सिकाइ गर्ने संस्थाहरू खोलिन थाले । राज्यको तर्फबाट पनि त्यस्ता संस्था खोल्न थालियो र ती संस्थाहरू विद्यालयका नाममा परिचित भए । त्यहाँ शैक्षिक नेतृत्व गर्ने व्यक्ति शिक्षक भनेर चिनिन थाल्यो ।

वि. सं. २००७ पश्चात् राज्य एकै प्रकारको शिक्षा प्रणालीको विकास र निशुल्क शिक्षातर्फ केन्द्रित थियो । तत्पश्चात् सुरु भएको व्यवस्थित शैक्षिक सुधारका क्रममा सरकारले सञ्चालन अनुमति दिएर समुदायले सञ्चालन गरेका विद्यालयहरूलाई औपचारिकता प्रदान गऱ्यो । नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०१० ले हरेक जिल्ला गौंडामा त्यस जिल्ला गौंडाभरिकै निमित्त एउटा छुट्टै पूरा अधिकार भएको व्यवस्था गर्ने समिति हुनुपर्छ र त्यही समिति प्रादेशिक शासन व्यवस्थाको निमित्त उत्तरदायी हुनुपर्छ भन्ने सिफारिस गर्दै स्थानीय तहमा विद्यालय प्रवन्ध समिति रहने उल्लेख गरेको थियो । त्यसैगरी वि. सं. २०१० मा जिल्ला शिक्षा समितिहरू गठन भएका र निरीक्षण सुपरिवेक्षणका लागि डिभिजनल इन्सपेक्टर अफ स्कूल्सहरू वि. सं. २००७ मा र सब-डिभिजनहरू वि. सं. २०१४ मा स्थापना गरिएका थिए ।

त्यसैगरी उच्च शिक्षातर्फ कलेज अफ एजुकेसन (२०१३) का प्रिन्सिपलहरू अन्तर्गत प्रशिक्षण विभाग, ब्यूरो अफ पब्लिकेसन्स, नर्मल स्कूल अनुसन्धान विभाग, विद्यार्थी हित विभाग, प्रत्येकमा एकजना डाइरेक्टर र एकजना मेनेजरको दरबन्दी खडा गरिएको थियो । उच्च शिक्षामा सहयोग पुऱ्याउन वि. सं. २०१४ बैशाखमा उच्च शिक्षा समितिको गठन भएको र २०१७ मा उच्च शिक्षा हेर्ने छुट्टै निर्देशकको व्यवस्था भएको थियो । वि. सं. २०२१ मा प्रमूख शिक्षा अधिकारीको व्यवस्था

गरिएको थियो, वि.सं. २००७ बाट २०२८ सम्म विद्यालय व्यवस्थापन समिति र विद्यालयको नजिकको सम्बन्ध रहेकोले अपनत्वको मात्रा उच्च रहेको तर बढी केन्द्रिकृत र जिम्मेवारी अष्पष्ट रहेको पाइन्छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८—३२) पश्चात् शैक्षिक व्यवस्थापन केन्द्रमुखी बनाइयो । जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा कार्यालयहरू, विद्यालय सञ्चालक समितिहरूको व्यवस्था, व्यवस्थापन समितिहरू, प्र.अ. तथा विद्यालय निरीक्षकको व्यवस्था गरिएको थियो । राष्ट्रिय शिक्षा आयोग २०४९ ले विश्वविद्यालय अनुदान आयोगको स्थापनाको सिफारिस गरेको थियो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले वि.व्य.स.लाई सक्षम र सुदृढ बनाउने, प्र.अ. को भूमिका सक्षम र प्रभावकारी बनाइने, शिक्षक तथा कर्मचारी प्रशासनको सुदृढीकरण गर्ने उल्लेख गरेको थियो । शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमिति २०५८ ले संस्थागत र सामुदायिक विद्यालहरूको व्यवस्थापन समितिको व्यवस्था, शिक्षक अभिभावक सङ्घको गठन, अभिभावकको प्रतिनिधित्व हुने गरी सामुदायिक विद्यालयहरूको व्यवस्थापन समिति गठन हुने सिफारिस गरिएको थियो । शिक्षा ऐन (पाँचौ, छैठौं सातौं र आठौं संशोधन) २०२८ र नियमावली २०५९ (संशोधन सहित) का अनुसार ७ सदस्यीय गाउँ शिक्षा समिति गठन गर्ने व्यवस्था गरिएको भएको पाइन्छ । आठौं संसोधनले संस्थागत विद्यालयहरू कम्पनी वा गुठीमा जान सक्ने व्यवस्था गरेको छ । शिक्षा मन्त्रीको अध्यक्षतामा उच्च माध्यमिक शिक्षा सभा तथा परिषद, प्राविधिक शिक्षा तथा तालिम सभा र परिषद्को गठन हुने व्यवस्था भएको छ ।

## वर्तमान अवस्था

नेपालमा हरेक शैक्षिक संस्थाको व्यवस्थापनका लागि नीति नियम र स्रोत व्यवस्थापन गर्ने शासन संरचनाहरू र कार्यान्वयन गर्ने कार्यकारी व्यक्ति नियुक्त हुने व्यवस्था गरिएको छ । व्यवस्थापन समिति, बोर्ड, परिषद् वा त्यस्तै प्रकृतिका संरचनाहरू निर्माण गरिएका छन् । नीति तथा निर्णय कार्यान्वयनका लागि प्रधानाध्यापक, क्याम्पस प्रमुख, कार्यकारी निर्देशक, उपकुलपतिजस्ता कार्यकारी पदहरूको व्यवस्था गरिएको छ ।

वर्तमान अवस्थामा विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म शैक्षिक संस्थाहरूको व्यवस्थापन तथा नेतृत्वका लागि पर्याप्त संस्थागत र नीतिगत व्यवस्थाहरू गरिएको छ । शिक्षा ऐनको आठौं संशोधनले व्यवस्था गरेको राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन २०४५, हरेक विश्वविद्यालयहरूका आआफ्नै नियम कानुनहरू छन् । सवै विश्वविद्यालयहरूबिच संयोजन, स्रोत तथा प्राज्ञिक व्यवस्थापनका लागि विश्वविद्यालय अनुदान आयोग ऐन २०५० ले ११ सदस्यीय विश्वविद्यालय अनुदान आयोगको व्यवस्था गरेको छ । विश्वविद्यालयहरूमा विभिन्न विभागहरू, अनुसन्धान केन्द्रहरू, परीक्षा व्यवस्थापन तथा सेवा आयोगहरूको व्यवस्था गरिएको छ ।

सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय शिक्षा परिषद् रहने, माध्यमिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापन गर्न एक राष्ट्रिय परीक्षा बोर्ड रहने र

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा प्राविधिक तथा व्यावसायिक तालिम सभा तथा परिषद् हुने व्यवस्था छ ।

जिल्लाभित्रका विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्ने कामसमेतका लागि प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिका सभापति वा सभापतिको काम गर्न तोकिएका व्यक्ति अध्यक्ष रहने एक जिल्ला शिक्षा समितिको गठन हुने व्यवस्था रहेको छ । सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाका लागि सिफारिस गर्न एउटा तीन सदस्यीय शिक्षक सेवा आयोग गठन हुने व्यवस्था रहेको छ । गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामका लागि प्रत्येक गाउँपालिका वा नगरपालिकामा गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति अध्यक्ष रहने गाउँ शिक्षा वा नगर शिक्षा समिति रहने उल्लेख गरिएको छ ।

सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एउटा विद्यालय व्यवस्थापन समिति रहने उल्लेख छ । यसमा अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका दुईजना महिलासहित चारजना, सम्बन्धित वडाका वडाध्यक्ष वा प्रतिनिधि, विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमीहरूमध्ये महिलासहित मनोनीतव्यक्तिहरू, शिक्षक प्रतिनिधिहरू तथा प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरूमा जिल्लास्तरका उद्योग तथा बाणिज्य महासङ्घका दुई जना तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले छानेको सदस्य सो समितिको अध्यक्ष रहने व्यवस्था रहेको छ । त्यसैगरी विद्यालयका प्र.अ. छनौट गर्दा शिक्षा नियमावली २०५९ (संशोधन सहित) मा उल्लिखित विधिबमोजिम सम्बन्धित तहका लागि तोकिएका योग्यता पुगेका शिक्षकहरूमध्येबाट शैक्षिक योग्यता, शिक्षण अनुभव, तालिम, अध्यापन गरेको विषयमा प्राप्त नतिजा, विद्यालय विकास प्रस्ताव, नेतृत्व लिने क्षमताका आधारमा छनौट गर्न सकिने व्यवस्था गरिएको छ । त्यसैगरी शैक्षिक व्यवस्थापनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यस अन्तर्गतका संरचनाहरू रहेका छन् ।

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ । सोहीबमोजिम सङ्घीय र प्रादेशिक कानुनसँग नबाझिने गरी स्थानीय तहहरूले आवश्यक नियम कानुनहरू निर्माण गर्नसक्ने व्यवस्था गरिएको छ । प्रादेशिक विश्वविद्यालयहरूको अनुमति, नियमन तथा स्रोत व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारलाई तोकिएको अवस्था छ ।

विश्वविद्यालयहरूमा समग्र प्रशासनिक व्यवस्थापनका लागि रजिष्ट्रार, प्राज्ञिक कार्यहरूका लागि रेक्टर, सम्बन्धित संकाय वा संस्थानको व्यवस्थापन प्रमुखका रूपमा डीन तथा क्याम्पसहरूका व्यवस्थापकीय प्रमूखका रूपमा क्याम्पस प्रमुख रहने व्यवस्था छ । निजी क्याम्पसहरूको सञ्चालक समितिमा लगानीकर्ताहरू नै रहने व्यवस्था रहेको छ भने सामुदायिक क्याम्पसहरूमा संस्थापक, समाजसेवी, विद्यार्थी, शिक्षाप्रेमी लगायतका व्यक्तिहरू रहने व्यवस्था छ । विश्वविद्यालयहरूका आंगिक

क्याम्पसहरूमा क्याम्पस प्रमुख नै व्यवस्थापन समिति अध्यक्ष रहने व्यवस्था रहेकाले व्यवस्थापनको प्रभावकारी अस्तित्व देखिँदैन ।

## ३. समस्याहरू

### शैक्षिक संस्था व्यवस्थापन

शैक्षिक संस्थाहरू सुव्यवस्थापन तथा सञ्चालनका लागि विभिन्न नीतिगत, कानुनी एवम् संरचनागत व्यवस्थाहरू गरिएको भएता पनि व्यावहारिक अवस्था अपेक्षाकृत रूपमा सवल हुन सकेको छैन । व्यवस्थापन समितिहरू शैक्षिक विकासभन्दा पनि अन्य मुद्दाहरूमा केन्द्रित हुन पुगेको प्रवृत्ति देखिन्छ भने विद्यालय व्यवस्थापन समितिको वर्तमान व्यवस्थामा वास्तविक अभिभावकहरूको प्रतिनिधित्व कमै मात्र भएको पाइन्छ । व्यवस्थापन समितिहरूमा रहने पदाधिकारीहरूको दक्षता समेत कम भएकाले उनीहरूको कार्यक्षमतामा समस्या उत्पन्न भएको छ ।

शैक्षिक व्यवस्थापनमा संग्लग्न पदाधिकारीहरूको उत्तरदायित्व सुनिश्चित गर्न कठिन देखिएको छ । प्र.अ. लाई विद्यालय व्यवस्थापन समितिप्रति उत्तरदायी बनाउँदा व्यक्ति खुसी पार्ने बाध्यता सिर्जना भएकाले प्र.अ. ले विद्यार्थी र शिक्षकहरूलाई खुसी बनाउने व्यवस्थाको अभाव देखिएको छ । उच्च शैक्षिक संस्था र विश्वविद्यालयहरूमा व्यवस्थापन समितिहरू सक्रिय देखिएका छैनन् । त्यसैगरी विश्वविद्यालयहरूका कार्यकारी पदहरूदेखि क्याम्पस प्रमुखसम्मका पदहरूमा राजनैतिक नियुक्ति हुने चलन देखिन्छ ।

सवै प्रकारका शैक्षिक संस्थाहरूलाईसमेत जिम्मेवार र पारदर्शी बनाउन सकिएको छैन । शैक्षिक संस्थाहरू नतिजाप्रति उत्तरदायी बन्न सकेका देखिँदैनन् । निजी शैक्षिक संस्थाहरू नाफामुखी देखिएका तथा नियमन प्रभावकारी भएको देखिँदैन ।

समुदाय र विद्यालयलाई प्रभावकारी रूपमा संयोजन गर्ने कार्य प्रभावकारी बन्न सकेको छैन । गाउँ शिक्षा समिति तथा शिक्षक अभिभावक सङ्घको प्रभावकारिता अपेक्षित रूपमा हुन सकेको छैन । विद्यालय व्यवस्थापनमा समुदायको संग्लग्नता र अपनत्व अपेक्षित मात्रामा सक्रिय बनाउन सकिएको छैन । शैक्षिक संस्थाहरूको स्रोत व्यवस्थापनसँग समेत केही समस्याहरू रहेका छन् । विद्यालयहरू सरकारसँग नै निर्भर रहने कारणले गर्दा आवश्यक शिक्षक दरबन्दीको अभाव र स्रोतविना समुदायहरूले विद्यालयलाई आफ्नो ठान्ने अवस्था सिर्जना गर्न सकिएको छैन । अधिकांश विद्यालयहरूको आफ्नै जग्गा समेत नभएको स्थिति छ ।

शैक्षिक व्यवस्थापनमा संरचनागत पक्षहरूमा समेत समस्याहरू विद्यमान रहका छन् । विश्वविद्यालय अनुदान आयोगको कार्यक्षेत्र नामजस्तै अनुदानमा प्दान गर्ने कार्यमा मात्र सीमित भएको अवस्था छ । यसको भूमिका उच्च शिक्षाको प्राज्ञिक व्यवस्थापनका लागि प्रभावकारी बनाउन सकिएको छैन । सबैमा राज्यको नियन्त्रण रहने तर प्राज्ञिक स्वतन्त्रता प्रदान गर्ने गरी ऐनहरू वनेका छन् । व्यवहारमा भने प्राज्ञिक स्वतन्त्रताको अभ्यास राम्ररी भएको देखिँदैन । नेपालका विश्वविद्यालय तथा

प्रतिष्ठानहरूमा कुनैमा प्रधानमन्त्री, कुनैमा स्वास्थमन्त्री कुलपति वनाइएको छ । यसो हुँदा विश्वविद्यालयका कार्यकारीहरू नै माथिल्लो र तल्लो श्रेणीका बन्न पुगेका छन् । विश्वविद्यालय सभामा वाह्य जगत्बाट प्रतिनिधित्व गराउँदा विभिन्न मन्त्रालयका सचिवहरूको राम्रै प्रतिनिधित्व छ तर अन्य व्यवसाय, व्यापार र कर्पोरेट सङ्गठनहरूको प्रतिनिधित्व अत्यन्त कम रहेको छ । यसबाट विश्वविद्यालय शिक्षालाई कामको संसारसँग जोड्न अप्ठेरो परेको छ । रोजगारीका क्षेत्रहरू, उद्यमशीलताका क्षेत्रहरू, अनुसन्धान र प्रयोगका क्षेत्रहरू साथै अभिभावक र विद्यार्थीका चासो पहिल्याउन पनि गाह्रो भएको छ ।

### शैक्षिक नेतृत्व

शैक्षिक संस्थाहरूका नेतृत्वदायी पदहरूमा योग्य, दक्ष र कुशल व्यक्तिहरूको सुनिश्चितता गर्ने गरी कानुन र नियममा परिकल्पना गरिएको छ यद्यपि यसको कार्यान्वयनमा समस्याहरू देखिएका छन् । प्रधानाध्यापक छनौट सम्बन्धमा वर्तमान शिक्षा नियमावलीमा उल्लिखित व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन भएको पाइँदैन । विषयगत शिक्षकहरूको अपर्याप्तता भएकाले तल्ला तहका शिक्षकहरूनै माथिल्ला तहका विद्यालयहरूमा प्र.अ.का रूपमा कार्यसम्पादन गर्नुपर्ने वाध्यता रहेको छ भने दक्ष, सक्षम र कुशल व्यक्तिहरूलाई प्र.अ.बनाउने प्रणालीको स्थापना हुन सकेको छैन ।

समग्र शैक्षिक क्षेत्रमा नेतृत्व पहिचान र विकासका लागि प्रणालीको स्थापना गर्न सकिएको छैन । विद्यालयको शैक्षिक एवम् प्रशासनिक नेतृत्वमा राजनीतिक प्रभाव अधिक रहुनु, व्यवस्थापकीय एवम् प्रशासनिक सुदृढीकरणको अभाव हुनु र विद्यालय व्यवस्थापनमा जनसहभागिता घट्दै गई अपनत्वको कमी हुनुले विद्यालयको प्रभावकारी नेतृत्वमा कमी आएको छ । विश्वविद्यालयहरूका नेतृत्व र कार्यकारी पदहरूमा छनौटका लागि योग्यता र दक्षतामा आधारित पारदर्शी पद्धतिको स्थापना हुन सकेको छैन ।

## ४. मुद्दा तथा चूनौतीहरू

- संवैधानिक व्यवस्था बमोजिम माध्यमिक तहसम्मको विद्यालय व्यवस्थापनको अधिकार स्थानीय तहमा हस्तान्तरण भएपश्चात् विद्यालयका शिक्षकहरूको व्यवस्थापन, छनौट र वृत्ति विकास प्रणालीलाई व्यवस्थित गर्नु
- सङ्घीय संरचनाअनुकूल शैक्षिक योजना निर्माण तथा व्यवस्थापनको विकेन्द्रीकरण गर्न शिक्षा प्रणालीभित्र मानवीय संसाधन तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु
- विद्यालय व्यवस्थापनको वर्तमान व्यवस्था र अभ्यासमा पुनरावलोकन गरी सङ्गठित र सामुहिक जवाफदेहिता, अभिभावक सहभागिता, विद्यालय विकास योजना कार्यान्वयन र रेखदेखजस्ता पक्षहरूको सुनिश्चिता हुने गरी विद्यालय व्यवस्थापन गर्नका लागि प्रभावकारी तथा सर्वस्वीकार्य संरचनाको निर्माण गर्नु
- विद्यालयहरूमा समुदायको अपनत्व र सहभागिता सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिमा आवश्यक रूपान्तरण गर्नु

- विश्वविद्यालयहरूको प्राज्ञिक स्वायत्ततालाई सुनिश्चित गर्दै योग्यता प्रणालीका आधारमा नेतृत्व चयन गर्ने पद्धतिको विकास गर्नु
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका विभिन्न प्रतिष्ठान तथा संस्थानहरूको व्यवस्थापन सुधार गरी प्रतिस्पर्धी, मितव्ययी र कुशल बनाउनु
- विद्यालय सञ्चालन तथा व्यवस्थापन (विद्यालय व्यवस्थापन समितिको भूमिकासमेत) लाई नयाँ संविधानको भावनासँग सम्बद्ध गर्न विद्यमान नियम कानुनहरूको पुरावलोकन गर्नु
- विद्यालय सुधार योजनालाई विद्यालय व्यवस्थापनको मुख्य आधारका रूपमा सुदृढ गर्नु

## ५. सुझावहरू

माथिका मुद्दा र चुनौतीलाई सम्बोधन गर्नका लागि निम्नलिखित नीतिगत तथा रणनीतिगत सुझावहरू प्रस्तुत गरिएको छ :

### नीति

- सामुदायिक विद्यालय व्यवस्थापन समितिका संरचना पुनरावलोकन गर्ने
- विद्यालयको आर्थिक व्यवस्थापनमा पारदर्शिता सुनिश्चित गर्ने
- सामाजिक परीक्षणलाई व्यवस्थापन उत्तरदायित्वको सुनिश्चतता गर्ने मुख्य माध्यमका रूपमा विकास गर्ने
- सबै प्रकारका शैक्षिक संस्थाहरूको नेतृत्व छनौटका लागि पारदर्शी र विश्वसनीय पद्धतिको विकास गर्ने
- विद्यालय तहमा गुणस्तर सुधारको साधनका रूपमा विद्यालय सुधार योजनाको उपयोग सुदृढ गर्न तिनलाई जिल्ला तहमा विनियोजन गरिएका स्रोतसँग आबद्ध गराउने संयन्त्रको विकास गर्ने
- विभिन्न परिषद्, सभा, बोर्ड आदिका संरचनाहरूलाई समयानुकूल बनाउने
- विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाका व्यवस्थापन संयन्त्रलाई स्वतन्त्र, समावेशी र छरितो बनाउने

### रणनीति

- विद्यालय व्यवस्थापन समितिको भूमिका तथा दायित्वको पुनरावलोकन गरी विद्यालय व्यवस्थापन तथा सञ्चालन सुदृढ गराउन स्थानीय सरकारलाई सहयोग गर्ने राष्ट्रिय कार्यढाँचा तयार गर्ने
- विद्यालय व्यवस्थापन समितिको कार्यहरू निम्नानुसार हुने गरी तय गर्ने :
    - ❖ विद्यालय, निर्वाचित निकायहरू र समुदायबिच आपसी सम्बन्धमा अभिवृद्दि गर्ने
    - ❖ विद्यार्थीहरूलाई नियमित रूपमा विद्यालय पठाउन सहयोग गर्ने
    - ❖ शैक्षिक गुणस्तर कायम गर्न विद्यालयलाई सहयोग गर्ने

- ❖ विद्यालयमा सामुदायिक पुस्तकालय, अध्ययन केन्द्रहरू स्थापना गरी विद्यालयप्रति अभिभावकहरूको स्वामित्व अभिवृद्धि गर्न सहयोग गर्ने
- ❖ विद्यालय सुशासन कायम गर्न सामाजिक परीक्षणलाई कार्यन्वयन गर्ने

- सबै विद्यालयहरूको वार्षिक लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने गरी सङ्घीय शिक्षा कानुनमा व्यवस्था गर्ने
- सामाजिक परीक्षणलाई विद्यालय अनुदानका लागि अनिवार्य शर्तका रूपमा व्यवस्था गर्ने
- विद्यालयहरूबिच सकारात्मक प्रतिस्पर्धाको सिर्जना भई देखेर सिक्ने अवस्थाको सिर्जना गर्ने
- व्यवस्थापकीय कुशलता तथा प्रभावकारिताका आधारमा विद्यालयहरूको स्तर निर्धारण गर्ने
- प्राविधिक शिक्षाका संस्थाहरूको व्यवस्थापनका लागि स्थानीय तहलाई नै जिम्मेवार बनाई स्रोत व्यवस्थापनका लागि अन्तरसरकारी साझेदारीको व्यवस्था गर्ने
- शैक्षिक व्यवस्थापनको क्षमता तथा संस्थागत विकासका निमित्त क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने
- समुदायको सशक्तीकरण गर्ने कार्यक्रमहरू विद्यालयले सञ्चालन गर्ने जसका लागि विद्यालयलाई समुदायको सिकाइ केन्द्र तथा छलफल स्थलका रूपमा बिहान वेलुकीको समयमा प्रयोगको व्यवस्था गर्ने । यसका लागि सामुदायिक जागरण सांस्कृतिक रूपान्तरण, अभिभावक शिक्षा, आजीवन सिकाइ, खुला विद्यालय, भेला आदि सामुदायिक गतिविधिहरू सबै विद्यालयमा सञ्चालन गर्ने
- विद्यालयको योजना निर्माण, स्रोत व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पाठ्यक्रम निर्माणलगायत स्थानीय सरकारको कार्यक्षेत्रभित्र पर्ने शैक्षिक क्रियाकलापहरूमा समुदायलाई अनिवार्य रूपमा सहभागी गराउने
- विद्यालय तहको शैक्षिक सेवा प्रवाहमा सुधारका लागि अध्ययन तथा राम्रा विद्यालय भ्रमण र विद्यालय व्यवस्थापन समितिहरूबिच ज्ञानको आदान प्रदान गर्ने मञ्चहरूलाई प्रवर्धन गर्ने
- प्रविधिको प्रयोग मात्र हैन, प्रविधिभित्र प्रवेश गर्ने, अनुसन्धान गर्ने र वातावरण सिर्जना गर्ने गरी शैक्षिक व्यवस्थापन गरी विद्यालय र विश्वविद्यालयहरूलाई सिधै उत्पादनसँग जोड्ने
- विश्वविद्यालय अनुदान आयोगको वर्तमान कार्यदिशलाई परिवर्तन गरी उच्च शिक्षा आयोग गठन गर्ने जस्को कार्यविवरणमा विश्वविद्यालयहरूको प्राज्ञिक गुणस्तरको नियमन तथा अनुसन्धान गर्ने, समकक्षताको निर्धारण गर्ने, सङ्घीय तथा प्रादेशिक विश्वविद्यालयहरूको संयोजन गर्ने र गुणस्तरीयताको मापदण्ड तयार गर्ने हुने
- विद्यालय व्यवस्थापनमा विद्यार्थीहरू तथा नागरिक समाजको (आमा समूह, टोल सुधार समिति आदि) सहभागिता रहने व्यवस्था गर्ने
- विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयमा समूहकार्य, कार्यसम्पादनको स्वायत्तता, आर्थिक पारदर्शिता, साझेदारी, अभिभावकहरूसँग निरन्तर सम्वाद र अन्तरक्रिया गर्ने व्यवस्था गर्ने

- विद्यालयको प्राज्ञिक नेतृत्वका रूपमा प्र.अ. लाई छुट्टै पदका रूपमा विकास गर्ने र सम्पूर्ण प्राज्ञिक व्यवस्थापनको स्वायत्तता प्र.अ. लाई दिने । शिक्षकसेवा आयोगले कम्तीमा ५ वर्ष शिक्षण अनुभव भएका शिक्षकहरूमध्येबाट नेतृत्व परीक्षणको परीक्षा लिई प्र.अ.मा सिफारिस हुने व्यवस्था गर्ने
- प्र.अ. का लागि थप उत्प्रेरणाको व्यवस्था गर्ने । प्र.अ. सँग स्थानीय सरकारले विद्यालय सहयोग समितिको रोहवरमा निश्चित नतिजासूचक सहितको कार्यसम्पादन सम्झौता गर्ने र प्र.अ.ले शिक्षकसँग कार्यसम्पादन सम्झौता गर्ने साथै प्र.अ.सँग गरिएको कार्यसम्पादन सम्झौताको मूल्याङ्कन देहायबमोजिम गर्ने :
    - विद्यार्थीहरू र अभिभावकहरूले गर्ने गोप्य मासिक मूल्याङ्कन भार ५०%
    - विद्यालय व्यवस्थापन समितिले गर्ने अर्धवार्षिक मूल्याङ्कन भार २५%
    - स्थानीय सरकारले वार्षिक सम्झौताबमोजिमको कार्यसम्पादन मूल्याङ्कन भार २५%
- प्र.अ. ले शिक्षकहरूसँग गर्ने गरेको कार्यसम्पादन सम्झौताको मूल्याङ्कन देहायवमोजिम हुने
    - विद्यार्थीहरू र अभिभावकहरूले गर्ने गोप्य मासिक मूल्याङ्कन भार ५०%
    - विद्यालय व्यवस्थापन समितिले गर्ने अर्धवार्षिक मूल्याङ्कन भार २५%
    - प्र.अ.ले गर्ने वार्षिक कार्यसम्पादन सम्झौतावमोजिमको कार्यसम्पादन मूल्याङ्कन भार २५%
- विश्वविद्यालयका कार्यकारी पदहरू क्षमता र योग्यताका आधारमा प्रतिस्पर्धाबाट छनौट गर्ने व्यवस्था गर्ने
- विश्वविद्यालय सभामा उद्योगी, व्यपारी, उद्यमशील व्यक्तिहरूको उपस्थिति कायम गर्ने
- क्याम्पस सञ्चालक समितिमा स्थानीय सरोकारवालाहरूको सहभागिता गराउने
- क्याम्पस प्रमूखलाई प्राज्ञिक व्यवस्थापनप्रति पूर्ण रूपमा उत्तरदायी बनाउन खुला प्रतिस्पर्धाबाट छनौट गरी कार्यसम्पादन करार गर्ने व्यवस्था गर्ने
- विश्वविद्यालयका आङ्गिक क्याम्पसहरू पूर्ण स्वायत्त बनाउने
- विद्यालयले भोग गरेर आएका जग्गालाई विद्यालयको नाममा नामसारी गराउने व्यवस्था गर्ने र जग्गा नभएका विद्यालयलाई जग्गा उपलब्ध गराउन स्थानीय सरकारले लगानी गर्ने
- परम्परागत शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको व्यवस्थापनका लागि सङ्घीय तहमा परिषद् गठन गर्ने र त्यसअन्तर्गत अलग अलग बोर्डहरू स्थापना गर्ने ।
- विद्यालयको व्यवस्थापनका लागि संस्थापक, चन्दादाता, स्थानीय धार्मिक व्यक्तित्व, अभिभावक तथा स्थानीय सरकारका प्रतिनिधि समावेश भएको छरितो प्रकृतिको व्यवस्थापन समिति गठन गर्ने ।

परिच्छेद १६

# शिक्षामा सुशासन

## १. पृष्ठभूमि

सुशासन शासनबाट आएको शब्द हो । शासन राज्यसँग सम्बन्धित हुन्छ । सार्वजनिक नीति बनाउने र कार्यान्वयन गर्ने, राज्यका प्रमुख अङ्ग (कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका लगायत संवैधानिक निकाय) का गतिविधि जनतासँग पुऱ्याई पृष्ठपोषण लिने र राज्यका निकायबाट जनतासँग सामाजिक, आर्थिक पक्षमा अन्तरक्रिया गर्ने प्रणाली नै शासन हो । सुशासन त्यो शासन व्यवस्था हो जहाँ जनताको हित र कल्याणलाई सर्वोपरी मानिन्छ । पारदर्शिता, उत्तरदायित्व, सहभागिता र भविश्यपरकता (Predictability) लाई सुशासनका चार खम्बा (Four Pillars of Good Governance) भनिन्छ । सुशासनमा राज्यबाट प्रदान गरिने सेवा, सुविधा, जानकारी र सुरक्षा विश्वसनीय मानिन्छ र राज्यव्यवस्था जनताको हितमा प्रवर्धन हुन्छ । प्रशासनिक गतिविधि स्वच्छ र निष्पक्ष हुन्छ, परिवर्तनलाई क्रमशः आत्मसात् गर्दै जाने पद्धतिको विकास भएको हुन्छ । अवधारणागत रूपमा राज्यका हरेक संयन्त्रलाई जनमुखी बनाई जनताका आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवम् सार्थक सहभागितामार्फत् सरकारले नागरिकलाई वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवम् न्यायिक रूपमा उपलब्ध गराई नागरिकलाई शासनको सुखद अनुभूति दिलाउनुलाई नै सुशासन भनिन्छ । प्रभावकारिता, सक्षमता, मितव्ययिता, लोकतन्त्र, राजनीतिक स्वतन्त्रता, समानता र अधिकारजस्ता सिद्धान्तहरू सुशासनका पक्षमा प्रतिपादित सिद्धान्तहरू हुन् ।

शिक्षा राज्यव्यवस्थाको एउटा महत्त्वपूर्ण विषयक्षेत्र भएकाले माथि उल्लिखित सबै पक्ष शैक्षिक सुशासनका आधारभूत पक्ष हुन आउँछन् । शैक्षिक सुशासनले शिक्षा क्षेत्रमा राखेको लक्ष्य हासिल गर्नका लागि सबैले आआफ्नो तह र क्षेत्रबाट सहज रूपमा जिम्मेवारी निर्वाह गरी उपलब्धि वा लक्ष्य हासिल गर्ने अवस्थालाई बुझाउँछ । जनताको पूर्ण सन्तुष्टि र सर्वोच्चतामा जोड दिने भएकाले सुशासनलाई जनमैत्री शासन व्यवस्थाका रूपमा लिइन्छ । सुशासनले शासकलाई जवाफदेहिता बोध गर्न र नागरिक सेवामा समर्पित हुन उत्प्रेरित गर्दछ । शिक्षामा सुशासन मानवीय विकास र शैक्षिक विकासलाई दिगो बनाउने एउटा रणनीति हो । विकेन्द्रीकरण, जनसहभागिता, राजनीतिक स्थिरता, शिक्षा प्राप्तिमा अधिकारको प्रत्याभूति, जनता प्रति उत्तरदायी, कानुनी शासन, पारदर्शिता एवम् वित्तीय अनुशासन यसक पूर्वाधार हुन् । तसर्थ शिक्षामा सुशासनले सम्बद्ध सरोकारवालाहरूको शैक्षिक व्यवस्थापनमा सहभागिता जनाउने प्रक्रियालाई समेट्छ । यसले शिक्षा विकासका निम्ति सङ्गठित गर्ने, नियमन गर्ने नीति नियम तर्जुमा एवम् कार्यान्वयन र अनुगमन गर्ने पक्षलाई समेट्छ । प्रभावकारी शैक्षिक सेवा प्रवाह गर्नका लागि राजनीतिक, सामाजिक, आर्थिक एवम् संस्थागत सम्बन्ध कायम गर्ने प्रक्रिया नै शिक्षामा सुशासन हो ।

## शिक्षामा सुशासनको विकासक्रम

सुशासन सन् १९९० को दशकपछि आएको अवधारणा हो । वर्तमानमा यसलाई विकासको पूर्वसर्तका रूपमा लिइन्छ । जनताले व्यवहारबाट अनुभूति गर्न सक्ने शिक्षालगायत शासकीय व्यवहारका जुनसुकै पक्ष सुशासनसँग सम्बन्धित हुन्छन्। विकासको नवीनतम प्रयोगसँगै दिगो विकासको प्रमुख विषय सुशासन बनेको छ । नेपालका सन्दर्भमा वि. सं. २०४८ सालमा गठित उच्चस्तरीय प्रशासन सुधार आयोगले सुशासनका पक्षलाई समेटेको देखिन्छ । आयोगको प्रतिवेदनमा विकेन्द्रीकरण, प्रशासकीय सङ्गठन, सरकारको कार्यक्षेत्रको निर्धारण, बजेट तथा लेखा व्यवस्थामा गर्नुपर्ने सुधार, भ्रष्टाचार नियन्त्रण तथा पारदर्शीता अभिवृद्धिजस्ता सुझावहरू सुशासनसँग सम्बन्धित रहेको पाइन्छ । आठौं आवधिक योजनादेखि प्रशासनलाई प्रतिस्पर्धी, मितव्ययी, पारदर्शी, सेवामुखी, परिणाममुखी, उत्तरदायी बनाउँदै जनतामा सुशासनको अभिवृद्धि गर्ने उद्देश्य राखेको पाइन्छ । सुशासनसम्बन्धी ऐन नियम तथा नेपालको संविधान जारी भएसँगै नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ र घुम्ती सेवालाई प्रभावकारी रूपमा लागु गर्ने प्रयासहरू पनि भइरहेका छन् ।

वि. सं. १९९६ को शिक्षासम्बन्धी इस्तिहार नै नेपालको शैक्षिक प्रशासनमा सुशासन कायम गर्न गरेको पहिलो कानुनी प्रयासका रूपमा देखिन्छ । पहुँच र सहभागिताका लागि केन्द्रिकृत शासन प्रणालीसहित वि. सं. २००७ देखि २०२७ सम्म शिक्षा मन्त्रालय, जोनल इन्स्पेक्टर्स अफ स्कुल, ब्लक डिभेलपमेन्ट अफिसजस्ता संस्थागत प्रवन्ध गरी शिक्षामा शासन प्रणाली स्थापित गर्न खोजेको देखिन्छ । वि. सं. २०२८ देखि २०४७ सम्म पनि केन्द्रिकृत शासन प्रणालीअन्तर्गत नै जिल्ला तहको संरचनागत प्रवन्ध जिल्ला शिक्षा कार्यालयको व्यवस्था, शिक्षा ऐन २०२८ तथा नियमावली २०२९ सहितको कानुनी प्रवन्ध, विद्यालय शिक्षाको संरचनामा परिवर्तन, क्षेत्रीय शिक्षा निर्देशनालय र राष्ट्रिय शिक्षा समितिको स्थापना र विद्यालय सञ्चालन व्यवस्थापनका निम्ति विद्यालय सञ्चालक समितिको व्यवस्था गरेको पाइन्छ । वि. सं. २०४७ पश्चात् विद्यालय व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सङ्घ, स्थानीय शासन ऐनमार्फत् गाविस/नपा, जिविसलाई जिम्मेवार बनाउने प्रयास, तलदेखि माथितिर जाने योजना (Bottom Up Planning) को अवधारणासहित विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना, जिल्ला शिक्षा योजना तथा वार्षिक रणनीतिक कार्यान्वयन योजना, स्थानीय तहमार्फत् विद्यालयको व्यवस्थापन र सामाजिक परीक्षणको प्रावधान गरेको देखिन्छ । दशौं योजनादेखि विकेन्द्रीकृत शैक्षिक व्यवस्थापनमा अझ बढी महत्त्व प्रदान गरेको देखिन्छ । उच्च शिक्षातर्फ समन्वय र विकासका निम्ति, विश्वविद्यालय अनुदान आयोगको स्थापनासहितको संरचनागत सुधार र उच्च शिक्षामा प्रभावकारिताका लागि उच्च शिक्षा परियोजनाहरूमार्फत् शिक्षामा सुशासन कायम गर्न खोजेको देखिन्छ ।

## शिक्षा आयोगका प्रतिवेदनहरूमा शैक्षिक सुशासन

विगतका शिक्षा आयोगका प्रतिवेदनहरूमा सुशासन र विकासका निम्ति विभिन्न सुझावहरू प्रदान गरेको देखिन्छ । वि. सं. २०११ सालको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले स्थानीय प्रतिनिधिहरूसहितको प्रवन्ध समिति, स्कुल इन्स्पेक्टर, जोनल इन्स्पेक्टरको परिकल्पना, शिक्षाको

स्थानीय बोर्डको व्यवस्था, अधिकारसम्पन्न हेडमास्टरको व्यवस्था हुनुपर्ने सिफारिस गरेको देखिन्छ । त्यसैगरी पाठशाला सञ्चालक समितिसहित प्रधानाध्यापकका काम कर्तव्य र अधिकारको व्यवस्था राष्ट्रिय सर्वाङ्गीण शिक्षा समितिको प्रतिवेदनमा समावेश भएको देखिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८—२०३२ ले शिक्षकको सेवाको सुरक्षाका निम्ति शिक्षा आयोगको गठन, निरीक्षकको व्यवस्था, शिक्षाको प्रशासनिक सङ्गठन, राष्ट्रिय शिक्षा समितिको व्यवस्था, विश्वविद्यालय सभाको व्यवस्था शिक्षकहरूको न्यूनतम योग्यताको निर्धारण र वृत्ति विकासको अवसरको व्यवस्थामार्फत् शैक्षिक सुशासनका निम्ति केही प्रयास गरेको देखिन्छ । शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०४० ले राष्ट्रिय उच्च शिक्षाका उद्देश्यहरू उच्च शिक्षामा सेवा गर्ने शिक्षक कर्मचारीहरूको सेवा प्रवेशका आधारहरू, प्राविधिक एवम् साधारण उच्च शिक्षासम्बन्धी नीति, संस्थागत प्रवन्ध, सङ्गठनात्मक ढाँचासहितका सिफारिसहरूमार्फत् उच्च शिक्षाको शासन प्रणाली स्थापित गर्न खोजेको देखिन्छ । त्यसैगरी राष्ट्रिय शिक्षा आयोग २०४९ ले शिक्षाको शासनका सम्बन्धमा महत्त्वपूर्ण प्रावधानहरू सिफारिस गरेको पाइन्छ । शिक्षाका राष्ट्रिय उद्देश्यहरू, शैक्षिक संरचना, शिक्षाका राष्ट्रिय नीतिहरू, शिक्षासम्बन्धी अधिकारहरूको बाँडफाँड, निरिक्षण सुपरिवेक्षणसहित निजी क्षेत्रका विद्यालयहरू सञ्चालन व्यवस्थापनका सम्बन्धमा सुझावहरूमार्फत् शैक्षिक सुशासनको प्रत्याभूति दिलाउन खोजेको देखिन्छ । त्यसैगरी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पनि २०४९ को प्रतिवेदनको सेरोफेरोमा रही शिक्षामा सुशासनसम्बन्धी सिफारिसहरू गरेको देखिन्छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

सुशासनको एउटा आधारभूत र महत्त्वपूर्ण विषय शिक्षा भएकाले आधुनिक राज्य व्यवस्थामा शिक्षालाई एउटा महत्त्वपूर्ण बहुआयामिक प्रभाव भएको उपक्षेत्र मानिन्छ । नेपालका सन्दर्भमा सुशासनको सम्बोधन गर्ने प्रमुख दस्तावेज नेपालको संविधान हो । शैक्षिक सुशासनलगायत राज्य व्यवस्थाका सबै पक्षमा पारदर्शिता, उत्तरदायित्व, सहभागिता, भविश्यपरकता, अपनत्व, कानुनी शासनजस्ता सैद्धान्तिक पक्षलाई सम्बोधन गर्ने कुराको प्रत्याभूति संविधानले गरेको छ । संविधानको प्रस्तावनामा नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिप्रतिको नेपाली जनताका आकाङ्क्षा पुरा गर्न संविधान जारी गरिएको कुरा उल्लेख गरिएको छ । संविधानको निर्देशक सिद्धान्त र नीतिमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने भनी उल्लेख गरिएको छ । त्यसैले संवैधानिक मर्मलाई आत्मासात् गर्दै राज्यको शासकीय सुधारका विषयमा शिक्षालाई उच्च महत्त्व दिइएको छ ।

### नीतिगत तथा कानुनी व्यवस्था

सुशासन ऐन, २०६४ र सुशासन नियमावली, २०६५ ले नेपालको सार्वजनिक प्रशासनलाई विकेन्द्रित, नतिजामूलक, सूचनामूलक, मूल्यमा आधारित, भ्रष्टाचाररहित, समतामा आधारितजस्ता पक्षमा जोड दिँदै सार्वजनिक सुनुवाइ, सूचनाको हकको सुनिश्चितता, उपभोक्ता/सेवाग्राही सर्वेक्षण, क्षतिपूर्तिसहितको नागरिक

बडापत्र, गुनासो सुनुवाइ आदि पक्षमा जोड दिएको छ । मानव अधिकारसम्बन्धी कानुनहरू, प्रशासनिक कार्यविधिसम्बन्धी कानुनहरू, सूचनाको हकसम्बन्धी ऐन कानुन, अदालतका सार्वजनिक हितसम्बन्धी निर्णयहरू, अख्तियारका गतिविधि, उपभोक्ता हित सम्बन्धी ऐन, नियम तथा निर्देशिकाहरू, नेपाल सरकारका बेला बेलामा जारी हुने सुशासन प्रवर्धन गर्ने प्रयासहरू हुन् । त्यसैगरी नागरिक अधिकार ऐन, २०१२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नेपालका विगतदेखि वर्तमानसम्म सुशासनसम्बन्धी गरिएका नीतिगत प्रयासका प्रमाणहरू हुन् ।

सुशासनलाई प्रवर्धन गर्ने उद्देश्यसहित नेपालको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई सम्बोधन गर्न हाल भ्रष्टाचार निवारण ऐन, २०५९ कार्यान्वयनमा छ । उक्त ऐनमा राजनीतिक पक्षमा समेत सुधार हुन राजनीतिक दलको चुनावी प्रक्रियामा पारदर्शिता, मन्त्रिपरिषद् सचिवालयमा सुधार, न्याय प्रणालीमा सुधार, कर्मचारी प्रशासनमा सुधार, सेवा सरलीकरण निर्णयमा पारदर्शिता जस्ता पक्षलाई सम्बोधन गर्नुपर्ने कुरा उल्लेख छ । भ्रष्टाचार हटाउन स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्था, सार्वजनिक संस्थान, बैङ्कलगायत वित्तीय निकाय र अन्तर्राष्ट्रिय विकास साझेदार सबै पक्षमा सुधार हुनुपर्ने कुरा पनि सो ऐनमा उल्लेख छ । आवधिक योजनाहरूमा समेत विशेषगरी चालु चौधौं योजनामा प्रशासकीय सुशासन र वित्तीय सुशासनसम्बन्धी विद्यमान अवस्था, प्रमुख चुनौती र सम्भावना एवम् नीति तथा कार्यक्रम समेत दिइएको छ ।

**राजनीतिक दलका घोषणापत्रमा सुशासन**

त्यसैगरी समग्र मुलुकको सुशासनको पक्ष राजनीतिक दलको चुनावी घोषणापत्रको प्रमुख सुधारको विषयका रूपमा प्रस्तुत गरेको पाइन्छ । शैक्षिक सुशासनका सम्बन्धमा राजनीतिक दलका घोषणा पत्रमा छुट्टै रूपमा उल्लेख भएको नभए तापनि शैक्षिक सुधारका विषयलाई प्रमुख विषयका रूपमा प्रस्तुत गरेबाट शैक्षिक सुशासनको विषय उनीहरूको सुधारको विषयमा परेको देखिन्छ । यसरी उल्लेख गरिएका प्रमुख विषयमा निजी लगानीलाई नियमन गर्दै शिक्षा प्रणालीमा रहेको विषमता हटाइने, शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त गराइने, विद्यालयलाई शान्तिक्षेत्र बनाइने, सामुदायिक विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, शौचालय, छात्रावास, खेलकुदको व्यवस्था, सरसफाई आदिको उचित प्रवन्ध गरिनेजस्ता कुराहरू रहेको पाइन्छ ।

**शिक्षामा सुशासनसम्बन्धी मौजुदा व्यवस्था**

संविधानमा व्यवस्था भएको शिक्षाको मौलिक हक, शिक्षासम्बद्ध संवैधानिक नीतिहरू शैक्षिक सुशासन कायम गर्नका लागि मार्गनिर्देशक आधार हुन् । शिक्षा ऐन तथा नियमावलिमा रहेका विभिन्न तहगत एवम् निकाय/समितिका काम कर्तव्य र अधिकारहरू, समिति बोर्डमा रहने पदाधिकारीहरूको योग्यता, सेवासर्त एवम् छनौटका प्रक्रिया, शैक्षिक संस्थाहरूमा अनुदान व्यवस्थालगायतका प्रावधानले शिक्षामा सुशासन कायम गर्न खोजेको स्पष्ट हुन्छ । त्यसैगरी स्थानीय निकायले विद्यालय व्यवस्थापन जिम्मा लिनसक्ने प्रावधान, तोकिएको कार्य जिम्मेवारी पूरा नगरेको अवस्थामा दण्डित गर्ने व्यवस्था, अनुमति स्वीकृति खारेजीको व्यवस्था, शिक्षा क्षेत्रमा काम गर्ने जनशक्तिको पदीय आचरणसम्बन्धी

व्यवस्थालगायत उनीहरूले पालना गर्नुपर्ने आचारसंहिता र दण्ड सजायका विषयहरू पनि सुशासनका प्रयास हुन् । यसका अतिरिक्त लेखापरीक्षण तथा सामाजिक परीक्षणको व्यवस्था, वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने प्रावधान, विद्यालयले लिन पाउने शुल्क निर्धारण प्रक्रिया, शिक्षक छनौट समिति, नियमित शैक्षिक क्यालेण्डरको पालना गर्नुपर्ने लगायतका व्यवस्थाहरूबाट शिक्षामा सुशासन कायम गर्न खोजिएको छ ।

नेपाल सरकार कार्य विभाजन नियमावलिमा उल्लिखित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यजिम्मेवारीका क्षेत्र, मन्त्रालय र अन्तरगतका केन्द्रीय निकाय (राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, आदि) का सङ्गठन संरचना, स्वीकृत कार्यजिम्मेवारी र कार्यविवरणसहितको जनशक्ति व्यवस्थापनले पनि सुशासनको प्रयास भएको देखाउँछ । त्यसैगरी प्रदेश सामाजिक मन्त्रालय र अन्तर्गतका निकायहरूको कार्यविवरणसहितको सङ्गठन संरचना एवम् स्थानीय सरकारको शिक्षा इकाइको कार्यविवरण एवम् क्षेत्राधिकार पनि शैक्षिक सुशासन कायम गर्न भएका प्रयासहरू मानिन्छन् । त्यसैगरी विकेन्द्रीकृत योजना निर्माण प्रक्रिया, वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्थापन स्वीकृत बजेटको सीमामा रहेर स्वीकृत कार्यप्रणालीका आधारमा खर्च गर्नुपर्ने व्यवस्था, आन्तरिक नियन्त्रण प्रणाली, लेखापरीक्षण, सामाजिक परीक्षण, सार्वजनिक निजी साझेदारीको अवधारणासहित शिक्षामा विपन्न र पछाडि पारिएकाहरूका निम्ति समान पहुँच सुनिश्चित गर्न भएका छात्रवृत्तिसहित सहुलियतका प्रावधान र आरक्षणको व्यवस्थासमेतबाट शिक्षामा सुशासन कायम गर्न खोजेको देखिन्छ ।

सुशासनलाई चालु चौधौं योजनाले पनि सम्बोधन गरेको देखिन्छ । योजनामा शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी नवप्रवर्तनशील मानव पुँजीको विकासमार्फत् आर्थिक सामाजिक रूपान्तरण हासिल गर्ने भनिएको छ । चालु योजनाले सबैका लागि गुणस्तरीय शिक्षाको पहुँच, आर्थिक रूपले विपन्न लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिका लागि विशेष सहुलियत, सबै सरोकारवालासँगको सहकार्य र साझेदारीबाट प्राविधिक एवम् व्यावसायिक शिक्षा र तालिमको अवसर वृद्धि, जवाफदेहिता सुनिश्चित गर्न कार्यसम्पादन परीक्षण र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधानजस्ता कुराहरू उल्लेख गरी सुशासनप्रति प्रतिबद्धता जनाएको छ । यसैगरी शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको नतिजाप्रति उत्तरदायी वनाउने व्यवस्था, जोखिममा परेका, अल्पसंख्यकहरू समेतको सिकाइ आवश्यकता सम्बोधन गर्न खुला तथा वैकल्पिक शिक्षा प्रणाली, घुम्ती विद्यालय, दिवा खाजा कार्यक्रम, अपाङगमैत्री, विपद्मैत्री, भौतिक संरचना, उच्च शिक्षामा विविधीकरण र गुणस्तर सुनिश्चित गर्दै प्रभावकारी नियमन, सामाजिक न्यायका आधारमा प्राविधिक शिक्षामा शुल्क निर्धारणलगायतका व्यवस्थाहरूमार्फत\ शैक्षिक सुशासन अभिवृद्धि गर्न खोजेको देखिन्छ ।

आ. व. २०७३/७४ देखि कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजनाले पनि वैकल्पिक शिक्षा प्रणालीमार्फत् सबैका लागि शिक्षा, विद्यालयमा अनुकूल सिकाइ वातावरणको विकास, शिक्षकको व्यवस्थापन, शैक्षिक योजना निर्माण, व्यवस्थापन तथा बजेट निर्माण सम्बन्धमा स्थानीय, प्रदेश तथा

सङ्घीय सरकारका काम कर्तव्य र उत्तरदायित्वको पुनरावलोकन गर्ने व्यस्था गरी सुशासनमा जोड दिएको छ । यसले संस्थागत पुनर्संचरनाको व्यवस्थासहित क्षमता विकास, वार्षिक रूपमा गरिने संयुक्त समीक्षा, स्वतन्त्र मूल्याङ्कन गर्ने व्यवस्था र योजना सञ्चालनका लागि सङ्क्रमणकालीन व्यवस्थापनको मार्गचित्र प्रस्तुत गरेको छ । सुपरिवेक्षण र समन्वयमार्फत् योजना कार्यान्वयन व्यवस्थाको सुदृढीकरण गरिने व्यवस्था, समता रणनीति र सूचकको आधारमा विशेष शैक्षिक कार्यक्रम तहगत शिक्षाको व्यवस्थापनको निम्ति संरचना र अधिकार सहितको परिमार्जित रणनीतिको व्यवस्थापन एवम् नियमित अनुगमन सुपरिवेक्षण र प्रतिवेदन जस्ता प्रावधानबाट पनि विद्यालय शिक्षामा सुशासन कायम गर्न खोजेको पाइन्छ । विगतमा कार्यान्वयन गरिएका सबैका लागि शिक्षा, विद्यालय क्षेत्र सुधार योजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, शिक्षक शिक्षा परियोजना, उच्च शिक्षा परियोजना सबैले गुणस्तर, समता, जवाफदेहिता र उत्तरदायित्वको व्यवस्थासहित शैक्षिक सुशासन कायम गर्न खोजेको समेत देखिन्छ ।

## ३. मुद्दा र चुनौतीहरू

सङ्घीय शासन प्रणालीको कार्यान्वयनसँगै शिक्षामा सुशासन कायम गर्ने र प्रभावकारी तवरबाट गुणस्तरीय शैक्षिक सेवा प्रवाह गर्ने विषय अत्यन्त महत्त्वपूर्ण रहेको छ । जनचाहनाअनुरूप गुणस्तरीय शिक्षा, राष्ट्रिय आवश्यकताअनुसार दक्ष एवम् प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी देशको समग्र अवस्थामा सुधार ल्याउन शिक्षा व्यवस्थापन चुस्त र उत्तरदायी बनाउन आवश्यक हुन्छ । त्यसका लागि माथि उल्लिखित विभिन्न प्रयासहरू भए पनि शिक्षामा सुशासन कायम गर्ने विषयमा तपसिलबमोजिमका समस्या, मुद्दा तथा चुनौतीहरू विद्यमान रहेका छन् :

**नीतिगत तथा संरचनागत पक्ष**

- उच्च शिक्षा एवम् विश्वविद्यालयहरूमा शिक्षक छनौट प्रक्रियालाई नीतिगत रूपमा नै व्यवस्थित बनाउनु
- शिक्षालयहरूको स्थापना मूल्याङ्कन वर्गीकरणलाई मापदण्डमा आधारित बनाउनु
- परिवर्तित सन्दर्भमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्ने निकायगत जिम्मेवारी तथा निकागत समन्वय गर्नु
- छायाँ शिक्षाका रूपमा सञ्चालित ब्रिज कोर्स, ट्युसन सेन्टर, कोचिङ सेन्टर तथा शैक्षिक परामर्श प्रदायक संस्थाहरूको नियमन र व्यवस्थापन गर्नु

**शैक्षिक जनशक्तिको व्यवस्थापन**

- शिक्षामा कार्यरत जनशक्तिको समानुपातिक वितरण व्यवस्थापन र क्षमता विकास गर्नु
- शिक्षासम्बद्ध सङ्गठन/व्यक्तिहरूमा व्यावसायिकता (Professionalism) को विकास गर्नु
- विद्यालय सङ्ख्या/तह, विद्यार्थी सङ्ख्याअनुरूप शिक्षक व्यवस्थापन र कर्मचारी व्यवस्थापन गर्नु
- विद्यालय, क्याम्पस, विश्वविद्यालयलगायतमा शैक्षिक नेतृत्व व्यवस्थापनमा गुण र क्षमताभन्दा राजनीतिक प्रभाव बढी देखिनु
- माध्यमिक कक्षा ११—१२ मा शिक्षक व्यवस्थापन हुन नसक्नु तथा आंशिक शिक्षकको सङ्ख्या अधिक हुनु

- विश्वविद्यालय शिक्षामा कार्यरत जनशक्ति विनाप्रतिस्पर्धा आंशिकका रूपमा प्रवेश गर्नु, धर्ना अनसनजस्ता गतिविधिमार्फत् दरवन्दीमा रूपान्तरित हुनु, सेवा अवधिका आधारमा स्थायी हुन खोज्ने प्रवृत्तिका कारण गुणस्तरीय शैक्षिक सेवा प्रवाह हुन नसक्नु
- करार शिक्षकको नियुक्ति, छनौट प्रक्रिया व्यवस्थित नहुनु, स्थायी छनौट सङ्घ/प्रदेश/स्थानीय कसले गर्ने हो निर्धारण हुन नसक्नु
- विद्यालय/विश्वविद्यालयका लागि शैक्षिक जनशक्ति विकास योजना निर्माण हुन नसक्नु
- शिक्षक, प्राध्यापक, कर्मचारीहरूको वृत्ति विकासको सुनिश्चितता, कार्यक्षमतामा आधारित रही कार्य सम्पादन मूल्याङ्कन गर्नु
- शिक्षामा आरक्षणबाट उत्पन्न वर्तमान समस्यालाई उचित रूपमा सम्बोधन गर्ने तथा आरक्षणको प्रकृयाबाट योग्य शिक्षक छनोट गर्ने कुराको औचित्यको पुस्टयाइँ गरी आरक्षित शिक्षकको सरुवाको चापलाई  सम्बोधन गर्नु
- विद्यालयमा कर्मचारी व्यवस्था गर्नु
- शिक्षक सरुवालाई राजनीतिक प्रभावबाट मुक्त राख्दै व्यवस्थित पार्नु
- प्रतिभा पलायनलाई रोक्ने गरी शैक्षिक व्यवस्था गर्नु
- स्थायी प्राध्यापक तथा शिक्षकको प्रवन्ध गर्नु
- शिक्षक प्राध्यापकलाई शैक्षिक कार्यमा नै समर्पित हुने बनाउनु
- शैक्षिक प्रशासन/व्यवस्थापन शिक्षण संस्था लगायतमा क्षमतावान प्रतिभालाई आकर्षण गर्न नसक्नु

**शिक्षण संस्थाको सञ्चालन र व्यवस्थापन**

- शिक्षण संस्था सञ्चालन/व्यवस्थापन समितिमा सरोकार नभएका व्यक्तिहरूको प्रवेश र हस्तक्षेपका कारण व्यक्तिगत, राजनीति प्रभाव र पहुँचका आधारमा शिक्षासम्बद्ध कार्यहरू हुनु
- विद्यालय व्यवस्थापन समितिको गठन प्रकृया, सहभागिता र अधिकार क्षेत्रका बारेमा विवाद आइरहनु
- विद्यालयका सम्पत्तिको सुरक्षा तथा संरक्षण गर्नु
- शिक्षण संस्थाहरूको स्थापना, अनुमति, सम्बन्धनलाई नक्साङ्कन तथा मापदण्डमा आधारित बनाउनु
- शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउनु
- विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाहरूको स्थापना तथा विश्वविद्यालयको पदाधिकारी र नेतृत्व चयनलाई व्यवस्थित गर्नु

**वित्तीय व्यवस्थापन र पारदर्शीता**

- शिक्षालयको बजेटमा तलबीभार मात्र ज्यादा भई सिकाइमा खर्च हुने भार न्यून हुनु
- समयमा नै  निकासा गराउनु तथा  खर्च गर्ने प्रक्रियालाई विधिसम्मत बनाई बेरुजु हुन नदिनु
- सबै प्रकारका विद्यालय तथा शिक्षण संस्थाका आर्थिक कारोबारलाई पारदर्शी एवम् व्यवस्थित बनाउनु

- आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क बनाउनु
- शिक्षामा लगानी गर्ने निजी क्षेत्रलाई सामाजिक रूपमा उत्तरदायी बनाउनु

**सहभागिता र समन्वय**

- शैक्षिक निर्णय प्रक्रियामा सरोकारवाला तथा विपन्न समुदाय समेतको प्रतिनिधित्व सुनिश्चित गर्नु
- सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, भए गरेका निर्णयको सार्वजनिकीकरण तथा कार्यान्वयन गर्नु
- शिक्षासँगसम्बद्ध विषयहरूको निर्णय प्रक्रियामा सहभागितात्मक पद्धति अवलम्बन गर्नु
- प्राविधिक शिक्षा, प्रविधिमा आधारित शिक्षाजस्ता शैक्षिक सुविधा तथा अवसरको समतापूर्ण वितरण गर्नु

**सेवा प्रवाहमा गुणस्तर**

- सेवा प्रवाहमा बिचौलियाको परिपाटि न्यूनीकरण गर्नु
- अनुगमन मूल्याङ्कन, पृष्ठपोषण पक्षलाई प्रभावकारी बनाउनु
- सेवाको गुणस्तर नियमन गर्नु
- कार्यविभाजन प्रक्रियालाई व्यवस्थित बनाउनु
- तालिम केन्द्रको क्षमता विकास गरी थप व्यवस्थित बनाउनु
- विद्यालय सुपरीवेक्षणलाई अर्थात् सिकाइको प्राविधिक सहायताको अङ्ग बनाउनु
- सेवा प्रदायकहरूको दक्षता बढाउनु र कार्यप्रति उत्प्रेरित गर्नु

**उत्तरदायित्व र जिम्मेवारी**

- शैक्षिक व्यवस्थापन र सिकाइ उपलब्धिप्रतिको जिम्मेवारी तथा जवाफदेहिता बढाउनु
- आवश्यकतामा आधारित योजना निर्माण र कार्यान्वयन गर्नु
- शैक्षिक संस्थामा आचार संहिता विकास गरी पूर्णपरिपालन गर्नु
- कार्य तथा जिम्मेवारीको उचित मूल्याङ्कन गर्नु
- मूल्याङ्कनलाई सिकाइको वास्तविक मापनमा बदल्नु
- शैक्षिक क्षेत्र सम्बद्ध व्यक्तिहरूको कार्यसम्पादनलाई शैक्षिक उपलब्धि र गुणस्तरसँग तादाम्यता कायम गर्नु
- छात्रवृत्तिलाई आवश्यकतामा आधारित र औचित्यपूर्ण बनाउनु
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम व्यावहारिक र प्रयोगमुखी बनाउनु
- शिक्षा विकासमा वैदेशिक सहायता र राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संलग्नतालाई व्यवस्थित गरी उक्त संस्थाहरूको लगानीको पारदर्शिता कायम गराउनु
- सबै तहका पाठ्यक्रमलाई व्यावहारिक तथा सान्दर्भिक हुने गरी विकास गर्नु

## ४. भावी सम्भावना तथा अवसरहरू

- सङ्घीय संरचनाअनुरूप सबै तहबाट समन्वयात्मक रूपमा समान गुणस्तरीय शैक्षिक सेवा प्रवाह हुने

- शासन व्यवस्थामा आएको रूपान्तरणसँगै सबै प्रकारका शिक्षण संस्थामा आवश्यक पूर्वाधार (भौतिक, मानवीय, प्रविधि, वित्तीय) पुगी गुणस्तरीय शिक्षा प्रदान हुने
- विधि, प्रक्रिया, नीतिसम्मत तवरबाट विधिको शासनअनुरूप सबै शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन हुने
- सक्षम, प्रतिस्पर्धी जनशक्ति व्यवस्थापन, गुणस्तरीयता र सक्षमतामा आधारित छनौट प्रणाली लागु हुने
- शिक्षा क्षेत्रमा जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्वको पालना हुने
- वित्तीय सुशासन कायम हुने, व्यावसायिकता अभिवृद्धि हुने तथा पारदर्शिता सुनिश्चित हुने
- विना भेदभाव सबैले समान अवसर प्राप्तिको सुनिश्चितता हुने
- समयमा नै शिक्षासम्बद्ध ऐन, कानुन, कार्यविधि तयार भई उक्त कानुनी आधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने
- संविधानप्रदत्त अधिकारबमोजिम सबै स्थानीय सरकारको क्षमता विकास भई विद्यालय शिक्षाको सञ्चालन व्यवस्थापन हुने

## ५. सुझावहरू

### नीतिगत तथा संरचनागत पक्ष

### नीतिगत व्यवस्था

- शिक्षासम्बन्धी राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण गर्ने, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन गर्ने, विद्यालयको स्तर निर्धारण गर्ने, पाठ्यक्रम प्रारूप निर्धारण गर्ने, मूल विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासमा सङ्घीय सरकारको कार्यक्षेत्र केन्द्रित गर्ने । यसका अलावा नीति कार्यान्वयनको अनुगमन, पृष्ठपोषण र सुधारात्मक प्रक्रियामा पनि सङ्घीय सरकार संलग्न रहने व्यवस्था कायम गर्ने
- विश्वविद्यालयगत रूपमा खोलिएका सेवा आयोगलाई सङ्क्रमणकालिन व्यवस्थापन स्वरूप एकीकृत गरी एकल सेवा आयोग बनाउने । आयोगले मापदण्ड निर्धारण गरी शिक्षक छनौट गर्ने र निश्चित मानक एवम् मापदण्डका आधारमा अनुदान वितरण गर्ने तथा अनुगमन एवम् मूल्याङ्कन गर्ने
- शिक्षाको समग्र विकासका लागि सङ्घीय तहमा विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, परीक्षा व्यवस्था, शिक्षक सेवा आयोग, विश्वविद्यालय सेवा आयोगलाई समेटी एकीकृत सङ्घीय शिक्षा ऐन तर्जुमा गर्ने र उक्त ऐनको अधिनमा अलग अलग नियमावली बनाउने

### रणनीतिहरू

- विद्यालय शिक्षक सरुवालाई कानुनी रूपमा स्थानीय सरकारकै मातहतमा राखी व्यवस्थित गर्ने
- विद्यालयलाई सबै प्रकारका राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने कानुनी व्यवस्था गर्ने

- योग्य व्यक्तिलाई शिक्षण पेसामा प्रवेशका लागि मेधावी विद्यार्थीहरू सोझै शिक्षण पेसामा प्रवेश गर्न सक्ने व्यवस्था मिलाउने । शिक्षण पेसामा प्रवेशका लागि विषयगत बन्देज नलगाउने तर शिक्षण विधिसम्बन्धी कम्तीमा १ वर्ष अवधिको तालिमलाई अनिवार्य गर्ने
- शिक्षक सरुवा आवश्यक पर्दा शैक्षिक सत्रको आरम्भमा मात्र गर्ने । स्थानीय सरकारको कार्यक्षेत्रभित्र सम्बन्धित स्थानीय सरकारमार्फत् गर्ने व्यवस्था गर्ने, त्यसरी सरुवा गर्दा सम्बन्धित विद्यालयहरूको सहमति लिनुपर्ने
- विश्वविद्यालयलाई अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने, उक्त निकायमा नियुक्ति हुने जनशक्तिका लागि निश्चित मापदण्ड तोकी उत्कृष्टताका अधारमा प्रतिस्पर्धात्मक छनौट पद्धति अवलम्बन गर्ने
- शैक्षिक संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीलाई सहुलियतपूर्ण स्वास्थ्य उपचारको सुनिश्चित गर्न प्रत्येक प्रदेशमा एक एक वटा शिक्षक/कर्मचारी अस्पतालको स्थापना गर्ने र सो को लागि शिक्षक तथा कर्मचारीले समेत लगानी गर्ने व्यवस्था गर्ने
- शिक्षकहरुको तलबी प्रतिवेदन समयमै पारित गरी अभिलेख राख्ने र मासिक रूपमा तलबभत्ता दिने व्यवस्था मिलाउने
- शिक्षक व्यवस्थापन सूचना प्रणालीलाई अद्यावधिक राखी निकासा माग प्रक्रियासँग आबद्ध गर्ने र शिक्षक तलबभत्ता निकासामा दोहोरोपना तथा अवकाश पछिको तलब भत्ता निकासा हुन नदिने
- शिक्षा क्षेत्रमा छाँया शिक्षाका रूपमा रहेका ब्रिज कोर्स, ट्युसन सेन्टर र कोचिङ सेन्टरलगायत शैक्षिक परामर्श प्रदायक संस्थाहरूलाई मापदण्डका आधारमा सञ्चालन, नियमन र व्यवस्थापन गर्ने ।
- कक्षा ११ र १२ मात्र सञ्चालन गरिआएका विद्यालयहरूलाई निश्चित समयावधि दिएर विद्यालय तहको कक्षा ९ देखि वा कक्षा१ देखि सञ्चालन गर्ने विकल्पसहित व्यवस्थित गर्ने
- विदेशी बोर्डबाट सम्बन्धन लिई सञ्चालनमा रहेका विद्यालयहरू (कुटनीतिक नियोगले सञ्चालन गरेकाबाहेक) लाई अनिवार्य रूपमा राष्ट्रिय मापदण्ड पालना गर्नुपर्ने बनाउने ।
- शैक्षिक संस्थाहरूको आर्थिक कारोबारलाई पारदर्शी बनाउने

**जनशक्तिको व्यवस्थापन र विकास**

**नीतिगत व्यवस्था**

- शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षासम्बद्ध जनशक्ति परिचालन र क्षमता विकासका लागि स्थानीय प्रादेशिक एवम् सङ्घीय तीनै तहका सरकारलाई जिम्मेवार बनाउने
- गुणस्तरीय शैक्षिक सेवा प्रवाहका लागि शिक्षक विद्यार्थी अनुपात प्रारम्भिक बालविकासमा १:२० आधारभूत तहमा १:३० र माध्यमिक तहमा १:४० मा कायम गर्ने र सोका आधारमा हरेक वर्ष विद्यालय शिक्षक दरवन्दी मिलान गर्ने

- शिक्षकले सुरू पदस्थापना भएको विद्यालयमा अनिवार्य रूपमा २ वर्ष कार्यअवधि पुरा नगरी अर्को विद्यालयमा सरुवा हुन नपाउने व्यवस्था गर्ने । हरेक शिक्षकलाई एउटा विद्यालयमा पाँच वर्ष अवधि व्यतित गरेपछि अर्को विद्यालयमा सरुवा गर्ने व्यवस्था गर्ने । शिक्षकको सरुवा वर्षको एकपटक बैशाख महिनामा मात्र गर्ने

**रणनीतिहरू**

- क्षमता र योग्यताका आधारमा शिक्षा क्षेत्रमा आवश्यक जनशक्ति छनौट र विकास गर्ने संयन्त्र विकास गर्ने
- शिक्षक नियुक्तिको कार्य प्रदेश स्तरसम्म शिक्षक सेवा आयोगको कार्यालयलाई विस्तार गरी आयोगमार्फत् गर्ने, अस्थायी तथा करारका लागि आयोगमार्फत् स्थायी नतिजा प्रकाशन गर्दा जिल्लागत, तहगत एवम् विषयगत रूपमा सूचिकृत गर्ने र सूचिकृत नामावलिबाट मात्र स्थानीय सरकारले करार तथा अस्थायी शिक्षक नियुक्ति गर्ने प्रत्येक वर्ष शिक्षक सेवा आयोगले त्यस्ता सूचनाहरू अद्यावधिक गर्ने
- विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा प्रत्येक विद्यालयमा विद्यालय कर्मचारी (सहयोगी, कार्यालय सहायकजस्ता) पदको दरवन्दी कायम गर्ने र मापदण्डका आधारमा मात्र उक्त स्थानमा कर्मचारी नियुक्तिको व्यवस्था गर्ने । हाल कार्यरत विद्यालय कर्मचारीको तह, सेवा अवधि र योग्यताका आधारमा समायोजन व्यवस्थापन गर्ने
- शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षासम्बद्ध जनशक्तिको क्षमता विकास गर्ने
- शिक्षकको स्थायी नियुक्ति शिक्षक सेवा आयोगबाट गर्ने र कामको सरलताका लागि प्रदेशसम्म शिक्षक सेवा आयोगको कार्यालय विस्तार गर्ने
- अस्थायी शिक्षक नियुक्ति शिक्षक सेवा आयोगले प्रकाशन गरेको सूचीबाट सम्बन्धित स्थानीय सरकारले गर्ने
- शैक्षिक मापदण्डका आधारमा शिक्षक कर्मचारी नियुक्तिको व्यवस्था गर्ने
- शिक्षक सरुवा पदस्थापन भएको दुई वर्प पुगेपछि मात्र र बैशाख महिनाको प्रारम्भमा मात्र गर्ने व्यवस्था मिलाउने । पाँच वर्ष एउटा विद्यालयमा सेवा गरेपछि अर्को विद्यालयमा सरुवा हुने व्यवस्था गर्ने

**शिक्षण संस्थाको व्यवस्थापन**

**नीतिगत व्यवस्था**

- अभिभावकहरूमार्फत् अभिभावकहरूमध्येबाट नै विद्यालय व्यवस्थापन समिति गठन गर्ने, सार्वजनिक पदमा वहाल रहेका कुनै पनि व्यक्ति व्यवस्थापन समितिमा बस्न नपाउने तथा संस्थागत विद्यालयका शिक्षक र लगानीकर्ता सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा वस्न नपाउने

- शैक्षिक संस्थाको भौतिक सम्पत्ति व्यवस्थापनका लागि अलग कार्यविधि बनाउने । शैक्षिक विकास, गुणस्तर सुधार तथा प्रविधि व्यवस्थापनभन्दा बाहेक व्यावसायिक प्रयोजनका लागि विद्यालयको भवन, जग्गा, अन्य सम्पत्ति भाडामा दिन, बेचविखन गर्न बन्देज गर्ने

**रणनीति**

- शैक्षिक मापदण्ड बनाएर सोअनुसार हुने गरी मात्र नयाँ शैक्षिक संस्था खोल्ने र विद्यमान शैक्षिक संस्थाहरूको भौतिक पूर्वाधार विकास गर्ने
- व्यवस्थापनको जिम्मा विद्यालय व्यवस्थापन समितिलाई र शैक्षिक प्रशासनको जिम्मेवारी प्रधानाध्यापकलाई दिने
- शिक्षासम्बद्ध, सङ्गठन संरचनाका सम्बन्धमा तपसिलबमोजिम हुने व्यवस्था गर्ने :
    - विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रूपान्तरण गरी अनुदान प्रदान गर्ने कार्यजिम्मेवारी सहित विश्वविद्यालयको अनुगमन गर्ने अधिकार प्रदान गर्ने
    - सङ्क्रमणकालिन व्यवस्थाको लागि सबै सेवा आयोगलाई एकीकृत गरी उच्च शिक्षा सेवा आयोग बनाउने, विश्विद्यालयहरुको स्वायत्ततालाइ ध्यान दिदै क्षमता र योग्यताको आधारमा शिक्षक कर्मचारी नियुक्तिको लागि क्रमश: विश्वविद्यालयलाई नै अधिकार प्रदान गर्ने ।
    - अब खोलिने विश्वविद्यालयहरू एक विश्वविद्यालय एक क्याम्पसको अवधारणामा खोल्ने
    - उच्च शिक्षामा नक्साङ्कन नगरिकन नयाँ क्याम्पस तथा शिक्षण संस्थालाई अनुमति, सम्बन्धन प्रदान नगर्ने
    - विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिई नयाँ शिक्षण संस्था खोल्न बन्देज लगाउने
    - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई पुनःसंरचना गर्ने, प्रदेश सरकार मातहत रहने गरी प्राविधिक विद्यालयहरूको सञ्चालन व्यवस्थापनका लागि प्राविधिक कार्यालयहरू स्थापना गर्ने
    - राष्ट्रिय परीक्षा बोर्डअन्तर्गतका जिल्लास्थित कार्यालयहरूलाई समायोजन गरी प्रदेश सरकार मातहतको परीक्षा व्यवस्थापन कार्यालयमा रूपान्तरण गर्ने । उक्त कार्यालयहरूले राष्ट्रिय परीक्षा बोर्डबाट विकसित मापदण्ड र निर्देशनका आधारमा माध्यमिक तहको परीक्षा सञ्चालन व्यवस्थापन गर्ने
    - शिक्षा क्षेत्रमा कार्यरत जनशक्ति सबै तहको क्षमता विकास गर्ने गरी अलग जनशक्ति विकास विभाग स्थापना गर्ने र हालका शिक्षक तालिम केन्द्रहरूलाई प्रदेश तहको शिक्षक प्रशिक्षण प्रतिष्ठानमा रुपान्तरण गर्ने
    - हाल रहेका राष्ट्रिस्तरका पुस्तकालयहरूलाई पुस्तकालयको एकल सञ्जालभित्र आबद्ध गरी उपलब्ध पुस्तकहरूलाई डिजिटल स्वरूपमा लैजाने र इ-लाईब्रेरीमार्फत् सहज पहुँच अभिवृद्धि गर्ने

- निजी लगानीमा सञ्चालित विद्यालयहरू कम्पनी ऐनअन्तरगत सञ्चालन हुने प्रावधान खारेज गर्ने, त्यस्ता विद्यालयहरूलाई सेवामूलक रूपमा सञ्चालन गर्ने गरी सार्वजनिक गुठिमा रूपान्तरण गर्ने
- सरकारले निर्धारण गरेको मापदण्ड पुरा नगर्ने संस्थागत विद्यालयलाई बन्द गर्ने
- शैक्षिक निर्णय प्रक्रियामा समानुपातिक समावेशी प्रतिनिधित्व गराउने व्यवस्था गर्ने
- शैक्षिक संस्थाहरूका गतिविधि जाँच गरी आवश्यक सुझाव प्रदान गर्न स्थानीय बुद्धिजीवीहरू (सेवानिवृत्त शिक्षक, सेवानिवृत्त शिक्षा प्रशासक, आदि) सहितको एक स्थानीय प्राज्ञिक समिति गठन गर्ने । उक्त समितिले शैक्षिक संस्थाको सामाजिक परीक्षण, प्राज्ञिक परीक्षण, कार्य सम्पादन परीक्षण, विद्यार्थीहरूका सिकाइ उपलब्धि, विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापहरू, विद्यालयमा भएका नवप्रवर्तनात्मक क्रियाकलापहरू, अनुसन्धान आदिको अवस्थाको परीक्षण गरी सुधारका लागि सल्लाह दिने र प्रतिवेदन सम्बन्धित सबैको जानकारीको निम्ति सार्वजनिक गर्ने

**वित्तीय व्यवस्थापन र पारदर्शिता**

**नीतिगत व्यवस्था**

- सबै प्रकारका विद्यालय तथा शिक्षालयहरूको आर्थिक कारोबार बैङ्किङ प्रणालीमार्फत् गर्ने तथा यसलाई थप पारदर्शी र व्यवस्थित बनाउने । आर्थिक कारोबारको लेखा तोकिएको ढाँचामा तोकिएको समयमै राखी सोसम्बन्धी कार्य गर्ने निकाय तथा व्यक्तिलाई उत्तरदायी एवम् जवाफदेही बनाउने
- आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क बनाउन सरकारका तीनै तहलाई जिम्मेवार बनाउने पद्धतिको विकास गर्ने

**रणनीतिहरू**

- शिक्षाको गुणस्तरमा सुधार ल्याउने गरी वित्तीय स्रोतको विनियोजन र परिचालन गर्ने
- समयमा नै खर्च गर्ने पद्धतिको विकास गर्ने र आर्थिक वर्षको अन्तमा रकमान्तर गरी खर्च निकासा गर्ने पद्धतिलाई बन्द गर्ने
- शैक्षिक संस्थाका समग्र गतिविधि सम्बन्धमा सरोकारवालाहरूमा जानकारी र पदाधिकारीमा उत्तरदायित्व सुदृढ गर्न नागरिक वडापत्रको व्यवस्था गर्ने
- सबै शिक्षण संस्थाले सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नियमित प्रतिवेदन र हरेक वर्ष तोकिएको समयभित्र आर्थिक परीक्षण अनिवार्य रूपमा गर्ने व्यवस्था गर्ने
- शिक्षण संस्थाहरूले वार्षिक प्रगति प्रतिवेदन तोकिएको समयभित्र तयार गरी सम्बन्धित सबैका लागि उपलब्ध गराउने
- सबै शैक्षिक संस्थाहरूको आयव्ययको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट गर्ने
- निजी क्षेत्रको लगानीलाई कानुनद्वारा व्यवस्थित गरी सामाजिक उत्तरदायित्व वहन गर्ने बनाउने

**सेवा प्रवाहमा गुणस्तर**

**नीतिगत व्यवस्था**

- प्रत्येक स्थानीय सरकारले जनसङ्ख्या, भूगोल र उपलब्ध शैक्षिक सेवाको प्रकृतिका आधारमा विद्यालय सेवा क्षेत्र कायम गर्ने र उक्त सेवा क्षेत्रका सबै बालबालिका त्यसै विद्यालयमा अनिवार्य अध्ययन गर्नुपर्ने व्यवस्था गर्ने । साथै विद्यालयले तोकिएको गुणस्तर अनिवार्य कायम गर्ने व्यवस्था गर्ने
- कार्य सम्पादनमा आधारित वित्तीय पद्धति लागु गरी वित्तीय सुशासन कायम गर्ने । बैङ्कमार्फत् बजेट निकासा प्रवाह र रिपोर्टिङ संयन्त्रलाई चुस्त भरपर्दो एवम् व्यवस्थित बनाउने । शैक्षिक व्यवस्थापन प्रणालीलाई सरल एवम् छरितो बनाई वेबमा आधारित बनाउने

**रणनीतिहरू**

- विद्यालय अनुगमन सुपरिवेक्षण गरी विद्यालय सुधारका लागि सुझाव दिन स्थानीय प्राज्ञिक परिषद् गठन गर्ने
- विद्यालय शिक्षाको शैक्षिक क्यालेण्डर एउटै बनाउनुपर्ने । विद्यालयमा एक शैक्षिक सत्रमा न्यूनतम २०० दिन पठनपाठन हुने व्यवस्था गर्ने
- विषयगत शिक्षण अनुमतिपत्रको व्यवस्था गर्ने । शिक्षक अनुमतिपत्र लिखित परीक्षाबाट मात्र नभई प्रयोगात्मक शिक्षण हेरी प्रदान गर्ने र हरेक ५ वर्षमा परीक्षण गरी नवीकरण गर्ने

**उत्तरदायित्व र जिम्मेवारी**

**नीतिगत व्यवस्था**

- सङ्घ, प्रदेश र स्थानीय तहको जवाफदेहिता सहितको कार्यविभाजन गरी तीनओटै तहमा सम्पादन गरिने शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक कानुनी प्रवन्ध गर्ने
- शिक्षक, प्रधानाध्यापक तथा कर्मचारीको पेसागत आचारसंहिता तयार गरी लागु गर्ने । विद्यालय समयमा अन्य कुनै पेसामा आबद्ध हुने तथा कुनै पनि गैरसरकारी संस्थाका गतिविधिमा सहभागी हुन तथा गैरसरकारी संस्थाका पदीय जिम्मेवारीमा रहन नपाउने व्यवस्था गर्ने

**रणनीतिहरू**

- विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आफ्ना काम कर्तव्य बहन गर्न सक्ने तुल्याउन क्षमता विकास गरी थप जवाफदेही बनाउने
- सबै विद्यालयले समुदायको सांस्कृतिक विविधताको सम्मान गर्दै समुदायको अभिन्न अङ्गका रूपमा प्रस्तुत हुनुपर्ने कुरालाई सुनिश्चित गर्ने
- शिक्षासम्बद्ध हरेक क्षेत्रमा कार्यरत जनशक्तिका लागि आचारसंहिता निर्माण गर्ने र आचारसंहिता अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था गरी पालना नगर्नेलाई सजायँ गर्ने

- अध्ययनका लागि विदेश जाने विद्यार्थीका आवश्यकतालाई सम्बोधन हुने गरी उच्च प्राज्ञिक अनुसन्धान केन्द्रहरू स्थापना गर्ने जसले बाहिर देशका विद्यार्थीहरूलाई समेत आकर्षण गर्न सक्ने गरी काम गर्ने
- शिक्षकले विद्यालय समयमा आफ्ना विद्यालयमा मात्र पूर्ण समय व्यतित गर्नुपर्ने । एक शिक्षण संस्थामा स्थायी नियुक्ति पाएका व्यक्तिलाई अर्को शिक्षण संस्थामा आंशिक वा करारमा नियुक्ति हुन वा गर्न नपाइने
- प्रधानाध्यापकलाई शैक्षिक प्रशासनका लागि जिम्मेवार बनाउने
- प्रत्येक विद्यालयका प्रधानाध्यापक विशिष्ट अनुभवसहित कार्यसम्पादनमा आधारित करारमा नियुक्ति गर्ने
- प्रधानाध्यापकको कार्यकाल ५ वर्ष बनाउने
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कन र पदाधिकारी मूल्याङ्कन प्रक्रिया सम्बन्धमा जिम्मेवार व्यक्ति र निकायको किटानी गर्ने
- विद्यालय र विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको पेसागत हकहित संरक्षणका लागि र पदीय जिम्मेवारीप्रति उत्तरदायी बनाउन एकल पेसागत सङ्गठन मात्र क्रियाशील रहन पाउने व्यवस्था गर्ने ।

परिच्छेद १७

# शिक्षामा लगानी

## १. पृष्ठभूमि

शिक्षाले वित्तीय स्रोतको माग गर्दछ । शैक्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गरी शिक्षामा अपेक्षित उपलब्धि हासिल गर्नका लागि स्वभावैले वित्तीय स्रोतको आवश्यकता पर्दछ । गुणस्तरीय शिक्षाका लागि थप समय र लगानीको आवश्यकता पर्दछ । शिक्षामा वित्तीय लगानी भन्नाले शिक्षामा गरिने/हुने खर्च भन्ने बुझिन्छ । शिक्षा क्षेत्रमा आवश्यक पर्ने वित्तीय स्रोत के हुने, त्यस किसिमको स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको प्रयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयको एकीकृत स्वरूप नै शिक्षामा लगानीको व्यवस्थापन हो ।

शिक्षामा गरिने लगानीले मानव विकासका आर्थिक, सामाजिक, राजनीतिकलगायतका पक्षलाई पनि समेटेको हुन्छ । शिक्षालाई सामाजिक वस्तु (Public Goods) तथा आर्थिक वस्तु (Economic Goods) का रूपमा स्वीकार गरेर नै सरकार, घरपरिवार र अन्य सङ्घसंस्थाले लगानी गरेको हुन्छ । सामान्यतया सामाजिक माग, मानव संशाधन, आवश्यकता र लगानी प्रतिफल (Rate of Return) को विश्लेषण नै राज्यले शिक्षामा गर्ने लगानीको आधार हो । कुन तहको शिक्षामा कस्तो प्रकारबाट लगानी गर्दा त्यसको प्रतिफल उच्च हुन्छ भन्ने विषयलाई नै आधार मानेर शिक्षामा लगानी गरिन्छ । साक्षरताका क्षेत्रमा गरिने लगानी, प्रारम्भिक बालविकास, आधारभूत शिक्षा तथा प्राविधिक र व्यावसायिक शिक्षामा गरिएको लगानीको प्रतिफल उच्च हुने विश्वव्यापी मान्यताको आधारमा नै उक्त क्षेत्र (Sector) हरूमा लगानीलाई प्राथमिकता दिइएको हुन्छ । सामाजिक अवस्था र राजनीतिक परिवेशलाई समेत ध्यानमा राखेर सरकारले शिक्षामा लगानी गरेको हुन्छ । बालकको सर्वाङ्गीण विकास र लगानी प्रतिफल (विशेष गरी आर्थिक स्तर वृद्धि) हुने अपेक्षामा घरपरिवारले आफ्ना बालबालिकाका लागि शिक्षामा लगानी गरेको हुन्छ । निर्वाचनमा राजनीतिक दलहरूले व्यक्त गरेका प्रतिबद्धता र सुधारका मुद्दाहरूले पनि शिक्षा क्षेत्रमा गरिने लगानीको प्राथमिकता निर्धारण गरेको हुन्छ ।

उल्लिखित अवस्थाका अतिरिक्त सरकारले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिबद्धता विभिन्न वर्गलाई उत्थान गर्ने मान्यता, विशेष वर्ग र क्षेत्र तथा विशिष्टीकृत कार्यक्रमहरूलाई सम्बोधन गर्ने उद्देश्यबाट पनि शिक्षा क्षेत्रमा गरिने लगानीलाई प्रभावित तुल्याएको हुन्छ । त्यसैले शैक्षिक उद्देश्यको प्राप्ति, समता र सामाजिक न्याय, सकारात्मक विभेदीकरण, लगानीको प्रतिफल, स्रोत उपयोगको क्षमता, दक्षता र पारदर्शिता, स्रोतको दिगोपना, सार्वजनिक जवाफदेही र शिक्षाको गुणस्तरीयतालगायतका सैद्धान्तिक आधारहरूमा शिक्षामा लगानी गरिएको हुन्छ । त्यसबेक लागत लाभको विश्लेषण, मानव संसाधनको विकास, सामाजिक माग, समसामयिक परिवेश र लगानी परिचालन गर्ने प्रणालीलाई पनि

शिक्षामा गरिने लगानीको सैद्धान्तिक आधारका रूपमा लिने विश्वव्यापी मान्यता छ । सोही मान्यतामा नै नेपालले पनि शिक्षामा लगानी गर्दै आएको छ ।

## २. नेपालको शिक्षामा लगानीको विकासक्रम

नेपालमा मूलभूत रूपमा पाँच प्रकारका स्रोतहरूबाट शिक्षामा लागानी भएको पाइन्छः सरकारी लगानी (वैदेशिक सहायता समेत), अभिभावकको लागनी, समुदायको लागनी , निजी क्षेत्रको लगानी र गैरसरकारी संस्थाहरूको लागनी । प्राचीन गुरुकुलमा धर्म परम्परा र दान दातव्यको हिसाबले शिक्षामा लगानी भएको देखिन्छ । आधुनिक नेपालपूर्व शिक्षामा राज्यको लगानीले त्यति धेरै प्राथमिकता नपाए पनि पृथ्वीनारायण शाहले सरकारी छात्रवृत्तिमा विद्यार्थीलाई बाहिर अध्ययनका लागि पठाउनु, पछि आएर दरवार स्कुल तथा त्रिचन्द्र क्याम्पसको स्थापनासँगै उक्त विद्यालय र क्याम्पसमा लाग्ने खर्च सरकारबाट बेहोर्ने व्यवस्था र तत्पश्चात् सरकारी तवरबाट खोलिएका विद्यालयमा सरकारले निश्चित रकम उपलब्ध गराउने व्यवस्थाबाट शिक्षामा सरकारको लगानीको सुरुवात भएको देखिन्छ । प्रजातन्त्रको स्थापनासँगै देशभर पाठशाला तथा विद्यालय स्थापना तीव्र रूपले भएको भए तापनि अधिकांश सामुदायिक लगानीमा नै सञ्चालन भएको पाइन्छ । त्रिभुवन विश्वविद्यालयको स्थापनासँगै उच्च शिक्षामा सरकारको लगानीमा वृद्धि भएको देखिन्छ भने राष्ट्रिय शिक्षा पद्धति योजना कार्यान्वयनसँगै सबै सामुदायिक माध्यमिक विद्यालयलाई व्यावसायिक विद्यालयका रूपमा रूपान्तरण गरी राज्यले लगानीको अपनत्व लिन खोजेको देखिन्छ । तर पर्याप्त स्रोतको व्यवस्थापन गर्न नसक्दा एक दशक बित्दा नबित्दै सरकारको निश्चित हिस्सा अनुदानसहित सामुदायिक लगानीलाई नै प्रश्रय दिएको पाइन्छ । सन् १९९० को जोम्टिन शिखर सम्मेलन र सन् २००० को डकार शिखर सम्मेलनले सबैका लागि निःशुल्क प्राथमिक शिक्षा र त्यसको लगानीको दायित्व सरकारको हुने विषयमा नेपालको तर्फबाट पनि प्रतिबद्धता जनाई शिक्षामा राज्यले लगानीको बढोत्तरी गर्दै लगेको पाइन्छ ।

कोलम्बो प्लानको सुरुवातसँगै सन् १९५० र १९६० को दशकमा नेपालको शिक्षामा अमेरिकी सहयोगमार्फत् वैदेसशक सहयोगको सुरुवात भएको पाइन्छ ।लगानीको ढाँचा चाहिँ लागत साझेदारीमा नै आधारित रहेको देखिन्छ । सन् १९७० र १९८० को दशकमा संयुक्त राष्ट्रसङ्घीय नियोगहरूमार्फत् वैदेशिक लगानी सन् १९९० को दशकबाट विश्वबैङ्क र सन् २००० पश्चात् एसियाली विकास बैङ्कको प्रवेशमार्फत् नेपालको शिक्षामा लगानी भएको देखिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजनासँगै लागत साझेदारीको अवधारणासहित प्रजातन्त्रको स्थापनापश्चात् प्राथमिक शिक्षामा शून्य लागत आपूरण (Zero cost recovery) कायम गर्ने प्रयास भए तापनि सरकारको लगानी मात्र शिक्षाको विकासका लागि पर्याप्त भएको देखिँदैन । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन र प्राथमिक शिक्षामा शून्य लागत आपूरण, माध्यमिक शिक्षामा लागत साझेदारी र उच्च शिक्षामा लागत आपूरणको सिद्धान्त अवलम्बन भएको देखिन्छ । हाल विद्यालय शिक्षामा Sector Wide Approach (SWAp) मोडालिटिमा वैदेशिक लगानी भइरहेको छ ।

### शिक्षामा लगानी सम्बन्धमा विभिन्न शिक्षा आयोगहरूका सुझाव

नेपालमा शिक्षा नामक प्रतिवेदन (राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले शिक्षामा लाग्ने खर्च व्यवस्थापनका लागि करका क्षेत्रहरू बढाउनुपर्ने सिफारिस गरेको थियो भने सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट २०१८ ले शिक्षामा वित्तीय व्यवस्थापनका निम्ति संरचनागत सिफारिससहित लागत साझेदारी र राज्यको लगानीमा वृद्धि हुनुपर्ने सिफारिस गरेको थियो । शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०३९ ले समग्र शिक्षा बजेटको ३० प्रतिशत उच्च शिक्षामा लगानी गर्नुपर्ने सिफारिस गरेको पाइन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शिक्षामा गरिने लगानीका लागि जनसहभागितामा जोड दिँदै स्थानीय स्रोतको परिचालन गर्नुपर्ने, विपन्नका लागि निर्ब्याजी ऋण उपलब्ध गराउनुपर्ने, शिक्षा बजेट कम्तीमा १५ प्रतिशत हुनुपर्ने, शिक्षाको गुणस्तर सुधारका लागि शुल्क उठाउन सकिने र जिल्ला तहमा एउटा परिक्रमा कोष (Revolving Fund) स्थापना गर्नुपर्नेलगायतका सिफारिसहरू गरेको पाइन्छ । त्यसै गरी उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले साझेदारीमा आधारित रहेर शिक्षाको वित्तीय व्यवस्थापन गर्नुपर्ने, स्थानीय तहको बजेटको कम्तीमा १० प्रतिशत बालविकास र शिक्षामा, १० प्रतिशत शिक्षालयको भौतिक पूर्वाधार विकासमा लगानी गर्नुपर्ने, प्राविधिक शिक्षामा Subsidiary पद्धति लागु गर्ने र कार्यमूलक वैदेशिक सहयोग परिचालन गर्नुपर्ने सिफारिस गरेको देखिन्छ । उल्लिखित प्रतिवेदनहरूको सिफारिसका आधारमा शिक्षाको लगानीका लागि सामुदायिक सहभागिता, लागत साझेदारी, वैदेशिक सहयोगको परिचालन आवश्यक रहेको देखिन्छ ।

उल्लिखित यी समग्र नीतिगत व्यवस्थाबाट नेपालको शिक्षामा गरिने लगानीको विद्यमान अवस्थालाई चित्रण गरेको पाइन्छ ।

## ३. वर्तमान अवस्था र विश्लेषण

### नीतिगत व्यवस्था र शिक्षामा लगानी

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरी आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य,माध्यमिक तहको शिक्षा निःशुल्क र अपाङ्गता र आर्थिक रूपबाट विपन्न र दलित नागरिकहरूका लागि निःशुल्क उच्च शिक्षा पाउने हकको सुनिश्चितता गरेको छ । संविधानले सक्षम, प्रतिस्पर्धी जनशक्ति विकास गर्ने, शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन गरी सेवामूलक बनाउने र उच्च शिक्षालाई क्रमशः निःशुल्क बनाउँदै लैजाने नीतिगत व्यवस्था गरेको छ । सार्वजनिक निजी र सहकारी क्षेत्रको साझेदारीमार्फत् तीव्र तथा दिगो आर्थिक विकास गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील तुल्याई समाजवादउन्मुख स्वतन्त्र अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य किटान गरेको छ । उक्त संवैधानिक व्यवस्थाले शिक्षामा लगानीको मुख्य दायित्व सरकार (राज्य) मा निहित रहने विषयमा जोड दिए पनि निजी क्षेत्र लगायत बाह्य लगानीमा पनि उत्तिकै प्राथमिकता दिएको देखिन्छ ।

संविधानमा उल्लेख भएका व्यवस्थाका अतिरिक्त उच्च शिक्षा नीति, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति, अपाङ्गता भएका व्यक्तिका लागि शिक्षासम्बन्धी नीति, अनौपचारिक शिक्षा

नीतिसहित विद्यालय शिक्षासम्बन्धी नीतिगत व्यवस्थाहरू, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, शिक्षा ऐन, उच्च तथा प्राविधिक शिक्षासम्बद्ध ऐन नियमहरू पनि शिक्षाको लगानीको आधारका रूपमा रहेका छन् । आधारभूत तह निःशुल्क हुने व्यवस्था, निःशुल्क पाठ्यपुस्तकको व्यवस्था, अपाङ्गता भएका व्यक्तिका लागि छात्रवृत्तिलगायतका प्रावधानहरू, शैक्षिक संस्थाहरूको पूर्वाधार विकास, विभिन्न प्रकारका छात्रवृत्तिसम्बन्धी व्यवस्थाहरू शैक्षिक लगानीका लागि विद्यमान आधारका रूपमा रहेका छन् । संविधानमा उल्लेख भएका उक्त प्रावधानहरू र उल्लिखित नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न शिक्षामा गरिने वित्तीय लगानी स्वभावैले वृद्धि गर्नुपर्ने देखिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ मा अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क उच्च शिक्षा उपलब्ध गराउने, अपाङ्गताको प्रकृतिबमोजिम ब्रेल/बैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना र प्रविधिको प्रयोग, पाठ्यपुस्तकको व्यवस्था र अपाङ्गताको गम्भिरताअनुसार आवासीय सुविधासहितको शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षामा अपाङ्गता भएकाहरूको पहुँच र शिक्षण संस्थाहरूमा अपाङ्गतामैत्री पूर्वाधार विकास गर्नुपर्ने विषय उल्लेख भएको छ । त्यसै गरी अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७४ मा अपाङ्गता भएका नागरिकका लागि सबै तहमा क्षमता र योग्यताका आधारमा निःशुल्क शिक्षाका अवसर खुला गर्ने, बहुअपाङ्गता भएकाहरूका लागि जीवनपर्यन्त शिक्षा उपलब्ध गराउने विषय समावेश भएका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीतिले सबै वर्ग र क्षेत्रका समुदायका आवश्यकतालाई सम्बोधन गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरमा व्यापक विस्तार गरी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरेको छ । त्यसै गरी उच्च शिक्षा नीति २०७२ ले उच्च शिक्षाको अवसरमा वृद्धि, गुणस्तर सुनिश्चितताको विषय र उच्च शिक्षा प्रदायक संस्थाहरूलाई उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । उल्लिखित नीतिगत/कानुनी व्यवस्थाका आधारमा नै नेपालको शिक्षा क्षेत्रमा लगानी व्यवस्थापन गर्ने कार्य भइरहेको छ । यसको साथै अन्तरवित्तीय सरकारी हस्तान्तरणसम्बन्धी ऐन, २०७४ पनि शिक्षाको लगानीको निम्ति कानुनी आधारका रूपमा रहेको छ । त्यसै गरी शिक्षामा वैदेशिक सहयताका लागि विकास सहायता नीति २०७१, पेरिस घोषणापत्र २००५ र आक्रा कार्ययोजना (२००८) का प्रावधानहरू पनि नीतिगत मार्ग निर्देशनका रूपमा रहेका छन् ।

### शिक्षामा वार्षिक विनियोजन र वैदेशिक सहायता

सरकारले शिक्षा क्षेत्रलाई विगत धेरै वर्षदेखि प्राथमिकतामा राखी शिक्षामा लगानी गर्दै आएको छ । सबैका लागि शिक्षा सन् १९९० को दशकको विश्वव्यापी अभियानसँगै सुरुवात भएको नेपालको शिक्षा क्षेत्रको लगानीमा वृद्धि आ.व. २०६७/०६८ मा आइपुग्दा १७.१% सम्म पुगेको थियो । तर शासन व्यवस्थामा आएको परिवर्तन र २०७२ को विनासकारी महाभूकम्पका कारण शिक्षामा राज्यको लगानी अलिक खुम्चिएको देखिन्छ । परिणामतः आ.व. २०७४/०७५ मा ९.९ प्रतिशत र २०७५/०७६ मा १०.२४ प्रतिशत मात्र विनियोजन भएको छ । विगत १० वर्षदेखि शिक्षा क्षेत्रमा भएको सरकारको लगानीलाई परिच्छेदको अन्तिममा राखिएको छ । त्यसै गरी कुल ग्रार्हस्थ

उत्पादनको शिक्षा क्षेत्रमा भएको लगानीको हिस्सामा पनि विविधता देखिएको छ । आ.व. २०५७/५८ मा कुल ग्रार्हस्थ उत्पादनको २.८% रहेको शिक्षा क्षेत्रको लगानीको अंश आ.व. २०६७/०६८ मा ४.२३% सम्म पुगेको थियो । पछिल्लो एक दशकको तथ्याङ्क विश्लेषण गर्दा औसतमा शिक्षा क्षेत्रमा कुल ग्रार्हस्थ उत्पादनको अंश ३.७% मात्र रहेको देखिएको छ । शिक्षा क्षेत्रमा कुल ग्रार्हस्थ उत्पादनको अंश र वैदेशिक सहायताको अंशलाई तपसिलको तालिकामा देखाइएको छ ।यसले शिक्षा राज्यको प्राथमिकताको क्षेत्रमा रहेको सङ्केत गरे तापनि अझ यसमा वृद्धि गर्नुपर्ने आवश्यकता औँल्याएको छ ।

तालिका १:शिक्षा बजेटको वार्षिक विनियोजनको अवस्था

| आ.व. | कुल ग्रार्हस्थ उत्पादन | कुल राष्ट्रिय बजेट रु दश लाखमा | कुल शिक्षा बजेट रु दश लाखमा | शिक्षामा विनियोजन प्रतिशत | कुल ग्राहस्थ्य उत्पादनमा शिक्षाको अंश | वैदेशिक सहायता रु दश लाखमा | शिक्षा बजेटमा वैदेशिक सहायताको अंश |
|---|---|---|---|---|---|---|---|
| २०६६/६७ | १,१९२,७७४ | २८५,९३० | ४६६१६.६७२ | १६.३० | ३.९१ | १४५५३.८२ | ३१.२२ |
| २०६७/६८ | १,३६६,९५४ | ३३७,९०० | ५७८२७.५४२ | १७.११ | ४.२३ | १३००६.३४ | २२.४९ |
| २०६८/६९ | १,५२७,३४४ | ३८४,९०० | ६३९१८.८३९ | १६.६१ | ४.१८ | १५२४०.०६ | २३.८४ |
| २०६९/७० | १,६९५,०११ | ४०४,८२५ | ६३४३१.३९७ | १५.६७ | ३.७४ | १२१७०.७० | १९.१९ |
| २०७०/७१ | १,९६४,५४० | ५१७,२४० | ८०९५८.०८ | १५.६५ | ४.१२ | १७९३६.४८ | २२.१६ |
| २०७१/७२ | २,१३०,१५० | ५९४,००० | ९१७१३.५७२ | १५.४४ | ४.३१ | १२३५८.१८ | १३.४७ |
| २०७२/७३ | २,२५३,१६३ | ८१९,४६९ | ९८६४२.८२६ | १२.०४ | ४.३८ | १५१८७.३१ | १५.४० |
| २०७३/७४ | २,६४२,५९५ | १,०४८,९२१ | ११६३६०.६४९ | ११.०९ | ४.४० | १०३३५.३० | ८.८८ |
| २०७४/७५ | ३,००७,२४६ | १,२७८,९९५ | १२६६४२.१ | ९.९० | ४.२१ | १४५००.५२ | ११.४५ |
| २०७५/७६ | | १३१५१६१.७ | १३४७०३.३८ | १०.२४ | | १३४०१.३६ | ९.९५ |

***Source: Red Books- MOF, National Account-CBS***

UNESCO, IIEP- UIS ले सन् २०१६ मा गरेको एक अध्ययनअनुसार नेपालको शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य रहेको देखाएको छ । उक्त अध्ययनअनुसार शिक्षामा घरपरिवारबाट भएको लगानी करिब ४८ प्रतिशत रहेको छ । यसले शिक्षामा गरिने लगानीको ठुलो हिस्सा घरपरिवारसहित बाह्य लगानी रहेको देखाउँछ ।

नेपालको शिक्षामा वैदेशिक लगानीको पनि महत्त्वपूर्ण अंश रहेको छ । सन् १९५२ मा कोलम्बो प्लानमार्फत् सुरुवात भएको शिक्षामा वैदेशिक लगानीको हिस्सा सन् १९७० को दशकमा पुग्दा कुल शिक्षा बजेटको औसतमा झन्डै ३०% रहेको थियो । आ.व. २०६६/०६७ मा आइपुग्दा वैदेशिक लगानीको उक्त हिस्सा राष्ट्रिय शिक्षा बजेटको ३१.२२% रहेको देखिन्छ । वैदेशिक सहायताको शिक्षामा भएको लगानीको उक्त क्रम आ.व. २०७५/७६ मा आइपुग्दा ९.९% रहेको छ । शिक्षामा पछिल्ला वर्षहरूमा विकास सहायता प्रदान गर्ने निकायहरूमा मुख्यतः विश्व बैङ्क, एसियाली विकास बैङ्क रहेका छन् भने अन्य साझेदार निकायहरूमा जाइका, नर्वेजियन सहयोग, स्विस विकास नियोग, युरोपियन युनियन, ग्लोबल पार्टनरसीप फर एकुकेसन, फिनल्यान्ड, USAID, DFID, UNICEF, UNDP

इत्यादि रहेका छन् । नेपालको शिक्षामा वैदेशिक सहायताको प्रकृति विश्लेषण गर्दा सुरुमा प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ केन्द्रित भए तापनि पछिल्ला दिनहरूमा साधारण शिक्षातर्फ आकर्षित भएको देखिन्छ । लगानीको स्वरूप उच्च शिक्षाबाट विद्यालय शिक्षा र विशेष गरी प्राथमिक शिक्षातर्फ केन्द्रित भएको पाइन्छ । साथै लगानीको ढाँचा परियोजनाबाट कार्यक्रमतर्फ क्षेत्रगत (Sector wide approach) विधिमा भएको देखिन्छ । त्यसै गरी वैदेशिक लगानीले देशको सूक्ष्म वातावरण (Micro Environment) प्रजातान्त्रीकरण, सुशासन, दिगोपना, समता, समावेशिता, साझेदारी एवम् पारदर्शितामा जोड दिएको पाइन्छ ।

नेपालको शिक्षामा सरकारका तर्फबाट भएको लगानीलाई विश्लेषण गर्दा पछिल्ला वर्षहरूमा आधारभूत शिक्षामा लगानीले प्राथमिता पाएको देखिन्छ । आ.व. २०७५/७६को राष्ट्रिय बजेटलाई मात्र आधार मान्दा पनि पूर्व प्राथमिक तहको शिक्षामा १.८ प्रतिशत, आधारभूत शिक्षामा ४७.८ प्रतिशत, माध्यमिक शिक्षामा १९.९ प्रतिशत, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा ५.२ प्रतिशत, उच्च शिक्षामा १०.८ प्रतिशत तथा अनौपचारिक तथा जीवनपर्यन्त शिक्षामा ०.१ प्रतिशत लगानी गरेको देखिन्छ । शिक्षाका विभिन्न क्षेत्रमा भएको लगानीको विनियोजनलाई यसै परिच्छेदको अन्तिममा राखिएको छ ।

### लगानी परिचालन र कार्यान्वयनको संरचनागत व्यवस्था

सरकारका तर्फबाट शिक्षामा गरिने लगानी अर्थात् बजेट विनियोजन गर्ने कार्यका लागि आवधिक विकास योजना तथा सरकारको नीति तथा कार्यक्रम र हरेक वर्ष मन्त्रालयले तयार गर्ने वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्ययोजना र बजेटको आधारमा मध्यकालीन खर्च संरचनासमेतलाई दृष्टिगत गर्दै राष्ट्रिय योजना आयोगले बजेटका मार्ग निर्देशक सिद्धान्त र वार्षिक बजेटको सीमा निर्धारण गर्ने गर्दछ । उक्त निर्देशनका आधारमा मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गरी वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने कार्य गर्दछ । त्यसरी तयार गरेको कार्यक्रम र बजेटमध्ये स्थानीय तह तथा प्रदेश तहमा जाने बजेट तथा कार्यक्रम अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् सर्सत अनुदानका रूपमा अर्थ मन्त्रालयमार्फत् सोझै प्रदेश तथा स्थानीय तहमा र सम्बन्धित तहहरूले विद्यालय/शिक्षण संस्थामार्फत् कार्यान्वयन गर्ने गरी बजेटको विनियोजन गर्दछन् भने उच्च शिक्षा, प्राविधिक शिक्षा र विद्यालय शिक्षाका बाँकी अंश सङ्घीय मन्त्रालयमार्फत् उच्च शिक्षाको हकमा विश्वविद्यालय अनुदान आयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमतर्फको CTEVT र अन्य बजेट केन्द्रीय निकायहरूमार्फत् कार्यान्वयन गर्ने गरिएको छ ।

प्रचलित आर्थिक ऐन/नियमहरू तथा मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको मापदण्ड तथा कार्यविधिअनुसार सम्बन्धित निकाय तथा तहबाट बजेटको कार्यान्वयन गर्ने गरिन्छ । बजेट कार्यान्वयनको समग्र अनुगमन एवम् परीक्षणका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रकको कार्यालय र महालेखा परीक्षकको विभाग रहेका छन् । त्यसका अतिरिक्त कार्यान्वयन गर्ने निकायबाट पनि नियमित अनुगमन मूल्याङ्कन गर्ने कार्य पनि भइरहेको हुन्छ । साथै वैदेशिक सहयोगबाट प्राप्त हुने Direct Funding अन्तगर्गतका बजेट मन्त्रालयले तयार गरेको समग्र ढाँचाको

परिधिभित्र रही, दातृ निकायहरूको आफ्नो आर्थिक कार्य प्रणालीको आधारमा कार्यान्वयन गर्ने गरिएको छ । निजी क्षेत्र तथा गैरसरकारी निकायहरूबाट शिक्षामा गरिने लगानीको कार्यान्वयन सम्बन्धित निकायको आफ्नो कार्यप्रणालीको आधारमा हुने गरेको छ भने घरपरिवारबाट हुने लगानी आवश्यकताका आधारमा आआफ्नो तरिकाबाट हुने गरेको पाइन्छ ।

शिक्षामा गरिने लगानीले मुख्यत: तीन ओटा विषयको आवश्यकतालाई औंल्याउँछ । पहिलो, स्रोतको पर्याप्तता : कुन परिमाणमा वित्तीय लगानीको प्रवाह गर्ने र उक्त लगानी निर्धारित शैक्षिक उपलब्धि हासिल गर्न पर्याप्त हुन्छ, हुदैन । दोस्रो, समता : स्रोतको आवश्यकता एवम् औचित्यपूर्वक वितरण भएको छ, छैन । र तेस्रो सक्षमताः उपलब्ध स्रोतको प्रभावकारी उपयोग गर्ने क्षमता छ, छैन र गरिएको लगानीको प्रतिफल अपेक्षित हुन्छ, हुन्न । हामीले शिक्षामा गरिने लगानीलाई पनि यी तीन ओटा आधारमा रहेर हेर्नुपर्ने हुन्छ ।

**विद्यालय क्षेत्र विकास योजना र दिगो विकासका लक्ष्य तथा शिक्षामा लगानी**

विद्यालय क्षेत्र विकास योजना (२०१६/१७-२०२२/२३) ले विद्यालय शिक्षाका लागि गरिने लगानीका लागि विशेष व्यवस्था गरेको छ । जसअनुसार वैदेशिक सहायताको प्रभावकारिताको सिद्धान्तमा आधारित हरी सरकार तथा दातृनिकायको लगानीलाई Sector Wide Approach (SWAP) का रूपमा संयुक्त कोष (Pooled Fund) मार्फत् परिचालन गर्ने व्यवस्था गरेको छ । मन्त्रालय र विकास साझेदारहरूले खास गरी योजना तर्जुमा र वार्षिक रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा संयुक्त पुनरवलोकन, अनुगमन र परामर्शबाट यस पद्धतिलाई निरन्तरता प्रदान गर्ने व्यवस्था रहेको छ । विद्यालय क्षेत्र विकास योजनालाई संयुक्त वित्तीय सम्झौताको (Joint Financing Agreementt) को आधारमा मुख्य कार्य सम्पादन, सूचक तथा प्रणाली सूचकमार्फत् संयुक्त कोष प्रवाह गर्ने, व्यवस्था गरिएको छ । त्यसको साथै योजनाको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुर्‍याउने उद्देश्यले संयुक्त प्रत्यक्ष वित्तीय व्यवस्थापनमार्फत् प्राविधिक सहायता परिचालन गर्ने व्यवस्था पनि रहेको छ ।

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय शिक्षामा भएको लगानीको अनुगमन प्रतिवेदनका लागि नेपालको सार्वजनिक क्षेत्रको लेखा प्रणालीको मापदण्ड (NPSAS) अनुसार नगदमा आधारित आर्थिक प्रतिवेदन र महालेखा परीक्षक कार्यालयमार्फत् लेखापरीक्षण गर्ने र लेखापरीक्षणको उक्त प्रतिवेदन संयुक्त वित्तीय साझेदारहरू समक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसको साथै योजनाले शिक्षाको वित्तीय प्रणालीमा केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारका साथै समुदायको साझेदारी रहने, प्रारम्भिक बालशिक्षाको समग्र दायित्व सरकारले व्यहोर्ने, सङ्घ, प्रदेश र स्थानीय सरकारबिच लागत साझदारी गर्ने, बजेट कार्यान्वयनका लागि विद्यालयलाई जवाफदेही बनाउने तथा पहुँच र गुणस्तर जस्ता प्राथमिकताका क्षेत्रमा बाह्य सहयोग जुटाउने जस्ता रणनीतिक विषयहरू पनि समावेश गरेको छ ।

दिगो विकासको लक्ष्य नं. ४ (शिक्षासम्बन्धी) प्रासिका लागि अर्थात् Education 2030 विश्वव्यापी मुद्दालाई सम्बोधन गर्न आवश्यक वित्तीय व्यवस्थाको निम्ति समेत उक्त कार्ययोजना ले पनि कुल ग्राईस्थ उत्पादनको ४-६ % सम्म र कुल राष्ट्रिय बजेटको १५-२०% सम्म शिक्षामा लगानी गर्नुपर्ने

तथा वित्तीय सुशासन कायम गरी प्रभावकारी कार्यान्वयनका लागि उच्च तहको राजनीतिक प्रतिबद्धता कायम हुनुपर्ने उल्लेख गरेको छ ।

**शिक्षामा हुने खर्चको अनुमानित लागतको विश्लेषण**

आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुने संवैधानिक व्यवस्था, प्रारम्भिक बालशिक्षा विद्यालय संरचनामा आबद्ध गरेको अवस्थामा विद्यालयमा हुनुपर्ने न्यूनतम मापदण्डको आधारमा नियमित सञ्चालनका लागि आवश्यक पर्ने लागत, प्रतिकक्षा प्रारम्भिक बालशिक्षामा २५ तथा अन्य तह औसत ४० जना विद्यार्थीको दरबाट गणना गर्दा (जसलाई परिच्छेदको अन्तिममा राखिएको छ) पूर्वाधार विकासमा लाग्ने लागतबाहेक वार्षिक प्रारम्भिक बाल विकासमा रु.३८६८०, आधारभूत कक्षा १–५ मा रु.२४६१०, कक्षा ६–८ मा रु.२१६६०, माध्यमिक कक्षा ९–१० मा रु.२०७१० र कक्षा ११–१२ मा रु.२६३१० खर्च हुने देखिन्छ । उक्त कायम हुने दर र हाल विद्यमान विद्यार्थी सङ्ख्याको आधारमा गणना गर्दा विद्यालय शिक्षामा मात्र पूर्वाधार वाहेकको नियमित सञ्चालन लागत रु २ खर्ब १० अर्ब ६६ करोड ६० लाख ६० हजार लाग्ने देखिन्छ । (जसलाई तालिका २ मा देखाइएको छ )।

तालिका २ : विद्यालय शिक्षाका लागि आवश्यक पर्ने बजेट (रु हजारमा)

| विवरण | विद्‌यार्थी सङ्ख्या | प्रति एकाइ लागत | जम्मा |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास | ९५८१२७ | ३८.६८ | ३७०६०३५२.३६ |
| आधारभूत तह कक्षा १-५ | ३९७००१६ | २४.६१ | ९७७०२०९३.७६ |
| आधारभूत तह कक्षा ६-८ | १८६६७१६ | २१.६६ | ४०४३३०६८.५६ |
| माध्यमिक तह कक्षा ९-१० | ९७०७२० | २०.७१ | २०१०३६११.२ |
| माध्यमिक तह कक्षा ११-१२ | ५८४०७२ | २६.३१ | १५३६६९३४.३२ |
| **विद्‌यालय शिक्षाका लागि लाग्ने न्यूनतम लागत** | | | २१०६६६०६०.२ |

आयोगमा विभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा प्रस्ताव गरिएको प्रारम्भिक बालशिक्षामा प्रतिकक्षा २०, आधारभूत तहको कक्षामा ३० र माध्यमिक तहको कक्षामा ४० का दरले थप आवश्यक पर्ने शिक्षकहरू ७९८८९ जनाका लागि वार्षिक रु २५ अर्ब ५३ करोड ८१ लाख ७४ हजार (जसलाई तालिका ३ मा देखाइएको छ ) लागत लाग्ने देखिन्छ ।

| तालिका ३: आवश्यक शिक्षक विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रकार | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या जम्मा | शिक्षक सङ्ख्या | विद्यालय विद्यार्थी अनुपात | शिक्षक विद्यार्थी अनुपात | १:२०, १:३०,१:४० गर्दा आवश्यक पर्ने शिक्षक सङ्ख्या | थप आवश्यक पर्ने शिक्षक सङ्ख्या | आवश्यक पर्ने बजेट रु हजारमा |
| पूर्व प्राथमिक | ३६५६८ | ३६५५८६ | ३०६४४ | १०.०० | ११.९ | १८२७९ | -१२३६५ | |
| आधारभूत तह कक्षा १-५ | ३५२११ | ३९७००१० | १०२०६५ | ११२.७५ | ३८.९ | १३२३३४ | ३०२६९ | ८७७४८८६ |
| आधारभूत तह कक्षा ६-८ | १५६३८ | १८६६७१६ | २५८३६ | ११९.३७ | ७२.३ | ६२२२४ | ३६३८८ | ११०६९१८९ |
| माध्यमिक कक्षा ९-१० | ९४४७ | ९७०७२० | १९६३७ | १०२.७५ | ४९.४ | २४२६८ | ४६३१ | १८३६१९२ |
| माध्यमिक कक्षा ११-१२ | ३७८१ | ५८४०७२ | ६००० | १५४.४८ | ९७.३ | १४६०२ | ८६०२ | ३८५७९०७ |
| | | | | | जम्मा लागत | | | २५५३८१७४ |

उच्च शिक्षामा लाग्ने लागतलाई प्राविधिक र साधारण धारमा लाग्ने औसत खर्चलाई आधार लिइएको छ । प्राविधिक धारतर्फ औसतमा इन्जिनियरिङ क्याम्पस पुल्चोकले प्रतिविद्यार्थीमा गरेको लगानी (रु ८८९०७, २०१५ मा )लाई आधार लिई विज्ञान विषयलाई पनि प्राविधिक विषयमा समावेश गरी अनुमानित लागत गणना गरिएको छ (तालिका ४)। त्यसै गरी विश्वविद्यालय अनुदान आयोगले २०१५ मा गरेको अध्ययनअनुसार सबै विश्वविद्यालयका साधारण विषयमा अध्ययन गर्दा गरेको लगानीलाई औसत लिई (प्रतिविद्यार्थी वार्षिक रु ४९४३७) लाई आधार मानिएको छ । यसरी गणना गर्दा प्राविधिक उच्च शिक्षामा रु ६ अर्ब ४९ करोड ५५ लाख ४५ हजार र साधारण उच्च शिक्षामा रु १४ अर्ब २३ करोड ८६ लाख ९६ हजार गरी कुल २० अर्ब ७३ करोड ४२ लाख ४१ हजार लाग्ने देखिन्छ । जनसाङ्ख्यिकीय संरचनालाई विश्लेषण गर्दा अबको झन्डै एक दशक उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थी सङ्ख्या बढ्न सक्ने देखिन्छ । परिणाम उच्च शिक्षामा स्वभावैले बढी लगानीको माग गर्ने देखिन्छ ।

| तालिका ४: उच्च शिक्षामा लागत अनुमान | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं** | **क्षेत्र** | **विद्यार्थी सङ्ख्या** | **प्रतिविद्यार्थी लागत** | **जम्मा लागत** | |
| १ | **प्राविधक** | ७३०६० | ८८९०७ | ६४९५५४५४२० | **IOE को प्रति विद्यार्थी लगानीलाई आधार लिइएको** |
| २ | **साधारण** | २८८०१७ | ४९४३७ | १४२३८६९६४२९ | **UGC को विवरण अनुसार** |
| | **जम्मा** | ३६१०७७ | | २०७३४२४१८४९ | |

हालै मात्र संसद्मा दर्ता गरिएको सर्वाधिक चर्चा पाएको चिकित्सा शिक्षा विधेयको प्रावधान कार्यान्वयन गर्दा चिकित्सा शिक्षातर्फ मात्र वार्षिक रु ४६ करोड, ७४ लाख र पूर्वाधार विकासमा ठुलो बजेट रु ६६ अर्ब ११ करोड ७५ लाख ६८ हजार आवश्यक पर्ने देखिन्छ । जसलाई यसै परिच्छेदको अन्तिममा राखिएको छ । पूर्वाधार विकासका लागि इकाइ लागत गेटा मेडिकल कलेजको पूर्वाधार निर्माणको लागत र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण लागतलाई आधार लिइएको छ । पूर्वाधार निर्माण पाँच वर्षमा सम्पन्न गरिसक्ने लक्ष्य राख्दा पनि वार्षिक १३ अर्ब २२ करोड (औसत) चिकित्सा शिक्षाको पूर्वाधार विकासमा खर्च गर्नुपर्ने हुन्छ । दुवै पक्ष (सञ्चालन खर्च र पूर्वाधार विकास ) गरी चिकित्सा शिक्षाको विकासका लागि मात्र आगामी पाँच वर्ष सम्म रु १७ अर्ब भन्दा बढी लगानी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सरकारको प्राथमिकतामा रहेको छ । आगामी दुई वर्षभित्र सबै स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना गर्ने सरकारको निर्णय कार्यान्वयन गर्न (जसलाई यसै परिच्छेदको अन्तिममा राखिएको छ) सञ्चालन लागत वार्षिक ६ अर्ब ५९ करोड ६२ लाख ८० हजार र आगामी दुई वर्षका लागि पूर्वाधार विकासतर्फ वार्षिक झन्डै १० अर्ब लागत लाग्ने देखिन्छ । अझ दिगो विकासका लक्ष्यअनुसार सबै युवा तथा वयस्कहरूका लागि सीपमूलक व्यावसायिक तालिम सुनिश्चित गर्न निकै ठुलो परिणाममा बजेट आवश्यक पर्ने देखिन्छ । यसका साथै विज्ञान, प्रविधि र नवप्रवर्तनको क्षेत्र तथा अनुसन्धानको विकासको लागि समेत ठूलो परिणाममा लगानी आवश्यक पर्ने देखिन्छ ।

उल्लिखित अवस्थाको विश्लेषण गर्दा विद्यालयको पूर्वाधार विकासबाहेक नै शिक्षा क्षेत्रका लागि वार्षिक २ खर्व ९० अर्ब १७ करोड ५ लाख बजेट आवश्यक पर्ने देखिन्छ । चालु आ.व.को राष्ट्रिय बजेटलाई आधार मानेर उक्त बजेटको गणना गर्दा यो राष्ट्रिय बजेटको २२.०६ प्रतिशत विनियोजन गर्नुपर्ने देखिन्छ । अझै पनि एक तिहाइ सङ्ख्याका विद्यालयहरूको भौतिक पूर्वधारका लागि निर्माण तथा विकास गर्नुपर्ने अवस्थामा रहेका छन् ।त्यसका लागि मात्र पनि ठुलो परिणाममा (३ खर्व भन्दा बढी) लगानी आवश्यक पर्ने देखिन्छ ।त्यसै गरी लामो अवधिको तालिममा शिक्षक सहभागी हुँदा तथा लामो बिदा (सुत्केरीलगायत) मा बस्दाको सट्टा शिक्षकको व्यवस्थापन गर्दा पनि ठुलो परिणाममा लागत आवश्यक पर्दछ ।

**प्रमुख मुद्दा/समस्या तथा चुनौती**

**शिक्षामा लगानीको मुख्य चुनौती**

शिक्षामा लगानीअन्तर्गत मुख्यतः वित्तीय स्रोतको प्रभावकारी व्यवस्थापन, लगानीको स्रोत के हुने, उपलब्ध सीमित स्रोतलाई शिक्षाको क्षेत्रमा कसरी सदुपयोग गर्ने र उक्त स्रोतको परिचालनमार्फत् अपेक्षित उपलब्धि कसरी हासिल गर्ने भन्ने विषय नै हाम्रा सामु चुनौतीका रूपमा देखिन्छन् । निःशुल्क शिक्षाले शिक्षा आर्जन गर्ने व्यक्ति/सिकारु/विद्यार्थीबाट प्रत्यक्ष रूपमा शुल्क लिनुहुँदैन भन्ने मान्यता स्थापित गर्दछ । प्रायः सबै देशहरूका निःशुल्क शिक्षाको दायित्व सम्बन्धित सरकारले लिएको हुन्छ । नेपालको संविधानले पनि स्पष्ट रूपमा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने र

त्यसको दायित्व राज्यको हुने स्पष्ट पारेको छ । त्यसैले निःशुल्क माध्यमिक शिक्षाको व्यवस्थापन तथा प्राथमिकता निर्धारणसहित स्रोतको समतापूर्ण एवम् पारदर्शी परिचालन र उपयोग, शैक्षिक लगानीमा सरकार निजी क्षेत्र, गैरसरकारी क्षेत्र, घरपरिवारको लगानीलाई कसरी भरपर्दो एवम् दिगो बनाउने भन्ने विषय पनि हाम्रा सामु चुनौतीका रूपमा रहेका छन् । शिक्षाको लगानीको प्रमुख मुद्दा तथा चुनौतीहरूलाई तपसिलबमोजिम उल्लेख गरिएको छ :

- संवैधानिक व्यवस्थाबमोजिम गरिने शिक्षासम्बन्धी कार्यका लागि स्रोत व्यवस्थापन (दिगो आर्थिक स्रोतको प्रबन्ध)
    - आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क
    - अपाङ्गता भएका व्यक्ति, विपन्न एवम् पिछडिएका वर्गहरूका लागि उच्च शिक्षा सम्म निःशुल्क
- शिक्षामा गरिने पर्याप्त लगानीको आधार के हुने अर्थात् स्रोत कहाँबाट जुटाउने
- सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबिचको शिक्षाको लगानीको मापदण्ड (वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त स्वरूप) तोकी तीन ओटै सरकारलाई लगानीप्रति जिम्मेवार बनाउने तरिका
- निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन (शिक्षामा गरिने लगानी सार्वजनिक सेवा वा नाफा आर्जन गर्ने माध्यम) तथा निजी क्षेत्रबाट शिक्षामा हुने लगानीको स्वरूप निर्धारण
- विद्यालय शिक्षामा गरिने लगानी अर्थात् भइरहेको लगानीको व्यवस्थापन
- उच्च शिक्षा एवम् प्राविधिक शिक्षामा गर्ने लगानीको स्वरूप
- प्राविधिक तथा व्यावसायिक शिक्षा र साधारण शिक्षाको अनुपात ७० र ३० बनाउँदा अवाश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापन र परिचालन पद्धति
- शिक्षा क्षेत्रमा सरकारी बजेटको विनियोजनको प्रतिशत वृद्धि
- वैदेशिक सहायता प्राप्ति, परिचालन र दिगोपनाको सुनिश्चितता
- वित्तीय सुशासन, पारदर्शिता र जवाफदेही
- लगानीको दिगोपना
- शिक्षामा विभिन्न क्षेत्रबाट गरिएको लगानीको अभिलेखन (व्यक्ति/घरपरिवार, गैसस/निजी, सरकारी क्षेत्र)
- लगानीको प्रभावकारी परिचालनका निम्ति क्षमता विकास
- विभिन्न तहबाट गरिएको वास्तविक खर्चको समयमा नै प्रतिवेदन (timely reporting)
- स्थानीय तथा प्रादेशिक सरकारको क्षमता अभिवृद्धि
- शिक्षामा गरिने लगानीलाई उपलब्धिसँग आबद्ध गर्ने कार्य (Performance based funding) तथा शिक्षामा भइरहेको सुधारको प्रतिवेदन
- शिक्षामा हुने वित्तीय स्रोतको समतापूर्ण वितरण
- आन्तरिक नियन्त्रण प्रणालीको सबलीकरण
- सरकारभन्दा वाहिरबाट गरिएको लगानी र सामूहिक सार्वजनिक उत्तरदायित्व

- वैदेशिक लगानी, त्यसले बढाएको परनिर्भरता र लगानीको दिगोपनाको सुनिश्चितता
- नियमित अनुगमन मूल्याङ्कन पद्धतिको विकास र कार्यान्वयन

उल्लिखित चुनौतीसँगै नेपालको शिक्षामा लगानी व्यवस्थापनका अवसरहरू पनि विद्यमान रहेका छन् । चुनौतीको सामनासँगै नेपालको शिक्षामा अपेक्षित सुधार ल्याउन सकिने सम्भावना पनि रहेको छ । वित्तीय दृष्टिकोणले आगामी अवसरहरूलाई तपसिलबमोजिम उल्लेख गरिएको छ :

- सरकारको सङ्घीय संरचनाअनुसार उपयुक्त शैक्षिक लगानीको ढाँचा, विकास र कार्यान्वयन
- प्राथमिकताको क्षेत्र अनुसार लगानी व्यवस्थापन
- सबै तहको सरकारबाट शिक्षामा गरिने लगानीको प्रभावकारी tracking system विकास
- सरकारी लगानीबाहेकका लगानीहरूको सङ्गठित प्रकारको लागानीको ढाँचा विकास र कार्यान्वयन (Non education sector को education sector मा involvement गर्ने)
- स्रोतको समतापूर्ण परिचालन र प्रभावकारी उपयोग गर्दै वित्तीय सुशासन र पारदर्शिता कायम गर्ने
- बाह्य सहयोगको वृद्धि, स्थानीय स्रोत पहिचान र परिचालन गरी शिक्षाप्रति सबैको अपनत्वमा वृद्धि

## ४. सुधारका लागि सुझाव

### स्रोतको आवश्यकता तथा अनुमान

### नीतिगत व्यवस्था

- शिक्षा प्राप्तिको संवैधानिक मौलिक अधिकार कार्यान्वयन गर्न तथा प्रतिविद्यार्थी न्यूनतम लागतको सुनिश्चितता गर्न र शिक्षक विद्यार्थी अनुपात एक शिक्षक बराबर प्रारम्भिक बालविकास, आधारभूत, माध्यमिक तहमा क्रमशः २०, ३० र ४० कायम गर्दा वृद्धि हुन जाने शिक्षकको व्यवस्था एवम् आवश्यक पूर्वाधार विकासका लागि सरकारका ती ओटै तह (सङ्घ/प्रदेश/स्थानीय) बाट आफ्नो कुल बजेटको न्यूनतम २० देखि २५% र कुल ग्रार्हस्थ उत्पादनको कम्तीमा ६ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने नीतिगत व्यवस्था गर्ने
- निःशुल्क तथा अनिवार्य शिक्षाका लागि ७० प्रतिशत सङ्घीय सरकार, १५ प्रतिशत प्रदेश सरकार तथा १५ प्रतिशत स्थानीय सरकारबाट बहन गर्ने ।न्यून आय भएका र तोकिएको प्रतिशत लगानी वहन गर्न नसक्ने स्थानीय सरकारका लागि थप सहायता उपलब्ध गराउने
- पूर्वाधार र गुणस्तर सुधारका कार्य प्रदेश सरकार तथा स्थानीय सरकारले गर्ने र जनशक्ति विकास र व्यवस्थापन गर्ने कार्य सङ्घीय सरकारले गर्ने

### रणनीति

- शिक्षाको लगानी गणना गर्दा प्रतिएकाइ लागतको आधारमा गर्ने । समताको दृष्टिकोणबाट पछाडि परेका समूहका लागि उपयुक्त लागत एकाइ निर्माण गर्न, निश्चित मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याउने

- अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग तथा विपन्नहरूका लागि उच्च शिक्षा सम्म निःशुल्क शिक्षा प्रदान गर्न आवश्यक पर्ने स्रोतको आकलन गरी एकीकृत लगानी ढाँचा बनाउने

**लगानीको वितरण/विनियोजन**

**नीतिगत व्यवस्था**

- अनिवार्य तथा निःशुल्क शिक्षाका लागि बालबालिका विद्यालय पठाउन नसक्ने अभिभावकका लागि अवसरको मूल्य (opportunity cost) मा आधारित रही अभिभावक सहायता लागतको व्यवस्था गर्ने
- हाल विनियोजन भइरहेको उपक्षेत्रगत बजेट (subsector budget) प्रणालीलाई पुनरवलोकन गर्ने र सबै बालबालिकालाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्न उपक्षेत्रगत रूपमा गरिने लगानीलाई तपसिल बमोजिम गर्ने

| उपक्षेत्र | हालको विनियोजन | अब गर्नुपर्ने विनियोजन | | |
|---|---|---|---|---|
| | प्रतिशतमा | सङ्घ | प्रदेश | स्थानीय |
| प्रारम्भिक बाल विकास | १.८ | २.० | २.० | ५.० |
| आधारभूत शिक्षा कक्षा (१-८) | ४७.८ | ५४.० | ४५.० | ६०.० |
| माध्यमिक शिक्षा कक्षा (९-१२) | १९.२ | २२.० | २०.० | २२.० |
| प्रविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास | ५.२ | ७.० | १५.० | १०.० |
| उच्च शिक्षा | १०.८ | ७.० | १२.० | ०.० |
| शैक्षिक प्रशासन र व्यवस्थापन | १.७ | १.५ | १.० | ०.५ |
| अनौपचारिक शिक्षा | ०.१ | ०.२ | १.० | १.५ |
| शिक्षक निवृत्तभरण | १३.१ | ८.० | ०.० | ०.० |
| अन्य | ०.३ | ०.३ | १.० | १.० |

- विद्यालयमा अध्ययनरत विद्यार्थीबाट पढाइ शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक, खाजा, स्टेसनरी र पोसाकबापत लाग्ने शुल्क अभिभावकबाट/सिकारुबाट असुल नगर्ने, सरकारबाट नै बहन गर्नुपर्ने
- माध्यमिक तहमा सबै प्रकारको शिक्षा निःशुल्क गर्ने, विद्यालय शिक्षामा कुनै पनि प्रकारको शुल्क नलिने

**रणनीति**

- निजी तथा सार्वजनिक गुठीमा सञ्चालित विद्यालयहरूलाई निश्चित मापदण्ड बनाइ उक्त मापदण्डको आधारमा सरकारले लगानी गर्नुपर्ने

- सङ्घीय, प्रादेशिक र स्थानीय सरकारका भूमिका तथा जिम्मेवारीमा सामञ्जस्य कायम गर्ने गरी शिक्षाका उपक्षेत्रगत रूपमा गरिने लगानीका निम्ति उपयुक्त ढाँचा विकास गरी कार्यान्वयनमा ल्याउने
- नतिजामा आधारित स्रोत विनियोजन पद्धति कार्यान्वयन गर्ने । बजेट प्रवाह पद्धतिलाई उपलब्धिसँग आबद्ध गराएर ससर्त अनुदान (Ear marked) गर्ने तथा भौतिक पूर्वाधार विकासका लागि एकमुष्ट अनुदान (Block grant) प्रवाह गर्ने
- Blanket Approach मा वितरण गरिएको छात्रवृति वास्तविक गरिबी पहिचान गरी जातीयताको आधार भन्दा पनि आवश्यकतामा आधरित पद्धति (Need Based Approach) मा केन्द्रित गरी वितरण गर्नुपर्ने
- सङ्घीय सरकारमार्फत् स्थानीय तथा प्रदेश तहमा हस्तान्तरण हुने बजेटका लागि सम्बन्धित सरकारहरूले स्थानीय तहमा लिने करको दरअनुरूप विनियोजन गर्ने पद्धति कार्यान्वयनमा ल्याउने

**लगानी परिचालन**

**नीतिगत व्यवस्था**

- शिक्षाका सबै उपक्षेत्रको सन्तुलित विकास हुने गरी शिक्षामा लगानी गर्ने पद्धति अवलम्बन गर्ने
- शिक्षा विकासका निम्ति प्रादेशिक तथा स्थानीय तहमा सम्बन्धित सरकारले नै परिचालन गर्ने गरी प्रादेशिक/स्थानीय शिक्षा कोष खडा गर्ने, उक्त कोषमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्राप्त हुने स्रोत, सम्बन्धित सरकारको स्वआर्जनबाट प्राप्त हुने स्रोत, विभिन्न सङ्घ/संस्थाहरूबाट प्राप्त सहयोगलाई एकीकृत गर्ने । सङ्घीय सरकारले बनाएको राष्ट्रिय मापदण्ड र नीति अन्तर्गत रहेर स्थानीय/प्रादेशिक आवश्यकतालाई सम्बोधन गर्ने वार्षिक कार्ययोजना निर्माण गरी सोको आधारमा मात्र विनियोजन गर्ने
- शिक्षामा गरिने लगानी परिचालन गर्ने लागत एकाइ (Cost Unit) हरू विद्यालय, स्थानीय तह, शिक्षण संस्था, प्रदेश कार्यालय, शिक्षा सम्बद्ध सङ्घीय संरचना सबैमा आवश्यक जनशक्तिसहित अनुदान व्यवस्थापन एकाइ (Grant Management Unit) स्थापना गर्ने र सञ्चालन गर्ने

**रणनीति**

- विश्वविद्यालयहरूलाई अनुदान प्रदान गर्दै आइरहेको विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रूपान्तरण गरी विश्वविद्यालयहरूलाई हाल प्रदान गरिँदै आएको अनुदान प्रणालीको ढाँचामा परिमार्जन गर्ने
- शिक्षण संस्थाहरूमा रहने जनशक्ति, पूर्वाधार लगायतको न्यूनतम मापदण्ड तर्जुमा गर्ने र उक्त मापदण्ड हासिल गर्ने गरी शैक्षिक लगानी वितरण/विनियोजन गर्ने

- प्रविधिको प्रयोग गरेर मानव संसाधनको प्रयोगमा हुन सक्ने लगानीलाई कम गर्न सकिने उपायको खोजी गर्ने
- पूर्वाधार विकासका लागि शिक्षण संस्थाको पुनर्नक्साङ्कन (Re-mapping) का आधारमा Complete school को अवधारणामा एकै चोटी पुरा गर्ने गरी लगानी गर्ने व्यवस्था गर्ने
- शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्न सरकारले समग्र शिक्षा बजेट र कार्यक्रमको पुनःसंरचना गर्ने । विभिन्न तह वा निकायबाट हुने कामको दोहोरोपना कम गर्न सार्वजनिक जवाफदेही पद्धति अवलम्बन गर्ने
- शिक्षामा गरिने लगानी, स्रोतको व्यवस्थापनलाई गुणस्तरमा केन्द्रित गर्ने
- अनुसन्धानमा आधारित भएर लगानी गर्ने परिपाटी विकास गर्न अनुसन्धान कोष व्यवस्था गर्ने ।अनुसन्धान र विकासका लागि अलग कार्ययोजना बनाइ कार्य सञ्चालन गर्ने

**वैदेशिक लगानी**

**नीतिगत व्यवस्था**

- वैदेशिक सहयतालाई सरकारको बजेट प्रणालीअन्तर्गत परिचालन गर्ने गरी संयुक्त कोष (Basket Fund) मा आबद्ध गराई आवश्यकताको क्षेत्रमा मात्र उपयोग गर्ने नीति अवलम्बन गर्ने। दातृनिकायको सहयोगलाई पूर्वाधार विकास अर्थात विकासात्मक कार्यमा मात्र परिचालन गर्ने नीति अङ्गीकार गर्ने, नियमित दायित्व बहन गर्नुपर्ने क्षेत्रमा दातृनिकायको सहयोगलाई कम गर्दै लैजाने

**रणनीति**

- वैदेशिक सहायताका लागि स्पष्ट कार्यढाँचा विकास गर्ने
- दाताहरूबाट प्राप्त हुने सहयोग निसर्त रूपमामात्र स्वीकार गर्ने रणनीति कार्यान्वयन गर्ने
- शिक्षामा बाह्य लगानी (वैदेशिक लगानी) आकर्षण गर्न वैदेशिक सहायता नीतिमा सामयिक परिमार्जन गर्ने र सुरक्षित लगानीको वातावरणको विकास गर्ने
- वैदेशिक लगानीलाई राष्ट्रिय बजेट प्रणालीमा आबद्ध गराएर मात्र परिचालन गर्ने, स्वतन्त्रपूर्वक कुनै संस्था, व्यक्तिमार्फत् शिक्षामा खर्च गर्ने गराउने परिपाटीको अन्त्य गर्ने
- राष्ट्रिय आवश्यकतासँग मेल खाने सहयोगलाई मात्र स्वीकार गर्ने रणनीति अङ्गीकार गर्ने
- समग्र शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक हुने आर्थिक स्रोत र उपलब्धताबिच देखिएको खाडल परिपूर्ति गर्न बजेटमा केन्द्रीय सरकारको हिस्सामा बढोत्तरी गर्नुका साथै तीनै तहको सरकारबिच वित्तीय सहकार्यको स्पष्ट खाकासम्बन्धी कानुनी व्यवस्था गर्ने र थप बाह्य स्रोत जुटाउन पहल गर्ने
- समन्यायिक, पहुँचयोग्य र गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमका लागि राष्ट्रिय नक्साङ्कन र गुरुयोजना निर्माण गरी सोही आधारमा कार्यक्रम वा परियोजनाहरू सञ्चालन गर्ने

- मुलकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी लामा तथा छोटा अवधिका परियोजना प्रभावकारी कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को भूमिका र संरचनालाई पुनः परिभाषित गर्ने
- विद्यार्थी दिवा खाजातर्फ बाह्य सहयोग क्रमशः कम हुँदै गएको सन्दर्भमा कार्यक्रमलाई निरन्तरता दिन विकेन्द्रित रूपमा स्थानीय सरकारसँग सहकार्य गर्ने नीति अवलम्बन गर्ने । विद्यालय खाजा कार्यक्रमको अपनत्व स्थानीय सरकारले ग्रहण गर्ने वातावरण विकास गर्ने
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा विभिन्न स्रोतबाट प्राप्त हुन सक्ने आर्थिक स्रोतहरूको व्यवस्थित परिचालनका लागि सहभागितामूलक संयन्त्र बनाई एकद्वार प्रणालीबाट स्रोत परिचालन गर्ने

**लगानीमा साझेदारी**

**नीतिगत व्यवस्था**

- शिक्षामा निजी क्षेत्रको लगानीलाई सेवामूलक स्वरूपमा रूपान्तरण गर्ने र निजीरूपमा लगानी गर्ने व्यक्ति, संस्थाहरूलाई सामूहिक सार्वजनिक उत्तरदायित्व (Corporate social responsibility) वहन गर्नुपर्ने अनिवार्य व्यवस्था गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा ७० प्रतिशतलाई पहुँच पुऱ्याउन औधोगिक क्षेत्रसँग आबद्ध गरी औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) कार्यक्रम सञ्चालन गर्ने । शिक्षाको लगानी सम्बन्धित प्रतिष्ठानमार्फत् गर्ने र सोबापत उद्योग व्यवसायमा लगाउने करमा निश्चित छुट दिने गरी आपसी सम्झौता गरी कार्यान्वयन गर्ने पद्धति अवलम्बन गर्ने
- विद्यालय शिक्षामा सरकारको लगानी कम भएको अवस्थामा उच्च शिक्षामा लागत आपूरण (cost recovery) पद्धति अवलम्बन गर्ने र आधारभूत शिक्षामा शून्य लागत आपूरण (zero cost recovery) प्रणाली आबद्ध गर्ने
- ठुला कर्पोरेट हाउसहरू, बैङ्कहरू आदिको सामाजिक दायित्व (Corporate Social Responsibility) का रूपमा शिक्षा क्षेत्रमा निश्चित लगानी गर्नुपर्ने नियम अवलम्बन गर्ने । त्यस्ता निकायहरूलाई तोकिएको मापदण्डको आधारमा भौतिक पूर्वाधार विकासको जिम्मा दिन सक्ने व्यवस्था गर्ने

**रणनीति**

- व्यावसायिक सीप विकासका लागि स्वरोजगारसँग आबद्ध गर्ने सोका लागि सहुलियत कर्जा समेत उपलब्ध गराउने गरी स्थानीय सरकारमार्फत् लगानी गर्ने
- क्षमतावान् र आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूको उच्च शिक्षाको अध्ययन गर्न सम्बन्धित नपा/गापाहरूले Support Fund बनाई कार्यान्वयन गर्ने र सिकाइका

दृष्टिकोणले क्षमता भएकाहरूका लागि उच्च शिक्षा हो भन्ने आधारमा लगानी ढाँचा निर्माण गर्ने

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा सबै वर्गको पहुँच विस्तारका लागि शिक्षालय तथा तालिम प्रदायक सङ्घ संस्था र शिक्षार्थीका लागि आर्थिक सहजीकरण गर्न सीप विकास बैङ्क (Skill Development Bank) स्थापना गर्ने
- शिक्षामा घर परिवार, व्यक्ति विभिन्न सङ्घ संस्था, धार्मिक परोपकारी संस्थाहरूले गरेको लगानीलाई सम्बोधन गर्न त्यस्ता लगानीको समतापूर्ण उपयोग र त्यस किसिमका लगानीलाई उत्प्रेरित गर्ने वातावरण विकास गर्ने
- सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय सरकारले नै व्यवस्थापन गर्ने गरी त्यस्ता केन्द्रलाई सामुदायिक सूचना तथा पुस्तकालयका रूपमा विकास गर्ने । सामुदायिक सिकाइ केन्द्रलाई टोल विकास संस्थाको कार्यक्रमसँग जोडेर लैजाने
- PPP को सट्टा PPCP- Public Private Community Partnership Model मा विद्यालयहरू व्यवस्थापन गर्ने । शिक्षामा सहकारीलाई पनि प्राथमिकतामा राख्नुपर्ने
- शिक्षाको विकासका निम्ति विभिन्न परोपकारी संस्थाहरूको लगानीलाई उपयोग गर्न उपयुक्त वातावरण विकास गर्ने
- निजी क्षेत्रका रोजगारदाता सङ्घसंस्थाहरूको साझेदारीमा औद्योगिक सीप विकास (Apprenticeship) कार्यक्रम सञ्चालन गर्ने . औद्योगिक सीप विकास (Apprenticeship) मा आधारित कार्यस्थलको सिकाइमा उद्योगी तथा व्यवसायीहरूको सक्रिय सहभागिता वृद्धि गर्न सरकारी, निजी र सहकारी प्रणाली लागु गर्न कानुनी व्यवस्था गर्ने
- विदेशी दातृ निकायहरूसँगको साझेदारी गर्ने कार्य सङ्घीय सरकारमार्फत् र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सङ्घीय सरकारसहित सङ्घीय सरकारले बनाएको मापदण्डको आधारमा प्रदेश सरकारले साझेदारी गर्न सक्ने साथै व्यापारिक सङ्गठनहरू, उद्योगहरूसँग प्रदेश सरकार आफैंले साझेदारी गरी शिक्षाका लागि लगानी व्यवस्थापन गर्न सक्ने
- शिक्षण संस्थाको पूर्वाधार विकास, प्रविधिको विकास र क्षमता विकासमा केन्द्रित रहने गरी साझेदारी गर्ने । अनिवार्य र नियमित दायीत्वका लागि आवधिक किसिमको स्रोत परिचालन गर्न साझेदारीलाई प्राथमिकता नदिने
- स्थानीय सेवा सुनिश्चितताका लागि स्वास्थ्यसम्बद्ध निकायहरूसँग रैथाने ज्ञानको प्रवर्धन (Indigenous Knowledge Promote) का लागि त्यस क्षेत्रसँग सम्बद्ध व्यक्ति/संस्थाहरू समुदायमा आधारित गैरसरकारी संस्थासँग स्थानीय सरकार आफैंले साझेदारी गर्ने सक्ने व्यवस्था गर्ने

## अनुगमन मूल्याङ्कन र प्रतिवेदन

### नीतिगत व्यवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी योजना तर्जुमा, कार्याक्रम विकास, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा क्षेत्रगत एकीकृत र समन्वयात्मक ढाँचा (Sector Wide Approach) अवलम्बन गर्ने

### रणनीति

- शैक्षिक लगानी र स्रोतको प्रभावकारी व्यवस्थाका लागि सरकारको सबै तहको सक्षमता अभिवृद्धि गर्ने तथा लगानीको उपयोग समबन्धमा तत्काल रिपोर्टिङ गर्ने संयन्त्र, पद्धति/प्रणालीलाई प्रभावकारी बनाउने
- स्थानीय सरकार तथा प्रदेश सरकारले शिक्षामा गरेको लगानी, लगानीको उपयोग (खर्च) र त्यसको उपलब्धि चौमासिकरूपमा एकमुष्ट प्रतिवेदन वार्षिकरूपमा स्थानीय सरकारले प्रदेश तथा सङ्घीय तहमा तथा प्रदेशले सङ्घीय तहमा पठाउने तथा सबै तहका सरकारले वार्षिकरूपमा आफ्नो लगानीको खर्च र प्रगतिको अवस्था सार्वजनिक गर्ने
- विश्वविद्यालयअन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा अनुसन्धान जोडकोष, विपन्न सहायता जोडकोष, प्राज्ञिक उन्नयन जोडकोष जस्ता जोडकोषहरू तयार गरी त्यस्ता कोषहरूमा प्रादेशिक सरकार, आलुम्नाई (Alumni) तथा अन्य दाताहरूबाट प्राप्त रकम जम्मा गर्ने प्रणाली विकास गर्ने

## शिक्षाको बजेट विश्लेषण (रू. हजारमा)

| आर्थिक वर्ष | उपक्षेत्रहरू | कूल राष्ट्रिय बजेट | कूल बजेटमा शिक्षा बजेट | प्रारम्भिक बाल विकास | आधारभूत (कक्षा १-८) | माध्यमिक (कक्षा ९-१२) | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम | उच्च शिक्षा | शैक्षिक प्रशासन र व्यवस्थापन | अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त शिक्षा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०६६।६७ | बजेट | २८५९३०००० | ४६६१६६७२ | २७९७०० | ४६६१६६७३ | ६५२६३३४ | ४६६१६६७४ | ५१२७८३४ | ४६६१६६७५ | ३२६३१७ |
| | % | | १६.३ | ०.६ | ६३.६ | १४.० | १.३ | ११.० | ३.६ | ०.७ |
| २०६७।६८ | बजेट | ३३७९००००० | ५७८२७५४२ | ४०४७९३ | ३५५६३९३८ | ९०२१०९७ | १३८७८६१ | ७५७५४०८ | ५७८२७५ | ५७८२७५ |
| | % | | १७.१ | ०.७ | ६१.५ | १५.६ | २.४ | १३.१ | १.० | १.० |
| २०६८।६९ | बजेट | ३८४९००००० | ६३९१८८३९ | ७०३१०७ | ४०५२४५४४ | १०२९०९३३ | २०४५४०३ | ५५६०९३९ | ७६७०२६ | ८९४८६४ |
| | % | | १६.६ | १.१ | ६३.४ | १६.१ | ३.२ | ८.७ | १.२ | १.४ |
| २०६९।७० | बजेट | ४०४८२४७०० | ६३४३१३९७ | ८८८०४० | ३८८२००१५ | ९८३१८६७ | २०९३२३६ | ५८९९१२० | ११४१७६५ | ८२४६०८ |
| | % | | १५.७ | १.४ | ६१.२ | १५.५ | ३.३ | ९.३ | १.८ | १.३ |
| २०७०।७१ | बजेट | ५१७२४०००० | ८०९५८०८० | १२९५३२९ | ४८२५१०१६ | १३५१९९९९ | २७५२५७५ | ७२८६२२७ | १२९५३२९ | १३७६२८७ |
| | % | | १५.६ | १.६ | ५९.६ | १६.७ | ३.४ | ९.० | १.६ | १.७ |
| २०७१।७२ | बजेट | ५९४०००००० | ९१७१३५७२ | १४६७४१७ | ४९८९२१८३ | १९१६८१३७ | ४२१८८२४ | ७०६१९४५ | २४७६२६६ | १४६७४१७ |
| | % | | १५.४ | १.६ | ५४.४ | २०.९ | ४.६ | ७.७ | २.७ | १.६ |
| २०७२।७३ | बजेट | ८१९४६८८८४ | ९८६४२८२६ | १४७९६४२ | ५३२६७१२६ | २०७१४९९३ | ३९४५७१३ | ८०८८७१२ | १३८१००० | १०८५०७१ |
| | % | | १२.१ | १.५ | ५४.० | २१.० | ४.० | ८.२ | १.४ | १.१ |
| २०७३।७४ | बजेट | १०४८९२१३५४ | ११६३६०६४९ | २६७६२९५ | ५९४६०२९२ | २६२९७५०७ | ३८३९९०१ | ९८९०६५५ | २६७६२९५ | १०४७२४६ |
| | % | | ११.१ | २.३ | ५१.१ | २२.६ | ३.३ | ८.५ | २.३ | ०.९ |
| २०७४।७५ | बजेट | १२७८९९४८०० | १२६६४२१०० | २६५९४८४ | ६५२२०६८२ | २९७६०८९४ | ३७९९२६३ | १०५११२९४ | ३५४५९७९ | ६३३२११ |
| | % | | ९.९ | २.१ | ५१.५ | २३.५ | ३.० | ८.३ | २.८ | ०.५ |
| २०७५।७६ | बजेट | १३१५१६१७०० | १३४७०३३८३ | २४२४६६१ | ६४३८८२१७ | २५८६३०५० | ७००४५७६ | १४५४७९६५ | २२८९९५८ | १३४७०३ |
| | % | | १०.२ | १.८ | ४७.८ | १९.२ | ५.२ | १०.८ | १.७ | ०.१ |

| शिक्षक निवृत्तिभरण | अन्य | जम्मा (१.१—१.९) |
|---|---|---|
| | | |
| ६६१६६७६ | ५१२७८३ | ४६६१६६७२ |
| .१ | १.१ | १०० |
| ३७०९२९ | ३४६९६५ | ५७८२७५४२ |
| .१ | ०.६ | १०० |
| ८७६३४८ | २५५६७५ | ६३९१८८३९ |
| .५ | ०.४ | १०० |
| १०८१३८ | ८२४६०८ | ६३४३१३९७ |
| .९ | १.३ | १०० |
| २९०७७८ | ८९०५३९ | ८०९५८०८० |
| .३ | १.१ | १०० |
| ४१११०१ | ५५०२८१ | ९१७१३५७२ |
| .९ | ०.६ | १०० |
| २८५९९७ | ३९४५७१ | ९८६४२८२६ |
| .४ | ०.४ | १०० |
| ०१२३३७६ | ३४९०८२ | ११६३६०६४९ |
| .७ | ०.३ | १०० |
| ०१३१३६८ | ३७९९२६ | १२६६४२१०० |
| .० | ०.३ | १०० |
| ७६४६१४३ | ४०४११० | १३४७०३३८३ |
| ३.१ | ०.३ | १०० |

## प्रति विद्यार्थी लागत अनुमान रु हजारमा

| सि.नं. | विषय शीर्षक | एकाइ | प्रारम्भिक बालविकास केन्द्र | | | आधारभूत विद्यालय कक्षा १-५ | | | आधारभूत विद्यालय कक्षा १-८ | | | माध्यमिक विद्यालय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रतिकक्षा विद्यार्थी २५ जना | | | प्रतिकक्षा विद्यार्थी ४० जना | | | प्रतिकक्षा विद्यार्थी ४० जना | | | प्रतिकक्षा विद्यार्थी ४ | |
| | | | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर |
| १ | 2 | | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
| १ | भौतिक पूर्वाधार विकास | | | | | | | | | | | | |
| | भवन/कक्षा कोठा/सिकाइ कक्ष (समावेशी तथा अपाङ्ग मैत्री) | भवन/कोठा | १ | २००० | २००० | ७ | १००० | ७००० | १२ | १००० | १२००० | १५ | १००० |
| | फर्निचर | सेट | १० | ८ | ८० | ७० | १० | ७०० | १०० | १० | १००० | १५० | १० |
| | मनोरञ्जन तथा खेलमैदान | सङ्ख्या | १ | १०० | १०० | १ | १०० | १०० | १ | ५०० | ५०० | १ | १५०० |
| | घेराबार/बाह्य वातावरण सुधार/बगैंचा | सङ्ख्या | १ | १०० | १०० | १ | १०० | १०० | १ | ३०० | ३०० | १ | ५०० |
| | खानेपानी तथा सरसफाइ | सङ्ख्या | १ | ५० | ५० | १ | २५० | २५० | २ | २५० | ५०० | २ | २५० |
| | शौचालय | सङ्ख्या | १ | ६५० | ६५० | २ | ६५० | १३०० | ३ | ६५० | १९५० | ४ | ६५० |
| | आराम/सयन कक्ष | सङ्ख्या | १ | १०० | १०० | १ | ५० | ५० | १ | १०० | १०० | १ | १०० |
| | भोजन कक्ष | सङ्ख्या | १ | २०० | २०० | १ | २०० | २०० | १ | २०० | २०० | १ | २०० |
| | अभिभावक/आगन्तुक प्रतिक्षालय | सङ्ख्या | १ | १०० | १०० | १ | १०० | १०० | १ | ५० | ५० | २ | ५० |
| | सिकाइकुना व्यवस्थापन, | कोठा | १ | १०० | १०० | ५ | ५० | २५० | ८ | ५० | ४०० | १० | ५० |
| | पुस्तकालय | सङ्ख्या | | | | | ० | ० | १ | ६५० | ६५० | १ | ६५० |
| | प्रयोगशाला र सामाग्री | सङ्ख्या | | | ० | १ | ० | ० | १ | ६५० | ६५० | १ | ६५० |
| | कम्प्युटर ल्याब र कम्प्युटर | पटक | | | ० | १ | ६५० | ६५० | १ | ६५० | ६५० | १ | ६५० |
| | अडिटोरियम हल | सङ्ख्या | | | ० | १ | ० | ० | १ | ५००० | ५००० | १ | ६०० |
| | मर्मत सम्भार | पटक | १ | १० | १० | १ | २५ | २५ | १ | २५० | २५० | १ | ४०० |
| | | | | | ३४९० | | | १०७२५ | | | २४२०० | | |
| २ | विपद् व्यवस्थापन | सङ्ख्या | १ | ५० | ५० | १ | ५० | ५० | १ | २०० | २०० | १ | २५० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | जनशक्ति व्यवस्थापन | | | | ० | | | ० | | | ० | | |
| | योजना तर्जुमा | जना | १ | ५ | ५ | १ | १५ | १५ | १ | २० | २० | १ | ३० |
| | प्रधानाध्यापक/इन्चार्ज | जना | | | ० | १ | २८८.६ | २८८.६ | १ | ४३०.०५ | ४३०.०५ | १ | ४८ |
| | बाल सहजकर्ता/शिक्षक | जना | १ | १८५ | १८४.६ | ६ | ३२५ | १९५० | ९ | ३३१.३५ | २९८२.१५ | ९ | ३६४ |
| | बाल सहयोगी/आया/विद्यालय सहयोगी | जना | २ | १२४ | २४७ | २ | ३६९.२ | ७३८.४ | २ | १८४.६ | ३६९.२ | २ | १८४ |
| ४ | क्षमता विकास | | १ | १० | १० | ७ | १० | ७० | १० | १० | १०० | १४ | १० |
| ५ | प्रोत्साहन तथा पुरस्कार | जना | १ | १० | १० | १ | १५ | १५ | १ | १५ | १५ | १ | २५ |
| ६ | सिकाइ सामग्रीहरू | विद्यार्थी | २५ | १.५ | ३७.५ | २०० | १ | २०० | ३२० | १ | ३२० | ४०० | १ |
| | सिकाइकुनागत सामग्री व्यवस्थापन | कक्षा | ६ | ५ | ३० | ५ | १० | ५० | १० | १० | १०० | १२ | १० |
| | स्थानीय तहमा उपलब्ध हुने सामग्री | पटक | १ | ५ | ५ | १ | १० | १० | १ | १० | १० | १ | १५ |
| | मुद्रित सामग्रीहरू/पाठ्यपुस्तक | सेट | १ | १५ | १५ | २०५ | ०.१५ | ३०.७५ | ३३० | ०.२५ | ८२.५ | ४१२ | ०.४ |
| | स्थानीय पाठ्यक्रम विकास | पटक | १ | १० | १० | १ | २५ | २५ | १ | ३० | ३० | १ | ५० |
| | नमुना सामग्री | पटक | १ | २० | २० | १ | २० | २० | १ | २५ | २५ | १ | ४० |
| | वास्तविक वस्तुहरू | सङ्ख्या | १ | ० | ० | १ | ० | ० | | | ० | | |
| | विभिन्न सिकाइ सामग्री निर्माणका लागि आवश्यक कच्चा पदार्थहरू | पटक | १ | २० | २० | १ | २५ | २५ | १ | ३० | ३० | १ | ४० |
| | श्रव्य-दृष्य सामग्रीहरू/डिजिटल सामाग्री व्यवस्थापन | पटक | १ | १०० | १०० | १ | १०० | १०० | १ | १०० | १०० | ५ | १०० |
| | खेलकुद, अतिरिक्त क्रियाकलाप तथा मनोरञ्जनका सामग्री | पटक | १ | १० | १० | १ | २५ | २५ | १ | ५० | ५० | १ | १०० |
| | बालक्लव गठन र परिचालन | पटक | १ | ० | ० | १ | ५ | ५ | १ | १० | १० | १ | २० |
| ७ | पोषण व्यवस्थापन | | | | | | | | | | | | |
| | पौष्टिक आहार व्यवस्थापनका लागि एकमुष्ठ अनुदान (भाँडाकुँडा, फर्निचर, भान्सा) | पटक | १ | ३० | ३० | १ | ५० | ५० | १ | ६० | ६० | १ | ७५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पौष्टिक आहार व्यवस्थापन (पौष्टिक आहार, स्थानीय खाद्य व्यवस्थापन) | विद्यार्थी/दिन | २५ | ५ | १२५ | २०० | ५ | १००० | ३२० | ५ | १६०० | ३२० | ५ |
| ८ | स्वास्थ्य हेरचाह | | | | ० | | | ० | | | ० | | |
| | प्राथमिक स्वस्थोपचार वाकस (First Aid Box) | सङ्ख्या | १ | ५ | ५ | १ | १० | १० | १ | १५ | १५ | १ | २० |
| | नियमित स्वास्थ्य परीक्षण सेवा (निकतम स्वास्थ्य संस्थासँग सहकार्य) | पटक | १० | १ | १० | १० | १.५ | १५ | १० | १.५ | १५ | १० | २. |
| ९ | अभिभावक भेला तथा सहभागिता (अभिमुखीकरण, सचेतना, छलफल तथा अन्तरक्रिया, पैरवी, बैठक, अविभावक भेला, इत्यादि ) | पटक | ३ | १ | ३ | ३ | १० | ३० | ३ | १५ | ४५ | ३ | २० |
| १२ | विद्यालय व्यवस्थापन | | | | ० | | | ० | | | ० | | |
| | प्रशासनिक खर्च | पटक | १ | ५ | ५ | १ | ३० | ३० | १ | ५० | ५० | १ | १०० |
| | भैपरी खर्च व्यवस्थापन | पटक | १ | ५ | ५ | १ | १५ | १५ | १ | १५ | १५ | १ | २० |
| १३ | परीक्षा व्यवस्थापन खर्च/विद्यार्थी मूल्याङ्कन | जना/पटक | १ | | ० | २०० | ०.१ | २० | ३२० | ०.१५ | ४८ | ४०० | ०.२ |
| | परियोजना कार्य | जना/पटक | १ | | ० | १ | २५ | २५ | १ | ३० | ३० | १ | ४० |
| | विद्यार्थी परामर्श | पटक | १ | | ० | १ | १५ | १५ | १ | २० | २० | १ | २५ |
| | टेलिफोन/इन्टरनेट | सङ्ख्या | १ | २५ | २५ | १ | २५ | २५ | १ | ३० | ३० | १ | ४० |
| | इन्धन/विद्युत तथा पानी | पटक | १ | ५ | ५ | १ | २५ | २५ | १ | ५० | ५० | १ | ६० |
| १४ | पत्रपत्रिकाहरू | पटक | १ | ० | ० | १ | १५ | १५ | १ | १५ | १५ | १ | २५ |
| १५ | शैक्षिक भ्रमण | पटक | १ | ० | ० | १ | २० | २० | १ | ५० | ५० | १ | ७५ |
| १६ | साझेदारी कार्यक्रम, अनुभव आदानप्रदान | पटक | १ | ० | ० | १ | १० | १० | १ | १५ | १५ | १ | २० |
| | कुल जम्मा | | | | ९६७.१ | | | ४९२२.७५ | | | ६९३१.९ | | |
| | प्रतिएकाइ लागत | | | | ३८.६८ | | | २४.६१ | | | २१.६६ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ० | | | | | |
| | ३० | १ | ३० | ३० | | |
| २.५०२ | ४८२.५०२ | १ | ५७१.०५ | ५७१.०५ | | |
| .२५ | ३२७८.२५ | १७ | ३९३.८१३ | ६६९४.८२१ | | |
| .६ | ३६९.२ | ३ | १८४.६ | ५५३.८ | | |
| | १४० | १८ | १० | १८० | | |
| | २५ | १ | २५ | | | |
| | ४०० | ५०० | | ५०० | | |
| | १२० | १ | १२० | | | |
| | १५ | १ | १५ | | | |
| | १६४.८ | ४१२ | ०.४ | १६४.८ | | |
| | ५० | | ५० | ५० | | |
| | ४० | १ | ५० | | | |
| | ० | | ० | | | |
| | ४० | १ | ५० | | | |
| | ५०० | ७ | १०० | ७०० | | |
| | १०० | १ | १० | १५० | | |
| | २० | १ | ३० | ३० | | |
| | ७५ | १ | ७५ | ७५ | | |

| चिकित्सा शिक्षाका लागि वित्तीय अनुमान रु हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विषय | दफा तथा सम्झौता | सङ्ख्या | प्रतिएकाइ लागत रु हजारमा | जम्मा लागत रु हजारमा | पूर्वाधार विकासमा लागत प्रतिएकाइ रु हजारमा |
| १ | चिकित्सा शिक्षा आयोग गठन | दफा ३ | १ | १५०००० | १५०००० | १००००० |
| | प्रदेशस्तरमा आयोगका कार्यालयहरू स्थापना | दफा ४ | ७ | ५००० | ३५००० | १०००० |
| | कार्यकारी समिति | दफा ८ | १ | | ० | |
| | आयोगका उपाध्यक्ष प्रमुख कार्यकारी | दफा २२(२) | १ | | ० | |
| २ | चिकित्सा शिक्षा गुणस्तर तथा मापदण्ड प्रत्यायन केन्द्र | दफा १५ | १ | ५०००० | ५०००० | ३०००० |
| ३ | सार्वजनिक शिक्षण संस्थाको ७५% सिटमा छात्रवृत्ति | दफा १७(७) | | | २२३२४०० | |
| ४ | प्राथमिकता क्षेत्रका शिक्षण संस्थालाई सहयोग | दफा ४३ | ५ | २०००० | १००००० | |
| ५ | स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा मेडिकल कलेज स्थापना नभएका प्रदेसमा सार्वजनिक मेडिकल कलेज स्थापना र सञ्चालन | दफा ४६ | २ | १००००० | २००००० | ७७५०१२८.३ |
| ६ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा MBBS लगायतका विषयमा स्नातक तहका कक्षा सञ्चालन | माग २ | १ | १००००० | १००००० | ३९१६५४२ |
| ७ | पाँचथर, डडेलधुरा, डोटी मा सार्वजनिक मेडिकल कलेज स्थापना र सञ्चालन | माग २ | ३ | १००००० | ३००००० | ७७५०१२८.३ |
| ८ | वर्दिवास, बुटवल र सुर्खेतमा सरकारी मेडिकल कलेज स्थापना | सरकारको नीति तथा कार्यक्रम | ३ | १००००० | ३००००० | ७७५०१२८.३ |
| | जम्मा | | | | ३४६७४०० | २७३०६९२७ |

# प्राविधिक शिक्षालय सञ्चालन लागत (न्यूनतम रूपमा)

| सि. नं | विवरण | प्राविधिक शिक्षालयहरू | | तालिम केन्द्र | |
|---|---|---|---|---|---|
| | | प्रति इकाइ लागत | जम्मा लागत | जम्मा लागत | कैफियत |
| **A** | **निर्माण लागत** | | | | |
| १ | **सरकारी जग्गालाई उपयोग गर्ने** | | १,०००,००० | | |
| २ | **एकेडमिक भवन** | **6 rooms** | १५,०००,००० | ७०,०००,००० | |
| ३ | **प्रयोगशाला/कार्यशाला/भेटेरिनरी क्लिनिक** | | ५,०००,००० | ५,०००,००० | |
| ४ | **छात्रावास** | | २०,०००,००० | | |
| ५ | **क्याफ्टेरिया** | | २,०००,००० | | |
| ६ | **बहुद्देशीय भवन** | | - | | |
| ७ | **प्रशासनिक भवन** | | | | |
| ८ | **पुस्तकालय** | | १,०००,००० | | |
| ९ | **प्रिन्सिपल तथा अन्य कर्मचारी आवास** | | | - | |
| १० | **जम्मा** | | ४४,०००,००० | ७५,०००,००० | |
| ११ | **डिजाइन तथा सुपरीवेक्षण** | | १,१००,००० | | |
| १२ | **जम्मा** | | १,१००,००० | | |
| १३ | **निर्माण लागत जम्मा** | | ४५,१००,००० | ७५,०००,००० | **0.00** |
| **B** | **फर्निचर अन्य सामाग्री** | | | | |
| १ | **विज्ञान प्रयोगशाला** | | २,५००,००० | | |
| २ | **फर्निचर्स तथा फिक्सर्स** | | २,०००,००० | १००,००० | |
| ३ | **सवारी साधन** | | | ३००,००० | |
| ४ | **कार्यालय सामान** | | ५००,००० | | |
| ५ | **पाठ्यक्रम तर्जुमा** | | - | | |
| ६ | **अन्य विविध** | | - | | |
| ७ | **सामाग्री लागत** | | ५,०००,००० | ४००,००० | |
| ८ | **पूर्वाधार विकास** | | ५०,१००,००० | ७५,४००,००० | |
| **C** | **सञ्चालन लागत** | | | | |
| १ | **प्रशिक्षक, स्टाफ, अन्य सहयोगी कर्मचारी** | | ५,४६०,००० | ८,०००,००० | |
| २ | **शिक्षण सामाग्री** | | २,५००,००० | २,५००,००० | |

| | |
|---|---|
| | |
| पूर्वाधार विकासमा जम्मा लागत रु हजारमा | कैफियत |
| १००००० | |
| ७०००० | |
| ० | |
| ० | |
| ३०००० | |
| ० | |
| ० | |
| १५५००२५६.६ | गेटा मेडिकल कलेजको लागतलाई आधार लिइएको |
| ३९१६५४२.०१ | कर्णालीको लागत |
| २३२५०३८५ | गेटा लेजको लागतलाई आधार लिइएको |
| २३२५०३८५ | |
| ६६११७५६८.६ | ६६५८४९६[illegible]६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | **सेवा र अन्य सामाग्रि** | | ७००,००० | १,४००,००० | |
| ४ | **व्यवस्थापन खर्च** | | १००,००० | १००,००० | |
| ५ | **जम्मा सञ्चालन लागत** | | ८,७६०,००० | ११,९००,००० | |

- Trade School/प्राविधिक शिक्षालयहरूमा प्राविधिक शिक्षाको ३ वर्षे Diploma/Certificate level का कम्तीमा २ विषयहरूको प्रशिक्षण गराउनुका साथै छोटो अवधिका सीपमूलक तालिमहरू सञ्चालन गरिने छ । प्रतिविषय ४० जना विद्यार्थीका दरले
- तालिम केन्द्रहरूमा स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनहरूको अधिकतम उपयोग गर्दै आवश्यकतामा आधारित छोटा अवधिका सीपमूलक कार्यक्रम सञ्चालन गर्ने
- छोटो अवधिका तालिमका लागि प्रतिसहभागी रु ४७६०० का दरले प्रति तालिम केन्द्र २५० जना उत्पादन गर्ने गरी
- *नोट हालसम्मको सञ्चालन भएका शिक्षालयहरूलाई आधारमानेर तयार गरिएको अनुमान हो । कार्यक्रमको प्रकृतिका आधारमा उपकरण र कार्यशाला निर्माण गर्नुपर्ने भएकाले औसतमानी हिसाब गरिएको छ ।*

| | | |
|---|---|---|
| जम्मा प्राविधिक शिक्षाको अवसर पुगेका स्थानीय निकाय | ३५६ | |
| काँकी स्थानीय निकाय | ३९७ | |
| TECS विद्यालयहरू/ प्राविधिक शिक्षालयहरू मात्र सञ्चालन गर्दा लाग्ने लागत | | |
| पूर्वाधार विकास | ३९७ | १९८८९७००००० |
| सञ्चालन लागत | ७५३ | ६५९६२८०००० |
| **कुल जम्मा** | | २६४८५९८०००० |

परिच्छेद १८

# शिक्षक विकास र तालिम

## १.पृष्ठभूमि

शिक्षक सिकाइमा सहजीकरण र मार्गदर्शन गर्ने व्यक्ति हो । शिक्षकमा भएको ज्ञान, दक्षता र आचरणले सिकारुमा प्रत्यक्ष प्रभाव पार्दछ । शिक्षाको गुणस्तर शिक्षकको गुणस्तरसँग सम्बन्धित हुन्छ । शिक्षकको गुणस्तर शिक्षक तयारी, विकास र व्यवस्थापनसँग सम्बन्धित हुन्छ । शैक्षिक संस्था एक सिकाइ सङ्गठन हो जहाँ शिक्षकले आफ्नो अनुभव र विज्ञतालाई बढी व्यवस्थित तरिकाले आदान प्रदान गर्दछन् । प्रभावकारी पेशागत विकास निरन्तर हुन्छ जसभित्र तालिम, अभ्यास, पृष्ठपोषण तथा प्रशस्त समय, अनुगमन र सहयोगको व्यवस्था गरिएको हुन्छ (युनेस्को २००३)। सिकाइ वातावरण अनुकूल बनाउन शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ ।

शिक्षकको अवधारणा समय र समाज सापेक्षिक हुन्छ । पूर्वीय दर्शनले शिक्षक (गुरु) शव्दको अर्थ ज्ञानको स्रोत भएको सर्वोत्कृष्ट व्यक्ति भन्छ भने अङ्ग्रेजीको शिक्षक शब्दको अर्थ धार्मिक र नैतिक शिक्षा प्रदान गर्ने व्यक्ति भन्ने बुझिन्छ । आदर्शवादमा शिक्षकलाई आध्यात्मिक ज्ञान विद्यार्थीसम्म पुऱ्याउने ज्ञानी मानिस भन्ने बुझिन्छ। प्रकृतिवादले शिक्षकलाई पथप्रदर्शकको रूपमा प्रस्तुत गरेको छ । प्रयोगवादले शिक्षकलाई सिकारुको समूह नेतृत्व गर्ने कर्ताको रूपमा प्रस्तुत गर्दछ भने भैतिकवादले समाजवादी व्यवस्थाका लागि सबभन्दा राम्रा मानवीय गुणहरू भएको "नयाँ मानव" निर्माण गर्ने दायित्व निर्वाह गर्ने व्यक्ति मान्दछ । आधुनिक शिक्षा प्रणालीमा पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तु विद्यार्थीलाई सिकाउने व्यक्तिको रूपमा शिक्षकलाई लिइन्छ । अहिले शिक्षकलाई विश्वव्यापी रूपमा नै विद्यालयमा शिक्षण गर्ने व्यक्तिका रूपमा चिनिन्छ तथा विश्वविद्यालयमा पढाउनेलाई शिक्षक र प्राध्यापक दुवै भन्ने गरेको पाइन्छ ।

राज्यको दर्शनलाई शिक्षाले सम्वोधन गर्नुपर्ने भएकोले पाठ्यक्रम मार्फत त्यसको कार्यान्वयनको अपेक्षा गरिएको हुन्छ । पाठ्यक्रमको कार्यान्वयन कक्षाकोठामा शिक्षक र विद्यार्थीवीचको अन्तरक्रियामा भर पर्दछ जस्को कार्यान्वयनकर्ता स्वयं शिक्षक हो । तसर्थ राज्यको दर्शन, अपेक्षा र चाहनाको सम्वोधनसँग शिक्षक सम्वन्धित हुने भएकाले सिकारुमा भएको प्रतिभाको प्रस्फुटन गराउने र उनको चरित्र निर्माण गर्न सहयोग गर्ने काम पनि शिक्षकको हो । त्यसैगरी शिक्षकहरू सामाजिक परिवर्तनका संवाहक र सचेत नागरीक हुनुको नाताले समाज परिवर्तनमा उनीहरूको भूमिका महत्वपूर्ण रहँदै आएको छ।

नेपालमा सामाजिक र राजनीतिक परिवर्तनहरूमा शिक्षकहरूको महत्वपूर्ण भूमिका रहेको भएतापनि पछिल्लो चरणमा शिक्षकको भूमिकामाथि पुनर्विचार गर्नुपर्ने आवाजहरू उठेका पाइन्छन । शिक्षकलाई ज्ञानको हस्तान्तरणकर्ताको भूमिकाबाट ज्ञानको सहजकर्ता बनाउने, शिक्षकको प्रत्यक्ष राजनीतिक संलग्नतालाई अन्त्य गरी व्यवशायिक बनाउने, शिक्षण पेसाको आकर्षण र गरिमाको पुनरोत्थान गरी नयाँ शैक्षिक अभियानको प्रारम्भ गर्ने र समग्र शिक्षक व्यवस्थापनमा देखिएका

समस्याहरूलाई सम्बोधन गरी शिक्षालाई आर्थिक सामाजिक रुपान्तरणको माध्यमका रूपमा विकास गर्नुपर्ने अवस्था विद्यमान रहेको छ।

## २. वर्तमान अवस्थाको विश्लेषण

### (क) शिक्षक दरबन्दी र तयारी

शिक्षा विभागको तथ्याङ्क २०७५ अनुसार हाल नेपालमा तीन लाख पचपन्न हजार जति शिक्षक र प्राध्यापकहरू भएकोमा ती मध्ये करिव १० हजार विश्वविद्यालयमा पढाउने, ३८ हजार पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरू र करिव ९० हजार संस्थागत विद्यालयका शिक्षकहरू छन् । सामुदायिक विद्यालयका शिक्षक सख्या ३ लाख २६ हजार ६ सय ६७ मध्ये माध्यमिक तहमा ४३ हजार ३०३ जना छन् । यी मध्ये पनि १७,९२७ जना निजी स्रोतमा व्यवस्थापन भएका छन् । बाँकी २५,३७६ जनामध्ये ९,४४५ जना स्थायी छन्, ४८४६ अस्थायी र १०,६८५ जना राहत कोटामा कार्यरत छन् । त्यसैगरी आधारभूत तहमा जम्मा १,९३,३६४ जना मध्ये ६६,९९२ जना निजी स्रोतमा व्यवस्थापन भएका छन् भने १,२६,३७२ जना सरकारी दरबन्दीमा रहेका छन् र सरकारी दरबन्दीमध्ये ६७,०५४ जना स्थायी, ५८,६९५ अस्थायी र ३०,६२३ जना राहत कोटामा कार्यरत छन् । धेरै प्रकारका शिक्षकहरूको विद्यमान अवस्थाले धेरै पक्षमा अलमल र अन्योलता सिर्जना गरेको छ । अझै पनि नेपालका सामुदायिक विद्यालयहरूमा ठूलो संख्यामा निजी श्रोतबाट शिक्षकहरूको व्यवस्थापन गरिएको छ, जस्को व्यवस्थापन गर्न कुनै न कुनै रूपमा विद्यार्थीहरूमानै भर परेको पाइन्छ । नेपालको सविधानले मौलिक हकमा व्यवस्था गरे अनुसारको आधरभूत तहसम्मको अनिवार्य र निशुल्क र अनिवार्य शिक्षा तथा निशुल्क माध्यमिक शिक्षाको सुनिश्चतता गर्नुपर्ने दायित्वका लागि राज्यले सर्वैभन्दा पहिले आवश्यक सख्यामा शिक्षकको व्यवस्था गर्नुपर्ने हुन्छ ।

विद्यालय तहमा शिक्षक हुनका लागि हाल शिक्षा संकायमा सम्वन्धित विषयमा उपाधि हाँसिल गरी १० महिने शिक्षक तालिम र अध्यापन अनुमति पत्र लिएका व्यक्ती मात्र योग्य मानिन्छन। तथापि संस्थागत विद्यालयहरूमा पनि यो मापदण्ड पुरा भएको पाइँदैन । शिक्षक अध्यापन अनुमतिपत्रको वर्तमान व्यवस्थाका कारण गणित, विज्ञान, लेखा जस्ता विषयहरूमा शिक्षकको अभाव हुन गएको छ । शिक्षक तयारी कोर्ष नै भनेर विश्वविद्यालयहरूले कार्यक्रम चलाएका छैनन् । वि.एड. एम.एड. लाई नै शिक्षक तयारी कोर्ष वा प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुवै मानिएको छ । शिक्षा शास्त्र संकायबाट प्राज्ञीक योग्यता प्राप्त गर्न राखिएका विषयवस्तु र अन्य संकायबाट प्रदान गरिने प्राज्ञिक योग्यताका विषयवस्तुको भारवीच तालमेल देखिंदैन । समान्यतया अन्तराष्ट्रिय अभ्यास हेर्दा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रममा सहभागी भै सो सकेपछि मात्र शिक्षकका लागि योग्य मानिन्छ । विद्यालय तहमा पढाउने शिक्षकको न्यूनतम योग्यता अपुग भएको र विश्वविद्यालयका शिक्षकहरूको न्यूनतम योग्यतामा बृद्दि गर्नुपर्ने जस्ता कुरा परिवर्तित सन्दर्भमा महत्वपूर्ण देखिएका छन् ।

### (ख) शिक्षक छनौट

विद्यालय शिक्षाका लागि शिक्षक छनौट गर्न शिक्षा ऐनबाट नै स्वायत्त निकायको रुपमा शिक्षक सेवा आयोगको व्यवस्था गरिएको छ । विद्यालय शिक्षाका लागि शिक्षक छनौटको कार्य विश्वासनीय वन्दै गएको छ । तर विश्वविद्यालयको हकमा सवै विश्वविद्यालयका आ आफ्नै सेवा आयोग रहेका र सोही आयोगबाट विश्वविद्यालयहरूको स्वीकृत दरवन्दमा लिखित र मौखिक परीक्षाको माध्यमबाट शिक्षक छनौट गरिन्छ । विश्वविद्यालयमा अध्यापन अनुमति पत्र सम्वन्धी व्यवस्था गरिएको छैन । एकातिर विश्वविद्यालयहरूको सेवा आयोग बाट छनौट हुने शिक्षकको गुणस्तर पनि फरक फरक छ भने अर्को तर्फ सेवा आयोगहरू अपेक्षाकृत रूपमा विश्वसनीय वन्न सकिरहेका छैनन् । मेधावी जनशक्तिहरूको पहिलो रोजाइका रूपमा शिक्षण पेसालाई बनाइ शिक्षामा नयाँ जागरण र गुणस्तरको सुनिश्चितता गर्न सकिएको अवस्था देखिँदैन ।

तालिम प्राप्त गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेका शिक्षकका सम्वन्धमा दुई वटा नीतिगत विषय संवेदनशीलरूपमा उठ्ने गरेका छन् । कमजोर विद्यार्थीहरू (ग्रेड प्वाइन्ट १.६५ ल्याएकाहरू शिक्षा शास्त्र अध्ययन संकायमा पढ्छन् । विषयवस्तु नै कम पढेकाहरूबाट शिक्षण कला मात्र जानेर अपेक्षित शिक्षण हुन सक्दैन । विश्वका धेरै जसो मुलुकहरूमा सम्वन्धित विषयमा प्रविणता भएपछि, तालिम पाठ्याश पढाएर मात्र शिक्षक हुन पाइने व्यवस्था छ । यससम्बन्धी नीतिगत व्यवस्थामा पुनर्विचार गर्नु पर्ने देखिन्छ ।

### ग) शिक्षकको पेशागत विकास र उपयोग

शिक्षक व्यवस्थापनका सम्वन्धमा देखिएको अर्को समस्यामूलक पक्ष शिक्षकको क्षमताको उपयोग हो । शिक्षकको क्षमता अनुसार सही स्थानमा पदस्थापन गरी योग्यताको उपयोग गर्ने प्रणालीको स्थापना हुन सकेको छैन । पेशागत विकासका वर्तमान तालिमहरूलाई मागमा आधारित बनाउन खोजिएको भएतापनि व्यवाहरमा भने आपूर्तिकै ढाँचामा सन्चालन गरिएको हुनाले कक्षाकोठामा तालिमको प्रभाव अपेक्षित रूपमा पर्न सकेको छैन । शिक्षकको वृत्ति विकासलाई शिक्षण सिकाइमा प्रणालीगत रूपमा आवद्ध गर्न सकिएको छैन । दुर्गम र पहुँच कमजोर भएका ठाउँमा शिक्षक अपुग हुने तर शहर र सदरमुकामहरूमा थुप्रिने अवस्था छ । विभिन्न जिल्लामा आरक्षणको कोटामा गएर परीक्षा उत्तीर्ण हुने र नियुक्ति पाए पछि सरुवाको पहलमा लाग्ने कुरा शिक्षक व्यवस्थापनको समस्या बन्दै आएको छ ।

### (घ) शिक्षक प्रोत्साहन

उत्कृष्ठ व्यक्तिहरूलाई शिक्षण पेसामा आकर्षण गर्न र टिकाइराख्नका लागि हालका शिक्षक प्रोत्साहनका तत्वहरू पर्याप्त छैनन् । शिक्षकका लागि सेवा सुविधाहरूमा कमी र प्रभावकारी दण्ड र पुरस्कारको अभाव छ । शिक्षकहरूलाई उत्तरदायी बनाउन नतीजासँग सम्बिन्धत गर्ने व्यवस्था अपेक्षाकृत रूपमा प्रभावकारी भएको छैन् ।

### (ङ) संघीय सरचनामा शिक्षक व्यवस्थापन

संघियता कार्यान्वयन हुँदै गर्दा शिक्षक व्यवस्थापनको पक्ष अझ पेचिलो बन्दै आएको छ । संविधानत माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा भएको सन्दर्भमा, एकात्मक

शासन पद्धतिमा नियुक्ति भएका र संघीय सरकारले तलव भत्ता खुवाउँदै आएका शिक्षकको जिम्मेवारी कसरी स्थानीय तहमा पुर्याउने भन्ने विषयमा स्पष्टता आईसकेको छैन ।

**(च) शिक्षकहरूको अनुभवको प्रयोग**

सेवा निवृत्त शिक्षकहरूलाई औपचारिक रूपमा शैक्षिक तथा अनुसन्धान लगायत अनुगमनका काममा लिने स्पष्टकानूनी व्यवस्था नभए तापनि निवृत्त शिक्षकहरूलाई शिक्षक तालिम, अनुगमन, अध्ययन अनुसन्धानमा प्रयोग गरिने गरिएको छ । तर संस्थागत रूपबाट अनुभव हस्तान्तरणका लागि कानूनी व्यवस्थाको अभाव छ।

## ३ मुद्दा तथा चूनौती

- विद्यार्थी सख्याका आधारमा शिक्षकको सन्तुलित वितरण गर्नु र नपुग शिक्षक संख्या यकीन गरी आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गर्नु ।
- शिक्षकलाई जिम्मेवार र उत्तरदायी, प्रविधिमैत्री एवम् अध्ययनशील बनाउनु,
- शिक्षक सेवा आयोगको छनौटको वार्षिक तालिका निर्माण गरि कार्यान्वयन गर्नु,
- बदलिदो परिवेशमा योग्य शिक्षक छनोट र नियुक्तित गर्नु
- सरुवालाई स्वचालित र पारदर्शी बनाइ शिक्षण सिकाइमा केन्द्रित गर्नु ।
- विद्यालय तहका शिक्षकहरूको तहगत बढुवा व्यवस्थापन गर्नु।
- सेवा निवृत्त शिक्षकको तथा शिक्षा प्रसासकहरूको अनुभवलाई उपयोग गर्नु ।
- शिक्षकहरूका लागि हालका सेवा सुविधाहरूमा समयानुकूल परिवर्तन गरी प्रोत्साहन तथा प्रभावकारी दण्ड र पुरस्कारको व्यवस्था गर्नु ।
- विश्वविद्यालय तहमा शिक्षकको वृत्ति विकासलाई पारदर्शि बनाइ र अनुसन्धानसँग आवद्द गर्नु ।

## ४. सुझावहरू

### नीति

१. शिक्षक सेवा आयोगका प्रदेश स्तरका विस्तरीत कार्यालयहरू स्थापना गर्ने ।

२. सबै प्रकारका शिक्षकहरूका लागी न्यूनतम शैक्षिक योग्यतामा वृद्दि गर्ने ।

३. जुनसुकै संकायबाट मूल विषय लिई सम्बन्धित न्यूनतम तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिले शिक्षक तयारी कोर्ष पूरा गरे पछि मात्र शिक्षक पदको लागी हुने परीक्षामा सहभागी हुन पाउने व्यवस्था गर्ने ।

४. प्रत्येक ५ वर्षमा शिक्षक अध्यापन अनुमतिपत्रको नवीकरण गर्ने।

५. विद्यालयको आवश्यकता अनुसार तहगत, विषयगत रूपमा शिक्षक व्यवस्थापन स्थानीय तहबाटै हुने व्यवस्था गर्ने ।

६. योगदानमा आधारित शिक्षक निवृत्तिभरण कोषको व्यवस्था गर्ने ।

७. विद्यालयका शिक्षकहरूको वढुवा योग्यता र दक्षताका आधारमा विद्यालय तहको माथिल्लो तह र श्रेणी सम्म वढुवा हुन सक्ने प्रावधान राखे ।

८. मेधावी विद्यार्थी (विश्वविद्यालयबाट विशिष्ट श्रेणीमा उतीर्ण वा विशिष्टता प्राप्त गरेकालाई) हरूलाई तालिम र अध्यापन अनुमति पत्र विना नै सोझै शिक्षकमा नियुक्ती गर्ने आवश्यक कानूनी र प्रक्रियागत व्यवस्था गर्ने ।

९. शिक्षकको बढुवा पचास प्रतिशत आन्तरिक प्रतियोगिताबाट हुने व्यवस्था गर्ने । बाँकी पचास प्रतिशत निश्चित सक्षमताहरू पूरा गरेपछि मात्र हुने व्यवस्था गर्ने ।

१०. सामुदायिक विद्यालयमा दक्ष, उत्प्रेरित र अधिकारसम्पन्न प्रधानाध्यापकको व्यवस्था गर्ने

**रणनीति**

१. आधारभूत तहमा कक्षा ५ भन्दा माथि विषयगत रूपमा शिक्षक व्यवस्था गर्ने ।

२. बाल विकास शिक्षकको नियुक्ति यस प्रतिवेदनको आधारभूत खण्डमा उल्लेख भए अनुसार शिक्षक सेवा आयोगले तोकेको मापदण्का आधारमा स्थानीय तहबाट गर्ने ।

३. स्थायी हुने प्रतिस्पर्धामा वैकल्पिक वा अस्थायी सिफारिस भएका उम्मेदवारले मात्र प्रतिस्पर्भाको अस्थायी रूपमा काम काज गर्न पाउने व्यवस्था अनिवार्य गर्ने ।

४. शिक्षकको तलब सुविधा अन्य समान सेवाका पदहरूभन्दा कम्तीमा दस प्रतिशत बढी निर्धारण गर्ने।

५. विद्यालयका शिक्षकहरूको कार्य सम्पादनको लेखाजोखा विद्यालय प्र.अ. र स्थानीय सरकारबाट हुने व्यवस्था मिलाउने र कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धि, विद्यालयको कार्य सम्पादन स्तर तथा विद्यार्थीको मूल्यांकनलाई समेत आधार बनाउने प्रणाली विकास गर्ने ।

६. शिक्षकहरूलाई माथिल्लो तहको अध्ययन, तालिम तथा अन्य अवसरमा सहभागी हुने मापदण्ड विद्यालयको अभिलेख तथा स्थानीय सरकारले आवश्यक ठानेको अन्य मापदण्डका आधारमा पारदर्शी सूचकको आधारमा गर्ने व्यवस्था मिलाउने ।

७. निजी लगानीमा सञ्चालित विद्यालय तथा निजी स्रोतबाट व्यवस्थापन गरिएका तथा गरिने शिक्षकहरूको लागि पनि राष्ट्रिय मापदण्डको आधारमा शिक्षक छनौट तथा विकास गर्ने पद्दती अवलम्वन गर्ने ।

८. राष्ट्रिय तहमा दरवन्दी मिलान गरी स्थानिय तहको दरवन्दि एकिन भएपश्चात प्रत्येक वर्ष स्थानीय तहहरूले आफ्नो क्षेत्रमा शिक्षकहरूको दरबन्दी मिलान गर्ने ।

९. शिक्षकको सरुवा प्रत्येक ५ वर्षमा हुने गरी स्वचालित प्रणाली स्थापना गर्ने र सरुवा हरेक वर्ष वैशाख महिना भित्र गरिसक्ने व्यवस्था गर्ने ।

१०. अवकाशप्राप्त शिक्षकहरूको अनुभवको प्रयोग गर्नका लागि प्रतिस्पर्धात्मक क्षमताका अधारमा प्रदेश तथा स्थानीय स्तरमा निवृत्त शिक्षकहरूको रोष्टर तयार गर्ने र उक्त सूचीबाट प्रदेश तथा स्थानीय तहमा शिक्षा सम्वन्धि कार्यमा परामर्श, अध्ययन अनुसन्धान, तालिम तथा अनुगमनमा उपयोग गर्ने ।

११. सम्बन्धित तहमा पाँच वर्षको शिक्षण अनुभव भएको व्यक्तिलाई पाँच वर्षका लागि विद्यालयसुधार सम्वन्धी योजनामा आधारित पाँच बर्षे कार्यसम्पादनमा आधारित करार

सम्झौता गर्ने गरी प्रधानाध्यापकका नियुक्त गर्ने । प्रधानाध्यापकको भत्ता तलबमानको १० प्रतिशत कायम गर्ने।

१२. राम्रो परिणाम ल्याएका प्रधानाध्यापकलाई बर्षको उत्कृष्ट प्रअको सम्मान प्रदान गर्ने,

### (क) शिक्षक तालिम

### पृष्ठभूमि

तोकिएको काम गुणस्तरीय रूपमा सम्पन्न गर्न थप ज्ञान, सीप र प्रविधि प्राप्त गर्नु तालिम हो । तालिमले जानेको र आवश्यक पर्ने क्षमताको अतर पूरा गर्छ । यसले पेशागत क्षमता विकासका लागि गरेर सिक्ने अवसर प्रदान गर्छ । तालिमको कारणले शिक्षक सक्षम हुँदा सिकारुहरूले सक्षमता बढाउने अवसर पाउछन । त्यसैले विद्यालय वा विश्वविद्यालय पद्धतिमा विश्व भरी नै यसलाई उच्च महत्व दिइन्छ । सामान्यतया शिक्षण पेसामा पवेश गर्न तालिमलाई पूर्व सर्त मानिन्छ । विभिन्न मूलुकमा शिक्षक पेसामा प्रवेश गर्न दिइने तालिम फरक फरक अवधिको छ । विश्वमा शैक्षिक क्षेत्रमा राम्रो प्रगती गरेका मूलुकमा शिक्षक पेसामा प्रवेश गर्नु पूर्व चार वर्षसम्मको संघन तालिम दिए पछि मात्र शिक्षकको रूपमा नियुक्ति दिने प्रचलन छ ।

नेपालमा वि. स. २००५ मा आधार स्कुलमा अध्यापन गराउने शिक्षकहरूका लागि शिक्षक तालिम सञ्चालन गरिएको थियो । वि. स. २०१३ सालमा कलेज अफ एजुकेशनको स्थापना भए पश्चात शिक्षक तयारीको आधार स्तम्भ तयार भयो । राष्ट्रिय शिक्षा पद्धति योजना, २०२८ ले शिक्षण कार्यका प्राज्ञिक (Academic Qualification) र पेशागत योग्यता ( Professional Qualification) निर्धारण गरे पश्चात शिक्षक तालिमले विशेष महत्व पायो ।शिक्षा ऐन,२०२८ को सातौ संशोधन ,२०५७ ले शिक्षण पेसाका लागि अनिवार्य गरेको अध्यापन अनुमति पत्र लिनका लागि १० महिना वा सो सरहको शिक्षक तालिम अनिवार्य भयो। तत्पश्चात शिक्षकको पेशागत विकास गर्नका लागि थुप्रै कार्यक्रमहरू सञ्चालन गरिए । ती मध्ये रेडियो शिक्षा शिक्षक तालिम कार्यक्रम, १९७८, सेती परियोजना (१९८१-१९९१) प्राथमिक शिक्षा परियोजना, (२०४२-२०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत शिक्षा तथा प्राथमिक शिक्षा परियोजना, पहिलो र दोस्रो (२०४९-२०५४, २०५६-२०६१), माध्यमिक शिक्षा विकास परियोजना (२०५०-२०५६), शिक्षक शिक्षण आयोजना (२००२-२००८), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८), सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) ,विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-२०७२), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७९/०८०) केहि प्रमुख कार्यक्रमहरू हुन ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-२०७२) ले सम्पूर्ण शिक्षकहरूलाई ५ वर्षभित्रमा ३० दिन बराबरको शिक्षकको पेशागत क्षमता विकास तालिम सञ्चालन गर्ने र शिक्षकहरूको वृत्तिविकासका लागि प्रत्येक तहमा नवप्रवेशी (Beginner), अनुभवी (Experienced), दक्ष (Master) र विज्ञ (Expert) गरी चारओटा श्रेणी शिक्षक बढुवाको प्रावधान राखेको भए तापनि शिक्षकहरूको वर्गीकरण गरी

पेशागत विकास गर्ने कार्य कार्यान्वयन भएन । हाल नेपालमा सामुदायिक विद्यालयमा पढाउने सबैजसो शिक्षक तालिम प्राप्त छन् । विश्वविद्यालय र पूर्व प्राथमिक वा प्रारम्भिक बाल शिक्षामा पढाउने शिक्षकहरूका लागि भने तालिम अनिवार्य गरिएको छैन।

### २. वर्तमान अवस्था विश्लेषण

शिक्षक सेवा आयोग नियमावली २०५७ (परिमार्जन सहित ) शिक्षक पदको बढुवाका लागि १० महिने तालिम वापद प्रथम दोस्रो र तेस्रो श्रेणीका लागि क्रमश ७,६ र ५ अङ्क दिइने र एक महिना अवधिको सेवाकालिन तालिम वापत प्रथम, दोस्रो र तेस्रो श्रेणीका लागि क्रमश ३, २ र १ अङ्क दिने व्यवस्था छ ।

विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७९/०८०) ले विद्यालय तहमा अध्यापन गर्ने शिक्षकहरूलाई प्रमाणिकरण, पुनर्ताजगी, प्रधानाध्यापक व्यवस्थापन, प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लगायत गरी १,९३,२१२ को संख्यामा शिक्षक तालिम प्रदान गर्ने लक्ष्य राखेको छ।साथै विज्ञान, गणित, अंग्रेजी र सूचना तथा सञ्चार प्रविधिलाई शिक्षक तालिममा विशेष जोड दिने, नव प्रवेशी शिक्षकहरूका लागि एक वर्षे तालिम, विश्वविद्यालयहरूसँग सहकार्य गरी शिक्षक तयारी कोर्समा विद्यार्थी केन्द्रित तथा बालमैत्री शिक्षण विधिको सुदृढीकरण गराइने कुरा उल्लेख छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रममा गरिएको प्रावधान र शिक्षक पेशागत प्रारूप २०७२ मा भएको व्यवस्था अनुसार शिक्षा मन्त्रालयले निर्धारण गरेको शिक्षकको आठ ओटा पेशागत सक्षमताको परिधि भित्र रहेर एक महिना अवधिको पेशागत विकास तालिम, तीन महिना अवधिको अनलाईन पेशागत विकास तालिम, ५ दिनको कष्टमाइज्ड तालिम, ५ दिनको सेवा प्रवेश तालिम र संस्थागत विद्यालयका शिक्षकहरूका लागि ५ दिने तालिम वर्तमान अवस्थामा सञ्चालन भइ रहेको अवस्था छ ।

### ३. प्रमुख चुनौतीहरू

- सामुदायिक विद्यालयमा कार्यरत अधिकाङ्श शिक्षकहरू तालिम प्राप्त भए तापनि कक्षाकोठामा तालिमको उपयोग र विद्यार्थीको सिकाइ बृद्धि गर्न,
- संघीय संरचना अनुसार तलिम दिने संस्थाको स्वरूप र संगठनात्क संरचनाको व्यवस्थापन गर्न
- परिवर्तित सन्दर्भ अनुसारको तालिम सम्बन्धी समग्र गतिलिधिमा नविनता ल्याउन

### ४. सुझावहरू

**नीतिगत सुझाव**

- विद्यालय तहमा शिक्षकको निरन्तर पेशागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार गराउने ।
- शिक्षकको निरन्तर पेशागत विकास कार्यलाई विद्यार्थी सिकाइ उपलब्धीलाई आबद्ध गराउने ।
- शिक्षक तालिमलाई मागमा आधारित र अनुसन्धानमुखि गराउने ।

- प्रधानाध्यापकहरूको क्षमता बृद्धि गर्न व्यवस्थापनसम्बन्धी संघन तालिमको व्यवस्था गर्ने ।
- तालिममा आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्ने ।
- संस्थागत विद्यालयका शिक्षकहरूका लागि अनिवार्य रूपमा एक महिना अवधिको प्रमाणीकरण तालिम व्यवथा गर्ने ।

**रणनीतिहरू**

- शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षक विकास र शिक्षक तालिमको नीति निर्धारण, शिक्षक तालिमको खाका तय गर्ने, तालिमको अनुसन्धान, नमुना मुद्रित तालिम सामग्री विकास, श्रव्यदृश्य तालिम सामग्री निर्माण र प्रसारण, अनलाईनमा आधारित तालिम सामग्री निर्माण, प्रमुख प्रशिक्षक प्रशिक्षण र एक महिना भन्दा बढि अवधिको मिश्रित (blended) तथा अनलाईन मोडमा आधारित शिक्षक पेशागत विकास तालिम कार्यक्रम सञ्चालन गर्ने।
- प्रदेश स्तरमा रहेका शिक्षा तालिम केन्द्रले प्रशिक्षक प्रशिक्षण र एक महिनासम्म अवधिको शिक्षक पेशागत विकास तालिम कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय सरकारले विद्यालयलाई केन्द्र विन्दु बनाएर शिक्षकको निरन्तर पेशागत विकास कार्यक्रमहरू (५ दिन सम्म अवधिको कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्वन, शिक्षक नेटवर्क, व्यक्तिगत रूपमा गरिने सहयोगी (collaborative) अनुसन्धान, मेन्टरीङ, कोचिङ जस्ता) सञ्चालन गर्ने।
- विद्यालय तहमा सञ्चालन गरिने पेशागत विकास तालिमको पमठ्यक्रम विद्यालयको सम्बन्धीत तहमा अध्यापन गराइने पाठ्यक्रम र शिक्षण सिकाइ कलामा आधारित हुनु पर्ने।
- बाल विकास कक्षा १२ सम्म शिक्षण गर्ने शिक्षकहरूलाई उनीहरूले सम्पादन गर्ने कार्य प्रकृति अनुसारको एक महिना अवधिको सेवा प्रवेश तालिम दिने व्यवस्था गर्ने ।
- स्थानीय तहमा विषयगत शिक्षकहरूको समूह गठन गरी हरेक महिनामा १ पटक अन्तर्क्रिया गराउनु पर्ने।
- विद्यार्थीहरूबाट शिक्षकले कक्षाकोठामा विताउने समय र कक्षा कृयाकलाप टिपोट गर्न लगाइ हरेक शुक्रवार छलफलमा ल्याउने ।
- विद्यालयमा सञ्चालन गरिने निरन्तर पेशागत विकास तालिमको सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यको जिम्मेवारी प्रधानाध्यापकको हुने ।
- शिक्षकहरू प्रधानाध्यापक प्रति उत्तरदायि र विद्यार्थीको सिकाइ उपलब्धी प्रति जिम्मेवार हुनु पर्ने ।
- साविकमा रहेका २९ ओटा शैक्षिक तालिम केन्द्रहरूलाई प्रदेश सरकारको मातहतमा राखेर शिक्षक तालिम सञ्चालन गर्ने।
- शिक्षकको निरन्तर पेशागत विकास तालिम सञ्चालन गर्नका लागि प्रदेश तथा स्थानिय तहमा निबृत्त शिक्षक, प्राध्यापक तथा शैक्षिक प्रशासकहरूको रोष्टर तयार गरी प्रतिस्पर्धा र क्षमताको आधारमा उपयोग गर्ने ।

- सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तिब्रतम विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने (face to face), विद्यालयमा आधारित (school based), मिश्रित(blended), अनलाईन (online) तथा भर्चुवल पद्धतिका तालिम सञ्चानल गर्ने ।
- लामो अवधिको तालिम हिउँदे र वर्षे विदामा सञ्चालन गर्ने ।
- शिक्षक तालिम दिने संस्थाले तालिममा आर्जन गरेको ज्ञान र सीप कक्षाकोठामा प्रयोग भए नभएको सुनिश्चित गर्न निरन्तर रूपमा अनुगमन तथा पृष्ठपोषण दिन सुपरिवेक्षकको संयोजकत्वमा निबृत्त शिक्षक तथा निवृत शिक्षा प्रसासकहरूसमेत रहने व्यवस्थ गर्ने ।
- कक्षाकोठामा विशेष क्षमता प्रदर्शन गर्ने र विद्यार्थीहरूमा उच्च सिकाई उपलब्धी हासिल गराउने शिक्षकहरूलाई प्रोत्साहित गर्ने

परिच्छेद १९

# शिक्षाको प्रशासनिक संगठन संरचना

## १. पृष्ठभूमि

राज्य व्यवस्थालाई जनताको हितमा प्रवर्धन गर्न सङ्गठनात्मक संरचनाको व्यवस्था गरिएको हुन्छ । राज्यको प्रारम्भसँगै राज्यबाट प्रदान गरिने सेवा, सुविधा, जानकारी, नियमन, दण्डसजायलाई सम्बोधन गर्न सङ्गठनको व्यवस्था गरिएको थियो । यसको विकल्प राज्य व्यवस्थामा देखिएको छैन । राज्यका विभिन्न तह र एकाइमा सङ्गठनात्मक संरचनामार्फत् सेवा, सुविधा, सुरक्षा र सुचना जनतासम्म पुऱ्याउने काम गरिएको हुन्छ । सङ्गठनात्मक संरचनाको उपयुक्त व्यवस्था र यसको संस्थागत क्षमतामा सरकार र जनताबिचको सम्बन्धको प्रगाढता निर्भर गर्छ । राज्यले जनहितका लागि पुऱ्याउनुपर्ने एउटा महत्त्वपूर्ण विषयक्षेत्र शिक्षा हो । शिक्षा क्षेत्रमा पुऱ्याउनुपर्ने सेवा अन्य क्षेत्रभन्दा भिन्न र व्यापक हुन्छ । बालबालिकाको पठनपाठन, वयस्क र प्रौढको सिकाइ, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक तालिम, पठनपाठनको सुपरिवेक्षण जस्ता विशिष्टीकृत विषयक्षेत्र भएकाले शिक्षा सेवा प्रवाह गर्न त्यहीअनुसारको सङ्गठनात्मक संरचना र जनशक्ति व्यवस्था गरिएको हुन्छ।

अहिलेको नेपालको बदलिँदो परिवेशमा शिक्षाको प्रशासनिक पुनःसंरचना विचार गर्नुपर्ने कुराहरूमा शिक्षाको विशिष्टीकृत प्रकृति, शिक्षासम्बन्धी संवैधानिक प्रावधानहरू तथा एकल र साझा अधिकारहरूको सूची, शिक्षालाई सार्वजनिक सेवाको रूपमा दिइएको पहिचान, नेपालले परिकल्पना गरेको समाजवादउन्मुख अधिकारमा आधारित समावेशी तथा गुणात्मक शिक्षा, शैक्षिक प्रशासनिक विषयमा अन्तर्राष्ट्रिय प्रचलन र मान्यता, संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रको हैसियतले सन् २०३० सम्म सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्नेलगायतका विषयमा नेपालले गरेका प्रतिबद्धताहरूजस्ता पक्षलाई विचार गर्नुपर्ने हुन्छ ।

### सङ्गठन संरचनाको वर्तमान अवस्थाको विश्लेषण

- वर्तमान अवस्थामा नेपालको शैक्षिक व्यवस्थापन र शिक्षा प्रवाह सङ्गठनात्मक ढाँचा प्रमुख रूपमा २०४९ सालको राष्ट्रिय शिक्षा आयोगले दिएको प्रतिवेदनमा आधारित छ ।वैदेशिक सहायताआबद्ध परियोजनाहरूलाई कार्यक्रमको ढाँचामा सञ्चालन गर्नका लागि २०५६ सालमा शिक्षा विभागको स्थापना र माध्यमिक शिक्षा सहयोग कार्यक्रमको कार्यान्वयनको क्रममा २०६१ सालमा सङ्गठन संरचनामा केही परिवर्तन गरिएबाहेक मूलतः संरचनागत परिवर्तन भएको छैन। २०४७ सालको तथ्याङ्कलाई आधार बनाई २०४९ मा निर्धारण गरिएको सङ्गठनात्मक स्वरूप पुरानो भइसकेको छ । त्यस बेला र अहिलेको अवस्था र सेवा प्रदान गर्नुपर्ने विषयक्षेत्रमा उल्लेख्य रूपमा परिवर्तन आएको कुरा तलको तालिकामा प्रस्तुत तथ्याङ्कबाट स्पस्ट हुन्छ :

तालिका : २५ वर्ष पहिला हालको सङ्गठनात्मक संरचना निर्माण हुँदाको बखत र हालको शिक्षा क्षेत्रको विस्तारसम्बन्धी विवरण

| सेवाका क्षेत्र | २०४७ | २०६९ | २०७४ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | २७,८८,६४४ | ७६,६५,४४८ | ७३९१५२४ | २६५ |
| शिक्षक सङ्ख्या | ७१,२१३ | १,९३,१४० | ३२२०७५ | ४५२ |
| विद्यालय सङ्ख्या | १७,८४२ | ३४,७८२ | ३५६०१ | २०० |
| बालविकास केन्द्र र बालशिक्षा | ० | ३४,१७४ | ३६५६८ | |
| अनौपचारिक तथा खुला विद्यालय | ० | १२२ | १२२ | |
| सामुदायिक सिकाइ केन्द्र | ० | १९८१ | २१९२ | |

तालिकामा विश्वविद्यालय तहको तथ्याङ्क प्रस्तुत छैन । साविकका तीन ओटा विश्वविद्यालयबाट बढेर १५ ओटा उच्चतहको शिक्षा सञ्चालन गर्ने संस्था भइसकेका छन् । शिक्षाको विस्तारसँगै शिक्षा क्षेत्रमा निगरानी राख्नुपर्ने विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्था र छाया रूपमा सञ्चालित कोचिङ कक्षालगायतका कार्यक्रम छन् ।

- नेपालको संविधानको अनुसूची ५ मा सङ्घको अधिकार क्षेत्रमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ । अनुसूची ६ मा प्रदेशको अधिकारअन्तर्गत प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र सङ्ग्रहालय तोकिएको छ भने अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ । साथै संविधानको अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचीभित्र शिक्षा समेत समावेश गरिएको छ । संविधानमा भएको प्रवधानबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहलाई प्रदत्त एकल तथा साझा अधिकार सूचीको आधारमा प्रत्येक तहले सम्पादन गर्ने निर्धारित कार्य जिम्मेवारीहरू सहजतापूर्वक पुरा गर्नका लागि विद्यमान तीनै तहको प्रशासनिक संरचनामा आमूल परिवर्तनको आवश्यकता रहेको देखिन्छ ।
- अहिले सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नु तथा मुलुकभरको शिक्षा क्षेत्रको योजना, व्यवस्थापन र सेवा प्रदान गर्नु शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मुख्य दायित्व हो । मन्त्रालय मूलतः नीति निर्माण र अनुगमनका काममा संलग्न हुने हुनाले शिक्षाका सङ्घीय तहबाट हुनुपर्ने अन्य व्यवस्थापकीय तथा प्राविधिक कार्यका लागि

मन्त्रालयको संरचनाअन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र विद्यालय शिक्षक किताबखाना रहेका छन् । त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग र विश्वविद्यालय अनुदान आयोग, विद्यार्थी वित्तीय सहायता कोष र युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग क्रियाशील छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कामहरू हेर्न परिषद्का रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् छ । संस्थानका रूपमा जनक शिक्षा सामग्री केन्द्र रहेको छ । केन्द्रीय पुस्तकालयका रूपमा राष्ट्रिय पुस्तकालय र केसर पुस्तकालय छन् भने डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयमा समेत मन्त्रालयको संलग्नता रहेको छ ।

- साविकमा शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये सातओटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील भएका छन् भने अरू तालिम केन्द्रहरू खारेज भएका छन् । त्यसै गरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू विघटन भई प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साविकका जिल्ला शिक्षा कार्यालयहरू खारेज भएको र जिल्ला प्रशासन कार्यालयअन्तर्गत रहने गरी सानो आकारका शिक्षा विकास समन्वय एकाइ सञ्चालनमा आएका छन् ।

- साविकको शिक्षा मन्त्रालयमा २०४९ सालमा सिर्जना भएको दरबन्दी र त्यसमा २४ (घ) (१) को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदसोपानको आधारमा मन्त्रालय र अन्तर्गतका निकायले सेवा प्रवाह गरिरहेको छ । उच्च शिक्षा र विश्वविद्यालयको शैक्षिक व्यवस्थापनमा अहिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय निरपेक्ष जस्तो देखिन्छ । संवैधानिक दायित्वका कारण पनि यसरी मन्त्रालय निरपेक्ष बस्न मिल्दैन । त्यसै गरी पछिल्ला वर्षहरूमा विश्वविद्यालयहरूको सङ्ख्या बढेको सन्दर्भमा ती विश्वविद्यालयसँगको प्रभावकारी समन्वय तथा गुणस्तर प्रत्यायन र अनुदानलगायतका विषयमा विश्वविद्यालय वर्गीकरणका लागि समेत मन्त्रालयमा उच्च शिक्षा हेर्ने महाशाखाको भूमिकालाई पुनः परिभाषित गर्नुपर्ने र विश्वविद्यालय अनुदान आयोगलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ । विद्यालय क्षेत्र कार्यक्रमलगायतका क्षेत्रगत अवधारणामा सञ्चालन हुने कार्यक्रमहरूको कार्यान्वयन तथा यसको अनुगमन र रिपोर्टिङ प्रणालीलाई प्रभावकारी बनाउन पनि शिक्षा तथा मानवस्रोत विकास केन्द्रको हालको संरचनामा परिवर्तन आवश्यक भएको छ ।

- शिक्षासँग प्रत्यक्षरूपमा काम गर्नुपर्ने अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग जस्ता निकायमा शिक्षा सेवाका कर्मचारीसहितको शिक्षा डेस्क राख्नुपर्ने आवश्यकता देखिएको छ । प्राविधिक शिक्षालाई कार्यमूलक बनाउन र यसको पहुँच विस्तार गर्नका लागि पनि यससँग सम्बन्धित सङ्गठनको पुनःसंरचना गर्नुपर्ने आवश्यकता देखिएको छ । त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्य गर्नका लागि जिल्ला तहमा प्रमुख जिल्ला अधिकारीको मातहतमा शिक्षा

विकास तथा समन्वय एकाइ राखियो तर ती एकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । खास गरी प्राविधिक सहजीकरणका लागि जिल्लामा त्यस्तो एकाइ राख्न आवश्यक छ । सङ्घ र प्रदेशको अलग अलग एकाइ बनाउनुभन्दा सङ्घीय सरकारका कार्यहरूसमेत हेर्ने गरी र स्थानीय तहलाई मागको आधारमा सहजीकरण गर्ने गरी प्रदेश मन्त्रालयको मातहतमा जिल्ला शिक्षा विकास कार्यालय स्थापना गर्नुपर्ने सुझावहरू प्रदेश सरकारलगायत विभिन्न सरोकारवालसँगको अन्तरक्रियामा प्राप्त भएका छन् ।

- साविकको परीक्षा नियन्त्रण कार्यालय र उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर सङ्घमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तर स्थानीय तहवाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसरी गर्न सकिन्छ, कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि छलफलकै विषय भएको छ । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धारलगायत हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका पोलिटेक्निक र ट्रेडस्कुललगायत निजी प्रदायकबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सङ्घ र प्रदेशस्तरमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुङ्गो लागेको अवस्था छैन ।
- शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका कामकारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुङ्गो लाग्न बाँकी नै रहेको अवस्था छ सेती परियोजनादेखि कार्यान्वयनमा ल्याइएको स्रोत केन्द्रको अवधारणा विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय तहमा गएपछि भविष्यमा रहने वा नरहने भन्ने यकिन भएको देखिँदैन र रहँदा पनि परिवर्तित सन्दर्भमा स्रोत केन्द्रको भूमिका के हुने भन्ने विषयमा स्पष्टता छैन ।

## २. विद्यमान समस्या तथा चुनौती

- साविक शिक्षा मन्त्रालय र गाभिन अएको विज्ञान तथा प्रविधि मन्त्रालय समेत हालको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई शिक्षा व्यवस्थापन सेवा प्रवाहको क्षेत्र, सङ्घीय स्वरूप र विद्यालय सङ्ख्या, विद्यार्थी सङ्ख्या र जनसङ्ख्यामा आएको परिवर्तनलाई समेत आत्मसात् गरी सङ्घदेखि स्थानीय तहसम्मको शैक्षिक प्रशासनिक क्षेत्रको पुनः संरचना गर्नु ।
- विश्वविद्यालयको शैक्षिक व्यवस्थापनमा निरपेक्ष जस्तो देखिएको शिक्षा मन्त्रालयको संरचनालाई बदल्दै बहुविश्वविद्यालयहरूबिच समन्वय तथा गुणस्तर कायम गर्ने संवैधानिक दायित्व पुरा गर्ने गरी पुनःसंरचना गर्नु ।
- विद्यालय क्षेत्र कार्यक्रमलगायतका क्षेत्रगत अवधारणामा सञ्चालन हुने कार्यक्रमहरूको कार्यान्वयन तथा यसको अनुगमन र रिपोर्टिङ प्रणालीलाई प्रभावकारी बनाउन शिक्षा तथा मानवस्रोत विकास केन्द्रको संरचनामा परिवर्तन गरी समयसपेक्ष बनाउनु ।

- शिक्षा अधिकारको रूपमा स्थापित हुँदै जाँदा यसको व्यापकतालाई सम्बोधन गर्न अन्य मन्त्रालय र संवैधानिक निकायहरूमा पनि शिक्षा सेवाका कर्मचारी रहने गरी शिक्षाका कर्मचारीको व्यवस्थापन गर्नु ।
- प्राविधिक शिक्षाको विस्तरलाई दृष्टिगत गरी सङ्घ, प्रदेश र स्थानीय तहमा उपयुक्त सङ्गठनको पुनःसंरचना गर्नु
- आधारभूत तहको अन्तिम परीक्षा, कक्षा १० र कक्षा १२ को परीक्षा सञ्चालन गर्ने उपयुक्त सङ्गठनात्मक संरचनाको टुङ्गो लगाउनु
- जिल्ला शिक्षा, विकास तथा समन्वय एकाइ, स्थानीय तह, प्रदेश र शिक्षक सेवा आयोगको उपयुक्त सङ्गठनात्मक संरचना टुङ्गो लगाउनु

## ३ . सुझावहरू

### शिक्षा प्रशासनको प्रस्तावित संरचना

नेपालको संविधानको शिक्षासम्बन्धी प्रावधान, सङ्घ, प्रदेश र स्थानीय तहबाट निर्माण गरिएका र गरिने कानुन, नीति, मापदण्ड एवम् ढाँचा कार्यसम्पादन गर्ने कार्यक्षेत्र शृङ्खला (Blending of Power) जस्ता पक्षलाई दृष्टिगत गरी निम्नानुसारको कार्यक्षेत्र तोकी अनुसूची -१ बमोजिमको सङ्गठनात्मक संरचना प्रस्तुत गरिएको छ :

### (क) सङ्घीय तहमा

### १. शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

समग्र शिक्षा क्षेत्रको कानुन निर्माण,नीति निर्धारण, अन्तर्राष्ट्रिय सम्बन्ध एवम् सम्झौता, अन्तरप्रदेश सन्तुलन एवम् समन्वय,मापदण्ड जारी र नियन्त्रणलगायतको कार्यसम्पादनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संरचना बनाउनुपर्ने देखिन्छ । मन्त्रालयको संरचनामा मन्त्री, राज्यमन्त्री र त्यस मातहत विशिष्ट श्रेणीका शिक्षा सचिव रहनुपर्छ । कर्मचारीतन्त्र क्रियाशील रहने गरी यसका मुख्य कार्यविवरणमा देहायका विषयलाई समेट्नुपर्दछः

सङ्घीय शिक्षासम्बन्धी नीति निर्धारण गर्ने, राष्ट्रिय जनशक्ति प्रक्षेपण र योजना निर्माण गर्ने, राष्ट्रिय अनुगमन खाका निर्माण र अनुगमन व्यवस्थापन गर्ने, शिक्षामा लगानीका मापदण्ड निर्धारण र स्रोत बाँडफाँड गर्ने, वैदेशिक सहायता प्राप्ति र परिचालन गर्ने गराउने, शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको व्यवस्था मिलाउने, शिक्षासम्बन्धी बहुपक्षीय तथा द्विपक्षीय सम्झौता र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गर्ने गराउने, कुटनीतिक नियोग तथा विदेशी बोर्डबाट सञ्चालित शैक्षिक कार्यक्रमको स्वीकृति तथा नियमन गर्ने, विद्यालयदेखि उच्च शिक्षासम्मका शैक्षिक संस्थाहरूलाई निर्देशन र नियमन गर्ने, अन्तर्राष्ट्रिय छात्रवृत्ति, विद्वत् वृत्तिसम्बन्धी नीति निर्माण गर्ने, अन्तर्राष्ट्रिय स्वयम्सेवा परिचालनसम्बन्धी नीति निर्धारण र व्यवस्थापन गर्ने, शिक्षासम्बन्धी केन्द्रीय सूचना प्रणाली व्यवस्थापन गर्ने, स्वायत्त निकायहरूबिच समन्वय गर्ने, अन्तरप्रदेशबिचका शैक्षिक

मुद्दा/समस्याहरूको समाधानका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने, शिक्षा सेवाका कर्मचारीको व्यवस्थापन गर्ने

## २. राष्ट्रिय शिक्षा समिति

शिक्षासम्बन्धी नीति निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव सल्लाह दिनका लागि सङ्घीय सरकारको शिक्षा मन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय शिक्षा समिति हुने छ । यस समितिमा राष्ट्रिय योजना आयोग, विश्वविद्यालयका उपकुलपतिहरू, शिक्षाविद्, विभिन्न मन्त्रालयका सचिवहरू, शिक्षा मन्त्रालयका पदाधिकारीहरू, नेपाल प्राध्यापक सङ्घ, शिक्षक महासङ्घ, अभिभावक सङ्गठनको प्रतिनिधित्व हुने छ।

## ३. शिक्षा विभाग

गुणस्तरीय शिक्षा प्रदान गरी सन् २०३० सम्म दिगो विकासको लक्ष्य पुरा गर्न सङ्घमा शिक्षा विभाग रहन आवश्यक देखिन्छ । यसका मुख्य कार्यविवरणमा देहायका विषयलाई समेट्नुपर्दछ :

निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन, मानव संसाधन प्रक्षेपण योजना तर्जुमा, शैक्षिक योजना, कार्यक्रम विकास, विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अध्ययन अनुसन्धान गर्ने गराउने तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमनसम्बन्धी कार्यहरू, प्रदेश र स्थानीय स्तरबाट माग भएबमोजिम प्राविधिक विषयमा सहजीकरण एवम् समन्वय, विद्यालय शिक्षाको एकीकृत शैक्षिक तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, विद्यालय शिक्षाका लागि भौतिक सुविधासहितको न्यूनतम सिकाइ अवस्थाको योजना निर्माण तथा कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन एवम् सहजीकरण, प्रारम्भिक बाल विकास तथा शिशु शिक्षासम्बन्धी नीति तथा मापदण्ड निर्धारण एवम् कार्यक्रम सञ्चालनको समन्वय, शिक्षण संस्था सञ्चालनका न्यूनतम मापदण्ड निर्धारण तथा आवश्यक समन्वय र सहजीकरण, विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन एवम् सहजीकरण, विद्यालय शिक्षामा पहुँच बढाउन छात्रवृत्ति, दिवा खाजालगायतका प्रोत्साहन कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण, शिक्षक व्यवस्थापन तथा विकासका लागि मापदण्ड तर्जुमा तथा सहजीकरण, विद्यालयमा हुने विपद् जोखिम न्यूनीकरणका लागि सुरक्षित विद्यालय नीति तथा एकीकृत विद्यालय सुरक्षासम्बन्धी कार्यक्रमहरूको विकास तथा कार्यान्वयन, नमुना विद्यालय विकास, व्यवस्थापन एवम् सञ्चालनमा समन्वय र सहजीकरण, स्वदेशी तथा विदेशी दातृसंस्था, सरकारी तथा गैसस एवम् तालिम प्रदायक संस्थाहरूसँग साझेदारी र सहकार्यमा शैक्षिक गुणस्तर सुधारसम्बन्धी कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन ।

## ४. पाठ्यक्रम विकास केन्द्र

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप निर्माणलगायतका कामहरू गर्न क्रियाशील पाठ्यक्रम विकास केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गरी राष्ट्रिय स्तरमा पाठ्यक्रम तथा

पाठ्यपुस्तकसम्बन्धी नीति निर्धारण, कक्षा १२ सम्मकै अनिवार्य विषयको पाठ्यक्रम निर्माणसम्बन्धी कार्यहरू गर्नका लागि क्रियाशील बनाइनुपर्दछ । यस केन्द्रले विभिन्न तहमा शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक सामग्रीको सूची विकास, नमुना पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री विकास उत्पादनसम्बन्धी कार्य गर्नुपर्दछ ।

## ५. जनशक्ति विकास विभाग

देशभरका शिक्षा प्रशासनमा कार्यरत जनशक्ति तथा शिक्षकहरूको पेसागत क्षमता विकासका लागि सङ्घीय तहमा एक जनशक्ति विकास विभागको व्यवस्था गरिनुपर्दछ । यसका मुख्य कार्यविवरणमा देहायका विषय समेट्नुपर्दछः

शिक्षा प्रशासनमा कार्यरत जनशक्तिको सम्पूर्ण प्रकारको क्षमता विकासको योजना निर्माण र कार्यक्रम कार्यान्वयन तथा प्रदेश तहमा भएका पेसागत विकासका कार्यहरूमा समन्वय गर्ने, विभिन्न तहमा शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणीकरण, नमुना तालिम सामग्री उत्पादन तथा वितरणसम्बन्धी कार्य गर्ने; शिक्षक तथा शिक्षा प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकाससम्बन्धी कार्यक्रम तर्जुमा, मापदण्ड विकास, प्रमाणीकरण; सेवाकालीन शिक्षक तालिमका लागि पाठ्यक्रमको ढाँचा निर्माण एवम् स्वीकृति, पाठ्यांश तथा स्रोतसामग्री विकास, प्रशिक्षक तयारी, तालिम मापदण्ड विकास, तालिमको प्रमाणीकरण तथा समकक्षता निर्धारण; प्रदेश अन्तर्गतका शैक्षिक तालिम कार्यक्रम तथा निकायहरूको सम्बन्धन, प्राविधिक सहयोग, समन्वय, अनुगमन तथा नियमन, जनशक्ति विकाससम्बन्धी आधुनिक ढाँचाहरू विकास गर्ने, शिक्षक तथा शिक्षा प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी नीति तथा राष्ट्रिय योजना तर्जुमा गर्ने; उच्चस्तरका प्रशिक्षक प्रशिक्षण कार्यक्रम विकास तथा सञ्चालन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गैरसरकारी तथा निजी क्षेत्रका तालिम निकायहरूसँग सहकार्य तथा प्रविधि परिचालन व्यवस्था मिलाउने

## ६. अनौपचारिक तथा खुला सिकाइ केन्द्र

साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ र दूर शिक्षा तथा खुला सिकाइका कार्यहरू गर्नका लागि सङ्घीय तहमा अनौपचारिक तथा खुला सिकाइ केन्द्र रहनुपर्दछ । यसका मुख्य कार्यविवरणमा देहायका विषयलाई समेट्नुपर्दछः

परम्परागत (गुरुकुल, गुम्बा, मदरसालगायत), अनौपचारिक, वैकल्पिक एवम् खुला विद्यालय तथा निरन्तर सिकाइसम्बन्धी नीति एवम् मापदण्ड निर्धारण तथा कार्यान्वयनमा सहजीकरण; औपचारिक, अनौपचारिक तथा खुला शिक्षाका लागि सूचना प्रविधिमा आधारित श्रव्य दृश्य सामग्री विकास तथा प्रसारण व्यवस्था; पठनपाठनकेन्द्रित कार्यक्रम सम्पादन तथा प्रसारण गर्न रेडियो शिक्षा सञ्चालन तथा श्रव्य दृश्य स्टुडियो सञ्चालन; अनलाईनमा आधारित शिक्षाण सिकाइ तथा तालिम सामग्री विकास, सामुदायिक अध्ययन केन्द्र तथा निरन्तर शिक्षाको नीति तर्जुमा योजना विकास र नियमन ।

## ७. शैक्षिक गुणस्तर प्रत्यायन प्राधिकरण

वर्तमान अवस्थामा कार्यान्वयनमा रहेको शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संरचनालाई परिमार्जन गरी यसको कार्यक्षेत्र उच्च शिक्षासम्म विस्तार गर्न शैक्षिक गुणस्तर प्रत्यायन प्राधिकरण विकास गरिनुपर्दछ ।यस प्राधिकरणले विद्यालय तथा विश्वविद्यालय तहका विद्यार्थीको सिकाइ उपलब्धिसम्बन्धी परीक्षाहरूको सञ्चालन गरी प्राप्त नतिजाको आधारमा तीनै तहका सरकारहरूलाई नीति निर्माण र बजेट तथा कार्यक्रम तर्जुमाका लागि पृष्ठपोषण प्रदान र उच्च शिक्षाका तहमा कार्य गर्ने संस्थाहरूको गुणस्तर प्रत्यायन तथा प्रमाणीकरणलगायतका कार्य गर्नुपर्दछ । देशभरका शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (Performance Audit) गर्ने तथा गुणस्तर परीक्षणको व्यवस्था गर्ने र शिक्षाक्षेत्र सुधारका लागि शैक्षिक अध्ययन एवम् अनुसन्धान सञ्चालन गर्ने जिम्मेवारी यसमा रहनुपर्दछ।

## ८. राष्ट्रिय योग्यता निर्धारण प्राधिकरण

व्यक्तिले औपचारिक, अनौपचारिक, अनियमित र स्वनिर्देशित प्रक्रियाबाट नियमित, खुला तथा वैकल्पिक पद्धतिको प्रयोग गरी विद्यालय शिक्षादेखि विश्वविद्यालयसम्मको शिक्षा आर्जन गरेको हुन्छ । एउटा संस्थाबाट वा पद्धतिबाट आर्जन गरेको ज्ञान, सीप अर्को संस्था वा पद्धतिबाट प्राप्त गरेको ज्ञान, सीपसँग समान भएनभएको मापन गर्न र एक निकायबाट प्राप्त ज्ञान तथा सीपको क्रेडिट ट्रान्फर गर्ने प्रयोजनका लागि एक स्वायत्त राष्ट्रिय योग्यता निर्धारण प्राधिकरण गठन गर्नु उपयुक्त देखिन्छ ।

## ९. राष्ट्रिय परीक्षा बोर्ड

कक्षा १२ को अन्तिम परीक्षासम्बन्धी कार्य गर्न एउटा स्वायत्त निकायको रूपमा राष्ट्रिय परीक्षा बोर्ड रहने छ। यसलाई राष्ट्रिय परीक्षासम्बन्धी नीति निर्माणमा शिक्षा मन्त्रालयलाई राय सुझाव दिने तथा देशभरका विद्यालय तहमा सञ्चालन हुने सबै प्रकारका परीक्षाका बारेमा अनुसन्धान गर्ने कार्य सुम्पनुपर्दछ । यसले वैदेशिक शैक्षिक संस्था तथा अन्तरप्रदेश परीक्षा बोर्डका उपाधिहरूको समकक्षता निर्धारण गर्ने, प्रादेशिक परीक्षा बोर्डहरूबिच समन्वय गर्ने र देशभरको विद्यार्थी नतिजा विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्ने काम समेत गर्नुपर्दछ। प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम परिषदबाट सञ्चालन हुने परीक्षाको कामहरुसमेत राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन हुनेछ ।

## १०. शिक्षक सेवा आयोग

देशभरका विद्यालयमा समान योग्यता, दक्षता र क्षमता भएका शिक्षकबाट शिक्षण गराउने उद्देश्यले राष्ट्रिय स्तरमा शिक्षकको योग्यता परीक्षणको व्यवस्था गर्न, शिक्षण अध्यापन अनुमति पत्र जारी गर्ने अधिकारसहित स्थायी शिक्षकमा नियुक्तिका लागि सिफारिस गर्नका लागि स्वायत्त निकायको रूपमा एक शिक्षक सेवा आयोग रहने छ । परिवर्तित सन्दर्भमा यसले देशभरका विद्यालय तहका शिक्षकहरूका लागि शिक्षण अनुमति पत्रसम्बन्धी योग्यता मापदण्ड तथा पाठ्यक्रम निर्धारण गर्ने, शिक्षक योग्यता मापदण्ड निर्धारण गर्ने र शिक्षक सक्षमता प्रारूप जारी गर्ने कामहरू गर्नुपर्दछ ।

## ११. उच्च शिक्षा आयोग

हालको विश्वविद्यालय अनुदान आयोगको रूपान्तरित निकायका रूपमा विशेष गरी उच्च शिक्षाको मापदण्ड निर्धारण तथा लगानीको सन्तुलन कायम गर्न सङ्घ स्तरमा एक उच्च शिक्षा आयोग रहनुपर्दछ । यस आयोगका कार्यसर्त मूलतः विश्वविद्यालय तथा उच्च शिक्षाको मापदण्ड र मानक निर्धारण गर्ने, उच्च शिक्षाको पाठ्यक्रम प्रारूप निर्धारण गर्ने गराउने, उच्च शिक्षासँग सम्बन्धित शैक्षिक निकायहरू स्थापना र सञ्चालनसम्बन्धी मापदण्ड निर्धारण गर्ने तथा नियमन गर्ने, विश्वविद्यालय स्थापना सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने, विभिन्न स्रोतबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरूलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने, विश्वविद्यालयहरूमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन योजना तथा कार्यक्रमहरू निर्धारण तथा विश्वविद्यालयहरूबिच समन्वय गर्ने, शैक्षिक स्तर वृद्धिका लागि विद्वत् वृत्ति र अनुसन्धानका कार्यहरू गर्ने हुने छन् ।

## १२. केन्द्रीय विश्वविद्यालयहरू

सङ्घीय सरकारको मातहतमा रहने गरी गरी उच्च शिक्षा प्रदान गर्नका लागि केन्द्रीय विश्वविद्यालयहरू रहने छन् । केन्द्रीय विश्वविद्यालयको माततहतमा विश्वविद्यालय सभा, संस्थान तथा फ्याकल्टीहरू, अनुसन्धान केन्द्र र क्याम्पसहरू रहने छन् । केन्द्रीय विश्वविद्यालयहरूले हाल सञ्चालनमा रहेका भन्दा थप क्याम्पसहरूलाई सम्बन्धन दिन पाउने छैनन् ।

## १३. स्वायत्त कजेजहरू

उच्च शिक्षामा संस्थागत प्रतिस्पर्धा वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि २००० भन्दा बढी विद्यार्थी भएका कलेजहरूलाई स्वायत्त कलेजको रूपमा विकास गरिनुपर्छ ।

## १४. स्वास्थ्य विज्ञान प्रतिष्ठान

हाल सञ्चालनमा रहेका पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठान र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्य मन्त्रालयको मातहतमा रही स्वास्थ्य क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको विकास तथा प्रमाणीकरण, शिक्षण अस्पतालको रूपमा सेवा प्रवाह तथा अनुसन्धान गर्दै आएका छन् ।जनशक्ति उत्पादन र उत्पादित जनशक्तिको प्रमाणीकरण जस्ता पक्ष शिक्षासँग सम्बन्धित भएकाले र मुलुकमा सञ्चालित अन्य स्वास्थ्यसम्बद्ध शिक्षण संस्थाहरू शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित रहेकाले यसप्रकारका प्रतिष्ठानहरूलाई शिक्षा मन्त्रालयअन्तर्गत राखेर उक्त प्रतिष्ठानहरूबाट सम्पादन गरिने कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्छ ।

## १५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्

देशको मागअनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सञ्चालन र व्यवस्थापन थप प्रभावकारी बनाउन राष्ट्रियस्तरमा रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को सङ्गठन सर्वेक्षण गरी यसको पुनःसंरचना गरिनुपर्दछ । यसको कार्य विवरणमा मूलतः प्राविधिक तथा व्यवासायिक शिक्षा तालिम पाठ्यक्रम विकास एवम् नीति तर्जुमा गर्ने, राष्ट्रिय व्यावसायिक

योग्यता प्रारूप (NVQF) विकास गरी जारी गर्ने, राष्ट्रिय सीप परीक्षण तथा प्रमाणीकरण व्यवस्था गर्ने, राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) कोष परिचालन गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) निकायहरूमा कार्यरत जनशक्ति विकासका लागि प्रशिक्षक प्रशिक्षण सञ्चालन तालिम व्यवस्था गर्ने, र श्रमबजार सर्वेक्षण (LMIS) व्यवस्था गर्ने पक्ष समेटिनुपर्छ ।

## १६. जनक शिक्षा सामग्री केन्द्र

जनक शिक्षा सामग्री केन्द्रको खास गरी सेक्युरिटी प्रेस एकाइमात्र केन्द्रमा रहने गरी केन्द्रमा एक शैक्षिक सुरक्षण मुद्रण केन्द्र रहनुपर्दछ । जनक शिक्षा सामग्री केन्द्रले सम्पादन गर्दै आएका पाठ्यपुस्तक छपाइका कार्यहरू प्रदेशस्तरमा रहने शिक्षा सामग्री तथा प्रकाशन केन्द्रहरूले सम्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसका मुख्य कार्यहरूमा शिक्षा क्षेत्रका संवेदनशील सामग्रीहरू, पाठ्यक्रम, प्रश्नपत्र, नीति, योजना दस्तावेज तथा अन्य पाठ्यसामग्रीहरू प्रकाशन गर्ने आधिकारिक मुद्रक भूमिका निर्वाह गर्ने, प्रादेशिक शिक्षा सामग्री केन्द्रलाई प्राविधिक तथा नीतिगत मार्गदर्शन गर्ने, नेपाल सरकारद्वारा उत्पादित अन्य संवेदनशील सामग्रीहरू प्रकाशन गर्ने र भाषिक साहित्य एवम् विविध वाङ्मयका पुस्तकहरू तथा विश्वविद्यालय तहका पाठ्यसामग्रीहरू छपाइ तथा मुद्रणको व्यवस्था मिलाउने रहने छन्।

## १७. केन्द्रीय पुस्तकालयहरू

पुस्तकालय स्थापना तथा व्यवस्थापनसम्बन्धी नीति, कार्यविधि तथा मापदण्ड जारी गर्ने तथा देशभर सञ्चालित सबै प्रकारका पुस्तकालयहरूबिच समन्वय गर्न केन्द्रीय तहमा हाल रहेका नेपाल राष्ट्रिय पुस्तकालय र केशर पुस्तकालयलाई एकीकरण गरी एउटै राष्ट्रिय पुस्तकालय सञ्चालन गरिनुपर्दछ । यसरी स्थापना हुने केन्द्रीय पुस्तकालयका मुख्य कार्यहरू निम्नानुसार रहनुपर्दछः

पुस्तकालय स्थापना तथा व्यवस्थापनसम्बन्धी नीति, कार्यविधि तथा मापदण्ड जारी गर्ने, राष्ट्रिय एव म् अन्तर्राष्ट्रिय तहमा प्रकशित ग्रन्थ, पुस्तक तथा अन्य श्रव्य/श्रव्य दृष्य सामाग्रीहरू सङ्कलन तथा संरक्षण गर्ने, विभिन्न सरकारी निकायहरूअन्तर्गत सञ्चालित तथा सरकारी स्वामित्वमा सञ्चालित सबै प्रकारका पुस्तकालयहरूबिच समन्वय तथा सूचना एकीकरण गर्ने, पुस्तकालयमा सङ्कलित सम्पूर्ण सूचना ग्रन्थ एवम् सामग्रीहरूको नियमित रूपमा राष्ट्रिय वाङ्मय सूची (National Bibliography) तयार गर्ने, नेपाल राष्ट्रको हैसियतले अन्य राष्ट्रसँग सम्पन्न गरेका सन्धि सम्झौता तथा अन्तर्राष्ट्रिय मञ्चहरूसमक्ष हस्ताक्षरित प्रतिबद्धता र राष्ट्रसङ्घीय घोषणापत्र एवम् अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरू सङ्कलन तथा संरक्षण गर्ने, देशभरका पस्तकालय सूचना व्यवस्थापन प्रणाली (LIMS) व्यवस्थित गर्ने र राष्ट्रिय गौरव तथा एकता झल्कने सामग्री विकास गरी राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्ने

## १८. शिक्षक काउन्सिल

शिक्षक पेशामा प्रवेश गर्न चाहनेहरुलाई प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गरी शिक्षण अध्यापन अनुमति पत्र प्रदान गर्न एक शिक्षक काउन्सिल रहनेछ ।

(ख)प्रदेश तहमा

**१. सामाजिक विकास मन्त्रालय**

प्रादेशिक शिक्षा योजना निर्माण, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा तथा प्रदेशभित्र सञ्चालित विद्यालयहरू, प्राविधिक शिक्षालयहरू विश्वविद्यालयहरूसहितका शैक्षिक निकायहरूको सञ्चालन तथा नियमन गर्ने प्रदेश तहमा सामाजिक विकास मन्त्रालय रहने छ ।यस मन्त्रालयले शिक्षासम्बन्धी मौलिक हकहरू तथा वर्तमान संवैधानिक प्रावधानहरू कार्यान्वयनका लागि प्रदेश तहमा कानुन तथा नीति तर्जुमा गर्ने, प्रदेशभित्रको शैक्षिक निकायको कर्मचारी व्यवस्थापन गर्ने, समसामयिक शैक्षिक मुद्दा र विवादको निरूपण गर्ने तथा समकक्षता, गुणस्तर नियन्त्रण तथा अनुगमन र समन्वयको काम गर्नुपर्दछ । यसै गरी शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र सम्झौता लागु गर्ने कार्यविधि जारी गर्ने, प्रदेशभित्र सञ्चालित विद्यालयहरू, विश्वविद्यालयहरू, शैक्षिक प्रतिष्ठान तथा शैक्षिक निकायहरूको सञ्चालन तथा नियमन गर्ने, गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन व्यवस्था सञ्चालन गर्ने र प्रदेशतहमा वैदेशिक छात्रवृत्ति तथा विद्वत् वृत्ति व्यवस्थापन गर्ने काम पनि यस मन्त्रालयले गर्नुपर्दछ । यस मन्त्रालयमा शिक्षासम्बन्धी कार्यको समन्वय गर्नका लागि शिक्षा सेवाको सहसचिव प्रमुख रहने गरी एक मानव संसाधन महाशाखा रहने छ ।

**२. प्रदेश विश्वविद्यालय**

प्रदेश स्तरमा उच्च शिक्षा प्रदान गर्नका लागि प्रदेश स्तरीय विश्वविद्यालय सञ्चालन गरिने छ । सङ्घीय सरकारले सञ्चालन गर्ने केन्द्रीय विश्वविद्यालयदेखि बाहेकका वर्तमान अवस्थामा सञ्चालित विश्वविद्यालयहरू प्रादेशिक विश्वविद्यालयको रूपमा रूपान्तरण गरिने छन् । विश्वविद्यालयमा विश्वविद्यालय सभा, विभिन्न फ्याकल्टी तथा सङ्काय र कलेजहरू रहने छन् ।

**३. शिक्षा विकास निर्देशनालय**

प्रदेशभित्रको समग्र शिक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्न तथा समग्र विद्यालय शिक्षा व्यवस्थापनका लागि कार्यक्रम तर्जुमा, व्यवस्थापन र अनुगमन, गुणस्तर मापदण्ड निर्धारणलगायतका कामहरू गर्न हाल स्थापना भएका प्रदेश शिक्षा निर्देशनालयलाई सुदृढीकरण गरिनुपर्दछ । यसले शिक्षकको तलबी प्रतिवेदन पारित, अवकासपश्चात् उपदान, निवृत्तभरणलगायत सुविधाहरूको निर्धारण गर्ने काम पनि सम्पादन गर्नुपर्दछ । यस निर्देशनालयले गर्ने मुख्य कामहरूमा शैक्षिक योजना, कार्यक्रम तर्जुमा, बजेट निकासा तथा कार्यान्वयन व्यवस्था गर्ने, गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन व्यवस्था गर्ने, शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा सम्झौता कार्यान्वयन गर्ने, प्रदेशस्तरका शिक्षाका प्रशासनिक निकायहरू तथा विकासका साझेदार संस्थाहरूसँग समन्वय तथा सहजीकरण गर्ने, प्रदेशअन्तर्गतका उच्च शिक्षा प्रदायक संस्थाहरू र शैक्षिक परामर्श केन्द्रहरूको अनुगमन, निरीक्षण तथा नियमन गर्ने, स्थायी शिक्षकहरूको निवृत्तभरण, बिमा, औषधीउपचार खर्च, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति तथा उपदान वितरण व्यवस्था मिलाउने, प्रादेशिक शिक्षा योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा सम्झौता लागु गर्ने कार्यविधि जारी गर्ने, प्रदेशभित्र सञ्चालित विद्यालयहरू, शैक्षिक

प्रतिष्ठान तथा शैक्षिक निकायहरूको सञ्चालन तथा नियमन गर्ने, गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन गर्ने, शैक्षिक निकायहरू तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण तथा स्तरीकरण गर्ने, राष्ट्रिय पाठ्यक्रम प्रारूपको अधीनमा रही थप पाठ्यक्रम कार्यान्वयन गर्ने तथा प्रदेशभित्रका सम्पूर्ण विद्यालयहरूमा पाठ्यपुस्तक वितरण व्यवस्था मिलाउने कार्य गर्नुपर्ने छ।

**४. प्रदेश परीक्षा बोर्ड**

प्रदेशभित्रको सार्वजानिक परीक्षा व्यवस्थापन तथा सञ्चालन गर्न प्रत्येक प्रदेशमा एक परीक्षा बोर्ड रहनुपर्दछ । यस बोर्डलाई कक्षा १० को परीक्षा सञ्चालन र नतिजा प्रकासनसम्बन्धी सम्पूर्ण व्यवस्था मिलाउने, कक्षा १२ को राष्ट्रिय परीक्षा व्यवस्थापनमा समन्वय गर्ने, राष्ट्रिय परीक्षा बोर्डद्वारा प्रत्यायोजित कार्य गर्ने, प्रदेशभित्रका विद्यालय तहका सबै प्रकारका परीक्षा सञ्चालन कार्यविधि जारी गर्ने र विद्यालय तहका सबै प्रकारका परीक्षाको नतिजा अभिलेख राख्ने, विश्लेषण गर्ने र प्रतिवेदन प्रकाशन गर्ने जिम्मेवारी दिइनुपर्दछ ।

**५. शिक्षक सेवा आयोगको प्रदेश कार्यालय**

प्रदेश स्तरमा शिक्षक छनोट तथा बढुवासम्बन्धी सम्पूर्ण कार्यहरू सम्पादन गर्न प्रत्येक प्रदेशमा एक शिक्षक सेवा आयोगको प्रदेश कार्यालय रहनुपर्दछ । शिक्षकहरूको छनोट तथा बढुवासम्बन्धी सम्पूर्ण कार्यहरू त्यहीँबाट गरिनुपर्दछ। यस निकायको कार्यक्षेत्रमा शिक्षक छनोट तथा बढुवासम्बन्धी सिद्धान्त, मापदण्ड र कार्यविधि निर्धारण गर्ने, सामुदायिक विद्यालयको स्थायी दरबन्दीमा कार्यरत स्थायी शिक्षक छनोट परीक्षा सञ्चालन गर्ने तथा नियुक्तिका लागि सिफारिस गर्ने, शिक्षक बढुवासम्बन्धी कार्य गर्ने र सङ्घीय शिक्षक सेवा आयोगले प्रत्यायोजन गरेका अध्यापन अनुमति पत्रलगायतका कामहरू गर्ने तथा शिक्षकलाई विशेष सजाय गर्नेसम्मको विभागीय कारवाहीका लागि परामर्श प्रदान गर्ने विषयहरू समावेश गरिनुपर्दछ ।

**६. प्रदेश पाठ्यक्रम तथा जनशक्ति विकास केन्द्र**

राष्ट्रिय प्राठ्यक्रम प्रारूपबमोजिम माध्यमिक तहसम्मको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री विकास र पाठ्यक्रम परिमार्जन तथा शिक्षक तालिमलगायतका कार्य गर्न प्रत्येक प्रदेशमा एक पाठ्यक्रम तथा जनशक्ति विकास केन्द्र रहनुपर्दछ । कम्तीमा सहसचिवस्तरको कर्मचारीले नेतृत्व गर्ने गरी हालको शिक्षा तालिम केन्द्रलाई यस्तो निकायमा रूपान्तरण गरिनुपर्दछ । यस निकायले राष्ट्रिय पाठ्यक्रम प्रारूपको आधारमा विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक विकास गर्ने, सन्दर्भ तथा सहयोगी सामग्री विकास गर्ने तथा बहुपाठ्यपुस्तक प्रणाली लागु गर्ने, स्थानीय पाठ्यक्रम प्रारूप विकास गर्ने, शिक्षक निर्देशिका विकास तथा पाठ्यक्रम परिमार्जन गर्ने, पाठ्यक्रम कार्यान्वयन अनुमन व्यवस्था गर्ने र विभिन्न पाठ्यपुस्तकको विद्युतीय प्रति तयार गर्नेलगायतका कामहरू गर्नुपर्दछ । यसले विद्यालय शिक्षकहरूको पेसागत क्षमता विकाससम्बन्धी तालिमलगायत कार्यक्रम विकास तथा सञ्चालन गर्ने, प्रदेशभित्र कार्यरत सबै प्रकारका शैक्षिक जनशक्तिका क्षमता विकास योजना गर्ने, पूर्वसेवाकालीन शिक्षक तालिम /शिक्षक तयारी कोर्स र कार्यक्रम मापदण्ड विकास गर्ने, सबै प्रकारका तालिम, पाठ्यक्रम तथा समाग्रीहरू विकास गर्ने, विभिन्न

प्रकारका तालिम योग्यताहरूको समकक्षता निर्धारण गर्ने र प्रदेशभित्र सञ्चालन हुने सबै प्रकारका शैक्षिक तालिम कार्यक्रम तथा निकायहरूको सम्बन्धन समन्वय, अनुगमन तथा नियमन गर्ने कामहरू गर्नुपर्दछ ।

### ७. प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास परिषद्

हाल क्षेत्रीय तहमा रहेका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम निकायहरूलाई रूपान्तरण गरी प्रत्येक प्रदेशमा प्रदेशको सामाजिक विकास मन्त्रीको अध्यक्षतामा एक प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास परिषद् रहनुपर्दछ । यस निकायका मुख्य कार्यहरूमा प्रदेशभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक संस्थाहरूलाई सम्बन्धन दिने, प्राविधिक तथा व्यावसायिक शिक्षाको ऐच्छिक पाठ्यक्रम निर्माण र पाठ्यसामग्री विकास गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षाको परीक्षा सञ्चालन तथा सप परीक्षण गर्ने, प्राविधिक शिक्षालयहरू तथा पोलिटेक्निकहरूका प्रशिक्षकहरूको प्रशिक्षण तथा कार्यशाला सञ्चालन गर्ने, तालिम निकायका प्रमुखहरूलाई व्यवस्थापनसम्बन्धी तालिम प्रदान गर्ने, मातहतका सरकारी तथा निजी तालिम प्रदायक निकाय तथा शिक्षालयहरूको नियमन गर्ने, श्रम बजार सूचना प्रणाली अद्यावधिक गर्ने र रोजगार बजार समन्वय, रोजगारी परामर्श  तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने कामहरू तोकिनुपर्दछ ।

### ८. प्रदेश शिक्षा सामग्री प्रकाशन केन्द्र

हालको जनक शिक्षा सामग्री केन्द्रअन्तर्गत कार्यरत क्षेत्रीय कार्यायहरूलाई स्तरीकरण तथा रूपान्तरण गरी प्रत्येक प्रदेशमा एक शिक्षा सामग्री प्रकाशन केन्द्र रहन आवश्यक देखिएको छ । यसबाट हाल जनक शिक्षामा उपयोगमा आएका छपाइ मेसिन र जनशक्ति समानुपातिक रूपमा प्रदेश स्तरका केन्द्रहरूमा स्थानान्तरण गरी मौजुदा लगानी एवम् संरचनाको अधिकतम उपयोग गर्न सकिने छ । यस निकायका मुख्य कार्यहरूमा प्रदेश सरकारद्वारा उत्पादित विद्यालय स्तरका पाठ्यक्रम तथा पाठ्यपुस्तक (कक्षा १ देखि १० सम्म) प्रकाशन तथा वितरण व्यवस्था मिलाउने, शिक्षासम्बन्धी विभिन्न प्रकारका नीति, योजना दस्तावेज तथा अन्य पाठ्यसामग्री प्रकाशन तथा वितरण गर्ने, विद्यालय तहको जिल्ला र प्रदेशस्तरीय सार्वजनिक परीक्षाहरूका संवेदनशील सामग्रीहरू (जस्तैः प्रश्नपत्र, प्रमाणपत्र, रजिस्ट्रेसन फाराम) छपाइ गर्ने पर्दछन् ।

### ९. प्रदेश पुस्तकालय तथा सूचना केन्द्र

हाल प्रदेशभित्र सञ्चालनमा रहेका सार्वजनिक एवम् सामुदायिक पुस्तकालयहरूलाई समन्वय गर्न प्रदेश तहमा एक पुस्तकालय तथा सूचना केन्द्र रहने छ । यसका कार्यहरू निम्नानुसार रहने प्रस्ताव गरिएको छः

- प्रदेशभित्र प्रकाशित सबै प्रकारका ग्रन्थ एवम् पुस्तकहरू, पत्रपत्रिकाहरू, प्रलेख, प्रतिवेदनहरू सङ्कलन, संरक्षण र संवर्धन गर्ने ।
- सरकारी मान्यता प्राप्त विद्युतीय सञ्चारमाध्यमहरू रेडियो, टिभीबाट प्रसारण हुने सबै समाचार, बुलेटिन(श्रव्य र श्रव्यदृश्य) सङ्कलन र संरक्षण गर्ने ।

- पुस्तकालयमा उपलब्ध सबै प्रकारका छपाइ सामग्रीहरूमध्ये राष्ट्रिय महत्त्वका ग्रन्थ एवम् पुस्तकहरूको डिजिटल प्रति (Digital Version) तयार गर्ने ।
- केन्द्रीय पुस्तकालयबाट निर्मित कार्यविधि तथा मापदण्डअनुसार पुस्तकालय स्थापना तथा व्यवस्थापन गर्ने ।
- पुस्तकालयमा सङ्कलित सम्पूर्ण सूचना ग्रन्थ एवम् सामग्रीहरूको नियमित रूपमा प्रादेशिक वाङ्मय सूची तयार गर्ने ।
- प्रदेशभित्र पुस्तकालय सूचना व्यवस्थापन प्रणाली (LIMS) व्यवस्थित गर्ने ।
- सबै नागरिकहरूलाई समान रूपमा पुस्तकालयमा उपलब्ध सूचनाको प्रत्यक्ष तथा अप्रत्यक्ष पहुँच सुनिश्चित गर्न वाचनालयमा Mobile apps, website, E-library जस्ता प्रविधि अवलम्बन गर्ने ।

**(ग) स्थानीय तह**

**१. स्थानीय शिक्षा एकाई**

संविधानले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनलगायत विशिष्ट अधिकारहरू प्रदान गरेको छ । यसैका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले गर्ने भनी किटानी कार्यहरू निश्चित गरेको छ ।ती कार्यहरू सम्पादन गर्नका लागि सङ्गठन सर्वेक्षण गरी हाल भएको सङ्गठनात्मक व्यवस्थालाई स्तरोन्नति गर्ने तथा क्षमता अभिवृद्धिका कार्यहरू गर्नुपर्ने देखिन्छ । ऐन कानुनले तोकेका कामहरूबाहेक पालिकामा रहने यस्ता कार्यालय वा सङ्गठन संरचनाले शैक्षिक तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन गर्ने, शिक्षक अभिलेखीकरण र व्यवस्थापनको कार्य गर्ने, विद्यार्थी मूल्याङ्कनसम्बन्धी कार्य गर्ने गराउने, विद्यालयहरू तथा शैक्षिक संस्थाहरूको निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्ने, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा मातृभाषा र स्थानीय विषय छनोट गर्ने, कार्यविधिका आधारमा विद्यालय अनुमति प्रदान गर्ने, अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन गर्ने गराउने र स्थानीय सरोकारवालाको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने गराउने ।

यसका साथै शैक्षिक स्तर उकास्न सरोकारवालाहरूको गोष्ठी सेमिनार सञ्चालन गर्ने गराउने, शिक्षक कर्मचारीहरूको पुरस्कार र दण्डको व्यवस्थापन गर्ने, परम्परागत ज्ञान, सीपको संवर्धन र धार्मिक विद्यालयहरू सञ्चालन तथा व्यवस्थापन गर्ने, निर्धारित मापदण्डका आधारमा शैक्षिक संस्थाहरू गाभ्ने, नामसारी तथा ठाउँ सारी गर्ने गराउने, सेवा क्षेत्रको तथ्याङ्क सङ्कलन र सूचना व्यवस्थापन गर्ने, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा स्थानीय विषय छनोट गर्ने, विशेष शिक्षा तथा स्रोत कक्षा स्वीकृति र सञ्चालनसम्बन्धी कार्य एवम् आधारभूत तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।उल्लिखित कार्यको समन्वय तथा सञ्चालन गर्नका लागि प्रत्येक स्थानीय तहमा स्थानीय शिक्षा एकाइको स्थापना गरिने छ । स्थानीय तहमा शिक्षासम्बन्धी नीति निर्धारण गर्न हरेक स्थानीय पालिका प्रमुखको संयोजकत्वमा स्थानीय समाजसेवी, शिक्षाविद्,

अभिभावक र स्थानीय तहमा कार्य गर्ने शिक्षा सेवाको अधिकृत समेत रहने गरी शिक्षा समिति गठन गर्नुपर्ने छ ।

## २ विद्यालय

प्रारम्भिक बाल शिक्षादेखि कक्षा १२ सम्मको शिक्षा प्रदान गर्न आवश्यकताअनुसार विद्यालय स्थापना गरिने छन् । विद्यालयको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विद्यालय व्यवस्थापन समितिको गठन गरिने छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष अभिभावकहरूबाट चयन गर्नुपर्ने छ । विद्यालय व्यवस्थापन समितिमा स्थानीय तहको प्रतिनिधि, अभिभावक, शिक्षक प्रतिनिधि, स्थाननीय बुद्धिजीवी र विद्यालयका प्रधानाध्यापक लगायतका सदस्यहरू रहने छन् । विद्यालयको व्यवस्थापकीय र प्रसासनिक जिम्मेवारी प्रधानाध्यापकको हुने छ ।

स्थानीय तहमा उच्च शिक्षा प्रदान गर्नका लागि विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरू हुनसक्नेछन् । यस प्रकारका संस्थाहरूमा सञ्चालन गरिने कायक्रमको सञ्चालन, पाठ्यक्रम, पाठ्यसामग्री, परीक्षा तथा मूल्याङ्कनलगायतका कार्य सम्बन्धन दिने विश्वविद्यालयले निर्धारण गरेबमोजिम हुने छ । स्थानीय तहमा सञ्चालन हुने उक्त संस्थाहरूको व्यवस्थापन गर्नका लागि व्यवस्थापन समिति गठन गरिने छ । व्यवस्थापन समितिमा प्राध्यापक, प्रतिनिधि, क्याम्पस प्रमुख, स्थानीय बुद्धिजीवी, अभिभावक, स्थानीय तहको प्रतिनिधिलगायतको प्रतिनिधित्व हुने छ ।

## ३ सामुदायिक सिकाइ केन्द्र

हरेक स्थानीय तहमा निरन्तर शिक्षा, साक्षरता, आयआर्जनका लागि क्षमता विकास, सामुदायिक पुस्तकालय, डिजिटल साक्षरता, सचेतनालगायतका कार्य गर्नका लागि सामुदायिक सिकाइ केन्द्रको स्थापना गरिने छ । सामुदायिक सिकाइ केन्द्रमा स्थानीय अभिभावक, नागरिक समाजका प्रतिनिधि, उपभोक्ता समूहका प्रतिनिधिहरू र कार्यरत कर्मचारीहरूलगायत रहने छन् ।

सरकारले आफ्नो आवश्यकताको आधारमा संगठन तथा व्यवस्थापन सर्वेमार्फत विस्तृत अवस्थाको विस्तृत विश्लेषण गरी संगठन संरचनाको विकास गर्न अवश्यक देखिएको छ ।

परिच्छेद २०

# पूर्वीय दर्शन र शिक्षा

## १. पृष्ठभूमी

दर्शन भनेको आफ्नो समयमा मानव जातिले विकसित गरेको संसारलाई हेर्ने, रुपान्तरित गर्ने र अरु ज्यादा मानवोचित बनाउने विश्व दृष्टिकोण हो । जति ज्यादा उत्पादनका प्रविधिहरू, साधनहरू र सम्वन्धहरू विकसित हुन्छन् मानव जातिको ज्ञान, विज्ञान, विचार र अनुभव त्यति नै विकसित हुन्छ । जति बढी मानव जातिको ज्ञान, विज्ञान, विचार र अनुभवले उच्चता प्राप्त गर्छ त्यति नै बढी दर्शनले पनि उँचाइ हासिल गर्छ । सही दर्शनले व्यक्ति, समाज र संसारलाई अग्रगामी दिशामा बदल्न सक्छ । अझ शिक्षाको विकासमा त दर्शनको सर्वोपरि स्थान हुन्छ ।

मध्यपूर्वलाई गोलार्द्धको केन्द्र मान्दा त्यो भन्दा पूर्वको भूगोलमा विकसित भएको दर्शन पूर्वीय दर्शन भनेर बुझिन्छ । यसरी हेर्दा हिमवतखण्ड (नेपाल तथा भारतको भूभाग) संसारकै सबैभन्दा पुराना दर्शनका उत्पत्ति स्थल हुन । वेद, उपनिषद, तथा गीता यही भूमिमा पैदा भए । तिनमा एकल सत्य, दुई सत्य, तीन सत्य, बहुसत्य, एक नै बहु र बहुनै एक हुने सत्यहरुको जानकारी दिने शिक्षा छ । ब्रह्माण्ड, प्रकृति, शरीर, ब्रह्म र आत्माको सूक्ष्मतम र गहननतम विश्लेषण पनि छ । ऋग्वेदीय ज्ञानले मानिसलाई आगो, पानी, वायु, अरुण, बरुण, सूर्य, चन्द्र जस्ता प्रकृतिको अनेकौं शक्तिप्रति कृतज्ञ हुन, त्यसको स्तुति, पूजा, र संरक्षण गर्न र प्रकृतिका हरेक वस्तु कसरी बनेको होला भनेर खोज्न सिकाएको छ । सामवेदीय ज्ञानले गीत तथा संगीत सिकाएको छ । यजुर्वेदले कर्मकाण्डीय शिक्षा दिएको छ भने अथर्ववेदले विज्ञान तथा आयुर्वेदीय ज्ञान दिएको छ ।

त्यस बाहेक नेपालमा शैब, सांख्य र वुद्ध दर्शन जन्मिए । भारतमा महावीर तथा गुरु नानकका मतहरु जन्मिए । समर्थन , सुधार र विरोध जे गरे पनि यी सबै दर्शनका मूलस्रोत भने वेद तथा उपनिषदहरु नै थिए । चीनमा कन्फ्युशियस र ताओ दर्शन जन्मिए । जापानमा शिन्तो, ताओ र वौद्ध दर्शनको मिश्रणमा नया दर्शन बन्यो ।

हिमवतखण्ड अन्तर्गतको नेपालमा उत्पत्ति भएको शैव दर्शनले मानव जातिलाई सर्वमंगलकारी एवम् समतामूलक हुन र सत्य र न्यायको सवालमा स्वतन्त्र र निष्पक्ष हुन सिकाएको छ । यौनलाई अपवित्र नठानी त्यसलाई समस्त सृष्टिको कारण मानेर पूजा गर्ने शिक्षा दिएको छ । योग, ध्यान र तन्त्र विज्ञानमार्फत ब्यक्तिभित्रका अपार क्षमता र सम्भावना उदघाटन र विस्तार गर्नसकिन्छ भन्ने सन्देश दिएको छ । नेपालकै कपिलवस्तुमा सिर्जित कपिल मुनिको द्वैतवादी सांख्य दर्शनले यो विश्व र संसारको हरेक पिण्ड सत्व, रज र तम जस्ता गुणले युक्त छ र यो त्यही कारणले स्वयम्मा गतिशील छ भनेर संसारलाई निरन्तर गतिमा हेर्न सिकाएको छ । त्यसले प्रकृतिमा रहेका हरेक वस्तु पृथ्वी, जल तेज, वायु र आकास जस्ता पाँच महाभूतले बनेको छ भनेर संसारलाई भौतिकवादी ढंगले विश्लेषण गर्न उत्प्रेरित गरेको छ । सांख्य दर्शनले प्रकृति र चेतना (पुरुष) दुबैको

समन्वयात्मक अस्तित्व स्विकारेको छ । प्रकृतिलाई प्रधान मान्न, चेतनालाई त्यसैको उपज ठान्न तथा कुनै पनि रहस्य र समस्याको गुत्थी समाधान गर्न कार्य—कारणको सिक्रीमा हेर्ने शिक्षा दिएको छ ।

नेपालकै लुम्विनीमा जन्मेका सिद्धार्थ गौतमद्वारा प्रतिपादित वुध्द दर्शनले संसारलाई जस्तो छ त्यस्तो हेर्न तथा यसलाई निरन्तर गतिमा, अनित्यतामा, अन्तर्सवन्धमा हेर्न र समुदायवादी बन्न सिकाएको छ । वास्तवमा द्वन्द्ववाद सिक्न हामीले अन्यत्र जानै पर्दैन । वेदको द्वय, उपनिषदको द्वय, वुद्धको द्वय केही उदाहरणहरु हुन । वुद्ध दर्शनमा रहेको अनित्यताको सिद्धान्त र प्रतीत्य समुत्पादको सिद्धान्त पनि द्वयकै चिन्तन हो । द्वयको अर्थ हो संसारमा कुनै पनि कुरा चिरस्थायी छैन, हरेक कुरा अनित्य छ, जुन कुराको शुरु छ त्यसको अन्त पनि छ । त्यसमाथि पनि वुद्ध दर्शनले दुखलाई जरोमै अन्त गर्नका लागि अज्ञानता र रागबाट मुक्त हुनुपर्छ भन्ने शिक्षा प्रदान गरेको छ ।

नेपालमा भएका यी तीन दर्शनको अध्ययनलाई विद्यालय शिक्षादेखि उच्च शिक्षाको पाठ्यक्रमभित्र प्रवेश गराएमा हरेक व्यक्तिभित्र लुकेका क्षमताहरुको चौतर्फी विकास गर्नमा सहायक हुन्छ ।

बृहस्पति र अजित केशकम्वलीको लोकायत अथवा चार्वाक दर्शनले हरेक व्यक्तिलाई यो संसारको उत्पत्ति कुनै परमात्मा वा ईश्वरले गरेको नभई यो चारवटा महाभूत—पृथ्वी, जल, तेज र वायुबाट आफै बनेको भनेर हरेक कुराको भौतिकवादी विश्लेषण गर्ने शिक्षा दिएको छ ।मदिराबाट मादकता पैदा भए जस्तै चेतना र आत्मा वस्तुबाटै पैदा भएको भनेर धारणा राख्ने यो दर्शनले मरेपछिको स्वर्ग वा नर्कमा विश्वास नगर्न र जे राम्रा कुरा गर्ने हो यही जुनीमा गर्नु पर्छ भन्ने शिक्षा दिएको छ । कपिलको सांख्य दर्शनमा पनि भौतिकवादी शिक्षा छ । वुद्ध, जैन, र ताओ दर्शनमा द्वन्दवादी शिक्षा छ । स्वावलम्वी बन्ने शिक्षा छ । वैदिक षडदर्शनमध्येका न्याय र बैशेषिक दर्शन ज्ञान मिमांसा, तत्व मिमांसा र तर्कशास्त्रको शिक्षा छ । कन्फ्युशियस दर्शनमा सामाजिक मूल्य, सामाजिक संस्थाहरू, सामाजिक मेलमिलाप र मानवीय नैतिकताको शिक्षा छ । शिव, कृष्ण र पतञ्जलीमा चेतना, मन, शरीर र प्रकृतिको मेल गर्न सिकाउने योग शिक्षा छ । अद्वेत दर्शनका प्रवर्तक दार्शनिक याज्ञवल्क्य र उनको दर्शनको प्रतिवाद गर्ने महिला दार्शनिक गार्गीको दर्शनमा द्वैत र अद्वैतको संवादी शिक्षा छ । जात र भाग्यले होइन, ब्यवहारले मान्छे असल वा खराब बन्छ, भन्ने शिक्षा दिएको छ । अष्टावक्रको दर्शनमा तर्कशास्त्रीय शिक्षा छ । राजर्षि जनकको दर्शनमा समन्वयात्मक शिक्षा छ ।

भागवद्गीता, महाभारत र पुराण लेख्ने वादरायण (वेदव्यास) को जन्मस्थल नेपालको तनहुँको दमौली हो । रामायणका रचयिता वाल्मीकिको तपोभूमि नवलपरासीको त्रिवेणीधाम हो । नेपाल तेस्रो र चौथो शताब्दीमै वौद्ध दर्शनको ज्ञानकेन्द्र थियो । प्राचीन नेपालका भृङ्गी, खर्जुरिका र गुम विहार बौद्ध धर्मको शिक्षा केन्द्रका रुपमा रहेका थिए । यी र यस्ता दाबीहरुको ऐतिहासिक सत्यताको अनुसन्धान पनि हुनु जरुरी छ ।

पूर्वीय दर्शनको प्रयोग पक्षमा अनेकन अन्धविश्वासहरु पनि छन । तिनलाई आजका र भोलि आउने पुस्ताले समालोचनात्मक ढंगले केलाएर हेर्नु आवश्यक छ । तिनमा भएका अन्धविश्वासमुखी, रुढीमुखी र भाग्यवादी, भेदभावकारी तथा अन्यायमुखी पक्षहरूलाई परित्याग पनि गर्नु पर्छ ।

## २. बर्तमान अवस्थाको विश्लेषण

नेपालमा प्रचिनकाल देखिनै गुरुकुल शिक्षा प्रणालीले पनि प्रवेश गरेको देखिन्छ । संस्कृत शिक्षा, बौद्ध शिक्षा र मदरसा शिक्षा नेपालमा लामो समयदेखि जारी छ । वौद्ध शिक्षा नेपालमा दुई हजार भन्दा ज्यादा समयदेखि जारी छ । मदरसा शिक्षा भने केही शय बर्षदेखि नेपालमा जारी छ ।

लिच्छवी कालका महासामन्त अंशुवर्माको हाँडी गाउँको शिलालेख अनुसार त्यो समयमा नै नेपालमा देवकुल, राजकुल, गुरुकुल र ऋषिकुलमा आधारित आर्य विद्यापीठहरू अस्तित्वमा थिए । अतः ती नेपालका गुम्वा र विहार पछिका प्राचीनतम विद्यालयहरू थिए । तिनै विद्यापीठहरूको अनुसरणबाट डोटी, पोखरा, दिङ्लामा गुरुकुलहरू स्थापित भएका थिए । वि.सं १९३२ मा भोजपुरको दिङ्लामा बालगुरु षडानन्द अधिकारीबाट स्थापना भएको दिङ्ला पाठशाला जनस्तरबाट खोलिएको पहिलो विद्यालय थियो । राणा प्रधानमन्त्री रणोद्दीप सिंहले वि.सं १९३४ मा रानीपोखरीमा संस्कृत पाठशाला स्थापना गराएका थिए ।

यही इतिहासलाई विभिन्नसन्त, महन्त र विद्वान् मनीषीहरुले मठ, मन्दिर कुटी, चौतारीमा गुरुकुल स्थापना गरी सञ्चालन गरेका छन् । आधुनिक औपचारिक शिक्षाको समकक्षी बनाउन मूलप्रवाहीकरण गर्ने सन्दर्भमा यी शैक्षिक संस्था विद्यालयका रूपमा दर्ता गर्ने अभ्यासको थालनी गरिएको छ । हालसम्म दर्ता भएका त्यस्ता संस्था १३१ (१०० आधारभूत र ३१ माध्यमिक) छन् भने दर्ता नभएका समेत गर्दा करिब ४००  गुरुरूकुलहरू चलेका छन् भन्ने अनुमान छ । संस्कृत माध्यमिक विद्यालयले पनि धारगत मान्यता पाई अभ्यासमा रहेका छन् । सरकारले गुरुकुलहरुलाई मूल प्रवाहीकरण गर्न गुरुकुल र आश्रमहरुलाई परम्परागत धार्मिक प्रकृतिका शिक्षा भित्र समावेश गर्ने गरी अनुदान निर्देशिका, २०६९ जारी गरेको छ । त्यसैका आधारमा पनि संस्कृत शिक्षालाई एकमुष्ट अनुदान प्रदान गरिरहेको छ । गुरुकुल पाठ्यक्रम १—८ र ९—१२ तय गरी लागु गरिरहेको छ ।

परन्तु पूर्वीय दर्शन केवल संस्कृत भाषामा मात्र छ भन्ने भ्रम पनि हामीकहा विद्यमान छ । यो पाली, चिनियाँ, भोट, हिन्दी, मैथिली, उर्दू, जापानी, जर्मनी, नेपाली लगायत थुप्रै भाषामा उपलब्ध छ । अब त पूर्वीय दर्शन समेत अंग्रेजी भाषामा पढ्नु पर्ने खण्ड पैदा भएको छ ।

अहिले हाम्रा आम नागरिकमा जुन नैतिक सांस्कृतिक मूल्यको खडेरी देखिँदैछ त्यसको प्रभावकारी उपचार पूर्वीय दर्शनमा विद्यमान छ । अन्धविश्वास, रुढी र अवैज्ञानिक चिन्तनको उपचार पूर्वीय दर्शनमा पनि छ । देशप्रेमी, समुदायमुखी, सदाचारयुक्त, स्वस्थ र सिर्जनशील बालबालिकाको निर्माणका लागि पूर्वीय दर्शन निकै प्रभावकारी औजार हुन सक्छ ।

## ३. समस्याहरू तथा चुनौतीहरू

१. हाम्रो आफ्नै मौलिक दर्शन— शैब, सांख्य र वुद्ध दर्शनलाई समेत विद्यालयमा पाठ्यक्रमको अंग बनाएर अध्ययनको बिषय बनाउन नसक्नु, अन्तर्राष्ट्रिय रुपमा यसको अपनत्व लिन नसक्नु, तथा तिनलाई कक्षा कोठा र बाहिर अध्ययन, छलफल र खोजको बिषयबनाउन नसक्नु

२. हरेक व्यक्तिलाई मानसिक, आत्मिक र शारीरिक रुपले स्वस्थ बनाउन पूर्वेली दर्शनमा भएका ध्यान तथा योग शिक्षालाई ब्यापक बनाउन नसक्नु
३. संस्कृत, चिनीयाँ, भोट, जापानी र पाली लगायतका अन्य भाषामा लेखिएका पूर्वीय दर्शनका किताबहरूको नेपाली र नेपालका अन्य राष्ट्रिय भाषाहरूमा पर्याप्त मात्रामा अनुवाद गर्न नसक्नु
४. संस्कृत शिक्षा तथा बौद्ध शिक्षाको विकास गरी नेपाललाई पूर्वीय वाङ्मयको अध्ययन केन्द्र बनाउन नसक्नु
५. संस्कृत विद्यालय, गुरुकुल, वेदविद्याश्रम, तथा निजी लगानीका विद्यालयहरूमा योग, प्राकृतिक चिकित्सा, आयुर्वेद लगायतका सान्दर्भिक विषयहरु समेटी प्राविधिक शिक्षा धार जस्तै शिक्षाको शुरुआत गर्न नसक्नु
६. पूर्वीय दर्शन र संस्कृत शिक्षाको महत्व बारे सर्वसाधारणलाई जानकारी गराउनु, शिक्षाका सबै धारले सम्बोधन गर्ने गरी व्यवस्थापन गर्नु, पाठ्यक्रम तथा पाठ्यसामग्रीले सम्बोधन गर्नु, गुरुहरूलाई तालिम प्राप्त गराउनु र परीक्षामूखी पठनपाठनलाई व्यावहारिक बनाउनु जस्ता कामहरुमा पछि पर्नु
७. पूर्वीय दर्शन भन्नु र हिन्दु धर्म भन्नु एउटै हो, संस्कृत भाषामा केवल हिन्दु धर्मका कुरा मात्र हुन्छन्, तिनमा रुढीवादीता तथा पुरातनवादी सोच मात्र छ भन्ने भ्रम चिर्नु

## ४. सुझाबहरू

### नीतिगत व्यवस्था

१. पूर्वीय दर्शनको अध्ययनलाई हरेक तहको विद्यालय शिक्षाको छुट्टै र सामाजिक अध्ययन र नागरिक तथा नैतिक शिक्षाबिषयको पाठ्यक्रममा समावेश गर्ने ।
२. संस्कृत विश्वविद्यालय, लुम्बिनी विश्वविद्यालय र अन्य सबै संघीय तथा प्रादेशिक विश्वविद्यालयमा नेपाली दर्शन र पूर्वीय दर्शनको अध्ययन तथा अनुसन्धान गर्ने व्यवस्था सहित तिनलाई बहु सांस्कृतिक विश्वविद्यालयको रुपमा विकसित गर्ने ।
३. नेपाललाई शैब, सांख्य र वुद्ध जस्ता मौलिक दर्शन तथा समग्र पूर्वीय दर्शनको विश्वस्तरीय अध्ययन अनुसन्धान केन्द्र बनाउने । त्यसमा अनुसन्धान गर्ने विश्वविद्यालय, महाविद्यालय तथा अध्येताहरूलाई छात्रवृत्ति सुविधा सहित उत्प्रेरित गर्ने ।
४. योग, ध्यान र दर्शनको अध्ययन र अभ्यासलाई विद्यालयमा मात्र सीमित नराखी राष्ट्रिय अभियान र जनसंस्कृतिका रुपमा देशभरि सबै नागरिकमा विस्तार गर्ने । यसका लागि सामुदायिक अध्ययन केन्द्र, खुला विश्वविद्यालय तथा विद्यालय, पुस्तकालयको सञ्जाल विस्तार गर्ने ।
५. संस्कृत शिक्षालाई माध्यमिक तहमा अन्य सहभाषी बिषयको स्थानमा राख्ने र संस्कृत भाषा अध्ययन गर्न इच्छुक हरेकले पढ्न सक्ने गरी माध्यमिक तथा उच्च शिक्षका तहमा यसलाई इच्छाधीन बिषय बनाउने नीति अवलम्वन गर्ने। यस्तै नीति पाली, भोट तथा अन्य उन्नत दार्शनिक बिषय भएका भाषालाई पनि अपनाउने

**रणनीतिहरु**

१. पूर्वीय ग्रन्थहरुमा भएका चेतन, अर्धचेतन, तथा अचेतन मनहरुको उपयोग गर्ने तरीकाहरुलाई जनमानसमा पुऱ्याउने

२. आदिवासी एवं जनजातिका पुख्यौंली ज्ञानहरु खोजी गरी पाठ्यक्रम र पाठ्यासामग्रीमा समावेश गरी कार्यान्वयनमा ल्याउने

३. संस्कृत तथा पालीभाषाका गुरुहरू तथा उर्दूभाषी मौलाना मौलवीहरुलाई तत्तत् विषयमा र आधुनिक प्रविधि विशेषगरी सूचना तथा संचार प्रविधि सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

४. संस्कृत तथा पाली तथा उर्दू भाषामा रहेका ज्ञान, विज्ञान, उन्नत साहित्यलाई राज्यको लगानीमा नेपाली र अन्य प्रमुख भाषाहरुमा अनुवाद गर्ने । त्यसमा अनुसन्धान गर्न विश्वविद्यालय र महाविद्यालय तथा अध्येताहरूलाई छात्रवृत्ति सुविधा सहित उत्प्रेरित गर्ने ।

५. विद्वानहरूलाई पूर्वीय दर्शन सम्वन्धी गहन पाठ्यपुस्तक र सन्दर्भ सामग्री लेख्न विद्वत्वृत्ति र पारिश्रमिक प्रदान गर्ने ।

६. पूर्वीय दर्शनबारे जानकारी दिने अलग्गै वेवसाइट विकास गरी सो मार्फत सहजै सन्दर्भ सामग्री पाउन सक्ने व्यवस्था मिलाउने ।

७. नैतिकवान, विवेकशील, जागरुक र समालोचनात्मक चेत भएको ब्यक्ति निर्माणका लागि तथा तनाब ब्यवस्थापन सीपको विकासका लागि बालबालिकालाई आधारभूत कक्षाका लागि बाल योग तथा ध्यान शिविरमा, माध्यमिक कक्षा र उच्च कक्षाका लागि विपस्यना जस्ता ध्यान तथा योग शिविरहरु संचालन गर्ने

परिच्छेद २१

# परम्परागत तथा मौलिक शिक्षा

## १. पृष्ठभूमि

समाजको स्थापना र विकाससँगै विभिन्न सम्प्रदायमा धार्मिक मान्यताको विकास भएको र धार्मिक पक्षलाई सङ्गठित गर्न धार्मिक संस्थाहरुको जन्म भयो । ती संस्थाले आआफ्नो धार्मिक मूल्य, मान्यता र ज्ञानको प्रशिक्षण र प्रचार प्रसार गर्न थाले । पछि धार्मिक विषय वस्तुका अतिरिक्त जीवन दर्शन, आचरण र व्यावहारिक जीवनका पक्ष समेतलाई जानकारी दिने र अभ्यास गराउने थलोका रुपमा विकसित हुँदै आएको पाइन्छ । राज्य तथा समाजको भूमिकामा परिवर्तनसँगै ज्ञान तथा जानकारीको क्षेत्र व्यापक हुँदै जाँदा, त्यसरी ज्ञानको आदान प्रदान गर्न धार्मिक संस्थाहरु मात्र पर्याप्त भएनन् र सामुदायिक प्रयासमा सिकाइ (शिक्षण) गर्ने संस्था (विद्यालय र विश्वविद्यालय) खोलिन थाले ।तथापि ती संस्थाहरु कुनै न कुनै रुपमा अहिले पनि चलिरहेका छन् । त्यस्ता विद्यालयहरुलाई परम्परागत विद्यालय (गुम्बा¸ गरुकुल, मदरसा आदि) का रुपमा परिभाषित गरिएको छ ।

यस्ता परम्परागत विद्यालयले सत्यता, प्रेम, सेवा, दान, अनुशासन, परोपकार, अहिंसा जस्ता सद्व्यवहारमा आधारित जीवनशैली सिकाइने गर्ने गरेको पाइन्छ । नम्रतापूर्ण व्यवहार प्रदर्शन, विषय वस्तुको पूर्ण ज्ञान प्राप्ति, कर्तव्यपालनमा अग्रसरता, संस्कारयुक्त सभ्य व्यक्तित्व निर्माण, आत्मविश्वासी तथा स्वावलम्बी नागरिक उत्पादनमा सहयोग, सकारात्मक चिन्तनलाई व्यवहारमा अनुसरण जस्ता धार्मिक विषय वस्तुलाई आधार मान्ने गरेको पाइन्छ ।ती संस्था धर्मगुरुको पूर्ण निर्देशन वा सहजीकरणमा शिक्षा प्रदान गर्ने प्रमुख स्थल हुन् । यी शिक्षा प्रणाली सञ्चालन गर्ने संस्थाले आफ्नै साधन स्रोत उपयोग गरी मौलिक शैक्षिक प्रक्रियाका आधारमा अध्ययन अध्यापन प्रक्रिया सञ्चालन गर्दै आएका छन् । यसर्थ धार्मिक शिक्षाले बोलीवचन तथा सात्त्विक रहनसहनलाई विशेष रुपमा उपयोग गरिआएका छन् ।

नेपालको सन्दर्भमा गुरुकुल, बौद्ध र किराँत मुन्धुम शिक्षा यहाँका विशिष्ट पहिचान हुन् । यी शिक्षाका मूल धारा नेपालमा नै पल्लवित र पुष्पित भएका छन् । मदरसा शिक्षाको पनि नेपालमा आफ्नै इतिहास रहिआएको छ । गुरुकुल शिक्षा पौरस्त्य वाङमयबाट दीक्षित छ भने बुद्धका वचन, अर्ति, उपदेश र शिक्षाका आधारमा बौद्ध शिक्षा सञ्चालनमा रहेको छ । गुरुकुल मठ, मन्दिर, आश्रमलगायतका क्षेत्रमा आधारित भई मूल धारको शिक्षाको समकक्षी शिक्षाका रूपमा अभ्यासमा छ भने गुम्बा/गोन्पा, विहार र चैत्यबाट संरक्षण तथा संवर्धन भइरहेको छ । किराँत राईहरूको मूल धार्मिक ग्रन्थ मुन्धुममा आधारित किराँत मुन्धुम शिक्षा अघि बढिरहेको छ । मदरसा शिक्षा इस्लाम दर्शनमा आधारित छ । यो शिक्षा मदरसाहरूबाट सञ्चालित भइरहेको छ ।

गुरुकुल, गुम्बा/गोन्पा र मदरसा शिक्षाको विश्वव्यापी अभ्यास रहिआएको छ । यस्ता अभ्यास एसियाली तथा इस्लामिक मुलुकहरूमा गरिएका छन् । धार्मिक, सांस्कृतिक र ऐतिहासिक गरिमाले भरिपूर्ण नेपालमा धार्मिक शिक्षा अनादिकालदेखि अहिलेसम्म अनवरत रूपमा प्रवाहित हुँदै आएको छ

। मानव जातिलाई भौतिक र आध्यात्मिक दुवै दृष्टिबाट समृद्ध बनाउने प्रयोजनका लागि प्राचीनकालमा जे जति चिन्तन गरिन्थ्यो, त्यसको अभिव्यक्ति धार्मिक शिक्षामा सुरक्षित छ । नेपालको शिक्षा क्षेत्रमा पाश्चात्य धारा र प्रभावको प्रवेश हुनुपूर्व आध्यात्मिक चिन्तन र ज्ञानविज्ञानको संवाहकका रूपमा धार्मिक शिक्षा प्रचलनमा थियो । यसर्थ संस्कृति, परम्परा, मूल्य र मान्यताको प्राचीन प्रामाणिक आधार बनेको धार्मिक शिक्षा अद्यापि औपचारिक तथा अनौपचारिक रूपमा विद्यालयीय शिक्षाको ढाँचा र स्वरूपमा अगाडि बढिरहेको पाइन्छ । हाल नेपालमा यी शिक्षाको मूल प्रवाहीकरण गर्ने नीति कार्यान्वयन भइरहेको अवस्था छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

"धार्मिक प्रकृतिका नयाँ विद्यालय खोल्न चाहेमा शिक्षा ऐन, २०२८ को (सातौं संशोधनसहित) र शिक्षा नियमावलीको परिधिभित्र नै रही संस्थागत रूपमा सञ्चालन गर्न (स्वीकृत गर्न पाउने गरी) निवेदन दिन पाउने व्यवस्था गर्ने गराउने" भनी नीतिगत व्यवस्था सँगै धार्मिक प्रकृतिका शिक्षाको मूल प्रवाहीकरण कार्यलाई कार्यान्वयन प्रक्रिया थालनी गरिएको हो । यसरी नीतिगत रुपमा अनुमति तथा स्वीकृति लिने धार्मिक विद्यालयको सङ्ख्या देहायअनुसार छ ।

**तालिका १ : परम्परागत शिक्षण संस्था सम्बन्धी विवरण**

| परम्परागत विद्यालय (शिक्षण संस्था) | जम्मा सङ्ख्या | तहगत सङ्ख्या | | | तहगत सङ्ख्या सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक | निम्न–माध्यमिक | आधारभूत | माध्यमिक (९–१०) | माध्यमिक (११–१२) | माध्यमिक (९–१२) |
| मदरसा | ९०७ | ९०७ | ३३ | ९०७ | १७ | ४ | १७ |
| गुम्बा /विहार | ११४ | ११४ | ११ | ११४ | १ | ० | १ |
| आश्रम /गुरुकुल | १०० | १०० | ३१ | १०० | १३ | २ | १३ |
| जम्मा | १,१२१ | १,१२१ | ७५ | १,१२१ | ३१ | ६ | ३१ |

माथि उल्लेख भएबाहेक मूल धारमा आउन नसकेका यस प्रकृतिका परम्परागत संस्था अन्य पनि भएको जानकारी छ । उक्त संस्थाहरूका पाठ्यक्रमगत, पाठ्यवस्तुगत, प्रणालीगत एवम् अन्य व्यवस्थापनजन्य विविधता पाइन्छ । यी मध्ये केही परम्परागत संस्थाहरूले आआफ्नै ढङ्गले पाठ्यक्रम तय गरी पाठ्यक्रम र तत्तत् धर्म सम्बन्धी पाठ्यपुस्तकहरू पठन पाठन गरेको पनि पाइन्छ । यसरी पठन पाठन हुँदा अन्य औपचारिक विद्यालयमा भर्ना हुन चाहनेका लागि समस्या देखिएको छ ।

त्यस्ता परम्परागत शिक्षण संस्थाहरुका सरोकारवालाहरूबाट त्यस्ता संस्थामा अध्यापन गर्ने शिक्षक (गुरु, मौलबी, पुरोहित, लामा आदि) र विद्यार्थीको अध्यापन अधिकार पत्र र समकक्षताको माग हुने गरेको छ ।

उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गर्दै शिक्षाको मूल प्रवाहीकरण सम्बन्धी कार्यलाई सहज, सरल र नियमित बनाउन तत्तत् शिक्षा सम्बद्ध परिषद्को गठन गरी कार्य सञ्चालन भइरहेको छ । गठित ती परिषद्हरूले आआफ्ना धार्मिक शिक्षाको उत्थान, उन्नयन र विकासका लागि नीति निर्धारण, नियमन, व्यवस्थापन र अन्य आवश्यकीय पक्षमा मार्गनिर्देशन गर्दै आएको छ ।

मूलप्रवाहीकरणको प्रयासस्वरुप राष्ट्रिय स्तरमा धार्मिक शिक्षा सम्बन्धी पाठ्यक्रम तथा पाठ्यपुस्तकका सम्बन्धमा पनि निरन्तर रूपमा काम हुँदै आइरहेका छन् । यसका लागि पाठ्यक्रम संरचना निर्माण, त्यसका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास एवम् कार्यान्वयन सम्बन्धी कार्य भइरहेका छन् । यिनै कार्यका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ मा समेत परम्परागत धारतर्फका गुरुकुल, गुम्बा/गोन्पा र मदरसा शिक्षाको पाठ्यक्रम संरचनालाई समावेश गरिएको छ । यो संरचनालाई सरोकारवालासँगको थप अन्तरक्रिया र छलफलका आधारमा अझै परिमार्जन गर्न सकिने अवसर देखिएको छ ।

## ३. समस्या एवम् चुनौती

१. परम्परागत शिक्षण संस्थामा दिइने प्रमाण पत्रलाई समकक्षताको मान्यता दिनु

२. त्यस प्रकारका संस्थाबाट उत्पादित विद्यार्थीका लागि विश्वविद्यालयमा उच्च शिक्षाका लागि ब्रिजकोर्स र अन्य व्यवस्था सहित सहजता प्रदान गर्नु

३. गुम्बा/गुम्बा/गोन्पा शिक्षामा ११ र १२ कक्षाका लागि निर्माण भइसकेको पाठ्यक्रम र पाठ्यपुस्तक स्वीकृति गर्न र त्यसलाई माथिल्लो शिक्षाका तहमा अवसर विस्तार गर्नु

४. प्रदेश र स्थानीय तहमा परम्परागत शिक्षण संस्था सम्बन्धी शिक्षा समितिको व्यवस्था गर्नु

५. मदरसाका लागि कक्षा पाँचसम्म स्वीकृत पाठ्यपुस्तक कार्यान्वयनमा ल्याउनु

६. विद्यालयदेखि विश्वविद्यालय शिक्षासम्मको शैक्षिक संरचना निर्माण तथा कार्यान्वयन गर्नु

७. धार्मिक शिक्षाका लागि छनोट गरिने विषय क्षेत्र वा विषयवस्तु र कार्यान्वयन प्रक्रियामा विविधतायुक्त मतलाई समेटी मतैक्यता गर्नु

८. विगतको अनुभवलाई सिकाइका रूपमा ग्रहण गरी भावी कार्यलाई सघन र गतिशील बनाउनु

९. विद्यालय अनुमति तथा स्वीकृति कार्यमा सहजता एवम् शिक्षक तयारी, छनोट तथा तालिमको व्यवस्था गर्नु

## ४. सुझावहरू

१. धार्मिक विद्यालयको नियमन र सहजीकरणका लागि एकीकृत धार्मिक शिक्षा बोर्ड गठन गर्ने । त्यस अन्तर्गत सातै प्रदेशमा मदरसा, गुम्बा/गोन्पा र गुरुकुल शिक्षा परिषद् तथा स्थानीय तहमा परम्परागत शिक्षा समिति रहने, सो समितिले अवस्था र आवश्यकता अनुसार सरोकारवालाको

सहभागिता रहने गरी व्यवस्थापन समिति गठन गर्ने । सो बोर्डले सम्बन्धित संस्थाको मूलप्रवाहीकरण र गुणस्तरीयताका लागि सबै तहका धार्मिक शिक्षाको मापदण्डहरू निर्धारण गर्ने, पाठ्यक्रम निर्माण र परिमार्जन गर्न सम्बन्धित मन्त्रालयलाई सिफारिस गर्ने । सम्बन्धित विषयमा ब्रिज कोर्स र समकक्षता प्रमाण पत्र सहित अन्य समन्वय र सहजीकरण कार्य गर्ने गराउने ।

२. मूलप्रवाहीकरण कार्यक्रम अनुसार धार्मिक विद्यालयमा शिक्षण हुनुपर्ने भनेर थपिएका अङ्ग्रेजी, विज्ञान गणित भाषा सामाजिक अध्ययन जस्ता विषयमा विषय शिक्षकक लागि स्थायी शिक्षक दरवन्दीको व्यवस्था गर्ने वा यसका लागि आवश्यक खर्च धान्न पर्याप्त हुने गरी एकमुष्ठ अनुदान दिने ।

३. स्थानीय तहमा पनि आवश्यकताअनुसार मदरसा, गुम्बा/गोन्पा र गुरुकुल शिक्षा समिति गठन गर्ने ।

४. सम्बद्ध धर्म दर्शनमा रहेका महत्त्वपूर्ण र मिल्दा पक्षको सार निकाली सबै विषय क्षेत्रका पाठ्यक्रममा सन्दर्भ मिलाएर समावेश गर्ने । शिक्षक तयारीका क्रममा समेत उचित महत्त्व दिने ।

धार्मिक शिक्षाको विविधताअनुसार निम्नानुसार थप सुझाव कार्यान्वयन गर्दा सान्दर्भिक हुने देखिन्छ

**गुम्बा/गोन्पातर्फ**

१· विद्यालयदेखि विश्वविद्यालयसम्मका बौद्धिक उपाधिलाई समकक्षता प्रदान गर्ने

२· आवासीय विद्यार्थीलाई सरकारले सहयोग गर्ने

३· बौद्ध दर्शनमा आधारित सिकाइलाई मूलप्रवाहीकरण गर्न सेतु (ब्रिज) पाठ्यक्रम तयार गर्ने

४· सबै गुम्बा र बिहारहरुलाई लुम्बिनी बौद्ध विश्वविद्यालयमा आबद्ध गराउने

५· बौद्धिक शिक्षा व्यवस्थापन गर्ने संयन्त्र बनाउने

**गुरुकुलतर्फ**

१. प्रदेश सरकारको तहमा प्रादेशिक संस्कृत शिक्षा परिषद् तथा स्थानीय सरकारको तहमा स्थानीय संस्कृत शिक्षा बोर्ड गठन गर्ने । प्रदेश तथा स्थानीय तहका बोर्डहरुको सहकार्यमा सङ्घीय संस्कृत शिक्षा बोर्डले प्रारम्भिक तहदेखि उच्च तहसम्मको संस्कृत शिक्षा सम्बन्धी नीति तय गर्ने । सो नीतिमा नेपाल संस्कृत विश्वविद्यालयसँग गुरुकुलहरुको के कस्तो र कसरी सम्बन्ध स्थापना गर्ने भन्ने बारेमा पनि उल्लेख गर्ने

२. विभिन्न किसिमबाट चलेका गुरुकुलहरुको वर्गीकरण गर्ने

३. गुरुकुल।आश्रममा आधुनिक विषय पढाउन सरकारी शिक्षक र त्यहाँका शिक्षकका बिचमा शिक्षण कार्यमा अनुभवको आदानप्रदान गर्ने

४. गणित, विज्ञान र सामाजिक विषयका विषय वस्तुहरु वैदिक शास्त्रबाट लिने

**मदरसातर्फ**

१· विद्यालयदेखि विश्वविद्यालयसम्मका इस्लामिक उपाधिलाई मापदण्ड विकास गरी समकक्षता प्रदान गर्ने

२· मदरसामा पढाउने शिक्षक (मौलबी तथा मौलानाहरू) लाई अरु शिक्षक सरह मान्यता दिने

३· इस्लामिक सिकाइलाई मूलप्रवाहीकरण गर्न सेतु (ब्रिज) पाठ्यक्रम तयार गर्ने

४· इस्लामिक सिकाइलाई साक्षरतालगायत शैक्षिक जनशक्तिमा गणना गर्ने

५· सबै मदरसाहरुलाई दर्ता प्रणालीमा ल्याई मूलप्रवाहीकरण गर्ने

६· मुस्लिम विश्वविद्यालय  स्थापना गर्ने

**१· गुम्बा/गोन्पा /बिहार**

| गर्नुपर्ने काम | कसरी गर्ने | कसले गर्ने |
|---|---|---|
| १· विद्यालयदेखि विश्वविद्यालयसम्मका बौद्धिक उपाधिलाई समकक्षता प्रदान गर्ने | - विज्ञहरुको कार्यदल बनाई सो कार्यदलको सिफारिसका आधारमा | - सङ्घीय सरकारको पाठ्यक्रम विकास केन्द्रले र विश्विद्यालयहरुका पाठ्यक्रम सम्बद्ध निकायहरु |
| २· आवासीय विद्यार्थीलाई सरकारले सहयोग गर्ने | - अवस्था र तथ्याङ्क एकिन गरी आवश्यक पर्ने बजेट छुट्ट्याएर | - सङ्घीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अर्थ मन्त्रालय |
| ३· बौद्ध दर्शनमा आधारित सिकाइलाई मूलप्रवाहीकरण सेतु (ब्रिज) पाठ्यक्रम तयार गर्ने | - पाठ्यक्रम तथा मूल्याङ्न परिषद् बाट स्वीकृत गराई पाठ्यक्रम विकास केन्द्रको नियमित प्रक्रियाबाट | - पाठ्यक्रम विकास केन्द्र र विश्विद्यालयहरुका पाठ्यक्रम सम्बद्ध निकायहरु |
| ४· सवै गुम्बा, गोन्पा र बिहारहरुलाई लुम्बिनी बौद्ध विश्वविद्यालयमा आबद्ध गराउने | - नीतिगत व्यवस्था गर्ने (सङ्घीय विश्वविद्यालय एकीकृत ऐनमा व्यवस्था गरी कार्यान्वयन गर्ने) | - उच्च शिक्षा आयोग र नेपाल सरकार |
| ५· बौद्धिक शिक्षा व्यवस्थापन गर्ने संयन्त्र बनाउने | - केन्द्रमा बौद्धिक परिषद्, प्रदेशमा विभाग र स्थानीय तहमा एकाइ रहने गरी सङ्घीय कानुनमा नीतिगत व्यवस्था गरेर | - सङ्घीय सरकारले |

**२· गुरुकुल /आश्रम**

| गर्नुपर्ने काम | कसरी गर्ने | कसले गर्ने |
|---|---|---|
| १· विभिन्न किसिमवाट चलेका | - वर्गीकरणको मापदण्ड बनाउने | - सङ्घीय सरकाले |

| | | |
|---|---|---|
| गुरुकुलहरुको वर्गीकरण गर्ने | - कार्यान्वयन गर्ने<br>- अनुगमन र मूल्याङ्कन गर्ने | - स्थानीय सरकारले<br>- प्रदेश सरकारले |
| २. गुरुकुल /आश्रममा आधुनिक विषय पढाउन सरकारी शिक्षक र त्यहाँका शिक्षक बिचमा शिक्षण कार्यमा अनुभवको आदानप्रदान गर्ने | - आदन प्रदानको आधार र मापदण्ड बनाउने<br>- कार्यान्वयन गर्ने | - सङ्घीय सरकारले<br>- विद्यालयहरुले |
| ३. सङ्घीय, प्रदेश र स्थानीय तहमा स्थानीय संस्कृत शिक्षा बोर्डलाई प्रभावकारी बनाउने | - प्रदेश तथा स्थानीय तहका बोर्डहरुको सहकार्यमा सङ्घीय संस्कृत शिक्षा बोर्डले प्रारम्भिक तहदेखि उच्च तहसम्मको संस्कृत शिक्षा सम्बन्धी नीति तय गर्ने ।<br>- संस्कृत शिक्षा बोर्डले बनाएका नीतिहरुलाई पुनरावलोकन गरी गराई सङ्घीय नीति मार्फत तिनको कार्यान्वयन गर्ने गराउने | - नीति सङ्घीय सरकारले बनाउने कार्यान्वयन प्रदेश र स्थानीय सरकाले गर्ने ।<br>- नेपाल संस्कृत विश्वविद्यालयसँग गुरुकुलहरुको के कस्तो र कसरी सम्बन्ध स्थापना गर्ने भन्ने बारेमा सङ्घीय बोर्डले स्पस्ट गरिदिने |
| ४. गणित, विज्ञान र सामाजिक विषयका विषय वस्तुहरु वैदिक शास्त्रबाट लिने | - सम्बन्धित विषयवस्तु वैदिक शास्त्रहरुबाट पहिचान गर्ने र पाठ्यक्रम र पाठ्य सामग्रीहरुमा समावेश गरी कार्यान्वयन गर्ने | - पाठ्यक्रम विकास केन्द्र र संस्कृतका जानकारहरु |

**१. मदरसा**

| गर्नुपर्ने काम | कसरी गर्ने | कसले गर्ने |
|---|---|---|
| १. विद्यालयदेखि विश्वविद्यालयसम्मका इस्लामिक उपाधिलाई समकक्षता प्रदान गर्ने | - विज्ञहरुको कार्यदल बनाई सो कार्यदलको सिफारिसका आधारमा | - सङ्घीय सरकारको पाठ्यक्रम विकास केन्द्रले र विश्विद्यालयहरुका पाठ्यक्रम सम्बद्ध निकायहरु |
| २. मदरसामा पढाउने शिक्षक (मौलबी तथा मौलानाहरू) लाई अरु शिक्षक सरह मान्यता दिने | ÷ऐ÷ | ÷ऐ÷ |
| ३. इस्लामिक सिकाइलाई मूलप्रवाहीकरण गर्न सेतु (ब्रिज) पाठ्यक्रम तयार गर्ने | - पाठ्यक्रम तथा मूल्याङ्कन परिषद बाट स्वीकृत गराई पाठ्यक्रम विकास केन्द्रको नियमित प्रक्रियाबाट | - पाठ्यक्रम विकास केन्द्र र विश्विद्यालयहरुका पाठ्यक्रम सम्बद्ध निकायहरु |
| ४. इस्लामिक सिकाइलाई साक्षरतासँग आबद्ध गर्ने र | - समकक्षताको प्रक्रियाबाट सम्बोधन गर्ने । अध्यापन अनुमति पत्रको | - सङ्घीय सरकारको पाठ्यक्रम विकास केन्द्र र विश्विद्यालयहरुका |

| | | |
|---|---|---|
| मौलबीको योग्यतालाई सम्बोधन गर्ने | प्रक्रिया अवलम्बन गर्ने | पाठ्यक्रम सम्बद्ध निकायहरु तथा शिक्षक सेवा आयोग |
| ५. सबै मदरसाहरुलाई दर्ता प्रणालीमा ल्याई मूलप्रवाहीकरण गर्ने (हालसम्म १० प्रतिशत मात्र दर्ता भएको अनुमान छ) | - स्थानीय तहको वार्षिक शैक्षिक कार्ययोजनामा समावेश गरी कडाइका साथ कार्यान्वयन गर्ने<br>- तीन प्रकारले मदरसा शिक्षालाई व्यवस्था गर्ने गरी नीति बनाउने: मजहबी वा धार्मिक धार, समकक्षता वा विशेष विषय पढेर अरु विद्यालयमा जान पाउने । विशेष विषय पढेर अरु वि र दोहोरो प्रक्रिया जुनसुकै तहमा जान मिल्ने गरी मदरसा शिक्षाको सबै तहको पाठ्यक्रम तयार गर्ने | - स्थानीय सरकारको शिक्षा हर्ने निकाय (शाखा, महाशाखा, विभाग,....)<br>- प्रदेश सरकारले अनुगमन र सहजीकरण गर्ने<br>- सङ्घीय सरकारले |
| ६. विश्वविद्यालयको रुपमा मदरसा | - पहिला मानित विश्वविद्यालयको रुपमा स्थापना गर्ने | - सङ्घीय र प्रदेश सरकारले |

परिच्छेद २२

# शिक्षामा सूचना तथा सञ्चार प्रविधि

## १. पृष्ठभूमि

सामान्यतया शिक्षामा सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology-ICT) भन्नाले कक्षाकोठामा कम्प्युटर र इन्टरनेटका माध्यमबाट छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेभमा आधारित शिक्षणसिकाइ सामग्रीको प्रयोग भन्ने बुझिन्छ ।यसले विद्यालयका प्रशासनिक काम तथा विशेष प्रकारका विद्यार्थीको सिकाइलाई सघाउने मात्र नभइ स्वाध्यायनलाई प्रेरित गरी खोजी गर्ने र सिक्नलाइ पनि मद्दत पुर्याउछ । ICT ले पोर्टल विकास गरी सिकारु निर्मित सामाग्रीको प्रयोग र आदानप्रदानलाइ पनि सहयोग पुर्याउछ । सूचना र सञ्चार प्रविधिको प्रयोगले सिक्ने र सिकाउने शैलीमा मात्र हैन देश विकासका लक्ष्य हासिल गर्नमा समेत मद्दत पुऱ्याउँछ । वि. सं. २०१४ सालमा कलेज अफ एजुकेसनको स्थापना भएपश्चात् पौढ शिक्षा महाशाखाबाट उत्पादन गरी प्रसारण गरिएको पौढ शिक्षा कार्यक्रम, वि. सं. ३०३७ भाद्र ४ गतेदेखि सञ्चालित रेडियो शिक्षक तालिम, वि. सं. २०६३ मा शैक्षिक जनशक्ति विकास केन्द्रबाट एसएलसी दिने विद्यार्थीलाई लक्षित गरी सञ्चालन गरिएको शैक्षिक टेलिभिजन कार्यक्रम र सरकारी तथा गैरसरकारी निकायहरूबाट विकास गरिएका मल्टिमिडियामा आधारित सिकाइ सामग्री नै समग्र रूपमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिका महत्त्वपूर्ण उपलब्धि हुन् । सूचना तथा सञ्चारका क्षेत्रमा सन् २००० पछि विश्वमा तीव्र गतिमा भएको प्रगतिले गर्दा समाजका प्रत्येक निकायले गर्ने क्रियाकलापमा आमूल परिवर्तन आएको छ । इन्टरनेट सेवाको पहुँच र गुणस्तरमा वृद्धि भएसँगै रेडियो टेलिभिजन र मल्टिमिडियामा आधारित सिकाइ सामग्रीहरू अनलाईन सिकाइ सामग्रीमा रूपान्तरण भएका छन् । प्रारम्भमा सूचना आदान प्रदान गर्ने उद्देश्यले विकास गरिएको सूचना तथा सञ्चार प्रविधिका साधनहरू हालैका दिनमा शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग बन्न पुगेका छन् ।

सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्नका लागि सूचना तथा सञ्चार प्रविधिसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु पर्नेछ । यसले शिक्षा प्रणालीलाई मजबुत बनाउन, ज्ञान वितरणमा सुधार ल्याउन, गुणस्तरीय शिक्षामा पहुँच बढाउन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको विशेष महत्त्व छ । यो प्रविधि दूर सिकाइमा निर्विकल्प र आमनेसामने पद्धतिमा परिपूरक साधनका रूपमा स्थापित भइसकेको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ ले सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय र माध्यम दुवै रूपमा प्रयोग गर्ने नीति अङ्गिकार गरेको छ । उक्त नीतिलाई मूर्त रूप दिन विद्यालय क्षेत्र सुधार योजना २०६६-०७२, आइसिटी मास्टर प्लान, २०६९ निर्माण भई कार्यान्वयनमा आएको छ । हाल यो प्लान परिमार्जनका क्रममा रहेको छ । विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई विषय र शिक्षण सिकाइको माध्यमका रूपमा प्रयोग गर्ने नीति अवलम्बन गरेको छ । शिक्षक

सक्षमताको प्रारूप, २०७२ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा समावेस गरेको छ ।

इन्टरनेटमा उपलब्ध हुने सिकाइ सामग्री जुनसुकै स्थानबाट जतिबेला पनि अध्ययन अध्यापनका लागि प्रयोग गर्न सकिन्छ । इन्टरनेटका माध्यमबाट विश्व एउटा गाउँ जस्तै भएको वर्तमान परिप्रेक्षमा विश्वभरका विषय विज्ञसँग वेभ कन्फेरेन्सका माध्यमबाट छलफल तथा अन्तर्क्रिया गर्न सकिन्छ । इन्टरनेटको प्रयोगबाट शिक्षण सिकाइका लागि आवश्यक पर्ने पाठयोजना निर्माण गर्न सहज हुन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री लगायतका सिकाइ सामग्रीका असिमित स्रोत इन्टरनेटमा उपलब्ध हुन्छन् । ताररहित र तारसहितको इन्टरनेट सेवाको तीव्र गतिमा भएको वृद्धि र गाउँगाउँसम्म यो सेवाको पहुँच, खुला शैक्षिक स्रोत (Open Education Resources—OER) को द्रुत गतिमा भएको विकास र विस्तारले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सुवर्ण अवसर सिर्जना भएको छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

शिक्षालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सूचना तथा तथ्याङ्कको सम्प्रेषण, व्यवस्थापन, सिकाइको विषयवस्तुका रूपमा तथा सिकाइ सामग्रीको विकास र शिक्षण तथा प्रशिक्षणको साधनका रूपमा प्रयोग गरिन्छ । संसारमा तिव्र गतिमा भइरहेको इन्टरनेट सेवाको प्रत्यक्ष प्रभाव हाम्रो देशमा नपरी रहन सक्दैन । इन्टरनेट पद्धतिमा भएको विकाससँगै Online system, Virtual Reality, Augmented Reality, Artificial Intelligence लगायतका अत्याधुनिक प्रविधिको प्रयोगले गर्दा बैङ्क विस्थापन हुने, अनलाईन बजार हावी हुने, कुनै पनि प्रकारको बिल तिर्न तथा आर्थिक कारोबार गर्न बैङ्क जानुपर्ने पद्धति सधैंका लागि अन्त्य हुने देखिन्छ । मानिसले डिजिटल कार्डबाहेक रूपियाँ पैसा बोकेर हिँड्नुपर्ने अवस्थाको अन्त्य हुने दिन धेरै टाढा छैन । श्रम बजारमा खपत् भएको वर्तमान अवस्थाको जनशक्तिको रूपान्तरण वा विस्थापनको विकल्प छैन । सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सीप नभएको जनशक्ति बजारमा खपत् नहुने मात्र होइन एउटा प्रविधिमैत्री जनशक्तिले दशौंजना अदक्ष जनशक्ति विस्थापन हुने देखिन्छ । त्यसैले शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रचुर प्रयोग र अभ्यास गरी समाजिक क्रियाकलाप र श्रमबजारमा बिक्नसक्ने जनशक्तिको विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

पाठ्यक्रम विकास केन्द्रबाट कक्षा छ देखि नै कम्प्युटर शिक्षा विषयको पाठ्यक्रम र पाठ्यसामग्री विकास भई पठनपाठन भइरहेको छ भने शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आइसिटीको शिक्षक तालिम सञ्चालनका अतिरिक्त शिक्षक र प्रशिक्षकका लागि अनलाईनका माध्यमबाट शिक्षक तालिम दिने कार्यको थालनी भइसकेको छ । पाठ्यक्रम विकास केन्द्र, साझा शिक्षा इ—पाटिले विकास गरेका नमूना डिजिटल सिकाइ सामग्री र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट भर्चुअल कक्षाहरू सञ्चालन गरिएका छन्। त्रिभूवन विश्वविद्यालय, काठमाण्डौं विश्वविद्यालय, नेपाल खुला विश्वविद्यालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालित शिक्षक तालिम मुडल (Modular Object-Oriented Dynamic Learning

Environment — MOODLE) मा आधारित अनलाईन पद्धतिमार्फत् सञ्चालन गरिएका छन् । त्रिभुवन विश्विविद्यालय तथा काठमाण्डौं विश्वविद्यालय अन्तरगतका केही क्याम्पसहरूमा आइसिटी शिक्षासम्बन्धी स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रम सञ्चालन गरिएका छन् । विभिन्न विदेशी विश्वविद्यालय तथा शैक्षिक संस्थाले सञ्चालन गरेका मुक ( Massive Open Online Course–MOOC) जस्ता निःशुल्क कोर्षहरूमा ३,००० भन्दा बढि सिकारुहरू व्यक्तिगत रूपमा सहभागी भएको अध्ययनले देखाउँछ।

वर्तमान अवस्थामा करिब १०,००० सामुदायिक विद्यालयमा कम्प्युटरको व्यवस्था छ भने दुई वर्षभित्रमा माध्यमिक तहका सबै विद्यालयमा इन्टरनेट सेवाको विस्तार गरी दुईवर्षसम्मका लागि निःशुल्क इन्टरनेट सेवा विस्तार गर्ने नेपाल दूर सञ्चार प्राधिकरणको कार्यक्रम रहेको छ ।

नियमित प्रणालीका शिक्षण संस्थाहरूमा प्रयोग गरिने आमनेसामने पद्धतिका शिक्षण सिकाइ क्रियाकलापहरू क्रमशः अनलाईन र मिश्रित विधिमा रूपान्तरित हुँदै गएको वर्तमान विश्वपरिवेशमा इ—लाईब्रेरी, भर्चुअल ल्याब, भर्चुअल कक्षाकोठा, अनलाईन परीक्षा, इ—पोर्टफोलियो, आइसिटीसहितको पाठयोजना, विषय विशेषका शिक्षण साधन, पोडकास्ट, वेभ सेमिनार, एडुकास्ट, मेकरस्पेस र शिक्षण सिकाइमा आधारित एप्सहरूको विकास र प्रयोगको महत्त्व बढेको छ ।

शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका तीन ओटा अवस्था अर्थात् चरण हुन्छन्। पहिलो चरणमा साक्षरता को विकास, दोस्रो चरणमा सूचना तथा सञ्चार प्रविधिको कक्षाकोठामा प्रयोग र तेस्रो चरणमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सिकाइ सामग्रीको विकास तथा सिर्जना हो । हाम्रा विद्यालय र विश्वविद्यालयहरूमा पहिलो र दोस्रो चरण सामान्य रूपमा कार्यान्वयन भएको पाइन्छ भने पर्याप्त भौतिक पूर्वाधार र दक्ष जनशक्तिको अभावमा शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विषयका रूपमा भए तापनि विधिका रूपमा स्थापित भएको अवस्था छैन ।

वैज्ञानिक अनुसन्धान र सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्षम र योग्य शिक्षक बनाउन नसक्दासम्म भौगोलिक रूपमा पछाडि परेका विद्यालय तथा क्याम्पसहरूमा यसको पहुँच र प्रयोग सहज रूपमा हुन सक्ने अवस्था देखिँदैन । तसर्थ दक्ष जनशक्तिको विकास गरी वेबसाइट, अनलाईन ट्यूटोरियल, छलफल गर्ने फोरम, सिम्यूलेसन, भर्चूअल इमेजिङ तथा अनलाईन पद्धतिजस्ता नविनतम् पद्धति प्रयोग नगरेसम्म शिक्षण सिकाइमा आमूल परिवर्तन गर्न सकिँदैन । नेपालमा मोबाइल पेनिट्रेसन रेट लगभग १०० प्रतिशत पुगेकाले गर्दा घुम्ती सिकाइसमेतका माध्यमबाट आजीवन सिकाइका रूपमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान तथा सीपको विकास गर्ने अवसर र सम्भावनाका ढोकाहरू प्रसस्त खुलेका छन् ।

## ३. प्रमुख मुद्दा तथा चुनौतीहरू

- कक्षाकोठामा विषय र माध्यमका रूपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरूमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु

- विद्यालय तथा कलेजहरूमा आइसिटी प्रयोगशालाको स्थापना गर्नु
- दक्ष जनशक्तिको विकास गरी सूचना तथा सञ्चार प्रविधिलाई नियमित शिक्षण विधिका रूपमा कक्षाकोठामा प्रयोग गर्नु
- शिक्षक तथा प्रशिक्षकलाई नियमित रूपमा सूचना प्रविधिमा आधारित तालिमको सञ्चालन तथा व्यवस्थापन गर्नु
- शिक्षक तथा प्राध्यापकहरूमा प्रविधिलाई शिक्षण विधिको साधनका रूपमा प्रयोग गर्ने दृढ इच्छा शक्तिको विकास गर्नु
- अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरू सूचना तथा सञ्चार प्रविधिमैत्री बन्नु
- ICT को पूर्वाधार विकास गर्नु

## ४. सुझावहरू

सूचना तथा सञ्चार प्रविधिको विकास तीव्र गतिमा भएकाले विश्व नै एउटा गाउँमा परिणत भइरहेको परिप्रेक्षमा हाम्रो समाजमा त्यसको प्रत्यक्ष प्रभाव पर्ने भएकाले २१ औँ शताब्दीको समाजमा टिक्न र बिक्नसक्ने जनशक्ति विकास गर्नका लागि निम्नानुसारका नीति र रणनीति तय गरी कार्य गर्नु पर्दछ :

### नीति

- शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि राष्ट्रिय शैक्षिक प्रविधि योजना निर्माण गर्ने
- शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग र उपयोगप्रति स्वउत्प्रेरित र जागरुक भई नवीन प्रविधिको खोज र प्रयोग गर्न सक्षम शिक्षण जनशक्ती विकास गर्ने
- वर्तमान अवस्थामा सञ्चालित खुला विद्यालय र खुला विश्वविद्यालयलाई क्रमशः भर्चुअल विद्यालय र भर्चुअल विश्वविद्यालयका रूपमा विकसित गर्ने
- विद्यालय तथा क्याम्पसहरूलाई क्रमशः पेपररहित शिक्षण सिकाइ सामग्रीसहितका पेपररहित सञ्चार गृहका रूपमा विकास गर्ने
- सङ्घीय र प्रदेशस्तरमा अनलाईनमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने र शिक्षालयहरूका शैक्षिक तथ्याङ्कलाई क्लाउड प्रविधिमार्फत् व्यवस्थापन गर्ने
- विद्यालय शिक्षामा कक्षा एकदेखि नै सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमका रूपमा प्रयोग गर्ने
- शिक्षालयहरूमा अनलाईनमा आधारित सामग्रीहरू प्रयोग गर्न सुरक्षित वातावरण तयार गर्ने

### रणनीति

- शैक्षिक संस्थाहरूमा निःशुल्क रूपमा उच्च गतिको इन्टरनेट सेवाको विस्तार गरी विद्यार्थी सङ्ख्याका आधारमा सूचना तथा प्रविधि प्रयोगशालाको विकास गर्ने

- हरेक शिक्षण संस्थामा इन्टरनेटको पहुँच विस्तार गरी विद्यार्थी सङ्ख्याको आधारमा कम्प्युटर, एलसिडी प्रोजेक्टर , टेलिभिजन र डिजिटल ह्वाइट बोर्डसहितको आइसिटी प्रयोगशालाको स्थापना गर्ने
- क्याम्पस प्रमुख, प्रधानाध्यापक र अभिभावकका लागि सूचना तथा सञ्चार प्रविधि साक्षरतासम्बन्धी तालिम, शिक्षकका लागि शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी एक महिनाको तालिम र डिजिटल , अनलाईन तथा वेभमा आधारित शिक्षण सिकाइ सामग्रीको विकास तथा प्रयोग गर्ने जनशक्ति विकास गर्नका लागि पाठ्यक्रम अधिकृत, तालिम प्रशिक्षक र प्राध्यापकका लागि ६ महिनाको तालिम सञ्चालन गर्ने।
- सङ्घीय तथा प्रदेशस्तरमा रहने पाठ्यक्रम विकास केन्द्र तथा शिक्षक तालिम प्रदायक निकायले इ—लाईब्रेरी, भर्चुअल ल्याब, भर्चुअल कक्षाकोठा, अनलाईन परीक्षा, इ—पोर्टफोलियो, आइसिटी सहितको पाठयोजना, विषय विशेषका शिक्षण साधन, पोडकास्ट, वेभ सेमिनार, एडुकास्ट, मेकरस्पेस र शिक्षण सिकाइमा आधारित एप्सहरूको विकास गर्ने
- प्रभावकारी शिक्षण, प्राध्यापन, प्रशिक्षण, अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण पद्धतिको विकास गर्न सङ्घीय तथा प्रदेशस्तरमा (भर्चुअल शिक्षक, प्राध्यापक, प्रशिक्षक, अनुगमनकर्ता, निरीक्षक तथा सुपरीवेक्षकको विकास गर्ने) डिजिटल प्रविधि विकास गर्ने
- सङ्घीय र प्रदेशस्तरमा अनलाईनमा आधारित शैक्षिक रेडयो तथा टेलिभिजन च्यालनको स्थापना गर्ने र यस्ता संस्थाहरूले सूचना तथा सञ्चार प्रविधिसम्बन्धी शैक्षिक कार्यक्रम तथा आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन गर्ने
- सङ्घीय र प्रदेशस्तरमा रहने शिक्षक तालिम प्रदायक निकायले वैज्ञानिक अनुसन्धान तथा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्षम र योग्य शिक्षक तथा प्रशिक्षकको विकासका लागि वेभसाइट, अनलाईन ट्यूटोरियल, छलफल गर्ने फोरम, सिम्यूलेसन, भर्चूअल इमेजिङजस्ता नवीनतम प्रविधियुक्त पेसागत क्षमता विकासका कार्यक्रहरू निरन्तर रूपमा सञ्चालन गर्ने
- सिकारु केन्द्रित शिक्षण सिकाइ प्रभावकारी रूपमा सञ्चालन गर्न Ubiquitous Learning (U-Learning) तथा व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्रीहरू जस्तै ट्याब्लेट, स्मार्ट फोन, मोबाइल आदिको प्रयोगमा जोड दिने
- विश्वविद्यालयहरूले नियमित रूपमा पाठ्यक्रमको अद्यावधिक गरी सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गरेर दक्ष र सिपालु जनशक्तिको विकास गर्ने ।
- शिक्षालयहरूमा इन्टरनेटको प्रयोग गर्दा यसको दूरुपयोग र साइवर बुलिङसमेत हुने भएकाले शिक्षालयमा इन्टरनेटको प्रयोग र साइवर अपराधका बारेमा स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था गर्ने
- सफल शैक्षिक नेतृत्वको विकास र संस्थागत परिवर्तन गरी विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि शिक्षालयहरूमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्ने
- शिक्षालयहरूमा स्मार्ट मोबाइल फोनमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

- प्रत्येक विद्यालयमा क्रमशः इ—पुस्तकालयको स्थापना गर्दै जाने । विद्यालय र सामुदायिक सिकाइ केन्द्रबिच सहकार्य गरी शिक्षण सिकाइ कार्य प्रभावकारी बनाउने
- नीति निर्माण गर्न आवश्यक तथ्याङ्क सङ्कलन, प्रशोधन र परिणामका लागि Real Time माध्यमबाट प्राप्त गर्न सकिने ICT संरचना बनाउने ।
- शिक्षक विद्यार्थी निर्मित डिजिटल शिक्षण सामाग्रीको अनलाइन संग्रहण, प्रशोधन र उपयोग गर्ने ।

परिच्छेद २३

# विज्ञान, प्रविधि, इन्जीनियरिङ्ग, गणित शिक्षा (STEM)

## १. पृष्ठभूमि

STEM भनेको विज्ञान (Science), प्रविधि (Technology), इन्जिनियरिङ (Engineering) र गणित (Math) लाई वास्तविक संसार (real world) को जीवनसँग जोडी उपलब्धिमूलक भविष्यका लागि नयाँ नयाँ सोच अविष्कार गर्न सक्ने शिक्षा पद्धति हो । यसले परम्परागत सोच्ने पद्धतिमा परिवर्तन ल्याई नवप्रवर्तन कार्यप्रति उत्प्रेरित नागरिक तयार गर्दछ। यी चार विधाहरू छुट्टाछुट्टै नभई एक अर्काका परिपूरक हुन् । यिनलाई हरेक विषयको पाठ्यक्रममा राखी उपयोगी बनाइनुपर्छ ।

वर्तमान अवस्थामा हाम्रो देशको विद्यालय तहको पाठ्यक्रममा यी विषयहरू छुट्टाछुट्टै पढाइन्छ । गणितमा गणित मात्र पढाइन्छ भने विज्ञानमा विज्ञान मात्र । यी विषयसँग सम्बन्धित प्रविधि र सीप सिकाउने तथा अभ्यास गराउने कार्य उल्लेखनीय रूपमा भएको पाइँदैन । STEM को सोचअनुसार गणित त सिकाउने हो पढाउने होइन, त्यसको प्रयोग कसरी गर्ने, प्रयोग गर्ने सीप विकास कसरी गर्ने हो भन्ने तर्फ सोच्न लगाउने हो । पढाउनेभन्दा पनि मष्तिस्कलाई तरङ्गित पार्दै वास्तविक संसारसँग जोड्ने पद्धति हो । STEM मा सम्मिलित चार विधाहरूले राज्यलाई आधारभूत पाठ्यक्रमको नीतिबारे मार्गनिर्देश गर्दछ । यो मार्ग उन्नत्, समृद्ध र सुखी समाज निर्माणका लागि महत्त्वपूर्ण हुन्छ । यी चार विधामा निहित पाठलाई जीवनमा उपयोग गर्न सकिने किसिमले तयार पारिनुपर्छ ।

सन् १९८० को दशकमा अमेरिका र पश्चिम युरोपमा विज्ञान तथा प्रविधिमा विद्यार्थीहरूको झुकाव कम हुँदै गएकाले यहाँ परम्परागत पाठ्यक्रमलाई जीवन र जगत्सँग जोड्ने खालको STEM योजना सुरु भएका छन् । उनीहरूले STEM शिक्षा कक्षा एकदेखि उच्च शिक्षासम्म पाठ्यक्रम विकास गरी लागु गरेका छन् । हाल अमेरिका, बेलायत, क्यानडालगायतका पश्चिमी राष्ट्रहरूका साथै जापान, दक्षिण कोरिया, थाइल्यान्ड, चीन, सिङ्गापुर, मलेसियालगायतले STEM लाई अनिवार्य गरेको छ भने भारत ले दुई ओटा राज्यमा लागु गरेको छ । नेपालमा STEM बारेको जानकारी हाम्रा विद्यालय तथा विश्वविद्यालयका शिक्षकहरूलाई समेत नगण्य नै छ।

## २. वर्तमान अवस्था विश्लेषण

अहिले हाम्रो स्कुलको पाठ्यक्रममा STEM का विषयहरू छुट्टाछुट्टै पढाइन्छ । शिक्षकहरूसमेत छुट्टाछुट्टै हुन्छन् । विज्ञान पढाउनेलाई गणित नआउन सक्छ, त्यस्तै प्रविधि पढाउनेसँग सीप नहुन सक्छ । विद्यार्थीहरूले यी विषयहरू शास्त्रीय ढङ्गले पढ्ने गरेका छन् । विद्यार्थीहरू पहिले सम्झिने र त्यसपछि बुझ्ने कोसिस गर्दछन् । सोच्ने र विश्लेषण गर्नेतिर प्रेरित गर्ने शिक्षण सिकाइको अभ्यास हुन सकेको छैन । विभिन्न शिल्पी समुदायले प्रयोग गर्दै आएका कपडा सिलाउने, जुत्ता सिलाउने, काठ तथा धातुका भाँडाकुँडा बनाउने, घरेलु कपडा बनाउने, फलामका हातहतियार बनाउनेलगायतका परम्परागत सीप तथा प्रविधिहरूको परिमार्जन गरी निरन्तरता दिन

सकिएको अवस्था छैन ।हाम्रो देशमा विद्यालयदेखि विश्वविद्यालयसम्मको STEM शिक्षाको अवस्था निम्नानुसार रहेको छ :

**क. कक्षा १ देखि कक्षा १० सम्मका अनिवार्य विषयहरूका पाठ्यक्रममा STEM को अवस्था**

समान्यतया आजको विश्वमा बालकलाई आधारभूत शिक्षामा विज्ञान र यसको व्यावहारिक तथा सुरक्षित प्रयोगको अंश एक तिहाइसम्म हुने गर्दछ । तर नेपालको कक्षा १ देखि कक्षा १० सम्मका अनिवार्य विषयका पाठ्यक्रममा विज्ञान तथा प्रविधिको अंश २१.५% रहेको देखिन्छ भने गणित विषयको अंश १७.३% रहेको देखिन्छ तर गणितमा व्यावहारिक ज्ञान भन्दा पनि सूत्रहरूमा बढी जोड दिइन्छ । त्यसै गरी नेपालको विद्यालय तहको पाठ्यक्रममा STEM विषयहरू ४०% को हाराहारीमा रहेको देखिन्छ। विकासको तीव्र गतिमा अगाडि बढिरहेका राष्ट्रहरूले STEM लाई ७०% सम्म पुऱ्याएको देखिन्छ । STEM ले राष्ट्रिय उपलब्धिका कुराहरू (कला, संस्कृति र भाषा साहित्य) समेत जोड्ने कल्पना गर्दछ। कक्षा १ देखि कक्षा १० सम्मका अनिवार्य विषयहरूको पाठ्यक्रममा राष्ट्रिय गौरवका कुराहरू (इतिहास र गौरव गाथा) को अंश ५.५% रहेको देखिन्छ, जुन आपेक्षाकृत न्यून छ । आधारभूत तहमा विज्ञान र गणित विषयमा न्यून उत्तिर्ण दर भएको परिप्रेक्ष्यमा STEM को अध्ययन अध्यापन गराउने कार्य चुनौतिपुर्ण छ ।

**ख. कक्षा ११ र १२ को विज्ञानको पाठ्यक्रममा STEM को अवस्था**

यस तहको शिक्षामा विज्ञान विषायको पाठ्यक्रम सन्तोषजनक भए तापनि सिकाइ र गराइमा ठुलो अन्तर देखिन्छ ।STEM शिक्षाका अनुसार सिकाइ गराइमा हुनुपर्छ र गराइबाट मौलिक सोचको विकास हुनुपर्छ । अहिलेको पाठ्यक्रममा प्रविधि र सीपको अंश नगण्य छ ।

**ग. प्राविधिक तथा व्यावसायिक तालिमको पाठ्यक्रममा STEM को अवस्था**

प्राविधिक शिक्षातर्फ (कक्षा ९ देखि १२) १२२ ओटा विषयहरूमा कार्यक्रम रहेको देखिन्छ । यी प्राविधिक विषयहरूको पाठ्यक्रममा परम्परागत पद्धति समावेश नहुनु, व्यावसायमुखी कार्यक्रमहरू (जस्तैः रेडियो मर्मत, टेलिफोन कम्प्युटर मर्मत, गाडी, बाइक, मोबाइल, डिजिटल सामग्री मर्मतसम्भार जस्ता विषय) समावेश भएको देखिँदैन । जनशक्ति विकासको पक्ष कमजोर देखिन्छ। साथै सबल प्रशिक्षकको उत्पादन ठुलो चुनौती बनेको छ ।

**घ. स्नातक तहको विज्ञान तथा प्रविधिको पाठ्यक्रममा STEM को अवस्था**

स्नातक तहका प्राविधिक विषयहरूका पाठ्यक्रम उत्कृष्ट र अन्तरराराष्ट्रिय स्तरमा दाँज्न सकिने खालका छन् । तर पनि STEM अवधारणाअनुसार अझै सशक्त बनाउनु जरुरी छ । स्नातक तहको पाठ्यक्रम सैद्धान्तिक रहेकाले त्यहाँ अनुसन्धानको मात्रा न्यून छ । यसमा प्रायोगिक पक्ष अपुग रहेको देखिन्छ ।

**ङ. स्नातकोतर तहको विज्ञान तथा प्रविधिको पाठ्यक्रममा STEM को अवस्था**

यस तहमा पनि पाठ्यक्रम सैद्धान्तिक रहेको र अनुसन्धानको पक्ष न्यून रहेको देखिन्छ । प्राविधिक विषयहरूका पाठ्यक्रम उत्कृष्ट र अन्तर्राष्ट्रिय तहमा दाँज्न सकिने खालका छन् ।

**३. समस्या र चुनौती**

STEM सम्बन्धी ज्ञान र सीपको थालनी घरपरिवारबाट प्रारम्भ गरी समुदाय, विद्यालय तथा विश्वविद्यालय शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितको अंश अपेक्षाकृत न्यून रहेको छ। विद्यालय शिक्षामा चरित्र निर्माणका लागि आवश्यक राष्ट्रियताको भावना बढाउने पाठ्यक्रम न्यून रहेको देखिन्छ। मध्यमस्तरको व्यावसायिक तथा प्राविधिक तहको शिक्षाले आवश्यक जनशक्ति उत्पादन गर्न सकेको देर्दिंदैन । उच्च स्तरको व्यावसायिक तथा प्राविधिक तहको शिक्षा रोजगारमुखी छ । विश्वविद्यालयको विज्ञान तथा प्रविधि शिक्षाको सैद्धान्तिक स्तर राम्रो भए पनि स्वरोजगारीको सम्भावना न्यून देखिन्छ । विश्वविद्यालयको विज्ञान तथा प्रविधि शिक्षामा अनुसन्धानको स्तर कमजोर तथा प्रयोगहीन अवस्थामा छ ।

STEM का विषयवस्तु विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रममा बढाउनुपर्ने देखिन्छ । अन्य विषयक्षेत्रमा समेत STEM सम्बन्धी ज्ञान र सीप विस्तार गर्नु, दक्ष जनशक्तको विकास गर्नु, STEM लाई जीवनउपयोगी र व्यावहारिक बनाउनु,देशविकास र नवप्रवर्तनको क्षेत्रमा कार्य गर्न सक्ने जनशक्तिको विकास गर्नु आजका मुख्य चुनौती हुन् ।त्यसको अलावा विज्ञान तथा गणित विषयका रूपमा शिक्षण गर्न विषयगत शिक्षकको अभाव पनि टड्कारो रूपमा देखिएको छ ।

**४. सुझावहरू**

**नीति**

- STEM क्षेत्रमा राज्यको लगानी वृद्धि गरी उपयोगी विषयवस्तु छनोटका लागि विस्तृत अध्ययन गर्ने
- स्नातक र स्नातकोत्तर तहमा राज्यका लागि आवश्यक क्षेत्र पहिचान गरी STEM मा आधारित पाठ्यक्रम निर्माण गर्ने
- STEM शिक्षाको प्रवर्धन गरी शिक्षण सिकाइमा नवप्रवर्तनका पक्षलाई विशेष जोड दिने
- राज्यको विकास निर्माणका लागि आवश्यक जनशक्ति प्रक्षेपण गरी विद्यालय तथा विश्वविद्यालयहरूबाट क्रमशः मध्यम स्तरको र उच्च स्तरको जनशक्ति विकास गर्ने

**रणनीति**

- कक्षा १ देखि ८ सम्म को STEM विषयहरूका पाठ्यक्रमको मात्रालाई कम्तीमा ५०% सम्म पुऱ्याउने । साथै अन्य (भाषा, साहित्य, कला, संस्कृति, इतिहास, भूगोल आदि) ५०% मा समेत २०% सम्म STEM को अवधारणा एकीकृत गर्ने
- कक्षा १ देखि ८ सम्म विज्ञान र गणित विषयमा विद्यार्थीका रूची बढाउने कार्यक्रम ल्याउने
- विद्यालय स्तरमा विज्ञान र गणितमा पाठ्यक्रम परिमार्जन र शिक्षकको उचित व्यवस्थापन गर्ने
- विद्यार्थीहरुमा आफुले पढ्ने हरेक बिषय र दैनिक घर आँगनमा गरिने कामहरुभित्र विज्ञान, प्रविधि, इन्जीनियरिङ्ग र गणित खोज्ने बानीको बिकास गराउने प्रकृतीका पाठ तथा अभ्यासहरु सबै विषयका पाठ्यक्रमहरुमा सुनिश्चित गर्ने

- कक्षा ९ देखि १२ सम्मको पाठ्यक्रमलाई प्रविधि र सीपमूलक बनाउने
- मौलिक सोच विकास गर्ने खालको उद्देश्य राखी शैक्षिक कार्यक्रम बनाउने
- विद्यार्थीको सिकाइ क्रियाकलापमुखी, सिकाइ सामग्रीमा आधारित र अभ्यासमुखी बनाउने
- विद्यालय तथा क्याम्पसहरूले विज्ञान प्रदर्शनी, परियोजनामा आधारित सिकाइ र विज्ञान प्रविधिसम्बन्धी प्रवर्तनात्मक क्रियाकलापलाई शिक्षण सिकाइको अभिन्न अङ्ग बनाउने
- शिक्षक, प्राध्यापक तथा अभिभावकहरूको STEM शिक्षासम्बन्धी निरन्तर रूपमा क्षमता विकास गर्नका लागि आमनेसामने तथा अनलाईन पद्धतिमा कार्यक्रम सञ्चालन गर्ने
- STEM को प्रवर्धन गर्न समुदाय, सङ्घसंस्था, उद्योग र आमसञ्चारका साधनहरूसँग शिक्षण संस्थाहरूले सहकार्य गरी असल अभ्यासहरूलाई प्रचारप्रसार गर्ने तथा विज्ञान प्रविधिसम्बन्धी साक्षरताका कार्यक्रमहरू सञ्चालन गर्ने
- STEM सम्बन्धी शिक्षाको प्रवर्धन गर्नका लागि सङ्घीय र प्रादेशिक स्तरमा विज्ञान प्रविधि केन्द्र, सङ्ग्रहालय, अनुसन्धान तथा आविष्कार केन्द्र र प्लानिटोरियमको निर्माण गर्ने
- आजीवन सिकाइको माध्यमबाट STEM सम्बन्धी जनचेता अभिवृद्धि गर्ने
- पूर्वीय दर्शन र पाश्चात्य विज्ञानको संयोजन हुने गरी विद्यालय तथा विश्वविद्यलय तहका पाठ्यक्रम तथा पाठ्यवस्तुहरूको विकास गर्ने
- कक्षा १ देखि १२ सम्मका अनिवार्य विषयहरूका पाठ्यक्रममा STEM विषयहरूको वितरण परिमार्जन गर्ने
- उच्च शिक्षाको पाठ्यक्रममा परिमार्जन गरी STEM संग सम्बन्धित विषयवस्तुहरू थप गर्ने
- अन्तरसम्बन्धित विषयहरुमा STEM संग सम्बन्धित विषयवस्तुहरू शिक्षण सिकाई प्रक्रियासंग आवद्ध गर्ने
- शिक्षक तालिम क्षमता विकासका कार्यक्रमहरुमार्फत STEM संग सम्बन्धित विषयवस्तुहरू शिक्षण गर्न शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने

परिच्छेद २४

# निरीक्षण र सुपरिवेक्षण

## १. पृष्ठभूमि

शिक्षा क्षेत्रमा निरीक्षण तथा सुपरिवेक्षण शैक्षिक गुणस्तर र समग्र प्रणालीको प्रभावकारिताका लागि अनिवार्य पक्ष हुन् । यी अवधारणासँग शैक्षिक नियम कानुन तथा व्यवस्थाको नियमन र शिक्षाको प्राविधिक सेवा प्रवाह एकीकृत रूपमा आउँछन् । निरीक्षणलाई नियम र प्रक्रियाको परिपालनासँग सम्बन्धित गराई अभ्यास गरेको पाइन्छ । यसले सामान्य रेखदेख, नियन्त्रण वा औपचारिक नियन्त्रणका विधिमार्फत निर्धारित विधि र प्रक्रियाको पालनाका निमित्त शिक्षाका विभिन्न तह, निकाय वा व्यक्तिलाई उत्तरदायी बनाउँछ । यसले मूलतः प्रशासनिक उत्तरदायित्वसँग सम्बन्ध राख्दछ । सुपरीवेक्षणलाई एक प्रकारको प्राविधिक सेवाका रूपमा लिइन्छ । तसर्थ यसलाई शिक्षणसिकाइसँग सम्बन्धित विषयमा ज्ञान उत्पादन गर्ने, प्रसार गर्ने, अन्य पेसाकर्मीसँग मिलेर यसको कार्यान्वयन गर्ने तथा परीक्षण गर्ने, शिक्षकको पेसागत विकासका निमित्त सहयोग गर्ने र शिक्षण प्रक्रियाको सुधारका निमित्त योगदान गर्नेजस्ता पेसागत दक्षता र मानवीय संवेदनाका पक्षमा गहिरो प्रभाव राख्न सक्ने सेवाका रूपमा लिइन्छ ।

नेपालमा शैक्षिक निरीक्षण र सुपरिवेक्षणका यी दुवै आयाम सँगसँगै प्रयोग भएको देखिन्छ । शैक्षिक गुणस्तर कायम गर्न तथा समग्र शिक्षणसिकाइ प्रभावकारिताका लागि यी दुवै पक्षहरू सँगसँगै जानुपर्ने हुन्छ । नीति-नियम र विधि तथा प्रक्रियाको पालना गराउने सम्बन्धी पक्ष कमजोर भएको स्थितिमा शिक्षा प्रणालीमा प्रभावकारिता आउन सक्दैन भने नयाँ शिक्षण विधि, मूल्याङ्कन पद्धति, विद्यार्थी सहयोगजस्ता पक्षहरूमा निरन्तर खोज गर्ने, सो कुरालाई प्रयोगमा ल्याउन अरू पेसाकर्मीलाई सहयोग गर्ने, सबै शिक्षक र खासगरी नयाँ शिक्षकको विकासका निमित्त शिक्षक पेसागत विकास र सहयोगका कार्यक्रम कार्यान्वयन गर्ने कार्यले झनै महत्त्व राख्छन् । परिपालनाले यथास्थितिको कार्यान्वयनलाई सुदृढ गराउने उद्देश्य राख्छ भने दोस्रो पाटोले सिकाइ र विकासका कार्यक्रममार्फत् समग्र शिक्षणसिकाइका अभ्यासलाई स्तरीय बनाउने उद्देश्यका साथ पेसाकर्मीहरूलाई परिचालित गर्दछ । पहिलो क्रियाकलाप रेखदेख, अनुगमन, मूल्याङ्कन, नियन्त्रण, प्रतिवेदनजस्ता विधिमा आधारित हुन्छ भने दोस्रो क्रियाकलाप आपसी विश्वास र सहयोगमा आधारित हुन्छ । यी दुवै पक्षलाई शैक्षिक सुपरिवेक्षणभित्र समेटी दुवै आयामलाई एकीकृत ढङ्गले प्रभावकारी रूपमा सञ्चालन गर्नु आजको आवश्यकता हो । नेपालको संविधानले निरीक्षण र सुपरिवेक्षणको मुख्य जिम्मेवारी स्थानीय सरकारमा विन्यास गरेको अवस्थामा केन्द्रीकृत स्वरूपमा रहेको पद्धतिलाई सोही बमोजिम निर्धारण गरिनुपर्छ ।

## २. विगत तथा वर्तमान अवस्थाको विश्लेषण

- नेपालमा शैक्षिक सुपरिवेक्षणको प्रारम्भ दरवार स्कुलका पहिला सुपरिवेक्षक मिस्टर रोस नियुक्त भएपश्चात सुरु भएको हो भने वि. सं. २००३ देखि दुई स्थानमा डेपुटी इन्स्पेक्टर

अफ स्कुल (एउटा जनकपुरमा र एउटा पाल्पामा) स्थापना गरेपश्चात् निरीक्षणको प्रारम्भ भएको पाइन्छ । यद्यपि शैक्षिक सुपरिवेक्षणको योजनाबद्ध अभ्यास भने राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) को कार्यान्वयनसँगै सुरु भएको मान्न सकिन्छ । त्यस यता निरीक्षण र सुपरीवेक्षणका क्षेत्रमा विभिन्न अभ्यास र अनुभवहरू हासिल भएका छन् ।

- राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) को कार्यान्वयनका क्रममा प्रशासनिक र प्राविधिक निरीक्षण गर्ने कामका निमित्त प्राविधिक सेवाका रूपमा यसलाई लिइयो र सो अनुसार संयन्त्र र जनशक्तिको व्यवस्था गरी देशैभरका विद्यालयमा यो सेवा पुऱ्याउने व्यवस्था भयो । प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा बेग्लाबेग्लै निरीक्षकको (प्राथमिक विद्यालय निरीक्षक, निम्नमाध्यमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षक) व्यवस्था गरिएको थियो । पछि यसलाई दुई तहमा सीमित गरी प्राथमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षक बनाइयो । उक्त योजनाले शैक्षिक र प्रशासनिक पक्षको मानक तय गर्ने, सोअनुरूप भए नभएको हेर्नका लागि जिल्ला शिक्षा कार्यालयबाट वर्षको कम्तीमा दुईपटक हरेक विद्यालयको निरीक्षण गर्ने र उक्त निरीक्षण प्रतिवेदनका आधारमा मात्र विद्यालयले पाउने अनुदान निर्धारण गर्ने भनेर प्रशासनिक निरीक्षण र उत्तरदायित्वको व्यवस्था गरेको देखिन्छ ।
- वि. सं. २०३७/०३८ मा तत्कालीन माध्यमिक विद्यालय निरीक्षकको संयोजकत्वमा एक जिल्ला एक निरीक्षण क्षेत्रको अवधारणा अघि सारियो ।
- हरेक जिल्लामा विषयगत निरीक्षकको व्यवस्था गर्न व्यावहारिक नहुने भएपछि यस्ता जनशक्तिलाई क्षेत्रस्तरमा राखेर परिचालन गर्ने गरी साधारण र विषयगत निरीक्षकको परिचालन गरियो ।
- सेती परियोजना (२०३९) को मुख्य लक्ष्य "ग्रामीण विकासका निमित्त शिक्षा" भन्ने रहेकाले शिक्षाका सबै सेवा समुदाय केन्द्रित हुने गरी संयोजित गरिएका थिए । यस क्रममा निरीक्षणका निमित्त निश्चित सङ्ख्याका विद्यालयको समूह निर्माण गरी ती मध्ये एउटा विद्यालयलाई केन्द्र बनाएर सोही विद्यालयमा नयाँनयाँ प्रविधि परीक्षण गर्ने र सोहीबाट प्रसार गर्ने रणनीति लिइयो ।
- वि. सं. २०४२ मा प्राथमिक शिक्षा परियोजना लागू भयो । यस परियोजना कार्यान्वयनका क्रममा अधिकृत स्तरको स्रोतव्यक्ति रहने गरी स्रोतकेन्द्रको अवधारणा अघि सारियो ।
- नेपालमा भएको २०४६ को राजनीतिक परिवर्तनपछि वि. सं. २०४७ सालमा गठित राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन—२०४९ मा समेत निरीक्षणका विषयमा ठोस सुझावहरू प्रस्तुत गरिएका थिए । जसमध्ये केन्द्रीय स्तरमा राष्ट्रिय शिक्षा विकास केन्द्र स्थापना गरी निरीक्षकका निमित्त नियमित सेवा प्रवेश तथा सेवाकालीन तालिमको प्रवन्ध गर्ने, क्षेत्रीय शिक्षा निर्देशनालयहरूले प्रधानाध्यापकको तालिम सञ्चालन गरी विद्यालय तहको शैक्षिक निरीक्षक भई काम गर्न सक्षम तुल्याउने, विद्यालयहरूका समूह निर्माण गरी सो समूहमा निरीक्षण गराउने, समन्वय र सहयोग गर्न जिल्लास्तरमा निरीक्षकको व्यवस्था गर्ने, विद्यालय

सञ्चालनको अनुगमन र निरीक्षण गर्न विद्यालय व्यवस्थापन समितिलाई स्पष्ट जिम्मेवारी दिने र क्षमता विकास गर्ने रहेका थिए । यस प्रकार यो प्रतिवेदनले सुपरिवेक्षणको प्रशासनिक र प्राविधिक पक्षलाई समेट्दै क्षमता विकासका संयन्त्र समेत प्रस्ताव गरेको देखिन्छ ।

- ❖ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन कार्यान्वयनका क्रममा निरीक्षण र सुपरीवेक्षणलाई थप महत्त्व दिँदै मुलुकभरिका जिल्लालाई क (३०० भन्दा बढी विद्यालय भएका) र ख (३०० भन्दा कम विद्यालय भएका) वर्गमा विभाजन गरी क वर्गमा ९ देखि १४ जना र ख वर्गमा ४ देखि ८ जना विद्यालय निरीक्षक राखी निरीक्षण र सुपरीवेक्षणलाई गति दिने प्रयास गरियो । यस कार्यमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना २०४९/०५० को महत्त्वपूर्ण भूमिका रह्यो । विद्यालय निरीक्षकसँगै स्रोतव्यक्तिको व्यवस्था र परिचालन समानान्तर रूपमा गरियो । वि. सं. २०२८ सालमा बनेको माध्यमिक विद्यालय निरीक्षक पद तत्पश्चात् विद्यालय निरीक्षकमा रूपान्तरित भयो ।
- ❖ आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले शैक्षिक सुपरीवेक्षणका लागि स्रोतकेन्द्र बनाएर स्रोतव्यक्ति परिचालन गरेको थियो । प्रारम्भमा नयाँ व्यक्तिलाई स्रोतव्यक्ति बनाइए पनि पछिल्ला समयमा शिक्षकहरूमध्येबाटै स्रोतव्यक्ति बनाउने नीति लिइयो । यसलाई आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले पनि निरन्तरता दियो । यो क्रम हालसम्म पनि जारी छ । यी सबै प्रयासले विद्यालयका गतिविधिलाई केन्द्रसम्म जोड्न मद्दत गरे पनि निरीक्षण र सुपरीवेक्षणलाई अपेक्षाकृत रूपमा नतिजामुखी बनाएर अघि बढाउन सकेको पाइँदैन । अपवादबाहेक अधिकांश विद्यालय निरीक्षकले कक्षाकोठामा प्रवेश गरेर सिकाइको अवलोकन गर्ने र पृष्ठपोषण दिने गरेको पाइँदैन। विद्यालय निरीक्षक र स्रोतव्यक्तिका गतिविधि सुपरीवेक्षणमा भन्दा निरीक्षणमा मात्र केन्द्रित हुने गरेको देखिन्छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले स्नातकोत्तर तह उत्तीर्ण गरी १० वर्षको शिक्षण अनुभव हासिल गरेका व्यक्तिलाई मात्र विद्यालय निरीक्षक पदमा नियुक्ति गर्नुपर्छ भन्ने सुझाव दिएको थियो । विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणापत्र २०५८ ले सुपरीवेक्षण एवम् अनुगमन संयन्त्र कमजोर भएकाले सार्वजनिक विद्यालयको गुणस्तर वृद्धि हुन नसकेको औंल्याएको थियो ।
- ❖ वि. सं. २०५० सालभन्दा अघि समग्र शैक्षिक व्यवस्थापनका संयन्त्रहरूलाई निरीक्षण केन्द्रित गराउन जिल्ला शिक्षा कार्यालयलाई जिल्ला शिक्षा निरीक्षकको कार्यालय वा क्षेत्रीय शिक्षा निर्देशनालयलाई क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय भनी नाममा नै निरीक्षणलाई प्रधानता दिने प्रयत्न भए पनि यसबाट काममा अपेक्षित रूपान्तरण भएको अनुभव हुन सकेन ।
- ❖ यस बिचमा आयोगका प्रतिवेनलाई आधार मान्दै प्रधानाध्यापकलाई निकट राखेर सुपरिवेक्षण गर्ने प्रयत्नहरू पनि भए । विद्यालय निरीक्षकले गरेको निरीक्षणलाई प्रमाणित गर्नेदेखि प्रधानाध्यापक स्वयंले पठनपाठनको निरीक्षण गर्ने प्रावधान र विद्यालय व्यवस्थापन समितिले

रेखदेख, व्यवस्थापन गर्ने गरी कानुनी व्यवस्था पनि भयो । यी प्रयासहरू त्यति प्रभावकारी हुन सकेनन् ।

- ❖ वि. सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापनापछि सो मार्फत शैक्षिक जनशक्तिको विकासका कार्यक्रम सञ्चालित हुँदै आएका छन् । यसले विद्यालय निरीक्षक र उपसचिवसमेतलाई व्यवस्थापन तालिम प्रदान गर्ने गरेको छ ।
- ❖ नेपालको उच्च शिक्षा विद्यालय शिक्षाभन्दा बढी आलोचित र सुधार गर्नुपर्ने अवस्थामा छ । विश्वविद्यालय र सम्बन्धनप्राप्त कलेज तथा आङ्गिक क्याम्पसहरूमा नियमित पठनपाठन भए नभएको हेर्ने तथा गुणस्तर सुधार गर्ने गरी कुनै संयन्त्रले काम नगरेका गुनासा सुनिँदै आएका छन् ।

## ३. वर्तमान अवस्थाको विश्लेषण

**विद्यालय निरीक्षकको भूमिका**: शिक्षा ऐन तथा नियमावलीमा विद्यालय निरीक्षकका काम र कर्तव्यमा निरीक्षण, तथ्याङ्क तथा अभिलेख, प्रशासनिक काम, गुणस्तर अभिवृद्धि लगायत अन्य कामहरू तोकिएको छ । निरीक्षणसँग सुपरीवेक्षण जोडिएको छ भने गुणस्तरसम्बन्धी कार्यमा नमुना शिक्षण र पृष्ठपोषण, शिक्षक सहयोग तथा शिक्षक तालिमसम्बन्धी कार्यहरूको उल्लेख गरिएको देखिन्छ तर अन्य कार्यमा जिल्ला शिक्षा अधिकारीले लगाएका कार्य गर्ने भन्ने बुँदाले बढी स्थान पाएको गुनासो सुनिन्छ र उनीहरूका गतिविधि प्रशासनिक कार्यमा ज्यादा केन्द्रीत हुने गरेको पाइन्छ । विद्यालय निरीक्षक पद र विद्यालयको अवस्थालाई तुलना गर्दा देहायको अवस्था देखिन्छ :

| **पद** | **सङ्ख्या** | **विद्यालय सङ्ख्या** | **अनुपात** |
|---|---|---|---|
| विद्यालय निरीक्षक | ४९२ | ३५६०१ | १:७२.३५ |
| स्रोतव्यक्ति | १०५३ | ३५६०१ | १:३३.८० |
| ७५३ तहका लागि प्रस्तावित | शाखा अधिकृत ७८७ जना | | |

स्रोत : फ्ल्यास रिपोर्ट, २०७४; शिक्षा विभाग र शिक्षा मन्त्रालय ।

हाल शिक्षा सेवाका ६१६ राजपत्राङ्कित अधिकृतमध्ये ४९२ जना विद्यालय निरीक्षक छन् ।अहिलेसम्मको अवस्थालाई दृष्टिगत गर्दा एक विद्यालय निरीक्षकका लागि सालाखाला ७३ विद्यालयहरू पर्न गएको देखिन्छ जुन कुरा व्यवहारमा असम्भव छ । त्यस्तै मुलुकभरि १०५३ स्रोतकेन्द्र रहेका थिए । स्रोतकेन्द्र र विद्यालयको अनुपातलाई दृष्टिगत गर्दा एकजनाका लागि सालाखाला ३४ विद्यालय पर्न गएको देखिएको छ । शैक्षिक सहायता र परामर्शका लागि गरिएको यो व्यवस्था विद्यमान अनुपातबाट सम्भव नहुने स्वतःसिद्ध छ । मुलुक सङ्घीय संरचनामा गएपछि अब सालाखाला ७८७ जना शिक्षा अधिकृत हुने अवस्था देखिएको छ । यस हिसाबले हेर्दा अब

विद्यालय निरीक्षक पद नै नरहने देखिएको छ । त्यसकारण सम्बन्धित स्थानीय सरकारले नै निरीक्षण, सुपरीवेक्षण र अनुगमनको संयन्त्र तयार पार्नुपर्ने आवश्यकता छ ।

**प्रधानाध्यापकको भूमिका :** विद्यमान शैक्षिक ऐन तथा नियमावलीले प्रधानाध्यापकलाई शिक्षकको पठनपाठनको रेखदेख र निरीक्षण गर्ने अधिकार दिएको छ । शिक्षा नियमावली २०५९ को नियम ९४ मा प्रधानाध्यापकका काम कर्तव्य र अधिकार उल्लेख छन् । जसमध्ये धेरै अधिकार प्रशासनिक छन् । शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालनसम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्ता कार्यक्रमबमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने अधिकार प्रधानाध्यापकलाई दिइएको छ । कतिपय विद्यालयमा शिक्षक कर्मचारीभन्दा पनि कनिष्ठ र तल्लो पदका प्रधानाध्यापक हुनु, प्रधानाध्यापक स्वयम् विषयवस्तुमा दक्ष नहुनु र राजनीतिक कारणले प्रधानाध्यापक कमजोर हुनु जस्ता कारण प्रमुख देखिएका छन् ।

**विव्यसको भूमिका :** शिक्षा ऐन र नियमावली दुवैमा विद्यालय व्यवस्थापन समितिका काम कर्तव्य तथा अधिकारको उल्लेख गरिएको देखिन्छ । शिक्षा ऐनमा सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितले शिक्षाको गुणस्तर कायम गर्न शिक्षक अभिभावक सङ्घको स्थापना गर्ने कुरा उल्लेख गरिएको छ भने नियमावलीमा विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ । यसबाट विद्यालय व्यवस्थापन समितिलाई पनि निरीक्षण गर्ने अधिकार रहेको देखिन्छ । ऐनले तोकेको शिक्षक अभिभावक सङ्घको गठन शैक्षिक गुणस्तर वृद्धिमा भन्दा पनि औपचारिकता पुऱ्याउने सामाजिक परीक्षणमा मात्र सीमित रहेको देखिन्छ भने विद्यालय व्यवस्थापन समितिले सामान्य निरीक्षणको दायित्व पनि निर्वाह गर्न सकेको देखिँदैन । कतिपय ठाउँमा यस समितिले विद्यालय विकासका लागि उल्लेख्य काम गरेको सुनिए पनि ती निकै सीमित देखिन्छन् । शिक्षक उपस्थिति दर न्यून भएका र सिकाइ क्रियाकलाप कमजोर देखिएका धेरै विद्यालयका विद्यालय व्यवस्थापन समिति पनि अलमल मै रहेका देखिन्छन् । शैक्षिक सुशासन प्रवर्धन विद्यालयको व्यवस्थापन र सिकाइ क्रियाकलाप सुधार गर्ने गरी निरीक्षण तथा अनुगमनकै दायित्व पनि समितिबाट निर्वाह हुन सकेको देखिँदैन । तीव्र राजनीतिकरण र निहित स्वार्थका कारण विद्यालय व्यवस्थापन समितिले दायित्व निर्वाह गर्न नसकेको देखिएको छ ।

**शैक्षिक गुणस्तर परीक्षण :** पछिल्लो समयमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रमार्फत् विद्यालयको समग्र उपलब्धि परिक्षण गर्ने कार्य हुँदै आएका छन् । तर तिनलाई व्यापक बनाई उत्तरदायित्व सिर्जना गर्ने तहमा सञ्चालन गर्न सकिएको छैन । यसले गरेको परीक्षणले नीतिगत तहलाई पृष्ठपोषण दिएको भए पनि परीक्षण भएका विद्यालयले कुनै पृष्ठपोषण पाउँदैनन् । नीतिगत तहबाट कसको कहाँ कमजोरी भयो भनेर सच्याउने र नीति पुनरावलोकन गर्ने वा कार्यान्वयनको परीक्षण गर्ने गरेको देखिँदैन ।

## परिवर्तित संरचनाबाट जन्मिएको अवसर

नेपालको संविधानले आधारभूत र माध्यमिक तहको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकारको सूचिअन्तर्गत अनुसूचि ८ मा समावेश गरेको छ । यसबाट विद्यालयको सञ्चालन, सुपरिवेक्षण र

व्यवस्थापनमा केन्द्र र प्रदेश सरकार, विभिन्न प्राविधिक कार्यका जिम्मा पाएका निकाय, स्थानीय सरकार, विद्यालय व्यवस्थापन समितिसमेतका भूमिका रहेका छन् । स्थानीय सरकारको व्यवस्थापन र कार्यान्वयनबाट समस्याको शीघ्र पहिचान र समाधानका उपाय खुल्ने आशा गरिएको छ ।

नेपाल सरकारले स्वीकृत गरेको नयाँ सङ्गठन संरचनाबमोजिम २५ हजारभन्दा कम जनसङ्ख्या भएका नगरपालिका र सबै गाउँपालिकामा शिक्षा सेवाका शाखा अधिकृतको नेतृत्वमा तथा अन्य सबै नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा उपसचिवको नेतृत्वमा शिक्षा तथा खेलकूद शाखाको संरचना स्थापना गरिएको छ । निरीक्षक र सुपरिवेक्षकक पद उल्लेख गरिएको छैन ।

## ४. समस्या, मुद्दा तथा चुनौती

माथि विश्लेषित विभिन्न अवस्थाले यस क्षेत्रमा देहायअनुसारका मुद्दा र चुनौतीहरू देखिन्छन् :

- विद्यालय तहको शिक्षा संविधानतः स्थानीय सरकारको जिम्मेवारीमा रहेको सन्दर्भमा नयाँ सङ्गठन संरचनामा सुपरीवेक्षण र निरीक्षणको पक्षमा उपयुक्त प्रकृतिको संरचना तयार कसरी गर्ने ?
- सुपरिवेक्षण विद्यालयमा आधारित हुने कि बाहिरी नियन्त्रणमा आधारित हुने ?
- वर्तमान सुपरिवेक्षण प्रणालीलाई नव-प्रवेशी शिक्षकको पेसागत विकासको मार्गमा सहयोग पुऱ्याउने कार्यक्रम दिन सक्ने कसरी बनाउने ?
- शिक्षण सिकाइमा परिवर्तन र सुधार गर्ने काम शिक्षकको बुझाइ र सिकाइप्रतिको दृष्टिकोणमा आधारित हुन्छ । त्यसैले अरूले भनेकै भरमा शिक्षकको शिक्षण अभ्यासमा सुधार आउँछ भनेर विश्वास गर्न निकै कठिन छ । अर्थात्, शिक्षण सिकाइमा परिवर्तन गर्न सोप्रतिको शिक्षकको विश्वासमा समेत परिवर्तन गर्नुपर्ने हुनसक्छ । यसमा शिक्षकको सक्रिय सहभागिता जरुरी छ । त्यसैले वर्तमानमा शिक्षकको पेसागत विकासका निमित्त गरिएको व्यवस्थाले शिक्षकलाई पेसागत उन्नयनमा परिचालित कसरी गर्ने ? उनीहरूमा आत्ममूल्याङ्कन, सिकाइको तयारीमा नवीनताको खोजी गर्ने उत्कट अभिलाषा कसरी जगाउने ? सुपरीवेक्षणलाई आपूर्तीमा आधारित भन्दा मागमा आधारित कसरी बनाउने ?
- शिक्षकहरूलाई स्वनिर्देशित, स्वनियन्त्रित र स्वपरिचालित गर्ने उपयुक्त आचारसंहिता निर्माण र कार्यान्वयन गरी नतिजासँग उनीहरूको वृत्तिविकासलाई कसरी जोड्ने ? शिक्षकलाई बालबालिकाको सिकाइप्रति कसरी उत्तरदायी बनाउने ?
- प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई निरीक्षण तथा सुपरीवेक्षण कार्यमा कसरी परिचालित गर्ने ?
- वर्तमान सुपिरवेक्षण पद्धतिमा प्रापक पक्षको वास्तविक सहभागिताको सुनिश्चतता गरिएको छैन । सुपरिवेक्षणमा विद्यार्थी, अभिभावक र नागरिकको सहभागिता कसरी सुनिश्चत गर्ने ?
- उच्चशिक्षामा प्राज्ञिक मर्यादा र गरिमाको संरक्षण र सम्मान गर्दै पठनपाठनलाई व्यवस्थित तुल्याई बेथिति नियन्त्रण कसरी गर्ने ?

## ५. सुझावहरू

माथि उल्लिखित मुद्दा तथा चुनौतीहरूसमेतलाई मध्येनजर गर्दै निरीक्षण र सुपरीवेक्षणका क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न देहायका सुझावहरू प्रदान गरिन्छ :

### क. नयाँ संरचनामा विद्यालय निरीक्षण र सुपरीवेक्षणको व्यवस्था

- सुपरीवेक्षकलाई प्राविधिक कार्य गर्ने, शिक्षणमा सहयोग गर्ने तथा अनुसन्धान गर्ने जिम्मेवारी निर्धारण गर्नुपर्ने । यस सन्दर्भमा सुपरीवेक्षण सेवाको परिचालन स्थानीय तहबाटै गर्नुपर्ने ।
- सुपरीवेक्षकको मूल्याङ्कनको आधार विद्यालयमा गरिएको सुपरीवेक्षण (रोष्टर परिचालन गरी गरे गराएको कक्षा अवलोकन, नमूना पाठ प्रदर्शन, शिक्षकसँग गरिएका सहशिक्षण तथा सहकार्य, अनुसन्धान र निजले पेश गरेको शैक्षिक सुपरीवेक्षण तथा सुधार योजनाको कार्यान्वयन) र त्यसले ल्याएको सकारात्मक परिवर्तनलाई बनाउनुपर्ने ।
- विद्यालय तहमा निरीक्षण तथा सुपरीवेक्षण पद्धतिलाई व्यवस्थित र सवल बनाउन प्रत्येक स्थानीय तहमा विद्यालय सुपरवेक्षकको पहलमा निवृत्त शिक्षक तथा सुपरीवेक्षक भई काम गरेका निवृत्त शिक्षाकर्मचारीसमेत रहेको विषयविज्ञहरूको समूह बनाई परिचालन गर्नुपर्ने ।
- सुपरीवेक्षकको योजना स्वीकृत गर्ने र निजको मूल्याङ्कन गर्ने र सुपरीवेक्षण प्रतिवेदनको कार्यान्वयन स्थानीय तहको शिक्षा एकाइले गर्ने ।
- सुपरीवेक्षकले वर्षभरि निरीक्षण तथा सुपरीवेक्षण गरी योजनाअनुसार के कति कार्य गरियो त्यसबाट कति सुधार भयो भन्ने प्रमाणमा आधारित वार्षिक प्रतिवेदन स्थानीय सरकारको शिक्षा एकाइमा पेश गर्ने । सुपरीवेक्षकको कार्यसम्पादन मूल्याङ्कनको प्रमुख आधार यसैलाई बनाउने ।
- सुपरिवेक्षकको क्षमता विकासका निमित्त स्व-अध्ययन, वैदेशिक भ्रमण, पेसागत तालिमका अवसरहरूको विस्तार गर्ने । उनीहरूका लागि सङ्घ र प्रदेश स्तरबाट क्षमता विकास तालिम प्रदान गर्नुपर्ने ।

### ख. स्वनियन्त्रित तथा मागमा आधारित सुपरीवेक्षण

- सुपरीवेक्षणलाई विद्यालय शिक्षाकै अभिन्न अङ्ग बनाउने र यसका लागि प्रधानाध्यापक समेत सहभागी हुने ।
- शिक्षकको कार्यसम्पादनसँग सिकाइ उपलब्धि र शैक्षिक क्रियाकलाप जोडी शिक्षकले नै आत्मवोध गर्दै सुपरीवेक्षणका लागि माग गर्ने वातावरण पैदा गर्ने ।
- सुपरीवेक्षणलाई आपूर्तिमा आधारित नबनाएर मागमा आधारित बनाउने । सुपरीवेक्षकलाई प्रशासनिक नभई शैक्षिक सहायकका रूपमा सुपरीवेक्षकीय जिम्मेवारी दिने । प्रशासनिक प्रकारको निगरानी स्थानीय तहको शिक्षा एकाइले र स्थानीय जनप्रतिनिधिसमेतले गर्ने व्यवस्था मिलाउने ।

## ग. नव-प्रवेशी शिक्षक विकास कार्यक्रमका लागि सुपरीवेक्षण सेवा

- नयाँ प्रवेश गर्ने शिक्षकको क्षमता विकासका लागि सामान्य अभिमुखीकरण तालिम मात्र पर्याप्त नहुन सक्छ । नवप्रवेशीका काम हेर्ने, देखिएका समस्या चिन्न सहयोग गर्ने, असल अभ्यास कस्तो हुन्छ प्रदर्शन गर्ने, निरन्तर पथ-प्रदर्शन गर्ने र आत्म-विश्वास जगाउने काम गर्नुपर्ने हुन्छ । यस्तो काम गर्ने व्यक्तिमा शिक्षणका विधि, साधन, उपायबारे गहिरो अध्ययन र अनुभव आवश्यक पर्छ र नयाँ पेसाकर्मीसँग सँगै काम गर्ने उत्साह र जाँगर पनि हुनुपर्छ । सोही पेसामा नियमित काम गर्दै गरेका अनुभवी र दक्ष व्यक्तिको अनुभव र दक्षताबाट नवप्रवेशीले लाभ लिन सजिलो हुन्छ । यसरी सेवाप्रवेशको सुरुका केही वर्षमा एकजना अनुभवी र दक्ष शिक्षकको नजिक बसेर सिक्ने अवसर दिन मेन्टर शिक्षकको व्यवस्था गर्न उपयुक्त देखिन्छ । मेन्टर शिक्षक आफैं सोही पेसामा रहने र सँगै काम गर्दै पेसागत समस्यामा सहकार्य गर्ने अवस्था ल्याउँदा विज्ञता भएका व्यक्तिले थप जिम्मेवारी पाएको महसुस गर्ने, थप उत्प्रेरणा आउने र नयाँ शिक्षकले व्यावहारिक अनुभव पाउन सक्ने देखिन्छ ।
- मेन्टरको जिम्मेवारी लिने शिक्षकको एउटा समूह तयार गर्ने कार्य उत्तिकै महत्त्वपूर्ण देखिन्छ । यसका निमित्त हाल निश्चित तह र विषय शिक्षणको कम्तिमा दश वर्षको अनुभव भएका शिक्षकहरूबाट आवेदन लिई तोकिएका सर्त पुरा गर्नेलाई शिक्षण विज्ञताको प्रमाणपत्रसहित नयाँ जिम्मेवारी दिनुपर्ने । यसका निमित्त सो शिक्षकको क) स्व-मूल्याङ्कन प्रतिवेदन र गरेका महत्त्वपूर्ण उपलब्धिहरूको पोर्टफोलियो, ख) उसका कामबारे सुपरिवेक्षकको प्रतिवेदन, ग) उसले शिक्षण गरेका विषयमा विद्यार्थीको सिकाइ उपलब्धि, र घ) पेसागत ज्ञान र सीप तथा विषयगत ज्ञान र शिक्षणकलाका परीक्षामा प्रदर्शन गरेको क्षमतालाई आधार मान्न सकिन्छ। यसलाई अध्यापन अनुमतिपत्रको काम गर्दै आएको निकाय शिक्षक सेवा आयोगमार्फत व्यवस्थापन गर्नु उपयुक्त हुन्छ । यसप्रकारको प्रमाणपत्र आर्जन गर्ने शिक्षकलाई नयाँ शिक्षकको मेन्टरका साथै पेसागत दक्षता आवश्यक पर्ने अन्य काममा परिचालन गर्नुपर्ने ।
- नवप्रवेशी शिक्षकको सिकाइमा सुधार ल्याउन र सुपरीवेक्षण रोष्टर परिचालन गर्ने । प्रारम्भिक बालविकासका हकमा प्रारम्भिक बालविकासको विज्ञता भएका व्यक्तिलाई आमन्त्रण गरेर पेसागत सहयोग प्रदान गर्ने व्यवस्था मिलाउने ।

## घ. नतिजासँग वृत्तिविकासलाई जोड्ने

- शिक्षकलाई वर्ष—वर्षमा पुरस्कार तथा सम्मान दिने व्यवस्था गर्ने र मूल्याङ्कनको आधार विद्यार्थी सिकाइ उपलब्धि र विद्यालयमा गरिएका शैक्षिक कार्यहरूलाई मान्ने ।
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कनमा विद्यार्थी सिकाइ उपलब्धि, कार्यअनुसन्धान, अतिरिक्त र सहक्रियाकलाप आयोजना र सञ्चालन, विद्यालयको नियमितता, शैक्षिक सामग्रीको सङ्कलन, निर्माण र प्रयोग तथा सिर्जनात्मक कार्यजस्ता सूचक राख्ने । यी कार्यको सीमा तोक्ने र

अन्तमा शिक्षक स्वयम्ले आफ्नो अङ्क दिनसक्ने गरी पारदर्शी बनाउने । कार्यसम्पादन मूल्याङ्कनमा सालाखाला ९५ प्रतिशत सूचकहरू पारदर्शी प्रकारको बनाउने । यस्ता कार्यसम्पादनको आधारमा बढुवा हुने ग्रेड थप हुने तथा अन्य पुरस्कारसमेत पाउने व्यवस्था मिलाउने ।

**ङ. सुपरीवेक्षणमा प्रधानाध्यापकको भूमिका**

- प्रधानाध्यापकलाई तालिम दिँदा सुपरीवेक्षणका विषयमा क्षमता विकास गराउने
- सुपरीवेक्षण, योजना र विविध क्रियाकलापमा व्यस्त हुने भएकाले प्रधानाध्यापकका लागि दैनिक सालाखाला २ देखि ३ कक्षा मात्र लिने प्रावधान राख्ने । आधारभूत तहका प्रधानाध्यापकले कम्तीमा कक्षा ५ भन्दा तल एउटा र ५ भन्दा माथि एउटा कक्षा लिने र माध्यमिक तहका प्रधानाध्यापकले तहगत रूपमा एक एक कक्षा मात्र लिने व्यवस्था मिलाउने
- नवप्रवेशी शिक्षकको सिकाइ क्रियाकलापमा आवश्यकताअनुसार नियमित सुपरीवेक्षण गर्ने
- अन्य शिक्षकहरूको सिकाइ प्रक्रियाका उत्कृष्ट तौरतरिका ग्रहण गर्न र आफूले जानेका विधि र अनुभव साटासाट गर्ने प्रयोजनका लागि सुपरीवेक्षण गर्ने
- रोष्टर समूह र सुपरीवेक्षकसँग सहसुपरीवेक्षण गर्ने
- प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कनमा शिक्षकको सुपरीवेक्षण गरेको र सिकाइ सुधारमा गरेको योगदानसमेतको बुँदा अनिवार्य राख्ने
- वार्षिक रूपमा स्थानीय तहमा प्रधानाध्यापकले बुझाउने शैक्षिक प्रतिवेदनमा सुपरीवेक्षणलाई प्रमुख एजेण्डा बनाउने

**च. विद्यालय व्यवस्थापन समितिको परिचालन**

- विद्यालय व्यवस्थापन समितिबाट सुपरीवेक्षण गर्ने सम्भावना कम हुने हुँदा उनीहरूबाट अनुगमनको व्यवस्था गराउने
- विद्यालय व्यवस्थापन समितिको बैठकमा नै निर्णय गरेर अनुगमनको जिम्मेवारी निर्धारण गर्ने र काम गर्ने
- व्यवस्थापन समितिले प्राज्ञिक परिषद्लाई अनुरोध गरी निरीक्षण र सुपरीवेक्षण गराउन लगाउने

**छ. निरीक्षण सुपरीवेक्षणमा प्रापकहरूको सहभागिता**

- प्रधानाध्यापक र शिक्षकको कार्यसम्पादन मूल्याङ्कन वा परीक्षण गर्दाका आधारमध्ये विद्यार्थी सन्तुष्टिलाई पनि आधार बनाउने ।
- प्रधानाध्यापकको कार्यसम्पादनको मूल्याङ्कन गर्दा विद्यालय व्यवस्थापन समितिको सन्तुष्टिलाई पनि केही हिस्सा छुट्याउने ।
- उच्च शिक्षामा पनि प्रमुख र शिक्षकको कार्यसम्पादन यसै आधारमा गर्ने ।

## ज. अनुसन्धान र परीक्षणको नतिजा सम्बन्धित विद्यालय र तहमा दिने व्यवस्था

- विज्ञहरूबाट कुनै विद्यालय तथा शैक्षिक संस्थाको अनुसन्धान गरिँदा अनुसन्धानबाट निस्कने नतिजा तथा निष्कर्ष सम्बन्धित विद्यालय तथा शैक्षिक संस्थामा अनिवार्य रूपमा दिनुपर्ने व्यवस्था मिलाउने ।
- स्तर निर्धारण परीक्षा सञ्चालन गर्ने निकायले जुन विद्यालयमा सो परीक्षा सञ्चालन गर्छ त्यसै विद्यालयमा अनिवार्य रूपमा नतिजा लिएर छलफल तथा अन्तरक्रिया गर्नुपर्ने ।
- स्तर निर्धारण परीक्षा सञ्चालन गर्ने निकायले सबै ठाउँ र तहमा स्तर निर्धारण परीक्षा सञ्चालन नगर्ने भएकाले विकिसित साधनलाई सबै स्थानीय निकायमा दिएर उनीहरूलाई नै स्तर निर्धारण गर्ने अवसर प्रदान गर्ने ।
- स्तर निर्धारण परीक्षाबाट आएको नतिजाका आधारमा हरेक विद्यालय र सम्बद्ध स्थानीय सरकारले सुधार र विकासका लागि योजनाबद्ध कार्य गर्ने र गर्न लगाउने ।

## झ. शिक्षकको पेसागतविकास कार्यक्रम

- खास विषय सिकाउने शिक्षकहरूको पेसागत सङ्गठन बनाउने, सुदृढीकरण गर्ने र यस्ता विषयगत सङ्गठनमार्फत शिक्षणका कार्यशाला, गोष्ठी, छलफल कार्यक्रम गर्ने र गराउनुपर्ने
- शिक्षकलाई कार्यमुलक अनुसन्धान, अध्ययन, लेखन, प्रस्तुतीकरण लगायत निरन्तर सिकाइ र पेसागत उन्नयनका कार्यक्रममा सहभागी हुन प्रोत्साहन गर्नुपर्ने ।
- हरेक विद्यालयमा शिक्षण सुधारका निमित्त नयाँनयाँ प्रयोग गर्न शिक्षकहरूलाई प्रोत्साहित गर्ने, सुधारका कार्य र तिनको उपलब्धिबारे समग्र शिक्षक समुदायमा प्रचार-प्रसार गर्न सूचना तथा सञ्चार प्रविधि, खासगरी सामाजिक सञ्जाललाई समेत परिचालित गर्ने, शिक्षण सुधारमा लाग्ने शिक्षकहरूको नेटवर्क बनाउन प्रोत्साहित गर्ने, विशेष उपलव्धि दिने सुधारका कार्यको खोजी गर्नेलाई पुरस्कृत गर्नुपर्ने ।

## ञ. उच्च शिक्षा

- विश्वविद्यालय अनुदान आयोगलाई विश्व उच्च शिक्षा आयोगमा रूपान्तरण गर्ने र उक्त संस्थाभित्र एक बलियो अनुगमन सुपरीवेक्षण महाशाखा राख्ने । उक्त महाशाखाले क्याम्पस तथा विश्वविद्यालयको पठनपाठन र शैक्षिक व्यवस्थापनको अनुगमन तथा मूल्याङ्कन गर्ने
- आफ्ना सम्बन्धन प्राप्त र आङ्गिक कलेज तथा क्याम्पसहरूले नियम कानुन पालन गरे नगरेको तथा सर्तबमोजिम काम गरे नगरेको लेखाजोखा तथा अनुगमन सम्बन्धित विश्वविद्यालयले गरे नगरेको अनुगमन गर्ने
- अनुगमन र मूल्याङ्कन गर्दा बेथिति पाइएमा अनुदान रोक्ने लगायतका कार्वाही गर्ने
- उच्च शिक्षा आयोगले प्रत्येक विश्वविद्यालयको कार्यसम्पादन मूल्याङ्कन गरी सो आधारमा अनुदान दिने पद्धति बसाल्ने
- आफूले सम्बन्धन दिएका क्याम्पस र आङ्गिक क्याम्पसमा न्यूनतम पूर्वाधार भए नभएको र शैक्षिक पठनपाठनमा पाठ्यक्रम र शैक्षिक क्यालेण्डरअनुसार भए नभएको सम्बन्धित

विश्वविद्यालयले हेर्ने र नभएमा सम्बन्धन खारेज गर्ने तथा अन्य कार्वाही गर्न सक्ने अधिकार सम्बन्धन दिने विश्वविद्यालयमा निहित हुने गरी ऐनमा उल्लेख गर्ने ।

- विश्वविद्यालयमा अध्यापन गर्ने शिक्षकको पनि विद्यार्थी सिकाइ उपलब्धि र क्याम्पस तथा विश्वविद्यालयको शैक्षिक सूचकका आधारमा मात्र कार्यसम्पादन अङ्क दिने र बढुवा हुने व्यवस्था कायम गर्ने ।

**ट . विविध**

- स्थानीय सरकारका प्रमुख र उपप्रमुखबाट वर्षमा कम्तीमा दुईपटक एउटा विद्यालयको अनुगमन गरी कार्यप्रगति र क्रियाकलापको अनुगमन गर्ने
- सम्बन्धित वडाका वडाध्याक्षले आफ्नो वडाभित्र रहेका विद्यालयको एकमहिनामा कम्तीमा एकपटक अनुगमन गर्ने
- स्थानीय सरकारको शिक्षा एकाइ प्रमुखले वर्षमा कम्तीमा चारपटक एक विद्यालयको अनुगमन गर्ने
- शिक्षाका माथिल्ला निकायहरूले शैक्षिक सत्रको प्रारम्भमा मध्यमा र अन्तमा एकपटक विद्यालयको अनुगमन गर्ने
- विद्यालयको बालविकास केन्द्रको अनुगमन तत्सम्बन्धी विज्ञबाट गराउने व्यवस्था गर्ने

परिच्छेद २५

# अतिरिक्त तथा सहक्रियाकलाप र व्यक्तित्व विकास

## १. पृष्ठभूमि

बालबालिकाहरूको सामाजिकीकरण, चौतर्फी व्यक्तित्व विकास र उनीहरूमा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्न सहयोग गरी सक्षम, आत्मविश्वासी र नैतिकवान् नागरिक तयार गर्नका लागि औपचारिक पाठ्यक्रमको परिपूरकका रूपमा विद्यालय समयमा सञ्चालन गरिने क्रियाकलापहरू नै सहक्रियाकलापहरू हुन् । त्यसै गरी विद्यार्थीहरूको शारीरिक, मानसिक तथा सामाजिक विकासका लागि विद्यालय समय वा बाहिर सञ्चालन गरिने विभिन्न गतिविधिहरू अतिरिक्त क्रियाकलापहरू हुन् । विद्यालयको परम्परागत विषयगत शिक्षण सिकाइले मात्र राष्ट्र, समाज र व्यक्तिका उपर्युक्त अपेक्षाहरू पुरा गर्न नसकिने हुन्छ। विद्यार्थीहरूमा अनुशासन, नैतिकता, निर्धक्कसँग तर्कपूर्ण चिन्तन र अभिव्यक्ति गर्न सक्ने क्षमता, संवेगात्मक व्यवस्थापनका सीपहरू, अन्तरवैयक्तिक सीपहरू तथा अन्य जीवनोपयोगी सीपहरू नै सफल जीवनका आधारहरू हुन् भन्ने तथ्य विभिन्न अध्ययनहरूले उजागर गरेका छन् । विद्यालयहरूले विषयगत सिकाइका अतिरिक्त विद्यार्थीका अन्तरनिहित सिर्जनात्मक र नवप्रवर्तनात्मक सीपहरूको विकास गराउन विभिन्न सहक्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ । यिनले सिकाइलाई मनोरञ्जनपूर्ण एवं व्यावहरिक बनाउँदै विद्यार्थीको व्यक्तित्व निर्माण गरी गुणस्तरीय सिकाइको सुनिश्चितता गर्दछन् । विगत तथा वर्तमानमा सह तथा अतिरिक्त क्रियाकलापहरूलाई फरक फरक अवधारणामा प्रयोग गरिएको र इच्छाधीन रूपमा मात्र प्रयोग गरिएको अवस्था हो । यी दुवै प्रकृतिका क्रियाकलापहरूलाई सहक्रियाकलापहरूका रूपमा अनिवार्य गर्दा उपयुक्त हुने देखिएकाले यहाँ सोही बमोजिम विषयवस्तुलाई सम्बोधन गरिएको छ ।

सहक्रियाकलापहरू एक्काइसौं शताब्दीको ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि अत्यावश्यक शैक्षणिक क्रियाकलापकै मुख्य भाग हुन् । ज्ञानमा आधारित समाज निर्माणका लागि तथ्य प्रमाणहरूको सूक्ष्म विश्लेषण गरी सही निर्णय गर्न सक्ने, संवेगात्मक बौद्धिकता भएका, मनोवैज्ञानिक रूपले स्थिर जनशक्तिहरूको आवश्यकता पर्दछ । सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलापहरू मार्फत विद्यार्थीहरूमा नेतृत्व क्षमताको विकास गराउन, अन्तरनिहित सीप र दक्षताको अभिवृद्धि गर्न, व्यक्तिको व्यक्तित्व निर्माण गर्न, तथा तनाव व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, समय व्यवस्थापन, स्वःव्यवस्थापन लगायतका सीपहरू विकास गराउन सकिने भएकाले ज्ञानमा आधारित समाजको आवश्यकता बमोजिमका प्रतिस्पर्धी एवं दक्ष र कुशल जनशक्ति तयार गर्न सकिने हुन्छ ।

नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-३२) ले सर्वप्रथम अतिरिक्त कार्यकलापहरूलाई विद्यालय कार्यक्रमको अभिन्न अङ्गका रूपमा लिँदै शिक्षक र विद्यार्थीहरूको मूल्याङ्कन गर्ने आधारका रूपमा समेत लिएको थियो । उक्त योजनाले जिल्लाव्यापी, अञ्चलव्यापी र राष्ट्रव्यापी प्रतियोगिता

सञ्चालन गरी पुरस्कार वितरण गर्ने व्यवस्था समेत उल्लेख गर्दै अतिरिक्त कार्यकलापहरू कार्यान्वयनका लागि विस्तृत निर्देशन पुस्तिका तयार गराउने र पिटी, शारीरिक व्यायाम, नेपाल दर्शन, सामाजिक सेवा कार्यक्रम, वृक्षारोपण, फूलबारी निर्माण, हाजिरी जवाफ, लोकगीत, लोकनृत्य, वादविवाद, सरसफाइ, चित्रकला प्रतियोगिताहरू अतिरिक्त क्रियाकलापका रूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको थियो । त्यसै गरी राष्ट्रिय शिक्षा आयोग २०४९ ले पनि अतिरिक्त कार्यकलापलाई शैक्षिक कार्यक्रमको अभिन्न अङ्गका रूपमा लागू गर्ने र अतिरिक्त कार्यकलापद्वारा विद्यार्थीहरूमा अनुशासन, स्वावलम्बन र जिम्मेवारीको भावना जगाउने प्रयास हुनेछ भन्ने उल्लेख गरेको थियो । कक्षा १ देखि ५ सम्म सिर्जनात्मक कला अन्तर्गत  हस्तकला, चित्रकला, नृत्य आदि विषयहरूसमेत पाठ्यक्रमका रूपमा प्रस्ताव गरिएको थियो । तत्पश्चातका शिक्षा सम्बन्धी आयोग  तथा  विभिन्न प्रतिवेदनहरूले तथा ऐन नियमावलीहरूले शिक्षामा सह तथा अतिरिक्त क्रियाकलापहरूको महत्त्वलाई सम्बोधन गरेको पाइन्छ । यद्यपि अतिरिक्त क्रियाकलापहरू विद्यालय, शिक्षक, अभिभावकहरूको प्राथमिकतामा नपरेको तथा यसलाई अतिरिक्त बोझका रूपमा लिइने गरेको अवस्था छ । तसर्थ शिक्षाका सबै सरोकारवालाहरूको बुझाइमा एकरूपता कायम गरी अतिरिक्त र सहक्रियाकलापहरूलाई गुणस्तरीय शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा संस्थागत गर्नुपर्ने आवश्यकता छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

नेपालको वर्तमान कानुनी तथा नीतिगत व्यवस्थाहरूमा सह तथा अतिरिक्त क्रियाकलापहरूसम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ । जसअनुसार विद्यालयहरूले विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको विकासका लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्नुपर्ने, अतिरिक्त क्रियाकलाप कार्यक्रम शिक्षक तथा विद्यार्थी दुवैले भाग लिनुपर्ने, चित्रकला र हस्तकला प्रतियोगिता, वाद्यवादन प्रतियोगिता, नृत्य प्रतियोगिता, नाटक प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, हाजिरीजबाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, खेलकुद प्रतियोगिता, साहित्यिक गतिविधि, कविता र निबन्ध प्रतियोगिता, फूलबारी प्रतियोगिता जस्ता प्रतियोगिताहरूमा विद्यार्थीहरूलाई सहभागी गराउनुपर्ने व्यवस्था गरिएको छ । विद्यालयले शुक्रबारको दैनिक पठन पाठनको कार्य समाप्त भएपछि विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापका कार्यक्रममा सहभागी गराउनुपर्ने जस्ता बाध्यकारी प्रावधानहरूसमेत उल्लेख गरिएको छ । त्यसै गरी विद्यालय पाठ्यक्रमले केही विषयहरूमा परियोजना कार्य, क्षेत्र भ्रमण, प्रयोगात्मक परीक्षा लगायतका सहक्रियाकलापहरूको व्यवस्था गरेको छ । विश्वविद्यालयहरूमा समेत विभिन्न प्रकृतिका खेलकुद कार्यक्रमहरू, वक्तृत्वकला, निबन्ध लेखन, लोकगीत, हाजिरी जवाफ प्रतियोगिता कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको पाइन्छ । शिक्षाका योजनाहरू, पाठ्यक्रम, शिक्षक तालिमहरू र शिक्षकका पेसागत सक्षमताका प्रारूपहरूमा समेत यस्ता क्रियाकलापहरूलाई समेटेको पाइन्छ ।

नीतिगत रूपमा व्यवस्था गरिएको भए तापनि हाल अभ्यासमा रहेका कार्यक्रमहरूले  अतिरिक्त तथा सहक्रियाकलापहरूलाई शिक्षण सिकाइसँग जोडेको पाईंदैन । यस्ता कार्यक्रमहरूले प्रतियोगितामा मात्र बढी जोड गरिएको देखिन्छ, जसले हरेकको सहभागितालाई समान रूपमा प्रतिभाको प्रदर्शन गर्ने सम्भावना कमै देखिन्छ । सहक्रियाकलापहरूलाई प्रतिभा पहिचान र विकाससँग आबद्ध गर्न

सकिएको छैन । प्रायश: विद्यालयहरूमा एकै प्रकृतिका मात्र क्रियाकलापहरू, जस्तै- हाजिरी जवाफ, वादविवाद, खेलकुद प्रतियोगिताहरू मात्र सञ्चालन गर्ने गरेको पाइन्छ । यसमा सृजनात्मकता र विविधतालाई ध्यान दिइएको पाइँदैन भने पहुँच हरेक विद्यार्थीसँग पुगेको पाइँदैन । प्रायः ठुला कक्षाका विद्यार्थीहरूले मात्र बढी अवसर प्राप्त गरेको पाइएको छ । अतिरिक्त तथा सहक्रियाकलापहरू कुनै न कुनै स्वरूपमा हरेक विद्यालयहरूमा सञ्चालन हुने गरेका छन् तर नियमितता र स्तरीयताको अभाव देखिन्छ ।

अतिरिक्त तथा सहक्रियाकलापहरूप्रति अभिभावकहरूको सकारात्मक दृष्टिकोणमा कमी देखिन्छ । अभिभावकहरूमा यस्ता क्रियाकलापबाट विद्यार्थीहरूलाई घाउ चोट हुने, पढाइबाट वञ्चित हुने तथा उनीहरू बिरामी हुन्छन् भन्ने सोच पाइन्छ । विद्यालयहरूको भौतिक वातावरण सुरक्षित नदेखिएका कारणले गर्दा समेत अतिरिक्त क्रियाकलापहरू सुरक्षित नहुने ठानिएको पाइन्छ । विद्यार्थीहरूलाई पर्याप्त पोषण र सफा पानी एवं खेलकुद सामग्रीहरूको अभावका कारण समेत सह र अतिरिक्त क्रियाकलापहरूको प्रभावकारिता र आकर्षणमा कमी आएको देखिन्छ ।

विषयगत शिक्षकहरूको अभाव भइरहेको वर्तमान सन्दर्भमा सहक्रियाकलाप सञ्चालन गर्ने शिक्षकहरूको समेत अभाव रहेको छ । संस्थागत विद्यालयहरूले छुट्टै शिक्षकको नै व्यवस्था गरेको पाइन्छ । यद्यपि सामुदायिक विद्यालयहरूमा शिक्षकको अभावका कारण शिक्षकहरूलाई विषयगत शिक्षणकै बोझ बढी रहेको कारणले अतिरिक्त क्रियाकलापहरूमा ध्यान दिन कठिन समेत भएको देखिन्छ भने शिक्षकहरूमा पनि सहक्रियाकलापहरू सञ्चालन गर्ने दक्षता र सकारात्मक सोचको समेत अभाव देखिन्छ ।

त्यसै गरी अन्य विविध समस्याहरूमा स्थानीय सामुदायिक कार्यहरू, कृषि उत्पादन, वातावरण संरक्षण आदिलाई सहक्रियाकलापहरूसँग आबद्ध गर्न नसक्नु, शिक्षक विद्यार्थी अनुपात धेरै भएका विद्यालयहरूमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न निकै कठिनाइ उत्पन्न हुनु, सम्बन्धित निकायहरूबाट आवश्यक विज्ञ र व्यावसायिक सहयोग अपेक्षित मात्रामा प्राप्त नहुनु, नेपालको वर्तमान शिक्षक तयारी नै विषय केन्द्रित हुनु, शिक्षक, प्र.अ. तथा वि.व्य.स. हरूमा समन्वयको अभाव देखिनु, बढी उमेर भएका शिक्षकहरूमा यससम्बन्धी उत्साह र उत्प्रेरणाको अभाव हुनु, अतिरिक्त क्रियाकलापहरूलाई प्रतिभा पहिचान र विकास प्रक्रियाको अङ्गका रूपमा विकास गर्न नसक्नु रहेका छन् ।

## ३. मुद्दा तथा चुनौती

अतिरिक्त तथा सहक्रियाकलाप सम्बन्धी विभिन्न नितिगत व्यवस्था गरिएको भए तापनि यसको व्यावहारिक कार्यान्वयनमा विभिन्न मुद्दा तथा चुनौतीहरू रहेका छन् ।

- सहक्रियाकलापलाई नैतिकता, इमान्दारिता, राष्ट्रप्रेमको विकास तथा सामाजिक सांस्कृतिक रुपान्तरणको माध्यमका रूपमा प्रयोग गर्नु,
- अतिरिक्त क्रियाकलापहरूलाई नवप्रवर्तनसँग आबद्ध गर्नु,

- अतिरिक्त क्रियाकलापहरूको मापदण्ड निर्धारण र यसलाई पाठ्यभारसँग आबद्ध गर्नु,
- अभिभावक तथा शिक्षकहरूमा अतिरिक्त तथा सहक्रियाकलापको महत्त्वप्रतिको विश्वास जगाउनु,
- सहक्रियाकलाप र स्थानीय ज्ञान तथा सीपको संयोजनबाट गुणस्तरीय सिकाइ हुने प्रणालीको विकास गर्नु,
- हरेक विषयमा सहक्रियाकलापहरू निर्धारण गरी प्रभावकारी ढङ्गबाट प्रयोग गर्नु,
- अतिरिक्त क्रियाकलापहरूलाई औपचारिक मूल्याङ्कन पद्धतिमा आवद्ध गर्नु,
- सहक्रियाकलापहरूलाई प्रतिभा पहिचान विकास गर्ने पद्धतिका रूपमा विकास गर्ने संस्थागत क्षमताको विकास गर्नु।
- सहक्रियाकलापहरूलाई खेलकुद, कृषि, उत्पादनशील, सिर्जनशील, समुदाय र श्रमसँग जोड्ने, चरित्र निर्माण र विवेकशील बनाउने गरी सञ्चालन गर्नु ।

## ४. सुझावहरू

**नीतिहरू**

- अतिरिक्त तथा सहक्रियाकलापलाई शिक्षण सिकाइका तथा व्यक्तित्व विकासको अभिन्न अङ्गका रूपमा मात्र प्रयोग गर्ने ।
- सहक्रियाकलाप सञ्चालन राष्ट्रिय मापदण्ड निर्माण गरी सबै स्थानीय सरकारहरूसँग एकरूपता कायम गर्ने ।
- सहक्रियाकलापहरूलाई पाठ्यक्रमको अङ्गका रूपमा व्यवस्था गर्ने ।
- अतिरिक्त तथा सहक्रियाकलापहरूलाई प्रतिभाको पहिचान कार्यक्रमसँग आबद्ध गरी विद्यालय र विश्वविद्यालयहरूमा संस्थागत क्षमताको विकास गरी प्रतिभाहरूको विकास र उपयोग गर्ने।

**रणनीतिहरू**

- राष्ट्रिय मापदण्ड बमोजिम स्थानीय तहमा अतिरिक्त क्रियाकलाप सञ्चालनको मापदण्ड निर्माण तथा सुपरिवेक्षण गर्ने संयन्त्र निर्माण गर्ने ।
- सहक्रियाकलापहरू सञ्चालनका लागि आवश्यक सामग्रीहरूमा विभिन्न सहुलियतहरू प्रदान गर्ने ।
- सहक्रियाकलापहरूलाई विविधता व्यवस्थापनको रणनीतिका रूपमा संस्थागत गर्ने ।
- सहक्रियाकलापलाई प्रतिभा पहिचानसँग आबद्ध गर्नका लागि विद्यालय, विश्वविद्यालय, स्थानीय, प्रदेश र सङ्घीय तहमा नियमित रूपमा प्रतिभा पहिचानका कार्यक्रमहरू सञ्चालन गर्ने र त्यसरी छानिएका प्रतिभाहरूलाई छात्रवृत्तिसहित रुचिको क्षेत्रमा लाग्न प्रोत्साहनका कार्यक्रमको थप व्यवस्था मिलाउने ।
- विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका तालिम प्रदायक संस्थाहरूबिच तालिमका लागि साझेदारी गर्ने,
- अतिरिक्त क्रियाकलापहरूका लागि विद्यालय र विश्वविद्यालयहरूलाई पर्याप्त मात्रामा भौतिक, मानवीय र आर्थिक स्रोत उपलब्ध गराउने ।

- विद्यार्थीहरूको आवश्यकता, उमेर, विकासात्मक गुणहरू, सामाजिक सांस्कृतिक पृष्ठभूमि समेतको सम्बोधन हुने गरी विद्यालयमा भौतिक पूर्वाधार विकास गरी अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने ।
- विद्यार्थीहरूमा देशभक्तिको भावना जागृत गराउन, सहकार्य स्थापित गर्न, स्वस्थ प्रतिस्पर्धात्मक भावना विकास गराउन, समूहमा मिलेर कार्य गर्न सक्ने बनाउनका लागि सहक्रियाकलापहरूलाई माध्यमका रूपमा विकास गर्ने ।
- सङ्घ, प्रदेश र स्थानीय तहमा सहक्रियाकलाप र व्यक्तित्व विकाससम्बन्धी संरचना राख्ने ।
- हरेक विषयहरूमा परियोजना कार्य, सामाजिक कार्य, वातावरण सरक्षण कार्यक्रमहरू समावेश गरी मूल्याङ्कन समेत गर्ने ।
- शिक्षक तालिमका विषय वस्तुहरूमा सहक्रियाकलापसम्बन्धी पाठ्यांशहरू समावेश गर्ने ।
- विद्यालयहरूले न्यूनतम रूपमा खेलकुद, रेडक्रस, सामाजिक सेवा, नेपाल स्काउट, सेवा दल, सांस्कृतिक कार्यक्रमहरूको आयोजना, सङ्गीत, गणित, ओलम्पियाड, विज्ञान प्रतियोगिता, वादविवाद, निबन्ध लेखन, कविता लेखन कृषि उत्पादन, अध्ययन भ्रमण जस्ता विविध कार्यक्रमहरूलाई अनिवार्य रूपले सञ्चालन गर्नुपर्ने व्यवस्था गर्ने ।
- सांस्कृतिक कार्यक्रमहरू, नृत्य, सङ्गीत जस्ता कार्यक्रमहरू आयोजना गर्दा भड्किला, सामाजिक, सांस्कृतिक विचलन ल्याउने प्रकृतिका शब्दहरू भएका गीत बजाउन नपाउने व्यवस्था गर्ने । त्यसको अनुगमन स्थानीय सरकारले गर्ने व्यवस्था गर्ने ।
- विद्यालयहरूले मासिक र वार्षिक रूपमा सहक्रियाकलापहरूको योजना निर्माण गर्नैपर्ने व्यवस्था गरी यस्ता क्रियाकलापहरूलाई पनि पाठ्यभार छुट्याई औपचारिक मूल्याङ्कन पद्धतिकै अंशका रूपमा व्यवस्था गर्ने ।
- सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा आवश्यक स्थानीय सामग्रीहरूको निर्माण तथा प्रयोगलाई प्राथमिकता दिने ।
- प्राथमिक तहमा सङ्गीत कला, तथा शारीरिक शिक्षा सम्बद्ध शिक्षक दरबन्दी व्यवस्था गर्ने ।
- यससम्बन्धी कार्यमा संलग्न निजी क्षेत्रका सस्थाहरू, कम्पनीहरू, सञ्चार क्षेत्रका संस्थाहरू, प्रतिष्ठानहरू तथा व्यवासायिक सङ्गठनहरूसँग साझेदारी गरी कार्यक्रम सञ्चालन, विज्ञहरूको सहयोग, तथा पहिचान भएका प्रतिभाहरूलाई थप विकासको अवसर सिर्जनामा सहकार्य गर्ने ।
- सबै प्रकारका विद्यार्थीहरूलाई उनीहरूको उमेर, रुचि तथा आवश्यकता बमोजिमका क्रियाकलापहरूमा अनिवार्य सहभागी गराउने ।
- सह तथा अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुद, शारिरिक व्यायाम, योग ध्यान जस्ता विषयहरू समावेश गर्ने ।
- शिक्षक तथा प्रधानाध्यापकहरूको कार्य विवरण तथा शिक्षकको सक्षमता अन्तर्गत सह तथा अतिरिक्त क्रियाकलापका विषयहरू समावेश गर्ने ।
- सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न शिक्षक विकासका कार्यक्रमहरूलाई पनि समानान्तर रूपमा अगाडि बढाउने ।

- हरेक विषयको शिक्षणलाई सह तथा अतिरिक्त क्रियाकलापसङ्ग आवद्ध गराउने ।

### ५ सरकारका निकायहरूको भूमिका

सहक्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि तीनै तहका सरकार तथा शैक्षिक संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

**सङ्घीय सरकार**: राष्ट्रिय मापदण्ड निर्माण गरिदिने, पाठ्यक्रम प्रारूपमा समावेश गरी मूल्याङ्कनका आधारहरू निर्माण गर्ने, आवश्यक स्रोत विनियोजन गर्ने, विभिन्न सरकारहरू र संस्थाहरूसँग साझेदारी, समन्वय र सहकार्य गर्ने, राष्ट्रिय रूपमा प्रतिभा पहिचान र प्रतिभाहरूलाई मिल्दो क्षेत्रमा थप अध्ययन, अनुसन्धान गर्ने अवसर सिर्जना गर्ने लगायतका कार्यहरू गर्नुपर्ने देखिन्छ ।

**प्रादेशिक सरकारहरू**: प्रदेशस्तरीय मापदण्ड निर्माण गरिदिने, प्रादेशिक तहमा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी प्रतिभाहरूलाई मिल्दो क्षेत्रमा थप अध्ययन, अनुसन्धान गर्ने अवसरहरू सिर्जना गर्ने, लगायतका कार्यहरू गर्नुपर्ने देखिन्छ ।

**स्थानीय सरकारहरू**: राष्ट्रिय र प्रादेशिक मापदण्डका आधारमा सहक्रियाकलापहरू सम्बन्धी समितिहरू निर्माण गरी नियमित रूपमा गाउँ वा नगरपालिका स्तरीय विधागत प्रतिभा पहिचान र विकास गर्ने तथा सुपरिवेक्षण गरी आवश्यक सहयोग पुर्याउने । विद्यालयहरूलाई सहक्रियाकलापहरू सञ्चालनका लागि अनुदान उपलब्ध गराउने ।

**विद्यालयहरू**: हरेक विषयहरूमा अनिवार्य रूपमा सहक्रियाहलापहरू सञ्चालन गर्ने, हरेक शुक्रवार अनिवार्य रूपमा खेलकुद, रेडक्रस, सामाजिक सेवा, नेपाल स्काउट, सांस्कृतिक कार्यक्रमहरूको आयोजना, सङ्गीत, गणित, ओलाम्पियाड, विज्ञान प्रतियोगिता, वादविवाद, निबन्ध लेखन, कविता लेखन कृषि उत्पादन, अध्ययन भ्रमण जस्ता विविध प्रकृतिका क्रियाकलापहरू अनिवार्य रूपमा सञ्चालन गर्नुपर्ने र प्रतिभाहरूलाई पुरस्कारको व्यवस्था गर्दै स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरका प्रतिस्पर्धाका लागि सहयोग गर्ने ।

**विश्वविद्यालयहरू**: नियमित रूपमा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी विभिन्न प्रतिस्पर्धाका लागि सहयोग गर्ने । शिक्षणलाई अनुसन्धानसँग जोड्ने, परियोजना अध्ययन विधि, घटना अध्ययन बिधिहरूमा बढी जोड दिने । अनुसन्धान केन्द्रहरूको सबलीकरण गरी प्रतिभाहरूलाई थप अनुसन्धानको वातावरण सिर्जना गरिदिने । गणित, विज्ञान र इञ्जिनियरिङ्ग प्रतियोगिताहरू आयोजना गराउने, विदेशी विश्वविद्यालयहरू र अनुसन्धानहरूमा प्रतिभाहरूलाई अवसर सिर्जना गरिदिने कार्यहरू सञ्चालन गर्ने ।

परिच्छेद २६

# अनुगमन तथा मूल्याङ्कन

## १. पृष्ठभूमि

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेका व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो ।अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट सेवा प्रवाहप्रतिको उत्तरदायित्व र जवाफदेहिता कायम गर्ने, विकास कार्यमा गरिएका लगानी तथा प्रतिफल सुनिश्चित गर्दै नतिजाहरूले जनमानसमा पार्ने प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरूको मापन तथा लेखाजोखा गर्ने र विगतका अनुभवहरूबाट पृष्ठपोषण प्राप्त गरी भावी नीति तथा कार्यक्रमहरूलाई थप प्रभावकारी र नतिजामुखी बनाउने उद्देश्य रहेको हुन्छ ।कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू हालको समयमा के—कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के—कस्ता उपलव्धि एवम् प्रभावहरू हासिल भएका छन् भन्ने कुराको आन्तरिक र बाह्यमूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो ।शैक्षिक योजना, नीति, कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा भएका सबल तथा दुर्बल पक्षहरूबाट पाठ सिकी भावी योजना, नीति, कार्यक्रम तथा आयोजनाहरू तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सुधार गर्नु तथा सम्बन्धित निकाय, पदाधिकारीलाई त्यस्ता योजना, नीति, कार्यक्रम, आयोजनाहरूको कार्यान्वयन र नतिजाप्रति जवाफदेही बनाउनु शैक्षिक अनुगमन तथा मूल्याङ्कनको उद्देश्य हो ।

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरुआतसँगै विकास कार्यक्रम,आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीको थालनी भए तापनि पाँचौं योजना आ.व.२०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्ने व्यवस्थाको सुरुआत भयो । यस क्रममा अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य राष्ट्रिय योजना आयोगले मात्र नगरी मन्त्रालय अन्तरगतका निकायले पनि गर्ने परिपाटीको थालनी भयो ।सातौं योजनादेखि क्षेत्रगत कार्यसम्पादन सूचकहरू निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन गर्ने क्रम सुरु भयो । आठौं योजना देखि अनुगमन तथा मूल्याङ्कनलाई एउटा पद्धतिको रूपमा सुदृढ गर्ने कार्यको सुरुवात भयो । अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था, उच्च राजनीतिक तहको प्रतिबद्धता र प्रतिफल/उपलब्धि मूल्याङ्कनको व्यवस्थासहितको नयाँ अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरियो । केन्द्रदेखि आयोजनास्तरसम्म प्रभावकारी र सक्षम अनुगमन तथा मूल्याङ्कन पद्धतिको व्यवस्था गर्ने उद्देश्यले यो प्रणाली अपनाइएको थियो ।

मन्त्रिपरिषद्को मिति २०४९/४/८ को निर्णयानुसार हाल विद्यमान अनुगमन तथा मूल्याङ्कनसम्बन्धी संस्थागत व्यवस्थाहरू राष्ट्रियस्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरमा मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तर विकास समस्या समाधान लागु गरिएका हुन् ।

दशौं योजनादेखि गरिबी अनुगमन र विश्लेषण व्यवस्था को सुरुवात भयो । महालेखा नियन्त्रक कार्यालयबाट सार्वजनिक सेवाहरूको प्रवाह स्थितिको विश्लेषण गरी जनस्तरसम्म पुग्दा लाग्ने समयको अनुगमन गर्न सार्वजनिक खर्च अनुगमन प्रणालीको थालनी गरियो । यस अवधिमा राष्ट्रिय योजना आयोगले विभिन्न कार्यक्रम/आयोजनाहरूको प्रभाव मूल्याङ्कन गराई विकास योजना, नीति, कार्यक्रम तथा आयोजनहरूमा पृष्ठपोषण गर्ने परिपाटीको विकास गऱ्यो । कार्यक्रम/आयोजनाहरूको तर्जुमा एवम् कार्यान्वयन प्रक्रियामा सुधार ल्याउन र विकास कार्यक्रमहरू प्रभावकारी बनाउन आवधिक योजनाको निर्दिष्ट लक्ष्य हासिल गर्न प्रत्यक्ष योगदान पुऱ्याउन कार्यक्रम/आयोजनामा बजेटको अभाव हुन नदिन विकास कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्ने मध्यमकालीन खर्च संरचनाको प्रावधान कार्यान्वयन सुरु गरियो ।

शिक्षामा अनुगमन भन्ने शब्दावली भन्दा निरीक्षण, सुपरिवेक्षण शब्दावलीको प्रयोग भएको पाइन्छ । शैक्षिक अनुगमनको इतिहासमा वि.सं १९१५ को शिक्षा डाइरेक्टरको अफिस स्थापना, १९७६ को डाइरेक्टर अफ पब्लिक इन्ष्ट्रक्सन अफिसको स्थापना र पाठशाला बन्दोवस्ती इन्स्पेक्टरी अड्डाको स्थापना, १८९८ मा स्कुल इन्स्पेक्टर अफिसको स्थापना महत्त्वपूर्ण प्रयास हुन् । राष्ट्रिय शिक्षा पद्धति योजना अवधिमा भने शिक्षा मन्त्रालयमा मूल्याङ्कन शाखा मात्र रहेको थियो । वि.सं २०४९ पछि मात्रै मन्त्रालयमा अनुगमन शाखा स्थापना भएको हो ।वि.सं.२०५६ मा शिक्षा विभागको स्थापनासँगै अनुगमन तथा मूल्याङ्कन शाखाको स्थापना स्थापना भएको देखिन्छ । वि.सं. २०६३ मा मन्त्रालयमा निरीक्षणालयको स्थापना भएको र त्यसलाई अनुगमन महाशाखाको रूपमा स्थापना गरी हाल योजना तथा अनुगमन महाशाखा रहेको छ । केन्द्रीयनिकाय र प्रदेश तहका निकायमा अनुगमन शाखा र जिम्मेवारी प्रदान गरी शैक्षिक नीति, योजना र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको प्रयास भएको छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गत निकाय हुँदै विद्यालय तहसम्म तीनै तहका १४ वटा निकायहरूबाट शैक्षिक नीति, योजना तथा कार्यक्रमहरू कार्यान्वयन भइरहेको छ । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय, व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा तथा मूल्याङ्कनबाट ऐन नियमअनुसार कार्य भएनभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीतिगत तथा नीतिगत प्रभावको मूल्याङ्कन गर्ने कार्यका लागि अनुगमन र मूल्याङ्कनका लागि नीति, संगठन, कार्यविधि तथा कार्यक्रम रहेका छन्

। अनुगमन तथा मूल्याङ्कनका कार्यहरू कार्यसम्पादन सूचकहरू तथा अनुगमन सूचकमा आधारित हुने व्यवस्था छ । हाल शिक्षाका नीति योजना तथा कार्यक्रमका स्रोतका रूपमा रहेका सहस्राब्दी विकास लक्ष्य, चौधौं योजना तथा विद्यालय क्षेत्र विकास योजनाका लक्ष्य मापनका लागि सूचक विकास भएका छन् र सोही सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धति रहेको छ । अनुगमनबाट प्राप्त नतिजाका आधारमा पछिल्लो योजना तयारी तथा लक्ष्य निर्धारण गरिने परिपाटी छ । केन्द्र तहमा शिक्षा मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुगमन र मूल्याङ्कनका कार्यको समन्वय र सञ्चालन गर्नेछन् । प्रदेश तहमा मन्त्रालय र शिक्षा विकास निर्देशनालय तथा जिल्ला र स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाई, स्रोतकेन्द्र, विद्यालयहरू र स्थानीय सरकार अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार रहेकाछन् । कर्मचारी तथा शिक्षक क्षमता विकासका कार्यक्रम सञ्चालन तथा अनुगमन तथा मूल्याङ्कनमा तालिम प्रदायक निकायहरू जिम्मेवार रहेका छन् । राष्ट्रिय योजना आयोग तथा महालेखा परीक्षकको कार्यालयमार्फत शैक्षिक प्रभाव तथा नियमितता र औचित्यता मापनका आधार तय भएका छन् । अनुगमन मूल्याङ्कन समग्र आयोग, आयोगका पदाधिकारीहरू र सचिवालयका सबै महाशाखाको साझा जिम्मेवारी अन्तर्गत पर्ने भएकाले सबै महाशाखाहरूले अनुगमन तथा मूल्याङ्कनमा संलग्न रहनु पर्ने भनी राष्ट्रिय योजना आयोगले अनुगमन तथा मूल्याङ्कन योजना वनाउँदा लिइने आधारमा उल्लेख गरेको छ। शैक्षिक कार्यक्रम कार्यान्वयनको आधार कार्यक्रम कार्यान्वयन पुस्तिका हो । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित प्रक्रिया, कार्यविधि तथा नतिजाका आधारमा कार्यक्रम मूल्याङ्कन गर्ने व्यवस्था छ । नीति योजना तथा कार्यक्रमको सञ्चालन अवस्था तथा प्रगतिको मासिक चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयारी र संप्रेषण गरी सो को आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ ।

अनुगमन तथा मूल्याङ्कनका प्रमुख रणनीतिक कार्यकलापअन्तर्गत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने, क्षमता विकास गर्ने र अनुसन्धान र विकासमा साझेदारी र ग्राहक सन्तुष्टिसम्बन्धी सूचनालाई आधार मान्नुपर्ने कुरा विद्यालय क्षेत्र सुधार योजनामा उल्लेख भएको थियो । अनुगमन प्रक्रियाका लागि, खास गरी केन्द्र, प्रदेश तथा जिल्ला तहमा उन्नत व्यवस्थापन सूचनाको आवश्यकता पर्छ । यो कार्य राम्रो शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत मात्र सम्भव हुन्छ । अनुगमन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताले पारदर्शिता तथा जवाफदेहितामा सुधार आउने अपेक्षा गरिन्छ र सूचना सञ्चार प्रविधिको उपयोगले तथ्याङ्क प्राप्त गर्ने समय र यसको गुणस्तरमा वृद्धि गर्छ ।अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचनाले तथ्यमा आधारित योजना निर्माण र नतिजामुखी व्यवस्थापनका सिद्धान्तहरूलाई सहयोग गर्दछ । विभिन्न नीति, योजना तथा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूमा उल्लेख भएका सूचक र लक्षित नतिजामा आधारित नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिले वास्तविक प्रगति पत्ता लगाउन र सो को आधारमा समग्र प्रणालीमा सुधार गर्न सघाउ पुऱ्याउँछ ।

नीति तथा रणनीतिहरूको सान्दर्भिकताको नियमित मूल्याङ्कन हुनका लागि मन्त्रालयको क्षमता विकास आवश्यक छ । योजनाको प्रथम वर्षको अवधिमा शिक्षा मन्त्रालयले अनुगमन मूल्याङ्कनको योजना कार्यान्वयनको खाकाका आधारमा तयार गर्नेछ ।अनुसन्धान, प्रवर्तन, परीक्षण तथा मूल्याङ्कनका कार्यहरू सञ्चालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको साझेदारी उपलब्धिमूलक हुन्छ । यस्ता साझेदारहरूले विशेष अध्ययनहरू गरी नीति तथा कार्यान्वयन तहका लागि ज्ञान र जानकारीमूलक सूचनाहरू उपलब्ध गर्दछन् । सम्बन्धित सेवा प्रदायक निकायहरूको कार्यसम्पादन स्तर र लागत प्रभावकारिता बढाउनका लागि शिक्षा मन्त्रालयले शैक्षिक गुणस्तर परीक्षण केन्द्रमार्फत् आवश्यक तथ्याङ्क र सूचनाका लागि सम्पूर्ण सरोकारवालाहरूसँग सल्लाह गर्नेछ । ग्राहकहरूको सन्तुष्टि बारेका सूचनाले ग्राहकहरूले शैक्षिक कार्यक्रमहरूलाई कसरी हेर्छन् र मन्त्रालयले प्रदान गर्ने सेवा कस्तो छ भन्ने बारे समझदारीको विकासमा योगदान गर्दछ ।
मन्त्रालय देखि केन्द्रीयनिकायका साथै प्रदेश जिल्ला र स्थानीय तहसमेतमा अनुगमन तथा मूल्याङ्कनका लागि संगठन जनशक्ति व्यवस्था र स्रोत व्यवस्था गरेको छ । कार्यक्रम तथा आयोजनाहरूको समग्र प्रगति र समस्याको विवरण मन्त्रालयमा प्राप्त भए पश्चात् मन्त्रालयस्तरीय विकास समस्या समाधान उपसमिति र समितिमा प्रस्तुत गरी समीक्षा तथा समस्याहरूको समाधान गर्नुपर्दछ र उक्त समितिबाट समाधान हुन नसकेका विषय मूलतः समष्टिगत, नीतिगत वा अन्तरमन्त्रालयगत प्रकृतिका समस्या भए सो समाधान गर्न राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्नका लागि राष्ट्रिय योजना आयोगमा पठाउनु पर्ने व्यवस्था समेत छ ।समग्र राष्ट्रिय रूपमा भएका प्रगतिको अनुगमन तथा मूल्याङ्कनका लागि मन्त्रालयगत प्रगतिको प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले अनलाईन मार्फत केन्द्रीय अनुगमन प्रणालीको उपयोग गरी नतिजा हेर्ने र सुधारका लागि सुझाव र नियन्त्रण गर्ने परिपाटी सुरु भएको छ । जिम्मेवार निकायबाट भए गरेका कार्यहरूको निष्पक्षता, विश्वसनीयता र प्रभाव अभिवृद्धिका लागि थप सुझावका लागि तेश्रो पक्षबाट अनुगमन तथा मूल्याङ्कन गराउने परिपाटीसमेत रहेकोमा तेश्रो पक्ष छनोट र कार्यपद्धति नियमित र व्यवस्थित वनाउनु पर्ने देखिन्छ । शैक्षिक गुणस्तर परिक्षण केन्द्रले शैक्षिक संस्थाको कार्यसम्पादन परीक्षण गर्दछ, विद्यार्थीहरूको राष्ट्रिय उपलब्धिको परीक्षण गर्दछ र शैक्षिक गुणस्तरको सम्बन्धमा अनुसन्धान गर्दछ ।
हाल कार्यान्वयनमा रहेको चौधौं योजनाले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा एकीकृत गर्ने विद्यालयहरूमा हुनुपर्ने न्यूनतम सुविधाहरूको सूची निर्धारण गरेर गुणस्तरको मानक तयार गरी लागु गर्ने र विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागु गर्ने कुरा उल्लेख गरेको छ ।

उल्लेखित कार्य लक्ष अनुरूप र प्रभावकारी रूपमा सम्पादन गर्नका लागि आवश्यक सूचना समयमै उपलब्ध गराउन सक्ने गरी सबै तहमा नतिजामूलक अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्न सकिएको छैन । पर्याप्त र स्पष्ट नीतिगत र कानुनी आधार तय गर्न सकिएको छैन । मूल्याङ्कनलाई स्वतन्त्र र स्तरीय वनाउन सकिएको छैन । निर्णय प्रक्रियामा मूल्याङ्कनका नतिजालाई प्रयोग गर्ने संस्कृतिको विकास गर्न सकिएको छैन । अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा संलग्न निकाय तथा जनशक्तिको क्षमता विकासका लागि उपयुक्त योजना, कार्यक्रम र स्रोत व्यवस्था मिलाउन सकिएको

छैन।हरेक निकाय तथा पदाधिकारीहरूका जिम्मेवारी पूरा गरे नगरेको दोश्रो वा तेश्रो पक्षले अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी भएतापनि स्वमूल्याङ्कन गरी आवश्यक सुधार एवं कार्यान्वयनमा फरकपना ल्याउने कार्य अपनाउन सके वास्तविक अवस्था वोध गरी थप सुधारको अपेक्षा गर्न सकिन्छ ।

## ३. चुनौतीहरू

१ संघीय, प्रादेशिक तथा स्थानीय तहमा योजना प्रक्रिया तथा अन्तरसम्बन्धित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्नु ।

२ दिगो विकासका लक्ष लगायतका असर तथा प्रभाव तहका सूचकहरूको खण्डीकृत एवं सर्वेक्षणमा आधारित सूचना सिर्जना गर्नु ।

३ विभिन्न तह तथा निकायमा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास गर्नु र दक्ष जनशक्तिकलाई यस कार्यमा आकर्षित गरिराखु ।

४ नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास र कार्यान्वयन गर्नु ।

५ सूचना व्यवस्थापन प्रणालीको विकास र नियमित एवं विश्वसनीय उपयोग गर्नु ।

६ अनुगमन तथा मूल्याङ्कनलाई नियमित वनाउनु ।

७ अनुगमन तथा मूल्याङ्कनका आधारमा संस्था र जिम्मेवार पदाधिकारीहरूको मूल्याङ्कन र स्तरीकरणको मापदण्ड विकास गर्नु ।

८ अनुगमन तथा मूल्याङ्कनमा सरोकारवालाहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु ।

९ निष्पक्ष अनुगमन र मूल्याङ्कनमा तेश्रो पक्षको सहभागिता विश्वसनीय र सुनिश्चित गर्नु ।

१० अन्तरसम्वन्धित नीति,योजना,कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूवीच समन्वयात्मक कार्यपद्धतिको विकास गर्नु ।

११ प्रभाव मूल्यांकन तथा ग्राहक सन्तुष्टि सर्भेजस्ता अध्ययन तथा मूल्याङ्कनका साधनको उपयोग गर्नु ।

१२ अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा शैक्षिक सेवाग्राहीहरूमा सचेतना अभिवृद्धि गर्नु ।

## ४. सुझावहरू

### नीतिगत व्यवस्था

१ संघीय प्रादेशिक तथा स्थानीय तहका सबै संस्थागत संयन्त्रहरूलाई अनुगमन तथा मूल्याङ्कनमा जिम्मेवार बनाउने ।

२ सबै तहका विद्यार्थी, शिक्षक, कर्मचारी, संरचना, नीति, रणनीति तथा नेतृत्वशैलीको स्वचालित जानाकारी पाउने गरी संघीय, प्रादेशिक तथा स्थानीय तहमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउने ।

३ नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिको अवलम्वन गर्ने ।

४ अनुगमन तथा मूल्याङ्कनलाई पारदर्शी र उत्तरदायी बनाउने ।

५ अनुगमन तथा मूल्याङ्कनलाई तथ्यमा आधारित र विश्वसनीय बनाउने ।

६ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाको उपयोग बढाउने ।

७ अनुगमन तथा मूल्याङ्कनलाई दक्षतामूलक र समन्वयात्मक ढङ्गबाट प्रभावकारी बनाउने ।

**रणनीतिहरु**

१ संघीय प्रादेशिक तथा स्थानीय तहका सबै संस्थागत संयन्त्रहरूलाई नीति,योजना,कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका लागि स्पष्ट जिम्मेवारी र दायित्व किटान गर्ने ।

२ अनुगमन तथा मूल्याङ्कनलाई कुनैपनि योजना कार्यक्रमको अभिन्न अङ्गको रूपमा समावेश गर्ने ।

३ अनुगमन तथा मूल्याङ्कनका लागि स्पष्ट मापदण्ड र आधार तयार गर्ने ।

४ नीति योजना कार्यक्रमहरूको लक्षित नतिजा प्राप्तिका लागि सूचक तयार गरी नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धति अपनाउने ।

५ शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउने ।

६ सूचना व्यवस्थापन प्रणालीको विकास गरी उपयोग गर्ने ।

७ शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई नियमित बनाउने ।

८ स्पष्ट मूल्याङ्कनका लागि वर्गीकृत सूचक र सूचनामा आधारित अनुगमन मूल्याङ्कन पद्धति अवलम्वन गर्ने ।

९ अनुगमन तथा मूल्याङ्कनलाई पारदर्शी र उत्तरदायी बनाउने ।

१० अनुगमन तथा मूल्याङ्कनमा संलग्न निकाय र पदाधिकारीहरूलाई जिम्मेवारपूर्ण र उत्तरदायी बनाउने ।

११ अनुगमन तथा मूल्याङ्कनका नतिजा पारदर्शी बनाउने। सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतीको अवलम्वन गर्ने ।

१२ समग्र अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय योजना आयोगमा र मन्त्रालयगत अनुगमन तथा मूल्याङ्कनका लागि मन्त्रालयमा रहेको अनुगमन तथा मूल्याङ्कन महाशाखालाई पूर्ण जिम्मेवार र जवाफदेही बनाउने ।

१३ अनुगमन तथा मूल्याङ्कनलाई तथ्यमा आधारित र विश्वसनीय बनाउने ।

१४ अनुगमन तथा मूल्याङ्कनलाई अनुसन्धानमा आधारित बनाउने तथा अनुसन्धानका प्राप्तिहरूलाई अनुगमन तथा मूल्याङ्कनको आधार बनाउने ।

१५ अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष र विश्वसनीय बनाउन तेश्रो पक्षको सहभागिता अनिवार्य बनाउने ।

१६ प्रभाव मूल्याङ्कनको आधार तय गर्ने ।

१७ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाको उपयोग बढाउने ।

१८ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजालाई योजना तर्जुमा तथा निर्णय प्रक्रिमा उपयोग बढाउने ।

१९ अनुगमन तथा मूल्याङ्कनलाई दक्षतामूलक र समन्वयात्मक ढंगबाट प्रभावकारी बनाउने । अनुगमन तथा मूल्याङ्कनका लागि अन्तरनिकाय समन्वयात्मक पद्धतिको अवलम्वन गर्ने ।अनुगमन तथा मूल्याङ्कनमा संलग्न हुने निकाय तथा पदाधिकारीहरूको क्षमता विकास गर्ने । कार्यसम्पादनमा आधारित सुविधा प्रोत्साहन र वृत्तिविकासको व्यवस्था लागु गर्ने ।

२० स्वमूल्याङ्कनका आधार र प्रक्रिया तय गर्ने ।

२१ संघीय तहबाट नीति कार्यान्वयन र प्रभावको अनुगमन, प्रदेश तहबाट प्रक्रिया र उपलब्धिको अनुगमन तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन र परिणामको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

२२ अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइ स्वचालित रूपमा सूचकमा आधारित नतिजा प्राप्त गर्ने पद्धतिको विकास गर्ने ।

अनुगमन तथा मूल्यांकनको ढांचा

| कस्लाई | कस्ले | कसरी | जानकारी दिने ठाउं | सुधारगर्ने अधिकारी |
|---|---|---|---|---|
| विद्यार्थी | शिक्षक, प्रधानाध्यापक, क्याम्पस प्रमुख, विभागीय प्रमुख, स्थानीय शिक्षा विभाग | मेन्टरिग तथा अनुगमन गरेर | प्रधानाध्यापक, क्याम्पस प्रमुख | शिक्षक |
| शिक्षक तथा कर्मचारी | स्थानीय तह | मेन्टरिग तथा अनुगमन गरेर | सूचना व्यवस्थापन केन्दहरु | संस्था प्रमुख |
| संरचना | विद्यालय व्यवस्थापन समिति, बोर्ड अफ ट्रस्टिज, स्थानीय तह | निरीक्षण गरेर | तीनै तहका सरकारहरु | विद्यालय व्यवस्थापन समिति, बोर्ड अफ ट्रस्टिज, स्थानीय तह |
| नीति नियम | स्थानीय, प्रदेश, तथा संघीय शिक्षाविभागहरु, विश्वविद्यालयका अधिकारीहरु | सुपरिवेक्षण तथा मूल्यांकन गरेर | तीनै तहका सरकारहरु | तीनै तहका सरकारहरु |
| नेतृत्वशैली | स्थानीय, प्रदेश तथा संघीय तह | अनुगमन गरेर | तीनै तहका सरकारहरु | तीनै तहका सरकारहरु |

परिच्छेद २७

# पुस्तकालय

## १. पृष्ठभूमि

सभ्यताको विकासको थालनीदेखि नै मानिसले आफ्ना भावना र विचार आदानप्रदान गर्न विभिन्न ध्वनि तथा सङ्केतको प्रयोग गर्न थाले । भाषा र लिपिको विकाससँगै आफ्ना सिर्जनालाई विभिन्न सामग्रीमा लेखेर वा छापेर राख्न थाले । यसैलाई पुस्तकालयको प्रारम्भिक रूप मानिन्छ । समयक्रममा यसरी लेखिएका वा छापिएका सामग्रीलाई एकीकृत गरेर राख्न थालियो । इसापूर्व ३५०० वर्ष अगाडि माटाका खबटामा लेखिएका सामग्री सङ्कलन भएको सुमेरियाको खबटे पुस्तकालयदेखि विद्युतीय पुस्तकालयसम्मको अवस्थामा आउँदा पुस्तकालय क्षेत्रले निकै परिवर्तनहरू आत्मसात् गरेको छ ।

नेपालमा पुस्तकालयको विकास कहिलेदेखि भयो मिति तोकेर भन्न सक्ने अवस्था छैन । मल्लकालमा तत्कालीन भक्तपुर दरवारमा करिब १४००० हस्तलिखित ग्रन्थहरूको सङ्कलन भएको **साकोथा** नामको पुस्तकालय थियो । त्यस समयमा यो दक्षिण एशियाकै ठूला पुस्तकालयमध्ये पर्दथ्यो भनिन्छ । पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीले जुनजुन राज्यमाथि विजय गरे, त्यहाँ भएका अमूल्य ग्रन्थहरू पनि साथै ल्याएर हनुमानढोका दरबारमा राखेका थिए। उक्त सङ्कलनलाई व्यवस्थित गर्न गीर्वाणयुद्ध विक्रम शाहको पालामा वि. सं. १८६९ भाद्र १५ गते पुस्तकालय स्थापना गर्न कानुन तर्जुमा गरी लागु गरे । सो कानुनका आधारमा पुस्तक चिताइ तहविलको स्थापना गरी कर्मचारीसमेत नियुक्त गरिएको पाइन्छ । सोही दिनको सम्झनामा वि. सं. २०६५ साल भाद्र १५ गतेदेखि नेपालमा हरेक दिन पुस्तकालय दिवस मनाउन थालिएको हो । पुस्तक चिताइ तहविलमा रहेका पुस्तकलाई दरबार स्कूलको पुस्तकालय, वीर पुस्तकालय (घण्टाघर लाईब्रेरी) हुँदै वि. सं. २०२४ सालमा राष्ट्रिय अभिलेखालयको पुस्तकालयमा गाभिएको पाइन्छ ।

सरस्वती गुठी नामक पुस्तकालय खोल्न खोज्ने युवाहरूलाई रु.१०० देखि रु.१००० सम्म जरिवाना गरिएको घटनालाई नेपालको इतिहासमा पुस्तकालय पर्वका नामले चिनिन्छ । यसपछि राज्यले पुस्तकालय खोल्न निरुत्साहित गरे पनि जनस्तरबाट धमाधम पुस्तकालय खुल्न थाले। वि. सं. १९८३ सालमा पुस्तक पढ्ने दलानका नाममा पाल्पामा खुलेको पुस्तकालय जनस्तरबाट नेपालमा खोलिएको पहिलो पुस्तकालय मानिन्छ । वि. सं. २००४ मा यसको नाम धवल पुस्तकालय राखिएको पाइन्छ । तौलिहवाको पशुपति प्रताप पुस्तकालय (१९९३), बन्दिपुरको पद्म पुस्तकालय (२००१), बाग्लुङको विद्यामन्दिर पुस्तकालय (२००३), नेपालगन्जको महेन्द्र पुस्तकालय (२००३), बुटवलको महावीर पुस्तकालय (२००४), विराटनगरको आदर्श पुस्तकालय (२००३), धरानको सार्वजनिक विद्या भवन (२००४) लगायतका पुस्तकालयहरू प्रजातन्त्रको स्थापना हुनु अगाडि नै खुलेका थिए । प्रजातन्त्रको स्थापनापछि सामुदायिक र सार्वजनिक पुस्तकालयका नाममा मलुकभर थुप्रै पुस्तकालयहरू स्थापना भए । पोखराको आदर्श पुस्तकालय (२००८), खाँदवारीको जनसेवा पुस्तकालय (२००९), पनौतिको ज्ञान विकास पुस्तकालय (२०१२), ललितपुरको मदन

पुरस्कार पुस्तकालय (२०१३), काठमाडौंको केन्द्रीय पुस्तकालय (२०१३), कैलालीको जन पुस्तकालय (२०१३), खोटाङको जनविकास पुस्तकालय (२०१४) लगायतलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

नायबबडागुरू हेमराज शर्मा पाण्डेको भारती भवन पुस्तकालयमा रहेका करिव ३३,००० पुस्तक तीनलाख भारतीय रुपैयाँमा खरिद गरेर र केन्द्रीय सचिवालय पुस्तकालयमा भएका करिव ८,००० थान पुस्तकसमेत मिलाएर नेपाल सरकारले वि. सं. २०१३ साल पुस १९ गते सिंहदरबारमा नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना गर्यो । वि. सं. २०१८ सालतिर यसलाई हरिहर भवनमा सारियो । वि. सं. २०१३ साल नेपालको इतिहासमा निकै ठूलो महत्व राख्ने वर्षका रूपमा रहेको छ । सोही वर्ष निजीस्तरमा मदन पुरस्कार पुस्तकालय र यु.एस.एड.को सहयोगमा केन्द्रीय पुस्तकालयको स्थापना भएर सञ्चालनमा आए । पछि केन्द्रीय पुस्तकालय र त्रिभुवन विश्वविद्यालय पुस्तकालय गाभेर त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको जन्म भयो ।

वि. सं. १९६५ सालतिर निजी पुस्तकालयका रूपमा खोलिएको केसर पुस्तकालयलाई उहाँकी श्रीमती कृष्णचन्द्रदेवी र सन्ततिले वि. सं. २०२६ सालमा करिव ३४.५ रोपनी जग्गासहित सो जग्गामा बनेको केसरमहल स्वप्न बगैंचासहितको पुस्तकालय नेपाल सरकारलाई हस्तान्तरण गरेको पाइन्छ । यसपछि सो पुस्तकालयलाई नेपाल सरकारले सञ्चालन गर्दै आएको छ । वरिष्ठ इतिहासकार, राजनीतिज्ञ एवम् अहिंशावादी नेता डा. डिल्लीरमण रेग्मीले वि. सं. २०३७ सालमा आफ्नो नाममा रहेको करिव अढाइ रोपनी जग्गासहितको पुस्तकालय नेपाल सरकारका नाममा शेषपछिको बकस गरी नेपाल सरकारलाई हस्तान्तरण गर्नुभएको थियो ।उहाँको देहावसानपछि सो पुस्तकालयलाई नेपाल सरकारले विकास समिति ऐन २०१३ अनुसार डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय गठन आदेश २०६० जारी सञ्चालन गरिरहेको छ ।

वि. सं. २०१७ सालको राजनीतिक परिवर्तनपछि पुस्तकालय खोल्न राज्यका तर्फबाट खासै प्रोत्साहन गरिएन । यसका बाबजुद पनि थुप्रै पुस्तकालयहरू खुले । खोटाङको भानु पुस्तकालय (२०१८), गुल्मीको किरण पुस्तकालय (२०२५), झापाको लेखनाथ पुस्तकालय (२०३७), आदि यस समयमा खोलिएका प्रतिनिधि पुस्तकालयहरू हुन् ।

वि. सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापनापछि धमाधम पुस्तकालयहरू खुल्न थाले । प्रदेश नम्बर १ को गौरवका रूपमा रहेको धुलाबारीको त्रिफला राष्ट्रिय पुस्तकालय (२०५३), कैलालीको प्रतिभा सामुदायिक पुस्तकालय, रिड नेपालको सहयोगमा मुलुकका विभिन्न ठाउँमा स्थापना भएका सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रहरू यसै अवधिमा स्थापना भएका हुन् । हाल नेपालमा करिब १००० सार्वजनिक तथा सामुदायिक पुस्तकालय रहेका छन् ।

## २. वर्तमान अवस्थाको विश्लेषण

पुस्तकालयलाई कार्यप्रकृतिका आधारमा विशेषतः शैक्षिक, सार्वजनिक, राष्ट्रिय र विशेष गरी चार भागमा विभाजन गर्न सकिन्छ । पूर्वप्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म सञ्चालन हुने शिक्षण

सिकाइ क्रियाकलाप र अनुसन्धानलाई सहयोग गर्ने प्रमुख उद्देश्यले शैक्षिक पुस्तकालयहरू स्थापना र सञ्चालन भएका हुन्छन् । नेपाल सरकारले आधारभूत तहमा पुस्तकालय कुना (Reading Corner) र माध्यमिक तहमा एक विद्यालय एक पुस्तकालयको नीति अगाडि सारे पनि यसको प्रभावकारी कार्यान्वयन र उपयोग हुन सकेको छैन । कक्षा ११ भन्दा माथि पठनपाठन हुने अधिकांश विद्यालयमा कुनै न कुनै रूपमा पुस्तकालयहरू सञ्चालनमा रहेका छन् । रूम टु रिडले नेपालका करिब ३७०० विद्यालयमा पुस्तकालय स्थापना गर्न सहयोग गरेको छ । लायन्स मनराम प्रतिष्ठान, सेतो गुराँसलगायतका संस्थाहरूको पनि विद्यालय पुस्तकालय स्थापना गर्न योगदान रहेको छ । उच्च शिक्षा सञ्चालन गर्ने महाविद्यालय र विश्वविद्यालयमा पुस्तकालय रहेका भए पनि अधिकांश पुस्तकालयले प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सकेका छैनन् । त्रिभुवन विश्वविद्यालयका सबै आङ्गिक क्याम्पसमा पुस्तकालय र ती पुस्तकालयमा काम गर्नका लागि जनशक्तिको पनि व्यवस्था गरिएको छ । अन्य विश्वविद्यालयले त्रि. वि. कै परिपाटीलाई अनुसरण गरेर आआफ्ना विश्वविद्यालय प्रणालीअन्तर्गत केन्द्रीय पुस्तकालय, अनुसन्धान केन्द्रहरूमा अनुसन्धान पुस्तकालय, आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसहरूमा समेत पुस्तकालय स्थापना र सञ्चालन भएका छन् ।

स्थानीय समुदायका विविध समस्याको समाधान गर्ने तथा सबै उमेर, धर्म, वर्ण, जातजातिका नागरिकलाई सेवा प्रदान गर्ने उद्देश्यले मुलुकका विभिन्न स्थानमा सामुदायिक र सार्वजनिक पुस्तकालयहरूको जनस्तरबाट समेत स्थापना र सञ्चालन भइरहेको छ । रिड नेपाल, नेपाल लाईब्रेरी फाउण्डेसन लगायतका गैरसरकारी संस्था तथा स्थानीय समुदायको सक्रियतामा सामुदायिक पुस्तकालयहरू सञ्चालित छन् ।

हरेक मुलुकमा एउटा मात्र राष्ट्रिय पुस्तकालय हुन्छ । कुनै पनि मुलुकको शैक्षिक, सामाजिक, सांस्कृतिक, आर्थिकलगायत समग्र अवस्था कस्तो छ भनेर एकैठाउँबाट हेर्नु छ भने सो मुलुकको राष्ट्रिय पुस्तकालय जानुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ । अतः कुनै पनि मुलुकसँग सम्बन्धित सरकारी, गैरसरकारी लगायतका सबै निकायबाट जुनसुकै माध्यममा प्रकाशित सामग्रीहरू सो मुलुकको राष्ट्रिय पुस्तकालयमा भावी पुस्ताका लागि समेत संरक्षण र सम्बर्धन गरेर राखिनु पर्छ । राष्ट्रिय पुस्तकालयमा निश्चित समयावधिभत्र प्राप्त पठनसामग्रीका आधारमा राष्ट्रिय वाङ्मय सूची (National Bibliography) को प्रकाशन गरिन्छ । यसका लागि सरकारले कानुनी सञ्चय ऐन जारी गरी लागु गरेको हुन्छ । अमेरिका, बेलायत, जापान, चीन, सिङ्गापुर, दक्षिण कोरियाजस्ता विकसित मुलुकले मात्र होइन भुटान, बङ्गलादेश र पाकिस्तानजस्ता देशले पनि आफ्नो मुलुकका राष्ट्रिय पुस्तकालयहरूलाई विशेष महत्व दिएर पर्याप्त जनशक्ति, बजेट विनियोजन तथा कानुनी प्रवन्ध गरेको पाइन्छ।

कुनै निश्चित विषय, विधा, भाषा वा माध्यमका पुस्तक मात्र सङ्कलन गर्ने र विशेष वा सीमित पाठकलाई मात्र सेवा प्रदान गर्ने गरी खोलिएका पुस्तकालयलाई विशेष पुस्तकालय भनिन्छ । नेपाली भाषा र साहित्यको सेवा गर्ने गरी खुलेको मदन पुरस्कार पुस्तकालय, दृष्टिविहिन तथा न्यूनदृष्टि भएका पाठकहरूलाई ध्यानमा राखेर खोलिएको राष्ट्रिय ब्रेल पुस्तकालय तथा अडियो पुस्तकालय, जेलका

कैदीबन्दीका लागि मात्र खोलिएको पुस्तकालय वा आँखा अस्पतालका बिरामीका लागि खोलिएको पुस्तकालय विशेष पुस्तकालयका उदाहरण हुन् ।

विभिन्न गैरसरकारी संस्था तथा अनुसन्धान केन्द्रले आफ्नो संस्थाका उद्देश्य परिपूर्तीमा सहयोग गर्नका लागि आ-आफ्ना संस्थामा पुस्तकालय खोलेर सेवा दिइरहेका छन् । सोसल साइन्स बहाः, इसिमोड, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, मार्टिन चौतारी, नेपालस्थित संयुक्त राष्ट्र सङ्घको कार्यालय र राष्ट्र सङ्घका विभिन्न एजेन्सीहरू, नेपाल पत्रकार महासङ्घ, प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र, नेपाल वातावरण पत्रकार समूह, आदिका आ-आफ्नै पुस्तकालय छन् । विभिन्न कुटनीतिक नियोग तथा राजदूतावासले पनि पुस्तकालय तथा सूचना केन्द्रहरू सञ्चालन गरेका छन् । भारतीय राजदूतावासबाट सञ्चालित नेपाल भारत पुस्तकालय, अमेरिकी दूतावासबाट सञ्चालित अमेरिकी सूचना केन्द्र तथा विभिन्न शहरमा सञ्चालित अमेरिकी कर्नर र रूसी सांस्कृतिक केन्द्रमा सञ्चालित पुस्तकालयहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । यस्तै, जापानी सहयोगमा नेपाल जापान बालपुस्तकालय र त्रि. वि. का पूर्वप्राध्यापक तथा कर्मचारीहरू संलग्न नवजीवन आमा समूहले सामुदायिक बालविकास पुस्तकालय सञ्चालन गरेका छन् ।

उल्लिखित पुस्तकालयबाहेक नेपाल सरकारले सबैजसो मन्त्रालय, संसद सचिवालय, अधिकांश विभागीय स्तरका कार्यालय र संवैधानिक निकायहरूमा समेत शाखागत रूपमा पुस्तकालयको स्थापना गरी सञ्चालन गरिरहेको छ । यस्ता पुस्तकालयको सञ्चालनका लागि नेपाल शिक्षा सेवाअन्तर्गत पुस्तकालय विज्ञान समूह गठन गरी कर्मचारीको व्यवस्थापन गरिएको छ ।

राज्यको पुनःसंरचना भएर प्रदेश तथा स्थानीय सरकारको गठन भएपछि विभिन्न स्थानीय निकायहरूले आआफ्ना कार्यक्षेत्रमा पुस्तकालयको स्थापना गर्ने र सञ्चालनमा रहेका पुस्तकालयको क्षमता विकास तथा विस्तारका लागि आर्थिक सहयोग गर्न थालेका भए पनि स्पष्ट दृष्टिकोणको अभावमा यस कार्यमा एकरूपता छैन ।

## ३. प्रमुख समस्या र मुद्दाहरू

- नेपाल सरकारले आधारभूत तहमा पुस्तकालय कुना (Library Corner) सञ्चालन गर्ने नीति लिए पनि यो प्रभावकारी हुन नसक्नु, साथै माध्यमिक तहका लागि **एक विद्यालय एक पुस्तकालय** कार्यक्रम पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु ।
- शिक्षा ऐन तथा नियमावलीमा पुस्तकालयसम्बन्धी ठोस व्यवस्था नहुनु । विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकमा पुस्तकालयको प्रयोग र पठन संस्कृतिको विकाससम्बन्धी विषयवस्तु पर्याप्त समावेश नहुँदा औपचारिक रूपमा शिक्षण सिकाइ क्रियाकलापमा पुस्तकालय र पठन संस्कृतिसम्बन्धी विषयवस्तु जुन रूपमा सम्बोधन हुनुपर्ने थियो सो अनुसार हुन सकेको छैन । अधिकांश शिक्षकहरू पुस्तकालयमा भएका पठन सामग्रीको प्रभावकारी उपयोग कसरी गर्ने भन्ने सम्बन्धमा जानकार छैनन् । विद्युतीय अथवा अनलाईन स्रोतको उपयोग गरेर प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने शिक्षकको सङ्ख्या झन् न्यून छ। पुस्तकालय जीवनपर्यन्त

सिकाइको सबैभन्दा उपयुक्त थलो हो भन्ने कुराको सचेतना कमै मात्र शिक्षक, अभिभावक एवम् सरोकारवालालाई थाहा छ ।

- त्रिभुवन विश्वविद्यालय र यसअन्तर्गत रहेका पुस्तकालयहरूले प्रभावकारी सेवा दिन नसक्नु । पुस्तकालयमा कार्यरत जनशक्तिका लागि समयसमयमा क्षमता विकासका उपयुक्त कार्यक्रम सञ्चालन गर्न सकेको छैन । त्रि. वि. बाहेकका सबै विश्वविद्यालय र अनुसन्धान केन्द्रमा रहेका पुस्तकालयको अवस्था पनि सन्तोषजनक छैन । सूचना तथा सञ्चार प्रविधिले ल्याएका अवसरको उपयोग अधिकांश पुस्तकालयले गर्न सकेका छैनन् ।

- नेपाल सरकारद्वारा सञ्चालित नेपाल राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय लगायतले वि. सं. २०७२ बैशाख १२ गतेको भूकम्पपछि प्रभावकारी सेवा दिन सकिरहेका छैनन् । हालसालै नेपाल सरकारले भूकम्पपछि विस्थापित भएको नेपाल राष्ट्रिय पुस्तकालयको भवन निर्माणका लागि जग्गाको टुङ्गो लगाएको भए पनि करिब १०० वर्षको दूरदृष्टि राखेर सुविधासम्पन्न पुस्तकालय भवनको निर्माण गर्नुपर्ने चुनौती छ । केसर पुस्तकालयको भवन जिर्णोद्वार गर्ने प्रकृया अगाडि बढेको छैन । डिल्लिरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको जग्गाको लालपूर्जा लगायत कागजातका अभावका कारण पुरानो भवन विनिर्माण गरेर नयाँ भवन निर्माण गर्न कठिनाइ भइरहेको छ ।

- कानुनी सञ्चय ऐनको अभावमा नेपाल राष्ट्रिय पुस्तकालयले देशभरबाट प्रकाशित सबै खालका सामाग्री प्राप्त गरी डिपोजटरी पुस्तकालयको काम गर्न नसक्नु । ISBN, ISSN, ISMN, प्रतिलिपि अधिकार तथा CIP सेवा अलगअलग निकायबाट प्रदान गर्रिंदा सेवाग्राहीलाई कठिनाइ भएको छ ।

- पुस्तकालय तथा सूचना विज्ञान विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले ३ महिने तालिम पाठ्यक्रम तयार गरे पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

- त्रिभुवन विश्वविद्यालय पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागले पुस्तकालय तथा सूचना विज्ञान विषयमा स्नातकोत्तर कार्यक्रम सञ्चालन गरी सेमेष्टर प्रणाली अपनाएको भए पनि पाठ्यक्रम अद्यावधिक गर्न नसक्नु ।

- सार्वजनिक तथा सामुदायिक पुस्तकालयको दर्ता गर्ने निकाय स्पष्ट नहुनु । मुलुकभरका सामुदायिक तथा सार्वजनिक पुस्तकालयले नियमित बजेट तथा दक्ष जनशक्तिको अभाव झेलिरहेका छन् ।

- प्रदेश र स्थानीय सरकारमा सामुदायिक तथा सार्वजनिक पुस्तकालयका सम्बन्धमा नीतिगत अस्पष्टता देखिनु । सामुदायिक सिकाइ केन्द्र र सामुदायिक/सार्वजनिक पुस्तकालयलाई एकीकृत गरी सञ्चालन गर्न सकिएको छैन । अधिकांश पुस्तकालयमा अद्यावधिक र समसामयिक पुस्तकहरूको अभाव छ ।

- सूचना तथा सञ्चार प्रविधिको विकास भएसँगै भौतिक रूपका पुस्तकालय अभौतिक (अनलाईन, भर्चुअल, डिजिटल, इलेक्ट्रोनिक, विद्युतीय) पुस्तकालयका रूपमा रूपान्तरित भइरहेको विश्वपरिवेशमा हाम्रो देशमा यस प्रकारका पुस्तकालयको खासै विकास नहुनु । पाठ्यक्रम विकास केन्द्र, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, नेपाल राष्ट्रिय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, सोसल साइन्स बहाः, साझा शिक्षा इ—पाटी, मिडास एजुकेशन, कुल्याबलगायतका केही संस्थाले डिजिटल सामग्री विकास गरी इ—पुस्तकालय बनाएका भए पनि यस क्षेत्रमा सरोकारवालाको पर्याप्त ध्यान पुगेको छैन ।

## ४. सुझावहरू

### नीतिगत व्यवस्था

- पठन संस्कृतिको विकासका लागि पूर्वप्राथमिक तहदेखि नै पुस्तकालयको उपयोगसम्बन्धी विषयवस्तुलाई पाठयक्रममा समावेश गर्ने ।
- सबै खालका पुस्तकालयमा काम गर्ने जनशक्तिको न्यूनतम् शैक्षिक योग्यता र तालिमको मापदण्ड तयार गर्ने ।
- सङ्घ, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने पुस्तकालयहरूको सञ्चालन विधि तयार गर्ने ।
- उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाहरूमा रहेका पुस्तकालय सञ्चालनको मापदण्ड तयार गर्ने ।
- नेपाल राष्ट्रिय पुस्तकालयलाई मुलुकको पुस्तकालयको सर्वोच्च निकायका रूपमा विकास गर्ने ।
- सिंहदरबार परिसरमा नेपाल सरकारको केन्द्रीय सचिवालय पुस्तकालयको स्थापनासम्बन्धी नीतिगत व्यववस्था गर्ने ।
- सामुदायिक तथा सार्वजनिक पुस्तकालय सञ्चालनसम्बन्धी नीतिगत व्यवस्था गर्ने ।

### रणनीतिहरु

- पठन संस्कृतिको विकासका सम्बन्धमा वेग्लै परियोजना सञ्चालन गर्नुभन्दा नियमित प्रक्रियामा समावेश गरी पुस्तकालयको उपयोगसम्बन्धी विषयवस्तुलाई पूर्वप्राथमिक तहदेखि नै पाठ्यक्रममा समावेश गर्ने ।
- आधारभूत तहदेखि नै पर्याप्त सन्दर्भसामग्री सहितको पुस्तकालयको व्यवस्था गर्ने ।
- विद्यालयले सञ्चालन गर्ने शिक्षण सिकाइ क्रियाकलापमा सघन रूपमा पुस्तकालयलाई जोड्न कम्तीमा हप्ताको एक पिरियड पुस्तकालयलाई छुट्याउने गरी कार्यतालिकामै व्यवस्था गर्ने । विद्यालय पुस्तकालय, सामुदायिक पुस्तकालय तथा सार्वजनिक पुस्तकालयको प्रभावकारी उपयोगका लागि विद्यार्थीहरूलाई पुस्तकालयको उपयोगसम्बन्धी आधारभूत तालिम सञ्चालन गरेर पुस्तकालयमा स्वयम्सेवकका रूपमा उपयोग गर्ने ।

- पुस्तकालय जीवनपर्यन्त सिकाइको सबैभन्दा उपयुक्त थलो भएकाले यसलाई शैक्षिक गुणस्तरको एक अभिन्न अङ्गका रूपमा विकास गर्ने ।
- विद्यालय तथा शिक्षण संस्थाहरूमा खोलिएका पुस्तकालयले सार्वजनिक र सामुदायिक पुस्तकालयको पनि सेवा दिने व्यवस्था मिलाउने ।
- माध्यमिक विद्यालयमा पुस्तकालय तथा सूचना विज्ञान विषयमा कम्तीमा तीन महिना तालिम प्राप्त वा पुस्तकालय तथा सूचना विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण जनशक्तिलाई शिक्षक सेवा आयोगको सिफारिसका आधारमा स्थायी नियुक्तिको व्यवस्था गर्ने ।
- शैक्षिक संस्थाहरूमा कार्यरत पुस्तकालय विज्ञान समूहका कर्मचारीहरूको सेवा, सर्त शिक्षक वा प्राध्यापकसरह हुने व्यवस्था मिलाउने ।
- केसर पुस्तकालयको रेट्रोफिटिङ गरी सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने र यसमा भएका पुरातात्त्विक महत्त्वका सामग्रीलाई ध्यानमा राखेर सङ्ग्रहालयका रूपमा समेत विकास गर्ने ।
- डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयलाई डिल्लीरमण रेग्मी प्रतिष्ठानका रूपमा विकास गरी मानविकी तथा सामाजिक शास्त्रको अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने ।
- प्रदेशस्तरमा प्रदेश केन्द्रीय सचिवालय पुस्तकालय तथा संसद सचिवालय पुस्तकालयको समेत काम गर्ने गरी प्रदेश केन्द्रीय सचिवालय पुस्तकालयको स्थापना गरी सञ्चालन गर्ने।
- प्रदेश र स्थानीय तहमा समेत पुस्तकालय विज्ञान समूहको दरबन्दी सिर्जना गरी प्रभावकारी पुस्तकालय सेवा सञ्चालन गर्ने ।
- हरेक स्थानीय निकायमा कम्तीमा एउटा सार्वजनिक पुस्तकालयको स्थापना गरी सूचना तथा सञ्चार प्रविधियुक्त आधुनिक पुस्तकालय सेवा सञ्चालन गर्ने । यस्ता पुस्तकालयबाट स्थानीय निकायका सबै वडाहरूमा सेटलाईट पुस्तकालय तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गर्ने ।
- उच्च शिक्षा सञ्चालन गर्ने सबै विश्वविद्यालयहरूमा रहेका केन्द्रीय पुस्तकालयलाई व्यवस्थित गर्ने । विश्वविद्यालयका आवश्यकताअनुसार क्षेत्रीय र क्याम्पस पुस्तकालयको स्थापना र व्यवस्थापन गर्ने ।
- विश्वविद्यालयका आङ्गिक क्याम्पस तथा सम्बन्धनप्राप्त क्याम्पसका पुस्तकालयलाई व्यवस्थित वनाउन  पर्याप्त वजेट विनियोजन गर्ने । यस्ता पुस्तकालयहरूको नियमित अनुगमन तथा गुणस्तर प्रत्यायनका लागि उच्च शिक्षा आयोगको भूमिका वृद्धि गर्ने ।
- विश्वविद्यालय प्रणालीमा आबद्ध कर्मचारीको पेशागत दक्षता विकासका लागि कार्ययोजना तयार गरी कार्यान्वन गर्ने ।
- विश्वविद्यालयको पुस्तकालय तथा सूचना विज्ञान विषयको पाठयक्रममा सामयिक सुधार गरी राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुरूप अद्यावधिक गर्ने ।

- नेपाल राष्ट्रिय पुस्तकालयलाई मुलुकको पुस्तकालयको सर्वोच्च निकायका रूपमा विकास गर्ने । सो पुस्तकालयको प्रमुख पदमा कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको दरबन्दी सिर्जना गरी अन्तर्राष्ट्रिय मान्यताअनुसारको बनाउने ।
- नेपाल राष्ट्रिय पुस्तकालयका लागि हालसालै प्राप्त जग्गामा १०० वर्षको दूरदृष्टि राखेर पार्किङसहितको राज्यले गर्व गर्न सक्ने बहुतले पुस्तकालय भवन निर्माण गरी सेवा सञ्चालन गर्ने । सो पुस्तकालयको सङ्कलन विस्तारका लागि कानुनी सञ्चय ऐन तर्जुमा गरी लागु गर्ने ।
- सेवाग्राहीको सुविधाका लागि ISBN, ISSN, ISMN, CIP तथा प्रतिलिपि अधिकार सहजै प्राप्त गर्न सक्ने व्यवस्था गर्ने । यसका लागि विभिन्न पुस्तकालयबिच सुमधुर सम्बन्ध स्थापना गरी प्रभावकारी अन्तरपुस्तकालय सहकारिताका सञ्चालन गर्ने ।
- स्थानीय समुदाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा स्थापना र सञ्चालन भइरहेका पुस्तकालयलाई सार्वजनिक नीजि साझेदारी अनुसार राज्यका तर्फबाट उचित सहयोग गर्ने र यस्ता पुस्तकालयका असल अभ्यासलाई अन्य पुस्तकालयमा समेत अनुसरण गर्न प्रोत्साहित गर्ने ।
- सरकारले कम्तीमा एउटा आधारभूत विद्यालयलाई दिनेजति अनुदान नियमित रूपमा सार्वजनिक पुस्तकालयलाई पनि दिने व्यवस्था मिलाउने ।
- सिंहदरवार परिसरमा रहेका विभिन्न मन्त्रालयका पुस्तकालयलाई एकीकृत गरी केन्द्रीय सचिवालय पुस्तकालयको व्यवस्था गरी एकीकृत पुस्तकालय सेवा प्रदान गर्ने ।
- राष्ट्रिय सूचना प्रविधि केन्द्रमा पुस्तकालयहरूको रिपोजिटरीको स्थापना र सञ्चालन गर्ने । यसको सञ्चालनका लागि विधागत पुस्तकालयहरूको क्षमता विकास गर्ने ।
- राष्ट्रिय पुस्तक नीति, पुस्तकालय गुरुयोजना र पुस्तकालय स्वचालीकरण योजना अद्यावधिक गरी यथाशिघ्र कार्यान्वयन गर्ने ।
- सार्वजिनक तथा सामुदायिक पुस्तकालयको दर्ता गर्ने व्यवस्था सम्बन्धित स्थानीय निकायको कार्यक्षेत्रभित्र पर्ने गरी कानुनमा व्यवस्था गर्ने ।
- शिक्षा ऐन नियमावलीमा सार्वजनिक तथा सामुदायिक पुस्तकालयसम्बन्धी वेग्लै व्यवस्था गर्ने ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा रहेको पुस्तकालय समन्वय तथा अभिलेख शाखालाई अद्यावधिक गरी नेपाल सरकारका शिक्षा सम्बद्ध सबै नीति दस्तावेजहरूको ज्ञान केन्द्रका रूपमा विकास गर्ने ।
- सानोठिमी परिसरमा रहेका सरकारी पुस्तकालयहरूलाई एकीकृत गरी पाठ्यक्रम तथा जनशक्ति विकासको विशिष्ट पुस्तकालयका रूपमा विकास गर्ने ।
- निजामती सेवाको पुस्तकालय विज्ञान समूहमा प्रवेश गर्ने कर्मचारीका लागि अन्य सेवा समूहजस्तै सेवाप्रवेश तथा सेवाकालीन तालिमको व्यवस्था गर्ने ।

- विद्यालय तथा विश्वविद्यालय तहमा रहेका पाठ्यक्रम विकास केन्द्रले डिजिटल पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको विकास गरी सबै सरोकारवालाले उपयोग गर्न सक्ने व्यवस्था गर्ने ।
- सङ्घीय सरकारले नेपाल राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयलाई अनलाईन तथा डिजिटल पुस्तकालयका रूपमा समेत विकास गर्ने ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहेका पाठ्यक्रम विकास केन्द्र र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा रहेका पुस्तकालयहरूलाई क्रमशः डिजिटल र अनलाईन पुस्तकालयका रूपमा विकास गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई सार्वजनिक पुस्तकालयका रूपमा विकास गर्ने ।
- स्थानीय स्तरमा खुलेका सामुदायिक पुस्तकालयको सञ्चालनका लागि समुदायको समेत सक्रिय सहभागितामा सार्वजनिक निजी अवधारणा कार्यान्वयन गर्ने । यस्ता पुस्तकालयको सञ्चालनका लागि प्रदेश तथा स्थानीय सरकारले निश्चित कार्यविधि वनाई सो का आधारमा अनुदान उपलब्ध गराउने ।

परिच्छेद २८

# विज्ञान प्रविधि तथा नव-प्रवर्तन

## १. पृष्ठभूमि

ज्ञानमा आधारित समृद्ध समाज निर्माण हुने शताब्दीका रूपमा परिचित एक्काइसौं शताब्दीको प्राम्भसँगै नेपालले युगीन पुरानो एकात्मक ढाँचाको शासन प्रणालीलाई अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको उदघोषका साथ नयाँ युगमा प्रवेश गरेको छ । यस ऐतिहासिक परिवर्तनले देशका सबै भाषाभाषी, जातजाति र व्यवसायिक समुदायलाई साँच्चैको राष्ट्रिय एकतामा सुत्रवद्ध गरी नयाँ नेपालको निर्माण गर्ने अपूर्व अवसर प्रदान गरेको छ । हिजोको राजनीतिक वा आर्थिक कारण कुण्ठित वा अपेक्षित रहनु परेका देशका प्रतिभाहरूलाई आफ्नो आविष्कार क्षमता र प्राविधिक प्रतिभाको प्रर्दशन गर्न यसले मार्गप्रशस्त गरेको छ । अब जनता राजनैतिक उपलब्धिको हासिलपश्चात् आर्थिक क्रान्ति र सामाजिक रूपान्तरण भै जीवन सुधार हुने आशामा छन् । उनीहरू वैज्ञानिक प्रतिभा तथा प्राविधिक विशेषज्ञहरूबाट केही हुने भरोसा राख्दछन् । जनतालाई विश्वास छ कि समृद्ध समाजको जग वैज्ञानिक ज्ञान र प्राविधिक क्षमतामा अडेको हुन्छ ।

विज्ञानलाई आर्थिक विकासको शक्ति मानिन्छ जुन उसको प्राविधिक रूपान्तरणको कारण प्रदर्शित एउटा पक्ष हो । विज्ञान वास्तवमा सत्य पत्ता लगाउने मानवीय जिज्ञासाको सर्वस्वीकृत प्रक्रिया हो र वैज्ञानिक दर्शन मानव समाजले हासिल गरेको उच्चतम् उपलब्धि र साझा निधि हो । विधाका दृष्टिले यो अत्यन्तै फराकिलो छ, यसभित्र मानव शरीर कोषीय संरचनादेखि ब्रम्हाण्डको उर्जापुञ्ज, कृषिका बीउदेखि जलश्रोत र वनजङगलको विविधता उपयोग, वातावरण, अणु-परमाणु, तिनको गणित र प्रतिक्रियाहरूको बुझाई, स्वास्थ्य उपचार, विकासका सञ्चार तथा अन्य पूर्वाधार आदि अटाएको हुन्छ । विज्ञान र प्रविधि आफैमा भने उर्जाशील नहुन सक्छ, राजनीतिक प्रतिवद्धता र त्यसमाथि गरिने दीर्घकालीन आर्थिक लगानीले मात्रै विज्ञान र प्रविधिको वास्तविक क्षमता प्रदर्शित भै यसबाट लाभ प्राप्ति हुन्छ । राष्ट्र समृद्धशाली हुने वा नहुने कुराको निर्धारण विज्ञान र प्रविधिका निम्ति गरिने त्यही प्रतिवद्धता र लगानीमा भर पर्दछ ।

स्पष्ट छ, समृद्ध नयाँ नेपाल निर्माण गर्न र नेपाली जनतालाई सुखी बनाउने लक्ष्य हासिल गर्न विज्ञान तथा प्रविधिको भूमिका अपरिहार्य रहनेछ । देशको द्रुत आर्थिक विकास एवम् आमूल सामाजिक रूपान्तरणको प्रक्रियामा प्राविधिक विकास र नव-प्रवर्तन उत्पादनको शक्ति तथा विज्ञान शिक्षा सामाजिक परिवर्तनको बाहक हुनेछ । नेपालको संविधानले वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने नीति लिएको छ । संविधानको अनुसूचीमा वैज्ञानिक अनुसन्धान र प्रविधि विकासलाई संघ र प्रदेशको संयुक्त कार्यसूची वा अधिकारभित्र राखिएको छ ।

## २. वस्तुगत स्थिति

आधुनिक वैज्ञानिक अनुसन्धान तथा प्रविधि विकासको मार्गमा नेपालको पदार्पण नयाँ हो । नेपालमा विज्ञान तथा प्रविधिसित सम्बद्ध सरकारी निकाय र अनुसन्धानशालाहरू १२५ को हाराहारीमा छ । तिनमा अधिकांश सेवा प्रदायक संस्थाहरू छन् । हाम्रा धेरैजसो अनुसन्धानहरू विश्वविद्यालयहरूमा हुने भएकाले, शैक्षिक संस्थानहरूको भूमिका र योगदान विशेष महत्त्वपूर्ण छ । केही क्षेत्रगत विशिष्ट अनुसन्धान कार्यहरू प्रतिष्ठानहरूमा हुने गर्दछ । नव-प्रवर्तन (innovation) को स्थिति भने शैशवकालमै छ । विज्ञान तथा प्रविधि विषयमा विश्वविद्यालय शिक्षा हासिल गरेका जनशक्तिहरू सबै विषयमा गरी करिब ९० हजार रहेको अनुमान गरिन्छ, जसमध्ये आधा इन्जिनियरिङ, एक चौथाइ जति स्वास्थ्य क्षेत्र र बाँकी कृषि तथा पशु, वन, वनस्पति, प्राणी, रसायन, भौतिक विज्ञान, वातावरण विज्ञान, सूक्ष्म जीवविज्ञान, मौसम विज्ञान, भूगर्वशास्त्र, गणित तथा तथ्याङ्क आदि विषयमा रहेको देखिन्छ । विज्ञान र प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सालाखाला कुल ग्राहस्थ उत्पादनको एक प्रतिशत लगानी छ; तथापि नेपालको यस्तो लगानी कुल ग्राहस्थ उत्पादनको ०.३५ प्रतिशत मात्र रहेको देखिन्छ । हामीसित समयले परीक्षण गरेका केही मौलिक परम्परागत प्रविधिहरू पनि छन्, तिनको समुचित सुधार र संरक्षण हुनु आवश्यक छ ।

**समस्या, चुनौतीहरू र अवसरहरू**

नेपालमा विज्ञान तथा प्रविधि मन्त्रालय गठन भएयता यसले कहिल्यै स्थिर संरचना प्राप्त गर्न सकेको छैन । पछिल्लो समय यसलाई संघीय सरकारमा शिक्षासित जोडिएको छ; प्रादेशिक सरकारको हकमा यसलाई उद्योग र वन मन्त्रालय अन्तर्गत राखिएको छ । यसप्रकार विज्ञान-प्रविधिसम्बन्धी विषय कुनै मन्त्रालयको स्पष्ट कार्यदिशभित्र नपर्नु, विज्ञान प्रविधि सम्बन्धी प्रदेश सरकारमा संस्थागत संरचना नहुनु, विज्ञान प्रविधिको क्षेत्रमा अत्यन्त न्यून लगानी कायम रहनु, सेवा प्रवाहमा विज्ञान र प्रविधिलाई आबद्ध गर्न नसकिनु, वैज्ञानिक अनुसन्धान र नव-प्रवर्तनात्मक प्रविधि विकासका लागि उचित वातवरणको अवस्था नहुनु, उत्पादित जनशक्तिको पलायन र भएकाको पनि उचित परिचालन र उपयोग हुन नसक्नु, विदेशमा पलायन भएका जनशक्तिलाई नेपाल भित्र्याउन नसक्नु, वैज्ञानिक अनुसन्धान केन्द्रहरू तथा अनुसन्धानकर्ताहरूको अभाव, विश्वविद्यालयहरूमा अनुसन्धानका क्षेत्रमा लगानी न्यून रहनु जस्ता समस्याहरू प्रमुख रूपमा रहेका छन् ।

विज्ञान तथा प्रविधि क्षेत्रमा लगानी वृद्धि गर्नु र त्यसलाई दिगो कायम राख्नु औद्योगिक प्रतिष्ठान र उत्पादनमा विज्ञान तथा प्रविधिलाई भित्र्याउनु, सेवा प्रवाहलाई प्रविधि अनुकूल बनाउनु, विज्ञान र प्रविधिको सन्तुलित विकास गर्न आवश्यक संरचनागत र कानूनी व्यवस्था मिलाउनु, विज्ञान शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउनु, युवा प्रतिभाहरूको पलायन रोकेर स्वदेशमै काम गर्ने स्थिति बनाउनु, विदेशमा रहेका नेपाली वैज्ञानिक र प्राविधिकहरूलाई स्वदेशमा फर्काउनु, आवश्यक दक्ष तथा प्राविधिक जनशक्तिको पहिचान गरी आपूर्ति गर्नु, विज्ञान-प्रविधि क्षेत्रको तथ्यांकसहितका प्रलेखहरू दुरुस्त राखु आदिजस्ता चुनौतीहरू रहेका छन् ।

अवसरका रूपमा नेपालमा विविध भौगोलिक अवस्था भै प्राकृतिक श्रोतहरू उपलब्ध हुनु, विद्यालयको प्राथमिक तहदेखि विज्ञानको पठन-पाठन हुनु, अब्बल विद्यार्थीहरूमा विज्ञान विषयको अध्ययन पहिलो आकर्षणको रूपमा रहनु, वैज्ञानिक अनुसन्धान एवं प्रविधिको आविष्कार र विकासका लागि समाजका बिभिन्न तहमा अभिरुचि बढ्नु, क्षेत्रगत अनुसन्धानका संस्थानहरू स्थापना भै सञ्चालनमा आउनु, विश्वविद्यालयमा अनुसन्धानमा आधारित शोधपत्रको लोकप्रियता बढ्नु, संघीय सरकार मातहतका विज्ञान तथा प्रविधिसम्बन्धी केन्द्रीय संस्थाहरू उपस्थित रहनु (सूचना प्रविधि विभाग, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला, वि.पी.कोइराला मेमोरियल प्लानेटेरियम तथा अव्जरभेटरी र विज्ञान संग्रहालय, राष्ट्रिय सूचना प्रविधि केन्द्र, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालयहरू अन्तर्गत विज्ञान तथा प्रविधिसम्बन्धी शिक्षण संस्थाहरू र तिनले संचालन गर्ने शैक्षिक कार्यक्रमहरू),डिजिटल र सूचना प्रविधिको प्रयोग र त्यसप्रति जनअभिरुचि बढ्दै जानु आदि रहेका छन् ।

**दीर्घकालीन सोच**

समाजमा वैज्ञानिक संस्कार र उत्पादन-उत्पादकत्वमा प्रविधि तथा नव-प्रवर्तनको विस्तार

### ३. सुझावहरु (नीति तथा रणनीतिहरु)

### १. नीति तथा योजना तर्जुमा र कार्यान्वयन

१.१ समृद्ध नयाँ नेपाल निर्माणका निम्ति आवश्यक कल्पनाशील र स्वप्नदर्शी विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति र योजनाको तर्जुमा गरी तिनको कर्यान्वयन गर्ने ।

१.२ राष्ट्रिय योजनामा विज्ञान तथा प्रविधि क्षेत्रलाई प्राथमिकतासहित उल्लेख गर्ने र योजना तर्जुमामा वैज्ञानिक तथा प्राविधिज्ञहरूको समुदायलाई सहभागी गराउने ।

१.३ प्रविधि आयात र अनुसन्धान प्रवर्द्धनलाई सहज एवम् देशको हित अनुकूल बनाउन आवश्यक ऐन कानुनहरूको व्यवस्था गर्ने ।

१.४ अनुसन्धान तथा विकासमा पर्याप्त लगानी व्यवस्था गर्ने, यस्तो लगानी आधारभूत विज्ञानको अनुसन्धानका निम्ति राज्यमार्फत र व्यवहारिक विज्ञान तथा प्रविधि विकासमा निजी क्षेत्रका उद्योगहरू एवं अन्य शैक्षिक एवं प्राज्ञिक क्षेत्रहरू मार्फत गराउने ।

१.५ देशलाई स्वाभिमान र आत्मनिर्भर बनाउन स्वदेशी क्षमताको अभिवृद्धि गर्ने र राष्ट्रिय सुरक्षा प्रणालीलाई सघाउने ।

१.६ विश्वविद्यालय र अनुसन्धान प्रतिष्ठान तथा औद्योगिक प्रतिष्ठानहरूबिच सहकार्य गर्ने एवं औद्योगिक प्रतिष्ठानहरूमा अनुसन्धान र विकासमा लगानी गर्न प्रोत्साहित गर्ने ।

### २. विज्ञान शिक्षा तथा चेतना अभियान

२.१ विज्ञान विषयलाई अन्य पाठ्यक्रमभन्दा पृथक भन्ने भ्रमलाई हटाई माध्यमिक विद्यालयसम्म विज्ञान विषयमा सबैको पहुँच पुऱ्याउने तथा प्रयोगात्मक विज्ञान शिक्षालाई जोड दिंदै विज्ञान

विषयलाई व्यवहारिक र रुचिकर तुल्याउन सबै विद्यालयहरूमा विज्ञान प्रयोगशालाहरू बनाउने ।

२.२ प्रदेश स्तरमा कम्तीमा बृहत प्रयोगशालासहित व्याबहारिक रूपमा विज्ञान शिक्षा प्रदान गर्न विज्ञान अध्ययन केन्द्र (Science Learning Centre)को स्थापना गर्ने र प्रत्येक पालिकाहरूमा सबै विद्यालयको पहुँचमा रहने नमूना प्रयोगशालासहितको अध्ययन केन्द्र बनाउने ।

२.३ स्नातकोत्तर कार्यक्रमलाई अनुसन्धानमुखी बनाउने र विश्वविद्यालय तथा अनुसन्धान प्रतिष्ठानबिचको ढोका खुल्ला राखी एक संस्थाका विशेषज्ञ वा अनुसन्धानकर्मीहरू अर्को संस्थामा कार्य गर्न सहज वातावरण बनाउने एवं विश्वविद्यालय तथा प्रतिष्ठानहरूको सहकार्यमा संयुक्त विद्या-वारिधि र अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने ।

२.४ विद्यालय, क्याम्पस तथा व्यवसायमा आवद्ध युवा वैज्ञानिकहरूलाई प्रोत्साहन तथा प्रतिभा प्रष्फुटन गर्न नियमित रूपमा युवा वैज्ञानिक सम्मेलनको आयोजना गर्ने र वैज्ञानिक प्रतिभा प्रवर्द्धन गर्न नियमित रूपमा स्थानीय तह हुँदै प्रादेशिक तहसम्म विज्ञान प्रदर्शनी लगायतका सृजनात्मक प्रतियोगिताहरूको आयोजना गर्ने ।

२.६ जनमानसमा वैज्ञानिक चेतना विस्तारका लागि प्रदेश र पालिकामा विज्ञान केन्द्रहरू स्थापित गर्ने, विद्यालयमार्फत बृहत्तर प्रकारको विज्ञान अभियानहरू सञ्चालन गर्ने, सञ्चार माध्यममार्फत जनस्तरसम्म उपयोगी विज्ञान तथा प्रविधिका सूचनाहरू प्रसार गराउने ।

३. **वैज्ञानिक तथा प्राविधिक क्षमता विकास**

३.१ विभिन्न निकायअन्तर्गत सेवा प्रदान गर्दै आएका प्रयोगशालाहरूलाई सुदृढ गरी राष्ट्रियस्तरका अनुसन्धानशाला बनाउने र हालको संस्थागत संरचनामा सुधार गरी ती अनुसन्धानशालालाई स्वायत्त र प्राज्ञिक संस्था अन्तर्गत व्यवस्था गर्ने ।

३.२ उच्च पर्वतीय पारिस्थितीय प्रणाली, जलश्रोतजस्ता नेपालको विशेषता रहेका विषयमा अन्तर्राष्ट्रियस्तरको उत्कृष्ट अनुसन्धान केन्द्रहरू रणनीतिक स्थानमा स्थापना तथा विकास गरी त्यस्ता विषयलाई राष्ट्रको पहिचान क्षेत्र बनाउने ।

३.३ कृषि, जनस्वास्थ्य, साना उद्योग, उर्जा, यातायात र आवासजस्ता विषयहरू र सूचना प्रविधिमा विकासमूलक र व्यावहारिक अनुसन्धान, अन्वेषण गर्न र प्रविधि विकास र उपयोगमा सहयोग पुऱ्याउन नवप्रवर्तन केन्द्रहरू (Innovation Centers)को स्थापना गर्ने ।

३.४ नतिजामूलक अनुसन्धानमा जोड दिई तिनका उपलब्धिहरू प्रयोगशालादेखि भूमि र उद्योगमा पु-याई अनुसन्धानलाई बजारयोग्य वस्तुमा रूपान्तरण गर्ने साथै स्थानीय, परम्परागत तथा मौलिक प्रविधिको पहिचान गरी तिनको वैज्ञानिक विकासमा जोड दिने।

३.५ अन्तर्राष्ट्रिय सहयोग एवम् विदेशमा कार्यरत विशेषज्ञहरूसमेत संलग्न गराई उदीयमान वैज्ञानिक तथा प्राविधिक ज्ञान सञ्चय गरी देशका प्रतिभाहरूलाई त्यसतर्फ दत्तचित्त गराउने।

३.६ विज्ञान र प्रविधिसम्बन्धी प्रतिभा पहिचान गरी (Talent Hunt) विशिष्टकृत क्षेत्रमा प्रतिभाहरूको विकास र उपयोग गर्न सृजनशीलता कोष (Challenge Fund) को स्थापना गर्ने साथै योगदानका आधारमा वैज्ञानिक प्रतिभाहरूलाई कदर एवं पुरस्कृत गर्ने ।

परिच्छेद २९

# शिक्षामा अनुसन्धान र विकास

## १. पृष्ठभूमि

समस्या समाधान गर्न औपचारिक र क्रमबद्ध रूपमा गरिने अध्ययन नै अनुसन्धान हो । अनुसन्धानलाई वैज्ञानिक अध्ययन वा अध्ययनको वैज्ञानिक उपयोग पनि भन्ने गरिन्छ ।अर्को शव्दमा समस्याको औपचारिक र क्रमबद्ध अध्ययन अनुसन्धान हो । अनुसन्धान समालोचनात्मक रूपमा सोच्नु र परिणामलाई समालोचनात्मक रूपमा मूल्याङ्कन गर्नु पनि हो । अनुसन्धानको अन्तिम लक्ष्य वर्तमान अवस्थामा भइरहेको ज्ञानको भण्डारमा अरू ज्ञान र सूचना थप्नु हो । ज्ञानको उत्पादन, नयाँ सिद्धान्तको प्रतिपादन, विद्यमान सिद्धान्तको परीक्षण जस्ता कार्य अनुसन्धानवाट हुन्छ । अनुसन्धानसँगै जोडिएर आउने अर्को पक्ष विकास हो । अनुसन्धानपछि मात्र कहाँ के कति विकास गर्न आवश्यक छ भन्ने पहिल्याउन सकिन्छ । राष्ट्रिय रूपमा हेर्दा समृद्ध राष्ट्र निर्माणका लागि योजनावद्ध विकास आवश्यक हुन्छ; यसका लागि अनुसन्धानमा आधारित योजना तर्जुमा र कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन अपरिहार्य हुन्छ ।

नीति निर्माण, योजना तर्जुमा र कार्यक्रम विकास गर्न अनुसन्धानको व्यावहारिक उपयोग गरिन्छ । विद्यमान नीतिको खोजी गर्नु, उपयुक्त नीति पत्ता लगाउनु, विद्यमान नीतिमा भएका कमजोरीहरू पत्ता लगाई सुधार गर्नु, गुणात्मक र सिर्जनात्मक नीतिको प्रतिपादन गर्नु आदि उद्देश्यका निम्ति अनुसन्धानको उपयोग गरिन्छ । नीतिका सम्बन्धमा देखिएका समस्याहरू पत्ता लगाउनु कार्यान्वयनका समस्या पहिचान गर्नु, उपयोगकर्ताको धारणा बुझ्नु, विभिन्न क्षेत्रसँग सम्बन्धित नीतिबिच समन्वय गर्नु, दोहोरो पक्ष हुन नदिन अनुसन्धानका प्राप्तिहरूको उपयोग गरिन्छ । अपर्याप्त स्रोतसाधनको व्यवस्थापनका लागि मार्ग प्रशस्त गर्नसमेत अनुसन्धान र विकास महत्त्वपूर्ण मानिन्छ ।

शिक्षा प्रशासन व्यवस्थापनका शैक्षिक नीति निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, पाठ्यक्रम, पहुँच, गुणस्तर र संस्थागत क्षमताको विकास गर्न शिक्षामा अनुसन्धानहरू गरिन्छन् ।शिक्षामा शैक्षिक गतिविधिको व्याख्या, उजागर, नियन्त्रण, भविष्यवाणी, नीति र निर्णय गर्ने भरपर्दो सूचना प्राप्त गर्न अनुसन्धान आवश्यक पर्छ । शिक्षा क्षेत्रका प्रशासनिक प्रकृतिका निर्णयलाई कम जोखिमपूर्ण बनाउन पनि यसको आवश्यकता हुन्छ । नयाँ शैक्षिक कार्यक्रमहरूको विकास गर्न, सिर्जनात्मक विकल्प विकास गर्न, नयाँ धारणा र विचारको प्रयोग गर्न, शैक्षिक प्रणालीका विभिन्न तह र निकायमा पार्ने वाहिरी तत्त्वहरूको असर पत्ता लगाउन अनुसन्धानको महत्त्वपूर्ण भूमिका हुन्छ । कक्षाकोठामा हुने पठनपाठनलाई प्रभावकारी बनाउनु शैक्षिक अनुसन्धानका सर्वोत्तम र अन्तिम लक्ष्य हो । शिक्षामा अनुसन्धान मानवसंसाधन विकाससँग बढी सम्बन्धित हुने हुँदा, मानव व्यवहारमा सुधार ल्याउन यसको महत्त्वपूर्ण भूमिका हुन्छ ।

शैक्षिक विकासका लागि राष्ट्रियस्तर र मापदण्ड निर्धारण गर्न राष्ट्रिय अनुसन्धानहरू गरिन्छ । व्यापक नमुना छनोटका आधारमा अध्ययन गरिने हुँदा यस्ता अध्ययनहरू राष्ट्रव्यापी रूपमा उपयोगी

हुन्छन् । राष्ट्रिय अनुसन्धानले सम्बन्धित मुद्दामा राष्ट्रिय अवस्था र समस्याको कारण पत्ता लगाउन मद्दत गर्दछ । राष्ट्रभर प्रत्येक एकाइ, क्षेत्र, जिल्ला, विद्यालयहरूमा उपयोगी हुन्छ । राष्ट्रिय अनुसन्धानबाट प्राप्त नतिजा राष्ट्रिय स्तरका आधारमा केन्द्रीय र स्थानीय तहका गतिविधिहरू व्यवस्थित गरिन्छन् । भविष्यको योजना बनाइन्छ । यसैअनुसार अन्य तह र एकाइमा गरिने अनुसन्धान हुन्छ । शिक्षामा गरिएका अनुसन्धानले शिक्षाक्षेत्र मात्र होइन राष्ट्रिय योजना आयोग, अर्थमन्त्रालय जस्ता निकायहरूले महत्त्वका साथ प्रयोग र उपयोग गरेको पाइन्छ ।

## २. वर्तमान अवस्था

अनुसन्धान र विकासमा गरिएको खर्चले कुनै पनि देशको समग्र विकासलाई इङ्गित गर्छ । विकसित मुलुकहरूमा सर्वपक्षीय विकासका लागि अनुसन्धानलाई मूल आधार बनाउने संस्कृति नै बसेको छ । यसले भौतिक विकास मात्र नसमेटेर निर्माण, बजार पहिचान र आवश्यकताको पनि मापन गर्न सघाउ पुऱ्याउँछ । एक अन्तर्राष्ट्रिय अनुसन्धान (आर्थिक अभियान, २०७५; वर्ल्ड इकोनोमी फोरमवाट उद्धृत गरिएको) का अनुसार सन् २०१८ मा आफ्नो मुलुकको कुल बजेटमध्ये अमेरिकाले ५ सय ५३ अर्ब, चीनले ४ सय ७५ अर्ब जापानले १ सय ८६ अर्ब र जर्मनीले १ सय १६ अर्ब अमेरिकी डलर खर्च गरी विश्वमा क्रमशः पहिलो दोस्रो तेस्रो र चौथो अनुसन्धानमा लगानी गर्ने राष्ट्रको रूपमा चिनिएका छन् । त्यसैगरी, एशियाबाट दक्षिण कोरिया र भारत क्रमशः पाँचौं र छैटौं स्थानमा छन् भने क्रमशः फ्रान्स, रूस, बेलायत र ब्राजिल सातौंदेखि दशौं स्थानमा परेका छन् ।

नेपालमा पनि अनुसन्धान र विकासको महत्त्व स्थापित हुँदैजान थालेको छ । नेपाल सरकारले २०७५ सालमा संविधानका निर्दिष्ट उद्देश्यहरू हासिल गर्न आवश्यक नीतिहरूको पुनरावलोकन र विश्लेषण गरी नेपाल सरकारलाई सिफारिश गर्न नीति अनुसन्धान प्रतिष्ठान स्थापना गरेको छ । यो प्रतिष्ठानले राष्ट्रिय योजना आयोग, परराष्ट्र मामिला अध्ययन केन्द्र, त्रिभुवन विश्वविद्यालयका अध्ययन केन्द्रहरूजस्ता अन्य अनुसन्धान केन्द्रहरूले गरेका कामको संयोजन गर्ने र मुलुकको विकासका लागि चाहिने अनुसन्धान रणनीति विकास गर्न लागि परेको छ । यसले संविधान, कानुन, नीति र व्यावहारिक पक्षबिच रहेका अन्तरविरोध हटाउन प्रयास गरिरहेको छ । समग्र र क्षेत्रीय विकास र समृद्धिका लागि आर्थिक वृद्धि, लगानी वृद्धि, रोजगारी विस्तार, सार्वजनिक सेवाको विस्तारलगायतका विषयमा विद्यमान नीतिको अध्ययन तथा नयाँ नीतिको तर्जुमा गर्नका लागि रहेको जानकारी प्राप्त भएको छ ।

शिक्षा क्षेत्रमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र मार्फत विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण गर्ने कार्यले संस्थागत रूप लिएको छ । अन्य अनुसन्धानका प्रकृयाहरू पनि केन्द्रवाट नियमित रूपमा अग्रसारित गरिएको छ । शिक्षाका नीति तथा कार्यक्रम तर्जुमा गर्दा अध्ययन अनुसन्धानका प्राप्ति तथा निष्कर्षहरूको प्रयोग बढ्दै गएको छ । अनुसन्धानका लागि सबैजसो निकाय, कार्यालय र परियोजनामा बजेट विनियोजन हुने गरेको छ ।यसका लागि गैरसरकारी क्षेत्रसँगसमेत साझेदारीका प्रयास भैरहेका छन् । उल्लेख गरिएका यी सामान्य प्रयासका बाबजुद नेपालमा अनुसन्धानका क्षेत्रमा धेरै समस्याहरू रहेका छन् । अनुसन्धानकर्तालाई प्रोत्साहित गर्ने प्रणालीको अभाव हुनु, दक्ष

अनुसन्धानकर्तालाई देशभित्रै कार्य वातावरण सिर्जना गर्न नसकिनु, अनुसन्धान केन्द्रहरूमा उपयुक्त जनशक्तिको आपूर्ति एवम् टिकाउ हुन नसक्नु, नयाँ ज्ञान र प्रविधिको सिर्जना एवम् आविष्कारमा केन्द्रीत भई अनुसन्धान हुनु नसक्नु आदि यहाँका प्रमुख समस्याका रूपमा देखिन्छन् ।

उच्च शिक्षण संस्थाहरूमा अनुसन्धानसम्बन्धी गतिविधिहरू अपेक्षाअनुसार हुन सकेको छैन । राष्ट्रिय विकाससँग विश्वविद्यालयका अनुसन्धानलाई आवद्ध गराइनु पर्नेमा सोअनुसार हुन सकेको छैन । राष्ट्रिय योजना आयोग र विश्वविद्यालयका अनुसन्धानहरूबीच तालमेल देखिँदैन। राष्ट्रिय योजना आयोगले मुलुकका योजनाहरूलाई अनुसन्धानमा आधारित गराउन सकेको छैन। शिक्षा नीति तथा योजनाहरूलाई समेत सो अनुसार विकास गर्न सकिएको छैन। त्रिभुवन विश्वविद्यालय अन्तरगत सेरिड, सिनास, रिकाष्ट र सेडा गरी चारवटा अनुसन्धान सस्थाहरू छन् तर ती संस्थाहरू जनशक्ति र आर्थिक अभावका कारणले अपेक्षित उद्देश्य पूरा गर्न सकिरहेका छैनन् । शिक्षा मन्त्रालय अन्तरगतका निकायहरूमा छुट्टै अनुसन्धान एकाइ र शाखाहरू स्थापना भएका छन् र केही अनुसन्धानका प्रयास भएका छन् तापनि गुणस्तरीय हुन सकेको छैन। त्यस्ता अनुसन्धान औपचारिकतामा सीमित भए भन्ने आरोपबाट बच्नु चुनौती बनेको छ । शैक्षिक क्षेत्रका अध्ययन र अनुसन्धानलाई विश्वसनीय बनाउन अझ धेरै प्रयास गर्नु पर्ने देखिन्छ । अनुसन्धानसम्बन्धी जनशक्तिको अभाव एकातर्फ छ भने अर्कोतर्फ सो सम्बन्धी उपलब्ध जनशक्तिलाई पहिचान गरी प्रोत्साहन गर्न सकिएको छैन । शिक्षाका हरेका तह र एकाइ तथा पठनपाठनमा सुधारको अङ्गको रूपमा विकास गर्न सकिएको छैन ।

नेपाल सरकार र तत्कालीन शिक्षा मन्त्रालयले वेलावेला समसामयिक विषयलाई सम्बोधन गर्न आयोग, समिति र कार्यदलहरू गठन गर्ने गरेको र ती आयोग, कार्यदल र समितिले सुझावसहितको प्रतिवेदन दिने गरेका छन्। जुन उद्देश्य र उत्साहका साथ गठन गरिन्छ सो अनुसार तिनले दिएका सुझाव कार्यान्वयन हुने गरेको छैन । कुन आयोग, समिति वा कार्यदलले के के सुझावहरू दिएका थिए, कार्यान्वयनको योजना के बन्यो, कार्यान्वन के कसरी भयो ? भन्ने विषयमा आवश्यक संवेदनशीलता पाइँदैन् । स्वतन्त्र व्यक्ति वा समूह र संस्थावाट र गैरसरकारी संस्था तथा विकास सहयोग दातावाट पनि प्रशस्त अध्ययन अनुसन्धान भएका छन् । त्यस्त कतिपय अनुसन्धानहरू सरकारले उठान गरेका र प्राथमिकताका विषयमासमेत हुने गरेका छन् । विकास सहयोग दाताबाट भएका केही अध्ययन अनुसन्धान नेपाल सरकारको सहमति र स्वीकृतिमा भएका छन् तथापि तिनको उपयोग र प्रयोगको पक्ष कमजोर छ ।

विश्वविद्यालय अनुदान आयोगले गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका लागि छुट्टै महाशाखा स्थापना गरी आवेदन दिएका र न्यूनतम मापदण्ड पूरा गरेका उच्च शिक्षण संस्थाको गुणस्तरका लागि स्वमूल्याङ्कन, पियर रिभ्यू (Peer Review) र अन्तिममा प्राविधिक मूल्याङ्कन गर्ने गरेको छ । अन्तर्राष्ट्रिय स्तरमा राम्रो उच्च शिक्षाको गुणस्तर भएका मुलुकहरूमा देशभरका सबै उच्च शिक्षण संस्थाहरूको प्रकारको मूल्याङ्कन गरी श्रेणीकरण गर्ने प्रचलन देखिन्छ । यसरी गरिएको श्रेणीकरणको सार्वजनिक गरिन्छ । त्यही सार्वजनिक गरिएका नतिजाबाट कुन संस्था र कुन विषयक्षेत्रमा कमजोर छ त्यहींबाट सुधारको थालनी गरिन्छ । तिनै नतिजाहरू गुणस्तर प्रतिस्पर्धाका आधार बन्दछन् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले पनि शिक्षा मन्त्रालय र अन्तरगतका निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्दै आएको छ । त्यस्ता कार्य साङ्केतिक रूपमा मात्र हुने गरेका छन् । यसको प्रकृयागत र प्रकृया पछिको संवेदनशिलता जुन रूपमा हुन पर्ने हो सोअनुसार हुन सकेको छैन। सामान्यतया गुणस्तर परीक्षण (कार्यसम्पादन मूल्याङ्कन)को स्वपरीक्षण पछि बाह्य प्राविधिक परीक्षण तत्पश्चात नतिजाको सम्बन्धित सरोकारवालाबिच प्रबोधीकरण गर्ने यसको न्यूनतम मापदण्ड हो, तथापि त्यही कार्य भएको छैन।

विगत आठ वर्षदेखि संस्थागत संरचना नै स्थापना गरेर स्थापित अन्तर्राष्ट्रिय मापदण्डका आधारमा विभिन्न कक्षा र विषयका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण निरन्तर भैरहेको छ । यसरी गरिएका अनुसन्धानका प्राप्ति तथा निष्कर्ष एकै प्रकृति र प्रवृत्तिका देखिएवाट अध्ययनको विश्वसनीयता मात्रै स्थापित भएको छैन प्राप्त निस्कर्षहरूको समेत वैधता र विश्वसनीय भएको प्रमाणित हुन्छ । तर तिनको कार्यान्वयनमा जुन किसिमको तत्परता र संम्वेदनशीलता आउन पर्ने हो सो अनुसार हुन सकेको छैन।

यस प्रकारका उच्च शिक्षण संस्थाको गुणस्तर सुनिश्चितता र प्रत्यायन, विद्यालयहरूको कार्यसम्पादन परीक्षण र विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण जस्ता प्रयासतर्फको उन्मुखता ज्यादै उल्लेखनीय प्रयास हुन् । यी प्रयासहरू शुरुआतिको अवस्थामा मात्र छन् । सवै शिक्षण संस्थाको गुणस्तर परीक्षण गरी त्यसका नतिजालाई सार्वजनीकरण गर्न सकेमा तीन तरिकाले शैक्षिक सुधारका लागि मद्दत मिल्छ । पहिलो, परीक्षित हुने संस्थाले आफ्नो कमजोरी आफै थाहापाउने अवसर पाउँछन र सुधारको प्रयास हुन्छ । भनिन्छ, स्वमूल्याङ्कन राम्रो सँग गर्ने हो र यसको नतिजाका बारेमा सरोकारवालाले राम्रोसँग जानकारी पाउने हो भने त्यस संस्थाका सत्तरी प्रतिशत समस्या त्यहीँबाट समाधानको प्रयास हुन्छ । दोस्रो, त्यसरी नतिजाको सर्वजनीकरण भए पछि पत्रकार जगत र संस्थाका उपभोगकर्ता (विशेषगरी अभिभावकहरू) ले संवेदनशील रूपमा चासो देखाउन थाल्दछन् र सुधारका लागि प्रत्यक्ष र अप्रत्यक्ष दवाव सिर्जना हुन्छ । सुधारका कतिपय पक्षमा बाध्यता सिर्जना हुनसमेत पुग्दछ । तेस्रो, कतिपय पक्षमा नीति तथा कानूनी आधार विकास गरी नियमन गर्नुपर्ने हुन्छ त्यसका लागि महत्त्वपूर्ण सूचना यस्ता अध्ययन, अनुसन्धान र परीक्षणले उपलब्ध गराउँछन् । यसप्रकार भएका प्रयास, यसको व्यवहारिक पक्ष र सैद्धान्तिक पक्षवाट विश्लेषण गर्दा पनि यी थालिएका प्रयासमा थप प्रयासको आवश्यकता छ भन्ने निचोडमा पुग्न पर्ने हुन्छ ।

### ३. चुनौतीहरू

- विश्वविद्यालय तहका अनुसन्धानलाई नेपालको विकासका प्राथमिकतासँग आवद्ध गर्नु,
- विश्वविद्यालय आवद्ध अनुसन्धान केन्द्रहरूको क्षमता विकास र स्रोत–साधनको व्यवस्था गरी उद्देश्यमूलक संस्थाको रूपमा विकसित गर्नु,
- नीति तथा योजनाका लागि यथार्थपरक र सामयिक सूचना तथा तथ्याङ्कहरू व्यवस्थापन गर्नु,
- शिक्षाका हरेक सङ्गठन, तह, विषय क्षेत्रमा अध्ययन अनुसन्धानलाई प्रभावकारी रूपमा अवलम्बन गर्नु,

- मन्त्रालयदेखि विद्यालयसम्म सवै तह र क्षेत्रमा अनुसन्धानलाई शैक्षिक सुधारको अङ्गको रूपमा विकास गर्नु,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुसन्धानका विषयवस्तुलाई उचित स्थान दिनु
- शिक्षण सिकाइ क्रियाकलापमा अध्ययन अनुसन्धानलाई अभिन्न अङ्को रूपमा अवलम्बन गर्नु,
- परम्परागत ज्ञान, सीप र कला, संस्कृति, भाषा, पुरातात्विक सम्पदाको पहिचान, संरक्षण र संवर्धनका लागि अनुसन्धानका गतिविधिवाट आवश्यक पर्ने सूचना तथा जानकारी उपलब्ध गराउनु

**४. सुझावहरु**

**नीतिगत व्यवस्था**

- अनुसन्धान तथा प्रवर्तनलाई शिक्षासम्बन्धी दिगो विकास र राष्ट्रिय प्राथमिकताका क्षेत्रसँग आवद्ध गराउने
- अनुसन्धानका प्राप्ति (Findings) लाई शैक्षिक सुधारमा प्राथमिकतामा राखे,
- त्रिभुवन विश्वविद्यालय आवद्ध अनुसन्धान केन्द्रहरूको क्षमता विकास गरी उद्देश्यमूलक बनाउने
- अनुसन्धानका निष्कर्षमा आधारित शैक्षिक नीति निर्माण, योजना तर्जुमा र कार्यक्रम तय गर्ने प्रणालीको विकास गर्ने ।
- शैक्षिक क्षेत्रका अध्ययन र अनुसन्धानलाई स्तरीय र विश्वसनीय बनाउने ।
- विद्यालय तहदेखि विश्वविद्यालयसम्म नै अनुसन्धान संस्कारको विकास गर्ने ।
- अध्ययन भएका विषयका प्राप्ति र निष्कर्षहरूलाई प्रबोधीकरण प्रचार–प्रसार गर्ने र संस्थागत गर्ने
- विभिन्न अनुसन्धानसम्बन्धी संस्थाहरूविच समन्वलाई प्रभावकारी बनाउने
- शैक्षिक क्षेत्रमा गरिने अध्ययन र अनुसन्धानलाई स्तरीय र विश्वसनीय बनाउने,
- अध्ययन अनुसन्धानमा आधारित शैक्षिक अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण प्रणालीको विकास गर्ने ।
- पाठ्यक्रम र पाठ्यसामग्रीको विकास, शिक्षक तयार र विकास एवम् तालिमका गतिविधिमा सुधार गर्दा अनुसन्धानका नतिजालाई आधार बनाउने,
- अनुसन्धानका गतिविधिलाई शिक्षणसिकाइको अभिन्न अङ्गका रूपमा अवलम्बन गर्ने पद्धतिको विकास गर्ने ।
- शिक्षक र विद्यार्थीहरूमा अनुसन्धान संस्कारको विकास गर्ने ।
- अनुसन्धानका आधारमा रैथाने र परम्परागत ज्ञान, सीप र कला तथा संस्कृति, भाषा, सम्पदाको पहिचान, संरक्षण र संवर्धन गर्ने

**रणनीति**

- शिक्षामा गरिनु पर्ने राष्ट्रिय अनुसन्धानका मुद्दाहरू राष्ट्रिय योजना आयोग र राष्ट्रिय अनुसन्धान परिषदसमेतको समन्वय र सहकार्यमा गर्ने ।
- शैक्षिक क्षेत्रका अध्ययन र अनुसन्धानलाई स्तरीय र विश्वसनीय बनाउने ।

- अनुसन्धानसम्बन्धी दक्ष जनशक्तिको विकास तथा तालिमको विकास गर्ने ।
- त्रिभुवन विश्वविद्यालय अन्तरगतका अनुसन्धान संस्थाहरूको क्षमता विकास गरी तथा स्रोत सम्पन्न गराई अधिकतम लाभ लिने वातावरणको विकास गर्ने ।
- अध्ययन अनुसन्धान तथा विकासका क्षेत्रमा विशिष्ट योगदान गरेका सेवानिवृत्त शिक्षा सेवाका राष्ट्रसेवक, शिक्षक तथा स्वतन्त्र व्यक्तित्वलाई परिचालित गर्ने ।
- राष्ट्रिय र स्थानीय स्तरमा समिति आयोग र अन्यबाट तयार गरिएका अध्ययन प्रतिवेदनहरूले दिएका सुझावहरूलाई कार्यान्वयन गर्न कार्ययोजना निर्माण गर्ने ।
- अनुसन्धान तथा विकाससम्बन्धी कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गर्न केन्द्र, प्रदेश र स्थानीय तहमा संस्थागत संरचना व्यवस्था गर्ने
- अनुसन्धानसम्बन्धी ज्ञान र दक्षता भएका अनुसन्धान कार्यमा संलग्न हुन प्रोत्साहन गर्ने पद्धतिको विकास गर्ने ।
- प्रदेश र स्थानीय तहमासमेत आवश्यकता र सम्भावनाका आधारमा अनुसन्धान संयन्त्रको स्थापना गर्ने ।
- सवै तह, विषय र कक्षाको पाठ्यक्रम र पाठ्यसामग्री पुनरावलोकन गर्दा अनुसन्धान र विकाससम्बन्धी विषयलाई समावेश गर्ने ।
- सरकारी तथा गैरसरकारी र शैक्षिक तथा प्राज्ञिक क्षेत्रबिच नियमित अन्तरक्रिया गर्ने पद्धतिको विकास गर्ने
- शिक्षक तयारी, विकास र व्यवस्थापनमा अनुसन्धानसम्बन्धी विषयवस्तु र अभ्यासलाई अनिवार्य गर्ने ।
- परियोजना कार्य, कार्यमूलक अनुसन्धान र साना साना अनुसन्धानात्मक कार्यका आधारमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने संस्कार विकास गर्ने ।
- शैक्षिक गतिविधिका वाधक तथा अवरोधहरूको अनुसन्धान तथा विश्लेषण गरी समाधान गर्ने पद्धतिको विकास गर्ने ।
- प्रतिभा पहिचान र सीप प्रतिस्पर्धाबट प्राप्त ज्ञान, सिप, प्रविधि र प्रवर्तनात्मक कार्यलाई उपयोग गर्ने र प्रचार प्रसार गर्ने साथै आधुनिक प्रविधिसँग संयोजन गरी नवप्रवर्तनमा उपयोग गर्ने ।

परिच्छेद ३०

# विदेशी शिक्षण संस्था सम्बद्ध शैक्षिक संस्थाहरु

## १.पृष्ठभूमि

दक्ष, सक्षम, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी राष्ट्र विकासको आधार फराकिलो बनाउने र राष्ट्रको पहिचान अभिवृद्धि गर्न शिक्षाको विश्वव्यापी प्रतिस्पर्धा आवश्यक छ ।हरेक व्यक्ति आफैंमा शिक्षा प्राप्त गरी सक्षम र प्रतिस्पर्धी हुन चाहन्छ । यसका लागि स्तरीय पाठ्यक्रम, दक्षतामूलक शिक्षण प्रक्रिया, उपयुक्त पूर्वाधार तथा आधुनिक प्रविधिको प्रयोग एउटा आधार बन्न सक्छ भने विश्वव्यापी प्रतिस्पर्धी वातावरणमा समायोजन पनि महत्त्वपूर्ण पक्ष हो । नेपालले विश्वव्यापार सङ्गठनको सदस्यता प्राप्त गरेको छ । विश्वव्यापार सङ्गठनले बौद्धिक सम्पदासम्बन्धी अधिकार उल्लेख गरेको छ । विश्वव्यापीकरणको प्रभाव स्वरूप विश्वव्यापी रूपमा बौद्धिक सम्पदाको निर्वाध उपयोग पनि अवसर वनेको छ ।

औपचारिक शिक्षाको छोटो इतिहास भएको हाम्रो देशमा विविध अनुभव, राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासहरूका अध्ययनका आधारमा समसामयिक बनाउने प्रयास भएको छ । विद्यार्थीका रुचि, चाहना, क्षमता र आवश्यकता एवम्  विज्ञान र प्रविधिले ल्याएका समसामयिक परिवर्तनलाई समेत दृष्टिगत गरी शैक्षिक पाठ्यक्रम र कार्यक्रमहरू स्तरीय, आधुनिक र प्रतिस्पर्धी बनाउने प्रयास भएका छन् । नेपालजस्तो कम विकसित मुलुकमा शिक्षाका समसामयिक प्रवर्तनको अवलम्बन र उपयोग सर्वसुलभ हुनु चुनौतीपूर्ण छ । सबै विषयक्षेत्रका शैक्षिक कार्यक्रम सञ्चालन, त्यसका लागि उपयुक्त जनशक्तिको प्राप्ति र पर्याप्त स्रोत व्यवस्था त्यति सहज छैन । विविध रुचि र आवश्यकताका सिकारु र सोको प्राप्तिका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सम्भावनाहरूको खोजी स्वाभाविक छ ।

विश्वविद्यालय शब्दको नामैले पनि विश्वस्तरका हुन् भन्ने अर्थ दिन्छ । विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरू विश्वका कुनै पनि देशमा सञ्चालन हुनु स्वाभाविक पनि रहेको छ । यसै पृष्ठभूमिमा औपचारिक रूपमा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका (संशोधनसहित) २०५९ जारी भएपछि नेपालमा पनि विदेशी शिक्षण संस्थाको सम्बन्धनमा शैक्षिक संस्था स्थापना र सञ्चालनको प्रयास भएको देखिन्छ । विद्यालय तहको शैक्षिक कार्यक्रम सम्बन्धित मुलुकको कुटनीतिक नियोगको सिफारिसमा नेपाल सरकारको अनुमति लिई सञ्चालन गर्न पाउने कानुनी व्यवस्था छ ।

## २. वर्तमान अवस्थाको विश्लेषण

नेपालमा विदेशी शिक्षण संस्थाहरूसँगको सम्बन्धनमा विद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरू सञ्चालनमा रहेका छन् । विद्यालय शिक्षाको हकमा शिक्षा ऐन, २०२८ ले नेपाल सरकारसँगको दुई पक्षीय सम्झौता वा विदेशी कुटनीतिक नियोगको सिफारिसमा नेपाल सरकारले सर्त तोकी कक्षा १० सम्मको शिक्षाका लागि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन पाउने प्रावधानअनुसार विदेशी शिक्षण संस्थासँगको सम्बन्धनमा नेपालमा त्यस्ता विद्यालयहरू सञ्चालन हुँदै आएका थिए । नेपालमा

सञ्चालित कुनै पनि शिक्षण संस्थाले विदेशी बोर्डबाट सम्बन्धन लिई नेपालमा विद्यालय तहको कक्षा ११ र कक्षा १२ सम्मको शैक्षिक कार्यक्रम सञ्चालन गर्न तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् ऐन, २०४६ मा व्यवस्था नभएको हुँदा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका,२०५९ अनुसार सञ्चालन अनुमति दिइएको देखिन्छ ।

नेपालको विद्यालय शिक्षामा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा विद्यालय खोली सञ्चालन गर्न पाउने स्पष्ट व्यवस्था देखिँदैन । व्यवहारमा विश्वव्यापीकरण र प्रविधिको विस्तारका कारण विद्यालय तहमा विदेशी बोर्डको सम्बन्धनमा कक्षा १२ सम्मको शिक्षा दिने विद्यालयहरू सञ्चालन भइरहेको देखिन्छ । कानुनतः सम्बन्धित मुलुकको कुटनीतिक नियोगको सिफारिसमा एउटा मात्र त्यस्तो प्रकृतिको विद्यालय खोली सञ्चालन गर्न पाउने प्रावधान रहेको पाइन्छ । यसका साथै त्यस्ता कार्यक्रम सञ्चालन गर्ने संस्थाले नेपालको सार्वभौमसत्ता, राष्ट्रियता, ऐतिहासिक मूल्यमान्यता तथा रीतिरिवाज प्रतिकूल हुने अथवा जातजाति, क्षेत्र सम्प्रदायबिच घृणा फैलाउने वा सामुदायिक सम्बन्धमा आँच आउने खालको पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री अध्ययन तथा अध्यापन गराउन नपाउने व्यवस्था गरेको छ ।

संसारमा विश्वव्यापार सङ्गठनको उदय र उदार अर्थतन्त्रका कारण शिक्षालाई उद्योगका रूपमा विकास गर्ने क्रम ह्वात्तै बढ्यो । फलस्वरूप नेपाल सरकारले विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका (संशोधनसहित), २०५९ जारी गरी विदेशी शैक्षिक संस्थाका कार्यक्रमहरू नेपालमा वि.सं. २०६१ बाट सञ्चालनमा ल्याएको देखिन्छ । यसै प्रावधानलाई टेकेर तत्कालीन अवस्थामा नेपालमा प्रवीणता प्रमाणपत्र तह (हालको कक्षा ११ र कक्षा १२) उच्च शिक्षाअन्तर्गत रहेकाले कक्षा ११ र कक्षा १२ अर्थात् ए-लेभेलसरहका कार्यक्रमलाई पनि उक्त निर्देशिकाबमोजिम कार्यक्रम सञ्चालन अनुमति दिइएको देखिन्छ । हाल नेपालमा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा विद्यालय शिक्षाको कक्षा १२ तथा ए-लेभेलसरह तथा उच्च शिक्षा दिने गरी ९५ ओटा शिक्षण संस्थाहरू सञ्चालन रहेका र तीमध्ये ५९ ओटा शिक्षण संस्थामा स्नातक वा सोभन्दा माथिका उच्च शिक्षाका कार्यक्रमहरू सञ्चालन भइरहेको तथ्याङ्कले देखाएको छ । यी शैक्षिक संस्थाहरूमा हाल १२ हजार विद्यार्थीहरू अध्ययनरत रहेका छन् । भौगोलिक हिसाबमा त्यस्ता उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूको सङ्ख्या काठमाडौं उपत्यकामा मात्र ४५ पुगिसकेको देखिन्छ ।

सिकाइ, ज्ञान र अनुसन्धानका विषयहरूको सहज आदानप्रदान गर्न, उच्च शिक्षालाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउन, राष्ट्रिय प्रतिभा पलायनलाई रोक्न, अध्ययनका लागि विदेशमा जाने युवाको प्रवाहलाई रोकी विदेशी मुद्रा सञ्चितिमा सहयोग गर्न, शिक्षामा प्रविधिको विकासलाई प्रवर्धन गर्न तथा समकक्षता र क्रेडिट स्थानान्तरमा सहजता ल्याउनका लागि नेपाल सरकारले नेपालमा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा शिक्षण संस्थाहरूको सञ्चालन गर्न अनुमति प्रदान गरेको देखिन्छ । विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका,२०५९ लाई नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार २०७२ साउन ३२ गते पहिलो संशोधन गरी विदेशी विश्वविद्यालय तथा

उच्च शिक्षा प्रदायक शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा सञ्चालित शिक्षण संस्थाहरूलाई थप नियमन गर्ने प्रयास भएको देखिन्छ ।

## ३. समस्या तथा चुनौती

- हाल नेपालमा विदेशी कार्यक्रममा सञ्चालित विद्यालय शिक्षा र विदेशी विश्वविद्यालय तथा शिक्षण संस्थाहरूबाट सम्बन्धन लिई सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूका सम्बन्धमा निम्नानुसारका समस्या तथा चुनौती देखिन्छ :
- विदेशी शैक्षिक कार्यक्रममा नेपालमा सञ्चालित विद्यालयहरू कसका लागि, कति सङ्ख्यामा र कुन भौगोलिक क्षेत्रमा सञ्चालन हुने भन्ने विषयहरू स्पष्ट भई सोअनुसारको अनुमति तथा स्वीकृतिमा सञ्चालन गर्नु
- विदेशी सम्बन्धनमा सञ्चालित संस्थाहरूले प्रदान गर्ने कार्यक्रम, विषय, पाठ्यक्रम, क्रेडिट घण्टा, शिक्षक, परीक्षा तथा नतिजा प्रणाली जस्ता विषयवस्तुको नियमित रूपमा अद्यावधिक गर्नु
- विदेशी सम्बन्धनमा सञ्चालित संस्थाहरूलाई नक्साङ्कनका आधारमा मात्र अनुमति दिने प्रावधान रहेकामा सो व्यवस्थाअनुसार नियमन तथा पुनःस्थापना गर्नु
- विदेशी विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरूले आफ्नो सम्बन्धनमा नेपालमा सञ्चालित संस्थाको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन नेपालको शिक्षा मन्त्रालयमा पेस गर्नुपर्ने प्रावधानलाई नियमित र प्रभावकारी बनाउनु
- उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ (संशोधनसहित) ले विश्वविद्यालयको स्तरीकरणअनुसार एक हजारभित्रको वरियतामा नपरेको तर गुणस्तरीय विश्वविद्यालय भए तापनि उक्त वरियताको प्रतिस्पर्धामा जान नचाहेको वा नगएको वा नरहेको भए नेपाल सरकारले विभिन्न निकायहरूमार्फत् बुझी वा बुझ्न लगाई शैक्षिक कार्यक्रम सञ्चालन अनुमति दिन सक्ने भन्ने थप प्रावधानले नेपालमा सञ्चालित त्यस्ता शैक्षिक संस्थाहरूको गुणस्तर सुनिश्चित गर्नु
- अनुमति प्राप्त गरी सञ्चालनमा रहेका संस्थाहरूको नवीकरणका लागि नेपालका विश्वविद्यालयका प्राध्यापकसमेतको सहभागिता हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अनुगमन समिति खटाई सो समितिको सिफारिसमा नवीकरण गर्ने भन्ने प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनु
- कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरेका शिक्षण संस्थाहरूमा अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति र सहुलियतपूर्ण शिक्षा व्यवस्था गर्नु
- नेपाल सरकारबाट कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरी सञ्चालित शिक्षण संस्थाहरूमा योग्य र दक्ष शिक्षकको सुनिश्चितता गर्नु
- अनुमति प्राप्त गरी सञ्चालनमा रहेका संस्थाहरूले विदेशी शिक्षक, व्यवस्थापक तथा कर्मचारी भर्ना गर्दा नेपाल सरकारको पूर्व स्वीकृत लिनुपर्ने प्रावधान र सोअनुसार भए नभएको विषयमा नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदनलाई अद्यावधिक गर्नु

- नेपाल सरकारको अनुमति विना नेपालमा केही संस्थाहरूले विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गरेको भन्ने समाचारहरू बेलाबखत आइरहेको सिलसिलामा त्यस्ता संस्थाहरूलाई नियमन गर्न र ती संस्थाहरूबाट उत्तीर्ण भएका विद्यार्थीहरूको शैक्षिक प्रमाण पत्रको समकक्षता सुनिश्चितता गर्नु

**सुझावहरू**

**नीतिगत व्यवस्था**

१. विदेशी शैक्षिक संस्थाको सम्बन्धनमा सञ्चालन हुने नेपालका शैक्षिक संस्थाहरूका लागि मापदण्ड निर्धारण गर्ने

२. निर्धारित मापदण्ड तथा ऐनकानुनबमोजिम ती शैक्षिक संस्थाहरू सञ्चालन भए नभएको नियमित अनुगमन गरी नियमन गर्ने

**रणनीति**

१. नेपालमा कुनै शिक्षण संस्थाले विदेशी मुलुकमा सञ्चालनमा रहेको कक्षा १ देखि कक्षा १२ सम्मको शैक्षिक कार्यक्रम नेपालमा सञ्चालन गर्न चाहेमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सम्बन्धित मुलुकको कुटनीतिक नियोगको सिफारिससहित परराष्ट्र मन्त्रालयको सिफारिसमा ती कुटनीतिक नियोगका कर्मचारीका सन्ततिलाई मात्र पढाउन पाउने गरी एउटा मात्र विद्यालय सञ्चालन अनुमति दिने

२. नेपाल सरकारबाट यसअघि नै अनुमति वा स्वीकृत प्राप्त विदेशी शैक्षिक कार्यक्रममा नेपालमा सञ्चालित विद्यालय वा नेपालको प्रचलित कानुनबमोजिम कम्पनी वा शैक्षिक गुठीमा दर्ता भएका विदेशी विद्यालयहरूको पुनरवलोकन गरी कानुनबमोजिम सञ्चालन गराउने

३. नेपालमा विदेशी शैक्षिक कार्यक्रममा सञ्चालित विद्यालयहरू सम्बन्धित मुलुकको कुटनीतिक मामिलासँग सम्बन्धित भएकाले यससम्बन्धी अनुमति, अनुगमन, मूल्याङ्कन र नियमनको जिम्मा सङ्घीय सरकारको हुने

४. सङ्घीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विदेशी शैक्षिक कार्यक्रममा सञ्चालित विद्यालयहरूको विस्तृत विवरण सम्बन्धित प्रदेश सरकार र स्थानीय सरकारलाई नियमित रूपमा जानकारी गराउने

५. नेपालमा रहेका कुटनीतिक नियोगका कर्मचारीका सन्ततिलाई मात्र पठनपाठन गराउने प्रयोजनका लागि अनुमति प्राप्त गरी खोलिएका विदेशी कार्यक्रमका विद्यालयहरूमा नेपाली नागरिकलाई प्रवेश नदिने

६. विदेशी विद्यालयको सहकार्यमा खोलिएका र सञ्चालनमा रहेका विद्यालयहरूको नियमन तथा व्यवस्थापनका लागि कानुन वनाई कार्यान्वयन गर्ने

७. विद्यालय तहमा नेपालमा अध्यापन गराई विदेशी बोर्डको परीक्षामा सामेल गराउने परिपाटीको पूर्ण नियमन र नियन्त्रण गर्दै क्रमशः पाँच वर्षभित्रमा नेपालका उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थालाई नै सोही स्तरमा विकास गर्ने ।

८. नेपालमा विदेशी शैक्षिक कार्यक्रममा सञ्चालित शिक्षण संस्थाले नेपालको सार्वभौमसत्ता, राष्ट्रियता, ऐतिहासिक मूल्य मान्यता तथा रीतिरिवाज प्रतिकूल हुने अथवा जातजाति, क्षेत्र, वर्ग, सम्प्रदायबिच घृणा तथा द्वेश फैलाउने वा सामुदायिक संस्कृतिमा आँच आउने खालका पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री अध्ययन अध्यापन गराउन नपाइने गरी स्पष्ट कानुन निर्माण गरी सोअनुरूप भए नभएको अनुगमन तथा मूल्याङ्कन गरी त्यस्तो अवाञ्छित क्रियाकलाप भएको पाइएमा त्यस्ता शिक्षण संस्थाको सञ्चालन अनुमति रद्द गर्ने
९. नेपालमा पठनपाठन हुनै नसक्ने विषयमा बाहेक विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपालमा एकै संस्थाले एकभन्दा बढी विषयमा उच्च शिक्षा सञ्चालन गर्न नपाउने व्यवस्था गर्ने
१०. विदेशी सम्बन्धनमा सञ्चालित संस्थाहरूले प्रदान गर्ने कार्यक्रम, विषय, पाठ्यक्रम, क्रेडिट घण्टा, शिक्षक, परीक्षा तथा नतिजा प्रणाली जस्ता विषयवस्तुहरूको वार्षिक रूपमा दुई पटक उच्च शिक्षा आयोगबाट खटिने प्राज्ञ समूहबाट अनुगमन तथा मूल्याङ्कन गरी गराई सो को प्रतिवेदन नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश गर्ने र यस मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत् सम्बन्धित कुटनीतिक नियोगमासमेत पठाउने व्यवस्था गरी सार्वजनिक गर्ने
११. अनुमति प्राप्त गरी सञ्चालनमा रहेका संस्थाहरूले विदेशी शिक्षक, व्यवस्थापक तथा कर्मचारी भर्ना गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने प्रावधानको प्रभावकारी कार्यान्वयन गर्ने
१२. प्रचलित उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ (संशोधनसहित) को संशोधन गरी विश्वविद्यालयको स्तरीकरणअनुसार पाँच सयभित्रको वरियतामा नपरेको विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाको सम्बन्धनमा नेपालमा कार्यक्रम सञ्चालन अनुमति प्रदान नगर्ने
१३. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवेदन दिने संस्थाहरूको योग्यता परीक्षण गर्न उच्च शिक्षा आयोगले एक समिति गठन गरी जिम्मेवारी दिने । सो समितिको प्रतिवेदनका आधारमा उच्च शिक्षा आयोगले सिफारिस गर्ने र औचित्यको आधारमा नेपाल सरकारले स्वीकृति दिने
१४. अनुमति प्राप्त गरी सञ्चालनमा रहेका संस्थाहरूले हरेक पाँच वर्षमा अनुमतिको नवीकरण गर्नुपर्ने र गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रमाणपत्रको आधारमा मात्र नवीकरण हुने व्यवस्था गर्ने
१५. नेपाल सरकारको अनुमति प्राप्त गरी विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा सञ्चालित शिक्षण संस्थाहरूले कारणवश बिचैमा कार्यक्रम बन्द गरेमा वा सम्बन्धित संस्थाको लापरवाहीले विद्यार्थीको शैक्षिक जीवनमा कुनै पनि प्रकारको क्षति पुग्न गएमा सोको पूर्ण क्षतिपूर्ति सम्बन्धित संस्था स्वयमले वहन गर्ने
१६. कुनै एक ठाउँका लागि अनुमति प्राप्त गरी सञ्चालित संस्था त्यसै स्थानका लागि मात्र मान्य हुने अर्थात् स्थानान्तरण नगर्ने
१७. राज्यको प्राथमिकतामा परेका जेहेनदार, विपन्न, महिला, जनजाति, मधेसी, दलित, अपाङ्गता भएका तथा पिछडिएको क्षेत्रलाई मात्र उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरेका शिक्षण संस्थाहरूले स्वेदशी लगानीकर्ता भए कुल कार्यक्रम क्षमताको दश प्रतिशत र विदेशी लगानीकर्ता भए बिस प्रतिशत छात्रवृत्ति उपलब्ध गराई सोको विवरण सार्वजनिकीकरण गर्ने

१८. विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपालमा सञ्चालन, अनुमति तथा नियमनसम्बन्धी विषयवस्तुहरू नेपाल सरकार, सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको जिम्मेवारीभित्र रहने
१९. नेपालका विश्वविद्यालयहरूमा सञ्चालन नभएका, सञ्चालन गर्न स्रोत तथा जनशक्ति पर्याप्त नभएका, नयाँ प्रविधिसम्बद्ध विषयका कार्यक्रम सञ्चालन गर्न तत्पर विश्वविद्यालयका कार्यक्रमलाई प्राथमिकता दिने
२०. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थामा कम्तीमा २५ प्रतिशत विदेशी विद्यार्थी अध्ययन गराउनुपर्ने
२१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा सञ्चालित विद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन सार्वजनिक गर्ने

परिच्छेद ३१

# सिफारिस कार्यान्वयन ढाँचा

## (क)तहगत सरकारको जिम्मेवारी

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| १ | आधारभूत शिक्षा | **(क) प्रारम्भिक बाल विकास र शिक्षा** | | |
| | | सबै बालविकास केन्द्रमा न्यूनतम कक्षा १२ उत्तिर्ण गरी तालिमप्राप्त शिक्षक (सहजकर्ता) को व्यवस्था | नीतिगत व्यवस्था | अनुगमन |
| | | सबै बालविकास केन्द्रका बालबालिकाका लागि अनिवार्य दिवा खाजाको व्यवस्था | स्रोतको व्यवस्था | स्रोतको व्यवस्था र अनुगमन |
| | | अति विपन्न वर्गका बालबालिकाका लागि विशेष व्यवस्था | — | — |
| | | प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा व्यवस्थापन, अनुगमन, निरीक्षण/सुपरिवेक्षण | न्यूनतम मापदण्ड निर्धारण, साधन विकास | समन्वय र अनुगम |
| | | बालविकास शिक्षकको स्थायी नियुक्ति सेवासर्त र सुविधा | स्रोतको व्यवस्था | स्रोतको व्यवस्था |
| | | प्रारम्भिक बालविकाससम्बन्धी १ वर्षसम्मको तालिम तथा तयारी | सङ्घीय विश्वविद्यालयहरू | प्रादेशिक विश्वविद्या |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| | | | | |
| | | प्रारम्भिक बालविकासमा सामग्री निर्माण तथा प्रयोगसम्बन्धी तालिम सञ्चालन (पुनर्ताजगी तालिमसमेत) | — | मूख्य प्रशिक्षक प्रशि तालिम सञ्चालन र तालिम अनुगमन |
| | | प्रारम्भिक बालविकासमा बहुपक्षीय सहयोग र उपयोग | वैदेशिक सहायताका लागि समन्वय | समन्वय र अनुगम |
| | | बालविकाससँग सम्बन्धित विषयमा एकीकृत रूपमा अभिभावक शिक्षा सञ्चालन | प्राविधिक सहायता | प्राविधिक सहायता |
| | | प्रारम्भिक बालविकास केन्द्रको भौतिक पूर्वाधार निर्माण र व्यवस्था | अनुदान सहायता | समन्वय र सह |
| | | **(ख) आधारभूत शिक्षा (कक्षा १–८)** | | |
| | | आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउन पर्याप्त स्रोत, उपयुक्त भौतिक पूर्वाधार तथा पर्याप्त र योग्य शिक्षकको व्यवस्था | नीति, कानुन र बजेट व्यवस्था | बजेट व्यवस्था, अ समन्वय र कार्यान्व |
| | | दुर्गम क्षेत्रमा आवश्यकताअनुसार कक्षा ३ भन्दा माथिका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन | सङ्घीय शिक्षा ऐन र नियमावलीमा व्यवस्था | समन्वय र अनुगम |
| | | अपाङ्ग बालबालिकालाई विशेष विद्यालयको व्यवस्थापन र सञ्चालन | सङ्घीय शिक्षा ऐन र नियमावलीमा व्यवस्था | प्रत्येक प्रदेशमा क एउटा विशेष विद्या स्थापना; समन्वय |

| र | स्थानीय सरकार |
|---|---|
| | |
| | कार्यान्वयन |
| र | थप स्रोतको व्यवस्था र कार्यान्वयन |
| | थप स्रोतको व्यवस्था र कार्यान्वयन |
| न | सञ्चालन, सहायता र सहजीकरण |
| | (स्थानीय विज्ञ समूह, संस्था र स्थानीय शिक्षा एकाइलाई परिचालन) |
| | स्रोत व्यवस्थापन तथा कार्यान्वयन |
| लयहरू | |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| | | | | अनुगमन |
| | | मौसमी बसाइँसराइका बालबालिकालाई जहाँ पुगे पनि भर्ना लिई प्रमाणका आधारमा पढाइमा निरन्तरता दिने व्यवस्था | सङ्घीय शिक्षा ऐन र नियमावलीमा व्यवस्था | समन्वय र सहजीक |
| | | विद्यालय समायोजन, सेवा क्षेत्र निर्धारण र सम्बन्धित विद्यालयमा मात्र पठनपाठन गर्ने व्यवस्था | सङ्घीय शिक्षा ऐन र नियमावलीमा व्यवस्था | समन्वय र अनुगम |
| | | सबै निजी विद्यालयलाई सेवामूलक विद्यालयमा रूपान्तरण | नीतिगत व्यवस्था | नियमन र कार्यान्व |
| | | पाठ्यक्रमलाई जीवनोपयोगी बनाउने | राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास, मूल विषयको पाठ्यक्रम विकास र नमुना पाठ्यपुस्तक विकास | ऐच्छिक विषयका पाठ्यक्रम तथा सि सामग्री निर्माण र |
| | | कम्तीमा पाँच वर्षमा एक पटक सबै विद्यालयहरूको कार्यसम्पादन परीक्षण, स्थानीय तहगत रूपमा श्रेणीकरण र नतिजाको सार्वजनिकीकरण | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | समन्वय र सहजीक |
| २ | **माध्यमिक शिक्षा** | हरेक विद्यालयमा राष्ट्रिय गुणस्तर मापदण्ड अनुरूपका न्युनतम भौतिक पूर्वाधार, पर्याप्त सङ्ख्यामा दक्ष, योग्य र उत्प्रेरित विषय शिक्षकहरू, गैरशिक्षक कर्मचारीको व्यवस्था गर्दै शिक्षणका लागि अत्याधुनिक सूचना प्रविधिमा पहुँचको सुनिश्चितता | सङ्घीय शिक्षा ऐन तथा योजना र बजेट व्यवस्था | योजना, सहजीकरण, सञ्चालन |

| र | क्र.सं. | स्थानीय/विषय/क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|
| | | | | | |
| करण | | विद्यालय तथा स्थानीय सरकारको समन्वय र सहयोग | विद्यालय समायोजन, सेवाक्षेत्र निर्धारण र सम्बन्धित विद्यालयमा मात्र पठनपाठन गर्ने व्यवस्था | सङ्घीय शिक्षा ऐन र नियमावलीमा व्यवस्था | समन्वय र अनुगम |
| न | | स्थानीय शिक्षा ऐनमा व्यवस्था, सञ्चालन र व्यवस्थापन | माध्यमिक शिक्षा उत्तीर्ण हरेक व्यक्तिलाई उद्यमशील र रोजगारमूलक बनाउन माध्यमिक तहबाटै आवश्यकता अनुरूपको व्यवसायिक शिक्षा र सीप उपलब्ध गराउने | बजेट व्यवस्था र सङ्घीय ऐनमा व्यवस्था | बजेट व्यवस्<br>सञ्चालन |
| यन | | कार्यान्वयन र सहजीकरण | प्रधानाध्यापकको छुट्टै पद सिर्जना गरी जवाफदेही, उत्प्रेरित, उत्तरदायी र अधिकारसम्पन्न बनाउने | सङ्घीय शिक्षा ऐनमार्फत् मापदण्ड निर्धारण | सहजीकरण र सम |
| काइ<br>समन्वय | | स्थानीय पाठ्यक्रम विकास तथा प्रयोग | सबै निजी लगानीका माध्यमिक विद्यालयलाई गैरनाफामूलक सेवामूलक संस्थामा रूपान्तरण | सङ्घीय शिक्षा ऐनमा व्यवस्था | मापदण्ड निर्माण |
| करण | | सहयोग र कार्यान्वयन | विद्यालयबाहिर रहेका तथा बिचैमा पढाइ छोड्न बाध्य भएका सबै नागरिकलाई कामसँगैको शिक्षा र खुल्ला माध्यमिक विद्यालयमार्फत् निःशुल्क माध्यमिक शिक्षा प्रदान | निति तथा बजेट व्यवस्थापन र खुला शिक्षा सञ्चालन | सहजीकरण र सम |
| | ३ | **उच्च शिक्षा** | विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रूपान्तरण (मुख्य कार्यहरू : राष्ट्रिय अनुसन्धान कोषको व्यवस्था, उच्च शैक्षिक संस्थाहरूको वर्गीकरण, आदि) | नीतिगत प्रावधान र निर्णय (छनौटका आधार एवम् मापदण्ड र कार्यक्षेत्राधिकार) | समन्वय<br>सहजीकर |
| बजेट,<br>तालिम | | बजेट व्यवस्था र | विश्वविद्यालयहरूको शासकीय प्रवन्धका लागि बोर्ड अफ ट्रस्टिजको गठन तथा कार्यकारी पदहरूमा खुला प्रतिस्पर्धाबाट छनौटको | नीतिगत प्रावधान र निश्चित प्राज्ञिक तथा व्यवस्थापकीय | समन्वय |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| | | प्रावधान | मापदण्डका आधार निर्माण | |
| | | विश्वविद्यालय क्याम्पस कीर्तिपुरलाई विश्वस्तरीय अनुसन्धान केन्द्रका रूपमा विकास | नीतिगत व्यवस्था र सहयोग | — |
| | | एकीकृत विश्वविद्यालय सेवा आयोगको व्यवस्था | नीतिगत व्यवस्था | समन्वय |
| | | प्रत्येक ५ वर्षमा अनिवार्य रूपमा सबै उच्च शिक्षा संस्थाहरूको गुणस्तर प्रत्यायन, श्रेणीकरण र नतिजाको सार्वजनिकीकरण | नीतिगत प्रावधान र मापदण्ड निर्धारण | समन्वय र कार्यान्वयन |
| | | वित्तीय प्रवन्धका लागि लागत आपूरणको सिद्धान्तको व्यवस्था | नीतिगत व्यवस्था र अनुगमन | समन्वय सहजीक |
| | | विश्वविद्यालय शिक्षकको न्यूनतम योग्यतामा वृद्धि<br><br>(न्यूनतम योग्यता विद्यावारिधि, अनुसन्धान कृति, आदि) | नीति तथा सर्त निर्धारण | समन्वय |
| | | उच्च शिक्षामा खुला तथा दूर शिक्षा पद्धतिको व्यवस्था<br><br>(खुला र परम्परागत मोड) | नीतिगत व्यवस्था | समन्वय र सहजीव |
| | | परीक्षा तथा मूल्याङ्कन (खुला विश्वविद्यालय तथा खुला सिकाइका हकमा अनलाईन परीक्षा प्रणाली र एक विश्वविद्यालयबाट अर्को विश्वविद्यालयमा एवम् एक विषयबाट अर्को विषयमा जाँदा क्रेडिट ट्रान्स्फर पद्धति) | नीतिगत व्यवस्था | समन्वय र सहजीव |
| | | शिक्षक उत्पादनका लागि शिक्षाशास्त्र सङ्कायलाई विश्वविद्यालय शिक्षा कलेजमा रूपान्तरण | नीतिगत व्यवस्था | समन्वय र सहजीव |

| र | क्र.सं. | स्थानीय/विषय/क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|
| | | | राष्ट्रिय विकास सेवाको अनिवार्य व्यवस्था | नीतिगत प्रावधान | समन्वय र सहजीव |
| | | — | साक्षर नेपाल घोषणा र डिजिटल साक्षर नेपाल अभियान सञ्चालन, एक परिवार एक डिजिटल साक्षर सदस्य कार्यक्रम सञ्चालन | नीतिगत व्यवस्था र अगुवाइ | समन्वय |
| य | | — | साक्षरताका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय र स्थानीय संघ संस्थाहरूबिच समन्वय र सहकार्य | अन्तर्राष्ट्रिय एवम् राष्ट्रियस्तरका सरकारी र गैरसरकारी निकायबिच समन्वय | प्रदेशस्तरीय निकाय समन्वय र साझेदा |
| | | — | | | |
| र रण | | — | हरेक स्थानीय तहमा आजीवन सिकाइ एवम् साक्षरोत्तर कार्यक्रम सञ्चालन | — | — |
| | | — | प्रत्येक स्थानीय तहका हरेक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना | नीति र मापदण्ड आधार निर्माण | समन्वय र अनुगम |
| करण | | — | स्वआर्जित ज्ञान र सीपको पहिचान, प्रमाणीकरण र दोहोरो प्रवेश पद्धतिको व्यवस्था | नीतिगत व्यवस्था | समन्वय र सहजीव |
| करण | | — | परम्परागत ज्ञान सीपको संरक्षण र स्थानीय ज्ञान, सीप र अनुभव तथा सेवा क्षेत्रका लागि आवश्यक ज्ञान सीप र उद्यमशीलतामा आधारित कोर्स तयारी र क्षमता विकास | नीति तथा योजना | मापदण्ड र अनुगम |
| | | | भर्चुअल र खुला विद्यालय तथा विश्वविद्यालय स्थापना र व्यवस्थापन | नीतिगत प्रावधान र सञ्चालन | समन्वय र सहयोग |
| करण | ५ | प्राविधिक तथा व्यावसायिक | | | |
| | | | श्रमबजारको सर्वेक्षण गरी सीपका क्षेत्र पहिचानका आधारमा सबै | बजेट तथा मापदण्ड निर्धारण | समन्वय र सहजीव |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| | शिक्षा र तालिम | स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको स्थापना | | |
| | | हरेक प्रदेशमा नमुना बहुप्राविधिक शिक्षालयका रूपमा अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास केन्द्र स्थापना | सङ्घीय ऐनमा समावेश गरी बजेट व्यवस्थापन | नीति नियम निर्मा कार्यान्वयन |
| | | वर्तमान प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा, तालिम र सीपको व्यवस्थाका लागि स्थापित सङ्गठनात्मक संरचनाको पुनर्संरचना | सङ्घीय कानुन र मापदण्ड निर्माण | कार्यान्वयन |
| | | प्राविधिक धारका सामुदायिक विद्यालयलाई निश्चित मानकसहित नमुना शिक्षालयका रूपमा विकास | सङ्घीय कानुन र मापदण्ड निर्माण | प्रादेशिक मापदण्ड र कार्या सहजीकरण |
| | | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप तयार गरी सो का आधारमा सबै प्रकारका सीपहरूको परीक्षण तथा प्रत्यायनको व्यवस्था | सङ्घीय नीति मापदण्ड तयार | सङ्घीय नीति र बमोजिम प्रादेशिक र कार्यान्वयन |
| | | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास सञ्चालनलाई छुट्टाछुट्टै सम्बोधन हुने गरी एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास ऐन तर्जुमा | ऐन तर्जुमा गर्ने | कार्यान्वयन तथा स |
| | | प्राविधिक शिक्षा प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान (TITI) लाई सङ्घीय सरकारको तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी मानव संशाधन विकास खोज, अनुसन्धान र उद्यमशिलता प्रवर्धन गर्ने निकायका रूपमा रूपान्तरण | सङ्घीय कानुन र मापदण्ड निर्माण | कार्यान्वयन |

| र | क्र.सं. | स्थानीय/विषय/क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|
| णि गरी | — | | नेपालका शिल्पी समूहका र अन्य समूहका परम्परादेखि सिकेका रैथाने सीप एवम् आफ्नै प्रयासबाट आर्जन गरेका विभिन्न सीपहरूको प्रवर्धन, आधुनिकीरण र व्यावसायीकरण | विद्यमान नीतिगत व्यवस्थालाई थप सहज बनाउने | सन्दर्भसापेक्ष नीति र कार्यान्वयन |
| | कार्यान्वयन | | प्राविधिक धारबाट साधारण धार तथा साधारण धारबाट प्राविधिक धारमा जान सक्ने/पाउने मापदण्ड तयार गर्नुका साथै सीप परीक्षण र प्रमाणीकरणका आधारमा समेत समान तहको औपचारिक डिग्री सरहको मान्यता वा समकक्षता प्रदान | सङ्घीय कानुन र मापदण्ड निर्माण | कार्यान्वयन |
| निर्माण न्वयनमा | कार्यान्वयन | | पारमाणविक, अन्तरिक्ष, जैविकलगायतका प्रविधिको विकास, विस्तार र उपयोगमा विविधीकरण तथा क्षमताको अभिवृद्धि | नीति निर्माण र कार्यान्वयन | कार्यान्वयन |
| मापदण्ड संरचना | ६ सङ्घीय र प्रादेशिक नीतिअनुरूप कार्यान्वयन | शिक्षक विकास र तालिम | शिक्षाशास्त्रको प्राज्ञिक कोर्स अन्य विषयमा प्राज्ञिक कोर्स गरेकालाई सघन प्रकृतिको १८ महिनाको शिक्षक तालिम सञ्चालन | नीति निर्माण र कार्यान्वयन | सहजीकरण |
| | | | अनलाईन, खुला तथा भर्चुअल कक्षाजस्ता विधिहरूको प्रयोगबाट शिक्षक तालिम | नीति र कार्यान्वयन | सहजीकरण |
| समन्वय | कार्यान्वयन | | अध्यापन अनुमतिपत्रको व्यवस्था र प्रत्येक ५ वर्षमा शिक्षण अनुमतिपत्र नवीकरणको प्रावधान | नीति निर्माण र कार्यान्वयन | सहजीकरण |
| | | | शिक्षकहरूको न्यूनतम शैक्षिक योग्यतामा वृद्धि | नीतिगत प्रावधान | कार्यान्वयन |
| | कार्यान्वयन | | शिक्षकको पेसागत विकाससँग विद्यार्थीको सिकाइ उपलब्धिसँग आवद्द गर्ने अनिवार्य व्यवस्था | नीति तथा कार्यान्वयन | अनुगमन र समन्व |
| | ७ | समावेशी शिक्षा | नीति निर्देशिका ऐन नियमावली तहगत पाठ्यक्रम पाठ्यपुस्तक | नीतिगत प्रावधान | समन्वय र कार्या |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| | | तालिम प्याकेजजस्ता दस्तावेजहरूमा लैङ्गिक पक्षको समावेशीकरण र लैङ्गिक परीक्षणको व्यवस्था | | |
| | | समावेशी शिक्षाका लागि न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधार विकास र जनशक्ति व्यवस्था तथा क्षमता विकास | नीति तथा कार्यक्रमको व्यवस्था | समन्वय र सह |
| | | विपन्न लक्षित (गरिब/जनजाति र दलित तथा अपाङ्गता भएका बालबालिकामैत्री सिकाइ समाग्रीको व्यवस्था | मापदण्डसहित निर्देशिका निर्माण तथा स्रोत व्यवस्था | समन्वय र सह |
| ८ | शैक्षिक संस्था व्यवस्थापन तथा नेतृत्व | विद्यालय व्यवस्थापन तथा सञ्चालन राष्ट्रिय कार्यढाँचा तयार | शिक्षा ऐन र नियमावलीमा समावेश | प्रदेशस्तरीय माप निर्माण |
| | | विश्वविद्यालयहरूका सम्पूर्ण कार्यकारी तथा प्राज्ञिक पदहरू क्षमता र योग्यताका आधारमा खुला प्रतिस्पर्धाबाट छनौटको व्यवस्था | सङ्घीय विश्वविद्यालयका कार्यकारी परिषद्हरू | प्रदेश विश्वविद्याल पदाधिकारीह |
| | | विद्यालय र कलेजहरूको स्तर निर्धारणको व्यवस्था | मापदण्ड र निर्देशिका जारी एवम् उपलब्ध गराउने | अन्तर्गतका कलेज गुणस्तर परीक्षण, श्रेणीकरण र सार्वजनिकीकरण |
| | | विद्यालय तथा क्याम्पसहरूमा व्यवस्थापन समिति गठन | सङ्घीय विश्वविद्यालयहरूका लागि कानुन निर्माण | प्रादेशिक विश्वविद्यालयहरूका कानुन निर्मा |
| | | विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूलाई पूर्ण स्वायत्तता प्रदान | सङ्घीय विश्वविद्यालयहरू | प्रादेशिक विश्वविद्य |

| र | क्र.सं. | स्थानीय/विषय/क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|
| | | कार्यान्वयन | | (कानुन निर्माण ) | |
| योग | | कार्यान्वयन | सामुदायिक विद्यालयले भोगचलन गरेका सार्वजनिक जग्गालाई विद्यालयका नाममा नामसारी एवम् रजिष्ट्रेसन | नीतिगत व्यवस्था | — |
| योग | | उपलब्धता र सहजीकरण | नेतृत्वदायी भूमिकामा रहने पदाधिकारीहरूका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन | विश्वविद्यालयस्तरका पदाधिकारीको क्षमता विकास | |
| दण्ड | | सङ्घीय र प्रादेशिक कानुनबमोजिम स्थानीय कानुन निर्माण गरी कार्यान्वयन | विद्यालय-समुदाय सम्बन्ध विकासमा विद्यार्थीहरू (बालक्लब र युवाक्लब) तथा नागरिक समाज (आमा समूह, टोल सुधार समिति समूह, आदि) परिचालन गर्ने व्यवस्था | शिक्षा ऐन र नियमावलीमा समावेश | समन्वय र प्रावि सहायता |
| तयका रू | ९ | शिक्षामा लगानी — | शिक्षण संस्थाहरूका लागि जनशक्ति, पूर्वाधारलगायतका न्यूनतम मापदण्ड तर्जुमा र मापदण्ड हासिल गर्नका लागि शैक्षिक लगानी वितरण/विनियोजन | जनशक्ति प्रक्षेपण र न्यूनतम मापदण्ड तयार र बजेट | बजेट, समन्वय र |
| को | | राष्ट्रिय मापदण्ड अनुसार कार्यसम्पादन परीक्षण, श्रेणीकरण र सार्वजनिकीकरण | शिक्षाको लगानीलाई प्रतिएकाइ लागत तथा समताका दृष्टिकोणबाट पछाडि परेका समुहका लागि उपयुक्त लागत एकाइ र निश्चित मापदण्ड विकास गरी कार्यान्वयन | नीतिगत व्यवस्था र मापदण्डसहित निर्देशिका निर्माण तथा अनुदान | समन्वय र अनु |
| का लागि ण | | | अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग तथा विपन्नहरूका लागि उच्च शिक्षासम्म निःशुल्क शिक्षा प्रदान गर्न आवश्यक पर्ने स्रोतको आकलन गरी एकीकृत लगानी ढाँचा निर्माण | कार्यक्रम तथा बजेटको प्रवन्ध | समन्वय र सह |
| ालयहरू | | — | नतिजामा आधारित स्रोत विनियोजन पद्धति कार्यान्वयन, बजेट प्रवाह पद्धतिलाई उपलब्धिसँग आबद्ध सःसर्त अनुदान र भौतिक पूर्वाधार | नीतिगत व्यवस्था र | समन्वय र अनु |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| | | विकासका लागि निःसर्त अनुदान एकमुष्ट रूपमा प्रवाह | निर्देशिका तयार | |
| | | निजी तथा सार्वजनिक गुठीमा सञ्चालित विद्यालयहरूलाई निश्चित मापदण्डका आधारमा अनुदान | नीतिगत व्यवस्था,मापदण्ड र बजेट | समन्वय र अनु |
| | | तहगत सरकारका भूमिका तथा जिम्मेवारीमा सामञ्जस्य र उपक्षेत्रगत लगानीका उपयुक्त ढाँचा विकास र कार्यान्वयन | भूमिका र जिम्मेवारी तथा लगानी ढाँचा विकास (एकीकृत) | समन्वय र सहभ तथा प्रदेश लग कार्यढाँचा निर्मा कार्यान्वयन |
| | | शिक्षालय तथा तालिम प्रदायक संघसंस्था र शिक्षार्थीका लागि आर्थिक सहजीकरण गर्न सीप विकास बैंक स्थापना | नीतिगत प्रावधान र बजेट | बजेट व्यवस्था, स र कार्यान्वय |
| | | सार्वजनिक-निजी-सामुदायिक साझेदारी मोडेल (PPCP—Public, Private, Community Partnership Model) मा विद्यालयहरूको व्यवस्थापन | नीतिगत प्रावधान | अनुगमन, समन् सहयोग |
| | | सङ्घीय सरकारमार्फत स्थानीय तथा प्रदेश तहमा निकासा (हस्तान्तरण) बजेटका लागि सम्बन्धित सरकारहरूले स्थानीय तहमा लिने करको दरअनुरूप विनियोजन पद्धति कार्यान्वयन | अन्तरसकारी वित्तीय व्यवस्थापन मापदण्ड र निर्देशिका तयार | कार्यान्वयन |
| | | वैदेशिक लगानीलाई राष्ट्रिय बजेट प्रणालीमा आबद्ध गरी परिचालन | नीतिगत प्रावधान | — |
| | | अनुसन्धानमा आधारित लगानी प्रणाली विकास एवम् अनुसन्धान कोष व्यवस्था | नीतिगत व्यवस्था र कार्ययोजना निर्माण तथा कार्यान्वयन | कार्यान्वयन, कार्य निर्माण र कार्यान्व |

| र | क्र.सं. | स्थानीय/विषय क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|
| | | कार्यान्वयन | लगानीको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत क्षमता विकास | क्षमता विकास सामग्रीको विकास र क्षमता विकास कार्यक्रममा सहभागिता | समन्वय र क्षमता कार्यक्रममा सहभ |
| गमन | | सिफारिस र कार्यान्वयन | | | |
| ागिता ानी ण र ा | | स्थानीयतह लगानी कार्यढाँचा निर्माण र कार्यान्वयन | व्यावसायिक सीप विकासका लागि स्वरोजगारसँग आबद्ध गर्नका लागि सहुलियत कर्जा उपलब्ध गर्न स्थानीय सरकारमार्फत् लगानी | नीतिगत व्यवस्था र बजेट | समन्वय र सह |
| | | | क्षमतावान र आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनमा सहयोग गर्न नपा/गापामा सहयोग कोष स्थापना र लगानी ढाँचा निर्माण | मापदण्ड र निर्देशिका तयार तथा बजेट व्यवस्थापन | कोष खडा र ढाँचा तथा कार्या |
| समन्वय न | | कार्यविधि निर्माण र कार्यान्वयन | छात्रवृत्तिलाई वास्तविक गरिबी पहिचान र आवश्यकताका आधारमा वितरणको व्यवस्था | मापदण्ड तयार | समन्वय र अनु |
| वय र | | कार्यान्वयन | | | |
| | ११ | निरीक्षण तथा सुपरिवेक्षण | प्रधानाध्यापकलाई निरीक्षक एवं सुपरीवेक्षकीय अधिकार समेतको भूमिका प्रदान | नीति निर्माण | अनुगमन |
| ा | | कार्यान्वयन | विद्यार्थीहरूको सिकाइ उपलब्धि र सिर्जनात्मक तथा अनुसन्धनात्मक कार्यलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको आधार | — | — |
| | | — | शिक्षण सिकाइ सुधारका लागि सञ्चार माध्यम र सामाजिक सञ्जालको प्रयोग | — | — |
| ोजना यन | | कार्यान्वयन, कार्ययोजना र कार्यान्वयन | सुपरीवेक्षक एवम् विषय विज्ञहरूको रोष्टर निर्माण र परिचालन | नीति निर्माण | — |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| | | सुपरीवेक्षकको क्षमता विकास तथा मूल्याङ्कन | नीति | तालिम तथा स<br>व्यवस्थापन |
| १२ | सङ्गठनात्मक संरचना | **सङ्गठन तथा व्यवस्थापन सर्भे गरी संघ, प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुसार सङ्गठन संरचनाको विकास** | सङ्घीय कानुन, नीति, मापदण्ड र कार्यक्षेत्र निर्धारण,<br>अनुगमन, निर्देशन र नियन्त्रण | नीति र मापदण्डक<br>आधारमा आफ्नो प्र<br>कार्यान्वयन, समन्व<br>सहजीकरण र अनु |
| १३ | मातृभाषामा शिक्षा | कक्षा १—३ मा नेपाली र अङ्ग्रेजी दुवैलाई विषयका रूपमा र अरू सबै विषयहरू मातृभाषामा शिक्षणको व्यवस्था; र मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्दतीको कार्यान्वयन<br>माध्यमिक तहमा अङ्ग्रेजी नेपाली वा दुवै वा सरकारी कामकाजको भाषा र अन्य सान्दर्भिक भाषाका माध्यमबाट पठनपाठनको व्यवस्था; भाषाका विषयहरू सम्बन्धित भाषामा पठनपाठनको व्यवस्था | कानुनी र नीतिगत व्यवस्था, पाठ्यक्रम प्रारूपबाट सम्बोधन | कानूनी र नीतिगत<br>व्यवस्था, पाठ्यक्र<br>प्रारूपअनुसार भए<br>अनुगमन र सहजी<br>एवम् पाठ्यक्रम र<br>पाठ्यसामग्रीहरू वि<br>वितरण |
| | | मातृभाषाको संरक्षण, प्रवर्धन र पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र उपयोग | अनुसन्धान, नीति निर्माण तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपमा समावेश एवम् संरक्षण र सम्वर्धन | अनुसन्धान, पाठ्य<br>पाठ्यसामग्रीको वि<br>संरक्षण र सम्वर्धन |
| १४ | पुस्तकालय,वाच | एक विद्यालय एक पुस्तकालय; एक स्थानीय तह एक पुस्तकालय | नीतिगत व्यवस्था तथा स्रोत | प्रदेशस्तरमा |

| र | क्र.सं. | स्थानीय सरकार / विषय/क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|
| स्रोत<br>। | | छनौट तथा सञ्चालन<br>सङ्ग्रहालय | अभियान सञ्चालन | व्यवस्थापन | व्यवस्था तथा<br>व्यवस्था |
| । | | नीति र मापदण्डका आधारमा आफ्नो | राष्ट्रिय सूचना तथा प्रविधि केन्द्रमा पुस्तकालय, राष्ट्रिय पोर्टल स्थापना र क्षमता विकास | पुस्तकालय, राष्ट्रिय पोर्टल विकास | कार्यान्वयनमा सह |
| प्रदेशमा<br>लय,<br>गमन | | कार्यक्षेत्रमा कार्यान्वयन | राष्ट्रिय पुस्तक नीति, पुस्तकालय गुरुयोजना र पुस्तकालय स्वचालीकरण योजना अद्यावधिक गर्ने | नीति र गुरुयोजना निर्माण | सङ्घीय मापदण्ड<br>प्रादेशिक नीति तय |
| | | | एकीकृत केन्द्रीय सचिवालय पुस्तकालयको व्यवस्था | नीतिगत व्यवस्था र स्थापना | — |
| | | | केशर पुस्तकालयलाई सङ्घीय पुस्तकायको रूपमा स्तरोन्नति | बजेट र कार्यक्रम | — |
| | | पाठ्यक्रम र | प्रदेश पुस्तकालयको स्थापना | — | कार्यान्वयन |
| म<br>नभएको<br>करण<br><br>कास र | १५ | पाठ्यसामग्रीहरूको अनुगमन तथा<br>विकास मूल्याङ्कन कार्यान्वयन | शिक्षा नीति,योजना,कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि स्पष्ट जिम्मेवारी र दायित्व किटानीसहितको संस्थागत संयन्त्रको व्यवस्था | नीतिगत व्यवस्था र केन्द्रस्तरका शैक्षिक सेवा प्रदायक निकायहरू तथा कार्यसर्त र कार्यजिम्मेवारी निर्धारण | प्रदेशस्तरका शैक्षिक<br>प्रदायक निकायहरू<br>सम्बन्धित कार्यसर्त<br>निर्धारण |
| | | | शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई नियमित एवम् व्यवस्थित गरी वर्गीकृत सूचकमा आधारित र अनुसन्धानात्मक मूल्याङ्कन पद्धतिको अवलम्बन | नेतृत्व र प्रयोग | समन्वय र उपयोग |
| क्रम र<br>कास,<br>। | | पाठ्यक्रम र पाठ्यसामग्रीको विकास, कार्यान्वयन, संरक्षण र सम्वर्धन | कार्यक्रम कार्यान्वयनमा प्रभावकारिताका लागि नतिजामूलक र सहभागितामूलक अनुगमन र मूल्याकङ्न पद्धति अवलम्बन | केन्द्रस्तरका निकायहरूले योग्य र दक्ष जनशक्ति उत्पादन संयन्त्र तयार | जनशक्तिको क्षमता<br>विकास, योजना नि<br>तथा कार्यान्वयन |
| नीतिगत | | स्थानीयस्तरमा नीतिगत | कार्यसम्पादनमा आधारित प्रोत्साहन र अनुमान योग्य वृत्ति विकासको | नीतिगत प्रावधान र मापदण्ड | प्रदेशस्तरका निका |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
| --- | --- | --- | --- | --- |
| | | व्यवस्था | निर्धारण तथा केन्द्रस्तरका लागि निकायहरू र सम्बन्धित जनशक्तिहरू | सम्बन्धित जनशा |
| १६ | विदेशी शिक्षण संस्थाको सम्बन्धमा सञ्चालित शैक्षिक संस्था | विदेशी शैक्षिक संस्थाको सम्बन्धनमा नेपालमा शैक्षिक संस्था सञ्चालनका लागि मापदण्ड तयार गरी अनुगमन र नियमन | नीति र कानुनी प्रावधान र निश्चित मापदण्डसहितको निर्देशिका परिमार्जन र कार्यान्वयन | — |
| | | हरेक पाँच वर्षमा संस्थाहरुको नवीकरणको व्यवस्था | नीतिगत व्यवस्था र मापदण्ड | समन्वय |
| | | कुनै एक स्थानका लागि अनुमति प्राप्त संस्थाको स्थानान्तरण नहुने व्यवस्था | नीतिगत व्यवस्था र मापदण्ड | समन्वय |
| | | विदेशी कुटनीतिक नियोगका कर्मचारीका सन्ततिलाई मात्र अध्ययनको अवसर दिने गरी एक मात्र विद्यालय सञ्चालन गर्ने अनुमति दिने प्रावधान | तोकिएको मापदण्डबमोजिम परराष्ट्र मन्त्रालयको सिफारिस र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट अनुमति प्रदान | — |
| १७ | सहक्रियालाप र व्यक्तित्व विकास | राष्ट्रिय मापदण्ड निर्माण गरी अतिरिक्त तथा सहक्रियाकलापहरूलाई अनिवार्य गरी प्रतिभा पहिचान विकासको मुख्य आधारका रूपमा संस्थागत विकास | नीतिगत व्यवस्था तथा बजेट गर्ने | बजेट,योजना समन्वय र कार्या |
| | | प्रदेशस्तरको मापदण्ड निर्माण, प्रतिभा पहिचान र प्रतिभाको थप अध्ययन,अनुसन्धान र अवसर सिर्जना | — | सङ्घीय मापदण्डब प्रादेशिक मापदण्ड गरी कार्यान्व |

| र | क्र.सं. | विषय/क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|
| क्तिहरू | | निकायहरू र सम्बन्धित | तहगत सरकारहरू र सस्थाहरूसँग साझेदारी, समन्वय र सहकार्य | संयोजन गर्ने | समन्वय र सह |
| | १८ | पूर्वीय दर्शन र संस्कृत शिक्षा | नेपाललाई पौरस्त्य दर्शनको अध्ययन तथा अनुसन्धान केन्द्रको रूपमा विकास | नीतिगत व्यवस्था र नेतृत्व | समन्वय र सह |
| | — | | वैदिक शिक्षा परिषद् गठन, गुरुकुल नीति, योजना, कार्यक्रम तर्जुमा गरी कार्यान्वयन | नीति, योजना र कार्यक्रम | समन्वय र सह |
| | | | पौरस्त्य दर्शन र संस्कृत शिक्षाका समग्र पक्ष (बौद्ध दर्शन, आदिवासी एवम् जनजातिका पुर्ख्यौली ज्ञान)केन्द्रित गुरुयोजना निर्माण | अगुवाई | समन्वय |
| | | | मानवीय स्रोतको व्यवस्थापन र अध्यापन अनुमति पत्रको व्यवस्था | नीतिगत व्यवस्था | समन्वय र सहजी |
| | | समन्वय | पूर्वीय दर्शन र संस्कृत शिक्षाको पाठ्यक्रम र पाठ्यसामग्रीमा समावेश | राष्ट्रिय पाठ्यक्रम प्रारूपमा समावेश | समन्वय तथा स छपाइ र वित |
| | | | प्रदेश तहमा एक एक नमुना गुरुकुल स्थापना र विकास | नीति र मापदण्ड | समन्वय र कार्या |
| | १९ | परम्परागत विद्यालय समन्वय | एकीकृत परम्परागत शिक्षा बोर्डको व्यवस्था | नीतिगत प्रावधान र बोर्ड गठन | समन्वय |
| | — | | परम्परागत विश्वविद्यालय एवम् उच्च शिक्षाका शिक्षण संस्था (नयाँ स्थापना एवम् सम्बन्धन ) | नीतिगत व्यवस्था (लुम्बिनी बौद्ध विश्वविद्यालय एवम् नेपाल संस्कत विश्वविद्यालय) | प्रदेश विश्विवद्याल |
| | | | परम्परागत शिक्षण संस्थाका लागि सेतु पाठ्यक्रम (ब्रिजकोर्स) र समकक्षता प्रदान एवम् प्रमाणीकरण | नीतिगत व्यवस्था र मापदण्ड तयार | समन्वय र सह |
| तथा न्वयन | | बजेट, योजना, कार्यान्वयन र सहजीकरण | परम्परागत शिक्षण संस्थाका लागि शिक्षा समितिको व्यवस्था | सङ्घीय शिक्षा ऐनमा व्यवस्था | प्रदेश शिक्षा ऐ व्यवस्था |
| मोजिम निर्माण यन | २० | पाठ्यक्रम र मूल्याङ्कन | राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन | नीति प्रावधान (पाठ्यक्रम विकास केन्द्र) | — |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
| --- | --- | --- | --- | --- |
| | | | | |
| | | निश्चित मापदण्ड र प्रक्रिया निर्धारणसहित प्रयोगात्मक मूल्याङ्कन पद्धतिको अनिवार्य प्रावधान | नीतिगत प्रावधान (सङ्घीय शिक्षा ऐन र नियमावली) | समन्वय र अनुगम |
| | | तहगत र कक्षागत पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कार्यान्वयन | पिआरसी कपी तयार नमुना प्रति तयार | समन्वय र छपाइ |
| | | पाठ्य सन्दर्भ सामग्री एवम् डिजिटल शैक्षिक सामग्रीको विकास र कार्यान्वयन | नमुना कपी तयार | समन्वय र अनुग |
| | | पाठ्यपुस्तकको मूल्य निर्धारण र विद्यार्थी सङ्ख्याका आधारमा अनुदानको व्यवस्था | नीति एवम मूल्य निर्धारण र बजेट | समन्वय र अनुगम |
| | | विद्यालयस्तरीय परीक्षा सञ्चालन र व्यवस्थापन | माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) रास्ट्रिय परीक्षा बोर्ड | माध्यमिक शिक्षा (कक्षा १०) |
| | | पाठ्यक्रम पुनरवलोकन गर्दा स्टेम (STEM) र पौर्यस्त्य दर्शनका उपयोगी मूल्य र मान्यता समावेश | पाठ्यक्रम प्रारूपमा व्यवस्था तथा पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समावेश | प्रदेशस्तरीय प प्रारूपमा व्यवस्थ पाठ्यक्रम पाठ्यसामग्रीमा सम |
| | | विद्यार्थीको क्षमता तथा उपलब्धिलाई स्तर वा श्रेणीमा परिभाषित साधनमा आधारित परीक्षण तथा मूल्याङ्कन पद्धति र प्रमाणपत्रको व्यवस्था | नीति व्यवस्था र साधनको विकास तथा कार्यान्वयन | कार्यान्वयन |
| २१ | सुरक्षित विद्यालय र पर्यावरणीय शिक्षा | विपद पूर्व तयारी, पश्चात प्रतिकार्य/पुनर्लाभसम्बन्धी क्षमता विकास | नीतिगत व्यवस्था र केन्द्रीय तहको योजना निर्माण र नेतृत्व | प्रदेश तहको निर्माण र समन्वय |

| र | क्र.सं. | स्थानीय सरकार | विषय क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|---|
| न | | कार्यान्वियन | | स्थानीय विपद्सम्बन्धी सूचना र प्रतिवेदन संयन्त्र एवम् प्रणाली विकास | नीतिगत व्यवस्था एवम् संयन्त्र विकास | समन्वय र सहयोग |
| | | वितरण एवम् उपलब्धता | | निश्चित मापदण्ड र सर्तबमोजिम भौतिक संरचना एवम् पूर्वाधार विकास | नीतिगत व्यवस्था र मापदण्ड विकास | समन्वय र अनुगम |
| | | र स्थानीय पाठ्यक्रम विकास | | सुरक्षित विद्यालय र पर्यावरणीय शिक्षालाई विद्यालय शिक्षा पाठ्यक्रममा समायोजन | पाठ्यक्रम र पाठ्यसामग्री विकास | समन्वय र अनु |
| मन | | कार्यान्वियन | | एक विद्यार्थी एक बिरुवा राष्ट्रिय अभियान सञ्चालन | नीतिगत व्यवस्था एवम् निर्देशिका जारी | समन्वय र अनु |
| न<br>परीक्षा | | कार्यान्वियन र प्रतिवेदन<br>आधारभूत शिक्षा परीक्षा (कक्षा ८) | | पर्यावरणीयमैत्री ,बालबालिका मैत्री , अपाङ्गमैत्री र लैङ्गिकमैत्री विद्यालयीय वातावरण विकास र विपद्प्रतिरोधी एवम् सुरक्षित विद्यालयीय संरचना निर्माण | नीति तथा मापदण्ड र निर्देशिका निर्माण | कार्यान्वयनका<br>समन्वय र अनु |
| ाठ्यक्रम | | पाठ्यसामग्रीमा समावेश | | विद्यालयको खाली जग्गा परिचालन र हरियाली क्षेत्र विकास तथा विद्यालयमा सुरक्षा र सरसफाइमा विद्यार्थीहरूका इको क्लब गठन र परिचालन गरी विद्यालयलाई हरित शैक्षिक संस्थाका रूपमा विकास | — | — |
| ा तथा | | र कार्यान्वियन | | समुदाय र बालबालिकाका लागि मनोसामाजिक परामर्श सेवा | सामग्री विकास | समन्वय |
| तथा<br>ावेश | | कार्यान्वियन | | सुरक्षित विद्यालयका लागि सरोकार संस्था र निकायहरूबिच समन्वय र सहकार्य | नीति निर्माण र समन्वय | समन्वय र अनु |
| योजना | २२ | स्थानीय तहका लागि | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि शैक्षिक संस्थाहरूमा उच्च गतिको निःशुल्क इन्टरनेट सेवासहित सूचना प्रविधि प्रयोगशालाको विकास | नीति तथा निर्देशिका र बजेट व्यवस्था | अनुगमन तथा प्रा<br>सहायता र व |
| | | योजना निर्माण र कार्यान्वियन | | शिक्षालयमा इन्टरनेटको प्रयोग र साइबर अपराधबारेमा स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था | नीतिगत प्रावधान र नियमन | समन्वय र अनु |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| | | | | |
| | | तहगत निकायका जनशक्तिका लागि सूचना तथा प्रविधिको प्रयोग र उपयोगसम्बन्धी क्षमता विकास तालिम | तालिम सामग्री विकास तथा केन्द्रीय निकाय र विश्व विद्यालयका जनशक्तिहरू | प्रदेशस्तरीय निक शिक्षण संस्था जनशक्तिहरू |
| | | अन्तरक्रियात्मक डिजिटल, अनलाईन तथा वेबमा आधारित पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री विकास | नीति र मापदण्ड तथा सामग्री विकास र उपलब्धता (पाठ्यक्रम विकास केन्द्र) | थप सामग्री र क्षम विकास तथा अनुग (शैक्षिक तालिम के |
| | | प्रभावकारी शिक्षण, प्राध्यापन, प्रशिक्षण, अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण पद्धतिको विकास गर्न भर्चुअल शिक्षक, प्राध्यापक, प्रशिक्षक, अनुगमनकर्ता, निरीक्षक तथा सुपरिवेक्षकको विकास | केन्द्रीय विश्वविद्यालय र निकायका समवन्धित जनशक्तिहरू | प्रदेश विश्वविद्याल निकायका समव जनशक्तिहरू |
| | | रेडियो तथा टेलिभिजन जस्ता संस्थाहरूले सूचना तथा सञ्चार प्रविधिसम्बन्धी शैक्षिक कार्यक्रम तथा आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन | सङ्घस्तरका सूचना र प्रविधि तथा सञ्चार माध्यमहरूको परिचालन र सहकार्य | प्रदेशस्तरका सूच प्रविधि तथा स माध्यमहरूको परि सहकार्य |
| | | विश्वविद्यालयहरूले पाठ्यक्रमको नियमित अद्यावधिक गरी दक्ष जनशक्तिको विकासका लागि सूचना तथा सञ्चार प्रविधिसम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन | विश्वविद्यालय र केन्द्रीय निकाय | प्रदेशस्तरका विश्व र निकाय |
| २३ | विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित शिक्षा (STEM) | पाठ्यक्रममा हरेक विषयमा र छुट्टै विषयका रूपमा स्टिम (STEM) को अनुपातिक समायोजन | नीति र कानूनी प्रबन्ध तथा पाठ्यक्रम | अनुगमन र सहज |
| २४ | शिक्षामा | गुणस्तरीय शिक्षाका मापदण्डहरू तयार र कार्यान्वयन तथा शैक्षिक | | अनुगमन र सहजी |

| र | क्र.सं. | स्थानीय सरकार / विषय क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|
| | | मूल्याङ्कन / कार्यान्वयन | संस्थाको गुणस्तर परीक्षण, श्रेणीकरण र सार्वजनीकरण | साधन विकास शैक्षिक गुणस्तर परीक्षण केन्द्र | |
| काय र का रू | | तालिम सञ्चालन | | | |
| मता मन न्द्र) | | थप सामग्री विकास र कार्यान्वयनका लागि सहजीकरण | पाठनपाठनलाई क्रियाकलापमा आधारित बनाई घटनामा आधारित, परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकारुकेन्द्रित अभ्यासलाई मूल्याङ्कनको आधार बनाउने | राष्ट्रिय पाठ्यक्रम प्रारूप र पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समावेश | प्रादेशिक पाठ्यक्रम समावेश गर्ने |
| लय र न्धित रू | | स्थानीय तहका निकाय एवम् आधारभूतदेखि माध्यमिक तहका सम्बन्धित जनशक्तिहरू | सबै तहका शिक्षकको न्यूनतम योग्यता तथा दक्षतामा अभिवृद्धि | संघङ्य कानूनमा व्यवस्था र बजेट व्यवस्था | तालिम सञ्चालन |
| चना र ञ्चार चालन र | | स्थानीयस्तरका सूचना र प्रविधि तथा सञ्चार माध्यमहरूको परिचालन र सहकार्य | विश्वविद्यालय अनुदान आयोगको गुणस्तर सुनिश्चितता र प्रमाणीकरण (QAA) तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्ने गरेको कार्यसम्पादन परीक्षण पद्धतिलाई अझ व्यवस्थित र व्यापक बनाउने (गुणस्तर प्रत्यायन प्राधिकरण स्थापना भएपछि सोमार्फत् ) | साधान विकास र कार्यान्वयन | प्रदेश विश्वविद्याल |
| विद्यालय | २५ | शिक्षामा सुशासन / स्थानीयस्तरका निकाय र शिक्षण संस्था | एकीकृत उच्च शिक्षा सेवा आयोगको व्यवस्था र कार्यक्षेत्राधिकार ( निश्चित मापदण्ड निर्धारण र शिक्षक छनोट) | | |
| ीकरण | | स्थानीय पाठ्यक्रममा समायोजन र कार्यान्वयन | एकीकृत सङ्घीय शिक्षा ऐन र ऐनका आधारमा नियमावली निर्माण (निश्चित मानक एवम् मापदण्डको आधारमा अनुदान वितरण र अनुगमन एवम् मूल्याङ्कन) | नीतिगत व्यवस्था र कार्यान्वयन | समन्वय र कार्या |
| करण | | कार्यान्वयन र सुधार | शिक्षासम्बन्धी राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण र आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन | नीतिगत व्यवस्था र कार्यान्वयन | समन्वय र कार्या |

| क्र.सं. | विषय/ क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|
| | | विद्यालय शिक्षक सरुवालाई कानुनी रूपमा व्यवस्थित गर्ने | | |
| | | विद्यालयलाई सबै प्रकारको राजनीतिक हस्तक्षेपबाट मुक्त | नीतिगत प्रावधान | समन्वय र अनु |
| | | मेधावी विद्यार्थीहरू सोझै शिक्षण पेसामा प्रवेश गर्न सक्ने व्यवस्था | कानुनी व्यवस्था | कार्यान्वयन |
| | | विश्वविद्यालयलाई अनुसन्धान केन्द्र को रूपमा विकास | नीति र कार्यान्वयन | कार्यान्वयन |
| | | विश्वविद्यालय जनशक्तिका लागि निश्चित मापदण्ड तोकी गुणवत्ताका आधार (Merit Basis) बाट प्रतिस्पर्धात्मक छनोट पद्धति अवलम्बन | कार्यान्वयन | कार्यान्वयन |
| | | प्रत्येक प्रदेशमा एक एक ओटा शिक्षक अस्पतालको स्थापना | नीति र स्रोत व्यवस्था | कार्यविधि निर्धा सञ्चालन |
| | | शैक्षिक परामर्श प्रदायक संस्थाहरूलाई मापदण्डका आधारमा सञ्चालन, नियमन र व्यवस्थापन | नीति | निर्देशिका तय कार्यान्वयन |
| | | विदेशी बोर्डबाट सम्बन्धन प्राप्त विद्यालयहरू (कुटनीतिक नियोगद्वारा सञ्चालितबाहेक) निश्चित समयावधि दिई क्रमशः विस्थापन | नीति र कार्यान्वयन | कार्यान्वयन |
| | | शिक्षासम्बद्ध जनशक्ति परिचालन र क्षमता विकास | नीति र कार्यान्वयन | नीति र कार्यान् |
| | | हरेक वर्ष विद्यालय शिक्षक दरबन्दी मिलान (शिक्षक विद्यार्थी अनुपात प्रारम्भिक बालविकासमा १:२० आधारभूत तहमा १:३० र माध्यमिक तहमा १:४०) | नीति | समन्वय |
| | | शिक्षकको स्थायी नियुक्तिका लागि शिक्षक सेवा आयोग र कामको सरलताका लागि विस्तारित शिक्षक सेवा आयोग कार्यालयको व्यवस्था | कार्यान्वयन | सहजीकरण |

| र | क्र.सं. | स्थानीय विषय/क्षेत्र | जिम्मेवारी एवम् भूमिका | सङ्घीय सरकार | प्रदेश सरका |
|---|---|---|---|---|---|
| | | कार्यविधि निर्माण र कार्यान्वयन | व्यवस्थापनको जिम्मा विद्यालय व्यवस्थापन समितिलाई र शैक्षिक प्रशासनको जिम्मेवारी प्रधानाध्यापकलाई दिने व्यवस्था | नीति | समन्वय |
| गमन | | कार्यान्वयन | निजी लगानीमा सञ्चालित विद्यालयहरू कम्पनी ऐनअन्तर्गत सञ्चालन हुने प्रावधान खारेज गर्ने र त्यस्ता विद्यालयहरूलाई सेवामूलक रूपमा सञ्चालन गर्ने गरी सार्वजनिक गुठीमा रूपान्तरण | नीति | समन्वय र सहजी |
| ा | | कार्यान्वयन | | | |
| ा | | | | | |
| ा | | | तोकिएको मापदण्ड पुरा नगर्ने संस्थागत विद्यालयलाई बन्द गर्ने प्रावधान | नीति र निर्देशिका | समन्वय र सहजी |
| रण र | | सहजीकरण | निजी क्षेत्रको लगानीकर्तालाई सामाजिक उत्तरदायित्व वहनका लागि कानुनद्वारा व्यवस्थित गर्ने प्रावधान | नीति | कार्यान्वयन |
| ार ा | | सहजीकरण | सबै शिक्षण संस्थाले सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण प्रतिवेदनको सार्वजनीकरणको अनिवार्य व्यवस्था | नीति | सहजीकरण |
| ा | | | स्थानीय तहमा एक प्राज्ञिक परिपषद्को व्यवस्था | | |
| | | | विदेशी विद्यार्थीहरूलाई समेत आकर्षण गर्ने गरी विशिष्टीकृत विषयक्षेत्रमा अनुसन्धान/अध्ययन गर्नका लागि उच्च प्राज्ञिक केन्द्रहरू स्थापना | कार्यान्वयन | कार्यान्वयन |
| वयन | | नीति र कार्यान्वयन | | | |
| | | कार्यविधि र कार्यान्वयन | | | |
| | | | एक विद्यालय/शिक्षण संस्थामा स्थायी नियुक्ति प्राप्त व्यक्तिलाई अर्को शिक्षण संस्थामा आंशिक वा करारमा नियुक्ति हुन वा गर्न नपाउने व्यवस्था | नीति र कार्यान्वयन | समन्वय |
| ा | | | | | |
| | | | शिक्षक, प्रधानाध्यापक तथा कर्मचारीको पेसागत आचारसंहिताको अनिवार्य प्रावधान | नीति | समन्वय |

## (ख)प्रस्तावित कार्यहरुको आवधिक कार्यान्वयन योजना

### तत्कालीन सम्पादन गर्नुपर्ने कार्यहरु (सन् २०२२ सम्म)

#### (क) संघीय ऐन तथा कानुन बनाइ कार्यान्वयनमा लैजानुपर्ने कार्यहरु

- सघीय, प्रदेश तथा स्थानीय तहमा ऐन तथा नियमावली हरु निर्माण, योजना तर्जुमा र कार्यक्रम विकास र कार्यान्वयन
- बालविकास शिक्षकको स्थायी नियुक्ति,सेवा सर्त र सुविधाको व्यवस्था
- शिक्षकको योग्यता, नियुक्ति सेवा सर्त निर्धारण,परीक्षा, कार्यसम्पादन मूल्याङ्कन, दण्ड एवम् प्रोत्साहन ब्यवस्थापन
- विद्यालयहरु समायोजन गरी विद्यालयको सेवा क्षेत्र किटान (जोनिङ्ग) गरी सेवा क्षेत्र भित्रका हरेक अभिभावकले आफ्ना छोराछोरी सेवा क्षेत्र भित्रकै विद्यालयमा पढाउन अनिवार्य गर्ने व्यवस्था
- प्रधानाध्यापकको छुट्टै पद सिर्जना गरी विद्यालय विकासप्रति जवाफदेही, उत्प्रेरित, उत्तरदायी र अधिकारसम्पन्न बनाउने
- सार्वजनिक विद्यालयमा शिक्षण गर्ने शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, तथा सरकारी कोषबाट तलब सुविधा लिने हरेकले सार्वजनिक विद्यालयमा नै आफ्ना सन्तान पढाउन अनिवार्य व्यवस्था
- एकिकृत विश्वविद्यालय सेवा आयोगको व्यवस्था
- विश्वविद्यालयहरुको शासकीय प्रबन्धका लागि बोर्ड अफ ट्रस्टिको गठन तथा कार्यकारी पदहरुमा खुला प्रतिस्पर्धाबाट छनौटको प्रावधान
- विश्वविद्यालयका शिक्षकको न्यूनतम योग्यतामा वृद्दि गर्ने (न्यूनतम शैक्षिक योग्यता विद्यावारिधि, अनुसन्धान कृति आदि)
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास सञ्चालनलाई छुट्टा-छुट्टै सम्बोधन हुने गरी एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास ऐन तर्जुमा
- हरेक वर्ष विद्यालय शिक्षक दरवन्दी मिलान (शिक्षक विद्यार्थी अनुपात प्रारम्भिक बालविकासमा १:२० आधारभूत तहमा १:३० र माध्यमिक तहमा १:४० को आधारमा)
- सवै बालविकास केन्द्रहरुमा कार्यरत शिक्षक (सहजकर्ता) हरुको न्यूनतम शैक्षिक योग्यता १२ कक्षा उत्तीर्ण कायम गर्ने व्यवस्था
- विषयगत शिक्षण लाइसेन्स र प्रत्येक ५ वर्षमा नविकरण को व्यवस्था
- स्थानीय प्राज्ञिक परिपषदको व्यवस्था

#### (ख)आगामी वर्षको बजेट कार्यक्रममार्फत कार्यान्वयनमा लैजानुपर्ने कार्यहरु

- सवै वालबिकास केन्द्रका बालबालिकाहरुका लागि अनिवार्य दिवा खाजाको व्यवस्था

- विद्यालय वाहिर रहेका तथा बीचैमा पढाइ छोड्न बाध्य भएका सबै नागरिकलाई कामसँगैको शिक्षा, र खुल्ला माध्यमिक विद्यालय मार्फत निशुल्क माध्यमिक शिक्षा प्रदान
- पाठ्य सन्दर्भ सामग्री एवम डिजिटल शैक्षिक सामग्रीको विकास र कार्यान्वयन
- विद्यार्थीको सिकाइ उपलब्धी बृद्धि गर्नका लागि शैक्षिक संस्थाहरुमा उच्च गतिको निशुल्क इन्टरनेट सेवा सहित सूचना प्रविधि प्रयोगशालाको विकास
- हरेक विद्यालयमा कर्मचारीहरु लेखापाल¸कार्यालय सहयोगी कार्यालय सहायक र अतिरिक्त क्रियाकलाप शिक्षकको व्यवस्था गरी हाल कार्यरत यस्ता कर्मचारीहरुका लागि समानस्तरका शिक्षकसरह सुविधाको उपलब्धता
- समावेशी शिक्षाका लागि न्यूनतम भौतिक शैक्षिक पूर्वाधार विकास र जनशक्ति व्यवस्था र क्षमता विकास
- स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना गरी इच्छुक सवैलाइ निशुल्क प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको ब्यवस्था
- सवै प्रकारका अपाङ्ग बालबालिकाहरुका लागि समेट्ने गरी हरेक प्रदेशमा विशेष विद्यालयहरु स्थापना

**(ग) सङ्गठन संरचना निर्माण गरी कार्यान्वयनमा लैजानुपर्ने कार्यहरु**

- विश्वविद्यालय अनुदान आयोगको रुपान्तरण गरी उच्च शिक्षा आयोगको गठन (मूख्य कार्यहरुः राष्ट्रिय गुणस्तर प्रत्यायन बोर्ड र राष्ट्रिय अनुसन्धान कोषको व्यवस्था र उच्च शैक्षिक संस्थाहरुको बर्गीकरण)
- वर्तमान प्राविधक शिक्षा तथा व्यावसायिक शिक्षाको व्यवस्थाका लागि स्थापित संगठनात्मक संरचनाको पुनर्संरचना
- प्राविधिक शिक्षा प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान (TITI) लाई संघीय सरकारको तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास सम्वन्धी मानव संशाधन विकास खोज, अनुसन्धान र उद्यमशिलता प्रवद्र्धन गर्ने निकायको रुपमा रुपान्तरण
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विकासको निम्ति गरिने लगानीलाई संघीय तहमा एकिकृत TVET कोषको स्थापना
- शिक्षालय तथा तालिम प्रदायक संघ संस्था र शिक्षार्थीका लागि आर्थिक सहजीकरण गर्न सीप विकास बैंक(Skill Development Bank) स्थापना
- राष्ट्रिय सूचना तथा प्रविधि केन्द्रमा पुस्तकालय राष्ट्रिय पोर्टल स्थापना र क्षमता विकास
- एकीकृत परम्परागत शिक्षा वोर्डको व्यवस्था
- पर्यावरणीयमैत्री,वालवालिका मैत्री , अपाङ्गमैत्री र लैङ्गिकमैत्री विद्यालयीय वातावरण विकास र विपद प्रतिरोधी एवम सुरक्षित विद्यालयीय संरचना निर्माण
- शिक्षकको स्थायी नियुक्तिका लागि शिक्षक सेवा आयोग र कामको सरलताका लागि विस्तारित शिक्षक सेवा आयोग कार्यालयको व्यवस्था

- श्रम बजार सर्वेक्षणका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको स्थापना
- हरेक प्रदेशमा नमूना बहुप्राविधिक शिक्षालयको रुपमा अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास केन्द्र स्थापना
- प्रदेश तहमा एक एक नमूना गुरुकुल स्थापना र विकास
- प्राविधिक धारका सामुदायिक विद्यालयहरुलाई निश्चित मानक ( Core disciplines) सहित नमुना शिक्षालयको रुपमा विकास
- शिक्षक उत्पादनका लागि शिक्षाशास्त्र संकायलाई युनिभर्सिटी कलेज अफ एडुकेशनमा रुपान्तरण
- उच्च प्राज्ञिक अनुसन्धान/अध्ययन केन्द्रहरू स्थापना (विदेशी शिक्षण संस्थामा अध्ययन प्रयोजनार्थ)

**(घ)व्यवस्थापकीय अन्य कार्यहरु**

- मातृभाषामा शिक्षाको ब्यवस्था, यसका लागि पाठ्यक्रम तथा पाठ्य सामाग्रीको विकास
- माध्यमिक शिक्षा उत्तीर्ण हरेक व्यक्तिलाई उद्यमशील र रोजगारमूलक बनाउन माध्यमिक तहबाटै आवश्यकता अनुरुपको ब्यावसायिक शिक्षा र सीप उपलब्ध गराउने व्यवस्था
- उच्च शिक्षामा परीक्षा तथा मूल्याङ्कन(खुला विश्वविद्यालय तथा खुला सिकाइका हकमा अनलाईन परीक्षा प्रणाली र एक विश्वविद्यालयबाट अर्को विश्वविद्यालयमा र, एक विषयबाट अर्को विषयमा जाँदा क्रेडिट ट्रान्स्फर पद्धति) कार्यान्वयन
- राष्ट्रिय विकास सेवाको अनिवार्य व्यवस्था
- साक्षर नेपाल घोषणा र डिजिटल साक्षर नेपाल अभियान सञ्चालन, एक परिवार एक डिजिटल साक्षर सदस्य कार्यक्रम सञ्चालन
- प्राविधिक धारवाट साधारण धार तथा साधारण धारवाट प्राविधिक धारमा जान सक्ने/पाउने मापदण्ड, आधारहरु तयार गर्ने साथै सीप परीक्षण र प्रमाणकरका आधारमा समेत समान तहको औपचारिक डिग्री सरहको मान्यता वा समकक्षता प्रदान गर्ने व्यवस्था
- कक्षा १—३सम्म नेपाली रअंग्रेजी दुवैलाई विषयका रुपमा र अरु सवै विषयहरुलाई मातृभाषामा शिक्षणको व्यवस्था, आधारभूत तहमा मातृभाषालाई माध्यमको रुपमा तथा बहुभाषी विद्यार्थी भएको विद्यालयमा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्दती अवलम्वन
- निश्चित मापदण्ड र प्रक्रिया निर्धारण सहित प्रयोगात्मक मुल्यांकन पद्धतिको अनिवार्य प्रावधान
- सुरक्षित विद्यालय र पर्यावरणीय शिक्षालाई विद्यालय शिक्षा पाठ्यक्रममा समायोजन

- विद्यालय शिक्षा पाठ्यक्रममा हरेक विषयमा र छुट्टै विषयका रुपमा स्टिम (STEM) को अनुपातिक समायोजन
- पूर्वीय दर्शन र संस्कृत शिक्षाको पाठ्यक्रम  र पाठ्यसामग्रीमा समावेश
- विश्वविद्यालय जनशक्तिको लागि निश्चित मापदण्ड तोकी Merit Basis वाट प्रतिष्पर्धात्मक छनौट पद्धति अवलम्वन
- निजी क्षेत्रको लगानीकर्ता सामाजिक उत्तरदायित्व वहनका लागि कानूनद्वारा व्यवस्थित गर्ने प्रावधान
- हरेक विद्यालयमा राष्ट्रिय गुणस्तर मापदण्ड अनुरुपको न्युततम भौतिक पूर्वाधार, पर्याप्त संख्यामा दक्ष, योग्य र उत्प्रेरित बिषय शिक्षकहरू, गैर शिक्षक कर्मचारीको ब्यवस्था गर्दै शिक्षणका लागि अत्याधुनिक सूचना प्रविधिको पहुँचको सुनिश्चितता
- हरेक पाँच वर्षमा प्रत्येक शिक्षण संस्थाको गुणस्तर परीक्षण गरी, श्रेणीकरण र सार्वजनीकरण
- शिक्षा सम्वन्धी राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण र आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन

**मध्यकालिन (सन् २०३० सम्म)**

- पाठ्य सन्दर्भ सामग्री एवम डिजिटल शैक्षिक सामग्रीको विकास र कार्यान्वयन
- सवै सामुदायिक विद्यालयरुमा विद्यार्थी संख्याका आधारमा पर्याप्त दक्ष र उत्प्रेरित विषय शिक्षकहरुको व्यवस्था गर्ने
- शिक्षकहरुको न्यूनतम शैक्षिक योग्यतामा वृद्दि गरी आधारभूत तहको लागि न्यूनतम योग्यता स्नातक तह उत्तीर्ण हुने ब्यवस्था
- सबै प्रकारका निजी विद्यालयहरूलाई सेवामूलक विद्यालयमा रूपान्तरण
- पर्यावरणीयमैत्री,वालवालिका मैत्री , अपाङ्गमैत्री र लैङ्गिकमैत्री विद्यालयीय वातावरण विकास र विपद प्रतिरोधी एवम सुरक्षित विद्यालयीय संरचना निर्माण
- विद्यालयको खाली जग्गा परिचालन र हरियाली क्षेत्र विकास तथा विद्यालयमा सुरक्षा र सरसफाईमा विद्यार्थीहरुकाइको क्लव गठन र परिचालन गरी विद्यालयलाइ हरित शैक्षिक संस्थाका रुपमा विकास
- समुदाय र वालवालिकाहरुका मनोसामाजिक परामर्श सेवा
- विद्यार्थीको सिकाइ उपलब्धी बृद्धि गर्नका लागि शैक्षिक संस्थाहरुमा उच्च गतिको निशुल्क इन्टरनेट सेवा सहित सूचना प्रविधि प्रयोगशालाको विकास
- रेडियो तथा टेलिभिजन जस्ता संस्थाहरुले सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शैक्षिक कार्यक्रम तथा आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन
- विश्वविद्यालयहरुले पाठ्यक्रमको नियमित अद्यावधिक गरी दक्ष जनशक्तिको विकासका लागि सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन

- विद्यालय शिक्षा पाठ्यक्रममा हरेक विषयमा र छुट्टै विषयका रुपमा स्टिम (STEM) को अनुपातिक समायोजन
- विश्वविद्यालय अनुदान आयोगको गुणस्तर सुनिश्चितता र प्रमाणीकरण तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्ने गरेको कार्यसम्पादन परीक्षण पद्धतिलाई अझ व्यवस्थित र व्यापक बनाउने व्यवस्था
- राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप तयार गरी सो का आधारमा सवै प्रकारका सीपहरुको परीक्षण तथा प्रत्यायन (Accreditation) को ब्यवस्था
- मेधावी विद्यार्थीहरू सोझै शिक्षण पेशामा प्रवेश गर्न सक्ने व्यवस्था
- सवै सामुदायिक विद्यालयरुमा विद्यार्थी संख्याका आधारमा पर्याप्त दक्ष र उत्प्रेरित विषय शिक्षाकहरुको व्यवस्था
- शिक्षण संस्थाहश्ररूमा Complete school approach मा पर्याप्त भौतिक पूर्वाधार निर्माण र व्यवस्था
- हरेक विद्यालयमा राष्ट्रिय गुणस्तर मापदण्ड अनुरुपको न्युततम भौतिक पूर्वाधार, पर्याप्त संख्यामा दक्ष, योग्य र उत्प्रेरित बिषय शिक्षकहरू, गैर शिक्षक कर्मचारीको ब्यवस्था गर्दै शिक्षणका लागि अत्याधुनिक सूचना प्रविधिको पहुँचको सुनिश्चितता
- हरेक पाँच वर्षमा प्रत्येक शिक्षण संस्थाको गुणस्तर परीक्षण गरी, श्रेणीकरण र सार्वजनीकरण गर्ने
- विश्वविद्यालयहरुका सम्पूर्ण कार्यकारी तथा प्राज्ञिक पदहरु क्षमता र योग्यताका आधारमा प्रतिस्पर्धाबाट छनौटको व्यवस्था र अभ्यास
- सबै विद्यालय र तथा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुको स्तर निर्धारण व्यवस्था
- कार्यसम्पादनमा आधारित प्रोत्साहन र अनुमानयोग्य वृत्ति विकासको  व्यवस्था
- त्रिभुवन विश्वजिद्यालयलाई एक दशकभित्र विश्वस्तरीय विश्वविद्यालयको रुपमा विकास गर्ने
- विश्वविद्यालयलाई अनुसन्धान केन्द्र (Centre for Excellence) को रूपमा विकास गर्ने
- माध्यमिक तहको शिक्षा अनिवार्य गर्ने व्यवस्था

**दीर्घकालिन (सन् २०४३ सम्म)**

- विद्यार्थीको सिकाइ उपलब्धी बृद्धि गर्नका लागि सबै शैक्षिक संस्थाहरुमा उच्च गतिको निशुल्क इन्टरनेट सेवा सहित सूचना प्रविधि प्रयोगशालाको विकास
- रेडियो तथा टेलिभिजन जस्ता संस्थाहरुले सूचना तथा सञ्चार प्रविधि सम्बन्धी शैक्षिक कार्यक्रम तथा आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन
- सवै प्रकारको शिक्षण संस्थालाई राजनीतिक हस्तक्षेपवाट मुक्त रहने व्यवस्था
- सवै शिक्षण संस्थाहरुमा विद्यार्थी संख्याका आधारमा पर्याप्त र दक्ष जनशक्तिको व्यवस्था
- कार्यसम्पादनमा आधारित प्रोत्साहन र अनुमानयोग्य वृत्ति विकासको  व्यवस्था
- विश्वविद्यालय तहको शिक्षा निशुल्क गर्ने व्यवस्था
- पूर्वीय दर्शन र संस्कृत शिक्षाको पाठ्यक्रम  र पाठ्यसामग्रीमा समावेश

# सन्दर्भ सामाग्रीहरु


Baroutsis, A., & Lingard, B. (2017). Counting and comparing school performance: an analysis of media coverage of PISA in Australia. Journal of Education Policy, 32:4,432-449.

Central Bureau of Statistics (2016). National education accounts in Nepal, expenditure for education 2009-2015, UNESCO/IIEP-UIS.

Dhungana, B.R. (2016). Does Mirco -finance transfer economic status of people ? Evidence from Western Development Region of Nepal. Journal of University Grants Commission, Vol.5, No.1, 2016.

Education Review Office. (2013). Report on national assessment of sstudent achievement. Bhaktapur: Author.

Education Review Office. (2016). Report on national assessment of sstudent achievement. Bhaktapur: Author.

Education Review Office. (2018). Report on national assessment of sstudent achievement. Bhaktapur: Author.

ERO (2013). Where are we now? Student achievement in Mathematics, Nepali and Social Studies in 2011. Kathmandu: Education Review Office.

Greaney, V., and Kellaghan, T., (2008).Assessing National Achievement Levelsin Education: Washington DC: World Bank.

Ministry of Education. (2013). Information & communication technology (ICT) in education master plan 2013-2017. Kathmandu: Author.

Ministry of Education. (2014). National early grade reading program 2014/15-2019/20. Kathmandu: Author.

Mizuho, & Aoki. (2016, Dec). Japan's 15-year-olds perform well in PISA global academic survey. Retrieved from Temple University Japan: https://www.japantimes.co.jp/news/2016/12/06/national/japans-15-year-olds-perform-well-pisa-global-academic-survey/#.XCv1Lc3BXDc

MOEST (2017). Statistics of policy and research and section: Education in figure (At a glance), Kathmandu.

National Campaign for Education Nepal (NCE -Nepal) (na). Research report on financing gap in education context of ensuring the rights to education as envisioned in constitution on Nepal, NCE-Nepal.

National Planning Commission. (2013). Nepal millennium development goals: Progress report, 2013. Kathmandu: Author.

National Planning Commission. (2014). Thirteenth development plan (Three Year Plan 2013–16). Kathmandu: Author.

National Planning Commission. (2015). Nepal earthquake 2015: Post disaster needs assessment. Kathmandu: Author.

National Planning Commission. (2015a). Sustainable development goals for Nepal, 2016-2030, national report. Kathmandu: Author.

National Planning Commission. (2016). Nepal earthquake 2015: Post disaster recovery framework. Kathmandu: Author.

NCE (na). Research report on financing gap in education, context of ensuring the rights to education as envisioned in constitution of Nepal.

OCED. (2001/2). Financing education- Investments and returns. Analysis of the World Education Indicators. UNESCO.

Schleicher, A. (2018). World Class : How to build a 21st century school system. OECD .

TIMSS. (2016). *Use and Impact of TIMSS*. Retrieved January 2, 2019, from TIMSS & PIRLS: http://timssandpirls.bc.edu/timss2015/encyclopedia/countries/united-states/use-and-impact-of-timss/

United Nations Educational, Scientific and Cultural Organization (UNESCO) (2018), Concept Note for the 2020 Global Education Monitoring Report on inclusion, UNESCO .

United Nations Educational, Scientific and Cultural Organization. (2015). Incheon declaration on sustainable development goals. Paris: Author.

United Nations International Children's in Emergency Fund. (2016). Global initiative on out of school children, Nepal country study. Kathmandu: Author.

Uprety, T.N. (2014). Higher Education in Nepal. Expert Group meeting on Higher Education held at LACHS, 6-7 June, 2014, (Unpublished) Center for Education at Kathmandu University.

Wagner, D. A. (2011). Smaller, Quicker Cheaper Improving Learning Assessments for Developing Countries. Paris: UNECSO/IIEP.

अर्थ मन्त्रालय (२०७३) । वित्तिय क्षेत्र विकास रणनीति (२०७३/७४–२०७७/७८) नेपाल सरकार, मन्त्रिपरिषद्वाट मिति २०७३/०९/२२ मा स्वीकृत ।

अर्थ मन्त्रालय (२०७३), आर्थिक सर्वेक्षण, २०७२, काठमाडौः अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय (२०७४) । देशको वर्तमान आर्थिक स्थिति सम्वन्धमा अर्थमन्त्री डा. युवराज खतिवडावाट जारी स्वेत पत्र । नेपाल सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षण, २०७३, काठमाडौः अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय (२०७५) । आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य, अर्थ मन्त्रालय, नेपाल ।

अर्थ मन्त्रालय (२०७५) । सार्वजनिक खर्चमा मितव्ययितता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५, नेपाल सरकार (म.प.) वाट २०७५/१/२६ मा स्वीकृत ।

अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षण, २०७४, काठमाडौः अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय (२०७५), रातो किताव (आर्थिक वर्ष २०६६/६७ देखि २०७५/७६), काठमाडौः अर्थ मन्त्रालय

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), नेपालको राष्ट्रिय जनगणना, २०६८, काठमाडौः राष्ट्रिय योजना आयोग ।

कोइराला, विद्यानाथ (२०७५)। संघीयतामा रुमलिएको शिक्षा, सार्वजनिक शिक्षामा सुशासन र जवाफदेहिता पृ. १३–१९, शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल

खनाल, हरि (२०७३) शिक्षा सोपान वर्ष ८ अङ्क ८ नेपालमा प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक शिक्षा विकास समस्या र सुधार नेपाल कर्मचारी युनियन शिक्षा विभागीय कार्यसमिति सानोठिमी भक्तपुर

ढुङ्गाना, वावुराम (२०७४) । विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय सरकारको भूमिका, शिक्षाका लागि खाद्य परियोजना एक झलक पृ. ३३–३७ ।

दाहाल, काशीराज (२०७५ वि.सं.), प्रशासन सुधारः अवसर र चुनौती, नेपाल निजामती कर्मचारी युनियन (संघ), केन्द्रीय कार्य समिति, काठमाण्डौं

दाहाल, भोला र सुनार, दल बहादुर (२०७५) । विद्यालय सुशासनका लागि सामुदायिक सहभागिता र सरोकारवालाहरुको भूमिका । एनसिई–नेपाल, ५०–६३ ।

नेपाल कानून आयोग(२०७४) । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल कानून आयोग, काठमाण्डौं ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (२०७३), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन, २०४५, काठमाडौः कानुन किताव व्यवस्था समिति ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (२०७४), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः एक झलक, २०७४, भक्तपुरः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (२०७५), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः एक झलक, २०७५, भक्तपुरः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (२०७३), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद नियमावली, २०५१ (दोश्रो संशोधन २०७०), सानोठिमीः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ।

राष्ट्रिय योजना आयोग (२०७०), तेह्रौ आवधिक योजना, २०७०—२०७३, काठमाडौः राष्ट्रिय योजना आयोग ।

राष्ट्रिय योजना आयोग (२०७३), चौधौं आवधिक योजना, २०७३—२०७६, काठमाडौः राष्ट्रिय योजना आयोग ।

राष्ट्रिय योजना आयोग (२०७५), आर्थिक वर्ष २०७५/७६ को वार्षिक विकास कार्यक्रम

विष्ट, पदम (२०७५), विद्यालय सुशासन र राज्यको जवाफदेहिता । एनसिई–नेपाल, २०–३२ ।

वैध, मोहन किरण (२०७४), हिमाली दर्शन । ललितपुरः साझा प्रकाशन

शर्मा, गोपिनाथ (समिक्षक), नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू । काठमाण्डौ मकालु प्रकाशन गृह,

शर्मा, पीताम्बर (२०७४), नेपालको बदलिँदो जनसांख्यिक परिदृश्य । शिक्षक मासिक, बैशाख २०७४, वर्ष १० अंक १०९ ।

शिक्षा मन्त्रालय (२०११), राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन, काठमाण्डौः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०१८), सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन, काठमाण्डौः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्दतिको योजना, २०२८-३२, काठमाण्डौः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०४९), राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, काठमाण्डौः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०५५), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, काठमाण्डौः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०५८), विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणापत्र २०५८ ।

शिक्षा मन्त्रालय (२०६३), राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना (२०६६/६७—२०७२/७३), काठमाडौः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६९), प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति, २०६९, काठमाडौः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६९), शिक्षा, मानवअधिकार र नागरिक शिक्षा शिक्षक स्रोत सामग्री, २०६९, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

शिक्षा मन्त्रालय (२०७२), उच्च शिक्षा नीति, २०७२ काठमाडौंः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०७३), अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ काठमाडौंः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास योजना (२०७३/७४—२०७९/८०), काठमाडौंः शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०७३), शिक्षा ऐन २०२८ (आठौं संशोधनसहित), काठमाडौंः कानुन किताव व्यवस्था समिति ।

शिक्षा मन्त्रालय (२०७४), प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धि विस्तृत तथ्याङ्कीय प्रतिवेदन, २०७३, काठमाडौः स्कील्स कार्यक्रम ।

शिक्षा विभाग (२०६१), प्रारम्भिक बालबिकास रणनीति पत्र, भक्तपुरः शिक्षा विभाग ।

शिक्षा विभाग (२०६८), विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका,२०६८, भक्तपुरः शिक्षा विभाग ।

शिक्षा विभाग (२०६९) । माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको सन्चालन र व्यवस्थापनका लागि विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन (पहिलो संशोधन) निर्देशिका, २०६९" । काठमाडौंः शिक्षामन्त्रालय, शिक्षा विभाग ।

शिक्षा विभाग (२०६९), माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको सञ्चालन र व्यवस्थापनका लागि विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०६९, भक्तपुरः शिक्षा विभाग ।

शिक्षा विभाग (२०७३) । फ्ल्यास एक प्रतिवेदन २०७३ (२०१५/१६) । सानोठिमी भक्तपुरः शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

शिक्षा विभाग (२०७३), फयाल्स एक प्रतिवेदन २०७३ (२०१५/१६), भक्तपुरः शिक्षा विभाग ।

शिक्षा विभाग (२०७४), फयाल्स एक प्रतिवेदन २०७४ (२०१७/१८), भक्तपुरः शिक्षा विभाग ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५), दरबन्दी पुनर्वितरण सुझाव कार्यदलको प्रतिवेदन (अप्रकाशित)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७५), प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको भावी नीति, रणनीति तथा कार्यनीतिहरू र संस्थागत संरचनासम्बन्धी सुझाव दिन गठित कार्यदलको प्रतिवेदन, २०७५, काठमाण्डौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७५), शैक्षिक सूचना, २०७४, काठमाण्डौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०१८) । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०१७ संक्षिप्त प्रतिवेदन, कक्षा– ८ (नेपाली, गणित र विज्ञान) ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७४) । शैक्षिक निकायको कार्यसम्पादन २०७३/७४, समष्टिगत प्रतिवेदन, २०७४ । नेपाल सरकार, शिक्षा मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर, नेपाल ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र । (२०११, २०१२ २०१३, २०१५ र २०१७) विद्यार्थी सिकाइ उपलब्धि परीक्षण प्रतिवेदन । सानोठिमी, भक्तपुर ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र । (२०१७), शिक्षक तथा प्रधानाध्यापक सर्वेक्षण फारम । अप्रकाशित तथ्याङ्क । सानोठिमी, भक्तपुर ।

श्रेष्ठ, शुमेन्द्रमान )२०७५) । नेपालमा विद्यालय सुशासनका मुद्दा तथा रुपान्तरणका लागि सहभागितामूलक विधिहरु । एनसिई–नेपाल, ३३–४९ ।

संविधान सभा (२०७२), नेपालको संविधान, २०७२, काठमाडौः कानुन किताव व्यवस्था समिति ।

# शिक्षासम्बद्ध आयोजना र परियोजनाहरू

## पृष्ठभूमि

शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रियरूपमा आएका परिवर्तनहरूसँगै नेपालको शिक्षा प्रणालीमा पनि नयाँ आयामहरू आत्मसात गर्दिँदै आएको छ । विशेषत: संयुक्त राष्ट्रसङ्घले सन् १९४८ मा शिक्षालाई मानवाधिकारका रूपमा अङ्गीकार गरेपछि विशेषतः साक्षरता, लैङ्गिक समानता, शिक्षक तालिम, पाठ्यक्रम, शिक्षण सिकाइ, शैक्षिक व्यवस्थापन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका साथै उच्च शिक्षा सुधार जस्ता क्षेत्रमा देशको आवश्यकतासँग सापेक्ष हुने गरी नेपालमा पनि विभिन्न कालखण्डमा लामा छोटा परियोजनाहरू मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय दातृनिकायहरूको आर्थिक तथा प्राविधिक सहयोगमा कार्यान्वियन हुँदै आएका छन् ।

नेपालको शैक्षिक इतिहासलाई हेर्दा सन् नयाँ शिक्षा पद्धति योजना (१९७१) सँगै शिक्षा क्षेत्रमा बाह्य सहयोगको परियोजनाहरू कार्यान्वयनमा ल्याएको देखिन्छ । यसक्रममा युनिसेफको सहयोगमा सन् १९७२ देखि महिला शिक्षक प्रवर्धनका लागि सञ्चालित 'ए' लेभल र 'बी' लेभल तालिम कार्यक्रम, सन् १९८१ देखि १९८६ सम्म सञ्चालित ग्रामीण विकासका लागि सेती शिक्षा परियोजना, आई. डी. ए को सहयोगमा सञ्चालित प्राथमिक शिक्षा परियोजना सन् १९८६-१९९० तथा माध्यमिक तहको विज्ञान शिक्षणको गुणस्तर सुधारका लागि माध्यमिक शिक्षकहरूका लागि तालिम तथा माध्यमिक विद्यालयहरूमा विज्ञान सामग्री उपलब्ध गराउने गरी सञ्चालन भएको शिक्षा परियोजना सन् १९८२, उच्च शिक्षाको क्षेत्रमा खागगरी त्रिभुवन विश्वविद्यालयको क्षमता विस्तार गर्ने अभिप्रायले सञ्चालन भएको उच्च शिक्षा परियोजना (१९९४-२००१) आदि नेपालको शिक्षा विकासका लागि परियोजना पद्धतिअनुसार भएका पूर्ववर्ती प्रयासहरू हुन् ।

विशेषत: बाल अधिकार महासन्धि सन् १९८९ पछाडि आधारभूत तथा प्राथमिक शिक्षामा समन्यायिक पुहँच र गुणस्तर सुनिश्चित गर्दै सबै बालबालिकालाई अधिकारका रूपमा शिक्षाको अवसर उपलब्ध गर्ने विश्वव्यापी अभियानमा पक्ष राष्ट्रको हैसियतले नेपालले पनि आधारभूत तथा प्राथमिक शिक्षाको पहुँच, गुणस्तर र व्यवस्थापनमा विशेष प्राथमिकता दिँदै सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत विभिन्न दातृनिकायहरूको सहयोगमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो र दोस्रो चरण(१९९१- २०००), आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (२०००- २००९), तथा विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९- २०१५) निरन्तर रूपमा कार्यान्वियन गरेका विद्यालय शिक्षाको ठुला परियोजनाहरू हुन् । यसका अतिरिक्त माध्यामिक शिक्षामा पहुँच, गुणस्तर र संस्थागत सुधारका लागि ए.डी.बी.को सहयोगमा माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००२-२००८), ए.डी.बी.कै सहयोगमा शिक्षक शिक्षाको प्रणालीगत सुधार, शिक्षक शिक्षाको पाठ्यक्रममा सुधार, व्यवस्थापन तथा शिक्षण सिकाइसम्बन्धी तालिम प्रदान गर्ने र शिक्षण पेसामा पूर्व सेवाकालीन तालिम र प्रोत्साहनको माध्यमबाट सुविधाविहीन वर्गका महिलाहरूलाई शिक्षण पेसामा आकर्षित गर्ने गरी सञ्चालन भएको शिक्षक शिक्षा परियोजना (२००१-२०१०) विद्यालय शिक्षाको समग्र सुधारका लागि कार्यान्वियन भएका महत्त्वपूर्ण परियोजनाका रूपमा लिइन्छ । यसै गरी सरकारी अनुदानमा सञ्चालन भएका सार्वजनिक विद्यालयहरूको व्यवस्थापन स्थानीय समुदायलाई हस्तान्तरण गरी शैक्षिक गुणस्तर सुधार गर्ने अभिप्रायसहित विद्यालयहरूको व्यवस्थापकीय क्षमता विकास, एकमुष्ट प्रोत्साहन अनुदान, कार्यक्षमतामा आधारित अनुदान तथा विशेष छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम विश्व बैङ्कको सहयोगमा भएको सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२००३-२००८) विद्यालय शिक्षाको क्षेत्रमा कार्यान्वियन भएका परियोजनाहरू हुन् । उच्च शिक्षाको क्षेत्रमा तत्कालीन समस्याको निराकरण गरी यसलाई राष्ट्रिय समसमायिक आवश्यकता एवम् प्राथमिकतासँग

सान्दर्भिक बनाई अन्तर्राष्ट्रिय विकाससँग आबद्ध हुन सक्ने बनाउन विश्व बैङ्ककै सहयोगमा दोस्रो उच्च शिक्षा परियोजना (२००७-१४) सञ्चालन भएको थियो ।

तत्कालीन अवस्थामा राष्ट्रिय रूपमा नै विशेष प्राथमिकता दिइएको उपर्युक्तअनुसारका परियोजनाहरूका उपलब्धि मूल्याङ्कनका दस्तावेजहरूको अध्ययन गर्दा अधिकांश परियोजनाहरू निर्धारित उद्देश्यहरू हासिल गर्न सफल भएको देखिन्छ । तथापि समग्र उपलब्धिहरूको गुणात्मक पाटोको लेखाजोखा गर्दा परियोजनाहरूले अवलम्बन गरेका चुस्त कार्यान्वयन ढाँचालाई स्थायी संयन्त्रले आत्मसात् गरी सोही प्रकृतिका नियमित कार्यक्रमहरूको परम्परागत कार्यान्वयन पद्धति र ढाँचामा सुधार ल्याएको देखिँदैन ।त्यसै गरी परियोजनाहरू लक्ष्य प्राप्ति गर्न सजिलो हुने गरी तयार गरिने, निश्चित क्षेत्र र लक्षित वर्गमा सेवा पुग्ने गरी कार्यान्वयन हुने गरेको देखिन्छ। फलस्वरूप परियोजनाका लाभहरू राष्ट्रिय रूपमा समन्यायिक हुन नसकी सेवा प्राप्त गर्न बराबरी हैसियत राख्ने ठुला सेवा क्षेत्रहरू ओझेलमा पर्ने गरेका छन् ।यसका अतिरिक्त, परियोजनाहरूले सुरुवात गरेका कतिपय असल कामहरू परियोजनाको समाप्तिपछि निरन्तर हुन नसकी अलपत्र हुने गरेको देखिन्छ ।

**विद्यालय क्षेत्र विकास योजना:** नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त कार्यान्वयन गरेको सात वर्षे विद्यालय क्षेत्र सुधार योजना (२००९-०१५/१६)बाट प्राप्त उपलब्धिलाई संस्थागत गरी विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिँदै समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता र प्रतिबद्धतासमेतको सापेक्ष हुने गरी सन् २०१६ जुलाई देखि २०२३ जुलाई सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ । नेपालको नयाँ संविधान २०१५मा शिक्षाका सम्बन्धमा गरेको व्यवस्थार संयुक्त राष्ट्रसङ्घले अघिसारेको दिगो विकासका लक्ष्यहरू (२०१६-०३०) को मूल भावनालाई आत्मसात् गर्दै नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकका रूपमा र सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकका रूपमा स्तरोन्नति गर्ने माध्यमका रूपमा विद्यालय शिक्षालाई पुनः परिभाषित गर्दै अग्रसारित गर्नु यस योजनाको मूल अभिप्राय भनिएको छ ।

योजनाको प्रथम पाँच वर्ष सन् २०१६ देखि २०२१ सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ भने सन् २०२३ सम्म कार्यक्रमहरू प्रस्ताव गरिएका छन् । योजनाको दूरदृष्टिका रूपमा राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्यउन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउनु भनी उल्लेख गरिएको छ भने अभियानका रूपमा नेपाललाई वि.सं. २०७९ (सन् २०२२) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्नु भनिएको छ । त्यस्तै मुलुकको सङ्घीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता, गणितीय सीप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सीपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका निरन्तर एवम् समावेशी प्रयत्नमार्फत् मुलुकको सामाजिक-आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउनुलाई लक्ष्यका रूपमा लिएको देखिन्छ ।

विद्यालय क्षेत्र विकास योजनाका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि विद्यालय शिक्षाका प्रमुख आयामभित्र लक्षित नतिजाका क्षेत्रमार्फत् विद्यालय शिक्षाको सुदृढीकरण गर्न परिवर्तनका सिद्धान्त (Theory of Change) का रूपमा समता (Equity), गुणस्तर (Quality), सक्षमता (Competency), सुशासन तथा व्यवस्थापन (Governance and Management), उत्थानशीलता (Resilience) जस्ता आयामहरूलाई आत्मसात् गरेको छ ।

कार्यक्रमले प्रारम्भिक बालशिक्षा तथा विकाससहितको आधारभूत शिक्षा, माध्यमिक शिक्षा, साक्षरता तथा जीवनपर्यन्त सिकाइलाई मुख्य अवयवका रूपमा लिएको छ भने शिक्षकको पेसागत विकास तथा व्यवस्थापन, सञ्चालन तथा व्यवस्थापन, संस्थागत क्षमताको विकास, अनुगमन तथा मूल्याङ्कन, परीक्षा तथा मूल्याङ्कन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, विपत् जोखिम न्यूनीकरण र उत्थानशीलता, स्वास्थ्य र पोषण, विद्यालय क्षेत्र पुनःसंरचना, वित्तीय व्यवस्थापन जस्ता विषयवस्तुहरूलाई अन्तरसम्बन्धित विषयका रूपमा विशेष प्राथमिकता दिएको देखिन्छ ।

**वर्तमान अवस्था**

विद्यालय क्षेत्र विकास योजनाअन्तर्गत प्राथमिकता प्राप्त क्षेत्रमा नीति, निर्देशिका निर्माण गरी कार्यान्वयन गर्नेदेखि सोका आधारमा आएका परिवर्तनहरूको तेस्रो पक्षबाट रुजु गरेपछि मात्र विकास साझेदारहरूबाट प्रतिबद्धता गरिएका रकम क्रमगत रूपमा निकासा हुने व्यवस्था गरिएअनुसार हाल तेस्रो वर्षमा आइपुग्दा योजनाका अधिकांश अपेक्षित उपलब्धिहरू हासिल भएका छन्, तर दोस्रो वर्षमा अपेक्षा गरिएको विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने लक्ष्य पूर्ण रूपमा हासिल गर्न नसकी विकास साझेदारहरूबाट प्रतिबद्धता गरिएको स्रोतमध्ये केही कटौती भएको अवस्था छ । कार्यढाँचाअनुसार योजनाका तेस्रो वर्षसम्म आइपुग्दा देखिने खालका शैक्षिक सूचकहरूमा सुधार आएको देखिन्छ । आर्थिक वर्ष २०७४।७५ सम्मको तथ्याङ्क हेर्ने हो भने १५ देखि ६० वर्ष उमेर समूहको प्रौढ साक्षरतादर ८२ प्रतिशत पुगिसकेको छ भने १५ देखि २४ वर्ष उमेर समुहको युवा साक्षरता दर ९० प्रतिशत पुगेको छ । पूर्व प्राथमिक शिक्षा (Early Childhood Education and Development -ECED) को अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या ६६.३ प्रतिशत पुगेको देखिन्छ भने कक्षा १देखि ५ सम्मको खुद भर्नादर ९७.२ र कक्षा १ देखि ८ सम्मको खुद भर्नादर ९२.५ प्रतिशत पुगेको देखिन्छ । माध्यमिक तह (९-१२) मा भने निश्चित उमेर समूहका बालबालिकामध्ये हालसम्म ४३.९ प्रतिशत मात्र बालबालिका भर्ना भएको देखिन्छ । अध्ययनको क्रममा बिचैमा विद्यालय छाड्ने दर कक्षा १-५ मा ३ प्रतिशत, ६-८ मा ३.८ प्रतिशत र कक्षा ९-१० मा ४.२ प्रतिशत छ । यसै गरी लैङ्गिक समता सूचाकाङ्कलाई हेर्दा विद्यालय शिक्षा र उच्च शिक्षा दुवै तहमा छात्र र छात्राको सहभागिता बराबर भएको देखिन्छ यस सूचकाङ्कको अवस्था देखिनुले योजनाको अन्त्यसम्ममा अपेक्षित उपलब्धि हासिल गर्न सकिने सकारात्मक सङ्केत त देखाउँछ तर सङ्घीय ढाँचामा विद्यालय शिक्षासम्बन्धी अधिकार र जिम्मेवारीमा आएको परिवर्तनलाई हेर्दा योजनाका आगामी कार्यान्वयन सहज देखिँदैन।

**प्रमुख चुनौती**

(क) कतिपय योजनासँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जम्मेवारी स्थानीय तह, जिल्ला तह वा प्रदेश तह कसले गर्ने स्पष्ट छैन । उदाहरणका लागि शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन, बेरुजु फछ्र्योट, विद्यालय भौतिक निर्माण तथा अनुगमन मूल्याङ्कन जस्ता कार्यक्रम कार्यान्वयनमा अन्यौल छ । त्यसैले यी कार्यहरू योजनाले अपेक्षा गरेअनुसार कार्यान्वयन गर्न गराउन चुनौतीपूर्ण छ ।

(ख) मुलुकको शासकीय ढाँचामा परिवर्तन भई विद्यालय शिक्षाको व्यवस्थापकीय जिम्मेवारी स्थानीय सरकारमा निहित भएको सन्दर्भमा नागरिकको मौलिक हकका रूपमा स्थापित विद्यालय शिक्षाको सर्वसुलभता, समन्यायिकता र गुणस्तरको सुनिश्चितता गर्दै सार्वजनिक शिक्षाप्रति जनविश्वास र आकर्षण बढाउनु प्रमुख चुनौती हो ।

(ग) विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको दरबन्दी मिलान तथा पुनर्वितरण, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि, दुर्गम र पिछडिएका क्षेत्रका विद्यालयहरूमा समेत भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण तयार गर्नु, शिक्षण सिकाइ पद्धतिलाई प्रविधिमा आधारित, व्यावहारिक र बालमैत्री बनाउँदै लैजानु चुनौतीपूर्ण छ

(घ) विद्यालयबाहिर रहेका बालबालिका सबैलाई विद्यालयमा भर्ना गर्नु र कक्षा छाड्ने दरलाई सून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु पनि चुनौतीपूर्ण छ ।

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षालाई विशेष प्राथमिकता दिई विद्यालय शिक्षामा कार्यान्वयन गर्न सुरु गरिएको परिप्रेक्षमा शिक्षालयहरूको भौतिक पूर्वाधार,प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक हुने गरी दुर्गम भेगमा समेत पहुँचयोग्य बनाउन आवश्यक पर्ने स्रोतसाधनको उपलब्धता र व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण छ ।

(च) यसका साथै योजनाले परिलक्षित गरेअनुसार पूर्वप्राथमिक शिक्षाको व्यवस्थापन, न्यूनतम सिकाइ सुविधासहितको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको विस्तार, एकीकृत पाठ्यक्रमको कार्यान्वयन, अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षकहरूको उपलब्धता, उत्तरदायी शिक्षक व्यवस्थापन, परीक्षा तथा मूल्याङ्कन पद्धतिमा सुधार, नमुना विद्यालयहरूको विकास र व्यवस्थापन, अति विपन्न वर्गका बालबालिकाको पहिचान गर्दै छात्रवृत्तिको व्यवस्थासहित शिक्षामा पहुँच बढाउने, सुरक्षित र जोखिमरहित भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरणको सुनिश्चितता गर्नु, वित्तीय व्यवस्थापनमा सुशासन कायम गर्नु र शैक्षिक सूचना प्रणालीलाई व्यवस्थित गर्दै अनुगमन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्नु चुनौतीपूर्ण छ ।

उपर्युक्तअनुसार तमाम चुनौतीहरू हुँदाहुँदै पनि शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारीसहित स्थानीय सरकारलाई व्यवस्थापकीय स्वायत्ता प्रत्याभूत गर्ने संवैधानिक आधार नै शिक्षा क्षेत्रको सुधार गर्ने प्रमुख अवसर हुन सक्ने देखिन्छ। यसका अतिरिक्त साक्षरता दरमा भएको उलेख्य वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा देखिएको प्रगति, शिक्षामा बढेको समावेशी सहभागिता तथा सामुदायिक विद्यालयप्रति चासो र जनअपेक्षा बढ्दै जानुले सुधारको आधार तयार भएको देखिन्छ ।

**सूझावहरु**

१. सङ्घीय ढाँचाअनुरूप शिक्षासम्बन्धी अधिकार र जिम्मेवारीलाई दोहोरो नपर्ने गरी तीनै तहका सरकारबिच सूक्ष्म रूपमा कार्यविभाजन हुने गरी सङ्घीय शिक्षा ऐन यथाशीघ्र ल्याउने

२. सङ्घीय संरचनाको स्पष्ट खाका आउनुअगावै तयार पारिएको विद्यालय क्षेत्र विकास योजनाका क्रियाकलापहरूलाई परिवर्तित सन्दर्भ सापेक्ष हुने गरी पुनःसंरचना गर्ने

३. मुलुकको शासकीय ढाँचामा परिवर्तन भई विद्यालय शिक्षाको व्यवस्थापकीय जिम्मेवारी स्थानीय सरकारमा निहित भएको सन्दर्भमा नागरिकको मौलिक हकका रूपमा स्थापित विद्यालय शिक्षाको सर्वसुलभता, समन्यायिकता र गुणस्तरको सुनिश्चित गर्न सक्ने वातावरण तयार गर्न आवश्यकताअनुसार स्थानीय तहको क्षमता विकासको ढाँचा तयार गर्ने

४. समग्र शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक हुने आर्थिक स्रोत र उपलब्धताबिच देखिएको खाडल परिपूर्ति गर्न बजेटमा केन्द्रीय सरकारको हिस्सामा बढोत्तरी गर्नुका साथै तीनै तहको सरकारबिच वित्तीय सहकार्यको स्पष्ट खाकासम्बन्धी कानुनी व्यवस्था गर्ने र थप बाह्य स्रोत जुटाउन पहल गर्ने

५. विद्यार्थी सङ्ख्या र पठनपाठन हुने विषयहरूको अनुपातमा देशभर शिक्षक दरबन्दी मिलान गर्न यसअघि पूर्व सचिव महाश्रम शर्माको समूहद्वारा गरिएको अध्ययन सिफारिसलाई आधार मानी यथाशीघ्र प्रक्रिया अघिबढाउने
६. नमुना विद्यालय र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने स्थान र विद्यालयहरूको पहिचान गर्न देशव्यापी रूपमा अध्ययन गरी विद्यालय नक्साङ्कन गर्ने
७. कुनै पनि विषयको प्रतिभावान् व्यक्तितथा अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षकहरूको दिगो रूपमा विद्यालयहरूमा उपलब्ध हुन विश्वविद्यालयहरूसँग सहकार्य गर्नुका साथै यी विषयका विज्ञहरूलाई शिक्षण पेसामा आकर्षित गर्न कानुनी, मौद्रिक तथा गैर मौद्रिक विशेष अभिप्रेरणाका प्रावधान अख्तियार गर्ने
८. वित्तीय सुशासन कायम गर्न उत्तरदायी व्यवस्थापन र सूचना प्रविधिलाई दुर्गम क्षेत्रका विद्यालयहरूले प्रयोग गर्ने गरी आगामी वार्षिक कार्यक्रमहरूमा प्राथमिकता निर्धारण गर्ने

**शिक्षाका लागि खाद्य परियोजना:** विद्यालय क्षेत्र सुधार कार्यक्रमकै परिपूरक कार्यक्रमका रूपमा शिक्षाका लागि खाद्य परियोजना पनि कार्यान्वयनमा रहेको छ । नेपालमा संयुक्त राष्ट्रसङ्घअन्तर्गत विश्व खाद्य कार्यक्रमको प्रवेश सर्वप्रथम ३० अगस्त, १९६७ मा भई विभिन्न चरणमा विद्यालय खाजा कार्यक्रम सञ्चालन हुँदै आएको छ । विश्वमा व्याप्त भोकमरीलाई शून्यमा झार्ने विश्वव्यापी अभियानलाई नेपालमा पनि सार्थकता दिने कार्यमा सहयोग गर्ने मात्र नभई अधिकारमा आधारित गुणस्तरीय आधारभूत शिक्षामा अतिविपन्न परिवारका बालबालिकाको सहज पहुँच सुनिश्चित गर्न शिक्षाका लागि खाद्य परियोजना नेपालका खाद्यान्न कमी हुने १९ जिल्लाहरूमा वस्तुगत सहायता दिने (१०र नगद अनुदान दिने ९ जिल्ला) कार्यान्वयन हुँदै आएको छ भने यसवर्षदेखि दिवा खाजा कार्यक्रमलाई थप प्राथमिकता दिई विद्यार्थी भर्नादर कम भएका र खाद्यान्न पर्याप्त नभएका थप १२ जिल्लामा विस्तार गर्ने गरी कार्यक्रम सञ्चालन हुँदै आएको छ । शिक्षा र खाद्य सुरक्षा मौलिक हक भएको सन्दर्भमा यो कार्यक्रम विशेष सान्दर्भिक देखिन्छ । आर्थिका रूपमा विपन्न वर्गका बालबालिकाहरूलाई विद्यालयमा दिवाखाजा उपलब्ध गराई सहुलियत प्रदान गर्ने र उनीहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्न चालु आ.व.मा परियोजना सञ्चालन गर्न छनोटमा परेका १० जिल्लाहरू (जाजरकोट, दैलेख, रुकुम, डडेलधुरा, डोटी, बैतडी, अछाम, बाजुरा, बझाङ र दार्चुला) अन्तर्गतका गाउँपालिकाहरूका १६५८ सामुदायिक आधारभूत विद्यालयहरू र ११२३ बालविकास केन्द्रहरूमा अध्ययनरत कुल २३६००० हरूलाई दिवा खाजा खुवाउने कार्यक्रम रहेको छ। दिवा खाजा सञ्चालन भएका विद्यालयहरूमा विद्यार्थीहरूको भर्नादर र टिकाउदर बढेको र कक्षा छाड्ने दर घटनुका साथै छात्रा भर्नादरमा उल्लेख्य वृद्धि भई लैङ्गिक समता सूचकमा सुधार आएको विभिन्न अध्ययनहरूले देखाएका छन् ।

विद्यालय खाजा कार्यक्रम सञ्चालन गर्ने क्रममा प्रशस्त चुनौती नभएका होइनन् ।१०९ ओटा वितरण केन्द्रका लागि आवश्यक पर्ने कर्मचारीको उपलब्धता र पुनर्वितरण चुनौतीपूर्ण छ । यसअघि भएका क्षेत्रीय कार्यालयहरू जिल्ला प्रदेश वा सङ्घीय कार्यालयको मातहत हुने भन्ने विषयमा अन्योल छ भने खाद्य कार्यक्रम फेजआउट भएका क्षेत्रमा अवस्थित कार्यालयहरूका भौतिक पूर्वाधार, चलअचल सम्पत्तिको संरक्षण, संवर्धन र सदुपयोग गर्न चुनौती बनेको छ । उदाहरणका लागि विराटनगर, वीरगञ्ज, भैरहवा, नेपालगञ्ज, सुर्खेत, धनगढी र महेन्द्रनगरमा भएका सम्पूर्ण पूर्वाधार अलपत्र छन् । स्रोत साधनको सीमितताको कारण स्थानीय मागलाई सम्बोधन गर्न कठिनाइ भइरहेकाले विश्व खाद्य कार्यक्रमले सहयोगलाई बिस्तारै घटाउँदै लगेको सन्दर्भमा मागबमोजिम स्रोतको उपलब्ध गराउन पनि चुनौती देखिन्छ । त्यसै गरी, स्थानीय रूपमा उत्पादन हुन सक्ने पोषणयुक्त खाद्यान्नको अध्ययन अनुसन्धान गरी दिगो खाद्य सुरक्षाको प्रत्याभूति गर्न स्थानीय सरकारलाई

उत्प्रेरित गर्ने ठोस कार्यक्रम नभएको सन्दर्भमा आत्मनिर्भर र दिगो पोषणयुक्त खाद्यान्नको उत्पादन चुनौतीपूर्ण बनेको छ ।

**सुझावहरु**

१. यसअघि भएका क्षेत्रीय कार्यालयहरू जिल्ला, प्रदेश वा सङ्घीय कार्यालयको मातहत हुने भन्ने विषयमा अन्योल भएकाले यथाशीघ्र आवश्यकतामा आधारित भई स्थानीय, जिल्ला, प्रदेश रसङ्घीय ढाँचामा शिक्षाका लागि खाद्य कार्यक्रम हेर्ने संरचनाको व्यवस्था गर्ने
२. खाद्य कार्यक्रम फेजआउट भएका स्थानमा भएका जग्गाजमिनलगायत कार्यालयहरूका भौतिक पूर्वाधार, चलअचल सम्पत्तिको संरक्षण संवर्धन गर्दै शैक्षिक प्रयोजनका लागि सदुपयोग गर्ने सम्बन्धमा शैक्षिक योजना बनाई कार्यान्वयन गर्ने
३. विश्व खाद्य कार्यक्रमले सहयोगलाई बिस्तारै घटाउँदै लगेको सन्दर्भमा कार्यक्रमलाई निरन्तरता दिन विकेन्द्रित रूपमा स्थानीय सरकारसँग सहकार्य गर्ने नीति अवलम्बन गर्ने । विद्यालय खाजा कार्यक्रमको अपनत्व स्थानीय सरकारबाट हुन आवश्यक नीतिगत व्यवस्था गर्ने
४. स्थानीयरूपमा उत्पादन हुन सक्ने पोषणयुक्त खाद्यान्नको अध्ययन अनुसन्धान गरी स्थानीयकृत दिगो खाद्य सुरक्षाको प्रत्याभूति गर्न अभिभावक र स्थानीय सरकारलाई उत्प्रेरित गर्ने कार्यक्रमलाई कृषिलगायत स्थानीय विकासको अन्य कार्यक्रमसँग एकीकृत गर्दै लैजाने
५. एउटै उद्देश्यले सञ्चालित कार्यक्रम भए तापनि हाल दुई ओटा ढाँचामा दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको हुँदा कार्यक्रममा एकरूपता ल्यायी प्रभावकारी बनाउन केन्द्र, प्रदेश र स्थानीय तहमा एकद्वार प्रणालीमा कार्यक्रम सञ्चालन हुने संयन्त्र विकास गर्ने

विद्यालय क्षेत्र सुधार योजना र विद्यालय क्षेत्र विकास योजनामा व्यवस्था भएअनुसार व्यवहार कुशल सीपहरूलाई (Soft Skills) विद्यालय तहको पाठ्यक्रममा समावेश गर्नुका साथै सोअनुरूप शिक्षक तयारी गर्न प्राविधिक सहयोग उपलब्ध गराउने प्रयोजनका लागि सफ्टस्किल परियोजना सञ्चालनमा आएको छ । पाठ्यक्रम विकास केन्द्र, तत्कालीन शैक्षिक जनशक्ति विकास केन्द्र र शिक्षा विभागसँग पाठ्यक्रम परिमार्जन, शिक्षक तालिम, विद्यार्थी परामर्श, लैङ्गिक तथा समावेशी शिक्षासम्बन्धी स्वीकृत कार्यक्रमहरू सञ्चालनमा आइरहेको, परियोजनाको लक्ष्यअनुसार कामहरू अन्तिम अवस्थामा पुगेको देखिन्छ ।परियोजनाले सञ्चालन गर्दै आएका कार्यक्रमहरूलाई निरन्तरता दिने र थप स्थानहरूमा विस्तार गर्ने विषयमा कुनै योजना अघि सारेको देखिँदैन । तसर्थ परियोजनाको उपलब्धि राष्ट्रिय रूपमा परिवर्तन ल्याउन खासै सार्थक हुने देखिँदैन ।

### केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा)बाट कार्यान्वयन हुने भूकम्पबाट क्षतिग्रस्त विद्यालय पुनः निर्माण परियोजना

२०७२ वैशाख १२ को विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पबाट ठुलो जनधनको क्षति भयो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले २०७३ वैशाखमा प्रकाशित गरेको विपद्पश्चात् पुनरुत्थान ढाँचा (Post Disaster Recovery Framework-PDRF) को प्रतिवेदनअनुसार उक्त भूकम्पबाट ७९२३ विद्यालयहरू र ४९६८१ कक्षाकोठाहरू क्षति भएको तथ्याङ्क रहेको छ । उक्त क्षतिभएका विद्यालयहरूको पुनर्निर्माण कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने अभिप्रायले वि.सं. २०७२ फागुन १७ गते शिक्षा मन्त्रालयअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन एकाइ स्थापना भयो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र शिक्षा मन्त्रालयबाट प्राप्त विद्यालय पुनर्निर्माणसम्बन्धी नीतिगत मार्गनिर्देशन एवम् स्रोतअनुरूप यस केन्द्रीय आयोजना कार्यान्वयन एकाइले विद्यालय

पुनर्निर्माणको कामलाई द्रुततर रूपमा अगाडि बढाइरहेको छ । विद्यालयहरूको पुनर्निर्माणमा योगदान पुऱ्याउन इच्छुक दाताहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू, कुटनीतिक नियोगहरू, विभिन्न विकास साझेदारहरू र नेपाल सरकारका निकायहरूसँग निरन्तर सञ्चार समन्वय र सहकार्य गर्दै Build Back Better को विश्वव्यापी अवधारणालाई आत्मसात् गरी नेपाल राष्ट्रिय भवन निर्माण संहिता एवम् भवन निर्माणसम्बन्धी प्रचलित मापदण्डहरू पूर्णपालना हुने गरी भौतिक रूपमा सुदृढ, सुरक्षित र बालमैत्री विद्यालयहरू पुनर्निर्माणमा इकाइ सक्रिय रहेको देखिन्छ ।

**अपेक्षित उपलब्धिहरू**

- कुल क्षति भएका विद्यालयमध्ये विद्यालय व्यवस्थापन समितिबाट करिब ७५ प्रतिशत विद्यालय पुनर्निर्माण गर्ने,
- विकास साझेदारमार्फत् विद्यालयमा पुनर्निर्माण सम्पन्न
- JFPR बाट ८ नमुना विद्यालय,EEAP बाट १३६ विद्यालय, DRSP बाट १३० विद्यालय, ESRP बाट २३६ विद्यालय, USAID बाट १७ विद्यालय, भारत सरकारको अनुदानबाट ७० विद्यालय र चीन सरकारबाट ७ ओटा विद्यालय भवन निर्माण गर्ने
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा व्यक्तिबाट करिब १५ प्रतिशत विद्यालय पुनर्निर्माण गर्ने अपेक्षा गरिएको

परियोजनाको प्रगति विवरणअनुसार JFPR बाट पुनर्निर्माण गर्ने ८ नमुना विद्यालयको औसतमा ५६ प्रतिशत कार्य प्रगति भएको, Earthquake Emergency Assistance Project ( EEAP) बाट १३६ विद्यालय मध्ये ३४ विद्यालय निर्माण सम्पन्न बाँकीको औसतमा ७० प्रतिशत कार्य प्रगति भएको, Disaster Resilience School Project (DRSP) बाट १७० विद्यालय पुनर्निर्माण हुनेमध्ये ६७ विद्यालयको बोलपत्र मूल्याङ्कन भइरहेको ३११ विद्यालयको सेर्भेडिजाइन भइरहेकको, ESRP को २३६ विद्यालयमध्ये १३ विद्यालयको निर्माण सम्पन्न, २९ विद्यालयको औसतमा ५६ प्रतिशत कार्य सम्पन्न, २५ विद्यालयको औसतमा २२ प्रतिशत कार्य प्रगति, ६८ विद्यालयको ८ प्रतिशत कार्य प्रगति र १० विद्यालयको बोलपत्र मूल्याङ्कन भइरहेको । USAID बाट १७ विद्यालयको औसतमा ७१ प्रतिशत कार्य प्रगति भएको, भारत सरकारको अनुदानबाट ८ विद्यालयको बोलपत्र सकी Letter Of Acceptance (LOA) जारी भएको ६ विद्यालयको सर्वेक्षण सकिएको र ५६ विद्यालय छनोट भई सर्भे सुरु गर्न लागिएको, चीन सरकारको सहयोगमा ७ ओटा विद्यालय भवन निर्माणका लागि कार्य अगाडि बढेको, दरबार हाइस्कुलको कार्य सुचारु भइरहेको । आ.व. २०७३/७४ मा १०३३ विद्यालयमा विद्यालय व्यवस्थापन समितिमार्फत् विद्यालय निर्माण भएका ।२०७४/७५ मा निर्माण सुरु भएका १०६८ विद्यालयको औसतमा ६० प्रतिशत कार्य प्रगति भएको ।आ.व. २०७५/७६मा निर्माण हुने ११३४ विद्यालयको छनोट भई निर्माण कार्य सुरु भएको

तोकिएको अवधिभित्र सबै क्षतिग्रस्त विद्यालयको आवश्यकतालाई सम्बोधन हुने गरी समन्यायिका रूपमा निर्माण तथा पुनर्निर्माण गर्न स्रोतको सुनिश्चिता गर्नु, निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरूको सदुपयोगमा ल्याउनु, निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरूको दिगोपनाका लागि संरक्षण संवर्धनको सुनिश्चिता गर्नु जस्ता विषयहरू चुनौतीका रूपमा देखिन्छन् ।

**सुझावहरु**

- पुनर्निर्माण गर्दा  Build Back Better को विश्वव्यापी अवधारणालाई आत्मसात् गरी विद्यालय भवन एवम् भौतिक पूर्वाधारहरू बालमैत्री, वातावरण मैत्री, लैङ्गिक मैत्री र विपद् प्रतिरोधी बनाउने नीति प्रभावकारी रूपले लागु गर्नुपर्ने
- विशेष गरी बढी प्रभावित ३१ ओटा जिल्लाहरूमा स्थानीय जनसहभागिता एवम् अपनत्व बढाउने क्रियाकलापहरूसहित पुनर्निर्माण कार्यहरूलाई केन्द्रित गर्दै यथाशक्य निर्माण,  पुनर्निर्माण सकी सबैविद्यालयमा सिकाइ वातावरण तथार गर्नुपर्ने
- भूकम्पको प्रभाव बाहिरका जिल्लाहरूमा समेत विभिन्न सहयोगी सङ्घ, संस्था एवम् व्यक्तिहरूको सहयोगमा निर्माण गरिने भौतिक पूर्वाधारको गुणस्तर कायम गर्न कार्यविधि बनाई स्थानीय सरकार समेतको सहकार्यमा आवश्यक सजगता/पूर्वतयारीसम्बन्धी जनचेतना र  निर्माण/पुनर्निर्माण कार्य अगाडि बढाउनुपर्ने
- निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरूको दिगोपनाका लागि संरक्षण संवर्धनको  सुनिश्चिता गर्दै पूर्ण सदुपयोगको सुनिश्चितता हुन विद्यालयमा आधारित योजना निर्माण गरी कार्यान्वयन गर्ने

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी  परियोजनाहरू**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई युवाहरूको सीप अभिवृद्धि गर्न र रोजगार सिर्जना गरी मुलुकको अर्थतन्त्रमा सहयोग पुऱ्याउने प्रमुख साधनका रूपमा स्विकार्दै यस क्षेत्रमा सम्पूर्ण काम गर्ने गरी सन् १९९० देखि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गठन भई लामो तथा छोटो अवधिका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विभिन्न दातृनिकाय र मित्रराष्ट्रहरूको सहयोगमा अनगिन्ती परियोजनाहरू पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा कार्यान्वयन हुँदै आएको छ । वर्तमान अवस्थामा कार्यान्वयन भइरहेका परियोजनाहरू यसप्रकार छन् :

| क्रसं | परियोजना | अवधि | लागत् | परियोजनाका उद्देश्यहरू | कार्यान्वयन ढँचा |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रो | २५ सेप्टेम्बर २०१७ देखि १५ जुलाई २०२२ सम्म | विश्व बैङ्कको ऋण सहयोग ६० मिलियन अमेरिकी डलरमध्ये ५४ मिलियन नतिजामा आधारित र ६ मिलियन परियोजनाको व्यावस्थापन, अनुगमन र मूल्याङ्कनमा रहने | १. सीपयुक्त तथा रोजगार उन्मुखजन शक्तिको आपूर्ति बढाउन गुणस्तरीय तालिमको पहुँच वृद्धि गर्नु<br>२. नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम पद्धतिलाई सुदृढ बनाउनु | शिक्षा मन्त्रालय अन्तर्गतका कर्मचारीहरू काजमा खटाई परियोजना सञ्चालन भएको |
| २ | Dakchyata TVET Practical Partnership दक्षता परियोजना | March 2017 देखि February 2021 | युरोपियन युनियनको नेपाल प्रतिनिधिमण्डल (दक्षता)- १४.५ मिलियन युरो | १. TEVT नीतिको कार्यान्वयन सुदृढ पार्नु<br>२. कृषि, निर्माण र पर्यटनमा एकीकृत सार्वजनिक  निजी साझेदारी– पद्धति को नमुना प्रस्तुत गर्ने | ब्रिटिस काउन्सिलद्वारा छुट्टै परियोजना एकाइ गठन गरी परियोजना कार्यान्वयन भइरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सक्षमता परियोजना | २०१८ जनवरी देखि २०२१ डिसेम्बरसम्म जम्मा ४८ महिना | युरोपियन युनियन दातृ निकायबाट ५५ लाख युरोने पाल सरकारबाट ६लाख ११ हजार १११युरो गरी कुल ६१ लाख ११ हजार १११ युरो | १. श्रम बजारका आवश्यकताहरूप्रति जवाफदेही हुने गरी TVET नीतिको प्रभावकारी रूपमा कायान्वयन गर्ने<br>२. खेती र खाद्य उत्पादन), निर्माण, आतिथ्य र पर्यटन आदि तीन प्रमुख आर्थिक क्षेत्रहरूमा सार्वजनिक र निजी साझेदारी (पीपीपी) दृष्टिकोणलाई परिक्षण गरी हरित गृह, जलवायु-लचिलापन र न्यून उत्सर्जन अर्थतन्त्र अवसरहरू सृजना गर्ने | ब्रटिस काउन्सिलको प्राविधिक सहायता मा CTEVT कै नेतृत्वमा परियोजना कार्यान्वयन भइरहेको |
| ४ | दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना<br>( इनस्योर) | सन् जनवरी २०१६ देखि डिसेम्वर २०१९ | स्विस सरकारबाट सहयोग ९.८ CF मिलियन | १. नेपाली कामदारहरूको रोजगारी वृद्धि<br>२. तालिम प्रदायक साझेदार संस्थाहरूको कार्य क्षमताको अभिवृद्धि गर्ने<br>३. प्राविधिक शिक्षाको विस्तार समान पहुँचमा वृद्धि गर्ने | CTEVT अन्तरगतका कर्मचारीहरू नै खटाई CTEVT कै नेतृत्वमा परियोजना कार्यान्वयन भइरहेको |
| ५ | सीप विकास परियोजना<br>(Skill Development Project) | २०१३ देखि मार्च २०१९ | २० मिलियन र नेपाल सरकारको ५ मिलियन युएसडी | १. प्राविधिक र व्यावसायिक शिक्षा तथा तालिम (टिभिइटी) प्रणालीको समग्र कार्य सम्पादन र व्यवस्थापन सुधार गर्नका लागि रणनीतिक सुधारहरूका लागि पहल गर्ने<br>२. सार्वजनिक तालिमको गुणस्तर र सान्दर्भिकतामा सुधार गर्ने<br>३. तालिम प्रदान गर्न तथा रोजगारी स्थापनामा निजी क्षेत्रको सहभागिता बढाउन सरकारलाई सहयोग पुऱ्याउने | CTEVT अन्तरगतका कर्मचारीहरू नै खटाई CTEVT कै नेतृत्वमा छुट्टै परियोजना एकाइ गठन गरी कार्यान्वयन भैरहेको । |
| ६ | Nepal Vocational Qualifications System (NVQS) | Date 2015.10.01 to 2019.08.31 | स्वीस सरकारको रु.४८३,८००,०००। | १. राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपकोस्थापना गर्ने<br>२. NVQF को व्यवस्थापन गर्न को लागी राष्ट्रिय व्यावसायिक योग्यता प्राधिकरण) NVQA) को स्थापना गर्ने र गुणस्तरको सुनिश्चित गर्ने | CTEVT अन्तर्गतका कर्मचारीहरू नै खटाई CTEVT कै नेतृत्वमा परियोजना कार्यान्वयन भइरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जीवन पर्यन्त सिकाइलाई सीप र ज्ञानका लिग सहयोग **(SKILLS)** कार्यक्रम | सन् २०१८ जनवरी देखि सन् २०२० डिसेम्बर | दातृनिकायबाट रु. ७००,००,००० नेपाल सरकारबाट रु. २,५२,००,००० कूल रु. ९,५२,००,०० | १. सार्वजनिक तथा निजी क्षेत्रलगायत सरोकारवाला सङ्घसंस्था र दातृनिकाय समेतको संलग्नतामा प्राविधिक व्यवसायिक शिक्षा तथा तालिम (TVET) नीति२०१२को सुधारका लागि नीति मा सामञ्जस्यता ल्याउने<br>२. प्राविधिक व्यावसायिक शिक्षा तथा तालिम कार्यक्रम तथा योजनाको गुणस्तर सुनिश्चित गराउन र ज्ञान व्यवस्थापन गर्न अनुगमन तथा मूल्याङ्कन प्रणाली तयार गर्ने | शिक्षा मन्त्रालयको सुपरिवेक्षणमा छुट्टै परियोजना एकाइ गठन भई कार्यान्वयन हुँदै आएको |
| ८ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा प्रशिक्षकहरूको क्षमता तथा गुणस्तर अभिवृद्धि परियोजना | २०१८ देखि २०२० | कोरियन सरकार ५०००० युयस् डलर प्राविधिक सहयोग | १. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रका प्रशिक्षक तथा प्राविधिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकको क्षमता सबलीकरण गर्ने<br>२. लक्षित वर्ग समुदायको तालिम सेवामार्फत् पहुँच अभिवृद्धि गर्ने<br>३. प्रतिष्ठानमा सूचना प्रविधि केन्द्र स्थापना गरी प्राबिधिक जनशक्तिहरूलाई प्रविधि मैत्री बनाउ | CTEVT अन्तर्गत TITI र कोइकाको सहकार्यमा कार्यान्वयन हुने |

**सुझावहरू**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी दीर्घकालीन सोचसहितको नीति स्पष्ट र प्रभावकारी नहुनु । जसले गर्दा परियोजनाहरू कार्यक्रमहरूमा दोहोरो नपर्ने गरी सञ्चालन हुन नसक्नु

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी राष्ट्रिय नक्साङ्कन र गुरुयोजनाको अभाव देखिनु, फलस्वरूप राष्ट्रिय प्राथमिकताभन्दा पनि दातृनिकायहरूको चाहना र दृष्टिकोणले प्राथमिकता पाउनु

३. मुलकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी छोटा अवधिका परियोजनाहरूलाई समन्वय गर्ने निकायको भूमिका गौढ देखिनु । समन्वय गर्ने विषयमा शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को भूमिकामा स्पष्टता नहुनु

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको गुरुयोजनाका आधारमा राष्ट्रिय आवश्यकता क्षेत्रमा दोहोरो नपर्ने र सबै क्षेत्र समेटिने गरी परियोजना बैङ्क तयार नभएकाले दोहोरोपना देखिने गरी परियोजनाहरू कार्यान्वयन हुनु

५. कतिपय परियोजनाहरू नेपाल सरकारको आर्थिक तथा व्यवस्थापकीय प्रणालीभित्र नआई बाहिर नै कार्यान्वयन भएको देखिनु । कार्यक्रमको अपनत्व र दिगोपानामा प्रश्न उठ्ने गरेको देखिनु ।

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्ने र राष्ट्रको अर्थतन्त्र मजबुत बनाउने प्रयोजनका लागि यस क्षेत्रलाई सरकारले प्राथमिकतामा राखे

तापनि तालिम प्रदायक संस्थाहरूको क्षमता र योग्य प्रशिक्षकहरूको उपलब्धता हुन नसक्नु । त्यसैले समग्र क्षेत्रको गुणस्तरमा प्रश्न उठ्नु

उपर्यक्तअनुसारका समस्या एवम् कम्जोरीहरूलाई निराकरण गर्न निम्नानुसारका व्यवस्थासहित नीति तथा कानुनमा स्पष्टरूपमा व्यवस्था हुन जरुरी देखिन्छ :

१. हालको नीतिमा परिमार्जन गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी दीर्घकालीन सोचसहितको नीति निर्माण गर्ने

२. समन्यायिक, पहुँचयोग्य र गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमकार्यक्रमका लागि राष्ट्रिय नक्साङ्कन र गुरुयोजना निर्माण गरी सोही आधारमा कार्यक्रम वा परियोजनाहरू सञ्चालन गर्ने

३. मुलकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी लामा तथा छोटा अवधिका परियोजनाहरू प्रभावकारी कार्यान्वयनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को भूमिका र संरचनालाई पुन: परिभाषित गर्ने

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको गुरुयोजनाका आधारमा राष्ट्रिय आवश्यकता क्षेत्रमा दोहोरो नपर्ने र सबै क्षेत्र समेटिने गरी परियोजना बैङ्क तयार पार्ने

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिकको क्षेत्रमा विभिन्न स्रोतबाट प्राप्त हुन सक्ने आर्थिक स्रोतहरूको व्यवस्थित परिचालनका लागि सहभागितामुलक संयन्त्र बनाई एकद्वार प्रणालीबाट स्रोत परिचालन गर्ने

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालनका लागि दीर्घकालीन रूपमा आवश्यक हुने जनशक्तिको प्रक्षेपण गरी विभिन्न विधामा जनशक्ति तयार गर्ने कार्यक्रम यथाशीघ्र सुरुवात गर्ने

## अनुसूची १

## उच्चस्तरीय शिक्षा आयोग २०७४ का पदाधिकारीहरू

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | माननीय उपप्रधानमन्त्री एवम् शिक्षामन्त्री गोपालमान श्रेष्ठ |
| २ | सदस्य | माननीय राज्यमन्त्री शेषनाथ अधिकारी |
| ३ | सदस्य | माननीय रञ्जुकुमारी झा सभापति महिला, बालवालिका तथा जेष्ठ नागरिक समिति |
| ४ | सदस्य | मा. प्रा. डा. गणेशमान गुरुङ |
| ५ | सदस्य | मा. डा. गंगालाल तुलाधर |
| ६ | सदस्य | मा. धनीराम पौडेल |
| ७ | सदस्य | मा. जीवन परियार |
| ८ | सदस्य | मा. उमेश श्रेष्ठ |
| ९ | सदस्य | मा. गीता राणा |
| १० | सदस्य | मा. डा. शिवजी यादव |
| ११ | सदस्य | मा. जंगीलाल राय यादव |
| १२ | सदस्य | मा. रुक्मिणी चौधरी |
| १३ | सदस्य | मा. सुरेश आचार्य |
| १४ | सदस्य | मा. भक्त खपाङ्गी |
| १५ | सदस्य | मा. तेजकुमारी पौडेल |
| १६ | सदस्य | प्रा. डा. केदारभक्त माथेमा |
| १७ | सदस्य | प्रा. डा. सुरेशराज शर्मा |
| १८ | सदस्य | मा. गीता भक्त जोशी सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) |
| १९ | सदस्य | प्रा डा परासर कोइराला अध्यक्ष, विश्विविद्यालय अनुदान आयोग |
| २० | सदस्य | प्रा डा तिर्थराज खनिया उपकुलपति, त्रिभुवन विश्विविद्यालय |
| २१ | सदस्य | प्रा डा कुल प्रसाद कोइराला उपकुलपति, नेपाल संस्कृत विश्विविद्यालय |
| २२ | सदस्य | प्रा डा रामकण्ठ माकाजु उपकुलपति, काठमाण्डौ विश्विविद्यालय |

| | | |
|---|---|---|
| २३ | सदस्य | प्रा डा उपेन्द्र कोइराला उपकुलपति, मध्यपश्चिम विश्विविद्यालय |
| २४ | सदस्य | प्रा डा लेखनाथ शर्मा उपकुलपति, खुला विश्विविद्यालय |
| २५ | सदस्य | मधुप्रसाद रेग्मी सचिव, शिक्षा मन्त्रालय |
| २६ | सदस्य | शङ्करप्रसाद अधिकारी सचिव, अर्थ मन्त्रालय |
| २७ | सदस्य | दिनेश थपलिया सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| २८ | सदस्य | ताना गौतम अध्यक्ष, शिक्षक सेवा आयोग |
| २९ | सदस्य | चैतन्यप्रसाद शर्मा अध्यक्ष, त्रिभुवन विश्वविद्यालय सेवा आयोग |
| ३० | सदस्य | प्रा डा चन्द्रमणी पौडेल अध्यक्ष, राष्ट्रिय परीक्षा बोर्ड |
| ३१ | सदस्य | डा कुलबहादुर बस्नेत उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| ३२ | सदस्य | भवानी राणा अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ |
| ३३ | सदस्य | डा· युवराज संग्रौला |
| ३४ | सदस्य | प्रा· डा· विद्यानाथ कोइराला |
| ३५ | सदस्य | प्रा· डा· वासुदेव काफ्ले |
| ३६ | सदस्य | प्रा· डा· मीनबहादुर श्रेष्ठ |
| ३७ | सदस्य | प्रा· डा· विनय कुसियत |
| ३८ | सदस्य | प्रा· डा· प्रेमनारायण अर्याल |
| ३९ | सदस्य | प्रा· डा· टंकनाथ शर्मा |
| ४० | सदस्य | डा· सुशन आचार्य |
| ४१ | सदस्य | डा· पशुपति रेग्मी |
| ४२ | सदस्य | ई ध्रुवराज थापा |
| ४३ | सदस्य | श्री बुनु जोशी |
| ४४ | सदस्य | श्री बद्रीनाथ श्रेष्ठ |
| ४५ | सदस्य | श्री राजेश खड्का |
| ४६ | सदस्य | श्री चिरन्जीवी भण्डारी |
| ४७ | सदस्य | श्री गोविन्द कर्माचार्य |

| | | |
|---|---|---|
| ४८ | सदस्य | रामेश्वर उपाध्याय अध्यक्ष, नेपाल प्राध्यापक सङ्घ, त्रिभुवन विश्वविद्यालय |
| ४९ | सदस्य | केशव निरौला अध्यक्ष, नेपाल शिक्षक महासङ्घ |
| ५० | सदस्य | रमेश सिलवाल अध्यक्ष, हिसान |
| ५१ | सदस्य | विजय सम्वाहाम्फे अध्यक्ष, प्याब्सन |
| ५२ | सदस्य | कर्ण शहादुर शाही अध्यक्ष, एन प्याब्सन |
| ५४ | सदस्य | बाबुराम थापा अध्यक्ष नेपाल राष्ट्रिय शिक्षक सङ्गठन |
| ५५ | सदस्य | भोला सापकोटा अध्यक्ष एकिकृत अखिल नेपाल राष्ट्रिय शिक्षक सङ्गठन |
| ५६ | सदस्य | ज्ञानहरि भट्टराइ |
| ५७ | सदस्य | दीपक सुवेदी |
| ५८ | सदस्य | सुप्रभात भण्डारी |
| ५९ | सदस्य | धर्मदत्त देवकोटा |
| ६० | सदस्य | धनञ्जय शर्मा |
| ६१ | सदस्य | लोकबहादुर खड्का |
| ६२ | सदस्य | गुणराज मोक्तान |
| ६३ | सदस्य | मणिराम गिरी |
| ६४ | सदस्यसचिव | डा हरिप्रसाद लम्साल |

अनुसूची: २

# नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७४ भाद्र १९ को निर्णय अनुसार गठित

# उच्चस्तरीय शिक्षा आयोग, २०७४ को मस्यौदा प्रतिवेदन

**बस्तुगत यथार्थ**

छ दशक भन्दा बढीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासले विद्यालय तथा विश्वविद्यालय तहमा शिक्षाको पहूंच बढ्यो । वगीकृत तथ्यांकले भन्छ अब कक्षा १ दखि ५ सम्मका ३.४ प्रतिशत वालवालिका मात्र विद्यालय बाहिर छन । कक्षा ८ सम्मको गणना गर्दा १० प्रतिशत वालवालिका विद्यालय बाहिर छन । कक्षा १० उत्तीर्ण गर्नेहरुको समेत गणना गर्दा झण्डै एक तिहाइ वालवालिका पढाइ पूरा नगरी विद्यालयबाट बाहिरिन्छन । कक्षा १२ उत्तीर्ण गर्दा नगर्दै बाहिरिनेहरु उल्लेख्य सङ्ख्यामा देखिन्छन । अर्थात १२ कक्षा उत्तीर्ण गरेकाहरुमध्ये १५ .२४ प्रतिशत विद्यार्थीहरु उच्च शिक्षामा प्रवेश गर्छन । त्यसमा पनि छात्र छात्राको अनुपात १:०.०९ छ । यसको अर्थ हो शिक्षामा प्रणालीगत सक्षमताको समस्या छ ।

बचेका तथा बाहिरिएका विद्यार्थीहरुमा पनि अपेक्षित, ज्ञान, सीप, क्षमता एवं अभिवृत्ति पुग्दैन भनी एक दशक यताको पत्रपत्रिकाहरुले लेख्तै आएका छन । एकातिर औषतमा ५० नकटेको शैक्षिक उपलब्धीले त्यही कुरा भन्छ भने अर्कोतिर पढाइ व्यवहारिक, वैज्ञानिक, जनमुखी, तथा उत्पादनमूलक भएन भन्ने कुरा राजनीतिक दलका दस्तावेज तथा शिक्षक एवं शिक्षामा चासो राख्नेहरुका लेखहरुले भनिरहेछ । प्रतिवर्ष ५ लाख युवा कामको खोजीमा बजारमा पुग्ने विकास योजनाको तथ्यांकले पनि सोही कुराको संकेत गर्छ । शिक्षाले स्वरोजगार तथा रोजगारी दिनसक्ने व्यक्ति उत्पादन गर्नुपर्छ भन्ने विकासवादीहरुको शिफारिसले पनि शिक्षामा अपेक्षित उपलव्धी भएन भन्ने कुरा प्रमाणित गरेको छ ।

दश वर्ष यताको तथ्यांकले भन्छ –गार्हस्थ उत्पादनको ४.३८ प्रतिशत शिक्षामा लगानी भएको छ । तर शिक्षाले पाउंने कुल लगानी भने १७ प्रतिशतबाट घटेर १० प्रतिशत भन्दा कममा झरेको छ । प्राथमिक शिक्षामा ६८ प्रतिशत लगानी छ भने माध्यमिक तथा उच्च शिक्षामा १० प्रतिशतमा झरेको छ । गत डेढ दशकको तथ्यांकले भन्छ कि धनी तथा मध्यमवर्गीहरुले तिनका वालवालिकाको शिक्षामा लगानी बढाएका छन । सोही अवधिमा गरीबहरुले आफ्ना वालवालिकाको शिक्षामा लगानी घटाएका छन (अनुसूचि) । निजी विद्यालयमा भएका वालवालिकाको अनुपात तथा त्यहां अध्ययनरत १५ प्रतिशत वालवालिकामा वालकहरुको बढदो संख्याले लैगिक समताको प्रश्न ल्याएको छ । अर्कातिर सार्वजनिक विद्यालयमा घट्दो विद्यार्थी संख्यामा बढ्दो वालिका संख्या हुनुले निशुल्क शिक्षा दिने नारालाई चुनौती दिएको छ ।

सरकारी अध्ययन भन्छ –ज्ञान, सीप, अभिवृत्ति, तथा क्षमताको दृष्टिबाट हेर्दा निजी विद्यालयहरु माथिल्लो कोटीमा छन । एकाधलाई छाडेर भन्ने हो भने सर्वजनिक विद्यालयहरुको शैक्षिक उपलव्धी स्तर अपेक्षित छैन । फेरि निजी विद्यालयहरुको उपस्थितिले हुने खाने र हुंदा खानेको शैक्षिकस्तरमा विभेद देखायो भन्ने कुरा सडकदेखि सदनसम्म आइरहेको छ । यसले संकेत गर्छ कि सामाजिक न्यायका लागि सार्वजनिक विद्यालयको शैक्षिकस्तर उकास्नु जरुरी छ भने स्वदेशी लगानीलाई प्रोत्साहित गर्न निजी विद्यालयलाई नियमन तथा नियन्त्रण गर्नु पनि जरुरी छ ।

विद्यालयस्तरको प्राविधिक तथा व्यावसायिक शिक्षामा एकप्रतिशत भन्दा कम विद्यार्थीको पहुंच छ । विश्वविद्यालय तहमा चाहिं करीब १७प्रतिशत छ । विगतका शिक्षा आयोगका शिफारिसहरुले प्राविधिक तथा व्यावसायिक शिक्षा तथा साधारण शिक्षामा ६०:४० को अनुपात हुनुपर्छ भनेका थिए । यस स्थितिमा घटतो

लगानी र बढदो रहर तथा आवश्यकताबीच कसरी सन्तुलन कायम गर्ने भन्ने कुराको उत्तर खोज्नु अनिवार्य भइसकेको छ ।

मेधावीलाई उच्च शिक्षा भन्ने पुरानो मान्यता हो । आधुनिक संचारका साधनमा आधारित विश्वविद्यालय तथा क्याम्पसहरुले उच्च शिक्षा सबैलाई दिन सकिन्छ भन्ने तथ्य स्थापित गरिसकेका छन । नेपालमा पनि खुला विश्वविद्यालय तथा खुलामोडको शिक्षा शुरु भएको छ । यस स्थितिमा कसरी सबैलाई तथा सधैंलाई उच्चशिक्षा सुनिश्चित गर्न सकिन्छ ? कसरी विश्वविद्यालय तथा क्याम्पसहरुलाई शिक्षण, अनुसन्धान र समुदाय सेवामा लगाउन सकिन्छ भन्ने कुरामा पनि ध्यान दिनु जरुरी छ ।

उच्च शिक्षा व्यवहारिक भएन, यसले रोजगारी दिएन, र स्तरीय भएन भन्ने भन्ने कुरा सर्बत्र सुनिन्छन अनि पढिन्छन पनि । तर निकास के हो त ? त्यस्तै क्याम्पस तथा विश्वविद्यालय जथाभावी खुले, तिनका कतिपय क्याम्पसहरु बन्द हुनसक्ने अवस्थामा छन, तिनले अपेक्षित ज्ञान तथा सीप दिन सकेको छैन भन्ने अर्को समस्या छ । त्यसको दीर्घकालीन समाधान के हो ? भन्ने कुराको पनि खोजीगर्नु जरुरी छ ।

## संवैधानिक प्रावधान

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हक मानेको छ । यो हकमध्ये विद्यालय तहको शिक्षा सुरक्षित गर्न संविधानको अनुसूचि ८ ले स्थानीय सरकारलाई जिम्मेवारी दिएको छ । त्यो जिम्मेवारीलाई संविधानको ३१.१, ३१.२, ३१.३, ३१.४, ३२.१, ३२.३, ३३.१, ३३.२, ४०.२, ४०.४, ५०.३ र ५१.१, ५१ग ७ तथा ५१ज १ र २ धाराहरुले कुन कुन क्षेत्रमा के के गर्ने भन्ने कुराको प्रवन्ध गरेका छन । त्यसरी नै संविधानको अनुसूचि ९ ले प्रादेशिक विश्वविद्यालय तथा संघीय सरकारले केन्द्रीय विश्वविद्यालयहरुको प्रवन्ध गर्ने व्यवस्था गरेको छ । त्यसलाई संविधानको धारा ५१ ज ले के कसो गर्ने भनी आधार दिएको छ ।

## प्रतिवेदन पूर्वको तयारी

यस आयोगले सिफारिस तयार गर्नुपूर्व २०१२ सालदखि हालसम्मका शिक्षा आयोगका प्रतिवेदनहरुको विश्लेषण गऱ्यो (अनुसूची १)। हालसम्मका विकास योजनाहरुको लेखाजोखा गऱ्यो (अनुसूची २)। गत एक दशकका प्रमुख पत्रपत्रिकाहरुमा आएका समाचार तथा विचारहरुको विश्लेषण गऱ्यो (अनुसूची ३) । प्रमुख राजनीतिक दलका चुनावी घोषणापत्रहरुको अध्ययन गऱ्यो (अनुसूची ४)। नेपालको संविधान, २०७२ मा उल्लेखित शिक्षा सम्वन्धी धारा उपधाराहरुको लेखाजोखा गरी त्यसैमा आधारित भई तथ्यांक सकलन गर्ने प्रश्नावली बनाई (अनुसूची ५) आम संचारका साधनहरुमार्फत जनविचार बटुल्यो । देशका सातै प्रदेशका केही गाउं तथा नगरपालिका (अनुसूची ६) का जनप्रतिनिधि, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, अभिभावक, विद्यार्थीहरुसंग अनौपचारिक छलफलगऱ्यो । केही विश्वविद्याालयका पदाधिकारी, प्राध्यापक, कर्मचारी तथा विद्याार्थीहरुसंग पनि छलफल गऱ्यो, त्यसैगरी शिक्षाका लागि राष्ट्रिय अभियान नेपालमा आवद्ध ३२० वटा संस्थाको तर्फबाट आयोगलाई बुझाइएको शिफारिश प्रतिवेदन, विद्यालय व्यवस्थापन महासंघ, प्याब्सन, एनप्याब्सन, हिसान, सामुदायिक विद्यालयका उच्चमाध्यमिक तहका शिक्षकहरुको संगठनले दिएका संस्थागत प्रतिवेदनहरुको पनि अध्ययन गऱ्यो । ती सबै कुराको निचोडको रुपमा आयोगको तर्फबाट मस्यौदा टोलीले शिफारिशहरुको मस्यौदा तयार पाऱ्यो । सो मस्यौदालाई आम संचारका साधनहरुमार्फत शिक्षाका विभिन्न सरोकारवालाहरुकहां पठाइयो । त्यसमा हालसम्म ९३ वटा सुझावहरु प्राप्त भए ।

योजना अनुसार देशका सातै प्रदेश र त्यहाका केही गाउं तथा नगरपालिकामा आयोगका सदस्य तथा शिक्षामंत्रालयका कर्मचारीहरुले प्रत्यक्ष्य रुपमा मस्यौदा उपर संवाद गर्ने प्रावधान थियो । तर सातै प्रदेशमा भएको निर्वाचनको कारणले त्यो कुरा संभव भएन । यही क्रममा शिक्षा मंत्रालयको नेतृत्वमा पनि फेरबदल

भयो । परिणमतः काठमाडौंमा उपलब्ध सरोकारवाला संघसंस्थाहरु (अनुसूची७) संग बृहत संवाद  गरियो । यसरी प्राप्त सबै तह र तप्काका सुझावहरुलाई समेटी आयोगले यो अन्तिम प्रतिवेदन तयार पार्‍यो ।

पहिलो चार महिनामै तयार भएको यो प्रतिवेदनलाई राष्ट्रिय तथा प्रदेश तहको निर्वाचनले गर्दा आयोगका सदस्यहरुलाई स्थानीय तथा प्रदेश तहमै प्रत्यक्ष्यरुपमा गएर जानकारी लिने परिवेश मिलेन । राष्ट्रिय तथा प्रदेश तहको निर्वाचन परिणमले दलीय सन्तुलनमा पनि फेरबदल भयो । यो स्थितिमा आयोग अन्तर्गतका कार्यदलका सदस्यहरुले निवर्तमान हुनलागेका तात्कालीन उपप्रधान मंन्त्री तथा शिक्षामन्त्री माननीय गोपालमान श्रेष्ठलाई सो प्रतिवेदन बुझायो ।  सरकारको परिवर्तनपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको रुपमा माननीय गिरिराजमणि पोखरेलले मंन्त्रालयको काम सम्हाल्नु भयो । निवर्तमान उपप्रधान मंन्त्री तथा शिक्षामन्त्री माननीय गोपालमान श्रेष्ठको पालामा बनेको शिक्षा आयोगले गरेको कामको जानकारी दिने अवसरमा कार्यदलका सदस्यहरुले सोही प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराजमणि पोखरेललाई हस्तान्तरण गर्‍यो । सो अवसरमा पूर्व शिक्षामन्त्री माननीय गंगालाल तुलाधरको पनि उपस्थिति थियो ।

## सिफारिशका आधारहरु

माथिका उपायहरुको विश्लेषण गरी आयोगले समाजवादउन्मुख नेपालले अपेक्षा गरेको शान्ति तथा समुन्नति प्राप्त गर्ने साधनको रुपमा शिक्षाका दार्शनिक एवं शैद्धान्तिक आधारहरु तय गर्‍यो । तदनुरुप शिक्षाको लक्ष्य एवं उद्धेश्यहरु किटान गर्‍यो जुन यस प्रकारका छन् ।

### शिक्षाको दूरदृष्टि

आगामी ३० वर्षमा ज्ञान, विज्ञान तथा डिजिटल डिभाइडले सिर्जेका असमानताहरुलाई हटाउदै सबै उमेर, जात, जाती, लिंग, धर्म, वर्ण, वर्ग, तथा भूगोलका बासिन्दाहरुलाई सर्वसुलभ पहुंच सहितको सीपयुक्त गुणस्तरीय आजीवन शिक्षा उपलब्ध गराइने छ ।

माथिको दूरदृष्टिलाई मूर्तरुप दिनेक्रममा देहायका कार्यहरु सम्पन्न हुनेछन् ।

- विद्यालय जाने उमेरका सबै वालवालिकाले वालमैत्री वालविकास कार्यक्रममा सहभागी भएका हुनेछन् ।
- हामी यस्तो विद्यालयको परिकल्पना गर्दछौं जहाँ सबै विद्यार्थीले सफलता हासिल गर्छन्, आफूलाई सुरक्षित महसूस गर्दछन् तथा तिनीहरुको सिक्ने तत्परता कायम रहन्छ ।
- विद्यालयले विद्यार्थीहरुमा विद्यालयभित्र पारिवारिक वातावरणको अनुभुति प्रदान गर्नेछन्, कुनै विद्यार्थीले पनि विभेदको अनुभुति गर्ने छैनन्, सबै आपसी सद्भाव र सहयोग का साथ मिलेर खुशीसाथ अध्यापन र अध्ययन गर्नेछन् ।
- नेपालका सबै विद्यालयका विद्यार्थीहरुले पाठ्यक्रमले निर्धारण गरेको तहगत सिकाइका स्तर हासिल गर्नेछन् ।  शहरमा होस् वा गाउँमा सबै विद्यार्थीले समान गुणस्तरीय शिक्षण सिकाइको विना कुनै विभेद अवसर पाउनेछन् ।  कुनै पनि ग्रामीण परिवारलाई गुणस्तरीय शिक्षाको लागि शहर पस्नुपर्ने छैन न त गुणस्तरीय शिक्षाको लागि आफ्ना वालवालिकाहरुलाई नीजि विद्यालयमा पढ्न पठाउनु पर्ने वाध्यात्मक परिस्थिति आउने छ ।
- सिकाइका स्तर अन्तराष्ट्रिय स्तर संग तुलना गर्न सकिने हुनेछ, सबै विद्यार्थीहरुमा सिकाइको स्तर हासिल गर्ने दक्षता हासिल गर्न र आत्मविश्वासको विकास गर्न शिक्षकहरुले विद्यार्थीको रुची अनुरुपको कृयाकलापमा आधारित सिकाइका कृयाकलापहरु योजनाबद्ध तरिकाले संचालन गरी सिकाइलाई सहज बनाउनेछन् ।

- हाम्रा शैक्षिक संस्थाहरुले विद्यार्थीहरुलाई उनको चाहना, चाख र क्षमताको आधारमा सबै विद्यार्थीहरुलाई सिक्ने अवसर र विकल्प प्रदान गर्ने छन् तथा उपयुक्त पेशा वा उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने छन् । सहज जीवन यापन गर्न र सामाजिक, शैक्षिक वा परिणाममुखी( rewarding) पेशाकालागि आवश्यक पर्ने ज्ञान, सीप र प्रविधिको विकास गर्नेछन् र द्रुत गतिले परिवर्तन भइरहने संसारमा सफल हुन आवश्यक पर्ने प्रजातान्त्रिक संस्कार र प्रविधि सबै विद्यार्थीले सिक्ने अवसर पाउनेछन् ।
- हाम्रा विद्यार्थीहरु नयाँ कुरा सिक्न चाख लिने र सिर्जनशील प्रतिभा भएका हुनेछन् र आफ्नो सिकाइको यात्रा आफै तय गर्नेछन्, उच्च शैक्षिक उद्देश्य हासिल गर्ने दिगो प्रयास निरन्तर राख्ने छन् ।
- हाम्रा उच्च शिक्षाका विद्यार्थीहरु समालोचनात्मक विचारक हुनेछन्, र निरन्तर अध्ययन अनुसन्धानमार्फत् ज्ञानको खोजीमा लाग्नेछन्, आवश्यक प्रविधि उपयोग गर्ने दक्षता हासिल गर्नेछन, र समूहमा मिलेर काम गर्ने सहयोगात्मक सीप हासिल गर्नेछन् । हाम्रा विद्यार्थीहरुले विविधतालाई सम्माम गर्नेछन्, जिम्मेवारीपूर्ण कार्य गर्ने छन् र समुदायको विकासमा योगदान पुऱ्याउनेछन् ।
- हाम्रा शिक्षक/प्राध्यापकहरु विश्वास गर्छन् कि विद्यार्थीहरुले अपेक्षा गरिएको शैक्षिक स्तर हासिल गर्नसक्छन् वा अपेक्षा गरिएको स्तर भन्दा वढी पनि हासिल गर्न सक्छन् । र सोही अनुरुप सिकाइका कृयाकलाप चयन गर्नेछन् । शिक्षक, कर्मचारी, प्रशासक मिलेर संम्वृद्ध सिकाइ समुदाय (Rich Learning Community) बनाउने छन् र पेशागत दक्षता हासिल गरी प्रभावकारी शैक्षिक संस्थाको विकास गर्नेछन् । उनीहरुले निरन्तर परीक्षाको माध्यमबाट विद्यार्थीको सिकाइको प्रगति अवलोकन गर्नेछन र निरन्तर सुधारमा सबै संलग्न हुनेछन् । आवश्यक परेमा कमजोर विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण सिकाइ (Remedial Teaching Learning) का अवसरहरु प्रदान गर्नेछन ।
- प्राप्त आर्थिक तथा अन्य श्रोतको बाँडफाँड र उपयोग न्यायपूर्ण तरिकाबाट निश्पक्ष र पारदशी भएको छ र हुन्छ भन्ने कुरा सबैले सुनिश्चित गर्नेछन् ।
- हाम्रा अभिभावक र समुदाय हाम्रा विद्यार्थीको सफलताको लागि अभिन्न अंग हुनेछन । विद्यार्थीको सिकाइ प्रकृयामा उहाँहरुको सकृय सहभागिता र संलग्नता हुनेछ ।
- शिक्षण संस्थाको निरन्तर सुधार र विकासको लागि नागरिक समाज, समुदाय र अभिभावकको सकृय सहभागिता भएको हुनेछ र विद्यार्थीको सिकाइ प्रकृयामा, शैक्षिक निर्णयमा, शिक्षण संस्थाको सुधार संबन्धी गतिविधिमा उहांहरुको सकृय सहभागिता हुनेछ ।
- इच्छुक सबैलाई प्राविधिक व्यवसायिक तालीमको सहज अवसर उपलब्ध हुनेछ ।
- अनौपचारिक तथवा अरितिक माध्यमको सिकाइ विकल्प व्यापक हुनेछ र यसरी हासिल गरेको ज्ञान तथा सीपलाई परीक्षण गरी मान्यता दिइने व्यवस्था स्थापित हुनेछ । अनौपचारिक, खुला वा दूर शिक्षाको माध्यमबाट आफ्नो सिकाइलाई निरन्तरता दिन सक्ने र राष्ट्रिय योग्यता प्रणालीमार्फत औपचारिक शिक्षा सरहको मान्यता दिने प्रणाली सकृय भएको हुनेछ । फलतः कोही पनि सिकाइको अवसरबाट विमुख हुने छैनन् ।
- इच्छुक सबैलाई सामुदायिक अध्ययन तथा सूचना केन्द्रको माध्यमबाट जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।
- हाम्रा विद्यालय, क्याम्पस तथा विश्वविद्यालयहरुले रैथाने तथा पुर्ख्यौली ज्ञान, सीप एव सम्पदाहरुको खोजीगरी आधुनिक ज्ञान तथा सीपहरुसंग तिनको सम्वन्ध कायम गर्नछन् ।

- हाम्रा विद्याार्थीहरु नैतिक एवं चारित्रिक, हिसावले अब्बल हुनेछन । उनीहरुको दिमाग, हात र मुटुको सन्तुलित विकास हुनेछ ।

## विद्यालय शिक्षाका मूलनीतिहरु

१) नक्सांकन, जोनिङ तथा विद्यालय मिलान गरीगराई सहज ढंगले सबै वालवालिकालाई गुणस्तरीय निशुल्कएवं अनिवार्यवालविकास एवं आधारभूत शिक्षा,तथा निशुल्क माध्यमिक शिक्षासुनिश्चित गर्ने कामको जिम्मेवारी सम्वन्धित गाउं वा नगरपालिकाको हुनेछ ।

२) कुनै बालबालिकाले शिक्षा लिन नपाएमा वा अपेक्षित गुणस्तर नभएमा सोको उजुरी सुन्ने तथा न्याय दिने काम सम्बन्धित स्थानीय सरकारले गर्नेछ ।

३) विद्यालयले विद्यार्थीहरुमा राष्ट्रिय भावना, उत्तरदायित्व र लोकतान्त्रिक समाजको नागरिकले निर्वाह गर्ने भूमिका पूरा गर्दै रोजगारीका लागि पनि तयारी हुनसक्ने गरी पाठ्यक्रमको विकास र कार्यान्वयन गर्नेछ ।विद्यालय शिक्षा पूरा गरेकाविद्यार्थीहरुमा उच्च शिक्षा अध्ययनका विभिन्न क्षेत्रमा प्रवेशगर्न चाहिनेभाषा, गणित, विज्ञान तथा अन्य विषयहरुमा आवश्यक ज्ञान, सीप, अभिवृत्ति, तथा क्षमतासहित समस्या समाधान गर्ने सक्षमता हुनेछ ।

४) उपलब्ध सूचना तथा प्रविधिको प्रयोग गरी विद्यालय तहका सबै विद्यार्थीहरु विद्युतीय रुपमा साक्षर(digitally literate)हुनेछन् ।

५) विद्यालय शिक्षाको स्तर सबै प्रदेशहरुमा समान बनाउन सबै स्थानीय सरकारहरुले राष्ट्रिय पाठ्यक्रम मानक, राष्ट्रिय परीक्षा मानक, राष्ट्रिय गुणस्तर मानक तथा शिक्षकको पेशागत दक्षताका मानकलाई पालना गरी स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नेछन् ।

६) हरेक प्रदेशले विद्यार्थीहरुको चाहना, क्षमता र आवश्यकता अनुसार पाठ्यक्रममा विविधिकरण गरी विद्यालय शिक्षा सञ्चालन गर्न सघाउने छन ।

७) घर, विद्यालय, तथा छरछिमेकमा वालवालिकामैत्री सिकाइ वातावरण बनाउन, अभिभावक, शिक्षक, व्यवस्थापन समिति, शिक्षा समिति तथा जनप्रतिनिधिहरुबीच सहकार्य हुनेछ । वालवालिकामैत्री सिकाइ वातावरण नबनाउने कुनै पनि सरोकारवालाउपर आवश्यक छानविन तथा कार्यवाही गरी उपयुक्त शैक्षिक वातावरणको व्यवस्थागर्ने काम स्थानीय सरकारले गर्नेछ ।

८) शिक्षकहरुको सामाजिक मर्यादा, उचित पारिश्रमिक, तथा पेशागत क्षमता सुनिश्चित गर्ने काम स्थानीय सरकारले गर्नेछ ।शिक्षकहरुले चाहिं तोकिए वमोजिमको कार्य गर्न पूर्ण उत्तरदायी हुनुपर्ने कानूनी व्यवस्था गरिनेछ।

९) सरकारी, सामुदायिक, सहकारी, निजी, गुठी तथा धार्मिक विद्यालयहरु सञ्चालन गरिनेछ । यी सबै व्यवस्थापनका विद्यालयहरु सेवामूलक हुनेछन्। त्यस्ता सेवामूलक विद्यालयहरुले राज्यकोषबाट वजेट पाउन सक्ने व्यवस्था गरिनेछ ।निजी, तथा गुठीमा सञ्चालित विद्यालयहरुलाई साझेदारी तथा सामाजिक जिम्मेवारीको सिद्धान्त अनुसार काम गर्न लगाउने दायित्व स्थानीय सरकारको हुनेछ ।

१०) प्रति विद्यार्थी खर्चको आधारमा वजेट व्यवस्था गरिनेछ ।विशेष गुणस्तरको शिक्षा प्रदान गरिरहेका विद्यालयहरुका लागि थप प्रोत्साहन वजेटको व्यवस्था गरिनेछ ।

११) आधारभूत तहको शिक्षालाई व्यवहारिक, वैज्ञानिक, जनमुखी तथा अत्पादनमुखी बनाइनु पर्छ । माध्यमिक तहको शिक्षालाई भने साधारण तथा व्यावसायिक धारमा लगिनेछ । जो जहां र जुन मोडबाट पढेपनि एक अर्को थरीमा अध्ययन गर्न तथा उच्च शिक्षामा अध्ययन गर्न पाउने गरी

स्थानान्तरण पाठ्यक्रमको व्यवस्था गरिनेछ ।त्यसोगर्दा अधिकतम विद्यार्थीहरुका लागि प्राविधिक तथा व्यवसायिक शिक्षा लिन सक्ने अवसर सिर्जना गरिनेछ ।

कक्षागत परीक्षा सम्बन्धित शिक्षकले लिनेछन् । कक्षा ८ को परीक्षा स्थानीय सरकारले लिनेछ ।कक्षा १० को परीक्षा प्रदेश परीक्षा बोर्डले लिनेछ ।कक्षा १२ को परीक्षा राष्ट्रिय परीक्षा वोर्डले लिनेछ ।विषयगत तथा तहगत रुपमा स्तरीय परीक्षा लिई सबै खाले विद्यालयहरुमा समान गुणस्तर सुनिश्चित गर्ने काम स्थानीय सरकारको हुनेछ ।

**उच्चशिक्षाका मूल नीतिहरु**

१.सबै नागरिकलाई उच्चशिक्षाको पहुँच सुनिश्चित गर्ने काम संघीय र प्रदेश सरकारको जिम्मेवारीमा हुनेछ । यसका लागि नक्सांकन गरी प्रदेश सरकारले खुला तथा बन्द प्रकृतिका प्रदेश विश्वविद्यालय तथा क्याम्पस/कलेज र संघीय सरकारले खुला तथा बन्द प्रकृतिका संघीय विश्वविद्यालय एवं क्याम्पस/कलेज सञ्चालन गर्नेछन् ।

२.उच्चशिक्षा सँस्थाहरु मुलत विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा प्राविधिक तथा व्यवसायिक अध्ययन सँस्थानहरु हुने छन् ।

३.गाउं वा नगरपालिका, प्रदेश तथा संघमा पछाडि परेका र पारिएका समुह वा समूदायका विद्यार्थीहरुका लागि स्थायी छात्रवृत्ति कोषको व्यवस्था ह'नेछ । साथै आर्थिक अभावका कारण विश्वविद्यालय जान नसक्ने विद्यार्थीहरुका लागि राज्यको तर्फबाट ऋणको व्यवस्था गरिनेछ ।

४.उच्चशिक्षाका प्रत्येक सँस्थाहरुले शिक्षण, अनुसन्धान र समाजसेवा अनिवार्य रुपमा गर्नुपर्ने कानूनी व्यवस्था हनेछ ।

५.उच्चशिक्षाको व्यवस्थापनका लागि विश्षविद्यालय अनुदान आयोगले विभिन्न निर्देशिकाहरु जारी गर्नेछ । यसको पालना गर्नु विश्वविद्यालयको कर्तब्य हुनेछ ।

६.विश्वविद्यालय तथा उच्चशिक्षा सँस्थाहरुमा पूर्ण प्राज्ञिक स्वतन्त्रता भएका तथा एकै ऐनबाट सञ्चालित हुने छन् । ज्ञान, सीप, अभिवृत्ति, तथा क्षमताको सहितको राष्ट्रिय गुणस्तरको खाका अवलम्वन गर्दै सबै विश्वविद्यालयहरुले एकै किसिमको गुणस्तर कायम गर्नेछन् ।

७.सरकारी, सहकारी, सामुदायिक, तथा निजी गरी चार थरिका विश्वविद्यालयहरुको व्यवस्थापन हुनेछ । तर नाफामूलक उद्देश्यका विश्वविद्यालयहरुको स्थापनामा भने प्राथमिकतामा हुनेछैन ।

८.उच्चशिक्षामा भएको अन्तर्राष्ट्रियकरण, वजारीकरण र स्थानियकरणका तिनै पक्षलाई सम्वोधन गर्नेगरी विश्वविद्यालय तथा उच्चशिक्षाका सँस्थाहरु व्यवस्थापन हुनेछन् ।

९.विश्वविद्यालयमा शिक्षण गर्नका लागि अनुसन्धान तहको अध्ययन अनिवार्य हुनेछ र प्राज्ञिक र अनुसन्धानमा दक्षहरु मात्र विश्वविद्यालय सेवाका लागि योग्य हुनेछन् ।यसका लागि राष्ट्रिय स्तरको योग्यता परीक्षा उत्तीर्ण गर्न' पर्नेछ ।

१०.देशको आर्थिक तथा सामाजिक विकासका लागि तोकिएका राष्ट्रिय प्राथमिकताका क्षेत्रहरुसँग सम्वन्धित हुने गरी उच्चशिक्षाका सँस्थाहरुले आफ्ना शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने छन् ।

११.विज्ञान तथा प्रविधिको विकास तथा प्रविधि आयात तथा हस्तान्तरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्वन्धहरुको स्थापना गरी उच्चशिक्षाका केन्द्रहरुविचको सँजाल निर्माण गर्नेछन् ।

१२.समग्र उच्चशिक्षाको व्यवस्थापन, अनुगमन, गुणस्तर कायम गर्ने गरी कार्य गर्न एक उच्चशिक्षा आयोग रहनेछ र गुणस्तर मापनका लागि एक छुट्टै स्वायत्त निकाय स्थापना हुनेछ । सबै उच्चशिक्षाका सँस्थाहरुले गुणस्तर मापन निकायमा आवद्ध भई आफ्नो गुणस्तरको प्रमाण लिई सार्वजनिक जानकारी गराउनु पर्नेछ ।

१३.विश्वविद्यलायका लागि गरिने लगानी नीतिमा राज्यको अँश र विश्वविद्यालय र तिनका उच्चशिक्षाका सँस्थाहरुले आफूले सिर्जना गर्ने कोषको अँश अग्रिम रुपमा निश्चित गरिनेछ ।

१४.उच्चशिक्षाको अध्ययन अध्यापन र अनुसन्धानका कार्यमा सूचना तथा सञ्चार प्रविधिको उचित प्रयोग गरिनेछ र सबै विद्यार्थीका लागि आफ्नो अध्ययन तथा रोजगारीका क्षेत्रमा आवश्यक पर्ने सूचना तथा प्रविधि सम्वन्धि सीप उपलब्ध गराइने छ र अध्ययनका लागि इपुस्तकालय उपलब्ध गराइने छ ।

१५.विश्वविद्यालयहरुको सञ्जालभित्र मूर्धन्य प्राध्यापक तथा अनुसन्धानविदहरुको कक्षाहरुलाई भिडियो कन्फरेन्सिङ्ग मार्फत सबै क्षेत्रका विद्यार्थीले लिन पाउने ब्यवस्था गरिनेछ।

१६.विश्वविद्यालयहरु र अन्य कर्पोरेट सँस्थाहरुविचको सहकार्यबाट प्रविधि विकास अनुसन्धान तथा उद्योग स्थापना गरी सञ्चालन गर्न र प्राप्त आयबाट विश्वविद्यलाय शिक्षा तथा अनुसन्धान कार्यमा लगानी गर्ने ब्यवस्थाका लागि कानूनी वाटो तयार गरिनेछ ।

## शिक्षाको दार्शनिक आधार

लौकिक, धार्मिक, तथा आधुनिक दुनियांमा भएका ज्ञान एवं सीपको खोजी गरी तिनीहरुबीचको साम्यता, फरक, र वर्णसंकरीकरणको संभावना खोज्ने तथा खोजाउंने कामलाई शिक्षाका सबै तहमा कार्यान्वयन गरिने छ । यसक्रममा पूर्वीय तथा पश्चिमी दर्शन तथा ज्ञान एवं विज्ञानवीच मिलन तथा फरक विन्दूहरु पहिचानगर्न गराउन सबै तहका शिक्षार्थीहरुलाई क्रियाशील बनाइने छ ।

## शिक्षाको शैद्धान्तिक आधार

साना तथा ठूला भनाइ एवं भोगाइहरु (small and big narratives/ theories/philosophies) बीच सहसम्वन्ध खोज्ने खोजाउने प्रवन्ध गरी सबै तहका विद्यार्थीहरुमा पक्षीय एवं समालोचनात्मक दृष्टिकोणले जीवन, जगत, तथा मृत्युपछिको संसार बुझ्ने र बुझाउने कुरालाई शिक्षाको सैद्धान्तिक आधार बनाइने छ ।

## आधारभूत तथा माध्यमिक शिक्षाको लागि गरिएका सिफारिसहरु

### १. बालविकास शिक्षा

अष्टाबक्र र प्रल्हादका गर्भस्थ कथाले भ्रुणले सुन्न सक्छ र प्रतिक्रिया दिनसक्छ भन्ने कुरा पूर्वीय संस्कारमा स्थापित छ । विज्ञानले प्रमाणित गरिसकेको यो तथ्यलाई बालविकास कार्यक्रमले अभिन्न अंग बनाउने उपक्रम जारी छ । यस क्रममा सुनौला हजार दिन जस्ता कार्यक्रमहरु सञ्चालित छन् ।

बाल विकास कार्यक्रमले गर्भावस्थादेखि ८ वर्षसम्मका बालबालिकाको सन्तुलित विकास खोज्छ । सार्वजनिक विद्यालयमा हाल प्रचलित एक वर्षे बालबिकास कार्यक्रमले पूर्व प्राथमिक शिक्षा मात्र बुझिन्छ । शिक्षणको तयारी विधिले चाहिँ सन्तुलित विकासको झल्को दिन्छ । विद्यालय र समुदायमा यस्ता बाल विकास कार्यक्रमहरु सञ्चालित छन् । निजी व्यवस्थापनका विद्यालयहरुमा भने शिशु स्याहार(सुसार केन्द्र (Day Care Center, Play School), मन्टेसरी, नर्सरी र किंडरगार्टेन कार्यक्रमहरु चल्ने गरेका छन्। नर्सरी र किंडरगार्टेनले संज्ञानात्मक पक्षमा बढी जोड दिएका छन्। अरु पक्ष गौण भएको देखिन्छ । निजी व्यवस्थापनका यी कार्यक्रमहरु शहरी क्षेत्रमा व्यापक छ। सार्वजनिक विद्यालयमा जाने बालबालिकाले एक वर्षको मात्र पूर्व प्राथमिक शिक्षा पाउने गरेका छन्। निजी व्यवस्थापनका विद्यालयहरुले नर्सरी, केजी र यूकेजी गरी तीन वर्षे शैक्षिक कार्यक्रमहरु चलाउने गरेको देखिन्छ। यी सबै प्रयासहरुले गर्दा ७२ प्रतिशत बालबालिकाहरु बालविकास कार्यक्रमको अनुभूति सहित कक्षा १ मा प्रवेश गरेको देखिन्छ । बाँकी २८ प्रतिशत (वर्गीकृत तथ्याङ्क अनुसूची २ मा दिइएको छ) बालबालिकामा पुग्न र बालविकास कार्यक्रममा नआएकाहरुलाई तत्स्थानै पहुँच सुनिश्चित गर्न तथा हाल कार्यक्रममा आएका वालवालिकाहरुको स्थानीय सरकारको व्यवस्थापनमा गुणस्तरीय प्रतिफल सुनिश्चित गर्न देहायका कार्यक्रमहरु सिफारिस गरिएको छ ।

<u>पहुँचका लागि</u>

क) हाल समुदायमा, विद्यालयमा, तथा निजी व्यवस्थापनमा चलेका बालविकास कार्यक्रमहरुलाई स्थानीय सरकारको पहलमा पूनर्नक्सांकन सहित जोनिङ्ग गरिनुपर्छ। नक्सांकनको आधारमा ती कार्यक्रमहरुको मिलान एवं विस्तार गरिनुपर्छ। यसो गर्दा संविधानको धारा ३९.२ र ३९.३ मा उल्लेखित सबै बालवालिकाको स्वास्थ्य, सुरक्षा, पोषण, र शिक्षाको हक सुनिश्चित हुने प्रवन्ध गरिनु पर्छ ।

ख)एउटा टोलमा जम्मा हुन सक्ने अवस्थाका बालबालिकालाई टोल टोलमै सेवा सुनिश्चित हुने बालविकास कार्यक्रमहरु सञ्चालन गरिनुपर्छ।

ग)छरिएका बस्तीका बालबालिकाका आमाबाबु, दाजुदिदी र हजुरबुबा, हजुरआमालाई बालविकास कार्यक्रम के र कसरी भनी जानकारी गराउन प्रत्यक्ष भेटघाट र प्रविधिमार्फत सेवा सुनिश्चित गरिनुपर्छ। उनीहरुमार्फत वालवालिकाको स्वास्थ्य, सुरक्षा, शिक्षा, मनोरञ्जन आदि सुनिश्चित गरिनुपर्छ ।

घ) गर्भस्थ बालबालिका र गर्भिणी आमाको हेरचाह कसरी गर्ने भन्ने कुराको जानकारी लिन तथा दिनका लागि स्थानीय सरकारको ठाउँमा उपलब्ध आम सञ्चारका साधनहरुको परिचालन गर्नुपर्छ ।

<u>व्यवस्थापनका लागि</u>

क)बालविकासका परंपरागत तरीकाहरुको खोजी गरी त्यसमा के थप्ने, के झिक्ने र के कुरालाई निरन्तरता दिने भन्ने व्यवस्था मिलाउनको लागि स्थानीय विज्ञहरुद्वारा अध्ययन एवं विश्लेषण गरिनुपर्छ। यसले परिवर्तनलाईदिगो बनाई राख्न मद्दत गर्दछ ।

ख)शिक्षा मन्त्रालयले बालविकास कार्यक्रम सञ्चालनार्थ दिएका रकम अपुग भएकोले यसका शिक्षक, आया र सहयोगीहरुका लागि तलब सुविधा आदि उपलब्ध गराउन स्थानीय सरकारले रकम सर्चिनु पर्छ । त्यसो गर्न नसक्ने अवस्था भएमा आर्थिक हैसियतको आधारमा अभिभावकसंग सहयोग लिने व्यवस्था मिलाउनुपर्छ।

ग)बालबालिकाको चौतर्फी विकासकालागि स्थानीय सरकारले एकीकृत सेवा उपलब्ध गराउनु पर्छ । यसका लागि त्यहां उपलब्ध स्वास्थ्य, सुरक्षा जस्ता सेवाहरु बालविकास केन्द्रमा सुनिश्चित गर्न गराउन स्थानीय सरकारले समन्वय तथा सहकार्यको नीति अवलम्बन गर्नुपर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क)बालविकास कार्यक्रममा पहुँच पुगेका बालबालिकाको शारीरिक, मानसिक, आत्मिक, संवेगात्मक सन्तुलन भए नभएको यकिन गर्नका लागि स्तरीय परीक्षण सामाग्री बनाई स्थानीय सरकारको तहमा अर्धवार्षिक रुपमा लेखाजोखा गरिनुपर्छ। उमेर र क्षमता अनुसार बालबालिकाको विकास भए नभएको कुरा यकिन भएपछि तदनुसारको सुधारात्मक उपाय अवलम्बन गर्न बालविकास कार्यक्रम सञ्चालकहरुलाई जिम्मेवार बनाइनुपर्छ। यो कुरा एकिकृत रणनीतिबाट संभव हुन्छ ।

ख)बालविकास, मन्टेसरी, नर्सरी, केजी आदिमा भर्ना भएका बालबालिकाका आमाबुबा तथा अभिभावकहरुलाई गर्भावस्था, वालविकास, शिक्षा, स्वास्थ्य, पोषण,र स्याहारको बारेमा जानकारी दिनसम्बन्धित संस्थाले नै अभिभावक शिक्षा सञ्चालन गर्नुपर्छ।

ग)बालबालिका वरपर रहेका प्रकृति, वातावरण र संस्कृतिहरुबाटै विषयगत ज्ञान(thematic knowledge) दिनु पर्छ  र सकिन्छ पनि भन्ने कुरा तिनका अभिभावकहरुलाई विश्वस्त गराउनु पर्छ। बालविकास कार्यक्रमका शिक्षकले यस कार्यको जिम्मेवारी लिनुपर्छ।

घ)बालविकास कार्यक्रमका शिक्षकको योग्यता वृद्धि गर्ने, तिनको पदान्नति गर्ने तथा तिनका योग्यतामा आधारित लगानी गर्ने प्रबन्ध मिलाइनुपर्छ ।

ङ)बालविकास, मन्टेसरी, नर्सरी, तथा केजीका लागि शिक्षक तयारी गर्दा एकीकृत सिकाइबाट क्रमशः "विषयगत कुना"को सिकाइतर्फ उद्यत हुने प्रबन्ध मिलाइनु पर्छ । अर्थात् बालविकास, मन्टेसरी, नर्सरी, तथा केजीका कार्यक्रम सञ्चालन हुने केन्द्रहरुमा अनिवार्य रुपमा गतिलो वालउपयोगी पुस्तकालयको व्यवस्था गरिनु पर्छ ।

## २.अनिवार्य र निशुल्क शिक्षा

विगतका शिक्षा आयोगका प्रतिवेदन तथा विकास योजनाहरुले आधारभूत शिक्षालाई अनिवार्य र माध्यमिक शिक्षालाई निशुल्क हुनुपर्छभन्दै आएका छन्। कति कक्षासम्मको शिक्षा अनिवार्य तथा निशुल्क गर्ने भन्ने कुरामा चाहिँ बेला बेलाका आयोगका प्रतिवेदनहरुमा फरक फरक मत देखिन्छ। सार्वजनिक विद्यालयमा सन्तान पढाउने अभिभावकहरुको लागि मात्रै निशुल्क तथा अनिवार्य कि निजी व्यवस्थापनमा खुलेका मन्टेसरी, नर्सरी, र केजी, आधारभूत तथा माध्यमिक तहमा पनि निशुल्क तथा अनिवार्य शिक्षा लागू गर्ने भन्ने कुरा चाहिँ अझै विवादितै छ।  यति हुँदाहुँदै पनि विद्यालय उमेरका ९६.६  प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भइसकेका छन् । तीमध्ये उल्लेख्य प्रतिशतले कक्षा छ उतीर्ण गरेका छन् । कक्षा छ उतीर्ण गरेकाहरु मध्ये कक्षा ८ उतीर्ण गर्नेहरुको प्रतिशत भने घटतो क्रममा छ । ती मध्ये कक्षा १२ उतीर्ण गर्नेहरु त झण्डै एक तिहाइ मात्र छन् । सोझो अर्थमा हेर्दा कक्षा १ मा प्रवेश गरेका बालबालिकाहरुको ३३ प्रतिशत जति

कक्षा १० मा र त्यसको आधा जति कक्षा १२ मा पुगेको देखिन्छ (बर्गीकृत तथ्याङ्क अनुसूची २ मा दिइएको छ) ।यस स्थितिमा वर्तमान आयोगले देहायका कुराहरु सिफारिस गरेको छ।

पहुँचका लागि

क) स्कूल क्षेत्र निर्धारण(जोनिङ) र नक्सांकनको आधारमा आधारभूत तह सञ्चालन गरिरहेका सार्वजनिक, निजी, गुठी, सहकारी, तथा धार्मिक विद्यालयहरुको एक आपसमा मिलान, विस्तार एवं सुदृढीकरण गर्ने गराउँने काम स्थानीय सरकारले गर्नुपर्छ। भविष्यमा खोलिने सार्वजनिक, निजी, गुठी, सहकारी, तथा धार्मिक विद्यालयहरु पनि नक्सांकन र जोनिङकै आधारमा मात्र खोलिनुपर्छ ।

ख) संविधानको धारा ३१.३ र ३१.४ अनुसार दलित, अपांग र विपन्न बालबालिकाको अनिवार्य एवं निशुल्क शिक्षा पाउने हक सुनिश्चित गर्न गाउँ वा नगरपालिकाको तहमा आवश्यकता अनुसार एकल,मोडेल, समावेशी मोडेल, तथा टोल छिमेकमै सेवा दिने मोडेलका विद्यालय र उच्च शिक्षाका लागि सहयोग कोषको व्यवस्था गरिनुपर्छ। उनीहरुलाई उच्च शिक्षासम्म निशुल्क शिक्षा उपलब्ध गराउनु पर्ने संवैधानिक व्यवस्थालाई मध्यनजर गरी सो कोषबाट आवश्यक उपकरण तथा अन्य सहयोग गर्ने प्रबन्ध मिलाइनु पर्छ।

ग) सडक बालबालिका, अनाथ आदिका लागि अनिवार्य एवं निशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्ने काम स्थानीय सरकारले गर्नुपर्छ। यसका लागि सार्वजनिक, निजी, गुठी, सहकारी, तथा धार्मिक विद्यालय तथा गैह्रसरकारी संस्थाहरुको परिचालन गरिर्नु पर्छ ।

व्यवस्थापनका लागि

क) प्रदेश सरकार तथा संघीय सरकारको सहयोगमा स्थानीय सरकारले आधारभूत तहको शिक्षा अनिवार्य तथा निशुल्क बनाउनुपर्छ। यसका लागि स्थानीय सरकारले आवश्यकता अनुसार सार्वजनिक, निजी, निजी तथा सार्वजनिक गुठी, धार्मिक, सहकारी, तथा अनौपचारिक शिक्षा प्रदायकहरुलाई परिचालन गर्नु पर्छ । किनकि तिनीहरु कुनै न कुनै कालखण्डमा निम्त्याइएका शिक्षा प्रदायकहरु हुन । बरु कुन खाले शिक्षा प्रदायकहरुलाई कहां र कसरी पुनर्व्यवस्था गर्ने भन्ने कुरामा आधारित भई विद्यालय नक्सांकन तथा जोनिङ्ग गर्नुपर्छ ।

ख) स्थानीय सरकारका जिम्मेवारीका हालका विद्यालयहरुमा १-३, १-५, १-८, १ – १०, १-१२ र ९-१२, तथा ११र १२ का विद्यालयहरु चलिरहेका छन् । ती सबैलाई १–८ र ९-१२ को संरचनामा ल्याउनका लागि दुइवटा उपायहरु गरिनुपर्छ । पहिलो, आवासीय सुविधा सहितका ठूला विद्यालयहरु बनाउंनु पर्छ । दोश्रो, केही विद्यालयहरुको तह घटाउनुपर्छ भने केहीको तह बढाउनुपर्छ । गाउं वा नगरपालिकाले यो कामको नेतृत्व लिनुपर्छ । अर्थात विद्यालयको नक्सांकन तथा जोनिङ्ग गर्दा भूगोल एवं जनसंख्यालाई आधार मानी यी कुराहरु सुनिश्चित गरिनु पर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क)संविधानको धारा ३१.१–३१.४ सम्ममा व्यवस्था भएझैं अपांगता भएका, दलित, विपन्न तथा एकल बस्तीका बालबालिकाहरुको अनिवार्य तथा निशुल्क शिक्षा पाउने हक सुनिश्चित गर्न घरैमा पढाउने, हप्तामा १-२ दिन पढाउने, टोलटोलमा पढाउने वा प्रविधिमार्फत पढाउने जस्ता व्यवस्थाहरु गर्नुपर्छ। यसरी पढे पढाइएका बालबालिकाको शैक्षिक स्तर सुनिश्चित गर्ने काम सम्बन्धित क्षेत्रको विद्यालयकै हुनुपर्छ।

ख)सार्वजनिक, निजी, गुठी, धार्मिक तथा वैकल्पिक व्यवस्थापनमा चलाइएका शिक्षालयका विद्यार्थीहरुको शैक्षिक स्तर समान बनाउनका लागि प्रत्येक ६ महिनामा लेखाजोखा गरिनुपर्छ। यसरी लेखाजोखा गर्ने काम स्थानीय सरकारले गर्नुपर्छ। सो लेखाजोखा कार्यमा गुणस्तरको राष्ट्रिय खाकाले खोजेको अपेक्षित एवं समान

शैक्षिक उपलब्धि नभएका विद्यार्थीहरुलाई सुधारात्मक कक्षाको अनिवार्य व्यवस्था गर्नुपर्नेछ। यसको लागि सम्वन्धित शिक्षकलाई जिम्मेवार बनाइनु पर्छ ।

ग)विद्यालयजाने उमेर समूहका गाउँ वा नगरपालिकाका स्थायी वा अस्थायी बसोबास गरेका बालबालिकाहरु सबैले अनिवार्य तथा निशुल्क शिक्षा पाए वा पाएनन् भन्ने कुराको वार्षिक रुपमा लेखाजोखा गर्ने काम शिक्षा समिति, न्यायिक समिति र गाउँ तथा नगरको कार्यसमितिले गर्नुपर्छ । सोही लेखाजोखाको आधारमा गाउँ र नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनुपर्छ ।

## ३. मातृभाषामा शिक्षा

मातृभाषामा पढाउने कि, सरकारी कामकाजको भाषामा पढाउने कि, तीनभाषी (मातृभाषा, प्रदेशको भाषा, सरकारी कामकाजको भाषा) नीति लिने कि, वहुभाषी नीति लिने कि, द्वीभाषी नीति लिने कि भन्ने कुरामा हिजोका आयोगहरुमा भिन्न मतहरु थिए । तर अहिलेको संविधानको धारा ३२.१, ३१.५, ३२.३, तथा ५१ग ७ अनुसार भाषा तथा लिपिहरुको जगेर्ना र विकास गर्नुपर्ने, मातृभाषामा शिक्षा दिनुपर्ने, तथा बहुभाषी शैक्षिक व्यवस्था गर्नुपर्ने व्यबस्था गरिएको छ । शेक्षिक तथा न्यूरो मेडिकल साइन्सका अध्ययनहरुले पनि एकलभाषी विद्यार्थीहरुभन्दा वहुभाषी विद्यार्थीहरुको मष्तिष्क बढी क्रियाशील हुन्छ भनी देखाएका छन् । यसका निम्ति निम्नलिखित उपायहरु शिफारिस गरिएको छ।

व्यवस्थापनका लागि

क)गाउँ वा नगरपालिकाले स्थानीय सरकारका तहमा भएका भाषा, लिपि, संस्कृति र भाषिक चाहनाहरुको जानकारी बटुल्ने तथा अद्यावधिक गर्ने व्यवस्था मिलाउनुपर्छ।

ख)एकल भाषी समूहका बालबालिका तथा तिनका अभिभावकले चाहेमा सोही भाषामा पढ्ने पढाउने व्यवस्था गरिनुपर्छ। यसका लागि शिक्षकहरुलाई विद्यार्थीको मातृभाषामा पढ्ने हक सुनिश्चित गर्ने निम्नलिखित उपायहरु सुझाइएको छ।

- स्थानीय भाषा, लिपि, साहित्य एवं संस्कृति संरक्षण, अनुसन्धान गर्नकालगि शिक्षा समिति तथा वडाध्यक्षको सहकार्यमा गाउँ वा नगरपालिकाले सो कामको जिम्मा लिनुपर्छ ।
- शिक्षक तथा कर्मचारीहरुलाई बहुभाषा व्यवस्थापनका अनेक तरीकाहरु सिक्ने सिकाउने व्यवस्था मिलाउनुपर्छ ।
- स्थानीय सरकारको तहमा उपलब्ध आम सञ्चारका साधनहरुको प्रयोग गरी तिनीहरुबाट भाषा तथा लिपि संरक्षण, विकास तथा पठनपाठनको काम सुनिश्चित गरिनुपर्छ । त्यसको अलावा सिकारु स्वयलें भाषा, लिपि तथा संस्कृति सिक्ने पाठ्य तथा विद्युतीय सामग्रीहरु बनाई वितरण गरिनुपर्छ ।
- सबै शिक्षकहरु सबै भाषामा पोख्त नहुने हुनाले स्थानीय भाषाविद् तथा भाषा बोल्ने व्यक्तिहरुलाई वैतनिक वा अवैतनिक शिक्षकको तथा सामाग्री निर्माणकर्ताको रुपमा सेवा लिने प्रबन्ध मिलाउनुपर्छ ।
- विद्यालयहरु स्वयंले एक अर्काको भाषा सिक्न सिकाउन शिक्षक, विद्यार्थी, अभिभावक तथा स्थानीय भाषा विज्ञहरुको स्वयंसेवी टोलीबनाई परिचालन गर्ने व्यवस्था मिलाउनुपर्छ ।
- मातृभाषाका लिपि तथा संस्कृतिको संरक्षण एवं विकासमा लागि परेको समुदायलाई स्थानीय सरकारले आर्थिक, भौतिक तथा मानवस्रोतको रुपमा सघाउने व्यवस्था गर्नुपर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क)द्वीभाषी बालबालिका भएको विद्यालयका विद्यार्थीहरुलाई एक अर्काको भाषा सिक्न प्रोत्साहित गरिनुपर्छ। शिक्षकले पनि त्यसरी नै विद्यार्थीको भाषा सिकी विद्यार्थीलाई पढाउनुपर्ने व्यवस्था गरिनुपर्छ ।

ख)बालबालिकाले आफ्नो मातृभाषालाई भाषाकै रुपमा पढ्न चाहेमा छुट्टै विषयको रुपमा पढ्ने प्रबन्ध मिलाइदिनुपर्छ। यसका लागि शिक्षण सामग्रीहरु उपलब्ध गराउने तथा तत्स्थानमै बनाउने सीप प्रदान गरिनुपर्छ।

ग)एकै कक्षामा बहुभाषी विद्यार्थी भएको अवस्थामा चाहिँ आ-आफ्नै भाषामार्फत सिक्न सघाउने शिक्षण पद्धति अपनाउनुपर्छ। लिपि, शब्द, वाक्य गठन आदिका आधारमा सम्बन्धित गाउँ र नगरपालिकाकै तहमा बहुभाषी पाठ्यसामग्री निर्माण एवं वितरण गर्ने गराउने व्यवस्था मिलाउनुपर्छ।

घ)विद्यालयमा मातृभाषी छलफल कुना तथा बहुभाषी साहित्यिक एवं सांस्कृतिक कार्यक्रमहरु सञ्चालन गरिनुपर्छ । यसका लागि स्थानीय सरकारले सघाउने प्रवन्ध मिलाउनुपर्छ।

ङ)कम्प्युटर सफ्टवेयर वा एप्स बनाई नेपालका सबै भाषा समूहसंग उनीहरुकै भाषामा संवाद गर्न सक्ने प्रबन्ध मिलाउनुपर्छ।

च)प्रत्येक विद्यालयमा बहुभाषिक एवं बहुसांस्कृतिक कुना तथा म्युजियम बनाइनुपर्छ।

## ४. निजी तथा सार्वजनिक विद्यालय व्यवस्थापन

विगतका केही शिक्षा आयोगहरुले निजी लगानीकर्ताहरुलाई विद्यालय संचालनका लागि निम्त्याए। परिणमतः अहिले ६००० निजी विद्यालयहरु सञ्चालन भइरहेका छन् । वालविकास तहदेखि कक्षा १२ सम्ममै सञ्चालन भएका ती विद्यालयहरुले शिक्षामा निजी क्षेत्रको लगानी परिचालन गरेका छन । गुणस्तरीय शिक्षा दिन्छन भन्ने विश्वास आर्जन गरेका छन । सन्ततीको शिक्षामा बढी लगानी गर्न चाहनेहरुको अपेक्षा अनुसार काम गर्ने बाटोमा अग्रसर छन । निजी विद्यालयलाई कम्पनीमा दर्ता गर्ने गराउने सरकारी नीतिले गर्दा बढदो नाफा कमाउने प्रवृत्ति हावी भएको छ । अर्थात सेवाको उद्धश्यले निम्त्याइएका निजी लगानीकर्ताहरुमध्ये केहीले सेवाभन्दा लाभको निम्ति विद्यालय सञ्चालन गर्दै आएका छन । नियमन गर्ने सरकारी निकाय कमजोर भएको छ । परिणामतः कम्यनी, निजी गुठी वा सार्वजनिक गुठी जेमा दर्ता भएका भए पनि सबै निजी व्यवस्थापनका विद्यालय संचालकहरुलाई एउटै डालोमा हाली आरोप लगाउने परम्परा रहँदै आएको छ । विगत दश वर्षका पत्रपत्रिकाहरु विश्लेषण गर्दा निजी विद्यालयहरुले शिक्षामा व्यापारीकरण गरेको, वर्गीय शिक्षा संस्थागत गरेको, विद्यार्थीलाई घोक्न लगाएको तथा विदेशमुखी बन्न उकासेको जस्ता आरोपहरु लगाइएको पाइयो । यी आरोपहरुसगै तिनै पत्रपत्रिकाहरुमा निजी विद्यालय व्यवस्थापनका सम्बन्धमा पाँचवटा मुख्य विकल्पहरु बजारमा आए । पहिलो, स्थानीय सरकार अथवा अभिभावकहरुद्वारा शुल्क निर्धारण गरिदिनु, अनि क्रमशः नक्सांकन तथा जोनिङ्ग गर्दै तिनलाई नियमन गर्नु । दोश्रो, तिनलाई बन्दै गर्नु । तेश्रो, अहिले नै कक्षा एकबाटै विद्यार्थी भर्ना नगरेर आगामी १२ वर्षमा विद्यालय तहमा निजी लगानी नै बन्दै गर्नु । चौथो, शिक्षक, प्राध्यापक, कर्मचारी, सेना, प्रहरी जस्ता सरकारी ढुकुटीबाट तलव तथा भत्ता खाने तथा विद्यालय व्यवस्थापक एवं विद्यालयप्रमीहरुका सन्ततीलाई निजी विद्यालयमा पढनै नदिनु । पांचौं, निजी लगानीका विद्यालयमा वालवालिका पढाउने अभिभावकलाई अतिरिक्त कर लगाउनु । तर संविधानको धारा ५०.३ ले राज्यका नीति निर्देशक सिद्धान्तअन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीताको व्यवस्था गरेकोछ। यस स्थितिमा निजी एवं र सार्वजनिक विद्यालयबीच सहकार्य गर्दै दुवैलाई एकअर्काका पूरक बनाउन निम्नलिखित उपायहरु सुझाइएका छन्।

<u>पहुँचका लागि</u>

क)स्थानीय सरकारले उपलब्ध गराएका मेधावी दलित, अपांगता भएका विद्यार्थी र विपन्न बालबालिकालाई सामाजिक दायित्वको कोटीमा राखी निजी विद्यालयले निशुल्क रुपमा पठनपाठनको व्यवस्था गर्नुपर्छ।

ख)स्थानीय सरकारले आवश्यक ठानेमा विद्यालयको पहुँच नभएका तथा मानव सूचकांकमा कम प्रतिशत भएका विपन्न, दलित, तथा जनजाति बस्तीमा निजी विद्यालयको विस्तार गर्ने व्यवस्था मिलाउँनुपर्छ। यसो गर्ने निजी विद्यालयलाई स्थानीय सरकारले प्रतिविद्यार्थी लागतको भाउचर, भौतिक पूर्वाधारको लागि सहुलियतको ऋण तथा भाडामा निश्चित अवधिको लागि जग्गा उपलब्ध गराउनुपर्छ।

व्यवस्थापनका लागि

क) स्थानीय सरकारले अनुमति दिएका, भविष्यमा अनुमति तथा स्वीकृति दिन सक्ने तथा तात्कालीन जिल्ला शिक्षा कार्यालयबाट अनुमति एवं स्वीकृति पाई स्वस्फूर्त रुपमा खोले खोलाएका निजीतथा सर्वजनिक विद्यालयहरुलाई ठूला, साना तथा आवासीय स्वरुपका बन्ने बनाउने गरी नक्सांकन एवंजोनिङ गरिनुपर्छ।

ख) निजी वा सार्वजनिक विद्यालयको नक्सांकन तथाजोनिङ गर्दा बढी भएका विद्यालयहरुलाई स्थानीय सरकारले नै मिलान गर्नुपर्छ। यसरी मिलान गर्दा बढी हुने भाडा वा लिज बाहेकका निजी, गुठी, तथा सार्वजनिक विद्यालयका भौतिक संरचनाहरुलाई ई-पुस्तकालय, किताबी पुस्तकालय, म्युजियम, सामुदायिक अध्ययन केन्द्र, छलफल केन्द्र, सीप विकास केन्द्र, प्रयोगशाला जस्ता सार्वजनिक उपयोगका भवनको रुपमा विकसित गरिनुपर्छ।

ग)निजी विद्यालयहरुको शुल्क निर्धारण गर्ने, त्यहाँ कार्यरत शिक्षक तथा कर्मचारीको सेवा सुविधाको मानक तोक्ने र लगानीकर्ताको मुनाफा तोक्ने (५०:२५:२५को अनुपातमा) काम स्थानीय सरकारले नै गर्नुपर्छ । यसोगर्दा आधारभूत शुल्क (basic fee) तथा थप सुविधाका लागि थप शुल्क (premium fee) को व्यवस्था लागु गरिनुपर्छ ।

घ)निजी, गुठी, धार्मिक तथा सार्वजनिक विद्यालयमा पढाउने शिक्षकहरुको अनुभवलाई शिक्षक सेवा आयोगले समान मान्यता दिनुपर्छ ।

ङ)शहरी क्षेत्रमा मात्रै सीमित हुन चाहने निजी विद्यालयहरुलाई स्थानीय सरकारले गिर्दो शैक्षिक स्तर भएका, कम विद्यार्थी भएका सार्वजनिक विद्यालय भवनहरु उपलब्ध गराउनुपर्छ । यसो गरे बापत निजी विद्यालयहरुले तोकिएका विद्यार्थीहरुलाई निशुल्क र आधा शुल्कमा पढाउनुपर्ने व्यवस्था गरिनुपर्छ ।

च)निजी, गुठी, धार्मिक तथा सार्वजनिक विद्यालयका शिक्षक एवं कर्मचारीलाई बिना भेदभाव तालिममा सहभागी हुने प्रबन्ध मिलाइनुपर्छ ।

छ)एक अर्कासंग सिक्नै पर्ने अनिवार्यव्यवस्था कायम गरी स्थानीय सरकारले निजी गुठी, धार्मिक तथा सार्वजनिक विद्यालयका शिक्षक, कर्मचारी र व्यवस्थापकहरुको आदान-प्रदान गर्ने व्यवस्था मिलाउनुपर्छ ।

ज) हाल भएका वा भोलि संस्थागत रुपमा आउन सक्ने स्वदेशी विद्यालयहरुको अनुमति, स्वीकृति, नियमन र नियन्त्रण पनि स्थानीय सरकारले नै गर्नुपर्छ ।

झ)निजी, सार्वजनिक, धार्मिक, सहकारी, गुठी जुनसुकै विद्यालयहरुले पनि स्वदेशी नाम राख्नै पर्ने अनिवार्य व्यवस्था गरिनुपर्छ । त्यस्तै अन्तर्राष्ट्रिय, प्रतिष्ठान जस्ता विशेषण जोड्न चाहने विद्यालयहरुले कम्तिमा १५ प्रतिशत अन्तर्राष्ट्रिय विद्यार्थीलाई पठनपाठन गराएकै हुनुपर्छ ।

ञ) अनिवार्य तथा निशुल्क शिक्षा सरकारको जिम्मेवारी भएकोले निजी विद्यालयलाई प्राविधिक शिक्षालयको रुपमा विकास गर्ने प्रोत्साहित गरिनु पर्छ । यसोगर्दा अहिलेका लगानीकर्ताहरुलाई संगठित गरी त्यस दिशातर्फ उन्मुख गराउनुपर्छ ।

ट) हाल कम्पनीमा दर्ता भएका निजी विद्यालयहरुलाई सेवामूलक निजी तथा सामाजिक गुठीमा दर्ताहुन प्रोत्साहित गर्दै भविष्यमा सेवामूलक निजी विद्यालयहरुमात्रै रहने व्यवस्था गनुपर्छ ।

ठ) कक्षा १२ सम्म विद्यालय तह नै भएकोले ती कक्षाहरुलाई कलेज/क्याम्पसको व्यवस्थापनबाट अलग गरी विद्यालयकै व्यवस्थापनमा राखिनुपर्छ ।

ड)सबै खाले विद्यालयहरुलाई मिल्ने मिलाउनेगरी गाउं तथा नगरपालिकाले शैक्षिक क्यालेण्डर बनाई लागुगर्नु पर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क)निजी तथा सार्वजनिक विद्यालयको शैक्षिक स्तर समान बनाउन प्रत्येक वर्ष गुणस्तरीय खाकाको आधारमा( ज्ञान, सीप, अभिवृत्ति र क्षमता) स्थानीय सरकारले मूल्यांकन गर्नुपर्छ।सोही मूल्यांकनको आधारमा कमजोर विद्यालयले आफ्नो विद्यार्थीको शैक्षिक स्तर उकास्नु पर्छ। त्यसो नगर्ने विद्यालयहरुलाई स्थानीय सरकारले सुध्रन सघाउने वा नसिहत दिने प्रवन्ध गर्नुपर्छ। अन्तमा गाउं वा नगरपालिकाले अपेक्षित शैक्षिकस्तर भएका, सुधारगर्नुपर्ने तथा नसिहत दिइएका विद्यालयहरुको सूची सार्वजनिक गर्नुपर्छ ।

ख) निजी, गुठी, सहकारी, तथा सार्वजनिक साझेदारीले साझेदारहरुलाई फाइदा हुने कार्यक्रमहरु खोज्छ । तर सामाजिक दायित्वले भने एक अर्कालाई सघाउने स्ययंसेवी मानसिकता खोज्छ । यो कुरालाई मनन गरी कुन कुन कुरामा निजी, गुठी, सहकारी, तथा सार्वजनिक विद्यालयबीच साझेदारी गर्ने एवं तिनैको सामाजिक दायित्वअन्तर्गत स्वयंसेवी ढंगले कुन कुन कुरामा कुन कुन विद्यालयका बीचमा संझौता गर्नुगराउनु पर्छ भन्ने कुरा स्थानीय सरकारको तहमा टुंगो गरी कार्यान्वयन गर्नुपर्छ ।

ग( साझेदारीका क्षेत्रहरुमा एक अर्का विद्यालयको भौतिक निर्माण तथा मर्मत, एक अर्काका भवन तथा अन्य भौतिक सुविधाहरुको आपसी प्रयोग, एक अर्काका मानवीय श्रोतहरुको आपसी प्रयोग, एक अर्काका आर्थिक श्रोतको प्रयोग, निजी, गुठी तथा सहकारी विद्यालयलाई सरकारले दिने प्रति विद्यार्थी लागतको भाउचर, सार्वजनिक विद्यालयको चार्टरीकरण (सार्वजनिक विद्यालयलाई निजी व्यवस्थापनमा दिने प्रवन्ध), सरकारी लगानीमा निजी विद्यालय खोल्ने व्यवस्था आदि पर्छन ।

घ) सामाजिक दायित्वअन्तर्गत चाहिं निजी, गुठी, सहकारी, तथा सार्वजनिक विद्यालयहरुले एक अर्का विद्यालयको सुधारका लागि उनीहरुले खोजेका क्षेत्रमा स्वयंसेवी/स्वैच्छिक ढंगले सघाउने कामहरु पर्छन । ती कामहरु हुन् – शैक्षिक नीति निर्माण; छात्रवृति कोषको स्थापना; पुस्तक, कापी, किताब, कम्प्युटर, फर्निचर, प्रयोशालाका सामान आदि वितरण गर्ने व्यवस्था; शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी आदिको तालीम, भ्रमण इत्यादि ।

### ५.विदेशी विद्यालय व्यवस्थापन

नेपालका कुटनीतिक नियोग र सहकार्यका विदेशी विद्यालयहरु छन्। नेपाल विश्व व्यापार संगठनको सदस्य राष्ट्र भएपनि कक्षा १२ सम्म बहुदेशीय विद्यालयहरुभित्र्याउन नपाइने प्रावधान छ । कुटनीतिक नियोगका लागि १-१ वटामात्रै विद्यालय खोल्न पाउने व्यवस्था छ । यसको अर्थ हो, हाल बलमिच्याइं गरी कुटनीतिक नियोग तथा विदेशीले गैह्रकानुनी रुपमा विद्यालयहरु खोलेका छन् । यो स्थितिमा देहायका सुझावहरु दिइएका छन्।

व्यवस्थापनका लागि

क)कुटनीतिक नियोगका कर्मचारीका सन्ततीहरुलाई पढाउनका लागि खुलेका विदेशी विद्यालयहरुको पुनरावलोकन गरिनुपर्छ। यसोगर्दा पढ्नेहरुको संख्यालाई ध्यान दिई एक देशको कुटनीतिक नियोगले कतिवटासम्म स्कूल खोल्न पाउने भनी निर्धारित गरिनुपर्छ।कुटनीतिक नियोगको मामिला भएकोले यो कामको जिम्मेवारी संघीय सरकारले लिनुपर्छ । तदनुसार प्रदेश सरकार एवं स्थानीय सरकारलाई कार्यार्थ जानकारी दिनुपर्छ ।

पहुँचका लागि

क)कुटनीतिक नियोगमा कार्यरत कर्मचारीका सन्ततीहरुको पठनपाठनको प्रयोजनका लगि मात्र खोलिएका हुनाले ती विद्यालयहरुमा नेपाली विद्यार्थीलाई प्रवेश नदिने व्यवस्था गरिनुपर्छ।

ख) विश्वव्यापार संगठनको धारा १.३ ग को प्रावधान अनुसार सरकार जिम्मेवार भएको विद्यालय तहमा विदेशी विद्याालय तथा तथा तिनका सहकार्यमा  विद्यालयहरु खोल्न नपाउने व्यवस्थालाई मध्यनजरगरी हाल विदेशी विद्यालयको सहकार्यमा खोलिएका तथा तिनका पाठ्यक्रम पढाउने विद्यालयहरुलाई निश्चित अवधि तोकी तदन्तर बन्द गर्ने नीति लिइनुपर्छ। त्यतिन्ज्यालको लागि तिनीहरुमा नेपाली पाठयक्रम नै पढाउने अनिवार्य व्यवस्था गरिनुपर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क) विद्यालय तहमा विदेशी बोर्डको परीक्षाका लागि नेपालमा पढाउने अहिलेको प्रक्रियालाई नियमन तथा नियन्त्रण गर्दै क्रमशः बन्द गर्ने प्रबन्ध मिलाउनुपर्छ।

**६.धार्मिक विद्यालयहरुको समकक्षता**

नेपालमा मदरसा, गोम्पा, गुरुकुल, आश्रम जस्ता धार्मिक स्वरुपका विद्यालयहरु सञ्चालित छन्। गरुकुल बाहेकका अरु विद्यालयहरुको समकक्षता पनि छैन । परिणामतः तिनमा अध्ययनरत विद्यार्थी, शिक्षक, तथा कर्मचारीको योग्यता तथा तलवमा समता पनि छैन । हाल पाठ्यक्रम विकास केन्द्रले कक्षा एकदेखि कक्षा बाह्रसम्मका लागि बनाएको पाठ्यक्रम पनि त्यहां लागु भइसकेको छैन । यस स्थितिमा देहायका उपायहरु सुझाइएका छन्।

पहुँचका लागि

क)धार्मिक शिक्षाको मूल प्रवाहीकरणका लागि शिक्षा मन्त्रालयको पाठ्यक्रम विकास केन्द्रले बनाएको पाठ्यक्रम लागु गरिनुपर्छ।यसो गर्नाले अब आइन्दा धार्मिक विद्यालयमा पढ्ने विद्यार्थीहरुको डिग्री स्वतः समकक्षी बन्न जान्छ।

गुणस्तरीय प्रतिफलका लागि

क)यसभन्दा अघि पढे पढाइएका विद्यार्थी, शिक्षक, कर्मचारीहरुको योग्यता समकक्षी बनाउन पुलेसो पाठ्यक्रम लागू गरिनुपर्छ। सो पाठ्यक्रम अनुसार उत्तीर्ण भएका शिक्षक, विद्यार्थी, कर्मचारी सबैको उपाधिलाई समकक्षी मानिनुपर्छ। यस्ता पाठ्यक्रम एवं पाठ्यसामग्रीहरु लागु गर्न स्वाध्यायी, प्रविधिमार्फत पढ्ने प्रबन्ध र छोटो अवधिको पढाइ गर्ने व्यवस्था मिलाइनुपर्छ।सम्बन्धित विद्यालयले नै यसको जिम्मेवारी लिनुपर्छ।

ख)सार्वजनिक, निजी, धार्मिक, सहकारी, गुठी विद्यालयहरुको एक समान शैक्षिक स्तर कायम गर्न प्रत्येक कक्षाको अन्त्यमा स्तरीय परीक्षा लिइनुपर्छ । पाठ्यक्रम विकास केन्द्र र राष्ट्रिय परीक्षा बोर्डले यसका लागि आवश्यक पर्ने टेस्टब्याट्रीहरु बनाउने छ भने स्थानीय सरकारले स्तरीय परीक्षा लिनुपर्छ ।

व्यवस्थापनका लागि

क)धार्मिक विद्यालयमा पठन पाठन गराउँने शिक्षकहरुको अनुभवलाई पनि शिक्षक सेवा आयोगले सार्वजनिक विद्यालयमा पढाउने शिक्षककै सरहको मान्यता दिनुपर्छ। सरकारले तदनुसार तिनीहरुको तलवमान सुनिश्चित गर्नुगराउनु पर्छ । यसकालागि योग्यता खाका र स्तर कायम गरिनुपर्छ जसका आधारमा मान्यता दिन सहज र मान्यतामा एकरुपता हुनेछ ।योग्यता खाका र स्तर केन्द्रिय सरकारले बिकास गरे अनुसार हुनेछ ।

## ७. व्यावहारिक, वैज्ञानिक, एवं उत्पादनमुखी शैक्षिक व्यवस्था

विगतका शिक्षा आयोगका प्रतिवेदन, ,विकास योजनाका प्रतिवेदन, समसामयिक अध्ययन, दशवर्ष यताका पत्रपत्रिकाहरुको विश्लेषण, तथा राजनीतिक दलहरुका घोषणापत्रहरुको चिरफार अनुसार शिक्षा व्यावहारिक, वैज्ञानिक, जनमुखी, उत्पादनशील,  प्राविधिक तथा राष्ट्रप्रेमी भएन भन्ने बुझिन्छ । तर कसरी यो काम गर्न सकिन्छ र कस्ले गर्नुपर्छ भन्ने कुराको सहज बाटो भेटिएको छैन । ती सबै कुराहरुलाई ध्यानमा राखी संविधानको धारा ५१ ज १ मा उल्लेखित प्रावधानलाई पनि विचारगरी सबै विद्यार्थीहरुलाई व्यावहारिक, वैज्ञानिक, जनमुखी, उत्पादनशील, प्राविधिक र राष्ट्रप्रेमी शिक्षा सुनिश्चित गर्न शैक्षणिक एवं संस्थागत उपायहरु सिफारिस गरिएको छ। शैक्षणिक उपाय भन्नाले शिक्षकले अहिलेको पठनपाठनको तरीका बदली शिक्षालाई व्यावहारिक, वैज्ञानिक, जनमुखी, तथा उत्पादनशील बनाउने उपाय हो । संस्थागत उपाय भन्नाले हाल भएकै विद्यालयहरुको फेरबदल तथा प्राविधिक एवम् व्यावसायिक विद्यालयहरुको स्थापना गर्ने भनिएको हो ।

शैक्षणिक उपाय अन्तर्गत देहायका कार्यहरु गरिनु पर्छ।

*१)　शैक्षणिक उपायहरु*

पहुँचका लागि

- पाठ्यक्रम एवं पाठ्यपुस्तकलाई व्यावहारिक जीवनका कुराको आधारमा पठनपाठन हुने गरी शिक्षण गर्नका लागि पुनर्चिन्तन गर्न शिक्षकहरुलाई तयारी गरिनुपर्छ। पुनर्चिन्तनमा ढिकी कुटाइबाट चाप, बल, विस्तार, ध्वनी, अणु, परमाणु जस्ता विज्ञान पढाउने एउटा तरीका हुनसक्छ। त्यसैबाट लम्बाइ, चौडाइ, गोलाइ, दूरी जस्ता गणितीय ज्ञान दिनु अर्को तरीका हुनसक्छ। कस्ले ढिकी कुट्छ र किन जस्ता प्रश्नहरुबाट सामाजिक शिक्षा सिकाउनु । परिवारमा कामको बाँडफाँड र त्यस्का विविध पक्षहरुबारे पढाउनु तेस्रो तरीका हुनसक्छ। स्थानीय सरकारकै तहमा विषयगत शिक्षकहरुलाई आधुनिक प्रविधिमार्फत यी र यस्ता व्यावहारिक, वैज्ञानिक, एवं जनमुखी हुने शैक्षणिक उपायहरुको जानकारी दिइनुपर्छ । शिक्षकको पेशागत बिकास गर्ने जिम्मेबारी प्राप्त संस्था एवं शिक्षक संघ-संगठनहरुलाई यसतर्फ उन्मुख गराउनुपर्छ । तदनुसार शिक्षक तथा प्रधानाध्यापकले काम गरे वा नगरेको कुराको जानकारी सम्वन्धित विद्यालयको व्यवस्थापन समितिमार्फत स्थानीय सरकारले थाहा पाउनु पर्छ । सोही जानकारीको आधारमा स्थानीय सरकारले शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघहरुलाई पुरस्कृत गर्ने, सघाउने, चेतावनी दिने तथा दण्डित गर्ने व्यवस्था मिलाउनु पर्छ ।

व्यवस्थापनका लागि

- स्थानीय उद्यमी, व्यापारी, उद्योगपति, शिल्पी आदिसंग संवाद गर्ने कक्षाहरु विद्यालय तालिकाकै अंग बनाइनुपर्छ।
- उद्यमी समूहहरु बनाई शिक्षक एवं विद्यार्थीलाई उत्पादनमूलक कार्यमा लाग्न प्रोत्साहित गरिनुपर्छ। यो काम स्थानीय विद्यालयको जिम्मेवारीमा हुनुपर्छ ।

- खान नपाए ज्युँने कसरी? भन्ने खालका संवादी विषयहरुमा विचार गोष्ठीको आयोजना गरिनुपर्छ। त्यसमा आएका ज्ञानको आधारमा विद्यार्थी समूहलाई सघाउने व्यवस्था मिलाइनुपर्छ।
- संभाव्यताका आधारमा विद्यार्थीहरुलाई अनिवार्य रुपले होटेल, बैंक, बजार, कृषि आदि क्षेत्रमा इन्टर्नसिप वा परियोजना कार्य गर्न र गराउन लगाउनुपर्छ।
- कृषिका हाइड्रोपोनिक, ग्रीनहाउस जस्ता प्रविधिहरुको जानकारी गराई सबै विद्यार्थीलाई विद्यालयका कक्षापिच्छेका करेसाबारी, आआफ्ना खेतबारी तथा सार्वजनिक स्थलमा परीक्षण गर्ने गराउने व्यवस्था गरिनुपर्छ।
- सबै खाले विद्यालयहरुले यस्तो प्रवन्ध गरे नगरेको कुरा स्थानीय सरकारको जानकारीमा रहनुपर्छ । माथि उल्लेखित कामहरु गर्ने विद्यालयहरुलाई पुरस्कृत गर्ने, गर्न नसक्नेलाई सघाउने, नगर्नेलाई चेतावनी दिने तथा दण्डित गर्ने व्यवस्था पनि स्थानीय सरकारले मिलाउनु पर्छ।

<u>गुणस्तरीय प्रतिफलका लागि</u>

- स्वदेश तथा विदेशका अरु स्कूलले के कसरी व्यावसायिक शिक्षा दिन सके भन्ने कुराको जानकारी दिने विद्युतीय तथा प्रदर्शनीजन्य व्यवस्था मिलाइनुपर्छ। यसका लागि यूट्यूब, फेसबुक, भाइबर आदिको उपयोग गरिनुपर्छ। पाठ्यक्रम विकास केन्द्र तथा शिक्षक तालीम केन्द्रहरुको जिम्मेवारीमा यो काम गरिनुपर्छ ।
- बिद्यार्थीलाई पेशा संबन्धी परामर्श दिने काम बिद्यालय तथा सामुदायिक सूचना एवं अध्ययन केन्द्रमार्फत मिलाउनु पर्नेछ ।

*२)संस्थागत उपायहरु*

<u>पहुँचका लागि</u>

- प्रत्येक विद्यालयको अगुवाइमा दलित, जनजाति आदिका परंपरागत सीपहरुलाई आधुनिकीकरण गरी बजारमा बिक्री गर्न योग्य वस्तुहरु उत्पादन गरिनुपर्छ।
- दिनभर सीप सिकाउँने टेलिभिजन, अनलाइन, डिभिडी, सिडी, पेनड्राइभ आदिको प्रबन्ध गरिनुपर्छ।स्थानीय सरकारले यस्ता अवसरहरुसामुदायिक सूचना तथा अध्ययन केन्द्रहरुमापनि उपलब्ध गराउनु पर्छ ।
- म कुन सीप सिक्न योग्य छु र कसरी सिक्न सक्छु भन्ने कुरा पहिल्याउन सघाउ हुने विद्युतीय प्रविधिमा आधारित परीक्षाका ब्याट्रीहरु बनाई लागु गरिनुपर्छ। प्रदेश एवं संघीय सरकारले यसको जिम्मा लिनुपर्छ ।
- कक्षाकोठाकै साथीबाट एकअर्कालेे जानेका नरम तथा गरम सीप सिक्ने सिकाउने प्रबन्ध गरिनुपर्छ। यसका लागि प्रत्येक शिक्षकले सो कामको जिम्मेवारी लिनुपर्छ ।
- हरेक गाउंपालिका तथा नगरपापिकामा कम्तिमा एउटा व्यावसायिक तथा प्राविधिक विद्यालय स्थापना गर्नु पर्छ । सरकारी, सरकारी तथा निजीको साझेदारी, सहकारी, तथा निजी लगानीमा यस्ता विद्यालयहरु स्थापना तथा संचालन गरिनुपर्छ । यस्ता विद्यालयहरुले क्रेडिट, ननक्रेडिट दुवै खाले लामा तथा छोटा अवधिका कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ । हाल चलिरहेका निजी, गुठी तथा सार्वजनिक विद्यालयहरुले चाहेमा तिनलाई सघाउने कानूनी व्यवस्था गरिनुपर्छ ।

<u>व्यवस्थापनका लागि</u>

- प्रत्येक विद्यालयले शिल्पी, उद्यमी, व्यापारीहरुसंग सीप सिक्न चाहने विद्यार्थीलाई आबद्ध गर्ने व्यवस्था मिलाउनुपर्छ।
- प्रत्येक गाउँ र नगरपालिकाले आफ्नो लगानीमा वा निजी क्षेत्रको लगानी परिचालन गरेर इच्छुक विद्यार्थीहरुलाई अनिवार्य रुपमा छोटो अवधिको सीप विकास तालिम दिनुपर्छ । यसका लागि घुम्ती प्राविधिक शिक्षक, घुम्ती प्राविधिक विद्यालय तथा ससाना कार्यशालाहरु बनाइनु पर्छ ।
- सातवटै प्रदेशमा बहुप्राविधिक सीप सिकाउँने विद्यालयहरु सञ्चालन गरिनु पर्छ। यस्ता विद्यालयहरुले अनिवार्य रुपमा विद्यार्थीहरुलाई एकवर्षे इन्टर्नसीप कार्यक्रम गराउनु पर्छ ।
- प्राविधिक शिक्षा कुन सरकारको जिम्मामा हुने भन्ने कुरा नखुट्टिएको अहिलेको अवस्थालाई ध्यानमा राखी संघीय वहुप्राविधिक विश्वविद्यालय, प्रादेशिक वहु तथा एकल प्राविधिक क्याम्पस/कलेज र स्थानीय वहु तथा एकल प्राविधिक विद्यालयहरु खोल्ने प्रबन्ध मिलाइनुपर्छ । संघीय तथा प्रदेश सरकारले यो कामको जिम्मेवारी लिनुपर्छ ।
- परंपरागत तथा आधुनिक सीप जानेका तर कक्षागत प्रमाणपत्र नभएका विद्यार्थीहरुका लागि मोड्युलर कोर्सद्वारा समकक्षी उपाधी सुनिश्चित गर्ने व्यवस्था मिलाइनुपर्छ ।संघीय प्राविधिक शिक्षालय, प्रादेशिक प्राविधिक शिक्षालयहरु तथा स्थानीय प्राविधिक शिक्षालयहरुले यो कामको जिम्मेवारी लिनुपर्छ ।

<u>गुणस्तरीय प्रतिफलका लागि</u>

- त्यस्ता वहु प्राविधिक सीप सिकाउँने विद्यालयहरुले प्रत्येक तीनवर्षमा उपलब्ध बजार सर्भेक्षण गरी कुन कुन विषयमा पठनपाठन तथा सीप प्रदानगर्ने भन्ने कुराको निर्णय गर्ने परिपाटी बसाउनु पर्छ ।सम्वन्धित विद्यालयले यो कामको जिम्मा लिनु पर्छ । यसोगर्दा शिक्षकहरुलाई वहुव्यवसायिक क्षमता विकास गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ । यसो नगर्ने हो भने करारमा मात्र शिक्षक नियुक्ति गर्ने व्यवस्था गरिनु पर्छ ।
- व्यावसायिक, प्राविधिक र चारित्रिक शिक्षाको भिन्नतालाई दृष्टिगत गरी एक अर्को पढाइ एवं भोगाइबाट साधारण शिक्षामा आउँने तथा साधारण शिक्षाबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा प्रवेश पाउँने बाटो (path and ladder)को व्यवस्था गरिनु पर्छ । यसका लागि सिटिइभिटीले व्यक्ति स्वयंले तथा पढाउन चाहेको संस्थाले परीक्षा लिनेगरी ज्ञान, सीप, अभिवृत्ति, तथा क्षमता परीक्षण गर्ने टेष्टब्याट्रीहरु बनाउनुपर्छ । सोही परीक्षणको आधारमा औपचारिक, अनौपचारिक, अरितिक, तथा अनुभवबाट सिकेका कुराहरुको समकक्षता सुनिश्चित गरिनुपर्छ । प्राप्त समकक्षताको आधारमा विद्यार्थीले माथिल्लो तहमा अध्ययन गर्न पाउने व्यवस्था गरिनुपर्छ ।
- परंपरागत तथा आधुनिक सीपमा भएका सैद्धान्तिक एवं व्यावहारिक ज्ञानको खोजी गरी ती ज्ञान भएका विद्यार्थीलाई थप ज्ञान सहित प्रमाणीकरण गर्ने व्यवस्था मिलाउनुपर्छ । संघीय प्राविधिक शिक्षालय प्रादेशिक प्राविधिक शिक्षालय तथा स्थानीय शिक्षालयहरुले यो कामको जिम्मेवारी लिनुपर्छ ।

## ८. गुणस्तरीय शिक्षा

दीगो विकासका लक्ष्यहरुको लक्ष्य नं ४ ले गुणस्तर खोज्छ । विद्यार्थीको क्षमता र अरुको अपेक्षामा गुणस्तर नापिन्छ। त्यसैले यो सापेक्षित हुन्छ। नेपालमा भने गुणस्तरीय शिक्षाको राष्ट्रिय खाका बनिसकेको छ। विद्यालयीय पाठ्यक्रमलाई सक्षमतामा आधारित गरिएको छ। पाठ्यक्रमको राष्ट्रिय प्रारुप पनि बनेको छ। कक्षा ३, ४ र ८ मा स्तरीय जस्ता परीक्षाहरु पनि संचालन गर्ने गरिएको छ। यी सबै मापनका आधारमा हेर्दा

सार्वजनिक विद्यालयको शैक्षिक उपलब्धि घट्दो क्रममा देखिन्छ । झण्डै ८५ प्रतिशत विद्यार्थी पढ्ने यी विद्यालयहरुको गुणस्तर सुनिश्चित गर्न र निजी, सहकारी, गुठी तथा धार्मिक शिक्षालाई समकक्षी गुणस्तरको बनाउनु अनिवार्य आवश्यकता भएको छ।

स्थानीय सरकारले कक्षा ८ को, प्रादेशिक सरकारले कक्षा १० को र संघीय सरकारले कक्षा १२ को परीक्षा लिने र त्यसको गुणस्तर कायम गर्नुपर्ने संवैधानिक जिम्मेवारी छ। तर कक्षागत गुणस्तरको जिम्मा शिक्षकलाई नै दिइएको छ। उदार कक्षोन्नति र अक्षरांक परीक्षण पद्धतिको प्रयोग गर्दा पनि सुधारात्मक कक्षाहरु प्रभावकारी रुपमा सञ्चालन गरिएका छैनन् । यस स्थितिमा देहायका उपायहरु सुझाइएका छन्।

गुणस्तरीय प्रतिफलका लागि

क)प्रत्येक कक्षाका विद्यार्थीको गुणस्तर अपेक्षित स्वरुपको छ कि छैन भनी परीक्षण गर्ने जिम्मा स्थानीय सरकारले लिनुपर्छ । यसका लगि क्षमता र अपेक्षा मिलाई सक्षमतामा आधारित कक्षागत  टेस्टब्याट्रीहरु बनाइनुपर्छ । राष्ट्रिय परीक्षा बोर्डले बनाउनुपर्ने ती टेष्टब्याट्रीको आधारमा स्थानीय सरकारले प्रत्येक विद्यालयका विद्यार्थीहरुको अर्धवार्षिक परीक्षा लिनुपर्छ।

ख)परीक्षामा अपेक्षित गुणस्तर सुनिश्चित गर्न नसकेका बालबालिकालाई स्थानीय विद्यालयका शिक्षकहरुले निशुल्क रुपमा सुधारात्मक कक्षाको व्यवस्था गर्नुपर्छ ।

ग)हाल शैक्षिक गुणस्तर परिक्षण केन्द्रले गर्ने गरेको शैक्षिक स्तर परीक्षण प्रणालीलाई निरन्तरता दिइनुपर्छ ।

व्यवस्थापनका लागि

क)विषयगत गुणस्तर सुनिश्चित गर्ने जिम्मा सम्बन्धित शिक्षकहरुमा नै छोडिनुपर्छ ।प्रधानाध्यापक, व्यवस्थापन समिति वा स्थानीय सरकारले गुणस्तरको जिम्मा लिने हो भने शिक्षकहरु अह्राएको काम गर्ने अवस्थामा पुग्छन्। त्यसैले उनीहरुको इज्जतकालागि पनि शिक्षकले नै विषयगत गुणस्तरको जिम्मेवारी लिनुपर्छ भन्ने कुरामा पैरवी गरिनु पर्छ।

ख)विद्यालय व्यवस्थापन समिति, गाउँरनगर शिक्षा समिति, स्थानीय सरकारमा भएको शिक्षा विभाग, अभिभावक, सेवा निवृत्त शिक्षक, प्राध्यापक, कर्मचारी एवं बुद्धिजीवीले विद्यालयलाई सघाउने प्रबन्ध गरिनुपर्छ। सम्वन्धित विद्यालय प्रशासनले सो कामको जिम्मेवारी लिनुपर्छ ।

ग) शिक्षकले प्रधानाध्यापकसंग, प्रधानाध्यापकले व्यवस्थापन समितिसंग, र व्यवस्थापन समितिले गाउं वा नगरपालिकासंग विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा दिनका लागि अनिवार्य रुपमा वार्षिक करार संझौता गर्नु पर्छ । सो करारनामा अनुसार कम भए वा नभएको कुरा उपर छलफलगर्न शैक्षिक सत्रको अन्त्यमा वडैपिच्छे जनप्रतिनिधि, शिक्षक महासंघ, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, र स्थानीय शिक्षाविदहरुको समीक्षा भेला गरिनु पर्छ । भेलाले दिएका सुझावहरुलाई करार संझौता गराउने पदाधिकारीहरुले अनिवार्य रुपमा लागु गर्नुपर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क)स्थानीय, प्रदेश र संघीय सरकारले गर्ने गराउने परीक्षाले पनि वस्तुस्थितिको जानकारी दिन्छ। तर गुणस्तर अपेक्षित हुन सकेन भने सम्बन्धित शिक्षकलाई जिम्मेवार मानिनुपर्छ। त्यसैका आधारमा शिक्षकहरुलाई पुरस्कृत वा दण्डित गरिनु पर्छ । निश्चित मानक बनाई स्थानीय सरकारले सो कार्यको जिम्मेवारी लिनुपर्छ ।

ख)शिक्षक महासंघ र यसका सदस्य संस्थाहरुलाई शिक्षकको पेशागत उन्नयन तथा विकासका कार्यक्रममा स्वस्फूर्त रुपमा जिम्मेवार बनाउनु पर्छ। यसका लागि स्थानीय सरकारले शिक्षक सञ्जालसंग सहकार्य गर्नु पर्छ ।

ग)गुणस्तरीय शिक्षक, गुणस्तरीय वातावरण, एवं गुणस्तरीय पाठ्यसामग्री निर्माण गर्ने इजुकेशन इन्टरनेशनलको नारा कार्यान्वयन गर्न शिक्षकहरुलाई स्थानीय सरकारको तहमा सञ्जालित गरिनु पर्छ। यसरी सञ्जालित शिक्षकहरु स्वयंले को आफैंमा गुणस्तरीय छौँ, को छैनौँ भनी प्रत्याभूति गर्छन्। गुणस्तरीय नहुनेलाई गुणस्तरीय बन्न सघाउँछन्। गुणस्तरीय वातावरण बनाउन स्थानीय सरकारसंग सहकार्य गर्छन्। त्यसैगरी गुणस्तरीय पाठ्यसामग्री निर्माण गर्न स्थानीय सरकारसंग हातेमालो गरी सबै विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने व्यवस्था गर्छन् । यसका लागि शिक्षक महासंघ र यसका सदस्य संस्थाहरुसंग स्थानीय सरकारले सहकार्य गर्ने व्यवस्था गर्नुपर्छ ।

घ) शैक्षिक दृष्टिले पछि परेका प्रदेश तथा गाउंपालिका/नगरपालिकाहरुलाई सघाउंन प्रत्येक गाउंपालिका/नगरपालिका/प्रदेश सरकारलाई सघाउंन सम्वन्धित पीलका तथा प्रदेशमा स्थायी कोष खडा गर्नूपर्छ । प्रस्तावनाको आधारमा सो कोषको रकम वितरणगर्ने व्यवस्था मिलाउनु पर्छ ।

## ९. पाठ्यक्रम एवं पाठ्यपुस्तक

शिक्षा मन्त्रालयले विद्यालय तहको पाठ्यक्रमको खाका निर्माण गरेको छ । यो खाका संघीय स्वरुपको छ । २०५ पाठ्यक्रम स्थानीय तहले निर्धारण गर्ने गरी नीतिगत व्यवस्था गरेको छ । प्रदेशले पनि पाठ्यक्रममार्फत आफ्नोपना खोज्ने व्यवस्था गर्नुपर्छ । यही कुरालाई हृदयंगम गरी पाठ्यक्रम, पाठ्यपुस्तक एवं शिक्षण व्यवस्थापन गर्न तलका कुराहरु सुझाइएको छ ।

पहुँचका लागि

क)बहुपाठ्यपुस्तक एवं पाठ्यसामग्री लागु गर्ने नीति आत्मसात गर्दा निशुल्क पाठ्यपुस्तक बापत विद्यालयले पाउने रकम फरक पर्न जान्छ। यसका लागि विभिन्न तरीकाहरु प्रयोगमा ल्याइनुपर्छ। पहिलो, विद्यालयलाई निश्चित रकम उपलब्ध गराउने। दोस्रो, प्रत्येक विद्यालयको पुस्तकालयमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृति दिएका पाठ्यपुस्तक एवं पाठ्यसामग्रीहरु अनिवार्य रुपमा उपलब्ध गराउने। यस्ता सामग्रीहरुलाई सन्दर्भ सामग्रीका रुपमा विद्यार्थीले पढ्नैपर्ने व्यवस्था मिलाउने । तेस्रो, पाठ्यपुस्तक एवं पाठ्यसामग्री सकुशल फिर्ता बुझाउने विद्यार्थीलाई प्रति पुस्तक वा सामग्रीबापत निश्चित रकम उपलब्ध गराई तिनीहरुको पुनस्प्रयोग गर्ने व्यवस्था गरिने। चौथो, पाठ्यपुस्तक बापत सक्ने अभिभावकबाट धरौटी लिने व्यवस्था गरिने। पाँचौ, विद्युतीय पुस्तकालय तथा आधुनिक प्रविधिमा पुस्तकहरु उपलब्ध गराई विद्यार्थीहरुले सजिलै प्राप्त गर्ने व्यवस्था मिलाउने।

व्यवस्थापनका लागि

क)पाठ्यक्रमको समानुपातिक जिम्मवारीलाई दृष्टिगत गरी संघीय सरकारले ६० प्रतिशत, प्रदेश सरकारले २० प्रतिशत र स्थानीय सरकारले २० प्रतिशत भारको पाठ्यक्रम बनाउनुपर्छ। यसो गर्दा झन्झटिलो व्यवस्थापन हुनसक्छ भन्ने लागेमा संघले अन्तर्राष्ट्रिय एवं राष्ट्रिय स्तरमा समकक्ष हुनेगरी निश्चित विषयका पाठ्यक्रमहरु बनाउनुपर्छ। प्रदेश तथा स्थानीय सरकारले पनि एकल वा संयुक्त रुपमा आफ्ना विद्यालयलाई उपयोगी हुने पाठ्यक्रम तयार पार्नुपर्छ। तदनुसारका पाठ्यपुस्तक एवं पाठ्यसामग्री बनाउन तीनै तहका लेखकहरुलाई आह्वान गर्नुपर्छ । यसरी प्राप्त भएका पाठ्यसामग्रीहरुमध्ये पाठयक्रम विकासकेन्द्रको अख्तियारी पाएका प्रदेश एवं स्थानीय शिक्षा विभागले सिफारिस गरेका पाठ्यपुस्तक एवं पाठ्यसामग्री मात्रै पठनपाठन गर्ने व्यवस्था गरिनुपर्छ।

ख)स्वदेश तथा विदेशमा प्रकाशित थप पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सन्दर्भ(सामाग्री पठनपाठन गराउँने विद्यालयहरुले संविधान विपरीत राष्ट्र र राष्ट्रियतामा आँच आउने र विखण्डनकारीलाई सघाउने खालका

सामग्री प्रयोग गरेमा लागू गर्ने अधिकारीलाई नै सजायको भागी बनाइनुपर्छ ।स्थानीय सरकारले यो कामको जिम्मेवारी लिनुपर्छ ।

ग) विद्यार्थीलाई कुन तहमा कतिवटा विषय पढाउने तथा कति घण्टा विद्यालयमा राख्ने भन्ने कुरामा सर्वसम्मत विचार भेटिन्नन् । यस स्थितिमा संघीय, प्रदेश तथा स्थानीय सरकारहरुले मूल विषयहरु तोक्ने र विद्यार्थीको क्षमता, शिक्षक तथा अभिभावकको रहर र अन्तर्राष्ट्रिय आवश्यकतालाई ध्यान दिई बांकी विषय तथा पठनपाठनको घण्टा विद्यालयलाई नै तोक्न दिने व्यवस्था गरिनुपर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क)पाठ्यक्रम विकास केन्द्रबाट मूलतःपाँचवटा कामहरु गरिनुपर्छ। पहिलो, पाठ्यक्रम अनुसार बजारमा उपलब्ध पाठ्यपुस्तक एवं पाठ्यसामाग्री उपयुक्त छन् वा छैनन् भनी लेखाजोखा गरी आफ्नो निर्क्यौल दिने। दोस्रो, पाठ्यक्रमको प्रारुपलाई अद्यावधिक गर्ने। तेस्रो, स्थानीय सरकार तथा प्रदेश सरकारले बनाउने पाठ्यक्रम, पाठ्यपुस्तक एवं पाठ्यसामग्रीहरुको मानक निर्धारण गर्ने। चौथो, संघीय, स्थानीय एवं प्रदेश सरकारले निर्माण गर्ने पाठ्यक्रम, पाठ्यपुस्तक एवं पाठ्यसामग्रीका लागि आवश्यक विज्ञहरुको रोष्टर उपलब्ध गराउने। पाँचौ, तीनै तहका पाठ्यक्रमहरुले खोजेका ज्ञान, सीप, अभिवृत्ति एवं सक्षमता पुग्यो वा पुगेन भनी प्रतिवर्ष परीक्षण गर्ने स्तरीय राष्ट्रिय, प्रादेशिक एवं स्थानीय मानकहरु निर्माण गर्ने।

ख)स्थानीय, प्रादेशिक एवं संघीय पाठ्यक्रमको खाका अनुसार विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय विज्ञ आदिलाई एक भाषी, दुई भाषी, बहुभाषी पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सन्दर्भ सामग्री निर्माण गर्न प्रोत्साहित गरिनुपर्छ ।यसरी प्रकाशित पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सन्दर्भ सामाग्रीको स्तरीकरण गर्ने र स्वीकृति दिने वा नदिने काम पाठ्यक्रम विकास केन्द्र वा त्यसले अख्तियारी दिएको संस्थाले गर्नुपर्छ ।

ग) माध्यमिक तहको पाठ्यक्रममा विकासको संभावना भएका कृषि, पर्यटन, जलश्रोत जस्ता विषयहरु राखिनु पर्छ ।

## १०. शैक्षणिक व्यवस्थापन

घोक्नेले सोचेन, सोच्नेले गरेन, पढाइ व्यवहारिक एवं वैज्ञानिक भएन भन्ने अनुभवीय तथा अनुसन्धनात्मक लेख तथा प्रतिवेदनहरुलाई ध्यानमा राखी पठनपाठनलाई जीवनोपयोगी बनाउन पठनपाठन, अनुसन्धान, अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्थाहरु सुझाइएका छन्।

व्यवस्थापनका लागि

क)शिक्षकको क्षमता विद्यार्थीको आँखामा जाँच्ने व्यवस्था मिलाउन सबै खाले विद्यालयहरुले प्रत्येक १५ दिनमा विद्यार्थी प्रतिक्रिया लिने व्यवस्थालाई संस्थागत गर्नुपर्छ।

ख)प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ र नगर शिक्षा समिति एवं विद्यालय रहेको वडाको वडाध्यक्ष वा सदस्यको एकल वा संयुक्त टोलीले कक्षाकोठा वा बाहिर भएको पठनपाठनको मासिक रुपमा सुपरीवेक्षण एवं अनुगमन गर्नुपर्छ।

ग)विद्यार्थी तथा अनुगमन टोलीका सदस्यहरुले दिएका पृष्ठ मध्य तथा पूर्वपोषणका आधारमा शिक्षकहरुले पठनपाठनका शैलीहरुमा फेरबदल गर्नु पर्ने प्रबन्ध मिलाइनुपर्छ।यसका निम्ति बिद्यार्थीहरुलाई स्थानीय पत्रपत्रिकामा लेख्ने विकल्प पनि उपलब्ध गराउनु पर्छ ।

घ)व्यक्ति वा प्रविधिको उपयोग गरी स्थानीय, प्रादेशिक, संघीय वा अन्तर्राष्ट्रिय व्यक्तिबाट पठनपाठन गराउनै पर्ने अनिवार्य व्यवस्था गरिनुपर्छ। विद्यालय प्रशासनले यो कुराको जिम्मेवारी लिनुपर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क)एकीकृत तथा विषयगत पाठ्यपुस्तक एवं पाठ्यसामग्री प्रयोग गर्ने शिक्षकहरुले विद्यार्थी, अभिभावक वा समुदायको दैनिकीबाट विषयवस्तु पहिचान गर्ने र तदनुरुप पठनपाठन गर्नु गराउनुपर्छ।यसका लागि शिक्षकहरुलाई अनुसन्धानकर्ता बनाउनु पर्छ ।

ख)घोक्नेलाई सोच्न लगाउने र सोच्नेलाई गर्न लगाउन शिक्षकहरुलाई स्थानीय, प्रादेशिक, तथा संघीय सरकारले प्रोत्साहित गर्नुपर्छ। यसका निम्ति उनीहरुले किताब समातेर पढाउँने तरीका बन्द गर्नुपर्छ। यसको सट्टा परियोजना कार्य, शिक्षक-विद्यार्थी, विद्यार्थी-विद्यार्थी वा अभिभावक-विद्यार्थीको सहकार्यमा स-साना शोधकार्य गर्ने अनिवार्य व्यवस्था गरिनुपर्छ।

ग)विद्यार्थीहरुले ल्याएका ज्ञान, सीप, क्षमता आदिको सम्मान गर्दै तिनीहरुको भण्डारनका लागि आवश्यक सफ्टवेयर वा एप्स बनाउन युवाहरुलाई आह्वान गरिनुपर्छ। उपलब्ध सफटवेयर वा एप्सको छनौट गर्ने तथा पुरस्कृत गर्ने काम पाठ्यक्रम विकास केन्द्र तथा त्यसले अख्तियारी दिएको संस्थाले गर्नुपर्छ।

घ)पायक पर्ने अर्को कक्षा वा विद्यालयमा के कसरी पठनपाठन गर्छन् भन्ने कुरा सिक्न सिकाउन स्थानीय सरकारको तहमा शिक्षक, अभिभावक, विद्यार्थी, व्यवस्थापन समितिका सदस्य तथा जनप्रतिनिधिहरुले कम्तिमा महिनाको दुइपटक अवलोकन गर्नै पर्ने व्यवस्थालाई संस्थागत गरिनुपर्छ ।यसका निम्ति स्थानीय संचारकर्मी एवं पत्रपत्रिकासंग पनि सहकार्य गर्नुपर्छ ।

ङ)चोर्ने चोराउने संस्कार बढ्दै गएको अहिलेको सन्दर्भमा उद्दरण लेखन, प्याराफ्रेज लेखन, र बहु विचार समेट्ने लेखन सीप सुनिश्चित गर्ने उपायहरु अपानाइनु पर्छ । स्थानीय सरकारको शिक्षा विभागले यो कामको जिम्मेवारी लिनुपर्छ ।

च)पठन सीपको कमी भएको कुरालाई मध्यनजर गरी एकले लेख्ने अर्कैले पढ्ने, तथा तेस्रोले के बुझ्यो भनी संवाद गर्ने प्रक्रियालाई प्रत्येक कक्षामा संस्थागत गरिनुपर्छ ।विद्यालय प्रशासनएवम् शिक्षकका पेशागत संघसंगठनहरुले यो कुराको जिम्मेवारी लिनुपर्छ ।

छ)विज्ञान, गणित, सामाजिक जस्ता विषयहरु पढाउने अहिलेको प्रचलनलाई खोजाउने अर्थात् अनुसन्धानात्मक तरीकामा बदलिनुपर्छ । अर्को शब्दमा भन्ने हो भने भात पकाउँदा विज्ञान खोज्ने, वैज्ञानिक सिद्धान्त पहिल्याउने, गणित खोज्ने, गणितीय सूत्र निकाल्ने, भात पकाउँदाको अर्थशास्त्र, राजनीतिशास्त्र एवं समाजशास्त्र पहिल्याउने तरीकालाई शिक्षण सिकाइको अभिन्न अंग बनाइनुपर्छ ।

ज)परंपरागत तथा आधुनिक सीपमा के कस्ता वैज्ञानिक एवं व्यावहारिक समानताहरु छन् भनी पहिल्याउनै पर्ने अनिवार्य स्वरुपको शैक्षणिक व्यवस्था लागु गरिनुपर्छ ।

## ११. परीक्षा व्यवस्थापन

परीक्षाले ज्ञान मात्रै जाँच्यो। सीप जाँच्ने छुट्टै व्यवस्था भयो। पढेको नपढेको व्यक्तिको अभिवृत्ति नाप्न सकेन। परीक्षा मर्यादित भएन। अध्ययन तथा अनुभवहरुबाट प्राप्त यी र यस्तै गुनासोहरुको समाधानका लागि तलका सिफारिसहरु गरिएको छ।

पहूँचका लागि

परीक्षा नियमित प्रक्रिया हो । कतिपय अवस्थामा विद्यार्थीहरुले परीक्षा दिने अवसर गुमाउछन । कतिपय अवस्थामा परीक्षा अगावै विद्यार्थी परीक्षित हुन चाहन्छन । यस कुरालाई ध्यानमा राखी देहायका उपायहरु सुझाइएको छ ।

क) स्थानीय, प्रदेश तथा राष्ट्रिय तहका परीक्षाहरु बाहेकका परीक्षाहरुमा बिद्यार्थी तथा अभिभावकको अनुरोधमा सम्वन्धित विद्यालयले परीक्षा लिने व्यवस्था गर्नु पर्छ ।

ख) विद्यार्थीले चाहेमा अनलाइन परीक्षा लिने तथा दिने प्रवन्ध मिलाइनु पर्छ ।

<u>व्यवस्थापनका लागि</u>

क)अंकन अनुसारको विद्यार्थीमा ज्ञान, सीप, अभिवृत्ति एवं क्षमता छ वा छैन भनी पहिल्याउनका लागि स्थानीय सरकारले मासिक रुपमा अभिभावक एवं विद्यार्थीहरुको भेला बोलाउनुपर्छ। भेलाले सुझाए अनुसारका कुराहरु समावेश गरी विद्यार्थीलाई सघाउने, सुधारात्मक कक्षा सञ्चालन गर्न लगाउने जस्ता काममा शिक्षक एवं विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाइनुपर्छ।

ख)आधारभूत र माध्यमिक तह वा तिनका समकक्षी परीक्षा (धार्मिक विद्यालय, अनौपचारिक शिक्षा, खुला मोडका विद्यालयका विद्यार्थी तथा विदेशी विद्यालयबाट पढेर आएका विद्यार्थीका लागि) दिने विद्यार्थीहरुको शैक्षिक स्तरमा एकरुपता सुनिश्चित गर्नकालागि ज्ञान, सीप, अभिवृत्ति र क्षमताको सन्तुलित स्तरीय प्रश्नावली बनाई लागू गरिनुपर्छ। राष्ट्रिय परीक्षा बार्डले यो कामको जिम्मेवारी लिनुपर्छ ।

ग)स्थानीय सरकारले प्रतिवर्ष कक्षागत परीक्षा सञ्चालन गर्नुपर्छ। अभिभावकको अपेक्षा तथा बजारको आवश्यकताका आधारमा यस्ता परीक्षाहरु सञ्चालन गरिनुपर्छ ।अपेक्षित क्षमता देखाउन नसक्ने विद्यार्थीहरुका लागि विद्यालयले अनिवार्य रुपले सुधारात्मक कक्षा सञ्चालन गर्नुपर्छ।

<u>गुणस्तरीय प्रतिफलका लागि</u>

क)कक्षागत, तहगत, विषयगत तथा शिक्षकगत परीक्षामा अनिवार्य रुपले ज्ञान, सीप, अभिवृत्ति तथा क्षमता जाँच्ने प्रबन्ध गरिनुपर्छ। तदनुसार छुट्टा-छुट्टै अंकन गर्ने प्रबन्ध मिलाइनुपर्छ। विद्यालय प्रशासनले यो कुराको जिम्मेवारी लिनुपर्छ ।

ख)आफ्नो ज्ञान कति छ, सीप कति छ, अभिवृत्ति कस्तो छ र क्षमता के छ भनी आफैले पहिल्याउन सकिने खालका कक्षागत, तहगत र विषयगत परीक्षण सामाग्रीहरु बनाइनुपर्छ । यस्ता सामग्रीहरु विद्यालयहरुमा अनिवार्य रुपले उपलब्ध गराइनुपर्छ ।

ग)मासिक रुपमा विद्यालयले मूल विषयको कक्षागत परीक्षा लिनुपर्छ । सोही परीक्षाको नतीजा अनुसार विद्यार्थीलाई सुधारात्मक शिक्षणको प्रबन्ध मिलाइनुपर्छ । आधुनिक प्रविधिमा समेत उपलब्ध हुने यस्ता सामग्रीहरु विद्यार्थी स्वयंले तथा शिक्षकले प्रयोग गरेकै हुनुपर्छ । राष्ट्रिय परीक्षा बार्डले यो कामको जिम्मेवारी लिनुपर्छ ।

घ)निरन्तर मूल्यांकन, उदार कक्षोन्नति तथा अक्षरांकन विधिले भित्र्याएको नपढ्ने तथा नपढाउने संस्कति अन्त्य गर्नकालागि विद्यार्थी स्वयंले आफै परीक्षित हुने परीक्षा प्रणालीको अबलम्बन गर्नुपर्छ । आफू कमजोर देखिएको विषय वा क्षेत्रमा विद्यार्थीलाई शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ वा अभिभावकहरुले अनिवार्य रुपमा सघाउनुपर्छ । सम्वन्धित विद्यालय प्रशासनले यो कामको जिम्मेवारी लिनुपर्छ ।

ङ)पीसा, टिम्स जस्ता परीक्षाको नेपाली समकक्षी स्तरीय परीक्षा बनाई लागू गर्ने काम राष्ट्रिय परीक्षा बोर्डले जिम्मा लिनुपर्छ । यस्तो परीक्षामा सबै विद्यालयले अनिवार्य रुपमा भाग लिनु पर्ने प्रबन्ध गरिनुपर्छ।

च) आधारभूत तथा माध्यमिक स्तरको अन्तमा हुने परीक्षाको नतीजा नआउदाको अवस्थालाई ध्यानमा राखी सम्वन्धित विद्यालयले विद्यार्थीलाई अनिवार्य रुपमा व्यावहारिक तथा अनुसन्धानात्मक परियोजना कार्यमा लगाउनु पर्छ ।

## १२. शिक्षक तयारी

एकातिर शिक्षकको पूर्व तयारीको क्रममा रहेका विश्वविद्यालयका क्याम्पसहरुको तयारी नपुगेको गुनासो छ। अर्कातिर सेवाप्रवेश गरेका शिक्षकहरुले पाउँदै आएका शिक्षक तालिम उपर भए गरेका अध्ययन एवं अनुभवले पनि अपेक्षित उपलब्धि नदिएका नतिजाहरु छन्। एकाध अपवाद हुन् । सेवा प्रवेश गरेकाहरुलाई शिक्षकका माउ संगठनहरुले छिटफूट रुपमा तालीम दिए पनि तिनलाई दक्ष बनाउने संस्थागत प्रयास भने गरेका छैनन् । पेशा प्रवेश गरेपछि शिक्षक आफैं क्रियाशील भई अपेक्षित ज्ञान, सीप, अभिवृत्ति र क्षमता आर्जन गर्ने संस्कार पनि बनिसकेको छैन। यस स्थितिमा तलका उपायहरु अवलम्बन गर्न सिफारिस गरिएको छ।

<u>पहुँचका लागि</u>

क)शिक्षक पत्रिका, शिक्षासम्बन्धी अनलाइन खबर, टेलिभिजन, रेडियो आदिको चौतारी बनाई त्यसमा सबै शिक्षकको पहुँच सुनिश्चित गरिनुपर्छ। तिनमा शिक्षकहरुले आ-आफ्ना लेखहरु पठाउनु पर्ने प्रबन्ध मिलाइनुपर्छ।

ख)प्रत्येक ३-३ महिनामा स्थानीय सरकार, अभिभावक तथा विद्यार्थीका अपेक्षाहरु के के हुन् भन्ने कुराको जानकारी दिन शिक्षक भेला, मिडियम वेभ रेडियो, अनलाइन, स्थानीय टेलिभिजन तथा फेसबुकको उपयोग गर्ने नीति लिइनुपर्छ। यसकालागि संचारकर्मीहरुको छाता संगठनलाई जिम्मेवार वनाउनुपर्छ ।

<u>व्यवस्थापनका लागि</u>

क)शिक्षक सेवामा समर्पित हुने अभिवृत्ति, ज्ञान, सीप एवं क्षमता भएका व्यक्तिहरुलाई मात्र शिक्षक सेवा आयोगले प्रवेश दिने व्यवस्था मिलाउनुपर्छ । यसका लागि शिक्षक सेवा आयोगले मनोवैज्ञानिक पेशागत परीक्षण सामग्री बनाउनुपर्छ। त्यसैको आधारमा आफैंले आफ्नो अभिवृत्ति परीक्षण गरी उपयुक्त ठहरिए मात्र शिक्षक सेवा आयोगको अभिवृत्ति, ज्ञान, सीप एवं क्षमता परीक्षामा बस्न योग्य हुने व्यवस्था मिलाउनुपर्छ।

ख)शिक्षक सेवा आयोगले प्रतिवर्ष अनिवार्य रुपले स्थायी शिक्षकको लागि दर्खास्त माग्नै पर्ने व्यवस्था गरिनुपर्छ । शिक्षक सेवा आयोगले लिएको लिखित, मौखिक एवं प्रयोगात्मक परीक्षामा ज्ञान, सीप, तथा क्ष्मतामा ७० प्रतिशत र अभिवृत्तिमा शतप्रतिशत अंक पाउने व्यक्तिहरु मात्रै शिक्षक बन्न योग्य हुने व्यवस्था गरिनुपर्छ।

ग)शिक्षक तथा सरकारका कर्मचारीले खाईपाई आएका सुविधाहरु बीचको अन्तर पहिचान गरी शिक्षकलाई सम वा त्यो भन्दा बढी सुविधा दिलाउने काममा शिक्षक महासंघ तथा कर्मचारी महासंघ जिम्मेवार हुनुपर्छ ।

घ)शिक्षकको पेशागत उन्नयनकालागि अनिवार्य रुपमा अनुसन्धान, योग्यता वृद्धि र थप सीपलाई आधार मानिनु पर्छ । यस कार्यका लागि जुनसुकै विश्वविद्यालयका स्थानीय शिक्षा क्याम्पस तथा रेडियो, पत्रपत्रिका, टिभी, अनलाइन आदिसंग सहकार्य गरिनुपर्छ । यसबाहेक शिक्षकहरुको योग्यता वृद्धिकालागि खुला विश्वविद्यालयका कार्यक्रमहरुमा उनीहरुलाई आबद्ध गरिनुपर्छ ।

ङ)शिक्षकहरुले गरेका शैक्षिक अभ्यासहरुको लिखित राखिरहेका tcmd.org जस्ता वेभसाइटलाई अद्यावधिक गरी सबै शिक्षकको सधैंको पहुँचको व्यवस्था गरिनुपर्छ । शिक्षकले गरेका कार्यहरु उनीहरुले आआफ्नै

फेसबुक, भाइबर, आदिबाट त्यस्ता वेबसाइटमा पठाउने र लिन पाउने विद्युतीय व्यवस्था मिलाइनुपर्छ । शिक्षक महासंघको नेतृत्वमा शिक्षा मंत्रालयले यो काम गर्नुपर्छ ।

च)यसरी प्राप्त अपेक्षाहरु समेटी विद्यालयले सो अनुसार आफ्ना कार्यक्रमहरुमा फेरबदल गरे गराएको कुरा प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिमार्फत स्थानीय सरकारलाई अनिवार्य रुपले जानकारी गराउनुपर्छ ।

छ) विषय दक्षता एवं शिक्षण सीपमा सन्तुलन मिलाउन हाल संचालित बीएडको कोर्स पढन बीए वा समकक्ष पढाइ हुनुपर्ने तथा एम एडको कोर्स पढन एमए वा सो सरहको कोर्स उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था मिलाइनुपर्छ । यस क्रममा परंपरागत रुपमा चलिआएको कक्षा बाह्रको शिक्षा विषयक कोर्स, तीन वा चारवर्षे बीएड, तथा एमएडका कोर्सहरुमा व्यापक फेरवदल गरिनुपर्छ । सम्वन्धित विश्वविद्यालयको डीन कार्यालयले यसको जिम्मेवारी लिनुपर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क)संघीय शिक्षक व्यवस्थापनबाट छनौट भएका यस्ता शिक्षकहरुले प्रदेश वा स्थानीय तहको आवश्यकतामा आधारित भई कक्षा प्रवेश गर्नुअघि १५ दिनको अध्ययन तथा अनुभव गर्नुपर्छ। यस क्रममा प्रत्याशी शिक्षकहरुले समुदायको भाषा, संस्कृति, मूल्यमान्यता, सामग्री(artifacts), आदिको जानकारी लिनुपर्छ। सोही जानकारीको आधारमा आफूलाई खटाएको विद्यालयमा एक साताको परीक्षण अध्यापन पनि गर्नुपर्छ।

ख)विद्यालयका प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका सदस्य, अभिभावक प्रतिनिधि, गाउँ र नगर शिक्षा समिति एवं जनप्रतिनिधि समेत भएको कक्षामा परीक्षण अध्यापनको प्रबन्ध मिलाइनुपर्छ । यसरी सफल भएका लाइसेन्स प्राप्त शिक्षकहरुले मात्र सम्बन्धित विद्यालयमा शिक्षण गर्न पाउने व्यवस्था हुनुपर्छ।

ग)स्थानीय सरकारले समय तोकेर एकपटकको निम्ति मात्र करारमा भर्ना गर्न पाउने व्यवस्था अनुसार नियुक्ति गरिने शिक्षकले पनि अघिल्लो बुँदामा भनिएको प्रावधान अनुसारको परीक्षण अध्यापन गरी आफ्नो दक्षता देखाउनु पर्ने अनिवार्य व्यवस्था गरिनुपर्छ।

घ)सेवारत शिक्षकहरुले आफ्नो पेशाप्रतिको अभिवृत्ति पत्ता लगाउनका लागि स्वपरीक्षण गर्न मिल्ने विद्युतीय एवं कागजी टेष्टब्याट्रीमा आफूलाई कसी लगाउनु पर्छ। यो कामका लागि चाहिने टेष्टब्याट्री शिक्षक सेवा आयोगले तयार गर्नुपर्छ । विद्युतीय एवं कागजी टेस्टब्याट्रीमार्फत आफूसंग शिक्षक बन्ने अभिवृत्ति प्रमाणित भएका बहालवाला शिक्षकहरुलाई दुईवटा बाटो दिइनुपर्छ। पहिलो, शिक्षक बन्ने आफनो अभिवृत्तिको पुनर्निर्माण गर्ने वा आवश्यक थपघट गर्ने । दोस्रो, शिक्षक स्वयंलाई अभिवृत्ति अनुकुलको पेशा नरोजिएको रहेनछ भन्ने लागेमा आर्थिक सुविधा सहित पेशाबाट बाहिरिने ब्यबस्था मिलाउने । यसकालागि शिक्षा मन्त्रालयले अर्थ मन्त्रालयसंग सहकार्य गर्नुपर्छ।

ङ)पेशामा टिकिरहनका लागि अन्तराष्ट्रिय स्तरमा भएका मानकहरुको खोजी गरी सो अनुसार आफ्ना शिक्षकहरु भए नभएको कुरा यकिन गर्ने र नभएका शिक्षकहरुलाई आवश्यक सहयोग गर्ने काम शिक्षक महासंघले जिम्मा लिनुपर्छ।

च)बन्द, हडताल, बिदा आदिको संस्कारलाई ध्यानमा राखी सेवा प्रवेश गरेका शिक्षकहरुले अनिवार्य रुपमा उक्त अवधिको क्षतिपूर्ति स्वरुप पठनपाठन गर्नैपर्ने व्यवस्था गरिनुपर्छ।स्थानीय सरकारले यो कुराको जिम्मेवारी लिनुपर्छ ।

छ)शिक्षकका खोज, अनुसन्धान, प्रवर्तन, कला आदि बटुली स्थानीय सरकार, अन्तर स्थानीय सरकार, प्रदेश सरकार एवं संघीय सरकारका तहमा तिनको प्रकाशन तथा प्रदर्शन गर्ने व्यवस्था मिलाउनुपर्छ। स्थानीय सरकारले यो कामको जिम्मेवारी लिनुपर्छ ।

## १३. अनौपचारिक तथा आजीवन शिक्षा

गुरुकूल, गुम्बा, मदरसा जस्ता परम्परागत संस्थाहरुमार्फत साक्षर गराउने प्रचलन रहेको नेपालमा राणाकालको उत्तरार्धमा सैनिकहरुलाई साक्षर बनाउन थालियो । विसं २००८ सालपछि भने आम जनतालाई साक्षर बनाउने कामको थालनी भएको थियो । यसरी निरन्तरता पाएको साक्षरता कार्यक्रमको प्रयासस्वरुप अहिले ७२ प्रतिशत नेपालीहरु साक्षर भएका छन् । साक्षरोत्तरको प्रतिशत ....छ भने साक्षरोत्तर भएर सीप समेत पाउने व्यक्तिहरु .....प्रतिशत छन् । यसमा अनौपचारिक शिक्षाको योगदान ३ प्रतिशत मानिएको छ ।

यति हुंदाहुदै पनि नेपालको मौखिक संस्कारले मौखिक साक्षरता नै खोज्छ। रेडियो र स्क्रोल बाहेकको टिभी कार्यक्रमले त्यही काम गरेका छन् । बजारले भने लिखित साक्षरता बनाएको छ। नूनको प्याकेटको साक्षरता एउटा उदाहरण हो। यसरी हेर्दा हाल चलेका साक्षरता तथा साक्षरोत्तर शिक्षाहरु पनि अपुग नै छन्। आजीवन शिक्षा दिने संस्थागत संस्कार बनिसकेको छैन। यस स्थितिमा देहायका उपायहरु सुझाइएका छन्।

पहुँचका लागि

क)संविधानको धारा ५१ ज अनुसार साक्षरता, साक्षरोत्तर शिक्षा तथा आजीवन शिक्षाको जिम्मा स्थानीय सरकारले लिनुपर्छ। यसका लागि उसले साक्षरता शिक्षाको लागि अभियान चलाउनुपर्छ। साक्षरोत्तर एवं आजीवन शिक्षाकालागि सामुदायिक अध्ययन केन्द्र, स्रोतकेन्द्र एवं विद्यालयलाई संयुक्त रुपमा जिम्मेवार बनाइनुपर्छ। यी तीनवटै निकायलाई अनिवार्य रुपले साक्षरोत्तर एवं आजीवन शिक्षाकालागि क्रियाशील बनाउने काम स्थानीय सरकारले गर्नुपर्छ। यसका लागि गाउँ वा नगरपालिकाले आगामी ३ वर्षभित्र अनिवार्य रुपमा निरक्षरता उन्मूलन गर्नृगरी कार्यक्रम लागुगर्नुपर्छ ।

ख)सबै नागरिकको आजीवन शिक्षा पाउने हक सुनिश्चित गर्नकालागि चौबिसै घण्टा चल्ने रेडियो, टेलिभिजन, अनलाइन तथा भेटघाट सत्र सहितको अनौपचारिक शिक्षाको व्यवस्था गरिनुपर्छ । यसका लागि गाउं वा नगरपालिकाले आवश्यकता अनुसार छलफल गर्ने केन्द्र वा सामुदायिक सूचना केन्द्रमा को प्रबन्ध गर्नुपर्छ ।

व्यवस्थापनका लागि

क)सबै नागरिकलाई आजीवन शिक्षा दिनकालागि चाहिने श्रव्य, दृष्य, श्रव्यदृष्य एवं विद्युतीय सामग्री निर्माण गर्ने र चयन गर्ने काममा खुला विश्वविद्यालय तथा यसका सम्पर्क केन्द्रहरुको सहयोग लिने प्रबन्ध मिलाइनुपर्छ।

ख)व्यक्ति विशेषले स्वाध्ययन तथा अन्य उपायले आर्जन गरेका ज्ञान तथा सीपको समकक्षता सुनिश्चित गर्ने काममा स्थानीय तहकै विद्यालय एवं सीप सिकाउँने प्राविधिक शिक्षालयलाई जिम्मेवार बनाइनुपर्छ।

ग)बजारमा उपलब्ध पाठ्यसामग्री, सन्दर्भ सामाग्री, सिडी, डिभिडी, अनलाइन सेवा, टेलिभिजन, केबल टिभी आदिको वर्गीकरण गरी निश्चित समुहकोलागि उपयोगी भनी निर्णय गरिनुपर्छ। खुला विश्वविद्यालय तथा अनौपचारिक शिक्षा केन्द्रले अनिवार्य रुपले यो कामको संयुक्त जिम्मेवारी लिने व्यवस्था गरिनुपर्छ।

घ)टोलटोलमा अनुभव, सीप तथा सिकाइ आदान प्रदान गर्ने केन्द्रहरु बनाइनुपर्छ । अन्तरक्रियात्मक रेडियो तथा टेलिभिजन एवं संवादी क्यासेटको व्यवस्था गरी यस्ता केन्द्रहरुलाई उपयोग गर्ने प्रबन्ध मिलाइनुपर्छ । यस्ता केन्द्र तथा कार्यक्रमहरुको सञ्जालको अनुगमन गर्ने काम स्थानीय सरकारले जिम्मा लिनुपर्छ ।

ङ)साक्षरता, साक्षरोत्तर कार्यक्रम तथा आजीवन शिक्षाकालागि शिक्षालयका शिक्षकहरुको टोली बनाइनुपर्छ। यो टोलीले आ-आफ्नो कार्यक्षेत्रका निरक्षरहरुको सूची संकलन गर्ने, तिनका ज्ञान तथा सीपको क्षमता पुग्यो वा

पुगेन भनी निर्क्यौल गर्ने जिम्मेवारी लिनुपर्छ। सबै खाले विद्यालयका शिक्षकको सामाजिक दायित्व अन्तरगत अनिवार्य रुपले यी कार्यक्रमहरु गरिनुपर्छ।

च)माध्यमिक कक्षाका विद्यार्थीलाई परिचालन गरी सबैका घरघरमा साक्षरता, साक्षरोत्तर शिक्षा एवं आजीवन शिक्षाको पहुँच सुनिश्चित गर्ने व्यवस्था गरिनुपर्छ। यसका लागि स्थानीय सरकार, विद्यालय तथास्थानीय संचारमाध्यमको सहकार्य हुनुपर्छ । उनीहरुको सामाजिक दायित्व अन्तरर्गत ठुला प्रकाशनगृहहरुलाई यो कार्यमा सहयोग गर्न परिचालन गर्नु पर्छ ।

गुणस्तरीय प्रतिफलका लागि

क)स्थानीय सरकारले आफ्ना सरदका निरक्षरहरु साक्षर भए वा भएनन्, साक्षरहरुले साक्षरोत्तर शिक्षा पाए कि पाएनन् तथा आजीवन शिक्षाको सुविधा कस्ले पायो वा कस्ले पाएन भनी यकिन गर्न शिक्षा समितिको क्रियाशीलतामा प्रतिवर्ष मूल्यांकन गर्नुपर्छ ।

ख)अनौपचारिक शिक्षा अन्तर्गतका मौखिक साक्षरता, लिखित साक्षरता, साक्षरोत्तर शिक्षा एवं आजीवन शिक्षाको यकिनन प्रबन्ध गर्नकालागि स्थानीय सरकारले त्यस स्थानका विद्यालय, क्याम्पस र विश्वविद्यालयको जनशक्ति परिचालन गनुपर्छ ।

## १४ नैतिक, चारित्रिक, वा नागरिक शिक्षा

नैतिक मूल्य मान्यतामा ह्रास आयो । असल चरित्र भएका असल नागरिक देशले पाएन भन्ने कुरा सर्वत्र उठेका छन । पढेलेखेकाहरुमा पनि इमानदारीता, सतगुण आदि रहेनन् । देशभक्ति, पूर्खा र पाकाहरुसंगको सिकाइ एवम् तिनको सम्मान, युवाहरुमा सदभाव, सबै जात जाती, लिंग, धर्म, विचार, भाषा, भूगोल, संस्कृति आदिमा आदर एवम् सम्मान जनाउने संस्कार कमजोर भयो भन्ने कुरालाई दृष्टिगत गरी तलका उपायहरु सुझाइएको छ ।

व्यवस्थापनका लागि

क) वहुधार्मिक, वहुसांस्कृतिक, एवं वहुबुझाइले गर्दा कुन नैतिक हो कुन अनैतिक, कुन असल चरित्र हो कुन खराब, कुन नागरिक गुण हो कुन अनागरिक भन्ने अन्यौल हटाउन शिक्षा मंत्रालयले अध्ययन गरी राष्ट्रिय तथा प्रादेशिक स्तरको नैतिक, चारित्रिक, एवं नागरिक मूल्यमान्यताहरुको सूची बनाउनुपर्छ ।

ख)सो राष्ट्रिय सूचीलाई अन्तराष्ट्रिय नैतिक, चारित्रिक, एवं नागरिक मूल्यमान्यताहरु तुलना गरी पठनपाठनगर्ने प्रवन्ध मिलाउनुपर्छ ।

ग) राष्ट्रिय एवं अन्तराष्ट्रिय नैतिक, चारित्रिक, एवं नागरिक मूल्यमान्यताहरुलाई स्थानीय नैतिक, चारित्रिक, एवं नागरिक मूल्यमान्यताहरुसंग तुलना गरी व्यवहारिक रुपमा पठनपाठनगर्ने काम शिक्षकहरुको जिम्मामा छोडिनुपर्छ । सो काम शिक्षकहरुले गरे वा गरेनन भनी यकिन गर्ने काम चाहिं स्थानीय सरकारको जिम्मामा राखिनुपर्छ ।

घ) पाका एवं अनुभवी व्यक्तिहरुको ज्ञान, सीप, एवं नैतिक मूल्यमान्यता नयां पुस्तामा र नयां पुस्ताको ज्ञान तथा सीप पाका एवं अनुभवी व्यक्तिहरुमा हस्तान्तरण गर्ने काम दुई तरीकाले गरिनुपर्छ । पहिलो, पाठ्यक्रम एवं पाठ्यपुस्तकले मांगेका ठाउंमा शिक्षकहरुमार्फत सो काम गरिनुपर्छ । दोश्रो, स्थानीय सरकारले आवश्यक ठानेको विषयमा गाउं वा नगरपालिकाले सो कामको प्रवन्ध मिलाउनुपर्छ ।

ङ) धार्मिक, सांस्कृतिक, एवं जन ज्ञानमा विज्ञान, दर्शन, सिद्धान्त, र जीवन जिउने कला छ वा छैन भनी संवाद गर्ने हेतुले माध्यमिक स्तरका सबै विद्यालयहरुमा साप्ताहिक कार्यक्रमको रुपमा"पुर्खा एवं पुस्ता संसार" संवाद गरिनु पर्छ । यसका निम्ति आवश्यक पर्ने अध्ययन सामग्रीहरु प्रदेश तथा स्थानीय तहमा तयार पारिनु पर्छ । आवश्यकता अनुसार यस कार्यमा ठुला प्रकाशनगृहहरुलाई पनि परिचालन गर्नु पर्छ।

च)सम्वन्धित विद्यालयले अनिवार्य रुपमा सबै विद्यार्थीहरुलाई जुडो, कराते जस्ता आत्मसुरक्षाका उपायहरुको तालीम दिनु पर्छ । घुम्ती शिक्षक तथा अगुवा विद्यार्थीहरुमार्फत यो कामलाई संस्थागत गरिनु पर्छ ।

छ) वालवालिकाले भोगेका तथा भोग्ने सभावना भएका शारीरिक, संवेगात्मक, सामाजिक, स्वास्थ्य शारीरिक, शैक्षिक विभेद, सामाजिक विभेद, न्यूनतम भौतिक सुविधाको अभाव, विपत्तीमा शिक्षा र साइवर अपराध जस्ता ९ वुंदे वाल सुरक्षाका क्षेत्रहरुमा सबै खाले विद्यालयहरुले अनिवार्य रुपमा ध्यान दिनुपर्छ । यसका लागि सम्वधित विद्यालयले वालवलिकासंगको संवाद तथा गुनासो बाकसमार्फत जनकारी लिने तथा उल्लेखित वाल भोगाइ अन्त्यगर्नका लागि स्थार्या व्यवस्था गर्नु पर्छ ।

## १५: शैक्षिक परियोजना

संविधानले स्थानीय सरकारलाई विद्यालय शिक्षाको जिम्मेवारी दियो । प्रदेश तथा संघीय सरकारलाई विश्वविद्यालय शिक्षाको जिम्मेवारी दियो । समाज कल्याण परिषदले अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थालाई राष्ट्रिय गैह्रसरकारी संस्था मार्फत काम गर्नुपर्ने नियम बनायो । यस स्थितिमा देहायका कुराहरु सुझाइएका छन् ।

क) संघीय तथा पदेश तहमा शैक्षिक परियोजना कोष खडा गरिनुपर्छ । सो कोषमा स्वदेशी तथा विदेशी गैरसरकारी संस्था तथा अन्य दाताहरुको रकम जम्मा गरिनुपर्छ । सरकारले निर्धारण गरेका प्राथमिकताका क्षेत्रमा मात्र सो रकम उपयोग हुनेगरी विद्यालयको हकमा स्थानीय सरकारमार्फत विद्यालयले तथा प्रदेश एवं संघमार्फत विश्वविद्यालय तथा तिनका क्याम्पसहरुले प्रस्तावना सहित परियोजना सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ ।

ख) कर्मचारीतन्त्र तथा मंत्रीहरुका निर्णयले चलेचलाएका अहिलेका परियोजनाहरु सम्वन्धित सरकारमा सुपुर्दगी गरिनुपर्छ ।

## १६: शैक्षिक लगानी

नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, राजनीतिक दलहरुका घोषणपत्र तथा अन्य देशले गरेको लगानीलाई मध्यनजर गरी देहायका उपायहरु सुझाइएका छन ।

क) कुल गार्हस्थ उत्पादनको ६ प्रतिशत वा राष्ट्रिय वजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षामालगानी गर्नुपर्छ । त्यसको १० प्रतिशत पूजीगत क्षेत्रमा तोकिनुपर्छ । त्यस्तै ३० देखि ४० प्रतिशत गुणस्तरमा खर्चिनुपर्छ । वालविकास शिक्षामा १० देखि १५ लगानी गर्नुपर्छ । आधारभूत शिक्षाको लागि ६० देखि ६५ प्रतिशत रकम छुट्ट्याइनुपर्छ । उच्च शिक्षामा २४ प्रतिशत रकम निर्धारण गर्नुपर्छ ।

ख) संघ, प्रदेश तथा स्थानीय सरकारले आ–आफ्नो बजेटको कम्तिमा २०:२०:२० प्रतिशत रकम शिक्षाका लागि खर्चिनुपर्छ ।

## उच्च शिक्षाको व्यवस्थापनकालागि गरिएका सिफारिसहरु

परिवेश:

उच्चशिक्षालाई विश्वविद्यालय शिक्षा (University Education) र तेस्रो तहको शिक्षा(विद्यालय शिक्षा पछिको)(Tertiary Education) पनि भन्ने गरिन्छ । उच्चशिक्षाभित्र साधारण तथा व्यावसायिक गरी दुई किसिमका शिक्षा पर्छन् । व्यवसायिक तथा प्राविधक शिक्षाका पनि विश्वविद्यालयहरु नै वनेका छन् । अनुसन्धानहरु गरिएका छन् । नेपालको सन्दर्भमा साधारण उच्च शिक्षाका विश्वविद्यालयहरु खुलेका छन् । व्यवसायिक तथा प्राविधिक शिक्षाको विश्वविद्यालय भने नेपालमा हालसम्म स्थापना भैसकेको छैन । स्थापनाको क्रम भने जारी छ ।

अहिले जम्मा ११ वटा उच्चशिक्षाका सँस्थाहरु छन् ।यिनीहरुका विचमा पनि तात्विक भिन्नता देखिँदैन । सबैले एकै किसिमका कार्यक्रमहरु चलाइरहेका छन् । विश्वविद्यालयहरुविचको अन्तरसम्वन्ध स्थापना गर्ने कार्य पनि भएको छैन ।विश्वविद्यालयहरु मिलेर सँयुक्त रुपमा अनुसन्धान गर्ने गराउने जस्ता कार्यहरु पनि भएको छैन ।

देशमा सञ्चालित विश्वविद्यालयहरुबाट वार्षिक ७० देखि ७५ हजारको सँख्यामा उच्चशिक्षा हासिल गरेका जनशक्तिहरु उत्पादन भएका देखिन्छन् । तर यी सबै जनशक्तिहरुका लागि देशमा रोजगारीका अवसरहरु उपलब्ध छैनन् । उनीहरु आफैले पनि स्वरोजगारी सिर्जना गर्न सकेको छैनन् । विज्ञान तथा प्रविधि शिक्षाको धारमा १३ प्रतिशत मात्रै विद्यार्थीहरु छन् । बाँकी सबै साधारण शिक्षामै अध्ययनरत छन् । उच्च अध्ययनका लागि व्यवसायिक तथा प्राविधिक शिक्षाका सँस्थाहरुको सँख्या पनि न्यून छ ।

करीव ६० वर्षदेखिका उच्चशिक्षा प्राप्त व्यक्ति तथा उच्चशिक्षाका सँस्थाहरुले अहिलेसम्म कुनै अन्वेषण तथा आविष्कारमा प्रतिलिपि अधिकार स्थापना गर्न सकेको देखिदैन । त्यहां उपयुक्त लगानी र मानब जनशक्तिको अभाव छ । राज्यको तर्फबाट हुने शिक्षा क्षेत्रको लागानी क्रमशः सङ्कुचित हुंदै गएको छ ।

देश अहिले राज्यपुनर्सँरचनाको क्रममा अगाडी वढिरहेको छ । राज्यसत्ता र शासकीय अधिकार जनतासम्म पुऱ्याउने लक्ष्यका साथ विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय सरकारहरुलाई दिइएको छ । विश्वविद्यालय शिक्षाको जिम्मेवारी चाहिं सँघीय सरकार र प्रदेश सरकारमा राखिएको छ । यसको अर्थ हो –प्रदेश सरकारहरुले प्रादेशिक विश्वविद्यालय सञ्चालन गर्ने अवस्था छ । अहिले सञ्चालित विश्वविद्यालयहरुको व्यवस्थापन पनि फरक फरक प्रकृतिको छ । कुनै राष्ट्रिय चरित्रका छन् । कुनै क्षेत्रीय चरित्रका । लगानीका दृष्टिले कुनै पूरै राज्यको लगानीमा सञ्चलित छन् । कुनै सार्वजनिक र सामुदायिक ढँगले सञ्चलित हुने छन भनी सम्वन्धित विश्वविद्यालयका ऐनहरुले उल्लेख गरेका छन् । यी सबै कुराहरु अवका दिनमा सम्वोधन गर्नुपर्ने र नेपालको लागि उपयुक्त उच्चशिक्षा नीति लिनुपर्ने अवस्था छ ।

### उच्च शिक्षाको व्यवस्थापन

नेपालका सबैजसो विश्वविद्यालयका ऐनहरु त्रिभुवन विश्वविद्यालयकै ऐनको सँरचना र प्रशासन प्रणालीमा आधारित छन । सबैमा द्वीसँरचनामा आधारित प्रशासनिक व्यवस्था (Dual Governance Model) छ । पहिलो विश्वविद्यालय सभा(First Governance structure is Senate) र दोस्रो कार्यकारी परिषद(second governance structure is Executive Council) । यी दुई सँरचनागत प्रणालीमा अधिकारको अलग अलग बाँडफाँड छ । तर सभाको गठनमा वाह्य प्रतिनिधित्व गराउनेमा भने विविधता छ । वाह्य प्रतिनिधित्वको शैद्धान्तिक र व्यवहारिक अवधारणामा चाहिं स्पष्टता देखिदैन । कुन किसिमको विश्वविद्यालयको मोडेललाई लिन खोजिएको हो भन्ने पनि स्पष्ट छैन ।

सँसारमा विभिन्न मोडेलका विश्वविद्यालयहरु छन् । तिनका सैद्धान्तिक अवधारणा पनि फरक फरक छन् । मुलतः राज्य नियन्त्रित मोडेल, राज्यले सुपेरिवेक्षण गर्ने मोडेल र. वजारमा आधारित मोडेल चलनचल्तीमा

छन । अर्को तरिकाले भन्दा परंपरागत अथवा सहकार्यमा आधारित र  आधुनिक वा व्यवस्थापन प्रणालीमा आधारित मोडेल भनेर पनि परिभाषित गरिएकोछ । नेपालमा भने सबै विश्वविद्यालय परंपरागत मोडेलमै सँरचित भएका देखिन्छन । अर्थात् सबैमा राज्यको नियन्त्रण रहने तर प्राज्ञिक स्वतन्त्रता प्रदान गर्ने गरी ऐनहरु वनेका छन् । व्यवहारमा भने प्राज्ञिक स्वतन्त्रताको अभ्यास राम्ररी भएको देखिदैन ।

नेपालका विश्वविद्यालयहरुमा कुनैमा प्रधानमन्त्री, कुनैमा शिक्षामन्त्री, कुनैमा स्वास्थमन्त्री कुलपति वनाइएको छ । यसवाट स्पष्ट हुन्छ कि हामीले राज्य नियन्त्रित मोडेलको अभ्यास गरेका हौं । यसो हुंदा विश्वविद्यालयका कार्यकारीहरु नै  माथिल्लो र तल्लो श्रेणिका वन्न पुगेका छन् । सम्वन्धित मन्त्रालयका मन्त्री नै कुलपति हुने हो भने सोही मन्त्रालय विश्वविविद्यालयको व्यवस्थापनमा पूर्ण रुपले उत्तरदायी हुनुपर्छ । तर यस्तो अवस्था पनि देखिदैन। विश्वविद्यालय सभामा वाह्य जगतबाट प्रतिनिधित्व गराउँदा विभिन्न मन्त्रालयका सचिवज्यूहरुको राम्रै प्रतिनिधित्व छ । तर अन्य व्यवसाय, ब्यापार र कर्पोरेट सँगठनहरुको प्रतिनिधित्व छैन भन्दा पनि हुन्छ। यसबाट विश्वविद्यालय शिक्षालाई कामको सँसारसँग जोड्न अप्ठेरो परेको छ । रोजगारीका क्षेत्रहरु, उद्यमशिलताका क्षेत्रहरु, अनुसन्धान र प्रयोगका क्षेत्रहरु, अभिभावक र विद्यार्थीको चासो पहिल्याउन पनि गाह्रो भएको छ । कुनै विश्वविद्यालयमा मात्र शिक्षा र अर्थमन्त्रालयका सचिवहरुको पदेन प्रतिनिधित्व छ । यसले पनि अप्ठेरो सिर्जना गरेको छ ।

नेपालले कुन मोडेलको विश्वविद्यालय बनाउने हो ? कुन सैद्धान्तिक अवधारणाले निर्देशित हुने हो भन्ने कुराको पनि  टुंगो लागेको छैन । मान्यताका हिसावले एउटै मोडेल लिने जस्तो देखिए पनि ब्यवहारमा भने निजी तथा सामुदायिक रुपका उच्चशिक्षाका सँस्थाहरु कार्यरत छन् । यसरी हेर्दा नेपालका विश्वविद्यालयका ऐनहरु राज्य नियन्त्रित उच्चशिक्षा प्रणालीको सैद्धान्तिक अवधारणाबाट निर्देशित हुने तर ब्यवहारमा भने वजारमा आधारित विश्वविद्यालयका मोडेलको अभ्यास गर्न खोजेका जस्ता देखिन्छन् । वजेट विनियोजन र जनशक्तिको आकार, नियुक्ति प्रक्रिया र सुविधाको व्यवस्था यसका उदाहरण हुन् । विश्वविद्यालयहरुले ब्यवसायिक सँस्थाहरुसँग सहकार्य गरी थप आर्थिक उपार्जन गर्नुपर्छ भन्ने दृष्टिकोणले नेपाल सरकारले वजेट विनियोजन गरेको देखिन्छ । विश्वविद्यालयहरुले आफूसँग भएको सँचितिको लगानी अर्थवजारमा गर्ने वा आफ्नो किसिमले आर्थिक परिचालनको स्वतन्त्रता छैन । अर्थात्व्यावहारिक तथा कानूनी ढँगबाट विश्वविद्यालयहरुस्वतन्त्ररुपले वजार र उद्योगसँग सहकार्य गर्न नसकिरहेको अवस्था छ ।

द्वीसँरचनात्मक मोडेलका विश्वविद्यालयहरुले उच्च तहको परिषदमा प्राज्ञ र वाह्य जगतका नागरिकहरुको प्रतिनिधित्व गराएका हुन्छन । राज्य सरकारको मन्त्री, प्रधानमन्त्री वा राष्ट्रपतिलाई विश्वविद्यालयको कुलपति वनाइएको हंदैन । बजेट, विद्यार्थी भर्ना, प्राध्यापक भर्ना र शैक्षिक कार्यक्रमको स्वीकृतिमा राज्यको नियन्त्रण रहन्छ । वोर्ड वा परिषदमा सरकारको सोझो प्रतिनिधित्व हुँदैन ।

एकल सँरचनामा आधारित विश्वविद्यालयमा पनि उपल्लो सँरचना त हुन्छ तर त्यो आलङ्कारिक मात्र हुन्छ । त्यसको निर्णायक भूमिका हुँदैन । द्वीसँरचनात्मक मोडेलमा माथिल्लो सँरचनाको दीर्घकालीन रणनीतिक निर्णयहरु गर्ने अधिकार हुन्छ । दैनिक प्रशासनिक र व्यवस्थापनका निर्णयहरु तल्लो तहको सँरचनाको जिम्मामा हुन्छ । सामुदायिक व्यवस्थापन प्रणालीमा आधारित(New Public Management Theory) विश्वविद्यालयहरुमा वाह्यजगतको प्रतिनिधित्व गराइको हुन्छ । यसका दुई तरिकाहरु देखिन्छन् पहिलो विश्वविद्यालयले निर्णय गर्ने, दोश्रो सम्वन्धित मन्त्रालयले छनोट गर्ने । जुन विधि प्रयोग भए पनि यो कुरा ऐनमा नै ब्यवस्था गरिएको हुन्छ । वोर्डका सदस्यहरु पनि दुई तरिकाबाट आउंछन । पहिलो नियुक्त गर्ने प्रणालीबाट (Appointment System) दोश्रो छनोट गर्ने प्रणालीबाट (Selection/Election System)। नियुक्तिका लागि योग्यता र प्रकृया स्यष्ट पारिएको हुन्छ । छनोट गर्ने प्रणालीमा भने  इलेक्ट्रोल वोर्ड नै गठन गरिएको हुन्छ । प्रत्याशी उम्मेदवारहरुलाई इलेक्ट्रोल वोर्डले मतदान गरेर प्रथम हुनेलाई उपकुलपति वा रेक्टरमा चयन गर्ने परिपाटी हुन्छ ।

नेपालका विश्वविद्यालयको ऐनमा वाह्य प्रतिनिधिहरुको चयन गर्ने जिम्मा कार्यकारी परिषदलाई छ । नियुक्त गर्ने जिम्मा चाहिं सभालाई दिइएको छ । सभाको अध्यक्ष कुलपति हुन्छन । उनी राजनैतिक व्यक्ति हुँदा चाहनाको द्वन्द (conflict of interest) हुन्छ । परिणामतः समयमा काम नहुने र ठीक व्यक्ति ठीक ठाउंमा नहुने अवस्था सिर्जना हुन्छ । यसको अर्थ हो कि त स्पष्ट रुपमा विश्वविद्यालयको कार्यकारीले निर्धारित योग्यताको आधारमा वाह्य सदस्यहरु नियुक्त गर्ने व्यवस्था हुनुपर्छ, कि त माथिल्लो निकायले नै नियुक्त गरेर पठाउने व्यवस्था हुनुपर्छ । दोहोरो प्रकृयाले नियन्त्रण र सन्तुलन कायम गर्न खोजिएको त देखिन्छ तर नेपालको सन्दर्भमा भने यसले काम उल्टो गरिरहेको छ । त्यसैले दुईवटा कुरा हुनु जरुरी छ । पहिलो. सिनेट, कार्यकारी परिषद, र प्राज्ञिक परिषदका सदस्यको योग्यताको निर्दिष्ट खाका । दाश्रो नियुक्ति कसले गर्ने हो भन्ने कुराको स्पष्ट व्यवस्था । त्यसो नगर्ने हो भने वोर्डमा प्राज्ञ तथा रोजगार, व्यवसाय, तथा व्यापारका क्षेत्रको प्रतिनिधित्व हुनुपर्छ । ती प्रतिनिधि तथा अन्य विश्वविद्यालयमा रहेका कर्मचारी, प्राध्यापक एवं विद्यार्थी सम्मिलित इलेक्ट्रोरल वोर्डको माध्यमबाट प्रत्याशीहरुमध्ये निर्वाचित व्यक्तिलाई वोर्डको अध्यक्ष वनाउने व्यवस्था गर्नु राम्रो हुन्छ । यसो गर्दा विश्वविद्यालयहरुमा प्रत्यक्ष राजनैतिक हस्तक्षेप हुदैन । सभाका सदस्यहरु पनि उच्च शिक्षाको विकास र गुणस्तर कायम गर्नमा क्रियाशील हुन्छन् ।

कुनै देशमा सम्वन्धित विश्वविद्यालयका प्राध्यापकहरु मध्येवाट मात्र उपकुलपति वनाइन्छ भने कुनै देशमा स्वदेश तथा विदेशका प्राध्यापकहरुलाई पनि उपकुलपतिको रुपमा नियुक्त गर्ने व्यवस्था हुन्छ । यसरी ल्याइने व्यक्ति कुनै न कुनै सँस्थाको प्रमुख कार्यकारी अधिकारीको रुपमा काम गरिसकेको हुनु पर्छ । नेपालका विश्वविद्यालयहरुमा उपकुलपतिहरु वनाइने व्यक्ति स्नातकोत्तर गरेको र प्राध्यापन तथा अनुसन्धानमा लागेको वरिष्ट प्राध्यापक वा प्रशासक हुनुपर्छ भन्ने व्यवस्था छ । यसका लागि छनोट समिति गठन गरिन्छ । सो समितिले ऐनको प्रावधानमा रहेर जो कोहीलाई पनि सिफारिस गर्न सक्छ । यसोगर्दा छनौट समितिले विवेक प्रयोग गर्ने अवस्था आउछ । तसर्थ उपकुलपति वा अन्य उच्च पदस्थ पदाधिकारीहरुको छनोट कहाँवाट र कुन योग्यताको आधारमा गर्ने भन्ने कुरा स्पष्ट गर्नु जरुरी छ । माथिको परिवेशलाई ध्यानमा राखी निम्नलिखित व्यवस्थापकीय नीतिहरु सुझाइएका छन ।

क)वोर्डले विश्वविद्यालयलाई प्रशासन गर्नेगरी दुई तहको विश्वविद्यालय व्यवस्थापन सुनिश्चित गरिनुपर्छ।

ख)कुलपति उपकुलपति लगायत माथिल्लो तहका व्यवस्थापकहरु प्राज्ञिक क्षेत्रबाट लिइनुपर्छ । यसका लागि छनोटको स्पष्ट आधार र प्रणाली तोकिनुपर्छ ।

ग) तोकिएका नियम विनियमहरुको अधिनमा रही स्वायत्त संस्थाको रुपमा विश्वविद्यालयहरु सञ्चालन गर्ने व्यवस्था गरिनुपर्छ ।

घ) आफ्नै निर्णयमा अनुसन्धान, अन्वेषण, उद्योग व्यवसायी तथा बजारसँग सहकार्य तथा उद्योग व्यवसायहरु सञ्चालन गर्न पाउने स्वायत्तता हुनुपर्छ ।

ङ)विश्वविद्यालयका अन्य पदहरुको नियुक्तिमा पनि स्पष्ट आधारहरु तोकिनुपर्छ ।

च)प्राध्यापकहरुको चयन पूर्णतया प्राज्ञिक विशिष्टतालाई हेरेर मात्र गरिने पद्धति निर्माण गरिनुपर्छ ।

## उच्चशिक्षाका सँस्थाहरुको वितरण (Distribution of Higher Education Institutions)

अहिलेका उच्चशिक्षाका सँस्थाहरुको भौगोलिक तथा प्रादेशिक वितरणशहर केन्द्रित छ । यसको अर्थ हो – उच्चशिक्षाकोअसमान वितरण ।सबैजसो विश्वविद्यालयहरुमा एकै किसिमको शिक्षा दिने व्यवस्था छ । यसले संकेत गर्छ कि रोजगारी र विकासको लागि शिक्षामा विविधिकरण आवश्यक पनि छ । तसर्थ जनसँख्या, स्थानीय स्रोत साधन र विकासका सम्भाव्य पूर्वाधारलाई मध्यनजर गरी विश्वविद्यालय तथा उच्चशिक्षा

प्रदायक सँस्थाहरुको नयाँ नक्शाङ्कन पनि जरुरी छ । साथै विभिन्न विषयका विश्वविद्यालय तथा उत्कृष्टताका केन्द्रहरु समेत स्थापना गरिनुपर्छ ।

अहिले भएका क्याम्पसहरुमध्ये विश्वविद्यालयको रुपमा विकास गर्न सकिनेहरुलाई प्रदेश विश्वविद्यालयको रुपमा रुपान्तरण गरिनुपर्छ । साथै पूर्वाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, तथा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयहरुलाई विशिष्टता सहितका उत्कृष्ट केन्द्रका रुपमा व्यवस्थापन गरिनुपर्छ। .

**गुणस्तर र गुणस्तर नियमन (Quality and Quality Regulation)**

गुणस्तर कायम गर्न छुट्टै गुणस्तर नियमन एकाइको स्थापना गरिनुपर्छ । प्रत्येक विश्वविद्यालयमा पनि यस्का शाखाह हुनुपर्छ । विश्वविद्यालयहरुलाई अन्तर्राष्ट्रिय स्तरनिर्धारण प्रकृयामा अनिवार्य सहभागी हुनजाने व्यवस्था गरिनुपर्छ । यसो गर्नाले प्रतिष्पर्धा र सहकार्यमा जाने सँस्कृति बन्छ । हरेक प्राध्यापक एवँ नेतृत्वलाई गुणस्तरीय शिक्षाका लागि उत्तरदायी पनि वनाउँछ । विश्वविद्यालय प्रवेशको न्यूनतम योग्यतामा अनुसन्धानात्मक डिग्री तथा अनुसन्धानात्मक प्रकाशनलाई अनिवार्य आधार वनाउनु पर्छ । एक पटक गुणस्तर प्राप्त गरिसकेपछि सधैका लागि गुणस्तरियताको परिचय पाइरहने व्यवस्था हुनु हुदैन ।

**सिप विकास र रोजगारी** (Skill Development and Employability)

अहिलेको रोजगारी वजारले सूचना सञ्चार प्रविधिमा राम्रो ज्ञान र अग्रेजी भाषाको दक्षता खोज्छ । त्यसैले पाठ्यक्रम निर्माण गर्दा रोजगारीका लागि चाहिनेसैद्धान्तिक ज्ञान र प्रयोगात्मक पक्षको उपयुक्त सँयोजन हुनु जरुरी छ । पाठ्यक्रममा कामकै क्षेत्रमा वसेर अध्ययन गर्ने सिद्धान्तलाई व्यवहारिक जीवनमा प्रयोग गर्ने अवसर पनि उल्लेख हुनु पर्छ ।

**प्रविधिको प्रयोग र सक्षमता सवलिकरण (Use of Technology and Enhancing Capacity)**

उच्चशिक्षा प्रदायक सँस्थाहरुमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्न तिनमा कार्यरत शिक्षक एवम् कर्मचारीहरुको क्षमताविकासगरिनुपर्छ ।

सूचना प्रविधिको अधिकतम प्रयोग हुने खुला विश्वविद्यालयको कार्यक्रममा विविधता र गुणस्तरीयताका लगि थप लगानी गरिनु पर्छ । online सिकाईबाट सबै विषयहरुको अध्यापन सम्भव छैन । यसका लागिmentored internshipको अनिवार्य आवश्यकता हुन्छ । यसो गर्नाले खुला तथा दूर सिकाइमा आधारित शिक्षाको गुणस्तर र समाजिक स्वीकार्यता एकसाथ प्राप्त हुन्छ ।

**उच्चशिक्षामा समावेशिता** (Inclusive Higher Education)

उच्चशिक्षामा सहभागिता उच्च र मध्यम वर्गका युवाहरुको मात्र देखिन्छ । विगत १० वर्षको उच्चशिक्षा सहभागिताको विश्लेषण गर्ने हो भने सहभागिताको सँख्या निकै वढिरहेको छ । यो वढाइ परिवारको आर्थिक हैसियतमा भएको वृद्धिसँग प्रत्यक्ष सम्वन्ध भएको पाइन्छ । तर सामाजिक आर्थिक रुपमा पछाडीपरेका अल्पसँख्यक महिला दलित तथा जनजाती समूहको उच्चशिक्षामा कमै सहभागिता छ । वर्तमान संविधानको धारा ३१३ तथा ३१४ ले दलित, अपांगता भएका र विपन्न विद्याथीहरुलाई उच्च शिक्षासम्म निशुल्क पठनपाठन गराउने व्यवस्था गरेको छ । ती तथा अन्य समुदायका विद्यार्थीहरुलाई सस्तो ब्याजदरको ऋण उपलब्ध गराउने र अध्ययन समाप्त गरी रोजगार भइसके पछि उनीहरुले प्राप्त गर्ने कमाइको आधारमा नियमित ऋण कट्टा गर्ने प्रणाली सहितको नीतिगत व्यवस्था गर्नु पर्छ । यस अतिरिक्त यस समूहका विद्यार्थीलाई विश्वविद्यालयका क्याम्पसहरुमै कामको अवसर उपलब्ध गराउँदै उनीहरुको आफ्नै कमाईको

आधारमा शिक्षा लिन सक्ने अवसर सिर्जना गरिदिनु पर्छ । समावेशी नीति तथा कार्यक्रमका लागि राष्ट्रिय तथ्याङ्कको आधार लिनुपर्छ।

**उच्चशिक्षा र लगानी (Higher Education and Financing)**

विश्वविद्यालयहरुका लागि सरकारले लगानी गर्ने मुलत दुईवटा ढाँचा देखिन्छ – एकमुष्ट अनुदान र तोकिएको वजेट शीर्षकका आधारमा वजेट विनियोजन । एकमुष्ट अनुदान प्रदान गर्दा विश्वविद्यालय र सरकारका विचमा सम्झौता हुन्छ । यस सम्झौताले विश्वविद्यालय र सरकारलाई एक आपसमा उत्तरदायी वनाउछ । यही सम्झौताले विश्वविद्यालयलाई अधिकार, कर्तब्य र उत्तरदायित्वका वारेमा स्पष्ट पारेको हुन्छ । एकमुष्ट अनुदान पाउँदा विश्वविद्यालयहरु उक्त रकमलाई आफ्नो आवश्यकता अनुसार विभिन्न शीर्षकहरुमा वितरण गर्न स्वतन्त्र हुन्छन् । विश्वविद्यालयले गर्ने आन्तरिक आम्दानीलाई पनि प्रयोगमा ल्याई वार्षिक वजेट तयार गर्छन् । विश्वविद्यालयहरुलाई सरकारले लगानी गर्दा सूत्रका आधार लिएको पनि पाइन्छ । यो किसिमको प्रणालीले काम गर्नेका लागि प्रोत्साहित पनि गर्छ ।

सँसारको अभ्यास हेर्दा विश्वविद्यालयहरुले सरकारबाट नियमित अनुदान पाउंछन् । सरकारका लागि तिनीहरुले विभिन्न अनुसन्धानहरु गरी थप आर्थिक स्रोत प्राप्त गर्छन् । यसरी विश्वविद्यालयहरु अनुसन्धानमूखी वन्नुका साथै राष्ट्रिय विकासमा पनि योगदान दिने गर्छन् । संघीय राज्य प्रणाली भएका देशहरुमा केन्द्रिय विश्वविद्यालयलाई सरकारले नै लगानी गर्छ । प्रदेश विश्वविद्यालयका लागि चाहिं फरक फरक लगानी नीति हुन्छ । यसैले नेपालले पनि वजेट विनियोजन गर्ने आधार तय गर्नु जरुरी छ । यसोगर्दा कुन खाले विश्वविद्यालयहरुले के गर्नु हुन्छ तथा के गर्नुहुदैन भन्ने कुरा स्पष्ट लेखिनुपर्छ । अर्थात कुनकुन विश्वविद्यालयलाई पूरा रकम वेहोर्ने कुनकुनलाई एकमुष्ट अनुदान दिने, कुनकुनलाई सूत्रमा अनुदान दिने, तथा कुनकुनलाई कर्पोरेट मोडेलमा जाउ भन्ने कुराको टुंगो गर्नपर्छ । त्यसरी अनुदान दिएको रकमको अँश सँचितीमा राख्न पाउने ब्यवस्था गरिनु पर्छ । यसरी राख्दा विश्वविद्यालयले के का लागि यो रकम संचितीमा राखेको हो भन्ने कुराको प्रतिवेदन पेशगर्नु पर्छ ।

विश्वविद्यालयको आम्दानीको स्रोत विद्यार्थीहरुले तिर्ने शुल्क पनि हो । शुल्क आफै निर्धारण गर्ने र सरकारले निर्धारण गरिदिने दुई मोडेलहरु प्रचलनमा छन । वजेट शीर्षकका आधारमा लगानी गर्ने नीति भएका देशका विश्वविद्यालयहरुमा राज्यले विद्यार्थीको शुल्क निर्धारण गर्ने गरेको देखिन्छ । एकमुष्ट अनुदान दिने गरेका विश्वविद्यालयहरुमा सरकार स्वयंले वा विश्वविद्यालय स्वयंले तथा दुबैको सँयुक्त निर्णयले शुल्क निर्धारण गर्ने गरेको पाइन्छ । नेपालको सन्दर्भ भने अझै अनिर्णित छ । आन्दोलन हुँदा सरकारले शुल्क निर्धारण गर्ने र विश्वविद्यालयले नटेर्ने जस्ता उदाहरणहरु पनि छन् । कतिपय अवस्थामा विश्वविद्यालय आफैले शुल्क निर्धारण गरेको अवस्था पनि छ । तसर्थ शुल्क निर्धारणको निर्णायक ब्यवस्था गरिनु जरुरी छ । यसका लागि विश्वविद्यालय लगानीको नीति स्पष्ट गरिनु पर्छ ।

**उच्चशिक्षा र कामविचको सम्वन्ध (Linking Higher Education and World of Works)**

उच्चशिक्षा प्राप्त गरेकाहरु सुकिला काम (white colour job) मात्र उद्यत छन् । तर जनसँख्याको २ देखि ४ प्रतिशतले मात्र यस्तो काम प्राप्त गर्न सक्छन् । वाँकीका लागि उद्योग, ब्यवसाय, कृषि अन्य सेवा क्षेत्र लगायत निल कपडाधारी काम(blue colour job) मा पनि लगाउनु पर्ने जारी छ ।तसर्थ विश्वविद्यालयहरु प्रायोगिक विज्ञान तथा कलाका क्षेत्रसँग सम्वन्धित पनि हुनुपर्छ । यसका लागि कामको सँसारसँग जोडिएको उच्चशिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाको जरुरी छ । सैद्धान्तिक सिकाइसंग पेशा ब्यवसाय तथा अन्य कार्यक्षेत्रसँग सम्वन्धित दक्षता विकास गर्न पाउने नीतिगत ब्यवस्था गरिनुपर्छ । सन् २०१६ मा अधिक जनसँख्यामा उच्चशिक्षा प्रदान गरेका दश देशहरुको अध्ययनले भन्छ —विद्यार्थीहरुलाई प्राज्ञिक तथा

व्यवसायिक प्रकृतिका २ वर्ष, ३ वर्ष, ४ वर्ष र सो देखि माथिका डिप्लोमा तथा अनुसन्धान तहसम्मका शिक्षा दिइनुपर्छ । तिनीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम वजारसँग मिल्ने गरी पढाइनै पर्छ । यसका लागि अन्तर्राष्ट्रिय शैक्षिक सँस्थाहरुसँगको सहकार्य गर्ने तथा दोहोरो डिग्री प्राप्त गर्ने व्यवस्था माग्छ ।

**शिक्षक विकास (Teacher Development)**

उच्चशिक्षामा अध्यापन गर्ने शिक्षकहरुकालागि तालिम तथा कार्यशाला सञ्चालन गर्न विश्वविद्यालयमा एक छुट्टै पेशागत दक्षता विकासको एकाइ स्थापना गर्ने अन्तर्राष्ट्रिय परम्परा छ ।सोही परंपरालाई नेपालले पनि अंगिकार गर्नुपर्ने देखिन्छ ।एक अर्को प्रदेशका बीचमा समान शैक्षिक गुणस्तर कायम गर्न पनि यो एकाइ जरुरी हुन्छ ।यसका अतिरिक्त प्राध्यापकहरुलाई सकृय अनुसन्धानकर्ताको रुपमा स्थापित गर्न पनि यस्तो व्यवस्था गरिनुपर्छ ।

**उच्चशिक्षा सँस्कृति निर्माण (Development of Higher Education Culture)**

सँस्थाले के गर्छ, कसरी गर्छ, को कस्ता व्यक्तिहरु काममा सँलग्न हुन्छन् र वाह्य शक्तिहरुको प्रभाव कस्तो छ जस्ता कुराहरुले व्यवसायिक वा शैक्षिक सँस्थाको सँस्कृति निर्धारण गर्छ । अध्ययन, अनुसन्धान, अन्वेषण, क्षमता विकास उच्चशिक्षाका प्राथमिकता कार्यक्षेत्रहरु हुन् । यसका लागि उच्चशिक्षा सँस्थाले कस्तो अध्ययन, अनुसन्धान तथा प्रयोगको सँस्कृति खोजेको भन्ने कुरा आम सरोकारवालाहरुलाई अग्रिम रुपमा जानकारी गराउनु पर्छ, सो अनुसारको व्यवहार र अभ्यास उपभोक्ताहरुले प्राप्त नगरेमा कानूनी उपचार पाउने व्यवस्था समेत हुनुपर्छ ।

**उच्चशिक्षामा निजी सामुदायिक साझेदारी (Partnership with Public and Private Institutions in Higher Education)**

विभिन्न देशहरुमा उच्चशिक्षा (tertiary education) का विभिन्न माडेलहरु पाइन्छन् । कुनै देशमा ८० प्रतिशत उच्चशिक्षाका सँस्थाहरु निजी तहको व्यवस्थापनमा सँचालित छन् । तर ती सबै नाफामूलक प्रकृतिका छैनन् । कुनै देशमा उच्चशिक्षा पुरै सरकारी लगानी र व्यवस्थापनमा सञ्चालित छ ।कतिपय देशहरुमा निजी र सरकारी सँस्थाहरुको साझेदारी छ । धनी तथा गरिव दुबै किसिमका देशहरुमा यो विविधता देखिन्छ ।नेपालमा पनि सोही अवस्था देखिन्छ। यहांका निजी व्यवस्थापनमा सञ्चालित सँस्थाहरु नाफामूलक प्रकृतिका छन् भने अधिकांश विद्यार्थीहरु सामुदायिक र निजी व्यवस्थापनका सँस्थाहरुमा अध्ययनरत छन् । यो परिवेशमा सबै उच्चशिक्षाका सँस्थाहरुलाई सरकारी व्यवस्थापनमा ल्याउन कठिन छ ।तसर्थ नाफामूलक सँस्थाहरुलाई नाफारहित सँस्थामा(Non-profitable institution) रुपान्तरण गर्ने नीति लिनुपर्छ । नाफामूलक नै वन्न चाहनेहरुका लागि ब्यापारिक सँस्थाले पनि समाजिक दायित्व वोध गर्ने र लिनुपर्न कानूनी व्यवस्था गर्नुपर्छ । साथै उच्चशिक्षाका सँस्थाहरु एकआपसमा सञ्जालित वा समाहित भएर एकले अर्काको शैक्षिक कार्यक्रम सँचालन गर्न विषयवस्तु तथा जनशक्तिको आँशिक साझेदारी गर्ने नीतिगत व्यवस्था गरिनुपर्छ । यो नीतिबाट उच्चशिक्षाको पहुँचमा समता ल्याउन सहयोग पुग्छ ।नाफारहित सँस्था वन्ने तथा राज्यको तर्फबाट सूचिकृत गरिएका सीमान्तकृत समुदायमा शिक्षाको पहुँच दिने हो भने विशेष सम्झौता गरी उनीहरुलाई वजेटको व्यवस्था गरिनुपर्छ । साथै अनुसन्धान र अन्वेषणात्मक कार्यगर्ने सँस्था भएमा यसका लागि राज्यकोषको रकम प्रदान गरिनुपर्छ । नाफामूलक निजी व्यवस्थापनका सँस्थाहरुलाई नियमन गरिनुपर्छ किनकि अन्तर्राष्ट्रिय अनुसन्धान र अनुभवले निजी व्यवस्थापन भएका उच्चशिक्षाका सँस्थाहरुमा गुणस्तर र निरन्तरताको मुद्दा वढी देखिन्छ ।नाफा केन्द्रित सँस्थाहरुले उच्चशिक्षाको ब्ययभार थेग्न नसक्दा विद्यार्थी सँख्या घट्दै जान्छ ।परिणामतः सँस्थालाई नाफा नहुने अवस्था आउदा बीचैमा कार्यक्रम बन्द गर्ने वा गुणस्तरमा घटाउने जस्ता प्रवृतिहरु देखिन्छन् । अनुसन्धान तथा अन्वेषण तहका पनि गुणस्तरका त्यस्तै समस्या देखिएका प्रतिवेदनहरुमा छन् । तसर्थ त्यस्ता संस्थाहरुको प्राथमिकता र गुणस्तर नियमनका लागि एक स्वतन्त्र निकाय रहने नीतिगत व्यवस्था जरुरी छ ।अर्थात् निजी, सार्वजनिक, सहकारी

लगायतका उच्चशिक्षाका सँस्थाहरु सञ्चालन गर्न दिनुपर्ने हुन्छ ।तिनका कार्यक्रमहरुमा भने वजारको आवश्यकता अनुसारका विविध कार्यक्रमहरु सञ्चालित हुनुपर्ने नीतिगत व्यवस्था जरुरी छ ।

**उच्चशिक्षाको विश्वव्यापीकरण, अन्तराष्ट्रियकरण र स्थानीयकारण (Globalization, Internationalization and Localization of Higher Education)**

अध्ययन र रोजगारीका कारण यूवाहरु विदेशिने क्रम वढ्दो छ ।यसलाई नियन्त्रण गर्ने भन्दा पनि व्यवस्थापन गर्ने नीति लिनुपर्ने देखिन्छ ।सँसारका विकसित देशहरुमा उच्चशिक्षा महँगो भई युवाहरुले अध्ययन गर्न नसकेका उदाहरण पनि छन् । विकसित देशका विद्यार्थीहरु विकासोन्मुख देशमा उच्चशिक्षा अध्ययनका लागि आएका उदाहरणहरु पनि छन् । यसैले नेपालको उच्चशिक्षालाई स्तरिकरण गर्न विश्वका अब्बल विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरुसँगको सहकार्य जरुरी छ ।यसले साझा शैक्षिक कार्यक्रम तथा सँयुक्त डिग्री प्रदान गर्ने उच्चशिक्षालयहरुको मांग गर्छ । सहकार्य गर्ने देशहरुमा ब्यापार वढाउने सम्भावना पनि हुन्छ ।नेपालसँग सम्वन्धित आफ्नै विशेषताका अध्ययन क्षेत्रहरुलाई अन्तर्राष्ट्रियकरण गर्न पनि सकिन्छ . यसका लागि सँघिय र प्रदेश सरकारले ध्यान दिनु पर्छ ।

**विस्तार कार्यक्रम तथा ब्यापारिक कार्य (Extension Program and Corporate Activities)**

विश्वविद्यालयले दिएको ज्ञान, सीप, तथा प्रविधिले मात्र समाज रुपान्तरण गर्दैन । तसर्थ उच्चशिक्षाका सँस्थाहरुलाई आफ्नो कार्य क्षेत्रभित्रका समुदायमा विस्तारका कार्यक्रमहरु लिएर जानै पर्ने कानूनी ब्यवस्था गरिनुपर्छ । यसो गर्नाले उच्चशिक्षाका सँस्थाले विकास गरेको प्रविधि, ज्ञान, तथा सीप जनस्तरमा पुग्छ ।समाजमा रहेका परम्परागत ज्ञान र प्रविधिहरुलाई निखारमा ल्याई वैज्ञानीकीकरण गर्न पनि सकिन्छ। विस्तार र व्यापारिक कार्यबाट हुने आम्दानीले विश्वविद्यालयका लागि आर्थिक भरथेग पनि गर्छ ।

देशका तथा विदेशका कर्पोरेट हाउसहरुका लागि नयाँ नयाँ प्रविधि र परिवर्तित सन्दर्भ अनुसारको जनशक्ति चाहिने हुन्छ ।अर्कोतिर उनिहरुसँग भएकै प्रविधिलाई अप्टिमाईजेसन गर्नुपर्ने वा पुनर्विकास गर्नुपर्ने अवस्था हुन्छ ।कर्पोरेट हाउसहरुसँगको सहकार्यबाट उच्चशिक्षाका सँस्थाहरुले लगानीका लागि रकम प्राप्त गर्न सक्ने र कर्पोरेट हाउसहरुले नयाँ प्रविधि र जनशक्ति पाउँदा उनीहरुको उत्पादन तथा सेवा प्रभावकारिता वढ्छ ।

**अनुसन्धान र अन्वेषण (Research and Innovation)**

विश्वविद्यालय तहको शिक्षाको मूल कार्य अनुसन्धान र अन्वेषण हो । सरकारले तोकेका प्राथमिकताका क्षेत्रहरुमा आवश्यक अध्ययन अनुसन्धान र अन्वेषणका लागि राज्य कोषबाट निश्चित अनुसन्धान अनुदानको ब्यवस्था गरी विश्वविद्यालय तथा अनुसन्धान केन्द्र लगायत उच्चशिक्षाका सँस्थाहरुविचको प्रतिष्पर्धाका आधारमा अनुसन्धान अनुदान प्राप्त गर्ने नीतिगत ब्यवस्था हुनुपर्छ । साथै, अन्तर्राष्ट्रिय सहकार्यका आधारमा अनुसन्धान कार्यहरु सञ्चालनका लागि लचिलो ब्यवस्थापन नीति अपनाइनु पर्छ । विशेष लगानीका आधारमा उन्नत प्रयोगशालाहरुको स्थापना र अनुसन्धान केन्द्रहरुको स्थापना विश्वविद्यालयभित्र नै केन्द्रित गर्नुपर्छ । तुलनात्मक लाभका क्षेत्रमा अनुसन्धान र अन्वेषणका लागि विश्वविद्यालयहरुलाई ब्यवस्थित गरिनुपर्छ ।

**विदेशी उच्चशिक्षा सँस्थाको प्रवेशले निम्त्याउने अवस्था (Intervention of Foreign Higher Education Institution)**

सँसारका विभिन्न विश्वविद्यालयले सञ्चालन गर्ने अनलाईन शिक्षा र स्थापित भर्चुअल यूनिभसिटी तथा अन्य उच्चअध्ययनका सँस्थाहरुले नेपालमा नै वसेर देश विदेशका विश्वविद्यालयहरुमा अध्ययन गर्ने, परीक्षा दिने र प्रमाणपत्र प्राप्त गर्न सक्ने अवस्था सिर्जना भएको छ ।यस्ता विश्वविद्यालय तथा तिनका क्याम्पसहरुले दुई

किसिमबाट प्रभाव पार्छन् । पहिलो, गुणस्तरिय प्रतिस्पर्धी वन्नुपर्ने अवस्था सिर्जना हुन्छ। दोश्रो उच्चशिक्षाको शुल्कमा अत्यधिक वृद्धि हुन्छ ।परिणामतः कम गुणस्तरका सँस्थाहरुको प्रवेशले सस्तो मूल्यमा अन्तर्राष्ट्रिय डिग्री लिन पाउने भ्रमले नेपाली उच्चशिक्षाका सँस्थाहरुमा विद्यार्थी नहुने अवस्था आउंछ ।त्यस्ता विदेशी सँस्थाहरुबाट उत्पादित जनशक्तिमा गुणस्तरको अभाव हुन सक्छ ।तसर्थ यी खतराहरुबाट बच्न विदेशी गुणस्तरीय विदेशी विश्वविद्यालयहरुलाई मात्र प्रवेश दिने नीतिगत व्यवस्था गरिनुपर्छ । साथै दूर तथा अनलाईन सिकाइबाट लिइने शिक्षामा पनि गुणस्तरको पहिचान र राज्यको तर्फबाट मान्यता प्राप्त कार्यक्रमहरुको सूचिकृत गर्ने परिपाटीको लागि एक छुट्टै एकाइको स्थापना गरिनुपर्छ।

**उच्चशिक्षामा क्षेत्रीय असन्तुलन (Regional/Provincial Disparity in Higher Education)**

नेपाल अहिले सँघीय सँरचनामा गईसकेको छ ।सोही अनुसार शिक्षाको व्यवस्थापन शुरु भैसकेको छ ।अहिलेका ७ प्रदेशहरुको मानव विकास सूचाँक, आर्थिक अवस्था, उपलब्ध जनशक्ति लगायतको अवस्थाले उच्चशिक्षाको व्यवस्थापनमा हुने लगानीको मात्रामा पर्ने फरकले शिक्षाको गुणस्तर पनि फरक हुन्छ ।परिणामतःगुणस्तरीय शिक्षाका लागि हुने वसाइ सराइले थप चुनौती प्रदान गर्छ । अनि सम्वन्धित प्रदेश सरकारले वसाइ सराइको विशेष नीति लिनुपर्ने आवश्यकता हुन्छ ।अन्य प्रदेशबाटआउनेका लागि शुल्क लगायत अन्य करहरुमा विभेद गर्नुपर्ने स्थिति बन्छ ।तसर्थ राष्ट्रियस्तरका विश्वविद्यालय र प्रदेश विश्वविद्यालयको व्यवस्थापनलाई सँवोधन गर्नेगरी लगानी र गुणस्तरको अनुगमन तथा प्रमाणिकरणको व्यवस्था गर्नु जरुरी छ ।तसर्थ उच्चशिक्षाको प्रमाणिकरण र प्रत्यायन गर्ने (certification and accreditation agency) सँस्थाले गुणस्तरीय शिक्षाको औषत लागत निर्धारण गरिदिने र सोही आधारमा देशभरीका उच्चशिक्षाका सँस्थाहरुले केही तलमाथी ह'ने गरी शुल्क निर्धारण गर्ने नीतिगत व्यवस्था गरिनु पर्छ ।

माथिका नीतिगत व्यवस्थालाई ध्यानमा राखी देहायका उपायहरु सुझाइएको छ।

पहुँचका लागि

क)कुन ठाउँमा कस्तो विश्वविद्यालय खोल्ने, कहिले खोल्ने, कस्ले लगानी गर्ने, कुन मोडको हुने एवं मानित, सम्बन्धन दिन सक्ने वा प्रतिष्ठान तहको हुने भन्ने कुरा पहिल्याउँन प्रदेश तथा संघीय तहमा भएका तथा भविष्यमा खोलिने विश्वविद्यालय तथा त्यसका क्याम्पसहरुको नक्सांकन गरिनुपर्छ ।

ख)नक्सांकन गरिएका क्षेत्रमा निजीले लगानी गर्ने, समुदायले लगानीगर्ने, सहकारीले लगानी गर्ने, गुठीले लगानी गर्ने, धार्मिक संस्थाले लगानी गर्ने, प्रदेशले लगानी गर्ने, संघले लगानी गर्ने, विदेशीले लगानी गर्ने वा आनुपातिक व्यवस्थाको लगानी हुने भन्ने कुराको सार्वजनिक जानकारी दिइनुपर्छ । सो जानकारीको आधारमा मात्रै विश्वविद्यालय तथा तिनका क्याम्पसहरु खोल्ने खोलाउँने प्रबन्ध मिलाउनुपर्छ।

ग)मानित विश्वविद्यालय बन्न चाहने एकल वा मिलित क्याम्पसमा कम्तिमा ४००० विद्यार्थी हुनुपर्छ ।यसका लागि सम्बन्धित विश्वविद्यालय सीनेट वा बोर्ड अफ ट्रष्टिज, कार्यकारी परिषद तथा क्याम्पस (हरु) को लिखित सहमति जरुरी हुन्छ । आंगिक एवं सम्बन्धन प्राप्त क्याम्पसहरुलाई एकत्रित गरेर मानित विश्वविद्यालय बन्नेहरुका निम्ति पनि सोही नियम लागु गरिनु पर्छ । एकै विश्वविद्यालयका क्याम्पसहरुको हकमा यो नियम लागुहुन्छ। तर विविध विश्वविद्यालयसंग सम्वन्धन लिएका क्याम्पसहरुले पनि मानित विश्वविद्यालय बन्न चाहेमा सम्वन्धनमा फेरवदल गरी सो काम गर्न सक्ने व्यवस्था गरिनुपर्छ ।

घ)आफ्ना जनशक्ति भएका जुनसुकै विश्वविद्यालयका क्याम्पसहरुलाई आचार्योत्तर(एमफील), विद्यावारिधि, र महाविद्यावारिधि तहको कोर्समा आधारित डिग्री कार्यक्रम सञ्चालन गर्नसक्ने व्यवस्था गरिनुपर्छ । यस्ता कोर्सहरु नियमित तथा खुला मोडका हुनुपर्छ ।

ङ)प्रतिष्ठानमा परिणत हुनचाहने क्याम्पस वा क्याम्पस समूहहरुले न्यूनतम शर्त पूरा गरेको हुनुपर्छ । यसका लागि सम्बन्धित विश्वविद्यालयले आवश्यक नियम बनाई लागु गर्ने प्रबन्ध मिलाइनुपर्छ । यसोगर्दा सम्वन्धित विश्वविद्यालयको प्रतिष्ठान भन्ने नामाकरण हुनजान्छ । अर्थात् प्रतिष्ठान बन्दा पनि एवं आंगिक क्याम्पसहरुलाई आवश्यकता अनुसार मिलान गरिनुपर्छ । विभिन्न विश्वविद्यालयबाट सम्वन्धन लिएका क्याम्पसहरुले पनि सम्वन्धनमा हेरफेर गरी सोही कार्य गर्न पाउने प्रवन्ध गरिनुपर्छ ।

च) इच्छुक सबैलाई उच्च शिक्षाको अवसर सुनिश्चित गर्न खुला विश्वविद्यालयले झैं हाल भएका र भविष्यमा खोलिने विश्वविद्यालयहरुले अनिवार्य रुपमा द्वैध मोडका कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ ।

छ) राष्ट्रिय आवश्यकताका विषय पढन चाहने विद्यार्थीहरु राष्ट्रिय विश्वविद्यालयमा, विषयगत विशिष्टता चाहनेले मानितमा, प्रादेशिक विशिष्टता हासिलगर्न चाहनेले पादेशिक विश्वविद्यालय, तथा आफनै गतिमा पढन चाहनेहरुले खुलामोड वा खुला विश्वविद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाइनुपर्छ ।

व्यवस्थापनका लागि

क) नेपाल विश्व व्यापार संगठनको सदस्य राष्ट्र भएकोले विदेशी खुला वा वन्द विश्वविद्यालयहरु वा तिनका ससाझदारीमा चल्ने चलाइने विश्वविद्यालय वा क्याम्पस यहां स्थापना हुन सक्छन् । यस्ता विश्वविद्यालय वा क्याम्पसहरुले स्वदेशी विश्वविद्यालय वा क्याम्पसलाई धराशायी बनाउन सक्छन् । विदेशी विश्वविद्यालय वा क्याम्पसका नाममा कमजोर शैक्षिकस्तरका विश्वविद्यालय तथा क्याम्पसहरु पनि भित्रिन सक्छन । यसलाई मध्यनजर गरी अन्तर्राष्ट्रिय मानकमा ५०० भित्र पर्ने खुला वा वन्द विश्वविद्यालय र तिनका क्याम्पस तथा कार्यक्रमहरुलाई मात्र प्रवेशको स्वीकृति दिइनुपर्छ । तिनका कार्यक्रमहरु संचालन गर्ने तथा उपाधिहरुलाई समकक्षता दिने प्रवन्ध गरिनुपर्छ । कमजोर शैक्षिक स्तरका बिश्वबिद्यालयबाट उपाधि लिएर आएका स्वदेशीहरुलाई समकक्षता नदिने ब्यबस्था मिलाइनु पर्छ ।

ख) राज्यले लगानी जुटाउन नसक्ने विधामा मात्रै विदेशी विश्वविद्यालय वा तिनका क्याम्पसहरुलाई नेपालमा कार्यक्रम चलाउने स्वीकृति दिइनुपर्छ । यस्ता विदेशी विश्वविद्यालयहरुमा ५० प्रतिशत रकम स्वदेशी लगानीकर्ताको हुनुपर्छ । विश्वविद्यालयले आर्जेको खुद नाफामा २० प्रतिशत मात्रै लगानीकर्ताले नाफा लिन पाउंछ ।

ग)हाल खुलेका विश्वविद्यालय तथा तिनका क्याम्पसहरुले व्यावसायिक एवं प्राविधिक तथा वहुप्राविधिक धारमा जान चाहेमा प्रदेश तथा संघले सघाउँने व्यवस्था गरिनुपर्छ। त्यस्ता व्यावसायिक एवं प्राविधिक तथा वहुप्राविधिक धारमा रहेका क्याम्पसहरुले सम्वन्धित विश्वविद्यालयकै प्रतिष्ठानको रुपमा स्वायत्तता पाउने व्यवस्था मिलाउनु पर्छ ।

घ)हाल भएका तथा भविष्यमा खोलिने सबै विश्वविद्यालय तथा तिनका क्याम्पसहरुले आफ्नै लगानीमा, विद्यार्थीको शुल्कमा, तथा राष्ट्रिय उद्यमी, व्यापारी तथा अन्य ब्यक्तिहरुको सहयोगमा इच्छुक विद्यार्थीहरुलाई छोटो अवधिको गरिखाने सीप दिनैपर्ने अनिवार्य ब्यवस्था गरिनुपर्छ।

ङ)राष्ट्रिय विश्वविद्यालयहरु देशका सातै प्रदेशमा हुनुपर्ने प्रवन्ध मिलाउनुपर्छ। यसोगर्दा विश्वविद्यालयले आफनै नाम सहितको फलानो प्रदेशको विश्वविद्यालय भन्नुपर्ने कानूनी प्रावधान हुनुपर्छ। तर प्रदेशले आफ्नै प्रदेशकालागि खोलेका विश्वविद्यालयलाई भने यस्तो बाध्यकारी नियम लागु गरिनुहुन्न।प्रदेश बिश्वबिद्यालयहरुले सो प्रदेश भन्दा बाहिर संचालन गरिने शैक्षिक संस्थाहरुलाई संबन्धन दिन नपाउने व्यवस्था गरिनु पर्छ ।

च)हाल भएका एवं भविष्यमा खोलिने विश्वविद्यालयका आआफ्नै विशेषताहरु छन् वा हुनसक्छन् । तर शिक्षण, अनुसन्धान एवं समुदाय सेवाको तीनखम्बे नीति भने सबै विश्वविद्यालय, प्रतिष्ठान र तिनीहरुका

क्याम्पसले अनिवार्य रुपमा लागू गर्नुपर्छ । यसका लागि विश्वविद्यालयहरुले आ-आफ्नै नीतिगत निर्णयहरु गर्नुपर्छ ।

छ)विश्वविद्यालय व्यवस्थापनका लागि कार्यमूलक सीनेट वा बोर्ड अफ ट्रष्टिज हुने प्रबन्ध मिलाइनुपर्छ। यसो गर्नकालागि आवश्यक पर्ने ऐन, नियम एवं विनियम व्यवस्था गर्न सम्बन्धित विश्वविद्यालयले जिम्मेवारी लिनुपर्ने नीतिगत प्रबन्ध गरिनुपर्छ । कार्यकारी अधकार सहितको सीनेट वा बोर्ड अफ ट्रष्टिजले नै विश्वविद्यालयका पदाधिकारीहरुको छनौट गर्ने व्यवस्था पनि गरिनुपर्छ । यसो गर्नाले समय दिन नसक्ने वा मानार्थ कुलपति वा सहकुलपति हुने अहिलेको व्यवस्थाको अन्त्य हुन्छ ।

ज)सम्बन्धित विश्वविद्यालयको सीनेट तथा त्यस मातहतका प्राध्यापक कर्मचारी एवं विद्यार्थीसंग परामर्श नगरी सांसदहरुले जग्गा तथा क्याम्पस पजनी गर्दै नयां विश्वविद्यालय बनाउने अहिलेको व्यवस्थाको अन्त्य गरिनुपर्छ। तर प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरुले भने स्वेच्छाले अर्को विश्वविद्यालय तथा क्याम्पसमा जान पाउने गरी अनुभव, पद तथा क्रेडिट स्थानान्तरण गर्ने प्रबन्ध मिलाइनुपर्छ।

झ) सम्वन्धनप्राप्त क्याम्पस आगिक क्याम्यस बन्न वा बनाउंन चाहेमा पूरै सरकारी स्वमित्वमा चलेको विश्वविद्यलयको हकमा विश्वविद्यालय अनुदान आयोग, शिक्षामंत्रालय, अर्थमंत्रालय,र सम्वन्धित विश्वविद्यालयको सीनेट/बोर्ड अफ ट्रष्टिजको सहमति लिनुपर्छ । विश्वविद्यालय अनुदान आयोगबाट एकमुष्ट अनुदान पाउने,, निजी, सहकारी, तथा गुठीमा चल्ने एवं कर्पोरेट विश्वविद्यालयको हकमा सम्वन्धन दिने तथा आंगिकको रुपमा स्वीकार्नेहरुबीच लिखित सहमति हुनुपर्छ ।

## १५. उत्पादनमुखी व्यवस्थापन

शिक्षा व्यावहारिक र उत्पादनमुखी भएन भन्ने यथार्थलाई स्वीकारी तलका सिफारिसहरु गरिएको छ।

क)प्रत्येक विश्वविद्यालय तथा तिनका आंगिक एवं सम्बन्धन प्राप्त कलेज क्याम्पसहरुले अनिवार्य रुपमा स्थानीय उद्यमी, व्यापारी, उद्योग, कृषिफार्म, आदि संग सहकार्य गरी विद्यार्थीलाई प्रयोगात्मक अनुभव दिनैपर्ने अनिवार्य व्यवस्था गरिनुपर्छ।

ख)अनिवार्य रुपमा व्यवस्था गरिएको समुदाय सेवा, परियोजना कार्य र अनुसन्धानमार्फत विद्यार्थीहरुलाई उत्पादनसंग जोड्ने तथा जोडिने तर्किवहरुको पहिचान गर्न र परीक्षण गर्न प्रोत्साहित गरिनुपर्छ। यसका लागि क्याम्पसको गाउँरशहर वा बस्ती निर्धारित गरिनुपर्छ। सम्वन्धित क्याम्पसका विद्यार्थी एवं प्राध्यापकहरुको संयुक्त निर्णयमा यो काम गरिनुपर्छ ।

ग)प्रत्येक क्याम्पसले आफ्नै लगानीमा, विद्यार्थी शुल्कको सहयोगमा, निजी उद्यमी, व्यापारी, तथा मनकारीहरुको सहकार्यमा छोटो अवधिको आयआर्जन तालिम दिने प्रबन्ध मिलाइनुपर्छ।

घ)देश तथा विदेशका पैसा कमाउँन जाने व्यक्तिहरुसंग सोझै वा प्रविधिमार्फत संवाद गरी संभाव्य सीप सिकाउने व्यवस्थालाई संस्थागत गरिनुपर्छ।क्याम्पस वा कलेज प्रशासनले यो कुराको जिम्मेवारी लिनुपर्छ।

ङ)रोजगारी के मा छ? भन्ने विषयमा छलफल गर्ने गराउने कुरालाई क्याम्पस वा कलेजको अभिन्न अंग बनाउनुपर्छ । यसरी उब्जिएका विचारहरुलाई स्वरोजगार तथा अरुलाई रोजगारी दिने उद्यमको रुपमा काम गर्न गराउन विद्यार्थीलाई ऋण उपलब्ध गराउने प्रबन्ध मिलाउनुपर्छ।अल्मुनाइ तथा अन्य दाताहरुको सहयोगमा स्थापित हुने सो कोषमार्फत सघाउनेगरी सम्वधित विश्वविद्यालयले यसको जिम्मा लिनैपर्ने वाध्यात्मक व्यवस्था गरिनुपर्छ ।

च)अरुलाई रोजगारी दिने सोच र क्षमता भएका युवाहरुलाई विभिन्न संघ संस्थाहरुले वैचारिक एवं आर्थिक रुपले सघाउन भन्नका लागि क्याम्पस र कलेज पिच्छे त्यस्तो कोष स्थापना गरिनुपर्छ। उद्यमी, उद्योगी, आल्मोनाइ तथा व्यापारीको सहकार्यमा बनेको सो कोषबाट त्यस्ता युवाहरुलाई सघाउने प्रबन्ध मिलाइनुपर्छ।

छ)हाल सञ्चालनमा भएका र भोलि सञ्चालन हुने जुनसुकै विश्वविद्यालयका क्याम्पसहरुले विद्यार्थीलाई रोजगार उन्मुख सीप तथा काम दिने अनिवार्य व्यवस्था गरिनुपर्छ।

ज) विश्वविद्यालय तथा तिनका क्याम्पस/कलेजमा कार्यरत प्राध्यापक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरुलाई जनजीविका तथा जनचासोका विषयमा अध्ययन अनुसन्धान गर्ने, भाग लिने, र सघाउंने कार्यलाई सिकाइको अभिन्न अंग बनाइनु पर्छ । यसो गर्नाले विश्वविद्यालय तथा तिनका क्याम्पसहरु समुदायको देखाउने दांत नभई समुदायसंग सिक्ने, सिकाउने, सघाउंने, संभावना खोज्ने खोजाउने तथा रमाउंने परिवेश सिर्जना हुन्छ ।

## १६. गुणस्तर व्यवस्थापन

विभिन्न आन्दोलन, अध्ययन तथा पत्रपत्रिकाहरुले विद्यार्थीहरुमा अपेक्षित गुणस्तर नभएको कुरा औंल्याउंदै आएका छन् । यही कुराको मनन गरी तलका सिफारिसहरु गरिएको छ।

क)विश्वविद्यालयहरुको कार्यकारी परिषदस्तरीय सञ्जालले हालको विश्वविद्यालय अनुदान आयोगले निर्माण गरेको गुणस्तरीय शिक्षाको खाकाको आधारमा स्तरयुक्त परीक्षाका प्रश्नहरु बनाउनुपर्छ । सोही प्रश्नका आधारमा देशका सबै विश्वविद्यालय तथा प्रतिष्ठानहरुको स्नातक एवं स्नातकोत्तर तहका विद्यार्थीहरुको स्तर परीक्षण गरिनुपर्छ । आफूले आफ्नो स्तरगत ज्ञान, सीप, अभिवृत्ति एवं क्षमता पहिल्याउन मिल्ने त्यस्तो परीक्षामा उत्तीर्ण नहुने विद्यार्थीले विभागीय परीक्षामा प्रवेश नपाउने व्यवस्था गरिनुपर्छ।

ख)विभागीय परीक्षामा सोधिने प्रश्नहरुपनि गुणस्तरीय शिक्षाको राष्ट्रिय खाकाकै आधारमा निर्माण गर्ने व्यवस्था मिलाइनुपर्छ। ज्ञान, सीप, अभिवृत्ति र क्षमताको छुट्टा-छुट्टै अंकन हुने यस्ता परीक्षामा विद्यार्थीले कम्तिमा ७० प्रतिशत अंक ल्याउनैपर्ने व्यवस्था गरिनुपर्छ ।

ग)व्यावसायिक एवं प्राविधिक विषयमा भने प्रयोगात्मक तथा लिखित परीक्षा उत्तीर्ण गर्नैपर्छ।

घ)हाल भएका र पछि हुने विश्वविद्यालय तथा क्याम्पसहरुलाई दक्षिण एशिया स्तरको बन्न उत्प्रेरित गरिनुपर्छ । यसका लागि तिनीहरुलाई हालको विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार एवं संघीय सरकारमार्फत सघाउने व्यवस्था मिलाइनुपर्छ।

ङ)सबै विश्वविद्यालयका क्याम्पसहरुले समयवद्ध रुपमा क्यूएए प्राप्त गर्नैपर्ने प्रवन्ध गरिनुपर्छ ।यस क्रममा मौजुदा विश्वविद्यालय अनुदान आयोगले तोकेका मानक पुग्ने क्याम्पस वा कलेजहरुले आफू अपेक्षित स्तरमा पुगेका जानकारी सार्वजनिक गर्नुपर्छ। तदन्तर मिडिया तथा आधुनिक प्रविधिबाट अनुगमन तथा नियमन गरी क्यूएए दिने व्यवस्था मिलाइनुपर्छ ।

च)कुन विश्वविद्यालय, क्याम्पस र कलेज कति गुणस्तरीय हो भनी लेखाजोखा गर्न विद्यार्थीको उत्तीर्णाङ्क प्रतिशत, रोजगारीमा उपस्थिति, समुदाय सेवा तथा प्रवर्तनात्मक कार्यलाई आधार मानिनुपर्छ। यो आधारमा हरेक ३ वर्षमा राष्ट्रिय स्तरमा कुन विश्वविद्यालय तथा तिनका क्याम्पसहरु कुन स्तरमा छन् भनी सूचीकृत गरिनुपर्छ।

छ) २०६७ सालमा बनाएको क्यूएए निर्देशिका तथा नेशनल इलिजिविटी टेष्टहरुको पुनरावलोकन गरी विश्वविद्यालय अनुदान आयोगले गुणस्तरका जिम्मेवारहरुको किटानी व्यवस्था गर्नुपर्छ। विश्वविद्यालयहरुले अनिवार्य रुपमा सो जिम्मेवारी ढांचा लागुगरी शैक्षिक गुणस्तर सुनिश्चित गर्नुपर्छ ।

ज) प्रत्येक विश्वविद्यालयले आफना अब्बल क्याम्पसहरुमध्ये केहीलाई विशिष्टता केन्द्रका रुपमा विकसित गर्नुपर्छ ।

**पुस्तकालय सेवा**

प्रत्येक क्याम्पस वा कलेजमा अनिवार्य रुपमा इ पुस्तकालय, कम्प्युटर ल्याव एवं म्युजियमको व्यवस्था गरिनुपर्छ । संघीय तथा प्रदेश सरकारले यस कार्यमा सघाउनुपर्छ । यस्ता पुस्तकालयमा विज्ञ प्राध्यापकले पढाएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सीडी, डीभीडी,यूट्यूव तथा अनलाइन सामग्रीहरु उपलब्ध गराइनुपर्छ।

## १७. प्राध्यापक तथा कर्मचारी व्यवस्थापन

प्राध्यापक तथा कर्मचारीहरुको क्षमता, अभिवृत्ति र दलीयकरणमा अनेकन प्रश्नहरु उठ्ने गरेका छन्। ती प्रश्नहरुको व्यवस्थित समाधानकालागि निम्नलिखित सुझावहरु दिइएका छन्।

क)विद्यालयका शिक्षकहरु झैं सबै विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीहरुको छनोट गर्न एउटै सेवा आयोग बनाउने व्यवस्था गरिनुपर्छ। प्रशासनिक सहजताका निम्ति सो आयोगभित्र विश्वविद्यालय पिच्छेका विभागहरु हुनुपर्छ ।

ख)यसरी बनेको विश्वविद्यालय सेवा आयोगले प्रतिवर्ष अनिवार्य रुपमा प्राध्यापक तथा कर्मचारी नियुक्तिको विज्ञापन गर्नैपर्ने अनिवार्य व्यवस्था गरिनुपर्छ । यसो गर्दा अहिलेको करार तथा अस्थायी प्राध्यापक एवं कर्मचारीको समस्या सदाको निम्ति हराउँछ।

ग)विश्वविद्यालय सेवा आयोगले प्राध्यापक तथा कर्मचारी बन्ने प्रवृत्ति आफूमा छ-छैन भनी परीक्षण गर्ने टेस्टव्याट्री बनाउनुपर्छ। सोही नतिजाको आधारमा निश्चित स्तर पुगेकाहरुलाई मात्रै सेवा आयोगको परीक्षामा बस्न पाउने अधिकार दिइनुपर्छ । यसोगर्दा अनावश्यक दवावमा नियुक्त हुने प्रथाको अन्त्य हुन्छ।

घ)सेवा प्रवेश गरिसकेका प्राध्यापक तथा कर्मचारीहरुले सो टेष्टव्याट्री प्रयोग गरी प्रत्येक वर्ष आफ्नो अभिवृत्ति परीक्षण गर्नुपर्छ। परीक्षणमा न्युनतम क्षमता देखाउन नसक्ने प्राध्यापक तथा कर्मचारीहरुले सुधारात्मक कक्षामा गएर पुन:क्षमता प्रमाणित गर्ने वा सुविधा सहित विश्वविद्यालयबाट बाहिरिने प्रबन्ध मिलाउनुपर्छ।

ङ)प्राध्यापनमा रहेका जो सुकैले पनि अनिवार्य रुपमा अनुसन्धान गरेकै हुनुपर्ने बाध्यात्मक व्यवस्था गरिनुपर्छ। यस्ता अनुसन्धानात्मक लेखहरु साथीहरुबाट मूल्यांकन गरी गराई छपाउने व्यवस्था गरिनुपर्छ। यसकालागि विश्वविद्यालयहरुको साझा केन्द्रीय प्रकाशन गृह बनाइनुपर्छ।

च)विज्ञ प्राध्यापकहरुलाई एक अर्काको विश्वविद्यालयमा गई वा आधुनिक प्रविधिमार्फत अतिथि प्राध्यापक बन्ने बनाउने अनिवार्य व्यवस्था गरिनुपर्छ।

## १८. पठनपाठनको व्यवस्थापन

पढाइ सैद्धान्तिक भयो एवं जीवनोपयोगी भएन भन्ने कुरालाई दृष्टिगत गरी देहायका उपायहरु सुझाइएका छन्।

क) विश्वविद्यालयहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मांग के छ भनी प्रत्येक ३ वर्षमा सर्भेक्षण गर्नुपर्छ । सो अनुसार आफ्ना पाठ्यक्रमहरुलाई अद्यावधिक गर्नुपर्छ । त्यसैगरी तिनका सम्वन्धन प्राप्त वा आंगिक क्याम्पस वा कलेजले स्थानीय बजारको मांगको सर्भेक्षण गर्नुपर्छ । सोही सर्भेक्षणको आधारमा स्थानीय विषय थप्ने, संशोधन गर्ने, वा अर्को विषय राख्ने व्यवस्था गर्नुपर्छ । यसरी सम्वन्धन प्राप्त वा आंगिक क्याम्पस वा कलेजले स्थानीय तहमा राखेका विषयहरुलाई विद्यार्थीले आर्जन गरेको थप क्रेडिट आवर्सको रुपमा प्रमाणपत्र दिइनुपर्छ ।

ख) हरेक विषयका प्राध्यापकहरुले स्थानीय तथा अन्तराष्ट्रिय ज्ञान, सीप, एवं मूल्य मान्यताबीच सहसम्बन्ध हुने गरी पठनपाठन गर्नुपर्ने बाध्यात्मक प्रबन्ध गरिनुपर्छ। यसोगर्दा आफूले गरेका अनुसन्धानहरु जोड्दै पठनपाठन गराउनु पर्छ।

ग)पढे पढाइएका कुराहरुलाई उपलब्ध अनुसन्धानमा जोडी विद्यार्थी-विद्यार्थी वा शिक्षक-विद्यार्थीले समुदाय सेवा अन्तर्गत अनुसन्धान गराउनुपर्छ । यसरी पढाइलाई व्यावहारिक एवं अनुसन्धानमुखी बनाउने प्रबन्ध गरिनुपर्छ।

घ)समुदायका अनुभवविज्ञ तथा ज्ञानसीपविज्ञ बोलाइ प्रतिहप्ता कक्षा लिनैपर्ने बाध्यात्मक व्यवस्था गरिनुपर्छ। यसो गर्नाले विज्ञ एवं अनुभवीहरुको ज्ञान र विद्यार्थीहरुले आर्जन गरेको किताबी ज्ञानमा तालमेल हुन्छ।

ङ) नोट तथा गाइडबुक मात्रै पढ्ने, लेखाउने र पढाउने परंपराको अन्त्य गरिनुपर्छ। यसको सट्टा विद्यार्थीले सम्बन्धित विषयमा कुन वेभसाइट, किताब, लेख, अनुभव, अनुसन्धान, छलफल आदिबाट के जान्यौ भनी कक्षाको पठनपाठन शुरु गरिनुपर्छ।

च)विद्यार्थीहरु आधुनिक प्रविधिसंग परिचित भइसकेको अवस्थामा प्रत्येक क्याम्पसमा कम्प्युटर ल्याब र वाइफाइ सुविधा सहितको ई पुस्तकालयकोअनिवार्य व्यवस्था गरिनुपर्छ।

छ)सबै विश्वविद्यालयका नियमित हाजिर हुन नसक्ने विद्यार्थीहरुलाई आंशिक विद्यार्थी भनिने छ। तिनका लागि नियमित हाजिर हुनेकोभन्दा लामो र छुट्टै पाठ्यक्रम तयार गरिनुपर्छ । त्यस्ता विद्यार्थीको पठनपाठनका लागि विद्युतीय सामग्रीहरु पनि उपलब्ध गराइनुपर्छ। यसकालागि प्राध्यापकहरुले कक्षाकोठामा पढाएको पाठको अडियो तथा भिडियो रेकर्ड गरी पुस्तकालयमा राख्ने वा अनलाइनमा पठाउने प्रबन्ध समेत गरिनुपर्छ।

ज)दलीय रुझानका विद्यार्थीहरुलाई समालोचकीय व्यक्तित्वमा बदल्नकालागि विषयगत रुपमा कुन दलका व्यक्तिले के भन्दा रहेछन् भनी प्रत्येक क्याम्पस वा कलेजमा मासिक रुपले राजनीतिक दलहरुको प्यानल छलफल गर्ने प्रबन्ध मिलाइनुपर्छ।

झ)बहुलतामा एकता खोज्ने र पृथक विचारलाई सम्मान गर्ने संस्कृति निर्माण गर्नकालागि एउटा विचारमा बहु दृष्टिकोण खोज्ने खोजाउने उपायहरु अपनाइनुपर्छ। यसक्रममा विद्यार्थीहरुलाई जनज्ञान, जीवन्तदर्शन, सिद्धान्त, अनुभव एवं पश्चिमी ज्ञान बीचको सहसम्बन्ध वा भिन्नताको खोजी गर्न प्रोत्साहित गरिनुपर्छ।

## १९. परीक्षा व्यवस्थापन

विश्वविद्यालयपिच्छे आआफ्नै परीक्षा प्रणाली छन्। तर एउटा विश्वविद्यालयको केही पाठयांश लिई अन्यत्र समकक्षता सहित पढ्न पाउने प्रबन्ध भने गरिएको छैन। त्यसमा पनि परीक्षाफल प्रकाशित गर्न ढिलाइ हुने र क्यालेन्डर लागु नहुने अवस्था छ। यस स्थितिमा देहायका उपायहरु सुझाइएका छन्।

क)शैक्षिक सत्र एउटै हुँदा पनि विभिन्न विश्वविद्यालयका भर्ना अवधिहरु फरक-फरक छन्। तिनमा एकरुपता ल्याउनका लागि विद्यार्थीहरुले एकसाथ मोवाइल टेलिफोनबाटै भर्नाको आवेदन दिन मिल्ने व्यवस्था गरिनुपर्छ। यसरी आवेदन दिने विद्यार्थीहरुको विवरणका आधारमा कुन-कुन विद्यार्थीलाई आ-आफ्नो प्रवेश परीक्षामा सामेल गराउने भन्ने कुरा सम्बन्धित विश्वविद्यालयले निर्णय गनुपर्छ ।

ख)विश्वविद्यालयका क्याम्पसहरुमा भर्ना हुनका लागि टोफेल, जिआरई जस्तै नेपाली स्तरीय परीक्षाको व्यवस्था गरिनुपर्छ। यो परीक्षामा उच्च शिक्षाको लागि बनाइएको शैक्षिक गुणस्तरको खाकामा उल्लेख भएका ज्ञान, सीप, अभिवृत्ति तथा क्षमता मापनगर्ने प्रश्नहरु हुनुपर्छ।सो परीक्षामा आएको अंकको आधारमा विद्यार्थीले विभिन्न विश्वविद्यालयमा भर्ना हुन पाउने व्यवस्था गरिनुपर्छ।

ग)कुनै विश्वविद्यालयले अंकमा, कुनैले अक्षरमा अंकन गर्ने व्यवस्थाको अन्त्य गर्न सबै विश्वविद्यालयका कार्यकारी पदाधिकारीहरुको सन्जालले निर्णय गनुपर्छ। सो निर्णय सबै विश्वविद्यालयमा अनिवार्य रुपले लागु गरिनुपर्छ ।

घ)हाल भएका एक अर्का विश्वविद्यालयको अंकन प्रणालीका विद्यार्थीहरुलाई समकक्ष बनाउने सूत्र तयार गरिनुपर्छ। सोही सूत्रको आधारमा विद्यार्थीले जुनसुकै विश्वविद्यालयमा गई आफ्नो उपाधि लिन पाउने व्यवस्था मिलाइनुपर्छ । यसोगर्दा सम्झौता भएका विश्वविद्यालयले संयुक्त उपाधि दिने प्रवन्ध गरिनुपर्छ भने सम्झौता नभएका विश्वविद्यालयले चाहिँ जुन विश्वविद्यालयबाट अन्तिम परीक्षा दिने हो त्यसबाटै प्रमाणपत्र दिने व्यवस्था मिलाउनुपर्छ। यसका लागि विद्यार्थीको परिचय संकेत भएको व्यक्तिगत, शैक्षिक, तथा चारित्रिक जानकारी सहितको स्थानीय, प्रादेशिक, तथा राष्ट्रिय तथ्यांकसंग आवद्ध गरिनुपर्छ । जस्ले जहांसुकैबाट पनि सो जानकारी पाउने प्रवन्ध समेत गरिनुपर्छ ।

ङ)परीक्षा मर्यादित बनाउन खुला किताबी परीक्षा(Open Textbook Exam)गर्ने गराउने प्रबन्ध गरिनुपर्छ। चोरीलाई अनुसन्धानात्मक लेखनमा बदल्न विद्यार्थीहरुलाई भर्ना हुनासाथ अनिवार्य रुपले उद्दरण लेख्ने तथा प्याराफ्रेज गर्ने तरीकाहरु सिकाउनुपर्छ।

च)निश्चित उत्तर आउने अहिलेको प्रश्न बनाउने परिपाटी बदलेर व्यवहार, सिद्धान्त, दर्शन र अनुभव मिसाई उत्तर दिनुपर्ने प्रश्नपत्रहरु लागु गरिनुपर्छ। परीक्षणको रुपमा अनुच्छेदबाट प्रश्न बनाउने परिपाटीको थालनी गरिनुपर्छ। यस्ता प्रश्नहरुले विद्यार्थीका ज्ञान, सीप, अभिवृत्ति तथा क्षमताहरु पहिल्याउने संस्कार बनाइनुपर्छ ।

छ)जुनसुकै प्रणालीको परीक्षा व्यवस्था भएपनि प्रत्येक क्याम्पसका विद्यार्थीले अनिवार्य रुपमा समुदायमा आधारित परियोजना कार्य गरेकै हुनुपर्ने व्यवस्था मिलाइनुपर्छ। त्यस्तै आय आर्जनका लागि व्यावहारिक एवं राष्ट्रिय स्वरुपको व्यक्तिगत योजना बनाउँनु पर्ने बाध्यात्मक व्यवस्था लागू गरिनुपर्छ।

ज)खुला विश्वविद्यालयका परीक्षार्थीहरुलाई पूर्वीय तथा पश्चिमी दर्शन एवं सिद्धान्तहरुलाई परीक्षण गर्ने, चुनौती दिने, र स्थानीय तहमा सिद्धान्त एवं दर्शन बनाउने प्रक्रियाका प्रश्नहरु सोधिनुपर्छ । यसरी प्राप्त भएका स्तरीय उत्तरहरुलाई विश्वविद्यालयले प्रकाशित एवं प्रसारित गर्ने प्रबन्ध मिलाइनुपर्छ।यसका निम्ति शिक्षकहरुलाई तयार पार्ने ब्यबस्था मिलाउनु पर्छ ।

झ)एक अर्काको विश्वविद्यालयको उपाधि समकक्षी बनाउनका लागि प्रत्येक विश्वविद्यालयमा पुलेसो पाठयांशको व्यवस्था गरिनुपर्छ। त्यसैगरी विद्यार्थी भर्ना तथा परीक्षामा देखिनेसमस्या समाधानगर्न सम्बन्धित विश्वविद्यालयले आधारभूत पाठयांश(Basic requirement course)को प्रबन्ध मिलाउनुपर्छ ।

## २० ज्ञान तथा सीपहरुको व्यवस्थापन एवं बजारीकरण

वैदिक, बौद्ध, किराँत, इस्लाम धर्मावलम्बीहरुका साहित्यहरु छन्। नेपाल संस्कृत विश्वविद्यालयले वैदिक ज्ञान एवं सीप व्यवस्थापन र बजारीकरणको जिम्मेवारी लिएको छ। लुम्बिनी बौद्ध विश्वविद्यालयले बुद्ध धर्मका ज्ञान र सीपको जिम्मेवारी बोकेको छ। किराँत र इस्लाम धर्मका ज्ञान एवं सीपलाई बाहिर ल्याउने विश्वविद्यालय खुलेका छैनन्। न त हाल भएका विश्वविद्यालयमा त्यस्ता विभागहरु नै खुलेका छन्। यस कुरालाई ध्यानमा राखी निम्नलिखित सुझावहरु दिइएको छ।

क)योग, आयुर्वेद, प्राकृतिक चिकित्सा, दर्शन, सिद्धान्त, ज्योतिष, कर्मकाण्ड जस्ता समाजोपयोगी ज्ञान एवं सीपहरु वैदिक साहित्यमा छन्। सरल शिक्षण, सरल अनुसन्धान तथा ध्यान एवं सम्यक जीवन जिउने कला तथा शान्तिका उपाययुक्त ज्ञानहरु बौद्ध दर्शनमा छन्। आदिवासी एवं जनजातिका पुर्ख्यौली ज्ञानहरु किराँत धर्ममा छन्। विश्वास, कुर्बानी एवं शान्तिका सन्देश इस्लाम धर्ममा छन्। यी र यस्ता ज्ञानहरुको खोजी गरी स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगतमा प्रचारप्रसार गर्ने काम सम्वन्धित विश्वविद्यालयले अनिवार्य रुपले लागु गर्नुपर्छ ।

ख)किराँत र इस्लाम धर्मसंग सम्बन्धित किरात तथा मदरसा विश्वविद्यालयहरु खोल्ने व्यवस्था मिलाइनुपर्छ।

ग)प्राचीन एवं मध्यकालीन नेपालको शासकीय सस्कारमा रहेको अन्तरधर्म संवादगर्ने संस्कारलाई जनस्तरदेखि प्राज्ञिक स्तरसम्म संस्थागत गरिनुपर्छ। यसका लागि सम्वन्धित क्याम्पस वा कलेजलाई जिम्मेवार बनाइनुपर्छ । यस कार्यबाट सहिष्णु  एवं समावेशी नेपाल बनाउँने प्रबन्ध हुन्छ।

घ)धार्मिक एवं सांस्कृतिक महत्वका विषयहरुको पठनपाठन गर्ने गराउने विश्वविद्यालयका विद्यार्थीहरुले समाजलाई आ-आफ्ना धर्मका जनपयोगी कुराहरु अनिवार्य रुपले सिकाउनु पर्ने व्यवस्था गरिनुपर्छ।

ङ)सबै धर्मका जनपयोगी कुराहरु समेटिएका कागजी तथा विद्युतीय पुस्तकहरु प्रकाशित गरिनुपर्छ। त्यस्ता पुस्तकहरुमा पश्चिमी ज्ञान र हाम्रा धार्मिक पुस्तकका ज्ञान तथा सीपहरुमा तात्विक समानता एवं भिन्नताका बुँदाहरु के के रहेछन् भनी पहिल्याउँनै पर्ने प्रबन्ध गरिनुपर्छ।यसका निम्ति सम्वन्धित क्याम्पस वा कलेजलाई जिम्मेवार बनाइनुपर्छ ।

च)धार्मिक एवं सांस्कृतिक ज्ञान सिकाउने गुरुकुल, संस्कृत विद्यालय, वेदविद्याश्रम, आश्रम, विहार, गुम्वा,मदरसा, मक्तब आदिलाई सम्वन्धित विश्वविद्यालयकै व्यवस्थापन अन्तर्गत राखिनुपर्छ । तिनको नियमन, नियन्त्रण, एवं गुणस्तर सुनिश्चित गर्ने काम नजीकको सम्वन्धित क्याम्पसले गर्नुपर्छ ।

छ) धार्मिक एवं सांस्कृतिक ज्ञानमा विज्ञान, दर्शन, सिद्धान्त, र जीवन जिउने कला छ वा छैन भनी संवाद गर्ने हेतुले सबै विश्वविद्यालयका क्याम्पसहरुमा "पुर्खा एवं पुस्ता विभाग" खोलिनुपर्छ । यो विभागमा कार्यरत प्राध्यापकहरुले धार्मिक पुस्तकबाट पुर्खाका ज्ञान एवं आधुनिक पुस्तकबाट वैज्ञानिक ज्ञान खोजी खोजाई साप्ताहिक संवादी कार्यक्रमलाई संस्थागत गर्नुपर्छ ।

## २१. लगानी व्यवस्थापन

सरकारी लगानीमा खुलेका विश्वविद्यालयहरुमा रकमको अभाव भएको देखिन्छ। हाल खुलेका एवं भविष्यमा खुल्ने विश्वविद्यालयहरुले पनि कुनै न कुनै रुपमा सरकारकै रकमबाट आश्रित हुने स्थिति देखिएको छ। यसका निम्ति देहायका उपायहरु सुझाइएको छ।

क)हालको विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रुपान्तरित गरिनुपर्छ। यसो गर्दा अनुदान लिने र बाड्ने अहिलेको कार्य बदलिने छ ।

- अन्तर-विश्वविद्यालय ट्रयाकिङ हुने गरी प्राध्यापक, विद्यार्थी, कर्मचारीकोव्यक्तिगत प्रोफाइल, परीक्षाफल आदि भएको तथ्यांक भण्डारणगरिनुपर्छ ।
- विद्युतीय प्रणालीबाट प्रत्येक विश्वविद्यालय र तिनका क्याम्पसहरुको अनुगमन गर्ने संयन्त्र बनाइनुपर्छ ।
- गुणस्तरको प्रमाणपत्र दिने अहिलेको खर्चिलो एवं लामो परिपाटीलाई यान्त्रिकीकरण गरिनुपर्छ ।
- सबै विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा अनुसन्धान जोडकोष, दलित, अपांगता भएका व्यक्ति, महिला र विपन्न सहायता जोडकोष, प्राज्ञिक उन्नयन जोडकोष, तथा आयआर्जन सहयोग जोड कोषको प्रबन्ध गरिनुपर्छ। यस्ता कोषहरुमा अल्मुनाइ, स्थानीय, प्रादेशिक, तथा राष्ट्रिय दाताहरुबाट रकम जम्मा गरिनुपर्छ ।


ख)विश्वविद्यालय तथा तिनका क्याम्पसका जग्गाहरुलाई उद्योग, व्यापार, कृषि, सेवा आदि कार्यमा लगाउनै पर्ने अनिवार्य व्यवस्था गरिनुपर्छ। यसरी आर्जिएको सम्पत्ति जोडकोष तथा भौतिक निर्माणमा खर्च गर्ने व्यवस्था मिलाउनुपर्छ ।

ग)प्राविधिक क्याम्पसहरुले आ-आफ्नै तरीकाले विद्यार्थीबाट शुल्क उठाइरहेछन् भने मानविकी तथा शिक्षाका क्याम्पसहरुले रकमको अभाव खेपिरहेकाछन्। यस कुरालाई ध्यानमा राखी प्रदेश सरकारले शुल्क निर्धारण समिति बनाई त्यसको निर्णय लागु गरिनुपर्छ । अर्को प्रदेशबाट पढ्न आउने विद्यार्थीको हकमा थप शुल्क लिने, उही शुल्कमा पढाउने वा कम शुल्कमा पढाउने भन्ने कुराको तय गर्ने काम पनि प्रदेश सरकारले लिनुपर्छ ।

घ) कुन कुन विश्वविद्यालयका कुन कुन कार्यक्रम लागत आपुरणमा र कुन कुन कार्यक्रम विशेष लागानीमा संचालन गर्ने भन्ने कुराको निर्णय सम्वन्धित विश्वविद्यालयले गर्नुपर्छ ।

ङ) विकासशील देशहरुको लगानी व्यवस्थालाई ध्यानमा राखी सरकारले कुल गार्हस्थ आम्दानीको ४ प्रतिशत र राष्ट्रिय वजेटको करिव २४ प्रतिशत रकम  उच्चशिक्षामा लगानी गनुपर्छ ।

## शैक्षिक संरचना


बालविकास (कक्षा ०-८)
आधारभूत
(कक्षा १-८)
माध्यमिक
(कक्षा ९-१२/१३)
साधारण उच्च शिक्षा
(BA; MA; Ph. D./Post Doc)
व्यावसायिक उच्च शिक्षा
(BBA; MBA, Ph. D. ; Post Doc)
प्राविधिक उच्च शिक्षा
(MBBS; FRCS, Ph. D.; Post Doc)

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०
पो.ब.नं. : १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np